
# नेपाली गीतिरामायण



गोमा

# नेपाली गीतिरामायण

लेखिका
गोमा

प्रकाशक:
श्रीमती प्रभालक्ष्मी राणा
लालदरवार, काठमाडौं

प्रकाशकः
श्रीमती प्रभालक्ष्मी राणा
लालदरवार, काठमाडौं



प्रथम संस्करणः वि.सं. २०६१ (२००४)

मूल्यः ५००।- (नेपाली साहित्य मन्दिरको कोष वृद्धीका निमित्त सहयोगार्थ)

ISBN 99946-31-37-3

मुद्रकः बगलामुखी अफसेट प्रेस
कोपुण्डोल, ललितपुर ५५२००९९



कवयित्री गोमा

# प्रकाशकीय



२०५७ सालको अन्त्यतिरको एक विहानी एउटा झोलाभरि रामायणको पाण्डुलिपि लिएर राममान प्रधान म कहाँ आउनु भयो । उहाँसंग डा. गार्गी पनि आउनु भएको रहेछ । कुरै कुरामा प्रधानजीले डा. गार्गीलाई चिनाउँदै गोमाद्वारा लेखिएको रामायणको पाण्डुलिपि भनी देखाउनु भयो । मैले सर्सर्ति पाण्डुलिपि पल्टाएर हेरें, पच्चीस भागमा रहेको उक्त पाण्डुलिपिमा रामायणका केही नौलो भाग पनि रहेछ । त्यसमा पनि सुलोचना विलापका दुई चार श्लोक पढ्दा मेरो मन छोयो, मेघनाद मारिए पछि उनको विलापले अनायासै मेरो पनि आँखा रसाएछ । मैले त्यही बेला यसको प्रकाशनको जिम्मा लिने अठोट गरें र कति जति लाग्ला भनी राममानजीलाई नै सोधें । उहाँले झण्डै एक लाख लाग्ला कि भन्नु भयो ।

हुन त कवयित्री गोमाको नाम मैले त्यति सुनेकी थिइन । राममानजीबाटै थाहा पाएँ उहाँ पनि धौलागिरी अञ्चल पर्वत जिल्लाकी छोरी हुनुहुदो रहेछ । एकै अञ्चलका सन्तान रहेछौ हामी । वि.सं. १९९४ सालदेखि नै कविता लेखेर नेपाली काव्य संसारमा परिचित हुनु भएकी गोमाजीको लगनशीलता सुनेर र रामायणको यो पाण्डुलिपि देखेर म निकै प्रभावित भएँ । यति मेहनत गरेर लेखिएको धार्मिक ग्रन्थ रामायण छाप्न नसकेर चार पाँच वर्षदेखि थन्किएको सुनेर दुःख पनि लाग्यो । मैले राममान प्रधानलाई कति लाग्छ प्रेसमा बुझ्नोस्न त भने ।

हुन त राम र रामायण भन्ने वित्तिकै मेरो हृदय त्यसै प्रफुल्ल हुन्छ । आजको युग विज्ञानको युग भनेर जति नै माने पनि मानव संसारमा धर्मकै आवश्यकता छ । मानव मनोवृतिलाई मानवीय धर्म र आस्थामा संमोहित पार्न धार्मिक ग्रन्थहरुको आवश्यक छ, भक्ति भावको आवश्यक छ । दया माया, त्याग, सहिष्णुता र परोपकारी भाव यिनै ग्रन्थहरुबाट प्रवाहित हुन्छ । यस्ता मानवीय भाव नभए यो संसार उजाड हुन्छ, दानवीय भावले भरिन्छ । सांसारिक दुःखबाट त्राण पाउन भक्ति मार्ग अति आवश्यक रहेछ । जीवन र जगतलाई अमृतमय बनाउने, जीवनलाई ज्योतितिर उन्मुख गराउने र मृत्युलाई अमरतातिर लैजाने साधन यही रहेछ । आखिर रहेछन् श्री राम एक अर्थात् परमात्मा एक । 'राम' नाम मात्रले पनि हाम्रो हृदय पवित्र हुन्छ, युगयुगलाई परमात्मा रामको कृपा चाहिन्छ, भवचक्रबाट पार पुऱ्याउने साधन यही रामनाम रहेछ । यो संसारमा रहुञ्जेल तेरो मेरो गऱ्यो तर मृत्युको म्याउँ आउने वित्तिकै

सबै तेरो भनी छोड्नु पर्ने संसारमा सबै उसैको रहेछ । उनै प्रभुले दिनु भएको मैले उनै प्रभुलाई चढाउने विचार गरें र प्रस्तुत नेपाली गीतिरामायण प्रकाशन गर्ने अभिभारा लिएँ ।

प्रकाशनको आर्थिक अभिभारा लिएर प्रधानजीलाई नै आफूले चिनेजानेको प्रेसमा दिनुहोस् भनें । सकेसम्म छिटो प्रकाशन गर्ने मेरो इच्छा थियो । जीवन जगत्को केही ठेगान छैन सकेसम्म छिटो छिटो भन्दा भन्दै पनि प्रेसबाट छिटो हुन सकेन । आफूले चिताएर मात्र नहुने रहेछ, उनै प्रभूले पुऱ्याउनु पर्ने रहेछ । प्रेसमा कम्प्युटर हुँदैछ, हुँदैछ भन्ने सुन्दा सुन्दै अकस्मात एक दिन गोमाजीको आकस्मिक निधन भएको पनि सुनें । मानव इच्छाको परिभाषा र स्थिति यही रहेछ । उहाँ ज़ीवितै हुँदा प्रकाशन हुनै सकेन । यस पछि पनि छिटो भन्दा भन्दै प्रेसमा सात भाग हराएको पनि सुनें । यस्तै गर्दा गर्दै गोमा जानु भएको पनि दुई वर्ष पूरा भएछ । बल्ल यो रामायण प्रकाशित हुने चाँजो मिलेछ । कवयित्रीको आत्मा जरुर पनि प्रफुल्ल भएको होला ।

जे होस् कवयित्री गोमाले यो प्रकाशन गर्ने मौका राममान प्रधान मार्फत मलाई दिनु भएकोमा अति खुशी लागेको छ । यो रामायणले हाम्रो समाजलाई राममय बनाउन सकोस् यही मेरो अन्तर्हृदयदेखिको कामना छ । राममयी गोमाबाट नेपाली समाज राममयी वनाउन गरिएको यो संकल्प श्री राम प्रभूबाट पूरा होस् । यसैमा यो प्रकाशनले मलाई गौरवान्वित बनाउने छ । मानव धर्म र आस्था हाम्रो वर्तमान समाजमा व्याप्त होस् यही मेरो अनन्त कामना ।

यसर्थ जजसको हातमा यो गीतिरामायण पर्छ उहाँहरुले अवश्य पढिदिनु भए गोमाजीको आत्मा अवश्य प्रफुल्ल हुनेछ भन्ने मलाई लागेको छ र मेरो पनि यही अनुरोध छ ।

जय श्री राम .......................

श्रीमती प्रभालक्ष्मी राणा

# अनुक्रमणिका

# नेपाली गीतिरामायण बारे दुई शब्द

नेपाली स्वच्छन्दतावादी काव्यधारामा चर्चित कवयित्री गोमा देवकोटा सिद्धिचरण आदिको हाराहारीमा अर्थात् वि.सं. १९९४ देखिनै 'शारदा' मा कविता लिएर देखापर्नु भएको हो । कवितामा मात्र सीमित हुनु भएकी गोमाजीलाई 'रत्नश्री' ले कथा समालोचना निवन्ध आदिमा पनि कलम चलाउन प्रेरणा दियो र यसरी वि.सं. १९९४ देखि निरन्तर साहित्य सिर्जनामा लागेर जीवनको अन्तिम दिनसम्म पनि लेखिरहनु भयो । केही न केही सधैं लेख्नु पर्ने केही सधैं पढ्नु पर्ने उहाँको वानी थियो । यसै सिलसिलामा २०४९/५० सालतिर माधुरी भट्टराईद्वारा लेखिएको रामायण उहाँले पाउनु भयो । त्यसको अध्ययन मनन गरे पछि उहाँले पनि राधेश्याम रामायणको भावभूमिमा आधारित नेपाली गीतिरामायण लेख्ने विचार गर्नु भएछ । रामायणको कथावस्तुलाई पच्चीस भागमा विभाजन गरी गीति लयमा लेख्नु भयो । कहिलेकाही म भन्ने गर्दथें यसरी रामायण लेख्नु भन्दा बरु खण्डकाव्य नै लेखेको भए पनि पच्चीस वटा मौलिक कृति लेखिन्थे । तर यो कुरा सुन्नु भएन । शुरु शुरुमा नौ दश भाग जति घरमा कसैले थाहै नपाउने गरी लेख्नु भयो र पछि मात्र हामीले थाहा पायौं । उहाँ सधैं भन्नु हुन्थ्यो, "रामायण मेरो संस्कार र अन्तर्मनमा स्थापित आलोक हो । यसले मेरो जीवन र आस्था साहित्य, संस्कृति र मान्यतालाई प्रभावित र अभिभूत गरेको छ । 'राम' अति विपुल विश्व नियन्ता अन्तर्स्वामीलाई मैले भावको अर्घ चढाउने चेष्टा गरें, मेरो अर्घ सार्थक होस् ।" यही भावना लिएर गोमाजीले जीवनको वहुमुखी चेतनालाई आफ्नो काव्यमा गुलाफ जस्तै फुलाउने प्रयास गर्नुभयो, मखमली फूल जस्तै आफ्नो भाव नओइलाओस, यो भाव गंगा जस्तै निरन्तर वगिरहोस् भन्ने चाहनु भयो ।

जीवनको अन्तिम केही वर्ष यही रामायण लेखनको साधनामा लागेर आफ्नो जागरुकता सार्थक गराउन खोज्नु भयो, आफ्नो काव्यज्योति यसैमा समाहित गर्ने प्रयास गर्नुभयो । उहाँको मन वीणामा जुन भावको तार थियो त्यो यसैमा झंकृत गर्नुभयो । आफ्नो जीवन राममयी, र संगीतमयी बनाएर स्वयं आल्हादित हुनुभयो । भावको विव्हलता र भक्तिको आशक्तिले आफ्नो जीवन सार्थक भएको पाउनु भयो । यसै सन्दर्भमा राष्ट्रकवि माधव घिमिरे भन्नुहुन्छ, "गोमाको संवेदनशील तीन धाराहरु विरह, वेदना, करुण र भक्ति भावना हुन् । किशोर र यौवन कालमा उनले रुमानी शैलीका फुटकर कविताद्वारा विरह वेदना प्रवाहित गरिन् । प्रौढवयमा उनले दुःखित उपेक्षित नारी विषयक खण्डकाव्यद्वारा करुणा प्रवाहित गरिन् । उत्तरवयमा उनले भजनगीत र महाकाव्य (गीति रामायण) द्वारा भक्तिभावना प्रवाहित गरिन् । यसरी आफ्नो नियतिलाई सिर्जनाद्वारा पुरुषार्थ बनाउने कवयित्री गोमा नेपाली साहित्यमा अमर रहिरहनेछन् । (गोमा : संघर्षशील जीवनका पाटाहरु) ।"

रामायण मानवीय भावनाको उच्चतम कला भएकोले उहाँले पनि आफ्नो गीतिरामायणमा जीवनका विविध भावलाई समेटेर यथास्थानमा प्रवाहित गरी यसका पाठकलाई प्रभावित पार्ने प्रयास गर्नु भएको छ । चेतना जीवनको अनन्त र अविरल प्रवाह हो,

परिस्थितिले यस प्रवाहमा विभिन्न लहर पैदा गर्ला तर त्यो मूल प्रवाहलाई मानव कल्याण र भक्तिभावमा प्रवाहित हुन दिनु पर्छ । यही प्रयास यस कृतिमा पनि पाइन्छ ।

वाल्यवस्थामा आफ्नो हजुरवुवाले घरमा रामायण पाठ गर्ने र गाउँलेहरु पनि घरमा आएर यस्तै पुस्तक सस्वर पढ्ने गरेको सुनेर बोली फुट्दादेखि नै एक दुई श्लोकका हरफहरु गोमाजीलाई कण्ठ भएछ । वुवा हजुरवुवा गाउँका विद्वान कर्मकाण्डी पुरोहित हुनाले सप्ताह आदि लगाउँदा हजुरवुवाको साथमा सधैं बस्ने हुनाले त्यसबेलाको बाल हृदयमा अंकुरित धार्मिक भावना उहाँको उत्तरजीवनमा पल्लवित भएको हुनुपर्छ । अथ: यो रामायण उहाँले अवश्य पनि धनलिप्सा या यशोगानका लागि लेख्नु भएको छैन । मात्र तृष्णा जाग्यो 'रामायण' लेख्न, महाकाव्य लेख्न । सामाजिक महाकाव्य लेख्न थालिएको कलम धार्मिक महाकाव्यतिर मोडियो । आजको यो विकट परिस्थितिले जीवन, जगत् र ईश्वरप्रति अनास्थाको दैलोमा डोऱ्याएको यो युगमा नेपाली नारी हस्ताक्षरको दोश्रो 'रामायण' नेपाली साहित्यमा देखापऱ्यो । हुनत रामायण धर्म संस्कृति र साहित्यको उत्कृष्ट त्रिवेणी हो । मानव जीवनको शाश्वत धर्म, दैवीय भाव तथा मानव कल्याणकारी भावनालाई प्राणवान् एवं मूर्तिमान् बनाएर यसले आत्मोन्मुखी मनलाई उत्कर्ष प्रदान गर्दछ । यसमा मानववादको उत्कर्ष पाइन्छ, भक्तिको भूमिमा धर्म निरपेक्षतालाई साध्य बनाएको छ । लेखिकाले आफ्नो भक्तिभाव प्रभुमा समर्पण गरेको भए पनि समष्टिगत रुपमा यसमा मानवतावाद, नारी शक्तिको प्रस्तुति आदि प्रस्तुत गर्नु पनि यसको लक्ष्य देखिन्छ । यसका पाठक जीवनको कलुषित वेदनाबाट मुक्त भएर सुख प्राप्त गर्न सक्छन् । आजको संघर्षशील जीवनबाट निराश भएका मानवलाई राम र रामायण एक मात्र भावनात्मक आशाको दीप बन्नेछ ।

नेपाली गीतिरामायण लेख्न गोमाजीलाई झण्डै तीन वर्ष लाग्यो । लेख्न त लेखियो तर प्रकाशन गर्न झन धेरै वर्ष लाग्यो । प्रकाशन गर्ने भन्दा भन्दै कतिले अलि दिन पछि आर्थिक सहयोग दिई प्रकाशन गरिदिन्छु भन्ने आश्वासन दिए तर समय बित्यो आश्वासन केवल आश्वासन मात्र बन्यो । आश्वासन दिने कुवेरहरुले गोमाजीको पद र प्रतिष्ठा देखेको भए, आफूले गरेको सहयोगबाट आफ्नो मूल्य मान्यता बढ्ने देखेका भए शायद यो उहिल्यै प्रकाशित हुने थियो । तैपनि यो विश्व यस्तै व्यक्तिहरुले मात्र भरिने होइन रहेछ । निस्वार्थ भावनाले पोषित मानवको थलो पनि रहेछ यो पृथ्वी । यसैले होला यस्तै एउटा साहित्यिक कार्यक्रममा राममान प्रधानजीसँग भेट भयो । प्रधानजी श्री ५ को सरकारको निजामति सेवामा रही विभिन्न मन्त्रालय तथा विभागमा प्रशासनिक कार्यभार समाल्दै शाखा अधिकृतसम्म हुनु भएका कुशल प्रशासकका रुपमा परिचित हुनुहुँदो रहेछ । अनि साहित्यमा पनि निकै दखल हुनाले विभिन्न रचनाहरु सिर्जना गर्नु भएको रहेछ । रंगमञ्चमा मञ्चित उहाँका गीतिनाटिकाहरु आमाको पुकार, राम भरत मिलाप, सत्य हरिश्चन्द्र, यशोधरा, सतम वर्ष जीवेत्, युगको पुकार, सत्यनाग र नेपालको राज परम्परा हुन् । यशोधरा गीतिनाटिका चाहि प्रकाशित कृति रहेछ । प्रधानजीको जीवन सरल परन्तु राष्ट्र र राष्ट्रियतामा समर्पित रहेछ । विभिन्न अनुभवले खारिनु भएका प्रधानजी नेपालको अलिखित इतिहासको कतिपय परिच्छेद भन्दा अत्युक्ति नहोला । प्रधानजी हाल समाज सेवामा समर्पित हुनुहुन्छ । गफकै सिलसिलामा

मैले नेपाली गीति रामायण छाप्न नपाएको दुःख व्यक्त गर्दा निस्वार्थ र परोपकारी भावनाले पोषित आफैं पनि स्रष्टा हुनाले स्रष्टाको मर्का बुझ्ने र त्यसमा पनि नारी स्रष्टाप्रति संवेदनशील हुनु भएकोले प्रधानजीले आफैंले दाता खोज्नु भयो र गोमाजी जीवित हुँदाखेरी नै यसको पाण्डुलिपि प्रेसमा लगिदिनु भयो । तर त्यो प्रेसले कहिल्यै राम्ररी कम्प्यूटर गर्न सकेन दुई तीन वर्षसम्म राख्दा राख्दा सात भाग पाण्डुलिपि पनि हराइदियो । आफ्नो जीवनकालमै रामायण प्रकाशन गर्ने गोमाजीको तीव्र धोको थियो । जहिले पनि भन्नुहुन्थ्यो, "म छँदै छाप्न सके धेरै खुशीको कुरो हो, म मरे पछि त छाप्नु पर्दैन, च्यातिदिए हुन्छ, छाप्नुको कुनै औचित्य छैन ।" प्रेसमा लगे पछि उहाँ धेरै खुशी हुनु भएको थियो तर झण्डै डेढ दुई वर्षसम्म पनि प्रकाशित हुन नसक्दा २०५९ श्रावण १४ गते अकस्मात उहाँ परलोक हुनुभयो । आफ्नो कृति प्रकाशन हुन लाग्दाको खुशी झन् दुःखमा परिवर्तन भयो, आकस्मिक निधनले । यता गोमाजीको निधन हुनु उता प्रेसले सात सात भाग पाण्डुलिपि हराउनु साह्रै दुःखको कुरा भयो । तैपनि घरमा उक्त हराएका भागका केही खेस्रा भएकोले त्यसैलाई कम्प्युटर गर्न श्री रामशरण देवकोटालाई दियौं । परिमार्जित पाण्डुलिपि हराएकोले ती खेस्रा कति परिमार्जन गर्नु पर्ने कति छन्द लय मिलाउनु पर्ने थियो होला तर जे जस्तो पाइयो उस्तै मैले दिएँ अझ कतिपय ठाउँमा, कतिपय श्लोकहरुमा प्रुफ रिडिङ्ग गर्दा मैले पनि बिगारिदिएछु । जेहोस् अब पाठक आफैंले सच्च्याएर पढ्नु हुनेछ भन्ने आशा गरेकीछु । छन्द लय गति यति भन्दा रामायणको भाव पुष्प राम्ररी पल्लवित भएको होस् यही नै कामना गरेको छु । दैवीय आस्था र मानवकल्याणकारी भाव प्रस्फुटित भएर यसले समाजलाई केही दिनसके गोमाजीको आत्मा रमाउने थियो, रामायण लेख्नुको उद्देश्य सार्थक हुनेथियो ।

गोमाजीको निधन भएपछि श्री राममान प्रधानजी निकै सक्रीय भएर निरन्तर लागिरहनु भयो । उहाँले श्री ३ वीर शमशेरको पनाति स्व. शार्दूल समशेरकी धर्मपत्नी श्रीमती प्रभालक्ष्मीलाई अनुरोध गर्नु भएको रहेछ । मनको कुवेर हुनु भएकी प्रभालक्ष्मी राणा धार्मिक आस्था र मानव कल्याणकारी कार्यमा समर्पित व्यक्तित्व हुनुहुँदो रहेछ । त्यसैले विभिन्न धार्मिक अनुष्ठानमा, विभिन्न सामाजिक तथा धार्मिक कार्यमा, पुस्तक प्रकाशनमा सहयोग गर्न सधैं अग्रसर हुने श्रीमती प्रभालक्ष्मीज्यूको आर्थिक सहयोगबाट यो कृति प्रकाशन भएको छ । वीर शमशेरका नाति यज्ञराज शमशेर ज.व.रा. तथा श्री राज्यलक्ष्मी राणाका कान्छा सुपुत्र पूर्व महामहिम राजदूत र श्री ५ को सरकारका पूर्व सचिव स्व. श्री शार्दूल शमशेर ज.व.रा.की धर्मपत्नी श्री प्रभालक्ष्मी राणाको जन्म २०१० सालमा धौलागिरी अञ्चल म्याग्दी जिल्ला दरवाङमा माथवरजंग मल्ल तथा श्रीमती क्षेत्रराजेश्वरी मल्लबाट भएको हो । आफ्ना स्वर्गवासी पतिको आत्माको चिरशान्तिको कामना गर्दै शार्दूल शमशेर ज.व.रा. स्मृतिकोष उहाँले स्थापना गर्नु भएको छ र सो कोषबाट पुरस्कारहरु पनि वितरण गर्दै आउनु भएको छ । धन सम्पति संग्रह गर्न हैन मानव कल्याणकै लागि प्रयोग गर्नको लागि हो, अन्त्यमा यहीं छोडेर गइने हो भन्ने मानवीय भावले सधैं सचेत हुनु भएकी श्रीमती प्रभालक्ष्मीले यसको संग्रह र संचयन गर्न कहिल्यै अग्रसर हुनु भएन बरु जताततै पुण्यकार्यमा परिचालन गर्दै जानु भएको सुनिन्छ । त्यही सुभावले अभिप्रेरित भएर यो पुस्तक छाप्न आर्थिक सहयोग गर्ने अभिभारा लिनु भएको देखिन्छ ।

अब अन्त्यमा रामशरण देवकोटाले खेस्रा पाण्डुलिपि र प्रेसमा राम्ररी कम्प्युटर नगरिदिएका रामायणका सम्पूर्ण भाग सबैलाई थोरै समयमा धेरै मेहनत गरी कम्प्युटर गरी छाप्न योग्य गराइदिनु भएकोमा उहाँलाई जति धन्यवाद दिए पनि थोरै हुन्छ । राममान प्रधानजी तथा श्रीमती प्रभालक्ष्मी राणाप्रति हार्दिक आभारी व्यक्त गर्न मसंग शब्द नै छैन, कुन शब्द र कुन विशेषणले उहाँहरुको विशाल हृदयको परिचय दिऊँ म यसै अलमल्लमा परेकी छु, बोलौं शब्द छैन, लेखौं कलम नै चल्दैन । जसले गोमा को हुन्, कहिलै सुन्नु भएको थिएन होला उनैले 'रामायण' प्रकाशनको लागि यसरी आर्थिक अभिभारा बोक्नु अवश्य महान नारी हृदयको परिचय हो । यस्तो नारी हृदय समाजमा अति थोरै मात्र पाउन सकिएला । जे होस् दिने र दिलाउने दुवैलाई भगवान श्री रामले जीवन्त बनाउन्, सुस्वास्थ्य र दीर्घायु प्रदान गरुन् भन्ने कामना गर्दछु ।

नेपाली साहित्य र नेपाली समाज उहाँको निस्वार्थ भाव पाएर ढकमक्क फुल्न फल्न पाओस् । यही मेरो शुभेच्छा !

जय श्री राम ......................

डा. गार्गी शर्मा
सदश्य सचिव
नेपाली साहित्य मन्दिर

# पुरोवाक्

रामायण धार्मिक ग्रन्थ मात्रै होइन । यो तात्कालिक घटनाको इतिहास हो । त्यसैले धार्मिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, दार्शनिक आदि रामायण तात्कालिक सबै दृष्टिकोणमा लेखिएको इतिहास हो । त्यसैले यो आदिकाव्यको पहिलो इतिहास पनि हो भन्दा अत्युक्ति हुने ठाउ छैन । यहां रामायण शव्दको अर्थ गर्नु भन्दा पूर्व 'राम' शव्दको अर्थ गर्नु आवश्यक देखिन्छ । त्यस पछि "अयन" शव्दको अर्थ गरे पछि मात्र सर्वसाधारण पाठक वाचकवृन्दले साधारण अर्थ बुझ्न सक्छन् भन्ने मलाई लागेको छ । त्यसैले आउनुहोस "राम" शव्दको अर्थ बुझ्ने प्रयास गरौं । किनभने कुनै शव्दको अर्थै बुझेको छैन भने त्यसलाई जान्ने प्रवृति नै हुंदैन । त्यसैले पाठकहरुको प्रवृत्ति जगाउन अथवा रामायण पढदा रामको के अर्थ हो ? आदि प्रवृत्ति बढाउनका लागि रामको अर्थ जान्नु आवश्यक छ । तर वैयाकरण नियमले अर्थ गर्दा सामान्य पाठकहरुलाई अझ कठिन पार्ने हुंदा सामान्य अर्थ गर्ने प्रयास गरेको छु । शास्त्रहरुमा रामको अर्थ ऋषि मुनि आचार्यहरुले यसरी गरेका छन् । [१]'रा' शव्दको अर्थ समस्त विश्व हो । 'म' को अर्थ समस्त विश्वलाई शासन गर्ने ईश्वर हो । त्यसको अर्थ भयो राम भनेको चराचर विश्वलाई शासन गर्ने ईश्वर हो । अर्को सरलार्थ योगीहरु जुन नित्यानन्द चिदात्ममा रमण गर्छन् । त्यसै परव्रह्म परमात्मालाई राम भनिन्छ । अझ खुलस्त स्वरुपमा भन्नु पर्दा जसमा समस्त प्राणीहरु रमण गर्छन् र समस्त चराचर जगतमा जो रमण गर्छ त्यो सर्वभूतात्मा सर्वेश्वर नै राम हो ।

रामको अर्थ बुझे जस्तै 'अयन' शव्दको पनि अर्थ बुझ्नु अत्यावश्यक हुन्छ । त्यसैले 'रामायण' शव्द दुइवटा शव्द मिलेर बनेको शव्द वा पद हो भनि जान्नु पर्छ । यहाँ राम र अयन दुइ शव्द मिलेर रामायण शव्द बनेको हुनाले 'रामायण' शव्दले कुनै पुस्तक वा ग्रन्थ विशेषलाई वोध गराउछ । तर 'राम' शव्दको अर्थ उपर्युक्त पङ्क्तिहरुमा बुझिसक्नु भएकै छ । अब रह्यो 'अयन' शव्दको अर्थ । अयन शव्दको अनेक अर्थ छन् । नानार्थ कोषादिबाट छर्लङ्ग बुझ्न सकिन्छ । ती अर्थहरु मध्ये [२]मार्ग अर्थात बाटोको वाचक र [३]घरको वाचक दुई अर्थ चाहि ज्यादै प्रचलित छ । जस्तै रामस्य-अयनम् अर्थात् रामलाई प्राप्त गर्ने बाटो जस्मा छ ।

---

[१] राशव्दो विश्ववचनो मश्चापीश्वरवाचकः ।
विश्वानामीश्वरो यो हि तेन रामः प्रकीर्तितः ॥ इति पद्मः ।
क. रमन्ते योगिनोऽनन्ते नित्यानन्दे चिदात्मनि ।
इति रामपदेनासौ परं व्रम्हाभिधीयते ॥ रा.यू. ता. उ.)

[२] अयनं वत्मनि मार्गः अमरकोषः । यसमा "अयन" शव्द मार्गवाचक छ ।

[३] आपो नारा ..........ता यदस्यायनम । यसमा "अयन" शव्द घरको वाचक छ ।

त्यसलाई रामायण भनिन्छ। निष्कर्षमा भन्नु पर्दा जगदीश्वर रामलाई प्राप्त गर्ने उपाय वा साधन जुन ग्रन्थमा लेखिएको छ, त्यसको नाम रामायण हो।

परन्तु त्यस रामायणबाट साध्यलाई प्राप्त गर्ने साधन सीधा निक्लन्छ भन्नु चाहि भूल हुनेछ। किनभने सीधा चामल कहीं पनि संसारमा प्राप्त हुँदैन। पहिले भुस सहितको धान प्राप्त हुन्छ। भुस भएको धान पनि परालमा हुन्छ। यहाँ बुझ्नु पर्ने कुरा के छ भने परालबाट धान अलग गर्नु पर्छ भने भुसबाट चामल अलग गर्ने पर्ने हुन्छ। तर त्यो चामल छर्दा वा रोप्दा उम्रिदैन। त्यसको लागि भुस हुनु अत्यावश्यक हुन्छ। यस्तै राम अयन साध्य साधन व्याप्य व्यापक भाव आदिलाई दर्शनको संस्कार भएको पाठकवृन्दले बुझ्नु पर्ने हुन्छ। रामायणको मूल तत्व राम हो। राम विना रामायण कसरी होला त ? रामायण विना रामको लौकिक अस्तित्व कसरी होला त ? मान्नु होस् विजुली त पावर हाउस वन्नु भन्दा पनि पहिले देखि नै थियो। त्यो विजुलीको व्यापक अस्तित्व जलमा थियो। तर जल माने पानीले पोलेन प्रकाश पनि दिएन। कुनै ओटोमेटिक मशिनहरु पनि चलाएन। तर पावर हाउसको डाममा सन्चित पानीबाट विजुली पैदा भए पछि प्रकाश सबै कुरा भयो। त्यसैले उपनिषद्मा "तेजस आप:" भनेको छ। अर्थात आगोबाट पानीको उत्पत्ति भयो भने पानीबाट आगोको उत्पत्ति भएको वैज्ञानिक ऋषि मुनिहरुले तथ्य उपनिषद् ब्राम्ह्ण, रामायण आदि ग्रन्थहरुमा प्रष्ट उल्लेख गरेका छन्।

अत: रामलाई प्राप्त गर्ने मार्ग जसमा लेखिएको छ, त्यसको नाम रामायण हो। अथवा अर्को अर्थ चराचर जगत्मा जो रमण गर्छ र त्यहि नै छ आश्रय जसको त्यस रामको गुण गान जसमा गरिएको छ। त्यसैको नाम रामायण हो। तर सच्चिदानन्द चिन्मय स्वरुप परमात्माले नृपदशरथको दरवारमा कसरी अवतार लिए त ? भन्ने प्रश्नको उत्तर[४]

अजोऽपि सन्नतव्ययात्मा भूतानामीश्वरोऽपि सन्।
प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया (गी. ४।६)

अत अविनाशी अव्ययात्म भए पनि म आफ्नो प्रकृतिलाई अग्रेसर गरेर आत्मानुकूल अवतार लिन्छु भनेर भगवान कृष्णको वचन भए जस्तै भगवान् रामले पनि राजा दशरथको राजभवनमा अवतार लिएर लीला गरीकन भूभार हरण गर्नु भयो। यसरी सहेतुक र निर्हेतक अवतार भएर दया र करुणालाई अगाडि राखेर भक्तवत्सल भगवान रामले पनि भूभार हर्नका लागि अवतार लिनु भयो। यसरी भगवत्वको स्वरुप गहन आध्यात्मिक सत्सङ्ग र विचार विनिमयबाट हुने गर्छ। त्यसैले रामायण अध्ययन ती पक्षलाई ध्यानमा राखेर अध्ययन गर्नु पर्ने हुन्छ। रामायणको आफ्नो मूल पक्ष आध्यात्मिकै हो तापनि वैज्ञानिक, भाषावैज्ञानिक, लोकव्यवहारिक र ऐतिहासिक चार पक्षलाई दृष्टिगत गरेर अध्ययन गर्नु पर्ने हुन्छ। यदि यी पक्षहरुलाई अलग्ग राखेर आध्यात्मिक पक्ष मात्रलाई ओगटेको खण्डमा जस्केलोबाट चियाउने

[४] आत्मन आकाश सम्भूत, आकाशाद्वायु:, वायोस्तेज:, तेजस आप, (ते.उ.ब्र.व.२)

काम मात्र हुनेछ । त्यसैले साङ्गोपाङ्गो अध्ययन र श्रवण मनन तथा निदिध्यासन गर्न अत्यावश्क पक्ष हो । यसको मूलरुपमा पुग्नका लागि आवश्यक पक्ष हो । रामायण अथवा कुनै पनि ग्रन्थहरुको क्रम यही नै हो । प्रस्तुत नेपाली गीति रामायण को अध्ययनको पक्ष पनि यही नै हो जसको मूल आध्यात्मिक पक्ष रहेको छ । तर यसलाई गम्भीर रूपले चिन्तन मनन गरेर हेर्ने हो भने अथाह सामाग्रीको भण्डार बनाएर गोमाजीले राखिदिनु भएको कुरा पाठक वाचकवृन्द सामु पर्ने विषय हो यसको स्वरुप त अध्ययन पछि सबै कुरा खुलस्त हुने कुरामा सन्देह छैन ।

रामायणको उल्लेख गर्दा रामायणमा अङ्कित पात्रहरुको अन्य ग्रन्थहरुमा उल्लेख भएको छ कि ? अथवा उल्लेख भए पनि अध्यता वा पाठकको नजर पुगेको छैन कि ? आदि तर्कना लेखकको दिमागमा घुम्ने कुरा हो । तर सबै लेखकका मस्तिष्कमा यी कुराहरु आउलान् भन्न भने सकिंदैन ।

यदि रामायणको पात्रहरुको नाम अन्यत्र आइहाले छ भने पनि त्यहिं नै पात्र हो के त ? त्यस पात्रलाई ठिम्याउनकालागि देश र कालको ज्ञान अत्यावश्यक हुन्छ । यहा देशको अर्थ भौगोलिक यथार्थ ज्ञान हो र कालको अर्थ हो ऐतिहासिक ज्ञान । देश र कालको ज्ञान छैन भने गलत हुन सक्छ भन्ने विचार मस्तिष्कमा हुनै पर्छ । नत्र जस्केलोवाट चियाएको गोडेटो र घोडेटो छुट्टिंदैन भन्ने तथ्यलाई पनि नकार्न मिल्दैन । प्रसङ्गमा भन्नु पर्दा पूर्व वैदिक कालका ऋग्वेद आदिदेखि लिएर उत्तर वैदिक कालका ब्राम्ह्ण ग्रन्थ आदिमा पनि रामायणका पात्रहरुको उल्लेख पाइन्छ । जस्तै राम, सीता आदि शव्द ऋग्वेदैमा पनि उल्लेख भएको पाइन्छ । तर त्यसले रामायणको पात्र राम, सीता आदिलाई लिन सकिन्छ त ? यस विषयमा उंधो मुन्टो लाएर वा आकाशे नजर गरेर सोचनै पर्ने हुन्छ । सोचेर पनि अभीष्ट पार लाग्ने हो कि ? होइन । यो विचारणीय नै रहने छ ।

परन्तु समग्र वेदशास्त्रहरुमा जहा जहा सीता र रामको नाम उल्लेख भएको छ, त्यहाँ त्यहा अवश्य नै सङ्गतीकरण बसाउनै पर्ने हुन्छ । यीं सबै कुराका लागि देश, काल र भूगोल तथा पात्र भेद विशेष रुपले जान्नु पर्ने हुन्छ ।

यो विद्वान र शोधकर्ता लेखकहरुको लेखन पद्धति हो । यति नगरीकन समग्र संस्कृत वाङ्मयमा प्रयुक्त शव्दार्थको अर्थको बदलामा अनर्थ नै हात लाग्ने छ । तर रामायण र रामकथाले भने एक फेर विश्वमा नै तहलका मच्चाएको इतिहास हामीले भुल्नु हुंदैन । यसको सवल प्रमाण तत्तद् देशको तत्तद् भाषाहरुमा लेखिएका रामायण हो भन्दा अत्युक्ति हुने ठाउ छैन । संस्कृत भाषामा मात्रै प्राचीन रामायणहरु असंख्य रचिएका थिए । जस्तै लोमस रामायण, अगस्त्यरामायण, सम्वृतरामायण, मञ्जुल रामायण, आदि थुप्रै रामायणहरु संस्कृत भाषामा लेखिएका थिए भन्ने सवल प्रमाणहरु प्राप्त भएका छन् । ती प्राचीन रामायणहरु मध्ये केवल वाल्मीकि कृत रामायण मात्र उपलव्ध भएको छ । अरु सबै रामायणहरुको सूची मात्र प्राप्त भएका छन् । अध्यात्म रामायण वासिष्ठ रामायण आदिका रचना निकै पछिका मानिन्छन् ।

यो रामायण अथवा रामकथाले आर्यावर्त, अजवर्षमा नै आविर्भाव हुने अवसर पाए ता पनि एक फेर विश्वको विश्वभाषाहरुमा तहलका मच्चाएका थिए । तिव्वत, हिन्देशिया, सिंहलद्वीप, मलेशिया, जावा, सुमात्रा, थाइल्याण्ड, हिन्दचीन, श्यामदेश, वर्मा आदि देशहरुमा रामायणको प्रचुर मात्रामा प्रचार भयो र ती ती देशका भाषाहरुमा रामायण लेखिए । ती देशहरुमा आज पनि आ-आफ्नै प्रकारले रामायण र रामकथाको इतिहास वखान गर्ने गर्छन् । यस विषयमा अझ विशेष अनुसन्धान गर्न बांकी नै छ ।

ती देशका रामायणहरुमा कतै पात्रहरुकै नाममा हेरफेर भए पनि रामकथा जस्ताको तस्तै छन् भने कतै तलमाथि वरपर वाङ्गो टेढो पनि भएका छन् । यी देशका रामायणका रामकथा अयोध्याबाटै गएका हुन् तापनि आआफ्नै देशमा अयोध्या पनि परिकल्पित भएका छन् । रामकथामा वैषम्य आउनुको अर्थ उपर्युक्त रामायणहरुकै रामकथाको भिन्नता हुन सक्छ । अथवा तत्तद् देशका आफ्नै विशेषता पनि हुन सक्छ ।

इराक आज मुसलमानी देश भएता पनि इराकमा पाइएको आजभन्दा चार हजार वर्ष पुरानो रामको मूर्तिले अक्फोर्डको म्यूजियममा शोभा पाइराखेको छ । यसरी पुरातत्व र इतिहास दुवैको अनुसन्धान र त्यसको साक्षीले सिद्ध छ कि रामायणको रामकथाले विश्व नै व्याप्त भएको थियो । यस्ता अनेक पुरातत्वका प्राचीन सीता, राम र रामायण सम्बन्धी सामग्रीहरु एशिया महाद्वीप तथा यूरोप आदिमा छरिएर बसेका छन् । यी पुरातत्वका सामाग्रीहरुले के पता लाग्छ भने रामायण साहित्य र रामकथाको प्रचार परापूर्व कालदेखि नै विश्वमा रामायणले आफ्नो प्रचारको साम्राज्य फैलाएको रहेछ भन्ने इतिहास प्रष्ट गरी बुझिन्छ ।

यहाँ अर्को इतिहास पनि प्रष्ट हुन आउछ । त्यो के हो भने उपर्युक्त सौर, सम्वृत, लोमस आदि रामायण आज प्राप्त नभए पनि त्यतिखेर ती रामायणहरु उपलव्ध थिए । ती रामायणहरुकै छायानुवाद ती देशहरुमा अवशेषका रुपमा रहेका छन् वा हुन् भन्दा फरक नपर्ला कि भन्ने ठानेको छु ।

तर एशिया महाद्वीपको जम्वुद्वीप भरतखण्डमा चाहि केवल वाल्मीकि रामायण मात्रै शेष रह्यो । प्राचीन रामायणहरुमा केवल वाल्मीकि रामायण मात्रै शेष रहेकै हुनाले नै यसलाई आदि काव्य मानिएका छन् भने वाल्मीकिलाई आदिकवि भनिन्छ । तर तर तर गर्दै जादा वाल्मीकि पनि तीनवटा छन् । जस्तै तैतिरीय प्रातिशाख्यमा उल्लेखित वैयाकरण वाल्मीकि, महाभारतको उद्योगपर्वमा वर्णित गरुडवंशीय विष्णुभक्त वाल्मीकि, महाभारतको द्रोणपर्व, शान्तिपर्व आदिमा भार्गव वाल्मीकिको उल्लेख भएको छ । यसरी हेर्दै जादा थुप्रै पर्वहरुमा वाल्मीकिको उल्लेख भएको पाइन्छ । स्कन्दपुराण, विष्णुपुराण, मत्स्यपुराण आदिपुराणहरुमा पनि अनेक वाल्मीकिहरुको उल्लेख भएको पाइन्छ । तर विशेष गरेर भार्गव वाल्मीकि, वैयाकरण वाल्मीकि तथा रत्नाकर दस्यु वाल्मीकि यी तीनवटामा कुन आदिकवि वाल्मीकि हुन्

त ? भन्ने प्रश्नको उत्तरमा खोज गर्न बांकी नै भएता पनि [५]प्रचेता ऋषिको दशवा पुत्र वाल्मीकि नै वाल्मीकि रामायणको रचनाकार थिए भन्ने कुरा प्रष्ट भएको छ । यो प्रमाण वाल्मीकि रामायण उत्तर काण्ड, छयानव्य सर्गको श्लोकहरुमा वाल्मीकि आफैले प्रष्ट पारेको छ । त्यसैले अनेक वाल्मीकि देखापरे पनि प्रचेता ऋषिका दशम पुत्र वाल्मीकि नै रामायणको रचयिता हो भन्दा फरक पर्दैन भन्ने ठानेको छु ।

यसरी वैयाकरण वाल्मीकि, गरुडवंशी वाल्मीकि, भार्गव वाल्मीकि आदि अनेक वाल्मीकिहरुको स्कन्दपुराण, विष्णुपुराण, महाभारत, रामायण तथा अन्यान्य ग्रन्थहरुमा उल्लेख भएता पनि प्राचेतस वाल्मीकिकै रचना वाल्मीकि रामायण हो भन्ने प्रमाण प्रष्टै छ । परन्तु प्रचलनमा दस्यु वाल्मीकिको ज्यादै नाम लिने गरेका छन् । किंवदन्ती पनि रत्नाकर डाकूवाला वाल्मीकि कै नाम धेरै लिने गर्छन् । यहासम्म वाल्मीकिरामायण प्राचेतस वाल्मीकिको रचना हो भन्नका लागि यो अनुवन्ध गरेको हो ।

परन्तु पाठक वाचकवृन्दले यहा पनि ध्यान दिनु अत्यावश्यक देखिन्छ । किन भने वाल्मीकि रामायणको अनेक पाठभेद देखिन्छ । त्यसैले पाठालोचनको आवश्कता परेको हो । पूर्वीय पाठ पश्चिम पाठ, उत्तर पाठ, दक्षिण पाठ । यसलाई अर्को शव्दमा भन्नु पर्दा प्राच्य, प्रतीच्य, उदीच्य, दाक्षिणात्य आदि भेदले अनेक पाठालोचन गरेका छन् विद्वानहरुले । प्राच्यपाठलाई गौडीय सम्प्रदायानुसारी पाठ भन्ने गरिन्छ भने प्रतीच्यपाठलाई कास्मीरी सम्प्रदायानुसारी पाठ भन्ने गरिन्छ । त्यस्तै दक्षिण भारतमा प्रचलीत पाठलाई अवाच्यपाठ अथवा दक्षिणात्य सम्प्रदायानुसारी पाठ भन्ने गरिन्छ । उदीच्य पाठ अथवा औतराह पाठ उत्तर दिशा अर्थात हैमवतप्रदेशमा प्रचलित पाठलाई भनिन्छ । यसरी वाल्मीकि रामायणको पाठभेद भएको देखिन्छ । हैमवत पाठालोचन विश्वको एक मात्र हिन्दुराष्ट्र नेपालको विशेषता हो । किनभने वाल्मीकिको जन्म र कर्म किरातदेश नेपालैमा भएको थियो । स्वयं वाल्मीकिले स्पष्ट पारेर भन्नु भएको छ 'अहं पुरा किरातेषु किरातैः सह वार्धितः म किरातहरुको माझमा जन्मे । किरातहरुसंगै बढें । किरातहरुबाटै पालित पोषित भएं' यी वाक्यांश वा शव्दार्थहरुले किरातदेश नेपालमा प्राचेतस वाल्मीकि जन्मेका थिए । नेपाली हैमवत प्रदेशका वाल्मीकि थिए । वाल्मीकि रामायणको रचना पनि नेपालैमा भएको थियो । नेपालबाटै उपर्युक्त पाठालोचन फैलेको थियो । किन भने प्रचेता, वाल्मीकि, पराशर, व्यास, याज्ञवल्क्य, महावीर तथा गौतम बुद्ध आदिका जन्मभूमि र कर्मभूमि किरातदेश नेपाल नै रहेको कुरा प्राचीन इतिहासले प्रष्ट पारेको छ ।

त्यसैले नेपालमा पुरा ओङ्कार परिवार अर्थात जैन, बौद्ध, शिख आदि समस्त ओङ्कार परिवार भित्र आआफ्नै प्रकारका रामायण र रामकथा छन् । जैनहरुको पउमाचरिया, बौद्धहरुको दशरथजातक आदि रामकथासंग गाभिएका ग्रन्थ हुन् । शिखहरुको गुरुग्रन्थसाहव, भित्र रामनामको महिमा अत्यन्त श्रद्धापूर्वक गाइन्छ गुरुद्वाराहरुमा । यसैको परिणाम स्वरुप मित्रराष्ट्र भारतमा तुलसीकृत रामायण, तेलगुरामायण, तामिल रामायण, कन्नड रामायण,

---

[५] प्रचेतसोऽहं दशमः पुत्रो राघवनन्दन (वा.रा.उ.का.९६ सर्ग.)

क- कृतवान् प्रचेतसः पुत्रस्तद् व्रह्माप्यन्वमन्यत (वा.रा.उ १११ स. ११ श्लोक)

मलियालम रामायण, कृतिवास रामायण, आसामीरामायण आदि थुप्रै छन् भने नेपालमा भानुभक्त रामायण, सोमनाथ सिग्ध्यालको राघवालङ्कार, गुणराज खनालको भरतमिलाप, युद्ध प्रसाद मिश्रको युद्धकाण्ड र माधुरी भट्टराईको रामायण आदि नेपालमा पनि रामकथा सम्बन्धित रामायणहरु लेखिएका छन् । केही प्रकाशित केही अप्रकाशित छन् । रामकथाले नेपाली साहित्यलाई धेरै धनी बनाएको छ भन्दा अतिशयोक्ति नहोला ।

यहाँसम्म तानावाना बुन्दै ल्याउनुको अर्थ के हो भने गोमाजीले कुन चाहि पाठालोचनामा आफ्नो रामकथालाई अग्रेस गर्नु भयो त ? भन्ने प्रश्नको उत्तर दिनु हो । मेरो दृष्टिमा गोमाको रामकथा हिमाली राम कथा हो । गोमाको शैली हिमाली शैली हो । गोमा स्वयं हिमाली आमाकी छोरी थिइन् । त्यसैले गोमाको भाषा हिमाली नेपाली भाषामा नेपाली रामकथा लेखेर अमर भइसकेकी छन् । गोमा इतिहास बनिसकेको छ । गोमाले रामकथा लेखेर स्वयं रामकथा बनिसकेकी छन् । सर्वघटवासी सर्वान्तरयामी विश्वव्यापी रामकथाको माध्यमबाट अमर हुन पुगेकी गोमाले 'गोमा रामायण' मा रामजन्मदेखि लिएर सीताले धरतीमा प्रवेश गर्ने प्रसङ्गसम्म रामकथाको परिक्रमा गरेर अमरत्व प्राप्त गरेकी छन् ।

उपर्युक्त रामकथाको मूलग्रन्थ वाल्मीकि रामायणको तीन प्रकारका पाठभेद भए जस्तै रामकथाका पनि अनेक सम्प्रदाय छन् । जसमा शङ्कर पार्वति, लोमस, काकभुसण्डी आदि परम्पराहरु प्रचलित छन् । जसको विस्तार गर्नु ऐले सम्भव छैन । जे भए पनि गोमा रामायणमा अंगालिएका परम्परा शुद्ध कैलासी परम्परा हो भन्ने प्रमाण 'रामजन्म' पहिलो पद्यले नै आफ्नो राम कथाको परम्परा पुष्ट पारेर बताउनु भएको छ । आशुतोष भगवान् शङ्करले भगवती पराम्वा पार्वतिजीलाई श्रवण गराएको प्रसङ्ग गोमाजीले अत्यन्त मनोहर रुपमा चित्र कोरेकी छन् । रामजन्मको प्रसङ्ग दुइ सय अस्सी पद्यहरुमा गुम्फित छन् । सच्चिदानन्द स्वरुप राम भक्तहरुको उद्धारकालागि नृप दशरथको राजदरवार अयोध्यामा अवतरित भएको लीला वर्णनदेखि लिएर वात्सल्य रसको उद्‌घाटन साच्चो आमाको हृदयले मात्र गर्न सक्छ । गोमा स्वयं आमा भएकै कारणले होला । यस प्रसङ्गमा वात्सल्य रस पूर्ण झल्केको छ । परन्तु यस रामकथामा वात्सल्य रस मात्रै होइन अपितु करुणा आदि रसको प्रशस्त पुटपाक भएको पाइन्छ । यो रामकथाका आस्वादक पाठक वाचकवृन्दले गोमारामायणमा आमूलचुल डुबुल्की मारे सहजै पाउने छन् ।

गोमारामायणमा अरु रामायणहरुमा जस्तो वालकाण्ड, अयोध्याकाण्ड, आदि अथवा प्रथम सर्ग, द्वितीय सर्ग आदि काण्ड र सर्ग आदिको विभाग छैन । गोमारामायणमा रामजन्म, पुष्पवाटिका, धनुषयज्ञ आदि आफ्नै शैलीको प्रकरणहरुको नामाकरण भएको छ । तर त्यस भित्र काण्ड र सर्ग भित्र हुनु पर्ने पद पदार्थहरु आफ्नै प्रकारले गुम्फित भएको पाइन्छ । यो गोमाको लेखनीको विशेषता नै हो भन्दा सुनमा सुहागा थपिएको देखिन्छ । उदाहरणका लागि 'रामजन्म' भित्र वालकाण्ड र अयोध्याकाण्डको कथावस्तु समेटिएको कुरालाई भुल्नु हुँदैन रामायण पाठक वाचकवृन्दले । त्यसैले 'रामजन्म' पछि कवयित्री गोमा 'पुष्पवाटीका' पुग्नु भएकी छ । किनभने राम अयोध्यामा अवतरित भएर बाललीला गरे पछि राम किशोर अवस्थामा पुगेकै वेला राजर्षि विश्वामित्र अयोध्यापति महाराज दशरथको राजदरवारमा धर्मरक्षार्थ यज्ञको रक्षा गर्नका

लागि राम लक्ष्मणलाई माग्न पुगेका थिए । किनभने नृपदशरथ मोहका कारणले रामलक्ष्मणलाई मेरो वृद्धावस्थाका प्राण भन्दा पनि प्यारा पुत्र हुन् भन्ने मात्रै ठान्दथिए । दशरथको दृष्टिमा 'राम' सच्चिदानन्द परब्रम्हका अवतार हुन् भन्ने थाहा थिएन । त्यसैले विश्वामित्रले दुइ छोराहरुको यज्ञरक्षार्थ भिक्षा माग्दा आनाकानी गरेका थिए । तर विश्वामित्रले राजाको मोह भङ्ग गरे पछि कुलगुरु ब्रम्हर्षि वसिष्ठको समर्थनले दशरथको मोह भङ्ग भयो । त्यस पछि महाराजा दशरथले रामलक्ष्मण दुवैलाई विश्वामित्रको झोलीमा हालिदिए । त्यस पछि सुबाहु नाउका आदि राक्षस समूहबाट यज्ञको पूरा रक्षा गरेर विश्वामित्रको यज्ञ साङ्गे गरे पछि राजर्षि विश्वामित्रले विदेह जनकको राज्य मिथिलामा धनुषयज्ञ हुँदैछ भन्ने समाचार पाए । त्यतिखेर पूरा मिथिला नेपालैमा थियो । मिथिला र नेपाल पर्यायवाची नाम हो । त्यसैले विश्वामित्र राम लक्ष्मणलाई साथ लिएर धनुषयज्ञमा सहभागी हुन जनकपुर आइपुगे ।

यस प्रसङ्गमा 'पुष्पवाटिका' भित्र कवयित्री गोमाले वास्तविक कविहृदय खोलेर राखिदिनु भएको छ । मनोहर शैलीमा अत्यन्त सुन्दर जनकपुर शहरको वर्णन त्यस वेलाका र यस वेलाको तुलना गर्नु मिल्दैन । गोमाजीले अलौकिक जनकपुर, जनकपुरे महाराज विदेह जनकको राजदरवार भवन अट्टालिका, रनीवास, आदिलाई चित्रित गर्दै गोमा रामलक्ष्मण दुवै भाइलाई जनकपुर शहर घुमाउछे । सुन्दर स्वर्ग सदृश सहरहरुको वीच वीचमा पुष्पवाटिका छन् । साना साना कयौं ठूला ताल, पोखरी, पुष्पवाटिका आदिलाई देखेर राम लक्ष्मण पनि प्रसन्न हुन्छन् । राजभवनको समीपको पुष्पवाटिकाहरुमा राजकन्या राजकिशोरी पुष्प चयन गर्न अवतरित हुन्छन् । छेउमा गौरी माता पार्वतिको अति सुन्दर मन्दिर छ । त्यसैको छेउमा पतित पावन भूतभावन भगवान् शङ्करको मन्दिर पनि छ । तर राजकिशोरी तथा उनका सहेली साथी सहितको नजर आनन्दकन्द दशरथनन्दन श्रीरामसंग टकराउन वा बाझ्न पुग्छन् । ती किशोरीहरु अवाक् भएर नयन संयोगमा मस्त रहन्छन् । गोमाजीले पुष्पवाटिकामा अत्यन्त सजीव चित्र उतार्नु भएको छ । यसमा सन्देह छैन । यसरी धनुषयज्ञको निमन्त्रणा पाएर जनकपुर पुगेका राम लक्ष्मणलाई देखेर त्यहा जनकपुरवासी आनन्दित भए । यसरी एक सय सत्तहत्तर पद्यावलिमा पुष्पवाटिकाको उपसंहार भएको छ ।

धनुषयज्ञको पनि आफ्नै विशेषता छ । गुरुको आज्ञा पाएर लक्ष्मण सहित श्रीराम सीता स्वयंवर स्थलमा पुग्छन् । निर्देश गरेको आसनमा बसेपछि त्यहाका दर्शनार्थीहरुमा अनेक प्रकारका तर्क वितर्क वीर भयानक, करुणा वात्सल्य आदि रसयुक्त सभा मण्डप देखिन्थे । अनेक राजामहाराजाहरुले रामबाट हार खाए । पिनाक नामक शिवधनुष टूटे पछि मेरो गुरुको धनुष कसले तोडे भन्दै घमण्डपूर्वक परशुराम धनुषयज्ञमा प्रवेश गर्छ । तर लक्ष्मणले त्यसको घमण्ड चुरचुर पारिदिन्छ । यसरी दुइ सय अठ्ठाइस पद्यमा अनेक उपयुक्त मननयोग्य विषयहरुको वर्णन साथ धनुषयज्ञको प्रकरण समाप्त भएको देखिन्छ । दशरथको प्रतिज्ञामा प्रारम्भिक पद्यहरुमा महाराज दशरथलाई वैराग्य लागेको वर्णन ज्यादै घत पर्दो रहेको छ । रामलाई राज्य दिएर आफू वनमा गएर तपस्या गर्ने प्रतिज्ञा गर्छन् । प्रजासंग आफू बूढा भएको कुरा सुनाउछन् । दशरथ आफू छोरा रामलाई अयोध्याको राज्यभार सुम्पेर वनमा तपस्या गर्न जाने सुरमा कैकयीले आफ्नो प्रतिज्ञा पुरा गराई छाडी । भरतलाई राज्य रामलाई वनवास यस्तै विडम्वनामा दुइसय छब्बीस पद्य टुङ्गिन पुग्छ । तर यस घटनाले पुरै अयोध्यामा हलचल

मच्चियो । कैकयीको जालसाज सबैले बुझे । सीता सासु कौसल्याको रनीवासमा अध्यारो मुखमण्डल लिएर पुगिसकेकी थिई ।

कौसल्याले सङ्का मान्दै प्रश्न गरी । तर जानकीले खोलेर भन्न सकिन । जानकीले कैकयीको वर दोहऱ्याएर सुनाई । सीताले रामसंगै वन जाने आज्ञा मागी । सीता राम दुवैका माता कौसल्याको राजभवनबाट निक्लेको तरखरमा दुइसय पांच पद्यमा उपसंहार भयो । यो अति सुन्दर मोहक र चिन्ताकर्षक वर्णन भएको छ । माता कौसल्यासंग वन जाने विदा मागेर राजदरवारको द्वारमा आइपुग्दा यात्राका लागि रथ तैयार थियो । राम सीता लक्ष्मण तीनैले द्वारमा राखिएको गणेशलाई प्रणाम गरे । तर कोसलपति राम वन गमन गर्ने वेला खुशी थिए । तर प्रजा दुःखी थिए । अब वनवास लागे । कैयौं दिनमा चित्रकूट पुगें । कोसलपति रामलाई दुःख विस्मात केही थिएन । चित्रकूटको सौन्दर्यमा मोहित भएर आनन्दित थिए । त्यसै चित्रकूटमा एउटा पर्णकुटी बनाएर तीनै जाना वास गर्छन । यसरी दुइसय पैतालीस पद्यको उपसंहार भएको देखिन्छ । प्रत्येक प्रसङ्गमा कविको नवनवान्मेवशालिनी प्रतिभाको परिचय प्रष्ट रुपमा झल्किन्छ ।

चित्रकूटमा घनघोर वनराजिमा निवास गर्दा खर, दूषण, त्रिशर आदिले सीताराम लक्ष्मणलाई आक्रमण गरे । रामलक्ष्मण दुवैले खर दूषण बध भए पछि सुपर्णखाको नाक छेदन भयो । सुर्पणखा आफ्नो दाजु रावणको समीप गएर आफ्नो नाक कटाई भएको उजुर गरी । त्यसै वहानाले सीताको हरण कपटपूर्ण भावमा भयो । यद्यपि रामले लक्ष्मणलाई पञ्चवटी स्थित पर्णकुटीको कडा संरक्षण गर्न आदेश दिएका थिए । यस वीचमा सुग्रीवसंग भेट शवरीको उद्धार र भिलनीको जय जयकारमा पुग्दा तीन सय चार पद्यावलिमा अरण्यकाण्डको अवसान भयो ।

सुन्दर ऋष्यमूक पर्वतराजको टाकुरामा आफ्नै दाजु बालिबाट त्रसित भएर बसिरहेको वेला राम ऋष्यमूक पर्वत समीप सीताजीलाई सोधखोज गर्न पुग्छन् । त्यस अवसरमा अपरिचित व्यक्तिलाई देखेर सङ्का हुनु स्वभाविक थियो । सुग्रीव सङ्कित हुनु स्वाभाविकै थियो । तर पछि बुझ्दा अयोध्याका दशरथनन्दन राम रहेछन् भन्ने जाने पछि सुग्रीवसंग मित्रता गाँसी विधिपूर्वक सीताजीको खोज सुरु भयो । यसै वीचमा जाम्ववान् र हनुमान् आदिसंग रामले भेटवार्ता गरेर जानकीको व्यापक रुपमा खोज तलास भयो हनुमानलाई लङ्कामा सीताजीको खवर लगाउन पठाए । यसै रीतले चार सय अन्ठावन्न पद्यमालामा नेपाली गीति रामायणको राम सुग्रीव मिलन प्रसङ्ग समाप्त भएको छ । यसै प्रकारले रावणका माइला भाइ कुम्भकर्ण रणभूमिमा ढल्नु वित्तिकै रावणकाँ खवर पुग्छ । रावण आफ्नो इष्टदेव शङ्करको भव्य पूजा गरेर समरविजयी हुने उपासनातिर लाग्छ । यसै रीतिले तीन सय चौदह पद्यावलिमा लङ्का काण्ड समाप्त भएको छ ।

कुम्भकर्ण ढले पछि रावण घवरायो जेठा छोरा इन्द्रजीत मेघनाद गर्जिदै रावणको समीपमा आएर शत्रुलाई तह लाउने वाचा बोल्यो । तर मेघनाद पनि युद्धमा समाप्त भए पछि सती सुलोचना आफ्नो पति वियोगमा विलाप गर्छे । सतीको महिमा र प्रशंसामा तीन सय तेह्र पद्यावलिको अवसान भएको छ । गोमा लेखेर नथाक्ने कवयित्री हुन भन्ने प्रमाण यी कवितावलिले प्रष्टै दिएका छन् ।

अहिरावण वधको उपक्रममा वानरी सेना हर्षित हुन्छन् । भगवान रामसंग अङ्गद, नल, नील सलाहा गर्छन् । अहिरावणको युद्धमा अन्त भए पछि रामलक्ष्मणलाई देखेर वानरी सेना अत्यन्त हर्षित भएर जयजयकार मनाउछन् । यसरी दुइ सय तेरह पद्यावलिमा आवद्ध अहिरावण वध प्रकरण समाप्त भएको छ ।

त्यस पछि रावण वधको उपक्रम हुन्छ । अहिरावण वधसम्ममा लङ्काका प्राय: वीर योद्धा समाप्त भइसकेका थिए अव केवल मूल स्तम्भको रुपमा रावण मात्र शेष रहेको थियो । रात दिन युद्धको ज्वालामा रापिएर आफ्नै भाइ, भतीजा, छोरा, नाति र लङ्काका समस्त वीरहरुलाई युद्धरुपी अग्निज्वालामा स्वाहा पारिसकेका थिए रावणले । शेष रहेका लङ्काका सबैको सातो पुतलो गइसकेको थियो । तथापि लङ्केश रावणले आफ्नो जनता र शेष रहेका वीरहरुलाई युद्ध गर्न साहस बाँधे । अन्तिम सहाससम्म युद्ध गरेर रावण स्वयं रामको हातवाट मारिए पछि लङ्काको इतिहासको अध्याय रावणसंगै समाप्त भएको हुन्छ तथापि रामले विभीषणलाई राजतिलक दिए । युद्ध समाप्त गरेर पुष्पक विमानबाट अयोध्या फर्कन भरतलाई समाचार दिन पवनकुमार हनुमानलाई पठाए । हनुमान अयोध्या पुगे । तर राम लक्ष्मण सीता वाल्मीकिको आश्रममा पुग्छन् । कवयित्री गोमाले महर्षि वाल्मीकिको मुखबाट भन्नु भएका कविता मलाई सबै भन्दा राम्रो लागेको छ ।

वाल्मीकि भन्थे तै पनि अझै भएन विश्राम
रावण मारें भन्छौ राम ! ज्युँदै छ रावण
दुनिया सम्झ सागर समान लङ्का हो शरीर
अहंकार (हो रावण) सदा बढिनै रैछ हुँदैन गंभीर ॥

प्राणीको स्वार्थ मेघनाद सम्झ आलस्य कुम्भकर्ण
स्वार्थ र अहंकार आलस्यलाई मार्नु होस भगवान्
लङ्काका राक्षस मारेर मात्र भूभार हरिन्न
यी तीन राक्षस नमारीकन सुखमा परिन्न ॥

यसरी कवयित्री गोमा रावण वधको उपसंहारमा आध्यात्मिक शिखरमा चढेर कविताको भाषामा बोल्छिन् । साचो कविहृदयले कवितालाई बोलाउछे । कविता पनि भाव बनेर फुरुरु आउछे। यसरी तीन सय एक पद्यवलिमा गोमा रामायणको रावणवध प्रकरण समाप्त भएको छ।

यता अयोध्यामा भाइ भरतले दाजु राम भाउजु सीता कहिले आइपुग्नु हुन्छ भन्ने आशामा पर्खिराखेका थिए । राम भोलि त आइपुग्नु हुन्छ भन्दै पर्खिरहेका थिए अयोध्यावासीहरु । कवयित्री गोमाका कविता, राजतिलकमा भरतको प्रतीक्षा भरतले भनेको उक्तिहरु दाजु प्रतिको आस्था मार्मिक कविता भएको छ । सबै विधा पुरा गरिसके पछि प्रभुरामले अङ्गदादिलाई विदा दिंदासम्म दुइ सय चौरानव्य पद्यावलि गुम्फित भव्य राजतिलकावलि भएर समाप्त भएको छ ।

सीता वनवास अयोध्याका लागि त्यतिखेर न्याय भए पनि युग सापेक्ष र निरपेक्ष हरेक युगमा चल्दै आएको तीतो, टर्रो इतिहासका बुंदाहरु हुन् । नियम कानून आआफ्नै प्रकारका आआफ्नै देश, काल पात्र सुहाउदा बनेका हुन्छन् । यसमा पनि कवयित्री गोमाजीको मातृ हृदय कवितामा प्रस्फुटित हुनु स्वभाविकै हो । सीता वनवास आश्रमवास, लवकुश लीला, महर्षि वाल्मीकिको अर्ती सुनौला क्षणहरुमा दुःख र सुखको दोसादमा दुइ सय चवालिस पद्यराशिमा सीता वनवास कुंदिएको कथावस्तु समाप्त भएको छ ।

परन्तु सीतालाई वनवास दिए पनि राघवको हृदयदेखि बाहिर सीता वनवास गएकी थिइनन् । त्यसैले रामलाई गुरु वसिष्ठले थोरै शव्दमा पुरा वेदान्त दर्शन पढाए । यसमा गोमा सफल भएकी छ । अश्वमेघ यज्ञको व्याजले धेरै कुरा मनन योग्य समावेश भएको छ । लव कुशको रामायणमा रामलीला गाउदा राम छांगाबाट खस्छन् । रामले ती दुइ बालकलाई रोक्न सकेनन् । यतिकैमा दुइ सय अठानव्य पद्यावलि करुण र माधुर्यको दोसाधमा समाप्त भएको छ भने लवकुशको वीरतामा लवकुशको वीरता स्पष्ट भएको छ । तीन सय बावन्न पद्यावलिमा कुंदिएको छ । गोमाजीको गीति कविता सर्वत्र समान छन् ।

नेपाली गीति रामायण अर्थात् गोमारामायणको उपसंहार धर्तीमा सीताको प्रवेश हो । पूर्व अश्वमेघ यज्ञमा लवकुशले वीणामा सीतारामको चरित्र मीठो स्वरमा गाएर सुनाइसके । त्यसपछि राघवले दुवै छोराहरुलाई छाती लगाएर प्यारो गरे । त्यस सभामा उपस्थित महर्षि वाल्मीकि वसिष्ठ, लक्ष्मण हनुमान आदिले रामलाई सीता पवित्र छन् स्वीकार गर्नु होस भन्ने आग्रह गरे । सीता पवित्र छन् भन्ने पक्ष र प्रजा पक्षमा शुद्धताको समर्थन महर्षि वसिष्ठको योगवलबाट सिद्ध भए पछि रामले सीतालाई स्वीकार गरे । राम लक्ष्मण भरत शत्रुघ्न चार भाइका दुइ दुइ छोराहरुका उपस्थिति र समस्त प्रजा तथा वानरी सेना ठूला ठूला श्रुतार्षि, काण्डर्षि, परमर्षि, देवर्षि, महर्षिहरुका उपस्थितिमा सीता पवित्र सिद्ध भए पछि अयोध्याको भाग्य खुल्यो भनेर कवयित्री गोमाको हृदय रमाएको भान हुन्छ ।

यस प्रकार लगभग सात हजार पद्यावलि गोमारामायण अर्थात नेपाली गीति रामायणमा कुंदिएका छन् । विश्वको एकमात्र हिन्दुराष्ट्र नेपालको धौलागिरि अञ्चल जिल्ला [६]पर्वतमा वि.सं. १९८२ मा जन्मेर जलन, बाच्ने रहर, मातृव्यथा, इन्दु, तिरस्कृत आत्मा, अञ्जु, मानवधर्म र आस्था तथा साहित्यिक फूलवारीका फूलहरु, चार नारी हस्ताक्षर, कर्मशील महिलाको भूमिका, कवि म.वि.वि. शाहको काव्य प्रवृत्ति, नेपाल भारतका केही नारी प्रतिभा, पौराणिक नारी परिचय, चांदनी शाहको काव्य संसार, जस्ता खण्डकाव्य, काव्य, समालोचना, समीक्षा, भजन, कीर्तन अनेक विधाहरुमा कलम चलाउने सिद्धहस्त पर्वतराजकी छोरी पार्वति फेरि पर्वतैमा गोमादेवीको रुपमा अवतरित भई भन्ने ठानेको छु । यद्यपि उपर्युक्त रचनाहरु कलमीको नजरमा दगुरेका छैनन् । तथापि गोमारामायणलाई सर्सति निहाल्दा गोमा गोमा नै देखिन्छे । गोमा शव्दको अर्थ हो सरस्वती । गां वाणीं माति प्रमाति प्रमाणयती या सा गोमा

---

[६] धवलागिरिको वाङ्मयसूची पृ.नं. ३० सं. प्रेम छोटा । (साभार उद्धत)

अर्थात जसले आफ्नो वाणीको स्फोरणद्वारा प्रमापन सन्तुलन अतुलनीय बनाउछ त्यो गोमा हो । यसको अर्थ हो वाणीको अधिस्थातृ सरस्वती देवी । अभेक अनकण्टार नपत्याउदो दुर्गम भूमि धौलागिरि अञ्चल पर्वतमा यस्ता प्रतिभाले जन्म लिनु भनेको कहाली लाग्दा कुरा हुन् । त्यस्ता अनकण्टारमा गोमाजीले जन्म लिएर काठमाण्डौ नेपालको राजधानीमा पुगी आफ्नो वाणीलाई आफ्नो भावनालाई समस्त नेपाली साहित्यविधामा सार्थक बनाएर अन्तिम रुप गोमारामायण हुन पुग्यो ।

गोमारामायणमा प्रसङ्गानुसार करुण, वीर, भयानक, विभत्स, रौद्र आदि काव्यमा हुनु पर्ने नव नवरसहरुले परिपूर्ण छ । कतै शान्तरसको पुटपाकले भरिएको छ । छन्द भने नाम नै 'नेपाली गीतिरामायाण' गोमाजीले राख्नु भएको रहेछ । तर कतै कतै शास्त्रीय छन्दहरुको पनि पुट भेटिन्छ । यस गोमारामायणमा खोजे अनुभाव विभाव, सञ्चारीभाव सहचारीभाव आदिको पनि असम्भव छैन । अनायासै श्रुत्यनुप्रास, वृत्यनुप्रास, अन्त्यानुप्रास आदि अलङ्कारहरु पनि झल्किन्छन् । कतै शव्दमाधुर्य छ भने कतै भावमाधुर्य पुट भरिएको छ । गोमा करुणामा नाच्छन् भने कतै विभत्समा उर्लिन्छन् । कतै वीररसमा आउछन् भने कतै वैराग्यमा आउछन् । गोमारामायणमा वात्सल्य, भक्ति र वेदान्त पनि कतै सम्पुट भएको छ । कर्म, भक्ति र ज्ञान तीनै थोक यहाँ पाइन्छ । यसमा सन्देह छैन । तमसो मा ज्यातिर्गमय । शान्तिः

डा. स्वामी प्रपन्नाचार्य
मितिः १५।२।२०६१

# राम जन्म

जैलेदेखि पार्वतीको शंकरसँग संगत
त्यसैबाट शुरु भयो रामकथा प्रसंग
संसारमा प्रसिद्ध छ सुन्दरगिरि कैलाश
पार्वती र आसुतोषको सधैं त्यहाँ बास । १

कैलाश भरै वृक्षादिले भरिएको थियो
बाह्रै महिना हरियाली छाइएको थियो ।
त्यसै बीचमा वटवृक्ष झ्याँगिएको थियो
वटवृक्षमै चरादिको गान भजन हुन्थ्यो । २

वृक्षमुनि मृग छाला बिछ्याइएको थियो
त्यो ठाउँको वातावरण मनमोहक थियो
गिरिजापति भोलानाथ त्यस्मा बस्ने गर्थे
समाधिमा तल्लीन हुदै आँखा चिम्लिराख्थे । ३

शंकरका साथसाथमा पार्वतीको राज
दायाँपट्टि आदि पुरूष प्रकृतिका साथ
योगेश्वरको खुल्न गयो समाधि निस्काम
मुखबाट शब्द निस्क्यो "मायापति राम" । ४

पाउ पर्दै पार्वतीले जोडी दुवै हात
"पूर्वजन्म संझनामै बोल्नु भो कि नाथ
को हुन तिनी मायापति को हुन तिनी राम ?
सधैं भरि रमि राख्ने मुटुभरि राम । ५

तिनै हुन् कि लीलाधारी दशरथका छोरा
अयोध्यामा जन्मिएका सर्वगुणका प्यारा
सतीदेवी दग्ध भइन् संसारभरै छैनन्
अर्को जन्म लिइसकिन् तिनी आउने छैनन् । ६

सतीबाट तर्सिएर बोल्नुभाको हो कि
या त ऐले सपना कुनै देख्नु भयो हो कि
दक्षसुता भष्म भइन् पार्वती छु यहाँ
पार्वतीको जन्म लिई बस्छु हजूर साथमा । ७

त्यसबेलाको संझनाले तर्सायो कि भन्छु
शुरुदेखि पुरै कथा सुन्ने इच्छा गर्छु
भगिरथको प्रयासले गंगाजीलाई पाए
नृपतिको तपस्याले यहाँ गंगा ल्याए । ८

सती शरीर भष्म गरें संझन्छौ कि नाथ ?
त्यस जन्मको संस्कारले ऐले म छु साथ
रामकथारुपी गाथा आज सुन्न पाऊँ
रामकै नाम यो जन्ममा नीत सुन्न पाउँ । ९

पहिला गंगा फोहोर नाशक दोश्री गंगा उज्ज्वल
पहिला गंगा साकार थिइन् यिनी निराकार
उनी गंगा बग्दै बग्दै समुद्रमा मिल्ने
यिनी गंगा मन मन्दिरको कालो मैलो नास्ने । १०

पहिला गंगा पहाडबाट ठक्कर खादै बग्ने
दोश्री गंगा काम क्रोध अज्ञान मेटाइदिने
पहिली गंगा आचमन गर्दा चित्त शान्त गर्ने
दोश्री गंगा श्रवण गर्दा मोक्ष दिलाइदिने ।११

हिमालदेखि बग्दै बग्दै सागरमा अन्त्य
सगुणबाट मूल फुटी निर्गुणमा अन्त्य
रामलीला थुप्रै थुप्रै मन्मा साँचिएका
सुन्न पाऔं शंकर प्रभो मन्मा चुलिएका ।१२

रामलीलाका खानी तपाई सबै भन्नुहोस्न्
जटाबाट गंगा बग्छिन् वाणीद्वारा भन्नुस्
जटाबाट गंगा ओर्लिन प्राणी बचाई दिइन्
नत्रभने पृथ्वीनै त्यसै सुक्ने थिइन् । १३

नाथ मैले विन्ति गर्छु कथा सुन्न पाऊँ
वाणीद्वारा सुन्न पाउँ नत्र कहाँ जाऊँ
राघवलीला शुरुदेखि अन्त्यसम्म सुन्छु
श्री प्रभुको रामलीला ध्यान दिदै सुन्छु । १४

भाव एवं श्रद्धापूर्ण पार्वतीको विन्ति
सुन्नासाथै झट्टपट्ट आफ्ना नैन खोली
रामलीला सुन्नलाई ज्यादै इच्छा गर्ने
पार्वतीलाई सर्व कथा सुनाई दिनुपर्ने । १५

शंकरले भन्नभयो धन्य तिम्रो इच्छा
तल्लिन भई सुन्नुपर्ने सुनाई दिन्छु दिक्षा
धन्य तिमी प्राणेश्वरी ईश्वरमा चाख
लीलाधारी राघवमा तिम्रो भक्ति भाव ।१६

तिम्रो यस्तो भक्ति देख्दा ज्यादै खुशी भएँ
राघवको पूर्ण लीला सबै भन्न लागें
साधुसन्त सज्जनले सबै कथा सुन्न
जस्तोसुकै चाख राखून मुस्किल हुन्छ बुझ्न ।१७

जसले पायो त्यस्ले कथा सुन्न कहाँ पाउँछ
जसको मनै शुद्ध हुन्छ सुन्ने इच्छा हुन्छ
जसमा श्रद्धा विश्वास छैन सुन्नसक्ने छैन
त्यस्तालाई ईश्वर लीला सुनाई दिनै हुन्न । १८

ईश्वरको कथा हो यो इतिहास होइन
भक्ति ज्ञान छैन भने मन्मा घुस्ने छैन
विश्वभरमा एक उनै अनेकमा उनै
जलमा पनि थलमा पनि आकाशमा उनै । १९

निर्गुणमा उनै ईश्वर सगुणमा उनै
विश्वभरमा शक्तिशाली छैनन् अरु कुनै
विश्वभरका सर्वव्यापी निराकार उनै
असाहेका साहेता हुन परब्रह्म उनै । २०

आफै उनी चित्र बन्छन् उनै चित्रकार
आफ्ना सबै भक्तलाई गर्छन उपकार
कस्ता कस्ता ज्ञानी जनले चिन्ह मुस्किल पर्छ
जसको मन्मा कपट छैन त्यस्ले चिन्न सक्छ ।२१

कण्कणैमा वास उनको दर्शन पाईदैन
देउता छैन मन्मा भने बोल्न सकिदैन
ऋषिमुनि चिन्तन गर्छन देख्न सक्ने छैनन्
ईश्वरले छाडी जादा बोल्न सकिदैन । २२

साकार भनौं निराकार पत्ता लगाइन्न
जीवनभरै खोज्दा खेरी कतै भेटिदैन
आकाश पाताल उनकै वास घटघटमा वास
ईश्वरको दर्शन पाउने साधु गर्छन् आश । २३

मोहजालको पर्दा च्याते देउता भेटिइन्छन्
ईश्वरकै भर परेमा पार लगाइ दिन्छन्
ईश्वर बस्छन् आँखाभरि देख्न सकिदैन
भक्तिभाव छैन भने दर्शन पाइने छैन । २४

संसारभरै देउता हुन्छन् प्राणी रक्षा गर्छन्
भक्तजनको वन्धनमा सधैं बसिराख्छन्
आँखाभरि पाखाभरि उनै रमाइराख्छन्
घट घटमा कण कणमा ईश हाँसिराख्छन् । २५

ईश्वरको शक्ति विना चल्नसक्ने छैनौं
हामीदेखि अलग्गिदा बोल्नसक्ने छैनौं
कुन ठाउँमा वास हुन्छ कुन ठाउँमा छैन
त्युरीपातको लालीरंग देख्न सकिदैन । २६

भक्तलाई आपद पर्दा उनी दुःखित हुन्छन्
ईश्वर स्वयं रक्षक बनी दुःख हरिदिन्छन्
संसरभरै उनकै वास खम्बा भित्र हुन्छन्
दशरथका पुत्र भई आगनमा खेल्छन् । २७

विष्णुले नै पृथ्वीमा कैयौं जन्म लिए
विष्णुजीकै इच्छा हुंदा राम भई जन्मे
नारदश्राप पूर्ण गर्न औतार उन्ले लिए
साधुजनको रक्षा गरी राक्षस सबै मारे । २८

गौरी ज्यादै छक्क परिन् शंकरसँग सोधिन
परमभक्त नारदजीले श्राप किन दिए ?
तथ्य कुरो जे छ सबै शंकरले भने
सिधा मार्ग हिड्ने व्यक्ति देखिएनन् भने । २९

योगीश्वर नारद मुनि यस गिरिमा आए
सुन्दर दृश्य देख्दा उनी ज्यादै गद्‌गदाए
पर्वतको वातावरण देख्दा लोभिएर
ईश्वरको भजन गर्ने ठाउँ सम्झिएर । ३०

एकान्तको गुफा पाउँदा समाधिमा लागे
तपस्यामा तल्लीन हुँदा आफैलाई बिर्से
इन्द्रासनै डगमगायो उनका तपस्याले
स्वयं इन्द्र आत्तिएर काम्न लागे डर्ले । ३१

उत्तीखेर कामदेवलाई बोलाएर भन्थे
तपस्यालाई खल्वल्याऊ इन्द्र आज्ञा दिन्थे
आपद पर्न लागिसक्यो इज्जत बचाइदेऊ
त्यहाँबाट नारदलाई चाँडै भगाइदेऊ । ३२

उत्तरतिर नारद बसी तपमा तल्लीन ती छन्
तपस्यामा कष्ट गर्दै उधुम मचाई रैछन्
यस किसिमको तपस्यामा तिनी सिद्ध हुन्छन्
इन्द्रासनै खोस्नलाई पाइला चालिरैछन् । ३३

पदको मैले रक्षा गर्छु वैरभाव छैन
तपस्या नै सिद्ध हुदां इन्द्रासनै हुन्न
देवेन्द्रको आज्ञालाई पालन गर्नु पर्ने
ज्यानै लिन्छु भने पनि शिरै दिनु पर्ने । ३४

नृपतिको आज्ञालाई पालन गर्नु पर्‍यो
कामदेव र ऋतुपति जानै लाग्नु भयो
झट्ट पुगे हिमशिखरमा विमल वहार छर्के
सुमन वाणको प्रहारले नर्तकी नै नाचे । ३५

सर्दी गर्मी समानै छ वृक्ष कोपिलाए
विना ऋतु विना याम फूल फुल्नलागे
कामदेवको अक्कल समेत पूर्ण खर्च भयो
सकेसम्म प्रयास गर्दा अपूरो नै भयो । ३६

सारा शक्ति खर्च भयो बाँकी कुनै छैन
यति सारो कोशिश भयो आसन हल्लिदैन
यस्तो देखी कामदेव थर्कमान भए
शर्माएर योगीश्वरका पाउ पर्न लागे । ३७

हात जोडी विन्ति गरे गल्ति माफ पाऊँ
ऋषिवरकै पाउ पर्छु अन्त कहाँ जाऊँ
क्षमा पाउँ ऋषिराज आफै आको होइन
देवेन्द्रको आज्ञा हुँदा नआई सुखै पाइन । ३८

कामदेवका शब्द सुन्दा नारद खुशी भए
धक्का कुनै पर्ने छैन आश्वास नै दिए
नडराऊ कामदेव दोष तिम्रो छैन
सन्त हुन्छन् सहनशील क्रोध आउने छैन। ३९

देवेन्द्रले आजसम्म चिन्न सक्या छैनन्
नारदलाई चिन्न सके तिम्लाई पठाउँदैनन्
कामदेवको चित्तबुझ्यो विदावादी भए
देवेन्द्रलाई नारदको खबर सुनाई दिए। ४०

देवताहरु छक्क पर्दै उनको गुण गाए
मायापतिले आफ्नो माया सबैतिर छाए
इन्द्रजीको मन्मा ठूलो मोह बढ्दै गयो
योगेश्वरको मनमा भने अहं बढ्दैगयो। ४१

उत्थान पतन यस्तै यस्तै कैले काही हुन्थ्यो
ज्ञान एवं अज्ञान पनि बढी बढी जान्थ्यो
शंकरजीले पार्वतीलाई अझै अरु भन्थे
नारदमुनी कैलाशमा भेट्न आउने गर्थे। ४२

त्यसबेलामा आउँदा खेरी स्वागत उनको गर्थे
कुराकानी गर्दा खेरी आफै मपाई हुन्थे
कामदेवै जित्न सकें उनको भनाइ थियो
झट्ट मैले बुझिहालें अहं उनमा चढ्यो। ४३

जति पटक उनी बोल्थे धाक धक्कू लाउँथे
आफू जस्तो शक्तिशाली कोइ छैन भन्थे
मैले पनि नारदलाई प्यारो भक्त ठान्थें
धेरै कुरा संझाएर हितका लागि भन्थें। ४४

तिम्ले मलाई जे जे भन्यौ विष्णुजीका कानमा
कैल्यै पनि नभन्नु नि राख्नु आफ्नै मन्मा
प्रशङ्ग नै चल्यो भने अर्कै कुरा भन्नू
तिम्रै लागि भनेको हुँ यसलाई गोप्य राख्नु। ४५

त्यसबेलामा हुन्छ भन्थे पछि उत्पात भयो
अहंकारले गर्दा खेरी अर्ति खेरै गयो
के के लाग्यो उनका मन्मा विदावादि भए
श्री हरिको नाम जप्दै बैकुण्ठमा पुगे। ४६

नारदऋषि आ'को देख्दा विष्णु खुशी भए
प्रेमयुक्त कुराकानी दुबै गर्न लागे
महर्षिको सम्मान गर्दै सिंहासनमा राखे
क्षेम कुशल कस्तो के छ विष्णुजीले सोधे। ४७

धेरै दिन्मा आउनुभयो कहाँ हुनुहुन्थ्यो
कसो आज संझना भै यहाँ पाल्नुभयो
कुन् कुन् ठाउँ घुम्नु भयो के के देख्नुभयो
कुन ठाउँमा पुग्दा खेरी आउन ढीला भयो।४८

नारदजी भन्दछन् मुस्कुराई यतै आउदै थिएँ
भाव भजन गर्दा गर्दै अर्कैतिर लागें
यहीं आउँछु मनमा थियो उत्तर खण्ड पुगें
त्यस ठाउँको सौन्दर्यले भाव विभोर भएँ। ४९

भगवानलाई मनमा राखी भजन गर्न लागें
भजन गर्दै रोकिएथें संसार चिन्न लागें
ईश्वरको भजन गर्थे इन्द्र डराएर
भक्तिभाव भंग गर्न काम पठाएर। ५०

मेनका र रम्भा आए मैलाई बहकाउन
कैयौं प्रयास तिनले गरे मनलाई डगाउन
काम कला-सीपलाई सक्दो प्रयास गरे
पूर्ण सफल आफै भएँ कामदेवले हारे। ५१

कैयौं प्रयास गर्दा गर्दै कोशिश व्यर्थ भयो
धन्य माया धन्य प्रभु मेरै जीत भयो
रम्भा काम हारीकनै स्वर्गतर्फ लागे
कामलाई जित्न सक्ने आफैंलाई ठानें। ५२

विष्णुजीले नम्र हुँदै नारदलाई भन्थे
यस वारेमा कृपा छैन साधना हो भन्थे
शंकर जस्तै कामाहारी तिमी पनि भयौ
कामदेव र मेनकालाई हराइ पनि सक्यौ । ५३

नारद पनि दंग पर्दै त्यहाँबाट फर्के
विष्णुजीले नारदको अहं तोड्न लागे
यस्ता ठूला ज्ञानी जनले अहंकार गर्ने
कस्ता कस्ता कहाँ गए यिनले काम जित्ने । ५४

नारदको अहंलाई मैले तोड्नु पर्छ
योगेश्वरको ज्ञान भण्डार दिगो राख्नु पर्छ
यतिबेलै उनको अहं नष्ट पारी दिन्छु
ज्ञानकुञ्ज ज्योतिलाई क्षणमै जगाइदिन्छु । ५५

विष्णुजीका मनमा लाग्यो नारद मेरा भक्त
नारद जस्ता सत्य ज्ञानी पाइने छैनन् अन्त
यस्तालाई अहं चढ्यो नष्ट पारी दिन्छु
भक्तजनको हितका लागि प्रणै पालन गर्छु । ५६

श्रीहरिले संझी हाले योगमायालाई
जे जे गर्नु पर्छ गर्नु अहं तोड्नलाई
यौटा शहर राम्रो रची महल बनाएर
त्यै महलका चारैतिर रत्न जडाएर । ५७

माया जालको एउटा राजा रचिएर त्यहाँ
स्वर्गभन्दा कम्ती नहोस् शय योजन महाँ
राजपुत्रीको भेष गरी लक्ष्मी त्यहाँ जाऊन्
संसारको सर्वरुपकी तीनैलाई ठानून् । ५८

विष्णुजीले भने जस्तै शहर रचिएको
यस्तो शहर जन्मैभरमा छैन देखिएको
नारदमुनि घुम्दै फिर्दै राजमहल आए
नृपतिले नारदलाई सिंहासनमा राखे । ५९

योगीश्वरको संमानमा पाउ धुन लागे
प्रेमपूर्ण भूपतिले उनलाई सोध्न लागे
ईश्वरको कृपा हुंदा आज दर्शन पाएँ
यस्ता ऋषि देख्न पाउँदा भाग्यमानी भएँ । ६०

त्यै बेलामा भूपतिले कन्या बोलाएर
नारदसँग हात जोडे आदर गराएर
यी हुन मेरी प्यारी छोरी यिनको भाग्य कस्तो
हस्तरेखा हेर्नु हवस् देख्नुहुन्छ जस्तो । ६१

राजकन्याको रुप देख्दा सुद्धि हराइहाल्यो
त्यस्ती सुन्दर कन्या देख्न दुर्लभवै थियो
ती कन्याको सौन्दर्यले नारद चकित भए
आफैलाई बिर्सीकनै बेहोशमा थिए । ६२

एकै टकले हेर्दै थिए उनको रुप राशी
नैतिकता बिर्सीसके आफैं ब्रह्मचारी
विश्वभरकी सुन्दरी ती सुन्दर पति खोज्नु
उनका लागि सुन्दर पति संसारमा रोज्नु । ६३

रेखा थिए कोरिएका उनका पति यस्ता
अजर अमर ननासिने साक्षात विष्णु जस्ता
यिनै कन्या पाउन सके भाग्यमानी-हुन्थें
यस्ती कन्या पाएँ भने दीर्घ जिई राख्थें । ६४

मनमनले ब्रह्मचार्य आफ्नो गुमाई सके
के गरेर कन्या पाउँछु भन्ने युक्ति, सोचे
कसको शरण पर्न गए कार्य सफल होला
इच्छा पूर्ण गर्न सकौं एकवारको चोला । ६५

पागल जस्तै हुनै लागे हाय हाय गर्थे
उनको रुप हेर्दा हेर्दै मोहित ज्यादै हुन्थे
एकैवारको जिन्दगानी फेरि पाइने छैन
बग्दो नदी बित्दो यौवन कैल्यै फर्किंदैन । ६६

मेरो मनको व्यथालाई कस्ले बुझ्न सक्ला
बुझ्ने कुनै व्यक्ति भए त्यसकै गर्थे सेवा
कसको घरमा ऐलै गई मनको पीर पोखौं
हृदयको मर्का बुझ्ने व्यक्ति कहाँ खोजौं । ६७

बैकुण्ठमा जाऔं भने ज्यादै अवेर भयो
नजाऔं भने जिन्दगानी त्यसै बित्ने भयो
स्वयंवरको बेला पनि आजै हुन्छ भन्थे
मेरो मनको इच्छालाई पुऱ्याइदेला कसले ? ।६८

मेरा मालिक विष्णुजी हुन प्यारो भक्त नारद
मनको धोको पुऱ्याइ दिनोस् भन्दै गर्छु आदर
राजकन्या सुन्दरी छन् आफू सुन्दर छैन
राजपुत्री पाइन भने मनमा शान्ति हुन्न । ६९

जस्तो तस्तो व्यक्तिलाई उनले वरने छैनन्
उनका लागि कुरुप व्यक्ति योग्य हुनेछैन
के गर्दामा उनलाई पाउँछु मनमा पीर लाग्छ
पाइन भने जिन्दगानी तेसै खेर जान्छ । ७०

जान्छु बरु वैकुण्ठमा मनको व्यथा पोख्छु
विश्वभरमा सुन्दर रुप सिर्जिदेऊ भन्छु
विष्णु खुशी हुन्छन् भने धन्दा सुर्ता छैन
आयू समेत लम्बिने छ अल्पमरण हुन्न । ७१

वैकुण्ठमा पुग्नलाई धेरै दिन लाग्छ
जाँदा आउँदा गर्दा खेरी माछो फुत्की सक्छ
ऐले उनकै ध्यान गर्छु प्रभु आइपुग्लान्
इच्छा माफिक वरदान पनि विष्णुजीले देलान् ।७२

आकुल व्याकुल तड्पिएर नाम जप्दै थिए
रुदै रुदै आत्तिएर ध्यान गर्दै थिए
विष्णुजीका शयौं नाम उनले जप्दै थिए
पलभरैमा शेषशायी गरुड चढी आए । ७३

नारद ऋषि गद्गदाए विष्णुलाई देख्दा
इच्छापूर्ण हुनै लाग्यो भन्ने विश्वास लाग्दा
आत्तिएर पूर्ण कुरा उनले सुनाई दिए
श्रीपतिले उनको इच्छा सबै बुझिहाले । ७४

धेरै पल्ट हात जोड्दै नारद विन्ति गर्थे
सुन्दर रुप क्षणका लागि पाउन सकौं भन्थे
प्रभुजीकै शरण पर्छु प्रभुसँगै रुन्छु
तिनै राजकन्यालाई दिलाइ पाऊँ भन्छु । ७५

नाथको रुप कृपा भए मेरो कल्याण हुन्छ
एकै घण्टा बक्सिएमा कार्य सफल हुन्छ
मेरो विन्ति सुन्नु हवोस् मेरो विन्ति लागोस्
यो भक्तले राजकन्या विहा गर्न पाओस् । ७६

शेषशायीले बुझ्नु भयो योगीश्वरको चाला
व्रम्हर्षिता बाधिएछन् व्यवहारिक माया
नारदजीको माग पनि ताजुबको देखे
पक्कै पनि दर्प चूर्ण हुनै लाग्यो संझे । ७७

ईश्वरको पूर्णमाया नारदजीमा पस्यो
पागल जस्तै होस हवास सबै गुमी सक्यो
श्री विष्णुले नारदसँग नम्र हुदै बोले
नारद जस्ता बुद्धिमानी कोही छैनन् भन्थे । ७८

जुन कुराले कल्याण हुन्छ मैले त्यही गर्छु
भक्तजनको हितको लागि सर्वश्व नै दिन्छु
धोका मैले दिने छैन पत्यार गर्नु होला
के गर्दामा कल्याण हुन्छ पछि सोच्नु होला । ७९

रोगी व्यक्ति रोग ग्रसित ज्यादै आतिन्छन्
आत्मतृप्ति गर्नलाई कुपथ् कुरा माग्छन्
तथ्य चीज त्यागीकनै कुपथ खान हुन्न
रोगीलाई कुपथ चीज वैद्यले नै दिन्न । ८०

त्यस्तै चीज नारदजीले आज मागी रै छौ
जे जे माग्छौं त्यै दिंदा धोका तिम्ले खान्छौ
जे गर्दामा कल्याण हुन्छ मैले सोही गर्छु
तिम्रो कल्याण गर्छु भन्दै कबोल पनि गर्छु । ८१

श्रीवत्सका आश्वासनले नारद दङ्ग भए
इच्छापूर्ण हुन्छ भनी दर्बार तर्फ लागे
स्वयंवरको बेला पनि तोकिएको थियो
धेरै जसो भूपालको उपस्थित थियो । ८२

निम्तालुका साथ साथै नारद पनि बसे
नारदजीलाई थाहै छैन आफू कस्ता थिए
निम्तालूले हेर्दा खेरी पूर्व रुपै थियो
मोहिनीको नजरमा बानररुप थियो । ८३

हात्मा लिई पुष्पमाला राजकन्या आइन्
जस्ले उनलाई हेर्छ भने त्यस्लाई मोह पार्थिन्
नारदजीको बानी थियो चारैतिर हिड्ने
राजकन्या जता जान्थिन् उनीसँगै पुग्ने । ८४

योगीश्वरको मनमा थियो विष्णु जस्तो मै छु
आफैलाई पत्तो छैन बानर रुपको मै छु
छलियाले गर्दा खेरी धोका उनले पाए
कठैवरा नारद ऋषि ज्यादै कुरुप भए । ८५

विष्णुजीले नारद प्रति माया फिजाएर
नारदजीको पूर्व रुपै सबलाई देखाएर
व्रह्मर्षिको आगमनमा सम्मान उनको भयो
आगन्तुकका साथमा बसी कुराकानी भयो । ८६

राजकन्याले मात्र उनलाई बानर रुप देखिन्
बानरको रुप उनले राम्रैसँग हेरिन्
श्री विष्णुको मायालाई कसले थाहा पाउने
बानरमुखे नारद भनि कसले चिन्न सक्ने ?।८७

विष्णु त्यहाँ आइपुगे गरुड माथि चढी
मायापति हर्षित भए राजकन्या देखी
मोहिनीले विष्णुलाई माला लगाइदिइन्
श्रीहरिलाई वरण गर्दा धेरै खुशी भइन् । ८८

राजकन्या साथ लिई बिष्णु हिडी हाले
आफ्नो इच्छा विफल हुंदा नारद क्रोधित भए
त्यसबेलामा उनको हालत कस्तो भयो होला
भारती र शेषले समेत बुझ्न मुस्किल पर्ला । ८९

आकुल व्याकुल अतालिदै पागल बन्न लागे
नारद ऋषि छट्पटिदै भौतारिदै हिडे
शंकरजीका दुवै गण त्यस ठाउँमा थिए
नारदजीको रुपले गर्दा खितखित हास्न लागे ।९०

व्रह्मर्षिको रुप ज्यादै वानररूप थियो
उनको रुप देख्दाखेरी सोध्ने इच्छा भयो
हाँसी हाँसी सोध्न लागे रुप किन यस्तो
के कुरामा के मिलेन रिसाएको यस्तो । ९१

के भएछ आफ्नो रुप दर्पणमा हेर्नोस्
कस्तो रैछ आफ्नो रुप आफै थाह पाउनोस्
नारदलाई उल्ल्याएर दुवै भागिहाले
योगीश्वरका मनमा भने कुरा खेल्न लागे । ९२

के भएछ मेरो रुप झट्ट हेरी हालौं
रुप हेर्न नदी तीरमा पहिले पुगी हालौं
नदी तीरमा पुगी हेर्दा आफ्नो रुप देखे
वानरभन्दा पनि कुरुप अनुहार देखे । ९३

आफ्नो रुप वानरकै देख्दा क्रोधित भए
रिसको वसमा पर्दा खेरी पागल जस्तै भए
दुवै गणलाई श्राप दिए होशै हराएर
भुत्भुताई सराप दिए मुखै बिगारेर । ९४

असुर जस्तो बुद्धि तिम्रो खिसी टिव्री गर्ने
नारदलाई खसालेर सभा वीचमा हास्ने
उल्ली विल्ली हुर्मत लियौ तेसको फलै भोग्छौं
असुरको जन्म लिई पृथ्वीमा झर्छौं । ९५

दुवैलाई श्राप दिए रिसको बसमा परी
अझै पनि श्राप दिन्छु विष्णुलाई पनि
अब त्यसको नजिक गई हत्ये गरी मर्छु
होइन भने दुष्टलाई सक्दो सराप दिन्छु । ९६

विष्णु जस्तो ठगीजाली कतै पाईदैन
यो बेलामा सराप दिन्छु तेसै छाड्ने छैन
बेहोशी भै आत्तिएर बौल्हा हुदै हिडे
त्यसको इज्जत हुर्मत लिदै दण्ड दिन्छु भन्थे ।९७

यस्तै कुरा सोचीकनै भोको सिंह जस्तै
विष्णुजीका सामू पुगे रिसले आगो बाल्दै
लक्ष्मी र राजकन्या विष्णुसँगै थिए
योगीश्वरलाई देख्दा खेरी विष्णु खुशी भए ।९८

व्रम्हर्षिको आदर गर्दै विष्णुजीले सोधे
के कारणले पाल्नु भयो सेवा के छ भन्थे
भौतारिदै हिडे जस्तो कस्तो कस्तो लाग्छ
रुपै पनि ज्यादै क्रोधित हेर्दा मनमा लाग्छ । ९९

आपद विपद परे जस्तो अनुहारले भन्छ
या त कुनै दुष्टले नै दुःख दियो लाग्छ
नारदलाई दुःख दिने व्रम्हाण्डमै छैन
यदि दुःख दिन्छ भने ज्यान बच्ने छैन । १००

परम व्रम्हज्ञानी तिमी ठूला भक्त तिमी
कन्दर्पलाई जित्न सक्ने व्रम्हचारी तिमी
आज तिमी क्रोधपूर्ण आकृति त्यो देख्छु
मुख्य भक्त भजन गर्ने तिमी एउटै ठान्छु । १०१

यस्तोसँग स्वाँ स्वाँ गर्दै कहाँ जानु हुन्छ
हेर्दा खेरी हाँसो लाग्दो रुप देखिएछ
त्यस्तो सुन्दर रुपलाई कसले यस्तो पार्‍यो
योगीश्वरको रुपलाई ज्यादै विगार्दियो । १०२

भन्नुहोस्न महाँमुनि कतातिर जाने
जिन्दगीका दुःख व्यथा कतिसम्म बोक्ने
यस्तै कुरा सोधीकनै विष्णु मुस्कुराए
एउटै कुरा दोहोर्‍याई प्रश्न गर्दै थिए । १०३

योगिराज क्रुद्ध हुदै झर्किएर बोले
विष्णु जस्तै जाली झेली भेटिदैनन् भन्थे
कप्टीपन छोपीकनै धोका दिनु दियौ
अझै पनि बुझ पेलेर फेरि किन सोध्यौ ? १०४

हतार भो त मलाई भयो तिम्लाई केको चासो
धोका मलाई दिंदा खेरी तिम्लाई लाग्छ हाँसो
सज्जन सोझो व्राम्हणलाई धोका दिदै हिड्छौ
अर्कालाई मर्का पारी स्वतन्त्रमा घुम्छौ । १०५

विष्णु जस्ता महान तिमी दुःख धेरै दियौ
कम्जोरीलाई दुःख दिने निहू खोजी राख्छौ
तिम्रो पौरुष अहं सबै चूर्ण पारिदिन्छु
धोका दिने धोकेवाजलाई कडा सराप दिन्छु ।१०६

सागर मथन गर्दा पनि धोका तिम्ले दियौ
शंकरलाई कालो विष पिउने आज्ञा दियौ
रमालाई आफै लियौ कौस्तुभ मणि लियौ
दानवलाई सुरा समेत झुक्याएरै दियौ । १०७

तिम्ले मलाई कम्जोर संझी जथाभावी गर्‍यौ
सोझोलाई दुःख दिई जन्मै डुवाइदियौ
जस्तो मलाई दुःख दियौ तिम्ले पनि भोग्नू
ऐल्यै सराप दिई हाल्छु भविष्यमा भोग । १०८

ऐले मेरा हातमा पर्‍यौ जान सक्ने छैनौ
पापबाट कैल्यै पनि छुट्न सक्ने छैनौ
जस्तो मलाई धोका दियौ तिम्ले भोग्नै पर्ला
पृथ्वीमा जन्म लिई तड्पि हिड्नु पर्ला । १०९

वृन्दालाई झुक्याएर जालन्धरलाई मार्‍यौ
दानवीर वलिलाई दिनु दुःख दियौ
जिन्दगीमा सत्य कुरा बोल्न जान्या होइन
विष्णु जस्तो जालीझेली व्रम्हाण्डमै छैन । ११०

मैले पनि श्राप दिन्छु तिम्री पत्नी हरोस्
पत्नी हरण पश्चातैमा रुदै डुल्न परोस्
जस्तो रुप मलाई दियौ त्यसकै शरण पर्नु
जस्तो मलाई वियोग पार्‍यौ पत्नी वियोग हुनु ।१११

पत्नी वियोग संतापमा भौतारिदै हिड्नु
पागल जस्तै चिच्याएर विलाप गर्दै घुम्नु
विष्णु मेरो श्रापलाई टार्न सक्ने छैनौ
भोग्नै पर्छ जिन्दगीमा मुक्ति पाउने छैनौ ।११२

व्रम्हर्षिका उग्र सराप श्रीविष्णुले सुने
नारदजीका श्राप सबै शिरोधार्य गरे
अझै पनि केही भए भन्नुहोस्न सुन्छु
आफैबाट रोपिएको फलै आफै चाख्छु ।११३

श्री विष्णुले फिर्ता लिए आफ्नो माया तत्काल
थिए त्यहाँ उभिएका प्रणपाल जनपाल
नशा सारा उत्रेपछि आउने रैछ ज्ञान
त्यस्तै गरी नारदजीमा आयो विष्णुध्यान ।११४

नारद ऋषि विन्ति गर्थे खराब काम गरें
गल्ती मेरो माफी पाऊँ शरण पर्न आएँ
प्रभुजीले कल्याण गर्दा मैले सराप दिएँ
आफ्नै स्वामी जानीकनै ठूलो धोका दिएँ । ११५

नारद जस्तो मूर्ख व्यक्ति खोज्दा पाइने छैन
विष्णु जस्ता सहनशील विश्वभरै छैन
स्वामीलाई श्राप दिएँ पश्चातापै गर्छु
श्राप मेरो मिथ्या होओस् वरदान यही माग्छु ।११६

विष्णु पनि नम्र हुदै मेरै इच्छा भन्थे
यसको लागि नारदजीको दोष छैन भन्थे
हुने कुरा सबै हुन्छ टार्न सकिदैन
भविष्यमा के के हुन्छ थाहै पाइदैन ।११७

शंकरका दुबै गण त्यै बेलामा आए
योगिराजको चेहरामा उज्वलता देखे
विष्णुजीले भन्नु भयो मनमा धैर्य लेऊ
नारदजीको श्रापलाई पूर्ण गराई देऊ । ११८

हुनुपर्ने भइनै हाल्यो सराप परिहाल्यो
राक्षसको कोखबाट जन्म लिनै पर्‍यो
ईश्वरमा आस्था राख इच्छा पूर्ण होला
परमेश्वरका हातबाट पक्कै मर्नु पर्ला । ११९

राक्षस पनि शक्तिशाली विश्व विख्यात बन्छौ
जिन्दगीका सुख सयल सबै भोग्न पाउँछौ
तिम्रो नाम सुन्दा खेरी लोकै थर्कमान
बाजुन्जेली सर्वेसर्वा मृत्युपछि धाम । १२०

दुबै गणलाई सम्झाएर अन्तरधान भए
नारद पनि व्रह्मलोकमा भजन गर्दै गए
शंकरका दुबै गण निश्चर भै जन्मे
भुतेश्वरको ठूलो कृपा तिनले पाउँदै थिए । १२१

एउटा भयो कुम्भकर्ण अर्को रावण नाम
व्राम्हण र सज्जनलाई दुःख दिने काम
अग्नि वायु वरुणलाई आफ्नै बसमा राखे
इन्द्रलोकमा पुगीकनै देवेन्द्रलाई बाँधे । १२२

रावण थियो शक्तिशाली कुख्यात अत्याचारी
त्यसकै बाहुबल्ले गर्दा पृथ्वी थर्थर पारी
साधुसन्त योगी नारी देउता जति सारा
रावणदेखि थर्कमान सधै हाहाकार । १२३

सुरेश कुवेर दिकपाल आदि डर्ले मौन हुन्थे
सधैभरि रावणदेखि सतर्क नै हुन्थे
एशियामा सर्वसुन्दर स्वर्ण लंका थियो
शक्तिशाली रावण हुँदा त्यै टापूमा बस्थ्यो । १२४

विष्णुलाई घृणा गर्थ्यो आफै देउता भन्थ्यो
देउता नाम जप्छन् भन्ने शंका धेरै गर्थ्यो
राक्षसका अत्याचारले धर्ति पीडित थिइन्
चारैतर्फ पाप देख्दा भूमि सधैं रुन्थिन् । १२५

राक्षसहरु दुष्ट जाति चारैतिर घुम्थे
धर्म कार्य गर्दा खेरी विध्न नाश गर्थे
निश्चरीको हाड ल्याई छर्थे वरिपरी
साधु सन्त आत्तिन्थे जिन्दगानी भरी । १२६

राक्षसले सधैं गर्थे यस्तै अत्याचार
यसले गर्दा देवगणमा दारुण हाहाकार
भान्छा घरमा मानिसको मासु पकाइन्थ्यो
धार्मिक ग्रन्थ वेद आदि नित्य जलाइन्थ्यो । १२७

व्राह्मण मुनि मारीकनै टुक्रा गराइन्थ्यो
टुक्रा टुक्रा पारीकनै त्यहाँ मिल्काइन्थ्यो
देव देवी प्रतिमालाई नाल्मा फाली दिन्थे
व्राम्हणका वालकलाई निमठेर मार्थे । १२८

हिन्दु दिदी बैनीलाई बलात्कार गर्थे
हिन्दु नारी हरण गर्न हुलै बाँधिआउँथे
वेद ग्रन्थ फ्याकिदिन्थे गाई हत्या गर्थे
हामी देउता हामी देवी मन्त्र सधै जप्थे ।१२९

यज्ञोपवित व्राह्मणलाई हिड्थे कुल्चिएर
जवरजस्ती व्राह्मणलाई मादक पिलाएर
पाईखानामा गंगाजल गंगाजीमा नाली
त्यसवेलामा राक्षसकै थियो हालीमाली । १३०

राक्षस थिए शक्तिशाली अत्याचार गर्थे
देउतालाई स्वर्गबाट धपाई दिन्छौं भन्थे
देवतामा आपद पऱ्यो हाहाकार भयो
व्रम्हाजीको चित्त दुख्दा वैठक पनि बस्यो । १३१

सुरभी सुर यम कुवेर आदि जम्मा भए
गाई रुपमा पृथ्वी गइन् कैलाशपति आए
दिक्क हुदै व्रह्मा बोले अब के के गर्ने
शेषशायी विष्णुजीका शरण पर्न जाने । १३२

विष्णुजीले भार हर्छन् हाम्रो रक्षा गर्छन्
कमजोरीलाई शक्ति दिदै अत्याचारी मार्छन्
कमजोरीका शक्ति उनै निर्गुणीका गुण
अनाथको नाथ उनै निर्धनीका धन । १३३

देवताका सर्बेसर्वा विष्णु भगवान
दुर्जनका शत्रु उनै सर्वभण्डार ज्ञान
विष्णु जस्ता दयानिधि संसारमा छैन
शेषशायीको आश्रयले दुःख पाइने छैन । १३४

व्रह्माजीका प्रस्तावले देवता खुशी भए
विष्णुवास कहाँ हुन्छ प्रश्न गर्न लागे
उनको रुप कस्तो हुन्छ खोज्न जाने कहाँ
संकेत मात्र पाउन सके खोज्न जान्छौ त्यहाँ ।१३५

गोलोकमा जान सक्छौं वैकुण्ठमा जान्छौं
सागरमा खोज्न सक्छौं आकाशमा पुग्छौं
हामीलाई पत्ता छैन कुन ठाउँमा बस्छन्
एकलै हरि बस्छन् या त उनका साथ कोइ । १३६

देवता मण्डल आकुल व्याकुल ज्यादै आत्तिएर
त्यै वेलामा आकाश वाणी भयो चिच्याएर
देवताहरु आत्तिएको देखं स्वयं मैले
उनको चित्त बुझ्फाइदिन बोल्नै पऱ्यो पैले ! १३७

नआत्तिऊ देवता हो विष्णु सर्वज्ञ छन्
आकाश पाताल पृथ्वीमा सबै ठाउँ बस्छन्
शुद्ध मनले सम्झ्यौ भने ऐल्यै आइपुग्छन्
क्षणमै उनले दर्शन दिन्छन् क्षणमै अल्पिइन्छन् ।१३८

जसले उनको भक्ति गर्छ विष्णु खुशी हुन्छन्
भक्तजनको आपदमा क्षणमै आइ पुग्छन्
पक्षपातको नामै छैन माया सबैलाई
एकैनासले हेर्ने गर्छन् शरण पर्नेलाई । १३९

चन्दनमा अग्नि बस्छन् जलमा पनि अग्नि
सर्वज्ञानी परमेश्वरको मनले गरौं भक्ति
विष्णुलाई भेट्ने भए प्रेमोपासन गर्नू
दर्शनको इच्छा भए करुण पुकार गर्नु । १४०

मेरा साथै उभिएर उनकै महिमा गाऔं
दर्शनका लागि पनि पुकार यही गरौं
त्यस वेलामा मेरो आवाज सवले स्वीकारेर
आशुतोषका साथ साथै विष्णु पुकारेर । १४१

नाथ आज पृथ्वीमा लिनै पऱ्यो औतार
निशाचरको संख्या बढ्यो गर्नु पऱ्यो संहार
भूमिपति पृथ्वीमा भयो हाहाकार
शेषशायीले हाम्रो दुःख लगाइदेऊ पार । १४२

गाई व्राम्हण देउता मिलि गर्छौं तिम्रो स्वागत
दीनानाथ सुत्छौ कति विछ्याइ क्षीर सागर
विंझ विंझ आँखा खोल हाम्रा भाग्य सागर
पृथ्वीका छाती बिचमा सदा अत्याचार । १४३

धर्म कर्म लोप हुंदा हर्थ्यौं भूमिभार
हाम्रो धर्म रक्षा गर्न लिनै पऱ्यो औतार
हामी दुःखी देउतालाई दर्शन देऊ कर्तार
हेर्छौं हामी कस्तो हुन्छ निराकार साकार । १४४

प्रेम औलाबाट बज्यो प्रार्थनाको साज
देवताका कानमा पऱ्यो प्रेमपूर्ण आवाज
विष्णुजीले भन्नुभयो भय कुनै छैन
तिम्रो कुरा बुझिसकें बुझ्न बाँकी छैन । १४५

हे मेरा भक्तहरु हो डर मान्नु तिम्ले पर्दैन
मुटुको व्यथा पोख्नलाई अनेत्र जानु पर्दैन
पृथिवी नाट्यशाला हो म स्वयं आई नाच्नेछु
सबैको आपद पीडालाई अवश्य मैले हर्नेछु ।१४६

कानले सुन्न सक्दिन करूण क्रन्दन भक्तको
अवश्य तिम्ले देख्नेछौ हर्नेछु सन्ताप सबैको
हिरण्यकशिपु मार्नलाई फुटाली खम्बा निस्केथें
स्वतन्त्र गरी देउतालाई भूमिको भार हरेथें ।१४७

स्वतन्त्र गरी देउतालाई पृथ्वी भार हरौंला
रावण राक्षस मार्नलाई क्षेत्रीको कुलमा जन्मौंला
हात्तीको पुकार सुन्दामा पैदल स्वयं दगुर्दै
भक्तको रक्षा गर्नालाई डाँडा र काँडा दगुर्दै । १४८

देखेछु भक्त रोएको आफैले आँशु पुच्छनेछु
जनुसुकै ठाउँमा भक्त छन् अवश्य पनि आउनेछु
पृथ्वी आमा पियारी तिनीको दुःख हटाउँला
कहाँ छ के के हाहाकार भनेर नजर फिराउँला ।१४९

दशरथ पुत्र भएर कोशलपुरमा जन्मेर
राक्षसको निर्मूल हुनेछ देउताको पीडा देखेर
नमान डर कसैको भक्तको रक्षा हुनेछ
भक्तको संताप हर्नलाई रामको जन्म हुनेछ ।१५०

विष्णुको यही आवाज कानमा सबको गुन्जियो
चाँडैनै यहाँ आउने छन् यो कुरा प्रष्ट बुझियो
त्यसबेला हाम्रो खुशीको बयानै गर्न सकिन्न
मनको कुरा शब्दमा प्रकट गर्नै सकिन्न । १५१

गिरिजा यही आश्वासन प्रभुको अभय प्रसाद
सबै नै गदगद भएथ्यौं सुनेर यही आवाज
व्रह्माले वधाई दिएथे प्रभुजी अवस्य आउने छन्
देउताले पनि पृथ्वीमा जन्मन जाऔं भनेथे ।१५२

पार्वती बताऊँ कसोरी त्यो मेरो प्रेमावस्थामा
नन्दीलाई मैले अह्राएँ तिमी नै जाऊ कैलाशमा
त्यो कुरा ऐले संझिदा संपूर्ण शरीर पुल्काउँछ
अव त प्रिय चुप लाग अगाडि भन्नै मुस्किल छ। १५३

मुख्यत कुरा यही हो रामको औतार भएको
अब त बुझ्यौं तिमीले निराकार साकार भएको
पार्वती भइन् प्रशन्न सुनेर यस्तो संवाद
भनिथिन सबै मेटियो मनको शंका विषाद ।१५४

पार्वती विन्ति गर्दथिन् यो विन्ति स्वीकार गर्नुहोस्
सम्पूर्ण कथा सुन्नेछु जो बाँकी पूरा गर्नुहोस्
आदि र अन्त सम्पूर्ण रामको कथा भन्नुहोस्
विनम्र विन्ति गर्दैछु नमानी झर्को भन्नुहोस् ।१५५

कैलाशपति भन्दथे पार्वती राख मनमा ध्यान
रामको कथा सुन्दामा मिल्नेछ ठूलो भण्डार ज्ञान
प्रशन्न भई भन्दैछु सुन हिमालकुमारी
भनेर यति श्रीरामका ध्यानमा तल्लीन त्रिपुरारी ।१५६

क्यै वेरसम्म ध्यान गर्दै बोलेथे पुनः शशिभाल
एकाग्र चित्त लगाई सुनीदेऊ कथा खुशीसाथ
सुन्नेछ जसले कथा यो जीवनमा शान्ति मिल्नेछ
जीवनको अन्त्य वेलामा स्वर्गको ढोका खुल्नेछ। १५७

रामको पावन चरित्र मनको स्वस्थ दातार हो
निस्सार मानव संसारमा उर्त्तीण हुने आधार हो
जसले त मोक्ष चाहन्छ रामको कथा सिद्धिद्वार
साधु र सन्तहरुको ज्ञानको ठूलो भण्डार । १५८

यसैको श्रवण गर्नाले मनको मैलो धोइन्छ
रामकै कथा सन्सारमा महत्व ठूलो भनिन्छ
यो भवसागर तर्नालाई रामको कथा डुंगा हो
कवि र गायकवृन्दको अत्यन्त सुन्दर श्रृंगार हो । १५९

रामको कथा संसारमा कल्याणकारी भनिन्छ
त्यसैले राघव कहानी सबैले सुन्न चाहन्छ
भलाइ गर्नु सबैको विश्वको यही प्रचार
साच्चै नै भन्छु रामायण संसार तर्ने आधार । १६०

अवधपुरी आर्यदेश सरयुतटमा अडेको
दशरथ राज्य गर्दथे रघुकुल कमल फुलेको
संपूर्ण प्रजा सुखी छन् व्यापार कृषक जीवन
जाडोको याम नियानो बर्षामा सुन्दर सावन । १६१

धर्मकानुसार चारवर्ण एकता न्याय वन्धन
आपस मेल मिलापमा वरकत करको चलन
सत्संग शान्ति सदाचार हरिको भजन चिन्तन
वेदादि पठन पाठनमै ऋषिको सधै दर्शन । १६२

घरमा थियो सबैथोक तैपनि छोरो थिएन
दशरथ थिए संपन्न ईश्वरले सन्तान दिएन
सन्तान शून्य हुंदामा दशरथ थिए उदास
एक दिन राजा गएथे गुरुकहाँ दुःख बिसाउन । १६३

राजाले भन्थे तीन विहा गरेको थिएँ तैपनि
आशाको दीप नबल्दा पाइन शान्ति कहि पनि
अव त बूढो भइसकें अत्यन्त पीर लागदछ
मृत्युको पश्चात को आई पिण्ड र पानी चलाउँछ। १६४

जान्दछ कसले भविष्य तिमीर जतातते छ
निर्वल हुँदै जादैछु प्रवल दुखले घेर्दैछ
जुन मेघ कैल्यै वर्षिन्न महत्व त्यसको हुदैन
त्यो वृक्ष हुन्छ निरर्थक उत्पादन फलको गर्दैन। १६५

हे गुरु युक्ति सोच्नुहोस् के गर्दा पुत्र देखिन्छ
बाँचेको बेला सुखी भै मरेमा पिण्ड पाइन्छ
कम्तिमा पनि एक पुत्र त्यसैले वंश बढाउँछ
हकदार हुन्छ गद्दीको कुलको इज्जत राख्दछ। १६६

राजाको व्यथा सुनेर बोलेथे गुरु तत्काल
यो चिन्ता गर्नु बेकार हो चिन्ताले छाती जलाउँछ
चिन्ताले जिउंदो जलाउंछ, चिताले लाश जलाउंछ
नगर्नु चिन्ता कसैले वेदले यही बताउँछ। १६७

दुर्जन छोरो जन्मेमा कुनाम धेरै चल्दछ
खराब पुत्र जन्मेमा पितालाई मार्न तम्सिन्छ
आफैले विचार गर्नुहोस् पुत्रले केही गर्दैन
ज्यूदैमा आफै गर्नुहोस् छोराले इज्जत राख्दैन। १६८

ध्रुव र पर्शूरामले पिताको नाम चलाए
विरोधी प्रल्हाद भएरै पिताको ज्यान गुमाए
त्यसैले भन्छु हे राजन ईशको नाम जप्नुहोस्
सन्तानको चासो नराखी सन्तोष मानी बस्नुहोस् ।१६९

गुरुका शब्द सुन्दामा मुटुमा धक्का लागेछ
पुत्रको धोको निरन्तर राजाको मनमा बसेछ
गुरुको आज्ञा जे हुन्छ त्यसको पालन गर्नेछु
चरण छाडी कहाँ जाऊँ हजुरकै पाउ समाउछु।१७०

यसरी कोशलपतिले वेदना दुःख पोखेथे
दयाका खानी गुरुले उपाय केही सोचेथे
केही वेरसम्म गुरुले उपाय कैयौं सम्झेथे
मनले यकिन गरेरै सल्लाह उनले दिएथे। १७१

चाहन्छौ भने सन्तान पुत्रेष्ठि यज्ञ गर्नुहोस्
सन्ताप सबै हट्ने छ ईश्वरमा भर पर्नुहोस्
आज नै डाक्न पठाई श्रृंगीलाई यहाँ ल्याएर
भगवानलाई पुकारी पुत्रेष्टि यज्ञ गरेर। १७२

उपाय एउटै यही छ कर्मको फल भोग्नुछ
संसार छाडी चटक्कै एक दिन पारि पुग्नुछ
वशिष्ठजीका आज्ञाले हर्षित भए भूपाल
सुमन्त्रलाई बोलाई दिएथे आज्ञा तत्काल। १७३

गुरुको आज्ञानुसार डाकेर श्रृंगी ऋषिलाई
भूदेव गुरु देवतालाई सर्वत्र निंता पठाई
सर्जाम सबै ठीक पारे हवन कुण्ड बनाए
सुदिन साइत मुहुर्तै हेरेर यज्ञ चलाए। १७४

पृथ्वी आकाश पातालमा आहुति वास्ना फैलाए
आशाको ज्योति बल्ला कि विस्तार निराश हटाए
ध्वनिमा गुञ्जार उठेर स्वाहाको ध्वनि आउँथ्यो
पूर्णाहुति पनि भैसक्यो त्यैवेला यज्ञ सकियो। १७५

प्रकट भए अग्नि देवता पायस हात्मा लिएर
बाँडिदेऊ पायस रानीलाई घरमा तिम्ले लगेर
अग्निले यति भनेर अदृश्य भए तुरुन्तै
भूपाल घरमा फर्केथे ईश्वरलाई पुकार्दै। १७६

हृदय गदगद गराए उत्साह दोब्बर बढाए
आत्मामा शान्ति चौखण्ड ईश्वरमा व्यथा बिसाए
कौशल्या कहाँ पुगेर संपूर्ण कुरा बताए
भगवानलाई सम्झेर रानीलाई पायस दिएथे। १७७

कौशल्या कैकेयी सुमित्रा तीनोटी रानी राजाका
सच्चा र निश्छल शीलवन्ती तिनैटै कुल घरानाका
पायस दुई भाग लगाई जेठीलाई आधा दिएथे
आधा आधा भाग लगाई आपसमा खुशी भएथे। १७८

कैकेयीलाई एकभाग अर्को भाग कान्छी रानीलाई
यसरी भाग लगाइयो राजाका तीनै रानीलाई
पायस भोजन गर्नाले अनुपम प्रकाश बढेछ
ज्वाजल्य प्रकाश स्वर्गैको कोशलपुरमा ओर्लेछ। १७९

रानीमा शक्ति बढेछ त्रिभुवनभरै शोभामान
त्यस दिन राजमहलमा धार्मिक रितले गर्भाधान
आनन्द सुखले बितेछन् विस्तारैसँग नौ मास
यसरी महान औतारको समय आयो दशौं मास। १८०

सुदिन बार योग तिथि अनुकुल सबै पारेर
बगैंचा सुन्दर देखिन्थ्यो विभिन्न फूल फुलेर
प्रकृति सुन्दर देखिन्थिन् पहाड जंगल हरियो
हरियो वनमा देखिन्थ्यो राताम्य गुराँस फुलेका। १८१

वनमा मृग उफ्रन्थे चराले गीत गाउँदथे
पवनले पनि खुशी खुशीको खबर फैलाउँथे
शीतल मन्द सुगन्ध सर्वत्र वसन्त वहार
स्वागत गर्न प्रभुलाई ऋतुको शक्ति अपार। १८२

रूखका नयाँ पालुवा हावाले नित्य नचाउथ्यो
श्री विष्णु यहाँ आउँदैछन् यही नै प्रचार गर्दथ्यो
सरयुनदी सुसेल्दै संचार बोकी बग्दथ्यो
मयूर डाँफे आदिले पखेटा फिजाइ नाच्दथे। १८३

खर्कमा दुवो नयाँ छ चराको नयाँ तान छ
अयोध्यावासी सबैका ओठमा मधूर हाँसो छ
आकाश पनि निर्मल छ झलमल गर्ने नक्षत्र
नदी र नाला बग्दथे स्वागत गर्दै सर्वत्र। १८४

चैत्रको शुक्ल नवमी हिन्दुको चाड भनिन्छ
त्यो दिन चाड मान्नाले सालभर सुख पाइन्छ
भक्तको रक्षा खातिरमा त्यै दिन प्रभु जन्मेका
धर्तीमा भार बढ्नाले श्री विष्णु स्वयं ओर्लेका। १८५

ब्रम्हाजी चढे यानमा देवता गण साथैमा
प्रभुको स्वागत निंतिमा अवीर फूल हातमा
किन्नरले गीत गाएथे यक्षले बाजा बजाए
अप्सराहरु खुशीले आकाशमा आई नाचेथे। १८६

गन्धर्व विद्याधरैले दुन्दुभी मृदङ्ग बजाए
बाजाको तालमा नाचेर सुमन बर्षा गराए
कौशल्या नन्दन भएर दुष्टको नाश गर्नेछन्
देवता र आफ्ना भक्तलाई प्रभुले सुख दिनेछन्। १८७

प्रभुको जन्म भएथ्यो सबैको भाग्य खुलेथ्यो
राजा र रानी प्रजाको आशाको ज्योति चम्केथ्यो
देखेर सुन्दर मुहार कौशल्या भइन् प्रशन्न
चारोटै बाहू सबैमा शंख र चक्र श्रीपद्म। १८८

शिशुका नयन ठूला छन् चारोटै हात लामा छन्
भर्खरै शिशु जन्मेको वोल्छन् कि जस्तै देखिन्छन्
शिशुको रुप देखेर कौशल्या रानी अवाक
विचेत स्वयं भएकी देखेकी कुनै सुसपनी। १८९

के भयो मलाई के भयो आश्चर्य मलाई लाग्दछ
साथमा छैनन् यो बेला सोधौं कि सोधौं मन लाग्छ
बालक शिशु जन्मेको देवको औतार लाग्दछ
साक्षात विष्णु यी हुन् कि मनमा तुल्वुल लाग्दछ। १९०

सामान्य बालक यी होइनन् साक्षात विष्णु ओर्लेका
सायद तप साधनले यो गर्भबाट जन्मेका
विभिन्न कुरा गुनेर मनले देवता ठानेर
प्रार्थना गर्थिन् कौशल्या दुवै हात आफ्ना जोडेर। १९१

पुराण वेदले भन्दछ प्रभु नै ज्ञानी अमानी
तिमी नै सबका घटघटमा बस्दछौ सुखका मुहानी
करुणा सिन्धु भनेर श्रुतिले गर्छ पुकार
उही नै प्रभु तिमीले लिएछौ मानव औतार। १९२

तिमी नै सबका पिता हौ तिमी नै सबका पालक
अज्ञानी म छु हे नाथ सृष्टि र संसार पालक हौ
भवानी नारद आदिले तिमीलाई चिन्ह मुस्किल छ
ब्रम्हाण्डलाई नचाउने अगम्य तिम्रो शक्ति छ। १९३

आमाको पुकार सुनेर प्रभुजी मुस्काउनु भो
पैलेको कुरा प्रष्टै नै प्रभुले सुनाइदिनु भो
तपस्या पैले गरेथ्यौ मैलाई पुत्र मागेथ्यौ
जन्मन्छु तिम्रो छोरो भै मबाट वरदान पाएथ्यौ। १९४

वरदान पूर्ण गर्नालाई पुत्र भै आफै जन्मिएँ
कवोल मैले गरेको मबाट पूरा गराएँ
प्रभुलाई ईश्वर चिनेर आमाले विन्ति गरिथिन्
शिशुको रुप लिनुहोस् लाग्दछ प्यारो भनिथिन्। १९५

आमाको विन्ति सुनेर शिशुको रुप लिएथे
साधारण बालक चालाले बालक रुन लागेथे
सुत्केरी रानी भएको सबैले त्यहाँ चाल पाए
तुरुन्तै गई राजालाई यो कुरा विन्ति चढाए। १९६

दशरथ राजा दगुर्दै बालक हेर्न आएथे
शिशुको रुप देख्दामा हर्षले विभोर भएथे
गुरु र व्राह्मण बोलाई हजारौं गौदान गरेथे
गरीब याचक आदिलाई चाहेको वस्तु दिएथे। १९७

व्राह्मण मुनि बोलाई सुवर्ण दान दिएथे
जजस्ले जे जे माग्दथे दिएर खुशी गराए
मांगलिक बाजा बजाई सुसमाचार फैलाए
अवधभरै प्रशस्त तोरण ध्वजा फहराए। १९८

राजाको पुत्र प्राप्तिले जनता उल्लास भएर
हृदयदेखिन् हर्षित भै आएको ताँति लाएर
कतिले दिए वधाई कतिले दिए आशिर्वाद
वधाई पत्र आएको वेगिन्ति थिए खातैखात। १९९

राजाको जीवन भरिमा शान्तिको दिन आएको
वल्ल पो अवध नरेशले सुखको सास फेरेको
शहरमा नाच र गानाले मधुर ध्वनि घन्किन्थ्यो
साराको ओठ ओठैमा हाँसोको रेखा देखिन्थ्यो। २००

देवताले पनि यो दृश्य हेर्दथे खुशी भएर
जय जयकार गाएथे फूल अवीर छरेर
निराकार भए साकार आँखाले स्वयं देखेथे
हरिको लीला देखेर देवताले तारिफ गरेथे। २०१

आनन्दमा भूपतिले रत्न बाँडी दिए
साधु सन्त व्राह्मणले बोक्न सक्ने पाए
त्यै बेलामा कैकेयीको एउटा पुत्र जन्म्यो
भूपतिको मनमा पनि शान्ति सुधा बग्यो। २०२

सुमित्राको गर्भबाट पुत्र दुई जन्मे
चारै पुत्र प्राप्ति हुंदा राजा भए धन्य
बालकको रुप देख्दा सबै छक्क पर्थे
कोशलका वासीहरु बालक हेर्न आउँथे। २०३

भूपतिको मनको इच्छा पूर्ण सफल भयो
हृदयको घाउ व्यथा बल्ल निको भयो
नृपतिले जतातत्तै सुखै सुख देखे
ईश्वरले उनको इच्छा पूर्ण गराइदिए। २०४

जुन घरमा चाडवाड हुन्न देवता रम्ने छैन
गृहस्थीमा बालक छैन शान्ति हुने छैन
बालकको तेज देख्दा सूर्य चकित भए
अघि बढ्न विर्सिएर तेसै टोल्ही रहे। २०५

महिना दिनको एक दिन भयो सूर्य रथै रूक्यो
बल्ल बल्ल संझिएर सूर्य बग्गी चल्यो
त्यस्तो लामो दिन हुंदा बुझ्न सकिएन
के कारणले सूर्य अडे भन्न सकिएन। २०६

तीनै लोकको दिव्य तेज कोशलमा छायो
दर्शनका लागि देवताको लस्कर बनी आयो
व्रह्मा पनि विभोर हुदै बालक हेर्न आए
शंकर पनि योगी रुपमा कोशलमा आए । २०७

राजदर्वार पुगे पछि भिक्षा माग्न लागे
बालक बोकी भिक्षा दिदां दर्शन बल्ल पाए
बालकको विराट रुप ज्यादै सुन्दर रुप
देवता सबै गद्‌गदाए देखी राम रुप । २०८

भूपतिले धुमधामसँग जाति कर्म संस्कार
वेद पनि वन्दी बनी गाउदै गए जयकार
मानिसको भेष लिइ यक्ष किन्नर आउथे
बालकको दर्शन पाई हर्षाउदै जान्थे । २०९

शुक्लपक्ष चन्द्रमा झै बालक दिनहुँ बढ्थे
बालकको रुप देख्दा सबै मोहित हुन्थे
राजा रानी हर्षित थिए प्रजा खुशी थिए
प्रकृति नै मस्त थिइन् सबै खुशी थिए । २१०

सबको चित्त बुझ्दाखेरी राजा खुशी थिए
आउने जाने देख्ने सबले आसिक धेरै दिए
रात र दिनको यादै छैन आनन्दमा बिते
चारै पुत्र दीर्घायु भई सुखी रहून भन्थे । २११

यै रीतले न्वारनको वेला आइपुग्यो
गुरुबाटै नामकरण संस्कार हुने भयो
वशिष्ठले योग तिथि जन्म लगन हेरी
यिनको नाम अनन्त भूपपुत्र अवतारी । २१२

सुखदायक सुखराशी दुःख विनाश गर्ने
विष्णुजीले जन्म लिए सबको दुःख हर्ने
कौशल्याका पुत्र जो हुन राम उनको नाम
कैकेयीका पुत्रसुमन भरत उनको नाम । २१३

भरतले नै सुन्दर मार्ग लोकलाई देखाउनेछन्
आदर्श भै उत्तम कार्य यिनले देखाउनेछन्
लक्षणले युक्त भई लक्ष्मण जन्मिएका
लोकमान्य शक्तिशाली प्रेमले भरिएका । २१४

शत्रुदमन गर्ने योग यिनको देखिन्छ
त्यसकारण शुत्रघन नाम राखिइन्छ
चारपुत्रको नाम सुन्दा भूप हर्षित भए
आशिषको ध्वनि पनि चारैतर्फ गुन्जे । २१५

देवताहरु हेर्न आए आकाशमा बसी
हृदय नै गदगदायको राम औतार देखी
शंकर पनि हेर्न आए रामको बाल रुप
मोहित हुने रुप देख्दा हर्षित भए खूव । २१६

त्यसबेलामा शारदाजी हर्ष गद्‌गद थिइन्
राम रुप देख्ना साथै मनले दर्शन गरिन्
त्यति वेला वेदऋचा नारी रुपले आए
झूलनामा झुलाएर सुन्दर गीत गाए । २१७

नयाँ नयाँ चाड पर्व नयाँ कुल रीति
आज भन्दा भोलि भन्दा जान्थे दिन बिति
शंकरले पार्वतीलाई केही कुरा भन्थे
कुनै दिनको घटना लिई राम लीला भन्थे । २१८

कौशल्याका पुत्र राम बालकरूप धारी
पृथिवीमा जन्म लिन आए कल्याणकारी
कौशल्याले कुनै दिन बालक सुताएर
ईष्टदेवको पूजा गरौं भन्ने विचारेर । २१९

सारा सर्जाम तयार गरी पुत्र कहाँ गइन्
भोकाएका रामलाई केही ख्वाऊँ संझिन्
राम्रा चोखा मेवा आदि राखिएका थिए
राम पनि त्यै ठाउँमा मेवा खादै थिए । २२०

पक्का पनि भ्रम भयो झुलनामा हेरिन्
वालक पुत्र मस्तसँग निदाएको देखिन्
घरि यता घरि उता दुवैतर्फ हेरिन्
तथ्य कुरा नबुझ्दा ज्यादै छक्क भइन् । २२१

यता उता दुवै तर्फ दुईटा बालक देखिन्
के भएको भ्रमित भएँ भन्ने तिनले सोचिन्
छुट्टिएन भेदभाव परिन रनभुल्मा
ईश्वरलाई उत्नीखेर संझिएर मन्मा । २२२

कौशल्याको हालत देख्दा राम मुस्कुराए
भ्रमले सबै छोपिएको पर्दा च्यातिदिए
कौशल्याले दर्शन पाइन अखण्डको रुप
रोम रोममा रमाएका कोटिकोटि देव । २२३

ब्रह्मापति त्यहीं थिए शिव पनि त्यहाँ
रवि शशि सबै थिए उनको विश्व महाँ
आजसम्म नदेखेका कौशल्याले देखिन्
यस्ता अनेक रुप देख्दा हर्ष विभोर भइन् । २२४

आश्चर्यित आमा देख्दा प्रभु खुशी भए
विष्णुरुप आमालाई झट्ट देखाई दिए
आश्चर्य भै कौशल्याले रामसँग सोधिन
चिन्ह मैले सकिनछु तिम्रो रुप भन्थिन । २२५

आफ्नी आमा कौशल्याको सुन्दा मधू शब्द
आमालाई संझाउँदै भन्थे ब्रह्मानन्द
यो लीला हो तिम्रो लागि देखाएको मैले
अर्कोसँग भन्नै हुन्न बिर्से पनि कैल्ये । २२६

कौशल्याले विन्ति गरिन माथ झुकाएर
बालकको रुप हेर्छु यो रुप छिपाएर
कौशल्याको आज्ञालाई पालन गर्नुभयो
उत्नीखेरै बालकको रुप लिनु भयो । २२७

प्रतिदिनै नानाथरी रुप उनले लिन्थे
भिन्न भिन्न रुप देख्दा सबै खुशी हुन्थे
राजा पनि बालकलाई ज्यादै प्यारो गर्ने
चारै पुत्र देवता समान भूपतिले ठान्ने । २२८

राघवको बाल लीला देख्दा दंग हुन्थे
यस्तै लीला हेरीकनै सबै खुशी हुन्थे
सन्तान विना जिन्दगानी थियो सबै शून्य
आँगनमा वालक खेल्दा ठान्थे आफू धन्य । २२९

चारै पुत्र वरीपरी खेल्थे रमाई रमाई
आमा बाबु बालकका हिड्थे हात समाई
बालकहरु हाँस्दा रुदा सबै दंग पर्थे
जिन्दगीका इच्छा सबै पूर्ण भए भन्थे । २३०

राघवको रुप देख्दा देख्ने दंग पर्थे
उनकै रुप हेरीकनै उनकै चर्चा गर्थे
वालकपनैदेखि सँगै खेल्थे राम लक्ष्मण
त्यस्तै गरी भरतसाथ खेल्थे शत्रुघन । २३१

चारै भाइ जोडा मिलाई साथसाथै हिड्थे
मिलिजुली खेल्थे खान्थे क्षणभर छुट्टिन्थे
चारै बालक सुन्दर थिए सूर्य जस्तै उज्वल
चार जनामा रामचन्द्र सर्बश्रेष्ठ उत्तम । २३२

भूपतिको शोकशुर्ता सबैं टाढा भयो
चारै पुत्र साथमा हुँदा स्वर्ग तही ओर्ल्यो
रानीहरु बालकलाई कैले काखमा लिन्थे
उत्नीखेरै झुलनामा प्यारले सुताउथे । २३३

झूलनामा सुताएर गाउँथे प्यारले लोरी
नानीलाई माया गर्थ क्षण क्षणैमा चूमी
सुन्दर बस्त्र पैह्राइ दिन्थे स्नान गराएर
तैल मालिस गरिदिन्थे राम्रो श्रृंगारेर । २३४

क्षण क्षणमै बालकलाई पाउडर लगाइ वरी
बालकका आँखा दुवै गाजलुले कोरी
घुँडा टेकी हिड्दा खेरी आँखा सचेत हुन्थे
साँझ वेला निद्रा पर्दा आँखा खोली हेर्थे । २३५

धङ्धगिदै उभिदामा आमा औंला दिन्थे
दुई पाउले हिड्न लाग्दा समाएर हिड्थे
पूर्णेमाको चन्द्र देख्दा हात पसारेर
ल्याई देऊ चन्द्रमालाई भन्थे देखाएर । २३६

आफ्नो छायाँ पक्डनलाई सक्दो प्रयास गर्थे
कोशिश व्यर्थ हुँदा खेरी डाँको छाडी रुन्थे
पाइलै पिच्छे डगमगिन्थे क्षण क्षणमा लड्थे
हिड्दाखेरी थेचारिन्थे घोप्टोपरि रुन्थे । २३७

प्रतिदिन प्रति हप्ता बढ्थे राजकुमार
भूपालका चारैपुत्र विष्णु जस्तै सुन्दर
तिनको रुप देख्दा खेरी सबै मोहित हुन्थे
साक्षात परंब्रह्मा सम्झी पूजा आजा गर्थे । २३८

घुंग्रिएको कालो केश भ्रमर जस्तै लाग्छ
कोरीबाटी गर्दा खेरी सुन्दर देखिइन्छ
हात्तीको सुँड जस्ता हात उनका लामा लामा
रत्नमणि जडाएका लगाएका बाला । २३९

रत्न जडित औंठीहरु अंगुलीमा थिए
रत्न झल्झल झल्किदामा शोभायमान थिए
तारा जस्तै चंम्किएका रत्नमणि सल्ल
विद्युत जस्तै चम्किदामा देख्नेहरू दंग । २४०

राजकुमार चञ्चले रुपका राशी छन
मान्छेको त कुरै छैन प्रकृति मोहित छन्
ताराझैं उज्जवल चन्द्रझैं शीतल
प्रभाती सूर्य झैं पूर्ण छन् रंजित । २४१

कोटि काम आए झैं ज्योतिले धप्प छन्
देवता आदिले तारिफै गर्दछन्
रेशमी बस्त्र छन् पैह्रनै राम्रो छ
रामका रुपले मोहितै पार्दछ । २४२

मेघको स्वर छ नेत्र छन् चञ्चले
देवता आएको भन्थ्यो लोकले
कैले के गर्दथे कैले खूब हास्दथे
रौएरै हाँसेर जिद्दी खूब गर्दथे । २४३

शिरदेखि पाउतक देह त्यो चट्ट छ
लमकोसे नेत्र छन् भाल त्यो पुष्ट छ
अयोध्यावासीले प्यारले हेर्दथे
चारजना दाजुभाइ आपसमा मिल्दथे । २४४

विष्णु झैं तेजिला सिन्धु झैं गंभिर
उनको रुप राशीले इन्द्रादि लज्जित
स-साना पाउमा पायलको झंकृत
कानमा कुण्डली झल्किने झल्झल । २४५

नौ रत्न हारले सर्वाङ्गै रक्षण
राजकुमार खेल्दामा दर्वारै उज्ज्वल
पुत्रका जन्मले भूपति दङ्ग छन्
सुख शान्ति हुंदा मेल मिलाप गर्दछन् । २४६

राजा हुन् श्री पिता रानी हुन् श्रीमाता
राजकुमार राज्यका सहोदर श्रीभ्राता
यिनकै साथमा बसी जिन्दगी रम्नु छ
हाँसेर नाचेर जानु ता पर्दछ । २४७

सज्जन या दुष्टहोस् मर्नु ता पर्दछ
दैवको कानून यो प्राणीमा लागु छ
वृद्धजन भन्दथे के गरी मर्नु छ
दुःख होस् सुख होस् प्राणीले भोग्नु छ । २४८

प्यारा छन् राजकुमार बिर्सनै मुस्किल
दीर्घहोस् जिन्दगी आत्मले भन्दछ
तिनका साथ बस्नलाई बाँच्नमा मन थियो
मन थियो चन्चले तनले जाऊँ भन्दथ्यो। २४९

चारै भाइ घरघरै चाहारी खेल्दथे
भोक लाग्यो खान देऊ जिक्री खूब गर्दथे
राजकुमार आउँदा सबको मन रम्दथ्यो
उनको रुप हेर्नलाई प्यास खूब बढ्दथ्यो। २५०

राजकुमार देखीदा लोक नै रम्दथ्यो
यी समान पुत्र हुन आत्मले भन्दथ्यो
बातचीत गर्नमा मिष्ठभाषी यी थिए
वृद्धका सामुमा नम्र भै झुक्दथे। २५१

लामलामा वाहुले सौन्दर्य बढ्दथ्यो
सल्सले औंलाले चलमलै गर्दथे
कमल पात झै कोमलै पाउ छन्
पैतला चाल्दामा हाँस लजाउँछन्। २५२

लक्ष्मीका माथमा प्रशस्त फूलले
रामका गाथमा झल्किने हारले
नेत्रका ज्योतिले मोहवस पार्दथे
ओठका लालीले मिष्ठभाव छर्दथे। २५३

घुंग्रीलो केश छ टलटली टल्कने
सुन्दरम् चेहरा संसार लज्जिने
सरयुका तिरमा राजकुमार डुल्दथे
अयोध्या वासीलाई क्षेम कुशल सोध्दथे। २५४

पुष्ट भै भाल त्यो राज चिन्ह देखिने
भालको चन्दनले मर्यादा देखिने
हातमा वाण धनु लिएर हिड्दथे
एकान्तै ठाउँमा टण्कारै गर्दथे। २५५

जसले जन्मै दियो आमा ती धन्य हुन
दर्शनै पाउने ती सबै धन्य हुन
रंकका निंतिमा रत्नका खानी ती
जसका चार पुत्र छन् खूब भाग्यमानी ती। २५६

रामका जन्मले शान्तिको मूल फुट्यो
रामका जन्मले कोशलै रम्य भो
पुत्रलाई काखमा ली प्रकृति हास्दथिन
रामको बाल-लीला धन्य हो ठान्दथिन्। २५७

हास्दथे खेल्दथे भूमिमा लड्दथे
दगुर्दै आमालाई गैकनै पिर्दथे
क्षणभरमा आउँदथे क्षणभरमा भाग्दथे
क्यै भने क्यै गरे रिसले लुक्दथे। २५८

ठूल-ठूला सन्तले दर्शनै पाउनलाई
मुस्किलै पर्दथ्यो ती उनै राम आई
आगनमा खेल्दथे भूपति हेर्दथे
बाल-लीला देख्दामा राजा दंग पर्दथे। २५९

मन बचन कर्मले देख्न मुस्किल हुने
ती वालक चोकमा खेल्नलाई तम्सिने
भूपति डाक्दथे केही चीज ख्वाउन लाई
पुत्र सब् भाग्दथे आपसमा खेल्नलाई। २६०

यसै गरी खेल्दा खेल्दै बाल लीला बित्यो
ब्रतवन्ध संस्कार आदि गर्ने बेला भयो
त्यै वेलामा दशरथले वशिष्ठलाई डाके
ब्रतबन्ध संस्कार गर्न सरजाम तयार पारे। २६१

परम्परा रीतिनुसार ब्रतबन्ध भयो
कुमारले गुरुसँग मन्त्र सुन्नुभयो
ठाउँ ठाउँका राजाहरु निम्तो मान्न आए
चारै भाइको ब्रतबन्धमा भिक्षा दिन आए। २६२

त्यसवेलाको रमझम आदि भनी साध्य छैन
आउने जाने आशावादी कोही निराश छैन
दशरथले स्वागत गर्थे आउने जानेलाई
पाहुनाहरु हर्षित थिए संमान आफ्नो पाई। २६३

केही हप्ता अध्योध्यामै पाहुना बस्ने भए
सरयु यताउता दृश्य हेर्न गए
प्रकृतिको दृश्य देख्दा ज्यादै रमाएका
कोशलमा बस्दा खेरि घरै बिर्सिएका। २६४

यसै गरी महिना पछि पाहुना विदा भए
राजा पनि परसम्म पुऱ्याउनै गए
छुट्टिनलाई मुस्किल पऱ्यो अनुरागले गर्दा
माया मोह बढ्न गयो साविकको भन्दा। २६५

राजकुमार पढ्न गए वशिष्ठका घरमा
चारै कुमार पढ्न बसे गुरु आश्रमैमा
साधारण मान्छे जस्तै आश्रममा पढ्थे
तिनको लगनशील देख्दा गुरु खुशी हुन्थे। २६६

जसको श्वासबाट श्रुति निस्किएको थियो
त्यसैवेला वेद श्रुति संसारमा आयो
उनै ईश मान्छे बनी वेद श्रुति पढ्थे
कौशल्याका पुत्र भई मानव कर्म गर्थे। २६७

चाँडै चाँडै पूर्ण भयो धेरै शिक्षा शास्त्र
तत्पस्चात सिक्न लागे शस्त्र अस्त्र शास्त्र
धेरै विद्या लाभ गरी घरमा सबै फर्के
शस्त्र अस्त्र प्रयोग पनि छिट्टै गर्न लागे। २६८

साथीसँग मिल्थे जुल्थे मान्छेनुसार वोल्थे
साक्षात विष्णु मान्छे रुपले कोशलमा ओर्ले
नम्र निपूर्ण मिष्ठभाषी गुणका खानी थिए
अरु कुमार भन्दा पनि राम प्रिय थिए। २६९

हातमा धनुवाण लिदा सबै मुग्ध हुन्थे
चारै भाइ कोशलका घर घरमा जान्थे
कैले काही जंगलमा त्यसै घुम्न जाँदा
मृगमारी ल्याउने गर्थे घरमा फर्किआउँदा। २७०

सब कुरामा निपूण भए शिक्षणमा सुधार
कामकाज गर्न लागे चारै सुकुमार
वेद पुराण नित्य सुन्थे हरिभजन गाउँथे
सज्जनका अर्ति वुद्धि ध्यान दिई सुन्थे। २७१

जुन कामले प्रजाबर्ग सुखी हुन्छन् ठानी
त्यही कार्य पूर्ण गर्थे कर्तव्य नै ठानी
घोडा चढी डुल्न जान्थे मर्का पीडा बुझ्थे
प्रजागणका कल्याणमा दिलो ज्यानै दिन्थे। २७२

कैले काही पैदलैले साझ बिहान हिड्थे
मानिसको भीड भई दर्शन गर्न आउथे
विस्तार विस्तार भूपतिको कामकाज सघाउँथे
राजकुमारको स्वभावमा सवले तारिफ गर्थे। २७३

यस्तै गरी राज्यभरको काम उनले हेर्थे
न्याय निसाफ गर्ने परे राम्रो बुझी गर्थे
अन्यायमा पर्लान् भन्ने मनमा चिन्ता पर्थ्यो
राजाभन्दा कुमारैको बुद्धि तीखो थियो। २७४

साधारण बालक जस्तै सबका कुरा सुन्थे
चिन्ताग्रस्त मानिसको चित्त बुझाई दिन्थे
प्यारो रामको शील स्वभाव कौशल्याले देखिन
कल्याणकारी पुत्र पाउँदा माता खुशी थिइन। २७५

कोशलका प्रजाबर्ग रामको तारिफ गर्थे
राजा रानी पुत्र देख्दा सधैं हर्षित हुन्थे
स्वर्गबाट देवताहरु कोशलतिरै हेर्थे
देवताहरु हर्षित भई रामकै महिमा गाउँथे। २७६

अयोध्यामा जन्म लिए मायापति राम
भक्तजनका मनमा भयो शिघ्र हुन्छ काम
घोडा रुप संसारमा शासन रुप लगाम
धर्मरुप सवाव थाक्दा लिइन्छ विश्राम । २७७

न्याय एवं अन्याय वीच हुन्छ ठूलो संग्राम
न्याय धर्म कता कता आपसमा हैरान
न्यायकारी आउनु भयो न्याय गर्नलाई
अयोध्यामा जन्मनु भो स्वयं विष्णु आई । २७८

पापरुप अन्धकार पापैपूर्ण रात
सूर्यबंशी सूर्य आए यो धर्तीमा आज
आफ्नो प्रण पूर्ण गर्न कौशल्याको कोखमा
मान्छे भई जन्म भयो आफ्नै खुशी शोखमा । २७९

कमलमुख बन्द थिए सधैंभरि साँझमा
प्रातः कालमा फुल्न लागे कमल पुनः ताल्मा
चारै तर्फ हरियाली वसन्तको बहार
अयोध्यामा हर्षै हर्ष सदा जयकार । २८०

## राम नाम संझी राखौं

परम पदमा चित्त लाऔं राम नाम संझी राखौं
जीवन ज्योति निभ्न लाग्यो, मोह माया त्यागी हालौं
अन्धकारमा ढल्मलिन्छौं मार्ग कुन हो ? पत्तो छैन
जन्मिएर धर्तीमहाँ, काम के हो थाहै छैन । १

जीवन नाउ डुब्न लाग्दा, राम नामै सम्झिएन
मोह जालमा अल्झिएछ, जादू प्याला पन्छिएन
विश्वको यो बाटिकामा, छैन कोही साथ जाने
चित्त शुद्धि भै दिएमा, राम हुन्छन् हीत गर्ने । २

क्रोध द्वेषमा ईश भाग्छ, शुद्ध प्यारमा ईश रम्छ
सम्झी राखौं हामी सब्ले, राम जस्तो ईश को छ ?
सज्जनैको गर्न कल्याण, दुर्जनैको नाश गर्न
जन्मिएका राम हाम्रा, भक्तलाई पार तार्न । ३

राम जस्ता सर्वज्ञानी, भक्तजनका प्रेमी मित्र
नौनीभन्दा कोमलकारी, विश्वभरमा छैन पात्र
राम मेरा आऊ आऊ, प्रेमी प्यारा नाथ मेरा
राम मन्मा भैदिएमा, रोग भाग्छन् सर्व मेरा । ४

✍ गोमा

# पुष्पवाटिका

जुन दिनदेखि अवधपुरीमा जन्मे सच्चिदानन्द
त्यस दिन जगमा व्यापक भयो उनी हुन परमानन्द
परमानन्द नर भै जन्मे धर्तीको पाप हर्नलाई
पार्वती भन्दछु राम कथा यो आद्योपाद्य सुनाई । १

दशरथजीको तपले गर्दा कोशलपुर नै शुद्ध भयो
उनकै तपले उनकै व्रतले मायापतिको जन्म भयो
बालकदेखि तीव्र बुद्धिका शक्तिशाली वलवान थिए
सानैदेखि लक्षण उनका देख्दा भूपति दंग थिए । २

कोशलपतिका घरमा आए एक दिन विश्वामित्र
भन्थे उनले माग्न म आएँ संझी आत्मीय मित्र
महाराज सुनियोस् दुःख गुनासो मद्दत माग्न आइरहेछु
अयोध्यापति हौ दुःख निवारक तिम्रै महिमा गाइरहेछु ।३

यज्ञका लागि तयार म हुन्छु राक्षस आई यातना दिन्छन्
पूजा सर्जाम यज्ञस्थलका राक्षस आई छरिदिन्छन्
असुरहरुका अत्याचारले पीडा बोकी दुःखित हुन्छु
रक्षा हितका लागि म आफै भिक्षा माग्न आइरहेछु । ४

तिम्रा छोरा राम र लक्ष्मण केही दिनतक देऊ मलाई
जस्ले गर्दा विश्व भरिमा सुयश फिजाई हुन्छ भलाइ
मुनिका यस्ता शब्दले गर्दा दिक्क भएका कोशल राजा
संकट आयो दुर्दिन आयो राजा पर्थे दुविधामा । ५

मुनिवर मेरा दुईटा बालक भोलाभाला अति नै साना
लड्ने भिड्ने केही नजान्ने कसरी फालौँ कालको मुखमा

राज्य म दिन्छु दौलत दिन्छु इच्छा माफिक सारा दिन्छु
आज्ञा हुन्छ त आफैं जान्छु निश्चरहरुका साथ म लड्छु ।६

मुनिवर तिम्रा चरण म पर्छु जे छ भएको अर्पण गर्छु
पुत्र दुवै यी बालक संझी राक्षस मार्न असमर्थ ठान्छु
विचार गर्नोस् मुनिजी आफैं क्षमा माग्दछु दुइ कर जोडी
वीर लडाका सेनापति छन् आज्ञा माफिक गर्छन् सोही । ७

वृद्धावस्थाका सन्तान मेरा आँखाका ती तारा हुन्
तैपनि राम र लक्ष्मण मेरा प्राण समानै प्यारा छन्
राघव देख्दा हर्षित हुन्छु मानो स्वर्गको द्वार म पुग्छु
एक क्षण नहुँदा अति आत्तिन्छु पुत्र नै मेरो सर्वस्व ठान्छु । ८

मुनिले भन्थे अति कड्केर दिन्छौ या त नदिने तिमीले
कसका हुन्न पुत्र पियारा के के पर्दछ सुन्नु मैले
या त खुरुक्कै देऊ मलाई दिन्न भनेमा केको गन्थन
कपाल फुलीकन सेताम्य भो तैपनि माया मोहको वन्धन । ९

भूपति तिमी छौ ज्ञानका राशी
　　　तिम्रो भनाइ वेठिक लाग्छ
आफ्नै छोरा चिन्न नसक्ने
　　　कस्ता राजा आश्चर्य लाग्छ
विश्व कल्याण गर्नालाई
　　　तिमीले गर्छौ वाधा अड्चन
कामका लागि माग्न म आएँ
　　　खालि बखेडा यस्ता अड्चन । १०

मागथे हुं ता विष्णु कहाँ
गै छोडी आउँथे गरुडवाहन
शिवका छेउ विन्ति गरेमा
डगमगिन्थ्यो शिवको आशन
माग्नु नै तिमीसँग भूल भएछ
यसले मनमा संताप भयो
हामी दुवैको चित्त दुखेछ
पुण्य कार्यमा पाप बढ्यो । ११

वशिष्ठ गुरुलाई बोध भएथ्यो
विश्वामित्रको सन्ताप
भूपतिलाई प्रष्ट भनेथे
विश्वामित्रको प्रस्ताव
योगीराजका श्रेष्ठ मुनि यी
मद्दत माग्नै भनीकन आए
राम र लक्ष्मणलाई चिन्हेर
दुःख बिसाऊँ भन्दै आए । १२

यस्ता ऋषिलाई पुत्र दिनामा
किन गर्दैछौ यो आलटाल
समदर्शी औ आत्माज्ञानी
यसमा पनि त राख्नु ख्याल
कलिला बालक सुकुमारलाई
विद्याज्ञान शस्त्र सिकाउँछन्
क्यै दिन राखी कार्य सकेपछि
आनन्द साथै ल्याउने छन् । १३

वशिष्ठ गुरुले यसरी भन्दा
राजा दशरथ केही लजाए
पुत्र दुवैलाई ल्याई अगाडि
विश्वामित्रका साथ पठाए
बाबु जाऊ ऋषिका साथमा
मुनिको आज्ञा पालन गर्नू
मुनिका आज्ञा शिरमा राखी
तनले मनले सेवा गर्नु । १४

यी हुन मेरा बालक छोरा
प्राण समानै प्यारा छन्
बृद्धकालका सन्तान मेरा
अन्धकारका ज्योति हुन्
मायाजाल्ले छोप्दा खेरी
छुट्टिनलाई मुस्किल पर्छ
पीडा सन्ताप मनमै राखी
मुनिको कल्याण गर्नै पर्छ । १५

अहिलेसम्म छोरा मेरा अव ता
तिमी हौ मुनिकै छोरा
आसिक दिन्छु हृदयैदेखि
तैपनि क्षणमै हुन्छु निराशा ।
चित्त दिईकन सेवा गर्नु
विहान सवेरै उठीकन पढ्नु
जाति र देशको सेवा गर्नू
नम्र भईकन सबसँग बोल्नू । १६

जाति पाती भेद नराख्नू
नबुझी बीच मै झट्ट नबोल्नु
ऋषिनै आमा बाबु संझी
तनले मनले सेवा गर्नू
तिम्रो रक्षा गुरुले गर्छन्
उनको आज्ञा तिमीले मान्नू
दुःख दिने ती निश्चरीलाई
छाती फुकाई संहार गर्नु । १७

राम र लक्ष्मण राजकुमारले
दशरथबाट उपदेश पाई
माताजीका महल पुगेर
माग्दै विदा चरण समाए
रानी सबैले हाँसी हाँसी
माथ सुघीकन आसिक दिन्थे
जाऊ बाबू मुनिका साथमा
कार्य सकीकन आऊ भन्थे । १८

कुल र धर्ममा चित्त लगाई
हर्दम तिमीले सोच्नु भलाइ
धर्म र उपकार उत्तम संझी
मुनिकै संगत गर्नु रमाई
जाऊ बाबू जाऊ जाऊ
मुनिका साथमा जाऊ
दुष्टहरुको पार उछित्तो
सज्जनहरुमा शान्ति छाऊ । १९

आज्ञा पाई राम र लक्ष्मण
ऋषिका साथमा जान तयारी
सबका साम्‌ विदा मागे
धनुषवाण हातमा राखी
कलिला सुकुमार राजकुमारले
गाढा पहेला पहिरी वस्त्र
ठोक्रोमा राखे चाहिने सामान
संझी संझी आफ्ना अस्त्र । २०

कुमार एउटा श्याम रंगका
अर्का छोरा अति नै गोरा
मधूरो बोली टाँठा बाठा
श्यामल सुन्दर नृपति छोरा
दीर्घ भूजा सुन्दर अनुहार
देख्दा रुप चन्द्र लजाउने छन्
कोशलपुरका नयन सितारा
देख्ने जतिले तारिफ गर्ने । २१

दायाँ राम बायाँ लक्ष्मण
बीचमा मुनिजी चन्द्रसमान
उज्ज्वल अनुहार घुंग्रिलो केश
साइत बेला गान बजान
ऋषिका पछि पछि खुरु खुरु हिड्थे
बालक भैकन बुद्धि महान
कोशलपुरमा जन्म लिएरै
लागे प्रभुले भार वहन । २२

सच्चा ईश्वर मुनिले संझी
नीर नयनमा अतिव बगाई
दुई हात जोड्दै विश्वामित्र
गर्थे स्तुति भक्ति लगाई
मेरो निंति प्रभुले ऐले
वाबु र आमा महलै त्यागी
दुःख सहेरै घनघोर वनमा
पाल्नुभयो नाथ पछिपछि लागी ।२३

हे भक्त वत्सल प्यारा राम
व्यापक तिमी छौ सारा धाम
रघुका कुलमा जन्म लिईकन
गर्नु छ तिम्ले कार्य महान
तिम्रो महिमा गाई नसक्ने
दुर्गा लक्ष्मी देवी भवानी
कसरी सकुला प्रभुलाई
चिन्ह मूर्ख म हू एक अज्ञानी । २४

ठीक त्यही बेला एउटी नारी
ताडका राक्षस देखा पर्छे
मुनिले संकेत गर्दा खेरी
राघव वाणले शिघ्र त्यो मर्छे
अपार शक्ति देख्दा रामको
सफल हुंदामा मुनि हर्षाए
आकाशबाट इन्द्रादिले
हर्ष विभोर भै फूल बर्षाए । २५

राजकुमारले पढ्थे विद्या
विश्वामित्रले दिन्थे शिक्षा
राजमहल त्यो छाडी आई
पर्णकुटीमा पढ्थे विद्या
प्रातः कालमा मुनिका साम्‌
अनुरोध गर्थे राजकुमार
यज्ञ गर्नुहोस् निर्भय साथ
हामी बस्छौं पहरादार । २६

यज्ञकार्य त्यो आरम्भ भएथ्यो
राक्षसको दल आई पुग्यो
शुभकार्यमा अवरोध गर्न
दुष्टहरुको मण्डल आयो
राजकुमार ती अघि अघि बढ्दै
निश्चरलाई दूर भगाए ।
राम र लक्ष्मण धनु टंकार्दै
निश्चरीलाई वाण बर्षाए । २७

धर्म स्थापना गर्नालाई
कौशल्या नन्दन निम्त्याइएको
यस्ता वलवान विजयी देख्दा
मुनि मण्डलमा आश पलायो
उग्र सुवाहु रजनीचरमा
अग्निवाँण एक झट्ट चलाए
अर्को मारिच वलवीरलाई
सय योजनतक् झट्ट पुऱ्याए । २८

रामचन्द्रको साहस देख्दा
डरले राक्षस सारा भागे
भयले कामी ज्यान बचाई
निश्चर फौजै डरले भागे
ऋषिको आश्रम निर्भय हुनगै
गुल्जार भयो रम्य वगैचा
धन्य धन्य राम र लक्ष्मण
गुन्जिरहयो स्वर अनौठा । २९

अतिसय सुन्दर मौका पाई
भाव अनौठा आयो प्रभुमा
राम र लक्ष्मण झुक्दा पाउमा
ऋषि हात दिन्थे प्रभुको शिरमा
ऋषिमुनिहरुको ताप हटेथ्यो
होम यज्ञादि पूर्ण भएथ्यो
निश्चरी दलको संहार गर्दा
राघव नामले वन गुञ्जेथ्यो । ३०

आउथे जति नै राक्षस त्यहाँ
राम र लक्ष्मण तिन्लाइ मार्थे
नसकी टिक्न क्षणभर त्यहाँ
निश्चरी फौजै भाग्ने गर्थे
राक्षसहरुको उन्मूल देख्दा
देवतामुनिले हर्ष मनाए
अति गद्‌गद भै अति हर्षित भै
प्रभुका शिरमा फूल वर्षाए । ३१

हे राम ! दशरथ पुत्र भक्तको हित गर्दछौ
भक्तका हितका लागि संपूर्ण सुख त्यागदछौ
वलशाली असुर माऱ्यौ हाम्रो संकट ताप हऱ्यौ
हाम्रा यी मुटुका काँढा झिकेर दूर फाल्दियौ । ३२

अब ता शान्त भै बस्छौं धेरै राक्षस हटी सके
बस्छौं गुणगान गाई अब ता छैन क्यै भय
अजयी ताडकालाई एकै वाणले मार्नुभो
हजारौं निश्चरी मारी भूमिको भार हर्नुभो । ३३

हे राम ! दशरथ पुत्र प्राणीको हित गर्दछौं
भक्तका हितका लागि तुरुन्तै तिमी आउँछौ
शेषशायी महादेव तिम्रा गुण छन् कयौ कति
सज्जन र सन्तका लागि अवतार लिन्छौ यहाँ तिमी । ३४

भक्तलाई विपद पर्दा गरुडमा चढी आउछौ
सज्जनलाई गरी रक्षा दुष्ट संहार गर्दछौ
विश्व व्रम्हाण्ड हो तिम्रै कणकणमा तिमी बस्दछौ
हर्ता कर्ता तिमी आफै विश्वलाई नचाउँछौं । ३५

यसरी देवता गणले रामको वन्दना गरे
महिमा रामकै गाई देवताहरु फर्किए
भोलिपल्टै त्यहाँ आयो सन्देश मिथिलेसको
धनुष यज्ञका लागि जानुपर्ने त्यहाँ थियो ।३६

राजाको पाई सन्देश राम लक्ष्मण लिई साथमा
विश्वामित्र भए हर्षित प्रस्थान भो मिथिलामहा
जाँदैथिए त्यहाँ देखे अनौठा दृश्य मार्गमा
कहाँ के के भए जस्तो कस्तो कस्तो थियो त्यहाँ । ३७

त्यसैवेला त्यहाँ देखे नजिकै एउटा शिला
शिला बाहेक अरु केही देखिएन कुनै त्यहाँ
अनौठा दृश्य देखेर राघवमा खुल्दुली भयो
तुरुन्तै रघुनाथजीले गुरुजीसँग सोध्नुभो । ३८

विश्वामित्रजीले भन्थे रहस्यमा छ त्यो शिला
पत्नी हुन् मुनि गौतमकी श्राप पर्दा भइन् शिला
अतिकष्ट सहिन् तिनले दर्शन पाउन रामको
छोएमा रामका पद्‌ले छुट्ने छ मुनि श्राप त्यो ।३९

सुन्दर नारी ती बन्नेछन् पतिको श्राप छुट्दछ
प्रभुले कुल्चिदा खेरि अवश्यै मुक्ति मिल्दछ
चरित्र दोषले गर्दा सरापले जड भै तिनी
असाध्य दुःख भोग्दिछन् प्रभुले नै दया गरी । ४०

दुख काटी युगौंसम्म बसेकी छन् शिला बनी
चरणले छोइनासाथै बन्नेछन् दिव्य सुन्दरी
ऋषिका शब्दले गर्दा रामको मन पग्लियो
तुरुन्तै पाउले टेक्दा शिलामा नारी जन्मभो । ४१

छुनासाथ रामका पाउले अहल्या पावनी भइन्
हात जोड्दै प्रभुलाई तुरुन्तै पाउँमा झुकिन्
हजारौं वन्दना गर्दै धेरैबेर परि पाउँमा
पाप मोचन भयो मेरो जान्छु म पति-धाममा । ४२

रामको वन्दना गर्दै रामबाट बिदा भइन्
पहिले नै थिइन् सुन्दर अब झन सुन्दरी भइन्
मेरो मन भक्तिमा लागोस् नबिर्सौं प्रभुको मुहार
मुटुमा राजहोस् नाथ गर्दछु नित यै पुकार । ४३

तत्पश्चात मुनिका साथमा गंगाका तटमा गई
गंगामा गरी स्नान शुद्ध भै पाउमा नुही
ब्रःहमणादि मुनिजनलाई दानादि दक्षिणा दिई
सबैका पाउमा पर्छिन् राम लक्ष्मण खुशी भई । ४४

लगातार हिडिराख्दा मिथिला देश देखियो
मिथिलापुरीको दृश्य मोहनी रुपको थियो
प्रकृतिको थियो राज्य विभिन्न रुप रंगले
सौन्दर्यले भरिपूर्ण श्रृंगारी तरू वृक्षले । ४५

अत्यन्तै अनुपम दृश्य मनोहर छ विचित्रको
साच्चिकै स्वर्गलोक हो कि ब्रम्हाण्डै विश्व बीचको
बयानै गर्न को सकला मिथिलापुरको छटा
मिथिलापुरमै बस्लान् स्वर्गका सब देवता । ४६

जुन ठाउँ पर्दछन् आँखा त्यो ठाउँ लोभ लाग्दथ्यो
जता हेर्‍यो उतै सुन्दर दृश्यले मन रम्दथ्यो
पुत्रभन्दा पनि प्यारा त्यहाँका जनता थिए
प्रजाले पनि राजालाई पिता समान ठान्दथे । ४७

कुनै वर्ष जनकपुरमा अनावृष्टि निकै भयो
अन्नको उब्जनी कत्ति नहुँदा कष्ट बैरियो
जनताको पीडा देख्दा मिथिलापति आत्तिए
प्रजापालनका लागि राजा आफैं किसान भए । ४८

जनक राजा थिए नामी ज्ञान विज्ञानका धनी
मिथिलाका थिए राजा सन्यासी मनका थिए
समदर्शी रतमा डुब्थे व्यवहारमा यतातिर
सुख ऐश्वर्य त्यागेर राजा बस्थे अलि पर । ४९

प्रजालाई खुशी राख्ने प्रयास गर्थे जीवनभर
आफैलाई मेटाएर कल्याण गर्थे सबैतिर
शान्ति आनन्दमा रम्थे बिर्सन्थे सुख सम्पत्ति
जनताकै भलो गर्थे तिनकै प्रेममा रमी । ५०

जनक जस्ता महान व्यक्ति विश्वमै पाईदैनथे
कंगाली जनता कोही राज्यमा शून्य नै थिए
जनताको दुःख देख्दामा राजाले पीर गर्दथे
छोरा जस्तै गरी प्यारो प्रजालाई रिझाउथे। ५१

कुनै वेला अनावृष्टि मिथिला पुरमा पर्‍यो
राजाको मनमा ठूलो महासंकष्ट पर्न गो
राजाले खेत जोत्दामा अन्न उब्जा निकै भयो
राजा भैकन कृषकको रुपमा चिनिनु भयो। ५२

सबैलाई दया गर्थे प्रजा सब पुत्र झैं थिए
प्रजाको वेदना दुःख आफ्नै दुःख ठान्दथे
आफ्नो शरीर पनि बिर्सी विदेह नामले तिनी
विदेह भूपति भन्ने चिनिएका जगत भरी। ५३

यस्ता विदेह भेटनाले विश्वामित्र खुशी भए
मिथिलापतिले रामको अनुहार नियालिए
भन्दथे मिथिलेश राजा विश्वामित्रजी पाल्नुभो
ऋषिका पाउले टेक्दा मिथिला देश धन्य भो। ५४

कृपापात्र दयापात्र धर्मात्मा पुण्य-थापक
मुनिका धर्मले गर्दा संसारै धर्म व्यापक
यी सुन्दर श्याम औं गौर कसका हुन दुई बालक
यिनमा दैवीय शक्ति देखिएको प्रशस्त छ। ५५

बालकको रुप देख्दामा असाध्यै म प्रशन्न छु
कसरी भवमा जन्मे संझदा छक्क पर्दछु
यिनका रुपमा अड्के आँखा मेरा निरन्तर
संसारको पाप नाश गर्नलाई जन्मे कि ईश्वर। ५६

किशोर यी दुई देखेर आश्चर्य तालमा डुबें
विदेह नामले सिद्ध साँच्चै विदेह भै सकें
चिन्हारी पाउनका लागि मनै उत्सुक भैसक्यो
दया राखी बताएमा खुल्दुली मेटिने थियो। ५७

विश्वामित्र मुनि भन्छन् राजाका वाक्य ठिक छन्
यी दुवै दाजूभाइ हुन् रणमा यी निपूण छन्
दशरथ भूपका छोरा नाम राम र लक्ष्मण
रुप गुणका महाखानी सकिन्न गर्न वर्णन। ५८

यिनैका बल शक्तिले गरेंथें यज्ञहोम पूरा
यिनैद्वारा भयो संहार सुवाहू अनि ताडका
गौतम पत्नी अहल्या ती शीला भैकन दुखमा
बिताएकी युगौंसम्म दोषी भै ती चरित्रमा। ५९

कुल्चेथे रामका पाउले पथ्थरबाट ती सुन्दरी
पठाए रामले तारी यस लोकबाट पार गरी
धनुष यज्ञको निम्ता पाउँदा अति हर्षले
साथ ल्याएँ दुवैलाई यज्ञ हेरुन कुमारले। ६०

राजाको कामना पूर्ण होला भन्ने विचारले
अवश्यै पूर्ण गर्नेछन् दशरथका सुपुत्रले
संसारमा सधैं मेला जो देख्छौं सब बेश छ
देखेर मात्र क्यै हुन्न लेखेको भोग्नु पर्दछ। ६१

मिथिलेश भए हर्षित संमान मुनिको भयो
विश्वामित्र बस्नका लागि भव्य आसन तयार भयो
सौन्दर्य र छटा देख्दा कुमार मोहमा परी
दुवैले सोधनी गर्थे घुम्न जाऊँ वरिपरी। ६२

आज्ञा पाए शहर घुम्न दुवै भाइ विदा भए
मिथिला पुरीका शोभा देखेर अति खुश भए
त्यहाँका जनता आए सुन्दामा रुपको बयान
मिथिला पुरीमा आए अयोध्या नृपति कुमार। ६३

सडक औ गल्लीमा घुइचो बजारमा पनि भीड थियो
सजिएको बजार देख्दा देख्नेको मन लोभियो।
तोरण औ फूलले श्रृंगार साराको घर घर थियो
कसैले फूलका माला कुमारलाई चढाइयो। ६४

कसैले खुशी भै दिन्थे पान ल्वाङ्ग र अलाइची
कसैले किस्तीमा ल्याउँथे दाख पेस्ता र दाल्चिनी
कसैले फूलको माला पहिराउन ल्याउथे
सुन्दरीहरुले गाना गाएर मुग्ध पार्दथे । ६५

कैयौं दर्शकहरु झ्याल्मा बरण्डा अनि द्वारमा
कुमारहरुलाई हेर्न लागेका सब हारमा
विभिन्न थरीका नारी आएर रुप हेर्दथे
सौन्दर्य दुईको देख्दा अति तारिफ गर्दथे । ६६

दुबैका रुप राशीमा जनता मुग्ध भै सके
यी जस्ता रुपका सागर विश्वमै छैन भन्दथे
दशरथका कुमार देख्दा सुन्दरी मोह पर्दथे
यस्ता किशोर सधैं देख्दा भोक प्यास टर्छ भन्दथे । ६७

देवता औ असुर नाग किन्नरै आदिमा पनि
व्रह्माको श्रृष्टि नै छैन अनौठा यिनको छवी
दुवै उस्तै काम-देउता हुन् दुवैमा देवकै छवी
विश्वमै पाइने छैनन् खोजी गर्दा जगत् भरी । ६८

आजै मात्र यहाँ देख्यौं श्याम गोरा कुमार यी
भाग्यमा छ भने फेरि देख्न पाउँला घरी घरी
प्रशंसा यिनको गर्दा स्वर्गको द्वार खुल्दछ
संझना यिनको गर्दा जीवनमा शान्ति छाउँछ । ६९

अस्तिमात्र सुनेका हौं छोरा हुन् दशरथजीका
धनुषयज्ञको निम्ता पाएर हेर्न आएका
सुवाहु ताडकालाई संहार यिनले गरे
टंकारेर धनुषवाण सुरक्षा यज्ञको गरे । ७०

अर्की सुन्दरीले भन्थी देवताको कृपा भए
सीताका साथमा पक्का होला कि यिनको विहे ?
अयोध्या-पतिका पुत्र दशरथका कुमार हुन्
जानकी पनि ता हाम्री मिथिलाकी कुमारी हुन् । ७१

दर्जा खानदान मिल्दोछ उमेरै पनि मिल्दछ
रुप रंग पनि उस्तै जोडी भन्न सुहाउँछ
विधाताको भए इच्छा अवश्य नै जुटाउँछ
वरदान यही मागौं उसैले नै पुऱ्याउँछ । ७२

दुवैको मन मिलेदेखिन् आवत जावत हुने थियो
हाम्रो पनि यिनै साथ कुराकानी हुने थियो
गौरी खुशी भए देखिन् विवाह हुन सक्दछ
ईश्वरकै भरमा पर्छौं उसैले सिद्ध गर्दछ । ७३

नारीहरु भई जम्मा गौरी पूजन गर्दथे
जोडी मिलाई द्यौ भन्दै गौरीका पाउ पर्दथे
उता बालकका फौज राघवका पछि लाग्दथे
रामका साथमा घुम्नु जीवनकै भाग्य ठान्दथे । ७४

कोशल किशोर दुवै भाइ मिथिलापुर घुमीकन
बजार गल्ली राजमार्ग संपूर्ण देव मन्दिर
चौतारी पोखरी ताल कुमारलाई देखाइयो
झरना र नदी देख्दा दुवैको चित्त लोभियो । ७५

शिक्षालय र गौशाला हयशाला र राजभवन्
वाटिका वाग औ बापी देखेर मनोरञ्जन
सीता स्वयंवरको मण्डप अरूबाटै देखाइयो
मण्डप देखेर राघवका मनले केही सोचियो । ७६

हेर्दा हेर्दै पऱ्यो साँझ गुरु पक्कै रिसाउलान
किन यस्तो अवेर भन्दै हामीलाई झपार्देलान
इत्यादि मनले सोच्दै चित्तलाई सम्हालदै
राम लक्ष्मण दुवै भाइ दृश्य देख्दा रमाउदै । ७७

रमाइलो मान्थे बालक उनैका पछि लाग्दथे
मीठा शब्दहरु बोली चित्त तिनको बुझाउँथे
यसरी दिनभरै घुम्दै साँझमा गुरु छेऊ पुगे
कुन ठाउँ के कसो भन्ने बेली विस्तार सबै गरे । ७८

गुरुले चाख मानेर सुनेथे सब हाल खबर
नित्यकर्म गर्नका लागि गए ती नदीका किनार
ध्यानादि गरी फर्कन्थे जुन कोठा गुरु बस्तथे
गुरु औं आफूका लागि परेको काम गर्दथे। ७९

इतिहास कथा आदि विद्या अध्ययन गर्दथे
यत्तिकैमा बित्दथ्यो रात गुरुजी अनि सुत्दथे
गुरुका पाउ पक्रेर दुवैले पाउ दापदथे
पाएर गुरुको आज्ञा अनि मात्र ती उठदथे। ८०

सकेर गुरुको सेवा रामचन्द्र सुतेपछि
लक्ष्मणले दापदथे पाउ रघुनाथको त्यसै गरी
यसरी आफूको सेवा देखेर रघुनाथले
सुत बाबु बित्यो रात भन्दथे प्रिय शब्दले। ८१

रामको पाउ छातीमा राखेर भाइ सुत्दथे
निदाई एक घडी मात्र लक्ष्मणजी अघि उठ्दथे
रामचन्द्र पनि उठ्थे गुरुभन्दा अगाडि नै
विश्वामित्र पनि उठ्थे शिष्यभन्दा पछाडि नै। ८२

जो हुन्छ कुलको दीप आचरण पनि शुद्ध छ
सेवा औ गुण जे जे छन् रामकै दिन मिल्दछ
उज्यालो नहुँदै उठ्थे गंगा स्नान आदि गर्दथे
फूल औ समिधा ल्याई गुरुका लागि राख्दथे। ८३

दिनदिनै देव पूजनलाई आवश्यक फूल नै थियो
खोजेर फूल क्यै ल्याऊ आज्ञा यो गुरुको मिल्यो
पाएर गुरुको आज्ञा राम लक्ष्मण प्रशन्न भै
राजाको वाटिका तर्फ गए ती भई उत्सुकै। ८४

मिथिलापतिको सुन्दर वगैचा फूलको थियो
स्वीकृति लिई मालीको पश्चातमा टिप्नु पर्दथ्यो।
थियो वाग अति सुन्दर विभिन्न फूल फुल्दथे
हजारौं पुतली आई फूलमा नित्य रम्दथे। ८५

लालुपाते गुलाफ चंपा मखमली अनि केमरा
ल्वाङ्ग फूल सयपत्री मंगले शुभ जातका
गुराँस सर्वदा फूल जाइ र कमला-सती
सम्झेर साध्य नै छैन नाम तिनका कति कति। ८६

बगैंचाको पछाडिमा अजायव घर एक थियो
पुराना र मरेका जीव सजाइएको त्यहाँ थियो
धर्मशाला अनि पौवा बनाएका प्रशस्त नै
अतिथी आदिका लागि राखिएको फलफूल नै। ८७

भजन किर्तन गर्नुका लागि अलगै छ महल पनि
भजन गर्न त्यहाँ जान्थे भक्तजनहरु मिली
गिरिजाको थियो मन्दिर सँगसँगै शम्भूनाथको
त्यहाँ छन् अरु धेर मन्दिर अर्को छ विश्वनाथको। ८८

वाटिका छ अति सुन्दर गर्दछन् वागको वहार
संसारमा पाइने फूल फुलेका छन् हजार हजार
गुराँश केवरा चम्पा गुलाफ जाई औ जुही
झाँगीएका कयौं फूल कतै नौ रंगी मारुती। ८९

राता नीला सेता फूल पहेला र नीला पनि
पाइन्छन् मिथिला देशमा संसारमै नहुने जति
विरुवा पनि छन धेरै टिमिला र पैयाँहरु
आँप औ जामुना लिच्ची प्रशस्त फलका तरु। ९०

केरा र सुन्तला ज्यामिर आरुले तरु शोभित
रुख छन फलले पूर्ण देख्दैमा मन हर्षित
दमौरा कागती चाक्सी गुएली अमलाहरु
भुँइकटहर रुखकटहर धेरै फलेका वनमा तरु। ९१

प्रकृतिको छटा देख्दा मस्त छन राम लक्ष्मण
मनोहर दृश्यले गर्दा संसारै स्वर्ग तत्क्षण
अति हर्षित अति गदगद राम औ लक्ष्मण पनि
राजाकै धर्मले गर्दा मिथिलाको छ उन्नति।९२

कुनै बेला अनावृष्टि मिथिला पुरमा भयो
जनतामा पऱ्यो आपद राजाले खेत जोत्नुभो
राजाले खेत जोत्दामा कन्या एउटै प्रकट भइन्
सुशिक्षा दिनका लागि कमलाले जन्म लिइन् । ९३

राजाका तपसाधनाले जगदम्बा तल ओर्लिइन्
लक्ष्मीले जनकलाई दर्शनै दिन देखिइन्
जानकी तिनको नाम राम्रो नाम मिथिलेशले
पुत्रीवत पालियो उनलाई हुर्काए अति प्यारले । ९४

केही दिन पछि नारदजी आएथे मिथिलापुरी
सीता नाम दिए उनले मनमा क्यै विचार गरी
जानकी वहुतै रम्थिन् सबैको प्यार पाउँदा
शिक्षा संगीत र गानामा चाख मान्थिन् सदा सदा । ९५

अतीव रुपकी खानी शक्तिकी पनि ती महान
दुर्गा हुन या त गायत्री स्वर्गकी सर्वशक्तिमान
शायद भक्त खुशी पार्न जगदम्बा देखापरिन
जनकको सत्यता देखि महलैमा तिनी बसिन ।९६

राखिएको थियो त्यहाँ पुरानो शिवको धनु
सानै उमेरमा तिनले उचालेकी विशाल धनु
अपूर्व शक्ति देखेर मिथिलापति छक्कपरे
उमंग हर्षले गर्दा शक्ति उनको प्रचार गरे । ९७

मिथिलापतिले भन्थे छोरी यी शक्तिशाली छन्
राखिएको धनु ठूलो खेलखेलैमा उचालिछन्
त्यसैले प्रण गर्दैछु जस्ले यो धनु तोडदछ
त्यसैले पाउने छ छोरी, प्रतिज्ञा सत्य संझन । ९८

प्रचार त्यै बेलादेखिन् विभिन्न राष्ट्रमा पुग्यो
स्वयंवर हुन्छ यो दिनमा तुरुन्तै मिति तोकियो
कैयौं राजा त्यहाँ आए सकेनन् धनु तोड्न
कमजोरीपनले गर्दा सकेनन् मुख देखाउन । ९९

अत्यन्त हर्षका साथ निम्ता धेरै पठाइयो
स्वयंवर हेर्नका लागि राम लक्ष्मण पनि ल्याइए
विभिन्न राष्ट्रका योद्धा, कैयौं आए कैयौं गए
शङ्करको धनु देख्नासाथ, योद्धा ती लज्जितै भए । १००

हार्नेले ठान्दथे मन्मा वीरको शक्ति हीन होस्
नसकून धनु त्यो तोड्न ईश्वरले प्रार्थना सुनोस्
दुर्गाले नदिए शक्ति कसको तागत चल्दछ
कसैले नसकून् तोडन आत्माले यही भन्दछ । १०१

टाढादेखि त्यहाँ आए कैयौं राजा कुमारहरु
जानकीको गरी दर्शन फर्किहाले खुरु खुरु
निंता पाई मिथिलेसको राजकुमार साथमा लिई
विश्वामित्र त्यहाँ आए जनकपुर हेर्न लोभिई । १०२

यात्रीले रामको रुप देख्दामा छक्क पर्दथे
विलक्षण रुपले गर्दा देवता हुन भनिठान्दथे
आगन्तुकहरुले त्यहाँ सुन्दर पुष्प टिपीकन
चढाएर दुवै भाइलाई फर्किन्थे धन्य भैकन । १०३

गर्दथे वहुतै चर्चा राजाको र सीताजीको
विचारै नगरी बोल्दा प्रण त्यो अपूरो भयो ।
राम लक्ष्मण दुवै भाइ प्रकृति दृश्यमा रमी
विभिन्न फूलको चर्चा गर्दथे ताजुवै भई । १०४

त्यसैबेला नजिकैमा सीताजी मुस्कुराउँदै
साथीका साथमा आइन् सामुहिक गीत गाउँदै
तारालाई नजिक राखी बीचमा चन्द्रमा बसी
देखिन्छ जति नै शोभा त्यस्तै शोभा सीता पनि । १०५

सुमुखी सुखदा माला चपला र रवि छटा
विमला कोकिला भामा कमला र शशिकला
राधिका कुसुम पुष्पा कान्ता चाँदनी शर्मिला
जानकीका प्रिय साथी नित्य खेल्ने ती सर्वदा । १०६

साथीका साथमा आइन् हाँस्दै खेल्दै खुशी भई
अति गंभीर थियो मुद्रा वसन्तको वहार सरी
केही दृष्टि गरी नीचा मन्द मुस्कान गरीकन
मानो वसन्तमा कोयल रमाए झैं खुशी मन। १०७

अक्षता फूल नैवेध धूपवत्ती थालीमा भरी
मिठाई मिश्री चाक्सी औ सुन्तला नरिवल पनि
बागमा एक जमात आए हरियो वनवृक्षमा
जानकीले दिइन् दर्शन सुवास्ना नव पुष्पमा। १०८

रति छ विहारी जनक दुलारी राजकुमारी आएकी
साथ सहेली चन्द्र जुनेली गीत सुनाउँदै आएकी
नूपुर छम छम झंकृत गर्दै हात्मा सज्जित थाल
साथ सहेली चादर झलमल गर्दै वाग विहार। १०९

मन्दगतिमा पाउ चाल्दै साथीहरूसँग मुसुमुस हाँस्दै
गौरी पूजा गर्नालाई मन मस्तीमा नजर फ़िराउँदै
जानकी आइन् साथी साथमा प्रकृतिलाई चकित गराइन्
वनमा फिर्ने जीवजन्तुलाइ उनकै रुपले मोहित पारिन्।११०

शशिगति थाक्यो देख्दा
झाँकी तारा विद्युत लजाए
या त कमलमा प्राण दिनालाई
रविले रश्मि ल्याए
जानकी हाँस्दै मन्दिर आइन्
गद्गद् भैकन नित्य रमाई
मिलिजुली पूजा गर्छन् सबले
विनम्र भैकन मंगल गाई। १११

एकाग्र मनले स्तुति गर्थिन्
मनले देवी पुकारी
अनुरोध गर्दै देवी पुकार्दै
गौरी पदमा शिर झुकाई
पूजा पश्चात फर्किहालिन्
हेर्दै सुन्दर फूल
चुनिचुनि कोपिला झर्दथे डाली
राम्रा राम्रा फूल। ११२

अति नै प्यारा मिल्दा जुल्दा
सीताजीका साथी
फुर्सद पाई सँगमा बस्थे
हास्थे खेल्थे खूब रमाई
एउटी साथी बकबक गर्थी
चंचले तिच्छरी चंखी
उसको उस्तो काम थिएन
हास्दै हिड्थी उत्ताउली। ११३

राम र लक्ष्मण उभिइरहेका
देखेर त्यो गइहाली
नजर परेथ्यो सुकमार माथि
विद्युत कंपी धडक्यो छाती
आकुल व्याकुल भैकन भागी
होश हवाशै सर्व गुमाई
सीताजीका सामुन्नेमा
आधा आधा शब्द सुनाई। ११४

सीताजीले सोध्दा केही भन्दिन
केही आफै दङ्ग छे
एक्लै हाँस्छे दङ्ग परेर
कोही नवुझ्न आफै बुझ्छे
तैपनि सोध्थिन जानकीजीले-
बताऊ के छ सत्य खबर
सुद्धि गयो कि बुद्धि गयो
कि छैन तँलाई केही सहूर। ११५

के भो तँलाई ? हास्छेस् यसरी
नशा पिइस कि भन्न छिटो
या त छट्पटि भोकले पाऱ्यो
तेरो चाला छैन निको
किन हो आज चंचल अति छस्
उत्ताउली भै बोल्दैछस्
चाला वाला राम्रो छैन
खाल्टोमा पर्नेछस्। ११६

कसले तेरो बुद्धि बिगार्‍यो
हास्दै हिड्छेस् एक्लै बोल्छेस्
कसले तँलाई चढायो
संझी संझी एक्लै बक्छेस्
या त कसैले लागु खुवायो
त्यसले गर्दा सुद्धि हरायो
भन्न भनिदे सत्य बताइदे
कसले यस्तो हाल गरायो। ११७

त्यस्ले भन्थी के भनौं
मैया यस्तो राम्रो हालखबर
सपना पूरा यो भैहालोस्
मनले गर्छु देव पुकार
दर्द मलाई छैन कुनै क्यै खास
बिरामी ऐले छैन
सुन्दर वागको माली देख्दा
आज मलाई शान्ति छैन। ११८

प्रसाद केही बाँड्नु भएमा
इच्छा माफिक वर मिल्नेछ
दरिद्री घरमा लक्ष्मीजीको
खुशीले गर्दा धन मिल्नेछ
शंका नमानी मैयाँ साहेव
जाऔं तिनलाई हेर्न छिटो
मौका पाउँदा जाऔं हेर्न
पछि पाउने छैनौं देख्नै पो। ११९

त्यसका अधुरा शब्द सुनेर
जानकी केही झर्किन लागिन्
वास्तव के हो सत्य बताऊ
केही गमीकन सोधपुछ गर्छिन्
आँखीभौले कस्तो कस्तो
विचित्र भाव देखाइ दिन्थी
सत्य कुरा जो भन्दछु मैया
एकक्षण पर्खनोस् त्यसले भन्थी। १२०

जानकी भन्छिन् स्वाँग फिजाई
नखरा मात्र देखाउँदैछस्
छिल्ली बोल्छेस् लाज पचाई
दाँत देखाईकन हास्छेस्
तेरा अधूरा शब्द सुनीकन
हैरानीमा अति पर्दैछु
पर्दा भित्र लुकिरहेको
रहस्य के हो भनी सोध्दैछु। १२१

तुल्बुल पार्दै आज मलाई
अप्ठ्यारो हाय नपार्
अर्कोलाई अल्मल पार्दै
वीच गंगामा नाउ नपार्
हाउडे तेरो बानी देख्दा
लाग्छ मलाई धेर उदेक
भक्किम्लोको काठ झैं पड्की
बोल्दा खेरी देख्छु त्रिलोक। १२२

सीतालाई छटपट पार्दै
खितिखिति हास्दै बोल्दथी त्यो
शान्त भैकन सुन्नुहोस् मैयाँ
जति जे देखें भन्दछु त्यो
मैया तिमीलाई सत्य म भन्छु
दुईजना सुकुमार आए
उनको रुपको छैन बयानै
तिनलाई देख्दा होस् गुमाएँ। १२३

जुन आँखाले तिनलाई देखें
वयान तिनको गर्न सकिन
तिनको सौन्दर्य राशी देख्दा
वेहोस भैकन मुर्छित भइन
यी आँखाले देखे तिनलाई
बयान तिनको गर्न सकिन
त्यस्ता रुपका सागरलाई
शब्दले व्यक्त गर्न सकिन। १२४

जुन साँचोमा तिनलाई ढाले
त्यसपछि साँचो टुक्रिहाल्यो
टुक्रा टुक्री पार्दै साँचो
दुष्ट कसैले फ्याकी हाल्यो
लौ हिड मैयाँ साथै जाऔं
जहाँ तिनी छन् देखाइदिन्छु
तिनको सुन्दर अनुहार देख्दा
अनुरक्त भई होस गुमाउँछु । १२५

तिनको सुन्दर अनुहार हेर्न
जानकी गइथिन् त्यस्कै साथ
उता राघव जानकी देख्दा
लक्ष्मणसँग क्यै गर्छन् वात
राघव भन्छन् अनुपम रुपले
हृदय मेरो झंकृत भयो
वसन्त आयो ब्हार ल्यायो
वन जंगल यो हरित गरायो । १२६

कोइली नाच्दै सुनायो
प्रकृतिलाई अब व्यूँझायो
त्यस्तै महनीय गाना सुन्दा
हृदय मेरो झंकृत पाऱ्यो
सुरिलो झंकार कानले सुन्छु
आँखाले त्यो रुप निहार्छु
लक्ष्मण मैले आफ्नो हालत
जसरी तसरी सम्हाली रैछु । १२७

सौन्दर्य उनको देख्दा खेरी
हृदय मेरो धड्की रहेछ
हृदय व्यथा यो भन्नै मुस्किल
मनको मनमै अड्किरहेछ
मौका हेरी कामदेव आफै
यस जगतिमा आइरहेछन्
मेरै मुटुमा विजुली चंकी
अंग अंगमा उर्लिरहेछन् । १२८

मैले सकिन मन बस पार्न
मुटु यो ढुक ढुक गरिरहेछ
मेरो मन पनि फुङ्ग उडेर
कहाँ कता के खोजिरैछ
सर्वोच्च सुन्दरी यस उपवनमा
मोहनी छर्दै आइरहिछन्
व्याकुल पार्दै मेरो मनलाई
मधुर गीत गाइरहिछिन् । १२९

सम्हाल्न खोज्दछु मनलाई मैले
उतिनै छटपट गर्दैछ
कोही कसैले दिल यो चोरी
अतिशय टाढा लाँदैछ
मेरै दिलले परनारीलाई
आमा बैनी संझिरहन्थें
त्यही दिलले तिनीलाई देख्दा
झण्डै अहिले यही लडेथें । १३०

निश्चय होइनन् ती मानव
पुत्री साक्षात देवी हुनुपर्छ
को होलिन ती किन तिनी
आइन कारण केही हुनुपर्छ
तिनको मोहनी रुपले मलाई
आकुल व्याकुल पारिरहेछ
सौन्दर्य तिनीको देख्दाखेरी
हृदय चन्चल पारिरहेछ । १३१

ऋषिमुनिबाट उपदेश सुनियो
त्यो पनि बिर्से जस्तो लाग्छ
नजिक गईकन तिनीको
अनुहार हेरौं सोधौं लाग्छ
रामले देखे जानकीलाई
उनले देखिन राघवलाई
यत्तिकैमा दुवै थरिका आँखा
चार भै प्रष्ट जुधाई । १३२

एकले अर्को अनुहार देख्दा
आफैलाई बिर्सन लागे
एक्कासि कोइ व्यक्ति आई
क्यै भन्छन् कि संझिन लागे
बोलौं बोलौं लाग्छ दुबैलाई
लाजले गर्दा वाक्य फुटेन
मुटुको चाल पनि धडकिन लाग्यो
जानै पनि ता पाउ चलेन । १३३

एउटी साथी हाँस्दै आई
जाऊँ अवेर भो भोलि आउला
सर्माईकन जानकी भन्थिन
केको भोलि आउन पाउँला
राघवलाई गुरुको भय छ
जानकीलाई आमाको
प्रेमको वन्धन पर्दा मर्का
पर्दछ धेरै आँखाको । १३४

झटपट घुम्टो खोल्दै गर्दी
राघवलाई सीता हेर्थिन्
चार आँखा जुध्दाखेरी
नयन बन्द जानकी गर्थिन्
रामका आँखा क्षण क्षणमै
जानकी देख्न खोजी गर्थे
नयन आफैं चिम्लिइन्थे
खोली रहून यी हरपल भन्थे । १३५

रघुनाथका सुन्दर आँखा
सीताजीका तर्फ थिए
चन्द्र लजाए जानकी देख्दा
एकटकले च्याइरहे
त्रिभुवनबाट जगदम्बालाई
बास बसाले व्रह्ममाजीले
या त सीतालाई सुम्पी दिएथे
सौन्दर्य खानी व्रह्ममाजीले । १३६

लक्ष्मणसँग बोल्छन् राघव
खूब सम्हाली आफ्नो छाती
जानकीजीको अनुपम कान्ति
चन्द्र लजाउने अनुहार देखी
जनक कुमारी यिनी नै रहिछन्
रुपकी राशी छविधाम
स्वयंवर हेर्न दिइयो निम्ता
जानकी यिनको शुभनाम । १३७

आज यिनैको स्वयंवर मेला
महोउत्सव भव्य हुनेछ
गुरुका साथमा उत्सव हेर्न
धनुषयज्ञमा गइनेछ
यही वेलामा दाहिने अंग
विहानैदेखि फरफर गर्छ
दाहिने अंग फरफर गर्नु
यो पनि राम्रो शुभ संकेत । १३८

हाम्रो धर्म र इज्जत होइन
यस्ता सुन्दरी ताक्नालाई
नबसौं अब ता चाँडै जाऔं
समय पनि भो पूजालाई
के कारणले बेर लगायौ
हाम्रा गुरुले सोधनी गर्लान्
फूलका लागि तिमी गएथ्यौं
अवेर आयौं गुरुले भन्लान् । १३९

यस्तै यस्तै वातचित गर्दै
हिंड्दै गर्थे राजकुमार
सीताजीका नयन वाणले
घायल भएका रघुवीर
सूर्यवंशी कुमार देख्दा
जानकी भइथिन पूर्णसुखी
सीताजीका कमल नयनले
राघव भएथे सर्वसुखी । १४०

राघव रामको रुप राशीले
मिथिलेश्वरीनै छक्क परिन्
जीवन वनको सारा व्यवहार
– प्रेमले गर्दा बिर्सी सकिन
विष्णु समानै तेज प्रकाशले
आफै बिर्सिन राजकुमारी
सुन्दर अनुपम ज्योति प्रकाशले
आँखा चिम्लिन राजकुमारी ।१४१

चतुर सखीले तुरुन्त सोधी
के भयो सीता तिम्रो हालत
सुद्धि हरायौ बुद्धि हरायौ
पहिले आफ्नो देह सम्हाल
प्रेमाङ्गणमा आजैदेखि तिमीहरु
दुईको आरंम्भ भएछ
कारण बुझियो मौन भएको
चिन्ता परिले वास गरेछ । १४२

हास्नु बोल्नु शून्य गरायौ
के कारणले तिमी सुर्तायौ
किन दुई आँखा चिम्ली चिम्ली
उज्ज्वल ज्योति मलीन गरायौं
या त कसैले मन चोऱ्यो कि
चोरी गरेरै काँही भाग्यो
या त तिमीले कोही देख्यौ
जसले तिमीलाई मोहित पाऱ्यो । १४३

खोलन खोल आँखा खोल
साथी संझी गर्छु पुकार
गिरिजासँग गै बरदान माग
हेर त्यहाँ छन् राजकुमार
मिथिलेश्वरीले शंकोच गर्दै
खोलिदिइथिन दुइटै नैन
आँखा खोल्दा कोही नदेख्दा
युवक हराई लाग्यो वेचैन । १४४

वृक्ष पछाडि उभिइ रहेका
वरिपरि हेर्थे राजकुमार
हृदय मिलेको युवक नदेख्दा
जानकी हृदय हाहाकार
निराश भएकी तडपिरहेकी
दुई आँखाले खोजिरहेकी
खोजिरहेको व्यक्ति नदेख्दा
दुखित भैकन झोक्रिरहेकी । १४५

चिन्तित भैकन जानकी हेर्थिन्
छेकिएका दुईटै भाइ
पार्वतीजीले दर्द बुझेरै
झट्ट देखाइन राघवलाई
लता पछाडिबाट तुरुन्तै
देखिइहाले दाज्यू र भाइ
मौका छोपी सखीले झट्ट
हेर त्यहाँ छन् भनी औल्याई । १४६

राघवलाई मनमा राखी
गर्छिन् सीता रामकै ध्यान
रामकै लागि तत्पर हुन्छिन्
समर्पण गर्ने आफ्नो प्राण
सीता नदेख्दा राघवजीका
नयन भएथे अति प्यासी
पियुषपूर्ण अनुराग भरि
जानकी प्रेममा उदासी । १४७

लज्जाशाली लावण्यमयी
पूर्णचन्द्र झै जनककुमारी
गौरीजीको आसिक पाए
सीता हुनेछन् प्रेम पूजारी
दुईकै दिलमा प्रेम छ पूर्ण
भरिभराउ उत्तिनै नापी
एउटा दिलले खोज्दछ अर्को
ईश्वरले नै जोडी मिलायो ।१४८

वैदेही औ राघवजी
मन मनैमा हुन्छ प्रतिज्ञा
प्रेमी जोडी मौन मौनमा
गौरी गर्लिन् पूर्ण सदिच्छा
मिथिलेश्वरीले राघवलाई
ठाउँ दिएको छाती बीचमा
राघवले पनि जानकीलाई
सजिसजाएं मन मन्दिरमा । १४९

वैदेहीलाई भन्छिन् साथी
हिड घर जाऔं बेर भयो
तिम्रो अनुहार देख्छु मलीन
केले यस्तो हाल गरायो
भाव विभोर भै डुल्दा डुल्दै
एक अनौठा सपना देख्यौ
गौरी पूजा गर्दा गर्दै
आफ्नै हृदयलाई चढायौ । १५०

प्रेम व्यथा यो छोडी देऊ
अवेर भएछ जाऔं घरमा
निर्णय होला जाउँ पक्का नै
भोलि सबेरै आउँला यहाँ
शब्द व्यंग्य सुन्दा खेरी
चित्त दुखाई हिड्छिन सीता
फर्कि पछाडि हेर्थिन सीता
दिक्क भएरै घरतिर जाँदा । १५१

साथी उनका हिंडथे सरासर
जानकी छिटो हिड्न सकिनन्
सर्मले गर्दा विरह व्यथा
त्यो साथीलाई भन्न सकिनन्
पर्खन साथी किन अघि जान्छौ
हिड्न नसक्दा मन आत्तिइन्छ
छोडी मलाई यसरी भागदा
देख्नेहरुले पनि के भन्छ ? । १५२

हिड्दा हिड्दै साडी मेरो
काँढा झ्याङमा अल्झिरहेछ
तिमीहरु यसरी छोडी हिड्दा
मेरो मुटु यो तड्पिरहेछ
बाटो वीचमा एक्लै छोडी
तिमीहरु यसरी किन दौड्न्छौ ?
एक्लै दुक्लै हिडिन म कैल्यै
धोका यसरी आज दिदैछौ । १५३

अल्मलिएकी जानकी देख्दा
साथी हास्दै उभिरहे
दुईटी साथी के के भन्दै
वैदेहीका नजिकै ती गए
काँढा झ्याँगको वहाना पार्नु
झूठ कुरा हो बिर्सिजाऊ
भूल भूलैया प्रेमै होला
घर जान्छयौ ता चाडै आऊ । १५४

जानकी तिमीले किन झूट वोल्छयौ
तिम्रो मनमा को छ लुकेको
सत्य कुरालाई मनमा राखी
झूठ कुरा त्यो गर्नु परेको
दोष नदेऊ काँढालाई
तिम्रा मनलाई प्रेमले सतायो
प्रेमको शुरु आज भएछ
त्यसले तिम्रो होश गुमायो । १५५

गौरी पूजा निंति आयौ
प्रेम पूजारिनी तिमी बन्दैछौ
प्रेम लतामा अल्झिरहिछौं
कण्टकलाइ दोष दिदैछौं
घर जान्छौ ता लौ हिडिहाल
जान्नौ भने हामी जान्छौं
सारी सम्हाल्नु प्रेम सम्हाल्नु
हामी एकै क्षण डुल्दै गर्छौं । १५६

सीता फर्किन गौरी मन्दिर
विनय गरिथिन् देवी पुकारी
प्रार्थना गर्थिन् मनले धेरै
दर्शन गर्थिन् माथ झुकाई
गौरी माता विन्ति म गर्छु
मेरो मनको आश पुऱ्याऊ
हे जगदम्बा कृपा गरीकन
भिक्षा माग्छु झोली भरिदेऊ। १५७

बिन्ति बिसाउन संकोच लाग्दछ
तर पनि गर्दछु तिम्रै आशा
प्रशन्न होऊ हे जगदम्बा
पूर्ण गराऊ यो अभिलाषा
हे जगजननी उपहार चढाउछु
यही वरमाला आज
देवी तिमीले बचाई दिनेछौ
यो वरमालाको लाज। १५८

चित्त छ मेरो उनै राममा
गर्दछु मैले उनकै ध्यान
वरमालाको समग्र हुनाले
आऊ जननी झट्ट त्यहाँ
विरह व्यथाले मन यो रुन्छ
राघव मात्र मैले देख्छु
मेरो मागलाई पूर्ण गराऊ
गिरिजा किशोरी आशा गर्छु। १५९

वैदेहीका विनय पुकार्ले
मुस्कुराइन गिरिजामूर्ति
मिथिलेश्वरीको मधुर स्तुतिले
मन्दिरबाट देवी ओर्ली
गौरीमाता मुसुमुसु हास्दै
जानकी शिरमा राखिन हात
प्रशन्न भैकन उदारमनले
गौरी दिन्छिन् आर्शिवाद। १६०

धन्दा सूर्ता केही नमान्नु
मेरो आसिक सफल हुनेछ
नारदजीका अमृतवाणी
सदा सदा नै सत्य हुनेछ
आशय तिमीले जसको गर्छ्यौ
उसले पक्कै अपनाउनेछ
शंका कति नलिई जाऊ
इच्छा तिम्रो पूर्ण हुनेछ। १६१

राघव चित्र मनमा सजाई
पार्वतीजीको आसिक पाई
हर्षित भैकन जानकी फर्किन्
गौरीजीको आशय पाई
राम र लक्ष्मणले हेर्दा हेर्दै
सुन्दरी सीता घरमा फर्किन्
साथीहरुसँग हाँस्दै रम्दै
राघव रुपको तारिफ गर्थिन्। १६२

जवता जानकी देखिन छाडिन्
निराश छायो राघवमा
दाज्यूभाइ वातचित गर्दै
जाने तयारी छन् आश्रममा
वैदेहीको चर्चा गर्दै
राम र लक्ष्मण आश्रम आए
रामचन्द्रले जे जो देखे
विश्वामित्रलाई बताए। १६३

गुरुले भन्थे राघवलाई
ऐले सब काम अधूरो छ
रघुकुलभूषण इच्छा तिम्रो
अब चाँडै नै पूर्ण हुनेछ
जानकीजीको स्वयंवर हेर्न
निम्ता पाई आइरहेछौं
धनुष यज्ञ भोलि हुदैछ
त्यस्मा हामी सफल हुनेछौं। १६४

विविध घटेका वातचित गर्दा
पर्नै लाग्यो जब ता साँझ
सन्ध्या आरती गर्ना निम्ति
तयार भएथे लक्ष्मण राम
पूर्व दिशामा चन्द्र उदाए
विश्वभरिमा उज्ज्वल छायो
ठीक त्यहीवेला राघव दिलमा
सीताजीको याद दिलायो । १६५

नीलाकाशमा चन्द्र र तारा
झलमल गर्छन् शितल छाई
संझनाले उकुस मुकुस भै
भन्छन् राघव लक्ष्मणलाई
पूर्व दिशामा चन्द्र उदाए
सौन्दर्य शोभा देखिन्छ
मिथिलापुरको जानकीभन्दा
चन्द्र मलीनै देखिन्छ । १६६

चन्द्रवदना भनौ सीतालाई
उपमा झूठो ठहरिन्छ
चन्द्र सदा नै दागी छन् ता
जानकी सफा देखिन्छिन्
पूर्वाकाशमा चन्द्रमाले
अतिशय उत्तम शोभा पाए
जानकीको सुन्दर छवि देख्दा
चन्द्र अधिक लजाए । १६७

चन्द्र मलीन दिनमा हुन्छन्
सीता हरघडी उज्वल छन्
कमल सुखदायी चन्द्र भनिन्छ
जानकी सबकी सुखदायी छन्
शरद ऋतुमा चन्द्र प्रिय छन
जानकी हरदम प्यारी छन्
चन्द्रमा कालो दाग छ
सीता निर्मल ज्योति छन् । १६८

राहुद्वारा चन्द्र त्रसित छ
जानकी कोहीसँग त्रसित छैनन
चन्द्र घट्ने बढ्ने हुन्छन्
सीता घटबढ कहिल्यै हुन्नन्
चन्द्र नंगा छन् निर्भूषण छन्
उनी गहनाले शोभित छन्
चन्द्र बराबर घट्ने बढ्ने
राजकुमारी उज्वल छन् । १६९

जानकीजीको रुपको तारिफ
राघवजीले गर्ने गर्थे
विरह व्यथाले मुटु धडकायो
मनले के के सोचिराख्थे
कहाँ गइन् ती कहाँ गइन ती
भन्दै राघव व्याकुल हुन्थे
हेरन भाइ तिनी कहाँ छन्
लक्ष्मणलाई रामले सोध्थे । १७०

जानकी छवीले मुग्ध भईकन
लक्ष्मणसँगमा वातचित गर्थे
ठीक त्यै बेला गुरुजी आए
राम र लक्ष्मण चुपचाप लागे
रात्री बितेछ प्राणी सुतेछन्
आँखा वरिपरि नीद झुलेछ
तिनकै सुन्दर छवि आएर
आँखा नजिकै बास बसेछ । १७१

सूर्य किरणले विश्वभरिको
तिमीर भगायो रश्मी छायो
प्रकृति देवीले आँखा खोलिन्
कमल फुल्ने मौका पायो
सुत्ने प्राणी विंझी हाले
उडुगण सारा मलीन भए
फूलवारीमा कोइली गाउँछे
दिनमा उलूक दीन भए । १७२

रघुनन्दनका शब्द सुनेर
बोले लक्ष्मण राजकुमार
जवाफ यसको दिन के सक्छु
तैपनि गर्छु विनय पुकार
सुख दुख प्रदान गर्छन् रविले
तिमीता सुखका दाता हौ
दिनमा मात्र रवि रम्ने छन्
तिमी सदाका साहेक हौ । १७३

भास्करलाई डरछ राहूले
तिमीले निश्चर सारा मार्छौ
रविको हुन्छ गरम स्वभाव
तिमी गरमी औ नरमी हुन्छौ
सूर्योदय पूर्व हुँदामा
तारागण नै मलीन भए
त्यस्तै तिम्रो आगमनले
राजा रजौटा बलहीन भए । १७४

यदि जानकी हुन धरतीकी छोरी
तिमी सूर्य वंसी कुलका हौ
जानकी भन्दा तिमी नै
उच्च उज्वलताका नमुना हौ

हिमालबाट झर्दै झर्दै
नदी बगी सागरमा मिल्छन्
जनक-नन्दिनी नदी रुप भएमा
तिमीलाई सागर भन्छन् । १७५

भक्तहरुको हृदय कमल समान
तिमीपूर्ण भुवन भास्कर हौ
यदि सीता चन्द्रभन्दा बढी छन् ता
तिमी सूर्यभन्दा बढी छौ
जानकी जनक दुलारी हुन
तिमी दशरथ नन्दन हौ
उनी लक्ष्मीभन्दा उज्वल भएमा
तिमी विष्णुभन्दा बढी छौ । १७६

वैदेहीभन्दा सर्वकुरामा तिमी
घटी छैनौ बढीनै छौ
सर्वव्यापी भैकन शक्तिवान छौ
यसरी किन चिन्ता गर्छौ
लक्ष्मणजीका सही शब्दले
मुस्कुराए राघव राम
हामी सबैले नित्य निरन्तर
मनमा राखौं सीताराम । १७७

सबैको धर्म हो एकै, त्यही हिन्दू र बौद्धको
मुस्लिम जैन औ क्रिश्चिन, साराको धर्म त्यही हो ।

धर्म धर्म सबै भन्छन् सम्झदैनन् कुनै पनि
आचरण जसको शुद्ध, सत्य धर्म त्यही भनी ।

ईशको कानूनै सबले, पालनै गर्नु पर्दछ
यदि मान्दैनता कानून, दण्डित त्यो हुनु पर्दछ ।

# धनुष यज्ञ

राजाको सन्देश सुनाए सतानन्द त्यहाँ आएर
धनुषयज्ञ निंतिमा राजाको संचार लिएर
गुरुको आज्ञा पाउनासाथ लक्ष्मणसाथै श्रीराम
सीताको स्वयंवर हेर्नलाई गुरुका साथमा गए राम ।१

गुरुका साथै दुवै भाइ तोकेको ठाउँमा आएथे
कुमारको रुप देख्दामा आश्चर्य चकित भएथे
चकित भए कुनै कोही थकित भए कुनै कोही
जजसको जे छ भावना देखिन गयो त्यो त्याही । २

प्रत्यक्ष वीर देखेथे वलशाली वीर भूपालले
कसैले देखे भयानक कुटिल महीपालले
रामको रौद्ररुप देखे कपटी असुरहरुले
अनुपम श्रृंगार रुप देखे मिथिला वासीहरुले । ३

विभत्स रुपै देखेथे विभत्सी धेरे सबैले
करुण छवि देखेथे मिथिला राजा रानीले
साक्षात शान्त रुप देखे योगी र साधु ज्ञानीले
साक्षात विष्णुरुप देखे विष्णुका भक्त ज्ञानीले । ४

कसैले देखे अद्‌भुत रुप कसैले शान्त रुप देखे
हसिला देखे साथीले कविले सहश्र रुप देखे
यसरी विभिन्न व्यक्तिले विभिन्न छवि देखेथे
सुन्दर किशोर दुवैमा सौन्दर्य राशी देखेथे । ५

लक्ष्मणका साथ श्रीराम आएथे रंगभूमिमा
सौन्दर्य देख्दा चकित भै घुमाए नजर दुवैमा
माथि र तल मिलाई विभिन्न दर्जानुसार
आ-आफ्ना ठाउँ बसेर हेर्दथे राम्रो संसार । ६

वेगिन्ति राजा आएका मन्चमा शोभा पाएका
त्योभन्दा सुन्दर आसनमा दर्वारका नारी बसेका
तलतिर मन्त्री साथमा ली राजाको भव्य आशन
सँगसँगै खाली ठाउँमा रत्नले जडित सिंहासन ।७

दशरथ कुमार दुवैले प्रत्येक ठाउँ हेरेर
शंकरजीको धनुषमा सरसर्ती दृष्टि दिएर
हेर्दथे सबै राजालाई लक्ष्मणका तीखा नजरलें
सीताको खोजी गर्दथे रामका चंचल लोचनले । ८

श्री विश्वामित्र आइपुगे राम र लक्ष्मण साथमा
स्वागतका लागि उठेथे जनक राजा रमाई
अगाडि विश्वामित्रजी पछाडि लस्कर मुनिका
निम्तालु सबै लोभिन्थे सौन्दर्य देख्दा किशोरका । ९

राजाले स्वागत गरेरै यज्ञको कुरा बुझाए
उनैका साथमा गएर रंगभूमि पनि देखाए
त्यसपछि दुवै कुमारले गएर त्यहाँ हेरेथे
कुमारको रुप देख्दामा सारा नै छक्क भएथे । १०

विचित्र रंगभूमिलाई देख्नेले यही भन्दथे
त्यो भूमि देख्दा स्वर्गका देवता पनि रमाउथे
भन्दथे राजा जनकजी श्री विष्णुजीको कृपा हो
हामीले केही सक्दैनौं श्री भगवानको प्रताप हो । ११

पाहुनालाई बताए सुन्दर मञ्च देखाए
विशाल मञ्चको आशनमा कुमार दुवै बसाए
त्यैबेला रनिवासबाट मधुर गीत गाइयो
बाजाको मधूर ध्वनिमा उत्सव राम्रो मनाइयो । १२

समुचित बेला संझेर बोलाइयो राजकुमारी
लिएर साथी सहेली आएकी सीता पियारी
झिलिमिलि सीता सिंगारी छम्छम् पायल बजाई
विस्तार आइन् सीताजी कुमार देख्दा लजाई । १३

भन्दथे साथीहरुले विस्तारै हिड पियारी
हेरन रंगभूमि त्यो छाइएको उत्तम वहारी
विभिन्न देशका राजाले गरेर राम्रो श्रृंगार
मिथिलापुरमा आएका अति नै उत्सुक भएर । १४

फर्केर उता हेरन दशरथ राजकुमार
भूपालकुमार आदिको शोभा छ यहाँ अपार
सौन्दर्य देख्दा सीताको मोहित थियो संसार
श्रष्टाको श्रृष्टि संसारमा देखिन्छ महाअपार । १५

आइथिन सीता प्राङ्गणमा सौन्दर्य आफ्नो झल्काई
यो विश्वभरकै सौन्दर्य उनले प्राप्त गरेकी
रुपकी खानी सौभाग्यशाली वरदान पाएकी
उपमा दिनै नमिल्ने कुनै जनक दुलारी । १६

जानकी जस्ती अद्वितीय कली कतै भेटिदैन
वत्तिस लक्षिणयुक्त नारी संसारमा छैन
मनोच्छामा तुलना गर्दा वदनामी धेर हुन्छ
विश्वविख्यात दुर्गाजीको तुलना कहाँ मिल्छ । १७

कविले आफ्नो लेखनीमा उपमा कुनै छैन
जानकी जस्ती उज्वल नारी जन्म हुने छैन
त्रिदेवीलाई उपमा दिदां गौरी अर्धाङगिनी
रतिसँग तुलना गर्दा अनंगकी पत्नी । १८

वाचाल देवी सरस्वती शचि कलंकिनी
लक्ष्मीसँग तुलना गर्दा विषैलिकी वैनी
लोक एवं परलोककी अद्वितीय देवी
आदिशक्ति महादेवी सर्वशक्ति देवी । १९

जानकीलाई जे जे भन्छौ त्यसमा केही छैन
सत्य कुरा भन्दा खेरी मिथ्या हुने छैन
रौनक छायो भूमि सबै जगमगायो कैलाश
त्यसवेलामा रंगभूमि चारैतर्फ प्रकाश । २०

सीता त्यहाँ आउँदै थिइन् हातमा वरमाला
शर्माएर हिड्दै थिइन् पृथ्वीमा आँखा
प्रथम पटक दृष्टि दिइन् तल्लो लहरलाई
दोश्रो पल्ट दृष्टि दिइन् माथि लहरलाई । २१

मध्यवीचको आशनमा विश्वामित्र थिए
कोशलका राजकुमार ऋषि साथै थिए
राघवको रुप थियो सूर्य जस्तै तेजी
संसारको भण्डारमा रुपका थिए ज्योति । २२

जानकीले फर्कि राघवलाई हेर्थिन्
रामचन्द्रको अनुहारमा उत्तम छवि देखिथन्
प्रेमपूर्ण शर्माएका उनका नजर थिए
दुबैथरी शर्माएका आँखा जुधिहाले । २३

जानकीले राघवलाई धोको पुर्याई हेरिन्
राघव रुप देख्दा खेरी शर्माएर फर्किन्
त्यै वेलामा उद्घोषकले शाही सन्देश ल्यायो
मध्यभागमा उभिएर ठूलो स्वरले बोल्यो । २४

महिपालले सुन्नु हवस् शाही सन्देश यो छ
सौर्यशक्ति यसैवेला सबको जाचिने छ
युगौंदेखि शंकरको राखिएको धनू
जस्ले त्यस्लाई उचाल्ने छ उत्तम वीर भन्नू । २५

त्यसैलाई छोरी दिने इच्छा महाराजको
शक्ति जाँच्ने इच्छा हुंदा आज बोलाएको
शक्तिशाली वीर योद्धा पालो गर्दै आऊ
आफ्नो शक्ति कत्तिको छ ऐल्यै देखाइदेऊ । २६

त्रिलोकको शक्तिशाली वाणासुर आयो
देख्नासाथै शिवधनु दर्शन गरी फर्क्यो
त्यस्तै गरी रावण आई सक्दो कोशिश गऱ्यो
सिन्को डेग नचल्दामा शर्माएरै भाग्यो । २७

संसारमा वीर होलान् भन्ने संझिएर
मिथिलेसले प्रण गरे गौरव ठानिएर
भूपतिको मुख्य प्रण धनुद्वारा पूर्ण
धनु तोड्ने वीरलाई छोरी गर्ने अर्पण । २८

शंकरको विशाल धनु हेर्नु प्रागंणैमा
उभिएकी सीतादेवी माला लिई हातमा
आर्यवीरको भाग्यलाई आजै जाँचिइन्छ
संसारका वीरहरु आजै चिन्हिइन्छ । २९

कुन हो वीर कुन हो धीर सबै यहाँ आउने
जसले धनु तोड्न सक्छ त्यसले सीता पाउने
शेरका साम्‍ पर्नलाई श्यालको शक्ति छैन
शंकरको धनुष तोड्न जो कोही सक्नेछैन । ३०

वन्दीजनको भाषणले सबलाई जगाई दियो
शंकरको धनुष तोड्ने मनमा फूर्ति आयो
भूपवर्ग धनुष तोड्न पालै पालो आए
रंगभूमि तर्फ सबै हाँस्दै हाँस्दै गए । ३१

बाजा गाजा जोडका तोडले खूब बजाइन्थे
शक्तिशाली योध्दा वीर आशा गरी जान्थे
कैयौं राजा उत्साहले कैयौं आशापूर्ण
धनुष तोड्न नसक्दामा अहं भयो चूर्ण । ३२

संसारका नामी राजा प्रांगणमा आए
शक्ति आफ्नो विफल हुंदा लजाएरै फर्के
कैयौं आए कैयौं गए मुखले धक्कू लाए
आफनो शक्ति कस्ती हुंदा मुखै छोपी फर्के । ३३

फूर्तिसाथ धनुषको नजिकमा जान्थे
महाकाय धनुष देख्दा ज्यादै मलीन हुन्थे
जति कोशिश गर्दा पनि धनुष चल्ने होइन
संसारका वीरबाट धनु उचालिन्न । ३४

कैयौं राजा भूपतिको शक्ति जाँचिएछ
योध्दा वीरको फूर्ति देख्दा हल्ला मचिएछ
भूमि पनि काप्न लागिन् हलचल मचिदामा
शक्तिवानको शक्ति शून्य जुन संसारमा । ३५

फूर्तिसाथ वीर जान्थे शर्माएर आउथे
दर्शकहरु हाँस्न थाल्दा अपमानित हुन्थे
रावण जस्तो वीर योध्दा त्यै क्रममा थियो
सकेसम्म कोशिश गऱ्यो नसकेर फर्क्यो । ३६

पक्कै भाच्छु शंकरधनु भन्थ्यो वाणासुरले
डेगचलाउन नसक्दामा फर्क्यो तेसै पिरले
दर्शकहरु हाँस्न थाले फोस्रो फूर्ति देख्दा
संसारभरै शून्य भए शक्तिशाली योध्दा । ३७

अझै पनि बाजा बज्थे जोडका तोडै साथ
शंकरको धनुष तोड्ने देखिन्नथ्यो आश
आफ्नो प्रण नपुग्दामा राजा व्याकुल हुन्थे
अपशोचको तालमा डुब्दै राजा केही भन्थे । ३८

ठूला देशका राजा तिमी शक्तिशाली वीर
तिम्रो शक्ति शून्य देख्दा लाग्यो मलाई पीर
आफै ठूलो आफै वीर मुखले मात्र भन्छौ
पुरुषको नामै मात्र नपुंसक पो रै छौ । ३९

राजाहरु लाछी होलान् सुइको पाको भए
यस्तो कवोल गर्ने थिन दुःख लाग्छ हाय
संसारभरै दुर्नाम चल्यो इज्जत मेरो गयो
हुर्मत गयो वदनाम भयो कवोल बाँकि रहयो । ४०

आफनो कवोल भंग हुंदा धर्म सबै जान्छ
सीता बस्लिन् बूढी कन्या इज्जत मेरो बच्छ
राज्य बरु त्यागिदिन्छु प्रण पूरा गर्छु
सीता मेरी प्यारी छोरी कुमारी नै राख्छु । ४१

फर्क फर्क सबै फर्क दोश्रो कुरा हुन्न
प्रण मेरो तेसै रहयो पूर्ण हुने छैन
दुःखपूर्ण शब्द सुन्दा राजा शर्माएका
जानकीको सौन्दर्यले सबै लोभिएका । ४२

अफशोचकी परी आई मनमा गरीन् वास
जानकीको विवाह हुने देखिदैन आश
मिथिलेशका शब्द सुन्दा लक्ष्मण आगो भए
आफ्नो वंश हेपिदामा आँखा तर्दै थिए । ४३

लक्ष्मण उठे झोक्किएर कड्कि कडकि बोल्थे
रिसले धेरै क्रुद्ध हुदै पाइला पनि सार्थे
रघुवंशी वीर योध्दा सबले बिर्सिदियौ
योध्दालाई बिर्सिदामा इज्जत आफ्नै फाल्यौ । ४४

लक्ष्मणलाई रिस उठ्यो आँखा दुबै राता
रघुवंशै हेपिदामा धनुषपट्टि आँखा
तिता शब्द सुन्दा खेरी लक्ष्मण भए दिक्क
अपमानले बाँच्नु भन्दा प्राणै फाल्नु वेश । ४५

मान्यवरको आज्ञा विना लक्ष्मण मुर्मुरिन्थे
विस्तारसँग राघवका कान्मा केही भन्थे
मनको कुरा पोखौं भनी त्याँही उभिएका
ताक्दै थिए मण्डपलाई रिसले चुरिएका । ४६

व्रह्मचारी वीर दुवै शक्ति सीमित छैन
शक्तिबल यति उति नाप्न सकिदैन
माथ झुकाई रामचरणमा बोल्थे लक्ष्मुमन
सुन्नु हवस् मान्यवर्ग वोल्छु लक्ष्मुमन । ४७

सच्चा योद्धा सच्चा वीर तिरस्कारी हुन्नन्
आफूलाई हेप्दा खेरी चूप लाग्ने छैनन्
सूर्यवंशी वीरलाई हेप्न सकिदैन
उल्टो सुल्टो व्यंग्य शब्द सुनाइहाल्नु हुन्न । ४८

राघवलाई देख्दा देख्दै भूपतिले हेपे
भूपतिका दृष्टिकोणमा सबै लुते भए
जैलेसम्म भूमि हुन्छ वीर त्यहाँ हुन्छन्
मेदिनी नै छैन भने वीर शून्य हुन्छन् । ४९

सुन्नुहवस् सूर्यमणि सुन योध्दा वीर
तिरस्कारी शब्द सुन्दा उठ्छ ज्यादै रिस
क्षत्री वीरले यस्ता शब्द सुन्न सक्ने छैन
यस्ता वाण आई लाग्दा चूप लाग्ने छैन । ५०

सूर्यवंशी देख्दा देख्दै वीरै शून्य भन्छौ
हामीलाइ हेपीकनै गल्ती शब्द बोल्छौ
कप्टीपना छैन मनमा जस्तो देखें भन्छु
मान्यवरको पाउ छोई आज्ञा पाऊँ भन्छु । ५१

मान्यवरको आज्ञा पाए शक्ति देखाइदिन्थे
यो धनुषको कुरै छाडौं विश्व उठाइदिन्थे
यस्तो थोत्रो धनुषलाई पलमै भाँचिदिन्छु
टुक्रा टुक्रा पारीकनै तितर वितर पार्छु । ५२

आकाशका तारा तोड्छु पर्वत फोडिदिन्छु
सागरको सारा पानी क्षणमा सुकाइदिन्छु
कठीन भन्दा कठीन कार्य मैले गर्न सक्छु
गुरुवरको आज्ञाविना लाचारीमा पर्छु । ५३

मक्किएको धनुष यो छ यसको गिन्ति छैन
अंगुलीले उठाइ दिन्छु केही चाहिदैन
यसको लागि प्रचूरता यै औलामा पूर्ण
आकाशमा पुऱ्याई दिन्छु धनुष पारी चूर्ण । ५४

लक्ष्मणका शब्द थिए मुटु छिया पार्ने
पृथ्वी नै डगमगाई सबै डुबाइ दिने
सभासदै शुन्य छायो धर्ती आकाश काम्यो
भूपालवर्ग जिल्ल परे शर्म ज्यादै लाग्यो । ५५

हर्ष विभोर जानकी भै जनक संकुचाए
रामचन्द्र मुस्कुराए दर्शक जिल्ल परे
राघवका संकेतले लक्ष्मण मौन भए
प्रांगणमा जोडका तोडले बाजा बज्न तागे । ५६

ब्रह्मर्षिले आज्ञा दिए कोशल किशोरलाई
मिथिलेशको शंकावीज मेटाइदिनेलाई
आज्ञा पाई ऋषिवरको आज्ञा स्वीकारेर
कोशल किशोर झट्ट उठे माथ झुकाएर । ५७

रंगभूमि ताल जस्तो राघव कमल जस्ता
भ्रमर आई गुन्जिदैछ राघव रुप देख्दा
हात जोडी महर्षिका पाउमा शिर राखे
विस्तार विस्तार प्रांगणमा उनले पाइला चाले । ५८

राघवलाई देख्दा खेरी रनवास छक्क भयो
सुनैनाको छातीवीचमा ढयांग्रो ठोक्न लाग्यो
बालक भने हठिरैछ धनुष ताक्न सक्ने
शिवधनुष तोड्छु भन्दै जिद्धि धेरै गर्ने । ५९

कस्ता कस्ता वीर आए देख्दै डराएर
शंकरको धनुष देख्दा फर्के लजाएर
लंकेश्वर वाणासुर योद्धा कैयौ आए
महाकाय धनुष देख्दा शर्माएरै गए । ६०

यस्तो सानो बालकबाट नपत्याइने काम
हेलचक्रयाई गर्दा खेरी जान्छ आफ्नो नाम
वदनामी त फैलिसक्यो छैन केही बाँकी
बालकले धनुष भाच्छ भन्दा हास्छन् जोरी । ६१

योध्दाहरु हारीसके बालकले के सक्छ ?
यस्तो काम गर्दा खेरी लोकले के पो भन्छ ?
आत्म मेरो भन्छ यही उत्सव बन्द गर्ने
प्रण आफ्नो तोडीकनै योग्य वर खोज्ने । ६२

सुनयनाले खुइय गर्दै मनको व्यथा पोखिन्
त्यै बेलामा मौका छोपी साथी आइ भन्छिन्
बालक भनि हेप्न हुन्न शक्तिशाली ती छन्
साना साना बालक पनि योद्धा वीर हुन्छन् । ६३

सानो ठूलो जस्तो होस शक्ति हुनु पर्छ
माहुतेले हात्तीलाई वशमा राख्न सक्छ
सूक्ष्म मात्रा औषधिले रोग निको पार्छ
सानो झिल्को आगो लाग्दा ठूलो नाश पार्छ । ६४

सानो एउटा वत्ती बाल्दा कोठै उज्ज्वल हुन्छ
सानो मन्त्र जपिदामा वसीभूत गर्नसक्छ
एउटा सानो वीज रोप्दा झाँगिएर जान्छ
सानो मात्रा विषले पनि ज्यानै लिन सक्छ । ६५

आत्मविश्वास गर्नु हवस् इच्छा पूर्ण होला
शंकरको महान धनु आजै तोडिएला
देख्दा खेरी बालकै छन् कार्य सिद्ध गर्छन्
यिनको शक्ति देख्दाखेरी सबै छक्क पर्छन् । ६६

यिनका पाउले कुल्चिदामा शिला व्यूतिहालिन्
श्रापबाट मोचन भई आफ्नै बाटो लागिन्
यिनैद्वारा राक्षस मरे कैयौं भागिहाले
बालकको शक्ति देख्दा कैयौं छक्क मान्थे। ६७

सुनयनाको चित्त बुझ्यो शंका दूर भयो
जानकीका मनमा भने प्रेम राशी बढ्यो
सीताजीका प्रेमदृष्टि राघवमा पर्थे
आत्तिएर धनुषतिरै क्षणमै आँखा पर्थे। ६८

भूपतिको प्रण कठिन मनले शोचिएकी
आफ्नो शिर निहुर्‍याएर देवी पुकारेकी
गणेशजीले पूर्ण गरुन् मेरो इच्छालाई
शंकरजीका साहाराले हरुन् गह्रौंगाइ। ६९

पार्वती हौ दयामयी अनाथकी माता
भरोशामा पर्न आएँ गौरीवर दाता
कामनाका माला गासी भेटी चढाउदैछु
रामलाई यो वरमाला पैह्राइ दिन खोज्छु। ७०

शंकरको धनू त्यो हो तिमी उनकी प्यारी
राघवले धनू तोड्न टुक्रा टुक्रा पारी
लाज शर्म त्यागिकनै वरदान यही माग्छु
राघवसँग विहा गरी जीवन सुखी पार्छु। ७१

शंकरको प्यारो धनू हलुङ्ग्याई देऊ
हात जोडी वरदान माग्छु पूर्ण गरीदेऊ
गह्रौपना बाँडी देऊ धनु हलौं होवस
राघवले छुनासाथै आफै उठी हालोस्। ७२

रामलाई मात्र देख्छु आँखा वरिपरि
रामलाई पाइन भने मर्छु हत्या गरी
मेरा प्यारा रामलाई मुटु वीचमा राख्छु
सपनीमा विपनीमा उनकै नाम जप्छु। ७३

चातकिनी जस्ती म छु स्वाती समान राम
चकोरिनी जस्ती म छू विमलचन्द्र राम
लोभिएका आँखा थिए रामतर्फ हेर्थिन्
ज्यादै कडा प्रण गरे पिताजीले भन्थिन्। ७४

के गर्दामा राघवसँग आफ्नो विहा होला
सुखसाथ बस्नु पर्ने एकबारको चोला
अन्तरयामी रामचन्द्र मनोभाव बुझ्थे
मिल्दो जुल्दो भाव हुंदा आनन्दमा झुल्थे। ७५

लोभिएर सीता हेर्थिन् मुहार रघुनाथको
संझिदामा दुःखी हुन्थिन प्रण पिताजीको
त्यसवेलामा भूपतिले कठोर प्रण गर्दा
मन्त्रीवर्ग थरथराए भीष्म प्रण सुन्दा। ७६

त्यही प्रण हीन भयो विद्धानका माझमा
शंकरको धनुष तोड्ने शक्ति देऊ राममा
वज्रभन्दा धेरै कडा शंभुजीको धनू
शरीरमा शक्ति नभै के गरेर भाच्नू। ७७

गौरी माता विन्ति गर्छु तिम्रै पाउ पर्छु
राघवमा धनुष भाँच्ने शक्ति देऊ भन्छु
यस्तै कुरा सझीकनै चित्त व्याकुल भयो
के के होला कसो होला भन्ने शंका लाग्यो। ७८

कैले धनुषपट्टि हेर्थिन कहिले राघवपट्टि
हृदयले माग्दै थियो दुर्गाजीको शक्ति
शोकाकुल सीता देख्दा चिन्तित भए राम
चिन्ता गर्दा हुन्न केही देखाइन्छ काम। ७९

धनुष भाच्न बढ्थे अघि आफ्नो ओठ टोकी
जानकीको उज्ज्वल छवि हेर्थे फर्किफर्की
चंचल नजर जानकीका राघवले देखे
आँख्-आँखाले वैदेहीलाई आश्वासनै दिए। ८०

मौका केही हेरीकनै लक्ष्मण शेष औतार
धर्तीलाई थिचीकनै भन्थे वारम्वार
रामले धनु भाँच्नु हुन्छ ऐलें उचालेर
धर्ती तिमी स्थिर रहू कत्ति नचलेर । ८१

शेष तिमी भूमिलाई राम्रोसँग बोक
क्षणभरैमा भूपतिको दूर हुन्छ शोक
धनुष भाच्ने इच्छा गर्दै राघव त्यहाँ पुगे
दर्बारका सारा मान्छे देउता भाक्न लागे । ८२

लक्ष्मणले फेरि भने राजा सबले हेर
राघवको शक्तिलाई राम्रोसँग हेर
सानो भनी हेपिराख्थ्यौ तिरस्कार गर्थ्यौं
संसारमा वीर योद्धा शून्य भए भन्थ्यौं । ८३

यस्तै कुरा गर्दा गर्दै पाउले धरा थिचे
राजाहरु शर्माएर टाउको निहुराए
शोकाकुल जानकीलाई रामचन्द्रले देखे
सीता पाउने आश पनि त्यै धनुमा देखे । ८४

तीर्खालागदा पानी नपाई प्यासी तेसै मर्छ
लाशलाई अमृत दिदा व्यर्थ खेर जान्छ
बाली नाली सुके पछि बर्षाद कामै छैन
बेला भागिसके पछि पछुताउनु छैन । ८५

यस्तै कुरा शोचीकनै जानकीलाई हेर्थे
हाम्रो इच्छा पूर्ण हुन्छ भन्ने अठोट गर्थे
जानकीको दर्शनले ठूलो शक्ति पाए
यो धनुषलाई टुक्रा पार्छु भन्ने मनले खाए । ८६

शंकरलाई छाती वीचमा राघवले राखे
झट्टपट्ट विशाल धनु रामले उठाइहाले
जमिनबाट विशाल धनु हात्ले छुनासाथ
विद्युत जस्तै चंकिहाल्यो रंगभूमि बीच । ८७

मानो अग्निज्वाला बनी आकासभरै घुम्यो
क्षणमा आकास झल्ल भयो भैमा खसी हाल्यो
खस्दा खेरी चर्र आवाज सबका कानमा आयो
त्यसै बेला विशाल धनु तीनै टुक्रा भयो । ८८

राघवले विशाल धनु मध्य भागमा भाँचे
आकाशवाट देवताले रामको गुण गाए
त्यै बेलामा देवताले फूल बर्षाएर
रामचन्द्रको महिमा गाए ज्यादै हर्षाएर । ८९

राजधानीमा नौवत बाजा घन्की बज्नलागे
अप्सरा औ देवी देउता सबै नाच्न लागे
फूर्तिसाथ बाजा गाजा जोड तोडले बज्थे
राजारानी नगरबासी हर्ष विभोर हुन्थे । ९०

दु:खी जीवन सुखी भयो कबोल पूरा भयो
भूपतिको मनको इच्छा बल्ल पूर्ण भयो
आमन्त्रित भूप सबै झोक्रिएर हेर्थे
आफू सबै हारेकोमा ज्यादै कुद्ध हुन्थे । ९१

ऋतुराजले मिथिलामा वहार बोकि आयो
मिथिलाको राज्य भरै हरियाली छायो
राजा प्रजा खिन्न थिए प्रणले गर्दा खेरी
प्रकृति नै मुस्कुराइन् सुखद बेला हेरी । ९२

मिथिलेशको जीवन ऋतु बल्ल मुस्कुरायो
तड्पिएको उनको छाती ऐले शान्ति छायो
विश्वामित्र सिन्धु जस्तै हर्ष लहराए
राघवको शक्ति देख्दा अति गद्गदाए । ९३

पूर्णेमाको चन्द्रलाई चकोरीले हेर्छे
त्यस्तै गरी लक्ष्मणले राघवलाई हेर्थे
जानकीको खुशियाली बयान साध्य छैन
रामरुप हेर्नलाई उनका प्यासी नैन । ९४

आज्ञा भयो सतानन्दको जानकी लौ आऊ
प्रशन्न भै राघवलाई माला लगाइदेऊ
जानकीजी शर्माएर पाउ चाल्न लागिन्
सौन्दर्यको राशी देख्दा शुद्धि हराई हालिन् । ९५

हातमा थियो फूलको माला सीता लाज मान्दी
प्रशन्न भै हिड्दै थिइन शर्माएर अड्दी
सुन्दर हात वरमालाले शोभा बढाएकी
हिर्दयश्वर देख्दा खेरी सीता लजाएकी । ९६

हातको हातै माला रह्यो शुद्धि हराएर
हर्ष विभोर सीता भइन आफै बिर्सिएर
राघव नजिक उभिदामा लाजले पूर्ण थिइन्
शर्म-भण्डार पूर्णभई कता पोखिदिन्छिन् । ९७

मूर्ति जस्तै स्थिर भई टक्क रोकिएकी
राम नजिक देख्दा खेरी होसै गुमाएकी
सीताभन्दा केही अग्ला कोशल किशोर थिए
जानकीको वरमालालाई शिर झुकाइदिए । ९८

दुबैजना आफ्ना ठाउँमा उभिएकै थिए
दर्शकहरु उत्सुक थिए मिनट गन्दै थिए
त्यो बेलाको यस्तो हालत आगन्तुकले देखे
झुक्किइन् सीता भन्ने वाक्य त्यहाँ गर्थे । ९९

जानकीका साथी मध्ये प्रेमवदा नामकी
सीताजीलाई घच्घच्याई हास्दै भन्न लागी
दुबैलाई बधाई दिन्छु हार पैह्राइदेऊ
उपहारमा रुप हेर्‍यौं माला लगाइदेऊ । १००

जसलाई तिम्ले हृदयमा प्यारपूर्ण राख्यौ
त्यसैलाई हातको माला खुशी भई लाइद्यौ
त्यो हृदयले पर्खि रैछ तिमीलाइ नै ताकी
दुईजनाको प्रेम बढोस् कामना छ यही । १०१

रामका बल्ले सक्दैनथे लोहा तुल्य धनू
शिवधनु भाच्न सक्ने त्यै माला हो भन्छु
फूलमा वास्ना रहेसम्म प्रेम बढ्दै जावस्
चन्द्रसूर्य रहेसम्म जोडी अटल रहोस् । १०२

प्रेमवदाका शब्द सुन्दा सीता शर्माएकी
हात बढाइ शर्माएर माला पैह्राएकी
मन्द मन्द समीर पनि त्यहाँ बग्दै थियो
हेर्न आउने दर्शकको ठूलो भीड थियो । १०३

त्यसैवेला नानाथरी बाजा बज्न लागे
भामिनी र साथीहरु आइ नाच्न लागे
ब्राह्मणहरु सज्जनले धेरैं दान पाए
दीर्घायु औ सौभाग्यको आसिक धेरै दिए । १०४

प्रेममाला रामलाई लगाइ दिएपछि
चारैतर्फ गुन्जित भयो मधूर हर्ष ध्वनी
राजकन्या फर्किहालिन् राजमहल तर्फ
त्यसैवेला हल्ला खल्ला चिच्याएका शब्द । १०५

क्रूर मूर्ख हाउडे वाउडे राजा त्यहाँ थिए
जानकीको सौन्दर्यमा लोभिएका थिए
राजकन्याले राघवलाई वरण गर्दा देखे
क्रोधित हुँदै जुर्मुराई लडछौ भन्दै गए । १०६

काली कुटिल राजा असुर क्रोधित निकै थिए
रंगभूमि चारै तर्फ लड्छौं भन्दै आए
सीतालाई पक्री ल्याऊ रामलाई वाध्नै पर्छ
धनुष कार्य सिध्दिसक्यो तर्वारको धार छ । १०७

हामी ज्युदा छंदा छदै जानकीलाई कस्ले
विहा गर्न सक्छ भने प्राण फ्याक्छ त्यसले
भूपति नै बालकको पक्ष लिन्छन् भने
राजालाई यसै ठाउँमा वाधिल्याउँछौं ऐले । १०८

मारी हाल बालकलाई ज्युदो राख्नै हुन्न
धर्ती धेरै तिर्खाएकी प्युछन् रगत टन्न
बकवाद ज्यादै सुन्दा खेरी भन्थे महीपाल
लाज शर्म पचाएर बजाउँछौं गाला । १०९

योध्दावीरको शक्ति पनि सबै देखिएको
बालकको हातवाटै धनु भाँचिएको
प्रण मेरो सिद्ध भयो बाँकी कुनै छैन
फूर्ति धाक लाउछौ तिम्ले मैले सुन्ने छैन । ११०

तर्वारको धाक लगाई गर्जी गर्जी हिड्छौ
इज्जतको ख्याल राख्नु बाझ्न मात्र सक्छौ
शक्ति बल शून्य रैछ बाझ्न मात्र सक्ने
आपसमा बाझी राख्छौ कसको शिर फोड्ने । १११

धनु भाँची टुक्रा भयो पूर्ण भयो काम
बेकारमा बाझ्न लाग्यौ लाग्दैनकी लाज
जंगली भै लड्न आउँछौ तर्वार देखाउदैछौ
तिम्रो शक्ति देखिसके लाज पचाउदैछौ । ११२

जाऊ सबै घरमा जाऊ काम कुनै छैन
इज्जतमा बस्ने व्यक्ति यस्तो बाझिदैन
आपसमा बढ्दै थियो यस्तैसँग उत्पात
नारी पुरुष हडबडाए बढ्दाखेरी वकवाद । ११३

जानकी र साथीहरु फर्के महल तर्फ
मुस्कुराउदै गुरुछेउ गए रामचन्द्र
आमन्त्रितको मूर्ख्याइले राजा दुःखित थिए
अर्कोतर्फ लक्ष्मण वीर रिसले जल्दै थिए । ११४

मूर्ख सबको वकवादीले लक्ष्मण क्रोधित भए
दुष्ट सबको सातो पुत्लो उडाई दिन्छु भन्थे
राघवको डर्ले गर्दा लक्ष्मण मौन थिए
रिसले आँखा राता भए ओठ कम्पित भए । ११५

मात्तिएका हात्ती फौजलाइ सिंहराजले हेर्दा
रिसले भरिपूर्ण भई हात्ती फौजै ताक्दा
त्यस्तै गरी लक्ष्मणले भूपतिलाई हेर्थे
फूर्ति गर्ने राजा सबै ध्वस्त पार्छु भन्थे । ११६

लक्ष्मणको क्रोध देख्दा सबै तर्सिहाले
निहू खोज्दै आउनेलाई गाली गर्नलागे
कस्को कस्को ज्यान जान्छ भन्ने सोचिएका
मूर्ख्याइले गर्दा खेरी ज्यादै आत्तिएका । ११७

हूल भयो भीड भयो चर्को स्वर थियो
मूर्ख राजा जम्जमाई हल्ला बढ्दै थियो
पर्शुरामले बाटो वीचमा सानो कुरा सुने
शंकरको धनु भाचे भन्ने कुरो बुझे । ११८

त्यसै वेला गाधीपुत्र त्यहाँ आई पुगे
पर्शुरामलाई देख्दाखेरि डरले काप्न लागे
पर्शुरामका शरीरभरि भष्म घसिएको
कैलो लामो कपालको जुरो बाँधिएको । ११९

मस्तकमा तिलक टिका रुद्राक्षको माला
बायाँ काँधमा दिव्य धनु दायाँ पट्टि फरसा
दुइटा बाँया हातमा थिए चढाइएको वाण
पर्शुरामका आगमनले भीडको बढ्यो शान । १२०

आँखीभौ नै महाकुटिल धनू सजे जस्तै
आँखा थिए ज्यादै राता अग्नि जले जस्तै
तपको प्रभाव तनको प्रकाश चारैतर्फ छायो
पर्शुरामको भेष देख्दा साक्षात् देउता लाग्यो । १२१

पर्शुरामको व्यक्तित्व नै तेजस्वीको रुप
सन्नाटमा आइपुगेका सारा देशका भूप
पर्शुरामको स्वागत गर्न भूप काम्दै जान्थे
आफू समेत पिताजीको परिचय दिन्थे । १२२

तपस्वीले भूपाललाई साधारणले हेर्थे
तपस्वीको दृष्टि पर्दा सबै भूप काम्थे
त्यै वेलामा मिथिलेशले शिर निहुराए
सीता पनि चरण परिन् उनले आसिक दिए । १२३

राम लक्ष्मण विश्वामित्र तीनै जना आए
पर्शुरामको स्वागतमा मस्तक झुकाइदिए
सबैलाई आसिक दिए प्यारले सुम्सुमाए
राघवको रुप देख्दा पर्शु चकित थिए । १२४

राघवका लोचनले विश्व मोहित हुन्थ्यो
उनका सुन्दर नैन देख्दा मनले केही गुन्थ्यो
अर्कोतिर भूप समाज ज्यादै घुँइचो देखे
एकक्षणसम्म चुप लागेर जनकसँग सोधे । १२५

नृपतिको घुइँचो देख्छु के हो यसको कारण
के कारणले उभिएका बताइदेऊ राजन
हात जोडी आफ्नो प्रण भूपतिले भन्थे
पर्शुरामले सबै कारण पत्ता लगाइसके । १२६

शिवधनुष भाँचिएको सुन्दा रिस उठ्यो
भाँचिएका धनुषपट्टि उनको दृष्टि पऱ्यो
त्यतिवेलै पर्शुरामले कड्किएर बोले
आगो जस्तै आँखा पारि सबै कुरा सोधे । १२७

मूर्ख जनक चाडै भन धनुष कस्ले भाँच्यो ?
स्वयंवरको निर्हु गर्दै कसले विनाश पाऱ्यो
भाच्ने व्यक्ति देखाईदेऊ त्यसको सातो लिन्छु
होइन भने यो राज्य नै चौपट पारिदिन्छु । १२८

चहल पलह रंगभूमि विग्रिसक्यो रंग
तपस्वीको आँखाबाट दन्किदैछ क्रोध
जनकराजा थर्र कामे उनको मुटु धड्क्यो
चित्र जस्तै उभिरहे बोली टक्क अडक्यो । १२९

जानकीलाई एकक्षण पनि बर्षौं लामो लाग्यो
पर्शुरामको क्रोध भने ज्यादै कडा लाग्यो
पर्शुरामको क्रोधदेखि सीता दुःखी ठानी
कोमलता दर्शाउदै बोल्थे रघुराई । १३०

जसले भाच्यो शंकर धनू त्यही प्यारो हुन्छ
जसले ठूलो अपराध गऱ्यो तिम्रै दास हुन्छ
गुरु कृपा पाउन सके विश्व हाक्न सक्थें
ब्राह्मणको कृपा पाए कार्य सिद्ध गर्थें । १३१

पर्शुरामले भन्थे त्यहाँ जसले सेवा गर्छ
सेवा गर्ने व्यक्तिलाई सेवक भनिइन्छ
वैरभाव गर्नेलाई वैरी भनिइन्छ
वैरीसँग संगत गर्न ज्यादै डराइन्छ । १३२

नाइके बनी आयौ होला तिमी क्षत्री दलको
नेता हौ कि के हौ भन सामुन्नेमा सबको
पर्शुरामका तीता शब्द लक्ष्मणले सुने
क्रोधाग्निले दन्किएर रिसले चूर भए । १३३

लक्ष्मण भन्थे संवादमा उल्टा पर्न जाला
राम्रो कुरा गर्न खोज्दा उल्टो अर्थ लाग्ला
कैले काही मीठो पनि तीतो हुदै जान्छ
मीठो बोली बोल्दा बोल्दै पन्छी थुनिइन्छ । १३४

ज्यादै मीठो बोली बोल्दा चिप्ले ठहरिन्छ
मीठो हुन्छ उखू टुक्रा आफैं पेलिइन्छ
पेलिएर थिचिएर टुक्रा टुक्रा हुन्छ
खरा रसै निकालेरै आफै धुलो हुन्छ । १३५

मीठो चीज खायो भने त्यस्ले खराव गर्छ
चिनी धेरै सेवन गर्दा मधुमेह बढ्छ
हामी ज्यादै दुष्ट रैछौं शिव धनु भाच्यौं
शिवधनु भाचेकोमा दण्ड भोग्न लाग्यौं । १३६

कैयौ धनु भाँचिसक्यौ कोही रिसाएन
थोत्रो धनू भाँच्दा खेरी निहू खोजिएन
थोत्रो धनू टुक्रियो त के काम रिसाएको
त्यस्कै नाम लिईकनै सारै गर्माएको । १३७

नयाँ धनु होला भनी यसो हेरिएको
छुनासाथै भाँचिएछ दोष देखिएको
त्यस्कै निहू खोजी खोजी बाझी राख्नु हुन्छ
तपाई जस्ता निहू खोज्ने संसारमा को छ ? १३८

लक्ष्मणका शव्द थिए अग्नि तुल्य जवाफ
पर्शूरामको छाती जल्यो रीसले पूर्ण तत्काल
रिसले दांत कट्कटाउंदै कैयौं गाली गर्थे
थप्पड खानै लागिस तैले भागिहाल भन्थे । १३९

वालकलाई मार्न हुन्न भन्ने विचार गर्थे
तेरा तीता शव्द पनि यी कानले सुन्थें
साधारणै व्यक्ति होइन क्रोधी महाँक्रोधी
यै पर्शूले कैयौ मारे क्षत्रीहरू खोजी । १४०

मेरै वाहूवलले मारें कैयौं क्षत्री राजा
निरन्तरै कुल द्रोही कार्तवीर्य राजा
हजार हात काट्न सक्ने वन्चरो नै यो हो
जस्ले मलाई चिन्दैनै त मूर्ख स्वाँठ त्यो हो । १४१

दशरथको पुत्र सम्झी तँलाई माफी दिए
वूढेसकालको सन्तान भन्ने मैले थाहा पाएँ
आमा बालाई दुःख नदे भन्ने अर्ति दिन्छू
यस्तै मूख लाग्छस भने शिरै गिंडी दिन्छू । १४२

हाँसी हाँसी सौमित्रले केही भन्न लागे
ठूलो सानो भन्ने छैन धनु त्यै हो भन्थे
क्रोधी व्राह्मण देवतालाई सुझाव केही दिन्छु
क्रोधै कुनै भूषण होइन फ्याकी देऊ भन्छु । १४३

क्षत्रीहरू रणमा जाँदा क्रोधले शोभा दिन्छ
व्राह्मण भई शान्तिपूर्ण आसिक दिनुपर्छ
लक्ष्मणले सम्मुखमा वाक्य विरोध गर्थे
पर्शूरामको हृदयमा क्रोधका छाप पर्थे । १४४

व्राह्मणले सौमित्रलाई मूर्ख भन्दै बोले
को होस मेरो शव्द काट्ने दुष्ट स्वाँठ भन्थे
साधारण व्राह्मण होइन क्षत्रीकुलै द्रोही
बाल व्रह्मचारी म हुँ क्रोधी निरमोही । १४५

मेरो यसै वन्चराले कैयौ मारी दिएँ
पृथ्वीका क्षत्रिनीको सिन्दुर पुछिदिएँ
कैयौ पटक क्षत्री वंशै संहार गरिसकें
मेरो यसै वन्चरालाई रगत पियाइसकें । १४६

सहश्रवाहु अर्जुनको हात काट्ने मै हुँ
वीर योध्दा क्षत्री धेरको नाश गर्ने मै हुँ
ऐले पनि वन्चराले रगत प्यूँछु भन्छ
वैरी नाश गर्नलाई यसले साथ दिन्छ । १४७

लक्ष्मणले हाँसीकनै व्यंगवाण हान्थे
संसारको महाँयोध्दा तिमी रैछौ भन्थे
त्यसै हुँदा वन्चरो यो मलाई देखाउनु भो
वन्चराको धाक लगाई मलाई हेप्नु भयो । १४८

वन्चरोलाई आँखालाग्छ लुकाइ राख्नुपर्छ
लुकाइएन भनेदेखि त्यसको पाइन झर्छ
पैले जस्तो फरसा होइन धारै विग्रिसक्यो
धेरै अघि वन्चराले उत्पात मचाइसक्यो । १४९

तीखा धार झर्दै गयो भुत्ते बनी सक्यो
वन्चरोलाई फ्याक्नु पर्छ बेकामको भयो
त्यसको कुनै कामै छैन त्यस्लाई राख्नु व्यर्थ
त्यसभन्दा बोलिले नै सवको मुटु काट्छ । १५०

हामी त्यस्ता व्यक्ति होइनौं फरसा देख्दा डर्ने
लज्जावती झार होइनौं छुनासाथै मर्ने
देवता र ब्राह्मण गाई विष्णु भक्तलाई
यिनको नाश गर्ने छैनन् सूर्य वंशी आई । १५१

पाप लाग्छ भन्ने डर्ले मार्ने काट्ने काम
लड्न मात्र आउँछन भने लड्ने हाम्रो काम
रघुवंश हार्ने छैन लड्दा मैदानमा
लड्नलाई इच्छा भए आऊ हाम्रो साथमा । १५२

ब्राह्मणले लात्ति हान्दा हाम्ले थाप्नु पर्ने
अझ उल्टै लात्तीलाई सुम्सुमाउनु पर्ने
वज्रभन्दा महासाह्रो बोली तपाईको छ
व्यर्थ धनुवाण कुठार बोकिराख्नु हुन्छ । १५३

जस्तो जस्तो मैले देखें सबै भनीदिएँ
माफी पाऊ भृगुपुत्र दुवै हात जोडें
यस्ता क्रोधी ब्राह्मण कैले मैले देख्या छैन
रिसको पोको ब्राह्मणलाई ब्राह्मण भनिंदैन । १५४

ब्राह्मणले फेरि भन्थे कति वक्वक् गर्छस
तैले गर्दा आफ्नै वंश खतम पार्ने भैछस
खिसी गर्दै हाँसिरैछस ऐल्यै रूनु पर्छ
वन्चराको तीखो धारले तेरो अहंम तोड्छ । १५५

छुरा जस्ता तेरा शव्द बोली शत्रु हुन्छ
दूधमुखे बालकबाट जहर घोलिइन्छ
सम्हालिई बोल्ने गर्नु वेकालमा मर्लास
निर्मोहिका सामुन्नेमा तैले प्राण छोड्लास । १५६

लक्ष्मणका घोचका पेचका सुन्थे पर्शूरामले
गम्भीर हुँदै बोल्न लागे ज्यादै नम्र स्वरले
विश्वामित्र सुन्नुहवस यसको बोली कस्तो
जतिपल्ट यसले बोल्छ गोली पड्के जस्तो । १५७

कालले यसलाई कुत्कुतायो यसको नजिक आयो
भानु वंशलाई यसले खतम पार्ने भयो
यस्लाई बचाउने हो भने चाँडै संझाइदेऊ
मेरो कीर्ति शक्ति बल सबै बताइदेऊ । १५८

त्यै वेलामा लक्ष्मणले पर्शू विरोध बोले
पर्शूरामको रत्न भूषण क्रोध रैछ भन्थे
शुध्द ब्राह्मण हौ त भने निहू किन खोज्ने
हरहमेशा क्रोधीपना क्षत्रीलाई मार्ने । १५९

त्यस्तो दूध पिएको छैन तुर्पेबाट फाट्ने
हाम्रै साम् उभिएर हाम्रै कुरा काट्ने
आगो जस्तै क्रोध देख्दा ज्यादै छक्क पर्छू
क्रोध तिम्रो साम्य गर भन्ने सुझाव दिन्छू । १६०

अग्नि वीचमा घृत थप्दा फैलिएर वढ्छ
तिम्रो रिस देख्दा खेरी ज्यादै ताजुव लाग्छ
क्रोधीजनको मुखै हेर्न ठूलो पाप लाग्छ
तिम्रो मूख देख्दा खेरी कालै जस्तो लाग्छ । १६१

संसार भरै तिमी जस्तो कुनै व्यक्ति छैन
तिमी खडा छदा छदै यस्तो भनिदैन
पर्शूरामको सुयशलाई वयान सकिदैन
आफ्नै मुखले तारिफ गर्दा लाज मान्नु छैन । १६२

तारिफ गर्नु बढाएर आफै स्वयंलाई
क्रोध रोकी भाषण गर्नु मैदानमा जाई
जतिसक्यो गाली गर्दा उति मान बढ्छ
संसारमा पर्शू जस्तो रिसको पोको को छ ? १६३

लक्ष्मणको हठीपना राघवले देखे
लक्ष्मणलाई सम्झाएर रामचन्द्र उठे
पर्शूरामलाई हात जोडी राघवले भने
सज्जनले यस्ता कुरा सुन्नै हुन्न भन्थे । १६४

यसको बोली गंगा जस्तै ज्ञान कुनै छैन
बालकका शब्दलाई चासो गर्नु हुन्न
ब्राह्मणका भेषमा भए यस्ले मान गर्थ्यो
वीरको भेष देख्दाखेरी यसले के पो ठान्यो । १६५

धनुष मैले भाँचिसकें मूर्ख व्यक्ति मै हूं
वास्तवमा संसारको जोखिम व्यक्ति मै हूं
रामका शब्द सुन्नासाथै गर्दै उनलाई गाली
तँ दुष्टको प्राण हर्न वन्चराको धारी । १६६

पर्शूरामका दुर्वाचालाई लक्ष्मण जवाफ दिन्थे
राघवलाई दुष्ट भन्न कुन व्यक्तिले सक्थे
कस्ता व्यक्ति रैछौ तिमी खलवल गर्दै आयौ
आफ्नो क्रुध्द स्वभावलाई यहाँ देखाइदियौ । १६७

एकजानाले दुःख गर्छ अर्को फाइदा गर्छ
राम्रो काम व्यर्थ हुंदा चित्त धेरै दुख्छ
युगौंयुगको थोत्रो धनु यै ठाउमा थियो
मिथिलेशको दर्वारमा राखिएको थियो । १६८

भूपतिलाई सुम्पिएको धनु उनकै थियो
त्यो धनुले दर्वारको ठाऊ ओगटेको
भूपतिका मनमा लाग्यो विशाल धनु यो छ
यसैलाई भाच्ने व्यक्ति वीर भनिनेछ । १६९

भूपतिले सवै साम्‌ प्रतिज्ञा यो गरे
धनु भाँच्न सक्नेलाई छोरी दिन्छु भने
हकवालाको आज्ञा हुंदा धनू भाँचिदिए
त्यै वेलामा जानकीलाई कन्यादान दिए । १७०

भाँचिएको धनू निंति निहू खोज्दै आयौ
या त क्षत्री नाशै गर्न निम्ति तिमी आयौं
के को निम्ति आयौ तिमी निहूं मात्र खोजी
झोकिएर मात्तिएर खोज्छौ तिमी जोरी । १७१

भृगनन्दन गर्जिएर जथाभावी भन्थे
यो दुष्टको जिब्रोलाई थुतिदिन्छु भन्थे
माताजीको वलि दिएँ पितृऋण तिरें
मान्ने ज़नको आज्ञा मार्ने ऋण सवै तिरें । १७२

आज पनि मौका पाएँ सवै ऋण तिर्छू
वन्चराको धारबाट तेरो टाउको गिड्छू
लक्ष्मण पनि क्रुध्द भए कड्किएर बोले
ब्राह्मण ज्यान मार्ने व्यक्ति आज मैले देखें । १७३

काललाई साथै लिई तिमी यहाँ आयौं
वन्चराको धार देखाई मलाई तर्साइदियौ
आफै ठूलो जान्ने आफै तिमी बन्छौं
तिम्रो शक्ति देखिसक्यौं फूर्ति मात्र गर्छौं । १७४

वन्चराको माया हुंदा साथमा लिइ हिड्छौ
धन्य आफ्नै वन्चराले आफ्नी आमा काट्यौ
मान्यजनको कर्जा भए ऐले तिरी दिन्छू
बाँकी साहूँ बोलाउनु तम्सुक लेखिदिन्छु । १७५

भृगुपति झोक्किएर जथाभावी भन्थे
शुध्द दूधमा जहर हाली यो लिएको भन्थे
शंकरको धनू भाच्दा फूर्ति गर्छस यस्तो
दर्वारमा खेल्ने बालक बोली तेरो चर्को । १७६

लक्ष्मणले झोक्किएर व्यंग गर्दै भन्थे
थोत्रो धनू भाँची सक्यौं जोडी दिऊँ भन्थे
महल निर्माण गर्दा खेरी बर्षौं वर्ष लाग्छ
भत्काउने इच्छा भए क्षणमै भत्किहाल्छ । १७७

मण्डन गर्न खण्डन गर्न हुन्छ त्यसमा भेद
मण्डन गर्दा वर्षौं लाग्छ क्षणमा हुन्छ खण्डन
सिर्जनशील व्यक्ति जो हो गर्व गर्न सक्छ
अर्को तर्फ जाने व्यक्ति त्यसै चूप लाग्छ । १७८

त्यसको खण्डन आजै भयो कुनै गर्व छैन
थोत्रो धनू टुक्रिएछ भन्नु केही छैन
संसारमा सुन्दर चीज धेरै देखिइन्छन्
ती वस्तुको नाश हुंदा तेसै अल्पिइन्छन् । १७९

क्षत्री कुलको वीर वालक युध्द गर्न जान्छ
सिंह वाघ साम्‌ पर्दा फूर्तिसाथ लड्छ
व्राह्मण जस्ता क्रोधी होइनन क्षत्रीहरू लड्छन
शयौं व्यक्ति मारीकनै आफू एक्लै मर्छन । १८०

आफूलाई हेपिएको पर्शूरामले सुने
यै वन्चराले मारीदिन्छु नबोल धेरै भन्थे
फुर्ति गर्ने कैयौंलाई यै फरसाले ढालें
तँलाई मार्न बालक संझी ज्यूदै मैले छाडें । १८१

वन्चरालाई प्रयोग गर्दा तेरो प्राण जान्छ
तेरो शव्द सुन्दा खेरी कन्सिरीनै तात्छ
मानै हानी तैले गरिस यसको प्रहार गर्छू
यो फरसाले तेरो घाँटी एकै चोटमा छिन्छू । १८२

अनुहार छ कल्कलाउँदो देख्दा माया लाग्छ
तीता शव्द सुन्दा खेरी मारौं जस्तो लाग्छ
कैयौ पल्ट संझाएथे मर्ने तेरो मन छ
वन्चरोलाई भुत्ते भन्छस ज्यादै लाग्ने धार छ । १८३

पर्शूरामका अँखावाट आगो बल्न लाग्यो
लक्ष्मणलाई मार्छू भन्दै फर्सा ताक्दै आए
विश्वामित्र आत्तिएर क्षमा माग्दै बोल्थे
क्रोध सवै त्यागी दिनोस दया गर्नुस भन्थे । १८४

दशरथका पुत्र दुवै सेवक भृगुनाथका
रघुकुलका वंशमणी प्यार कोशलपुरका
दूधमुखे वालक यी हुन क्षमा प्रदान गर्नुस
वालकमा कृपा राखी सुदृष्टिले हेर्नुस । १८५

विश्वरथका शीतल शव्द अश्रुपूर्ण नैन
पर्शूरामका हृदयमा आयो दया चैन
ऋषिवरका सिफारिसमा मैले माफी दिएँ
आगो जस्तो क्रोध मेरो आफै फिर्ता लिएँ । १८६

फिर्ता लिन्छु शव्द सुन्दा लक्ष्मण हास्न लागे
लक्ष्मणको व्यंग्य देख्दा पर्शू रिसाइ हाले
यसको हाँसो देख्दा खेरि यस्तो रिस उठ्छ
यसले आँखा तर्दाखेरी अग्नि ज्वाला वल्छ । १८७

यस्लाई पनि झापट दिनोस मलाई कति भन्ने
यो दुष्टलाई यहाँबाट चाँडै हटाइदिने
लक्ष्मण धेरै मुमुर्दिँ भृगुनाथलाई भन्थे
आफ्नै आँखा चिम्लिएर बन्द गर्नु भन्थे । १८८

हेर्दा खेरी आँखा जुध्ने आँखा चिम्ली हाल
चित्त यदि दुख्छ भने मलम लगाइहाल
निम्ता नभै आयौ तिमी शिघ्रै फर्किजाऊ
यो धनूको माया लागे आफै बोकी जाऊ । १८९

धनूष टुक्रा देख्दा खेरी दुःख यदि लाग्छ
सिकर्मीलाई बोलाएर जोड्न दिए हुन्छ
निहूँ खोज्न इच्छा भए पाए जति खोज
होइन भने छेडछाडमा बोल्न सक्छौ बोल । १९०

भृगुनाथमा क्रोध आयो फरसा उठाइहाले
रंगभूमिका मान्छेहरू थर्र कास्दै भागे
रिसले आँखा राता भए रूपै भयो रातो
आँखाबाट आगो निस्की दन्किए झै रातो ।१९१

राघवले जानकीलाई आत्तिएको देखे
पर्शूरामको शक्ति खिचौं भन्ने कुरा शोचे
जानकीलाई शोकाकुलमा देख्दा रणधीरले
मृगुराजको कुठार खोस्ने इच्छा गरे वीरले । १९२

उठ्नु भन्दा अघिबाटै लक्ष्मणलाई हेरे
त्यसवेलामा लक्ष्मण पनि चूप लागेको देखे
सौमित्रलाई त्यसै छाडी राघव अघिलागे
त्यैवेला गाधीपुत्र रामका साम्‍ू आए । १९३

वन्चराले तेरो घाँटी ऐल्यै छिनी दिउँ की
तिर्खाएको वन्चरोलाई रगत पियाइदिउँ की
राघवले आफ्नो घाटी झुकाएरै दिए
मेरो घाँटी छिन्नु हवस हास्दै भन्दै थिए । १९४

हात जोड्दै भन्न लागे इच्छा पुगोस नाथ
वन्चराको शरण पर्न निहुरिरैछ माथ
सेवकको रक्त प्यूने शक्ति छैन त्यसको
नाथ मेरो गर्दन पनि छाया मुनि त्यसको । १९५

काट्छ शिर काटी हालोस हर्जा कुनै छैन
शरीर मेरो अर्पण गर्छू मलाई भय छैन
व्राहृमणका सेवक हामी क्षत्री धर्म त्यै हो
व्राहृमणका साम्‍ू झुक्ने उत्तम कर्म त्यै हो । १९६

सर्वेसर्वा व्राहृमण भन्छौं उनलाई शिर्मा राख्छू
क्षत्री धर्म यही हो हजूर व्राहृमणदेखि डर्छू
व्राहृमणको कृपा हुँदा जानकीलाई पाएँ
व्राहृमणकै आसिक हुँदा शंकर धनू तोडें । १९७

यै कारणले व्राहृमणलाई आत्मैदेखि मान्छु
व्राहृमणको दर्शन पाउदा हर्ष विभोर हुन्छु
राघवका नम्र शव्द सुन्दा भृगुनाथ
आत्मैदेखि गद्‌गदाई रामका शिरमा हात । १९८

आसिक दिँदै उनले भने शक्तिशाली होऊ
विश्वभरका योध्दा वीर राघव तिमी होऊ
जैलेसम्म आकाशमा सूर्य तारा हुन्छन
त्यसदिनसम्म पृथ्वीमा तिम्रै नाम लिन्छन् । १९९

पितृशक्ति देवशक्ति तिमलाई प्राप्त होओस
युगौंसम्म पृथ्वीमा तिम्रै कीर्ति फैलोस
राघवलाई आसिक दिई पर्शू भए शान्त
लक्ष्मणले त्यै वेलामा भन्थे व्यंग्य साथ । २००

क्षणमा खुशी क्षणमा क्रोधी हुन्छौ मुनिनाथ
यस्ता उत्तम देवता श्री देखिदैनन् आज
त्यस कुरालाई संझी संझी हाँसे लक्ष्मण वीर
लक्ष्मणको हाँसो देख्दा हृदयमा तीर । २०१

राघव तिम्रा शव्द सुन्दा आत्मै शितल हुन्छ
लक्ष्मणको व्यंग्य सुन्दा रिसले आगो बल्छ
लक्ष्मणतर्फ फर्किहेर हाँसिरहेको छ
त्यस्को हाँसो देख्दा मेरो चित्त दुखेको छ । २०२

पत्थर जस्तै उभिएर चूपचाप सुनिरैछु
यो बालकलाई मारे पछि शान्ति स्वयं हुन्छ
वन्चरालाई के भएछ हातमा अडिदैन
रिसले आगो भैसकेछु पाइला चालिंदैन । २०३

लक्ष्मण भन्थे धन्य धन्य देउता अनुकूल
भृगुराजका वाणीबाट वर्षिदैछन् फूल
होस हवास गुमाईकनै मूर्ति नभै दिनू
मूर्ति यदि हुन्छौ भने मन्दिर कता खोज्नू । २०४

फूल अवीर खोज्नलाई मुस्किल यहाँ पर्छ
स्वीकार यदि हुन्छ भने क्रोध थाम्नु वेश छ
सुन्दा साथै क्रोध चढ्यो गाधीपुत्रलाई
क्षमा भिक्षा बक्सनुहोस कोशल कुमारलाई । २०५

सुन्दासाथै रिसले पूर्ण हेर्थे पर्शूराज
श्राप उनले दिन्छन भने शंका मान्थे राम
भृगुपति क्षमा माग्छु कृपा गर्नुहोला
अज्ञान बालक संझीकनै क्षमा दिनुहोला । २०६

झोक्किएर च्याँठिएर गाधीपुत्र बोल्थे
तेलपानी सिलिसक्यो पिना बाहिर भन्थे
तिम्रा भाइ सौमित्रले अग्निवाण फ्याक्छ
तिम्रा मुखबाट भने अमृत धारा बग्छ । २०७

दुवैभाइ जाली झेली दुवै उस्तै उस्तै
मैले स्वयं देखी सकें तिमी दुवै उस्तै
वाकयुध्द ऐले भयो वाणयुध्द हुन्छ
त्यसवेलामा राम तिमले मलाई संझनु छ । २०८

पर्शूराम हो मेरो नाम तिम्ले चोऱ्यौ आधा
आधा मेरै नाम चोरी तिम्ले लाउंछौ धाक
यो वेलामा दुइटा राम कतै हुन सक्छ ?
एउटा राम बाँचिराख्छ अर्को खतम हुन्छ । २०९

त्यसकारण युध्द गर्छू आऊ मेरा साम्
वन्चराको तीखो धारमा बच्ने छैनौ राम्
मेरो नाम चोरीकनै नझुक्याइदेऊ
आजैदेखि राम भन्ने नाम झिकिदेऊ । २१०

लक्ष्मणले व्यंग्य गरे धन्य तिम्रो वोध
राम नाममा विरोध गर्ने कस्तो तिम्रो क्रोध
धेरै कुरा भन्नु थियो शान्त भयो जोश
राघवका संकेतले लक्ष्मण भए चूप । २११

राघवले भन्दै थिए सुन्नु हवस नाथ
व्यर्थ विरोध गर्नु भयो राम शव्दबाट
हामी दुईको नाम वीचमा ठूलो अन्तर पर्छ
शिरमा पर्छ पर्शूराम पाउमा राम पर्छ । २१२

नाम मेरो राम भयो तपाई पर्शूराम
भन्नुहोस गाधीपुत्र कसको ठूलो नाम
दुई अक्षरे नाम मेरो त्यसलाई सानो भन्छन
चार अक्षरे त्यसलाई त्यही ठूलो भन्छन् । २१३

जति जति नम्र हुन्छु उत्ति निहूं खोज्ने
मिल्ने जुल्ने कुरै छैन कडकिकनै बोल्ने
जिध्दि गर्नु राम्रो होइन त्यस्ले नाश गर्छ
क्रोधले गर्दा आफैलाई अग्नि सल्काई दिन्छ । २१४

वैरभाव त्यागन सके स्वर्ग भेटाइन्छ
आनन्दमा रम्न सके ईश्वर प्राप्ती हुन्छ
हाम्रो विचार भिन्न हुंदा सवै बिग्रिहाल्छ
यसले गर्दा संसारमा ठूलो आपद पर्छ । २१५

घमण्ड औ तारिफ होइन आफ्नो स्वभाव भन्छु
घोच्का पेच्का हानिन्छ त मौन किन बस्छु
कालै मिल्न आए पनि उसकै साथमा मिल्छु
मिल्न यदि आउदैन त फूर्तिसाथ लड्छु । २१६

साँच्चै भन्छू वन्चरो त साथी जस्तै लाग्छ
एउटा शस्त्र संझिदामा त्यसको भय लाग्छ
लोहा होइन पत्थर होइन हातमा राखिदैन
तिम्रै साथमा हुन्छ सदैव पृथक कैल्यै हुन्न । २१७

भन्नुहोसन भृगुपति त्यो चिज के पो होला
सम्झनुहोस न एक पल्ट यो छातीमा होला
हेर्नुहवस यो छातीमा पाउको छाप यै हो
भृगुराजको कृपा हुंदा भाग्य मेरो जाग्यो । २१८

आजसम्म ताजा यो छ कैल्यै निको हुन्न
छाती वीचमा यसको वास स्वतन्त्रनै छैन
हेर्दा खेरी कोमलपना ज्यादै भय लाग्छ
त्यो शक्तिको साम् पर्दा यो शक्तिले हार्छ । २१९

अमोद अस्त्र त्यै छ हजुर मस्तक निचा पार्छ
त्यसको प्रयोग गर्नुभए छाती हाजिर हुन्छ
जन्मैदेखि कृपापात्र व्राह्मणलाई मान्छौं
आशामुखी क्षत्री भयौं तिनकै आसिक थाप्छौं ।२२०

लात्ति थाप्न पर्छ भने हामी लात्ती थाप्छौं
आसिक लिनु पर्दा पनि हामी शिर थाप्छौं
लातको चिन्ह छातीमा छ त्यो हो अमिट चिन्ह
व्राह्मणको लात्ति छाप अमूल्यको चिन्ह । २२१

अति मधुर शव्द सुन्दा पर्शू भए गम्भीर
भित्री आँखा खुलीसके ताजा भयो शरीर
पर्शूरामले भन्नलागे औतार देखाइदेऊ
विष्णुजीको धनुष लिई ताँदो चढाइदेऊ । २२२

हातमा चाप लिनसाथै आफै चढी हाल्यो
पर्शूरामको शंका पनि सवै हरीहाल्यो
भृगुपति छक्क परे उनको शक्ति देख्दा
रमापति भन्ने चिन्हे भित्री चक्षु खुल्दा । २२३

आफ्नै आँखाले नै देखे व्यापक परमानन्द
विव्हल हुदै विन्ति गरे जय ती व्रह्मानन्द
सीतां लक्ष्मण जय जय रामचन्द्र
जय जय भन्दै भृगुपति पूर्ण महानन्द । २२४

दर्शकहरू हर्षित भए दृश्य सुन्दर देखी
पर्शूरामको झरीसक्यो त्यसवेलाको सेखी
दायाँतिर रामचन्द्र वायाँ जगदम्वा
शोभा दिंदै साथसाथै विष्णु जगदम्वा । २२५

सीतासँगै मिथिलापति रामलक्ष्मण साथ
दम्पतीका माथ माथि विश्वरथको हात
त्यस वेलामा खुशीयाली चारैतर्फ छायो
मिथिलामा सूर्य आए सारा उज्वल भयो । २२६

रनिवासको प्रशन्नता वयान साध्य छैन
मिथिलापुरी स्वर्गभन्दा धेरै टाढा छैन
कोही नाच्थे वाजा ताल्मा कोही गीत गाउँथे
सीतारामको प्रेम प्रीति दीर्घ होओस भन्थे । २२७

त्यस वेलामा रंगभूभि मानो स्वर्गै थियो
राघवको विजयले सवलाई खुशी लाग्यो
पर्शूरामको अहंमपना रामले तोड्नु भयो
मिथिला प्रकृतिमा हरियाली छायो । २२८

जसको चित्त शुद्धि नै छैन ता दुःख पाउँछ
त्यस्को अशान्तिले गर्दा, सबैमा ताप बढ्दछ ।

दुर्भाव द्वेष औ ईर्ष्या, जागदछन् मनमा विकार
आफै दुःखी सधैं हुन्छ, रौरवै हुन्छ संसार ।

हामी कैल्यै नहौं व्याकुल, संसार्मा सुख छाइरहोस्
बाँच्नका लागि यै आधार, सत्य धर्मै जाँच्ने यही कसी ।

धर्मको यही हो पारख, धर्म जाँच्ने यही कसी
प्राणीको जिन्दगी कल्याण् कल्याणैमा बितोस् रमी ।

शील धर्म गरी पालन राखेर ईश छातीमा
धर्म बत्ती जगाएर समाधी यही धर्तीमा ।

# राम सीता विवाह

राजाको प्रण सफल भयो धनुष यज्ञमा
उत्सव ठूलो भएको थियो मिथिला पुरीमा
हर्षले गर्दा विभिन्न बाजा त्यसवेला बजेका
आकाशबाट इन्द्रादिहरु विवाह हेरेका । १

घरघरै चल्यो विभिन्न चर्चा अनुपम उत्साह
सबैको बोली एउटै छ त्यहाँ सीता-राम-विवाह
सीताले माला लगाई दिइन रामका गलामा
सबैको ओठ्मा उमंग हाँसो दर्वार भरिमा । २

रानीको खुशी बयानै छैन राजाको तेस्तै छ
शहरभरि महलैभरि हर्षको लहर छ
घर-घर वत्ती झिलि र मिलि शहरै उज्यालो
जनक राजा हर्षले विभोर संसारै रमाइलो । ३

विजय महिमा चौतर्फ गुँज्यो संसारै भरिमा
रामको ठूलो प्रशंसा भयो राजधानी भरिमा
रामको शक्ति यस्तो छ भन्ने अनुमान भएन
राजाको पनि प्रण पूरा भयो इज्जतै गएन । ४

शहरैभरि बज्दथे बाजा हर्षले नाच्दथे
जोडी छ राम्रो सम्बन्ध हाम्रो भाग्यले भन्दथे
राजाकै छोरी राजाकै छोरा दैवले जुरायो
क्षेत्रीकै छोरी क्षेत्रीकै छोरा संवन्ध जुटायो । ५.

शिवको धनु अत्यन्त विशाल रामले भाँचेर
रावण आदि प्रसिद्ध वीरको सेखी नै झारेर
सामान्ने मानिस यी होइनन् भन्ने मनमा लागदछ
यिनलाई देख्दा सबैको शिर प्रेमले झुक्दछ । ६

जनक राजा जोडदथे हात श्री विश्वामित्रमा
प्रतिज्ञा मेरो गरायौ पूर्ण शिर झुक्छ पाउमा
प्रतिज्ञा मेरो नहुंदा पूर्ण मर्नमा तयार
आखिरी बेला ईशको कृपा भएछ अपार । ७

शिवको धनु भााचिनासाथ संवन्ध जोडियो
लोकको चित्त वुझाउनु पर्दा गर्दछु विन्ति यो
के गर्नु पर्छ हे मुनिराज सल्लाह गर्दछु
दुई देश बीचको संवन्ध हाम्रो राम्रो होस भन्दछु । ८

हासेर बोले श्री विश्वामित्र यो कार्य राम्रो छ
चतुरो दूतका हातमा चिठी पठाउन पर्नेछ
दशरथलाई लेख्नु छ पत्र यो कुरा खोलेर
विवाह गर्न आउनु होस चांडै वरात लिएर । ९

श्री मुनिजीले अह्राएनुसार एक पत्र लेखियो
लेखेर पत्र दूतका हातमा अयोध्या पठाइयो
लिएर पत्र त्यो दूत गयो प्रशन्न भएर
राजालाई पत्र दिएर झुक्यो विनम्र भएर । १०

टक्र्याएँ प्रभु ल्याएको पत्र संपूर्ण पढ्नुहोस्
जवाफ केही दिनुछ भने लैजान्छु दिनुहोस्
ल्याएको मैले यो शुभ खवर खुशीको सुसन्देश
अवधपुरको दुलहा बनी दुलही मिथिला देश। ११

लानुछ भने संचार कुनै लैजान्छु तुरुन्त
के ल्यायौ तिम्ले संचार भन्दै सुन्नलाई उत्सुक
जनक राजा विद्यामा निपूण जानकी उस्तै छन्
भाग्यले यस्तो मिलायो जोडी ईश्वर धन्य छन्। १२

दशरथ राजा प्रशन्न भए त्यो पत्र पढेर
प्रशस्त रत्न दूतलाई दिए गद्‌गद् भएर
राजाको मन उदार देख्दा त्यो दूत रमायो
हावाको वेगमा मिथिला पुगी हालखवर सुनायो।१३

पढेर पत्र हर्षित भए दशरथ रमाए
अत्यन्त खुशी भएर राजा वशिष्ठ बोलाए
वशिष्ठ गुरु तुरुन्त आए हालखवर सुनाए
दूतले पत्र ल्याएको भनि गुरुलाई टक्र्याए। १४

जनकपुरको शिवको धनु रामले भाँचेछ
बालक रामले सवैका सामु इज्जत राखेछ
अत्यन्त विशाल शिवको धनु सजिलै भाँचेछ
गुरुका पावन आसिक पनि बालकमा लागेछ। १५

जानकीसँग विवाह हुने भएछ रामको
जानकी जस्ती बुहारी पाउनु भाग्यले दिएको
स्वयंवर पनि भैसक्यो त्यहाँ विवाह बाँकी छ
हे राजगुरु वरात लिई तुरुन्त जानु छ। १६

इत्यादि कुरा गरेका थिए अयोध्यापतिले
ठीक त्यही वेला दुई भाइ आए हंशका गतिले
सौमित्र भरत हर्षित हुँदै पिताका सामूमा
खुशीको खवर आएको सुन्छु अयोध्यापुरीमा। १७

सुन्दैछौं वुवा दाज्यूले त्यहाँ वीरत्व देखाए
हजारौं वीर योद्धाका सामू इज्जत बचाए
साच्चिनै पूर्ण भएछ प्रण मिथिलापतिको
योद्धाका सामू देखाउनु शक्ति कुलैको इज्जत हो। १८

शिवको धनु भांचेको हुंदा स्वयंवर जितेको
संसारभरै सुकीर्ति राख्नु पूर्खाको धर्म हो
त्यस्पछि यहाँ नआईकनै के कारण बस्नु भो
यथार्थ कुरा म सुन्न पाऊँ हृदय उत्सुक भो। १९

भरतको चासो अत्यन्त हुंदा भूपाल हाँसेथे
संपूर्ण कुरा दुई भाइलाई राजाले भनेथे
पत्रमा सबै लेखेका कुरा राजाले सुनाए
सूर्यको वंश चम्केको देख्दा गद्‌गद भएथे। २०

विशाल धनु बालकले भाँची उत्तिर्ण भएको
यो चिठी होइन शनद भन्छु क्षत्रीले जितेको
मुनिले साथमा लिएर गए मिथिलापुरीमा
रामको शक्ति कस्तो छ देखे त्यो रंगभूमिमा। २१

ऋषिको शिक्षा यस्तो छ भन्ने जनकलाई देखाए
मुनिले आफ्नो चेलाको शक्ति सबैलाई चिन्हाए
आएनन् झट्टै राघव यहाँ प्रेममा बाँधिए
जानकीजीको कोमल प्रेममा रामचन्द्र बाँधिए। २२

सूर्यका वंश विमल ज्योति मिथिला चंकेका
सूर्यका वंश रघुका कुल संसारै फैलेका
रामझैं बालक कुलमा हाम्रा कोही पनि जन्मेनन्
यी जस्ता उत्तम बालक मध्ये कोही पनि भएनन्।२३

कलिला बालक जनकपुर गई धनुष उचाले
विश्वका नामी प्रशस्त वीरलाई उनले हराए
देवताको शक्ति कसरी पाए म छक्क पर्दछु
बालक पुत्र रामको सधैं तारिफ गर्दछु। २४

दशरथ भन्थे चाडै नै जाऔं नगरौं अवेर
शानदारसाथ जनकपुरमा वरांत लिएर
रामलाई त्यहाँ बाँधेका होलान प्रेमका डोरीले
चांडैनै गई छुटाउन पर्छ सक्दैनन् अरुले । २५

बसेका होलान् दाज्यू र भाइ हाँसेर खेलेर
विवाह गर्न प्रेमको डोरी ससक्क कसेर
त्यसैले जाऔं मिथिलापुरमा लिएर वरियात
मिथिलापति राजा र रानी भेट्नेछौं खुशीसाथ । २६

वशिष्ठ मुनि मुसुक्क हाँसे राजाका कुराले
गुरुले भने वरांत सजाऊ राजसी ढाँचाले
उनको आज्ञा पाएर उठे दशरथ साल्हाद
कोशलपुरमा प्रत्येक घरमा यही नै संवाद । २७

राजाले पनि खुशीको खवर सुनाए रानीलाई
प्रशन्नपूर्वक पढेर पत्र सुनाए भारदारलाई
एक्कासि यस्तो खुशीको खवर सुनेर प्रजाले
दर्वारमा आई वधाइ दिए अयोध्यावासीले । २८

विवाह भन्ने नवीन खवर चौतर्फ पुगेछ
हर्षले गर्दा नाच र गान घरघरै चलेछ
प्रजाले आई सघाउ गरे बिहाको काममा
विदुषी सीता कोशलले पाउने रहेछ भाग्यमा । २९

कोशलपुरी झलमल भयो विजुली वत्तीले
नाच र गान रमाइलो गर्थे भामिनी फौजले
रानीका साथमा मांगलिक गान मधुर ध्वनिमा
अवीर फूल छरिन्थ्यो त्यहाँ महलभरिमा । ३०

राजाले भन्थे विद्वान संधी पाएछौं हामीले
बलियो नाता जुटाइदियो अपर्झट दैवले
रामका हातमा ईश्वर बस्दा विजयी भएछ
ईश्वरकै कृपा भएको हुंदा जानकी पाएछ । ३१

जीवन भरमा हर्षको दिन यही हो भन्दथे
ईश्वरको कृपा परेछ भन्ने पलपल संझन्थे
राजाले सदा ईश्वरप्रति सुआस्था राख्दथे
भगवानलाई मुटुको वीचमा राखेर झुक्दथे । ३२

बिहाको सामान तयारी गर्न भरतले अह्राए
विभिन्न ठाउँ निमन्त्रण कार्ड दिएर पठाए
हजारौ हजार कोशलवासी वरांती रुपमा
झुण्ड झुण्ड भई गर्दथे ठट्टा आपस आपसमा । ३३

हर्षले गर्दा राजा र रानी प्रफुल्ल भएथे
यो मौका पारी अमूल्य चीज नगरमा बाँडेथे
कसैलाई दिए हीरा र मोती कसैलाई सुनचाँदी
कसैलाई दिए अमूल्य रत्न कसैलाई जग्गादि । ३४

व्राम्हणले पाए सुनचाँदी गाई क्षत्रीलाई शस्त्रादि
गरीवले पाए प्रशस्त लुगा त्यसैमा अन्नादि
सेवकले पाए चाहेको धन कसैले पदक मान
कतिलाई कयौं वक्सिस दिए गरेर खुला मन । ३५

दशरथजीले प्रशस्त दान मौकामा गरेथे
व्राम्हणले पनि राजाको धेरै महिमा गाएथे
क-कसको इच्छा के केमा हुन्थ्यो मनोच्छा पूरा भो
आकाशमा बसी देउताले यो दृश्य देखियो । ३६

मिथिला देशमा जानको लागि वरांत तयारी
दशरथजीको जयघोस गाउथे ईश्वर पुकारी
हात्ती र घोडा डोली र पालकी राजसी ठाँटले
व्राम्हण ऋषि साधु र सन्त आएका खुशीले । ३७

सर्वोत्तम रथमा राजगुरु पुरेत विशिष्ट मानका
अत्यन्त सुन्दर वेजोडको रथमा दशरथ बसेका
मान र दर्जा सुहाउदों गरी हात्ती र घोडामा
विभिन्न देशका राजा र मन्त्री आएका निम्तामा ।३८

अत्यन्त खुशी निंतालु थिए आनन्द विभोरमा
विभिन्न वार्ता कुरा र कानी गर्दथे आपसमा
विजुली जस्तै तेजिलो ज्योति प्रत्येकको मुहार
हात्ती र घोडा मानिसको लस्कर देखिन्थ्यो सुन्दर ।३९

सौमित्री भरत दाज्यू र भाइ मर्यादा मिलाई
सुन्दर रथमा बसेका थिए खुशीले रमाई
वृहस्पति सुरराज साथमा बसे झैं देखिन्थ्यो
रंगी र चंगी झिलि र मिलि वरांत देखिन्थ्यो । ४०

युवकहरु ठट्यौलो बानी आफूकै जोडीमा
साथीभाइलाई गर्दथे व्यंग्य हास्दथे मजाकमा
विभिन्न धुनमा नौमति बाजा बजाए दमैले
बाजाकै ताल्मा दौडाए घोडा अनौठो तालले । ४१

तयारी वेला शंखको ध्वनि साइतमा बजाइयो
पानीका घडा सामूमा थिए लक्षण देखियो
गाईका वाच्छा दूध खान छाडी आएका सामूमा
मृगका वथान उफ्रेर आए सुन्दर दृश्यमा । ४२

दही र माछा केरा र फलफूल बाटामा देखिन्थे
साइतको वेला मंगलका चिन्ह देखिए भन्दथे
उखू र अंवा पानका विरा दोकानमा प्रशस्त
मंगलमय साइत पर्दा हर्षले विछट्ट । ४३

बूढा र बूढी आपसमा भन्थे यो सुन्दर विवाह
जिन्दगी भरै देखेका छैनौं अपूर्व विवाह
दैवले हाम्लाई यो विहा हेर्न बचाई राखेको
सात जन्मसम्म बिर्सने छैनौं यो विहा हेरेको । ४४

अयोध्यादेखि मिथिला पुग्न निकै नै टाढा छ
बाटोमा पर्ने प्रकृति दृश्य मनमोहक लाग्दछ
हिमालदेखि नदी र नाला दक्षिणमा बग्दछन्
डुंगामा बसी वरांतहरु नदी पार गर्दछन् । ४५

उत्तरपट्टि तरेली पहाड हरियो जंगल
हिमालवासी देवतावर्ग गर्दछन मंगल
संसारभरको सर्वोच्च हिमाल शिवजी बस्तछन्
कैलासमा बसी शंकरजीले कल्याण गर्दछन् । ४६

तेत्तिसकोटि देव र देवी त्यसैमा बस्दछन्
क-कसले गर्छ पाप र धर्म यो सबै बुझ्दछन्
प्राकृतिक छवि देखेर तिनले आश्चर्य मान्दथे
हिमाली देशको तारिफ गर्दै विस्तारै हिड्दथे । ४७

मिथिलापुरमा बनेको थियो सुन्दर पाहुनावास
जनकपुरमा गएका व्यक्ति बस्दथे आरामसाथ
अत्यन्त विशाल वरांत थियो खुशीले जादैथ्यो
क्यै परबाट मिथिला शहर छर्लङ्ग देखिन्थ्यो । ४८

वरात लामो विस्तार हिडदा मिथिला आइपुग्यो
सौगात बोकी अगवानीहरु भेट्नलाई आइपुग्यो
जनवास सुन्दर वरातले देख्दा तारिफ गर्दथे
त्यो जनवासमा देवेन्द्र आई बस्नलाई मन गर्थे । ४९

त्यत्तिको सुन्दर जनवास महल अनेत्र देखिन्न
त्यो वास छोडी अरु ठाउँ बस्न यात्रुले मान्दैन
अत्यन्त सुन्दर नदी र जंगल सुन्दर वस्ती छ
पृथिवीभरमा स्वर्ग छ भने मिथिलापुरै छ । ५०

सबैले देखे जनवास सुन्दर अत्यन्त रमाइलो
शीतल हावा हरियो वृक्ष बस्नामा घमाइलो
त्रिभुवनभरको सुख र शान्ति त्यही छ मूर्तिमान
जानकीजीको संपूर्ण शक्ति त्यहीं छ मेजमान । ५१

नोकर चाकर स्वागत गर्न प्रशस्त आएका
श्री सूर्यकुलको सम्मान गर्न भाग्यले पाएका
तनको सेवा प्रशन्न हुँदै गर्दथे नम्र वात
के सेवा गरौं भन्नुहोस भन्दै जोडेर दुवै हात । ५२

देउताले पनि स्वर्गको सुख विसर्जन गरेर
आनन्द लिन सुरगण गए वराती बनेर
त्यो वेला यस्तो आनन्द थियो व्यवहार बिर्सिन्थ्यो
संसारभरको सुख र चयन त्यसवेला लागदथ्यो ।५३

अन्दाज गर्न सक्दैनन् कोही मिथिला यस्तो छ
कविले पनि सक्दैन गाउन महिमा कस्तो छ
कलम पनि कम्जोर हुन्छ बयान लेख्नलाई
रमाको घरमा शारदा पनि सक्दिनन् जानलाई । ५४

वराँत आको खवर सुन्दा दाज्यूभाइ रमाए
गुरुको आज्ञा नपाउंदाखेरी जानलाई रोकिए
गुरुले पनि कुमारको इच्छा राम्रोरी बुझ्दथे
जान्छौ त जाऊ पिताजी भेट्न गुरुले भनेथे । ५५

दाज्यू र भाइ मसँगै हिड दुवैलाई पुऱ्याउंछु
म पनि राजा दशरथजीलाई गएर भेट्दछु
लौ हिड हिड मसँग हिड निर्धक्क भएर
आ-आफ्नो पौरख बताइ देऊ प्रशन्न भएर । ५६

गुरुका साथमा राम र लक्ष्मण जनवास जादैथे
रवि र भौम वृहस्पतिसाथै लगनमा आएको
अत्यन्त प्रेममा मिलन भयो पिता र पुत्रको
त्यत्तिकै प्रेममा मिलन भयो गुरु र चेलाको । ५७

विश्वरथ भन्थे भूपति आफ्नो संपत्ति सम्हाल
जाचेर लिऊ बुझेर लिऊ यी तिम्रा कुमार
जे भन्नु पर्छ ऐल्यैनै भन्नु पछाडि पाइन्न
ठट्टामा भन्थे दशरथ राजा म तेसै बुझ्दिन । ५८

जब त मैले बियाज पाउंछु त्यै वेला बुझ्नेछु
साऊँ र बियाज बुझाए पछि तम्सुक च्यात्नेछु
वशिष्ठ गुरु थप्दथे सही यो कुरा ठिकै हो
सहुलित दिन सक्दैन कोही लिनु ता दोव्वर हो । ५९

कोशलमा लगि राजसभामहाँ बुझाउनु पर्दछ
जुन ठाऊँबाट ल्याएका थियौं त्यही नै लानुछ
जुन ठाऊँ पायो त्यै वेला यहाँ जिम्मामा लिइन्न
राजाको गुण यसरी तिम्ले बिर्सन हुँदैन । ६०

मजाकमा यस्तै गरेका थिए महत्वपूर्ण वात
ठीक त्यही वेला बोलावट भयो महल्मा साथ
नौटंकी वाजा घन्कदै थिए मधुर ध्वनिमा
व्राम्हण मण्डल विविध विधि पढदथे खुशीमा । ६१

वरका हातमा लगाए वाला शिरमा शिउर
पटुका जामा लगाइदिए शिरमा माहुर
कुण्डलमा धेरै जडेको रत्न झल्केर झलमल
घाटीमा थियो दूवोको माला हरियो सुन्दर । ६२

पगरी फेटा बाधेका थिए अवध विहारी
सौन्दर्य छटा रामको देख्दा लजाइन पार्वती
संपन्न भयो विधिले पूर्ण यज्ञको रीति त्यो
गायक मण्डल गाउन लागे मांगलिक गीत यो । ६३

दुल्हाको शिरमा वाँधेको सुन्दर रेशमी पगरी
नक्कली होइन तास र कुचिन त्यो थियो सक्कली
पगरी लाउंदा रामको रुप उज्ज्वल छविले
बयानै गर्न मुस्किल पर्ने सक्दैन कविले । ६४

अति नै सुन्दर तरिकाबाट बनाइयो पगरी
रति र कामले आएर छानी टक्र्याए पगरी
हृदय हर्ने साज र श्रृंगार किशोरमा देखिन्छ
यो तीनै लोक र चौदह भुवन सौन्दर्य शोभित छ। ६५

यज्ञको काम थालनी भयो विविध विधिले
जनक राजाले प्रशस्त चीज दिएथे खुशीले
जन्तीले पनि प्रशस्त पाए किमती सामान
त्यै वेला वाजा घन्किन लागे गीतका तानमा । ६६

रामको सुन्दर अनुहार देख्दा जनता छक परे
ठीक त्यही वेला आकाशबाट फूलपाती छरिए
दर्शकहरु तँछाड र मछाड भएर महाभीड
दुलहा हेर्ने उत्सुक गर्दै आएर ठूलो भीड । ६७

युवतीहरु विभिन्न ठाउँ बसेर हेर्दथे
दुलहा देख्दा मोहित भई मुसुक्क हास्दथे
नझिंकाई आँखा सुन्दरीहरु एक टकले हेर्दथे
वूढा र बूढी दर्शकवर्ग तारिफ गर्दथे । ६८

राम र सीता सुन्दर जोडी भाग्यले दिलायो
बराबर दर्जा सम्धीको नाता मिलन गरायो
जानकी जस्ती रुपकी खानी रामले पाएका
तार्तम्य सबै मिल्नको लागि धनुष भाचेका । ६९

सीताका साथी चुलवुल गर्दै आपसमा बोल्दथे
रामको रुप मनोहर देख्दा लाजले झुक्दथे
सौन्दर्य यिनको देखेर हाम्रो व्यवहार बिर्सन्छौं
जिन्दगी भरै यहीं नै बसून नजाऊ भन्दछौं । ७०

राजाले पनि रामचन्द्रलाई बराबर बोलाउलान्
चाडपर्व पर्दा राघव पनि अवश्य आउलान्
त्यै वेला यिनलाई बोलाइ घरमा भोजन गराउंला
क्यै दिन यही बस्नुहोस भन्दै अनुरोध गरौंला । ७१

राम र लक्ष्मण दाज्यू र भाइ रुपका राशी छन्
उनकै भाइ सौमित्र भरत सौन्दर्य धनी छन्
यिनलाई पनि राजाकै छोरी विवाह योग्य छन्
राजाले पनि भएका पुत्री अवश्य दिने छन् । ७२

मुहार पनि रामको जस्तै भरतको मिल्दछ
झलक्क हेर्दा ती दुवै जना चिन्हलाई गाह्रो छ
कसरी भयो दुरुस्त रुप आश्चर्य लाग्दछ
ईशले यिनलाई चिरायू राखून मनले भन्दछ । ७३

शील र स्वभाव बल र वुद्धि उत्तिकै देखिन्छ
उपमा कुनै चिजको दिन दुर्लभ ठानिन्छ
विशिष्ट सुन्दर यो पृथिवीमा यिनैलाई देख्दछौं
यिनकै उज्ज्वल ज्योतिले गर्दा संसारै लोभिन्छौं ।७४

प्रकृति छटा हेरेर तिनले केही दिन बिताए
राजा र जन्ती देशवासीहरु हर्षमा रमाए
यस किसिंबाट लगनको दिन नजिकै आएछ
मंसीर मास हेमन्त ऋतु लगन जुरेछ । ७५

नक्षत्र ग्रह योग र तिथि दुरुस्त मिलेको
सोचेर सबै विधिले समेत निर्णय गरेको
नारदलाई पनि खवर गयो विहामा आउनलाई
मिथिलेश्वरका ज्योतिषले पनि स्वीकारे लगनलाई ।७६

शुभ छ लगन अत्यन्त राम्रो विवाह गर्नलाई
यो सबै कुरा विस्तार विन्ति चढाए राजालाई
राजाको हुकुम तुरुन्त भयो शतानन्द बोलाउनु
सामाग्री सरजास तयार पार्नु विलम्व नगर्नु । ७७

विभिन्न सामान तयारी भयो सचिवका आज्ञाले
आएर सबै निरीक्षण गरे विदेह राजाले
संसारभरका अपूर्व सामान राम्ररी जडेका
मंगल सगुन सुवर्ण कलश ढंगले सजेका । ७८

मांगलिक गीत गाउन लागे सौभाग्यवतीले
वेदका ऋचा गाउन लागे व्राम्हण विप्रले
नौमति बाजा बजाउँदै गए जन्तीलाई लिनलाई
झुकेर दर्शन सबैले गरे कोशलपतिलाई । ७९

कोशलनाथको वरात ठूलो सुन्दर देखिन्थ्यो
उनका सामू इन्द्रको गण फिकानै लागदथ्यो
नजिकै गई अनुरोध गरे अयोध्यापतिलाई
हे राजन जाऔं ठिकठाक भयो समय लगनलाई ।८०

स्वीकारे विन्ति राजाका पछि सब जन्ति लागेका
विभिन्न बाजा बजेको स्वरले पहाडै थर्केका
गुरुको आज्ञा पालन गरी वंशका रीतिले
साधु र सन्त मिलेर गाए मधूर ध्वनिले । ८१

श्री व्रम्हाजीका साथमा बसी देवता वर्गले
दशरथजीको भाग्यको ज्योति चम्केको हुनाले
रामको भन्दा आफूको जन्म तुच्छनै ठान्दथे
त्यसैले होला रामकै मात्र तारिफ गर्दथे । ८२

कोशलनाथको विवाह हेर्न देवता आएर
मिथिलापुरको सौन्दर्य देख्थे आकाशमा छाएर
शंकर आए व्रम्हाजी आए चढेर विमानमा
मिथिलापुरको उत्सव हेर्थे बसेर गगनमा । ८३

शरीरमा प्रेम रोमाञ्च थियो उल्लास चित्तमा
देवताहरु रमाउदै हिंडे मिथिला तर्फमा
जनकपुरको सुन्दर छटा देखेर खुशीले
मिथिलापुरको महिमा गाए प्रशन्न चित्तले । ८४

साज र श्रृंगार अलौकिक थियो मिथिला मनोहर
विवाह मण्डल विचित्र थियो देखिन्थ्यो सुन्दर
आश्चर्य चकित मानेर देउता सीताको जन्मस्थल
नेपालभरि त्यही नै थियो धार्मिक पुण्यस्थल । ८५

मिथिलापुरका युवती देख्दा शचि र शारदा
तिनका सामू स्वर्गका देवी देखिन्थे अध्यारा
आश्चर्य मान्थे व्रम्हाजी आफ्नो सिर्जना नदेख्दा
मिथिला जस्तो पाइन्न कतै सुख र सुविस्ता । ८६

देवतालाई संझाउनु भयो त्यसवेला शंकरले
विष्णुको लीला सकेनौ बुझ्न देवता सवैले
उत्सव हेर जनकपुरको स्वर्गलाई जित्दछ
रमा र विष्णु विवाह हेर्न हामीलाई बोलाउछ । ८७

विचित्र लीला देखेर रामको देवता छक परे
लौ हामी सबै जन्तमा जाऔं भनेर सुर कसे
व्रास्हणको रुप लिएर गए ती जन्ती भएर
कोशलनाथ पछाडि लागे साधारण भएर । ८८

शरदको पूर्ण चन्द्रमा जस्तो कान्ति छ राघवको
चन्द्रमालाई लज्जित पार्ने शक्ति छ श्रीरामको
पत्थरलाई जियाउन सक्ने शक्ति छ राममा
रामको जस्तो शक्ति र तेज पाइन्न कसैमा । ८९

रामको घोडा सुन्दर छटा अत्यन्त चंचले
यो जस्तो घोडा देखेकै छैनौं भन्दथे जन्तिले
जुन घोडा माथि चड्दथे राघव त्यो घोडा दगुर्थ्यो
त्यसैको गति देखेर त्यहाँ गरुड लजाउंथ्यो । ९०

विधाता पनि प्रशन्न भए रामलाई देखेर
ओठ र आँखा नझिंकाइ हेरे मोहित भएर
रामको रुपको लाग्दथ्यो ईर्ष्या देवताहरुलाई
राममा भने थिएन डाह एकनास सबैलाई । ९१

शारदा शचि लक्ष्मी देवी पार्वती दुर्गाले
स्वभाव सिद्ध रुपौला नारी देवाङ्ग नारीले
ती सबै देवी नारीको रुप सामान्य भएर
अन्तःपुरमा मिसिए सबै पाहुना भएर । ९२

मधूर बाजा बजेको वेला देवताहरुले
फूल र अवीर सबैले छरे प्रशन्न चित्तले
गाउन लागे मधुर गीत युवती सबैले
हर्षले सबै उमङ्ग थिए चिनेनन् कसैले । ९३

रामको सुन्दर स्वरुप देख्दा हर्षले विभोर भै
सुनैना रानी प्रशन्न भइन् हर्षाश्रु बगाउदै
सक्दैन त्यसको वयान गर्न कवि र लेखकले
सक्दैन त्यसको व्याख्यानै गर्न कम्जोर कलमले ।९४

वेदको ध्वनि शंखको ध्वनि वाद्य र वन्दीको
ध्वनिले गुँज्यो मिथिलापुरी आकाश घन्कियो
त्यसवेला भयो नाच र गान विभिन्न ठाउँमा
दशरथ राजा गएर बसे आ-आफ्ना ठाउँमा । ९५

मण्डप सुन्दर रचेको देख्दा भूपति लोभिए
हिरा र मोती झलमल गर्दा तारागण लजाए
अपूर्व सुन्दर मण्डप त्यस्तो आजन्म देखेनन्
त्यो ठाउँ जस्तो मनमोही ठाऊ अनेत्र देखेनन् । ९६

मिथिलेश्वरको सत्कार देख्दा छक परे महिपाल
दैवले नाता जुटाइदियो भन्दथे कोशलराज
भन्दथे राजा सम्बन्ध हाम्रो निरन्तर अटल होस
लिनु र दिनु वैवाहिक नाता युगानुयुगौ होस । ९७

वशिष्ठ एवं विश्वरथजीका पाउमा पसेर
गर्दथे विन्ति मिथिलेश्वर विनम्र भएर
हे राजगुरु कोशलपति भूलचुक भएमा
मलाई क्षमा बक्सनुहोला पर्दछु चरणमा । ९८

आरती गरे पूजन गरे महलका रानीले
सबैको मनलाई लोभ्याइदियो रामका कान्तिले
विवाह स्थलमा लगियो झट्ट दुलहा रामलाई
वराशनमा बसाइदिएका थिए नैनका तारालाई । ९९

राम र लक्ष्मण जतिकै सुन्दर भरत शत्रुघन
कुमार चारको सौन्दर्य देख्दा लोभिन्थ्यो सबको मन
जगदम्वा ओर्लिन मिथिला पुरमा कोशलमा जगन्नाथ
उनका गुणको सकिन्न वयान लाजले झुक्छ माथ ।१००

समय हुंदा लगनको वेला भूपति अह्राउंथे
जानकीलाई साथीका साथमा ल्याउनु भन्दथे
होश नै गुम्यो शारदाजीको उपमा लजायो
श्री विष्णुबाट जगदम्वालाई अंगीकार गराइयो ।१०१

त्यसवेला मण्डप झलल्ल झल्क्यो मणिको चमक
वसन्त मानो वहार बोकी छरेछ सर्वत्र
वसन्त आउंदा विभिन्न फूल फुल्दछ ढकमक्क
जानकी आई मण्डपमा बस्दा चौदिसा झल्मल ।१०२

व्राम्हणद्वारा सम्पन्न भयो वैदिक अनुसार
शान्ति पाठ पूजन हवन वैदिक व्यवहार
राजा र रानी रामका पाउ खुशीले धोएथे
पहिलेको कुनै पुण्यले गर्दा यो मौका पाएथे । १०३

श्री भगवानको पाउ धुन लागे प्रशन्न भएर
प्रेमले शरीर उम्लिन लाग्यो उल्लास भएर
आकाशैभरि मिथिलाभरि जयकारको ध्वनिले
संसारैभरि फिजिन लाग्यो हावाकै गतिले । १०४

राजा र रानी प्रफुल्ल हुंदै श्री पाउ पखाल्थे
यै किसिमबाट निरन्तर पाउ छुन मन गर्दथे
प्रभुका पाउको स्पर्श पाई गौतम पत्नीले
पत्थरबाट ती मुक्त भइन उत्तम गतिले । १०५

कलीको पापलाई हरण गर्न गंगाजी ओर्लेकी
पृथिवीभरको भूभार हर्न सीताजी जन्मेकी
यस्ताको पाउ धुदैछन आज मिथिला नरेशले
भाग्यको तिनको बयान गर्न सक्दैन कसैले । १०६

श्री जगन्नाथलाई पूजन पाए मिथिलापतिले
हर्षले विभोर भएका थिए आनन्द गतिले
देवता मान्छे साधु र सन्त अत्यन्त खुशीभै
सुखका सिन्धु प्रभुलाई पाए पृथिवी भरिमै । १०७

लौकिक विधि वैदिक विधि विहामा गरियो
कन्यादान गरी भूषण पनि प्रशस्त दिइयो
शिवलाई दिए पार्वती पुत्री श्री गिरीराजले
विष्णुलाई दिए साक्षात लक्ष्मी समुद्रनाथले । १०८

लगनगाँठो पारियो तव होम आदि गरेर
यज्ञलाई परिक्रमा नै गर्ने वरवधु उठेर
जय जय ध्वनि गुन्जिन लाग्यो मंगलगानले
वेदको ध्वनि वन्दिको ध्वनि वाजा र नाचले। १०९

कन्यादान दिए पछि रानी दुःखी भइन
आजसम्म आफ्नी छोरी आफ्नै काखमा थिइन
पालीपोषी हुर्काएकी आफ्नी छोरीलाई
कठैवरी जान लाग्दा मन्मा दुःखदायी। ११०

दुख्नसम्म चित्त दुख्यो आँशु थामिएन
अर्कोलाई दिनै पर्ने सुख पाइएन
राजा सोच्थे आफ्नी छोरी अर्कोलाई दिने
जन्मघरको माया मोह त्यागी जानुपर्ने। १११

मायालाग्छ अति मलाई मेरी जानकीको
कुन रीतिले विदा दिऊँ मुटु मेरो जल्दो
यस्तै कुरा सोच्दै थिए वेदध्वनि गुन्जार
आकाशबाट पुष्प वर्षी देववाणि जयकार। ११२

नौमतिका वाजागाजा मण्डपमा बज्थे
त्यसवेलामा भान हुन्थ्यो मानो देवता नाचे
जुन रीतिले पार्वती र शंकरको विहा
त्यस्तै विधिपूर्वक भयो जानकीको विहा। ११३

जानकीका नैन देख्दा राम लज्जित भए
वैदेहीका नैन पनि राम तर्फै थिए
सतानन्दको आज्ञा पाई उठे रामचन्द्र
मण्डप घुम्ने वेला भयो लागे वाजा बज्न। ११४

जय जय कोशलपति दर्शकहरु भन्थे
वरवधुमा मेल मिलाप राम्रो हवस भन्थे
शतानन्द उभिएर वेद पाठ गर्थे
जिन्दगीभर शान्ति छावस आसिक यही दिन्थे। ११५

जोडी त्यहाँ उभिएर मण्डप घुम्न लागे
श्रृष्टिकर्ता दङ्ग पर्दै स्वर्गबाट हेर्थे
रत्नादिका खम्वा भित्र वरवधू देख्थे
विश्वभरकै प्रतिविंव एकै ठाउँ देख्थे। ११६

या त रति कामदेव अर्कै रुपले आए
उत्तम छवि वरवधुको रुप देख्न आए
मणिजडित खम्वा भित्र राम र सीताजीको
मण्डप घुम्दा झल्याक झुलुक परछाइ पर्थ्यो। ११७

हेर्ने इच्छा ठूलो थियो संकोचले गर्दा
शिवजीको त्राशले नै पछि सर्नु पर्दा
जतिसुकै हेर्दा पनि हेरौं हेरौं लाग्ने
हेर्ने पियास मेटिएन हेर्दा ज्यान जाने। ११८

हेर्दै लुक्दै गरिराख्ने छ कि कोही जस्तो
रति काम आएछन्कि भान हुने तेस्तो
मणिमाणिक झल्मलाई सारा उज्ज्वल थियो
जानकी र राघवले मण्ड्प घुम्नु भयो। ११९

जसको लीला व्याख्या गर्दा नारदमुनि थाक्थे
शारदा र कवि लेखक वास्तवमा थाक्थे
आनन्दले पूर्ण भए दर्शक खुशी भए
त्यसवेलाको विवाहमा नेगी वस्तु दिए। १२०

मण्डप घुमिसिध्याएर सीताजीका शिरमा
सिन्दुर हाल्न लाग्नु भयो सिधा स्यूदो बीचमा
त्यस वेलाको शोभा यस्तो भन्नै सकिदैन
ज्यादै सुन्दर दृश्य थियो वयान साध्य छैन। १२१

वशिष्ठले आज्ञा दिए वर वधुलाई
एकासनमा बस्नु पर्छ भने दुवैलाई
दशरथले दुवैलाई एकै ठाउँमा देखे
लक्ष्मी र विष्णु हुन कि भन्ने मन्मा ठाने। १२२

लेख्नु पर्दा लेख्नै पर्छ हाम्रो हिन्दू रीति
वरवधूले आपसमा माग्ने दिने रीति
बिर्सिएका थियौं लेख्न वरवधूका माग
हाम्रो हिन्दू समाजमा यी शब्दका ज्ञान । १२३

दुलही माग्छिन दुलहासँग जोडेर दुवै हात
श्री अन्नपूर्ण बनाइदिनू मलाई सदा नाथ
घरको सारा सुरक्षा गर्ने जिम्मामा मेरो हात
तपाईंको जीवन कार्यमा सदा राख्नुहोस मलाई साथ ।१२४

हुनेछु सदा जीवन साथी तपाईंको प्रिय नाथ
धार्मिक काम्मा हुनेछु साथै तिमी हौ प्राणाधार
लिने र दिने व्यवहार आदि हुनेछ मेरै हात
बिर्सेर पनि नदिनु धोका जीवन प्राणघात । १२५

सुन्दरी सुरा उत्तम ठानी नभूल्नु कहिल्यै
भुलेछौ यदि संकटको वीज रोपिन्छ आखिर त्यै
वाहिरका कुनै रखौटीसँग नबितोस कुनै रात
भुलेछौ भने नराम्रोसँग हुनेछ प्राणाघात । १२६

क्यै कुरा पनि नखानु एक्लै बाँडेर वरावर
पत्नीको भाग नराखी खाँदा लाग्नेछ ठूलो पाप
नखेल्नु जुवा नबोल्नु झूठो विश्वास घट्नेछ
पत्नीलाई शोषी वेश्यालाई पोस्दा आत्माले धिक्कार्छ ।१२७

अलछिन उल्नु भनेर मलाई नदिनु धिक्कार
यी शब्द सुन्दा कोमल मन्मा वज्रिन्छ कुठार
पत्नीलाई ठगी नगर्नु खर्च वडप्पन देखाई
त्यो लतले गर्दा वूढेसकाल्मा नराम्रो भोगाइ । १२८

दुख र सुख बाँडेर बसौं नगरी झगडा
जिन्दगीभरै मिलेर बसौं नगरी झमेला
हर्दम मलाई साहिता दिनु नगर्नु अल्छीपन
नमुना जोडी भएर बसौं नदेखाऊ कप्टीपन । १२९

अरुका साम्ने नगर्नू गाली अति नै कडकेर
क्यै मेरो त्रुटी भएमा भन्नू एकान्त बसेर
अर्काको घरमा नबस्नु रात्मा धिग्याहा बनेर
सुन्दरी साथमा नगर्नु ठट्टा ठटयौलो भएर । १३०

युवती लिई नजानू कतै त्यै बानी लाग्दछ
मदिरापान नगर्नु कैल्यै त्यसैमा लत लाग्दछ
म पत्नी तिमी पति हौ मेरा दर्जामा वरावर
जुनसुकै वेला विगार्दै मुख नगर्नु तिरस्कार । १३१

अर्काका कुरा सुनेर घरमा झोक्किनु हुँदैन
पत्नीलाई सधैं गरिन्छ गाली मेल हुन सक्दैन
पतिले यदि गर्दछ गाली सवैले हेप्दछन
अर्काको घरको भेदभाव सवै टोलमा फिज्नेछन ।१३२

मिलेर बसौं जिन्दगीभरी नबनौं संतापी
नबोल्नु झूठो कसैका साथमा बन्नुहोस विश्वासी
आमा र वावु आएको बेला नगर्नु वैरभाव
भेटघाट गर्न आएछन् भने नगर्नु अपमान । १३३

अर्काको कुरा सुनेर मलाई डाँकोले ननिल्नु
वास्तविक कुरा बुझेर मात्र राम्रोरी संझाउनु
साथीको घरमा गएता पनि वेलामा आउनु
साथीले दियो भन्दैमा तिम्ले मदिरा नपिउनु । १३४

रिसका झोकमा नफोड्नु केही अलक्षण पस्दछ
एक लात हान्दा फुट्दछ त्यही बनाउन गाह्रो छ
जेजस्तो जुर्छ भोजन गर्नू रिसले नफ्याक्नु
टोलका मान्छे दंगदास हुन्छन पत्नीलाई नपिट्नु । १३५

नराम्रा शब्द नबोल्नु कैल्यै पतित नभन्नु
पत्नीका कुरा लगेर अन्त कसैलाई नभन्नु
नपुग्दो धाक नलाउनु कैल्यै फटाहा भइन्छ
अर्काको कुरा नकाटनु कैल्यै कुरौटे भइन्छ । १३६

पत्नीलाई धेरै दवाउन हुन्न आँसुले पोल्दछ
दासीको जस्तो व्यवहार गर्दा आत्माले धिक्कार्छ
विरामी हुंदा विचार गर्नु धोकेवाज नहुनु
कसैले कुरा लगाए पनि ती कुरा नसुन्नु । १३७

पत्नीको मान गरिन्छ भने आफ्नो मान बढदछ
पत्नीलाई घृणा पतिले गर्दा नाता नै टुक्रिन्छ
दाम्पत्य जीवन राम्रो छ भने ईश्वर हास्नेछन
स्वर्गका परी धर्तीमा आई खुशीले नाच्नेछन । १३८

यो जन्म मात्र मिलन होइन जन्मान्तरसम्म होस
संसारभरका जोडीका लागि नमुना हाम्रै होस
दुःख र सुख घाम र छायाँ दुवैले भोगौंला
दुःखीको सेवा गरेर मात्र यो प्राण छाडौंला । १३९

दुलहा माग्छन दुलहीसँग लिएर गंभीर भाव
घाम र छायां खपेर बसौं दुवैले मिलि साथ
बिर्सेर पनि नजानु कतै अर्काले हेप्दछन
अर्काको घर विगार्न लागि कोशिस गर्दछन । १४०

जड्याहासँग नगर्नू कुरा मनपरि बोल्नेछ
नशाको सुरमा मनपरि बोल्दै वेइज्जत गर्नेछ
सल्लाह हाम्रो नगर्नु वदर गरेमा ठूलो चोट
नराम्रा कुरा सुनेनौं भने हुनेछ हाम्रो हित । १४१

कसैका घरमा नजानू रातमा कलंक लाग्दछ
घरकी लक्ष्मी यसरी डुल्दा लक्षण भाग्दछ
जुवाडे सिल्ली दुष्टका साथमा नगर्नू व्यवहार
त्यस्ताको संगत गरिन्छ भने जिन्दगी सर्वनाश । १४२

नबोलाईकनै नजानू माइत हुनेछ मान हानी
माइतिको वचन लाग्दछ कडा हुनेछ गलानी
उत्ताउलोपन नभिक्नु प्रिय राख्नुछ मर्यादा
उत्ताउलो हुन्छ चन्चलेपन हुनेछ विषाद । १४३

भएछ पति निर्धन रोगी अत्यन्त विरामी
पतिकै सेवा गरेर ब्रस्नु नहुनु हैरानी
यै रीतिसँग दुलहा दुल्है कवोल आपसमा
वामाङ्गपट्टि पत्नीलाई मिल्यो उत्तम आसन । १४४

लिएर भेष वन्दीजन भई आएका चार वेद
कसैले पनि सकेनन् चिन्न ईश्वरको त्यो भेद
प्रत्येक जनले यै प्रकारसँग दिएथे वरदान
दीर्घायू होऊन वर र वधू पाएर संमान । १४५

जुन वेलासंम शिवका शिरमा गंगाजी बस्नेछन
लक्ष्मीनाथको छातीमा ठूलो भृगुको लातको छापनै रहन्छ
जुन वेलासंम चन्द्रमा ज्योति चादनी रहन्छ
त्यसवेलासंम जानकीजीका स्यूदोमा रंग हुन्छ । १४६

छाडेर स्वर्ग लक्ष्मी नारायण धर्तीमा ओर्लेका
राक्षसको संहार गर्नका लागि मानव भएका
राक्षस चांडै मारिन्छन अब भूभार हरिन्छ
राक्षस सवको उछित्तो भई स्वतन्त्र भइन्छ । १४७

लक्ष्मी दुर्गा जानकी रुपले भएकी प्रकट
राघवसँग विवाह भई हर्नेछन संकष्ट
जगतमाता जगतत्राता भएर मिलन
भाग्ले गर्दा मिथिलेश्वरले पाएको पूजन । १४८

हर्षले उल्लास भएर अति बोलेथे जनकराज
कोशलपति भूपालसँग जोडेर दुवै हात
संवन्ध हाम्रो घनिष्ट हुंदा कृतार्थ म भएँ
यसरी नाता संवन्ध जोडदा हर्षले रमाएँ । १४९

सागरमा जव मिसिन्छ नदी पावन बन्दछ
कोशलेशसँग मित्रता वढदा भाग्यले हेर्दछ
कोइसँग अब जोड्दिन नाता म प्रण गर्दछु
तपाईकै हात पकडेर पाउ अनुरोध गर्दछु । १५०

संवन्धगाँठो बलियो भयो यो अब खुस्किन्न
तीन जना कुमार वाँकी छन् यहाँ अरु वर खोज्दिन
हे सम्धी राजा गरेर कृपा आश्रय दिनुहोस
तीन जना कुमार कुमारी साथमा विवाह गर्नुहोस । १५१

लक्ष्मण भरत शत्रुघन तीनै कुमारहरुलाई
तीनजना छोरी विवाह बाँकि टक्र्याउछु तिनैलाई
यै महल भित्र सुन्दर कन्या भतिजी छोरी छन
तपाईका पुत्र तीनैका लागि विवाहयोग्य छन् । १५२

भरतका लागि माण्डवी अनि श्रुतिकीर्ति कान्छालाई
उर्मिला छोरी लक्ष्मणलाई सुम्पिन्छु सवैलाई
भूपतिबाट मंजुर भए विवाह हुनेछ
आजकै लगन उत्तम सम्झी सम्पन्न हुनेछ । १५३

संधीजी यही वरवधु यही मण्डप यही छ
दिनुहोस आज्ञा विवाह गर्न सवकुरा तयार छ
भूपति जस्तो उत्तम संधी अनेत्र पाउन्न
भाग्यले साथ दिएको वेला यो मौका छोड्दिन । १५४

मिथिलेश्वरको अनुरोधलाई राजाले स्वीकारे
वशिष्ठजीको स्वीकृति लिन प्रस्ताव चढाए
गुरुले पनि स्वीकृति दिए राजाको प्रस्तावलाई
दशरथ राजा प्रशन्न भए उत्तम वधू पाई । १५५

कसैले भन्न सकेनन् त्यहाँ को ठूलो को सानो
ती दुवै संधी समान थिए को नयाँ पुरानो
दुवैले भन्थे तपाई ठूलो वास्तवमा को ठूलो
हृदय तिन्को प्रशन्न थियो थिएन तुवालो । १५६

दुलहा दुल्है अनुपम थिए अत्यन्त उज्वल
संकोच मान्दै लजाई हेर्थे आपसमा परस्पर
सुन्दर जोडी देखेर राजा मनमा हर्षित
सौन्दर्य तिनको तारिफ गर्थे भएर गर्वित । १५७

रामको कस्तो विवाह विधि भएथ्यो जुन रीत्ले
रामका तीनै भाइको विहा भएको त्यै रितले
दाइजो पनि प्रसस्त थियो भनेर सकिन्न
आगनै भरि मणि र रत्न लेखेर सकिन्न । १५८

जुन चीज पाउन् दुर्लभ थियो त्यहा नै देखिन्थे
धनाढय जनले देखेर दाइजो ईर्ष्याले जल्दथे
वेगिन्ति धेरै सम्पत्ति दिए जनक राजाले
दिएको चीजको वयान लेख्न सक्दैन कविले । १५९

जजस्ले जेजे चाहेको थियो त्यै चीज दिएर
ब्राम्हण र याचक प्रशन्न भए रत्नादि पाएर
जन्तीलाई ठूलो संमान गरे मिथिलापतिले
यत्तिको ठूलो आदर गर्न सक्दैन अरुले । १६०

सत्कार पूजा गरेर सवको वन्दना गरेर
मागदथे क्षमा दशरथसँग विनम्र भएर
के दिन सक्छु राजालाई मैले श्रद्धाभाव चढाउंछु
कुमारलाई चारोटी छोरी सभक्ति टक्र्याउंछु । १६१

सुसारे जस्तै गरेर राख्नोस राजाकै महल्मा
सकेको सेवा गर्नेछन यिनले मिलेर आपसमा
विनम्र विन्ति संधीको सुन्दा अयोध्यापतिले
हत्त र पत्त छातीमा टासें अगाध हर्षले । १६२

त्यसपछि वाजा घन्किन लागे जयकार सुनियो
सम्पन्न भयो विवाह रामको त्रैलोक गुन्जियो
वरातका साथमा गुरुजन लिई कोशलपतिले
जनवास तर्फ प्रस्थान गरे अगाध हर्षले । १६३

आदरकासाथ पुऱ्याउन गए मिथिला नरेश
प्रेमले गर्दा आँखामा आँशु टल्पल गरेर
प्रेमको गाँठो सम्बन्ध गाँठो मस्कियो परस्पर
यी दुवै देशको मिलाप भयो युगानुयुगान्तर । १६४

जनकजीको सम्मान पाई दशरथ प्रशन्न
मनको इच्छा सफल हुंदा भएथे आनन्द
ईश्वरले हाम्रो सम्बन्धलाई सुदृढ गराओस
दुई देश वीचको मधूर कीर्ति संसारमा फिजियोस।१६५

इत्यादि कुरा सम्झिदै थिए अवधपतिले
त्यैवेला त्यहाँ रामलाई रोके युवतीहरुले
सीताका साथी रोकेर भन्थे सुन्नुहोस कुमार
क्यै कुरा यहाँ गर्नुछ वाँकी रीति र रिवाज। १६६

कैयौ देवता देवीसँग प्रार्थना यो गर्छौं
सीतारामको जिन्दगानी सफल होओस भन्छौं
पैले पनि देवीसँग प्रार्थना यो गर्थ्यौं
दुइजनाको जोडी मिलोस भन्ने मन्मा लिन्थ्यौं। १६७

हाम्रो माग पूर्ण गरिन पार्वतीले आज
पार्वतीकै पूजा गर्छौं हामी खुशीसाथ
सीता जस्ती दुल्है पाई घमण्डले फुल्छौं
हाम्रो यस्तो प्रयासलाई तेसै खेर फाल्छौं। १६८

मिल्दोजुल्दो जोडा भयौ सधै मिलिराख
तिम्रो भाग्य खुल्दाखेरी राम्रो पायौ साथ
तन र मन सबै दियौं सीता सुम्पी दियौं
दशरथका पुत्रलाई ज्वाइँ भन्न पायौं। १६९

हाम्रो यस्तो प्रयासलाई तिम्ले भुल्न हुन्न
हामीलाई बिर्स्यौं भने चित्त बुझ्ने छैन
सीता जान्छिन अयोध्यामा ज्यादै पीर लाग्छ
जानकीलाई यहीं नै राखौं मनले सदा भन्छ। १७०

दुवैलाई मनमन्दिरमा सजाएर राख्छौं
हाम्रै छाती भित्र सदा वन्दगरी राख्छौं
हाम्रै मुटु भित्र बसी सधै हाँसी राख
यै मिथिला देशमा हवोस तिम्रो नित्यवास। १७१

हाम्री साथी जानकीलाई प्यारो गर्नुपर्छ
तिरस्कार गर्छौं यदि भारी पाप लाग्छ
चित्त तिम्रो वुझ्दैन ता भन्नु मन्मा के छ ?
तिम्रो मन्मा के छ के छ भन्नु पर्छ जे छ। १७२

भाग्य तिम्रो खुल्न गयो भाग्मानी भयौ
जानकीलाई साथै लिई अवध जान लाग्यौ
सीताजस्ती साथी दियौं तनमन सवै दियौं
अयोध्यामा जान लाग्यौ हामी दुःखित भयौं। १७३

जानै लागिन हाम्री साथी तिम्रै साथमा जालिन
हामीलाई सम्झी सम्झी दुःखी हुंदै रोलिन
संझाएर वुझाएर चित्त वुझाइदिनू
जानकीलाई साथमा लिई भेट्न चाडै आउनु। १७४

यै किसिमले हासखेल गरी विभिन्न खेलबाट
दुलहालाई लिएर गए तुरुन्त देवस्थान
देवता पूजा गराइदिए कुलका रीतिले
देवताको पूजा आएर गरे आ-आफ्ना रीतिले। १७५

रामको रुप हेर्दथिन सीता दोपट्टा खोलेर
प्रशन्न चित्त सीताको भयो मोहित भएर
यै प्रकारबाट विभिन्न रीति गराई क्षणक्षणमा
विभिन्न विधि व्यवहार पनि सिद्धियो रातभरमा। १७६

युवतीहरु गाउंथे गीत समय अनुसार
राघवलाई रमाइलो लाग्यो गुन्जिदा मीठो स्वर
आमोद प्रमोद आपसमा भयो हर्षित मनले
रमाई गीत गाउंथे नारी प्रशन्न मनले। १७७

विहानपख सहनाई बज्यो मधूर ध्वनिमा
एक हूल साथी जनवास आए युवक जोशैमा
रामको साथी ठटयौला थिए छेडछाड गर्दथे
दूधभात खाई मोटाइसक्यौ के हो त भन्दथे। १७८

मतलवी रैछौं दुवै भाइ तिमी हामीलाई छाडेर
दूधभात खाने पारेर मौका आएका भागेर
लैजान्न भने आउदैनथ्यौं हामी के भाग्नु पर्दथ्यो
थिएनन हाम्रा कोइ नातागोता के लाज मान्नुथ्यो । १७९

लक्ष्मण भन्थें परिश्रम गर्दा यो मौका पाएको
शिवको धनुष तोडेर मात्र दूधभात खाएको
लक्ष्मणका कुरा सुनेर सबै एक मुखले बोलेथे
दुवैमा तेस्तो शक्ति नै छैन नकराऊ भनेथे । १८०

शिवको धनु भाच्नको लागि कुन शक्ति तिम्रो छ
साच्चैनै भन्छौ त्यो धनु भाच्ने तागत हाम्रो छ
विभिन्न व्यायाम सिकाई तिम्लाई गराई वलियों
त्यसैले गर्दा शिवको धनु मौकामा भाचियो । १८१

सुनेर शव्द रामचन्द्र बोले कुरा त ठीकै हो
साथीको गुण बिर्सने छैनौ बिर्सने मूर्ख हो
हामीले के के गरेर आयौं तुरुन्तै वुझ्नेछौ
साथीको साथमा बसेर हामी भोजन गर्नेछौं । १८२

जुन भोजन पैले खाएर आयौं त्यो स्वल्प नास्ता हो
भोजन गर्न जादैछौं हामी त्यो भव्य भोजन हो
नवुझीकनै गर्दछौ कुरा छेड हान्न हुँदैन
जे मुख्मा आयो त्यो कुरा झट्ट बोल्नु ता हुँदैन । १८३

त्यै वेला कोही बोलाउन आए भोजनमा पाल्नुहोस
कोशलबाट आएका जन्ती अगाड़ी आउनुहोस
मुसुक्क हास्दै राघव बोले यो हार कसको हो ?
नबुझी वीचमा आएर बोल्छ यो हार त्यसकै हो । १८४

राघवका ओठे जवाफ सुन्दा क्षणभर चुप लागे
आजको दिन्मा राजानै तिमी के बोल्नु भन्दथे
नबोलौं भने उत्सुक लाग्छ बोलेमा हारिन्छ
सुनेका कुरा देखेका कुरा मौकामा भनिन्छ । १८५

विभिन्न व्यंजन तयार थियो राजाको दर्वारमा
मखमल तुल विछ्याइदिए जन्तीको निम्तिमा
राजाले आफैं स्वागत गरे प्रशन्न भएर
प्रकृति पनि प्रफुल्ल थिइन राघवलाई देखेर । १८६

दशरथजीका धोएथे पाऊ जनक राजाले
राघवका पाउ धोएथे पछि अगाध प्रेमले
लक्ष्मण भरत सौमित्र पनि रामकै भाइ हुन
सबैका पाउ क्रमस धुदा अत्यन्त खुशी मन । १८७

खूव सजिएर साथीभाइ साथै आएका राजकुमार
विभिन्न व्यंजन तयारी थियो हजारौ प्रकार
आदरसाथ टक्र्याए भोजन सबैका सामुमा
भोजनको नामै सकेनन् चिन्न सोध्दथे आपसमा । १८८

प्रत्येक जन्ती प्रशन्न थिए पाएर आदर मान
भोजन थियो वास्नाले मगमग अतिनै मीठो स्वाद
विभिन्न थरी भोजन हुंदा चिन्नलाई मुस्किल
भोजनकै नाम नजान्दाखेरी भएथे लज्जित । १८९

त्यो चीज देऊ, यो चिज थप औंलाले देखाउंथे
परिकारको नामै थिएन थाहा लाजले हास्दथे
कुनै चिज थियो नूनिलो अनि कुनै ता गुलियो
कुनै ता थियो अतिनै पीरो कुनै ता अमिलो । १९०

कुनै थोक थियो क्यै तितो कुनै ता स्वादिलो
कुनै चीज थियो गलेको धेरै कुनै त वाफिलो
त्यै एकै चिजको विभिन्न नाम विभिन्न परिकार
पकाउने कला कसरी जाने धन्य हुन सूपकार । १९१

मिष्ठान्न पनि प्रशस्त थियो विविध थरीका
कसैले खाए कसैले फ्याके जूठोमा हालिदा
जन्तीले तेस्तो संमान कतै पाएका थिएनन्
त्यहाँको जस्तो भोजन कतै देखेका थिएनन् । १९२

भोजन गर्न लागेको वेला गाइका आएर
अत्यन्त मीठो मधूर आवाज गालीले भरेर
सोहीनी आइन मोहिनी आइन गीत गाए गालीमा
सुकेको पेट फुलाई खाऊ लिएर थालीमा । १९३

विभिन्न गाली सुनेर राजा रमाइलो मान्नुभो
गाली र गल्लोज प्रशस्त सुन्दा मुसुक्क हास्नुभो
तारिफ गर्दै भोजन गरे आएका जन्तीले
मिथिलापुरको प्रशंसा गरे प्रत्येक व्यक्तिले । १९४

चौरासी व्यञ्जन तयारी थियो जन्तीको निंतिमा
जुन चीज खान्थे ताजुप मान्थे लिएर थालीमा
खादामा मीठो देख्दामा सुन्दर भोजन त्यो थियो
पेटमा हुन्थ्यो उकुस र मुकुस मुखले माग्दथ्यो । १९५

जन्तीको चाला अनौठा देखे उत्ताउला ठिटीले
जे मुखमा आयो छेड्छाड गर्थे सुन्दर रीतिले
सीतालाई लिन आएका तिमी अयोध्यावासी हौ
सौन्दर्य भण्डार देख्नलाई आयौ देखेर आत्तियौ । १९६

अत्तिनै उज्ज्वल कोमल रुप श्रीराम रघुनाथ
रामकी दिदी विवाह भयो श्रृंगीजी मुनिसाथ
राघवका पाउ पखाल्न पाउनु यो ठूलो मौका हो
जानकी जस्ती दुलही पाउनु रामको भाग्य हो । १९७

कोशलपुरको वयान गर्नु गुलियो खिर खानू
सीतालाई दुःख नदिनु कैल्यै निरन्तर हसाउनू
जानकीजीको सुखको खवर लेखेर पठाउनु
संवन्ध हाम्रो दीर्घायू होवस ईश्वरले पुऱ्याउन् । १९८

पहिलेका नारी मांगलिक गीत गाएर हँसाउंथे
सुन्दर गीत धार्मिक गीतले दिलखुश गराउंथे
आजका नारी अस्लिल गीत गाएर सुनाउंछन
सुन्नेको मन्मा अठ्यारो लाग्छ मस्तक भुकाउंछन ।१९९

अनुसूया गार्गी आदिको इज्जत नारीले फाल्दछन्
शारदा अरुन्धतिको नियम हसीले उडाउंछन्
नारीको इज्जत संमान भए गृहस्थी रम्दछ
नारीको इज्जत राखिन्न भने घरवार खड्किन्छ ।२००

हे दाज्यूभाइ नारीलाई तिम्ले दिनदिनै सताउंछौ
नारीलाई सदा तिरस्कार गरी जिन्दगी रुवाउंछौ
नारीको शक्ति अगम्य हुन्छ तिमीमा शक्तिछ
तिनीलाई सदा रुवायौं भने यो विश्व डुव्दछ । २०१

कुनै दिन हासी कुनै दिन नाचि व्यवहार गरियो
सवैको मुखमा सुख र शान्ति मुस्कान देखियो
भोजन गरी महिपाल मणि प्रशन्न भएर
पान र मानमा व्यवहार भयो मिथिलेस झुकेर । २०२

भोज र भतेर सबैले गरे विशाल आगन
कोशलपति प्रशन्न भए पाएर संमान
मिथिलापुरी अति नै सुन्दर देखेर राजाले
हृदयैदेखि प्रशंसा गरे उन्मत्त कण्ठले । २०३

मिथिलापुरमा दिन दिनै जस्तो नाचगान चल्दथ्यो
विभिन्न नाचगानले भूपलाई आनन्द लाग्दथ्यो
धेरजसो नयाँ नाच र गानले प्रशन्न मन हुन्थ्यो
उत्सव र हर्ष शान्तिले गर्दा क्षणमा दिन बित्दथ्यो ।२०४

मिथिलापुरले मोहित पाऱ्यो कोशलपतिलाई
जतिनै बस्यो जतिनै हास्यो आनन्द दुवैलाई
विद्वान संधी साथमा हुंदा व्यवहार बिर्सेथे
जनकपुरको सौन्दर्य देख्दा आकर्षित भएथे । २०५

रमाइलोसँग महिनौंसंम दशरथ बसेथे
कोशलवासी दिन प्रति दिनै चिन्तित भएथे
तीनजना रानी शोकले गर्दा विव्हल भएका
नपाउदा खवर नआउंदा मान्छे पिरले गलेका । २०६

मिथिलापुरमा खवर बुझ्न दूतलाई पठाए
दूतका हातमा दिनहूँ चिठी लेखेर पठाए
कोशलबाट आएको चिठी राजाले बाँचेथे
जनकलाई यो कुरा भन्न अप्ठ्यारो मानेथे। २०७

त्यस्तै चिठी प्रजाबाट लेखिएको थियो
राजा मन्त्री नहुंदामा ज्यादै शुर्ता भयो
प्रजाहरु आत्तिएका ज्यादै शुर्ता मानी
दिनका दिनै बाटो हेर्थे आँखा तानी तानी। २०८

यस्ता पत्र पढदा खेरी राजा आत्तिएर
भूपतिले चारै छोरा नजिक बोलाएर
जाऊ बाबू राजासँग विदा मागी आऊ
चारैजना वधू पनि साथै लिई आऊ। २०९

महिनौ महिनौ बसिसक्यौ अब बस्नु हुन्न
आफ्नो राज्य बिर्सिएर हामी बस्यौं धन्य
पिताजीको आज्ञा मानी राजमहलमा गए
चारै भाइ मुस्कुराई रनिवासमा पुगे। २१०

विदावादी माग्न भनि भाइ साथमा लिई
रनिवासमा जानु भयो सूर्यकुलका मणि
राजकुमार आको देखी राजा खुशी भए
कोशल कुमार देख्नासाथै आसिरवाद दिए। २११

अब हामी जान्छौं हजूर विदा दिनुहोस
जानकी र बैनीलाई पठाइदिनुहोस
यो देशको प्रकृतिले हामीलाई तान्यो
जति दिन बसे पनि बसौं बसौं लाग्यो। २१२

अयोध्यामा शासक छैन प्रजा आत्तिएछन
दिनका दिनै पत्र लेखी तिनले पठाइरैछन
राजा गुरु मन्त्रीहरु सबै यहाँ आए
मुख्य व्यक्ति नहुंदामा प्रजा निराश भए। २१३

राजकुमारको रुपराशी देख्दा पुरवासी
हूल बाँधी आए त्यहाँ थुप्रै नरनारी
जान्छन अरे भोलि पक्कै पछि देख्नेछैनौं
उनको रुप हेर्दा खेरी हामी थाक्नेछैनौं। २१४

छोरी ज्वाइँ विदा गर्न राजा तयार थिए
जनक जस्ता भाग्यमानी कोही छैनन भन्थे
दरिद्रले एकैचोटि वैभव पाए जस्तो
प्राण जाने वेला हुंदा अमृत पाए जस्तो। २१५

मिथिलावासीहरु रामलाई प्यारो गर्थे
चारै भाइ यही बसून भन्ने आश गर्थे
राघवले धनु भाच्दा प्रजा खुशी थिए
अयोध्यामा जान्छन भन्दा सवै दुखित थिए। २१६

जस्ता राम सुन्दर थिए उस्तै सीता थिइन्
विष्णु जस्ता पति पाउदा भाग्यमानी भइन्
राघवको रुपराशी हृदयमा राख्थे
दिनका दिनै देख्न पाऊँ भन्ने आशा राख्थे। २१७

मुस्कुराई चारै भाइ महल भित्र पसे
उज्वल रुप देख्दाखेरी सबै छक्क परे
राजा रानी दङ्ग परे सुशिल ज्वाइँ पाई
के पो गरौं कसो गरौं भन्थे हत्पताई। २१८

हात जोड्दै राजारानी विन्तिभाउ गर्थे
केही दिन ता बस्नु हवस भन्दै आँशु झार्थे
यस्तो विन्ति सुन्दाखेरी राघव हात जोडथे
ऐले विदावादी पाऊँ चाडैं आउंला भन्थे। २१९

कोशलका वासीहरु ज्यादै आत्तिएछन
दिनका दिनै आऊ भन्दै पत्र पठाउदैछन
हाम्रा पनि वुवा मुमा हजूर हुनुहुन्छ
हजूर जस्तो शुभ चिन्तक हाम्रो यहाँ को छ ?।२२०

छोरीलाई विदा गर्न जनक दुःखित भए
छातीलाई टुक्रा पार्दै दशरथ सामु गए
मिथिलेशले विन्ति गरे तेसै जानु हुन्न
विना साइत विना विदा छोरी पठाइन्न । २२१

ज्योतिषीले जुराएको साइत राम्रो हुन्छ
तेसैवेला हजूरलाई विदा गराइन्छ
केही दिनसम्म मनोरञ्जन यहीं गर्नु पर्छ
साइत जुरे पछि मात्र विदा हुनु पर्छ । २२२

जानकीका साथीहरु गाउन निपूण थिए
मिथिलेशको आज्ञा हुंदा नाच्न तयार भए
आऊ आऊ आगनीमा छम छमाइ नाचौं
कोशल किशोर देख्दाखेरि धोको पुऱ्याइ हासौं ।२२३

सुन्दर जोडी देख्दाखेरी हेरौं हेरौं लाग्छ
सीतासँगै अयोध्या जाऔं जाऔं लाग्छ
मंगलका बाजा बजाऔं सबै मिलि नाचौं
जिन्दगीभर सीतासँगै हामी बस्न पाऔं । २२४

कोशल किशोर देख्दाखेरी उनको लाज लाग्छ
छाती फुकाई लाज पचाई नाचौं नाचौं लाग्छ
दुवै जना भुपालको अदप पनि लाग्छ
दुई जनाकै सौन्दर्यमा मनै लोभिइन्छ । २२५

मन्मा भने थरी थरी कुरा खेलिराख्छ
कोशल किशोर जोडीलाई यही राखौं लाग्छ
यस्ता जोडी मिलन हुंदा मनै राम्रो लाग्छ
जानकीलाई विदा गर्न होश हवास गुम्छ । २२६

वांगो पारी शिवधनु तिम्ले भाँचिदियौ
मिथिलेशको प्रणलाई पूरा गरिदियौ
धन्य राम धन्य सीता हामी धन्य रैछौं
जानकीलाई विदा गर्दा डाँको छोडी रूछौं । २२७

हुन्छ भने राजकुमार यही बस्नु राम्रो
विदावादी गर्दाखेरी चित्त दुख्छ हाम्रो
सीता हाम्री राजकन्या कोमलकली ती छन्
मन्मा काँढा विज्दाखेरी चित्त दुखाउने छन् । २२८

हामी सधैं विन्ति गर्छौं प्यार गर्नु होला
हाँसी खुशी बस्नु होला एकवारको चोला
जानकीलाई दुःख दिए हामी दुःखी हुन्छौं
उनकै माया स्नेहमा धुरुधुरु रुन्छौं । २२९

वसन्तको वहारले जीवन छाइरहोस
त्यसकै सुन्दर वहारमा कोइलीचरी नाचोस
सीतासँग हामी पनि जान्छौं अयोध्यामा
नाचगान नित्य गर्छौं तिम्रै आगनीमा । २३०

जानकीको विवाहमा हामी सुखी थियौं
सीताजीको विदाइमा ज्यादै दुखी भयौं
तिम्रो रुपराशीलाई हेरौं हेरौं लाग्छ
सीता अब जान्छिन भन्दा ठूलो पीरलाग्छ । २३१

तिम्रो आगमनले हामी रमाएका थियौं
आज विदा गर्दाखेरी आकुल व्याकुल भयौं
आकाशको कालो वादल गडयांगुडुङ गर्छ
तिम्रो कल्याण भै दिएमा ठूलो हर्ष लाग्छ । २३२

मिथिलाको फूलवारीमा तिम्रो पाइला पऱ्यो
त्यै वागकी मोहिनीले तिम्रो मनलाई तान्यो
ईश्वरसँग विन्ति गर्छौं सधैं हाँसी राख
तिम्रो मन्मा ईश्वरको सदा रहोस वास । २३३

संझीराख्नु हामीलाई भेट गर्न आउनु
जानकीको सौन्दर्यमा नित्य रमाइराख्नु
हासो ठट्टा वन्द गरौं इज्जत हाम्रो राखौं
कोशल कुमार रामलाई चुम्बकले तानौं । २३४

सूर्यकुलको गौरव गाथा फैलाई दिनुपर्छ
उनकै वंश कल्याणकारी संसारले भन्छ
गाऔं गाऔं गीत गाऔं आनन्दमा नाचौं
हाँसी हाँसी नाची नाची संसारमा बाँचौं । २३८

यस्तै यस्तै नाचगानमा विहा पूर्ण भयो
नित्य नयाँ रसरंगमा महिनौ बितिगयो
जनकपुरमा महिनौ बसी अयोध्याका लागि
जानलाई इच्छा गरे अयोध्याका पति । २३६

मिथिलेशलाई विन्ति गरे विदा पाऔं जान्छौं
नाता हाम्रो वाधिसक्यो फेरि फेरि आउंछौं
कोशल छोडिआको पनि धेरै दिन भयो
उतातिर के के भयो भन्ने सुर्ता लाग्यो । २३७

आज आज भोलि भन्दै कैयौं दिन ता टारें
अयोध्याका वासी भने छटपटाउन लागे
तारन्तर चिठी लिई मान्छे आउन लागे
राजा पनि दुःखित भै विदा माग्न लागे । २३८

विदा दिन मञ्जूर गरे दिक्क मानी मानी
भोलिपल्ट जाने भए मिथिलेशलाई छाडी
कैले होला फेरि भेट कति वियोग खप्ने ?
हृदय नै फुटन लाग्यो मर्ने हो कि बाच्ने । २३९

प्राणभन्दा प्यारा छोरी अर्का घरमा जालान
आमावावु संझी संझी दुःख मान्दै रोलान
यतातिर तड्पि तड्पि हामी रोइराख्छौं
रौरवैको घेरा भित्र हामी बाँची राख्छौं । २४०

भोलि सीता जान्छिन भन्ने हल्ला फैलिएर
जानकीका साथी आए सवै ओइरिएर
साथीहरु रुदै थिए चित्त दुखाएर
आपसमा आदान प्रदान आँसु चढाएर । २४१

हिड्ने बेला हुनै लाग्दा चित्त दुख्ने भयो
प्यारी छोरी जान लाग्दा मुटु पग्लिआयो
आमासँग टाँस्सिएर सीता ज्यादै रोइन
आँखाबाट आँसु झार्दै छटपटिंदै रोइन । २४२

छोरी जन्म व्यर्थ रैछ अर्का घर्मा जाने
भाग्यमानी पुत्र रैछ जन्मै रइथाने
छोरीलाई जन्म दिनु पाप गर्नु रैछ
पुत्रीजस्ती अभागिनी संसारमा को छ ? २४३

छुट्टिन लाग्यौं हे आमा कतिन्जेल स्वयं बाँचौला
विछोड हाम्रो भएरै कसरी हाय बाँचौंला
तिमीलाई संझी रातो दिन के गरि त्यहाँ बसौंला
सहश्र आँशु बगाई आमाको ऋण तिरौंला । २४४

मलाई सोखमा पालेर विभिन्न भोजन खुवायौ
शिशुको वेला तिमीले काखमा राखी पढायौं
दिनहू मैले सताउथें किंचित दुःख मानिनौ
मदेखि सधै खुशी भै रिसाउन कैल्यै जानिनौ । २४५

दयालु आमा छोडेर के गरी जीवन बिताउँला
अर्काको देशमा हे आमा कसरी चित्त वुझाउँला
गृहका कार्य जति छन विस्तारै तिम्ले सिकायौ
नारीको धर्म के के हुन समुचित तिम्ले सिकायौ । २४६

तिमीलाई छोडी हे आमा अवश्य धेरै बोलिन्न
अर्काको घरमा गएर निर्धक्क हाँस्न पाउन्न
नौ डाँडा काटी म जान्छु मिथिला संझी रुनेछु
मनका व्यथा पोखेर हावाका साथमा पठाउछु । २४७

एक शव्द गाली गरिनौ प्रियका शव्द बोल्दथ्यौ
अगाध प्यारो गरेर प्रेमले सदा हेर्दथ्यौ
कसरी बिर्सौं हे आमा ! सुखको हाम्रो जिन्दगी
सुश्रुषा मेरो गर्दथ्यौ नसुतिकनै रातभरी । २४८

आसिक मलाई दिनुहोस विदाको वेला हाँस्नुहोस
छोरीको भाग्य राम्रो होस प्रार्थना यही गर्नुहोस
तिमीलाई छोडदा हे आमा यो छाती मेरो धड्कन्छ
आकाशका वज्र पड्केर छातीमा आई वज्रिन्छ । २४९

छुट्टिन मुस्किल हुंदामा यी दुवै पाइला चल्दैनन्
विछोडको वेला हुंदामा वेगका धारा थामिन्नन्
यहीं नै आमा बुवा छन यहीं नै मेरा साथी छन्
चटक्क बिर्सि तिनलाई थामिन्न मेरो दुःखी मन । २५०

मलाई डांडो कटायौ निरन्तर मलाई रुवायौ
सुखमा सदा रम्दा यै दुःखका ताल्मा डुवायौ
म जान्न आमा म जान्न अर्काको घर्मा रम्दिन
अर्काको घरमा हे आमा अवश्य मर्छु वाँच्दिन । २५१

मलाई यहीं रमाइलो यहींको मैदान हरियो
लाग्दछ मलाई रमाइलो यहाँकै नदी बगेको
कसरी छाडौं यो भूमि मुटुमा गाठो पारेर
के गरी जानु परायघर चटक्क सबै बिर्सेर । २५२

नदेखी कतै मलाई प्रकृति व्यथित हुनेछन
यता र उता दगुर्दै कुना र काप्चा खोज्नेछन
नपाई पत्ता कहि पनि रिसले क्रुद्ध हुनेछन
रिसले आँखा नदेखी पत्थर वर्षा गर्नेछन । २५३

छोरीको हालत देखेर सुनयना दुखी भएकी
आकुल व्याकुल वेसुरले चिन्ताले मुटु जलेकी
सीताको रोदन देखेर आमाले रुँदै भनिथिन्
मायाले मुटु भरियो उत्तम शिक्षा दिइथिन् । २५४

नरोऊ छोरी नरोऊ छातीलाई धैर्य गराऊ
नरोईकनै खुशी भै विदाको वेला खुशाऊ
पतिका साथमा मिलेर सासूलाई खुशी गराऊ
जनककी छोरी धन्य हुन सर्वत्र नाम फिजाऊ । २५५

तिनोटै रानीहरुलाई त्रिदेवी समान संझेर
ससूरा पनि मनैले ईश्वर समान मानेर
सबैको सेवा गर्नेछौ विनम्र भई बोल्नेछौ
नोकर चाकर सबैलाई आत्मीय भनी मान्नेछौ । २५६

आफूले दुःख काटेर अरुलाई सुख दिनेछौ
यी वचन मेरा तिमीले जीवनभरै मान्नेछौ
जनककी छोरी भएरै दुवै कुल उज्ज्वल पारौली
दुइ कुलको पुल बन्नेछौ दुवैको इज्जत राखौली । २५७

नरोऊ छोरी नरोऊ सन्देश मैले पठाउंछु
वरावर तिम्रो पितालाई कोशलपुरमा पठाउंछु
छोरीको जन्म यस्तै हो अर्काकै घरमा रमाउने
हुर्काइ वढाई हामीले योग्य वर खोजी पठाउने । २५८

दशरथ पुत्र असल छन तिमीलाई सुख दिनेछन
कुलकी छोरी सम्झेर आदर मान गर्नेछन
कसैको खराव नगर्नु अर्कालाई हेला नगर्नू
जुनसुकै वेला तिमीले ईश्वरलाई सम्झनू । २५९

चौतर्फ ईश्वर बस्दछन प्राणीको रक्षा गर्दछन
अन्याय गर्छ कसैले तुरुन्त दण्ड दिनेछन
तिमीलाई विदा दिदामा यो छाती भतभत पोल्दछ
कल्याण तिम्रो भलो होस आत्मले सदा भन्दछ । २६०

दुःखदः विदाइ वारेमा आमा र छोरी संवाद
विदाइ हुन आएका श्रीरामचन्द्र आल्हाद
रामको ज्योति देख्दामा सुनयना अति पुलकाइन्
उदरको छोरा सम्झेर तुरुन्त छाती मिलाइन् । २६१

रानीले भन्थिन खुशी भै राघवकुलका रवि हौ
मिथिला कोशलपुरीका उज्वल तारा तिमी हौ
वैदिक विधि विधानले जानकी मैले सुम्पेकी
अग्निलाई साक्षी राखेर सदाकै लागि सुम्पेकी । २६२

सीतालाई तिम्रो हातमा संमानसाथ दिंदैछु
विश्वास तिम्रो गरेर मुटुको टुक्रा चढाउंछु
जीवन साथी संझेर सीतालाई माया गर्नेछौ
नगर्नु गाली गल्लोज जिन्दगीभरै मिल्नेछौ। २६३

यतिनै भन्दै राघवका छातीमा छाती मिलाई
विभिन्न कुरा गर्दछिन प्रशन्न हुदै रमाई
ठीक त्यही वेला जनकजी राघव भेट्न आएथे
रामको रुप ईश्वरको सम्झेर राजा झुकेथे। २६४

भन्दथे राघव कुलैका श्री राममणि किशोर
बसेका थियौ छातीमा निस्कन लाग्यौ चकोर
कोशल कुमार तिमीलाई विभिन्न रुपमा पाएथ्यौं
हृदय चक्षु खुल्दामा विष्णुको रुप भेट्टायौं। २६५

अनुभव भयो प्रत्यक्षै साक्षात व्रह्मं भेट्टाएँ
आत्माले माया दिदामा परमात्मालाई पैल्याएँ
व्रह्मको ध्यानमा तल्लीन भै त्यै वेला विदेह भएँछु
त्यै व्रह्म सामू देख्दामा के जानौं के के हुनेछु। २६६

सचिदानन्द विशुद्ध राघव तिम्रो जय होस
विश्वका स्वामी तिमी हौ प्रभुकै जय जय होस
भक्तिमा चित्त अडियोस प्रभूको कृपा अचल होस
भूलचुक जे जे भएको प्रभुले माफि गरियोस। २६७

प्रशंसा आफ्नो सुनेर मुस्काए कोशलकिशोर
प्रत्यक्ष शव्द सुन्दामा हर्षले भए विभोर
शुरुमा नैन झुकेथे त्यस्पछि मस्तक झुकाए
ससुराज्यूका पाउमा हर्षले शिर नुहाए। २६८

मिथिलावासी व्याकुल भै सुर्ताको ताल्मा डुवेका
आएर राघव अगाडि अँध्यारो मुख पारेका
विछोडको घडी हुंदामा क्यै बोल्न पनि सकेनन्
आँशुका धारा बगाए धैर्यलाई बाध्न सकेनन्। २६९

त्यै वेला विदा भएका सपत्नी चारै कुमार
देखेर दाइजो प्रशस्त अनुपम रत्न जुहार
यति र उति भनेर अन्दाज गर्नै सकिन्न
हात्ती र घोडा ऊँट गाई गिन्ति नै गर्न सकिन्न। २७०

दुलही अन्माउने वेलामा दमैले बाजा बजाए
दुलहा दुलही सवैलाई सगून ल्याई टक्र्याए
कोशलनाथले बोलाए व्राह्मण याचकहरुलाई
प्रशस्त दान दिएथे खुशीले गर्दा सबैलाई। २७१

गाई र द्रव्य रत्नादि दशरथले मगन दिएथे
अन्न र वस्त्र जगादि विदेहजीले बाडेंथे
ज-जसलाई जे जे चाहिन्थ्यो चाहिएको चीज पाएथे
प्रशन्न चित्त भएरै दुवैको महिमा गाएथे। २७२

छोरीलाई पाल्की चढाउंदा मिथिलेश रोए वरवर
कसोरी फर्कौं हे छोरी अध्यारो लाग्छ त्यो घर
यतिका वर्ष हामीले स्वर्गको सुख भोगेथ्यौं
जिन्दगी सुखी गराई अमृत घडा पिएथ्यौं। २७३

महल्मा छोरी नदेख्दा कोसँग हामी बोलौंला
संझना नित्य गर्नेछु मुटुका वीचमा सजाउँला
मायाले गर्दा विव्हल भै मिथिलापति रोएथे
शोकको धाप्मा डुवेर मूर्छित पर्नै लागेथे। २७४

संधीको यस्तो अवस्था देखेर उनलाई भन्नुभो
नजिकै आई राजाले जनकको आँसु पुछ्नुभो
नरुनु हवस हे राजन कसरी चित्त बुझाऔं
संधीको चित्त बुझाउन जानकी राघव यहीं राखौं। २७५

लक्ष्मण शत्रुघन दुवै अवधपुरमा जानेछन
राम र भरत दुवै भाइ मिथिलापुरमा बस्नेछन
म पनि यहाँ बसौं ता अवधमा शासक कोइ छैन
राजनका आँशु धाराले अगाडि पाइलो चल्दैन। २७६

के गरौं संधी भन्नुहोस त्यो काम गर्न तयार छु
हजूरका आँशु देखेर म पनि आँशु बगाउंछु
दुःख र सुख आपदमा म पनि साथ दिनेछु
कुन काम गर्दा हजूरको दिल खुशी हुन्छ सोद्धछु ।२७७

मिथिलेश्वरले भन्नुभो इज्जत मेरो राख्नुभो
विश्वास ठूलो गरेर आश्वासन मलाई दिनुभो
म जस्तो भाग्यमानी ता संसारभरमा पाइन्न
सज्जनको संगत पाउदामा दुर्लभ केही हुँदैन । २७८

छोरीको वावु हुनाले वियोगमा दुःख लागेछ
विछोड खप्न नसक्दा गहिरो घाउ लागेछ
मायाले गर्दा रोएछु के गरी माया हटाऊँ
जीवन-वन्धन वलियो के गरी यसलाई छुटाऊँ । २७९

यस्तै हो राजन यस्तै हो गार्हस्थ्य जीवन यस्तैहो
यसैलाई सुखी गराई एक दिन छोडी जाने हो
पाएर यस्तो कुटुम्व म पनि धन्य भएछु
दैवको कृपा हुदामा यो मौका ठूलो पाएछु । २८०

गुरु र मुनि सबैमा राजाले शिर झुकाए
निस्छल प्रेमले गर्दामा सबैलाई खुशी गराए
श्रद्धा र प्रेम देखाई छोरी र जुवाइहरुलाई
आसिक धेरै दिएथे हातमा हात मिलाई । २८१

राघवलाई हात जोड्दै क्यै भन्न लागे जनकले
क्यै भूल भए मदेखि दिनुहोस क्षमा प्रभूले
दुखका त्राता हजूर नै सुखका श्रोत हजूर नै
छातीमा राज गर्नुहोस रमाइ प्रभू हजूर नै । २८२

मेरो प्रण पूरा गर्नुभो इज्जत मेरो राख्नुभो
शिवको धनु भाँच्नुभो जानकी ग्रहण गर्नुभो
करोडौं शेष शारदा विद्वान ऋषिमुनिले
महिमा गाई सक्दैनन् विद्याका महान कविले । २८३

जोडेर हात हेराम विनतिभाव गर्दछू
बिर्सेर पनि मलाई नभुल्नु हवस भन्दछु
रामले पनि जनकलाई आश्वासन धेरै दिएथे
जनकलाई विदा गराई अयोध्या तर्फ फर्केथे । २८४

रवाना हुंदा वराती मिथिला वासीहरुले
छटपटि ज्यादैं गरायो अति नै ठूलो वियोगले
ईश्वर सदा पुकार्थे जानकी रामको कल्याण होस
उनको चित्र छातीमा जिन्दगीभरै रैरहोस । २८५

आरामका साथ ठाउमा बसेर वास गएथे
मिथिलेश्वरले गर्दामा सुविधा ठूलो पाएथे
अयोध्या पुरी पुग्नलाई मुस्किल पनि भएन
जतिनै बसौं मिथिलापुर त्यहाँको धोको पुगेन । २८६

अयोध्या शहर पुग्दामा वन्दुक तोप पड्काए
पताकाहरु आकाशमा वेगिन्ति साथ उडाए
रामको विहा हुंदामा आकाशमा हट्यो तुवालो
उज्ज्वल वत्ती बाल्नाले चौतर्फ भयो उज्यालो । २८७

संपूर्ण शहर घरघरै तोरण आदि टाँगेर
अवध शहर भरिमा विजुली वत्ती बालेर
झल्मल झल्मल ज्योतिले स्वर्गको भान पर्दछ
त्यो दिनका लागि स्वर्ग नै ओर्लेको हो कि लाग्दछ ।२८८

गराई झलमल दर्वार नौ लाख ज्योति बालेर
हरहर वास्ना चल्दथ्यो अत्तर खुश्वु छरेर
अयोध्यापुरी देखेर इन्द्रादि द्यौताहरुले
लोभिंदै हेर्थे तलतिरै भुतुक्क भई ईर्ष्याले । २८९

गुरुले आज्ञा दिनुभो हेरेर राम्रो मुहुर्त
संझनु भयो तुरुन्तै शिव र गौरी गणेश
सीपालु गायक नट्टुवा आएर नाच्न लागेथे
सीताको रुप देखेर रुपको महिमा गाएथे । २९०

अयोध्याबासी आएर हर्षले विभोर भएर
प्रशंसा गर्थे दिल्‌देखि वर र वधू देखेर
कौशल्या अघि लगाई दुई रानी पछि लागेर
आरती बाल्दै आएथे अत्यन्त उत्सुक भएर । २९१

कुलको रीति अनुसार वत्ती र धानमा कुल्चेर
भित्र्याए चारै वुहारी वैदिक विधि गरेर
राखेर सिंहासनैमा चार जना छोरा वुहारी
मांगलिक गीत गाएथे आरती समेत उतारी । २९२

राजाले आई गरेथे मिथिलापुरको वयान
ज्ञानी र विद्वान असाध्यै वुद्धिका ठूला महान
जसरी विहा भएथ्यो त्यो सवै कुरा भनेथे
बयान सुन्दा सव रानी आश्चर्य चकित भएथे । २९३

लक्ष्मी जस्ता वुहारी नुहेर पाउ धोएथे
अत्यन्त हर्षित भएर वधूलाई आसिक दिएथे
वुहारी सवको रुप राशी देखेर गर्थे प्रशंसा
ईश्वरलाई पुकार्थे गर्नुहोस भनी सुरक्षा । २९४

हिन्दूको रीति वमोजिम वधूको घुम्टो खोलेथे
माणिक मोती रत्नादि मुख हेर्दाखेरी दिएथे
तीनजना रानीहरुले चारजना वधूहरुलाई
अमूल्य रत्न दिएथे प्रशन्न चित्त गराई । २९५

आएका जन्ती सबैलाई प्रशस्त चीज दिएर
प्रशन्न सवै भएथे चाहेको जति पाएर
आसिक दिए कसैले महिमा गाए कसैले
कोशलेश्वरको जय जय होस पुकार गर्थे सबैले । २९६

कोशलवासिहरुले प्रचलित रीति गर्दथे
नवीन वधूहरुले मनमा संकोच मान्दथे
हिन्दूका रीति रिवाज ती सवै पूरा गरियो
रामको विहा देखेर देउताको मन लोभियो । २९७

कामले फुर्सद पाएर रामका नजिक आएर
सोधेका थिए रानीले एकाग्र चित्त गरेर
कलिला तिमी बालकले यतिका काम गरेछौ
ताडका सुवाहु जस्तालाई तिमीले कत्तल गरेछौ ।२९८

के गरी मारिच धपायौ अहल्यालाई जगायौ
मुस्किलका काम गरेर विश्वमा कीर्ति फिजायौ
वलशाली राजाहरुको घमण्ड चूर्ण गरेछौ
शिवको धनुष विशाल तीन टुक्रा पारी भाँचेछौ । २९९

चमत्कार यस्तो सुन्दामा मनमा ताजुव लाग्दछ
साधारण मान्छे होइनौ कि देवतै हौ कि लाग्दछ
रावण ठूलो वरदानी शिवको वरदान पाएको
त्यस्ताले पनि त्यो वेला गजवसँग हारेको । ३००

मुनिले माग्न आउदामा मुटुले ठाउँ छोडेथ्यो
मुटु नै थाम्न नसक्दा डरले थर थर कापेथ्यो
मान्छेले गर्नै नसक्ने कसरी गऱ्यौ यी काम
पुर्खाको कीर्ति तिमीले फैलाइदियौ सुनाम । ३०१

बालकै बेला तिमीले अद्‌भुत शक्ति देखायौ
ठूला ठूला राजा सबैलाई कायल पार्दै भगायौ
विद्वान राजा जनकले उत्तम छवि देखेथे
सुम्पेर आफ्नी छोरीलाई पवित्र पाउ धोएथे । ३०२

लक्ष्मणका वधू भित्रिदा शर्मले हामी शर्माउछौ
चारोटी वधू लक्षिमी पाएर हामी धन्य छौं
चारोटा पुत्र साथैमा चारोटी वधू साथैमा
जिन्दगी हाम्रो बित्नेछ आनन्दसाथ चयनमा । ३०३

रामको छवि सौन्दर्य सम्झेर मीठो मुस्कान
छातीको बीचमा बसाले दिएर सुन्दर स्थान
व्राह्मणद्वारा गराए राजाले सबै कुलरीति
कंकन छोरन आदि जो संस्कार गरे विविध । ३०४

त्यस क्षणको खुशी उमङ्ग बयानै गर्नै सकिन्न
कवि र लेखक आदिले लेखेर साध्य चल्दैन
गुरु र मुनि आदिको सुखद विदाइ वेलामा
प्रशन्न हुँदै विदा भै गएथे आफ्ना वासमा । ३०५

राजा र मुनि आपसमा संझौता भयो खुशीमा
प्रेमले गर्दा विभोर भै टलपल आँशु आँखामा
ऋषिलाई विदा दिदामा प्रेमले पाइला चलेन
छुट्टिने वेला हुंदामा राम्रोरी वाक्य फुटेन । ३०६

कालो चित्त भएदेखि, समाधी डगमगाउँछ
शुद्ध आत्मा, परम शुद्ध, भएमा तपपूर्ण छ ।

द्वेष ईर्ष्या एवं घृणा यी सारा मन मैल हुन्
चित्त एकाग्र गर्नाले, सामान्य पाप घट्दछन् ।

प्रज्ञा शील समाधी जो, यिनै धर्मका मार्ग हुन्
मीठो बोली एवं सेवा, यिनै स्वतन्त्र साध हुन् ।

कल्याणकारी बनी मान्छे, जगाइ धर्म साधना
सच्चा बाटो हिंडे देखिन्, भाग्नेछन् दुःख यातना ।

सत्यमा भगवान हाँस्छ, झुठमा धर्म भाग्दछ
दयामा सत्यको बास, क्रोधमा कष्ट छाउँछ ।

सत्य नै विश्वमा छावस मिथ्याचार सबै हटोस्
सत्य हो जिन्दगी सार, सर्वत्रै सत्य झाङ्गियोस् ।

भनिन्न धर्म मिथ्याचार भनिन्न धर्म अन्धवाद
गनिन्न धर्म मिथ्यामा, भनिन्छ धर्म सत्याधार ।

जटाजूट तिलक माला भष्मको लेपनै गरी
बदलेर स्वयं भेष, मिल्दैन शान्ति तैपनि ।

कर्म काण्ड न हो धर्म, धर्मै हो न त वाह्यचार
धर्म हो चित्तको शुद्धि, धर्म हो आत्मको सुधार ।

# दशरथको प्रतिज्ञा

अत्यन्त हर्षका साथ विवाह पुत्रको भयो
पाएर संधी विद्वान राजाको मन खुश भयो
राजेश्वर महाराजा दशरथ महीपाल हुन
राम्रो संबन्ध जुट्नाले परिवारै सुख पूर्ण छन् । १

दशरथका सबै रानी आपसमा सब मिल्दथे
भाग्यमानी भयौं हामी यत्तिकै गफ गर्दथे
बुहारीहरु छन् सुन्दर उपमा दिन छैन कुनै
लक्ष्यणका छन् कोशलभरमा कोहीभन्दा घटी कुनै ।२

मिथिलेश्वरले दाइजो छोरीका लागि धेरै दिए
हात्ती, घोडा र दास दासी सुन चाँदी वहुतै दिए
हिरा मोती जुहार पन्ना रत्नादि औ कति कति
जिमिन जग्गा र धन राशी दिएथे अति नै बढी ।३

कुनै एक दिन अपरझटमा आफ्नो सक्कल ग्लासमा
गालामा चाउरी देख्दा भए राजा निराशमा
कपाल पनि छ सेताम्य अनुहार खराब छ
कस्तो सुन्दर रुप उनको बिग्रदा दुःख लाग्दथ्यो ।४

राजाले पनि संझन्थे कठै मेरो रुपै गयो
जो थियो मनको इच्छा त्यो सबै अपूरै भयो
सकिन उन्नति गर्न संझिन्दा दुःख लाग्दछ
वृद्धावस्था सबैलाई देख्दैमा हेयपूर्ण छ । ५

वसन्त सुखका आगे अन्धकारले प्रवेश गर्‍यो
के गर्दा परलोक मेरो सुध्रला मनमा भयो
बल शक्ति बिलाएर शरीरबाटै गयो कहाँ ?
कमजोरीपनको बास भएछ यो शरीरमा । ६

बल बैंश सबै भागे निसार जीवनै भयो
मेरै शरीरले मैलाई तिरस्कार गरिरह्‌यो
मलाई छैन क्यै थाहा परत्र जन्मको पनि
यी कुरा संझिदा लाग्छ मनमा अति खुल्दुली । ७

यिनैको गर्दछु माया यिनैबाट अघाउँदिन
यिनैको तिर्सना बढ्छ आँखाबाट हटाउदिन
मेरो मेरो सबै भन्दै वितेछ जिन्दगी सबै
अन्त्यमा सब यो छोडी जानु पर्नेछ एक्लै । ८

जन्मिदा शरीर आए जाँदामा छाडि त्यो पनि
देखेका सब चीज झुठा झुठा छ जिन्दगी पनि
बदलिन्छ सबै वस्तु सूर्य पश्चिम ढल्दछन्
देखिन्छन् गतिशील आज ती सबै अल्पआयु छन् । ९

बर्षौंतक गरियो युद्ध बर्षैंसम्म शिकारमा
राजकाज गरियो बर्षैं अनि भोगादि मस्तमा
भएन कहिल्यै शान्ति संझिदा दिक्क लाग्दछ
बितेका दिनले धोका दिए कि यही लाग्दछ ।१०

भएन मनमा तृप्ति बिते दिन प्यास प्यासमा
धकल्दैछु सदा जीवन अझै अरु आशमा
छाडेर राज्यको झणझट बाँकी जीवन सुधारमा
सुम्पेर पुत्रलाई राजकाज लाग्नु छ ईश प्राप्तिमा ।११

चाँडै नै जानिछु बन्मा नवरौं मन मस्तीमा
मायाको जाल तोडेर तल्लीन हुन्छु तपस्यमा
बसेंथे परिवारसाथमा गृहस्थाश्रम त्यागदछु
रामलाई दिई राज्य वनमा गै तप गर्दछु । १२

सोचेर मनमा यस्तै राजाको मन भयो उदास
गुरुका सँगमा वार्ता गरेर सुम्पिने छु राज
वशिष्ठ ऋषि आएका थिए र नृप भन्दछन्
पुत्रलाई दिई राज्य जाऔं कि वन भन्दछन् ।१३

जवानीले दियो धोका बूढयौंलीले प्रवेश गऱ्यो
आज भोलि यति भन्दै शरीर यो कमजोर भयो
व्रह्मचार्य गरी पालन गृहस्थाश्रम त्यागदछु
वानप्रस्थ ग्रहण गर्दै सन्यासी भई हिंड्दछु । १४

छोड्छु सब राजकाज तपस्या हितकारी छ
राजा लायक छ श्री राम त्यसैले राज्य गर्दछ
वशिष्ठ गुरुले भन्छन् राजन तिम्रो विचार यो
प्रस्ताव गर्दछु स्वीकार यही नै मुख्य धर्म हो । १५

सुम्पिदेऊ राज्यको भार राम नै योग्य पुत्र छ
गृहस्थीमै बसे हुन्छ हरिको नाम जप्नु छ
तिम्रो विचार राम्रो छ इच्छामा भर पर्दछ
तपस्या गर्नु जंगलमा मलाई गल्ती लाग्दछ ।१६

गृहस्थी भै भजन गर्नु आराधन व्रह्म तत्वको
चिन्ताको जड त्यागेर आव्हान आत्म तत्वको
राघवलाई दिई राज्य आनन्द मनमा लिई
घर मै बस हे राजन ईश्वरमा तनमन दिई । १७

चिन्ताको जड फ्याँकेर नारायण संझना गरी
श्यामन्तक मणी छन् पुत्र उनै चिन्नु हरि भनी
तिनै हुन् प्राणीका पालक तिनै हुन विश्वनायक
शुद्ध मन्ले गरे सेवा हुनेछ हितकारक । १८

राजाको योजनालाई स्वीकार गुरुले गरे
स्वीकृति गुरुको पाई राजा निर्धक्कमा परे
अति प्रशन्न भै मन्मा सभा एउटा बोलाइयो
प्रजाका साम्मुमा उनले यही प्रस्ताव राखियो । १९

हे प्यारा जनता मेरा सबैलाई प्रेम गर्दछू
मेरा यी मनका इच्छा प्रजालाई सुनाउँछू
प्रजाको सहयोग पाई अयोध्याको नरेश भएँ
धेरै वर्ष गरेर राज्य ऐले ता म बूढो भएँ । २०

त्यसैले भन्दछु आज रामलाई सुम्पी राज्य यो
बस्नेछु शान्तिका साथ शरीर मेरो बूढो भयो
राम छन् साहसी वीर दूरदर्शी अति गुणी
धर्मज्ञ अति मर्मज्ञ प्रजालाई रुचाउनी । २१

राजामा जो हुन लक्ष्मण राममा छन् म जान्दछु
प्रजाले स्वीकृति देऊ सिंहासनमा बसाउँछु
मर्मज्ञ अति उत्साही प्रिय लोली सबैसँग
योग्य संझी उसैलाई सुम्पदैछु सबै हक । २२

राजा चित्त गुण सम्पन्न सबैसाथ राय माग्दछु
चित्त बुझदछ बुझ्दैन जवाफको आश गर्दछु
रामले राज्य गर्नेछन मैले आश्रम त्यागदछु
उसैलाई दिई राज्य जीवनको बोझ बिसाउछु ।२३

आज वैठक बसेको छ आफ्ना इच्छा प्रकट गर
विना इच्छा जबरजस्ती हुने छैन कुनै भए
राजाको भावनालाई स्वीकार सबले गरे
यस्तो खुश खवरी सुन्दा प्रजा धेरै खुशी भए । २४

रामको रुप देख्दामा अयोध्यावासी रम्दथे
साक्षात श्री विष्णु कोशलमा ओर्लेको भनी ठान्दथे
राज्यभार्को ग्रहण गर्न निश्चित भै दिन तोकियो
यही खुश खवरी सारा हावा झैं गरी फैलियो ।२५

प्रजा सब हर्षले गदगद् अयोध्यापुरी हर्षित
राघव राजाले यी सुन्दा जनता सब गर्वित
कोशलै भरमा तोरण सिंगारी फूल पुष्पले
सजिएका प्रत्येक द्वार कलश छन् पूर्ण नीरले ।२६

चारैतर्फ छरी अत्तर सुवास मग्मगाउँछ
दरवारमा त कुरै छैन शहरै वास्नायुक्त छ
हिरा मोती जुहार पन्ना जडेका झ्याल झ्यालमा
हरियो लहरा धेरै सल्सली लर्की द्वारमा । २७

सफा छ नगरै सारा धूलो मैलो अभाव छ
अयोध्या नगरी खास स्वर्गभन्दा महान छ
रेशम औ मखमल ल्याई बिछ्याई भूमि सुन्दर
हेर्दामा मन खूब रम्ने चारैतर्फ मनोहर । २८

अमूल्य जातका रत्न जडाई द्वारद्वारमा
लेखिएको थियो स्वागत टाँगेको लाल वस्त्रमा
नौमती बाजा बजिदैछन् कानमा ध्वनि गुन्जिदा
श्रोताले सब बिर्सन्छन् जीवनका दुःख संकट । २९

अयोध्यापुरीको शोभा अति सुन्दर देखियो
प्रत्येक आत्मा भयो गद्गद् शान्तिको मार्ग भेटियो
मंगलचार शुभ सूचकका गाना घरघर गाउँथे
नारी औ नरको आत्मा हर्षले गदगदाउँथे । ३०

अयोध्यावासीले भन्थे सूर्य झुल्किन्छ भोलि नै
सातोटै सूर्यका तेजले सिंहासन पूर्ण उज्ज्वलै
झुल्किने छन् कयौं तारा अयोध्या हुन्छ उज्ज्वल
अयोध्यापुरीले चाँडै स्वर्गको द्वार भेट्दछ । ३१

हाम्रो भाग्य खुलेको छ हामी सुख पाउँछौं
राघव जस्ता कुशल राजा पाउँदामा अति मस्त छौं
इच्छा हाम्रो भयो पूर्ण रामको होस् दीर्घ जीवन
मुटुका धुकधुकी राजा गर्ने छौं आज्ञा पालन । ३२

हर्षको ध्वनि उल्लास संसारैभर फैलियो
मन्थराको मुटुभित्र शोलाले च्वास्स घोचियो
भयो आनन्दको वर्षा मानौं अमृत वर्षियो
महकी महकी हावा संसारै भर फैलियो । ३३

एकापट्टी थियो उज्ज्वल अर्को पट्टि तिमिर भयो
निर्मली पावनी गंगा अनायास धमिलो भयो
कौशल्या, कैकेयी एवं सुमित्रा तीन रानी छन्
राजाका मुटुका वीचमा कैकेयी राज गर्दछिन् ।३४

कौशल्या पट्टिका राम कैकेयीका भरत थिए
सुमित्रा रानीका पुत्र लक्ष्मण औ शत्रुघ्न थिए
कैकेयीकी थिइन दासी मन्थरा नामकी कुनै
नामको मात्र ती दासी कामको हुन ती मालिकै ।३५

रामलाई दिने राज्य यो कुरा उसले सुनी
कौशल्या दशरथ वीचको चासो खूव गर्दथी
रामले राजतिलक पाउने पक्का पक्की भएपछि
उल्टा पुल्टा कुरा गर्न रानीका छेउमा पुगी । ३६

रोएर मन्थरा भन्थी कार्य बर्वाद भै सक्यो
रानी भई बुझ्नु केही छैन सित्तैमा जिन्दगी बित्यो
कौशल्या हेर्नमा सोझी भित्रता ती चलाख छन्
लोभ्याइ नृपतिलाई आफ्नो काम सिद्ध गर्दछिन् ।३७

तिम्रो क्यै खोजी नै छैन सोधखोज गर्नु कुनै पनि
मुखले मात्र ठीक पार्छन् कौशल्या छन् सुवासिनी
वसन्त ऋतुले छायो कौशल्या वन-वागमा
तिम्रो संसारमा आगो लागेको ऋतुकालमा । ३८

तिम्रो बुद्धि भए देखिन कार्य उल्टाउन सक्दछौं
अझै पनि अति सोझी भएरै किन बस्दछ्यौं ?
सौताको जात हो शत्रु आकाश खस्छ भने पनि
हुनेछैन कहिल्यै आफ्नो मनले संझीदेऊ गुनी ।३९

कद्रू औं बिनिता वीचमा कत्रो जालझेल भइसक्यो
कद्रूको जालले गर्दा विनिताको जनम् बित्यो
म तिम्रो हितकारी हुँ कल्याणै गर्दछु सदा
अन्याय हुन लाग्दामा मुटु यो जल्छ सर्वदा । ४०

आफैले संझनु रानी जिन्दगी ढल्न ठिक्क छ
अन्यायले गर्‍यो वास कसरी पार लाग्दछ
सानैदेखि स्याहार्थे. चाहन्छु सुख देख्नमा
त्यसैले गर्दछु इच्छा दीघार्यु भई बाँच्नमा । ४१

जिन्दगानी बित्यो मेरो यसै दवारमा बसी
तनले मनले सेवा गर्छु तिम्रो सधैं भरी
त्यसैले हेर्न चाहन्छु निरन्तर हँसिलो मुख
अनुहार पलिनो देख्दा लाग्दैछ मनमा दुःख । ४२

चित्त बुझ्दैन हे रानी अन्याय कसरी सँहू
कालो वादलले जीवन ढाकेको कसरी सहूँ
यस्तै हुन्छ भने देखिन् आजै म मर्न सक्दछु
तिम्रै अगाडिमा ऐल्यै अकालमा प्राण त्याग्दछु ।४३

अन्याय सहने शक्ति नहुदामा जीवनभरै
त्यसैले रानीका सामू आएकी छू रुँदै रुँदै
यदि मेरो भए खाँचो तुरुन्तै विन्ति सुन्नुहोस्
जुन मैले माग्दछु माग त्यसलाई पूर्ण गर्नुहोस् ।४४

छातीको वीचको घाउ अति चर्कैर दुख्दछ
जसको छ छातीमा घाउ त्यसैले मात्र बुझ्दछ
विषालु मुटु दासीको त्यसले सारा बिगार्दछे
परिवारको सुखी जीवन विनाशै गरी छोड्दछे । ४५

साधारण मन्थरा दासी समस्या छन् जटिलता
सफल कार्य हुनै दिन्न भन्दै अड्छे अठोटता
नारी हुन् अवला भन्छन् तर शक्ति महान छ
मन्थराले त्यसै रातमा योजना सब बिगार्नुछ । ४६

पहिले त्यो राक्षसी बन्दै कपाल केश फिजाउँथी
त्यसपछि नागिनी बन्दै डस्नै तत्पर त्यो बन्दथी
मन्थराको हवाल देख्दा कैकेयी शोकमा परिन्
यस्तो उत्सवको वेला के गरेको रानी भन्दथिन् ।४७

कोरीवाटी रुप छ सबको तेरो झ्याँक्रो बेरुप छ
तँ रुन्छेस शुभ बेलामा तेरो बानी खराव छ
झगडा गरी आइस्की या भोकै या त प्यासी छस्
यस्तो शुभ कार्यमा अँध्यारो मुख पार्दिछस् । ४८

सुनेर रानीका शब्द ईर्ष्याले अति जल्दछे
काली नागिनी जस्ती भै फुंकार्दै स्वास फेर्दछे
रोएरै मन्थरा भन्छे घरमा के कसो भयो
राजा बन्ने भए राम थाहा नै छैन कि कसो । ४९

राज्य पाउने छ जो जस्ले उसलाई सब मान्दछन्
जो प्यारी रानी छन् भूपकी तिनैले दुःख पाउँछिन्
तिम्लाई के दुःख लाग्दैन हर्षमा सब मस्तछन्
बजेका दुन्दभी बाजा सुन्दामा आँशु बग्दछन् । ५०

तिमीमा छैन कि होश पश्चातमा पछुताउली
सधैं जित्थ्यौ तिमी चौसर हार्दामा तिमी रोउली
कौशल्या छन् चतुर रानी उल्टो सुल्टो ती जान्दछिन्
उनैका मोहमा पर्दा महाराज दंग पर्दछन् । ५१

मुखले भन्दछन् एउटा काम ता अरु नै भयो
के भन्थे के भयो आज आँखाले सब देखियो
तिम्लाई प्राण संझन्थे तिम्रै साथ ती बस्दथे
प्रिय पुत्र भरत भन्दै मुखले ठिक्क पार्दथे । ५२

त्यो प्रेम छैन खोइ आज अधिकारै खतम भयो
भरतको नाम नै छैन रामको अधिकार भयो
विषालु दासीका शब्द सुनेर रानी भन्दछिन्
मन्थरे छस् अति दुष्ट धिक्कार दिन्छु रानी भन्दथिन् ।५३

जाजा निस्की यहाँबाट के तेरो मति बिग्रीयो
कस्ले तेरो मगजलाई एकोहोरो पारिनै दियो
यस्तै कुरा तँ गर्छेस्ता ऐले नै मुख च्यात्दछु
शुसन्देश लिई आइस तँलाई खुशी पार्दछु । ५४

शुभ सन्देश सुन्दामा मेरो मन अति खुश भयो
राज्याभिषेक हुनु पहिल्यै तँलाई हार दिन्छु यो
हृदय छ अति गदगद् उमंग हर्षमा म छु
यस्तो यो खुशीको वेला जे माग्छेस् दिन सक्दछु ।५५

रानी दिन्छिन् आफ्नो हार मन्थराको हात
यस्तो शुभ औसरमा लगाइहाल यो हार
चाँडै लगा मन्थरा यो ज्यादै खुशी म छुँ
अरु पनि मन परेका भूषण माग्छेस दिन्छु । ५६

प्रशन्न भै दिदै थिइन रानी आफ्नो हार
मन्थराले हट्दै भन्थी चाहिन्न त्यो हार
तिम्रो हार आफै राख त्यस्को भोकी छैन
श्रीरामको जीत भयो भरतजीको होइन । ५७

तिम्रो विहा छिन्दा खेरी कबुल यस्तो थियो
तिम्रै सन्तान राजा होला भन्ने शर्त थियो
राजाले नै कवोल बिर्से भताभुङ्ग भयो
महाराजको बोली पनि यस्तो झूठो भयो । ५८

मुखले मात्र ठिक्क पार्दै लोभ देखाएका
आफ्नो कवोल संझीकनै जिभ्रो चपाएका
राजा ज्यादै खगगु रैछन् कप्टी पनि त्यस्तै
मुखले बोल्छन् एउटा कुरा कामले गर्छन अर्कै । ५९

त्यस्तालाई कैल्यै पनि विश्वास गर्नैहुन्न
तिनको विश्वास गर्दा खेरी कल्याण आफ्नो हुन्न
देखी हाल्यौ चतुरपना भरत यहाँ छैनन
मौका छोपी राज्याभिषेक बोल्ने कोही छैनन । ६०

कौशल्या छन् देख्दा सोझी मनकी ज्यादै बाठी
तिमी मात्र जीवनभरकी सोझी एवं लाटी
रातरातै सारा ठाउँ निम्ता पठाई सके
राजतिलक रामलाई दिंदा दुवै छोरा बिर्से । ६१

मामाघरमा भरत गए मौका राम्रो छोपे
दशरथका बाठा कुरा सबले बुझिसके
हेर्दा खेरी सोझा राजा भित्र भित्रै जाली
सबैसँग सोध्नु छैन आफ्नै मनोमानी । ६२

रानी भन्थिन नबोल धेरै यस्तो ठूलो गलत
सकाउन आइस् होली बक बक गर्दै वाहियात
दुवै छोरा उज्जवल तारा बराबरी ठान्छू
साँच्चै भनौ भरतभन्दा रामलाई माया गर्छु । ६३

दुवै मेरो नैन तारा दुवै मेरा प्यारा
रामको हकै मेट्न हुन्न जेठा हुन्छन् राजा
सर्वेसर्वा जेठै हुन्छ सारा संसारमा
कानून तोड्न हुदैहुन्न सूर्यवंशी राजमा । ६४

जेठो बस्छ शिरमा भरत बस्छ काखमा
लक्ष्मण र शुत्रघनलाई राख्छु मुटु वीचमा
राघव जस्तो प्यारो पुत्र भरत हुने छैन
त्यसको विरोध गरिन्छ ता आफै बाँच्ने छैन । ६५

दायाँ बायाँ हात मेरा दुवै मेरा छोरा
दुवै जना आँखा मेरा दुवै नैनतारा
रामको हकै रोक्दा खेरी लोकले के पो भन्छ
तैले सुन्न पर्ने छैन सुन्नु मैले पर्छ । ६६

मन्थराले जिद्धि गर्थी यो काम हुनै दिन्न
भरत राजा हुनै पर्छ रामको हकै छैन,
तिम्रो भाग्य फुट्न लाग्यो केही थाहै छैन
सर्प आई डस्न लाग्यो अत्तो पत्तो छैन । ६७

आखिरीमा दासी म हुँ नूनको सोझो गर्छु
मान्दिनौ ता अर्ती मेरा छाती पिट्दै मर्छु
यही घरमा बस्दाबस्दै कैयौं वर्ष बिते
दरवारको चालामाला सबै बुझी सकें । ६८

तिम्रै सिता खाई रैछु तिम्रै गीता गाउँछु
तिम्रै भलो देखन पाए ज्यूदै स्वर्ग पुग्छु
भरत तिम्रो पुत्रलाई प्राण समान ठान्छु
तिनको कल्याण देख्न पाऔं ईश्वर पुकार गर्छु । ६९

तिमी धेरै लाटी रैछौ धोका तिमले पायौ
भित्र भित्रै सारा भयो वाहिर मुस्काउँछौ
तिमले भन्छ्यौ राजा मेरा मेरै मुठीमा छन्
राम र भरत दुवै पुत्र बराबरी देख्छन् । ७०

सबै कुरा सत्य ठानी निर्धक्कमा बस्छ्यौ
सत्य कुरा उदाइङ्गीदा मुटु मिची रुन्छ्यौ
कौशल्याको भाग्य खुल्यो राजा उनकै हातमा
उनकै छोरा राजा हुन्छ प्रजा उनकै वसमा । ७१

घरभाँडाको बीज यो हो राजतिलक होइन
कौशल्याकै वसमा सबै तिम्रो कोही हुन्न
साच्चै भन्छु मैयाँसँग दुई सौताको वाजी
कसको जीत कसको हार दुर्गा कुनमा राजी । ७२

वाजी तिमले हारीसक्यौ भरत हुन्छन् दास
राघवको राज्य चल्दा ताक्छन् तिनले गाथ
तिम्रो जीवन व्यर्थ भन्छु अक्किल कुनै छैन
इज्जत विना संसारमा ज्यून कामै छैन । ७३

सानैदेखि भरतलाई मैले खेलाएथें
बोल्न खेल्न हात समाई मैले सिकाएँथें
उनको यस्तो हालत मैले खप्न सक्नेछैन
भरतजीको नाजुकपना देख्न सक्नेछैन । ७४

मन्थराले कैकेयीको आँखा खुलाएकी
धेरै यस्ता कुरा सुन्दा सत्य ठानिएकी
सबै कुरा सत्य ठानी डर्ले काम्न लागिन्
भरतको कल्याणमा कुरा सोच्न लागिन् । ७५

उल्टापुल्टा गर्न सक्छन् दुष्टयाइँले गर्दा
मित्र पनि शत्रु बन्छन् दुर्दशाले गर्दा
हरहमेशा कान भर्दा एकदिन पत्याइन्छ
झूठ कुरालाई पनि सत्य ठानिइन्छ । ७६

आश्चर्य जादुपूर्ण मन्थराको शक्ति
शारदाको गर्ने गर्थी पूजा आजा भक्ति
सरस्वतीको पूजा गर्थी रोजै मन्थराले
उनको इच्छा पूर्ण गर्लिन् पक्कै शारदाले । ७७

कैकेयीको बुद्धि-भण्डार बेकार हुनै लाग्यो
आपदलाई झुक्कीएर सुख जस्तो लाग्यो
भारती नै मनमा बसिन् मनै पल्टाइदिइन्
कैकेयीको कोमल मानस पथ्थर बनाइदिइन् । ७८

बुद्धि उनको बेकार भयो दासी भलो गर्छे
कैकेयीको सामू आई वरवर आँशु झार्थी
विन्ति मेरो सुन्नु हवस पछि धोका होला
बाँध बाध्न नसकेमा बग्छ छिटै खोला । ७९

रानी अब सोच्न लागिन् मेरै कल्याण गर्छे
सानैदेखि ऐलेसम्म ज्यानै अर्पण गर्छे
मन्थराको आत्मीयता बल्ल थाहा पाएँ
त्यसले आँखा खुलाई दिदा सबै बुझ्न लागें । ८०

मैरै कल्याण गर्नलाई गोप्य कुरा बुझ्छे
मेरै लागि अर्ति बुद्धि बेला बखत दिन्छे
कैकेयीलाई विश्वास भयो यै हो सच्चा दासी
सानैदेखि मेरा लागि भलो कल्याण गर्थी । ८१

विश्वासी छ हितकारी छ आमा जस्ती लाग्छ
दरबारमा यस्तो जालझेल सधैं हुने रैछ
राजा रै छन् धोकेवाज बल्ल थाहा पाएँ
यतिञ्जेल अलमलिदै बाँचिएको थिएँ । ८२

मन्थरा हौ देवी दुर्गा भाग्य बनाइदेऊ
डुविरैछु नदी बीचमा शिघ्र झिकी देऊ
चारैतर्फ कण्टक घारी घोच्न लागिरैछ
सर्प नागले फणा उठाइ डस्न तयारी छ । ८३

यो राज्यको भोग गर्ने मेरै छोरा हुन्छ
उसको भाग्यलाई नै जगाइ दिनुपर्छ
मेरै दासी आफ्नी भई कल्याण मेरै गर्छे
बुद्धि मेरो नपुग्दामा अर्ति बुद्धि दिन्छे । ८४

यो घरमा आफ्नी भन्नु मन्थरा छौ एउटी
के गर्दा भलाइ हुन्छ सत्य भनिदेउली
यो घरकी बुढीपाकी ज्यादै बुद्धिमानी
मेरालागि मन्थरा नै बुद्धि दिने खानी । ८५

अर्ति बुद्धि देउन चाँडो के के गर्नु पर्छ
मेरो द्रोह गर्नेलाई पल्टाइदिनु पर्छ
भाग्यले नै पल्टाखायो फुट्न लाग्यो तक्दीर
मन्थरा र कैकेयी मिलन क्षीर नीर । ८६

मन्थराले साहस दिन्थी माहिली रानीलाई
नोकर्नीको तालमेलमा नाच्थिन महारानी
दासी भन्थी कैकेयीलाई साहस गर्नुपर्छ
मौका छोपी अन्न दाना भैमा छर्नु पर्छ । ८७

जिकी गर आफ्नो माग पूरा गरी हाल
आजको दिन बिते पछि यिनले गर्छन जाल
पन्छीलाई हातपार्न अन्न छर्नुपर्छ
पन्छी आई खान लाग्दा छोपी हाल्नुपर्छ । ८८

राजासँगै दुईटा वरदान लिनु पर्ने बाँकी
आजै तिम्ले लिनै पर्छ राख्नै हुन्न थाती
राजा आफ्ना हातमा हुंदा चूपलाग्छ्यौ भने
आज तिमी हाँसी राख्छ्यौ दुःख पाउँछौ भरे । ८९

राजा ऐले आउँदा खेरी कपाल फिजाई राख्नू
रत्न जुहार तितर बितर छाती पिट्दै रुनू
जिल्ल पर्दै सोध्न लाग्दा रुन्छ्यौ किन रानी
कस्तो आपद पर्न गयो रोयौ दिक्क मानी । ९०

चूपलागि रोइराख्नू घुँक्क घुँक्क गर्नू
मेरा कुरा मान्छौ भने मात्र भन्छू भन्नू
तिम्रा दुईटा वरदान छन् उनले दिनु पर्ने
पूर्ण गर्छन तिम्रा माग भने मात्र भन्ने । ९१

अप्ठ्यारोमा पारीकनै आफ्नो माग माग्नू
होइन भने कोल्टो फर्की बरबर रोइ राख्नू
आखिरमा वरदान माग्नु राखिएका बाँकी
त्यसवेलामा माग्नू पर्छ रामको कसम खाई । ९२

भूपालको मञ्जूरमा जेजे माग्नु पर्छ
ईश्वरलाई साक्षी राखी राजा बोल्नु पर्छ ।
पहिलो वर मागी हाल्नु भरतलाई राजा
दोश्रो वरदान राम जाउन आजै वनवास । ९३

जोगी बनी चोध बर्ष वनमा बस्नुपर्छ
भरतलाई अयोध्याको राज्य दिनुपर्छ
कैकेयीले यस्तै प्रशिक्षा दासीबाट पाइन
मन्थराको शिक्षा दीक्षा पूर्ण गर्न लागिन । ९४

रानी ज्यादै गद्‌गदाइ भन्थिन बलिहारी
भरत तिम्रै छोरो भयो तिमी महारानी
मेरो मनै शुद्ध थियो राम भरत जोडी
राघवले जे जे भन्थे पुऱ्याई दिन्थे तेही । ९५

कष्टीपनको बन्द ढोका आज खुला भयो
यिनका मनको कालो राग बल्ल थाहा भयो
मन्थरालाई दिनै पर्छ ठूलै अधिकार
कौशल्याका विचार धारा भए तिरस्कार । ९६

मन्थरालाई आमा समान मैले संझनेछू
मेरा लागि कल्याणकारी मुटु वीचमा राख्छू
भरत बाबु राजा हुने मनमा निश्चित भयो
अर्को एउटा कुरा भने मनमा खड्की रहयो । ९७

कोशल किशोर राजकुमार ज्यादै सुकुमार
संझदामा पोल्छ मुटु निश्छल अनुहार
चौध बर्षसम्म वनमा के गरेर बाँच्लान
प्यारी मुमा माहिली मुमा भन्दै संझी राख्लान ।९८

एकाध बर्ष ठिक्क हुन्छ चौध बढी हुन्छ
आपद ठूलो पर्छ भन्ने मनमा शंका लाग्छ
कैकेयीका शब्द सुन्दा दासी ताती हाली
तातो रिस पोख्नलाई रानीतिर फर्की । ९९

कैयौ कुरा संझाएँथे तिमी जस्ता तस्तै
महारानीलाई के भनौं खोइ आफै भएँ छक्कै
आफ्नै हातको बञ्चरोले आफ्नै घुडो ताक्छौं
भविष्यमा पश्चातापले छाती फुटाइ रुन्छौं । १००

कौशल्याको जाल भित्र रानी फस्न लाग्यौ
भाग्यलाई लात हान्यौ दुःख पाउन आट्यौ
तिम्ले दुःख पाउन लाग्यौ मनले संझीएर
कैयौ चाल चल्दै आएँ ऐले भएँ तिती । १०१

टाउको फोडी संझाउदै छु तिम्लाई थाहै छैन
जतिसुकै भन्न खोज्छु संझिने क्यै होइन
यो बेलामा हर्षै हर्ष हर्षोल्लास छ पूर्ण
राज्यभरै हर्षैहर्ष चौध दिनैसम्म । १०२

हातै हात क्रोध पोख्नू त्यस्ती सौतासँग
चूपचाप लागि बस्दाखेरी सारा भताभुंग
चौध दिनै हुन्छ अरे हर्ष महोत्सव
चौध दिनको सट्टा हुन्छ चौध बर्षसम्म । १०३

एक दिनको एकै बर्ष साला खाला हुन्छ
राघवलाई वनवास गर्न त्यति भए पुग्छ
चौध वर्ष राज्य गर्दा भरत प्रिय हुन्छन्
राघव फर्कि राज्य गर्दा ज्यादै कमजोर हुन्छन् ।१०४

शिघ्रराम फर्के भने अधिकार आफ्नो लिन्छन्
बाह्र बर्ष बितेपछि शक्तिहीन बन्छन्
तेह्रवर्ष राम्रो हुन्न चौध वर्ष ठिक छ
भारतीले स्वप्न दिइन त्यही मुनासिव छ । १०५

सारा कुरा बुझी सक्यौ आगो सल्काइदेऊ
साँझ पर्न लागि रैछ उग्र मचाई देऊ
मन्थराको मन्त्रणालाई रानी विश्वास गर्छिन
नोकर्नीको बहकाइले आफै धोका खान्छिन् । १०६

त्यस भाँडका अर्ति सुन्दै कोठा भित्र पसिन्
त्यो दासीले भने जस्तै उनले गर्न लागिन
आफ्ना पोसाक लथालिंग भूषण यताउति
कोठाभरि छरिएका रत्न जुहार मोती । १०७

कपालको झाक्रो फिजाई लतपताइ सिन्दूर
रुपै तिनको भंग भयो रुप थियो सुन्दर
सिंगार नै खल्वलिंदा बेरुपकी भइन्
आफ्नो छाती आफै पिटी रानी रुन लागिन् । १०८

कालो केश टल्किएको झाँक्रो खुला भयो
सर्वसुन्दर कैकेयीको रुप बेरुप भयो
कर्ण झुम्की भैमा थिए विन्दी गाला माथि
विश्वसुन्दर रानी थिइन आज कुरुप काली । १०९

ऐना काइयो सुर्मदानी सारा लथालिंग
मन्थराको मतमा लाग्दा जहान भताभुंग
मृगनैनी आँखाबाट बग्थे आँशु धारा
कठैवरी कैकेयीको जीवन हवाल हाला । ११०

गालाभरि गाजलको कालो लत्तर पत्तर
सौन्दर्यकी खानी तिनी रुपै भयो वर्वाद
होनहारको रुप तिनको क्षणमा विग्री हाल्यो
मन्थराको मतमा लाग्दा लाग्नु दशा लाग्यो । १११

साँझ बेला टहलिँदै राजा त्यहाँ आए
कैकेयीको हालत देख्दा सुर्ता मान्न लागे
दिक्क हुँदै सोध्न लागे केले चिन्ता पऱ्यो
चन्द्र जस्तै चेहरामा ग्रहणको कालो । ११२

लड्किएका मोती झुम्का सबै विखरिए
सुन्दर रुपका अंगहरु किन मलीन भए
त्यस्तो रुपै कुरुप भयो रंग बदलियो
विश्भरकी रुपकी खानी हाय कस्तो भयो । ११३

के कुरामा मौन भयौ खुइय्य मात्र गर्छौ
क्षण क्षणमा वेहोश हुने जस्ती देखिइन्छौ
कुन कुरामा चिन्ता लाग्यो बोल सबै सुन्छु
के भएको प्राण प्यारी तिम्रै मुखले सुन्छु । ११४

प्यारो पुत्र राघवको अभिषेकको दिन हो
यस्तो हर्ष उल्लासमा विषमता के हो ?
प्यारी उठ श्रृंगार गर विकल किन हुन्छौ
यो बेलामा हास्नु सट्टा किन तिमी रुन्छौ । ११५

भन्नुपर्ने क्यै छ भने ऐल्लै भनी हाल
उठ रानी भनीहाल नमानेर लाज
के कुरामा दुःख लाग्यो प्रष्ट भनी देउन
आज यस्तो उत्सवमा भयौ तिमी मौन । ११६

अति उज्ज्वल मुहार तिम्रो ज्यादै मलीन देख्दछु
के छ तिम्रो मुख्य व्यथा चाडै भन सुन्छु
तिम्रालागि सबै ठिक्छ कुनै अभाव छैन
रानी यस्तो दुखित हुँदा मलाई चयन छैन । ११७

कस्ले केही भन्छ भने त्यसलाई सजाय दिन्छु
जसलाई जे जे गर्नु पर्छ सबै मैले गर्छु
तिमी मेरी प्राणेश्वरी हृदयकी देवी
तिमी भए पुग्छ मलाई चाहिँदैन केही । ११८

तिम्रो यस्तो हालत देख्दा मुटु ढुकढुकायो
भेट्न आउदा यस्तो गति देख्नु पर्ने भयो
मेरो गल्ती क्यै छ भने झट्टै भनिहाल
छिपाएर राख्नु हुन्न मनको बह पोख । ११९

ज्यूदो भई यो माटोमा जैलेसम्म टेक्छू
तेतिञ्जेल तिम्रो चिन्ता शून्य गरीदिन्छु
कोशलकी प्रियरानी शोकले ग्रस्थ हुन्छौ
प्राण मेरो रहेसम्म शोकमा किन डुब्छौं । १२०

तिम्रो प्यारो रामलाई आसिरवात देऊ
यस्तो महान उत्सवमा हाँसी खुशी होऊ
तिम्रो प्यारो राघवले तिम्लाई खोज्दै होला
यस्तो हालत देख्यो भने चित्त दुखाइ होला । १२१

राजाका शब्द सुनेर चिम्लेका आँखा खोलिथिन्
सुस्केरी लामो हालेर कैकेयी रानी बोलिथिन्
तपाईकी प्रिय भइनछु रिझाउन मैले सकिन
कौशल्या रानी प्रिय छन् ऊ जस्ती योग्य म भइन ।१२२

के गर्न यहाँ आउनु भो मुखले ठिक्क पार्नलाई
तपाईका जाल झेल बुझ्दछु अझै नि धोका दिनलाई
मतलवी स्वार्थी रहेछौ मलाई धोका दिएछौ
बेकार यहाँ आएर मुटुमा आगो सल्काउँछौ । १२३

आत्मीय तिम्री म होइन बेकार स्वाँग पार्दछौ
आत्मीय अर्की छदैछन् जसलाई प्यारो गर्दछौ
नचाहिने कुरा गरेर समय खेर फाल्दछौ
मुखले एउटा भन्दछौ कामले अर्कै गर्दछौ । १२४

के माग्छौ भनी फर्साउँछौ दिनलाई मुटु कास्दछ
के दिन्छौ तिमले मलाई यो सबै कुरा थाहै छ
यतिका वर्ष भुलेछु राजालाई चिन्नै सकिन
आखिरी वेला चिनिरहेछु जीवनमा कामै लागेन ।१२५

राजाको कर्तुत थाहा भो मुटु नै मेरो चुँडियो
भूपालको आत्मा ऐले ता छर्लङ्गसँग बुझियो
जुन कुरा मैले कुनै क्षण कल्पिनसम्म तर्सिन्थे
त्यो कुरा नहोस् जीवनमा भनेर ईश्वर पुकार्थे । १२६

राजाले भन्छन् हे रानी कसरी यस्तो ज्ञान आयो
निश्छली शुद्ध मुटुमा नराम्रो असर पार्दियो
म तिम्रो रुपमा मोहित छु रुपको कदर गर्दछु
के कुरा हुँदा झर्कियौ भनेमा मात्र बुझ्दछु । १२७

मुखले केही भन्दिनौ ठसक्क पर्दै बस्दछ्यौ
के कुरा घट्यो भन्दिनौ व्यंगयका बाँणले हान्दछ्यौ
बोलन बोल हे रानी कारण सबै खोलन
फर्केर यता हेरन प्यारका शब्द बोलन । १२८

तिमी नै जीवनप्रिय छौ महलकी उत्तम रानी हौ
जीवनकी मेरी आस्था हौ वसन्त वागकी कोयल हौ
दुलहा तत्पर छदैछु दुलही खुशी गराउन
जे भन्छौ तिमीले मान्नेछु चाहन्न चित्त दुखाउन ।१२९

स-साना कुरा नमाग माग्नुछ ठूलै क्यै माग
माग्नेको चित्त बुझ्दोहोस् दिनेको पनि होस् शान
जे भन्छ्यौ भन तुरुन्तै विलम्ब गर्ने हुँदैन
मनका इच्छा तिमीले यसरी रोक्न हुँदैन । १३०

यो कुरा मैले सोध्देछु के कारण हुँदा रिसायौ
बोलन बोल कैकेयी तिमी नै मेरी प्रिया हौ
यो प्राण दिन तयार छु मागेको पूरा गर्नेछु
मागन माग हेर रानी मागेको दिन तयार छू । १३१

राजाको जिक्री सुनेर मनमा केही गुनेर
कैकेयी उठिन जुरुक्कै अमूल्य मौका छोपेर
बोलिथिन रानी खुशी भै तिमी हौ मेरा भर्तार
तिमी हो कुलका सतपात्र कोशलपति सम्राट । १३२

बोलेका कुरा जति छन् प्रशस्तसाथ पुर्याउछौ
प्रणवीर भनी संसारमा चौतर्फ नाम फिजाउछौ
बगेको नदी अडियोस् बहेको वायु रोकियोस्
प्राणसम्म दिन तयार छौ बोलेका कुरा पुर्याउछौ ।१३३

बिर्स्यौ कि तिम्ले संझन्छौ दुइवटा वरदान बाँकी छन्
ती दुवै वरदान माग्दैछु अवश्य पनि पाइने छन्
चाहिन्न अरु मलाई त्यसैले सबै पुग्नेछ
खुरुक्क आजै दिएमा मनको धोको पुग्नेछ । १३४

हाँसेर भन्छन् संम्राट यी यस्ता साना कुरामा
यसरी किन रिसायौ बुझेर पनि यो आत्मा
दुईटै वरको कुरा हो माग लौ जे जे चाहिन्छ
गर्दिन मैले इन्कार कुन चीजमा तिम्रो इच्छा छ ।१३५

गर्जिन्छ मेघ वर्षिन दुर्गुण त्यस्मा पनि छ
बोलेको कुरा पुर्याउने राजाको बोली महान छ
शंका नै तिम्ले नमान ती दुवै दिन तयार छु
संकष्ट पर्ने क्यै छैन प्रतिज्ञा पूर्ण गर्नेछु । १३६

केकेयी बोलिन् तुरुन्तै नक्कली जोश तिम्रो छ
बोल्नमा हुन्छ सजिलो गर्नमा पर्छ मुस्किल
बुझेर पनि क्यै कुरा नबुझे जस्तो गर्दछौ
अप्ठ्यारो यदि पर्छ ता कौशल्या महल पुग्दछौ ।१३७

रिसको कुरा यो होइन अपमान कुनै गर्दिन
उपहास कुनै यो होइन परिहास पनि यो होइन
बोलीले चिप्लो घसेको कानले सुन्न सक्दिन
अनुभव मेरो भन्दैछु पुरुषको विश्वास हुँदैन । १३८

मलाई सधै फुस्ल्याई गर्दछौ कुरा मधूर
साँच्चि नै होला भन्ठान्थे सुनेर कुरा गंभीर
गर्दछौ यदि प्रतिज्ञा देवता छोई प्रण गर
गर्दैनौ भने कौशल्या रानीका साथ गफ गर । १३९

भन्दछन् राजा गंभीर भै नचाहिने कुरा गर्दछ्यौ
कुन दिन झूठो बोलेथे असत्य कुरो गर्दछ्यौ
जे कुरा माग्छ्यौ तिमीले दिनका लागि तयार छु
रामको कसम खाएर दुई वर दिन मंजूर छु ।१४०

फटाहा राजा म होइन पुर्खाको नाम थाम्दछु
बोलेका कुरा पुऱ्याई तिमीलाई खुशी पार्दछु
के माग्नु पर्छ तुरुन्तै निर्धक्कसँग मागन
मागेको कुरा दिनेछु प्रशन्न हुँदै बोलन । १४१

धन्य छौ धन्य हे राजन अत्यन्त सत्यबादी छौ
अव त पक्कै भैसक्यो बोलेको कुरा दिनेछौ
कवोल यदि पुऱ्याए सत्यवान राजा भनौंला
हृदयदेखि गद्‌गद भै प्रशंसा तिम्रै गरौंला । १४२

कोशलपति सुन्नुहोस वरदान दुबै माग्दछु
प्रतिज्ञा पूरा गरेमा संम्राटकै प्रचार गर्नेछु
प्रथम माग यही हो रामको पद माग्दछु
रामको हकको सिंहासन भरतलाई दिन चाहन्छु ।१४३

बाँकी छ दोश्रो वरदान त्यो पनि राम्रो सुन्नुहोस्
इज्जतको ख्याल गरेर प्रशन्न हुँदै दिनुहोस्
अयोध्याभरि प्रख्यात छौ सत्यमा डग्नै हुँदैन
थुकेको थुक आफैले जिब्रोले चाट्न हुँदैन । १४४

रामलाई राज्य नदिई भोलिनै वनमा पठाउने
रामले चौध वसन्त सन्यासी जीवन बिताउने
यदि छु साच्चै पियारी सामुन्ने मुख खोल्नुहोस
कोशलपति तिमी हौ मुखले हुन्छ भन्नुहोस । १४५

रानीका यस्ता तीखा वाँण मुटुमा झट्ट लागेछ
मुटुका वीचमा गोपिदा शरीर थर्र काम्दछ
अत्यन्त सज्जन राजालाई विषालु वाँण लागेछ
तुरुन्तै मुटु छेडेर मगजसम्म पुगेछ । १४६

वेहोस हुनै लागेथे थरथर काम्दै ती थिए
जमिनमा तिनी लडेनन् कसरी राजा उभिए
भाग्यमा जे छ लेखेको अवश्य भोग्नै पर्नेछ
जीवनको प्रत्येक पलामा संघर्ष गर्नै पर्नेछ । १४७

वलवान आत्मा तैपनि गतिलाई रोक्न सकिन्न
भावीले अक्षर लेखेको मेटेर मेट्नै सकिन्न
दुर्गाका स्वरुप नारी हुन् जे पनि गर्न सक्दछन्
समस्या जस्तोसुकै होस् सफल गर्न सक्दछन् । १४८

खामोस खाई एकैक्षण बोलेथे कोशलपति नाथ
हे रानी तिम्रा सामूमा राखेर मैले सदभाव
पिताको लागि सन्तान बराबर उसले ठान्दछ
यो कुरा पनि जगतले नबुझ्ने होइन बुझ्दछ । १४९

भरत र राम एकै हुन् ईश्वर यसको साक्षी छ
कल्याण यिनको चाहन्छु आत्माले यही भन्दछ
जुन माग तिम्रो पहिलो हो त्यसलाई दिन सकिन्छ
वनवास जाऊ भन्नलाई आत्माले कठीन ठान्दछ ।१५०

राघव ज्यादै कोमल छ एक्कासी वनमा पठाउँदा
अयोध्यावासी के भन्लान अपर्झट सन्देश सुनाउँदा
विचार तिम्रो के भयो संझन मैले सकिन
संझाऊ मलाई कैकेयी रहस्य के हो बुझिन । १५१

रामको गल्ती क्यै छैन अन्याय गर्न हुँदैन
उसलाई वनमा पठाउँदा कल्याण हाम्रो हुँदैन
जसलाई प्यारो गर्दथ्यौ मुटुको टुक्रा ठान्दथ्यौ
चौबिसै घण्टा तिमीले रामकै सिहार गर्दथ्यौ ।१५२

राघव ज्यादै गंभीर छ गाईको जस्तो स्वभाव छ
कठोर अन्याय गर्दा आत्माले धिक्कार दिनेछ
बालक अबोध संझेर नराख खराब विचार
अपराध विना कसैलाई नगर्नु छुरी प्रहार । १५३

कसरी तिम्रो मन बिग्रयो अनुचित प्रस्ताव राख्दछौ
निष्ठूरी बनी हे रानी खराव विचार सोच्दछौ
म पनि तिम्रो पति हुँ जीवन_साथी तिम्रै हुँ
पाउमा शिर राखेर दयाको भिक्षा माग्दछु । १५४

अब म बूढो भैसकें परत्र हेर्नु पर्दछ
चारवटा छोराहरुलाई समान गर्नु पर्दछ
शरीर मेरो कमजोर भो पनपक्ष गर्नु हुँदैन
विचरा बालक रामलाई अनिष्ट सोच्नै हुँदैन । १५५

राजाका यस्ता शब्दले कैकेयी भइन क्रोधित
षडयन्त्र राख्न पर्ने भो गरेकी उनले अठोट
आइपर्ने जति भोगिन्छ पन्छाउँ जति पन्छिन्न
छैटीका दिनमा लेखेको जीवन भरै मेटिन्न । १५६

नारीले अड्डी लिएमा प्रलय मचाई छोड्दछन्
प्रवाह कुनै क्यै छैन अति नै जिद्धि गर्दछन्
मन्थरा एउटी दासीले अयोध्या उजाड गर्दैछ
यसको असर अवश्यै राजाले भोगनु पर्नेछ । १५७

राजाका नरम शब्दलाई शायद रानी स्वीकार गर्थिन्
भूपालका कुरा सच्चा हुन इत्यादि कुरा सोच्दथिन्
मन्थरा त्यहाँ लुकेर दुवैका कुरा सुन्दथी
षड्यन्त्र सफल गराउँ इत्यादि कुरा सोच्दथी । १५८

मन्थरा दुष्ट दासीले सुन्दथी कुरा लुकेर
आँखाले कुरा गर्दथी रानीलाई संकेत गरेर
संकेत त्यसको पाएर भइथिन रानी अवाक
चुपचाप लाग एकैक्षण नत्र ता पर्ला फसाद । १५९

शायद रानी अवश्यै राजाका कुरा मान्दथिन्
व्यर्थमा यस्तो रडाको मचाउन हुन्न ठान्दथिन्
मन्थरा आई नजिकमा झर्केर कुरा गरिथी
हातको माछो फुत्कार्यौ के भनौ मैले भन्दथी । १६०

राजाले वचन चुहाउँदा तिमीले कठै नभन्नू
जिक्रीमा आफ्नो अडेर यो रात त्यसै बिताउनू
राजालाई दया गरेमा भविष्य तिमीर हुनेछ
आमा र छोरा दुवैको भविष्य कालो हुनेछ । १६१

भरत र तिम्रो मायाले मुटुको नशा चुडिन्छ
जारीनै राख यो युक्ति अवश्य सफल हुनेछ
म पनि तिम्री आमा हूँ यी मेरा अर्ति मानिदेऊ
वरदान दिए चुप लाग्नु नदिए अड्डी कसिदेऊ ।१६२

यो बेला राजा तिम्रा छन् बोलेको कुरा दिनेछन्
दिदैनन् यदि राजाले संसारले झूठा भन्नेछन्
राजालाई सच्चा गराऊ वरदान हात लगाऊ
मुकुट लाउने साइतमा वनबास गर्न लगाऊ । १६३

मन्थराको मन्त्रणाले रानी गदगद् भइन
राजासँग झर्की झर्की कुरा गर्न लागिन
यसो हेर्दा अति सज्जन तर्वारले हान्ने
बोल्ने बेला बोली हाल्यौ दिन आल्टाल गर्ने । १६४

मागनु पर्ने मागी सकें गोलमाल कुरै छैन
दिन्न भन्छौ भनीहाल फेरि मागने छैन
कैले वरदान दिन्छु भन्छौ कहिले दिन्न भन्छौ
कोशलका सम्राटले सधैं झूठो बोल्छौ । १६५

रानी भन्छिन् वरदान मागें बदर हुनेछैन
बग्छ नदी तलैतिर माथि फर्किंदैन
वरदान दिन चित्त दुखे युक्ति बताइदिन्छु
ऐल्यै तिम्रो सामुन्नेमा अक्किल बताइदिन्छु । १६६

हाम्रो दुईको लिने दिने कस्लाई थाहा छैन
मेरै साम्ने भनी दिनु दोश्रो वरदान दिन्न
कैकेयीका घोच्का सुन्दा कोशलपति भन्छन्
तिम्रा कुरा बुझी सकें चुप लाग भन्छन् । १६७

बांगा कुरा गर्दागर्दै तालमा डुवाइदियौ
सत्यवादी जीवन थियो झूठ गराइदियौ
सूर्यवंशी राज्य हाम्रो दाग लाग्न दिन्न
प्राण जान्छ जावस बरु वचन खेर जान्न । १६८

अप्ठेरामा पाइला पऱ्यो आपद आइलाग्यो
वृद्धबेला कष्टसाथ प्राण उड्ने भयो
दानादिमा इन्कार गर्दा कुलको धर्म जान्छ
पुत्र वनवास जाँदाखेरी प्राण मेरो जान्छ । १६९

उज्ज्वल थियो सूर्यवंश कालो हुने भयो
यै व्यथाले प्राण पनि चाडै जाने भयो
दुईटा पाता तराजुका एकापट्टि धर्म
अर्को पट्टि प्यारो छोरा कुसाइतको जन्म । १७०

कैकेयीलाई प्यार गर्थें मुटु बीचमा राख्थें
बुद्धिमती रानी भन्दै विश्वास उनकै गर्थें
विश्वासमा पर्दा खेरी ठूलो धोका पाएँ
बालक पुत्र रामलाई ज्यूँदै मार्ने भएँ । १७१

माया जालमा अल्झिदामा ज्यादै कष्ट भयो
माया मोह त्यागन सके शान्ति मिल्ने थियो
कैकेयीको विश्वास गर्दा ठूलो धोका पाएँ
ओल्लो घाट्न् पल्लो किनार बीचमा डुब्न लागें ।१७२

जीवनदेखि माया मोह अलग्गिदै जावस
मृत्युलाई निम्ता दिन्छु शिघ्र लिन आवस
आजदेखि कैकेयीलाई कैल्यै भेट्ने छैन
पुत्रसँग वियोगिदां प्राण अड्ने छैन । १७३

पूर्ण गर्छु प्रण मेरो तिम्रो चाह छैन
प्राण मेरो उड्नै लाग्यो बाँच्ने रहर छैन
रानी भन्छिन् वाह वाह कस्तो ठूलो जोश
आफ्नो कवोल बिर्सीसक्यौ दिन्छौ मलाई दोष ।१७४

सत्यवादी हरिश्चन्द्र कैयौ कष्ट भोगे
आफ्नो वचन पूर्ण गर्न सारा राज्य छाडे
सत्यताकै लागि उनले पुत्र पत्नी त्यागे
सत्य आफ्नो कायम गर्न मशान कुर्न लागे । १७५

सत्यताले गर्दाखेरी नाम फैलिएको
सत्यवादी राजा सबले सबले चिन्हिएको
दोश्रा राजा शिवी पनि सत्यवादी थिए
परेवाको रक्षा गर्न आफ्नै मासु दिए । १७६

शिवी जस्ता सत्यवादी अलप हुनेछैन
उनको नाम संसारमा अलप हुनेछैन
तेश्रो नम्बर दधीचीले वचन पूरा गरे
दौलतको कुरै छाडौं हड्डी प्रदान गरे । १७७

आफ्नो वचन पूर्ण गर्न आफ्नै हाड दिए
संसारभरि आज तिनी चिरञ्जीवी भए
हरिश्चन्द्र जस्तो बनी घाटको वास होइन
शिवी दधीची जस्तो बनी हड्डी मागने होइन । १७८

मैले आफ्नो कर्जा माग्छु तिम्ले दिने बाँकी
संम्राट उनकै वंशका हौ सत्यवादी ज्ञानी
मैले आफ्नो कर्जा माग्दा तिम्ले दिनै पर्छ
हरिश्चन्द्र वंशका हौ ऋण तिर्नै पर्छ । १७९

राजा भन्थे दिक्क हुदै चूप लाग रानी
मरणासन्न व्यक्तिलाई बंचराले हानी
भन्ने जति भनिसक्यौ अझै छुरी धस्छौ
चर्किएको घाउ मेरा नून चूक अझै छर्‍यौ । १८०

ऐले तिमी उग्र भयौ पछि होश आउला
पश्चातापका आँशु बगाई नित्य रुनु पर्ला
जस्तोसुकै आपद परोस भोग्नसम्म भोग्छु
सत्यलाई अँगालेर प्रण पूरा गर्छु । १८१

रानी तिमी हात थाप ऋण चुक्ता गर्छु
बाँकी दुवै वरदान समेत आजै पूरा गर्छु
राज्य पनि आजै लिऊ वनवास पनि देऊ
वरदानको साथसाथै प्राण पनि लेऊ । १८२

यति के पो भन्दै थिए निराशले छोप्यो
दूराशाको फूल फुल्यो चक्कर लागिहाल्यो
बोलीचाली बन्द भयो मुटु धड्किराख्यो
राजाको पीर राजालाई कस्लाई हुने चासो । १८३

सूर्योदय बेला भयो व्यस्त सबै काजमा
रामले आज राज्य पाउछन् भन्थे हर्षोल्लासमा
कार्यविधि चालु थियो राजा महलमा छन्
राजालाई विन्ति गर्न मन्त्री महल जान्छन् । १८४

जीवनवत्ती जसो तसो पिल्पील बलिरैछ
जीवनज्योति निभ्नलाई तयार भइरैछ
महल थियो अन्धकार साथै सून्य थियो
सयौ वत्ती झल्मलाउथे आजै किन निभ्यो । १८५

कारण के हो बुझ्नलाई प्रजा उत्सुक थिए
त्यै वेलामा मन्त्री पनि त्यहाँ आई पुगे
कठैवरी राजा भैमा माछो जस्तै तड्पी
आँखा खोल्दै लक्ष्यणहरु देखिएका आज । १८६

सम्राटका सिरानपट्टि कैकेयी छन खडा
क्रोधपूर्ण सिंहिनी रुप देखिएका कडा
मैला पोशाक पैह्रिएकी देख्दै डरलाग्दी
सामुन्नेमा पर्नेलाई आँखा दुबै तर्दी । १८७

त्यस वेलाको वातावरण देख्दा अत्यास लाग्छ
पक्कै ठूलो घटना घट्यो भन्ने शंका लाग्छ
राजालाई हेर्न मन्त्री आइपुगेका त्यहाँ
दुर्दशा त्यो देख्दाखेरी शंका लाग्यो मनमा । १८८

नम्र हुँदै विन्ति गरे कैकेयीका साथ
वाहिर बाजा बजिरैछन् भित्र हाहाकार
रानी भन्छिन रामलाई शिघ्र बोलाइहाल
थाहा हुन्छ सबै कुरा राम आउनासाथ । १८९

आज्ञा शिरोधार्य मन्त्री ज्यादै थिए
हिड्दा हिड्दै बीच बाटोमा पाउ लर्वरिए
बेला थियो प्रकाशको पूर्वबाट च्यायो
हत्तपत्त राहू आई कालीमाले छायो । १९०

एनकेन प्रकारेण रामलाई बोलाइदिए
आज्ञा पाई तुरुन्त नै राम हाजिर भए
पिता भैमा बेहोश थिए अम्मा रिसले चूर
आमासँग सोध्न पनि लाग्यो निकै डर । १९१

राघव पैले पाउ परे, रानी कैकेयीका
पश्चातमा पाउ छोए राजा दशरथका
पिताजीको हालत देखी रामले सोध्नुभयो
अर्धमूर्छित भूपतिको हालत देख्नुभयो । १९२

नजिकै आएँ पिता आँखा खोल्नु हुन्न
कस्तो कस्तो दुर्दशा यो किन बोल्नु हुन्न ?
के कारणले आज पिता मूर्छा पर्नुभयो ?
रोगले हो कि शोकले गर्दा यस्तो वेहोश पाऱ्यो ।१९३

मन्त्री मन्त्री आमा आमा पिताजीलाई के भो ?
या त मेरो गल्ती हुंदा पिता रिसाउनुभो
सीतारलाई मिजराले दिन्छ कुनै झंकार
त्यस्तै गरी राजा कानमा पुगीसक्यो आवाज । १९४

एक क्षण पछि होश खुल्यो लामो स्वास आयो
त्यस्तै गरी भूपतिका कानमा बोली पुग्यो
विस्तारसँग कोल्टो फर्के राम राम बोले
रामलाई देख्दा खेरी आँशु पूर्ण थिए । १९५

एक क्षणसम्म पुत्रलाई एकैटकले हेरे
आँखाले नै आसिक दिए क्षणमा बन्द भए
महारानी कैकेयीले रामलाई एकान्तमा
मैले जे जे भन्दै गर्छु संझि राख मनमा । १९६

पहिलेदेखि राजासँग एउटा शर्त थियो
त्यही शर्त मुस्किलले आज पूर्ण भयो
तिम्रा पिता तिमी भन्दा प्राणै अर्पिएका
ज्यादै माया गर्दा खेरी शोकमा डुबिएका । १९७

वर्षौंदेखि दुईटा वरदान दिइएका थिए
बल्ल बल्ल दुईटै वरदान आज पूर्ण भए
प्रथम मेरो माग थियो भरतलाई राजा
दोश्रो मेरो माग थियो रामलाई वनबास । १९८

चौध वर्षसम्म गई राम वनमा बस्ने
अयोध्याको राजगद्दीमा भरत पुत्र बस्ने
माग मेरो त्यही थियो मुस्किलले दिए
तिम्रो माया लाग्दा खेरी शोकले मूर्छा परे । १९९

दुवै वरदान पूर्ण गर्न आलटाल गर्दै थिए
जिन्दगीको आखिरीमा आफै धोका पाए
देख्दाखेरी ज्यादै सोझा मत्लबीका भण्डार
वरदान दिनै परेपछि शोक गर्नु वेकार । २००

यस्ता कप्टी पेटाहाको गति राम्रो हुन्न
शुद्ध मुटु छैन भने शान्ति पाइदैन
सारा कुरा लाईदिएँ तिम्ले सुनी सक्यौ
भन्नु केही बाँकी छैन सबै कुरा बुझ्यौ । २०१

जतिसक्यो उति चाँडो महल छोडी जाऊ
जवरजस्ती बस्छौ भने तिम्रो हुन्न भाउ
मुख्य कुरा यतिमात्र सबै भनी सकें
मुस्किलले दुईटा वर बल्ल हात पारें । २०२

जाऊ जाऊ राम तिमी चाँडै वनमा जाऊ
तोकिएको वर्ष बसी बाच्यौ भने आऊ
धेरै वेर बस्दाखेरी राजा दुःखित हुन्छन्
भरतलाई राज्य दिन अप्ठेरोमा पर्छन् । २०३

तिमी छिटै निस्के पछि राजा उठी हाल्छन्
तिम्रो साथै तीखा काँढा सबै पन्छिइन्छन्
सोधखोज गर्ने कुरै छैन सबै बुझ्नेपछि
तिमीलाई सामु देख्दाखेरी राजा हुन्छन् दुखी ।२०४

कैकेयीका क्रुद्ध शब्द मन्त्रीजीले सुने
सारा शरीर निथुक्क भै पसिनाले भिजे
महारानी यस्ती होलिन् भन्ने सपनामा
न त उनले कैल्यै देखे यो जाल विपनामा । २०५

मन्त्रीजीको होश उड्यो भैमा लडी हाले
शब्द प्रष्ट बुझिएन हाय हाय भन्ये
कोशल किशोर राम भने ज्यादै गंभीर थिए
हात जोड्दै कैकेयीका सामू खडा थिए । २०६

आमा बाको आज्ञा मान्ने छोरो भाग्यमानी
विश्वभरै पाइने छैन त्यस्ता भाग्यशाली
आज राम्रो दिवस हुँदा शुभ सुन्न पाएँ
पूज्यात्माको इच्छालाई पूर्ण गर्न पाएँ । २०७

आजसम्म सेवा गर्ने मौका पाको थिन
बल्ल बल्ल मौका पाएँ तिर्न सकौं ऋण
गद्गदाई विन्ति गर्थे उज्वल छवि राम
आमाबाटै इच्छा पूर्ण हुने भयो आज । २०८

आमाबाटै भाग्य खुल्यो वनमा जान पाएँ
चारैतर्फ हर्षैहर्ष मैले पोख्न पाएँ
मैले सधैं सोच्दै थिएँ वनमा जाऔं भन्ने
साधु सन्त महात्माको संगत गरौं भन्ने । २०९

आमा कसम खाँदै भन्छु राजकाजको भार
राजकाज गर्ने योग्यता नै मलाई छैन ज्ञान
प्राण प्यारा भाइ मेरा भरत राजा होउन्
कोशलको राज्य पाई सदा गदगद होउन् । २१०

अफशोचको वात यो छ पिता देख्छु दुःखी
यस्तो ठूलो मौका मिल्दा हुनु पर्ने खुशी
भित्र मनमा क्यै हुँदामा आधात पर्न गयो
शायद मेरै गल्ती छ कि सबै बुझ्न पऱ्यो । २११

पिता पिता बोल्नु हवस केको असर पऱ्यो
कुन कुराको मर्का पर्दा यस्तो हालत भयो
रामबाट भूल भए आमा थाहा पाऔं
यथार्थता बुझीकनै वनमा प्रस्थान गरौं । २१२

पितासँग सोध्छु भनी जान्छन् पितातिर
कैकेयीले रोकिहालिन ठूलो गरी स्वर
के काममा जान्छौ त्यहाँ पिता फकाउन
साखिल्यै भै जान हुन्न कुरा खुस्खुस्याउन । २१३

तिमी यहाँ बसुंजेली उनको संताप बढ्छ
अब तिमी चाँडै जाऊ आफै ठिक हुन्छ
तिम्लाई मैले संझाइरैछु दुःख हटाइदेऊ
शिघ्र तिमी निस्की हाल मुखै नदेखाऊ । २१४

सबै कुरा बुझे पनि नबुझेको जस्तो
तिम्रो बानी थेचरो छ हेर्दा कस्तो कस्तो
राजालाई बाँच्न देऊ चाडै वनमा जाऊ
सिंहासनमा बस्नलाई छैन तिम्रो ठाउँ । २१५

अझै राज्य पाउला भन्ने मनमा आशा लिन्छौ
यै कुराले राजालाई दिनु कष्ट दिन्छौ
राघवले सुन्नु भयो कैकेयीका वाँणी
माताजीको आज्ञा पालन गर्नु उचित ठानी । २१६

सम्राटका पीडा के हुन बुझ्ने इच्छा थियो
कैकेयीले शंका गर्लिन भन्ने भय लाग्यो
भूपतिले एकटकले रामलाई हेर्थे
काखमा राखौं रामलाई भन्ने इच्छा गर्थे । २१७

रामका लागि आमाबाबु बराबरी थिए
पिताभन्दा मातृआज्ञा राघवले मान्थे
त्यसकारण पिताजीका नजिकबाट हटे
पैलेदेखि मानिएको नियम पालन गरे । २१८

राजालाई हेर्दा खेरी रानी आँखा तर्थिन्
पुत्रलाई प्यार गर्लान भन्ने शंका गर्थिन ।
बल्ल बल्ल हात परेको वरदान खेर जाला
भूपतिको मन फर्केमा भरत निराश होला । २१९

रामलाई देख्दा खेरी रानी मुर्मुरिन्थिन्
राघव छिटै हटिहालोस् भन्दै देवी भाक्थिन्
भूपतिका जेठा छोरा राघव अति प्यारा
आज आफ्नै पुत्रलाई हेर्नसम्म वाधा । २२०

पितासँग विदा मागौं भन्ने इच्छा थियो
रानी त्यही उभिएको देख्दा डर लाग्यो
ऐलेसम्म ती आँखाले पिता हेर्दै थिए
तिनै आँखा ढोकातिर अब ताक्दै थिए। २२१

पिताजीलाई मनैमनले अन्तिम प्रणाम गरे
त्यस्तै गरी मनैमनले विदा समेत भए
आज्ञा शिरोधार्य गर्छु भन्दै रानीलाई
कैकेयीका पाउ पर्थे ठूलो कृपा पाई। २२२

कैकेयीले अझै भन्छिन् वनमा चाँडै जाऊ
कौशल्यालाई भेटीकनै झट्ट फर्कि आऊ
तिम्रालागि वल्कल लुगा तयार गरेकी छु
तीनै लुगा पैह्रिएर वनमा जाऊ भन्छु। २२३

जाऊ जाऊ शिघ्र जाऊ अबेर किन गर्छौ
अबेर तिम्ले गर्छौ भने धोका तिम्ले पाउँछौ
तिम्रालागि सिंहासनको राम्रो सग्इत थियो
त्यसैलाई उचित संझी वनमा जानु पर्‍यो। २२४

एकातिर सम्राटले राम राम भन्थे
अर्कोतिर सुमन्तले उठी प्रणाम गर्थे
राज्यभिशेष आँटिएको वनमा जानैपर्‍यो
अभागीले खान बस्दा वतासले लग्यो। २२५

राम पनि विदाइमा मन्द मुस्कुराए
देवताहरु आश्चर्य भै रामको गुण गाए
राम जस्ता आज्ञाकारी जन्मनी नै छैनन्।
यस्ता सन्तान जन्माउने आमा धन्य हुन्छन्। २२६

जसको खुबी नै छैन, त्यस्ताले गर्छ के सुधार
देखाई नक्कली कर्म, सदा नै चित्त हाहाकार ।

अन्तरमा ममता जागोस्, दुर्गुण ती सब पार हुन्
सद्गुण औ सत्यता हाम्रा आत्ममा भरपूर रहून् ।

वाह्य औ भित्री संसार, स्वच्छ होस् व्यवहारमा
करूणा या दया माया, फैलियोस् धर्मसारमा ।

सद्गुण हो आत्माको शान्ति दुर्गुणले नित्य अश्रुपात
जिन्दगी क्षणिकै सम्झी गर्नुछ प्राणिको सुधार ।

धर्मको मार्ग हिड्नाले धर्म त्यो फलवन्त छ
विना औषधि सेवनले, रोग त्यो किन हट्दछ ।

सत्य हाम्रो महासाथी, सत्यमा भर पर्नुछ
धर्मलाई गरे निन्दा त्यस्लाई मूर्ख ठान्नुछ ।

# कौशल्यासँग विदाइ

अयोध्यामा भयो हल्ला अहोरात्र निरन्तर
कैकेयीको जालले गर्दा वनवास रे रघुवर
कौशल्या जननीलाई भेट्न खातिर राघव
ऐलेसम्म पुग्या छैनन् कौशल्या महलैतिर । १

जानकी पहिलेदेखिन कौशल्याका महल पुगी
राखेर मान्यता मान सासुका पाउमा नुही
चिन्ताले मुटु पोलिन्थ्यो मुखले बोल्न तैपनि
शर्मले मार्दथ्यो ताला परवशमा सधैं रही । २

आकुल व्याकुल व्यथापूर्ण आँधीका बेग झैं भई
कौशल्याको महल पुग्दा सकिनन् बोल्न क्यै पनि
शोकाकुलमा थिइन सीता अनुहारले बताउथ्यो
बोल्नलाई पऱ्यो मुस्किल कण्ठीमा ग्रन्थी पर्दथ्यो । ३

सीताको अनुहार देख्दा कौशल्या विह्वल भइन
दुःख के पर्न गो छोरी नढाटी भन भन्दथिन
यसरी किन झोक्रिन्छौ कुन दुःख तिमीमा पऱ्यो
ठूलै संकट परे होला आत्माले ठान्छ यो कुरो ।४

रुपको तिमी राशी हौ यसबेला छौ निन्याउरी
आखाँमा आँशु टलपल छन् बग्न खोज्छन् महानदी
रागिनी झैं तिमी देखिन्यौ कान्ति तिम्रो कहाँ गयो
तिम्रो यो अनुहार देख्दा मेरो मनमा चिसो पऱ्यो । ५

बताऊ तिमीले छोरी अवश्यै पनि क्यै भयो
जसले गर्दा असीम ज्योति यसरी किन बिग्रियो
नमान यसरी लाज बताऊ तिमीले सबै
कस्तो आपद पऱ्यो छोरी भन्दी देऊ खुलस्त भै । ६

कौशल्याका सुनी वाणी जानकी बोल्न खोज्दथिन्
घुँक्काले रोकिए शब्द आँशुले पोख्न खोज्दथिन्
आँशुपूर्ण थिए आँखा वर्षनै ती तयार थिए
असंख्य वेदना होला भन्ने संकेत गर्दथे । ७

रोकिएका थिए आँशु त्यसबेला मार्ग खोलियो
जानकीको फुल्यो बोली वेदना सब पोखियो
लज्जा हो नारीको शील लज्जा नै गहनाहरु
लज्जाले रोकिए उनका मनका वेदनाहरु । ८

सुन्नुहोस म सबै भन्छु सुनेका जति छन् कुरा
सुनाऊँ कसरी मैले मुटुमा रोपिए छुरा
माहिली रानीले दुईटा वरदान पितासँग
लिएकी रे अघिदेखि आज त्यही चुकाउदा । ९

प्रथम माग थियो उनको भरतले राज्य यो गरुन
दोस्रो माग थियो उनको श्रीराम वनमा घुमून
रामले वनवास गर्दा चौध वर्ष त्यही बसोस्
चौध वर्ष पछि फर्कोस नफर्के वनमै बसोस । १०

पछि फर्किन्छ ता राम कोशलको राज गद्दीमा
प्रजा खुशी भए मात्र बस्न पाउनेछ गद्दीमा
त्यसैले म यहाँ आएँ मनको दर्द पोखन
न्याय राम्रो हवस् आमा यै हो मेरो निवेदन । ११

बुहारी हुँ म ता एउटी मेरा लागि तपाई नै
निर्णय दिनुहोस आमा जान्छु म पनि साथमै
मैले के गर्नु पर्ने हो खुलस्तसँग भन्नुहोस
के गर्दा धर्म जोगिन्छ त्यो पनि सुन्छु भन्नुहोस । १२

पतिका साथ वन जाऔं अथवा अरु के गरौं
यो सबै भन्नुहोस आमा आज्ञा माफिक के गरौं
नारीका लागि सर्वश्व पति हुन धर्म भन्दछ
पतिभन्दा पनि सासू दर्जामा उच्च भन्दछ । १३

तिमी हौ रामको पूज्या म त तुच्छ पूजारिणी
त्यसैले माग्दछु भिक्षा , देऊ ठूलो दया गरी
त्यसै छु दुखी छु आमा कसलाई भन्नु यो कथा
सुनेमा शत्रु हास्नेछन् मनैमा राख्दछु व्यथा । १४

सीताका दु:खका शब्द सुन्दा रानी विचेत भइन
हाय ईश्वर हे भन्दै कौशल्या भूमिमा लडिन
आँखाबाट अनेक झिल्का निस्केर छरिए पनि
कस्तो वेला भयो यस्तो भरोशा छैन क्यै पनि । १५

अकस्मात यो खबर सुन्दा कौशल्या शोकमा डुबिन
जानकी साथमा बस्ता कौशल्या पछि विंझिइन
विम्झेता पनि क्यै होश आउनमा बाकी नै थियो
दरशथको पनि हालत कौशल्याकै समान थियो । १६

सीताजी नभए त्यहाँ कौशल्या के हुने थिइन्
मुटुका चोटले गर्दा दु:खका चुली चढ्दथिन्
बचायो महाराजलाई सत्यकै सर्वशक्तिले
कौशल्या पनि बाँचेकी सतीका सत शक्तिले । १७

लागे छ मुटुमा धक्का मूर्छामा पनि बोल्दथिन
के गरौं अब हे राम क्षण क्षणमा राम भन्दथिन
विधान विधिको कच्चा बुझ्नलाई छ मुस्किल
राज्याभिशेषको बेला वन जानेछ साइत । १८

गल्ती क्यै रामको छैन एक्कासी वनवास छ
कसलाई दिनु यो दोष भाग्यलाई धन्यवाद छ
वेहोसमा बोल्दछिन रानी सीता तिमलाई के भनौं
त्यस्तै म पनि सोध्दैछु मरौं वा कसरी जिऔं । १९

क्षण क्षणमा पर्दछिन् मूर्छा सीतालाई विपद पर्‍यो
धेरेवेर पछि होस आयो आए तापनि त्यै कुरो
मेरो क्यै गति नै छैन जिन्दगानी यसै गरी
बिताउनेछु हुँदै व्याकुल दुवैको सम्झना गरी । २०

बाँच्नलाई भए मुस्किल देह नै त्याग्न सक्दछु
भगवानको रचित नासो उसैलाई बुझाउँछु
वियोग यो अति चर्को छ सक्तिन सहनै पनि
चन्द्रमाबाट जुन रश्मि हुनेछैन अलग पनि । २१

राघव राघव हुँदो हो ता रानी भैकन बस्तथ्यौ
वनवासी हुंदा राम वनवासीनी तिमी भयौ
तिम्रो लागि वनै होला अयोध्यापुरी सुन्दर
बस्नेछौ रामका साथमा अहोरात्री सधैंभर । २२

वनदेवीहरुलाई सासू हुन भनी संझनू
वन देउता सबैलाई ससूरा पूज्य संझनू
यसबेला दिन के सक्छु आसिक मात्र निरन्तर
पतिसेवा गरी बस्नु रमाएरै जुनैभर । २३

नरोई जाऊ हे छोरी सुख शान्ति सदा मिलोस
जतिञ्जेलसम्म बाँचिन्छ तेतिञ्जेल स्वास्थ्य ठिक होस
आज्ञा पालन गर्नेछु भन्दै उनले गरिन प्रणाम
त्यसै वेला त्यहाँ आए कौशल्या खोपीमा श्रीराम ।२४

आमाले शिशु देख्दामा हर्षले गद्गदाउँछन्
आएका रघुराज देख्दा कौशल्या पनि खुशी छन्
चिताएको थियो एउटा ईश्वरले उलटा गऱ्यो
सम्झन्थे जिन्दगी सुन्दर धोका ईश्वरले दियो । २५

मुखबाट निस्क्यो हरे ईश्वर यत्ति नै
बेहोसले भूमिमा घोप्टिन सहारा एक राम नै
पिताजी भेट्न जाँदामा उनको हालत विषय थियो
आमाका खोपीमा आउँदा आमाको यो दशा भयो ।२६

रामलाई पऱ्यो आपद चिन्ताले मुटुमा डस्यो
दुवैको दुर्दशा देख्दा आफ्नै होश हवास उड्यो
सीतालाई गरेर संकेत यहाँ आऊ तिमी भने
म पंखा हम्कदै गर्छु तिमीले पाउ दाप भने । २७

रामचन्द्र भए विव्हल विभिन्न शोक पीरले
साइत हो वनवास जाने साइतमा अवरोध परे
आमा मूर्छित पर्नाले राम अफशोच गर्दछन्
तैपनि मनमा केही राघवले धैर्य बाद्धछन् । २८

सीतालाई पऱ्यो आपद सहनै अति मुस्किल
दुःखका घडीमा आई कस्ले मद्दत दिन्छ र
सहनै नसकी तिनले वर्षाइन आँशुका झरी
मूर्छा नै हुन लागेकी बेहाल भै मिथिलेश्वरी । २९

जानकीले गरिन कोशिश आफूलाई सम्हालन
सकिनन् उनले हाय आँशुलाई थमाउन
हिचकी गर्जन जस्तो भै स्वास हावा समानै
वरसात हुनै लागे आँशू वर्षे निराश भै । ३०

सौतेनी सासूले गर्दा जिन्दगी वरवाद भयो
महारानी हुने बेला सराप कसले दियो
मुटुमा भारी भक्कानो घुँक्क घुँक्क गरी गरी
थाम्न नै नसकी हाय वर्षाइन आँशुका झरी । ३१

देखेर प्रियको हालत रघुनाथ दुःखमा परे
जस्तोसुकै परोस आपद सहनै पर्दछ भने
नवर्षाऊ नदी धारा रोएर हुन्छ के अब
आमाको दिल खुश राख्नु यसैमा शान्ति मिल्दछ । ३२

सहनै सकिनौ दुःख मैले विश्वास गर्दछु
आत्मालाई गरी दह्रो बुझाऊ चित्त भन्दछु
रोएरै मात्र के हुन्छ परेको भोग्नु पर्दछ
पृथ्वीतलमा जन्मी हाँसेरै बाँच्नु पर्दछ । ३३

जिन्दगी भन्नु नै सुख दुःखको परिभाषा हो
सुख आपद सही बस्नु त्यही मान धर्म हो
तिम्रा मनका सबै भाव मैले त्यो पनि बुझ्दछु
सकिनौ यो वियोग खप्न मैले विश्वास गर्दछु । ३४

आत्मामा बल चाहिन्छ त्यसैमा शान्ति मिल्दछ
ईश्वरले साहेता दिन्छ उसैको भर पर्नुछ
नरोऊ मुटुकी रानी रुदामा देह गल्दछ
जस्तो कर्म लिई आयौं त्यसैमा रम्नु श्रेय छ । ३५

रामका प्रिय वाणीले सीताले केही सम्झिइन
निहुरेर जमिनपट्टि शोकाकुल तिनी भइन
जानकी सबै सोची विचारीकन भन्दछिन
कसको आत्मा छ बलशाली बताऊ विन्ति भन्दछिन ।३६

आत्मा हौ तिमी नै मेरा परमात्मा पनि तिमी
विश्वमा जति छन् देउता मेरा लागि सबै तिमी
लुकाएर सबै लाज यो कुरा सत्य भन्दछु
म तिम्रै साथमा लागि वनमा जान्छु भन्दछु । ३७

खरानी तिमी घस्छौता म पनि त्यही घस्दछु
दुःख आपद पनि सुख सम्झेर साथ रम्दछु
जीवान्तमा जब उड्ने छ लड्ने छ देह धर्तीमा
यही नै सत्य सम्झेर म बाँच्ने छैन उर्विमा । ३८

जानकीका सुनी शब्द सोचेर राम भन्दछन्
यताउती सबै सम्झी खुलस्तसँग बोल्दछन्
जान ता साथमा जाउली जाँदामा कष्ट खूब छ
दर्वारकी रत्न हौ सीता वनमा जानु व्यर्थ छ। ३९

सुकुमार शरीर तिम्रो वन हो कष्टदायक
वनमा राक्षसै राक्षस सबै ती नरभक्षक
नौनी झैं कलिलो जीवन वनमा छन् निशाचर
ममताकी तिमी खानी वनवास छ भयंकर। ४०

खतरा कसरी होला जसका छन् पतिसाथमा
जानकीले भनिन यत्ति चेहरा पूर्ण लाजमा
पति पत्नी हुंदा साथमा जिन्दगी रम्य बन्दछ
सिंहिनी सिंहका साथमा बस्दामा भय भाग्दछ। ४१

भन्नु हुन्छ शरीर तिम्रो ज्यादै कोमल देख्दछु
वनमा जानुको सट्टा अयोध्या उच्च ठान्दछू
त्यस्तै तपाईको गाथ कठोर पनि देख्दिन
दुवैको तन उस्तै हो म एक्लै बस्न सक्दिन। ४२

म एक्लै अवला हुन्छु त्यसैले बल माग्दछु
पतिको बल मिल्दामा म भीषण बन्न सक्दछु
दुवैले सुख बाँड्ने छौ त्यसतै दुःख परे पनि
एउटाको दुःख अर्कोलाई बाँडेर काटी जिन्दगी। ४३

बाँच्नुञ्जेल सँगै बस्छौं मर्दामा पनि नाथसँगै
जिन्दगानी छोटिन्छ सक्तिन बस्न एकलै
सुखमा पनि दिन बित्छन दुःखमा बित्दछ
समय अनुसार जीवन बिताई बस्नु पर्दछ। ४४

जानकीको विचार सुन्दा रघुराज खुशी भए
आत्मैदेखि सीतालाई प्रशस्त धन्यवाद दिए
मसँगै वनमा जान वाधा अडचन पर्दछ
धर्म वन्धनले गर्दा के कस्तो नीति चल्दछ। ४५

माताजीको हुँदा आज्ञा म एक्लै वन जानु हो
इच्छा पूर्ण म गर्नेछु खुशीसाथ वनवासको
यदि जान्छौ भने साथमा रानीले रोक्न सक्दछिन
वनवास हो रामको मात्र जानकी यही बस्दछिन।४६

साथमा तिमीले जाँदा भनिन्न वनवास त्यो
पत्नीका साथमा बस्दा भनिन्छ घरवास त्यो
त्यसैले धर्म वन्धनमा परेको छु यो घडी
सकिन्न तोड्न यो वन्धन जीवन संकष्टमा परी।४७

सीताले गर्दछिन विन्ति म जान्छु साथमा प्रभू
बस्नेछु धर्मवन्धमा म हूँ श्री कुलकी वधू
वस्नेछु धर्म वन्धमा आज्ञा राम जोगी भए तिमी
जोगिनी भै सँगै जानू दुःख भोग्नु दुवै मिली। ४८

कैकेयी रानीको आज्ञा शिरोधार्य गरीकन
कौशल्या रानीको आज्ञा स्वीकार्छु खुशी भैकन
म हुँ अर्धांगिनी तिम्रो छाया भैकन बस्दछू
मेरो जीवनको डोरी प्राणेश्वर भनी ठान्दछु। ४९

वन जान्छु नाथका साथमा सुख दुःख भोगन सक्दछु
लानु हुन्न भने देखिन प्राण मेरो बिसाउछु
म तिम्रै छायाँ भै बस्छु म तिम्रै गुण गाउँछु
लगिन्न ता भने आजै खरानी भई जल्दछु। ५०

म तिम्रै साथमा जान्छु तिम्रै साथ दुःख भोगदछु
मलाई दुःख लाग्दैन काँढामा पनि हाँस्दछु
म तिम्रै प्राण भै बाँच्छु सेवा तिम्रो म गर्दछु
पतिका साथमा जाँदा भाग्यशाली म बन्दछु। ५१

मलाई छोडी जान्छौ त प्रत्येक क्षण काट्न मुस्किल
वियोगले प्राण उड्ने छ संझिदा मुटु काम्दछ
यदि नाथ साथमा यौटा दीर्घायु म बन्दछु
रोगीको औषधी बन्दै उभिदेऊ सामू भन्दछु। ५२

मलाई छैन क्यै चिन्ता जंगली भालू सिंहको
म सच्चा भक्तिनी बन्दै जप्ने छु नाम रामको
जानकीका नयनबाट आँशु बग्न तयार छन्
यस्तो यो दुर्दशा देख्दा कोमलिन्छ कडा मन ।५३

तिम्रो दर्शन पाएमा हट्ने छ मनको व्यथा
पाइने छैनता दर्शन घाउमा नून चुक छूरा
हरे ईश्वर खुनी रैछौ मलाई दुःख धेरै दियौ
पियाएर मलाई विष आफूले मधुपान गर्‍यौं । ५४

ठूलो मर्म महान आपद जानकीलाई नै पर्‍यो
मानो आकाशको वज्र सीताकै शिरमा खस्यो
सिंहासनको थियो बेला महलबाट निकालियो
कर्मको भोगले गर्दा जिन्दगी वरवाद भयो । ५५

वास गाँस कुनै छैन वनमा बाघ भालू छन्
बाघको गर्नु के वात निशाचर आइलाग्दछन्
निष्ठूरी मुटु रानीको राक्षसी मान्नु पर्दछ
कस्तो कडा दिइन दण्ड सुन्नेको मुटु काम्दछ । ५६

वर्षा फेरि हुनै लागे आँखा आशु धारा
राघवले संझी हाले जानकीको प्यार
आँसु धार बग्न गए औषधिको रुप
वनमा जाने इच्छा भए लागिहाल चूप । ५७

यस्तै यस्तै कुराकानी गर्थे पति पत्नी
मूर्छाबाट वल्ल विंझिन कोशलकी रानी
जानकीका साहाराले क्षणभरको आराम
त्यै वेलामा देखिहालिन सामुन्ने राम । ५८

सामुन्नेमा छोरो आयो टीका लगाइदिन्छु
आजदेखि अयोध्याको राजा भयो भन्छु
कौशल्याले विर्सीहालिन जानकीका कुरा
आज्ञा दिइन् जानकीलाई थालीमा ल्याऊ टीका । ५९

कौशल्याले शिघ्र संभिथिन जादैछन् वनमा उनी
आमाले बिर्सने छैनन् युगको रुप मोहिनी
प्यार मेरो सबै बिर्सि धर्मलाई अँगाल्दछौ
साच्चि नै तिमी योगी भै जंगलमा तिमी घुम्दछौ । ६०

माताको तिमीले आज्ञा पाएछौ वन जानमा
वज्रघातक सुनी संचार वेहोश छु रामकी मुमा
वर्ष चौध पूरा गर्ने माताज्ञा तिमीलाई मिल्यो
हजारौ तोपका गोली मेरा यी कानमा पर्‍यो । ६१

कसरी वनमा जान्छौ ज्यादै कोमल शरीर छ
राक्षसले खाई पो हाल्छन् भन्ने शंका मलाई छ
गल्ती केही गरे छौ कि या त अन्यायमा पर्‍यौं
वनवास गर्नु नै पर्ने गल्ती के तिमीले गर्‍यौं । ६२

साच्चि नै तिमी जादैछौ छटपटिकन मर्दछु
प्राण मेरो लगीदेउ ईश प्रार्थना यही गर्दछु
कोशल्याले यति बोल्दै शोकले कण्ठ रोकियो
हात जोडी रघुनाथ नम्र भैकन बोल्नु भो । ६३

आमा ! आमा ! भनौं के पो जिन्दगी छैन क्यै भर
राज्य गर्नु र वन जानू मेरा निम्ति वरावर
नगर्नु शोक शुर्ता क्यै भरत ता साथ बस्छन्
राम जान्छु घना वनमा भरतले राज्य गर्दछन् । ६४

कौशल्याले भनिन् ठिक हो एउटा त बस्नु पर्दछ
बूढीका आँशुका धारा बस्नेले पुछ्नु पर्दछ
यस्तै विचार धारामा उत्रदै डुबी वेस्करी
सम्भदै बिर्सदै केही बोल्थिन रानी कठै वरी । ६५

के काममा वनमा जान्छौ पठायो कसले त्यहाँ
नजाऊ वनमा बाबु छोडेर वृद्ध यो मुमा
म आमा हुँ पिताभन्दा पदमा पनि उच्च छु
वन जाने हुकुम दिन्न मैले नै रोक्न सक्दछु । ६६

कुरो यस्तै गर्दथिन रानी गला नै अवरुद्ध भो
आमा सुर्ताएको देख्दा राघवले अनि भन्नुभो
आज्ञा होइन पिताजीको प्रतिज्ञा मात्र त्यो थियो
कैकेयी महारानीले वन जानू हुकुम भयो । ६७

कौशल्या भन्दछिन फेरि खुशी भै वनमा रम
आसिक दिन्छु हे बाबु माताज्ञा पूर्ण त्यो गर
इच्छानुसार माताको वनवास गर्नु पर्दछ
सानी ठूली जे जस्ती माताज्ञा मान्नु पर्दछ । ६८

दुःख आपद जति पर्छन शान्त भैकन भोग्नु
आपद पऱ्यो भने देखिन ईश्वरलाई नबिर्सनू
रक्षा गर्नु छ दुःखी जनको सज्जनको उपकार गर
दुःख सुख समान संझी योगेश्वर तिमी बनी । ६९

आपद विपद जति पर्छन एकनासले तिमी सह
जिन्दगानी क्षणिक संझी ईश्वरकै ध्यानमा रहू
सज्जनको हित कल्याण अनि ब्राह्मण गाईको
माता पिता गुरु मान्नु रक्षा गर्नुछ नारीको । ७०

धर्मात्माहरुले आफ्नो धर्मलाई सकार्दछन्
धनै जावस तनै जावस प्राणा अर्पण गर्दछन्
आपद विपद जति पर्छन ईश्वर सम्झनु पर्दछ
ईश्वरलाई पिता संझी उसमै मिल्नु पर्दछ । ७१

आत्मा ज्ञानमा अचल व्यक्ति त्यसैले ईश भेट्दछ
मायामा भुल्छ जो हर्दम त्यसले ईश्वर गुमाउँछ
विश्वास गर्दछ ईश्वरको उनैले दुःख टार्दछन
उनै हाम्रा महारक्षक उनैले हित गर्दछन् । ७२

विभिन्न उपदेश धेरै दिएर महारानीले
कौशल्या रानीले फेरि भन्दछिन अति प्रेमले
श्रावणको झरीको पानी रोकिन्न महिना भरी
त्यस्तै गरी बसेकी छन् साथ जान सीता पनि । ७३

सीता अर्द्धांगिनी तिम्री उनलाई पनि साथमा
लैजाऊ बाबु साथैमा बस्नेछन् तिमी साथमा
संझाएर दिइन् अर्ति आसिरवाद उनले दिइन
राघव औ जानकीलाई वन जान विदा दिइन । ७४

सीता औ रघुनाथजीले झुकाएर शिर पाउमा
त्यहाँबाट कदम चाले विस्तारै वन जानमा
कोशल्याले सुनेकी हुन सीताबाट सबै कुरा
सुमित्राले पनि त्यस्तै लक्ष्मणबाट सबै कुरा । ७५

भन्छन् लक्ष्मण कड्केर कस्तो अन्याय भो मुमा
सक्दिन देख्न यो मैले अन्याय रघु राज्यमा
आज्ञा माग्दछु माताको जे गर्नु पर्छ गर्दछु
अन्यायीहरुलाई मार्छु कि त आफै म मर्दछु । ७६

कुन मुखले माग्नु राजगद्दी छैन तिनको कुनै हक
पाउनेछ गद्दी हकदारले जेठोकै हुन्छ त्यो हक
मफतमा झगडा केको चुप लागेर म बस्दिन
के कारण वनमा जाने कारण त्यो पनि बुझ्दिन । ७७

सुमित्राले भनिन बाबू तिम्ले ता ठिक भन्दछौ
राजा हाम्रा परम पूज्य आज्ञा पालन गर्दछौ
लोकमतको पनि ठूलो आधार मान्नु पर्दछ
राजाकै प्रतिकूल लोकमत भएर संघर्ष गर्नुछ । ७८

पिताकै प्रतिकूल चल्नू नमाने उनको हित
पितालाई खराब ठान्नु त्यो हुन्छ कुल घातक
पितालाई नमान्नाले संग्राम चल्न सक्दछ
को सक्छ वनवास आज्ञा कसको सामर्थ चल्दछ । ७९

व्यर्थका बात छोडेर वन जाऊ बरु तिमी
रामकै साथमा जाऊ गर सेवा सँगैबसी
एक्लो वालक वनजाँदा खप्न सक्तिन त्यो दशा
दाज्यूका सँगमा जाऊ मिल्नेछ आत्म सान्त्वना । ८०

जाऊ लक्ष्मण तिमी जाऊ दाज्यूका साथमा तिमी
वर्ष चौध बसी वनमा फर्कनु राम साथ ली
सुमित्राको सुनी आज्ञा लक्ष्मणको मुटु सन्न भो
एकै क्षण चुप लागेर मनले केही सोचियो । ८१

कैकेयी रानीले सौता पुत्रलाई धपाउँछिन्
सौतेनीको रगतलाई छिःछिः दुरदुर गर्दछिन्
विमाता पनि अर्को छन् उदार दिलकी ती छन्
सौताको पुत्रको सेवा गर्न छोरो पठाउँछिन् । ८२

कैकेयी र सुमित्राको स्वभाव अति भिन्न छ
त्यसैले कैकेयीलाई लोकैले पनि चिन्दछ
कैकेयी रुपमा सुन्दर मनमा कटु दाग छ
सुमित्राको मुटुबाट सुधाको धार बग्दछ । ८३

लक्ष्मणका मनमा यस्तै भाव उठ्थे विभोरले
आमाका भावना बुझ्थे कोशलराज किशोरले
तिमी देवी विदुषी हौ सच्चा क्षत्रिनी हौ तिमी
तिमी दुर्गा भवानी हौ साक्षात् गायत्री हौ तिमी । ८४

तिम्रो आत्मा कडा छैन नौनी जस्तै छ कोमल
अर्काको वेदना सुन्दा बगाउँछौ आँशुका भल
खराब भाव मनका मेरा हटाई शुद्ध गर्दियौ
राम्रो कर्तव्य संझाई उचित बाटो देखाइदियौ । ८५

शिरोधार्य गरी आज्ञा पालन गर्छु जीवन भर
सेवा गर्नेछु दाज्युको रमाई जिन्दगी भर
अवेर गर्ने कुरै छैन विदा गर्नोस खुशी हुँदै
मुमाको हात यो शिरमा राखी आसिक खूब दिँदै ।८६

पुत्रको शिष्ट भाव सुन्दा सुमित्रा अति मुग्ध छन्
प्रशस्त दिन्छु आसिरवाद वन जाऊ ती भन्दछिन्
दाज्यूको गरनू सेवा छाया भै साथमा रही
ज्यानै जान्छ भने जावस गर्नु सेवा अचल भई । ८७

सुन बाबु अरु भन्छु धर्मलाई अँगाल्नु छ
कर्तव्य पूर्ण गर्नालाई मौकामा प्राण त्यागनुछ
विचलित नहुनु कैल्यै कुलमा दाग लाग्दछ
यदि मार्ग भुलेदेखि दूधमा चोट लाग्दछ । ८८

दुनिया खूव हास्नेछन् म मूर्दार सरि बन्दछु
अर्काको व्यंग्य सुन्दामा तापले नीत जल्दछु
जाऊ खुशी हुँदै जाऊ रामलाई खुशी गर
उनै सर्वेश्वरै संझी उनैका भरमा पर । ८९

दाज्युकै सुश्रुसा गर्दा तिम्रो कल्याण गर्दछन्
आपद संकट जे पर्छ उनैले सब टार्दछन्
सुमित्राले दिइन आशिक राखेर शिरमा कर
शब्दले अनि मनमनले दिएको पुत्रलाई वर ।९०

आमाले यसरी आसिक दिइथिन खुश दिलले
प्रशन्न चित्त भै लक्ष्मण पाउ छोए विनम्रले
विदा भए खुशीसाथ पश्चात उर्मिला भेट्नमा
जाँदै थिए तही देखे रोएकी अति शोकमा । ९१

उर्मिला शर्मले गर्दा नबोलीकन वर्वरी
रोएकी वनवास सुन्दा कामेकी तिनी थरथरी
कुशको एक चटाइमा बसेकी शोकमा डुबी
एक्कासी लक्ष्मण देख्दा उठिन आपद सबै भुली ।९२

विदा देऊ उर्मिला देवी दाजुका साथ जान्छु म
दुःखमा साथ दिनेलाई देवताले पनि चुम्दछ
आमाले दिनुभो आज्ञा वन जाऊ राम साथमा
अहिले नै म जाँदैछु दाजूसाथ वनवासमा । ९३

उर्मिला अब जाँदैछु वन जान अवेर भयो
विलम्व नगरौं यहाँ समय वरवाद भयो
सेवा गर्नेछु दाजुको सीता भाउजुको पनि
अंगरक्षक भई बस्छु मानो छाया समान भई । ९४

दाजुको दुःखमा साथ दिनेछु साथमै बसी
चौध वर्ष तिमी यहाँ बस्नेछौ कर्ममा डटी
उर्मिलाले सुनिन् शब्द डरले उनी काम्दछिन्
तैपनि धैर्यता आफ्नो बाँधेर उनी चूप छन । ९५

आगो सल्क्यो मुटु भित्र धुँवा देखिन्न खोइ कतै
भित्र आगो बलिरैछ गुम्सिदैछ शरीरमै
उर्मिलाले गरिन विन्ति दुःख भोग्दै म बस्दछु
सबैको गरी सुश्रुषा तिमी संझेर बाँच्दछु । ९६

हे प्राणेश्वर जानुहोस् सेवामा नीत लाग्नुहोस
जीवन सार्थकता लागि दुवैलाई खुशी पार्नुहोस्
धर्मलाई अँगालेर त्यागनु भो पद सर्वश्री
त्यस्तै मैले पनि त्यागी बस्नेछु वर्ष ती गनी । ९७

भगवान बुझ्दछन् सबका मनका वेदना व्यथा
कृत कृत्य भई तिनै चुकाउने छू सब ऋण पूरा
म पनि गर्दछु विन्ति मौका यो छोप्नु पर्दछ
मौकामा गरिदा सेवा सुनौला फल मिल्दछ । ९८

प्राणेश्वर तिमी जाऊ सेवामा तनमन दिई
जीवन सार्थक बनाऊ है दुवैलाई खुशी गरी
सेवाका लागि जादैछौ सेविका हुन्छु मै पनि
रुनेछन् पुत्र संझेर राजा रानी कुना बसी । ९९

काम गर्ने ठूलो मौका यही हो भनिठान्दछु
फिजियोस रघुकुल किर्ति यही सौभाग्य ठान्दछु
पोशाकको पहिरन देख्दा आत्मैदेखि प्रशन्न छु
विदा दिन्छु खुशीसाथ जानुहोस नाथ भन्दछु । १००

विदा स्वीकारदै लक्ष्मण हर्षमा पौडी खेल्दछन्
रोम रोम भई हर्षित हर्षका विन्दु झर्दछन्
कृत्कृत्य म छु भन्छौ म भन्छु तिमी धन्य छौ
उर्मिला मानवी होइनौ साच्चिनै तिमी देवी हौ । १०१

सुमित्रा जस्ती आमा हुन गृहलक्ष्मी तिमी हुंदा
उपमा नै कुनै छैन साच्चिकै स्वर्ग हो यहाँ
जानका लागि तैयार छु धेरै वेर अब बस्दिन
के को निम्ति बसेको छु भन्दछु गोप्य राख्दिन । १०२

चौध बर्ष वियोग खप्न यदि मुस्किल हुनेभए
आएको छु यही सोध्न जान्छौ कि मनसुवा भए
हाँसेर उर्मिला भन्छिन् कस्तो आश्चर्यको कुरा
बिर्स्यौ या संझेर भन्छौ साथमा यिनै कुरा । १०३

सेवाका लागि जादैछौ दाजूको सेवकै बनी
साथमा पत्नी लाँदामा सेवा त्यो हुन्छ के गरी
मलाई साथमा लाँदा कर्तव्य हुन्छ वञ्चित
पत्नीका साथमा भुल्दामा सेवामा दाग लागदछ । १०४

त्यसैले जान्न हे नाथ नफर्केसम्म बस्दछु
छातीमा चित्र राखेर त्यसैलाई म पुज्दछु
म जान्न अहिले साथमा प्रस्थान अब गर्नुहोस्
जगदीश्वर जगतमाता दुर्गाको नाम जप्नु होस् । १०५

सतवन्ती म छु नाथ जीवनमा सर्वरक्षित
दुश्मनले छुन के सक्ला मृत्युबाट सुरक्षित
त्यस्ता दिन पछि आउने छन् देख्ने छौं सुखको छवी
सिंहासनको ठूलो उत्सव हेर्नेछौं सुखमाधुरी । १०६

संझने छु ठूलो भाग्य चारै भाइ सँगै हुँदा
भाग्यमानी म ठान्ने छू जानकीका चरण छुँदा
जानुहोस् प्रभुका साथ अवेर भो साथ छुट्दछ
यस्तो सौभाग्यको मौका चुकेमा दुःख लागदछ । १०७

उर्मिलाको प्रेरणा पाई लक्ष्मण ज्यादै खुशी भए
आफ्नो कार्य सफल ठानी दुर्गाको संझना गरे
विदावादी भए लक्ष्मण कोशल्याका समिप पुगे
रामलाई सयौं आसिक दिएको उनले सुने । १०८

लक्ष्मणजीले त्यहाँ देखे राम सीता खुशी भई
आमाका शुभ आसिरवाद पाउँदा धन्य ती भई
लक्ष्मणले सबै देखे बोलने अप्ठयारो संझिदा
एक्कासी कसरी भन्ने आफ्ना मनका सबै व्यथा । १०९

त्यो पनि छैन क्यै निश्चित विन्ति स्वीकारको कुनै
भन्दछु म पनि जान्छु रामका साथमा वनै
यस्तै प्रकार क्यै सोची खम्बा पछाडि उभिए
सुक्क सुक्क गरी लक्ष्मण निकै वेरसम्म रोइरहे ।११०

खम्बा पछाडि रोएको आवाज रामले सुने
पछाडि फर्कि हेर्दा त लक्ष्मण त्यहाँ रुदै थिए
रोएका लक्ष्मण देख्दा दीनानाथ दयालु भै
सोद्धछन् लक्ष्मणलाई रुँदैछौ किन दिक्क भै । १११

दाहिने हात हो मेरा प्यारा प्राण समान छौ
तिमी नै शक्ति हौ मेरा तिमी नै अधिकारी छौ
गिन्तिमा दुई छौं हामी वास्तवमा दुई एक छौं
तत्व औ रक्त एकै हौं जल औ अंश एक हौं । ११२

नदेख्दा तिमीलाई क्षणभर संसारै शून्य लाग्दछ
तिमीलाई नजिकै देख्दा जिन्दगी हुन्छ उज्ज्वल
जिन्दगी भर छुट्टिन्नौ भन्ने इच्छा ममा थियो
एक्कासी बज्रचोट पर्दा विछोड हाम्रो हुने भो । ११३

जसरी वृक्ष काट्दामा विना आधार ढल्दछन्
त्यसरी लक्ष्मण त्यहाँ एक्कासी पाउ पर्दछन्
लक्ष्मण भन्दछन् नाथ प्रेम तोड्नु खराब छ
म हूँ सेवक दाजुकै साथैमा लानु पर्दछ । ११४

म धेरै के भनौ नाथ म धेरै दिक्क गर्दिन
लानु हुन्छ सँगै जान्छु लानु हुन्न त बाँच्दिन
बालकै देखिनै हामी साथ साथै खेल्दथ्यौं
जिन्दगीभर सँगै बस्ने कवोलै पनि गर्दथ्यौं । ११५

बालकै कालदेखिनै खेल्दथ्यौं साथ साथमा
खाँदा बस्दा पठन पाठन गर्दथ्यौं खुशी साथमा
विश्वामित्र ऋषि आए राम लक्ष्मण माग गरे
त्यसवेला पनि धेर राक्षस हामीबाटै त मारिए । ११६

राम लक्ष्मण दुवैसाथमा लिएर मिथिला पुगे
राम मात्र म लैजान्छु न त उनले कतै भने
धनुष यज्ञको वेला म पनि साथमै थिएँ
मन एउटै थियो हाम्रो कसरी म टुहुरो भएँ । ११७

लक्ष्मणको गहिरो प्रेम देखेर राम भन्दथे
अति मिठास बोलीले लक्ष्मणलाई बुझाउथे
अधैर्य नहुनु बाबु नबुझी किन बोल्दछौ
फिर्ताको हाल कस्तो छ त्यो पनि तिमी बुझ्दछौ । ११८

जानकी सँगमा जान्छिन् घरमा छैन कोइ पनि
मावलीमा गएका छन् भरत औ शत्रुघन पनि
पिता माता दुवै हाम्रा अतिव शोकग्रस्त छन्
पुत्र कोइ नहुँदा साथमा व्यथाले नीत जल्दछन् । ११९

पिताका साथ बस्दामा दुवैमा शान्ति मिल्दछ
यिनलाई सुखमा राख्दा पुत्रले ऋण तिर्दछ
नगर्नु जिद्धि यो वेला नलाग्नु साथमा तिमी
घरैमा बस है लक्ष्मण परिवार साथमा लिई । १२०

गुरुजनहरु के भन्लान मेरा साथ तिमी गैदिंदा
सेवा पुग्नेछ साराको पिताका साथ बस्दिदा
यहाँ पिता र माता छन् चिन्ताका नदमा डुवी
अलाप विलाप गरी वस्छन् आँशुका घुटका पिई ।१२१

विह्वल भै आँशु बर्षाई लक्ष्मणले विन्ति गर्दछन्
म जान्छु साथ साथ दाजु भनेर पाउ पर्दछन्
यहाँ क्यै न्याय नै छैन त्यसैले बस्न सक्तिन
अन्यायीको स्वराज्यमा प्राण दिन्छु म बाँच्दिन ।१२२

सानै बालककालदेखि खेलदथ्यौं साथ साथमा
खाँदा बस्दा पठन पाठन गर्दथ्यौं साथ साथमा
एकै ओछ्यानमा सुत्थ्यौं विंभन्थ्यौं एक साथमै
नेदख्दा क्षणभर मात्र रुन्थें म अति तडपदै । १२३

विश्वामित्र ऋषि आए दुवैलाई साथमा लगे
लक्ष्मण लान्न राम लैजान्छु त्यस वेला न उनले भने
दायाँ वायाँ लिई साथमा मुनिजी वीचमा थिए
मानो नक्षत्र दुई हामी चन्द्रमा मुनिजी थिए । १२४

दुवै भाइ लिइ साथै मुनिजी मिथिला पुगे
राम मात्र म लैजान्छु न त उनले कतै भने
धनुष यज्ञको वेला म तिम्रै साथमा थिएँ
मेरो साथ तिमीले दिन्थ्यौं कसरी म टुहुरो भएँ । १२५

डाँको छोडेर रुदै भन्छन् म जान्छु रामका सँग
तिमी हौ प्राण लक्ष्मणका म तिम्रै पर्दछु भर
अरुको छैन क्यै चासो सेवक हूँ रामचन्द्रको
अंगरक्षक भनौ सेवक म हूँ दास रघुवीरको । १२६

पिता मालिक तथा साथी दाजु नै सब ठान्दछू
भाउजु स्वामिनी आमा जानकीलाई मान्दछु
स्वामीको नगरी सेवा जसले जीवन बिताउँछ
संसारैले पनि त्यसलाई आत्मैदेखि सराप्दछ । १२७

हृदयले गरी स्वागत दाजूका पाउ पर्दछु
हेर्नुहोस नाथ यता फर्कि आँशुले पाउ पखाल्दछु
स्वीकार नगरेदेखि सेवकको पदच्यूत भयो
प्राण यो छटपटिरैछ उड्नलाई तयार भयो । १२८

सेवा गर्दैन ता त्यसले सच्चा सेवक भनिन्न त्यो
सेवा छुट्यो भने नाथ सेवकै कहलिन्न त्यो
दुवैको रक्त उस्तै हो रोकिन्न जोश त्यो कही
छुटेमा नाथको साथ मर्ने छु बिषपानै गरी । १२९

लक्ष्मण मरेछ सुन्दामा चिन्ताको दहमा डुवी
बारंवार संझना होला नपाई जगतै भरी
कस्को आधारमा बाँचौ साहारा छैन कोइ पनि
अन्यायी राज्यमा बस्नु मुर्दार सरहै भई । १३०

जसको छ अधिकार यहाँ त्यसको ता यो गति भयो
सबै चुपचाप छन् यहाँ न केही बोल्न पाइयो
पिता छन् कैकेयीबसमा जे भन्छिन हुन्छ त्यो सही
उचित या अनुचित केही थाहै छैन कुनै पनि । १३१

जीवनको प्राण संझी साथमा सदा रहन्छु
नोकर म हुँ सदाको सेवा अटूट गर्छु
जान्छौ कसरी छाडी बाटो समेत रोक्छु
दौराको फेर समाति छोड्दै नछोडी रुन्छु । १३२

या हात यी समाउ या हात यी छोडीदेऊ
यो जिद्दीवाल भन्दै यो घाँटी नै छिनी देऊ
कि त अग्नि भोसी देऊ कि त जान देऊ
जे जे छ गल्ती मेरो त्यसलाई माफी देऊ । १३३

तिमी धर्मका पिता हौ मा धर्मकी सीता हुन
सक्दिन खप्न मैले वियोगका हरेक क्षण
छोरा भएर हामी जन्म्यौं रघुकुलैमा
अन्यायमा परिदा जानुछ घोर वनमा । १३४

माहिली मुमा भनाउँदी ज्यादै कठोर जाली
सबलाई राखी वसमा गर्छिन ती हालीमाली
दिनलाई रात हो भन्छिन् रातलाई दिन भन्छिन्
पिताजीका नजिकको प्यारी पनि उनै छन् । १३५

लक्ष्मणजीको कुराका श्री रामले सुनेथे
मनमा लिएर सुर्ता सीताजीलाई भनेथे
सुनी सक्यौ तिमीले यो भाइको विलाप
वियोग भयो भने ता प्राणै समेत त्यागदछन् । १३६

छाडौं यहाँ कसोरी लैजाऊँ साथ कसोरी
जिकी गरेर रुन्छन् आँखा समेत नखोली
संकटमा छु ऐले न त केही बोल्न सक्छु
भाइलाई लान्छु साथमा न त विन्ति गर्न सक्छु। १३७

छोड्नै पनि सकिन्न लानै पनि सकिन्न
पत्नी र भाइ लाँदा वनवास त्यो भनिन्न
माताजीका हुकुमले वन जानमा तयार छु
हुकुम नभै कसोरी सौमित्र लान सक्छु। १३८

झण्झट पऱ्यो जीवनमा जन्मी रघुकुलैमा
राज्याभिशेषको ग्राइत छोडेर जानु वनमा
लैजाउँ साथ वनमा माता पिता वेहोशमा
माया गरेर मैले सक्तिन लान वनमा। १३९

दुई पुत्रका वियोगले उड्ने छ प्राण यिनको
जीवन हुनेछ जर्जर जानेछ शान कुलको
लक्ष्मण सँगै लगेमा तारतम्य बिग्रनेछ
वनवास नभै अवश्यै घरबार त्यो हुनेछ। १४०

यस्तै विभिन्न वार्ता आ-आफूमा चलेको
वनवासको छ बेला माया विषे भुलेको
अठेरोमा परेर राघव त्यसै अड्केका
नेपथ्यमा सबैको आवाज क्यै सुनेका। १४१

सौमित्रकी मुमाले आई सुझाव दिन्छिन्
यो भाइलाई तिमीले लैजाऊ साथ भन्छिन्
आपद हुँदैन केही आज्ञा स्वयं म दिन्छु
सेवक बनाई राख्नु स्वयं हुकुम म दिन्छु। १४२

भाइ हुनेछ साथमा आधार क्यै हुनेछ
एक्लै तिमी गएमा लक्ष्मण यहाँ रुनेछ
बाघ भालू आइलाग्दा लक्ष्मण खडा भएर
गर्नेछ खूब रक्षा धनुषवाण लिएर। १४३

सुमित्राको सुनी आज्ञा रघुराज खुशी भए
तुरुन्तै लक्ष्मण दौडी कौशल्या पाउमा परे
कौशल्या कामदै भन्छिन् मनमा क्यै सम्हालदै
के भन्यौ तिमीले वैनी नगरी क्यै विचार नै। १४४

यो बालक वनमा जाँदा मन हुन्छ छिया छिया
के कारण वनमा जाने तिमीले गरिनौ निया
अति कोमल छ यो बालक वनमा पर्दछ आपद
बाघ, भालु र राक्षसको लाग्नेछ अति नै डर। १४५

नेदेख्दा क्षणभरसम्म मन रुन्थ्यो धुरु धुरु
आऊ लक्ष्मण मुमा काखमा खाना खाऊ तिमी वरु
लक्ष्मणलाई यहाँ देख्दा चित्त मेरा बुझाउँला
वर्षका आशुका धारा यस्कै हातले पुछाउँला। १४६

यदि लक्ष्मण यहाँ बस्दा शोक सन्ताप भुल्दछु
साथमा यसलाई राखी हरिको नाम जप्दछु
पुत्रको मुटु मन्दिरको यसलाई प्यार म गर्दछु
आँखामा यसलाई राखी शान्तिको स्वास फेर्दछु। १४७

सुमित्रा गर्दछिन विन्ति नगर्नोस शोक क्यै पनि
चौध वर्ष बसी वनमा फर्कन्छन् शक्तिवान बनी
रघुकुलकी बुहारी भै यस्तो शोक गर्नु व्यर्थ छ
कठोर मुटु पारेर पिताज्ञा पूर्ण गर्नुछ। १४८

कैकेयीका कडा आज्ञा शिरोधार्य गरीकन
रानीको दिल खुश पार्न राम जाने भए वन
सीताका आन्तरिक इच्छा दिदीले पनि बुझ्नुभयो
छोराकै साथमा जाओस भन्ने संकेत दिनुभयो। १४९

त्यस्तै म पनि लक्ष्मणलाई राम साथै पठाउँछु
रक्षा गर्नु हवस भन्दै शिवलाई पुकार्दछु
भाइ भैकन राघवलाई किन एक्लै पठाउने
अपझ्झट पर्छ ता आपद लक्ष्मण हुन्छ बचाउने। १५०

यो सारा झगडालाई म आफै साम्य गर्दछु
रामका साथमा लक्ष्मण जाओस आजै पठाउँछु
कौसल्याले भनिन बैनी हुनु पर्ने सबै भयो
स्वीकार गर्छु मेरो हार तिम्रो नै जीत यो भयो। १५१

रक्षा गरेर लक्ष्मणको लैजानू रामले सँगै
उर्मिलाको प्राण हो लक्ष्मण सुरक्षामा रहोस सधै
सुमित्राको मुटु धड्कन लक्ष्मण हो म जान्दछु
राम लक्ष्मण दुवैलाई प्राण समान ठान्दछु। १५२

लक्ष्मणको गर्नु कल्याण उसको चित्त बुझाउनू
चौध वर्ष बसी वनमा आराम साथ फर्कनु
सुमित्रा पुत्रको आत्मा नौनी जस्तै छ कोमल
लाड प्यार गरी राख्नू बाघ भालूबाट रक्षित। १५३

लक्ष्मण हो वर्षमा सानो राम हौ वर्षमा ठूला
त्यसैले सुम्पिदै भन्छु जिम्मा लेऊ तिमी पूरा
सीता र भाइको रक्षा रामबाटै गरिरहुँ
तिनीबाटै कुनै गल्ती भएता पनि क्यै सहू। १५४

ईश्वरलाई पुकारेर आसिर्वाद तिनले दिइन
नसकेर मुटु थाम्न बर्षाद आँशुको गरिन
मनले भन्दथिन रानी कैकेयी निठुरी भइन
रामलाई निकालेर महलमा मनमस्ती छन्। १५५

वनमा कसरी बस्ला निश्चरी शक्तिशाली छन्
राक्षसको फौज आएर बालकलाई मार्न सक्दछन्
न वासै छ न गाँसै छ न त आफन्त कोही छन्
वनमा के गरी बस्ला संझदा मुटु फुट्छ भन। १५६

हेर्दामा कैकेयी सोझी मौकामा रोप्दछिन् छुरा
बोलीमा छन् मधूर वोली राजाकी छन् सधै प्रिया
मेरो लागि मुटु टुक्रा उनका लागि जहर भयो
त्यसैले नसकी देख्न वन जाने हुकुम भयो। १५७

आमा छोरा निकालेमा भलाइ नै हुने थियो
मलाई यसरी तडपाई राख्दामा के भलो भयो
कैकेयी रहिछौ निठूरी नारीको मुटु होइन त्यो
आमा छोरा वियोग पार्दा तिम्रो कल्याण के भयो।१५८

जाऊ बाबु वनै जाऊ भगवानलाई सम्झनू
चौध बर्ष संझदै बस्छु आमालाई नबिर्सनु
म पनि जाउँ कि साथमा मन मेरो उराठ भयो
तडपेर बाच्नु भन्दा ता मर्नु नै असलै थियो। १५९

मुटुलाई कड़ा पार्दै सबैलाई विदा दिइन
भगवानले गरुन रक्षा कल्याण होस् सबको भनिन्
सीता र भाइको रक्षा तिमीले गर्नु पर्दछ
यो बेला शोकले मेरो प्राण नै उड्न खोज्दछ। १६०

कौशल्याका नयनबाट आँशु बर्षन तयार थिए
यत्तिकैमा तीनै व्यक्ति आँखाबाट ओझेल भए
विदावादी भई राघव कैकेयीका भवन पुगे
पिताजीको हाल देख्दा रामचन्द्र अधीर भए। १६१

रामको सुनी आभास राजाका नेत्र खोलिए
सीता लक्ष्मण पनि रामका साथ जान तयार थिए
उठ्नलाई गरे कोशिश नसकेर सुतिरहे
सकेन उड्न उनको प्राण नेत्र झिंझी भइरहे। १६२

भन्दछन् कसरी आयौ वन जान तिनै जना
यो वेला किन प्राण जान्न बाँकि होला कुनै ऋण
तिम्रो पिता हुँदा निठुर त्यसैले वनबास गर्‍यो
कस्तो साइतमा जन्मे पुत्रको यो गति भयो। १६३

मनले ताक्दथ्यो केही काम अर्कै यहाँ भयो
धिक्कार्छु जिन्दगीलाई आकांक्षा अधूरो भयो
जादैन किन यो प्राण पुत्र जाने भयो वन
चाडै नै उडि यो प्राण नदेखौं दृश्य यो अब। १६४

थिनैका सामु प्राण जावस संवन्ध पुत्रभै रहोस
यो दृश्य देख्नु भन्दाता आँखा अन्धो भइरहोस्
जानकी प्राण हुन मेरी लक्ष्मण हुन लक्ष्यका मणी
जादैछन् सब यी वनमा जादैन किन प्राण उडी ।१६५

यति के भन्दथे राजा तुरुन्तै मूर्छितै भए
हत्तपत्त उठी राघव राजाका पाउ पक्रिए
पाउँदा केही स्पर्श राघवको केही आराम सम्झदै
प्राणभन्दा पनि प्यारा पुत्रको मुख हेरदै । १६६

पिता पुत्र एकै ठाउँ देख्न चाहन्न कैकेयी
के भन्नू यो अवस्थामा चूप छन् रानी तैपनि
कुरा कतै खुस्किला भन्ने सम्झेर रानी उभिइन
बाबु छोरा के के भन्छन् इत्यादि कान थाप्दथिन ।१६७

रामको वनबास सुन्दा उपस्थित जन मण्डली
गुरु वशिष्ठ औ मन्त्री आएका दिज साथ ली
सोच्दथिन रानीले यस्तै काम पक्का भईसक्यो
माग मेरो अमर हुन्छ भाग्यले राज गरिसक्यो ।१६८

वन जाने भयो साइत विदाई झट्ट गर्नुछ
बल्कलै वस्त्र पहिराई वनबास गराउनुछ
यदि धोका भएदेखि कुरा बिग्रीसक्यो भने
त्यसैले नगरी विस्तार झट्टपट्ट पठाइदिने । १६९

इत्यादि मनले सोची भण्डारमा कैकेयी पसिन
पिता पुत्र सँगैबस्दा काम बिग्रन्छ सोच्दथिन
महाराजा पनि थर्थर कमजोरले धर्मराउदै
काखमा रामलाई राखे आँखा दुई टल्पलाउदै । १७०

वारबार गरी चुम्बन अगाध प्यार गर्दथे
रामको रुप देख्दामा आफूलाई धन्य ठान्दथे
म जस्ता कप्टी औ जाली पिता छैनन कतै पनि
आज्ञाकारी तिमी जस्ता पुत्र जन्मिन्न कहि पनि । १७१

प्राण भन्दा पनि प्यारो राम हो भनी ठान्दथें
आफ्नै कुबुद्धिले गर्दा कष्टको नदमा डुबें
नमरी किन ज्यूदैछु केको लागि अडिरहें
रघुकुलमा लिई जन्म रौरवैमा म भास्सिएँ । १७२

बोल्न क्यै नसकी राजा कण्ठ नै अबरुद्ध भो
पिताको त्यो दशा देख्दा राघवको मुटु धड्कियो
वन जाने थियो साइत पिताको त्यो दशा थियो
पिता पुत्र दुवैलाई वैरीको अभिषाप पर्‍यो । १७३

अत्यन्त धैर्यका साथ रामले विन्ति गर्दछन्
मान्छेको जिन्दगी पाई विभिन्न दुःख पर्दछन्
समय अनुसार कष्ट सबैमा पर्न सक्दछ
ज्यूदोमा जति जे पर्छन सहेरै बाँच्नु पर्दछ । १७४

राघव कुलमा म जन्मेको दुःख आपद म खप्दछु
पिताका आँसुले बाटो नरोकोस यही भन्दछु
मेरो लागि कुनै चिन्ता पिताले लिनु व्यर्थछ
ईश्वर हुन सवका स्वामी उनैले हित गर्दछन् । १७५

पिताका उपदेश अर्ति निरन्तर जपि राख्दछु
वन जाने भयो बेला आसिर्वाद शिर थाप्दछु
पिताका आँसु देख्नाले मेरो मन हुन्छ व्याकुल
आसिरवाद दिनुहोस बाबा वन जान्छु शान्तिपूर्वक ।१७६

भरत औ शत्रुघन भाइ बाबाका साथ बस्दछन्
पिताका दुःखका आँसु दुवैले पुछ्न सक्दछन्
चौध वर्ष बसी वनमा तुरुन्तै फर्कि आउँछु
आसिर्वाद यही लेऊँ पिताज्ञा पूर्ण गर्दछु । १७७

राज ताज मणि माला उतारी रामले दिए
रत्न भूषण फुकालेर योगीका भेषमा थिए
खराउ मृगको छाला वल्कल पोशाक पैहिए
यस्तो हालत देखेर देख्नेका आँसु वर्षिए । १७८

रघुवीरको यो दशा देख्दा अधैर्य सूर्यदेव भए
लुकेर भित्र वादलमा करुण विन्दु पोखिए
स्वर्गका देवता आई आकाशबाट हेर्दथे
कैकेयीको मुटु ज्यादै कठोर रैछ भन्दथे । १७९

सत्यब्रत थिए राजा रानीका मोहमा डुबे
रानीका बशमा पर्दा प्राणको आहुती दिए
रामकोरुप थियो सुन्दर ऐले योगी समान भए
कालो कपाल जुरो बाँधी वनवासी योगी ती भए ।१८०

जानकीलाई ल्याएको सारी वलकलको थियो
सीताजी वनवास जादा त्यही नै पैरनु थियो
यही सारी लगाई जाऊ आदेश रानीको थियो
सारी हातमा लिनासाथ पृथ्वी कामेर हल्लियो ।१८१

आकाशै अति गर्जेर नदी सागर बग्न रोकिए
मैना सुगा अनेक पन्छी त्यसवेला अति आत्तिए
विपरित भै बह्यो हावा आँधी तुफान जोडले
मुसल्धारे पऱ्यो पानी असंख्य वृक्ष धेरै लडे । १८२

सारी लगाउने कोशिस गर्दथिन जनकनन्दिनी
सकिनन् आङ्मा बाँध्न लजाएर झुकिन तिनी
लगाऊ राम्रो सारी अवेर भो राम भन्दथे
पक्कै अब यी जादैछन् संझेर आँसु झार्दथे । १८३

कहाँ जान्छन् कता बस्छन गन्तव्य ठाउँ छैन खोइ
यस्तो विचल्लीले गर्दा विलाप गर्दछन् सबै
आपसमा गर्दथे वार्ता कैकेयी रानी दुष्टिनी
रानीकै मतमा लाग्ने रहेछन् दशरथ पनि । १८४

दरवारको छ अत्याचार नहेरी नैन छोपी दिऊँ
अन्याय कसरी खप्ने के हामी चुप भै बसौं
विषालु रहिछन् रानी विषले मुटु पूर्णछ
रानीका मुटुका विषले राज्यमै हानी गर्दछ । १८५

सीताजीको हवाल तेस्तो देखेर जन भन्दथे
रहनै नसकी तिनले मुटुका वह पोख्दथे
राम जान्छन् घना वनमा के गरी प्राण धान्दछन्
बथान आई राक्षसको दिन रात सताउँछन् । १८६

यस्तै यस्तै कुरा गर्थे कोशलका जनवासीले
शोकाकुल जानकीलाई संझदै छन् वशिष्ठले
लगाउन हुन्न यो वल्कल यसले हानी गर्दछ
तिम्रो यस्तो गति देख्दा धर्ती नै डगमगाउँछ । १८७

मनले नसकी खप्न अन्यायै अति भयो
रानीलाई गुरुज्यूले उठेर सब भन्नुभो
किन यस्तो गर्छ्यौ रानी नतिजा विषपूर्ण छ
कसलाई वनबास माग्यौं मागमा भर पर्दछ । १८८

तिम्रो क्यै अधिकार छैन वल्कल यी पहिराउन
चर्किछौ अति नै बाठी सोझालाई सताउन
सारालाई बिढाएर आखिर के गर्दछौ तिमी
पश्चाताप गर्नु पर्नेछ रोई रोई जुनीभरी । १८९

नजाऊ जानकी वनमा वनवास छ मुस्किल
जाने इच्छा भए जाऊ छाडेर वस्त्र वल्कल
अधिकार छ सीतालाई आफ्ना भूषण लगाउन
नलाग्नु कहिल्यै छोरी अर्काको वहकाउमा । १९०

जानकी छौ सुकुमारी महलमा बस्नु वेश छ
जान इच्छा भए जाऊ आफ्नै नाम यथेष्ट छ
लक्ष्मणले पनि स्वीकार गर्दछन् गुरुका कुरा
योगिनीको गरी भेष जानु नै हुन्छ यो वेकार । १९१

सीताले गर्दछिन विन्ति स्वामी तपसी भेषमा
स्वामीको जुन भेष हुन्छ पत्नीको त्यही भेषमा
रातमा चन्द्रमा रम्छन् दिनमा सूर्य रम्दछन्
पत्नी औ पतिको भेष एउटै हुनुछ भन्दछन् । १९२

कसरी योगिनी हुन्छौ सारा विरोध गर्दछन्
सीतालाई पुत्री सम्झेर वशिष्ठजी हकार्दछन्
के कारण योगिनी कस्ले स्वीकार गर्दछ
विना कारण यो भेष कसलाई मन पर्दछ । १९३

हाम्रा अगाडिमा तिम्ले रानीकै भेषमा हुनु
योगिनी औ तपसी शब्द नबोली मौन भैदिनु
योगिनीको भेषमा देख्दा आँखा दुखित बन्दछन्
यदि आँखा खुलेदेखिन सदाकै लागि खुल्दछन् । १९४

छोरी संझेर भन्दैछु रानीकै भेषमा तिमी
सकुशल वनमा जाऊ सम्झेर महलै उही
चौध वर्ष बिताएर फर्कनु अधिकार लिई
दुख सुख सही भोगनु रामका साथमा बसी । १९५

जानकी रोकिइन टक्क स्वीकार उनले गरिन
वशिष्ठ आज्ञा कसरी टार्न उनी सक्दथिन
जिब्री आफ्नो सबै छोडी लजाएर उभिइरहिन
आज्ञा पालन गर्नेछु मनैले अठोट गरिन । १९६

सौमित्रतिर फर्केर वशिष्ठ पुनः भन्दछन्
योगिको भेष धारणमा नजाऊ भनि रोक्दछन्
लक्ष्मण हौ रामका अंश उनकै सेवा गरिरहू
दुःख संकट जति पर्छन साधारण रीतिले सहूँ । १९७

दाजू भाउज्यू दुवैलाई निरन्तर सहयोग दिनु
क्षणभर नभई भिन्न छाया झैं लक्ष्मण हुनु
बेगिन्ति निश्चरी वनमा फौजका फौज बस्दछन्
मानिसको गन्ध पाएर एक्कासि मार्न आउँछन् । १९८

त्यसैले धनु लि हातमा प्रशस्त वाण लीइकन
फूर्तिसाथ तिमी जाऊ सच्चा सेवक भईकन
शिकारीको गरी भेष वीर क्षेत्री महान बनी
रामको अंग रक्षक भै बिताउ चौध वर्ष ती । १९९

इच्छा थियो अरु भन्ने वाक्य नै बन्द भैसक्यो
संझनू गुरुको अर्ति आखिरी शब्द यो थियो
वशिष्ठ गुरुको अर्ति स्वीकार सबले गरे
अयोध्याको गरी दर्शन वन जान तयार भए । २००

कल्याण होस् वनबासीको आसिरवाद गुरुले दिए
धन्य धन्य रघुनाथ विश्वकै उपमा भए
जय होस् रघुनाथजीको शब्द चौतर्फ गुँजियो
कौशल्यापति राजाको प्रन्यक्ष मुटु थर्कियो । २०१

चिरंजीवि तिमी होऊ आमाका शब्द यी थिए
त्रिभुवन भरमा कीर्ति फैलियोस भूप भन्दथे
सबैको मुटुको माया पाएर रघुनाथ पनि
वनतर्फ हिडी हाले मुस्कुराई खुशी भई । २०२

देवता गण जम्मा भै आकाशबाट हेर्दथे
रामको त्याग भाव देख्दा अति तारिफ गर्दथे
सीता जस्ती महान नारी संसारैभर जन्मिउन
अहंपना सबै त्यागी राष्ट्रका हितमा डटून । २०३

जय होस् जय होस् रामको उनकै भक्त सदा बनौं
जिन्दगी भर परोस आपद तिम्रै नाम जपिरहौं
दुःखमा सुखमा नित्य राममै चित्त लागियोस
इर्ष्याद्विष सबै भागून आत्मशान्ति सदा रहोस् । २०४

राम जस्ता महान व्यक्ति संसारकै नमूना भए
हर्ष विस्मात नमानी क्यै तुरुन्तै वनमा गए
असंख्य व्यक्ति जन्मिउन रामकै नमुना भई
लक्ष्मणकै अंश ली जन्मनु मातृज्ञा पालना गरी । २०५

# राम वन यात्रा

वनमा जाने पक्का भयो द्वारमा रथ आयो
राघव सीता लक्ष्मणले गणेश ढोग्नु भयो
कोशलपति सुखी थिए प्रजा थिए दुःखी
राम जान्छन् वनमा भने लाग्छौं हामी पछी ।१

अत्याचारी राज्यमहाँ हामी बस्ने छैनौं
यो राज्यमा बस्यौं भने न्याय पाउने छैनौं
पुरुषवर्ग दिक्क थिए राम वनमा जाँदा
कैकेयीलाई गाली गर्थे अन्याय त्यो सुन्दा । २

जुन ठाउँमा राम बस्छन् त्यहीं कोशल हुन्छ
रामको वास छैन यहाँ कोशल नर्कै बन्छ
आफ्नै छाती पिटी पिटी सबै दुःखित हुन्थे
कैकेयीलाई गाली गर्दा केही शान्त हुन्थे । ३

आपसमा वातचित गर्थे दुःख हाम्ले पायौं
अन्याय यो हेर्नलाई व्यर्थ हामी बाँच्यौं
मुटु हाम्रो टुक्रिदैछ शरीर छटपटियो
कुन जन्मको पापले गर्दा यस्तो देख्नु पर्‍यो । ४

मान्छे मात्र हैन रुने जीव जन्तु रुन्थे
धर्म कर्म लोप भयो पाप बढ्यो भन्थे
प्रकृति नै रुदै थिइन् त्यस्तो दृश्य देख्दा
खोला नाला सुसाँउँथे तीतो खबर सुन्दा । ५

डाँफे मुनाल प्रश्न गर्थे जान्छन् राम कहाँ ।
मुनाचरी रुदै भन्थी जान्छु रामकै साथमा
गाई भैसी डुकराउथे घोडा हिंहिनाउथे
हात्ती ऊँट विलाप गर्दै आँशु वर्षाउथे । ६

कौवा कोइली ढुकुर चरी राम सीता भन्दै
नजाऊ राम जानकीजी कोशलपुरी छोड्दै
काकाकुलको वथान पूरै बाटो छेक्थे
रामलाई जान दिन्नौ सँगै बसौं भन्थे । ७

रामचन्द्रका वियोगले वृक्ष ढल्न लागे
तड्पिएर सुसेलेर दुःख व्यक्त गर्थे
अयोध्याको शक्ति पनि प्रष्टै घट्दै थियो
कोशलको वाग समेत नाङ्गो हुनै लाग्यो । ८

वेलपत्र तुलसी पिपल शिघ्र वैलिएर
लालीगुँरास लालुपाते भैमा छरिएर
केरा अनार आप अम्वा वृक्षमात्र थिए
छाँगा खोला ताल नदी सुक्दै जान लागे । ९

यौवनपूर्ण सुन्दरी ती रुप विहीन जस्तै
बालकका आमाहरुको छाती गयो सुक्दै
सरयूको घाटमा सधै राघव स्नान गर्थे
घाट पनि मशान भयो हेर्नै डर मान्थे । १०

स्नान गर्न जानेहरु भूत देख्यौं भन्थे
कोशलपति संझीकनै आकुल व्याकुल हुन्थे
फूर्ति जाँगर शून्य भयो सन्ताप बढ्दै गयो
स्वर्ग जस्तो अयोध्यामा अन्धकारै छायो । ११

कोशलवासी आत्तिएर अलाप विलाप गर्थे
अयोध्याको चहलपहल खतम भयो भन्थे
त्यस ठाउँमा अलाप विलाप नित्य चल्दै थियो
श्रीरामको वनवासले सबै खतम भयो । १२

सहनै पनि मुस्किल भयो आपद कष्ट वियोग
रुदै रुदै पछि लागे अयोध्याका लोक
जनताको विल्लिवाठले राघव दुःखित थिए
प्रेमपूर्ण शब्दद्वारा संझाउँदै थिए । १३

विना सुद्धि विना बुद्दि मेरो पछि लाग्यौ
बुझ्नु सुझ्नु कुरै छैन त्यसै पछि लाग्छौ
चौध वर्ष गनी राख त्यसपछि ता आउँछु
फर्के पछि जीवनभरै तिम्रै साथ बस्छु । १४

दाजु भाइ जाऊ जाऊ अयोध्यामा जाऊ
पिताजीका साथमा बसी मलाई बिर्साइदेऊ
पिताजीले सुख पाए कल्याण मेरो हुन्छ
पिताजीले दुःख पाउँदा आत्मा सदा रुन्छ । १५

भूपतिलाई मद्दत गर्नु तिम्रो मुख्य काम
आमा बाबु सुखी भए खुशी हुन्छ राम
प्रजा सुखी हुन्छन् भने राज्य स्वर्ग बन्छ
राजा प्रजा मेल छैन शत्रु हाँक दिन्छ । १६

पिताजीले शान्ति पाए सबको कल्याण हुन्छ
भूपतिलाई दुःख हुंदा राष्ट्रै संकट हुन्छ
राज्य राम्रो चल्नलाई शान्ति छाउनु पर्छ
आपसमा द्रोह भए दुश्मन आइलाग्छ । १७

जन्मभूमीको सेवा गर्ने देशवासीको काम
राजा प्रजा मिल्छौ भने फर्कि आउँछ राम
फर्किहाल अयोध्यामा विदा मलाई देऊ
पिताजीको शोक शुर्ता दूर भगाइदेऊ । १८

मार्ग मेरो खुला गर छेकी राख्नहुन्न
पिताजीको आज्ञालाई व्यर्थ गर्नहुन्न
आशा शून्य शब्द सुन्दा कोशलवासी रुन्थे
कि त हामीलाई साथमै लग या त फर्क भन्थे । १९

प्राण त्यागन तयारी छौं हामी फर्कदैनौं
झ्यांगिएको वृक्षमुनि आरामसँग बस्छौं
राघवसँगै वनमा जान्छौं दोश्रो ठाउँ छैन
तिम्रै छायाँ मुनि बस्छौं अन्त बसिदैन । २०

मर्न पर्छ भने मर्छौं तेसै फर्कदैनौं
राघवलाई एक्लै छोडी अयोध्यामा जान्नौं
जिद्धि गर्दै जोड्ले अलापविलाप गर्थे
राघवमा पाउ पर्थे, विन्तिभाउ गर्थे । २१

कैले पाउ पर्थे सबै कैले विलाप गर्थे
हामी कोशल फर्कदैनौं वनमै जान्छौं भन्थे
बाटो छेकी पुरवासीले फर्क राम भन्थे
अघिपछि लागिकनै रथमा झुण्डिइन्थे । २२

नारीहरु जानकीको बाटो छेक्दै थिए
आँशु बगाई जानकीका पाउ भिजाईदिए
लक्षणकी रानी तिमी हाम्लाई तेसै छोड्छौ
कोशलको सुख छोडी वनमा किन जान्छौ । २३

पुरवासीका जिक्री सुन्दा राघव द्रवित भए
कोमल शब्द संझाउँदा संझाउदै थिए
राघवले संझाउँदा कस्ले कुरा सुन्ने
घण्टौसम्म संझाउँदा जिद्धि मात्र गर्ने । २४

एकै मतले पुरवासीले बग्गी घेरिदैछन्
कोशलवासी रुदा रुदा आँखा दुखाउँदैछन्
जान्नौं हामी एक्लै जान्नौं रामसँगै जान्छौं
मर्ने कबोल गर्छौं हामी एक्लै फर्किजान्नौं । २५

चौध वर्ष दुःख काटी जंगल मै बस्छौ
जस्तोसुकै दुःख परोस हासीकनै भोग्छौ
लैजान्छौ ता साथ जाने होइन भने मर्ने
जन्मे पछि मर्नै पर्छ बरु ऐल्यै मर्ने । २६

एकै स्वरले चिच्याउँथे अलाप विलाप गर्थे
मनको व्यथा आँखाबाट आँशु बनी झर्थे
तिनको यस्तो हालत देख्दा राघव अवाक भए
कुन युक्तिले फुत्कौं भन्ने जुक्ति शोच्दै थिए । २७

राघवले मन्त्रीलाई केही संकेत दिए
लीलानाथको संकेतले बग्गी बढाई दिए
वेजोडले बग्गी बढ्यो त्यसकै पछि लागे
बग्गी साथै दौडिदामा कोशलवासी थाके । २८

विहानदेखि दौडिदामा साँझ परिसक्यो
तमसाको किनारैमा वास बस्नु पर्‍यो
खानु पिउनु केही छैन भोकले कमजोर थिए
दौडाइ र भोकले गर्दा थाक्नसम्म थाके । २९

थकावट र भोकले गर्दा मस्त निन्द्रा पर्‍यो
त्यसैवेला राघव भाग्न ठूलो मौका पर्‍यो
माया थियो श्रीरामको खेल खेल्न लागे
निन्द्रावसमा पर्दा खेरी सबै घुर्न लागे । ३०

भोगने कुरा भोग्नै पर्छ टार्न सकिदैन
जन्मैदेखि लेखिएको मेट्न सकिदैन
मध्येरातमा राघवले केही युक्ति सोचे
झट्टपट्ट मन्त्रीलाई संकेत गर्दै बोले । ३१

रथको तयार गरिहाल तमसा तरी हालौं
यो वेला छ मौका राम्रो यिनलाई यही छाडौं
बुद्धिमान आफैं तिमी बुद्धिबाट काम
अप्ठ्यारोमा जोगाईदिनु बुद्धिमानको काम । ३२

यस्तो ठूलो फौजलाई लानु मैले कहाँ
व्यवहारमा जोगी भोगी मिल्छ पनि कहाँ
कुन ठाउँमा जाने होला मेरो ठेगान छैन
जाने ठाउँमा पक्का नभै लान सकिदैन । ३३

बुद्धि लगाऊ मन्त्री तिमी चाडै हिडिहालौं
प्रभातैमा तमसा नदी पार गरिहालौं
हाम्रो खोजी गर्दागर्दै मूलबाटो भै जालान्
खोजी गर्दा थाकिसक्छन् कोशलतर्फ जालान् । ३४

मन्त्री भन्थे ठिकै कुरा भन्नुहुन्छ राम
लीलाधारी ईश्वरको यस्तै लीला धाम
राघवको यस्तो लीला कसले बुझ्नसक्ने
उनको लीला कस्तो हुन्छ कसले थाहा पाउने । ३५

हात जोड्दै विन्ति गरे उनै रामलाई
निदाएको मौका पारी छोड्नु दुःखदायी
सोच्नु हवस कोशलपते धोका दिनैहुन्न
आफ्नो भरमा पर्नेलाई बीचमा पार्नु हुन्न । ३६

राम्रो विचार गर्नु हवस यिनलाई छोड्नु हुन्न
रातको वेला पारीकनै सुट्ट भाग्नु हुन्न
कुमार भन्दै पछ्याई रैछन् दया गर्नुपर्छ
आफू भन्ने व्यक्तिलाई ज्यानै दिनुपर्छ । ३७

आफ्नै मनले फर्कनु ता अनुचितै हुन्छ
प्रजाजनको आवाजमा फर्कनु नै वेश छ
यसमा दोष लाग्ने छैन यसको जिम्मा लिन्छु
यदि कसले क्यै भन्छ ता त्यसको जवाफ दिन्छु ।३८

यिनको गल्ती केही छैन धोका दिनैहुन्न
प्रजाजनको वेमञ्जुरले वनमा जान हुन्न
वनमा जाने कुरै छैन प्रजा आज्ञा दिन्नन
वेमञ्जूरले वनमा जादा बाटो रोकिदिन्छन। ३९

सुमन्तको मनका भाव श्री रामले बुझे
सुमन्तको चित्त बुझाऊँ भन्ने मनमा सोचे
प्रथम कुरा राजनीतिलाई दृष्टि दिनुपर्छ
राम र भरत राजा जो हुन् एकै ठान्नु पर्छ। ४०

मलाई माया गर्दा खेरी सबै बिर्सिहाले
राजाज्ञाको पालन छैन उलंघनै सम्झे
मलाई ज्यादै दिक्क लाग्यो भेदभाव देख्दा खेरी
दाजु भाइमा भेदभाव हुँदा कुरो आउँछ तेही। ४१

गहिरिएर सोच्दा खेरी शंका मलाई लाग्छ
यिनको जिकी सोचिदामा नीति विरोध लाग्छ
कोशलमा भरतले राज्य गर्ने पर्छ
जसको शिर्मा ताज हुन्छ उसलाई मान्नै पर्छ। ४२

यी प्रजाले कोशललाई भरत मान्नु पर्छ
मैले पनि वनमा गई उतै रम्नु वेश छ
यिनको कुरा भन्दाखेरी आत्मा ग्लानी हुन्छ
माताजीको आज्ञा पनि उलंघनै हुन्छ। ४३

क्षत्री बोली निश्चित हुन्छ झूठो हुदैहुन्न
चौध वर्ष वनैमा बस्छु घरमा आउने छैन
कर्तव्यमा लच्क्यो भने इज्जत सबै जान्छ
इज्जत मात्र जाने होइन ज्यूदो मूर्दा हुन्छ। ४४

माताजीका इच्छा जो छन् पूर्ण गरिदिन्छु
भूपतिको प्रतिज्ञालाई सफल गरिछोड्छु
सूर्यवंशी इज्जतले संसार फैलिदैछ
ज्यानै जान्छ जाओस् बरु वनवास गरिनेछ। ४५

सुमन्तले सबै बुझे रामको मनोइच्छा
गन्थन गर्ने कुरै छैन थाहा भयो प्रष्ट
मन्त्री पनि मौन भए बग्गी हाँक्न लागे
तीनै जना रथमा बसे तमसा पार लागे। ४६

निन्द्रा वशमा कोशलवासी प्रात हुनासाथ
विंझे पछि राघवलाई खोजे दुःखसाथ
चारैतर्फ सोध्दै खोज्थे भेटिएनन् नाथ
कोशलकुमार नदेख्नाले फर्के दुःख साथ। ४७

मणिहीन नाग जस्तै छट्पटिदै फर्के
नाथ हाम्रा कहाँ गयौ विलाप सबै गर्थे
पानी विना माछालाई ज्यून कठिन पर्छ
राघव विना कोशलवासी बाच्न मुस्किल पर्छ। ४८

तिनको हालत नाजुक थियो होशै गुमी सक्यो
दीन दुःखीको जीवन धनै सबै डुब्न लाग्यो
सागरमा जहाज डुब्दा यात्री व्याकुल हुन्छन्
त्यस्तै रामले कोशल त्याग्दा प्रजा ज्यादै रुन्छन्।४९

प्रकृति नै दुःखित थिइन् प्राणी बेहोस थिए
अयोध्याको भाग्य समेत रामचन्द्रल्यै लगे
टाउकोमाथि वज्र पर्‍यो प्राणी विचेत भए
कोशलको शक्ति सबै रामले साथै लगे। ५०

तनको शक्ति के काम भयो भाग्य फुटिसक्यो
कामै गर्ने इच्छा छैन विश्व देख्थे कालो
सागरबाट माछो फाल्दा क्षणमै मरिहाल्छ
राघव विना पुरवासीलाई दुःख ठूलो लाग्छ। ५१

पानीबाट माछो फाल्दा राघव खोज्न जाऔं
भेट्न यदि सक्दैनौं त प्राण त्यागी हालौं
जैलेदेखिन राम देख्यौं भाग्य राम्रो थियो
दैवले नै हामीलाई ठूलो धोका दियो। ५२

आत्तिएर चिच्याए रामको पत्तो छैन
खादै नखाई भौतारि ज्यानको माया छैन
मन्त्री समेत पत्तो छैन या त दुश्मन आई
चोरी लग्यो कसले कसले हाम्रा रामलाई । ५३

कोही भन्थे पुण्यले नै रामको संगत पायौं
थोरै दिनको संगतले पाप हाम्रो धोयौं
खोज्दा खोज्दा थाकी सके पत्तो पाइएन
विंझिएर बस्नु पर्थ्यो बुद्धि पुर्‍याइएन । ५४

के गरेर बाँच्ने हामी चौध वर्षसम्म
उनकै नाम जप्दै गरौं नफर्कुन्जेलसम्म
आपसमा वार्ता गर्थे ज्यादै दुःख मान्दै
राघवलाई पुकार्दथे आवाज ठ्लो गर्दै । ५५

अत्तोपत्तो कतै छैन राघव कोशल फर्के
सोझा सिधा कोशलवासी यस्तै कुरा गर्थे
फर्कौं अब कोशलतिरै राघव उतै भेट्छौं
भेटिएन कोशलमा हामी पक्कै मर्छौं । ५६

रुदै रुदै चिच्याएर सबै उतै फर्के
संझदामा मनको हाउले टोकला भनी तर्से
पाइला चाल्न मुस्किल पर्‍यो मनले हरिश खायो
राघव विना जिन्दगी नै ठूलो बोझ लाग्यो । ५७

धन्य राघव मिलनसार धन्य कोशलवासी
धन्य गर्भ कौशल्याको धन्य कान्छी रानी
कैकेयीको कर्तुतले न्याय खतम भयो
रोल मिचि राघवको मनपरी नै भयो । ५८

कैकेयीका संकेतमा नाच्ने राजा थिए
जेठी रानीभन्दा पनि माहिली मन पराउने
कोशलवासी एकातिर माहिली एकातिर
जेठो छोरो लत्याएर राजा आफैंतिर । ५९

कैकेयीको सौन्दर्यमा राजा लठ्ठ थिए
मजबूरीले गर्दा खेरी धोका ठूलो पाए
राजा सोझा भन्दा भन्दै चिन्न सकिएन
वनमा जाने रामलाई रोक्न सकिएन । ६०

जिक्री गर्दै लक्ष्मण पनि रामकै पछि लागे
दाज्यू माथि पर्ने आपद बाँडौं भन्नलागे
कान्छी रानी सुमित्रा नै रैछन् शीलको खानी
उनले पनि चिन्हिनछन् दशरथको बानी । ६१

कौशल्या ती ज्यादै सोझी मनमा कपट छैन
कैकेयीले चाल खेल्दा उनलाई पत्तो छैन
कैकेयीको रुपराशीले राजा मोहित हुन्थे
जे जे भन्थिन् माहिली रानी राजा त्यही मान्थे । ६२

अन्यायीको राज्य यहाँ जाने मनै छैन
जस्तोसुकै सुख होओस पाइने छैन चैन
राघव फर्के भने मात्र तिनको मेख मर्छ
चौध वर्ष बाँच्यौं भने कोशल स्वर्ग बन्छ । ६३

चिन्ता एवं आश गर्दै कोशलवासी फर्के
अर्को तर्फ राघव पनि श्रृङ्गरपुरमा पुगे
गुरु निषद भिल्ल राजा राघव भेट्न आए
राघवको दर्शनले ज्यादै हर्षित भए । ६४

रामचन्द्रका पाउ परे ठूलो मौका ठानी
लीलाधारी कोशलपति साक्षात जानी
निषाद राजा विन्ति गर्थे मेरो घरमा जाऔं
तरुल भ्याकुर केरा आदि सँगै बसी खाऔं । ६५

जंगलको बस्ती मेरो त्यहाँ जस्तो जे छ
कोशलपति पाल्नु हुंदा इच्छा मेरो पुग्छ
जन्म मेरो सार्थक भयो नाथको दर्शन पाएँ
पाप सबै विलीन होउन भन्दै यहाँ आएँ । ६६

जाऔं प्रभु विन्ति गर्छु मेरो घरमा जाऔं
जिन्दगीका इच्छा सबै पूर्ण गरी जाऔं
राघव भन्थे चौध वर्ष वनमै बस्नुपर्छ
माताजीको आज्ञा मैले पालन गर्नुपर्छ । ६७

हात जोड्दै निषद भन्थे राख्नु मलाई साथ
सेवा गर्ने मौका पाऔं भन्ने लाग्छ आश
इच्छा मेरो पूर्ण गर्ने नाथ तिम्रै काम
विन्ति लागोस् मेरो प्रभू नहोस् तिरस्कार । ६८

स्वीकारियोस् विन्ति मेरो हात जोड्दै भन्छु
जिन्दगीभर मीठो मिलन मैले संझी राख्छु
उनको बिन्ति स्वीकारेर मुस्कुराए राम
भिल्लराजा गद्गदाए पूर्ण हुँदा काम । ६९

दुईजनाका वार्तालापमा साँझ परिसक्यो
पूर्ण रातै वृक्षमुनि राघव सुत्नु भयो
रुखका पात तितर वितर फैलिएका थिए
पतिङ्गरको विछ्यौनामा राम निदाइहाले । ७०

कोशलका राजकुमार लाडप्यारमा थिए
दूरदशाले गर्दा खेरी त्यो हालमा थिए
प्यारै प्यारमा हुर्किएका नैनतारा राम
कैकेयीका अन्यायले वनमा डुल्थे राम । ७१

राजकन्या जानकीजी शीला माथि पल्टिन्
लक्ष्मणका सुरक्षाले निर्धक्कमा थिइन्
धनुषवाण हातमा लिई लक्ष्मण जागै बस्थे
खानपान निन्द्रा त्यागी रातभरै नै बस्थे । ७२

त्यस्तो दृश्य देख्दा खेरी निषाद दुखित हुन्थे
कैकेयीलाई धिक्कारेर ज्यादै विहल हुन्थे
बूढा मन्त्री व्याकुल हुँदै विलाप गर्दै रुन्थे
समस्या त्यो सुल्झाउन नानाथरी सोच्थे । ७३

दयनीय दृश्य थियो कोशलपतिनाथको
ईश्वरको इच्छालाई रोक्ने तागत कसको
भिल्ल राजा दुखित देख्दा रामको चित्त दुख्यो
उनको चित्त बुझोस् भन्ने मनमा केही सुझ्यो । ७४

सुख दुःखको दाता संसार अर्को कुनै छैन
आफ्नै कर्म साधक वाधक मेट्न सकिदैन
जिन्दगी नै सपना भयो सत्य मिथ्या भयो
जस्तो पनि भोग्नै पर्ने जीवन क्रिया त्यहाँ ।७५

सपनीमै राजा हुन्छ सपनामै रम्छ
सपनाको मिथ्यापनले जिन्दगानी अन्त
संसार नै स्वप्न तुल्य त्यसको मतलव छैन
उन्नति औ अवनतिमा केही फरक छैन । ७६

जस्तोसुकै वीर ज्ञानी त्यसले मर्नै पर्छ
मृत्युराजले एकदिन आई संझीकनै लान्छ
अज्ञानले छोपिदिन्छ सद्भावले रोक्छ
प्राणीलाई लठ्याएर तृष्णा बढाइदिन्छ । ७७

योगीज्ञानी सचेत हुन्छन् अज्ञानी ती सुत्छन्
ज्ञानी सदा भाग्यमानी ईश्वर कृपा पाउँछन्
दुःख सुख आपद विपद धैर्य भई भोग्नु
भवसागर तर्नु छ ता हरि नाम जप्नु । ७८

यस्तै यस्तै वातचित गर्दा रात्री बितिसक्यो
श्री रामचन्द्र उठ्दाखेरी पूर्व उज्जवल भयो
वरको चोप मगाएर जटा मुकुट पारे
राघवको उज्जवल रुप जोगी जस्तै पारे । ७९

शिरको जटाजुटले मानो मुकुट सुन्दर थियो
राघवको सुन्दर रुप झन् तेजिलो भयो
कपालको कालो जुरो आँखा सुन्दर थिए
कोशलमा राजा हुने वनका राजा भए । ८०

एउटा हुन्छ मानव राजा अर्को योगी राजा
एउटो हुन्छ मस्ती राजा अर्को न्यायी राजा
यिनै दुइटा राजाहरु संसारमा हुन्छन्
राजधानीमा एउटा बस्छन् अर्को वनमा घुम्छन्। ८१

जटाजुट मात्र होइन सारा वनका साज
अयोध्याका राजकुमार वन विहारी आज
राघवको हालत देख्दा मन्त्री दुःखित थिए
रुदै रुदै सुमन्तले विन्ति गर्नै लागे। ८२

आँखा मेरो दुःखी भए देख्दा यस्तो श्रृंगार
फर्की हालौं राजकुमार वग्गी भयो तैयार
कैकेयीको आज्ञा पनि पूरा भइहाल्यो
उनकै हुकुम पूर्ण गर्न वनमा राज भयो। ८३

अयोध्यामा जाऔं कुमार प्रजा खुशी हुन्छन्
आफ्नै हातले राजालाई ताज पैह्राइदिन्छन्
प्रजावर्ग आत्तिएर बाटो हेरी रैछन्
प्यारो राजा पाउदा खेरी दीर्घजिवी हुन्छन्। ८४

प्रजालाई निराश पार्नु रामको काम होइन
तिनको चित्त बुझ्नुलाई कुनै कठिन छैन
राघव भन्थे ठीकै थियो ऐले अवाकमा छु
जस्तोसुकै आपद परोस् कवोल पूरा गर्छु। ८५

सिंह सती सूर वीर कैल्यै लाचार हुन्नन
जस्तो आपद पर्छ परोस तेसै लत्रिदैनन्
सूर्यवंशी पुर्खा मेरो तिनको नाम राख्छु
चौधवर्ष वनमा बसी पश्चात फर्की हाल्छु। ८६

मन्त्री मन्त्री प्रिय मन्त्री चाहन्छौ त तिमले
मैले पनि मन्त्रीसँग केही माग्छु ऐले
विदा माग्छु मन्त्रीसँगै तिमी फर्की जाऊ
पिताजीको सत्यतालाई पूरा गर्न देऊ। ८७

जति छिटो जान सक्छौ उति छिटो जाऊ
पिता समान संझीकनै गर्छु विन्तिभाउ
पिताजीले पलपलमा आत्तिएर रोलान्
रातैभरि जागै बसी मैलाई संझी राख्लान्। ८८

मिठा मीठा वातचित्त गरी मैलाई बिर्साइदिनू
चौधवर्षसम्मलाई शान्त गरी राख्नू
बूढा मन्त्री खिन्न भए यस्ता शब्द सुन्दा
हात जोडी विन्तिगरे मनमा लिदै चिन्ता। ८९

वैदेहीको यस्तो गति हेर्न सकिदैन
ईश्वरको लीला कस्तो बुझ्न सकिदैन।
धुलोभूमि पथ्थरमा सीता सुतिरैछन्
यै रितले दुख काट्दा कतिसम्म टिक्दछिन। ९०

वैदेहीलाई फिर्ता गरेर अयोध्यामा बस्छिन्
भूपतिको बढ्दो चिन्ता शितल पारिदिन्छिन्
जानकीले टेक्दाखेरी शक्ति त्यहाँ बढ्छ
वैलाएको कोशलपुरी हरियाली छाउछ। ९१

वैदेहीलाई फिर्ता पठाऊ यस्तो ध्वनि आयो
या उता ठक्कर खाई सीता कानमा आयो
निदाएकी वैदेहीजी विम्झी झल्यासमा
हत्तपत्त हतारिदै बोलिन सामुन्नेमा। ९२

रामले उत्तर दिनुभन्दा जानकील्यै दिइन्
लाज सबै पन्छाएर पूरा जवाफ दिइन्
मन्त्रीवर सुन्नु हवस मेरो मर्का पीर
छुट्टिएर बस्ने छैन आँखा पार्दै नीर। ९३

सूर्यबाट गर्मी ताप कैल्यै अलगिन्न
चन्द्रबाट किरण पनि अलग हुनेछैन
पानीबाट माछो झिके छटपटिदै मर्छ
राघवबाट छुट्टिएमा मेरो प्राण जान्छ। ९४

कोशलपुरै स्वर्ग बनोस् एकलै जानेछैन
मानसरोवर त्यागीकनै हंसी जानेछैन
सुख दुःख जीवनमा जे जे हुन्छ खप्छु
रामचन्द्रका साथ बस्दा स्वयं सुखी हुन्छु । ९५

त्यत्तिकैमा लक्ष्मणले मन्त्रीलाई भन्थे
जुन राज्यमा न्याय छैन त्यहाँ किन जाने
जुन राजाको राज्यमहाँ सधैं अन्धकार
त्यस राज्यमा जन्मिएछ जीवन हाहाकार । ९६

स्त्री ताल्मा नाच्दाखेरी छोरै निकालिए
यस्ता राजा विश्वबाट स्वयं धिक्कारिए
हामी पनि मान्छे थियौं साँपको विष लाग्यो
घाउमा लाग्दा छट्पटिदै देशै छाड्नु पर्‍यो । ९७

कैकेयीलाई सुनाइदिनु नित्य खुशी होऊ
संसारमा सबै मर्छन् तिमी अमर होऊ
कैकेयीको कालो कर्तुत विश्वभरभै फिज्ला
अपराधी दुष्ट भन्ने संसारले चिन्ला । ९८

उज्ज्वल वत्ती बालिराख्नु जिन्दगीभर रम्नु
कण्टकलाई खतम पार्‍यौ हाँसी हाँसी बस्नु
राजालाई मोहित पार्‍यौ आफ्नै बसमा राख्यौ
हामीलाई धोका दिई आफ्नै पुत्र पोष्यौ । ९९

वन्मै जाऊ वन्मै बस्नु हुकुमै कडा दियौ
यसैकारण विश्वभरै अमर बन्न पायौ
बाँचेसम्म भोग्नु पर्‍यो वनको बास भयो
राघवलाई धोक्याएर मनको धोको पुग्यो ।१००

जस्तोसँग दुःखदियौ त्यसको फल पाउली
मीठो फल चाख्दाखेरी ज्यादै खुशी हौली
ईश्वरनै दाहिना भए इच्छा पूर्ण भयो
तिम्रो भाग्य जागिरहोस् हाम्रो पतन भयो ।१०१

यस्तै छेँडछाड गर्दै थिए रामले आँखा तरे
लक्ष्मणलाई शान्त गर्न संकेत कुनै दिए
लक्ष्मण थिए आज्ञाकारी राघवलाई मान्थे
दाज्यू भाउज्यू मान्यवरलाई ठूलो आदर गर्थे ।१०२

लक्ष्मणका शब्दहरु यहिं बिर्सिदिनु
उस्लाई केही थाहै छैन के के हुन्छ भन्नु
लक्ष्मणको अज्ञानलाई माफ दिनुहोला
पिताजीलाई विन्ति गर्नु आशिक दिनुहोला ।१०३

माताजीको आज्ञालाई पूर्ण पालन गर्छौं
चौधवर्ष वनमा बसी बाँचे फर्किआउँछौं
माताजीको सन्तुष्टिमा ज्यादै खुशी हुन्छु
चौधवर्ष प्रसन्न भै वनवनैमा घुम्छु ।१०४

वनको वास भए पनि कोशल भुल्ने छैन
माताजीको आज्ञालाई विफल पार्ने छैन
छातीवीचको मन्दिरमा मातापिता राख्छु
प्रतिक्षण प्रतिपलै सबैलाई पुज्छु ।१०५

मनको भाव पोखीकनै राघव उठ्नुभयो
मन्त्रीसँग छाती मिलाई बिदा दिनुभयो
बूढा मन्त्री लाग्नु भयो अवध राज्यतर्फ
अर्कोतिर राघव लागे गोमती तर्फ । १०६

गंगा पार गर्नलाई डुंगा चढ्नु पर्थ्यो
माझीद्वारा राघवलाई तारी दिनुपर्थ्यो
राम भन्थे माझी दाइ डुंगा यहाँ ल्याऊ
हामी तीनै व्यक्तिलाई नदी तारिदेऊ । १०७

माझी भन्थ्यो ल्याएँ प्रभु आउँदैछू राजा
ल्याउँदैछु उठे हजूर ल्याउँदै छु राजा
अनकाउदै फेरि बोल्यो डुंगा ल्याईदैन
उसको मनमा के छ कुन्नी प्रष्ट भन्ने होइन । १०८

राम भन्थे के छ मनमा झट्टै भनिदेऊ
सत्य कुरा भन्नु पर्छ ठट्टा छोडी देऊ
माझी बिन्ति गर्दै थियो संकोचका साथ
मनका कुरा विन्ति गर्न मुस्किल भयो नाथ । १०९

तारंतार सोध्नुभयो शंकर जे हुन्छ भन्छु
दुःख नासक सामुन्नेमा शंका सबै पोख्छु
मैले धेरै सुन्दै थिएँ पाउको चमत्कार
पत्थर पनि मान्छे हुने जन्मसिद्ध सार । ११०

पत्थरबाटै नारी बनिन् गौतमकी नारी
शीला समेत चेतन हुने नाथको चमत्कारी
त्यस्तै मेरो डुंगा पनि नाथले पाउ राख्दा
काठ पनि चेतन होला भन्ने शंका लाग्दा । १११

यै डुंगाको मद्दतले जीवन यापन गर्छु
दिनभरिको आय लगी बालबच्चा पाल्छु
काठै मान्छे बन्छ भने जीवन केले धान्ने
आय श्रोतै छैन भने के खाएर बाँच्ने । ११२

मल्लाहको शंका सुन्दा नाथ मुस्कराए
शंका समाधानका लागि उपाय क्यै सोचे
राघवको वाणी सुनी माथ निहुरायो
पाउ धूलो धुन्छु भन्ने केही जुक्ती आयो । ११३

लीलानाथका पाउ धुदा पखालिन्छ धुलो
दासको पनि जिन्दगीको पाप निखिइन्छ
त्यै धुलाको शंका लाग्दछ धूलो धोइदिन्छु
त्यै परको पानी लगी शिर्मा छर्किदिन्छु । ११४

मूर्ख म छु अज्ञानी छू माफी माग्छु नाथ
शंका समाधान गर्न पाउ धुन्छु आज
रोजगारीमा धक्का हुन्न नाथको कार्य बन्छ
आज्ञा पाउँ झट्ट प्रभू मेरो काम बन्छ । ११५

यिनै हातले पाउ धोई निर्मल बनाई दिन्छु
अज्ञानीको पाप समेत साथै सफा गर्छु
स्वीकार गर्नु हुन्छ भने घरमा कठौता छ
पानीपूर्ण कठौता त्यो परिक्षणै हुन्छ । ११६

चाहे मलाई गाली गर्नु चाहे प्यार गर्नु
पाउ पखालिन्न भने छैन मलाई भन्ने
मनमा मेरो पाप छैन साक्षी यिनै गंगा
दुईजनाको मध्यवीचमा बगिरैछन् गंगा । ११७

पाउ पखालिन्न भने शंका मलाइ लाग्छ
त्यै धूलाको कारणले खाने बाटो जान्छ
पैले पाउ धोइदिन्छु नौका चढाइदिन्छु
गंगातर्फ हेर्नु नाथ ताजुब मात्र देख्छु । ११८

नाथको पाउ ढोग्छु भन्ने उद्देश्यले उर्ली
फर्किकनै हेर्नु हवस गंगाजीको फूर्ति
प्रेमपूर्ण भक्तिपूर्ण मल्लाहको विन्ति
उसको यस्तो भक्ति भावले आयो मुटु फली । ११९

हृदय नै गद्‌गदायो मुस्कान पूर्ण ओठ
जानकी औ लक्ष्मणतिर हेर्नुहुन्छ नाथ
मल्लाहको मागलाई बुझ्थे रघुराय
जानकीलाई प्रश्न गर्थे के छ तिम्रो राय । १२०

मल्लाहले सोधिरैछ पाउ धुनुपर्छ
राय देऊ जानकीले धुन हुन्न हुन्छ
मुख्य कुरा यही नै थियो पाउ धुने काम
नृपतिले धोइसकेथे दिदा कन्यादान । १२१

त्यसैकारण राघवले सीतासँग सोध्थे
जानकीले स्वीकारेमा पाउ धुन सक्थे
जानकीको संकेतमा पाउ धुन लाग्दो
माझी पनि आफ्नो इच्छा पूर्ण गरिहाल्यो । १२२

राघवले पाउ दिए माझी धुनै लाग्यो
पाउ धुन पाउदाखेरी भाग्यमानी संझ्यो ।
माझी जस्तो भाग्यमानी शायद कुनै छैन
राघवको सेवा गर्दा पायो मनमा चैन । १२३

मल्लाहले मागे जस्तै माग पूरा भयो
कठौतामा गंगाजल ल्याई धुन लाग्यो
रामका आँखा गंगातर्फ गंगाखुशी थिइन्
रामवतार विष्णु देख्दा मुग्ध तिनी थिइन् । १२४

साधुसन्त ऋषिआदि भाव विभोर थिए
आकाशका देववर्ग प्रशन्न भैदिए
सानो काठको कठौतामा गंगाजल थियो
मल्लाहको दुवै हातले पाउ धुदै थियो । १२५

राघवको पाउ मयल के पो धुनु पर्थ्यो
आफ्नै मनको कालो दाग माझी धुदै गर्थ्यो
जन्मान्तरको संस्कारले दर्शन त्यसले पायो
रामचन्द्रको दर्शनले जीवन उज्ज्वल पार्‍यो । १२६

जन्मान्तर ध्यान गर्दा पाउन मुस्किल पर्छ
एकै पल्ट दर्शन पायो जन्म सफल हुन्छ
भाग्यमानी माझी रैछ सेवा गर्न पायो
आफ्नो पूर्खालाई समेत पार लगाइदियो । १२७

सेवा गर्‍यो राघवको आफ्नो उद्धार गर्‍यो
राघव सीता लक्ष्मणलाई डुंगामाथि राख्यो
इच्छा माफिक दर्शन पाउँदा गंगा खुशी थिइन्
डुंगा माथि राम चढ्दा सारा भार बोकिन । १२८

झट्ट हेर्दा डुंगा पनि यस्तो देखिइन्थ्यो
चाँदी औठी वीचमा मानो पुष्राज चम्केको
साजवधुको शैयाँ मानो गंगा विछ्याएको
त्रिलोकैको भार पनि फूल झैं हलका थियो । १२९

दायाँतिर श्रीपति छन् वायाँ रमाजी छन्
दुईजनाका केही पछि लक्ष्मण उभिरैछन्
त्रिलोकका अधिपति डुंगा चढीरैछन्
धनु वाण बोकीकनै शेषावतार साथ छन् । १३०

विस्तारैमा चल्दै थियो गंगाजीमा डुंगा
वादल एवं सूर्य गर्थे दर्शनको इच्छा
वादललाई सूर्य भन्थे राघव हेर्न देऊ
वीचमा बसी छेक्यौ किन झट्ट हटिजाऊ । १३१

वादल पनि गर्जी भन्थ्यो किन गाली गर्छौ
दर्शन गर्न आएको छु व्यर्थ मलाई रोक्छौ
वादललाई हप्काउँदै भन्छ अधिकार छ मेरो
सूर्यवंशी राघव हुंदा प्रथम पालो मेरो । १३२

वादल भन्थ्यो सूर्यलाई वकवक मात्र गर्छौ
तिम्रोभन्दा मेरै हक छ नबुझेर बोल्छौ
प्रमाण समेत पूरा दिन्छु कान थापेर सुन्नु
एउटै रंग एउटै नाम छ दाज्यूभाइ ठान्नू । १३३

दुई जनाको ट्क्करबाजी पवनराजले देखे
टक्करबाजीलाई अन्त प्रयास गर्न लागे
मस्त तालमा डुंगा चल्थ्यो प्रभुभक्त माझी
भक्तिपूर्ण जीवन थियो प्रभू उसका साथी । १३४

दुईथरीको झगडाले मारुत दिक्क थिए
दुईथरीलाई संझाएर मिलाप गराइदिए
पवन जस्ता समझदारी कतै देखिदैन
माझी जस्तो चतुर भक्त अन्य हुनेछैन । १३५

राघव थिए साक्षात विष्णु मानवरुप धारी
पृथ्वीको भार हर्न ठूलो मौका पारी
मन्थराको मनमा पसी खल्वल मचाइदिए
लोकवासीलाई भ्रममा पार्दै आफू उम्की दिए । १३६

राघव थिए सर्वेसर्वा केही कम्ती छैन
माझधारमा डुंगा चल्थ्यो क्यैको डरै छैन
सर्वेसर्वा राघवलाई वनवास गर्नु पर्ने
रामको इच्छा यस्तै हुंदा कसले के पो गर्ने । १३७

माझी धेरै हर्षित थियो प्रभुलाई पाई
मस्तसँग चाल्दै थियो माझी डुंगालाई
आफैलाई बिर्सिएछ डुंगा चाल्दा खेरी
मस्त हुदै गीत गाउथ्यो मल्लाहले केही । १३८

राघव उसका साथमा छन् ता बहना जरुरत छैन
जतासुकै नाउ चलोस उसलाई वास्ता छैन
नाथ त्यहाँ छैनन् भने उसलाई डर लाग्थ्यो
रामसीता साथमा छ्दा माझी निडर थियो । १३९

आकाशमा वादल देख्दा माझी हर्षित थियो
मौसम नै राम्रो देख्दा गाना गाउन लाग्यो
माझी लाग्यो गीत गाउन डुंगा खियाई खियाई
क्षण क्षणमा प्रभु पाउमा शिर नुहाई नुहाई । १४०

आकाशको रंग देख्दा गीत गाउन लाग्यो
भक्तिभावले पूर्ण हुँदा माझी धन्य भयो
राग हाली गाउन लाग्दा आफै बिर्सिदियो
राघवको भक्त मध्ये राम्रो भक्त थियो । १४१

गाउदै थियो मुस्कुराई राघवपट्टि फर्क्यो
राघवलाई हेर्दा खेरी साक्षात विष्णु देख्यो
गाना थियो वर्सात्को मतलब अर्कै थियो
मल्लाहको मानस नै रामचन्द्रमा थियो । १४२

गाउदै थियो मल्लाहले आफै मस्तामस्ती
राघवमा उसको थियो अतिपूर्ण भक्ति
बादल एवं राघवको एउटै रुप देख्यो
दुवै उस्तै रुप हेर्दै माझी गाउन लाग्यो । १४३

हे भवनाथ जे जगनाथ तिमी प्राण प्यारा
जिन्दगी मेरो तिम्रै हातमा यो दुःखीलाई लाऊ किनारा
शत शत विन्ति गर्दछु मैले भक्ति नछुटोस् वरदान माग्छु
म तसेवक हुँ प्रभु मालिक हौ करुणा पाउँ विन्ति गर्छु ।१४४

प्रेमपूर्ण मल्लाहको सेवा पूर्ण भयो
यत्तिकैमा डुंगा पनि नदी तीरमा पुग्यो
लक्ष्मण र सीता दुवै रामका साथमा थिए
सबैजना साथ साथै डुंगाबाट उत्रे । १४५

तीनै लोकका नाथसँगै माझी उभिएर
मल्लाहले बिदा माग्यो शिर झुकाएर
राघवका मनमा केही कस्तो कस्तो लाग्यो
आफूसँग केही छैन ज्याला बाँकी रहयो । १४६

उसको श्रम दिनैपर्थ्यो साथमा केही छैन
सीता तर्फ फर्की हेरे मलीनतापूर्ण
पैले शाहाज्यादा हुंदा कैयौ दुःखीलाई
कैयौ वक्सिस दिने गर्थे दुःखी गरीवलाई । १४७

आज आफू फकीर हुंदा केही साथमा छैन
यसकारणले राघवका मनमा शान्ति छैन
माझीलाई ज्याला दिन आवश्यकै थियो
पैसा छैन आफूसँग पर्नु आपद पर्‍यो । १४८

रामको दिल खुला थियो तर केही छैन
ज्याला उसको नदिईकनै विदा भइदैन
सूर्यवंशी राघव थिए राजा किशोर थिए
आज यस्तो हालत हुंदा दिलै खिन्न पारे । १४९

एउटा गरीव मल्लाहको श्रमै दिनुपर्ने
आफूसँग पैसा छैन अब कसो गर्ने
सीता उनका साथै थिइन् मनको भाव बुझिन्
दिनेकुरा साथमा छैन ज्यादै संकुचाइन् । १५०

हिरा सधै हिरा हुन्छ पत्थर सधै पत्थर
मनमा उनको प्रेम हुन्छ गर्ने केले सत्कार
त्यस्ता राजकुमार पनि आज भए फकिर
कैले कस्तो कैले कस्तो रेछ उनको तक्दिर । १५१

मन ता उनको ठुलै थियो ऐले दुःख पऱ्यो
जस्तो आपद पर्छ पनि ज्याला दिनै पऱ्यो
साथमा कुनै कौडी छैन मुखले के पो दिने
जोगी जस्ता राघवले छैन केही दिने । १५२

राघवको मनको कुरा जानकीले जानिन्
अंगुलीको औंठी झिकी राघवलाई दिइन्
यही औंठी दिनु हवस श्रम खानु हुन्न
यसको ज्याला दिनै पर्दछ बाँकी राख्नै हुन्न । १५३

औंठी दिदै भन्दै थिए लेऊ तिम्रो ज्याला
दिनभरकै ज्याला लगी बालबच्चा पाल
हत्तपत्त मल्लाहले भन्थ्यो नम्र साथ
ज्याला पैल्यै लिई नै सकें बाँकी छैन नाथ । १५४

ज्याला मैले पाइसकें नाथले दिनुभयो
पाउ धुने इच्छा थियो धुनै दिनुभयो
प्रभु पाउ धुन पाएँ त्यही ज्याला थियो
पाउ मैले धुन पाउँदा जीवन ऋणी भयो । १५५

जन्मौंजन्म तिर्दा पनि ऋण चुकाइन्न
त्यै ऋणमा डुब्न पाउँदा आज भएँ धन्य
मैले ऋण पैलै लिएँ नाथले दिनु छैन
परिवारकै उद्धार भयो बाँकी केही छैन । १५६

शब्द सुन्दा विह्‍वल भए कोशलपति नाथ
फेरि पनि मल्लाहले जोड्यो दुवै हात
गंगा पार गर्दा खेरी गीत मैले गाएँ
वास्तवमा गीत होइन संकेत मैले दिएँ । १५७

वास्तवमा हामी दुवै एकैनासका थियौं
साच्चै भनौं हामी दुवै साथी साथी भयौं
गंगाघाटको माझी म हूँ तिमी पृथिवीका
गंगाघाटको तट्मा बस्छु तिमी सागर तटका । १५८

मजदूरले मजदूरसँग ज्याला लिनू हुन्न
यदि ज्याला लिइन्छ ता नियम राम्रो हुन्न
आफू आफैलाई प्रभू ऋणी संझन्छौता
फेरि पनि नाथसँगै विन्ति गर्छु एउटा । १५९

नाथलाई नदी तारें मलाई तार्नु नाथ
संसारबाट तार्नु होला विन्ति गर्छु आज
मल्लाहका तर्कपूर्ण शब्द सुन्दै नाथ
फेरि पनि केवटको युक्तिपूर्ण वात । १६०

तिमी शाहन्साह थियौ ऐले फकीर भयौ
आफ्नो सबै श्री सम्पत्ति सबै छोडिआयौ
लेनदेनका कुराकानी आजै गर्नुहुन्न
लेनदेन नै बाँकी रहोस् तिर्न पनि हुन्न । १६१

चौध वर्ष वनमा बसी यही बाटो आउनू
यो वेलाको ऋण पनि त्यसै वेला तिर्नू
माझी धेरै चलाख थियो रामलाई चिन्थ्यो
फेरि पनि दर्शन पाउने इच्छा उसले गर्थ्यो । १६२

उसको मतलव यही नै थियो राम फर्की आउदा
जन्मान्तरै उद्धार हुन्थ्यो नाथको दर्शन पाउदा
जस्तो ऐले दर्शन पाएँ फेरि पनि पाउँछु
कठौतामा पानी राखी पाउ दुवै धुन्छु । १६३

मल्लाहको चातुर्यले ऋणी बनाइदियो
सर्वेसर्वा नाथलाई प्रेमले बाँधी दियो
कौशल्या र दशरथले तपस्थाले बाँधे
तपस्याको प्रभावले पुत्ररुपमा पाए । १६४

मल्लाहले वातैवात्मा रामचन्द्रलाई बाँध्यो
बाचा कवोल गरांईकनै पछिमात्र छाड्यो
त्यो माझीको भक्ति देख्दा नाथ खुशी भए
चौधवर्ष वनमा बसी आउदा भेट्ने भए । १६५

तपले पनि जपले पनि दर्शन दुर्लभ हुन्थ्यो
त्यो माझीको प्रेमले गर्दा सबै इच्छा पुग्यो
धन्य रै ' छ भक्ति त्यसको डुंगा रैछ धन्य
माझी जस्तो भाग्यमानी देखिदैन अन्य । १६६

जन्म त्यसको सार्थक भयो राघव दर्शन पायो
त्यसले गर्दा आफ्नो वंशै उद्धार पनि गर्‍यो
माझी जस्तै भक्तहरु विश्वभरै जन्मून्
राघवकै भक्त बनी महिमा उनकै गाउन । १६७

मल्लाहको भक्ती देख्दा देउता खुशी भए
आकाशबाट फूल अवीर प्रेमले बर्षाइदिए
धन्य धन्य गाउँले माझी धन्य रघुराय
त्यस माझीले दिलैदेखि गुणै गाउन लागे । १६८

राघवले माझीसँग छाती मिलाइदिए
भक्ति गर्दै जीवन बितोस् वरदान पनि दिए
गुह्व निषाद साथै थिए सबै देख्दैथिए
राघवको लीला देख्दा प्रेममा डुब्दै थिए । १६९

साक्षात् विष्णु परमेश्वरले मानव जन्म लिए
पृथ्वीको भार हर्ने जिम्मा आफैं लिए
कोशलको राज्य त्यागी जंगलमा डुल्ने
साधुसन्त व्राह्मणको दुःख विपद बुझ्थे । १७०

माझीलाई बिदागरी यता उता हेरी
गंगाजीमा स्नान गरौं भन्ने कुरा संझी
तीनै जना गंगाजीमा स्नान गर्न लागे
स्नान गरीसके पछि केही शोच्न लागे । १७१

जानकीले गंगासँग विन्ति भाउ गर्थिन्
अयोध्याको कल्याण गरुन् देवताले भन्थिन्
राजारानी सुखी होऊन प्रजा सुखी होऊन्
तेत्तिसकोटी देवताले रक्षा गर्दै गरुन् । १७२

जय जय आमा तिमीले रक्षा गर हे आमा
पाप नासिनी संकट हरणी सुरसरी हे आमा
हरिपदबाट जन्म लिएर विश्व परिक्रम गर्छौ
पापीजनको कल्मस सारा धोई पखाली गर्छौं । १७३

भववारिधि उद्धारिणी गंगा जनहित गर्दै बग्छौ
प्राणीजनको उद्धार गर्दै सबको जीवन धान्छौ
हरिपद पदम्-प्रसता सर्वेसर्वा विमल वारिधारा
व्रह्मदेप भागीरथी शुचि तिमी पुण्या गारा । १७४

शिवजटा विहरिणी हरिणी त्रय तापा
सगर सन्तान गण तारिणी हरणी सब पाप
गंगा गंगा जसले नित्य उच्चारण मुखले गर्छन
जतिसुकै पापी घोर पापिनी सब ती तर्छन् । १७५

मृतकको अस्थी जल पाउनाले क्षणमा पनि त्यो तर्छ
जस्तै पापी घोर पशु होस जल पाउनाले तर्छ
पापी होस् या पातकी होओस् करुणा पाए तर्छ
प्राणी जति छौं यो संसारमा तिम्रै आशा गर्छौं । १७६

जति तटवासी तरुवरधारी जलथल चर प्राणी
चराचुरुङ्गी गति पाउने छन् हे आमा दुःख विनासी
जय जय गंगा आमा तिमीले रक्षा गर हे आमा
दयामयी आमा दुःख नाशिनी दीन दुखीकी हे आमा ।१७७

हामी जान्छौं वन जंगलमा रक्षा गर हे आमा
अयोध्यावासी प्राणीहरुको कल्याण गर हे आमा
हात जोड्दै विन्ति गर्दछु यो पावन स्थलमा
सकुशल फर्कून कोशलनाथ कोशलपुरी महलमा । १७८

दीन दयालु तिमी हौ आमा तिमीले जीवन भर्छौ
आफ्नै जलले प्राण बचाई प्राणी कल्याण गर्छौ
आसिक दिनुहोस् सुरसरी आमा विन्ति गर्छु झुक्दै माथ
विन्ति गर्दै विनय गर्दै वनमा लागिन् राघवसाथ । १७९

झूठो संसार झूठो माया जीवन क्यै छैन
प्राणी सवको रक्षा गर्नु मर्दा साथमा जान्न
जय जय आमा जय जय गंगा रक्षा गर आमा
प्राणीजनको कल्याण गरौ संझी उनै रघुराम । १८०

गंगासँग आसिक माग्दै विदावादी हुँदै
सीता लागिन रामका पछि प्रफुल्लित हुँदै
त्यसबेलाको दृश्य पनि ज्यादै सुन्दर थियो
राघवले तमसासँग विदा माग्नु भयो । १८१

अघि अघि राघव थिए पछि लक्ष्मण थिए
सीता थिइन् मध्यबीचमा सबैसँगै थिए
राम लक्ष्मण व्रह्म जीव सीता प्रकृति हुन्
सूर्य शेषका वीचमा महासीता पृथिवी हुन् । १८२

क्यै किसिमले हिड्दा हिड्दै पुगे तीर्थराज
त्यस पछि ता तीनै जनाले भेटे भारद्वाज
त्रिवेणीको संगममा आश्रम नजिक बग्थिन्
गडगडाउदी नदी थिइन् सूक्ष्म रुपमा बग्थिन् । १८३

त्यै ठाउँमा गंगा जमुना ज्ञान भण्डार त्याही
तीनले पाप नाश गर्थिन् अर्की वरदायिनी
गुप्तरुपमा शारदाश्री साधानामा थिइन्
समाधिमा कस्सिएर गुप्त वासमा थिइन् । १८४

आफ्ना आफ्ना क्षेत्र यहाँ शान्ति उस्तै थियो
गंगाजीमा गीता लाग्दा तत्काल मोक्ष्य मिल्थ्यो
दुईथरीको भिन्ना भिन्नै फलको आशा थियो
एकथरीको फलको पश्चात अर्को पाइने थियो । १८५

शारदा नै प्रशन्न भै रक्षित वरदान
भक्तजनको तिनले गर्थिन राम्रोसँग मान
त्यस्तो उत्तम ठाउँमहा राम पुग्नुभयो
उत्सर्गमा रम्दाखेरी रातै बितिसक्यो । १८६

भारद्वाजले राघवलाई ठूलो आदर गर्थे
केही दिनसम्म बस्नु हवस् प्रार्थना खूव गर्थे
विदा मागे राघवले गर्दै विन्ति भाव
मुस्किलले मुनिसँग विदा भए राम । १८७

निषादलाई संझाउँदै राघवले भन्थे
धेरै दिनसँगै बस्यौ घरमा जाऊ भन्थे
निषादराजको इच्छा छैन एक्लै जानलाई
हरतवरले संझाएर विदा दिए उनलाई । १८८

राघवसँग भेटभयो हित्त चित्त मिल्यो
बस्दाबस्दै दुई थरीमा प्रेम बढ्दै आयो
त्यसकारण रामलाई छाड्न निषाद मान्दैनथे
राघवलाई छोड्न उनले इच्छा गर्दैनथे । १८९

आफ्नै घरमा लानलाई निषाद विन्ति गर्थे
केही दिन ता सगै बसौं पाउ पक्री रुन्थे
घरमा बस्नु हुन्न भने छाप्रो बनाइदिन्छु
मेरो विन्ति लागोस् भन्दै विन्ति भाउ गर्छु । १९०

माताजीको आज्ञापालन मैले गर्नैपर्छ
घरमा मैले बस्नै हुन्न वनमै बस्नुपर्छ
जंगलको राजा तिमी प्रजा पालन गर्नू
प्रजालाई दुःख पर्दा राम्रोसँग हेर्नू । १९१

चौध वर्ष वनमा बस्छु त्यसपछि आउँछु
आउंदाखेरी सर्वप्रथम तिम्रै घरमा पस्छु
त्यसबेलामा आपसमा वार्तालाप होला
हाँसी खुशी मधूर मिलन त्यै बेलामा होला । १९२

राजा छैन भनेदेखि राज्य कमजोर हुन्छ
मौका छोपी शत्रुदलले मनोमानी गर्छ
त्यसकारणले जानु भाइ प्रजावर्ग हेर्नू
आफै बुद्धिमानी हुंदा छैन मैले भन्नू । १९३

विदावादि निषाद भए चित्त दुखाएर
बल्ल बल्ल पाइला चाले हात मिलाएर
रामले पनि निषादलाई फर्किफर्कि हेर्थे
दुवै मित्र दुवैलाई हार्दिक प्रेम गर्थे । १९४

जुन गाउँमा राघव पुग्थे त्यहाँ भीड हुन्थ्यो
तिनको मुख देख्दा खेरी सबको चित्त दुख्थ्यो
ग्रामीणले कुरा गर्थे भाग्य उल्टो रैछ
बालकलाई वनवास गर्नु छाती पत्थर रैछ । १९५

तिनका बाबु कस्ता होलान् स्त्री तालमा नाच्ने
जे भन्छिन् प्रियसीले त्यै त्यै कुरा मान्ने
धन्य आमा सौतेनी ती दुष्ट मूर्ख रैछन्
नर्कवास गर्नलाई तयार भइरैछन् । १९६

ग्रामवासी कैकेयीलाई गाली धेरै गर्थे
जानकीको रुप देख्दा दु:खित हुदै रुन्थे
यस्ता सुन्दर बालकलाई नाहक दोष दिने
सुन्दर फूल टिपीकनै टुक्रा पारी फ्याँक्ने । १९७

यस्ता कोमल बालकमाथि शंका मात्र गर्ने
यस्ता साना बालकले खानै नपाई मर्ने
संसार नै झूठो रैछ मान्छे सबै झूठा
वन्धनमा बाँधिएर संझनु कुन देउता । १९८

साना बालक जंगलमा कुन ठाउँमा बस्छन्
तिनका साथमा केही छैन के खाएर बाँच्छन्
सहानुभूति सुन्दा सुन्दा राघवले भन्थे
सुखदुख भोगनै पर्ने यै हो जीवन भन्थे । १९९

यस्तै गरी गाउँ जंगल तिनी हिड्दै थिए
तीखा तीखा काँढाले नै पाउ घोच्दै थिए
जानकीको पैतलामा काँढा गोपिइन्थ्यो
हत्तपत्त लक्ष्मणबाट काँढा झिकिइथ्यो । २००

राघव अघि लाग्थे सधै सीता वीचमा हुन्थिन्
तीखा तीखा काँढा बिझ्दा भलभली नै रुन्थिन्
लक्ष्मणले काढाँ झिकी पट्टि बाधी दिन्थे
जानकी पाउ समाई लखन सुम्सुम्याउंथे । २०१

बालकको दु:ख देख्दा गाउलेहरु रुन्थे
तिनको खराव हालतले सबै विव्हल हुन्थे
भाग्यलाई दोष दिन्थे ईश्वर पुकार गर्थे
जन्माएर बालकलाई दु:ख नद्यौ भन्थे । २०२

एवं रितले हिड्दा हिड्दै अर्कै ठाउँ पुगे
जानकीसँग बोलचाल गर्न नारी धेरै आए
कुन ठाउँबाट आयौ तिमी तिम्रो घर कहाँ
कुन कारणले गर्दा आयौ तिमी यहाँ । २०३

कुन घरकी लक्ष्मी थियौ किन वनमा आयौ
कुन दुष्टले गर्दा खेरी यस्तो धोका पायौ
कसको साथ विहा भयो कसकी तिमी छोरी
तिम्रो रुप देख्दा खेरी मोहित भयौं हामी । २०४

कुन वंशका सन्तान तिनी कुन आमाका पुत्र
यिनी जस्ता सुन्दर युवक देखिएनन् अन्त
कल्सौदा र गोरा पुरुष को हुन तिम्रा नाता
कुन वंशका उज्ज्वल तारा कुन आमाका प्यारा ।२०५

प्रेमपूर्ण शब्द सुनी लाजले घुम्टो हाली
संक्षेपमा भन्न लागिन् सीता मधुरवाणी
गोरा युवक मेरा देवर लक्ष्मण हो नाम
जन्मेका हुन् कोशलमा राजकुमार जान । २०६

घुम्टोबाट मीठो सीता पुनः बोलिन्
अर्को श्यामल मेरा स्वामी भन्दै मुस्कुराइन्
दाज्यूभाइं भाउज्यू नाता तिनले थाहा पाए
के कारण वनमा आए भन्ने सोच्न लागे । २०७

गाउँले नारी फेरि सोध्थे उनको नाम के हो
भन्नुहोस्न रुपवती वनमा किन आको
भाइको नाम लक्ष्मण भन्ने हाम्ले थाहा पायौ
दाजू चाहिको नाम के हो उत्सुक हुंदा सोध्यौं ।२०८

गाउँले मिल्दै प्रश्न गर्दा सीता जिल्ल परिन्
भनौं भनौं गर्दै थिइन् फेरि चुप लागिन्
गाउँले आपसमा कुराकानी गर्थे
ठूलै आपद पर्‍यो होला नत्र किन आउथे । २०९

प्रकृतिको दृश्य हेर्दै जंगल जंगल घुम्दै
भोक प्यास बिर्सीकनै दु:ख पीडा भोग्दै
कत्रो कुलमा जन्म भयो दु:ख भोग्नु पर्‍यो
खाऊँ लाऊँ भन्ने वेला कहाँको वास भयो । २१०

रामकालागि जंगल पनि कोशल जस्तै थियो
प्रकृतिको दृश्य देख्दा मनै लोभिइन्थ्यो
रामचन्द्रका प्रेमले गर्दा सीता सुखी थिइन्
कोशलको मान संमान सबै बिर्सिदिइन् । २११

वाल्मीकिको आश्रममा मौकाबसले पुगे
आश्रमको दिव्य छटा राघवले देखे
क्षेम कुशल आदान प्रदान आपसमा भयो
वाल्मीकिको यज्ञशाला नाथले देख्नुभयो । २१२

हात जोडी नम्र हुँदै महर्षिलाई सोधे
कुन ठाउँमा राम्रो होला बस्ने ठाउँ पाए
वाल्मीकीजी दंग हुँदै राघवलाई भन्थे
कोशलपति बस्ने ठाउँ बताइदिन्छु भन्थे । २१३

जुन ठाउँमा ब्रह्म हुन्छ त्यही मुकाम गर्नु
प्रकृति र ब्रह्म रम्ने त्यहाँ वास गर्नु
कर्ता कारणकै क्रिया जुन ठाउँमा मिल्छ
त्यस्तो ठाउँमा बस्दाखेरी इच्छा पूर्ण हुन्छ । २१४

आफैं कर्ता आफै भर्ता आफै जगतनाथ
तिमी आफै सर्वेसर्वा सारा ठाउँमा बास
प्रत्येक थलमा प्रत्येक कणमा तिम्रो हुन्छ बास
सर्वसाधारण मान्छे जस्तै सोध्नु हुन्छ आज । २१५

राघवले फेरि सोधे वाल्मीकी वेदान्त
बस्ने ठाउँ सोधेको छु कतै एकान्तमा
वाल्मीकिले विन्ति गरे देव पूजा हुन्छ
नैवेद्य र फूल आदि नित्य चढाइन्छ । २१६

कपूर धूप चन्दनले नित्य पूजा हुन्छ
त्यस्तो ठाउँ बस्नु भए ज्यादै असल हुन्छ
ब्राह्मण र सज्जनको बसोवास छ जहाँ
त्यस ठाउँमा राज हुंदा प्राणी रम्छन् त्यहाँ । २१७

जुन ठाउँमा गुञ्जायमान वेदध्वनि हुन्छ
स्वतन्त्रमा देवताको भजन आदि गुञ्छ
त्यस्तो ठाउँ उत्तम हुन्छ त्यहाँ वास हवस
कोशलनाथको रक्षणमा प्राणी रक्षा हवस । २१८

जुन ठाउँमा जगदीशको नित्य गायन हुन्छ
जुन ठाउँमा छलकपटको वीज अलप हुन्छ
जैले पनि परमेश्वर उच्चारणै हुन्छ
त्यस ठाउँमा बस्नु भए कल्याणकारी हुन्छ । २१९

राघवले भन्नुभयो बस्ने कुनै स्थान
वाल्मीकिको बयान थियो उपासनाको ताल
महर्षिले भन्दै थिए साधू सन्त आगम
भक्ति एवं ज्ञान कथा सब कुराको संगम । २२०

हरि किर्तन हुन्छ जहाँ सब कुराको जमघट
जुन ठाउँमा नित्य सदा कण्ठ सोअहु सोअहं
जुन ठाउँमा ज्ञान प्रचार मिलिजुलि हुन्छ
राघवको पर्णकुटी त्यही रचे हुन्छ । २२१

राघवले भन्नुभयो सुन्नु हवस स्वामी
व्याख्या मात्र गर्नु भयो कविताको खानी
प्रश्न गर्छु एउटा कुरा उत्तर हुन्छ अर्को
वनवासीको प्रश्नले नै लाग्यो क्यारे झर्को । २२२

बस्ने ठाउँ खोज्नु भयो सबै बताइदिन्छु
राघवको चित्त बुझ्ने ठाउँ खोजिदिन्छु
जुन ठाउँमा तुलसीबोट रोपिएको हुन्छ
गाई एवं शालीग्राम पुजिएको हुन्छ । २२३

जसको काम सात्विक एवं निस्वार्थको हुन्छ
दाजुभाइ पितापुत्र एकै मतको हुन्छ
आमा छोरी दिदी वैनी एकै मतका हुन्छन्
तीनका घरमा देवताले वास गर्न आउँछन् । २२४

नारी गृहचर्या गर्छन् केटावर्ग उद्योग
राघवले वास गर्नु हुन्छ सधैं सुयोग
जुन घरमा नारी सदा आँशु धारा प्यूँछिन्
त्यस्तो घरकी लक्ष्मी पनि त्यहाँबाट भाग्छिन् ।२२५

राघवले प्रश्न गरे मन्द मुस्कुराई
वाल्मीकिले भन्दै थिए सुन्नु रघुराई
ईर्ष्या एवं द्वेषको भाव जस्को मनमा हुन्न
रिस रागको भेदभाव जसको मनमा हुन्न । २२६

जसका घरमा शान्ति दियो नित्य वलिरैछ
जसका घरमा परिवारमा मेल मिलाप हुन्छ
घरमा बगोस् प्रेम नदी जाति प्रेमको सागर
त्यसै ठाउँ बस्नु हवस सम्मान वराबर । २२७

जाति धर्म कार्य गर्दा स्वार्थ राखिदैन
इज्जत धाक लाउनलाई इच्छा गरिदैन
कल्याणकारी कार्य गर्दा सदा तत्पर हुन्छ
आफू एक्लै नखाएरै बाँडी खाने गर्छ । २२८

वाह्‍य जस्तो निश्चल हुन्छ भित्री आत्मा निर्मल
लिना दिना कारोवार सबैसँग उज्ज्वल
प्राणी सबैलाई जसले सेवा कल्याण गर्छ
राघवले त्यसकै मनमा राज गर्नुपर्छ । २२९

बाचुञ्जेली सारासँग मेलमिलाप गर्छन्
कमजोरीको रक्षक भई जीवन यापन गर्छन्
जाति धर्म एकै भन्ने जसले सधैं सोच्छ
प्रातः साँझ नारायणको जसले नाम जप्छ । २३०

लखपतिले कंगाललाई तुच्छ ठान्नु हुन्न
सानोलाई घृणा गर्दा कल्याण हुदैं हुन्न
सच्चा न्याय हुन्छ जहाँ समानता हुन्छ
त्यै ठाउँमा बस्नु हवस विश्व प्रेम छ त्यहाँ । २३१

दुःखीलाई दया गर्नु मानवधर्म त्यै हो
सकेसम्म सुख दिनु जातिधर्म त्यै हो
एकवारको जन्म हाम्रो मर्न परिहाल्छ
राम्रो काम गर्छ भने ईश्वर खुशी हुन्छ । २३२

वादि प्रतिवादी भई भाइको विरोध हुन्न
दाजूभाइ लड्छन् भने ईश्वर खुशी हुन्न
निर्धनीको रगत चुस्ने बानी राम्रो हुन्न
साहूले स्वयं सोस्छ भने श्रद्धा गरिदैन । २३३

जसका पति पत्नी सदा नित्य बाझी राख्छन्
त्यस घरको देउता समेत त्यहाँबाट भाग्छन्
आफै मात्र ठूलो भन्दै पत्नीलाई कुट्छ
त्यस्तो व्यक्ति जिन्दगीमा ठूलो दुःख पाउँछ । २३४

जुन देशमा न्याय हुन्छ त्यही ईश्वर रम्छ
जुन ठाउँमा सज्जनको आदर भाउ हुन्छ
त्यस ठाउँमा ईश्वरको सधैं हुन्छ वास
त्यसै ठाउँमा बस्नु हवस सीतापति नाथ । २३५

जुन ठाउँमा नारीलाइ आमा समान मान्छन्
परसंपति खोस्टा जस्तै आत्मैदेखि ठान्छन्
त्यै ठाउँमा बस्नु हवस उत्तम स्थान त्यै छ
उत्तम स्थान पाउँदा खेरी आत्मा सन्तोष हुन्छ ।२३६

जहाँ जसको विश्वास हुन्छ निष्ठा प्रतित हुन्छ
नीनिनियम धर्म हुन्छ त्यहाँ प्रीति हुन्छ
विश्वभरका प्राणीलाई जस्ले माया गर्छ
त्यस ठाउँमा बस्नु भए धर्म प्रचार हुन्छ ।२३७

जसका जसका आधार तिमी जसका शक्ति तिमी
त्यसकै दिलमा वास गर्नु विश्वनाथ हौ तिमी
यै कारणै मैले धेरै ठाउँ बताइदिएँ
विश्वनाथ राम भनी मैले चिन्ही सकें । २३८

यस्तै कुरा गर्दा गर्दै रोमांचित मुनिराय
हात जोडी राघवसँग छाती मिलाइदिए
फेरि केही शोचीकनै बाल्मीकिले भन्थे
एउटा कुनै सुन्दर ठाउँ बताइदिनै लागे । २३९

सर्वव्यापी नारायण शेषशायी तिमी
मानवको रुप लिई जन्मिएका तिमी
पृथ्वीको भार हर्न कोशलमा जन्म्यौ
राक्षसको नाश गर्न वनमा घुमिरैछौ । २४०

जुन राष्ट्रका हिन्दूहरु देवता पूजा गर्छन
गाईलाई लक्ष्मीको रुप तिनले ठान्छन्
जुन आश्रममा भक्तजनको भजन कीर्तन हुन्छ
जुन ठाउँमा सज्जनको मान भाउ बढ्छ । २४१

जसले तिम्रो आश गर्छन् आश पुऱ्याइ देऊ
दुःखी जनको दुःख पीडा तिम्ले हरिदेऊ
पापीजनको पापहरि मोक्ष गराइदेऊ
प्राणी सबै सुखी होउन वरदान पनि देऊ । २४२

सुन्नु हवस विश्वनाथ नजिक चित्रकुट छ
शोकरहित द्वन्दरहित प्रकृतिको वास
मैले हेर्दा योग्य ठाउँ त्यही चित्रकुट
प्रकृति नै सत्यवति छैन कुनै झूठ । २४३

विश्वप्यापी नाथलाई अभाव भन्नु के छ
संसार नै उनको आफ्नै उनकै वसमा चल्छ
राक्षसको नाश गर्न मानव भई जन्मे
निशचरीको नाश गर्ने मौका हेर्दथिए । २४४

कोशलपति प्रशन्न भै चित्रकूटमा पुगे
चित्रकुटको सौन्दर्यले ज्यादै मोहित थिए
त्यै ठाउँमा पर्णकुटी एउटा बनाएर
राम सीता लक्ष्मण समेत बस्थे रमाएर । २४५

# शून्य अयोध्या

चित्रकूटमा पुगे राम झमक्क साँझ पनि पर्‍यो
सुमन्त मन्त्रीले रित्तो बग्गी ती फर्कनु भयो । १

रामचन्द्र हुंदा रथमा सुमन्त अति खुश थिए
थिएनन् फर्किंदा राघव घोडा ती अनि आत्तिए । २

जाँदामा भगवान राम बसेका त्यस बस्तीमा
भगवान नहुंदा ऐले अन्धकार सब ठाउँमा । ३

वीर तिनले गर्थे वास अब शून्य मशान भयो
सुमन्त मन्त्रीको शुद्धि बुद्धि सारा गुमी सक्यो ।४

घोडा हिड्दै बस्थे कत्ति के गर्नु मन्त्रीले पनि
वनवास गए राघव लोक संसारका पति । ५

घोडालाई पर्‍यो आपद हिड्नलाई कठिन भयो
राघवका साथ साथैमा घोडाको शक्ति नै घट्यो । ६

नहिडेका हुंदा घोडा मन्त्रीले खूब पिट्दथे
अकेलै फर्किनु पर्दा अत्यन्तै दुःख मान्दथे । ७

घोडालाई दिए कोर्रा जति कोर्रा दिए पनि
नहिडेको हुंदा उनले सकेनन् बोल्न क्यै पनि । ८

हाँक्दथे बग्गी विस्तारै घोडा खूब हिनहिनाउथे
कडा पिटाई खाँदामा जथाभावी दगुर्दथे । ९

जंगली मृग झैं मानो घोडा वेजोड कुद्थे
पाउँदा मन्त्रीको थप्की फुंकारमारी अड्दथे । १०

राम शब्द सुनेमात्र हिड्न छाडेर अड्दथे
पछाडि फर्किदै हेर्दै आँसुधारा बगाउँथे । ११

अज्ञानी पशु ती घोडाको अवस्था त्यो विषय थियो
मन्त्री सुमन्तको हालत सोचौ ता के कसो भयो ।१२

ज्यूँदा हुन या तिनी मूर्दा अरथीमा छ्न कि झैं थिए
घोडाका पीठमा कोही बसेका ती कतै गए । १३

दिनमा मन्त्री अवध पुग्दा त्यहा जनजातिले
आएरै गर्दथे प्रश्न सीता राघव कहाँ छुटे । १४

यस्तै कुराहरु सोची रातमा दरवार पुगे
ढोकाको वाहिरै बग्गी राखेर तिनी भित्रिए ।१५

मन्त्रीले देख्दथे राजा साधारण व्यक्ति झैं थिए
पुत्र वियोगले गर्दा हा ! राम राम जप्दथे । १६

शोकको अग्नि ज्वालामा भित्र भित्रै उनी जल्दथे
बगाई आँसुका धारा रामको नाम जप्दथे । १७

कर्मयोग भनौं या त मायाको नदमा डुबी
अथवा सूर्यवंशीको परीक्षा हो कि त्यो पनि । १८

अस्तव्यस्त शिथिल अंग क्षणमा मूर्छा ती पर्दथे
प्रत्येक स्वास प्रस्वासले रामको खोजी गर्दथे । १९

पर्खेका उनले कोही अवश्यै हुनु पर्दछ
मन्त्रीबाट कुनै मीठा आशाका शब्द सुन्नुछ । २०

राजाका सामुमा आई प्रणाम मन्त्रीले गरे
राजाको मुखले झट्टै खोई राघव कहाँ भने । २१

यसकै प्रतिध्वनि झट्ट कोठामा गुंजियो पनि
सोद्धथे झ्याल ढोकाले खोइ कहाँ राम छन् भनी ।२२

त्यसवेला मन्त्रीको हालत वयानै गर्न मुस्किल
के भन्नू कसरी भन्नू के भन्दा चित्त बुझ्दछ ।२३

तुरुन्तै प्रश्न फेर आयो आकाशबाट नै त्यहाँ
आकाशले पुनः सोध्दैछ श्रीरामचन्द्र छन् कहाँ ।२४

विश्मित भै दशरथ सोध्थे प्यारा पुत्र कहाँ गए
यदि पुत्र नफर्केमा जानेछ प्राण निश्चय । २५

ए मन्त्री भनिदेऊ चाँडो उज्याला राम छन् कहाँ
राम छैनन भने यहाँ निभ्नेछ वत्ती देशमा । २६

रामको नाम सुन्दामा मन्त्रीको होश क्यै खुल्यो
त्यहाँबाट गएदेखिन सारा विस्तार वात भयो ।२७

बग्गी खाली गराएर डुंगामा राम चढ्नुभो
हेर्दा हेर्दै तुरुन्तै नै श्री गंगा पार गर्नुभो । २८

संहालेर मुटु आफ्नो मन्त्रीले विन्ति गर्नुभो
वज्रपात ठूलो जोडले राजाको मुटमा पर्‍यो । २९

सुमन्त अति चिन्तित भै मुस्किल्ले विन्ति गर्दथे
सुन्दामा रामको आपद भूपति खुइय्य गर्दथे । ३०

कारुणिक शब्द मन्त्रीका सुनेर आँसुका झरी
सम्बोधन काललाई गर्दै पुकार्थे यमदूत पनि ।३१

राघवको त्यो विपद सुन्दा भूपको चेतना गयो
भयंकर दुःख आपदले राजाको मुटुनै जल्यो । ३२

बलेको वत्ती त्यो मानो निभ्न लाग्दा मलीन भै
त्यस्तै गरी स्वयं राजा विलाप गर्थे अधीर भै । ३३

तड्पेर सुस्केरा फेर्थे होश उनको सबै उड्यो
शरीरले धर्म छाडेर प्राण जान तयार भयो । ३४

थिए ती मृतशैयामा सिद्धियो सुख भोग जति
श्री रामको वन यात्रामा राजाको हाय दुर्गति । ३५

राजा भन्थे के साच्चै नै पुत्र वनवासमा गए
दशरथ अव बाँच्दैन अकालैमा कठै मरे । ३६

नढाँटी भन हे मन्त्री कुन ठाउँ कसरी पुगे
कठै ती जानकीलाई आपद पीडा सबै परे । ३७

रामका साथमा लक्ष्मण साथमा जानकी गइन
कोमलाङ्गी सीता ज्ञानी भीषण आपदमा परिन ।३८

बल बुद्धि गयो सारा मनको आश नै गयो
बाँचेर अब के गर्ने मुटुमा अग्नि सल्कियो । ३९

छटपटिरैछु हे ईश्वर जगत जाल्मा फसिसकें
गरौला कति शोख भन्थें ज्यूदैमा यसरी मरें । ४०

जैले यो भवमा आएँ मेरो भन्ने यहाँ सिर्के
जाने वेला भयो मेरो पापको तालमा डुबें । ४१

मानिस रैछ अति स्वार्थी स्वार्थमा नै त्यो रम्दछ
स्वार्थकै तालमा डुब्दा वेदना भोग्नु पर्दछ । ४२

संसार यो धर्मशाला हो युगौसम्म यो अड्दछ
यात्री एउटा यहाँ आउँछ अर्कोले छोड्नु पर्दछ ।४३

सामान सामान जे जे छ त्यो धेरै बर्ष अड्दछ
तर प्राणी भने यहाँ आएरै जानु पर्दछ । ४४

जगमा यदि छौ सज्जन मेरो यो गति हेरी द्यौ
शान कस्तो थियो मेरो ऐलेको गति हेरी द्यौ । ४५

त्यसैवेला महिपाल्का कानमा क्यै कुरा गुँज्यो
आएको हो कतैवाट ती शब्द कानमा पऱ्यो । ४६

आँखा तानेर ता हेर दुनिया मतलवी मुहान
आफ्नै कल्याण त्यो गर्छ गर्दैन अरुको उठान ।४७

जो आफ्नो पुत्रलाई आमा सौगन्धी फूल भन्दछे
सौतेनी पुत्र जो हुन्छ त्यसलाई शूल ठान्दछे । ४८

नारी हुन जिद्धिकी केन्द्र जिद्धिमा नित अड्दछे
यदि बुझ्दैनता चित्त लंकाकाण्ड मचाउँछे । ४९

जसका हुन्छन् वहुंपत्नी त्यस्ताले दुःख पाउँछ
हैरानी आफूले पाई पत्नीलाई सताउँछ । ५०

बुद्धिमान पतिको दोश्रो विवाह कहिल्यै नहोस
पात्तिएर गरेदेखिन ज्यूदैमा लाश त्यो बनोस । ५१

गानाको यो थियो तान या त वैराग चित्तमा
यसरी गुन्जिदै आयो राजाको मन चित्तमा । ५२

बलेको वत्तीको ज्योति प्रशस्त हल्लिदै थियो
सुतेका मणिभूपालको हृदय तौलिदै थियो । ५३

मौकाको फाइदालाई पर्खिन्थे जनता सबै
विश्वासै गर्न सकिएन यस्ता छन् दुनिया अझै । ५४

संसारै दुनियाँ स्वार्थी तिनको छाती कठोरछ
अति प्यारो जीवनलाई छोडेर जानु पर्दछ । ५५

नारकीय जीवनलाई धिक्कारै दिन सक्दछु
अधिकारै कुनै छैन यसलाई किन साँच्दछु । ५६

निरर्थक जिन्दगी मेरो धिक्कारै छ जीवनभर
लाश जस्तै जीवन मेरो मर्नलाई छैन क्यै डर । ५७

हरे ईश्वर तुरुन्तै नै जीवन वन्धन तोडी द्यौ
माया मोह र वन्धन यो स्वतन्त्रै पारी छोडी द्यौ ।५८

हरे ईश्वर तिमीले नै मलाई यातना दियौ
मेरो यो दुर्दशा देखी प्रशन्न मनमा भयौं । ५९

किटान गरी भन्दैछु संसारै स्वार्थी छन् पूरा
यो स्वार्थी दुनिया छोडी जादैछु कर्म भो पूरा । ६०

साराको दुर्दशा हुन्छ जन्मेर यस भूमिमा
पालैपालो गरी आउँछ सबैको जिन्दगीमहाँ । ६१

देखिदैन कतै न्याय अन्यायै छ जतातातै
न्यायको वीज नै छैन बाँचेर पनि हुन्न क्यै । ६२

बस्नै सक्तिन हे ईश्वर शोक चिन्ता बढाउदै
चाडैनै तन यो छोड्छु माया मोह हटाउदै । ६३

मेरो यो निर्घृणी जीवन क्षणैमा भष्म पारिदेऊ
भास्सिएको जीवनलाई तिमी आई उतारिदेऊ ।६४

आगो बालेर दन्दन्ति ज्यूदैमा लगी होमी देऊ
दुश्मनदेखि छुटाएर मलाई मृत्युदण्ड देऊ । ६५

सकेसम्म हुनेसम्म सजाय यातना दिनू
बस्नेले सुखभोग गर्नु पर्दैन क्यै हतारिनू । ६६

मलाई ज्यूनको इच्छा विल्कुलै छैन भूमिमा
दयालु मृत्यु देउता छौ म सुत्छु अग्निकाखमा । ६७

कैकेयी या अरु कोही महलमा बसी राज गरुन
रामचन्द्र दुःखी पुत्र वनमा भौतारिदै हिड्रून । ६८

कालो बादल आकाशमा निरन्तर छाइनै रहोस
भूवन भास्कर तिमी आई महलमा यो निवास होस् ।६९

कैकेयीको पुगोस इच्छा आत्मैदेखि म भन्दछु
काल आई टिपोस चाँडै पुकारा यही गर्दछु । ७०

जुनकीरी झैं गरी पिलपिल प्राणवत्ती यो बल्दछ
बस्नू है खुशीका साथ दशरथ प्राण त्यागदछ । ७१

परमेश्वरले सबै देख्छ संसारमा स्वार्थ चल्दछ
हिड्ने छन् सब त्यै बाटो दशरथ नर्क कुर्दछ । ७२

संकल्प कामना जान्छन् संसारै शून्य बन्दछ
नृपतिका जीवनसाथै आकाश पाताल फुट्दछ ।७३

म एउटा पापी रै छु शान छैन यहाँ कुनै
कैकेयीको बड्यो शान चलाउन् राज्य यो उनै ।७४

प्यारो पुत्र गई वनमा चौध वर्ष त्यहीँ बसोस्
कैकेयीले गरून राज्य उनकै आदेश चलिरहोस । ७५

आकाशमा बादलै कालो निरन्तर छाइनै रहोस्
म जस्ता दुखीको जीवन अन्धकार्मा डुविरहोस् । ७६

रमापति जगतनाथ महललाई नबिर्सनू
रामचन्द्र गए वनमा आसिर्वाद सधै दिनू । ७७

संसारै अन्धकार देख्छु तैपनि प्राण बल्दछस्
रामचन्द्र गए वनमा त्यसैले हो कि भन्दछस् । ७८

महलमा वत्ती बल्दै जा म छोड्छु तन यो पनि
म जस्ता स्वार्थी भूप आए जाँदैछन् पाई दुर्गति ।७९

संसारै स्वार्थले पूर्ण सज्जन छैनन कतै पनि
म पनि स्वार्थको पिण्ड त्यसैको फल यो गति ।८०

वग्गी चल्दैछ बाटोमा म जादैछु कता कता
सत्यलाई अंगाल्दामा मुटुमा छन् व्यथैव्यथा । ८१

आशा इच्छा केही मेरा यहाँ नै बसी नै रहू
एक पल्ट प्रिय पुत्र भेट्नलाई कतै रहूँ । ८२

यस्तै वेहोशमा बोल्दै राजा मुर्छित भैगए
राजाको दूर्दशा देख्दा देख्ने ती शोकमा डुबे । ८३

वेहोशमा भूपति बोल्थे राम मेरा कहाँ गयौ
अन्यायमा पऱ्यौ हाय अनि पो वनमा गयौ । ८४

राम सीता लक्ष्मण भन्दै वेहोश भै नृप मूर्छिए
राजाको यो दशा देख्दा सुमन्त अति तर्सिए । ८५

राजा मूर्छित देख्दामा कौशल्या पनि आत्तिइन्
तुरुन्तै रामको तस्वीर ल्याएर हातमा दिइन् । ८६

राघवको चित्र देखेर राजा चित्रवतै भए
केही क्षण मात्रका लागि राजा जीवन मृत भए ।८७

कारुणिक दृश्य त्यसवेला लेखेर सकिदैन क्यै
हे राम_भनी एक फेरा भए मूर्छा तुरुन्त नै । ८८

बल्लतल्ल खुले आँखा उनको हालत खराव थियो
नबुझिने खालका प्रश्न राजाबाट हुदैथियो । ८९

कौशल्ले हेर त्यो क्या हो के हो त्यो भनिदेउ प्रिय
होइन त्यो विल्कुलै होइन कहाँ को को कता गए ।९०

अहो त्यो डरलाग्दो छ मैलाई मार्न आउँछ
चिन्हे लौ बल्ल त्यसलाई मैलाई नै सताउँछ । ९१

कौशल्या हेर त्यो कस्तो डरलाग्दोसँग हेर्दछ
देखाउँदै धार तरवारको मलाई मार्छू भन्दछ । ९२

आँखा चिंलेर क्यै सोच्दा मनमा संझना भयो
विगतका घटना केही कौशल्या सुन भन्नु भो । ९३

जवानीको थियो बेला वलमा मस्त खूव थिएँ
शिकार खेल्नमा सोखिन सीपालु म छँदै थिएँ ।९४

घना वनमा गएँ एक्लै मृग एउटा देखापऱ्यो
त्यसैको खोजीमा दौडें मृग भागेर गै गयो । ९५

यत्तिकैमा सुनें मैले कुनै शब्द अपर्झट
कानमा पर्न आएको आवाज हो नदीकै तिर । ९६

पक्का नै मृगको आवाज आएको हुनु पर्दछ
सरयू नदीको पानी पिएको हुनु पर्दछ । ९७

धनुर्वेदको थियो ज्ञान त्यसमा म निपूण थिएँ
लक्ष्य या शब्द बोध दुइटै दुवैमा म निपूण थिएँ ।९८

शब्द नै लक्ष्य राखेर आफ्नो वाण तयार गरें
अभिमन्त्रित गरी मैले तुरुन्तै वाण छोड्दिएँ । ९९

जहाँ पुग्नु थियो वाण पुगेर त्यो सफल भयो
जसको प्राण लिनु पर्थ्यो त्यसैको छातीमा विझ्यो ।१००

घटना संझदा छाती धड्केर होश उड्दछ
किन यस्तो गरें काम पश्चातापले सताउँछ । १०१

जे कुरा भन्न खोज्दैछु बोलीनै अवरुद्ध छ
घटना त्यो भनौंभन्दा छातीमा अग्नि बल्दछ । १०२

वाण लाग्दा तुरुन्तै नै आउथ्यो करुणा पुकार
आत्तिएथ्यो मुटु मेरो सुन्दामा दुःखका विलाप । १०३

हड्वडाई पुगें त्यहाँ के कारण के भयो भनी
म जस्ता दुष्टका हातले गरायो प्राण छट्पटी । १०४

अघि बढ्दै थिए पाइला विलाप अति चर्कँदै
प्रकृतिले पनि गाली गर्दथिन अति भर्कँदै । १०५

म जस्ता दुष्टका हातले ब्राह्मणको त्यो दशा भयो
घटना त्यो संभ्रुदा ऐले मुटु नै सन्न भैसक्यो । १०६

अगाडि बढ्दथें एक्लै उति नै मन आत्तियो
कस्तो काम गरें भन्ने हृदयबाट सोचियो । १०७

हाहाकार पर्‍यो मनमा हृदय नै अतासियो
निर्मल आकाश त्यो वेला तुरुन्तै नै अधेरियो । १०८

पुगेथें सरयूतिरमा कष्टले कोई रुदैथियो
हे आमा म मरें भन्दै मरणान्त हुदैथियो । १०९

हावा भैं हुरिंदै वेगले म त्यसको नजिकै पुगें
वेदना कष्ट देख्दामा म आफै चित्रवत भएँ । ११०

कारुणिक आर्तनाद सुन्दा आकाशमा रविले पनि
दुःखमा दुःख बाँडेथे आफ्नो तेज मलीन गरी ।१११

जखमी हाल हवाल देख्दा होश मेरो गुमी सक्यो
शरीर मेरो थियो त्यहाँ होश चैतन्य नै गुम्यो ।११२

मनमा धैर्य बाँधेर प्रश्न मैले स्वयं गरें
हत्या गर्ने स्वयं मै हू सजाय माग्दछु भनें । ११३

अयोध्याको म हूँ राजा हत्यारो हद दुष्ट हूँ
शिकार खेल्नका लागि आएको एक अभागी हुँ ।११४

निर्दोषी व्यक्तिलाई मैले हत्या गर्न अघि सरें
मृग संझें खै मैले आफ्नो वाण प्रयोग गरें । ११५

आफैले त्यस घायलको छटपटि देखी आत्तिएँ
विझेको वाण यी हातले विस्तारै त्यो भिकिदिएँ ।११६

गोपिएको भिकें वाण त्यसवेला रक्तधार बग्यो
अति भीषण कोलाहलै चर्केर चौ दिसा गुँज्यो ।११७

ऐया आमा पिता भन्दै उनका नैन खोलिए
करुणा आर्तले गर्दा आँखा मेरा जलै भए । ११८

बदला लिनलाई हो कि अनुहारले केही भन्दथ्यो
निर्दोषीका नयन देख्दा सरापेको जरुर थियो । ११९

विचारै नगरी केही अपराधी आफू नै भएँ
राजा भैकन कोशलको ब्राह्मण ज्यान मार्दिएँ ।१२०

वेदनाले भरिपूर्ण घाइते बोल्थ्यो क्यै कुरा
दर्शन पाएर राजाको हुन गो कामना पूरा । १२१

वाण लाग्दा भएँ धन्य म जान्छु परलोकमा
कीर्ति आफ्नो फिजाएर बाच्नुहोस् यस लोकमा । १२२

शिकार खेल्न आएथ्यौ शरीर मेरो शिकार भयो
राजाको दोष क्यै छैन प्राणी हूँ मर्नु पर्दथ्यो । १२३

आयु मेरो भयो अल्प आफ्नै लोकमा म पुग्दछु
जाने वेला भयो मेरो आवश्यक शब्द बोल्दछु । १२४

मलाई बाबु आमाले भन्दथे श्रवणैकुमार
दम्पति दुईटै अन्धा गर्थे म उनको स्याहार । १२५

म एउटै पुत्र हुँ तिनको सहारा तिनको म हूँ
अति नाजुक अवस्थामा परेको एक अभागी हूँ ।१२६

तीर्थ गर्ने भयो इच्छा तिनको इच्छा पुऱ्याउन
डालोमा तिनलाई राखी बोकें तीर्थ गराउन । १२७

धेरै तीर्थ गराएर ल्याएथें अति हर्षले
थकाईको हुंदा कारण तड्पिए अति प्यासले ।१२८

राखेर वीच बाटोमा पानी ल्याऊ भनी यहाँ
पानी भरौं भनि घैला डुबाएँ सरयूमहाँ । १२९

अपर्झट वाण आएर छातीको वीच रोपियो
घैला झिक्न नपाउँदैमा प्राण जान तयार भयो ।१३०

आएको पानीका लागि पानी भन्दै ती माग्दथे
यदि पानी मिलेदेखिन पिएर प्यास मेट्दथे । १३१

यदि सकिन्छ ता राजा तिनको प्यास मेटाउनू
अवश्यै तिनी बाँच्दैनन् रुकेसम्म बचाउनू । १३२

भाग्यमानी भएँ सेवारत मर्न पाउँदा
बरु धोको रहयो बाँकी प्यासीले जल नपाउँदा ।१३३

प्रार्थना गर्दछु ईश्वर विनम्र भीख माग्दछु
जन्म जन्मान्तर उनका कोखमा जन्म माग्दछु ।१३४

जुन ठाउँमा पिता माता जन्म लिन्छन् निरन्तर
उनकै कोखमा जन्मौं उनकै पुत्र भैकन । १३५

पिताको गरदा सेवा म हुन्थें हर्ष गद्गद
दुर्दशा तिनको सोच्दा मुटु पोल्दछ भतभत । १३६

हे ईश्वर प्राण यो जाओस पितालाई शोक क्यै नहोस्
पितामा भक्तिको भाव जन्म जन्मान्तरै रहोस् । २३७

संसारको सुख दुख जे होस ज्यूदैमा सब भोगियो
संझदा मन आत्तिन्छ पिताको कुन दशा भयो । १३८

भोग्नै पर्दछ ज्यूँदाले भगवानकै खटन् छ यो
मेरै कारणले गर्दा अकालमा जिन्दगी गयो । १३९

आमा बाबु दुवै अन्धा तड्पे होलान पियासले
म जादैछु जगत पारी जे गर्छ गर्छ दैवले । १४०

पानी पियाउनु होला तिनको प्यास मेटाउनू
पुत्रलाई दिनु आसिक मेरो विन्ति सुनाउनू । १४१

विल्लीवाठ पऱ्यो हाम्रो कालका मुखमा पऱ्यौं
सोचेर भन्नुहोस् राजा हामीले के विराम गऱ्यौं ।१४२

अन्धा ती दम्पतिलाई घटना यो सब भन्दिनू
संझाएरै बुझाएरै आश्वासन नृपले दिनू । १४३

प्रकृतिको चट्याङ्गलाई शिरमा थाप्नु नै पऱ्यो
वाण लागेर यो छाती पीडाले धड्किनैरह्यो ।१४४

प्यासीको संझना आउँदा प्राण जान कठिन भयो
त्यसैले हो कि हे राजा शरीरमा छ्टपटि बढ्यो ।१४५

प्राण मेरो जानै लाग्यो बाँचने आशै छैन
एउटा कुरा विन्ति गर्छु अर्को गर्ने छैन

वृद्ध मेरा बाबु आमा तड्पे होलान् प्यासले
श्रवणकुमार भन्दै होलान् पानी प्यूने आशले । १४६

अन्धा बाबु आमालाई घटना पत्तो छैन
पानी लिन छोरो गयो अझै आउँदैन
शोक सुर्ता संगालेर चिन्ता बढ्दै होला
झट्ट गई आफैले नै घटना भन्नु होला । १४७

यो लोटाको पानी लगी मेटाउनू प्यास
उनको चित्त बुझाई दिनु गर्छु मैले आश
कण्ठसम्म प्राण आयो शरीर यो निस्काम
अन्धा आमा बाबुलाई धेरै धेरै प्रणाम । १४८

यस्तै विलाप गर्दागर्दै श्रवण परलोक भए
साथ साथै इन्द्रिय नै सबै निस्काम भए
ज्यूदो मूर्दा आफै भएँ संझना क्यै छैन
व्याधा एवं पापी हुंदा केही संझिदैन । १४९

सामून्नेमा लाश थियो छाती बीचमा वाण
प्रकृतिले भन्दै थिइन गयो उसको प्राण
सरयूका लहरले नै भन्दै आमा बाबा
प्रत्येक जीव जन्तु भन्थे ऐय्या आमा बाबा । १५०

कानमा ध्वनि गुन्जिरह्यो श्रवण प्यारो छोरा
प्रतिध्वनि गुन्जिरह्यो श्रवण मेरो छोरा
त्यसवेलाको आपद विपद भनी साध्य छैन
ऐले पनि संझिदामा छाती सम्हालिन्न । १५१

हत्यारो हुँ पातकी हुँ जानै पऱ्यो गएँ
आफै पापी भैदिदामा आकुल व्याकुल थिएँ
अन्धा आमा बाबु कहाँ पानी बोकी गएँ
के भनेर पानी दिउँ केही सोच्दै थिएँ । १५२

बल्ल बल्ल धैर्य बाँधी नम्र हुँदै बोलें
पानी लिनुहोस भनी पानी हातमा दिएँ
अन्धा अन्धी व्याकुल हुदै सोध्थे अवेर किन
धेरैवेर पर्खिरह्यौं कहाँ गयौ लिन । १५३

सरयूबाट पानी नल्याई गयौ क्यारे टाढा
आपद पीडा क्यै पऱ्यो कि सबै भन पूरा
ज्यादै ढिलो भयो भनी हामी आत्तिएका
ठूलो श्वरले श्रवण भन्दै हामी चिच्याएका ।१५४

शीत ठण्डी लाग्यो क्यारे बोल्न सक्या छैनौ
तिम्रो स्वास्थ्य ठिक्क भने चिन्ता गर्ने छैनौं
निकै वेर सोचिराखें के पो उत्तर दिनू
नबोलेर सुखै छैन चूपचाप कति लाग्नू । १५५

अयोध्याको राजा म हुँ कैल्यै झूठ बोलिन्न
रघुवंशी राजा भई मिथ्या अगालिन्न
जस्तोसुकै दण्ड पनि भोग्न तयार थिएँ
अयोध्याको राजा स्वयं हत्यारो नै भएँ । १५६

महामते महामती होइन श्रवण कुमार
धोकेवाज हत्यारो हुँ कोशल महीपाल
शिकार खेल्न निंति आएँ ठूलो धोका पाएँ
मृग संझी श्रवणलाई वाण ताकी हानें । १५७

मेरै वाणले मारिएका पितृभक्त छोरा
उभिएको हत्यारो म होइन श्रवण छोरा
आफ्नै गोडा वन्चराले काठ संझी हानें
मृग संझी श्रवणलाई मेरै वाणले मारें । १५८

बल्ल बल्ल कंपित भै सबै भन्नु पऱ्यो
अन्धा दुवै दम्पतिलाई निकै आघात पऱ्यो
मुस्किलले अन्धा भन्थे गर्नु गराई हालिस्
प्राण मेरो उड्नै लाग्यो व्रह्म हत्या गरिस् । १५९

प्राणै छैन भनेदेखि शरीर कहाँ अडने
प्राण उडी जान्छ भने शरीर आफैं ढल्ने
दुष्ट पापी राजा रैछौ पुत्र मेरो माऱ्यौ
सूर्यवंशी राजा तिमी कालो दाग लायौ ।१६०

निर्दोषी त्यो पुत्र मेरो व्यर्थ मारिदियौ
सूर्यवंशी उज्वलता कालोटीका लायौ
पुत्र मेरो मारिदियौ कसको लागि बाँच्नु
श्रवणका साथ साथै प्राण स्वयं तोड्छु । १६१

तिम्रो पानी चाहिएन प्राण त्यसै जान्छ
श्रवणको साथ पुग्दा प्यास मेरो मेट्छ
जुन ठाउँमा श्रवण पुग्यो त्यही ठाउँ पुग्छु
त्यस्को हातको पानी पिई तिर्खा मेटाउछु । १६२

तिम्रो आवाज सुन्दाखेरी कालै जस्तो लाग्छ
हत्याराको हातको पानी विषै समान लाग्छ
दम्पतिनै अन्धा अन्धी सहारा कोइ छैन
सहारा नै छैन भने अब बाँचिदैन । १६३

हाम्रो लागि पलभर पनि कल्पौं जस्तो लाग्छ
तिम्रो हातको पानी प्यून जहर जस्तै लाग्छ
निर्दयीको हातको पानी कुन मूर्खले प्यूछ
श्राप दिन्छु सुन्दै गर मेरो श्राप लाग्छ । १६४

हत्याराले ल्याको पानी विषै विष हुन्छ
जीवन मरण दुवै वेला पुत्र पानी दिन्छ
जस्तो काम तिम्ले गर्‍यौ त्यस्तै फल मिल्छ
ध्यान देऊ कोशलपति अन्धो सराप दिन्छ । १६५

जस्तोसँग वृद्ध अन्धो मर्छ शोकाकुलमा
यस्तैगरी व्याकुल हुदै मर्छौ वूढेस कालमा
पुत्र चिन्ता गर्दै गर्दै आज मरेको छु
आत्मैदेखिन कडा सराप तिमीलाई दिएको छु ।१६६

मेरो सामू आऊ राजा तिमलाई सराप दिन्छु
यस्तैगरी तड्पितड्पि प्राण जावस भन्छु
पुत्र पुत्र भन्दा भन्दै प्राण मेरो जान्छ
त्यस्तै गरी पुत्र शोकमा तिम्रो प्राण जान्छ । १६७

यस प्रकारको श्राप दिई पुत्र श्रवण भन्दै
उत्नीखेरै प्राण त्यागे श्रवण आएँ भन्दै
दिक्क हुँदै शोचिरहें उपाय नै छैन
व्राह्मणको श्रापलाई टार्न सकिदैन । १६८

श्राप दिई अन्धा गए स्वर्ग पुरी तर्फ
छट्पटिदै अन्धी उता रुदै घुक्क घुक्क
पुत्रसँगै प्राणनाथ स्वर्ग जानुभयो
ज्यूने आधार छैन भने बाँच्नु व्यर्थ भयो । १६९

पैलेदेखि अन्धा थियौं आधार पुत्र श्रवण
आधार कुनै छैन भने यसैवेला मरण
श्रवण प्यारो पुत्र भन्दै प्राण जानै लाग्यो
काख र सुहाग शुन्य गरी बाँच्नु व्यर्थभयो । १७०

व्रह्म जहाँ जीव त्यही प्रकृति नै त्यही
जाने आउने बराबरै मानव गति त्यही
पुत्र पति दुबै गयौ तिम्रैसाथ आउंछु
पुत्र पति नाम लिदै प्राण मेरो त्यागछु । १७१

जुन ठाउँमा पुत्र गयो पिता त्यही गए
त्यै ठाउँमा आउनै लागें छैन कुनै भय
ध्यान देऊ कान देऊ मेरो सरापलाई
मैले पनि सराप दिन्छु हत्यारो भूपलाई । १७२

हृदयमा अग्नि बलोस कैल्यै निभ्ने छैन
अन्धी वृद्धा स्राप दिन्छु मिथ्या हुनेछैन
कर्म विहीन लाश देख्दा छाती फुटी राख्छ
तिम्रो लाश कर्म विहीन मेरै सराप लाग्छ । १७३

यस्तै गरी सरापेर विलाप गर्न लागिन
सराप दिदै डगमगाई एकक्षणसम्म कामिन
माथि हेर्थिन तल हेर्थिन अलापेर रुन्थिन
जसले मेरो पुत्र मार्‍यो शान्ति नहोस् भन्थिन ।१७४

विनाकालै पुत्र गयो पिता स्वयं गए
आफैं पनि आउन लागें छैन कुनै भय
नबिर्सेर संझीरहून मेरा सरापलाई
तिमीले पनि मर्नु परोस संझी पुत्रलाई । १७५

पुत्रलाई मारी हाल्यौ अन्त्येष्ठिको काम
कर्मविहीन लास रहयो विना क्रियाकाम
त्यस्तै गरी तिम्रो पनि यस्तै गति हुन्छ
हाम्रै सराप अवश्य नै संझी राख्नु पर्छ । १७६

यस्तै गरी रुदै रुदै संझी पति पुत्र
अन्धी पनि स्वर्ग गइन जीवन पार्दै अन्त
के के गरौं कसो गरौं भन्दै सोची राखें
एकै रातमा तीन जनाको हत्या भयो सम्झें । १७७

आफ्नो गल्ती स्वीकारेर आफैं मौन भएँ
अपराधीको काम गर्दा नरक जाने भएँ
आपद पऱ्यो कसो गरौं ज्यादै हडबढ भयो
व्राह्मणको सराप लाग्दा मनै वेहोस भयो । १७८

तिनकै सराप संझिदामा शुर्ता धेरै लाग्यो
खराव साइत पर्दाखेरी पाप बोक्नु पऱ्यो
धैर्य गरी सोचिराखे पापलाई भोग्नु पर्छ
हत्यारालाई मृत्युदण्ड पाउनु असल हुन्छ । १७९

अन्जानमा हत्या गरें स्वीकार गर्नै पऱ्यो
व्राह्मणको श्रापलाई शिरमा राख्नु पऱ्यो
त्यसवेलामा सन्तान पनि जन्मिएको छैन
व्राह्मणको श्राप पनि झूठा हुनेछैन । १८०

वास्तवमा तिनको श्राप मिथ्या नभै सच्चा
तिनकै श्रापले गर्दा खेरी जन्मे चार बच्चा
यस्तै कुरा सोचीकनै तिनको संस्कार गरें
संस्कार कर्म आदि गरी कोशलतर्फ फर्कें । १८१

ऐले तिनै अन्धः अन्धी सामुन्नेमा देख्छु
अन्धा अन्धी काल बनी बोलाएको सुन्छु
फर्केर त हेर प्रिया बोलाउदैछन् तिनले
शोकाकुलमा अल्झिएर जानु पऱ्यो मैले । १८२

त्यसवेलामा भूपतिलाई कोही लिन आयो
लुकिलुकि नृपतिको प्राण टिप्न लाग्यो
राम राम भन्दा भन्दै प्राण त्यागी हाले
आकाशका चन्द्र तारा विलाप गर्न लागे । १८३

अयोध्यामा पूर्ण विलाप पऱ्यो हाहाकार
मरणशील जीवनको छैन कुनै सार
दशरथको लाशलाई अंगालेर रानी
रुदा रुदा आँशु सुके शरीर भयो ग्लानी । १८४

कोशलका प्रजावर्ग आत्तिएर रुन्थे
कोशलको राज्यमाथि वज्र पाऱ्यो भन्थे
दरवारमा लाश थियो वनमा सीता राम
लक्ष्मण पनि वनमा गए साथै सीताराम । १८५

दाहसंस्कार गर्छ कसले भरत मावलीमा
शत्रुघन भरतसँगै उनकै मावलीमा
अभिशाप लागिहाल्यो आपद ठूलो पऱ्यो
चारचार पुत्र उनका थिए लाश सड्न लाग्यो ।१८६

भूपतिको प्राण जाँदा बिग्र्यो सबै रंग
महारानी कैकेयीको विचार भयो भंग
आँखा उनका बल्ल खुले गयो कालोरात
आँखा दुवै खुल्दाखेरी प्रष्ट भयो प्रभात । १८७

कैकेयीले रुदै भन्थिन आफ्नै भाग्य फोरें
आफ्नै बुद्धि बिग्रीदामा दुःख मैले पाएँ
रुखको जरा काटीकनै पानी सिंचे मैले
जीवनभरै दाग लाग्यो पश्चाताप छ ऐले । १८८

सुमित्राले संझाउथिन तिम्रो दोष छैन
तक्दिरमा लेखिएको मेट्न सकिदैन
कौशल्याले भन्ने गर्थिन भरत-आमालाई
अन्धा जनको श्राप लाग्यो दोष कसैलाई । १८९

रुदै थिए रानीहरु छाती पिटीपिटी
आर्तनादले छाइसक्यो सारा कोशल भरी
जति रोऔं छाती पिटौं चित्त बुझ्ने होइन
जतिसुकै शूर्ता गरौं मृतक आउने होइन। १९०

अयोध्या नै शून्य थियो राजा मर्दाखेरी
सारा प्राणी जानै पर्ने जन्मलोक छोडी
भूपतिको दुखद संचार सारा फैलिएर
वशिष्ठजी आउनु भयो शोकले भौतारेर। १९१

वशिष्ठले संझाउदै रानीलाई भन्थे
दशरथ जस्ता सत्यवादी कोही छैनन भन्थे
धैर्य गर्नु महारानी रुदा केही हुन्न
आउने जाने यात्रा यो हो अमर कोही छैन। १९२

मानिसको ता नामै नलिउँ देवता पनि मर्छन्
यो लोकलाई छोडीकनै अर्कै लोकमा जान्छन्
बल्ने वस्तु निभ्छ पनि हामी सबै देख्छौं
फूल्छ फल्छ त्यही झर्छ शंका किन गर्छौं। १९३

कर्मानुसार चौरासीमा जन्म लिनुपर्छ
जन्मे पछि निश्चय नै त्यसले मर्नु पर्छ
कैयौं कैयौ जन्मिरैछन् कैयौ जन्मनेछन्
कैयौ व्यक्ति मार्ग बिर्सी अल्मलिइ रैछन्। १९४

हाम्रो पनि पत्तो छैन कुन दिनमा मर्छौं
तीन दिनको मेला सकी शरीर छाडी जान्छौं
आफ्नो शरीर आफ्नो हुन्न कसको भरमा पर्नु
क्यै दिनका नाता गोता सबै छाडी जानू। १९५

रित्ता हात आयौं हामी रित्ता हातै जान्छौं
क्यै दिनसम्म माया जाल्मा तेरो मेरो भन्छौं
तेरो बाबु मेरो छोरो माया मोह गर्छौं
जस्तो गरी हामी आयौं तेसै गरी जान्छौं। १९६

जीवन प्यार गर्छौं भने कैल्ये नाशिदैन
देहलाई आफ्नो ठान्दा कैल्ये अडिदैन
बोल्ने जो हो भागिसक्यो देख्ने शरीर यही छ
को को मर्‍यो को को जन्म्यो तारतम्य यही छ।१९७

आउने महिना थाहा हुन्छ जाने निश्चित छैन
जन्मे पछि जानै पर्छ कोही अमर छैन
व्रह्माजीको श्रृष्टिभरै अदल वदल हुन्छ
ईश्वरको कानूनलाई तोड्न कसले सक्छ। १९८

वशिष्ठले संझाउंदा केही चित्त बुझ्यो
शोकाकुलमा दन्किएको छाती शान्त भयो
राजगुरुले आज्ञा दिए लाशको जतन गर्नु
वैज्ञानिकै ढंगबाट लाशको रक्षा गर्नु। १९९

मन्त्रीलाई आज्ञा दिए पुत्र बोलाइदिनु
हावाभन्दा पनि छिटो पुत्र झिकाइदिनु
भरतसँगै मावलीमा शत्रुघन गएका छन्
दुवै पुत्र चाडै आउन् वशिष्ठले भन्छन्। २००

मृतकको दाहसंस्कार पुत्रले नै गर्छन
पुत्रबाट संस्कार हुदां पितृहरु तर्छन
राजगुरुको आज्ञालाई झट्ट स्वीकारेर
तेलपूर्ण पोखरीमा लाश डुबाएर। २०१

कौशल्याले छाती पिट्दै घोर विलाप गर्थिन
पति साथै चिता सजाई आगो लगाऊ भन्थिन
भरत स्वयं मावलीमा खराव स्वप्न देखे
स्वप्नबाट तर्सिएर विव्हल हुनै लागे। २०२

पक्कै पनि कोशलमा दुःख आपद पर्‍यो
त्यसकै कुनै संकेतले छाती ढुकढुकायो
यतिकैमा एउटा दूत संचार ल्याई आयो
वशिष्ठको आज्ञा हुंदा मलाई आउनु पर्‍यो। २०३

दूतलाई देख्नासाथ भरत हड्वडाए
के कारणले दूत आयो शंका गर्न लागे
पक्कै पनि कोशलमा आपद परे होला
विना कारण दूत यहाँ किन आउथ्यो हाला । २०४

दुवै भाइ दूत साथै विव्हल हुँदै आए
हड्वडमा आउदा खेरी ठूलो दुःख पाए
वीच बाटोमा आउँदा खेरी आँधिव्यारी उत्पात
मुटु ज्यादै ढुकढुकियो पऱ्यो व्रजपात । २०५

झण्डै झण्डै कोशलमा आइपुगेका थिए
कोशलको प्रकृतिनै उजाड देख्दैथिए
वालुवाले भरिएको तलाउ सुखा थिए
रुखमा पात छ्दै छैन वृक्ष नाङ्गै थिए । २०६

राजकुमार देख्दाखेरी प्रजा रुन लागे
आँखाबाट आँसु बगाई स्वागत गर्दै थिए
दुवैभाइ देख्दा खेरी प्रजा खुइय्य गर्थे
मानो छाती तडपाएर व्याकुलता पोख्थे । २०७

तिनको हालत देख्दा खेरी भरत शंका गर्थे
क्षेम कुशल के छ भन्दै आत्तिएर सोध्थे
धेरै पल्ट सोध्दा खेरी बोल्थे मुस्किलमा
ज्यूदो मूर्दा छटपटिदै बाँचिरै छौं यहाँ । २०८

कोशलका प्रजा माथि व्रजपात पऱ्यो
भाग्य हाम्रो टुक्रिएर सर्व सखाप भयो
चौध वर्ष रामचन्द्रले वनमा जानुपऱ्यो
यसले गर्दा भूपतिको स्वर्गवास भयो । २०९

महारानी कैकेयीले रामचन्द्रलाई
वनमा बस्ने आज्ञा दिइन चौध वर्षलाई
राम सीता लक्ष्मण समेत तीनै वनमा गए
रामचन्द्रको वनवासले राजा दुःखी भए । २१०

भूपतिको इच्छा थियो रामलाई राज्य दिने
राज्यभार सुम्पिएर आफू अलग्गिने
यस्तो मौका छोपीकनै वरदान आफ्नो मागिन
भूपतिलाई आच्छू आच्छू तिन्ले पारिहालिन । २११

राजासँग साँचिएका वरदान दुवै मागिन
भरतलाई कोशलको राजगद्दी ताकिन
चौधवर्ष राघव गई वनमा बस्नुपर्छ
कोशलको सिंहासनमा भरत बस्नुपर्छ । २१२

केकेयीका दुईटा वरदान साँचिएका थिए
साँचिएका दुवै वरदान करै लाग्यो दिए
भरतलाई राज्य दिन वरु मंजूर थिए
चौध वर्ष वनवास भन्दा राजा वेहोश भए । २१३

भूपतिले रानीलाई कैयौ संझाएका
रामचन्द्रको वनवास वाहेक दिन्छु भनिएका
कैकेयीको जिद्दी ठूलो अड्डी कसी राख्ने
सत्यवादी होइनौ तिमी मिथ्यावादी भन्ने । २१४

सत्यवादी हरिश्चन्द्र सिवी सत्यवादी
सत्यवादी वलि हुंदा राज्य सबै त्यागी
त्यस्तै तिमी सत्यवादी आफूलाई भन्छौ
आफ्नो वचन पूरा गर्न ज्यादै कठिन मान्छौ । २१५

यस्तै यस्तै अप्ठ्यारोका रानी माग गर्थिन
राजाले नै संझाउदा जथाभावी बोल्थिन
यी दुःखले सताएर राजा मूर्छित भए
त्यै वेलामा राघव पनि वनवास तर्फ लागे ।२१६

क्यै क्षण पछि मूर्छा खुल्यो सबै विदित भयो
राम हे राम भन्दा भन्दै प्राण उनको गयो
कोशलको वत्ती निभ्यो अन्धकार्ले छायो
अयोध्याका जनताको भाग्य खतम भयो । २१७

यसमा दोष कसलाई दिने भाग्य हाम्रो तेस्तै
आमा बाबु नभएका छोरा छोरी जस्तै
स्वर्ग जस्तै कोशल थियो आज अन्धकार
जतिञ्जेली बाँचे पनि छैन जीवन सार । २१८

कुशल भन्नु यही ठान्छौं भरत यहाँ आयौ
ज्यूदा मूर्दा हामी थियौं संजीवनी ल्यायौ
दुःखपूर्ण सन्देशले भरत अवाक भए
राजकुमार्को सुद्धिबुद्धि सबै विलीन भए । २१९

भरतजीका मनमा धेरै कुरा खेल्न लागे
कोशलको दुर्दशामा चिन्ता गर्न लागे
कसलाई भेट्न कहाँ जाने कसको कोठा पस्ने
माताजीको कालो दाग के गरेर फाल्ने । २२०

भरतजीले सोच्दै थिए बाँच्न सकिदैन
दुःख पूर्ण जिन्दगानी पारलाग्ने छैन
त्यसवेलामा एउटै माझी आधार ठूलो थियो
माझधारमा डुंगा घोप्टी वरवाद पारिदियो । २२१

राघवको जन्म हुंदा कोशल उज्ज्वल थियो
कोशलको उज्वलता राघवसंगै गयो
पर्नसम्म आपद पर्‍यो के गरेर खप्ने
वनमा गई राघवलाई भेट्ने काम गर्ने ।२२२

भरतजीले प्रत्येक क्षणै राघव सम्झिराख्थे
उनकै नाम सम्झिँदा भरत शान्ति पाउँथे
क्षणक्षणमा छटपटिन्थे शरीर ढल्नैलाग्यो
दुःखदायी कुरा सुन्दा प्राणै जान लाग्यो ।२२३

रामराम राघव भन्दै भरत पुकार गर्थे
मेरो विन्ति स्वीकारेर साथ देऊ भन्थे
पिताजीको इच्छा पनि ज्यादै सुन्दर थियो
आफ्नो इच्छा व्यर्थ हुँदा प्राण उनको गयो ।२२४

कुन रीतिले कार्य गर्दा ऋण चुक्ता हुन्छ
भूपतिको इच्छालाई पूर्ण गराइन्छ
व्यक्त गर्न सक्दैनथे मन्मा व्यथा राख्थे
स्वासै स्वासले हरक्षणमा राम जपी राख्थे ।२२५

राम राघव सीता भन्दै भरत व्यक्त गर्थे
प्रजालाई साक्षी राखी भरत कबोल गर्थे
पुत्र भई दाह संस्कार मैले गर्नुपर्छ
अन्त्येष्टि र संस्कारले मृतक तर्नुपर्छ ।२२६

मृतात्माले शान्ति पाओस भन्दै तर्पण दिन्छु
मोक्ष एवं शान्ति मिलोस् ईश पुकार गर्छु
भूपतिको पुत्र म हूँ पितृऋण तिर्छु
सक्दो प्रयास गर्छु मैले राघव फर्काई छोड्छु । २२७

जेठो छोरो सिंहासनको हकदारी नै हुन्छ
जेठोले नै राजमुकुट पिता पश्चात पाउँछ
रामचन्द्र राजा हुन्छन् भरत हुन्छु सेवक
कोशलको राज्य शासन चल्छ न्याय पूर्वक । २२८

आकाशमा चन्द्र सूर्य गंगा पृथ्वीमा
यिनैलाई साक्षी राखी गर्छु प्रतिज्ञा म
ठूला साना साक्षी राखी आज केही भन्छु
उनकै साम् राजमुकुट मैले राखिदिन्छु । २२९

जैलेसम्म राघवद्वारा राज्य चलाइन्न
भरत पनि बिछ्यौनामा साच्चै सुत्ने छैन
महलैमा बस्ने छैन अनेत्र नै बस्छु
पृथ्वीलाई ओछ्यान गरी खाली भैमा सुत्छु । २३०

यस प्रकार प्रजालाई विश्वास गराएर
महलतर्फ भरत लागे ईश्वर पुकारेर
जाँदा जादै आगनमा मन्थरालाई देखे
देख्नासाथै जंगिएथे तर खामोस खाए । २३१

स्वागत गर्न आकी थिई वत्ती उज्ज्वल पारी
देख्नासाथै शत्रुघनको पाई त्यसले लात्ती
मन्थराले गर्दा खेरी कोशल उजाड भयो
राम सीता लक्ष्मणको वनको वास भयो । २३२

नृपतिको प्राण गयो पर्नु आपद पऱ्यो
स्वर्ग जस्तो अयोध्यामा तीमिर घना छायो
मन्थराले गर्दा खेरी सारा भरिभ्रष्ट
लाजै छैन नकटीलाई साखै हुन्छे दुष्ट । २३३

त्यसको मुख देख्नासाथ शत्रुघन आगो भए
यो दुष्टाको हड्डी भाच्छु भन्दै गोदिदिए
राघव जस्ता धैर्यशील लक्ष्मण अलि छैनन्
अन्यायको अग्नि बल्दा मौन बस्ने छैनन् । २३४

त्यस्तै गरी भरत भन्दा सौमित्री छन् तेजी
रिसको बसमा पर्दा खेरी शोचिदैन केही
सौमित्रले सोच्दै थिए घरकी दुष्ट यही हो
यसले गर्दा भूपतिले प्राण छोड्नु पऱ्यो । २३५

महलभरै आगो बाल्छे सारा जलाउनेछ
दाज्यू भाइ इष्टमित्र सबै चिडाउनेछ
चिप्लो घस्ने काम यसको चिराग बाल्दै आई
चित्त मेरो हडवडिदा लात्ती समेत खाई । २३६

रिसले आँखा नदेखिदा थाली फुटाइदिए
घचेटेर झ्यांगलेर भैमा पछारदिए
ढाड त्यसको भाँचिएर उठ्नै मुस्किल भयो
शत्रुघनको क्रोध पनि केही शिथिल भयो । २३७

कुद्दै चुद्दै शत्रुघनजी केही पर पुगे
भरतजीको संकेतले निकै शान्त भए
माताजीका सामुन्नेमा भरत पुगिहाले
उत्नीखेरै यौटा कथन प्रकट गरी हाले । २३८

रघुकुलकी रानी तिमी उच्च विचार तिम्रो
नीति निपूण रानी हुंदा कल्याण गऱ्यौ मेरो
तिम्रो इच्छा पूर्ण भयो रामको वास उठ्यो
नृपतिको मृत्यु पनि यसै कारण भयो । २३९

साँचिएका वरदान मागी कालोदाग लायौ
आफ्नै पति पुत्रलाई ज्यादै खाड्ल हाल्यौ
जन्मैदेखि तिमीलाई आफ्नी आमा भन्थे
मुटु मेरो बिट्याएर तिम्रै पाउमा राख्थे । २४०

वास्तवमा आमा नभैकनै विषकी प्याला रहिछौ
सर्वत्र विष फैलाई परिवार सखाप पारिछौ
के भनौं आमा तिमलाई क्यै भन्न मनै लाग्दैन
यो तिम्रो कालो कर्तुतले बाँच्नलाई इच्छा लाग्दैन ।२४१

के तिमी मेरी आमा हौ अथवा तिमी कुनै हौ
तिमी त रानी रघुकुलकी कसरी हुन पुगिछौ
के मेरी जन्मदाता हौ अथवा तिमी होइनौ
खुलस्तसँग तिमीले यथार्थ कुरा भनिदेऊ । २४२

आमाको दर्जा विश्वमा अति नै ठूलो रहेछ
तिरस्कार गर्नु आमालाई पापको तालमा डुब्नुछ
यसै मेरो बाटै नै अत्यन्त कठोर लाग्दछ
नभनौं आमा यस्तीलाई अप्ठ्यारो पनि लाग्दछ ।२४३

तिमीले पनि सम्भन् छोरो नै मेरो जन्मेन
म पनि यसै भन्ने छू आमा नै मेरो कोइ छैन
सम्बन्ध राम्रो भएमा संसारै नाता हुनेछ
वास्तवमा प्राणी अकेलै जन्मेर एक्लै मर्नेछ । २४४

निश्छल प्राणी जन्मेर क्यै दिन यहाँ रम्नेछ
तीन दिनको माया पाएर अवश्य दंग पर्नेछ
आमा र छोरा नहूँ ता जे गर्नु पर्थ्यो गर्दथें
अन्यायी अत्याचारीलाई सजाय कडा म दिन्थें ।२४५

ईश्वरको कृपा भएमा हृदय सफा हुनेछ
सुवर्ण पोल्दा आगोमा अत्यन्त उत्तम बन्नेछ
पश्चाताप यदि गर्छौ ता जो बाँकी जीवन सुध्रिन्छ
एकोरो जिक्री गर्छौ ता कसले पो के नै गर्नेछ ।२४६

विषैली काली सर्पिणी महलमा विष फैलायौ
दशरथ सत्यवादीलाई कालको मुखमा पठायौ
तिमीले गर्दा अरुको सिन्दूर समेत पुछायौ
राम र सीता लक्ष्मणलाई नाहक वनमा धपायौ ।२४७

तिमी नै आमा नबन्दा भरत छोरो भएन
नराम्रो वानी लागेको सुधार कैल्यै भएन
दासीको कुरा सुनिछौ राजाको कुरा सुनिनौ
राजाको सत्यवादी महत्व तिमले बुझिनौ । २४८

जिद्दिमा तिमी अडिन्छौ विनम्र हुनै जान्दिनौ
दासीको अर्ति सुन्दछौ अरुको पत्यार गर्दछौ
जिक्रीको मन्त्र जप्दछौ घमण्ड मात्र गर्दछौ
कसैलाई मान्छे गन्दिनौ दासीकै कुरा पत्याउँछौ ।२४९

दासीको मतमा लाग्दामा दश वल्डाङ्ग तल खस्दैछौ
तलतिर तिमी भास्सिदा म उठें माथि भन्दैछौ
विनम्र हुनै जान्दिनौ कड्केर तिमी हिड्दछौ
यसरी मात्तिई हिड्दामा खाल्टोमा तिमी जाकिन्छौ ।२५०

भरतका कुरा सुन्दामा रानीको चित्त बुझेछ
शर्मले गर्दा रानीको हृदय पीडा बढेछ
जो हुने सबै भैसक्यो कसरी मुख देखाउने
नराम्रो दाग लागेको कसरी त्यसलाई मेटाउने ।२५१

कैकेयीलाई अति नै दारुण संताप परेछ
रुपले उनको भन्दथ्यो पश्चाताप ठूलो परेछ
रुपले गर्दा राजाकी अति नै प्रिय भएकी
रुपले गर्दा सदा नै राजालाई वसमा पारेकी ।२५२

भरतले ठाने मनैमन कैकयी ज्यादै चढेकी
राजाकी प्यारी हुदैमा डाँकोले सबलाई निलेकी
मन्थरा उनकी पियारी उसैका कुरा पत्याउने
अर्काको कुरो नसुन्ने हाँसोमा तेसै उडाउने । २५३

यस्तीलाई आमा के भन्नु यीसँग कुरा के गर्नु
निर्दोषी कोमल सीतालाई एक्कासी वनमा पठाउने
गर्मी र जाडो वर्षाको कसरी शिरमा थाप्ती हुन
जंगली काँढा विझेर भल्भलि कति रुंदी हुन ।२५४

काँढा र झाडी शिलामा कसरी तिनी निदाउलिन
मिथिलेश्वरी सीताजी यिनीलाई के पो भन्दिहुन
पिताको महल संझेर मनमा के के सोच्दिहुन
मनमा व्यथा लुकाई कसरी तिनी बाँच्दिहुन ।२५५

कोशलपति वनमा छन् लक्ष्मण पनि उतै छन्
मिथिलेश्वरी जंगलमा राक्षसदेखि तर्सिहुन
कानले के के सुनिन्छ आँखाले के के देखिन्छ
बिग्रने वेला मतिमा दासीको मतमा लागिन्छ । २५६

कोशलपति जंगलमा सीता र लक्ष्मण जंगलमा
मन्थरा दासी कुरौटे बस्दछे कोशल दर्वारमा
मन्थरा दासी साखिल्य कैकेयी रानी मस्तमा
दासी र रानी मिल्दामा आघात पऱ्यो पितामा ।२५७

अगम्य ठूलो आँटले कोशलको सत्ता पल्टायौ
हत्यारी तिमी हुंदामा पिताको निधन गरायौ
तिमीलाई शर्म लाग्दैन दुनिया के के भन्दैछन्
अन्याय तिम्रो देखेर साराले तिम्लाई सरापछन् ।२५८

सुन्नेको छाती तड्पिन्छ देख्नेले आँसु बगाउँछन्
दुष्कार्य यिनको देखेर सबैले मलाई सोध्दछन्
मलाई ज्यूने मन छैन अवश्य चाडै मर्नेछु
आमाकै कृया कलापले जिन्दगी आजै टुंग्याउँछु । २५९

शत्रुघन मलाई लैजाऊ सरयु नदी किनारमा
मृतकको दाह गर्दामा जलाऊ मलाई साथैमा
कैकेयी राज्य चलाउन् प्रजाको चित्त बुझाउन्
जीवनका कण्टक पन्छाई विश्वमा सुयस फैलाउन् ।२६०

हे सत्यवादी पिताजी सत्यमा सधैं अड्नुभो
सत्यमा अड्दा हजूरले अमूल्य जीवन त्यागनु भो
अन्याय कैल्यै गरेनौ जीवनमा झूठो बोलेनौ
दुष्टले गर्दा पिताजी कोशलमा अड्न सकेनौ । २६१

नगर्नु माया मलाई पिताका साथमा जलाई
यो काम पूरा गरेमा हुनेछ तिम्रो भलाइ
हे भाइ मलाई लैजाऊ राखीद्यौ मलाई चित्तामा
आमाल्यै राज्य चलाउन लोकप्रिय भई कोशलमा ।२६२

यत्तिकै विलाप आलापमा तर्वार झिके तत्काल
ठीक त्यही वेला कसैले पर्खन भन्दै झट्ट हात
कौशल्या रानी दौडेर समात्न पुगिन उनका हात
त्यै बेला कैकेयी रानीले भित्तामा ठोकिन आफ्नो माथ ।२६३

लागेर घाउ माथैमा रगतका धारा बगेथ्यो
वेहोश हुदा कैकेयी हाहाकार ठूलो परेथ्यो
कौशल्या भन्थिन हे बाबु आमाको खराब अवस्था
तिमीले बुझ्न सकेनौ आमाको माया ममता । २६४

वानीको केही भूल भयो खराब संगत गर्दामा
मति नै उल्टो भएछ शनिश्चर दशा लागदामा
आमालाई दोष नदेऊ हुनु थियो भैसक्यो
पिताको संस्कार गरिदेऊ अतिवै ढीलो भैसक्यो ।२६५

भनेर अनि रानीले छातीमा छाती मिलाइन
स्नेह विव्हल भएरै प्रशस्त आँशु बगाइन
हे बाबु भरत पियारा के भयो बाबु तिमीलाई
तिमी नै मेरा जीवन हौ भनिदेऊ आमा मलाई ।२६६

मुटुका टुक्रा तिमी हौ छैनौ त तिमी बाँच्दिन
कसैको आड नपाई यो पृथ्वीमा अडदिन
राघव मेरो रक्षक हो भरत मेरो साहारा
राघव नैन सितारा भरत प्राण पियारा । २६७

कसैलाई दोष म दिन्न रानीको कुनै दोष छैन
जुन कुरा हुनु पर्ने हो टारेर कैल्यै टर्दैन ।
गरेकी छैनन् विगारै केवल त्यो हो वहाना
भावीले त्यस्तै लेखेको रहेछ क्यारे निधारमा । २६८

राजाको मृत्यु वारेमा आरोप लाउन हुदैन
जन्मेर मर्नु पर्दथ्यो यो कुरा मिथ्या हुदैन
नदेऊ दोष कसैलाई कर्तव्य आफ्नो बिर्सेर
सत्यमा चल्नु पर्ने यो पृथ्वीमा जन्मेर । २६९

अति नै मीठा बचन यी वहुतै सत्य संझेर
सकेनन् थाम्न भरतले मुटुको वेग बढेर
तैपनि भन्थे भरतले राजाको मृत्यु वारेमा
वादल विना विद्युतको हुदैन कैल्ये उत्पाद । २७०

संसारले दोष दिनेछ भरतले जाल रचेको
मुकुटको लोभले गर्दामा भरतले जाल गरेको
यसबारे कसम खादैछु मनको व्यथा पोख्दैछु
मनमा कपट क्यै भए सजाय भोगन तयार छु ।१७१

जुन कुरा यहाँ घटेछ विल्कुल मलाई थाहा छैन
अमान्य कुरा जति छन् बिर्सेर कैल्यै गर्दिन
अर्काको आघात पर्ने काम अगाडि कैल्यै सर्दिन
यो ज्यान दिनै तयार छु कुभलो मैले गर्दिन । १७२

अर्काको धनमा लोभिन्न परस्त्री हरण गर्दिन
कसैको गला रेटेरै वन्धुको रकम पचाउन्न
अर्काको वाधक बन्दिन देउताको निन्दा गर्दिन
जति नै वैरभावै होस् विश्वासघात गर्दिन । २७३

नारी र अनाथ आदिको धनमा आँखा जो गाड्छ
नियम कानून छलेरै अत्याचार गर्दै त्यो हिड्छ
त्यस्तालाई देखी सहन्न सजाय दिनु पर्नेछ
ज्यूदैमा घृणित त्यो हुन्छ सजाय भोग्नु पर्नेछ ।२७४

प्यालामा जहर राखेर अमृत भन्दै भुक्याउँछ
त्यो व्यक्तिलाई आत्मैले हजार पल्ट धिक्कार्छ
जाति र धर्मद्रोहीलाई स्वदेश प्यारो लाग्दैन
त्यो आत्मघातक व्यक्ति हो कसैले पनि रुचाउन्न ।२७५

नामको प्यासी हुंदामा समाजको नेता बन्दछ
अत्याचार गर्दै लगातार कमजोरीलाई सताउँछ
यदि म तेस्तै भएमा सजाय भोग्न तयार छु
सजाय चाँडो म पाउँ विनम्र विन्ति गर्दछु । २७६

यदि छ मेरो कप्टी मन सहश्र सपथ म खान्छु
सबभन्दा कडा सजाय राज्यले दियोस् सहन्छु
मुमाले पनि सोच्नुहोस् निर्णय केही गर्नु होस्
जिन्दगीभरि मलाई जेलमा थुनिराखियोस् । २७७

यदि म जाली भएमा यो विश्वभरका पापकुण्ड
त्यसैमा डुबौं निरन्तर सजाय भोगदै घोरदण्ड
राघवको खाँचो यहाँ छ फर्काउन सकौं हे आमा
प्रार्थना मेरो स्वीकारी आसिक दिनोस् हे आमा ।२७८

अति नै विलाप गरेथे विव्हल ज्यादै भएथे
कौशल्या काखमा भरतजी लम्पसार परी रोएथे
कौशल्या रानी भन्दछिन नरोऊ बाबु हे पूत
चाहिन्न धेरै सच्चाइ पर्दैन दिनु सबूत । २७९

भरत तिमी सच्चा छौ सबैले तारिफ गर्दछन्
चेहरा तिम्रो देख्दैमा यो यस्तो भनी चिन्दछन्
कसैले केही भनेमा त्यसको साक्षी आफै छू
सबैलाई भनी म दिन्छु मरेकी छैन ज्यूदै छू । २८०

व्यवहार जसको सच्चा छ उसको आत्मा जाचिन्न
सबैले उसलाई चिन्ने छन् लगाउँदा दोष लाइन्न
त्यसैले भन्छू हे बाबु आमालाई दोष नदेऊ
कसैले केही भन्लान कि भनेर तिमी नरोऊ । १८१

छोरालाई यति संझाई भरतका गाला मुसारिन
संझाई मीठा शब्दले भरतलाई शान्त गराइन
त्यै वेला गुरु वशिष्ठ महलमा आईपुगेथे
गुरुलाई देखी भरतले प्रणाम गर्दै भुकेथे । २८२

भरतलाई देख्ने वित्तिकै छोडेर अरु विचार
तुरुन्तै आज्ञा दिएथे भरतले गर्नु संस्कार
वशिष्ठजीको यो आज्ञा सुनेर मुटु हल्लियो
आकुलव्याकुल चिन्ताले विचेत हुने जस्तो भो ।२८३

भरतको हालत देख्दामा वशिष्ठ मुनि भन्दथे
ज्ञानका कुरा सुनाई भरतको चित्त बुझाउथे
जन्मेर यस धर्तीमा देख्यौ कि कोही नमर्ने
ईश्वरको कानून यस्तै छ दिएको जीवन लैजाने ।२८४

संसारको माया तृष्णामा बाँचेको त्यसलाई भनिन्न
भलाइका लागि मरेमा मरेको त्यसलाई भनिन्न
मतलवी भई जिएमा मूर्दार समान हुनेछ
बाँचेको त्यसलाई भनिन्न समाजले त्यसलाई थुक्नेछ ।२८५

अर्काको धनमा लोभिने कामी र लंपट व्यभिचारी
धर्मको चेष्ठा नराख्ने पाखण्डी ढोगी व्रतधारी
त्यस्ताले बाँच्दा समाजमा भलाइ केही हुँदैन
ती व्यक्ति मर्दा समाजमा कसैको आसु झर्दैन ।२८६

सोझालाई जसले ठग्दछ उन्नति देख्दा जल्दछ
त्यस्ताले कल्याण के गर्ला समाजले यही सोच्दछ
म जस्तो ठूलो कोइ छैन अभिमान यदि गर्दछ
त्यस्ताले गरीव दुःखीलाई अति नै गरी सताउँछ ।२८७

इज्जतका लागि अर्काको ठगेर दान गर्नाले
हप्की र धम्की देखाई सज्जनको द्रव्य लुटनाले
म जस्तो ठूलो कोइ छैन भनेर धाक लगाउला
त्यस्ताको मरण हुंदामा सबैको मनै खुशाउला ।२८८

ब्राह्मण जन्म भएरै ब्राह्मणको कर्मै गर्दैन
क्षत्रीको कोखमा जन्मेर क्षत्रीको कर्म गर्दैन
अस्तित्व त्यसको हुँदैन महिमा कुनै गाइन्न
कसैले त्यसलाई सम्झन्न अमर गाथा गाइन्न ।२८९

ईश्वरमा आस्था राख्नाले अर्काको कल्याण गर्नाले
राष्ट्रको अंश भएरै राष्ट्रका लागि सोच्नाले
समाजका लागि निरन्तर एकनास सेवा गर्दछ
त्यस्ताको नाम ईश्वरले अगाडि पेजमा लेख्दछ ।२९०

आमा र बाबु गुरुको रात दिन द्रोह गर्दछ
घरकी पत्नी सन्तानलाई जिन्दगी भरै सताउँछ
पत्नीको मुख मोसेर बाहिर पैसा पठाउँछ
त्यस्ताले बाच्नु धिक्कार छ समाजले पनि थुक्दछ ।२९१

जुवा र सुरा पानमा समय जसले बिताउँछ
त्यस्ताले आफ्नो जिन्दगी नबुझीकनै फाल्दछ
घरका जहाज रुवाई जुवा र जाँडमा मस्तछ
त्यस्ताले यस्तो राष्ट्रमा जिउनु के छ मर्नु छ ।२९२

परिवार पाल्न नसक्ने आफैले उडाउनपर्ने
दिनभरि वाहिरै डुलेर रातमा मात्र भित्रिने
कसैलाई शान्ति नदिने भण्डार वर्तन फुटाउने
त्यस्ताको मरण हुंदामा कस्ले पो आँशु चुहाउने ।२९३

अर्काकी छोरी पत्नीलाई लोभिई सधैं हेर्दछ
शिशुकी आमा ल्याएर अर्काको घरै भाइदछ
त्यस्ताले वाँच्दा राष्ट्रमा ठूलो नै क्षती पुऱ्याउँछ
कसैको भलाइ गर्दैन भाडभैलो मात्र मचाउँछ ।२९४

बोलीले चिप्लो घसेरै असत्य मात्र बोल्नेछ
निश्छली कमजोर नारीको सतीत्व द्रव्य लुट्नेछ
त्यस्ताले समाज बिगार्छ कुलमा दाग लगाउँछ
त्यो व्यक्ति बाँच्नु भन्दा त गरेर जानु असल छ ।२९५

यो पृथ्वीमा कैयौ छन् सज्जन दुर्जन मनुष्य
एक दिन संसार छोडेर जानुछ सबले अवश्य
त्यस्ले प्राणी कल्याणमा तनमन दिनु पर्दछ
धर्मात्मा पापी दुवैलाई ईश्वरले स्वयं छुट्याउँछ ।२९६

जन्मेर यही भूमिमा प्राणीको कल्याण गर्नुछ
राष्ट्रलाई आमा संझेर सबैको सेवा गर्नुछ
राजालाई पिता संझेर मद्दत गरौं सबैले
कसैले देखून नदेखून सर्वत्र देख्छ इश्वर्ले । २९७

दशरथ योगय राजा हुन प्रजालाई माया गर्दथे
मानव कल्याण गर्नु नै राजाको धर्म संझन्थे
मिथ्याको विजै थिएन निरन्तर सत्य बोल्दथे
जो सत्य बोल्छ उसैको अति नै कदर गर्दथे ।२९८

सत्यले गर्दा प्यारो राम वनवास गर्न पठाए
दशरथ सत्यवादि हुन् विश्वमा कीर्ति फैलाए
उनको सत्यवादिमा व्रह्मादि समेत झुक्दछन्
कोशलपति महान हुन भनेर तारिफ गर्दछन् । २९९

जीवन सबको मरणशील तैपनि चिन्ता गर्दछौ
नगर्नु चिन्ता हे कुमार अज्ञानी बनी रुदैछौ
पुत्रले आफ्नो कर्तव्य पालन गर्नै पर्दछ
एक दिन हामी सबैले यो देह छोड्नु पर्दछ । ३००

दशरथलाई सबैले कर्मवीर भनी चिन्दथे
उनको सत्यवादिमा सबैले तारिफ गर्दथे
उनकै पुत्र तिमी हौ यो सबै बुझ्नु पर्दछ
पिताको आज्ञा छोराले पालना गर्नु पर्दछ । ३०१

पितालाई झूठो नपार्नु यो राज्य तिम्ले सम्हाल्नू
राजाको विडो थामेर प्रजाको चित्त वुझाउनू
फर्केर राघव आउने छन् उनलाई मुकुट बुझाउनू
कैकेयी पुत्र धन्य हुन सन्सारमा कीर्ति फैलाउनू ।३०२

वशिष्ठजीका शिक्षाले भरतको चित्त बुझ्छ
लाशलाई लगी सरयूमा संस्कार गर्नु पर्नेछ
राजाको लाश उठाए राजसी ठाँटमा डटेर
राम राम नारा लगाउदै लाशलाई लगे बोकेर ।३०३

राजाको लाश देखेर वैराग्य आयो सबैमा
निर्जीव लाश सजाइयो लगेर ठूलो चितामा
राजाका गुण संझेर मनमा विभिन्न कुरा खेलेथे
राजाको गुण गाएर आँशुको तर्पण दिएथे। ३०४

चित्त आफ्नो गरी शुद्ध, अहंकार त्याग्नु पर्दछ
निर्मल आत्मा सुखी हुन्छ, कालो मन अन्धकार छ ।

धर्मधारण गरी निर्मल राजादेखिन् प्रजातक
चिन्ता औ रोग शोक शून्य, जीवन शान्ति गराउनु छ ।

शुद्ध जीवन गरी धारण, फ्याँकेर अभिमान सबै
शुद्ध जीवन परम् सुख, त्यागी ईर्ष्या र द्वेष सबै ।

सत्य हो वलबान साथी सत्यकै पछि लाग्नुछ
सत्यलाई अँगाल्नाले अन्त्यमा मुक्ति मिल्दछ ।

सत्य बोल्नु दया गर्नू यही मानव धर्म हो
यही तथ्य अँगाल्नु नै शान्तिको मूल मन्त्र हो ।

सन्कीपना सबै छाड, नगर्नू अरू वादविवाद
झगडा, तगडा छाडी, पारखै गर्नू धर्म स्वाद ।

बितेछन् यतिका वर्ष, गरिँदै हाँस खेल वहार
नगर्ने धर्मको चासो, ती हुन्छन् अति नै गँवार ।

चर्चैचर्चा सबै गर्छन्, कर्ममा मन शून्य छ
बोलीले मात्र क्यै हुन्न, कामैले गर्नु पर्दछ ।

धर्मलाई अँगाल्नु नै, यै हाम्रो मूल मार्ग हो
भित्री आत्मा भए निर्मल भेटिन्छ मुक्तिपन्थ त्यो ।

# चित्रकुटमा भरत मिलन

समुचित पूर्ण विधिले मृतक-संस्कार सिध्याए
वशिष्ठजीले कुनै दिन बैठक बस्न बोलाए
भरतजीलाई आज्ञाभो राज्य र मुकुट सम्हाल
नियमपूर्वक तिमीले पिताको राज्य सम्हाल ।१

गुरुको प्रस्ताव सुनेर कुमार व्याकुल भएका
नबुझी चित्त यो आज्ञा विनम्र हुँदै बोलेका
यो राज्य मलाई चाहिन्न दुइटा पाऊँ वरदान
सत्य र धर्म नछाडौं हृदय होओस बलवान । २

राज्यको मालिक होइन म सानै हुन चाहन्छु
शासक बन्न चाहन्न सेवक हुन चाहन्छु
जो राजा हुन लायक छ उसैलाई दिनु भन्दछु
मलाई शासन दिनु नै अयोग्य कुरा ठान्दछु । ३

कुमारका वचन सुन्दामा जनता खुशी भएका
भरतका निच्छल वाक्यल्यै उनको तारिफ गरेका
वशिष्ठ पुनः भन्दछन् हुनता कुरा ठिकै छ
जो कुरा हुनु भैसक्यो यो राज्य गर्नु असल छ ।४

आमाको हुकुं मानेर शासन गर्न राम्रो छ
आमाको आज्ञा मान्नु नै छोराको ठूलो धर्म छ
आमाको भक्त बनेर आमाको आज्ञा पालन
आमाको सेवा गरेर नमुना एउटा बनन । ५

वशिष्ठजीको आज्ञालाई पालन गर्न सकेनन्
जति नै भन्दा गुरुले भरतले मञ्जूर गरेनन्
भरतजीले भन्दछन हे गुरु आज्ञा म पाऊं
मनका कुरा भन्दछु स्वीकार होओस भन्दछु ।६

आमाले भनिन् भन्दैमा अन्याय गर्नु हुँदैन
दाज्यूकै पालो मिचेर राजकाज गर्न सकिन्न
अन्याय ज्यादै हुदामा पिताको प्राण गएको
लोकले आज के भन्ला अन्याय ठूलो भएको ।७

माताजीको आज्ञालाई उलङ्घन मैले गर्दिन
अन्याय हुन्छ क्यै भने त्यसलाई मन्मा राख्दिन
गुरुलाई विन्ति गर्दछु उपाय कुनै सोच्दछु
आमाले भूलमा गरेको त्यस्लाई सुधार गर्दछु ।८

ठिक त्यसै बेला सुनियो कानले मधूर आवाज
रनवास भित्रि कोठाको खुलेको गुप्ती दुवार
कपाल कालो फिजेकी पोसाक कालै पैह्रेकी
कैकेयी रानी खोपीको ढोकामा खडा भएकी ।९

भन्दछिन् रुदै रानीले मनको व्यथा छोरोलाई
जुन भूल थियो भैसक्यो त्यो व्यथा पोख्ने कस्लाई
तिमीले ठीक भन्दैछौ जुन कर्म भयो मबाट
त्यो दाग धोऊ हे बाबु निखेर जाओस मन्बाट ।१०

दासीको कुरा सुन्दामा नगर्ने कर्तुत गरेछु
आफैंले आफ्नो छातीमा वञ्चरो लिई हानेछु
पतिको प्राण गुमाएँ रामलाई वन्मा पठाएँ
यी चन्द्र सूर्य छउन्जेल नराम्रो नाम फैलाएँ ।११

तिमीलाई आज्ञा दिदैछु मुखको कालो धोइदेऊ
फर्काई रामचन्द्रलाई न्यायको वत्ती बालिदेऊ
मलाई आमा भनेरै प्यारले यता हेरी देऊ
रामचन्द्र चाँडै फर्काई उनैलाई राज्य सुम्पिदेऊ ।१२

त्यस बेला मन्मा के आयो शिरमा मेरो भूत पस्यो
त्यसैका फल्ले गर्दामा चौतर्फ सत्यनाश भयो
त्यो भूल फेरि दोहोरिन्न अप्रिय शव्द बोल्दिन
उत्तिकै प्यारो गर्नेछु पनपक्ष कैल्यै गर्दिन । १३

अन्धकार कालरात्रीमा चन्द्रमा प्रकाश भएछ
पापको कालो वादल उडेर टाढा पुगेछ
पश्चताप गरिन् रानीले हृदय कोप सखाप भो
औंसीको रातमा अकस्मात चन्द्रको प्रकाश फैलियो ।१४

राजसभा एवं पुरवासी यो दृश्य देखी रमाए
वनको भीषण गर्मीले सुकेका पात पलाए
त्यसबेला कुमार भरतले तल्तिर हेर्दै राम भने
आँखाले संकेत गरेरै कैकेयी आज्ञा स्वीकारे ।१५

त्यसबेला अवधपुरीमा सुसम्चार फैलियो
रामचन्द्र लिन जादैछन यो कुरा सुन्दा शान्ति भो
अयोध्यापुरी घरघरै समस्या ठूलो परेछ
भरत साथै जानलाई प्रत्येकको इच्छा भएछ ।१६

शहरमा झ्याली पिटियो श्री रामचन्द्र भेट्नलाई
इच्छा छ भने जानेछन् राघव चन्द्र लिनलाई
भरतको आज्ञा पाएर जनता खुशी भएका
रघुकुल मणि देख्नलाई अत्यन्त प्यासी भएका ।१७

उदारपूर्ण आज्ञाले प्रजामा हर्ष अपार
त्यस तीर्थ यात्रा गर्नलाई यात्रीको दल तयार
वूढा र वूढी इत्यादि रक्षण गर्न अयोध्या
गुरु र चेला सहितै साइत भयो सुयात्रा । १८

मानव समाज के भन्नु सुरगण पनि लजाउंछन्
घोडालाई त्यसै छाडेर भरत पैदल हिड्दैछन्
खोलन आँखा दुनिया भरतलाई कस्तो हैरान
दुःखले पूर्ण संसार सुखको छैन अडान । १९

जसरी यात्रा गरेथे कोशलपति रघुवीर
भरत पनि प्रथम दिन पुगेका तमसा नदी तीर
सोधेर पत्तालगाई पुगेछन त्यही मुकाम
श्रृङ्गकेरपुरमा पुगेर आरामसाथ श्री राम । २०

भिल्लका राजा निषादले सुनेर भरत आएको
भरतका साथै सशैन्य लिएर त्यहाँ आएको
विभिन्न शंका उठ्यो र निषादले बाटो छेकेथे
तुरुन्तै शंका मेटिई भिल्लले क्षमा मागेथे । २१

जुन रुखमुनि सुतेका भरतले गई देखेछन
पत्ता र कुशको ओछ्यानै भक्तले सबै देखेछन
कनक विन्दु सीताका झरेका थिए देखेछन
पहेला थिए सितारा खोजेर सबै टिपेछन । २२

भरतको कस्तो हालत भो वयानै गर्नै सकिन्न
पाउका चिन्ह देख्दामा भरतको छाती थामिन्न
हे वनभूमि धन्य छौ प्रभु आश्रयदाता हौ
हे वृक्ष तिमी धन्य छौ एकरात आश्रम दिएछौ ।२३

कोमल पात धन्य छौ रामको सेवा गरेछौ
संकेत केही पाएरै सेवामा तिमी लागेछौ
प्रभुलाई तिम्ले सुख दियौ थाकेको थियो शरीर
वियोग हुने वित्तिकै गएछौ तिमी सुकेर । २४

प्रकृति तिमी धन्यछौ काखमा प्रभु राखिछौ
प्रभुको सेवा गर्दामा आनन्दमयी बनिछौ
भएँछु म ता अभागी प्रभुलाई कहाँ भेटौंला
जुन ठाउँ देख्छु प्रभुलाई आँसुले पाऊ भिजाउंला ।२५

जंगल र जंगलवासी हो जीवन तिम्रो सुन्दर छ
अभागी भरत दुःखी छ सजाय पाउन लायक छ
मनमा विचार यही नै आँखामा पूर्ण आँसुमै
भरतको दशा देखेर बोल्दछन गुरु दुःखित भै ।२६

यसरी अधीर नहोऊ अरुलाई दुःखित नपार
कुनै दिन यस्तो आउनेछ सुखको दिन अपार
सुख र दुःख साथै साथ जीवन सेवा गर्दछन्
अध्यारो रात्री बितेर प्रभात देखा पर्दछन् ।२७

गुरुले यस्तै तवरले भरतलाई संझाउंदैथे
त्यै बेला नदी किनारमा आएको छाल हेर्दैथे
त्यै बेला आए मल्लाहा आफ्नो विचार बताए
तुरुन्तै सबै साथीलाई नदीको पार लगाए ।२८

जुन गाउं बाटो गरेरै श्री रामचन्द्र हिडेथे
त्यै धुलो शिरमा राखेर भरत निहुरी हिड्दथे
गाउंलेहरु भन्दैथे भरत राजा त्यागी छन
राजर्षिका दर्शनले जीवनका दुःख हट्दछन ।२९

आमा छन तिनकी अधर्मी रहेछन छोरा धर्मात्मा
रहेछन भाइ दयालु अतिनै निर्मल सच्चात्मा
भाइलाई धर्म बताउन औतार लिई आएका
दाज्यूभाइ कस्तो हुनुछ देखाउन जन्म लिएका ।३०

दाज्यूका प्रेममा भरतको अनुराग गुञ्जिरहेको
दर्शन पाई भरतको प्रशंसा सबले गरेको
सबैलाई सोद्धै भरतजी प्रयाग तीर्थ पुगेका
भारद्वाजजीले भरतलाई रामको पत्तादिएका ।३१

सोधेर खोजेर हिड्दथे, वाल्मीकि आश्रम पुगेछन्
रामको पत्ता लगाए चित्रकूट वनमा बसेछन
ठेगाना रामको पाउंदामा भरत गद्गद भएका
जीवन दाता सुखका दाता चित्रकूट वनमा बसेका ।३२

कुन ठाऊँ होला चित्रकूट जुन ठाऊँ जानकी जीवन छ
त्यस ठाऊँ जाऔं तुरुन्तै जुन ठाऊँ पुग्दा रमिन्छ
दीदार जहाँ दिल्दार गोशा छ त्यहाँ वेदार
गोलोक वैकुण्ठ त्यही छ केदार त्यहाँ हरद्वार ।३३

कुटीमा लक्ष्मण सीतासाथ कोशलपति सरताज
वनको सानो छाप्रोमा राघवजी विराज
प्रेममा विव्हल भएर वैदेही प्रश्न गर्दछिन
त्यै विषयमा राघवका व्याखानलाई सुन्दछिन ।३४

प्रेम छ अति महान यसैमा सन्सार जीवन
साथसाथै प्रेम आऊंछ प्रेम जन्म सिद्धछन
ईश्वर वाहेक महान छ प्रेमले सबै देखाउंछ
निसन्देह त्यही प्रेमै हो प्रेमले सबै देखाउंछ ।३५

कसैले यस्तो भन्दछन प्रेममा रत्ति खेद छैन
ईश्वर भन्नु प्रेमै हो ईश्वर र प्रेममा भेद छैन
ईश्वरको सारा शक्ति हो प्रेमको अन्तर रहन्छ
जानकी तिमी बताऊ के प्रेम र ईशमा फरक छ ।३६

प्रेमको मुख्य वासस्थान आत्मिक नाम प्रेमै हो
किटेर हामी भन्दछौ ईश्वर भन्नु प्रेमै हो
एक ठाऊँबाट लत्तिई जव प्रेम पतित गरिन्छ
इन्द्रिय विषयक प्रेमै हो शाररीक प्रेम भनिन्छ ।३७

तैपनि प्रेम हो पवित्र त्यसको दर्जा निकै छ
आ-आफ्नो ठाउंमा वारस्वार लिएर अड्डी रहन्छ
बाटो छ यसको भयङ्कर हिडदामा पछौं चक्करमा
निर्वाह त्यसमै गर्नु छ गार्हस्थ्य प्रेमको स्थानमा ।३८

गार्हस्थ्य प्रेमको झन माथि जातीय प्रेम पर्दछ
त्यसबाट प्रकाश भएमा देशप्रेम महान मानिन्छ
विश्व प्रेम ज्यादै उत्तम छ त्यस पछि प्राकृत प्रेम हुन्छ
आत्मीय प्रेम हो पवित्र यस पछि मात्रै त्यो पर्छ ।३९

प्रकृति प्रेमको हालतमा अदभुत शक्ति आउदछ
समदृष्टि शान्ति पाएर पावन दृष्टि मिल्दछ
त्यसबेला शरीर कणकणमा आनन्द धारा बग्दछ
व्यापक शोरमा बोलेर गाएर गीत भनिन्छ ।४०

यस किसिम छलफल हुँदैथ्यो जानकी कोशलपतिमा
त्यैबेला हल्ला मच्चियो चित्रकूट घना जंगलमा
भिल्ल र वनैवासीको चिच्याहट ठूलो सुनियो
लस्कर लिई भरतजी आएका भन्ने बुझियो ।४१

हेर्नुहोस माथि आकाशमा वुङ्वुङति धूलो उड्दैछ
यो धूलो तिनै सेनाको त्यो फौज यता वढदैछ
गनेर साध्यै नचल्ने प्रशस्त सेना भरतका
रामसँग लडने इच्छाले सशस्त्र लिई आएका ।४२

रामसीता चुप लागे कुरामा चासो दिएनन
लक्ष्मणजीले यो दृश्य आँखाले देख्न सकेनन
तुरुन्तै क्रुद्ध भएका अन्याय खप्नै नसक्ने
रिसले थरथर कापेर कम्मर कसी लडने ।४३

रामका पाउ छोएर लक्ष्मण वीरले हुंकारे
साच्चि नै शेषावतार भै पृथिवीमहाँ फुंकारे
मलाई आज्ञा दिएमा भरतको झ्याँको झार्दछु
अन्याय न्याय तुरुन्तै निर्णय ऐल्यै गर्दैछु ।४४

पहिलेदेखिन जल्दैछु कैकेयी करतुत देखेर
म एक्लै गई लडनेछु भरतलाई अहिल्यै भेटेर
गद्दी र हकै छाडेर आएका थियौं जंगलमा
तैपनि भरत आएको नमानी लाजै लडनमा ।४५

असाहे देखी हामीलाई मार्नका लागि जंगलमा
अति नै शुरो भएरै लिएर शस्त्र साथमा
तुरुन्तै आज्ञा म पाऊँ ऐल्यै सखाप पार्दछु
भरतलाई पैल्यै मारेर त्यसपछि आफैं मर्दछु ।४६

प्रभुको आज्ञा मानेर पहिलेदेखिन रोकिएँ
लडनमा गर्थें प्रयास त्यति नै पल्ट टोकिएँ
सुमित्राजीको छोरा हुँ क्षत्री हुँ रघुवंशी हुँ
जतिनै पापै लागोस्न भरतलाई मार्ने लक्ष्मण हुँ ।४७

म पनि एउटा मान्छे हुँ धेरै नै सहें अन्याय
छाडेर सारा आफ्नो हक सहेर आयौं अन्याय
क्षत्रीका कुलमा जन्मेर मस्तक नीचा गर्दिन
वैरीलाई पहिले नमारी अवश्य पनि मर्दिन ।४८

पैल्ये त भरत दाइ थ्यो अैले त दाइ त्यो होइन
अब त महान दुश्मन हो आत्मीय कैल्यै हुँदैन
त्योसँग दुश्मनी थिएन थियो त उस्कै आमासाथ
आमाले गर्दा आएको लिएर दाउ प्राणाघात ।४९

सेवकको धर्म सेवा हो तनमन दिन्छ सेवामा
संकट पर्दा स्वामीलाई प्राण दिनुपर्छ सेवामा
ऐले त धनु हात्मा छ धनुमा तीर चढाउंछु
जस्तो नै दुःख आओस नै त्यसलाई मार्न तयार छु ।५०

पृथिवीमा धाजा फाटोस पर्वत डगमगाओस
समुद्रको तुफानले आकाश टकरावस । ५१

शंकर आफैं लडन आउन जित्ने मलाई छैन
युद्ध गरी मारी दिन्छु त्यस्मा शंका छैन ।५२

रामचन्द्रका वैरी जति सखाप गरिदिन्छु
इन्द्रै आई लडछन भने तोवातोवा पार्छु ।५३

लक्ष्मणको रिसको कोप भीषण प्रकाश भयो
डगमग धरती डगमगायो अकाश काप्न लाग्यो ।५४

राघवले भन्नु भयो मैले रोक्ने छैन
शान्त भई एकक्षण रुके नोक्सान कुनै हुन्न ।५५

भरतलाई विश्वास गर्छु लडने योग्य छैनन्
उनीजस्ता योग्य भाइ संसारमा छैनन् । ५६

बदला लिन आउंछन भने मिल्न सक्ने छैनन
सेना साथै भरतलाई जित्न सकिदैन ।५७

धनुर्धारी छौ तापनि एक्लै सक्ने छैनौ
भरतलालको बुद्धिवलमा हाक्न सक्नेछैनौ ।५८

त्यत्रो ठूलो लस्करका राजा भरतसाथ
सामुन्ने पर्दाखेरी मुस्किलै छ हाँक । ५९

त्यस्कारण संझाउछु चुप लागि बस्नु
बाची रह्यौं हामी भने के के पर्छ देख्नु ।६०

अवश्य नै लडन सक्छु लक्ष्मणले भन्छन
मेरो राय सुन्नैपर्छ भन्दै जिक्री गर्दछन ।६१

जैलेसम्म भरतलाल धर्मावान थिए
तैलेसम्म भरतलाई जित्न कस्ले सक्थे ।६२

एउटाको ता कुरै छैन शय लक्ष्मण आउन
भरत यौटा शक्तिवान सबले हारदै जान्छन ।६३

अधर्मी छन आज भरत सेना पनि तेस्तै
एकै वाणले सेना सहित भरत पनि मार्दै ।६४

छलफल हाम्रो सिद्धिसक्यो आज्ञा मैले पाऊँ
रक्त मेरो उम्लिदोछ चांडो आज्ञा पाऊँ ।६५

दुश्मनलाई एउटै वाणले काल डाकी दिन्छु
होइन भने आफ्नै शिर काटी होमी दिन्छु ।६६

यति भन्दै लक्ष्मणले वाण चढाइराखे
लक्ष्मण पनि युद्ध गर्न तयार भइराखे ।६७

त्यै वेलामा एउटा दृश्य आश्चर्यको थियो
सामुन्नेमा एक बालक ढलमलिदै आयो ।६८

शरीरभरै हिलै हिलो नंगा उसका पाऊ
पाउबाट बग्थ्यो रगत वेगिन्ति छन घाऊ ।६९

अनगिन्ति काँढा बिझी हेर्न डरलाग्ने
त्यस्तो बालक देख्दाखेरी मनमा दयालाग्ने ।७०

शरीरबाट बग्दै रगत वेगिन्ति छन् घाऊ
कण्टकले नकोरिएको छैन कतै ठाऊँ ।७१

बालकको कालो वाल धूलै धूलो थियो
पूर्णचन्द्र चेहरा नै वैलिएको थियो । ७२

कालो वादल तूफानले सूर्य ढाकिएका
चिन्तापूर्ण आकुल व्याकुल आँखा देखिएका ।७३

माया लाग्दो हालत देख्दा राघव दुःखित भए
शोकपूर्ण व्याकुल भई राम अघि बढे । ७४

दयनीय हालतमा कोमल दृष्टि परे
बालकलाई च्यापौं भनी हात अघि सरे । ७५

हत्तपत्त निहुरीदामा धनुष भइमा खस्यो
शरीरसाथै दोपट्टा नै जमीनमा पऱ्यो । ७६

बालकको कोशिस थियो पाउ पैले पर्छु
राघवको इच्छा थियो छाती मिलाइहाल्छु ।७७

रामचन्द्रको जीत भयो बालक उठाइहाले
प्यारो गरी उठाएर छाती मिलाइहाले । ७८

तिर्खाएका दुवै जना प्यास मेटिहाल्यो
ईश्वरले दुवैलाई प्रेमले जुराइदियो । ७९

दुई जनाको भेट हुंदा शान्त वातावरण
भरतजीले हत्तपत्त छुदै रामका चरण । ८०

त्यसबेलाको दृश्य कस्तो भन्न सकिदैन
यस्तो मिलन यस्तो बेला वयान सकिदैन ।८१

लक्ष्मणलालले देख्दैथिए दुई दाज्यूको मेल
त्यसकारणै गर्न लागे हृदयमा खेद । ८२

लक्ष्मण पनि भरतजीका पाउ परिहाले
उनका पनि धनुषवाण भैमा खसिहाले । ८३

यस्तो दृश्य देख्दा खेरी राम हास्नुभयो
सीतापनि मुख छोप्दै मुस्कुराउनु भयो । ८४

लक्ष्मणलाई भेटघाट गरी सीतातर्फ दौडे
सीताआमा सम्बोधनले पाउ दुवै पक्रे । ८५

जानकीले भक्तलाई प्रेमले उठाइहालिन
माथ उनको सुँघीकनै आशिरवाद दिइन ।८६

यत्तिकैमा शत्रुघन त्याही आइपुगे
शुत्रघनका साथसाथै निषादराज थिए । ८७

गुरुआदि मान्यजन आउनु भयो भन्दै
राघवले वशिष्ठका पाउ समाउदै । ८८

श्रीरामले कैकेयीलाई पैल्यै भेट्नुभयो
कैकेयीले रामलाई आशिक दिनुभयो । ८९

संकुचाई सच्चा दिल्ले प्रेम प्रसाद दिइन
रामको सच्चा प्रेम देखी रानी खुशी भइन ।९०

सुमित्रा र कौशल्याका राघव परे पाऊ
आशिक दिनुहोस मुमा गल्ती माफी पाऊ ।९१

यै रीतिले रामचन्द्रले भेट्ने जति भेटे
क्षेम कुशल के कस्तो छ सबै हाल सोधे । ९२

जानकीजी सासूज्यूको पाउ छुन आइन
जंगलमा सासू पाउंदा आफू धन्य संझिन ।९३

ईश्वरको वास हुन्छ हृदयमा भन्थे
ईश्वरल्यै तान्यो यहाँ नत्र किन आउथे ।९४

त्यसबेलाको दृश्य यस्तो भन्नै सकिदैन
कवि लेखक इत्यादिले लेखी साध्य छैन । ९५

मान्यजनको दर्शन गरी लक्ष्मण त्यहाँ आए
आखिरमा सुमित्राको पाउमा पस्रीहाले । ९६

एकातर्फ भेटघाटले हर्षाश्रु धेर बग्थे
अर्कोतर्फ सुमित्राका दूध धारा बग्थे । ९७

माताजीको शुद्ध प्रेम हृदयैमा थियो
लक्ष्मणको त्याग कस्तो सबलाई थाहा थियो ।९८

सुमित्राको हृदय नै सधैं बोलिराख्थ्यो
तिम्ले मातृजातिलाई उज्ज्वल पार्‍यौ भन्थ्यो ।९९

यदि छोरा जन्मिन्छ ता लक्ष्मण जस्तै जन्मोस
होइन भने त्यो आमाको कोख बाँझै होओस ।१००

जन्मिएर मानिसले जुटनु कर्तव्यमा
जीवन भन्नु कस्तो रैछ संझ विपनीमा ।१०१

संसारमा लाखौं लाखौं कीरा आदि देख्छौं
कीराजस्तै जन्म लिई कीरा जस्तै मर्छौं ।१०२

चित्रकूटमा यैं विधिले त्यस्वेलामा मिलाप
कोशलपुरी लज्जित भयो त्यसै आफैंआफ ।१०३

ईश्वरको हातमा हुन्छ पतझड एवं वहार
वनविहारमा आज भयो कोशलभन्दा वढिहार ।१०४

पिताजीको मृत्यु सुन्दा कोशल सीतानाथ
आकुल व्याकुल राम भए सुस्केरीका साथ ।१०५

निर्जल व्रतमा पिण्ड दिए वेदविधि नीर
श्राद्ध गरे श्रद्धासाथ मन्दाकिनी तीर ।१०६

अर्को दिन चित्रकूटमां ठूलो वैठक बस्यो
कोशलको विषयमा छलफल हुंदो थियो ।१०७

एकापट्टि वशिष्ठ र ऋषिमुनि थिए
अर्कोपट्टि व्राह्मण एवं साधुसन्त थिए ।१०८

दोश्रोतर्फ भरत स्वयं उनका प्रजा थिए
तिनका पछि लहरमा रानी तीनै थिए ।१०९

दासदासी दर्वारका त्याही खडा थिए
वीचमा रामलक्ष्मण सीता भील वनबासी ।११०

आकाश पनि निर्मल थियो मौसम सफा थियो
प्रकृतिनै प्रशन्न भै उदारता थियो । १११

इन्द्रसभा लज्जित भई पर्दा खसाल्दियो
चित्रकूटको दृश्य पनि ज्यादै शान्त थियो ।११२

सिंहासनै त्यागीकनै कुशासनमा आज
प्रशन्न भै हाँसी रैछन दुनियाका राजा ।११३

मानो उनी घटघटबासी व्यापक सर्व देशमा
जीवन एवं प्रकृतिका साथ मुख्य वेशमा । ११४

आफ्नो व्यथा भन्नलाई भरत तयार थिए
जनकराजा आइरहेका भन्ने खवर दिए । ११५

मिथिलेश्वरका आगमन्ले सबै हर्षित भए
सभाषदै हर्षित भई स्वागत गर्ने गए । ११६

राजा जनक रामचन्द्रका आश्रममा आए
आउदा आउंदै पृथिवीमा शिर निहुराए । ११७

त्यस्वेलामा भूपतिले केही खोजी गर्थे
भोलीभाली तपस्विनी जानकी नै देखे । ११८

विवाहको विदामा राजशीमा थिइन
चित्रकूटमा देख्छु आज योगिनी पो भइन ।११९

तिनै अजीव योगिनीलाई भूपतिले देखे
जानकीको रुपलाई लक्ष्मी रुप भेटे । १२०

आँखै आँखा संकेतले आशिक पनि दिए
जानकीलाई भूपतिले संवोधन यो गरे । १२१

छोरी तिम्ले दुवै वंश पावन गराइदियौ
दुवै वंशलाई तिम्ले उज्ज्वल पारिदियौ ।१२२

भूपतिका मधुर शव्द सुन्दा हर्षित सारा
हर्षाश्रुका दुवै नदी बग्न लागे धारा । १२३

पिताजीलाई देख्नासाथ माथ झुकाइदिइन
माताजीको आगमनमा सीता दौडी हालिन ।१२४

आमालाई देख्दाखेरी आँसु खसालेकी
धेरै दिनको वियोगले ज्यादै आत्तिएकी ।१२५

यो बेलाको वर्णन कोही गर्न सक्नेछैन
शारदा र विद्वानले लेख्न सक्नेछैन । १२६

जानकीको योगीन भेष देख्दा दुःख मान्दै
महारानी रुन लागिन आँसु नीर पोख्दै । १२७

हिर्दयको भावलाई रानी पोख्न लागिन
ज्यादै सोझी छोरीलाई शिक्षा दिन थालिन ।१२८

गेरु वस्त्र लाउन हुन्न यस्तो किन लायौ
सौभाग्यका वस्त्र टीका विहादेखि पायौ ।१२९

सूर्यवंशी पुत्रवधू लालिमा छन साथ
सौभाग्यले रंगाएर राख्नु पर्छ माथ । १३०

भाग्यमानी छोरी तिमी भाग्यमानी आमा
सन्तान होउन भाग्यमानी इच्छा गर्छन् आमा ।१३१

अर्कोतिर रामचन्द्रले जनकलाई शिर झुकाई प्रणाम
गद्‌गदाइ राजा बोल्छन धन्य धन्य राम । १३२

नयाँ नयाँ लीला गर्दै कोशलमा जन्म्यौ
कोशलको राज्य त्यागी चित्रकुटमा आयौ ।१३३

साधारण मान्छे बनी रनवन हिडछौ
दुनियालाई रीतिरिवाज सबै बताइदिन्छौ ।१३४

पैले थिए जनक राजा ऐले राजेश्वर
चित्रकूटमा आखाँ खुले राम हुन परमेश्वर ।१३५

आत्मैदेखि नाथलाई ईश्वर भन्ने चिन्हे
पैलेदेखि नाता थियो ऐले भक्त बने । १३६

जनक तिम्रो म हूँ मेरा तिमी नाथ
आऊ आऊ हृदयमा बस्नुलिनु वास । १३७

यसरी भन्दै रामसँग प्रेमले टास्सिएर
प्रभुसँग मिलन भयो शरीर अलग्गेर । १३८

यस्तैसँग हुँदै मिलन गयो संमेलन र सम्मान
मिथिला र कोशलको घनिष्टता संमान । १३९

पैले जस्तै ऐले फेरि वैठक बस्ने भयो
भरतजीले सामुन्नेमा विन्ति गर्नु भयो । १४०

हात जोडी नम्र भावले भरत विन्ति गर्छन
राजयति, वनयतिलाई आफ्नो दुःख पोख्छन ।१४१

रघुकुल भूषणमणि राम रघुराई
एउटा कुरा विन्ति गर्छू ठूला दाज्यूलाई ।१४२

आमाबाट कर्तूत भयो गर्छिन पश्चाताप
त्यस पापले गर्दाखेरी सदासदा ताप । १४३

पापले गर्दा सारा शरीर हुँदै गयो कालो
अति ठूलो पापले गर्दा चेहरा नै कालो । १४४

कालो दाग मेटनलाई साधन कुनै होला
राघवका कृपाले नै कालो दाग जाला । १४५

दुवै जनासाथ लिई कोशलमा जाने
शत्रुघन र स्वयम भरत वनवास गर्ने । १४६

अन्याय यो पर्न गयो अयोध्या शून्य भयो
कोशलको राज्य गर्दा आशा पूर्ण हुन्थ्यो ।१४७

जानै पर्छ अयोध्यामा भन्दै भीख माग्छू
यति भन्दै प्रभुजीको पूजाआजा गर्छु । १४८

हात जोड्दै गद्गदाए कैकेयीका लाल
धन्य धन्य शव्दले नै गुँजिएथ्यो दर्वार ।१४९

मुनिजनको मस्तक झुक्यो रामचन्द्र वीर
उत्तर निंति उठ्नु भयो चित्त गरी गम्भीर ।१५०

राघवले भन्नु भयो भरतको प्रेम
शव्द शव्दमै पूर्ण छ यो प्रेमनीति उपदेश ।१५१

प्रिय भाइ भरतको ठान्छु पावन सन्देश
शव्दैपिच्छे भातृप्रेम निंति नीति उपदेश ।१५२

माताप्रति सद्भावना प्रष्टीकरण दिन्छन
रामका तिनी सच्चा भक्त पूजा मन्ले गर्छन ।१५३

वनमा जाने आज्ञा भयो उन्नतिको श्रोत
आनन्दमा दिन बित्छन गर्छु सुख भोग । १५४

माताजीको आज्ञा मैले शिरोधार्य गर्छु
जोडनुभन्दा त्यागनु ठूलो महामन्त्र सिक्छु ।१५५

आमा खूदै निष्कलंकी हृदयले भन्छ
केको लागि मातालाई क्षमा दिन सक्छ ।१५६

आफ्ना चारै पुत्रलाई माया प्यार गर्छिन
पुत्र निंति पावन गंगा सदा निर्मल ती छन ।१५७

त्यै बेलामा कहींबाट आवाज कुनै आयो
व्याकुल हुँदै रोइ रैछन आमा भन्ने आयो ।१५८

जानकी र कोशलपति वेतोडमा दौडे
चेतना जागोस भन्ना निंति धेरै कोशिस गरे ।१५९

मूर्छाबाट विंझिंदा सामुन्नेमा राम
आफ्नो काखमा राखिकनै भन्दै वावुराम ।१६०

त्यसबेलामा भ्रममा थिएँ मैमा आपद पऱ्यो
कुसंगतका संगतले मुखै कालो गऱ्यो । १६१

कौशल्याको छोरा होइन राम मेरै छोरो
मेरै जन मेरै जीवन कलेजाको टुक्रो । १६२

मन्थराका चापलुसीले उत्पात गरें मैले
त्यस राँडले यो मन खिची पश्चाताप छ ऐले ।१६३

राम मेरो जीवन थियो मेरै मुटु थियो
त्यसका कुरा सुन्दाखेरी मनमा आघात पऱ्यो ।१६४

संसारका आमा जाति नोकर्नीको विश्वास
भुल्मा पनि गर्छौं भने पर्छ ठूलो आघात ।१६५

छोरी वहू सबैलाई सम्झाएर राख्नू
दुष्टदेखि जैले पनि होसियार हुनु । १६६

घरका सबै नोकर चाकर नयाँ स्वाँग रच्छन
मौका हेरी चारैतिर फाटो पारी दिन्छन ।१६७

मालिकको वरवादीमा नोकर खुशी हुने
सत्य कुरा यस्तो भनी कस्लाई ज्ञान हुने ।१६८

कैकेयीलाई घृणा गर्नु शिक्षा ग्रहण गर्नू
दुष्ट नोकरचाकर देखी सदा टाढा बस्नू ।१६९

आमा तिम्री व्याकुल छु कृपा याचन गर्छु
छोरोसँग तिम्री आमा क्षमा माफी माग्छु ।१७०

रामचन्द्रले कैकेयीको चित्त बुझाइदिए
त्यैबेलामा जनकादि त्यहीं खडा भए । १७१

अर्कोतिर भरत पनि आकुल व्याकुल थिए
वशिष्ठले यस्तो दृश्य प्रष्ट देख्दैथिए । १७२

आफू स्वयं जनक राजा कैकेयीकै हुन्छौं
कैकेयीको जे छ भूल हामी माफी माग्छौं ।१७३

कैकेयीको बुद्धि बिग्री भ्रष्ट मति भयो
उनकै गर्भबाट कुशल भरत पुत्र जन्म्यो ।१७४

वशिष्ठका गफगाफले सबै दङ्ग भए
रामचन्द्र सच्चिदानन्द सहमतै थिए । १७५

देवपुरी आकाशमा आनन्दले छायो
देवताबाट यस कुराको स्वीकार पनि भयो ।१७६

यो कुराको निर्णयमा अर्को प्रश्न महान
शत्रुघनले विन्ति गरे सुन्नुहवस भगवान ।१७७

कोशलमा चाँडो फर्की राज्य गर्नुपर्छ
सूर्यवंशी ताज आफ्नो शिरमा लाउनुपर्छ ।१७८

हत्तपत्त बोल्नु भयो रामचन्द्र फेरि
सत्यलाई अँगालेर बोल्नु पर्छ केही । १७९

विना समझ हैरानीमा बोल्छौ विना विचार
कोशलमा फर्कनमा राघव म छु लाचार । १८०

एकैपल्ट बोले पछि अर्को कुरा हुन्न
पिताजीको आज्ञालाई व्यर्थ गर्ने छैन । १८१

जस्ले आफ्नो शव्दलाई पूर्ण गरिदैन
त्यस्तालाई कोही पनि पत्यार गरिदैन । १८२

एउटा कुरा आज गर्छ भोलि अर्कै गर्छ
त्यस व्यक्तिको आत्मा शक्ति ज्यादै कम्जोर हुन्छ ।१८३

हाम्रो लागि वनवास पनि ज्यादै राम्रो लाग्छ
उन्नतिको सुन्दर श्रोत वनवास नै हुन्छ । १८४

राजकाज गर्नु तुच्छ ठान्छु वनवास सुख मान्छु
संसारको सुख लुटी वनवासमै रम्छु । १८५

यसबेलामा भरतबाबु आफ्नो कुरा पोख्छन
मेरो पनि दुःख पुकार सुन्नु हवस भन्छन ।१८६

जेठो दाज्यू ज्यूदो हुंदा कान्छो सक्षम हुन्न
जेठो दाइको राज्य हक छ कान्छाले पाउदैन ।१८७

अधर्मले गर्छ भने मान्छे भनिदैन
धर्मशास्त्र नियमलाई पालना गरिदैन । १८८

सूर्यवंशी हामी हौं ता धर्ममा नै अडछौं
नियम कानून पालन गर्दा हामी सुखी बन्छौं ।१८९

धर्म एवं अधर्मको झैझगडा हुन्छ
आपसमा लड्दाखेरी कस्तो गति हुन्छ । १९०

आफ्नो हकहितलाई हुन्न तेसै छाड्नु
पालो मिचि कार्य गर्दा कुशल ठहरिन्न । १९१

दाज्यूले नै आज्ञा दिनू मैले के पो गर्ने
अधर्मको बाटो लिई धर्मसँग लडने । १९२

एउटा कुरा गर्दाखेरी अर्को कुरा आयो
एउटा काम गर्छूभन्दा अर्को भाजी आयो ।१९३

मैले कहिल्यै भन्ने छैन बेनीतिको काम
बेनीतिको कार्य गर्दा हुन्छ वदनाम । १९४

उपदेश यही दिन्छु बन्नू सत्यवादी
सत्यवादी बन्दा सच्चा कर्मवादी । १९५

पिता एवं माताजीको आज्ञा यस्तै थियो
सत्य बोल्दा धर्म हुन्छ उपदेश नै थियो । १९६

तिनको आज्ञा त्यागे भने अधर्मले छुन्छ
धेरै कुरा नकोट्याऊ वन देउताले सुन्छ । १९७

वार्ता थियो दुइ पक्षको कर्मशीलै कर्म
एकातिर कार्य गर्दा अर्कोलाई मर्म । १९८

धर्म एवं अधर्मको प्रश्न उठी रै छ
कर्मशील कुन कार्य गरोस के के गर्दा ठिक छ ।१९९

साच्चै तिम्रो मनले भन्छ राम छ अनीतिमा
अधर्मको बाटो लाग्दा गिर्छ खाडलमा । २००

माताजीको आज्ञालाई चकनाचूर पारौं
पिताजीको परलोक हुंदा सबै बिर्सी हालौं ।२०१

अधर्मले गर्दाखेरी कर्मशील रुन्छ
कुन बाटोमा लाग्दाखेरी सच्चा बाटो मिल्छ ।२०२

यो समस्यालाई कस्ले सुल्झाउन सक्ला
चित्त बुझाइदिन्छ भने धन्य धन्य बन्छ । २०३

उल्झन धर्म अधर्म नै कस्ले अन्त्य गर्ला
सारा सभासदै पनि त्यस बेलामा मौन । २०४

त्यसबेलामा भरत पनि संकटमा थिए
राघवको इच्छालाई स्वीकार गरिदिए । २०५

भरत पनि नम्र हुँदै विन्तिभाव गरे
धर्म भन्नु महान कुरा शरणमा परे ।२०६

वशिष्ठले भन्नुभयो दुवैलाई भन्छु
केही वर्षसम्म भरत रक्षक बन्नू भन्छु ।२०७

माताजीको आज्ञालाई पालन गर्नुपर्छ
रामचन्द्रले चौध वर्ष वनवास गर्नुपर्छ । २०८

भरत स्वयं कोशलको संरक्षणै गर्नू
रामचन्द्र फर्के पछि जिम्मा लगाइदिनू । २०९

प्रतिनिधि भरत बन्नू राम वनमा जानू
चौध वर्ष बिते पछि भार सुम्पी दिनू । २१०

भरत भन्छन् सिंहासनै खाली गर्नु हुन्न
दास कहिल्यै सिंहासनमा बस्ने पनि छैन ।२११

वशिष्ठले भन्नुभयो यस कुरामा सोचौं
सिंहासनमा रामचन्द्रको पादुका दुई राखौं ।२१२

रामचन्द्रले पादुका जोर भरतजीलाई दिए
भरतजीले पादुका ती शिरमा चढाइदिए ।२१३

शक्ति आयो बोझ भयो छाती कस्तो भयो
केही गुम्यो केही पाएँ भन्ने मन्मा थियो । २१४

अैले भरत शान्त भए हेऱ्या हेरै भए
श्रीरामको आज्ञालाई शिरोधार्य गरे । २१५

सेवा उनको उच्च थियो भाव बुझिहाले
जय जय राघव भन्दै जय गान गाए । २१६

आकाशबाट पुष्प वृष्टि देवगणले गर्थे
धन्य राम धन्य भरत उच्चारणै गर्थे । २१७

सभा पनि भंग भयो सारा गद्‌गदाए
दाज्यूभाइको सम्झौताले सबै खुशी भए ।२१८

भरत पनि धेरै दिन चित्रकूटमा बसे
चित्रकूटका तीर्थ आदि रामसँगै घुमे । २१९

अभिषेक गर्न लागि केही जल साथमा थियो
त्यही जल मिश्रितमा कुवा निर्मित भयो ।२२०

भरत कूप निर्मित भयो रह्यो तेही नाम
चित्रकूटमा कीर्ति रह्यो सुन्दर तीर्थ स्थान ।२२१

राघवले भन्नु भयो फर्क अयोध्यामा
कोशलवासी बस्दा होलान तिम्रै प्रतिक्षामा ।२२२

कैयौं पटक भरतजीले शिर झुकाएर
विदावादी भए भरत चित्त दुखाएर ।२२३

शुभ साइत जुराएर उत्सव रुचाएर
सिंहासनमा पादुका ती राखे चढाएर । २२४

जनकराजा विदा भई फर्के जनकधाम
धन्य राम धन्य भरत भन्दै सम्झे वारस्वार ।२२५

कार्य जसै सकिसक्यो भरत वेचैन भए
के कामले एक्लै फर्कें यही सोच्दै थिए । २२६

मैले ठूलो भूल गरें साथमा मैले ल्याइन
जबसम्म राम छैन शान्ति हुने छैन । २२७

कार्य सबै पूर्ण भयो भरत होशमा आए
राघव छोडी एक्लै आएँ भन्दै पछुताए ।२२८

भरतजीका मस्तकबाट शारदाजी भागिन
भरतजीका नेत्र पनि खुला गरिदिइन । २२९

भक्तजीले सोच्नु भयो ठूलो भूल भयो
राघवका मोहले नै होसहवास गुम्यो । २३०

मैले ठूलो भूल गरें त्यसै छोडी आएँ
त्यै भूलले गर्दाखेरी ठूलो धोका पाएँ । २३१

कुन धूनमा लाग्दाखेरी मैले स्वीकार गरें
आफ्नो प्राण प्यारालाई त्यसै छोडिदिएँ । २३२

राम विना जिन्दगानी के गरेर काट्ने
चौधवर्षसम्म मैले रोई रोई बाच्ने । २३३

मनले त्यहीं जाऔं भन्छ पाउ पक्री ल्याऊँ
बाचुन्जेली जीवनमा हरियाली छाऊँ । २३४

जाऔं अब छिटै जाऔं चित्रकूटमा जाऔं
मालिकलाई भेटीकनै फिर्ता गरी ल्याऔं ।२३५

जुन ठाऊँमा रामचन्द्र कोटि कोटि तीर्थ
एउटा राम साथमा भए सारा पूर्ण हुन्छ ।२३६

भरतजीको हालतले गुरु दिक्क भए
वारम्वार शिक्षा दिदै सम्झाउदा भए । २३७

आखिरमा निश्चित भयो भरत गरुन योग
भरतबाट उल्ने छैन राजकाज सहयोग । २३८

एक्लै सदा गुनगुनाउथे दाज्यू वनमा बस्ने
भाइ भने कोशलको राज्य चलाइराख्ने । २३९

सर्वप्रिय न्यायी राघव वनवासी हुने
सानो भाइ कोशलमा आनन्दले रम्ने । २४०

यो सम्झना गर्दाखेरी मुटु भतभत पोल्छ
अन्यायका कारणले प्राण त्यागौं लाग्छ । २४१

दाज्यू मेरा कोमलाङ्ग खाली भैमा सुत्छन
यो भरतलाई सिंहासनमा आरुढ होऊ भन्छन ।२४२

एउटा गुफा खोजी गरी त्यै गुफामा बस्छु
बाचुन्जेली राघवकै नाम जपिराख्छु । २४३

नाम उनकै जप्दाखेरी राम सम्मुख हुन्छन
त्यसबेलामा जीवनका दुःख बिर्सिइन्छन ।२४४

राघवकै भक्ति गर्छू यो दिल उन्मै दिन्छु
राम राम जप्दै जप्दै उनमै लीन हुन्छु । २४५

आत्मा देउता मनमा राखी पूजा मन्ले गर्छु
नित्य नित्य संभ्कनामा धूपदीप गर्छू । २४६

धरती मलाई स्थान देऊ साधनामा लागें
न्याय देऊ बुद्धि देऊ शरण पर्न आएँ । २४७

गुरु ब्राह्मण मन्त्रीलाई राजकाज सुम्पे
नन्दीग्रामको गुफा पसी तपस्यामा लागें । २४८

मन्त्र जपना एउटै थियो एउटै प्राणायाम
रोमरोममा नित्य थिए भरत प्रिय राम । २४९

भरतजीको भक्ति देखी चकित भयो संसार
धन्य धन्य भरत भक्ति चारै तर्फ गुन्जार ।२५०

आमा बाको आज्ञा पाई रामले राज्ये छाडे
चौधवर्ष कष्ट काटी जंगलमा बाँचे । २५१

भक्त भरत आफ्नै मनले महापद छाडे
चक्रवर्ती राजाभन्दा न्याय ठूलो सम्झे । २५२

नन्दिग्राममा धर्ती मुनि समाधिमा बसी
भक्त भरत बस्ता भए राम नाम जपी । २५३

जस्ले भक्तिभाव गरी भरत चरित गाउंछ
पक्कै पनि तीनै लोकको परमपद पाउंछ ।२५४

आयु सबै गयो लम्की, थाकियो ग्रन्थमा भुली
सुगा जस्तै भयौं हामी, रट्दामा शुष्क खोपडी ।

कैयौं प्राणी यहाँ आए, जाँदामा साथ के लगे
सबैको जिन्दगी यस्तै, हिजो जन्मेर ती मरे ।

रत्न जस्तै छ यो चोला, व्यर्थैमा जिन्दगी गयो
नबुझी धर्मको तथ्य यसरी नै खतम भयो ।

धर्म होइन, कुनै तर्क, धर्म हो न त वाद विवाद
धर्म बस्छ उज्यालोमा, धर्मकै लिनुपर्छ आड ।

धर्म पाइन्न मन्दिरमा, पाइँदैन बजारमा
न त पाइन्छ ग्रन्थैमा, यो पाइन्छ समाधिमा ।

शुद्ध धर्म गरे पालन्, अन्त्यमा मोक्ष मिल्दछ
भेदभाव नराखी क्यै, स्वर्गको द्वार खुल्दछ ।

मन्दिर या मठमा जाँदा, पैतला खिइनै सक्यो
पैतलामा पऱ्यो प्वाल, मनमा मैल नै जम्यो ।

मन्दिर या मस्जिदै घुम्दा, पाइन्न भगवानलाई
सेवा मानवको गर्दा, भेटिन्छ नीत ईशलाई ।

मान्छेकै गरनू सेवा, मान्छे हो परमेश्वर
चर्म चक्षु खुलाएर हेर्दा पाइन्छ ईश्वर ।

असहायको गरौं सेवा, तिनकै आँसु पुछ्नुछ
स्वार्थीपना सबै त्यागदा आत्मले शान्ति पाउँछ ।

# रामकथा पंचवटी

योगी जस्तै घुम्दै फिर्दै आए रामचन्द्र
चित्रकुटको चारैतर्फ सुखै सुखारम्भ
वनैभरि कलकल गरी झर्ना छाँगा बग्ने
समीर पनि रम्दै रम्दै शीतलता छाउने । १

विना मौसम विना ऋतु नाना फूल फूल्ने
प्रकृतिका सन्तानहरू आनन्दमा रम्ने
चित्रकुटको मनोहरले देख्ने लोभिइन्छ
चित्रकुटमा बस्न पाए आयु लम्बिइन्छ । २

बाह्रैमहिना रंगीचंगी पुष्प शोभा दिनदिन्
प्रकृतिको सौन्दर्यमा प्राणी लोभिइन्छन्
ऋषिमुनि साधुसन्त तपसाधना गर्थे
पृथिवीको दोश्रो स्वर्ग चित्रकुट हो भन्थे । ३

फूलैफूलको सुवासले वनै महकिन्थ्यो
यस्तो दृश्य राघवलाई ज्यादै मन पर्थ्यो
यस्ता फूल देख्दा खेरी टिपौं टिपौं लाग्यो
राम्रा कोमल पुष्प छानी टिपी ल्याउनु भयो ।४

सुन्दर सुन्दर फूल देख्दा लोभिएका थिए
जानकीका लागि सुन्दर भुषण बनाइदिए
अयोध्यामा यस किसिमका फूल छैनन् होला
संसारमा सुन्दर फूल यहीं फूल्ने होला । ५

अनार गुलाफ शीश फूल पारीजात फूल
सयपत्री औ जाई जुही गुनकेशरीका फूल
मखमली सूर्यमुखी लज्जावती आदि
जानकीका लागि सुन्दर माला थरिथरि । ६

सुन्दर फूल छान्दा छान्दै इच्छा प्रकट भयो
अति उत्तम अति सुन्दर फूलमा वास्ना थियो
सिक्री फूल गोलैचका फूल टिपी राम्रो
सिंदुर खुर्सानी फूल इन्द्रेनीका रङ्का । ७

कोमल फूल देख्दा खेरी हार बनाऊँ भन्ने
वाटिकामा हेर्दा हेर्दै मीठो वास्ना आउने
कुनै फूलको कर्ण फूली कुनै पाउजेप
कुनै कुनै सेट मिलाइ कान्मा सुन्दर टप । ८

झुम्के फूल नाकमा नथ्थ फूल्कै बनाएर
राघवले आफ्नै हातले सेट सजाएर
नौगेडी औ तिलहरी फूलकै बनाएर
फूलकै थियो शिरवन्दी सीप लगाएर । ९

दश औलीमा औंठी पनि फूल सुन्दर थिए
पैतालामा पाउजेप कल्ली रामले लगाइदिए
मुस्कुराई प्रेमपूर्वक कुरा गर्दै थिए
वनवासका कष्ट दुःख बिर्सिएका थिए । १०

आफ्नै हातले पुष्प भुषण प्रेमले लगाएर
राघव सीता हर्षित भै प्रेममा रमाएर
राम एवं रमा पनि साथ साथै थिए
प्रकृतिका विषयमा छलफल गर्दै थिए । ११

स्वच्छ हावा चारैतर्फ मन्द बग्दै थियो
त्यसवेलाको चित्रकुट कोमल जस्तै थियो
प्रकृतिको वातावरण अति उत्तम थियो
जानदीको आत्मा पनि त्यस्तै शुध्द थियो । १२

आपसमा वार्ता गर्थे दुवै हाँसी हाँसी
हराभरा चित्रकुट ज्यूँदो जिन्दगानी
आकाश अति स्वच्छ थियो धर्ती रंगीएकी
चित्रकुट सवै कुरा पूर्ण भरिएकी । १३

आत्मा सुन्दर हुन्छ भने स्वर्ग त्यही हुन्छ
शोक सुर्ता छैन भने आयू लम्बिइन्छ
सीतानाथका लागि कोशल चित्रकुट उस्तै
वनवास भ्रै घरवासमा फरक छैन उस्तै । १४

त्यसवेलाको चित्रकुट मानौ स्वर्ग थियो
राघवको वास हुंदा सवै पूर्ण थियो
जुन ठाउमा रमापति प्रकृतिनै रम्छ
कोशलपति राज हुंदा जीवन धन्य हुन्छ । १५

प्रकृतिको वातावरण सत्य सुन्दर थियो
गर्मी छैन ठण्डी छैन समानता थियो
जानकीजी सुखी थिइन् राघव हुंदा साथमा
आनन्दले पूर्ण हुंदा वैदेहीका काखमा । १६

त्यत्तिकैमा काग आयो पंख फिजारेर
जानकी पाउँ ठुंग्यो चुच्चो तिखारेर
अनि कोमल पाउबाट रगत बग्न लाग्यो
रगतधारा बग्दाखेरी कौवा भागिहाल्यो । १७

हर्षलाई विथोल्दिन कौवा आको थियो
राघवले त्यसको मतलव सबै वुझ्नु भयो
कौवा ज्यादै दुष्ट रैछ भन्ने थाहा भयो
वैदेहीका पाउवाट रगत बग्दैथियो । १८

जोरी खोज्न आको रैछ भन्ने थाहा हुँदा
रघुवीरले छेस्को टिपी कौवालाई हान्दा
काग जोडले उड्दै थियो छेस्को पछि लाग्यो
जहाँ जहाँ काग पुग्थ्यो त्यही छेस्को पुग्थ्यो । १९

छेस्कोरूपी वाण थियो कागको काल थियो
कौवालाई भेटाएमा ज्यानै लिने थियो
आँधी जस्तै आकाशमा काग जोडले उड्थ्यो
काग पछि लागिलागि वाण त्यही पुग्थ्यो । २०

तीनै लोक चौध भुवन सबै ठाऊँ पुग्यो
कतै शरण काही नपाई ज्यादै चिन्तित भयो
आकाश हिमाल वरूणालय उड्दै उड्दै पुग्यो
कयौंसँग आँशु बगाई आफ्नो दुख पोख्यो । २१

देव, दानव, इष्ट मित्र शरण पर्न गयो
केही आधार नपाईकनै प्राण जानै लाग्यो
यस्तो आपत पर्ला भन्ने संझिएन पैले
पैले केही नजान्नाले दुःख पायो ऐले । २२

भौतारिदै उड्दा खेरी शरीर थाकी सक्यो
गल्ती आफ्नो सम्झीकनै पश्चातापमा पर्‍यो
शरीर पनि थाकी सक्यो माथिसम्म उड्दा
दया माया पाइदैन आपद विपद पर्दा । २३

कुन ठाउँमा जाने अब कस्को शरण पर्ने
संसार भरै छैनन् कोही उस्लाई दया गर्ने
यस्तो विपद पर्दा खेरी कोही परिलदैनन्
आफ्ना सबै दूर दूर कोही नजिक छैनन् । २४

मर्न पनि सकिएन बाँच्ने कसो गरी
देवेन्द्रको छोरो म हूँ मेरै यस्तो गति
कुन ईश्वरले दया गरी मलाई बचाइदेला
त्यस्तालाई ईश्वरले ठूलो शक्ति देला । २५

कागको यस्तो हालतलाई नारदजीले देखे
के कारणले दुःख पायौ कारण सोध्न लागे
कौवा पनि रूदै रूदै आफ्नो गल्ती पोख्यो
मेरो ज्यान बचाइदेऊ भन्दै विन्ति गर्‍यो । २६

के के गर्दा ज्यान बच्ला प्रभू आज्ञा पाऊँ
मुनिश्वरको आज्ञा लिदैं कसको शरण जाऊँ
कारण पत्ता लागिहाल्यो युक्ति बताइदिए
कौवालाई संझाएर शुभ आसिक दिए । २७

जसले वाण छोडेको छ उसैको शरण जाऊ
शरण पाए प्राण बच्छ उस्कै पर्नु पाउ
आफ्नो भूल स्वीकारेर अहंकार छोड्नू
उनकै पाउ पस्री पस्री नम्र भई बोल्नू । २८

जिन्दगीमा गर्ने छैन यस्तो गल्ती भन्नू
विन्ति गर्दै नम्र हुँदै प्राण दान माग्नू
जाऊ जाऊ कौवा जाऊ उनकै शरण जाऊ
आफ्नो प्राण रक्षा गर्ने अन्त छैन ठाऊँ । २९

त्रिभुवनको शक्तिसँग तिमीले जोरी खोज्यौ
ज्यादै नीच काम गर्दा भोग्नु दुःख भोग्यौ
सीता होइनन् साधारण उनी देवी काली
पृथ्विको भार हर्न राघव साथमा आकी । ३२

नारदजीका अर्ति सुनी कौवा उड्दै आयो
राघवका सामू आई दुःख व्यथा पोख्यो
त्राहीमाम त्राहीमाम भन्दै आँशु झार्‍यो
प्राण मेरो बचोस प्रभु भन्दै पाऊ पर्‍यो । ३१

आफ्नो भूल स्वीकार्दा राघव खुसी भए
शरण पर्न आएकोमा आश्वासनै दिए
कौवालाई रघुवीरले शरण लिनु भयो
एउटा उसको आँखा फोडी विदा दिनु भयो ।३२

देवेन्द्रको पुत्र हुंदा आसिक धेरै दिए
जयन्तका सन्तानले विश्व ढाक्न भने
जयन्तको जाति फैलियोस युगौं युगौंसम्म
सन्देशको बाहक बनोस हिमाल सागरसम्म ।३३

ईश्वरको भक्त बनी उपकारी बन्नू
शुभाशुभ संचार बोकी पृथिवीमा उड्नू
देवेन्द्रको पुत्र हुंदा तेरो पूजा गर्लान
पृथिवीका मानिसले तेरो महिमा गाउँलान् । ३४

त्यसको नाम जयन्त हो देवेन्द्रको छोरो
राघवको शक्ति जाँच्न उत्ताउलिदै आको
अहंकारले आँखा गयो देवशक्ति जाँच्यो
प्राण जानै लाग्या थियो भाग्यले नै बाँच्यो ।३५

देख्या देख्यै आँखा गयो मात्तिएको थियो
घमण्डले गर्दा खेरी त्यसको फल पायो
सज्जनलाई चिन्ने शक्ति दुर्जनमा हुन्न
दुर्जनको बुद्धि मति कैल्यै सुध्रिदैन । ३६

दुर्जनले सज्जनलाई आफैं जस्तो देख्छ
काम कुरो बिग्रेपछि वल्ल होसमा आउँछ
बाहृ वल्डयाङ खाँदा पनि बुद्धि सप्रिंदैन
त्यस्ता दुष्ट व्यक्तिलाई मान्छे भनिंदैन । ३७

घाँस खाने दुखले नै मान्छे जन्म लिन्छ
त्यस्तो दुष्ट बाँच्दा खेरी सबलाई दुख दिन्छ
आफै खाऊँ आफै लाऊँ सबै मरिहालून
संसारकै धन संपत्ति सबै उस्लाई दिऊन । ३८

एकपल्टको ठक्करले आँखा खुल्छ भने
जिन्दगानी सुधिन्छ सन्तोषी छ भने
कोही हुन्छन् अचम्म ज्यादै जिक्री मात्रै गर्ने
खराव वानी छोड्नलाई ज्यादै मुस्किल पर्ने । ३९

त्यस्तो व्यक्ति मान्छे होइनन् पशुभन्दा चर्को
जिन्दगीनै खेर जान्छ न त घरको घाटको
एउटा मूर्ख जन्मिएमा सबलाई सताई राख्छ
परिवारको जिन्दगानी नर्कै जस्तो पार्छ । ४०

यस्तै गरी चित्रकुटमा केही महिना बित्यो
चित्रकुटको प्रकृतिले सुन्दर छटा ल्यायो
त्यस ठाउँको वातावरण अति सुन्दर थियो
राघवको वास हुँदा प्रकृतिनै गम्क्यो । ४१

कैयौं कैयौं साधुसन्त दर्शन गर्न आउथे
रामचन्द्रको दर्शन पाई धन्य धन्य हुन्थे
त्यसवेलाको चित्रकुट भरिपूर्ण थियो
चित्रकुटको हरियाली मनोहर थियो । ४२

विस्तार विस्तार चित्रकुटमा वस्ती बस्न लाग्यो
चित्रकुटनै छाडी हालौं रामको मनमा लाग्यो
त्यस ठाउँमा पर्णकुटी एउटा सानो थियो
त्यसलाई पनि राघवले छोडी जानु भयो । ४३

वर्षौं वर्ष एक ठाउँमा बस्ने छैनन् त्यागी
घरवार गरी बस्छन् भने योगी होइनन् भोगी
स्वच्छ हावा स्वच्छ नदी अटुट बगिरहन्छ
स्वार्थ विहीन घुम्ने सन्त उत्तम ठहरिन्छ । ४४

पाँच छ कोश पैदल हिंडी रामले विश्राम लिए
अत्रिजीको दर्शन गरौं भन्ने मनमा लिए
अत्रिजीकी धर्मपत्नी अनुसूया नाम
नारीलाई दिने गर्थिन गई स्वयं ज्ञान । ४५

जानकीलाई आको देख्दा प्रशन्नभई हासिन्
सीताजीको दर्शन पाई हर्ष विभोर भइन्
वैदेहीको स्वागत गरिन छाती मिलाएर
प्रेमपूर्वक वस्त्रभूषण दिइन् रमाएर । ४६

कोशलको महल त्यागी पति साथमा आयौ
पतिव्रता नारी यस्ता भन्ने देखाइदियौ
साथमा पति हुन्छन् भने, हामी सवल हुन्छौं
पति पत्नी छुट्टिएमा हामी निर्वल हुन्छौं । ४७

सिंदुर हाम्रो सच्चा सृंगार सधुवाको चिन्ह
विना सिंदुर नारी जीवन ठान्नु पर्छ व्यर्थ
जुन नारीको पति छैन सर्व घृणित हुन्छन्
थिचो मिचो पारीकनै सबले दवाइदिन्छन् । ४८

हामी भयौं आर्यनारी पति मान्नु पर्छ
पति पत्नी मिलेन त जीवन खेर जान्छ
आफूभन्दा ठूलासँग सधैं सधैं झुक्नु पर्छ
सज्जनसँग झुक्दा खेरी इज्जत पनि बढ्छ । ४९

निधारमा टीका भए मुहार उजेलिन्छ
पति पत्नी दुई जनाको मेल हुनुपर्छ
सौभाग्यको चुरी हुन्छ विधुवाको हुन्न
हातमा चुरा छैन भने हातै उज्ज्वल हुन्न । ५०

जसको बोली मीठो हुन्छ लक्ष्मी वास गर्छिन्
झै झगडा हुन्छन भने लक्ष्मी भागी जान्छन्
नारी पुरूष मिल्छन् भने सन्तान तह लाग्छन
आमा वावु मिल्दैनन् त सन्तान भाँडिइन्छन् ।५१

काम गर्ने जाँगर भए जीवन सफल बन्छ
जाँगर साँगर छैन भने रोगले वास गर्छ
घरको आय भण्डार आदि नारीलाई दिनु
घरको कार्य सुचारूमा हुन्न नारी विनु । ५४

हृदयमा श्रध्दा भए बोली गम्भीर हुन्छ
सत्यतानै माणिक बनी पल झल्किदिन्छ
दाम्पत्यको सुन्दर हार छाती वीचमा हुन्छ
दाम्पत्यको मेल मिलाप श्रदा शुध्द हुन्छ । ५३

पति पत्नी आपसमा विश्वास हुनु राम्रो
एउटै मन एउटै विचार आवश्यक छ हाम्रो
लज्जा एवं सत्यशीला सारी चोली शोभित
यस्ता नारी देख्दा खेरी दुर्गा हुन्छिन मोहित । ५४

धैर्य लिनु सत्य बोल्नु त्यही नारी श्रृंगार
लक्षणको नारी भए राम्रो हुन्छ घरवार
घरवार सवै नारीलाई सुम्पी दिनुपर्छ
पुरूषले नारीलाई मद्दत दिनुपर्छ । ५५

दाम्पत्यको जिन्दागानी सधैं सुखी राख्नु
एकवारको जिन्दगी हो आपसमा मिल्नु
पत्नी पति एकै अंग सम्झी राख्नुपर्छ
दुई जनाकै एकै विचार सधैं हुनुपर्छ । ५६

नारीका हुन मुख्य रक्षक स्वामी मान्नु पर्छ
नारी पुरूष दुईजनासै मेल राख्नु पर्छ
वाहिरबाट पाउना आउदा मुस्कुराउने गर्नू
आफ्नो घरमा जेजस्तो छ बाँडीचुडी ख्वाउनू ।५७

घरका बूढा बूढीलाई गौरी शंकर ठान्नू
त्यस्ता बूढा बूढीलाई मनले पूजा गर्नु
वृद्ध व्यक्ति कमजोर हुन्छन् चित्त दुख्दा भन्छन्
मीठो बोली बोल्दा खेरी आसिरवाद दिन्छन् ।५८

पुरूष सदा वाहिर घुम्छ घरमा कस्ती बस्छ
त्यसकारण गृहभार नारी हातमा हुन्छ
दुस्ट पुरूष हुन्छ भने प्यारले सम्झाउनू
उसको आदत खराव भए विस्तारै हटाइदिनू ।५९

लोग्ने मान्छे नीच हुंदा घरछिमेकले हेप्छन्
त्यस्तै पनि छैन भने नारी कमजोर हुन्छन्
दूर्गा देवी नारीनै हुन उनलाई हेप्नु हुन्न
पत्नी पति दुई मत भए घरवार सम्हालिन्न ।६०

जस्तोसुकै कष्ट परोस् धैर्य राख्नु राम्रो
अर्कोलाई आफ्नो ठान्नु नारीधर्म हाम्रो
आइमाईको मुख्य क्षेत्र गृह काज कर्म
सन्तानको सेवा गर्नु गृहिणीको धर्म । ६१

नारीद्धारा असल सन्तान जन्माउनु पर्छ
निशीदिनै उत्तम शिक्षा दिने गर्नु पर्छ
सन्तान असल हुन्छ भने राष्ट्र सेवा गर्छ
उन्नतिको शिखरमा राष्ट्र चुलिइन्छ । ६२

चार किसिमका नारीहरू संसारमा हुन्छन्
उत्तम प्रथम मध्यमा र नीच पनि हुन्छन्
संसारका मान्छेलाई आफू जस्तै ठान्नू
आफ्नै दाजू भाइ वैनी आत्मैदेखि मान्नू । ६३

शुध्द राखी तन र मन गर्नू दान र पुण्य
रोगीजनको सेवा गर्दा मिल्छ महापुण्य
घरका जान रिजाएर पतिसेवा गर्नु
चिनाजानी मित्रजनको कल्याणकारी बन्नू ।६४

सधैंभरि उच्च विचार सधैं सुखी बन्नू
बूढाबूढा आए भने सम्मान गरी राख्नू
पिता सम्मान मान्नु पर्छ बूढापाकालाई
कच्चा उमेर ठिटा जो छ भन्नु पर्छ भाइ । ६५

राम्रो मीठो बोली बोल्नू आउने जानेलाई
सकेसम्म दुःख दिन्छ घरका वधूलाई
जीवन भरै धैर्य गरी जीवन धान्नु पर्छ
नारीले नै संसारको भार बोक्नु पर्छ । ६६

यही नै हुन्छ नारी धर्म यही नै ठूलो ज्ञान
उत्तम नारी लिन्छे त्यस्कै हुन्छ शान
मध्यम नारी धर्म पनि बताइदिन्छु मैले
सारा कुरा बताइदिन्छु सुन्न पाउनु कैले । ६७

करले हुन्छ डरले हुन्छ नियम पालन गर्छे
मनैदेखि भित्र भित्रै तेसै मुर्मुरिन्छे
चंचल मन हृदयलाई जवरजस्ती राख्दा
समाजको लाज मात्र राख्ने नारी यस्ता । ६८

यस्को उल्टा कुनै नारी चरित्रमा दोषी
त्यस्तो नारी देखिन्छन, कुचालका योगी
यस्तालाई समाजमा कुनै इज्जत हुन्न
तेस्को कस्तो वानी व्यहोरा बुझ्न सकिंदैन ।६९

त्यस्तालाई व्यर्थ समाज घृणा मात्र गर्छ
रीतिरिवाज छाड्नेहरू नर्कवास हुन्छ
हिन्दुधर्म आर्यधर्म बचाउनु पर्छ
आफ्नै धर्म बचाउनाले सत्य बाटो खुल्छ । ७०

भ्रष्टा नारी खराव हुन्छन् कुचालमा हिड्छन्
तेस्ता नारी बिग्रिएर सौता बन्न पुग्छन्
त्यस्ले गर्दा घरको नारी सदा पिरालिन्छे
रखौटीको बलले गर्दा ज्यानै फ्याकिदिन्छे । ७१

ईश्वरले भ्रष्टालाई भिक्षा दिने छैन
कुलतका नारी जिन्दगीमा सुख पाउने छैन
आर्यनारी हिन्दुनारी आफै धर्म थामून
वंशजको धर्मलाई तिन्ले जोगाई राखून । ७२

जानकी औ अनुसुया नारी धर्म संवाद
दूई नारीमा भइरहेको प्रेमपूर्ण उल्लास
अनुसूया निपूण थिइन नारी धर्म ज्ञाता
आर्यधर्म संस्कृतिकी अति प्रज्ज्वल तारा । ७३

घण्टौसम्म भइरहेको नारी धर्म व्याख्यान
जानकीले शिक्षा लिई विदा मागिन तत्क्षण
वैदेहीलाई विदा दिन अत्रीपत्नी रोइन
सीताजीले नेत्र दुवै अश्रुपूर्ण पारिन् । ७४

अर्कोतिर अत्रीजीले रामको दर्शन पाए
राघवको दर्शनले ज्यादै खुशी भए
कोशलपति अत्रीजीका व्यवहारिक बात
दुईजनामा कुराकानी हर्ष विभोर साथ । ७५

अत्रीजीले हात जोडदै विन्ति गर्नुभयो
राघवले ध्यानपूर्वक विन्ति सुन्नुभयो
अत्रीजीले भन्नुभयो मनको वह पोख्छु
पुरूषवर्ग के भएछ त्यसको बयान गर्छु । ७६

अन्तरयामी जगत स्वामी स्वयम हुनुहुन्छ
विश्वभरमा के भै रहयो बुझ्नु हुन्छ
तैपनि म विन्ति गर्छु मनको वह पोख्छु
भूलचुक भए माफ पाऔं भन्दै हात जोड्छु ।७७

पुरूषवर्ग नारीलाई दासी समान गर्छ
आफैलाई महान सम्झी नारी घृणा गर्छ
व्यवहारमा नारीलाई पशुजस्तै ठान्छ
पत्नीलाई देख्दा खेरी त्यसै मुर्मुरिन्छ । ७८

कर्तव्य पतित पुरूषलाई अर्ति सुनाउदैछु
नारीलाई दुःख दिन हुन्न कैल्यै भन्छु
पाइलै पिच्छे निहु खोज्दै पत्नीलाई पिट्छ
सानो कुनै निहु खोजी मुखमा थुकिदिन्छ । ७९

मन परेन यदि भने लाउछ अनेक दोष
जथाभावी मुख छाड्छ छैन उसलाई होस
रातैभरि बाहिर घुमी जाँड रक्सी पिउने
भोलिपल्ट घरमा आई झगडा मच्चाइदिने ।८०

उसलाई थाहै छैन उनको अनुराग
परिवारको रक्षा निति जिन्दगीको त्याग
मीठो चोखो उसलाई ख्वाई आफू दुख खाई
जीवनभर दुःख पाई बस्छिन कठै नारी । ८१

घरमा यदि क्यै छ भने अर्केलाई पोष्छ
घरकी पत्नीलाई भने ढुंगो मुढो गर्छ
ज्यान जोगाउन मुस्किल पर्छ घर्की नारीलाई
हास्नु पाउनु कैल्यै छैन आँशु सयौं धारी । ८२

अर्धाङ्गिनी मुखले कामले देखाउन्न
जति बोल्छ सबै झूठो सत्य एउटा छैन
घरको कुनै चासो छैन खानै मात्र पर्ने
यसो पैंचो गर्न जाँदा वातै लाउन खोज्ने । ८३

तेरो पकाको खादैं खान्न जतासुकै जा तँ
आजैदेखि खाने छैन तेरो हातको भात
गाली गर्दै निस्किहाल्छ जे देख्यो त्यही लान्छ
सिध्याएर घरमा आई लाठी मुंग्रो गर्छ । ८४

बोल्नै हुन्न कसैसँग उस्ले लाउछ वात
पतीत पतीत होस भन्छ हल्लाएर हात
लेखा जोखा उनको छैन नारी सदा रून्छिन
छाती भित्र ढुंगा राखी अर्धमरा हुन्छिन । ८५

पुरूष भने जन्मैदेखि हुन्छ स्वतन्त्रतामा
जीवनभरी नारीलाई राख्छ वन्धनैमा
नारीधर्म पति मान्नु यस्तै दिने शिक्षा
खान नपाई माग्न जाँदा शून्य हुन्छ भिक्षा ।८६

कस्कै घरमा नजा भन्छ खान पनि दिन्न
खानै नपाई प्राणी कुनै बाँच्न सकिंदैन
आफैलाई मात्र पोशाक थरीथरी ल्याउँछ
पत्नीलाई कठैवरा सिहीं मात्र लाउछ । ८७

जतिसुकै पत्नी ल्यावस व्यभिचारी हुन्न
नारीले त अर्कोसँग बोल्नै पनि हुन्न
पुरूषको चाल चलन घिनै लाग्ने हुन्छ
जस्तो आफू अर्कोलाई उस्तै ठान्दो रैछ । ८८

रातदिनै छाडा भई मनपरि नै घुम्छ
सुन्दरी र सुरा सेवन पाएसम्म गर्छ
घरको सामान बाहिर लगी जथाभावी बेच्ने
घरमा आई चोरी दोष पत्नीलाई लाउने । ८९

जीवनभर पत्नीलाई विश्वास दिलाउन्न
त्यै व्यक्तिले पत्नीलाई देखिसहदैन
भनेजस्तो भएन त रिसले दाँत टोक्छ
थालभरिको जुठो चीज छ्यालव्याल्ल गर्छ ।९०

त्यस्तालाई पूजा गर्नू त्यसकै जुठो खानू
त्यसकै गोडा धोईकन फोहर पानी खानू
मीठो चोखो पुरूष खान्छ नारी भोकै मर्छे
दुःत्र संकट काटीकनै जीवन खेर फाल्छे । ९१

दुष्ट पति पर्‍यो भने नारी वरवाद हुन्छे
मिलो मतो गरीकनै नारी मारिइन्छे
पत्नीलाई हैरान दिंदै विश्वास घात गर्छ
सोझो सीधा नारीलाई नित्य हप्काइराख्छ ।९२

नारीजस्तै सहनशीलता पुरूष हुनैपर्छ
एकैमत एकै विचार यश शान्ति मिल्छ
संसारका आमावर्ग दयामयी हुन्छन्
नारीजस्ता दयाशील आजसम्म को छन् । ९३

युगौदेखि नारी रून्छिन् सुख कैल्यै छैन
सदा सदा आँशु मात्र हाँसो देखिदैन
जुनघरमा नारी रम्छिन ईश्वर त्यहाँ रम्छ
जुनघरमा नारी रून्छिन् नर्क त्यही हुन्छ । ९४

नारी जाती होइनन् शत्रु पनि होइनन्
तैपनि त पुरूषले देखी सहदैनन्
सन्तानको पालन पोषण नारीबाटै हुन्छ
माया भण्डार दया राशी उनको छातीमा छ ।९५

नारीसँग सिक्ने गरून सच्चा धर्म के हो ?
जन्मिएर यो भूमिमा गर्ने काम के हो ?
जुन घरमा नारी छैनन् अन्धकार हुन्छ
घरका सामान झ्याल ढोका आत्तिएर रून्छन् ।९६

ममतामयी धर्मालम्वी नारीवर्ग हुन्छ
नारीमुटु कोमल कली नौनी समान हुन्छ
त्यस्ता नारी रून्छन भने अन्धकारै हुन्छ
समाजकै गतिविधि झन्झन् भासिइन्छ । ९७

संसारकै नारीहरू त्रिदेवीकै रूप
नारीले नै सन्तानलाई दिन्छन् सच्चा सुख
तिनैलाई जोसुकैले दुःख दिने गर्छ
अन्त्यवेला त्यो व्यक्तिले ठूलो दुःख पाउँछ ।९८

उनका गुण कति कति भनी साध्य छैन
तिनै नारी नीत रून्छिन भिजाएर नैन
पुरूषमात्र देउता होइन पूज्य व्यक्ति होइन
किन त्यसले पत्नीलाई देखी सहदैन । ९९

संसारमा धेरै जसो मूर्ख पति हुन्छन्
मूर्ख्याइले गर्दा खेरी पत्नी द्वाइराख्छन्
मूर्खलाई मान्नु पनि आफै नीच हुनु
मर्न पनि सकिँदैन के गरेर ज्यूनु । १००

धर्म गऱ्यो कर्म गऱ्यो पुरूष छाडा भयो
यस्ले गर्दा राष्ट्रलाई ठूलो धक्का पऱ्यो
मूर्ख पनि जीवनभर जिद्धि मात्र गर्छ
भोलीभाली पत्नीलाई मुख थुनेर पिट्छ । १०१

यस्त घट्ना कयौं घट्यो मैलै देखेको छु
यस्ता सुधार चाँडै होउन विन्ति गरेको छु
लक्ष्मीका रूप नारी तिनलाई मानी राख्नु
उनको चित्त दुख्छ यदि चित्त बुझाइदिनु ।१०२

भूलमा पनि नारीलाई रूवाउनै हुन्न
छाती जलोस चित्त दुखोस सहिदिन्छन धन्य
पुरूष मात्र आकाशबाट होइन ओर्लिएको
थाहै छ यो नारीबाटै त्यो छ सिर्जीएको । १०३

नारीलाई पुरूषले स्वागत गर्नु पर्छ
नारी पूजा हुन्छ भने गृह राम्रो चल्छ
गृहस्थीका दुखभार नारीले नै बोक्छिन्
तिनलाई दुःख दिइन्छन त सराप पनि दिन्छिन् ।१०४

वैदिक कालमा नारीहरू पूजनीय थिए
आज तिनै नारीलाई दिनु दुःख दिए
के गर्दामा नारीहरू सुख भोग गर्लान
दुष्ट पुरूष समाजमा मृत्यु दिँदै मर्लान । १०५

अन्तर्यामी नारी जगत दुःख भोगीरैछ
तिनको व्यथा बुझ्दा खेरी सबको दिल रून्छ
जगतपति रमापति नारी रक्षा गर्नू
सारा कुरा विन्ति गरें यति मेरो भन्नु । १०६

अत्रीजीले राघवसँग यस्तै वार्तालाप
आपसको वातचितमा लिँदै अति चाख
अत्रीजीको नारीप्रति उत्साह र मान
आत्मैदेखि व्रह्मार्षिमा उब्ज्यो महाज्ञान । १०७

अनुशुया जानकीलाई नारी धर्म ज्ञान
शिक्षा दीक्षा संक्षेपमा दिइन राखी मान
यस्तै गरी धेरैपल्ट संमेलन र संवाद
विदा मागी जानुभयो रामचन्द्र साल्लाद । १०८

जानकी र लक्ष्मणसाथ राम रघुचन्द
आनन्दमा घुम्दै थिए वनमा रघुचन्द्र
कैले काँही जंगलमा रात्री बिताउंथे
कैले काँही सन्त साथमा कुराकानी गर्थे । १०९

कुनै वेला वृक्षमुनि आनन्दमा रम्थे
यस्तै गरी राघवले दुःख भोग गर्थे
धेरै जसो सत्चर्चामा रात बिताउँथे
सन्त मुनि साधुजनको दर्शनमा रम्थे । ११०

साधुसन्त भेटिदामा उनको पाऊ पर्थे
त्यस्ता साधु सन्तबाट आसिर्वाद लिन्थे
साधुजनको खोजी गर्थे घुमी घुमी वनमा
इच्छा आफ्नो पुग्दा खेरी हर्ष लाग्थ्यो मनमा ।१११

त्यस वेलाको पन्चवटी ज्यादै सुन्दर थियो
ऋषीमुनि सन्तजनको तपोभूमि थियो
त्यस्ता साधुसन्तलाई राघवले भेट्थे
कोशलका राजकुमार वनमै मुग्ध हुन्थे । ११२

जाँदा जाँदा बाटो वीचमा भेटे विराधलाई
विराध पनि मुक्त भयो रामको कारण पाई
शक्तिशाली मायुर थियो तपमा दुःख दिन्थ्यो
हवन गर्दा विराधले हड्डी फाली दिन्थ्यो । ११३

त्यस्तो दुस्ट मारिदामा ऋषी खुसी भए
राघवको गुण गान प्रशन्न भै गाए
कोशलपति हाम्रो दुःख तिम्ले हरिदियौ
जिन्दगीको संकटलाई तिम्ले छुटाइदियौ । ११४

त्यहाँवाट शुरभंगलाई भेट्छन रामचन्द्र
तत्पश्चात मुमुक्षका पुगे व्रह्मानन्द
उनको शरीर कमजोर थियो श्वास फेर्नै गाह्रो
श्वास फेर्दा अग्निज्वाला निस्किइन्थ्यो राँको ।११५

भक्तलाई राघवको दर्शन पाउने धोको
आज उनै ईश्वर आई पुऱ्याइदिए धोको-
मनका कुरा ईश्वरलाई सारा सुनाई दिए
राघवको दर्शन गर्दै प्राणै सुम्पी दिए । ११६

राघवसँग विदाभई सुरधामको यात्रा
राम राम जप्दै गए सम्मानका साथ
राघवका सामुन्नेमा जस्ले प्राण त्यागछ
त्यो भक्तको चरित्रलाई सबले तारिफ गर्छ ।११७

साधुजनको तारिफ गर्दै जाँदै थिए राम
राघवको साथ साथै मुनिवर्ग तमाम
केही पर जंगलमा हड्डी थुप्रो देखे
झस्किएर टक्क अडी टोल्याएर हेरे । ११८

खिन्न भए कोशलपति हड्डी राश देख्दा
एक्कासी यो दृश्य देख्दा लाग्यो मनमा शंका
सीतापति दुखित हुँदै सोध्न लाग्नु भयो
सुन्दरभूमी कस्तो दृश्य मैले देख्नुपऱ्यो । ११९

पूज्यवर भन्नुहोस्न कसका हाड यी हुन
कस्का दोषले गर्दाखेरि पाप कर्म यी हुन ?
तपोभूमी पाप हो या शासककै हो यो
यस्तो ऋुर दुःख लाग्दो दृश्य देख्नु पऱ्यो । १२०

आजसम्म विभत्सको दृश्य देख्या छैन
हड्डी राश देख्दा खेरी मन्मा स्थिर छैन
पाइला मेरा नचलेर तेसै अडी राख्छन्
उत्सुकले मेरा कानले सुन्ने इच्छा गर्छन् । १२१

छाती मेरो धड्की राख्छ होश हवास छैन
यस्तो कुरूप दृश्य देख्दा शान्ति मनमा छैन
यस्तो सुन्दर फूलवारीमा कस्ले दाग लायो
भन्नुहोस पूज्यवर सुन्ने इच्छा लाग्यो । १२२

सत्य कुरा नभनेर चूप लाग्नुभयो
तथ्य कुरो भन्नलाई कस्को भय लाग्यो
सोध्दा सोध्दै सीतापति रून लाग्नु भयो
त्यसवेलामा राघवले के के सोच्नु भयो । १२३

राघवको हालतले मुनि छक्क परे
हात जोड्दै अघि सरी विन्ति गर्नलागे
विना राजा प्रजा ठानी दिनु दुःख दिए
शक्तिशाली दानव हुँदा कैयौं ज्यान मारे । १२४

दानवको भीड आई कस्ट ज्यादै दिन्थे
ज्यूँदालाई समातेर आगो वीचमा हाल्थे
कैयौं ऋषिवर्गलाई झम्टी झम्टी मार्थे
सास्ती दिंदै लुछी चुडी आफ्नो पेट भर्थे । १२५

कैयौंलाई खप्परमा हान्दै मारिदिन्थे
सयौं ऋषी वर्गलाई सास्ती ठूलो दिन्थे
मासु जति तिन्ले खांए हाड बाँकी राखे
तिनकै हाड थुप्रो हुँदा जम्मा गर्दै राखे । १२६

कुन शक्तिले नाश गर्ला भन्ने सोची राख्थ्यौं
पर्खिराख्यौं आजसम्म जीवन व्यथा साँच्यौ
फूलवारीको माली कतै सुतिरहे होलान्
कुनै वेला विउंझिएर यसको रक्षा गर्लान् ।१२७

माली असल हुनै पर्थ्यो फूलवारीको लागि
लापर्वाहीले गर्दा खेरी दुःख पायौं हाम्ले
शासकले गर्नु पर्थ्यो हामी सवको रक्षा
शासक पनि पन्छिएमा गर्छ कसले रक्षा । १२८

राजालेनै गौ व्राह्मणको रक्षा गर्नु पर्थ्यो
राजाले नै धर्म छोड्दा नर्क भोग्यौं यस्तो
हामीहरू पिल्सिएर मर्न आँटिरैछौं
ईश्वरको नाम जपी कालक्षेपण गर्छौं । १२९

तिनको व्यथा सुन्दासुन्दै दुःखी भए राम
के कारणमा जन्मिएको भन्ने आयो ज्ञान
आमा वाको लाडप्यारमा आफ्नो काम बिर्से
जुन काममा जन्मिएको त्यै काम नै बिर्से ।१३०

देव्तासँग कवोल गरी जन्में अयोध्यामा
त्यो कामको वास्ता छैन मूर्ख रैछु राम
प्रकृतिले संझिछन् र झट्ट संझाइदिइन्
केशरीलाई निद्राबाट बल्ल विंझाइदिइन् ।१३१

कस्ले कस्ले यो. मौकामा आज संझाइदियो
यो दृश्यले आज मेरो शुध्दि मन्मा आयो
अन्यायको जरैकाटी विनाश पारिदिन्छु
साधु सन्त मुनि जनको शोक हराइदिन्छु । १३२

जुन कुरामा पृथ्वीमा पाइला हालिएको
सर्वप्रथम त्यही कार्य गर्न बिर्सिएको
गाई व्राह्मण सज्जनको कल्याणकारी राम
पृथिवीको भार हर्ने प्रण गर्छ राम । १३३

पृथ्वी र आकाशलाई प्रण सुनाउदैछु
चारै दिशालाई आज साक्षी राखेको छु
धनुर्वाण गंगाजल छोइ प्रण गर्छु
निश्चरलाई शून्य गर्ने प्रतिज्ञा यो गर्छु । १३४

दशरथको पुत्र म हूँ राम मेरो नाम
अन्यायीको नाश गर्ने मुख्य मेरो काम
राक्षसको नाश गर्न यहाँ ओर्लिएको
सज्जनको रक्षा गर्न मलाई पठाइएको । १३५

क्षेत्री धर्म पालन गर्छु पापी दुष्ट मार्छु
आफ्नो कवोल पूर्ण गर्छु भूमिभार हर्छु
आजसम्म गल्ती भयो फेरि हुने छैन
पृथ्वीको दुःख हेरी चूप लाग्ने छैन । १३६

संसारको सुख पालन सबै त्यागी दिन्छु
राज्य धनै सुख संम्पति लोभ लालच त्यागछु
चौध वर्ष वनमा बस्दा राक्षस खतम गर्छु
खाली भैमा सुतीकनै कल्याण कार्य गर्छु । १३७

जंगलकै फलफूल खाई पानी पिई ज्यूँछु
शक्तिशाली वीर बनी सबको दुःख हर्छु
सन्यासी र वनवासीको शक्ति कस्तो हुन्छ
मुखको मात्र कवोल होइन कामले देखाइन्छ ।१३८

जस्तोसुकै आपत परोस वास्ता गर्ने छैन
सज्जनको रक्षा धर्ममा पछि हट्ने छैन
संसारमा पाप छायो छ्याल्ल व्याल्ल भयो
पाप धेरै टिक्ने छैन खतम हुनै लाग्यो । १३९

आजैदेखि निश्चरको खोजी गर्दै हिड्छु
ती दुष्टको वंश कुलै जरै विनाश पार्छु
राक्षसको राज होइन यो हो आर्य राज
दुष्ट वंश उन्मूल गर्दा लाग्ने छैन पाप । १४०

राक्षसको रगतको खोलो बगाई दिन्छु
दशरथको पुत्र राम विश्व प्रख्यात हुन्छु
माताजीको आज्ञा मानी कोशल त्यागी आएँ
ऋषीजनको दर्शन पाई भाग्यमानी भएँ । १४१

माता मेरी दुरदर्शिता अतिशय ज्ञानी
संसारकै बुद्धिमानी कोशलकी रानी
निश्चरको नाश गर्न वनमा पठाएको
उनको बुद्धि तारिफ गर्नु अति उत्तम ठानी ।१४२

प्राणपल्ने प्रण गरें हात उठाएर
आकाशबाट आवाज आयो जय पुकारेर
साधुसन्त गड्गडाए भीषण कवोल सुन्दा
दुष्ट सबको संहार हुन्छ छैन कुनै शंका । १४३

तत्पस्चातै सुतीक्ष्णलाई भेट्छन भगवान
प्रेमपूर्ण प्रशन्न भै दिए भक्ति ज्ञान
फेरि त्यहाँ अगस्तिलाई भेट्छन रघुराम
मुनिसँग सोध्नु भयो बस्ने राम्रा ठाउँ । १४४

अगस्तिले त्यसबेलामा सद्भाव देखाएर
पंचवटी सुन्दर ठाउँ भन्ने बताएर
पंचवटी असल ठाउँ रघुनाथको लागि
त्यहाँ विराज हुनु भए दर्शन पाउथ्यौं हामी ।१४५

ऋषीसँग विदा भई लक्ष्मण सीता साथ
जंगलमा छाप्रा रची आनन्दका साथ
नजिकैमा गोदावरी कल्कलाई बग्ने
जंगलका पंक्षीहरू मीठो बोली बोल्ने । १४६

रसाल पिपल वर वृक्ष चारैतर्फ थिए
गुराँस एवं साल शिसौं जंगलभरि थिए
वाह्र महिना हरियाली फल फूलले युक्त
रसदारी फलफूल पनि सदा प्रचूर मात्र । १४७

नाना थरी पन्छीगण बोल्दै मृदु बोली
वयान गरी साध्य छैन मिलाएर लोली
वसन्तले वहार ल्याउदां हर मनै शान्त
पंचवटी जस्तो ठाऊँ देखिएन अन्त । १४८

प्रकृतिकै सिंगारले सुन्दर पंचवटी
पंचवटी नाटकशाला नाच्छन देवपरी
त्रिभुवनकै शोभालाई खड्क वनमा उत्री
बैकुण्ठनै तुच्छ थियो पंचवटी पारी । १४९

शयौं निर्झर झरना झर-झराई बग्थे
त्यस्तो सुन्दर दृश्य देख्दा सबै मुग्ध हुन्थे
मृग घोरल भालु वानर अनगिन्ति थिए
वाघ सिंह आपसमा मिलिजुली बस्थे । १५०

कसैसँग वैरीभाव त्यहाँ देखिदैन
विश्वभरै त्यस्तो ठाउँ अन्त भेटिदैन
सौन्दर्यले भरिपूर्ण पंचवटी धाम
त्यसै ठाउँमा विराजिए सीतापति राम । १५१

यस्तो सुन्दर पंचवटी बन्यो रामको धाम
विश्वभरै पावन बन्यो पंचवटी नाम
प्रकृतिको साथ खेल्थे प्रकृतिकै बालक
प्रकृतिनै नचाउने कस्तो होला चालक । १५२

तृणहारी मांसाहारी आपसमा मिल्थे
राघवको कृपा पाई जीवनमा रम्थे
पशुपन्छी सुखी थिए रामको छवि पाई
शान्ति सुधा वर्षिइन्थ्यो सबै प्राणीलाई । १५३

यस्तै गरी आनन्दमा बिते बाह्र वर्ष
शान्तिमय जीवनमा थियो हर्षैहर्ष
बाह्र बर्ष बिते पछि तेह्र बर्ष लाग्यो
श्री रामको भाग्यले नै पल्टावाजी खायो ।१५४

निधारमा लेखिएको मेट्न सकिंदैन
लेखिएको भाग्यनै पर्छ टार्न सकिंदैन
बाँचुन्जेली दुःख कष्ट भोग्नै पर्ने रैछ
संकष्टको महाँशिखर चढ्नै पर्ने रैछ । १५५

रावणकी बैनी एउटी सूपर्णखा थिई
पंचवटी जंगलमा वहार गर्न आउँथी
कैले कहाँ कैले कहाँ एक्लै डुल्ने गर्थी
सुन्दर युवक देख्दा खेरी ज्यादै मोहित हुन्थी ।१५६

छाडा थिई उत्ताउलिदै बाहिरै मात्र जान्थी
पाँच छ दिनमा वल्ल वल्ल भित्र पस्न आउँथी
राम्रा राम्रा केटा देख्दा आफै मसकिन्थी
मायावीको भिन्न रूप त्यसले लिन सक्थी ।१५७

सूर्पणखा आउँदाखेरी दशा साथमा ल्याई
-राक्षसको वंश कुलै सखाप पार्न लागी
पुतलीले दीपकको स्वागत गर्न लाग्छ
दीपकलाई स्वागत गर्दा आफ्नै प्राण त्याग्छ ।१५८

सूर्यलाई झम्टी हाल्ने उसको आँट छैन
दीपकसँग जोरीखोज्दा प्राण बच्ने छैन
सूर्यसँग मिल्छु भन्दै सूर्पणखा आई
भास्करको बल्दो तेजले आफै खतम भई ।१५९

कीरा जस्ती सूर्पणखा सूर्य तेज चर्को
राघवसँग लहसिंदा राघवलाई झर्को
हाउभाउ गर्दै भन्थी बिहा गर्नुहोस
आफू जस्ती सौन्दर्यशील संसारमा को छ ? ।१६०

हामी दुईको जोडी मिल्छ भाग्यमानी हुन्छौं
सुन्दर जोडी मिलिजुली विश्वभर घुम्छौं
व्रह्माजीले हाम्रो रूप सुन्दर बनाएर
हामी दुइको मेल होओस कल्याण संझिएर ।१६१

भेट हाम्रो गराई दियो भाग्यमानी भयौं
यदि भाग्य नहुँदो त कहाँ भेट्न पाउथ्यौं
तिमी सूर्य म हूँ चन्द्र जोडा मिलिसक्यो
विहामात्र छ बन्नलाई काम बाँकी रह्यो । १६२

संकोच आफनो हटाएर बिहावारी गर्नु
उत्साहले भरिपूर्ण इच्छा पूर्ण गर्नु
चित्त मेरो बुझिहाल्यो त्यसमा शंका छैन
हामी दुवै मिलिसकौं गरौ सुख चैन । १६३

विहा पहिला गरी हालौं यही सुन्दर वनमा
विहा हाम्रो भए पछि शान्ति हुन्छ मन्मा
रावणकी बैनी म हूँ सुर्पणखा नाम
संसारमा ज्यादै उत्तम लंकापुरी धाम । १६४

विश्वविख्यात रावणको नाम सुनेको हौला
त्यस्तासँग नाता जोड्दा तिमी खुसी हौला
वनवासीले राज घरानमा नाता जोड्न पाउँदा
तिम्रो अन्तर हृदयनै ज्यादै गदगद होला । १६५

सयौं दास दासी हुन्छन् हाम्रो सेवा गर्ने
दाइजो आको हात्ती घोडा कुन ठाउमा अट्ने
हिरामोती पन्ना रत्न इच्छा माफिक पाउछौं
सम्पत्तिले पूर्ण हुंदा दीर्घायुमै जिउछौं । १६६

तिमी मन्जुर हुनैपर्छ सारा कुरा जुट्छ
रावणको जुवाई भन्दै हाम्रो स्वागत हुन्छ
दाज्यूसँग आसिक थाप्न आजै लंका जाऔं
तीनैजना दाज्यूसँग आसिर्वाद मागौं । १६७

सुन्दरीको हाउभाउ ज्यादै चर्को थियो
जानकीको हृदयमा काँढा बिझ्न लाग्यो
उनको मनमा चस्का पस्यो भुटभुटिन लागिन्
जंगलमा बस्दा पनि दुःख आइलाग्यो । १६८

यो दुष्टलाई देख्दाखेरी शंका मात्र लाग्छ
चन्द्र सूर्य मिल्दाखेरी अन्धकारै हुन्छ
राम्री पनि राम्री रैछ मुस्कुराउदै बोल्छे
कस्ती रैछ नकचरी अझै बोल्न सक्छे । १६९

जवरजस्ती रैछ केटी केही लाजै छैन
मेरै साम्ू बोल्न सक्ने केही डरै छैन
सौता हुनै खोजेको हो भन्ने शंका लाग्छ
पापी मनले धेरै कुरा सोची मात्र राख्छ । १७०

त्यो दुष्टको मनको कुरा बुझे रघुवीरले
राक्षसीलाई धपाइदिने भन्ने ठानी मनले
मनमनैमा मुस्कुराई बोले सीतानाथ
योग्य वर खोज्नु तिम्ले हुन्न मेरो साथ । १७१

वास्तवमा बिहा मेरो भैसकेको पैले
धेरै बर्ष बितिसक्यो तिमी आयौ ऐले
वनवासीले क्षमा माग्छु क्षमा मलाई देऊ
हे सुन्दरी यहाँबाट नरिसाई जाऊ । १७२

त्यसमा पनि एकै नारी व्रतमा बसेको छु
पत्नी बाहेक अन्य नारी आमा सम्झेको छु
यो वेलामा तिम्रो इच्छा पूरा हुनेछैन
आर्यवंशी हामी हुँदा शैली छुटाइन्न । १७३

राक्षसीलाई वाण लाग्यो कठोर वाक्य सुन्दा
साह्रै चित्त दुखाएर कान गरी बन्द
रूदै रूदै सुर्पणखा केही विन्ति गर्छे
यो दुःखीको हृदयलाई शान्ति गर्छौ भन्छे । १७४

जतिसुकै रोए पनि प्रस्ताव पूरा हुन्न
आकाश खसोस् धर्ती भासोस् अर्को विहा हुन्न
सत्य कुरा बुझिसक्यौ जिद्दी गर्नु व्यर्थ
तिम्रो लागि योग्य वर खोज्न जाऊ अन्त । १७५

सुर्पणखा सुन्दै थिई यस्ता रूखा शव्द
यस्तासँग विहा गर्नु जिन्दगानी व्यर्थ
निराशाले हेरिहाली लक्ष्मणलाई देख्छे
सौमित्रका नजिक गई मनको दुःख पोख्छे । १७६

तिमी रैछौ कुमार केटा ज्यादै सुकुमार
हामी दुईको विहा रच्दा जिन्दगानीको सार
सुखसँग जिन्दगानी हामी बिताउने छौं
जीवनमा आइलाग्ने कष्ट हटाउने छौं । १७७

त्यो केटाकी पत्नी रैछ तिम्री पत्नी छैन
हामी दुईको जोडा मिल्छ हृदयमा चैन
त्यो केटाले हृदयमा घाउ लगाइदियो
अनुहार त राम्रो थियो जवाफ छुरा थियो । १७८

निर्दयी ता हुनुहुन्न माया गर्नु पर्छ
हामी दुवै उस्तै उस्तै पक्कै कुरा मिल्छ
तिमी पनि एकलै रैछौ म पनि त एकलै
हामी दुईको विहावारी हुने भयो पक्कै । १७९

त्यो दुष्टको प्रस्तावले लक्ष्मण गर्माएका
मनैदेखि घृणा गर्दै आँखा तरिएका
सुर्पणखा पट्टि फर्की रिसले क्रुध्द हुँदै
लक्ष्मणले हप्काउथे ज्यादै घृणा गर्दै । १८०

यस्तो प्रस्ताव राख्नलाई लाज शर्म छैन ?
यस्तीलाई हृदयले स्वीकारीने छैन
यहाँ आउनुभन्दा पैले किन नमरेकी
तँ दुष्टलाई यमराजले लान बिर्सिएकी । १८१

जिन्दगीमा पहिलो पल्ट तँ जस्तीलाई देखें
आजको दिन खराव हुँदा आजै तँलाई भेटें
कलंकिनी जन्मिएकी कुलमा दाग लाइस्
कुन देशमा जन्मिएकी यहाँ किन आइस् । १८२

यदि तेरो बिहावारी नभएको भए
संरक्षकलाई आफना कुरा भन्नु गई तैले
जाँची बुझी कुनै केटो तिन्ले खोजी देलान्
असल केटो पाए पछि विहा रची देलान् । १८३

बिहा भन्नु जिन्दगीको संवन्धको गाँठो
वजारमा किन्ने बेच्ने होइन चामल पीठो
आराम मात्र लक्ष्य होइन जीवनको साथी
हेरी बुझी दुवै कुल्को उत्तम वर छानी । १८४

विवाहिता होस तँ भने जानु पतिघर्मा
पति पत्नी मिलिजुली डुल्नु दुवै वन्मा
यदि पति भाको भए छाडा हुनुहुन्न
पतिसँगै साथैसाथ जानु कतै घुम्न । १८५

वैधव्यको जीवन भए बैरागीनी बन्नु
ईश्वरको नाम जपी सन्यास धर्म लिनु
ईश्वरलाई संझिदामा मन्मा शान्ति मिल्छ
जीवनको अन्त्य वेला मोक्ष प्राप्ति मिल्छ । १८६

देश सेवा जाति सेवा गर्नु निस्वार्थमा
माया मोह लोभ त्यागी बस्नु एकान्तमा
निस्वार्थमा सेवा गर्नु उपकारी बन्नु
दुःखी गरीव निर्धनीको सक्दो सेवा गर्नु । १८७

महत्वको जिन्दगानी खेरफाल्नु हुन्न
एक्लै वनमा डुल्दाखेरी कल्याण हुने छैन
छाडा बनी वन्मा घुम्दा इज्जत गुमाइनेछ
आमा बाको इज्जतमा वट्टा लगाइनेछ । १८८

कुलमा मात्र दाग होइन राष्ट्रभरै दाग
तेरो खराव बानीले त सर्वत्र नै लाज
व्यभिचारी तैले गर्दा कुलको नाश हुन्छ
तेरो यस्तो छाडापनले संसारले थुक्छ । १८९

लक्ष्मणको शिक्षा सुन्दा सुर्पणखा जल्थी
के गरेर धोका दिऊँ भन्ने विचार गर्थी
सन्यासीले इच्छा मेरो पूरा गर्ने छैन
पिल्पिलाउदो आगो बल्दा दाल गल्ने छैन । १९०

अर्ति शिक्षा मात्र दिन्छ मेरो कुरा खान्न
इच्छा पूर्ण नभैकन घरमा जाने छैन
प्राण जान्छ जावस बरू इच्छा पूरा गर्छु
इच्छा पूरा हुन्न भने यसको साम् मर्छु । १९१

यस्ता सुन्दर युवक व्यक्ति आजसंम कोही
विश्वभरै जन्म्या छैनन् दुइटा देखें यही
अनुहार ज्यादै सुन्दर मुटु रैछ पत्थर
यस्तासँग केको मित्ती दिन्छु बरू धिक्कार । १९२

यो भन्दा त अर्को युवक केही समझदारी
आफूसँगै राखिएको रूपवती नारी
एउटी पत्नी साथमा हुँदा संकोचमा पर्‍यो
ज्यूदी पत्नी सामु हुंदा मलाई इन्कार गर्‍यो । १९३

राक्षसीको रूप धरी त्यस्तालाई खाइदिन्छु
बाटो छेक्ने कण्टकलाई पैल्यै पन्छाइदिन्छु
त्यस्की पत्नी खाएपछि मलाई स्वीकार गर्छ
तत्पश्चात सन्यासीले मलाई विहा गर्छ । १९४

यस्तो विचार गर्नासाथ रूपै बदलेर
जानकीलाई खान्छु भन्दै जान्छे दगुरेर
ज्यादै ठूलो मुख थियो आँ गरेर दौडी
लक्ष्मण ज्यादै क्रुध्द भए त्यसको चाला देखी ।१९५

सौमित्रले जानकीलाई आमा समान मान्थे
आमालाई आपद पर्दा किन देख्न सक्थे
राक्षसीको जादुटुना अति प्रवल थियो
त्यसले गर्दा अनुहारै विकराल थियो । १९६

राक्षसीको अत्याचारमा लक्ष्मण क्रुध्द भए
सुर्पणखा मार्छु भन्दै झट्ट दौडी गए
एकै वाणले मारिदिन्छु भन्ने विचार थियो
राघवले देख्नु भई झट्ट रोक्नु भयो । १९७

सीता रामको रक्षणमा लक्ष्मण साथै हुन्थे
रात दिनै धनुष लिई चारैतर्फ डुल्थे
हातको धनु टंकारेर राक्षस हटाई दिन्थे
लक्ष्मणको शक्ति देख्दा दुश्मन सबै डराथे । १९८

सीता स्वयम रक्तकाली लक्ष्मण शेषनाग
राघव थिए स्वयं विष्णु त्यसलाई थाहा छैन
सीता शक्ति कस्तो के छ जोरी खोज्न आई
राक्षसीले जोरी खोज्दा ज्यादै दुःख पाई । १९९

लाती घुसा हानीकनै यस्लाई मारिदिन्छु
राक्षसीलाई मारिदिन्छु सीता ताप हर्छु
यस्को गर्दन मर्काएरै भैंमा लडाइदिन्छु
हैन भने लाती हान्दै क्षणमा खतम पार्छु । २००

रिसले चुर लक्ष्मण थिए तोरीफूल देखे
शेषनागले झम्टे जस्तै त्यस्लाई झंटिहाले
लक्ष्मणको यस्तो रिस देखे रघुविरले
राक्षसीलाई मार्नबाट रोकिदिए रामले । २०१

नारीलाई मार्न हुन्न प्राण राखिदेऊ
अगंभगं पारीकनै चाडै धपाइदेऊ
राघवको आज्ञा अनुसार सोही काम गर्‍यो
नाक कान चुल्ठो काटी छोडिदिनु भयो । २०२

सुर्पणखा आत्तिएर त्यहाँबाट भागी
आफ्नै पापको कर्मफल आफै भोगन पाई
उच्छृखल राक्षसी त्यो कताबाट आई
जानकीलाई खान्छु भन्थी बल्ल बल्ल बाँची । २०३

सुर्पणखा रूदै गई कर्म फल पाई
जानकीलाई मार्न खोज्दा पाउनु दुःख पाई
राघवले मुस्कुराई लक्ष्मणलाई भन्थे
दुष्ट रैछ राक्षसी यो अझै फेरि आउँछे । २०४

मार्न आट्यौं राक्षसीलाई भन्ने चाल पाई
तेस्तीलाई मार्नबाट रोकी तिमीलाई
प्राणघात गर्ने काम अनुचित ठानें
तिम्रो रिसको वेगलाई मैले बुझिहालें । २०५

अंग भंग पारी कुरूप बन्दै भागी
यस्तो माग गर्नु हुन्न भन्ने संझिहाले
कुरूपले गर्दा खेरी कतै जाने छैन
त्यस्तो अश्लील माग पनि फेरि गर्ने छैन । २०६

लक्ष्मणले नम्र हुदै मान्दै अलि शर्म
राघवबाट पालन भयो सच्चा योद्धा कर्म
मारी हाल्नु पाप लाग्ने अनुचित कर्म
नारीलाई बचाउनु रघुवंशी धर्म । २०७

हाम्री दुबै बालक थियौं विश्वामित्रका चेला
ताडकालाई मार्ने आज्ञा दिए त्यसैबेला
दुष्ट नारी, मार्दा खेरी पाप लाग्ने छैन
त्यस्ता दुष्ट नारीलाइ बाँच्न दिनैहुन्न । २०८

मुस्कुराउदै सीता भन्थिन तिम्ले सक्थ्यौ मार्न
तिम्रा दाज्य् राघवले राखे आफनो धर्म
राघवको हृदयनै दया क्षमा भण्डार
नौनी जस्तै कोमल मुटु दयापूर्ण सागर । २०९

वामाङ्गीका व्यंग्य सुनी राघव संकुचाए
अर्कोतिर लक्ष्मण फर्की केही मुस्कुराए
आपसमा कुराकानी वारस्वार हुन्थ्यो
प्रकृतिका दृश्य देख्दा कोशल बिर्सिदिन्थ्यो । २१०

तत्पश्चातै संकटको ठूलो बाढी आयो
दुःख कष्ट भुमरीमा असार मास आयो
असार मैना आएपछि बर्षा धेरै हुन्छ
मुसल्धारे पानी पर्दा मान्छे आतिइन्छ । २११

पंचवटी जंगलमा राक्षस धेरै बस्थे
राक्षसीको दाजू पर्ने त्यस जंगलमा डुल्थे
धेरैजसो शक्तिशाली राक्षस त्यहाँ थिए
ऋषी मुनि साधुलाई सताउने गर्थे । २१२

त्रिशिर र दुषण प्रखर योद्धा थिए
शक्तिशाली धीर वीर वरदान प्राप्ति थिए
त्रिशीरादि रावणका काका पुत्र पर्थे
तिन्को शक्ति देख्दा खेरी सारा छक्क पर्थे । २१३

तिनै योद्धा छेउ गई सूर्पणखा रोई
आँसु धारा बर्षाएर आफ्नो व्यथा फोई
यै वनमा दुइवटा किशोर निवास गरेका छन्
रूपवती एउटी केटी तिनले ल्याएका छन् । २१४

तिनले मलाई देख्नासाथै इज्जत लुट्न लागे
तिनको इच्छा नपुग्नाले नाक कान मेरो काटे
मार्ने विचार गर्दै थिए बल्ल बल्ल भागें
रूप मेरो सती गयो कुरूप भै आएँ । २१५

राक्षसीको रूप देख्दा मनमा दया आयो
त्यो वनमा राक्षसको ठूलो दलै थियो
तीनै जना योद्धा आए राघवसँग लड्न
इष्ट मित्र सबै ल्याए जोरी खोजी भिड्न । २१६

चौध हजार निश्चर थिए पंचवटी वन्मा
एक जुट्भै चिच्याएर आए निहु खोज्न
योद्धा नामी असुरहरू लाखौं लाख थिए
तिनका साथ लड्नलाई राम एक्लै थिए । २१७

मानवको रूप लिई राक्षससँग लड्थे
त्यस्ता वीर योद्धालाई राघवले मार्थे
जानकीलाई आश्रममा लक्ष्मणका साथ
आफू एकलै लड्न लागे निश्चरीका साथ । २१८

दण्ड प्रचण्ड चढाएर अंग रक्षकमा
जानकीको रक्षा गरी राक्षस प्रतिक्षामा
विजुलीका टुक्रा जस्तै राघवका वाण
राक्षसका शिर काटी लिइन्थ्यो प्राण । २१९

निश्चरीको छातीलाई रामवाणले चिर्थे
एउटै वाण लाग्दा खेरी सयौं असुर मर्थे
त्यै वेलामा संझनाले छोयो राघव मन्मा
हाडखोरको राश थियो अलि उता वनमा । २२०

खास गरी आफ्नो कवोल राघव पूरा गर्छन्
पृथिवीको भार हरी सबलाई सुख दिन्छन्
पृथ्वीको ताप हरी राक्षस वंशै मारी
सूर्यवंशी धीर वीर प्राणी कल्याणकारी । २२१

युद्ध पनि खतम भयो हट्यो अन्धकार
भक्तजनको हृदयको दुःख भयो दूर
हिड्ने बाटो छदै छैन वाणै वाण थिए
राक्षसको लास सबै अंग भंग थिए । २२२

कोही छाती छेडिएका मस्तक काटिएका
आँखाबाट ज्योति निस्की वेहाल देखिएका
मुटु फुटी छातीबाट रगत बग्दै थियो
चौध हजार राक्षसको लाशै लाश थियो । २२३

लाशै लाशको थुप्रो थियो कस्ले कस्लाई चिन्नु
वाणै वाणको राश थियो कस्ले के पो देख्नु
एउटा पनि ज्यूदो छैन सखाप हुँदैगए
यमराजले राक्षसलाई स्वागत गर्दै थिए । २२४

एक्लै रामले बोकिएका वाण थुप्रो देख्दा
ऋषीमुनि छक्क परे रामको शक्ति देख्दा
युद्धस्थल विजयस्थल भन्न सकिँदैन
लाशै लाश ज्यूदो व्यक्ति एउटा देखिदैन । २२५

त्रिशिरादि खर दुषण सबै मरिसके
विश्वभरका साथ लड्दा जित्न सक्ने कस्तो
सुर्पणखा संहार हो वीज रोप्न आई
राक्षसको वंशलाई सर्वनाश पारी । २२६

त्यसै वेलामा सीता सहित लक्ष्मण पनि आए
आकाशबाट देवीले विजय गान गाए
देववर्ग हर्षाएर राघव गुण गाए
दुःखबाट मुक्ति पाउदा धन्य धन्य भए । २२७

आकाशवाट देवताले पुष्प बर्षा गर्थे
हृदयदेखि गद्‌गदाई मस्तक झुकाउथे
राघवले एक्लै लडी राक्षसलाई मारे
देववर्ग ऋषी जनको भय त्राश हरे । २२८

दुर्भाव द्वेष राख्नाले, तन मन हुन्छ व्याकुल
माया सद्भाव राख्नाले, हुनेछ आत्म हर्षित ।

गरीव धनवान् जे होस्, अनपढ या त बुद्धिगान्
जसको मन् अति नै कालो, उसैको तड्पिदैछ प्राण ।

कसैको मन नै वैरी, कसैको मन हुन्छ मीत
सत्यले साथ् दिएदेखि, हुने नै छ महापुनीत ।

मन वन्धनको मूल, मनै हो मुक्तिदायक
कालो चित्त सदा दुःखी, निर्विकार सुखदायक ।

# सीता हरण

खर र दूषण त्रिसिरादि युद्धमा धेरै लडेका
वीरत्व आफ्नो देखाई अन्तिम श्वास फेरेका
सकेनन् टिक्न अगाडि राम र लक्ष्मण दुबैका
साहस आफ्नो देखाई प्राणलाई गरे विर्सजन ।१

रावण बैनी सूर्पणखा अति दुष्ट स्वभावकी
विभिन्न ठाउ डुलेरै उपद्रो ठूलो मचाएकी
जसरी मन्थरा गरीथि अवधपुरी उजाड
त्यै छाटले त्यसले गर्दैछ लंकाको सारा विनाश ।२

रिसले क्रुद्ध भएरै लंका पुगी तुरुन्तै
रावण सामू बोल्दछे बगाई आसु बरबर
तपाईलाई मत्लव क्यै छैन आफ्ना दिदी बैनीको
के कस्तो शुरु भैसक्यो ममाथि दुश्मन वैरीको ।३

आनन्दसाथ बस्तछौ लंकाको सिंहासनैमा
बैनीको हालत कस्तो छ मत्लव छैन तिमीमा
आरामी तिम्रो जीवनमा पाइन कुनै इन्साफ
हेरन यता फर्केर शत्रुले काट्यो मेरो नाक ।४

सुन्नुहोस दाज्यू दुई भाइ राम र लक्ष्मण नामका
जंगल जंगल घुमेरै दण्डक वनमा आएका
लडाकु शूरा दुबै छन् साहासी युवक दुबै छन्
आएर पंचवटीमा वीरत्व आफ्नो देखाउंछन् ।५

नारी एउटी सुन्दरी जानकी उनको नामै छ
सौन्दर्य उनको देख्दामा सूर्य र चन्द्र लजाउंछ
म पनि त्यहाँ पुगेथें सीतालाई भेट्न चाहन्थें
अति नै राम्री ती थिइन, टिपेर ल्याउन चाहन्थें ।६

लक्ष्मण नामक युवकले जिस्क्याउन मलाई चाहन्थ्यो
अत्यन्त स्वाँग पारेर मपट्टि आँखा संकाउंथ्यो
उसलाई भनें तुरुन्तै रावणकी प्यारी बैनी हूँ
तँलाई लाज लाग्दैन मलाई तैले फकाउन । ७

के कुरा भनौं हे दाज्यू नराम्रा गाली गरेको
नसकी सुन्न ती शब्द यी दुवै कान थुनेको
अनि त लक्ष्मण रिसाई यी दुवै कान काटेर
त्यतिले पनि पुगेन छुरीले नाक काटेर । ८

नाक कान काटी हरे हा नकटी गरी पठायो
बगेर रगत व्हाल्व्हाल्ती होस र हवास हरायो
मेरो त नाक काटे तपाईको नाक सम्हाल्नू
इज्जत आफ्नो छैन ता नकटो नाम फैलाउनू ।९

मेरो त इज्जत के होला संसारमा तिम्रै नामै छ
बैनीको दशा यो देख्दा दुनिया तिम्लाई के भन्ला
संसारको ठूलो राजा हुँ मभन्दा ठूलो कोइ छैन
भन्दथ्यौ तिमी सबैलाई अरुले तिम्लाई टेरेन ।१०

बैनीको हालत देखेर रावण राजा रिसायो
बैनीको गाला मुसार्दै लाल लाल आँखा गरायो
हे मेरी प्यारी बैनीको दुष्टले नाक काटेछ
म त्यसैको नाक काट्नेछु त्यो यमपुरी जादैछ ।११

त्यसैको नाक काटेर खुर्सानी नून दल्नेछु
जमिनमा त्यसको घाउलाई निर्दयी बनी दल्नेछु
नारीको नाक काट्दामा उसको इज्जत हुँदैन
नारीलाई हात हाल्नाले उसको धाक हुँदैन । १२

त्यो दुष्टकहाँ म जान्छु त्यसैको नाक समाउंछु
त्यसैको नाक काटेरै भलभली रगत बगाउंछु
ल्याएर तिम्रै सामूमा जमीनमा ऐल्यै घोट्दछु
नाक मात्र होइन हे बैनी कान पनि मैले काट्दछु ।१३

बलजफत गर्छ यदि ता त्यसैको नाक छेड्दछु
नथुनी नाकमा लगाई घिसारी यहीं ल्याउंछु
हैन त भने तुरुन्तै त्यसैलाई मारिदिनेछु
वेरुप पारी त्यसलाई नाक कान समेत चपाउंछु ।१४

पृथिवी एवं पाताल एक्लैले सबै जितेको
मेरो नै डरले गर्दामा बाखो र बाघ साथ बस्तछन्
खर र दूषण भाइलाई यो कुरा तिम्ले भनिनौ
त्यही नै तिनी बस्तथे तिनलाई भेट्न गइनौ ।१५

भन्दछे शूर्पणखाले ममाथि भयो अत्याचार
म जानुभन्दा पहिल्यै पुऱ्याए त्यहाँ समाचार
त्यस पछि गएँ स्वयं नै बगाई आँसु भलभली
दयाले उनले हेरेथे पारेर आँसु टलपल । १६

मलाई त्यहाँ राखेर तुरुन्त सेना बटुली
गएथे सेना लिएर विलम्व कत्ति नगरी
प्राणको आशै नराखी गरेथे ठूलो संग्राम
क्षण भरमा तपसी केटाले गराए सारा तमाम ।१७

जमिनभरि लासैलास रगतको नदी बग्दथ्यो
सामुमा मैले हेर्दैथें गर्दन उनको काटियो
तपसी दुबै बलवानी कसैको जोड पुगेन
तीनको बल्मा कसैको जे गर्दा पनि लागेन ।१८

रावणले कुरा सुनेथ्यो अनि त शिर झुकायो
मनमा केही गुनेर मोक्षको घडी आइपुग्यो
यसरी एउटा केटाले वीरैको नाश गरेको
यसैले सिद्ध हुन्छ है नारायणले औतार लिएको ।१९

परिचय आफ्नो दिनलाई उनले रचे युक्ति यो
रणैकै कारण चाडै नै हुनेछ मेरो मुक्ति यो
पक्का नै उनी औतारी शत्रुको नाता जोड्दछु
बन्धन अर्को जन्मैको उनकै हातले तोड्दछु ।२०

यो मृत्यु होइन मोक्ष हो शत्रुता होइन प्रेमै हो
उनको वाण लाग्नु ता भक्तका लागि सुहाग हो
मनमा यही सोचेर क्षणिक भयो आनन्द
मनले भक्ति गरेर मनमै भयो यो बन्द । २१

एकक्षण पछि रिस उठ्यो गरायो आँखा लाललाल
रावण उठ्यो तड्पेर तरवार लिई तत्काल
चाँडै नै गई मार्नेछु त्यसको ज्यानै रहन्न
नमारी त्यस्लाई हे बैनी रावण फर्की आउन्न ।२२

दुष्टले तेरो नाक काट्यो त्यसलाई गई सिध्याउँछु
यी बीस हातै खसुन्ता म पछि कैल्यै हट्दिन
यहाँ नै बस हे बैनी दण्डक वनमा जाँदैछु
नाकको वदला लिएरै काटेर नाक चुकाउंछु ।२३

भनेर यति गैहाल्यो रथमा चढी सवार
परिणाम कस्तो हुने हो गरेन केही विचार
लंकामा मारिच बस्तथ्यो विभिन्न रुप जान्दथ्यो
त्यसकहाँ गई रावणले आफ्नो विचार भन्दथ्यो ।२४

आपद वेला हे मित्र मद्दत देऊ मलाई
तिमीलाई छोडी हे मित्र यो दुःख पोखौं कस्लाई
मित्रलाई साथ दिनु नै मित्रको ठूलो धर्म हो
राजाज्ञा मान्नु मौकामा राजाको तेही भक्त हो ।२५

तपसी दुईटा केटाले आएर पंचवटीमा
त्रिशिरा खर-दूषण मारेछन पंचवटीमा
बैनीको नाकै काटेर नकटी रुप बनाए
कान र चुल्ठो काटेरै धरधरी रुवाई पठाए ।२६

जस्ले त हान्छ ढुंगाले ढुंगैले त्यस्लाई हान्नेछु
बैनीको काट्यो नाक जसले त्यसैकी नारी हर्नेछु
गएर तिनका नजिक मायावी मृग बनिद्यौं
चुल्बुल गर्दै उनैका सामूभा गई उफ्रिदेऊ ।२७

म पनि योगी बनेरै भीक्षाको लागि जानेछु
राम र लक्ष्मण झुक्याइदे त्यै वेला सीता हर्नेछु
यो कुरा भन्न आएको तुरुन्त अैल्यै गइहाल
सीताको सामु पुगेर चुल्बुले मृग भैहाल । २८

रावणका शब्द सुनेर मारिच बोल्छ डराई
चुप लाग लंकेश चुप लाग भन्दछ छाती कमाई
रामको शक्ति यस्तो छ केही पनि थाहा नहुंदा
उनैको सीता हरणमा आएको ठान्छु यो बेला ।२९

यज्ञमा विश्वामित्रको घटेको कुरा मलाई
संझदा काप्छ यो मुटु झस्याङ्ग हुँदै ठराई
रामले एकवाण हान्दामा सौ योजन मलाई फ्याकेको
घटना तेही संझदा आश्चर्य लाग्छ बचेको !३०

रामको नाम सुन्दामा यो मुटु थर्र काप्दछ
पुरानै चोट थियो ता संझदा मुटु काप्दछ
साक्षत विष्णु भगवानलाई मृगले झुक्याउन सक्दैन
यदि म मृग बनेमा यो प्राण फिर्ता आउदैन ।३१

मार्दछ खर दूशणलाई मानिस होइन नारायण हुन्
सीताजी दुर्गा देवी हुन् लक्ष्मण शेषावतार हुन्
यीसँग वैर बढाउनु अत्यन्त हानी हुनेछ
सफतमा तीनलाई जिस्काए अकाल्मा ज्यान जानेछ ।३३

हरण गर्छौ यदि ता अरुलाई हरण गर्नु वेश
सीताको हरण गर्नु नै हुदैन राम्रो वेठीक
गर्दछौ कल्याण सबैको हुनेछ तिम्रो कल्याण
यो चोरी गर्नु ठीक छैन गर्दामा पर्छौ फसादमा ।३४

असल कर्म गर्दामा अनुपम प्रकाश छाउछ
परस्त्री घरमा हुल्दामा घरको विनाश हुनेछ
कुसल कार्य गर्दामा तुरुन्त गर्नु पर्दछ
खराव कार्य गर्नलाई पछाडि हट्नु पर्दछ । ३५

विहान सूर्य उदाई साझमा सूर्य अस्ताउंछ
एकपल्ट मान्छे जन्मन्छ विस्तारैसँग मर्दछ
ऐले छ जीवन उज्यालो भोलि त अन्धकार हुन्छ
बिग्रेर कुनै सप्रन्छ सप्रेर पनि बिग्रन्छ । ३६

विश्वमा कति ठूला छन् काही त कतै यस्तै छन्
जिनतिन गरी केही काल दुःख र सुखमा बिताउंछन्
संसारमा कति देखिए राजा रंक फकीर
जसरी उनी आएथे फर्केर जान्छन आखिर ।३७

लेखेको कुरा मेटिन्न देखेको कुरा पाइन्न
लेखेको कुरा भाग्यमा नभोगी सुखै पाइन्न
मान्छेले घमण्ड गर्दैछ म जस्तो ठूलो कोइ छैन
एक दिन काल आएरै टिपेर लान्छ छोडदैन ।३८

जो जस्ले भलाइ गर्दछ उसैको नाम रहन्छ
अर्काको खराव गर्नेलाई ईशले सजाय दिनेछ
जीवन कच्चा संझेर सबैको भलो गरेमा
ईशले शरण लिनेछ आपद काल्को वेलामा ।३९

मारिचका कुरा सुनेरै रावण धेरै रिसायो
मलाई अर्ति दिने तँ के तेरो मति हरायो
व्रह्म हो सारा भने ता नरनाता भन्नु झूठो हो
कसलाई ज्ञान सुनाउंछस मलाई के पो सम्झन्छस ।४०

चुपचाप लागि जाऔं हिड ज्ञानका कुरा छोडिदे
जादैनस भने तँलाई यमको पुरी पुऱ्याउछु
रावणका कुरा सुनेरै थरथरी काप्यो मारिच
नचाहिने काम गर्नु ता जीवनभरै खराव ।४१

यो वेला हरे कमजोर छु आएछ काल नजिकमा
जसरी पनि मर्नुछ, पर्दछु यसकै हातैमा
मर्नुछ आज अवस्य यसबाट मर्नु खराव छ
रामका वाणले मरेमा संसारबाट तरिन्छ ।४२

यही नै विचार गरेरै जानलाई तयार भएको
पृथ्वीभार हर्नलाई श्री राम औतार लिएको
जसको भाग्य खराव छ उसको मति बिग्रन्छ
दुबैका खराव मतिले दुबैलाई काल्ले निम्त्याउंछ ।४३

रामका नजिक पुगेर रावण स्वाँग रचेछ
सक्कली रुप लुकाई योगीको भेष लिएछ
खराव काम गर्नलाई मुटुले ठाउ छोड्दछ
सक्कली भेष बदल्न हृदय कंपन गराउछ ।४४

मारीच थियो मायावी मायाको मृग बनेर
सीता र रामका अगाडि बुर्कुसी मार्दै गएछ
सीताले मृग देखेर मनलाई पार्दै अधीर
रामलाई विन्ती गर्दछिन दुई हात आफ्ना जोडेर । ४५

हे सूर्यवंशी श्री राम जीवनप्रिय हे राम
यो मेरो विन्ति सुन्नुहोस सबका प्यारा भगवान
यत्तिको सुन्दर यो मृग जीवनभरै देखिन
त्यो मृग नल्याई हे राम यो मन शान्ति हुदैन ।४६

मृगलाई जीउदै ल्याएमा भरतलाई पठाउंला
मारेर यदि ल्याएमा त्यसको छाला झिकौंला
सुनौला छाला उतारी कुटीया राम्रो सजाउंला
त्यसैलाई नित्य हेरेर कोशल रमझम भुलौंला ।४७

जानुहोस नाथ तुरुन्तै नत्र ता मृग भाग्नेछ
यो मृग भाग्यो भने ता संझना त्यसकै हुनेछ
सकिन्छ भने त्यो मृग जीउदै पकडी ल्याउनुहोस
गर्दछु विन्ति हे राम मनको इच्छा पूरा होस ।४८

जानकी जिम्मा दिएर मृगका पछि लागेथे
क्यै पर पुगी राघवले एक वाण झिकी हानेथे
आश्चर्य सुन्दर त्यो मृग तिलस्मी छाया देखियो
रामले पनि जान्दथे नक्कली मृग त्यो थियो ।४९

धनुमा वाण चढाई चुटकीमा चटकाउदैथे
मायाको मृग पछाडि मायाको पति दौडन्थे
मृगले बुर्कुसी मार्दथ्यो रामले त्यस्लाई लखेट्थे
हानौं कि हानौं वाण भन्दै मनले मृग ताक्दथे ।५०

पृथ्वीभार हर्नलाई नाथले औतार लिएको
मारीच मृगद्वारा नै भार हर्ने शुरु भएको
भेटिन भेटिन लागेको उफ्रेर मृग भाग्दथ्यो
क्यै पर पुगी मृगले फरक्क फर्कि हेर्दथ्यो ।५१

मायावी मृग मायाले देखिन्थ्यो कैले लुक्दथ्यो
झुक्याई झुक्याई रामलाई अत्यन्त टाढा पुग्दथ्यो
दगुर्दा दगुर्दा थाकेरै पसिना बग्थे तपतपी
नसकी भेटन मृगलाई रामलाई पऱ्यो छटपटी ।५२

देवताहरु आकासमा बसेर सबै देख्दथे
रामको चरित्र देखेर फूलको वर्षा गर्दथे
एक वाण मुक्ति गर्नलाई एक वाणै प्राण लिनलाई
आँखाका वाणै साथैसाथ पुगेथ्यो प्राण लिनलाई ।५३

मृगको चोला छाडेर मारीचले आफ्नो रुप लियो
मनको धोको पुऱ्याई रामको दर्शन गर्दथ्यो
प्राण जाने वेला दुष्टले कबोल आफ्नो पुऱ्यायो
लक्ष्मण मरें लौ म ता भनेर प्राण गुमायो ।५४

यो शव्द सुनी सीताले अत्यन्तै दुःखी भएर
लक्ष्मणलाई पुकार्छिन विचलित हुदै रोएर
लक्ष्मण चाँडै जानुहोस रामले बोलाइरहेछन्
रामलाई विपद परेर लक्ष्मण भन्दै पुकार्छन ।५५

हे दैव मेरा पतिलाई संकष्ट ठूलो परेछ
एक्कासि आपद पर्दामा लक्ष्मण शब्द निस्केछ
यो मुटु ज्यादै धड्कन्छ मुस्किलले सांस फेर्दछु
यो दुःख आपद टारिदेऊ ईशमा पुकार गर्दछु ।५६

लक्ष्मण लाल भन्दछन नहुनुहोस यस्तो अधीर
रामलाई दुःख पर्दैन दुःखका नाशक रघुवीर
उनलाई दुःख दिनमा कसको तागत चल्दछ
रामको शक्ति बुझ्नलाई त्रिभुवन भरमा को छ र ।५७

दुःखमा रामको शक्ति देखेर देवता छक्क पर्दछन्
त्रिदेव पनि आपद पर्दामा रामकै शरण पर्दछन्
कसैलाई आपद परेमा रामकै पुकार गर्दछन्
रामकै दर्शन पाएर आपद दुःख टार्दछन् ।५८

रामको आज्ञा यही छ सीताको रक्षा गर्नुछ
यो कुरा पत्यार लाग्दैन रामकै आज्ञा पालनछ
यो वन ज्यादै घना छ बाघ र भालू धेरै छन्
बाघ र भालू वाहेकै राक्षसहरु घुम्दछन् । ५९

कसरी छोडौं हे माता सुन्दरी सीता अकेली
एकली सीता देख्दामा निशचरी आई धकेली
त्यसैले हात म जोडछु मातालाई छाडी म जान्न
रामलाई आपद परेको यो मेरो मन्ले पत्याउन्न ।६०

विनाशको वेलामहाँ वुद्धि तेस्तै हुन्छ
तक्दीरको वातलाई मेटन कसले सक्छ ।६१

नारीहरु प्रायःजसो जिद्दि मात्र गर्छन्
विना शुद्धि नलिदा आपदमा पर्छन् । ६२

त्यस्तै रितले जानकीजी जिद्धि गर्न लागिन
सौमित्रलाई जथाभावी गाली गर्न लागिन । ६३

स्वार्थी स्वार्थी महास्वार्थी कप्टी तिमी रै छौ
रामचन्द्रका साथ भने ठिक पार्ने रै छौ । ६४

साथै वनमा आका रै छौ स्वार्थ सिद्ध गर्न
मौका हेरीकनै तिमी लाग्यौ घाटी रेट्न । ६५

संसारमा आफ्नो भन्नु कोही हुंदोरैन्छ
भाइ जस्तो दुश्मन व्यक्ति अर्को हुनेरैन्छ । ६६

पातिव्रत्य लुटनलाई तिमी खोजी रै छौ
मौका छोपी दाउ हेरी यहाँ ढुकी रै छौ । ६७

पतिव्रता नारी म हुँ रामदेखि अर्को कोही
डग्ने छैन धर्म मेरो भन्छु मुटु फोई । ६८

जानकीका शव्द होइनन् व्रज्रपात थियो
काढाँ बीझि रुन लागे मुटु टुक्रा भयो । ६९

सौमित्रका शुद्ध मुटु टुक्रा टुक्रा भयो
तिनै टुक्रा पग्लिकनै अश्रु बनी बग्यो । ७०

लक्ष्मणको चित्त दुख्यो अनि के पो गर्ने
सेवकको धर्म थियो उनको रक्षा गर्ने । ७१

सौमित्रीको निर्मल हिय गाली सबै सहे
जस्ता शव्द सुन्दा पनि धैर्य बाधिरहे । ७२

जानकीको चित्त भने धेरै दुख्न लाग्यो
खामोस खादै एकक्षणसम्म के के सोचिराख्यो ।७३

जति गाली गर्दा पनि लक्ष्मण चुप थिए
आमा सम्झी भित्री मनले शब्द सुन्दैथिए ।७४

एकक्षण जानकीले सौमित्रीलाई भन्छिन
राघवको निंतिमहाँ वेचैन छु भन्छिन । ७५

मेरो लागि चिन्ता नलेऊ ईश्वर गर्छन रक्षा
जाऊ जाऊ चाँडै जाऊ कहा गए राम । ७६

आमा आमा भन्छौ मलाई आज्ञा मेरो मान
मुखले मात्र भन्छौ आमा भित्र कालो दाग ।७७

आज्ञा मैले दिन्छु अब दाज्यू खोजी ल्याऊ
होइन भने यहाँबाट जहाँ जान्छौ जाऊ । ७८

जानकीलाई जवाफ दिने शव्द कुनै छैन
चुप लागि उभिरहे मन्मा शान्ति छैन । ७९

उभिएर हात जोडदै देवता सम्झी राख्छन्
पवनदेव साक्षी बस पन्छी गवाही राख्छन् । ८०

जानकीको रक्षा गर्नु रामको आज्ञा थियो
सीताजीको आज्ञा मान्दा धर्म नष्ट भयो । ८१

कोशलपति क्रुद्ध भए भन्नु होला यही
अप्ठ्यारोमा पर्दाखेरी दुःख आउला केही । ८२

यत्तिकैमा लक्ष्मणले कुनै युक्ति सोचे
जानकीको वरिपरि लामो धर्को ताने । ८३

आमा अब जान लागें सचेत भै बस्नू
आज्ञा पालन मैले गर्छु रेखा भित्र बस्नू । ८४

रेखा नाघी कोही व्यक्ति भित्र यदि आउंछ
उत्तीखेरै त्यसको प्राण भष्म भई जान्छ । ८५

माताजीलाई सम्झाएर फेरि उनी भन्छन
त्यस ठाउको प्रकृतिलाई विन्तिभाव गर्छन ।८६

वृक्षलता संरक्षणमा सीताजीलाई छोडछु
रक्षणमा राख्नु हवस वनदेवलाई भन्छु । ८७

प्रकृतिको काखमहाँ आमा बसेकी छन
आफ्नै पीर शोकले गर्दा दुःखी भएकीछन् ।८८

पन्छी तिम्रै आशपासमा सीता जिम्मा दिन्छु
माताजीको रक्षा गर्नू हृदयल्यै भन्छु । ८९

पंचवटी पर्णकुटी हेरचाह राख्नु
आफ्नो काखमा छिपाएर प्यार दृष्टि दिनु ।९०

भन्दै यति लक्ष्मण गए अलि पर मात्र
जानकीको जीवनमा आयो दुःख राश । ९१

सौमित्रीले छोडनासाथ आयो धोकेबाज
जानकीको कानमहाँ पर्न गयो आवाज । ९२

बाहिरतिर हेर्दाखेरी देखिन् बूढो जोगी
भित्रतिर हेरीकनै भिक्षा माग्थ्यो जोगी । ९३

एकतारे हातमा लिई जोगी बजाउथ्यो
मीठो मीठो आवाजले बाजा झंकारेथ्यो । ९४

शरीर शुद्धि गर्नलाई स्नान गर्नु पर्छ
मनलाई शुद्धि गर्नलाई दान गर्नु पर्छ । ९५

जति जति दान गर्छौं आफ्नो कल्याण हुन्छ
यो जन्ममा सुख पाई परलोक सुधारिन्छ । ९६

मध्यान्नको वेला हुंदा सूर्य चम्किइन्छ
योगीलाई दान दिंदा कुलै राम्रो हुन्छ । ९७

रित्तै जोगी फर्क्यो भने उसको शाप लाग्छ
भिक्षा लिई जान्छ भने आसीक दिंदैजान्छ ।९८

पानी दान अन्न दान अति ठूलो दान
जीवनमा उच्च दान यै हो संझी राख ।९९

तीव्र रुपले बग्ने नदी ज्यादै निर्मल हुन्छ
पोखरीमा जम्ने पानी खराव ठहरिन्छ । १००

दान दिनु धर्म गर्नु मानिसको काम
यस कारणले दान दिनु जिन्दगीको नाम ।१०१

यस्तै गरी गाँउदै गाउंदै छाप्रो नजिक आयो
भित्र को छ भिक्षा पाऊँ भन्दै गाना गायो ।१०२

आमाबाट भिक्षा पाऊ भोकै आएको छु
तिम्रो स्यूदो रातो रहोस आसिक दिएको छु ।१०३

जीवनभरै सुखी बनी दुःख परै जाओस
रोगव्याध शोकशुर्ता जीवन पारी जाओस ।१०४

दुधबाट स्नान गरुन तिम्रा सन्तानले
तिम्रो भाग्य बल्दै जावस भन्छ आत्माले ।१०५

भोकालाई भोजन दिंदा सुहाग अटल हुन्छ
सौभाग्यनी बन्नलाई दान दिनु पर्छ । १०६

माग्दै थियो भिक्षा केही जोगी त्यहाँ आई
सीतामात्र छाप्रोमा छन् भन्ने थाहा पाई ।१०७

माग्नेलाई भिक्षा दिनु आर्यधर्म थियो
साधुबाट आसिक लिनु उत्तम ठहरिन्थ्यो ।१०८

दिन्मा केही खानलाई फलफूल राखिएको
मिर्ग मार्न जान लाग्दा छैन चाखिएको । १०९

नखाईकनै दान दिनु धर्म गृहस्थीको
फलको भिक्षा दिन्छु भन्ने इच्छा सीताजीको ।११०

रेखा भित्र सीता बोल्छिन भिक्षा लिनु बाबा
भिक्षा दिन लागि रै छु लिनु आऊ बाबा ।१११

आसिर्वाद देऊ बाबा होओस पूर्ण इच्छा
मृगमारी मेरा पति चाडै आउन बाबा ।११२

सीताबाट भिक्षा लिन्छु भन्दै अघि बढे
लक्ष्मणका रेखा देख्दा जोगी पछि हटे ।११३

गौरसँग जोगी हेर्छन रेखा बदलिन्छन
पाइलो अघि सार्दाखेरी अग्नि ज्वाला बल्छन ।११४

मन्मा केही सोच्छ योगी जादू टुना के छ
या त कुनै यतिकै नै तेज झल्कि रै छ ।११५

सीताजीको शक्ति हो कि या त सती तेज
या त कुनै देवशक्ति याहीं लुकेको छ ।११६

यस रेखालाई नाघौं भने पक्का मरण हुन्छ
जानकीलाई हर्न नपाई प्राण मेरो जान्छ ।११७

यस्तै विचार मन्मा गर्दै रावण बोल्न लाग्यो
रेखाबाट बाहिर आई भीक्षा देऊ भन्थ्यो ।११८

भित्र आई भीक्षा लिन्न दिन्छ्यौ बाहिर आऊ
होइन भने तिम्रो भीक्षा आफै लिई जाऊ ।११९

सीताजीले नम्र भई भन्छिन आऊदिन
सौमित्रले खिचिएको रेखा नाघ्ने छैन ।१२०

लक्ष्मणको आज्ञा विना रेखा तोडने छैन
विन्ति गर्छु बाबा मैले यो काम गर्ने छैन ।१२१

तिम्ले पनि देवरको तोडने छैनौ आन
मैले पनि अनुचितसँग लिने छैन दान ।१२२

भिक्षा मागी पेट पाल्नु योगीजनको कर्म
गृहस्थीले दान दिनु यही ठूलो धर्म । १२३

जोगीलाई दान दिनु दोश्रो बाटो खोल्नु
दान यदि हुन्न भन्नु परलोक नै थुन्नु ।१२४

दिन्छ्यौ भिक्षा देऊ चांडो होइन भने जान्छु
जोगी रित्तै जान्छ भने कल्याण पनि हुन्न ।१२५

जानकीले सोच्न लागिन् श्राप देला यसले
यसवेलामा नाथ छैनन् उद्धार गर्ला कसले ।१२६

सौमित्रीका वचन बरु तोडन मैले सक्छु
गृहस्थिको धर्मलाई सदा वचाई राख्छु ।१२७

यो रेखाको परवाह छैन ऐले नाघी दिन्छु
आर्यनारी गृहस्थीको इज्जत राखी दिन्छु ।१२८

जानकीको सत्यभाव ज्यादै उच्चभाव
जानकीको सत्यतामा रावणको नाश ।१२९

सीताहरण गर्नलाई दानै हुन्छ कारण
भेष लुकाई हर्न जादा भष्म हुन्छ रावण ।१३०

जानकीले हत्तपत्त दान दिनै आइन्
विना झोला विना पात्र नदेखी नै आइन् ।१३१

जसै रेखा नाघी आइन जोगी खुशी भयो
झट्टपट्ट जोगी भेष उसले बदलदियो । १३२

सीतालाई चूप लाग रावणले भन्छ
तिमी जस्ती भाग्यमानी संसारमा को छ ?।१३३

लंकापति रावण हुँ ऐले लंका लान्छु
चिच्याउंछ्यौ ऐले भने मुखै थुनि लान्छु ।१३४

रावणका शव्द सुन्दा सीता थर्र कामिन
आत्तिएर डाँको छाडि सीता रुन लागिन ।१३५

दुष्ट पाजी नआ यहाँ त्यही उभी राख
स्वामी मेरा आउनु भई राख्ने छैन सास ।१३६

रेखा भित्र थिएँ पैले ऐले सतमा म छु
यहाँबाट चाँडो भाग संझाएर भन्छु । १३७

रेखा भित्र रक्षित भई पैले बसेकी हुँ
पतिव्रता रेखा भित्र ऐले बसेकी छु ।१३८

तेरो शक्ति छैन केही त्रैलोक नै आउछ
मेरो बलको सामुन्नेमा बेकार नै हुन्छ ।१३९

सतवन्तीको सतको सामु देवता पछि हट्छन्
सतवन्ती नारी जस्ता शक्तिशाली को छन् ।१४०

पतिव्रता नारीदेखि देवता सबै डरछन्
अरुको कुरै छाडौं व्रह्मा चुप लाग्छन् ।१४१

जानकीका सत्य वचन लज्जित भयो रावण
तुरुन्त नै खुली हाल्यो हृदयमा ज्ञान । १४२

यसो उता हेर्दाखेरी अलौकिक प्रकाश
विश्व नयाँ धरती नयाँ नयाँ स्वर्ग आकाश ।१४३

एक नयाँ मेघमण्डल सृष्टि नयाँ देख्यो
सुनको ज्योतिर्मयी मूर्ति सिंहासनमा थियो ।१४४

चारै हात चारै तर्फ उदय अस्त चुटकीमा
रोम रोम तारागण सूर्य चन्द्र भृकुटीमा ।१४५

जतातिर रावण हेर्छ त्यही मूर्ति देख्छ
रावणका कानले पनि यस्तै आवाज सुन्छ ।१४६

दानीहरु जस्तै हुन्छु भिख माग्ने भन्छ
सूर्यकै पास जान्छु पुतलीले भन्छ ।१४७

भित्रि आँखा उसका खुले मन्मा विश्राम लियो
आत्मादेखि सीतालाई झुक्दै प्रणाम गर्‍यो ।१४८

जे हुने ता भै नै हाल्छ सबै देखिइन्छ
सीतालाई रथमा राखी लंकातिर लान्छ ।१४९

जति टाढा विमान उड्छ सीता उति रुन्थिन
राम राम मेरा राम चिच्याएर भन्थिन ।१५०

त्यही वनमा गीद्ध एउटा सुन्यो हाहाकार
नसकेर सुन्न हाय यस्तो अत्याचार ।१५१

जानकीका शव्द सुन्यो करुणकारी पुकार
गिद्धराजको हृदयमा खुल्छ दया भण्डार ।१५२

रावणसँग लड्छु भन्ने उसले संझी हाल्यो
रावणसँग जोरी खोज्दा मर्छु भन्ने ठान्यो ।१५३

कल्याणकारी काम गर्दा प्राण जान्छ जावस
संघर्षमा मृत्यु हुंदा आत्मा शान्ति छावस ।१५४

शक्तिशाली रावण हुंदा म ता पक्कै मर्छु
एकपल्ट ता मर्नु पर्छ परोपकार गर्छु ।१५५

कम्जोरीको रक्षा गर्नु धर्म मेरो यै हो
जान्छु जान्छु अब लडछु ठूलो मौका यो हो ।१५६

संसारले नै शिक्षा लिनु उपकारमा मर्नु
राम्रो काम गर्दाखेरी ज्यानै होमी दिनु ।१५७

चोरी काम जसले गर्छ चोरै झोक्रिइन्छ
त्यस्तै गरी रावणको भित्री मुटु काम्छ ।१५८

शक्तिशाली रावणलाई निचा पारिदियो
चुच्चोले नै ठुङ्दा ठुंदै त्यस्लाई थकाइदियो ।१५९

रावणले प्वाँख काट्दा गिद्ध कमजोर भयो
पृथिवीमा गिद्ध खस्यो रावण रथमा उड्यो ।१६०

प्राणान्तमा गिद्ध थियो भन्थ्यो राम राम
त्यस्तैसँग जानकीले जपी राम राम । १६१

विरहको अग्नि ज्वाला मन्मा बल्दैथियो
राम नाम जप्दाखेरी केही शितल हुन्थ्यो ।१६२

ठूलो स्वरले चिच्याएर राम राम भन्थिन
आफ्ना भूषण फुकालेर तलैतिर फ्याकिन ।१६३

ऋष्यमूकको पर्वत माथि रावण रथ आयो
ऋष्यमुकका जंगलमा वानर फौजै थियो ।१६४

डाँको छोडी रुंदारुंदै भूषण फ्याकी दिइन
राघवलाई दिनु भनी संकेत गर्दै दिइन । १६५

दक्षिणतिर रावणको विमान उड्दै थियो
यत्तिकैमा सूर्यै पनि अस्त हुनै लाग्यो ।१६६

साँझ पर्ने वेला भयो विमान लंका पुग्यो
जानकीलाई घरै लान्छु भन्ने कुरा सोच्यो ।१६७

रघुकुलकी रानीलाई हरण गरी ल्यायो
दर्वारमै लाने इच्छा उसका मनमा थियो ।१६८

त्यही बेलामा तर्सिएर छाती ढुक ढुक भयो
त्यही बेला श्राप नलकुंवरको झट्ट संझिहाल्यो ।१६९

यदि कुनै सतीलाई जवरजस्ती लान्छ
त्यस्वेलामा संझी राख्नु सराप पनि लाग्छ ।१७०

रावणका दशै शिर टुक्रा भई खस्छन्
सती आशु गिर्दाखेरी सबै भष्म हुन्छन् ।१७१

झट्ट श्राप सम्झीहाल्यो मन्मा शंका भयो
कुन ठाउमा राखौं भनी विचार गर्दै थियो ।१७२

यस्ती सुन्दर नारीलाई रक्षा गर्नुपर्छ
अशोक वाटिकामा राखी सम्मान गर्नुपर्छ ।१७३

लेखिएका कर्मरेखा कस्ले मेटन सक्छ
जीवनमै जतिसक्यो सबै भोग्नु पर्छ । १७४

शोकाग्रस्त जानकीलाई अशोक वाटिकामा
राम्रोसँग राखिदियो राक्षस संरक्षणमा ।१७५

शक्ति बसिन वाटिकामा सूर्य पश्चिम लागे
लक्षिमीको पहरा दिन चन्द्र गगनमा आए ।१७६

व्रह्माजीको आज्ञा पाई इन्द्र त्यहाँ आए
जानकीको हृदयलाई दह्रो पारी दिए । १७७

भोक प्यासको लागि उनले खीर ख्वाइदिए
जानकीलाई ख्वाइकनै इन्द्रलोकमा गए । १७८

देवेन्द्र नै फर्के पछि सीता विव्हल थिइन
रामचन्द्रको सम्झनामा आफ्नो चित्त दिइन ।१७९

जुनवेलामा मृग आयो त्यसकै पछि लाग्दा
त्यै रुप नै खिचिएको जानकीको मन्मा । १८०

रामरुप मन्मा राखी ध्यानमा लीन थिइन्
श्रीरामका भक्तिभावले आनन्दमा रम्थिन ।१८१

राघवको नाम संझी साधुसन्त रम्छन्
उनै राम जानकीका हृदयमा बस्छन् । १८२

मृगलाई मारीकनै फर्किएका राम
लक्ष्मणलाई आइरहेको देख्छन रघुनाथ ।१८३

जानकीलाई एक्लै छाडी के कारणले आयौ
अनुहार हेर्दाखेरी अति मलीनायौं । १८४

लक्ष्मण लक्ष्मण !! के भएको आपद परे जस्तो
दुश्मनले घेरिएर सताइएको जस्तो । १८५

बोल बोल भाइ तिमी किन चुप लाग्यौ
संकष्ट क्यै जीवनमा पर्दा दुःख पायौ ।१८६

सीताजीलाई जंगलमा छोड्न हुँदैनथ्यो
आपद परोम जे नै होवस आउन हुँदैनथ्यो ।१८७

राघवका सोधाइले लक्ष्मण घवराए
के के कुरा सोध्नुहुन्छ राम रघुराय ।१८८

सत्य कुरा जे हो भन्छु जे जे पर्छ पर्छ
ईश्वरको खटन हुंदा कष्ट भोग्नु पर्छ । १८९

भाइ आइजा भन्नुभयो कसको आवाज थियो
त्यो शव्दले गर्दा खेरी आउने काम भयो ।१९०

पैले आइज भन्नुभाको आवाज सुनिएको
बोलाइएको भन्ने सुन्दा यहाँ आइएको ।१९१

प्रभुबाट लुकाइएको केही कुरा छैन
लौन भाइः लक्ष्मण मरें भन्ने आवाज सुन्दा ।१९२

कसको आवाज थियो प्रभु या त प्रभुको हो
या त कुनै दुष्मनले छल्न लागेको हो । १९३

यस्तो आवाज सुन्नासाथ सीता तर्सिहालिन
वेदनाले छट्पटिदै भलभल रुन लागिन । १९४

कष्ट भय वेदनाले आकुल व्याकुल हुंदै
जाऊ बाबु दाज्यू कहाँ जनी गर भन्दै ।१९५

प्राण जाला जस्तो हुँदै जमिनमा ढल्दी
राम राम हाय ! राम नाम मात्र जप्दी ।१९६

माताजीको आज्ञालाई पालन गरी आएँ
यो कारणले आएको हुँ विन्ति गरी हालें ।१९७

दोषी हुँ या निर्दोष हुँ नाथले जान्नु हुन्छ
नाथ जस्तो सर्वज्ञानी संसारमा को छ । १९८

हो हो मैले संझीहाले त्यसवेलाको कुरा
मृगरुपी मारिचले बोल्दै थियो झुठा । १९९

मृग पछि लागीकनै वाण हान्दैथिएँ
बुर्कुसी नै मारी दौड्यो पछि पछि लागें ।२००

सच्चा मृग नभैकनै माया मृग थियो
कैले यता कैले उता चुल्वुलिदै थियो ।२०१

वास्तवमा मारिच थियो पैले कुनै वेला
विश्वरथको यज्ञ नाश गर्थ्यो तेसै वेला ।२०२

वाण मेरो लाग्दाखेरी छलछायामा बोल्यो
प्राण अन्त हुनलाग्दा दिनु धोका दियो ।२०३

निश्चरीको छलले गर्दा के के भयो त्यहाँ
जानकीलाई आपद पऱ्यो भन्ने लाग्छ मन्मा ।२०४

देब्रे आँखा फरफरायो राम्रो लक्षण छैन
आश्रममा के हुँदैछ मन्मा शान्ति छैन ।२०५

वरिपरि चारैतिर श्याल रोइरैछन्
गिद्ध चील आकाशमा जोडले उडिरैछन् ।२०६

अपशकुन वरिपरि देख्दै आश्रम आए
आश्रमनै रित्तो देखी राम रुन लागे । २०७

नारायण मानिस बनी जन्मिएका थिए
मानिस जस्तै विलाप गरी राम रुन लागे ।२०८

वनका खग पन्छीसँग वेहोसका वात
वृक्षलता आदिसँग एक्लै वार्तालाप ।२०९

मृग घोरल बाघ भालू सीता देखेथ्यौ कि ?
मृगनैनी जानकीलाई वनमा भेटेथ्यौ कि ?।२१०

कोइली मयुर सुगा चरी कस्ले लग्यो सीता
सीता सती देखेथ्यौ कि आएकी छन कता ।२११

हाँसहरु हास्छौ किन मेरो दुःखमहाँ
बताउन दया गरी राजहंसी कहाँ । २१२

सिंहहरु बोल बोल मौन किन हुन्छौ
खोजी देउन जानकीलाई पक्कै पनि भेटछौ ।२१३

मेरी प्यारी सिंहिनीलाई कुन दुष्टले लग्यो
त्यस पापीलाई मारिदिन्छु प्राण जाने भयो ।२१४

बताउन वनका तरु कुन दिशामा गइन्
कुन पापीले लग्यो कठै ज्यादै दुःख पाइन् ।२१५

वनदेवीको अत्तोपत्तो काही कतै छैन
विना सीता विना प्यारी प्राण रहदैन ।२१६

भनीदेऊ पर्णकुटी सीता कता गइन
धेरैबेर भाको छैन प्यारी याहाँ थिइन ।२१७

प्रकृतिदेवी प्रष्टै भन चारु कता पुगिन
प्रकृतिको सौन्दर्यमा या त तिनी भुलिन ।२१८

एक पत्नीव्रतको म छु सीता पतिव्रता
दुबै जना एक्ला एक्लै जानकी छन कता ।२१९

यस्तैसँग राघवले प्रत्येकसँग सोध्दै
भौतारिदै वेहोशले शोकले पाइला चाल्दै ।२२०

रामचन्द्रको लीला देख्दा अतिशय विलाप
देवेन्द्रले संझीहाले नारदको श्राप ।२२१

देवताले स्वर्गबाट रामको लीला देखे
मानव जस्तै रुदै रुदै वनमा हिड्दै थिए ।२२२

देवगण छक्क परे राम लीला देख्दा
सुद्धिसारा विलीन भयो विरहले जल्दा ।२२३

देवताले आपसमा कुराकानी गर्थे
लीलाधरले मानवको लिला रचे भन्थे ।२२४

संसारलाई नाट्यशाला उनले बनाएका
पृथिवीको भार हर्न औतार लिइएका ।२२५

कस्तो कस्तो घटना पारी कस्तो लीला गर्छन
तारतम्य पारीकनै जंगलमा घुम्छन् । २२६

प्रत्येकको आत्मा बुझी त्यस्मै गर्छन काम
पापिष्टलाई मुक्ति दिन जन्मिएका राम ।२२७

देवताले सोचीकनै राम लीला देख्थे
धन्य धन्य राम माया भन्दै फूल छर्थे । २२८

जाँदा जाँदै घना वन्मा कोशलपति पुगे
मरणासन्न गिद्धलाई श्री रामले देखे ।२२९

दुबै आँखा बन्द थिए राम राम जप्दै
दर्शनको लागि उसले हा राम राम भन्दै ।२३०

कोशलपति आइपुगे गिद्धलाई देखे
अर्धमरा गिद्ध देखी स्नेहले पग्ले । २३१

व्यथापूर्ण गिद्ध हुंदा शिरमा दर्द थियो
घाउ शरीरभरै वेहोशमा थियो । २३२

गिद्धराजका कानमहाँ प्रेम वाणी पुग्दा
बोल बोल गिद्ध तिमी शव्द केही सुन्दा ।२३३

कुन दुष्टले आईकनै दुर्दशा यो पाऱ्यो
जस्ले तँलाई दुःख दियो त्यसको काल आयो ।२३४

सुस्त आँखा खोल्दाखेरी देख्छ शोभाधाम
आँखाआँखा कुराकानी मनमनले प्रणाम ।२३५

आँखा फेरि बन्द गरी को हौ भनी सोध्छ
राम नाम जप्दा खेरी जपमा विघ्न पार्छ ।२३६

को हौ तिमी जाऊ जाऊ मर्न मलाई देऊ
राम राम मन्त्र जप्छु ऐल्यै मर्न देऊ । २३७

गद्‌गदाउदै राम बोल्छन् म हुँ तिम्रो राम
भक्तराज आँखा खोल आत्मैदेखि प्रणाम ।२३८

रामका शब्द सुन्दा खुले नैन गिद्धराजका
बोली पनि लरवरिदै विन्ति गरे मनका । २३९

राम राम जानकीलाई दुष्ट आई लग्यो
जानकीलाई रथमा राखी दक्षिणतर्फ लग्यो ।२४०

सीताजीको उद्धारमा खूब लड्दै थिएँ
दुष्टलाई यो चुच्चोले सक्दो ठुग्दै थिएँ ।२४१

सक्दो बलले ठुंग्दै थिएँ शक्ति शिथिल भयो
पापिष्टले प्वाख काटी मैलाई ढलाइदियो ।२४२

राम बोल्न सक्तिन हा मर्न मलाई दिनू
मेरो अघि आउनु हवस रुप हेर्न पाऊँ ।२४३

रुदा रुदै गिद्धसँग टाँसिएर राम
गिद्धलाई उचालेर राखे आफ्नो काख ।२४४

राम भन्छन जानकीको संचार पितालाई
नभन्नु है विन्ति भन्छु यस्तो दुःखदायी ।२४५

दुष्ट चोरको नाशै गरी त्यस्लाई मारी छाड्छु
त्यसको कुलै मासी दिन्छु आजै कवोल गर्छु ।२४६

जाऊ जाऊ भक्तराज मेरै धाम्मा जाऊ
संसारको दुःख सक्यौ मोक्ष भई जाऊ ।२४७

प्रिय शब्द सुन्दा सुन्दै अलि आँखा खुल्यो
राघवको दर्शन पाई नमस्कार गऱ्यो ।२४८

काखमा थियो गिद्धराज काख्मै प्राण छोड्यो
राम हा राम नाम जपी देह उसले त्याग्यो ।२४९

राघवले आफ्नै हातले गरे दाहसंस्कार
राम भन्छन् भुल्ने छैन साहशिलो उपकार ।२५०

जसले गर्छ धार्मिक काम उसको मति राम्रो
परोपकार गर्नेलाई मौका मिल्छ राम्रो । २५१

आखिरमा जटायुले उच्च पदै पाए
श्री रामको नाम जपी स्वर्गपुरी पाए ।२५२

राघवलाई गुण लगाई सुख धाम पायौ
मर्ने वेला नारागणकै काखैको माया पायौ ।२५३

मनमनले गिद्धराजको गर्दै गुण गान
शवरीको आश्रममा पुग्छन भगवान ।२५४

राघवकी भक्त थिइन राम भजी राख्थिन
श्रीरामको दर्शनलाई पर्खिएकी थिइन । २५५

कैले आउलान राम भन्ने मन्मा उत्सुक थियो
हरक्षणमा हर स्वासमा रामनाम थियो । २५६

शवरीका भक्तिभावले खिच्यो रामलाई
राघवले दर्शन दिए लक्ष्मण साथै आई ।२५७

प्यासीहरु प्यास मेट्न जलधारामा पुग्छन
आफ्नो प्यास मेटीकनै अति खुशी हुन्छन ।२५८

प्रभुसँग भक्त मिलिन धर्म धर्मात्मा साथ
यस्तोसँग उनी मिलिन जीव परमात्मासाथ ।२५९

सुन्दर अनुपम आशनमा राम बसाएकी
फूलैफूलका गुच्छा पारी उनले चढाएकी ।२६०

भोजनका लागि उनले धेरै वयर ल्याइन
मीठा मीठा वयरहरु ज्यूनारलाई दिइन ।२६१

चाखिएका वयरहरु सबै जुठा थिए
जुठा वयर टोकिएका प्रभूजीले खाए ।२६२

भक्ति उनको गाडा थियो वयर जुठा थिए
सर्वव्यापी भगवानले मिठो मानी खाए ।२६३

उनको सच्चा प्रेम देखी राम मुग्ध भए
टोकिएका वयर मीठा खुशी हुदै खाए ।२६४

ल्याऊ ल्याऊ वयर ल्याऊ अमृत भन्दा मीठा
मक्खन मिश्री भन्दा मीठा वयर तागतिला ।२६५

जस्तो भक्ति तिनको थियो उस्तै वयर मीठा
पेट भरियो खाऊँ लाग्छ मधु भन्दा मीठा ।२६६

भोकभोकै डुल्दै थिएँ वयर खान पाएँ
धन्य धन्य आज भएँ धन्यवाद दिएँ ।२६७

लक्ष्मणतिर फर्किकनै राम नजर दिन्छन्
मीठा वयर खाऊ भनी राम आज्ञा दिन्छन् ।२६८

स्वादयुक्त रसले पूर्ण जीवनभरै मैले
यस्ता सुन्दर वयरहरु चाखिएन कैल्यै ।२६९

तिम्ले पनि वयर ल्यायौ यस्तो मीठो छैन
वैदेहीले पस्किएको व्यन्जन यस्तो छैन ।२७०

यस्ता सुन्दर वयरहरु किन नखाएको
त्यस्मा पनि अझै मीठा उनले टोकिएको ।२७१

पक्कै केही भेद होला बोल भाइ लक्ष्मण
यस्तो प्रेमले भरिएको वयर खाऊ लक्ष्मण ।२७२

संकोचपूर्ण लक्ष्मणले वयर एउटा लिए
खाँदै नखाई चुपलागि वयर फ्याकी दिए ।२७३

फ्याक्नलाई फ्याकी दिए मन्मा तुलवुल लाग्यो
अन्तर्यामी प्रभुजीले थाहा पाउनु भयो । २७४

त्यही वयर द्रोणाचलमा खसी त्यही उम्र्यो
संजीवनी बुटी बनी पर्वतैमा फैल्यो । २७५

वाण लाग्दा लक्ष्मणलाई बुटी खोज्न गए
द्रोणाचलमा हनुमानले बुटी खोजी ल्याए ।२७६

त्यही वयरकृत बुटी द्रोणाचलमा थियो
हनुमान खोज्न जाँदा बुटी पत्तालाग्यो ।२७७

त्यही बुटी खुवाएर प्राण बचाएका
यस्तै काम गर्दा गर्दै मान बढाएका । २७८

जे जे जो छ निश्चय छ भक्तीभाव उच्च
लेखनीमा जगको कम्ती हुन्छ भक्ती दर्जा उच्च ।२७९

राघवले फेरि भन्छन प्रेममा सारा मिल्छ
प्रेमले सारा विश्व मिल्छ धर्म मर्यादा सिद्ध ।२८०

भिलनी अति शुद्ध मनकी उनको भक्ति उच्च
कालो मनका व्यक्तिहरु सधै हुन्छन निच ।२८१

जातिपाति भेदभाव मन्मा राखनु हुन्न
भेदभाव राखिन्छ ता द्यौता खुशी हुन्न ।२८२

जसको मन शुद्ध हुन्छ त्यही भक्त बन्छ
भक्ति विना संसारमा कसले पार गर्छ ।२८३

भक्त तिमी धन्य भयौ आत्म स्थान पायौ
तिम्रो शुद्ध सोचाइले परंज्ञानी भयौ ।२८४

नारायणका शब्द सुनी भक्त गद्‌गदाइन
जिन्दगीलाई सार सम्झी हर्षविभोर भइन ।२८५

त्यै वेलामा सोचीकनै कोशलपति बोल्छन
एउटा कुरा सोधी हाल्छु बताइदेऊ भन्छन ।२८६

हामी दुबै दाज्यूभाइ राम लक्ष्मण नाम
यस्तै कुनै कारणले लाग्यौ वनवास ।२८७

मेरी प्यारी सुन्दरी सीता साथै मैले ल्याएँ
कुन दुष्टले हरण गर्दा ज्यादै दुःख पाएँ । २८८

भाग्यले नै धोका दिंदा जीवन नष्ट भयो
माया मृग कारणले सीता हरण भयो ।२८९

यै कारण दुःखीत छु शुद्धिबुद्धि छैन
शोकै शोकमा डुब्दाखेरी बुद्धि आउदैन ।२९०

जानकीको खवर बुझ्न कुन ठाउमा जाऔं
वैदेहीको हालखवर कहाँबाट पाऔं ।२९१

यदि कुनै युक्ति भए आफ्नो राय देऊ
यो ठाउमा जाऊ भनि केही बताइदेऊ ।२९२

भक्तिनीले विन्ति गर्छिन के बताऊं राय
यदि सोध्नु हुन्छ भने सुननु हवस राय ।२९३

केही पर ऋष्यमूक अति सुन्दर पर्वत
त्यस गिरीमा दुःख काटी बसिरैछन्न सुग्रीव ।२९४

दाज्यूभाइका कारणले त्यस ठाउमा बस्छन
केही वर्षदेखि यता कष्टभोगी बस्छन ।२९५

त्यस ठाउमा पाल्नुभई सुग्रीवलाई भेट्नोस
वानरका राजा ती हुन कुराकानी गर्नोस ।२९६

मालिकको भित्री दिल शोकलेपूर्ण दुख्छ
सुग्रीवलाई भेट्दाखेरी उमंगले हास्छ ।२९७

ऋण्यमूकमा जाऊँ भनी जान लागे नाथ
भक्तिनीले छाती बीच राखिछाडिन नाथ ।२९८

प्रेमीका छाप्रोबाट जगतपति निस्के
त्यहीवेला शवरीको प्राणवायु निस्क्यो ।२९९

प्राण उनको उडिगयो उच्च पदमा पुग्यो
श्रीरामकै अंश भई आत्मामहाँ मिल्यो ।३००

उच्च पदमा पुगिलन भन्ने अन्दाज नै कोही
सक्दैनथे गर्नलाई पाइन पद त्यही ।३०१

भिल्ल जाति उनलाई घृणा अति गर्थे
हाम्रो नजिक आउन हुन्न छोइदेली भन्थे ।३०२

ईश्वरका सामुमहाँ जातिपाती हुन्न
जस्ले गर्छ भेदभाव त्यस्को गति हुन्न ।३०३

पुष्प वृष्टि गर्न लागे देवता खुशी हुँदै
धन्य धन्य भिलनी भक्ति जय पुकार गर्दै ३०४

आफै बनेर सन्तोषी स्वयं नै सुखी बन्दछ
अर्काको सुख देख्दामा, चित्तलाई सताउँछ ।

प्राणीको चित्त राम्रो होस्, सबैको सत्य साधना
व्यक्तिमा सत्य नै जागोस्, प्राणीको प्रति आत्ममा ।

कठोर मन जसको छ त्यसलाई दुःख बढ्दछ
शान्तिले वास गर्दामा सदानै सुख प्राप्ति छ ।

सुख दुःख दुवै एकै, मान या अपमानमा
विचलीत नहौं हामी, कल्याण् हुन्छ समानमा ।

# राम सुग्रीव भेट

ऋष्यमूक पर्वतमा पुगे रघुराज
सदाभन्दा सफा थियो मौसम पनि आज । १

जानकीका शोकले गर्दा दुःखी कोशलनाथ
शोकपूर्ण अश्रु बगाई रुन्थे सीतानाथ । २

त्यस्तै गरी सुग्रीव पनि चारैतर्फ हेर्थे
कपिराजका मनमा भने धेरै कुरा खेल्थे । ३

वरिपरि डाँडा काँढा सुग्रीवले हेर्थे
ऋष्यमूकको शिखरमा कोही मान्छे देखे । ४

आपद विपद जे नै परोस ज्यानको माया लाग्छ
बाँच्न पाए हुन्थ्यो भन्ने सधै आशा लाग्छ । ५

त्यै बेलामा टाढातिर कोइ मान्छे देख्छन्
झट्टपट्ट सुग्रीवले मन्त्रीसँग सोध्छन् । ६

हेर हेर परबाट कोही आई रैछ
यसो हेर्दा शक्तिशाली तेजस्वी झैं लाग्छ । ७

अर्कोतिर मेरो मन्मा शंका पनि लाग्छ
षडयन्त्र क्यै रचाएर वालि आयो लाग्छ । ८

मातङ्गका श्राप लाग्दा वालि आको छैन
आउने को हुन् पत्तालगाऊ भन्न सकिदैन । ९

आजसंम बाँचिरैछु भोलि के के हुन्छ
यी आँखाले जिन्दगीमा के के देख्नु पर्छ । १०

मायावी त्यो होला कोही अर्कै रुपधरी
लुकिछिपी आउँदै होला मान्छे रुपधरी । ११

आज्ञा दिन्छु झट्ट जाऊ पत्तालगाई आऊ
बुद्धिद्वारा सोधी खोजी फर्कि चांडै आऊ । १२

को हो किन आयो यहाँ सबै कुरा सोध्नू
राम्रोसँग सोधीकनै संकेत मलाई गर्नू । १३

सुग्रीवको आज्ञालाई शिरोधारण गर्दै
अन्जनीलाल हिडीहाले विप्रभेष लिंदै । १४

क्षणभरमा पुगीहाले बाल व्रह्मचारी
ऋष्यमूक शिखरमा पाइला छिटै सारी । १५

बेलामौका पारीकनै रुप लिन सक्थे
कैले कस्तो कैले कस्तो रुप धारण गर्थे । १६

वास्तवमा शक्तिशाली पवनपुत्र थिए
अन्जनीलाल शंकरका अंशावतार थिए । १७

ब्राह्मणको भेषले गर्दा अप्ठेरोमा परे
राघव सामू पर्दाखेरी ज्यादै अल्मलिए । १८

नम्र हुँदै बोल्थे उनी शिर झुकाएर
हात जोडी आँखाबाट आँसु बगाएर । १९

यस्तो घना जंगलमा केको लागि यहाँ
कोमल सुन्दर पैतालाले टेक्दै काँढा महाँ । २०

के कामले डुल्नु हुन्छ बुझ्न पाए हुन्थ्यो
मनको पीडा पोखिएमा शान्ति हुन सक्थ्यो ।२१

यस्तो उचा टाकुरीमा कण्टकको घारी
कुन वस्तुको खोजी गर्दै धनुर्वाण धारी । २२

हेर्दाखेरी उच्च कुल्मा जन्मे जस्तै लाग्छ
अन्दाज मेरो अवश्य नै पक्का जस्तो लाग्छ ।२३

ऋषिकुमार या त कुनै राजकुमार हौ कि ?
या त कुनै आफन्तको खोजी गर्दै छौ कि ? ।२४

या त कुनै मार्ग बिर्सि भ्रममा पर्नु भो कि
वेदनाको बोझ बाँडी भारी बिसाउंछौ कि ।२५

चेहरामा उज्ज्वलता मानो विष्णु जस्ता
यसो हेर्दा शक्तिशाली सूर्यवंशी जस्ता । २६

अद्भूत शक्ति देख्दाखेरी छक्क आफैं पर्छु
चिन्हेशक्ति लोप हुंदा अपशोंचमा पर्छु । २७

त्यस्तै यहाँ एक्लीएर वन्मा डुलि रैछु
आफू जस्तै पथिकलाई भेट्न पाएको छू । २८

दुःख सुखका कुराकानी गर्दा बुझिएला
हेलमेल हुन्छ भने दुःख बाँडिएला । २९

देखेजस्तो लाग्छ कतै चिन्न सक्या छैन
संझनलाई कोशिस गर्छु भन्न सक्या छैन । ३१

नाउँ ठाँउ सुन्न पाए प्रष्ट बुझिइन्थ्यो
हृदयको चिन्तालाई बाँड्न सकिइन्थ्यो । ३२

मुस्कुराई बोल्थे राम के बताऊँ मैले
को भनेर के बताऊँ यस बेलामा मैले । ३३

कुन ठाउमा जन्मिएको कसको छोरा भनी
के कामको चासो परि आएको छू भनी । ३४

जुन बेलामा जे जे थियो त्यै बेलामा थियो
दुर्भाग्यले गर्दाखेरी वनको बास भयो । ३५

तक्दिरमा लेखिएको भोग्नु पर्ने रै छ
जस्तो रोप्यो त्यस्तै फल बोट्मा फल्ने रै छ । ३६

पृथिवीमा जन्म लिई पाइला चाल्नु पर्ने
हिड्दाखेरी पाइलै पिच्छे ठक्कर खानु पर्ने । ३७

यसो हेर्दा रुप पनि ब्राह्मण झैं लाग्छ
गहिरिएर हेर्दाखेरी वनवासी पो लाग्छ । ३८

ईश्वर दायाँ हुंदाखेरी राजा हुने थिएँ
तक्दिरले गर्दाखेरी वनवासी पो भएँ । ३९

प्रदेशमा ठिक पत्ता के गर्नलाई दिनू
नाता गोता शून्य यहाँ कस्लाईमात्र दिनु । ४०

दुःखसागर गहिरिदैछ अन्दाज क्यै हुन्न
वेदनाले पोल्छ मुटु निको कैल्यै हुन्न । ४१

आफ्ना मनका पीडालाई लुकाई राख्नु पर्ने
मनमा आगो सल्की रैछ छैन कोही देख्ने । ४२

भेद बुझ्न आएका थिए वीर हनुमान
वजरंगलाई शर्म लाग्यो पूर्ण नभै ज्ञान । ४३

भन्नुहोस्न प्रभुले नै सोधेको छु मैले
विन्ति गर्छु पाउन सकौं परिचय पैले । ४४

राम भन्थे हामी दुबै अवधेसका कुमार
हाम्रो मुख्य इच्छा थियो गर्ने उपकार । ४५

जंगलमा वास बस्छौं कन्दमूल खान्छौं
निश्चरले दुःख दिए तिनको नाश गर्छौं । ४६

एक दिन कुनै मायाविलाई जंगलमा देख्दा
नारीलाई एक्लै छाडि त्यसकै पछि लाग्दा । ४७

त्यसैलाई मार्न लाग्दा अर्को दुश्मन आयो
एक्लै देखी मेरै पत्नी हरण गरी लग्यो । ४८

कुन दुष्टले हरण गर्‍यो मेरी सुन्दरी सीता
त्यै पीरले डुल्दै गर्छु खोज्दै यताउता । ५०

भाग्यमानका साथी हुन्छन् अभागीका हुन्नन्
दिन दुःखीका पीडा व्यथा कोही बुझिदिन्नन् । ५१

पत्नी विना बाँच्ने छैन प्रण गरेको छु
खोजी गर्दा पाइन कतै मर्ने तर्खरमा छु । ५२

पृथिवीको भार हर्छु भन्ने मन्मा थियो
यै वाणले राक्षस मार्छु भन्ने विश्वास थियो । ५३

शोकले गर्दा साहस सबै त्यसै अलप भयो
पीरै पीरमा जिन्दगानी खेरै जाने भयो । ५४

सोधिएका प्रश्न थिए उत्तर मैले दिएँ
सारा व्यथा संझिदामा मुटु छिया पारें । ५५

वनमा आको सबै कुरा सबै बताइसकें
सच्चा मित्र भई सोध्यौ व्यथा पोखिसकें । ५६

जौहरहरु रत्न जाँच्दा त्यसको पारख गर्छन
पूर्णेमाको चन्द्रमाले उज्ज्वलता छाउंछन् । ५७

महावीरले रामलाई ईश्वर भन्ने चिने
शंकरका अंश हुंदा राघव चिन्ही हाले । ५८

मेरा प्रभु राम भन्दै पाऊ परिहाले
मायावसभा पर्दाखेरी प्रभु बिर्से भने । ५९

सेवक हुँ प्रभुजीको सच्चा सेवा गर्छु
राघवको सेवा निंति प्राणै अर्पण गर्छु । ६०

जसका लागि जंगल जंगल घुम्नु भएकोछ
त्यसका लागि प्राणै दिंदै खोजी गरिनेछ । ६१

सुख शान्ति त्यागीकनै सीता पत्ता लाउंछौं
जिन्दगी नै अर्पण गरी हामी खोजी गर्छौं । ६२

जुन दुष्टले सीता हऱ्यो त्यसको प्राण लिन्छौं
धन्दा सुर्ता छोडी दिनोस् साथ हामी दिन्छौं । ६३

वास्तवमा वानर म हुँ ब्राह्मण रुपमा आएँ
भाग्यमानी रै छु प्रभु दर्शन मैले पाएँ । ६४

प्रभुजीले सुग्रीवसँग भेट गर्नै पर्छ
सुग्रीवसँग भेट्नु हुंदा सीता पत्तालाग्छ । ६५

जाऔं प्रभु झट्ट जाऔं बेर गर्नु हुन्न
सुग्रीवसँग भेट गर्दा दुःख पाइने छैन । ६६

वानरका राजा तिनी योग्य शक्तिशाली
उन्को मन्त्री मै हुँ प्रभु किष्किन्धा राजधानी । ६७

वजरंगीले राम लक्ष्मण दुबै काँधमा राखी
वायुवेगले कुदिहाले ज्यादै हर्षमानी । ६८

दुईजनालाई काँधमा राखी मन्त्री त्यहाँ आए
सुग्रीव पनि खुशी हुंदै स्वागत गर्न आए । ६९

सुग्रीवलाई हालखवर सबै बताइदिए
दशरथका पुत्र दुबै भन्ने चिनाही दिए । ७०

दुबै थरी भेट भयो वार्तालाप भयो
दुइ थरीको मिल्दो जुल्दो जीवन गाथा थियो । ७१

आफ्ना आफ्ना वंश कुलका वीर योद्धा थिए
दुबै जना राज्यबाट निस्कासित थिए । ७२

मनको व्यथा मिल्दो थियो जीवन उस्तै थियो
एकै मुटु दुइटा शरीर आशावादी थियो । ७३

अग्निदेव साक्षी राखी मित्र नाता राखे
मनको व्यथा पोख्नलाई सच्चा मित्र पाए । ७४

सूर्यवंशी राम थिए राजा अयोध्याका
वानरवंशी सुग्रीव थिए राजा किष्किन्धाका । ७५

राम थिए जंगलवासी सुग्रीव गिरिवासी
संयोगले तिनीहरु मिल्दाजुल्दा साथी । ७६

सुग्रीव पनि पत्नीबाट वियोग भएका छन्
कोशलपति सीताबाट वियोग भएका छन् । ७७

यतातिर सुग्रीवलाई दाइले निकालदिए
उतातिर राघवलाई वनमा पठाइदिए । ७८

कुनै मित्र यस्ता हुन्छन् हिस्सा भाग खोज्ने
मित्र खातिर आफ्नो समेत प्राणै त्यागी दिने । ७९

उस्तै उस्तै दोस्ती मिल्दो दैव संयोग पर्दा
आशा एवं निराशाको संयोगले गर्दा । ८०

कुन प्रकारले दोस्ती भयो सुन्नु हवस खास
चाख राखी सुन्नुहवस मित्र-धर्म आज । ८१

दुवै मुटु मिल्छ भने सच्चा मित्र हुन्छ
दुईटा शरीर एकै प्राण मित्र स्थिर हुन्छ । ८२

मित्रलाई आपद पर्दा ज्यानै दिनुपर्छ
मृदुभाषा नौनी जस्तो मित्रतामा हुन्छ । ८३

मित्रलाई दुःख पर्दा दुःख बाड्नु पर्छ
सुखदुःख एकै सम्झी ज्यानै दिनु पर्छ । ८४

आत्मा मिल्ने साथी कुनै खोज्दा पाईंदैन
दुर्जनलाई आफ्नो व्यथा कैल्यै पोख्नु हुन्न। ८५

अमीरसँग सारा झुल्छन गरीवसँग होइन
सागरमा छ्यालव्याल पानी खहरेमा सुक्छ। ८६

पानी मिल्छ पानीमा नै प्यासीलाई छैन
संसारको चालामाला बुझ्नी साध्य छैन। ८७

एक बाबुका अनेक पुत्र सबै स्वाभिमानी
आमाबाबु वृद्ध हुंदा जान्छन् सबै छाडी। ८८

धनका लागि सबै झुक्छन् रित्तिदामा हट्छन्
गरीव नाता आयो भने त्यस्लाई घृणा गर्छन्। ८९

सुख पाउंदा नाता लगाई उसका घरमा जान्छन्
दुःख पर्दा साथ दिने लाख मध्ये एक छन्। ९०

मित्रताको धर्म होइन स्वार्थ पूर्ण गर्ने
सबै जोगी मरीजाउन आफ्नै भुडी भर्ने। ९१

सामुन्नेमा हुन्छ भन्दै झुठो कुरा गर्छन
आशा मात्र देखाएर पछि धोखा दिन्छन्। ९२

मित्रताको कसी यै हो शिष्ट प्यार गर्नु
आफ्नो ज्यान अर्पण गरी उसको दुःख बाड्नु। ९३

सज्जनले मित्रलाई साच्चै बचाउंछ
आफू वादल बनीकनै पानी वर्षाउंछ। ९४

मित्रतामा प्रेम हुन्छ स्वार्थ नामै हुन्न
मित्रतामा देव हुन्छ खेलौना त्यो होइन। ९५

जीवनभर सच्चा नीति व्यवहारमा हुन्छ
मित्र स्वार्थी हुन्छ भने जीवन खेर जान्छ। ९६

अधिल्तिर ठिक्क पार्ने पछि कुरा काट्ने
लिने बेला चिप्लो घस्ने दिंदा छुरा ताक्ने। ९७

त्यस्तालाई शत्रु ठान्नु शिघ्र त्यागी हाल्नु
मित्र संझी विश्वास गर्दा आफैं खत्तम हुनु। ८९

सच्चा मित्र ठान्छौ भने उसको ऋण तिर्नू
उसले गाली गर्छ भने तिम्ले विन्ती गर्नू। ९९

जसले आफ्नो मित्रलाई विश्वासघात गर्छ
त्यस्तो व्यक्ति देख्दाखेरी पाप मात्र लाग्छ। १००

सच्चा मित्र त्यही हुन्छ दुःखमा साथ दिन्छ
दुःखले बग्ने धारा दुई उसले पुछिदिन्छ। १०१

स्वच्छ विचार स्वच्छ विश्वास, आफ्नो बाँडी दिन्छ
मर्नुपरे आफै मर्छ मित्र बचाइदिन्छ। १०२

मितमा खराव दोष भए दोष पन्छाइदिन्छ
दिलो ज्यान दिईकनै दोष सम्झाउंछ। १०३

मित्रलाई दुःख पर्दा आधार उसको बन्नु
बाचुन्जेली मेल मिलाप साथीसँग गर्नु। १०४

मित्र नाता अमर हुन्छ जीवन आउँछ जान्छ
हिन्दु धर्मशास्त्र पनि यही कुरा भन्छ। १०५

प्रभातका शीत विन्दु क्षणमा अलप हुन्छन्
जसको हुन्छ स्वार्थीपना झट्टै चिन्हिइन्छन्। १०६

मित्रलाई आपद पर्दा मौन भई बस्छ
त्यस्तालाई देख्दाखेरी ठूलो पाप लाग्छ । १०७

सबै धर्मभन्दा ठूलो मित्रधर्म हुन्छ
मित्रलाई साथ दिनु शास्त्रले त्यै भन्छ । १०८

जस्ले आफ्नो महान दुःख तुच्छ संझिइन्छ
मित्रजनको सानो दुःख महान भन्ने ठान्छ । १०९

जुन मित्रले मित्रलाई हरक्षण बचाऊँछ
जल्दो उसको छातीलाई शीतल बनाऊँछ । ११०

सच्चा मित्र विश्वासका पात्र सधैं हुन्छन्
मित्र जस्तो कल्याणकारी संसारमा को छन् । १११

सच्चा दिलले मित्र भए सबै आपद टर्छन
दुःख सुख जिन्दगीका आपसमा बाँड्छन् । ११२

यसै युगका मित्रहरु नक्कलीका पात्र
मतलव आफ्नो पूर्ण गरी छोडिदिन्छन् साथ । ११३

विश्वासघाती नरपशु भर पर्नु हुन्न
त्यस्तासँग लाग्दाखेरी सुख पाइदैन । ११४

पैसा जति ठगी हाल्छन ज्यानै समेत ताक्छन्
नांगेझार बनाईकनै आफैं भागिहाल्छन् । ११५

धर्म भन्नु क्या हो क्या हो पापै मात्र बोक्नु
मुखले मान ठिक्क पार्नु काम्ले कुरा भाँड्नु । ११६

संसारका मित्रहरु स्वार्थ सिद्धिमा छन्
त्यस्ता मित्र जैले पनि ज्यानै मात्र ताक्छन् । ११७

यो युगका मित्र जति सबै एकै छाँटका
आफैं जान्ने आफैं बुझ्ने पात्र तिनी भाँडका । ११८

विश्वासमा शून्य तिनी सबै प्रतिघातका
नक्कलीको लोलोपोतो अति दुष्ट जातका । ११९

मद्दत माग्न जाँदाखेरी हुन्छ भन्छन् मुख्ले
ठिक्क पार्छ मुखले भने धोका दिन्छ कामले । १२०

ऐश्वर्यको पुत्र कुनै सोझो भेट्दाखेरी
आफ्नो खल्ती भर्नलाई नम्र बन्दै केही । १२१

मीठो मधुर बोली बोल्दै धुत्ने कोशिस गर्छ
लठ्याएर फुस्ल्याएर पैसा धुत्ने गर्छ । १२२

त्यस्तालाई धिक्कारिन्छ देख्दा घृणा लाग्छ
त्यस्ता अधम् मर्दाखेरी बोझ हलौं हुन्छ । १२३

लोभी पापी मर्दाखेरी कुन ठाउँमा पुग्छन्
यो जन्मको पाप कर्म परलोकमा भोग्छन् । १२४

यस्ता मित्र हुन्छन् भनी चर्चा गरिएको
शव्द एवं लेखनीमा प्रष्ट पारिएको । १२५

मित्र भन्ने शव्दलाई याही छोडिदिन्छौं
लीलाधारी राघवको हालत बताइदिन्छौं । १२६

राघवले मित्रताको प्रष्ट पारी दिए
सुग्रीव पनि हर्षित भै सबै सुन्दै थिए । १२७

सच्चा मित्र कस्तो हुन्छ राम्रो ज्ञान पाउँदा
आफ्नो दुःख पार लाग्ला भन्ने आशा लाग्दा । १२८

यस्तै यस्तै आपसमा दुःख पीडा पोखी
आनन्दमा दुबै रमे जीवन-व्यथा बिर्सी । १२९

सुग्रीवले राघवलाई भन्छन् मौका पारी
जानकीको खोजी गर्छौं सबै संसार चारी । १३०

एक दिनको कुरा थियो यै ठाउँमा थिएँ
अस्तांचलमा सूर्य पुगे एक्लै बाहिर थिएँ । १३१

यत्तिकैमा आकाशतिर मेरा आँखा पुगे
पर्दावाल सुन्दर रथ आकाशमा देखें । १३२

रथको भित्रबाट कुनै चिच्याहटको आवाज
राक्षसको वशमा पर्दा आयो होला आभास । १३३

अपशोंच मलाई लाग्छ ऐले मौका गुमिसक्यो
जानकीलाई चोरी गरी चोर भागिसक्यो । १३४

जानकी हुन् पक्कै पनि अन्दाज गरिसकें
त्यो बेलाको दृश्य कस्तो मैले संझिसकें । १३५

निश्चरका लोचन दुबै राता डरलाग्दा
रिसले गर्दा आँखाबाट बल्थे अग्नि ज्वाला । १३६

त्यस बेलाको दृश्य अझै आँखाभरि घुम्छ
जीवनभरै बिर्सिइन्न संझना त्यै हुन्छ । १३७

मुटुभरि गाँठो पारी छाती फुटाई रुन्थिन
राम राम जप्दा जप्दै तलैतिर हेर्थिन । १३८

त्यै बेलामा माथिबाट पोको खसालेकी
भूषणै र बस्त्र आदि या त कुनै हो कि । १३९

खसालेको चीज के हो मैले राखेको छु
भित्रबाट ल्याईकनै ऐलै देखाइदिन्छु । १४०

हेर्नु भई चिन्नु हवस जानकीका भूषण
यति भन्दै सुग्रीवजी भित्र गए तत्काल । १४१

राम भन्छन् ल्याऊ मित्र हेरी हालौं पहिले
आफ्नै हातले ल्याई दिए पोको सुग्रीवजीले । १४२

राघवका आँखाबाट आँसु बग्दै थिए
जानकीका कुण्डल देख्दा अति व्याकुल भए । १४३

धेरै वेरसम्म हेरी राम विव्हल भए
सीताजीका संझनाले धोको पुऱ्याई रोए । १४४

यिनै कुण्डल जानकीका कानको शोभा दिन्थे
झलमल भई झल्कीकनै उज्ज्वल गराउथे । १४५

ऐले त्यसै थन्की रह्‌यौ जन्म व्यर्थ भयो
जति थियो महिमा तिम्रो तेसै खेर गयो । १४६

भाग्यमानी तिमी थियौ कानमा सदा हुन्थ्यौ
कलेजामा टासी राख्छु प्यारी समान भयौ । १४७

जानकीलाई पाइन भने कुण्डल पाउनु व्यर्थ
कसले गर्छ यसको प्रयोग लाग्ने छैन अर्थ । १४८

बाबु लक्ष्मण चिन्न सक्छौ, कसका यी हुन भूषण
सीताजीकै कुण्डल हुन कि जवाफ देऊ लक्ष्मण । १४९

यिनै कुण्डल देख्दाखेरी सीता जस्तै लाग्छ
हृदयमा टास्दाखेरी मन्मा शान्ति मिल्छ । १५०

सीता भेट्न पाइन भने यसको प्रयोग छैन
लक्ष्मण तिमी हेरी हाल उनका हुन कि होइन। १५१

सामुन्नेमा लक्ष्मण आई निहुरिदै प्रणाम
सत्य कुरा विन्ति गर्न लागिहाले लक्ष्मण। १५२

लक्ष्मण हुँ पाउको सेवक पाउमात्र देख्थें
कुण्डलको याद छैन कल्ली चिन्न सक्थें। १५३

भविश्य यो उज्ज्वल देख्छु वाणमा विश्वास गर्छु
सेवकले जानकीको शिघ्र दर्शन पाउंछु। १५४

कुण्डलधारी वैदेहीलाई हरण गर्ने दुष्ट
पापी चोरलाई मारी दिन्छु अति म छु रुष्ट। १५५

पत्ता चाडै लगाई छोड्छु तैलाई मारी दिन्छु
तैलाई चाँडो मार्छु भन्दै ऐले कवोल गर्छु। १५६

दुष्ट तैले धोका दिइस चित्त दुखाई दिइस
सीता माता हर्नेवाला चाँडै मर्ने भइस। १५७

त्यतिञ्जेली राघव पनि ज्यादै अधीर थिए
लक्ष्मणका साहसले केही गम्भीर भए। १५८

आफ्नो भन्नु कोही छैन मन्मा शान्ति छैन
यस दुःखीको नातागोता लक्ष्मण वाहेक छैन। १५९

जस्तो महान संकट पनि आपसमा भोग्थ्यौं
अयोध्यालाई बिर्सीकनै जीवन व्यतित गर्थ्यौं। १६०

जानकीलाई संझीकनै राघव शोकाकूल
प्राणै छाडौं पागल बनौं ज्यादै भयाकूल। १६१

कोशलनाथको अधैर्यता देखी सुग्रीवले
के के गरौं कसो गरौं भन्ने ठानी मनले। १६२

वजरंगी र लक्ष्मण अनि सुग्रीवादि वीर
हत्तपत्त अँगालेर लगे जंगल तीर। १६३

ऋष्यमूकको जंगलमा लगे बहलाउन
हात जोडी लक्ष्मणले लागे संझाउन। १६४

निर्झरीको झरझर आवाज विहंगको गान
सुन्दाखेरी सम्हालिए रघुपति राम। १६५

नानाथरी फूल देख्दा बिर्सीएछ ताप
सुवास एवं सुगन्धका फूल वास्नादार। १६६

प्रकृतिको छटा देख्दा आत्म शान्ति भयो
प्रकृतिको दृश्यले नै मनै बहकियो। १६७

हराभरा जंगलमा पुष्प नानाथरी
वसन्तले वहार बोकी छाइ वरिपरी। १६८

ताडका केही वृक्ष थिए तिनैपट्टि हेरी
सुग्रीवका मुखबाट फुट्छ सुसकेरी। १६९

सुग्रीवको हालत देख्दा राघवले सोधे
के कारणले दुःखीत भयौ बताऊ मित्र भने। १७०

जैलेदेखि भेट भयो सदा उदास देख्छु
तिम्रो यस्तो हालत देख्दा चिन्ता ताल्मा डुब्छु। १७१

के कारणले दुःखी भयौ तेसको भेद के हो ?
बताइदेऊ प्रिय मित्र आफ्नो पीडा जे हो ? १७२

राघवका शीतल शव्द सुन्दा सुग्रीवले
मनको व्यथा पोख्नलागे अति नम्रताले । १७३

स्वयं गाई बनेको छु सिंह जस्तो त्यो छ
वास्तवमा दाज्यू मेरा कालै जस्तो लाग्छ । १७४

साधारण गल्ती मेरो त्यस्कै निहू खोज्दै
राजपाट नारी समेत हरण गऱ्यो उस्ल्यै । १७५

सहोदर दाज्यू मेरा मैलाई मार्न आए
मार्छु भन्दै बज्र ताकी पछि लाग्दै आए । १७६

उनकै डरले गर्दाखेरी सधैं लुकिरैछु
केही बर्ष बितिसक्यो यसै वन्मा बस्छु । १७७

मातङ्गको श्राप पर्दा यहाँ आउदैन
त्यसकारण यहाँ बस्दा मार्न सक्नेछैन । १७८

यिनै रुखमा लुकिरैछ मेरो आफ्नो राज्य
संझिदामा व्याकुल हुन्छ यस्तै रैछ भाग्य । १७९

एकै वाणले सातै वृक्ष जस्ले ढाल्न सक्छ
त्यै व्यक्तिका वाणबाट वालि मर्न सक्छ । १८०

तक्षकका शव्दानुसार कुनै वीर आई
जस्ले ढाल्छ ताड वृक्ष मार्छ वालिलाई । १८१

सुग्रीवका कष्टपूर्ण जीवन-व्यथा सुन्दा
धनुषवाण टंकारेर बोले रामचन्द्र । १८२

जानकारी सारा भयो धनुष छोइ भन्छु
चौवीस घण्टा भित्र सखा वालि मारिदिन्छु । १८३

उसको पालो खतम भयो तिम्रो पालो आयो
वालिवीरको प्राण लिन काल नजिक आयो । १८४

सबै सामू प्रण गर्छु आजै सिध्याई दिन्छु
किष्किन्धाको राजपाट तिम्लाई जिम्मा दिन्छु । १८५

सुग्रीवलाई विश्वास दिलाई वृक्षतर्फ जान्छन्
एकै वाणले सातै वृक्ष उनको ढाली दिन्छन् ?। १८६

सुग्रीवलाई विश्वास भयो वालि मार्छन भन्ने
कुन रितले वालिलाई लड्न आऊ भन्ने ?१८७

राघवको आज्ञा पाई सुग्रीव कडकी बोले
दुष्ट लाछी वालि वीर लड्न आइजा भने । १८८

सुग्रीवको गर्जनाले वालि रिसाएर
लड्न जान तयार भयो लुगा लगाएर । १८९

सुग्रीवसँग लड्न जाने भन्ने बुझेकीले
तारादेवी विन्ति गर्छिन शंका मानेकीले । १९०

तातो रिसमा जानु हुन्न जाँदा दशा लाग्छ
ऐले लड्नु ठिक छैन मेरो मनले भन्छ । १९१

विन्ति गर्छु पाउ पर्छु छाती तड्पिरैछ
कुलक्षणका चिन्हहरु देखा परिरैछ । १९२

दायाँ आँखा फरफराउँछ कस्तो कस्तो लाग्छ
लड्न भिड्न छाडिदेऊ त्यसमा कल्याण हुन्छ । १९३

यो वेलामा चारैतर्फ अन्धकार देख्छु
यताउति जंगलमा अग्निज्वाला देख्छु । १९४

आज मेरो मनले हजुर हरेश खाई रैछ
छाती मेरो ढुक ढुक गर्छ आत्म कम्जोर हुन्छ । १९५

भाइ संझी सुग्रीवलाई माफी देऊ नाथ
तारा रुदै विन्ति गर्छु नजाऊ कतै आज । १९६

अर्को सज्जन भाइ खराव कैल्यै हुनेछैन
दाज्यूभाइ मिल्ति गर्दा दुःख पाइने छैन । १९७

किष्किन्धालाई आधा गरी उनको भाग दिनु
सुग्रीवका दोष जति सबै बिर्सी दिनु । १९८

दाज्यूभाइको एकताले राज्य मजवुत हुन्छ
जोरी पारी वैरीजनको शिर निचा हुन्छ । १९९

सुग्रीवलाई प्यार गरी ऐल्यै बोलाई हाल्नू
दुवै भाइ आपसमा सम्झौता मै बस्नू । २००

तारालाई संझाउदै कपिराजले भन्छन्
वालि जस्तो शक्तिशाली संसारमा को छन् ?। २०१

सुग्रीवको हाँकलाई सह्य शक्ति छैन
लाखौं सुग्रीव लड्न आउन् वालि डराउँदैन । २०२

उनको टाउको लत्याएर लड्न जानै लागे
तारा त्यहाँ रुदै थिइन् वालि दौडी हाले । २०३

सुग्रीवलाई देख्नासाथै रिसको वाढी आयो
रिसले गर्दा आँखाबाट आगो बल्दै आयो । २०४

आउनासाथै हुंकारेर वालि सुग्रीव लड्थे
रिसले दाँत कटकटाई मुक्कामुक्की गर्थे । २०५

आफ्ना लात्ती प्रहार गर्दै मुक्कामुक्की गर्थे
आपसमा लड्दाखेरी टोकाटोकै गर्थे । २०६

सुग्रीव शिघ्रै थाकीसके वालि वीर थिए
वालि वीरले मुक्का दिंदा सुग्रीव पछारिए । २०७

धेरैवेर लड्दाखेरी सुग्रीव गलीसके
मुक्का लात्ती खाँदाखाँदै रगत छाद्न लागे । २०८

चिच्याउँदै रगत छाद्दै सुग्रीव भागीहाले
राघवका सामू पुगी धोका दियौ भन्थे । २०९

तिम्रो कुरा पत्याएर हाँक मैले दिएँ
धोका मैले धेरै पाएँ अकाल मर्ने भएँ । २१०

तिम्रो वचन मान्दाखेरी झण्डै खतम भएँ
तिम्ले मारे राम्रो हुन्छ तिम्रै सामु आएँ । २११

तिम्ले वाण छोड्छौ भन्ने आशा गर्देथिएँ
तिम्ले वाण ताक्दा ताक्दा रगत छाद्दै आएँ । २१२

नम्र हुंदै सुम्सुम्याउदै बोल्छन रघुवीर
इच्छा तिम्रो पूर्ण हुन्छ गर्नु हुन्न पीर । २१३

दुबै भाइ उस्तै उस्तै दुबै जोशमा लड्थ्यौ
दुबै जना कट्कटाई मुक्का मुक्की गर्थ्यौ । २१४

मित्र मर्लान भन्ने डरले वाण तेसै थामें
सुल्टो सोच्दा उल्टो भयो अपजस मात्र पाएँ । २१५

फूलको माला पहिरीकनै लड्न जाऊ फेरि
वालि सुग्रीव चिन्न सक्छु शंकै छैन केही । २१६

राघवले लक्ष्मणलाई माला गास्न लाए
राम्रो माला गासीकनै झट्ट लगाइदिए । २१७

झट्ट गए सुग्रीव पनि वालि बोलाउनलाई
लड्दा लड्दै भागिहालिस आइज लड्नलाई । २१८

ज्यूदो छस ता लड्न आइजा मूर्दा होस त भैगो
कातरसँग लड्नु छैन मूर्दा जस्तै त्यो हो । २१९

सुग्रीवको हाँक सुन्दा वालि क्रुद्ध भयो
त्यस दुष्टलाई मार्छु भन्दै जान तयार भयो । २२०

ताराारानी आत्तिएर रुदै पाउ पक्रिन
यो पाली ता जान हुन्न भन्दै जिक्री गर्छिन । २२१

सुग्रीवलाई मद्दत दिने कोही हुनै पर्छ
नत्र भने सुग्रीवले केको हिम्मत गर्छ । २२२

लड्न सक्ने शक्ति भए पैल्है आइ लड्थे
यत्तिञ्जेली दुख काटी किन त्यहाँ बस्थे ? २२३

अघिमात्र लड्न जाँदा अंगदले भन्थे
दशरथका दुबै पुत्र आएका छन भन्थे । २२४

सुग्रीवको तिनैसँग ज्यादै मिल्ति छ रे
हित्तचित्त मिल्दाखेरी मीत लगाइयो रे । २२५

तिम्रो वैरी सखाप पार्छु प्रण गरेकोले
अंगद आयो रुदै भन्न यस्तो सुनेकोले । २२६

यसैकारण अधीर म छु मुटु कामिराख्छ
किन किन मेरो हजुर छाती ढुकढुक गर्छ । २२७

ताराजीको यस्तो पुकार त्यस्ले किन सुन्थ्यो
यदि उनको पुकार सुन्थ्यो किन अकाल मर्थ्यो । २२८

काल आई कुत्कुल्यायो जंगिएरै गयो
त्यो पाजीले हेप्ने मलाई भन्दै उग्र भयो । २२९

वालि सुग्रीव लड्न लागे मुक्का मुक्की गर्थे
दुबै भाइका अंगबाट रक्त धारा बग्थे । २३०

वालि वीरको चर्को चोट मुस्किलले खप्थे
सुग्रीवले त्यस्तो चोट बल्लबल्ल थाप्थे । २३१

सुग्रीवले पल्टा खाए भुइमा लडिहाले
वालि वीर दंग भई छाती माथि चढे । २३२

यो दुष्टलाई मारी दिन्छु यसको रगत प्यूँछु
सुग्रीवको मृत्यु हुंदा सुख शान्ति पाउंछु । २३३

अर्कोतिर राघव पनि लुक्दै वाण ताक्थे
भुक्क्याएर वाण छोड्छु मनमा गमी राख्थे । २३४

मौका हेरी वाण छाडे लाग्यो वालिलाई
वालि वीर ढलिहाले ठूलो धोका पाई । २३५

एउटा कुरा शोचिएको अर्कै कुरो भयो
आँखा खोली हेर्दाखेरी राघवलाई देख्यो । २३६

होश केही हुँदैखेरी कस्ले हान्यो सोध्यो
लुकिलुकि वाण हान्ने धोकेवाज त्यो हो । २३७

व्यंग्य वचन सुन्दाखेरी राघव देखापरे
मैले वाण हानेको हुँ भन्दै सामू परे । २३८

क्षत्री शक्ति ठूलो हुन्छ आँटले काम गर्छ
त्यस्ता वीरले वाण हान्दा जीवन सखाप हुन्छ। २३९

दुष्ट पापी मार्नै पर्छ त्यस्मा शान्ति मिल्छ
त्यस्ता व्यक्ति बाचुन्जेली दुःख भार बढ्छ। २४०

राघवका शव्द सुनी आँखा दुबै खोले
मार्न सक्ने मान्छे को हो भन्ने विचार गरे। २४१

एकक्षण पछि वालि सोध्छन तिमी हौ कि राम?
पैलेदेखि सुन्दै थिएँ राम तिम्रो नाम। २४२

सुग्रीवको रक्षक बनी यस्तो कुकाम गऱ्यौ
रुखको पछि लुकीकनै तिम्ले वाण हान्यौ। २४३

आफ्नो स्वार्थ पूर्ण गर्न धोका मलाई दियौ
विनाकारण निर्दोषीलाई तिम्ले वाण हान्यौ। २४४

जन्मे पछि मर्नु पर्थ्यो आजै मर्न पाएँ
सुग्रीवका कारणले यस्तो मौका पाएँ। २४५

राघवका शव्द पनि केही सुन्न पाएँ
ती शव्दका उत्तर पनि मैले दिन लागें। २४६

वैरीलाई छल्ले मार्नु क्षत्री कर्म होइन
लुकीकनै प्राण लियौ राघव धर्म होइन। २४७

वालि वीरको सामू गई राघवले भन्छन्
उसको चित्त बुझाइकनै जवाफ पनि दिन्छन्। २४८

तिम्ले वरदान पाएका छौ लड्न कोही आउंछ
उसको तनको आधा शक्ति तिम्लाई प्राप्त हुन्छ। २४९

वरदानको विचार गर्दा कस्ले मार्न सक्थ्यो
त्यसकारणले लुकीकनै मैले मार्नु पर्थ्यो। २५०

वालि भन्छ ठिकै गऱ्यौ तिम्रो कुरा सुन्छु
मेरो पनि चित्त बुझाऊ माऱ्यौ किन सोध्छु। २५१

वालि सुग्रीव दाज्यूभाइ एकै मान्नु पर्थ्यो
उसको पक्ष लागिकनै किन मार्नु पर्थ्यो। २५२

सुग्रीव तिम्रो मित्र भयो शत्रु मलाई ठान्यौ
काखमा राख्यौ सुग्रीवलाई मलाई छल्ले माऱ्यौ। २५३

वालि वीरका शव्दहरु हृदयमा बिझे
राघवले हत्तपत्त जवाफ दिनै लागे। २५४

दिदीबैनी भाउज्यूसँग दूराचारी गर्छन
त्यस्ता अधम पापीलाई मार्नै पर्छ भन्छन। २५५

सुग्रीवकी पत्नीलाई आफ्नै पत्नी मान्यौ
त्यस्कै पापले गर्दाखेरी प्राण समेत फाल्यौ। २५६

सुग्रीव मेरा मित्र हुंदा मद्दत गर्नु पर्छ
मित्रजनको दुश्मन हुंदा तिम्लाई मार्नै पर्छ। २५७

सीता खोज्ने जिम्मा लिए कवोल पनि गरे
दुःख उनको हर्नलाई मैले तिम्लाई मारें। २५८

मित्रले नै मित्रजनको दुःख हर्नु पर्छ
मनको व्यथा बुझ्नेलाई मित्र छान्नु पर्छ। २५९

यस्ता कठोर शव्द सुन्दा वालिराज भन्छन्
धोका ठूलै पाउने भयौ सम्झी राख भन्छन्। २६०

भेट्ना साथै सुग्रीवको दाज्यू मारी दियौ
स्वार्थपूर्ण गर्न खोज्दा ठूलो धोका दियौ । २६१

संझी राख्नु सीताजीको कैले खोजी गर्छ
स्वार्थ पूर्ण भएपछि सज्जन दुर्जन हुन्छ । २६२

सुग्रीवको कवोल पनि जरुर झूठो हुन्छ
सिंहराजको सामुन्नेमा गिद्ध कायल हुन्छ । २६३

पैले मलाई भेट्दा हौ ता कार्य सफल हुन्थ्यो
वेकालमा प्राण मेरो तेसै किन जान्थ्यो । २६४

जानकीको पत्ता लगाई मैले ल्याइदिन्थें
स्वार्थ विना तिम्रो दुःख हरण गरिदिन्थें । २६५

जस्ले सीता हरण गऱ्यो त्यस्लाई राम्रै चिन्छु
छ सात महिना काखी च्यापी विश्व घुमेको छु । २६६

गर्नेसम्म गरी सक्यौ व्यर्थ कुरा गर्नु
प्राण उड्न लागि सक्यो के के तिम्लाई भन्नु । २६७

वालिवीरको चातुर्यले गद्‌गदाए नाथ
दया दृष्टि कृपा गर्दै प्रष्ट भन्छन राम । २६८

तिम्रो शक्ति यस्तो भन्ने आजै थाहा पाएँ
वालिवीरलाई आजै मात्र मैले चिन्न पाएँ । २६९

इच्छा कुनै बाँकी भए माग्नु पूर्ण गर्छु
मर्ने इच्छा छैन भने ऐल्यै बचाइदिन्छु । २७०

वालिवीर दुःखी हुँदै भन्छन् रामलाई
तिमी जस्ता स्वार्थी मान्छे देखिदैन काँही । २७१

ऐले एउटा भरे अर्को मनलागि नै बोल्छौ
जानकीको खोजी गर्न बचाइदिन्छु भन्छौ । २७२

राम जस्ता धोकेबाज संसारमा छैन
यस्तालाई काही पनि विश्वास गरिदैन । २७३

राम भन्छन स्वार्थीपना मन्मा कत्ति छैन
हृदयले विश्वास गर्नु विल्कुल स्वार्थ छैन । २७४

आखिरमा वालि भन्छन् मर्न मलाई पर्छ
एक दिन मर्न पर्छ भने ऐले मर्नु वेश छ । २७५

यौवनमा मतमताइ यस्तै हुन्छ भन्छौं
मृत्युराज आउंदाखेरी राम बिर्सी हाल्छौं । २७६

रामरुप विष्णु देखें भाग्यमानी म छु
यस्तो मौका आउने छैन तिम्रै पाउ पर्छु । २७७

राम नाम जप्दै मर्छु संसार यो तर्छु
भक्ति पाऊँ मुक्ति पाऊँ विन्ति सदा गर्छु । २७८

मेरो छोरो अंगदलाई पाउमा सुम्पेको छु
रक्षा त्यसको गर्नु हवस विन्ति गरेको छु । २७९

वाक्य बन्द हुनै लाग्यो आज्ञा पाऊँ नाथ
पुत्रलाई सुम्पिदिएँ जान्छु खुशीसाथ । २८०

यति भन्दै प्रभुजीका पाउमा शिर राख्यो
जीवनका नातागोता सबैलाई छाड्यो । २८१

राम राम राम भन्दै प्राण पनि छाड्यो
हेर्दा हेर्दै वालिवीर स्वर्गतिर लाग्यो । २८२

संसारको शक्तिशाली वालि वलधाम
अन्त्य बेला गर्दै गयो पूर्ण सबै काम । २८३

जन्म जन्म भक्ति पाऔं वरदान यही पायो
राघवको भक्ति गर्दा परलोक सम्हालियो । २८४

अंगदलाई राघवका काखमा सुम्पिदियो
चतुर बाठो वालि थियो सबै सम्हाल्दियो । २८५

वालि सुग्रीव दुई भाइमा वैरभाव थियो
सुग्रीवले वालिसँग वदला पनि लियो । २८६

राघवलाई सुग्रीवले हातमा लिइहाले
संकेतमै सबै कुरा पूर्ण गरिछोडे । २८७

लक्ष्मणलाई आज्ञा दिए पंपापुरमा जाऊ
सुग्रीवलाई राजतिलक घोषित गरी आऊ । २८८

गद्दि हकदार अंगद थिए सुग्रीवको होइन
शक्ति थियो सुग्रीवमा अंगदमा छैन । २८९

पंपापुरको राजा सुग्रीव अंगद युवराज
वालिवीरको वैरीसँग मिलिजुली काज । २९०

राघव नगै लक्ष्मणलाई काम सुम्पिदिए
कैकेयीको आज्ञालाई पालन गरिदिए । २९१

वालिवीरले सोचे जस्तै त्यस्तै काम भयो
अंगदको राज्य हक सुग्रीवले लियो । २९२

पंपापुरमा बाजा बजे राम रमिता छायो
सुग्रीवले राज्य पाए अंगद लोप्पा खायो । २९३

पंपापुरमा हर्षैहर्ष घरघर बत्ती बल्छ
अंगदको चित्त दुखी मुटु जल्दै रुन्छ । २९४

ईश्वरले राजालाई सुखी राखून भन्दै
वानर भालू हर्षाएर नाचगान गर्दै । २९५

आपसमा नाच्दै गाउँदै आपसमा चुम्दै
वानर राज्य थाई रहोस युगौं युगौं भन्दै । २९६

एक जनाको चित्त बुझ्दा अर्को त्यहाँ मर्छ
आजसम्म कुनै देशमा कस्ले न्याय गर्छ । २९७

राघवको हृदयमा पश्चातापले पोल्थ्यो
निर्दोष वालि मारें भन्ने शुल बनी घोच्थ्यो । २९८

आफैं चित्त बुझाउंथे मित्र संकट टारें
मित्रजनको रक्षार्थमा आफैं पापमा डुबें । २९९

यस्तै कुरा मनमनमा राघव सोच्दै थिए
त्यै बेलामा आइरहेकी तारारानी देखे । ३००

बाल फिजाई छाती पिटी मृत्यु डाकी डाकी
दौडी दौडी आउदै थिइन पंपापुरे रानी । ३०१

तारालाई देख्दाखेरी मन्मा चस्का पस्यो
राघव दिल कोमल थियो झट्ट पग्लिहाल्यो । ३०२

उनको रुवाइ सुन्दाखेरी ज्यादै दुःख लाग्यो
पश्चातापले राघवको मुटु जल्न लाग्यो । ३०३

कसको सराप लाग्दाखेरी प्रिया वियोग पाऱ्यो
ताराजीको आँसु पनि पक्कै लाग्ने भयो । ३०४

तारा विलाप गर्दै आँसु वलिन्द्र झार्दै
आराध्य देवको लाशमा मस्तक अति बजार्दै
प्रवाह नराखी तनको गर्दै अति विलाप
हे नाथ हाय ! प्यारा !! गर्दै अलाप विलाप । ३०५

जसले यो गत गरायो त्यस्लाई म सराप्छु
यै जन्ममा लगत्तै प्रिया विछोड होस भन्छु
निर्दोषीलाई मार्‍यौ मेरो मुटु जलायौ
जीवनभरै मलाई ठूलो वियोग पार्‍यौ । ३०६

जुन वाणले तिमीले मेरा पति ढलायौ
त्यै वाणले मलाई विन्ति छ मारी हाल्देऊ
एक्लै कतै ती होलान पर्खेर ती मलाई
सक्दिन बस्न एक्लै यो प्राण सदा जलाई । ३०७

पति संझी संझी रुन्छु उनले पनि मलाई
यो प्राण लेऊ राघव हुनेछ लाभ भलाई
लौ हांन वाण तिम्ले छाती म थापिदिन्छु
यो प्राण बत्ती मेरो झट्टै निभाऊ भन्छु । ३०८

बलशाली छु म भन्दै लुकेर वाण हान्छौ
रघुवंशकुल मणिको इज्जत हाय फाल्छौ
कायर तिमी रहेछौ वकवाद मात्र गर्छौ
धोका दियौ मलाई तिमी दुष्ट पापी रैछौ । ३०९

वालीको दोष क्या हो लुकेर वाण हान्यौ
तिम्रो भयो बिगार के सारा विनास पार्‍यौ
घरवार सब बिगार्‍यौ अंगद अनाथ पार्‍यौ
अंगदको हक बिगारी सुग्रीवलाई दिलायौ । ३१०

पुरुषोत्तम राम तिमी हौ विवेकहीन भएछौ
जुन काममा मनाही त्यै काममा खुसी छौ
जन्मेर यो भूमिमा सबको भलाइ गर्नु
खराव कार्य गर्दा कैल्यै अघि नसर्नु । ३११

मेरो भनाइ यत्ति अब मार्नुहोस मलाई
पतिलाई भेट्न जान्छु नगर्नुहोस ढिलाइ
सर्वश्व नै खतम भो अंगद अभागी रैछ
सम्झी बिचल्ली हाय मनले हरेस खान्छ । ३१२

तारा तिमी सती हौ तिम्रै सराप लिन्छु
तिम्रै सरापलाई सफल गराई छाड्छु
जन्मेर यो धरामा सुख दुःख भोग्नु पर्छ
यस्तै सराप थापी यो लोक छोडनु पर्छ । ३१३

कुन पीर भो तिमीमा रुन्छयौ मुटु फुटाई
रोएर हुन्छ के पो गर्नु छ क्यै भलाई
संसार यो झूठो छ प्राणी सबै क्षणिक
रहन्न दीर्घसम्म जान्छौं सकेर भोग । ३१४

झुठो रहेछ चोला अल्पायु रैछ जीवन
कैयौ यहाँ रुदैछन् जीवन भई हवाला
संसार नाट्यशाला आएर दुःख भोग्छन
जसलाई आज देख्छौं भोलि ती अलप हुन्छन । ३१५

नश्वर शरीर सबको तुरुन्त नाश हुन्छ
आएर मृत्यु राजले प्राण चोरी लान्छ
तिमी को थियौ पहिले मलाई त्यो बताऊ
जुन बोल्ने बस्तु के हो त्यसलाई लौ देखाऊ । ३१६

आकाश अग्नि पृथ्वी समीर और पानी
यी पाँच तत्व मिल्दा त्यो हुन्छ जिन्दगानी
माया छ मोहकारी त्यस्लाई हटाइदेऊ
जादैन साथ केही यो ज्ञान संझी लेऊ । ३१७

आयौ तिमी अकेलै जान्छयौ तिमी अकेलै
सिध्याई सर्व नाटक जान्छयौ तुरुन्त एक्लै
त्यो मृत्युराज योद्धा लुक्दै सुटुक्क आउंछ
झुक्याई हामीलाई शक्ति टिपेर भाग्छ । ३१८

जुन बोल्न प्राणी हो यो त्यसको रुप छैन
कुन ठाउँमा त्यो बस्छ पत्ता पनि त छैन
चिन्नै सकिन्न त्यस्लाई कालो छ कि सफेद
ज्ञानी छ कि अधम छ त्यसमा छ क्यै विवेक। ३१९

न त हुन्छ नाम त्यसको कुन ठाउँमा त्यो बस्छ
न त साथ दिन्छ त्यस्ले पत्तै नपाई जान्छ
बेपत्ताको कुरामा विलाप गरेर रुन्छयौ
वालिं मेरो पति हो भन्दै कति रुदैछौ। ३२०

भनिन्छ यो अल्पज्ञ सर्वज्ञ हुन्छ कैले
कुन चाहि सत्य हुन्छ सक्तिन भन्न मैले
यही वृत्तिलाई नित्य अल्पज्ञ औ सर्वज्ञ
त्यै हुन्छ काही सत्य देखिन्छ त्यै असत्य। ३२१

तारा अवाक भएकी उपदेश अर्ति सुन्दा
ज्ञान प्राप्तले ती फर्किन मुटुमा लगाई पर्दा
श्रीरामबाट मर्दा वालि भयो परमधाम
अवश्य जानु पर्छ सिध्याई आफनो काम। ३२२

वालि खत्तम गराई राजगद्दिमा छ सुग्रीव
उता विशाल वनमा दिक्दार छन करुणशीव
वर्षादको छ बेला आकाश मेघमाला
विद्युत झलक्क गर्दै वर्षिन्छ मेघ धारा। ३२३

देखेर यो प्रकृति मनका व्यथा फुकाई
बोल्नै पनि कठीन भै संझी सीताजीलाई
ऐले सीता कहाँ छन् एक्लै रुदि हुदिहुन
संझेर हामोलाई ज्यादै निराश होलिन। ३२४

वर्षादको याम भएको हुंदा चौतर्फ अन्धकार
अत्यन्त जोडले पर्दछ पानी वनजन्तु हाहाकार
अनौठा दृश्य देखेर राघव दिक्क भै भन्दथे
मनमा दुःख लागेर भाइलाई पिरलो पोख्दथे। ३२५

हेरन लक्ष्मण विजुली क्षणमा झिलिक्क देखिन्छ
क्षणभरकै लागि झिलिक्क गरी क्षणमै अल्पिन्छ
एकनाससँग मुसलधार पानी पहाडमा पर्दछ
पर्वत पनि वर्षादको चोट शान्त भै सहन्छ। ३२६

दुष्टका गाली सुनेर पनि सज्जन चुप लाग्छ
त्यै किसिमबाट पानीको चोट पहाडले सहन्छ
वर्षाले गर्दा ससाना खोला जलले पुर्दछन्
खहरे खोला उत्ताउलो भई चुनौति दिंदैछन। ३२७

पहाडी निर्झर वेगले बग्छन बेस्करी कुर्लेर
गरीवले केही धन पायो भने बोल्दछ कटकेर
वर्षाले गर्दा जमिन पनि हिलो भै मुछिन्छ
ईश्वरको शक्ति बस्तुमा पर्दा जीवन भै व्यूँतन्छ। ३२८

वर्षाको पानी संकलित भई तलाऊ भरिन्छ
सज्जन तेस्तै वुद्धि र गुण संग्रहित गर्दछ
नदीको पानी सागरमा पुग्दा समुद्र निश्चल
शरीरको प्राण उडेर जादा प्राणीको निश्चल। ३२९

वर्षाले गर्दा लहरा वृक्ष देखिन्छ हरियो
पहाड पर्वत गाउँ र मैदान अति रमाइलो
सबतिर हेर्दा सुन्दर दृश्य उजाड देखिन्न
झगडा सधै वढ्दछ मेल मिलाप हुदैन। ३३०

वर्षाको बेला किसानवर्ग खेतीमा लाग्दछन
बेलैमा वाली लगाए धेर अन्न आर्जन्छन
दुष्टले पनि सज्जनको संगत मौकामा गर्दछ
सज्जनको संगत गरिन्छ भने बुद्धिज्ञान आउँछ। ३३१

जति नै मेघ वर्षे तापनि आकाशमा क्यै हुन्न
त्यस्तै नै गरी सज्जनमा पनि दुर्गुण हुँदैन
जाडाको बेला रुखका पात आफै नै झर्दछन
शासक राम्रो देशमा भए दुर्जन हटदछन। ३३२

जुन देशमा राम्रो सर्कार हुन्छ सर्वत्र सुख हुन्छ
दुःख र व्यथा विलीन हुन्छन स्वर्ग नै ओर्लिन्छ
हावाको झोका खाएर वादल चौतर्फ छरिन्छ
देशमा खराव शासक हुंदा संकट ओइरिन्छ। ३३३

खराव सन्तान जन्मिन्छ भने अशान्ति बढ्दछ
अशान्ति भई कति दिन ज्यूनु मर्नु नै असल छ
कसैका घरमा नजन्मून यस्ता कुपुत सन्तान
यी दुष्ट सन्तान जन्मनु भन्दा एक्लै छ आराम। ३३४

राम र लक्ष्मण सहेर दुःख चार मास बिताए
वर्षाको याम बितेर गयो सुधैर्य गराए
संझना भयो बितेका कुरा श्री राम ठाकुरमा
झरी र वर्षा सहेर बसे दुई भाइ आपसमा। ३३५

सुग्रीवलाई राज्य दिलाई दिए श्रीरामचन्द्रले
राम र लक्ष्मण बिताए जीवन असह्य दुःखले
वानर राजले कवोल आफ्नो तुरुन्त बिर्सेछन
राज्यमा भुली सुख र शयल उनले गरेछन। ३३६

सीताको कतै नगरी खोजी निर्धक्क बसेका
लाएको गुन बिर्सेर उनले राज्यमा रमेका
कसैको डर थिएन उनलाई आफै नै शासक
राघवले त्यस्तो लाएको गुण विश्वासमा घातक। ३३७

मित्रले सीता अवश्य खोज्छन् राघवले ठानेका
सुग्रीवकै ठूलो भरोशा मानी विश्वासमा परेका
यतिका महिना वितेर गए खवर क्यै छैन
रामले एक दिन लक्ष्मणलाई भने अब म सहन्न। ३३८

यो वर्षा ऋतु खतमै भयो शरद ऋतु यो
सीताको वियोग कसरी खपौं बाच्नलाई मुस्किल भो
चार पाँच मास बितेर गए सीताको खवर क्यै
पाइन भाइ भएन आशा बाँचौ म कति रोई। ३३९

गरेको थिएँ सुग्रीवको आशा त्यो पूरा भएन
कसोरी बाँचौ हे प्रिय भाइ! काल पनि आएन
सुग्रीवले राज्य पाएर अब घमण्डी भएछन
पदले गर्दा मोहका जाल्मा सुग्रीव डुबेछन्। ३४०

यसमा शंका गर्दिन मैले बेलाले गराउंछ
धनले तान्छ सज्जनलाई सर्वत्र बिर्साउंछ
दौलतले गर्दा सज्जनलाई यसरी झुक्याउंछ
मदले पदले मोहले गर्दा बेकामी गराउंछ। ३४१

दाज्यूका यस्ता वेदना शव्द सुनेर लक्ष्मण
रिसले उग्र प्रचण्ड हुंदै देखाई गर्जन
आज्ञा होस प्रभु सुग्रीव कहाँ म ऐले जादैछु
त्यो दुष्टलाई डोरीले बाँधी सामुन्ने टक्र्याउंछु। ३४२

यसरी यता राघवको आज्ञा लक्ष्मण पर्खिन्थे
जे गर्नु पर्छ म गरीहाल्छु लक्ष्मण भन्दथे
त्यै किसिमसँग सुग्रीवलाई वजरंगी संझाउंथे
जानकीजीको खोज खवर गर्न विनम्र संझाउंथे। ३४३

हे महाराज ! संपूर्ण गुण भुसुक्क बिर्सेर
जुन थियो वाचा बिर्सनु भयो राज्यमा भुलेर
जसले यस्तो लगायो गुन त्यस्ले दुःख भोग्दछ
यो वर्षाकालमा सहेर व्यथा संकट भोग्दैछ। ३४४

राजनीति भित्र अंग चार हुन्छन यो सबै थाहै छ
राजाले पनि यी नीति बिर्से अरुको के लाग्छ ?
साम र दाम दण्ड र भेद राज्यका नीति हुन
जुनसुकै राजामा जुनसुकै बेला यी नीति लागुछन। ३४५

सामको अर्थ मिलाप गर्नु दामको दिलाउनु
दण्डको अर्थ सजाय दिनु भेदको फुटाउनु
चार नीति मध्ये दुई नीतिलाई गरेर देखाए
तपाईको दुःख हरण गरी राज्य यो दिलाए। ३४६

दण्ड र भेद बाँकी छन दुईटा यसमा छ आपद
वालिको राज्य अंगदलाई दिलाउनु बाँकी छ
जीवनमा जसले यो गुण लायो त्यसलाई बिर्सेर
जे गर्नु पर्छ तुरुन्तै गर्नोस उत्सुक भएर । ३४७

गुणको पैचो पर्दछ तिर्नु यो पनि संझाउंछु
सीताको खोजी गर्नुहोस भन्दै म विन्ति गर्दछु
हनुमानजीका यी कुरा सुन्दा सुग्रीव डराए
सुतेका उनका इन्द्रियलाई सचेत गराए । ३४८

झसंग भए सुग्रीवराजा भयले आत्तिए
कसरी मुख देखाऊँ भन्ने अत्यन्त शर्माए
एक्कासी आई संझाई दियौ धन्यवाद तिमीलाई
लज्जा र धर्म बचाई दियौ यो बेला मलाई । ३४९

मायांको जाल्मा फसेको रैछु कर्तव्य बिर्सेछु
यसरी आई संझाउंदाखेरी बल्ल पो बिंझेछु
विषय वास्ना मोहमा पर्दा ज्ञान मेरो हरायो
मोहको प्याला पिउंदा मेरो यो गति गरायो । ३५०

कसरी मुख देखाउन जाऔं तिरस्कार गर्नेछन
प्रभुले केही नभने पनि लक्ष्मणले भन्नेछन
अज्ञानले गर्दा यो गति भयो सुल्झेन यो मति
राज्यमा भुल्दा पतित भएँ हुनेछ बेइज्जती । ३५१

अञ्जनीपुत्र कसरी जाऔं सल्लाह दिनुहोस
के गर्दा मैले दिलखुशी हुन्छ त्यो मलाई भन्नुहोस
जे हुनु गल्ती त्यो भइसक्यो होशियार म हुन्छु
रिसाउन प्रभु या खुशी होउन शरणमा पर्दछु । ३५२

हे हनुमान गैहाल आजै फौजलाई बटुल्न
विभिन्न ठाउंका वानर भालु बटुली सम्पूर्ण
सीताको पत्तालाउनका लागि शक्तिवान छानेर
चार दिशा तर्फै पठाइहाल सब कुरा भनेर । ३५३

त्यसपछि तिमी वनवनै गई बोलाऊ वानर दल
जानकीजीको लगाऊ पत्ता देखाऊ पौरख बल
यो काम गर्न तिमीले सक्छौ अरुले सक्दैन
हृदयैदेखि विश्वास लाग्छ अरुको लाग्दैन । ३५४

यसरी धेरै सुग्रीवलाई ज्ञानको प्रदान
वानरको फौज बटुल्नलाई कुदेथे हनुमान
शिवजीगिरि रोहतगिरि व्याहुतगिरिमा
धवालागिरि सुवर्णागिरि मैनागगिरिमा । ३५५

कश्यपगिरि कदलगिरि पुगेर विन्ध्याचल
पंचासेगिरि नागपुरगिरि त्यसपछि नीलाचल
धुन्धुमारगिरि अर्जुनगिरि गोवर्धनटप
त्यसपछि पुगे सुमेरुगिरि वीर पुगे महेन्द्राचल । ३५६

अन्जनीगिरि कुमेरुगिरि हिमगिरि काननमा
जतिछन् तिनका ठेगानाहरु प्रख्यात वानरका
सबै ठाऊँ गए वजरंगवली वनवनै कुदेर
स्वतन्त्र एवं परतन्त्र हुँदै सबतिर पुगेर । ३५७

हनुमानजीको पाएर आज्ञा ज्यान दिन तयार
वेगिन्ति भालु वानरको वथान जानलाई तयार
वानरको दल आएर छायो किष्किन्धापुरीमा
राजाको आज्ञा शिरमा राखी प्राण दिन्छौं मर्कामा । ३५८

वानर भालू वेगिन्ति आउंथे सुग्रीवलाई भन्दथे
वानरका साथमा सुग्रीवराजा मीठासले बोल्दथे
वेगिन्ति फौजले ढाकेको थियो पंपापुर शहर
राजाको मुख्य आशय बुझ्न ती थिए उत्सुक । ३५९

यतिकै बेला लक्ष्मण पनि आइपुगे रिसाउदै
सुग्रीव सामु गएर उन्ले भन्दथे तर्साउदै
हिजोको गुण छिटो नै बिर्स्यौ बेकुफ रहेछौ
राज्यका सुख पाएर हो कि कृतघ्न भएछौ । ३६०

लौ हिडीहाल राघव सामू नत्र म बाँध्दछु
कम्बरमा बाँधी घिसारीकनै ऐल्यै नै लैजान्छु
जे गर्नु पर्छ राघवले गर्छन लगेर सुम्पिन्छु
बैगुनी रैछौ हारामी रैछौ धिक्कार म दिन्छु। ३६१

सुग्रीव रुदै रामका सामु चरणमा पछ्रेथे
दुईहांत जोड्दै सहश्र रुदै दुई पाउ धोएथे
मायाको तालमा डुबेछु प्रभु निगाह गर्नुहोस
अधम मूर्ख जानेर मलाई जीवनदान दिनुहोस। ३६२

जसको त हुन्छे घरमा नारी त्यो व्यक्ति भुल्दछ
राज्यको मदमा नभुल्ने व्यक्ति संसारमा को हुन्छ
मायाको जाल्मा भुल्दछ भने कर्तव्य बिर्सन्छ
गृहस्थीबाट वैरागी भए ईश्वर चिन्दछ। ३६३

पंडित ऋषि ज्ञानी र ध्यानी ती पनि भुल्दछन्
योगी र राजा गरीव धनी मायामै झुल्दछन्
सुधाको प्याला पाइन्छ भने सबैले प्यूदछन्
राज्यको मातमा लागेको व्यक्ति कर्तव्य त्यागदछन्। ३६४

रुमाको प्रेममा मोहित हुंदा गुणलाई बिर्सेछु
पश्चाताप गर्दै प्रभुका सामु दुईहात जोड्दैछु
जेगर्नु पर्छ सजाय होवस मस्तक छ चरणमा
क्षमादान दिने अथवा मार्ने हजुरको इच्छामा। ३६५

वानरराजको आँसुका भल राघवले देख्नुभो
प्रभुको मुटु पग्लेर आयो स्वयं नै रुनुभो
यसरी तिमी नरोऊ मित्र रामले भन्नुभो
सुग्रीवजीका बगेका आँसु दयाले पुछ्नुभो। ३६६

नरोऊ मित्र धरधरी तिमी रुदामा दिल दुख्छ
यसरी तिमी रोएको देख्दा यो मुटु टुक्रिन्छ
नदुखाऊ चित्त नबगाऊ आँसु आँसुले पोल्दछ
राघवबाट गल्ती क्यै भए राम माफी मागदछ। ३६७

तिमीलाई मैले लक्ष्मण जस्तै मनले ठान्दछु
विरही म छु यो बेला मेरो औषधी ठान्दछु
आफन्त मेरा कोइ पनि छैनन् तिमी नै मित्र हौ
चर्कको घाउमा शीतल पार्ने अमुल्य मलम हौ। ३६८

जुन व्यक्ति उसको हितैषी हुन्छ सहारा त्यै हुन्छ
धेर वर्ष पछि भेट भए पनि पियारो त्यै हुन्छ
बितेका कुरा नकोट्याऊ अब पछिलाई होशियार
सीताको पत्ता लगाऊ मित्र हुनेछ उपकार। ३६९

सुनेर आज्ञा सुग्रीवजीले वानर बोलाए
जानकी माता खोज्नका लागि सबैलाई अह्राए
सुग्रीवको आदेश सुनेर वानर खुशीले उफ्रन्थे
वथानका वथान खण्डित भई चार दिशा हिंडेथे। ३७०

वानर भालु गर्दथे कुरा आपस आपसमा
जानकी माता खोज्नका लागि जाँदैछौं ठाउँठाउँमा
त्यो दिन जस्तो खुशीको दिन जीवन रमाइलो
राजाको आज्ञा राघवको काम भाग्यले पाएको। ३७१

जवान योद्धा वानर भालू फूर्तिले हिड्दथे
अगाडि लागि अन्जनीकुमार जयनाद बजाउथे
जोशिलो नारा चारतिर गुन्ज्यो किष्किन्धापुरीमा
रामको जयकार गुन्जिनै रह्यो आकाश पतालमा। ३७२

प्रत्येक वीरलाई सुग्रीवजीले बोलाई भन्दथे
प्रत्येक वीरको आत्ममा उन्ले हौसला भर्दथे
निस्वार्थसँग गरिन्छ सेवा उपकार त्यही हो
सज्जनको गर्छौं उपकार भने धर्म नै त्यही हो। ३७३

असल काममा प्राण जान्छ भने स्वर्गद्वार खुल्दछ
मरेको होइन त्यस्ताको जीवन अमर बन्दछ
त्यसैले आज आदेश दिन्छु जानकी खोज्नलाई
यो यात्रा तिम्रो सफल होओस् आसिक छ सबैलाई। ३७४

सुग्रीवजीको सुभेच्छा सुन्दा जयकार गुन्जियो
रामका पाउमा राखेर शिर जानलाई तयारभो
नल र नील सुषेण आदि मदन सुगन्ध
धुम्राक्ष अण्डक द्विरद अनि योद्धावीर वसन्त। ३७५

विकराल द्विविदा श्रीखण्ड कुमद दुर्धर्ष अंगद
जाम्बवान सुरवीर सत्यवीर अनि जाविजी प्रचण्ड
सुभद्र अण्डार बलवीर हा ती थिए प्रशन्न
राघवजीका पाउमा झुकी गाउदै मंगल। ३७६

सबैका पछि हनुमान थिए रामलाई ढोगेथे
रामचन्द्रजीका पक्रिदा पाउ आनन्द मस्त थे
त्यो प्रेमभाव त्यो गुप्तभाव आत्मीय गंभीर
आँखाका भावले बुझिन्थ्यो कुरा धन्य हुन ती वीर। ३७७

वजरंगवली झुकेको झुक्यै प्रभुका पाउमा
हर्षका आँसु प्रशस्त बग्दा धोइन्थ्यो पाउमा
भक्तका आँसु दुई नदी बग्दा पवित्र पाउमा
तत्क्षण बग्दा नयनामृत भक्तका माथमा। ३७८

एकतर्फबाट पाउको जल भुलभुल आउथ्यो
त्यै बेला रामको औंलाको औंठी फुस्किन तयारथ्यो
यो हालत देखी राघव राम मनमनै मुस्काए
हनुमानलाई दिएर औंठी क्यै कुरा संझाए। ३७९

सीताजी भेटी तुरुन्त आउनु विलम्ब नगर्नु
वैदेही विना सक्तिन बाँच्न यो सबै भन्दिनु
आराम कुशल सोधेर पैले सब कुरा बताउनु
वुद्धि र कौशल चतुरताले सीतालाई बुझाउनु। ३८०

रामको नामको यो औंठी दिनु मिथिलेश्वरीलाई
जानकीबाट क्यै चिनु एउटा ल्याइदिनु रामलाई
यो काम गर्ने तिमी छौ योग्य विश्वास लाग्दछ
जानकीलाई सक्दछौ भेटन मनले ठान्दछ। ३८१

वानर भालु साथमा लिई विदा भै हनुमान
राघवलाई भगवान संझी उनकै जप्दै नाम
जानकी खोज्न हिडेका वानर निपूण जासुसी
अन्यायीलाई उछितो पार्ने ती थिए कानूनी। ३८२

वानर भालु प्रत्येक नदी तलाउ जंगल
पर्वत मैदान वगैचा आदि ओडार जंगल
रुखको झ्याङझ्याङ कुना र काप्चा सब ठाऊँ खोज्दथे
नपाई पत्ता जानकीजीको अफशोचमा पर्दथे। ३८३

भोक र प्यास खपेका थिए आफैंलाई बिर्सेथे
वनमा कुनै राक्षस भेटदा त्यसैमा जाइलाग्थे
जंगलमा खोजे पर्वतमा चढे मैदानमा ओर्लेथे
ऋषि र मुनि सज्जन भेट्दा सोधपुछ गर्दथे। ३८४

यसरी सधै जंगलमा हिड्दा भोकप्यास लागेर
नपाई पानी नपाई फल कमजोर भएर
यसरी वानर आत्तिदाखेरी हनुमान सुर्ताए
भोजन पानी जुटाई दिन्छु सबैलाई सम्झाए। ३८५

नआत्तीकनै यो ठाऊँ बस्नु म पानी खोज्दछु
पानी र भोजन लगाई पत्ता यहीं नै म आउँछु
भनेर यति ती कुदिहाले पानीको खोजीमा
घुम्दामा उनले क्यै कुरा देखे सुन्दर जंगलमा। ३८६

विभिन्न पंन्छी जल हाँसहरु उनले देखेथे
चखेवा हाँस जल पन्छीहरु निस्केर उड्दथे
अवश्य पानी त्यही छ भनी महावीर पुगेथे
त्यस ठाऊँ पुग्दा सुन्दर गुफा उनले भेटेथे। ३८७

हरिया वृक्ष नुहेका थिए फलले गर्दामा
वजरंगवली प्रशन्न भए त्यो ठाउँ देख्दामा
तुरुन्त गई बोलाइहाले वानर भालुलाई
प्रशस्त पानी रसिला फल पाइन्छ खानलाई। ३८८

भोक र प्यासले गलेका थिए ती भालु वानर
सुकेको थियो शरीर धेरै थिएन जाँगर
हनुमानजीको उदार देख्दा प्रशन्न भए ती
पवन सुतलाई अगुवा गरी पछाडि लागे ती । ३८९

त्यस गुफा भित्र तुरुन्त पसे अत्यन्त खुशीले
छटपटी धेरै बढेको थियो भोक र प्यासले
त्यस गुफा भित्रै अत्यन्त राम्रो देवता मन्दिर
वरि र परि रमाइलो दृश्य लाग्दथ्यो पवित्र । ३९०

मन्दिरसँगै भक्तिनी एउटी आशन बाँधेकी
पट्टल बाँधी रामको नाम एकसुरले जपेकी
प्रभुको नाम जपेर मात्र नयन खोलेकी
नजिकै आई बसेको फौज एक्कासि देखेकी । ३९१

सबैले तिनलाई प्रणाम गरे प्रशन्न भएर
आएको कारण सबैले भने विनम्र भएर
सीताको खोजी गर्नका लागि जंगलमा घुमेका
पानी र भोकले आकुल हुंदा यो ठाऊँ आएका । ३९२

स्वयंप्रभा नाम हो मेरो यै वनमा बस्तछु
रामको नाम जपेर मेरो जिन्दगी बिताउंछु
भोका छौ भने फलफूल खाऊ रुखमा चढेर
थाकेको शरीर हुनेछ ताजा चीसो जल पिएर । ३९३

व्रह्मले मलाई भनेका थिए रामादल आउनेछन्
वैदेहीजीको खोजीका लागि वनजंगल डुल्नेछन्
त्यसवेला तिम्ले भेटघाट गरी साहेता गर्दिनू
आपत्तीमुलक वानरलाई जंगलपार गर्दिनू । ३९४

वानर भालु प्रशन्न हुँदै फलफूल खाएथे
शितल जल पिएर सबले प्रशन्न भएथे
एक घण्टा जति विश्राम गर्दा थकाइ मेटेका
त्यो घना जंगल छिचोल्नलाई अलमल्मा परेका । ३९५

देवीले भनिन लौ आँखा चिम्ल मुलबाटो पुर्याउछु
आपत्ती तालमा डुबेकालाई साहेता गर्दछु
देवीका यस्ता बचन सुन्दा खुशीले मस्तमा
एकक्षणमा सारा वानर भालू पुगेछन बाटोमा । ३९६

तिनले आफ्नो तपका बल्ले समुद्र किनारमा
सबैले आँखा चिम्लेको चिम्ल्यै पुगेका पलभरमा
चमत्कार यस्तो देखेर सबै तिनछकमा परेथे
सबैले तिनको हृदयैदेखि गुण गान गाएथे । ३९७

वानरलाई समुद्र तटमा पुर्याइ सकेर
भक्तिनी पनि लगत्तै गइन श्रीराम संझेर
श्री प्रभुजीका पाउमा परिन् हृदय दिएर
राघवजीको स्तुति गरिन निर्लिप्त भएर । ३९८

तन मन यस्तो दिएको देख्दा श्री हरि खुशीभई
भक्तको इच्छा बुझेर वरदान दिनुभो प्रभालाई
जुन कुरा तिम्ले गर्दछ्यौ इच्छा त्यो प्राप्त हुनेछ
जे काम गर्छ्यौ जुन कुरा बोल्छ्यौ सफल हुनेछ । ३९९

श्रीरामबाट पाएर वरदान भक्तिनी खुशीले
कोशलनाथका पाउमा परिन विनम्र भावले
हृदय वीचमा प्रभुलाई राखी वद्रीका धाममा
हरिकै नाम जपेर बसिन जीवन कालमा । ४००

त्यसपछि यता वानर भालू आपसमा भन्दथे
सीताको पत्ता नलाग्दाखेरी अफशोच गर्दथे
सुग्रीवजीको हुकुम थियो एक महिना भित्रमा
सीताको पत्ता नलागी आए मर्नेछ वेकालमा । ४०१

हामी त तेसै फर्किनै हुन्न ज्यान जान्छ अवश्य
न यता भयौं न उता भयौं जिन्दगी नाशस्य
पिताको मृत्यु हुंदाको साथै मार्नलाई खोजेथे
पिताले मलाई रामको जिम्मा दिएर मरेथे । ४०२

अंगदका मन्मा विभिन्न तर्क यसरी खेलेर
आकुल व्याकुल भएर रुन्थे पितालाई संझेर
अंगदका प्रवल सुनेर शब्द वानर झोक्रिए
शोकले गर्दा नजरबाट आँसुभल वर्षिए । ४०३

किष्किन्धापुरमा जादैनौं भनी अठोट गरेका
मनमा धेरै तर्कना गर्दै विव्हल भएका
सिन्धुका तिरमा बसेका थिए निराश भएर
जाम्बवानजीले सम्झाए तिनलाई हौसला दिएर । ४०४

श्रीरामचन्द्र साक्षात विष्णु नर भै जन्मेका
यो पृथिवीको भार हर्नलाई धर्तीमा ओर्लेका
साधारण मान्छे नठान्नु तिनलाई निर्गुण व्रह्रम हुन्
देवीले पनि सीताको रुप लिएर आकी हुन् । ४०५

भक्तको कल्याण गर्नका लागि राजपुत्र भएर
राक्षस मार्ने हेतुले आए अयोध्या त्यागेर
ईश्वरमा हुने विभिन्न लक्षण पाइन्छ राघवमा
रामको जस्तो चंकिलो ज्योति पाइन्न अरुमा । ४०६

राम नै भजौं श्रीराम जपौं एकचित्त गरेर
अवश्य पनि मिल्ने छ मुक्ति जानेछौं तरेर
आपदकालमा राघवजीले साहेता गर्नेछन्
कठिन भन्दा कठिन दुःख उनैले टार्नेछन् । ४०७

नमान फिक्री नमान दुःख जिन्दगी यस्तैछ
जीवनभरमा सुख र दुःख प्राणीले भोग्नुछ
उपकार गर्न जन्मेका हामी यो धर्म जगाऔं
एक दिन हामी अवश्य मर्छौं सुयश फैलाऔं । ४०८

आआफ्ना दुःख पोखेका थिए ती वानर भालूले
सबैको चित्त बुझाउदै थिए जाम्बवान बूढाले
समुद्र नजिक विशाल पर्वत देखिन्थ्यो हरियो
पर्वत बीचमा अगम्य गुफा अति नै अँध्यारो । ४०९

अत्यन्त वृद्ध गिद्धले वास त्यसैमा गर्दथ्यो
वानरदलको होहल्लाखल्ला गिद्धले सुन्दथ्यो
गिद्धको नाम संपाती थियो कमजोर त्यो थियो
धेरै दिनदेखि पाएन खान भोकभोकै त्यो थियो । ४१०

गुफाको बाहिर निस्केर त्यस्ले वानरलाई भनेछ
दैवले मेरो आहारा पनि जुराइदिएछ
धेरै दिनदेखि म भोकै थिएँ खान क्यै नपाई
ईश्वरले मेरो संकष्ट ह्र्यो वानर फौज पठाई । ४११

यिनलाई देख्दा म खुशी भएँ सबैलाई मार्नेछु
सबैलाई मारी प्रशस्त खाई आराम गर्नेछु
संपाती ज्यादै डरलाग्दो थियो वानर डराए
वानर भालू डरले गर्दा बेस्करी चिच्याए । ४१२

अंगद थिए टाँठा र बाठा यो कुरा चलाए
जटायूराजको तारिफ गर्दै फौजलाई सुनाए
जटायु पनि वनैको गिद्ध भाग्यवान रहेछ
उपकार गर्दा प्राण त्यागिदियो धन्य त्यो रहेछ । ४१३

नश्वर शरीर वलिदान दिई उपकार गरेछ
सीताका लागि प्राणको अर्पण गिद्धले गरेछ
यो लोकमहाँ यश र परलोक सुधार
क्या भाग्यमानी राघवबाट दाह र संस्कार । ४१४

वानर दलका कुरा र कानी गिद्धले सुनेर
जटायु नाम दाज्यूको हुंदा झसंग भएर
एक्कासि उस्लाई संझना भयो आँसु नै वर्षायो
दाज्यूको मरण भयो कि भनी मुटुमा चोट लाग्यो । ४१५

जटायु उसको सहोदर दाज्यू मरेको सुन्दामा
शिरमा ठूलो चट्याँङ्ग पर्दा ढले छ वेहोशमा
जसलाई यस्तो पर्दछ चोट उसैले बुझ्दछ
जसका कुनै दाजुभाइ छैनन् उसले के बुझ्छ । ४१६

वानरबाट यो खवर सुन्दा संपाती सुर्तायो
चिन्ताले गर्दा दुई नेत्रबाट सागर वर्षायो
गिद्धको चित्त शोकले पूर्ण दुश्मनी हरायो
गिद्धका मनका दुष्ट्याइ भाव चिन्ताले हटायो। ४१७

जटायु पक्कै मरेछ भन्ने निश्चय भएर
संपातीलाई चिन्ताले डस्यो शोकाकुल भएर
वानर फौजका सामुमा आइ गिद्धले भनेको
वानर फौज निर्धक्क बस नम्र भै भनेको। ४१८

कसरी त्यसले उपकार गर्‍यो त्यो मलाई सुनाऊ
त्यो कुरा सुन्न उत्सुक भएँ यथार्थ सुनाऊ
अंगदले सारा विस्तार गरे जटायु बारेमा
सीताका लागि संघर्ष पर्‍यो जटायु रावणमा। ४१९

गिद्धले पनि वयान गर्‍यो सुनेर बुझेको
जानेको जति संक्षेपमा भन्यो श्रीराम औतारको
पिताजीबाट सुनेका थियौं राघवको वयान
यो पृथिवीमा श्री विष्णु स्वयं जन्मेर कोशलमा। ४२०

पहिले त मलाई सागर तटमा बोकेर पुर्‍याऊ
सागर तटमा जानकालागि तिमीले सघाऊ
दाज्यु छन् भन्ने संझेको थिएँ ऊ मोक्ष भएछन्
श्रीरामजीको करुणा पाई परंधाम पुगेछन्। ४२१

दाज्युका नाम्मा तर्पण दिन्छु त्यसपछि आउनेछु
जानेको जति प्रशन्न भई सबै नै बताउंछु
सीताको पत्ता लगाइदिन्छु गएर भेट गर्नू
जानकी भेटी खवर ल्याई राममा चढाउंनू। ४२२

संपातीलाई बोकेर लगे सागरको किनारमा
गिद्धले पनि तर्पण दियो दाज्यूका नाममा
तर्पण पश्चात बोकेर ल्याए पहिलेको ठाउमा
संपाती पनि प्रशन्न भयो वानरका वगलमा। ४२३

त्यसपछि त्यसले जवानी कालको अवस्था सुनायो
जवानी जोशका पुराना कुरा संक्षेपमा सुनायो
दाजु र भाइ मतमत थियौं वैंशका वेलामा
तँभन्दा बढी बलियो म छु भन्दथ्यौं आपसमा। ४२४

सूर्यलाई पैले को छुन सक्छ त्यै हुन्छ शक्तिवान
यो वाजी थापी आकाशमा उड्यौं गरेर हानाथाप
सूर्यको कडा तेजले गर्दा सहनै नसक्ने
त्यसैले गर्दा जटायु राजाको मन गर्‍यो ओर्लिन। ४२५

दाज्यू त लाछी भएर फर्के म छुन्छु सूर्यलाई
सूर्यको तेज सहन्छु भन्दै उड्थें नडराई
नजिकै पुग्दा पखेटा जले सन्ताप हाहाकार
पखेटा जल्दा म भएँ वेहोस तड्पिंदै चित्कार। ४२६

आकाशबाट वेस्सरी खसें भूमिमा लडेथें
जलेर खस्दा छटपट गर्दै विलाप गरेथें
नजिकै त्यहाँ मुनिजी थिए तपमा लागेका
चित्कार सुन्दा के भयो भन्दै हेर्नलाई आएका। ४२७

उनको नाम चन्द्रमा थियो दयालु ती थिए
नाजुक हालत देखेर मेरो विव्हल ती भए
आएर उनी नजिकै बसे मलाई सम्झाए
चर्केको घाउमा मलम लगाई शीतल गराए। ४२८

श्री त्रेता युगमा मानिस भई श्रीहरि जन्मेर
प्रशस्त राक्षस उछित्तो पार्छन जंगलमा डुलेर
राघवकी पत्नी जानकीलाई हर्ने छ रावणले
श्री सीताजीको खोज खवर गर्छन प्रशस्त वानरले। ४२९

त्यस बेलासम्म पर्खेर बस हरिनाम जपेर
रामका दूत आउनेछन त्यहाँ वनजंगल डुलेर
जानकीलाई देखाइदिनु दयाका भावले
अत्यन्त उत्सुक भएर त्यहाँ सोध्नेछन् वानरले। ४३०

यो सागर पारी त्रिकुट पर्वत अत्यन्त राम्रो छ
त्यसैको बीचमा अलग्ग ठूलो मनोहर शहर छ
रावणले त्यहाँ गर्दछ राज्य निर्धक्क भएर
नौवटै ग्रह कावुमा पारी बलवान भएर । ४३१

हर्न त हर्‍यो जानकीलाई महलमा लगेन
जानकीजीका तेजले गर्दा क्यै गर्न सकेन
अशोक वनमा लगेर राख्यो आदरभावले
सुरक्षितसँग सीताजी राख्यो लंकाको रावणले । ४३२

आकुल-व्याकुल भएकी सीता लंकामा रुँदैछन्
चौविसै घण्टा रामको नाम जपेको जप्यै छन्
गिद्धका हुन्छन तेजिला आँखा ऐलेता बूढो छु
यो बाहेक अरु साहेता दिन बूढोले के सक्छु । ४३३

वानर वीर हो पहिले शरीर सबैले देखेथ्यौ
नसक्दा चल्न सागर तिरमा बोकेर लगेथ्यौ
यसबेला रामको करुणा पाएँ म भएँ पवित्र
भक्तका लागि राघवका दृष्टि पर्दछन् सर्वत्र । ४३४

कल्याणका लागि बताइदिनु आएका दुतलाई
त्यसबेला तिम्रा उम्रन्छन् प्वाँख पहिलेको जस्तो भई
चन्द्रमाजीको सत्य भो वाणी पखेटा उम्रेछन्
कोशलनाथका दयाका दृष्टि दुःखीमा परेछन् । ४३५

जुन व्यक्ति पापी मूर्ख त्यो हवोस राम मात्र संझेमा
यो दुःखबाट त्यो मुक्ति हुन्छ स्मरण गरेमा
तिमी ता खास उनैका दूत आपदै पर्दैन
रामले गर्ने साहेता जे हो अरुले गर्दैन । ४३६

मुटुका वीचमा रामलाई राखी मन चित्त लगाऊ
अवश्य पनि सीताजी खोज्न हुनेछ सघाऊ
म हुन्छु विदा लौ बस भन्दै संपाती गैहाले
वानर भालू यो देख्नाखेरी तीन छक्कमा ती परे । ४३७

वानरको दल बसेर त्यहाँ छलफल गर्दथे
सौ योजन सिन्धु कसरी तर्ने असंभव भन्दथे
यतिको ठूलो सागर नाघ्न कसैले सक्दैन
प्रयास गरौं नाघ्नलाई भने डुबिन्छ उत्रिन्न । ४३८

जाम्बवान थिए बुद्धिमान बाठा उनले भनेथे
ऐले त ज्यादै म भएँ बूढो पैले त सक्दथें
शत्रुका साथमा संग्राम होइन सौ योजन नाघ्ने हो
यो जवानीमा सक्दैनौ नाघ्न कैले पो सक्ने हो ! ४३९

यदि म युवक भएको भए सजिलै नाघ्दथें
जानकीलाई भेटेर पनि तुरुन्तै फर्किन्थें
प्रत्येक तिमी शक्तिका खानी लुते पो देखिन्छौ
यौवनको वेला समुद्र तर्न यसरी तर्सिन्छौ । ४४०

पैलेको कुरा खुइलियो भन्दै सबैले गिज्याउछन्
नभनौं भने भन्न मन लाग्छ भन्दामा उडाउंछन्
वामनवतार हरिले लिई बाँधेथे वलिलाई
श्री हरिजीले स्वयंको शरीर पर्वत गराई । ४४१

त्यसवेला ज्यादै बलियो थिएँ वेगले दौडन्थे
एक घण्टा भित्र दशपल्टसम्म प्रदक्षिण गरेथें
तिमी ता सबै बलका खानी के फूर्ति गर्दछौ
यौवनको वेला सौ योजन नाघ्न यसरी तर्सिन्छौ । ४४२

ऐले त म ता बूढो भै सकें तिमी त जवान छौ
जवानी वेला समुद्र नाघ्न अवश्य सक्दछौ
यदि यो नाघ्न सक्दैनौ भने शर्मको कुरा हो
डाडूमा पानी तताईकनै डुबेर मर्नु हो । ४४३

त्यसवेला अरु चुपचाप थिए अंगद बोलेथे
यो काम गर्न सकेनौं भने यो जन्म धिक्कार हो
वीरको छोरो अंगद म हुँ पार गर्न सक्दछु
वालिको छोरो अंगद भनी सर्वत्र फिजाउंछु । ४४४

जानकी खोज्दा मरिन्छ भने परलोक सुध्रिन्छ
त्यो व्यक्ति कैल्यै मरेको हुन्न युगौंतक बाँच्दछ
अर्काको लागि ज्यूज्यान दिनु त्यै वीर उत्तम हो
अप्ठ्यारो काम्मा सफल हुनु वीरको धर्म हो । ४४५

लंकामा पुग्न अवश्य सक्छु फर्किन मुस्किल छ
याँबाट जाँदा जानकीजीको सामुन्ने परिन्छ
उनैको कृपा दृष्टिले गर्दा सजिलै पुग्दछु
सीतालाई छाडि फर्किंदाखेरी जोखिम ठान्दछु । ४४६

अंगदजीका तर्कले सबलाई प्रेरणा मिलेथ्यो
तैपनि तिनका मनमा केही धुकचुक भएथ्यो
अंगद भन्थे जे जसो पर्ला जानलाई सक्दछु
हे मित्र सबै प्रशन्न भई विदा द्यौ भन्दछु । ४४७

श्री जाम्बवान जुरुक्क उठी क्यै भन्न लागेथे
अंगद वीरको हृदयैदेखि तारिफ गरेथे
राघवजीका कृपाले गर्दा पार गर्न सकिन्छ
जानकीजीका शक्तिले यहाँ फर्किन सकिन्छ । ४४८

वानरदलका मालिकलाई पठाउन हुँदैन
मालिकले दललाई छाडेर जाँदा सुरक्षा हुँदैन
हनुमानपट्टि फर्केर उनले उनैलाई अह्राए
वजरंगीजीको लुकेको शक्ति छर्लङ्ग गराए । ४४९

वानरदलका शक्तिका खानी चुपचाप लागेर
अगम्य शक्ति के भयो तिम्रो साधारण बनेर
समुद्र नाघ्न मुस्किल छैन रामका भक्तलाई
अञ्जनीपुत्र शंकरका अंश चिन्दछन् तिमीलाई । ४५०

वानरदलका नायक तिमी अपूर्व शक्ति छ
तिमीमा कस्तो शक्ति छ भन्ने लोकैलाई थाहै छ
रामकै काम गर्नका लागि जन्मेका तिमी हौ
कुन काम गर्न यो पृथिवीमा आएका तिमी हौ ? । ४५१

हे भीमरुप शंकर स्वरुप वजरंगी महान
संझना गर भएको शक्ति शक्तिको मुहान
बालकै वेला सूर्यलाई निल्ने इरादा गरेर
सूर्यलाई ग्रास गरेको वेला अन्धकार छाएर । ४५२

संसार भरका विशाल पर्वत तिमीले फुटाल्यौ
अगाध शक्ति तिमीमा हुंदा कामैले देखायौ
वलवीर उठ रणधीर उठ इज्जत बचाऊ
जानकीलाई भेटेर आई पत्यार गराऊ । ४५३

ऋक्षेशराजका जोशिला शव्द सुनेर हनुमान
उनले स्वरुप विशाल गरे पर्वत समान
सुनौला वर्ण तेजिलो ज्योति प्रशन्न मुहार
हातमा बज्र लिएर उठे पवन कुमार । ४५४

अत्यन्त जोडले गर्जन लागे जानलाई तयार
गर्जन उनको सुनेर काम्यो पृथ्वी थरथर
रावणलाई मार्दछु पैले त्रिकुट उचाल्छु
पत्यार गर्नोस त्रिकुट गिरि लिएर आउँछु । ४५५

हजुरको शिक्षा शिरमा राख्छु उपदेश दिनुहोस
कुन कुन काम गरेर आऊँ सल्लाह दिनुहोस
श्रीसीतामात्र भेटेर आउँ कि रावणै मारौं कि ?
रावणको लंका नाशस्य पारी फर्केर आउँ कि ? । ४५६

रामको कसम खाएर भन्छु जुन काम गर्दछु
जे कुरा बोले त्यो गरी छाड्छु कवोल पुऱ्याउंछु
श्रीसीताजीलाई बोकेर ल्याई रामलाई बुझाउंछु
राघवले मलाई दिएको काम सफल गर्दछु । ४५७

वजरंगजीको चेहरा ज्यादै भयंकर देखेर
ऋक्षेशराजले संझाए धेरै गंभीर भएर
यो वेला तिमी लंकामा गई जानकी भेटेर
सीताको हालत के कस्तो रैछ आइहाल्नु फर्केर । ४५८

लंकेशलाई पराक्रम आफ्नो थेरथोर देखाऊ
रामको दूत यस्तो छ भन्ने राक्षसलाई थर्काऊ
त्यो वेलासम्म यहाँ नै बस्छौं तिमीलाई पर्खेर
सफल कार्य गरेर आऊ रामनाम जपेर । ४५९

वजरंगबलि जाऊ न जाऊ रणरंगवली जाऊ
प्रणवीर बलवीर रणधीर जाऊ समुद्र नाघी जाऊ
दुश्मनसँग रांघर्ष गर्दै हर्षले गद्गदाऊ
जीवनभरै सफल होऊ डङ्का बजाउदै जाऊ । ४६०

जिन्दगीमा कयौं घुम्छन्, हेमन्त या वसन्त नै
मनमा ममता मिल्दा शान्ति छाउँछ अनन्त नै ।

अन्तर्जगतमा पूरा, ममता शुद्ध छाइयोस्
बोली या तनले मन्ले, कर्मलाई सुधारियोस् ।

तनै सुख मनै सुख, मन सुख सुखै सुख
समता सुख नै ठूलो, अतुल अपरिमित् सुख् ।

विषम् संसारमा मन्को, समता प्राप्ति भै अटूट
सबैमा मंगलै मंगल, हुनेछ दुःखबाट छूट ।

सत्य धर्म सधैं जागोस्, विषम्ता नीत दूर दूर
समता सबमा छावस्, योग क्षेम सधैं भरपूर ।

बोलीमा या कुनै काम्मा व्यक्ति या व्यवहारमा
गर्नु पर्दछ एकै नास, सम्झेर धर्म साधना ।

जो चाहन्छ भलो आफ्नो, त्यसैले पाउँछ निर्वाण
धोएर मनको मैलो राखेर आत्ममा ज्ञान ।

मन्मा कुटिल रहेसम्म, मुक्ति कैल्यै नपाइने
यदि त्यागिन्छ कालो दाग्, सहजै मुक्ति पाइने ।

कालो दाग भए मन्मा, त्यसलाई दुःख भार छ
आत्मा स्वच्छ भए देखिन्, त्यसलाई सुख प्राप्त छ ।

मिथ्याचार जहाँ हुन्न, त्यहाँ कुटिलता पनि
सत्त नै बस्छ आत्मामा, प्राणी हुन्छन् सधैं सुखी ।

# अशोक वाटिका

जाम्ववानका मीठा अर्ति हनुमानले सुने पछि
हर्षले अति उत्सुक भै बोल्दछन् हनुमानजी । १

गरी ध्यान रघुवरको अनि बोले खुशी हुँदै
म केही भन्दछु ऐले सुनी देऊ खुशी हुँदै । २

लंकाबाट नफर्कुनजेल वानरदल यही नै बस
दुःख सुख जे जस्तो होस् सबैमा मेल भै बस । ३

ऐले यो मन उर्लिन्छ हर्षले छु म गदगद
लंका प्रस्थान गर्नालाई हृदय हुन्छ उत्सुक । ४

त्यसैबेला त्यहाँ देखे एउटा माछो किनारमा
शुभ साइतको लक्षण हुन्छ भन्छन् विदाइमा । ५

अति उल्लारामा वीर गर्जन गर्दछन् त्यहाँ
मुखले बोल्दछन् केही मन ता रामचन्द्रमा । ६

आँखा चिम्लेर संझन्छन् रामलाई घरीघरी
रामकै रुप देखिन्छ उनका अँखा वरिपरी । ७

लंकापुर तर्फको प्रस्थान गर्दामा हनुमानजीले
मेघ गर्जे समान गर्जे धर्ती कामेछ जोडले । ८

आकाश पाताल सबै हल्ल्यो गर्जे ती हनुमान पनि
मानो पवन झैं वेगमा कुदथे आकाशमा उनी । ९

आकाशमा अटूट उडने पखेरु पनि तेत्तिकै
पृथिवी तलमा गिर्थे रुख वृक्षहरु जत्तिकै । १०

सागरमा जलको छाल उर्लेको लहरै समान
महावीरको सुनी गर्जन संसारै भय कंपमान । ११

अञ्जनी नन्दन गगनमा कुद्दा
घनन घनन गर्जन घरी घरी सुन्दा
मन मस्तीमा शिर हल्लाई
मनमा राखी प्रभु रघुराई । १२

जय जय महावीर भनि फूल वर्षित
वानर सुरगण मनमा हर्षित
झुम्दै झुम्दै मनमा गुन्दै
दक्षिण लाग्छन् रघुपति जप्दै । १३

अतुल बल देखी मैनाक तही आई
बाटो छेक्दै वानर लाई
शक्ति छ तिम्रो के कतिसम्म
आइरहेछु तागत हेर्न । १४

महावीर कुदछन् भजि रघुलाई
आकाश वीचमा नजर घुमाई
बजि मनडंका चली रणवंका
हृदय रतिशंका सरासर लंका । १५

गजवको शक्ति देखेर देवताहरु छक भए
पठाए सुरसालाई शक्ति जाँच्ने निहूँ गरे । १६

छेकेर उनको बाटो झपार्दै हनुमानलाई
म भोको छु कयौं दिनको रुदैछु खान क्यै नभै ।१७

भगवानले जुटाएछ आहारा तिमीलाई नै
पाएँछु रसिलो भोजन खानेछु अति खुशी भै । १८

अञ्जनी पुत्रले भन्छन् नरोक क्षणभर पनि
म जान्छु रामको काम्मः फर्कन्छु अनि खाउली ।१९

फर्केर भन्दछु संचार सीताको दुःख सुखको
त्यस पछि मात्र आउनेछु आहारा बन्न पेटको ।२०

ऐलेता अति हडवडमा जान देऊ विन्ति भन्दछु
सकेर सब त्यो काम भेटनेछु सत्य भन्दछु । २१

बाटो तैपनि छाडिन सुरसा कचकचाउंछे
नखाई छोडिने छैन बाटो रोक्दछु भन्दछे । २२

भक्तलाई उठ्यो रिस भन्छन् झट् मुख बाई हाल
कत्तिको खान सक्नेछस सक्छेस्ता अब खाइ हाल ।२३

अञ्जनीलालको मञ्जूर देख्दामा त्यो खुशी भई
ठूलो मुख गरी बाई किलकार गरिनै रही । २३

हे वानर अब के हेर्छस् खुरुक्क मुखमा तँ पस्
आहारा अब बन्दैछस नआत्तिईकन धैर्य गर । २४

लेखेको जे छ भाग्यमा मेटेर मेटिंदैन त्यो
तँलाई खान पाउनु नै यो मेरो पूर्ण भाग्य हो । २५

धैर्य धारण गर्नु पर्छ धैर्यशाली होऊ
मेरो मुखमा झट्ट आई तिमी बसीदेऊ

धेरै दिनकी भोकी म छु खान पाकी छैन
भोक भोकै हिड्दा खेरी मन्मा शान्ति छैन । २६

झट्ट मुखमा पसीहाल मैले चवाइदिन्छु
यस्ता वानर चवाइ-चवाई पेट मेरो भर्छु
चार कोसको परिमाणमा सुख बाई त्यस्ले
आठ कोसका वीर भइ मुखमा पस्न खोजे । २७

त्यस्तै गरी बढ्दै बढ्दै सय कोशको मुख
त्यस बेलामा पवन पुत्र भए सुक्ष्म रुप
झट्ट उनको मुखमा पसे झट्ट बाहिर निस्के
हात जोडी मागी बिदा जान तयार भए । २८

सुरसा अति गद्‌गदाई भन्छिन् बुद्धिमानी
बल बुद्धिको सीमा छैन ज्यादै गुणका खानी
सफल भयौ परीक्षामा सफल भयौ वीर
तिमी ज्यादै बुद्धिमानी बल शक्तिमा धीर । २९

सीताजीको पत्तालाउन सक्छौ तिमी आज
कार्य सिद्ध गर्नलाई चतुर बुद्धिमान
आसिक आज दिन्छु मैले आत्मैदेखि दिन्छु
सीताजीको पत्तालगाई आऊ चाँडो भन्छु । ३०

सक्छौ तिमी गर्नलाई श्रीरामको काम
जाऊ वीर सीता खोज्न सागरको पार
राघवको कृपा पाउनु जीवनको सार
राम तिम्रा विश्वज्योति राम तिम्रा आधार । ३१

जाऊ जाऊ वीर जाऊ कार्य सफल गर्छौ
यस्तो विशाल क्ष्यार सागर पार गर्न सक्छौ
मनले तनले हृदयले रामको गरी ध्यान
राघवलाई सम्झीकनै कुदे हनुमान । ३२

बल र बुद्धि असीमको देखेर देवता गणैले
अवीर फूल वर्षाए आकाशबाट देउताले
वीरको कुदाइ गजबको मस्ताराम बनी कुदेका
हृदयभरि श्रीरामको जपना मात्र गरेका । ३३

मस्तक केही उचाली पुच्छर ठाडो गराई
वायुका वेगमा कुद्दथे प्रशन्न चित्त गराई
चेहरा थियो सिन्दूर झैं उज्यालो झल्ल परेको
रामका प्यारा भक्त हुन् भय नै छैन कसैको ।३४

शिवका औतार जस्तै छन् पार्वतीजीका प्यारा छन्
उनैका भक्त भएरै यो विश्वभरमा पुजिन्छन्
सुग्रीवजीका मन्त्री भै किष्किन्धा रक्षण गर्दछन्
श्रीराम भक्त पियारा सबैले आदर गर्दछन् । ३५

निश्चरी बस्थी पानीमा अद्भुत माया देखाउथी
देखेर छाया पानीमा आकाशको जन्तु समाउंथी
त्यसैले पवन कुमारलाई आकाशमा कुद्दा समाई
देखेर त्यस्लाई कुमारले एक लात दिदा प्राण फाली ।३६

समुद्र पार गरेर सुन्दर लंका देखेर
विचार गर्छन् हनुमान मनले अठोट गरेर
रातमा प्रवेश गरेथे आकार सानो लिएर
लंकामा पुगे हनुमान प्रभुकै नाम जपेर । ३७

अति नै सानो स्वरुपले पसेका थिए हनुमान
लंकिनी पालो बसेकी रहिछ कालै समान
असाध्य थिई नराम्री अंगार जस्तै त्यो काली
अनुहार थियो तर्साउने देख्दामा सबै डराउनी ।३८

कपाल थियो जिङरिंग हातका नंग्रा डरलाग्दा
दुईटा दाहा निस्केका सिन्दुरको टिका माथमा
विस्तार आवाज कसैको आएको सुन्दा हतपतले
हत्त र पत्त दौडिथी चपाउदै ओठ दाँतले । ३९

अतिनै मूर्ख हे वानर बताइदे तेरो के हो नाम ?
के गर्न यहाँ आएको भनिहाल चांडै के हो काम ?
डाँकू या ठगी तँ को होस् चोर्नका लागि आइस्की ?
छैनकी डर कसैको ज्यानको माया मारिस्की ? ।४०

लंकाको गढमा बस्तछु यसैको रक्षा गर्दछु
आउंछन् त कोही लड्दछु मालिकको भलो गर्दछु
रातको बीचमा आएर छकाउन तैले खोज्दछस्
डरभर कत्ति नमानी अवश्य चांडै मर्नेछस् । ४१

अघाडि पाइला के चाल्लास् प्राणको बली दिंदैछस्
अत्यन्त अटेर बनेर ज्यानको बाजी लगाउंछस्
लौ हेर् नंग्रा भयंकर नंग्राले तँलाई चिथर्छु
नंग्रैको प्रयोग गर्दछु यमलोक चांडै पुर्‍याउंछु ।४२

अंजनीकुमार भन्दछन् खोजेर निहू बोल्दछेस्
खुबी नै तेरो देख्दिन घमण्ड मात्र गर्दछेस्
चोथालो मात्र चलाउंदा बंगारा तेरा फोड्दछु
नगर्नु धेरै वकवाद यमलोक तर्फ पठाउंछु । ४३

रामको दूत म आफैं पवनकुमार मेरो नाम
तँ जस्ती दुष्टा मार्नलाई आएको यहाँ लिई काम
लंकिनी केही डराई शरीर समेत कमाई
रिसले दाहा टोकेर विषैला नंग्रा चंकाई । ४४

यो चाला देखि दुष्टाको वजरंगी धेरै रिसाए
एक मुक्का प्रयोग गर्दामा दुष्टालाई भैमा पछारे
कामेर थर्र भूमिमा लंकिनी शिघ्र लडिथी
चोटले गर्दा वेहोश भै तुरुन्त मूर्छा परिथी । ४५

छातीमा धक्का परेछ रगत पनि बगेछ
बलिई थिई लंकिनी ठूलो नै आघात परेछ
निकै बेर परि त्यो मूर्छा पश्चातमा आयो केही होश
नम्रतापूर्ण त्यो बोल्छे उठेर जोडी दुबै हात । ४६

जुन वेला स्वयं ब्रह्माले दिएथे वर रावणलाई
त्यही वेला केही भनेथे संझना भयो मलाई
हनुमान त्यहाँ आउनेछन् एक मुक्का तँलाई दिनेछ
त्यस लंका राज्यमा राक्षस विनाश हुनेछ । ४७

ऐले पो संझें त्यो कुरा निश्चर छिटै मर्नेछन्
पापीको संहार गरेर भूमिको भार हर्नेछन्
भक्तको दर्शन पाउंदामा म आज धन्य भएँछु
शंकानै छैन मलाई म भाग्यमानी भएछु । ४८

रावणको आयू घटेछ राक्षसको विनाश हुनेछ
यो लंका पनि छिट्टै सागर तलमा डुब्नेछ
राघव छिटै आएर रावणसाथ लड्नेछन्
राक्षस निर्मूल पारेर सीतालाई साथै लानेछन् ।४९

अब त जाऊ वजरंगी सीताजी भेट वजरंगी
सीताका आँशू पुछिदेऊ गएर त्यहाँ वजरंगी
राक्षसको घेरा ठूलो छ रातोदिन सीता रुदैछन्
हेराम राघव भनेर रामकै नाम जप्दछिन् । ५०

रावण दुष्ट पापी हो जननी हरण गरेछ
जसरी हुन्छ त्यस्लाई सजाय ठूलो दिनुछ
तिमीले गई लंकामा तोडफोड उधुम मचाऊ
त्यसपछि तिम्ले लंकाका हजारौं महल जलाऊ ।५१

दुबैले संझे राघवलाई दुबैले गरे उनको ध्यान
शहर बाहिर लंकिनी शहरमा पसे हनुमान
लंकाको शहर देखेर आश्चर्य माने महावीर
सुवर्ण लंका हेर्दामा तारिफ गर्छन् महावीर । ५२

हनुमान घुसेर लंकामा घरघरको चाला बुझ्दथे
प्रत्येक घरमा लुकेरै सीताको खोजी गर्दथे
रावणको दर्वारमा खोज्दामा सीताको पत्तालागेन
कोठा र चोटा ढुँड्दामा संकेत केही मिलेन । ५३

एक ठाउँ जसै पुगेथे देखेछन् त्यहाँ राम्रो घर
भित्ता र पर्खाल आदिमा लेखेको रामको सुन्दर नाम
आश्चर्य मान्दै नियाले तुलसी कुश रोपेको
प्रत्येक तला भित्तामा रामकै नाम लेखेको । ५४

अञ्जनीपुत्र संझन्छन् रामका भक्त कोही छन्
राक्षस बीचमा तिनीले कसरी जीवन बिताउंछन्
पक्का नै यही भवनमा सज्जन कोही बस्तछन्
गएर सोध्छु सीताजी जरुर पत्ता लगाउंछन् । ५५

समय धेरै बितेको उज्यालो हुनै लागेको
सुनेछन् वीरले आवाज राम राम भन्दै उठेको
महलको सुन्दर बनोटले सज्जन बस्छ भन्नाले
रावणको कान्छो भाइको घर हो भनी बुझ्नाले ।५६

मनमा सोची तुरुन्तै संझिनलागे हनुमान
तपस्या गर्न गएथे रावणका भाइ उसकै साथ
शंकरजीको तपस्या तीनजना भाइले गरेका
शंकरजीका वरदानले सबैलाई जित्नसकेका । ५७

विभीषण अघि बढेर वरदान मागे झुकेर
जिन्दगी बितोस हे देव विष्णुको भक्त भएर
त्यसवेलादेखि विभीषण रामका भक्त भएका
रामलाई राखी मनैमा उनैको नाम जपेका । ५८

ईश्वरको गर्थे भावना सतकर्म आदि सतगुण
ईश्वरको नाम संझेर बिताउंथे आफ्नो जीवन
सबैलाई प्रेम गर्दथे सत्य नै सधैं वक्तथे
कपटी छली दुष्टलाई निर्धक्कसँग भन्दथे । ५९

सज्जनको संगत गरेर जीवन व्यतित गर्दथे
सतकर्म मात्रै गर्दथे प्राणीमा दया राख्दथे
सबैको भलो चिताइ जीवन यापन गर्दथे
त्यसैले होला विभीषण रावणदेखि अलग थे । ६०

व्राहृमणको रुप लिएर वजरंगी भन्दै श्रीराम
संझेर कुनै व्राहृमण विभीषण गर्छन प्रणाम
विभीषण विन्ति गर्दछन् के काम लागि पाल्नुभो ?
म पापी निशाचरैका गृहमा स्वयं पाल्नुभो । ६१

तपाईंलाई यहाँ देखेर प्रशन्न हुन्छ मेरो मन
हरि नै मेरा सर्वश्व हरिनै हुन्छन मेरा धन
यो राक्षसी समाजमा आउनु भयो कसोरी
पर्छ कि संकट तपाइमा संझेर काप्छु यसोरी ।६२

म भाग्यमानी रहेछु तपाईंको आगमनैले
श्रीराम खुशी भएछन् पठाए यहाँ उनैले
के सेवा गरौं हजूरको प्रत्यक्ष मलाई भन्नुहोस
के कामका लागि पाल्नुभो नडाटी सबै भन्नुहोस ।६३

जेजे छ यहाँ यो घरमा प्रसाद रामकै संझेर
प्रशन्न भई बस्नुहोस कन्दमूल आदि खाएर
परिवार सहित सबैले सकेको सेवा अर्पन्छौं
मानवको सेवा गरेरै यो भवसागर तर्दछौं । ६४

हनुमान भन्छन् धन्यछौ धन्य छ तिम्रो सेवा यो
शीलता तिम्रो धन्यै छ भक्त छौ तिमी राघवको
सत्संगी सज्जन जो हुन्छन् लुकेर कतै बस्तैनन्
सज्जनलाई कसैले दुर्जन भन्ने सुनिन्न । ६५

तिमीलाई भाइ भन्दछु साहेता समेत माग्दछु
मनमा कपट नराखी यथार्थ कुरा बताउंछु
व्राहृमण कुनै म होइन हनुमान नामको वानर हूँ
सीताजी खोज्न आएको राघवजीको सेवक हूँ ।६६

विभीषण भए प्रशन्न उर्लेर आए नयन नीर
तपतपी झरे नयनाश्रु गदगद भयो शरीर
सर्पका मुखमा परेर जसरी भ्यागुतो बस्तछ
राक्षस बीचमा बसेर कष्टले जीवन बित्दैछ । ६७

तिमीता भाग्यमानी छौ प्रभुका साथमा बस्तछौ
निरन्तर साथमा बसेर चरणको सेवा गर्दछौ
म जस्तो अधम अनाथलाई प्रभुले दया गर्लान कि
म जस्तो पापी राक्षसलाई प्रभुले शरण लेलान् कि ।६८

निर्धन निर्वल म नीच हुँ शरणमा लिन घिनाउलान
शत्रुको भाइ सम्झेर अनुरोध मेरो नकार्लान
राघवलाई भज्दछु जिन्दगी आफ्नो बिताउंछु
भेट भएपछि कुनै दिन पाउमा पर्दी रुनेछु । ६९

भक्तको हालत देखेर बोल्दछन सन्त हनुमान
हे भाइ किन दुखित छौ भएर धेरै हैरान
दयाका निधी श्रीराम शरण तिम्रो लिनेछन्
दुःखीको दुःख हटाइ साथमा आफ्नो राख्नेछन् ।७०

भक्तको रक्षण गर्दछन् दुष्टको विनाश गर्दछन्
प्रभुको शरण पर्नेलाई अत्यन्त दया गर्दछन्
आपद उनको सुन्दामा हनुमान दिन्छन् भरोसा
प्रतिज्ञा गर्छन् वजरंगी दिलाई ठूलो विश्वास । ७१

भन्दछन् भक्त विभीषण अवता धेरै रात वित्यो
निदाऔं हामी एकैक्षण आँखामा निन्द्रा झुम्मियो
सीताको खोजी गर्नलाई आएका तिमी लंकामा
जानकी तड्पि रुँदैछन् परेर ठूलो विपद्मा । ७२

जुन कामका लागि आउनुभो त्यो काम पूरा गर्नुहोस्
बताउछु कुनै एक युक्ति त्यसलाई मन्मा लिनुहोस्
ध्यान दिई सुन्नु यी शव्द चौबाटो चोकमा पुगेर
दाहिने पट्टि लागेर त्यो चौडा बाटो पुगेर । ७३

जुन ठाऊँमा सीता बस्तछिन् त्यो ठाउँ अति रम्य छ
विख्यात छ लंका शहरमा जहाँ त अशोक तरु छ
प्राणीका लागि सुरक्षित कोइ पनि त्यहाँ मर्दैन
सुरक्षितसँग बसेकी कोही जान त्यहाँ पाउँदैन ।७४

तपाईका लागि हे भक्त सकेको मद्दत गर्नेछु
डराउनु केही पर्दैन यो प्राण दिन तयार छु
रामकै ध्यान गरेर उनकै नाम जपेर
समस्याहरु जति छन् सुल्भाउनु पर्छ सोचेर । ७५

विभीषणबाट सीताको लगाई पत्ता वीरले
संभना गर्दै प्रभूको विस्तारै निस्के खुशीले
हौसला ज्यादै बढाई सीतामै मनलगाई
कसैले देख्लान भनेर शरीर सानो गराई । ७६

अशोक वाग्मा पुगेथे त्यो वातावरण भयंकर
वाटिका थियो मनोहर डरलाग्दा थिए निशाचर
स्याउलाको एउटा छाप्रोमा रोएर बस्थिन श्रीसीता
संख्यामा प्राय अशोक्का विरुवा थिए सारेका ।७७

त्यो ठाउँ थियो अध्याँरो रुखले घाम छेलेको
नमिल्दो वातावरणमा राक्षसी समाज डरलाग्दो
श्रीमाता दुःखी भएकी राम राम मात्र जपेकी
शरीर धान्न नसक्दा मर्नलाई तयार भएकी । ७८

राक्षसका घेरा भित्र छन् कतिले फकाइ राखेका
दिएर धम्की कसैले तर्साउन अघि सरेका
आएर कोही क्यै भन्थे सीतालाई मार्छौं भन्दथे
ससानो कुरा लिएर रावणका कानमा फुक्दथे ।७९

अनुहार थियो मलिनो, कपाल लट्टा परेको
सुस्केरा मात्र निस्कन्थे शरीर कम्जोर भएको
शरीरमा रगत सुकेको संपूर्ण कान्ती लुकेको
अनुहार थियो पहेलो शोकले पूर्ण भएको । ८०

जोगिनी जस्तो भेष छ जमिन उनको ओछ्यान छ
राम राम यत्ति भन्दछिन् भोजन उनको हावा छ
आफन्त भन्नु कोइ छैन राक्षस जमात घेरा छ
प्राण छ तिनको सकसमा भलभली आँसु बग्दछ ।८१

माताको दशा देखेर हनुमान दुःखित भएथे
रुखको एउटा पातमा सुटुक्क गई लुकेथे
त्यसबेला कुनै संयोगले क्यै हल्ला खल्ला सुनियो
निश्चरी लिई साथैमा लंकेश त्यहाँ आइपुग्यो ।८२

तर्वार लिई आएको साथमा रक्षक ल्याएको
सीताको सुन्दर चेहरा भल्भली संभी राखेको
भन्दछ रावण सीतालाई चपल चतुर सुन्दरी
स्वप्नमा पनि खासगरी अघाडी आउंछ्यौ मनचोरी ।८३

नदीको वीचमा डुंगा छ त्यसलाई पार लगाऊ
के गर्दा तिमी खुशी छौ त्यो कुरा सबै बताऊ
म पट्टि फर्कि हेरन मुसुक्क तिमी हाँसन
अनुरोध सधैं मै गर्छू पुकार मेरो सुनन । ८४

तपसीलाई नसंभ त्यो आउन यहाँ सक्दैन
तिमीले मात्र संभन्छ्यौ उसले कैल्यै सम्भन्न
समुद्र तर्न के सक्ला तरेर पनि के गर्ला
भालू र वानर लिएर आएर यहाँ के लडला ।८५

हर्दम तिम्लाइ संभिदा शरीर गयो सुकेर
तिमी त एक्लै यहाँ छौ म बस्छु उता रोएर
एकपल्ट हुन्छ भनिदेऊ मनमा अमृत छरिदेऊ
हुदैन यदि भन्छ्यौता खुँडाले शिर गिडीदेऊ । ८६

पर्खेर बसें कैयौं मास स्वीकृति तिम्रो लिनलाई
आशय तिम्रो नपाउंदा यो प्राण तयार जानलाई
तिमीलाई साथमा राख्दछु सम्पूर्ण रानी त्यागदछू
बाचुन्जेल दुवै रमाइ जिन्दगी अन्त्य गर्दछू । ८७

त्यसरी भैमा नहेर संकेत मलाई गरीदेऊ
जलेको मेरो मुटुमा अमृत ल्याई छरिदेऊ
यी मेरा कैयौं रानीमा तिमीलाई प्रमुख बनाउछू
तिमीले स्वीकार गरेमा हजारौं बर्ष म ज्यूछू ।८८

सुनेर वचन रावणका सीताजी भन्छिन रिसाई
यस्तरी नहेप हे दुष्ट के गर्न सक्छस मलाई
पापले पूर्ण मुटुछ पापैको मात्रा बढाउंछस्
पापले गर्दा तँ आफ्नै वंशको भष्म गर्दछस् । ८९

सतीको सराप लाग्नेछ सरापले तंलाई पोल्नेछ
देखेकै होलास अवश्य पापको फल कस्तो छ
ए मूर्ख ! तलाई भनौ के सतीलाइ छुनै सक्दैनस
राघव आई चांडैनै तलाई पक्कै मार्नेछन् । ९०

हे दुष्ट पापी तँ रावण ! पारेर मौका जंगलमा
शून्सान बेला देखेर चोरेर ल्याइस लंकामा
जति नै कोशिस तँ गर्छस् सतीलाई छुनै सक्दैनस
सम्झिले आफ्नो मनैमा राघवबाट बाँच्दैनस । ९१

रामचन्द्र जरुर आउनेछन् उछित्तो तेरो पार्नेछन्
तैलाई पैले मारेर अवश्य मलाई लानेछन्
जूगनु हजार चम्कन्छन् कमल तेसै फुल्दैन
एकपल्ट सूर्य चम्कन्छन् कमल शिघ्रै फुल्दछ । ९२

यी मेरा नेत्र कमल हुन् सूर्यका प्रतीक श्री राम हुन्
मूर्खका शब्द ज्यादैनै जूगनु भन्दा वेकाम छन्
हे दृष्ट आफ्नै टाउको फोड जिउँसछ कति चाडै मर
पापको भारी बोकेर जिऊनु भन्दा मर्न बेस । ९३

मेरो र रामको शान शक्ति तँ दुष्ट चोरले के जान्लास
उनैका तीखा वाणैले अवश्य पनि तँ मर्लास
रामले खवर पाएनन् नलागदा पत्ता आएनन्
चोरेर तैले ल्याउंदामा कसैले पनि देखेनन् । ९४

लागदछ आज भोलिनै अवश्य त्यो दिन आउनेछ
घमण्ड गर्छस असाध्य त्यसको जवाफ पाइने छ
हे दृष्ट तँ होस अन्यायी परस्त्री चोर्ने अधम होस
संसारभरको पापिष्ट दुष्टको औतार तँ नै होस ।९५

सीताका शव्द सुन्दामा रावण ज्यादै रिसायो
रातास्य आँखा गराई दापबाट तरवार निकाल्यो
भन्दछ रावण हे सीता बकबक कति गर्दछेस
यै मुख छाडिस भनेता मैबाट चाडै मर्दछेस । ९६

मान्छेस त मेरो हुकुम मान मान्दिनस घाटी छिन्दछु
तंलाई अझै सम्झाउंछु मानेमा कसुर बिर्सिन्छु
जवाफ देऊ चाडै नै जीवनको अन्त्य घडी छ
दिन्नस त जवाफ मलाई आजनै तेरो ज्यान जान्छ ।९७

म कति बसौं पर्खेर सीताको रुप सम्झेर
चन्द्रमा जस्तो मुहार सक्तिन बस्न बिर्सेर
जतिनै सम्झाऊँ यसोरी यत्तिका मैन्हा भैसक्यो
बुद्धिले गर्दा आफैले आफैको भाग्य मेटियो । ९८

रिसले क्रुद्ध भै सीता नबोल पापी भन्दछिन्
धनुष यज्ञको कुरा त्यो बिर्सिस कि तैले भन्दछिन
क्यै शक्ति तँमा हुंदो ता सक्तथिस धनु तोडन
बल शक्ति तेरो शून्य भै भागेको थिइस त्यस दिन ।९९

घटना तैले बिर्सिसकीस मफतमा धाक लाउंदछस
डाडूमा पानी तताइ त्यसैमा डुवी मर्दछस
पापीको मुख देख्दामा देख्नेलाई समेत सर्दछ
खराव तेरो कर्मले सन्तानको नाश गर्दछ । १००

हिनामि पातकी रावण साराले दुष्ट भन्दछन्
तेरो सुवर्णको लंका दैवले लात हान्दछन् । १०१

जो नारी सतवन्ती छन तिनलाई देवी भन्दछन्
कार्य सिद्धि होवस भन्दै उनको आसिक माग्दछन् ।१०२

अकेली नारी सम्झेर मनपरी गर्न खोज्दछस
यस्तै खराव वानीले शिघ्रनै काल खोज्दछस । १०३

बाघिनी खोरमा राखी तर्वारले हान्न खोज्दछस
दैवले तरवार खोसी तैलाई मार्न सक्दछन् । १०४

पतिव्रता म हूँ नारी त्यस्ताको शाप लाग्दछ
मेरो पवित्र आत्मालाई कस्ले के गर्न सक्दछ ।१०५

अटेर भै कतिवेर बस्छस जा जा दूर तँ भागी जा
मलाई दिक्क पार्नलाई बिर्सेरै पनि याँ नआ ।१०६

हे रावण दुष्ट पातकी कत्रो तेरो अहंपना
त्यही तर्वारले तेरो अवश्यै काट्छ गर्धन । १०७

मैले तेरो विगारें के ? तैले नकाम यो गरिस
आफैंले चक्रव्यूह श्रृष्टि परनारी हरण गरिस ।१०८

हावा यहाँ बहेको छ साक्षी यै हुन सक्दछ
पतिव्रता सतीलाई कसरी छुन सक्दछ । १०९

तेरा यी पापका वाणी भगवान बुझ्न सक्दछन्
कसुर औ वेकसुर छानी सजाय दिन सक्दछन् ।११०

पापको विरुवा रोपिस चाडै नै फल लाग्दछन्
तेरा यी अनुचित शव्द ईशले सब सुन्दछन् । १११

रावण तँ हटिजा ऐले मेरा सामुन्नेमा नबस
तेरा यी शव्दले गर्दा मेरो मन हुन्छ झन हतास ।११२

रावण तँ पातकी दुष्ट वंशैको नाश गर्दछस
सारा सन्तान मारेर अवश्यै पछि मर्दछस । ११३

तँ होस राक्षस तँ होस दुष्ट तेरो छ नीचको मति
तँ बाँच्नाले समाजलाई हुनेछ अति नै क्षति । ११४

मलाई छैन क्यै चासो दुःख औ सुखको पनि
अवश्य लाग्ने छैन कुनै लालचामा मति । ११५

खरानी भैसकें आज आगाको डर छैन क्यै
आपद विपद जति पर्छन् सहन्छु अति धीर भै ।११६

विना गल्ती तँ आएर तैले तरवार ताक्दछस
आफ्नै कर्तूतले गर्दा आफैले काल डाक्दछस ।११७

सीताका यी सबै शव्द सुन्दामा दशकन्दले
तुरुन्तै तरवार ताक्यो मार्दछु भनी लक्ष्यले । ११८

मन्दोदरी थिइन त्यहाँ उनैले हात पकडीइन
सम्झाइन तिनले धेरै शान्त भो रिस रोकिईन ।११९

तत्पश्चात राक्षसीलाई बोलाई उसले भन्यो
सीतालाई सताएर सकुन्जेल दुःख देऊ भन्यो ।१२०

रानी हुन्छे भने मेरो दर्वारमा लगी राख्दछु
नगरेमा यदि मन्जुर एक महिना पछि मार्दछु ।१२१

यही आदेश दिई रावण फर्क्यो दर्वारतर्फ नै
निश्चरीहरुले लागे सीतालाई सताउनै । १२२

ती नै मध्ये थिई एउटी राक्षसी बुद्धिमानकी
सीतालाई दया गर्थी त्रिजटा थिई नामकी । १२३

देखेर दुश्मनी चाला बोलाई निश्चरी सबै
भन्दछे अति गंभीर भै देखेकी सपना सबै । १२४

जो मैले सपना देखें सबैलाई सुनाउंछु
सपनाको कुरालाई भन्न मैले डराउंछु । १२५

सपना त्यो विचार गर्दा रावणको आयु सक्कियो
खौरिएको थियो शिर गधामा त्यो सवार थियो ।१२६

राक्षसको भई निर्मूल लंका सारा जलाइयो
जानकी रामका साथमा विभीषणलाई राज्य यो ।१२७

विहानी पखको सपना सत्य यो हुन सक्दछ
केही दिन भित्रमा मेरा वाक्य यी पूर्ण बन्दछ ।१२८

यसैले भन्दछु मैले जानकीलाई खुश गर
जानकी जगदम्बा हुन उनकै सुश्रुसा गर । १२९

रावणले भन्दछन् जेजे तेसमा विचार गर्नुछ
भविष्यलाई सोच्नु छ सत्यलाई अँगाल्नुछ । १३०

त्रिजटाका सुनी शव्द निश्चरीहरु तर्सिंदै
तुरुन्त जानकी पाउमा परे ती अति दुःखी भै ।१३१

आश्वासनै दिई उनलाई उनकै पाउमा परी
त्रिजटा भन्दछे फेरि राम आउनेछन् जरुर भनी ।१३२

जति सुर्ता लियौ मन्मा नलेऊ अब भन्दछु
महिना दिन भित्रमा राघव आउनेछन् वाजी ठोक्दछु ।१३३

जानकीले रुदै भन्छिन् तिम्रो विश्वास गर्दछु
जीवन यो त्राशमा राखी बाच्दिन अब मर्दछु ।१३४

तिमी हौ धर्मकी आमा तिम्रै आधार खोज्दछु
संसारै सब झूठो हो त्यसैले मुक्ति सोच्दछु । १३५

जति बाँच्नु थियो बाँचेरै अनुभव भयो
क्षणभरै बाँच्न चाहन्न त्राशमा जिन्दगी रह्यो ।१३६

तीव्र इच्छा यही मेरो अवश्यै पूर्ण गर्दछू
चिता स्वयं सजाएर यो संसार पार गर्दछू । १३७

प्रशस्तै दाउरा यहाँ बटुलेर चिता ठूलो
अग्नि सल्काई देऊ त्यहाँ हुनेछ अति नै भलो ।१३८

सतीत्व अनि बाँच्नेछ यी राक्षसहरुबाट नै
त्यसैले अग्नि सल्काइदेऊ हुनेछ उपकार नै । १३९

सधैं यो धम्की औ गाली सहनै अति मुस्किल
विना दर्शन प्रिय रामको मर्दामा लाग्छ धेर पीर ।१४०

प्राण यो जान्छ ता जाओस जन्मन्छु म जनकपुर
राघवकै पत्नी भै फेरि जन्मन्छु म निरन्तर ।१४१

अहिल्यै मर्दछु विन्ति खोजेर अग्नि ल्याइदेऊ
अन्धकार यो रात्रीमा सुटुक्क अग्नि झोसी देऊ ।१४२

त्रिजटाले यही शोची सीताले जिद्धि गर्दछिन्
पाएमा तिनीले आगो सल्काई प्राण त्यागदछिन ।१४३

त्यसैले त्रिजटा भन्छे ऐलेता कुवखत भयो
पाइँदैन कतै आगो रातमा अग्नि दिन्छ को ।१४४

बरु भोलि म ल्याउने छु यसबेला शान्त भै बस
सम्झेरै रघुनाथलाई उनैको प्रिय नाम जप । १४५

त्रिजटा थिई बुद्धिमान उसको राम्रो विचार
आपदको ताल्मा डुव्दैथी नपाई कुनै आधार
सीतालाई राम्रो संझाई, नरोऊ तिमी यसोरी
जन्मेकी ठूलो घरानमा तिमी हौ जनक किशोरी ।१४६

आकुल व्याकुल नहोऊ नगर कुनै सन्ताप
आत्तिनु हुदैं हुदैन राख्नु छ कुल्को मर्यादा
लिएको होला परीक्षा गरेकी तिम्ले तपस्या
इज्जत फाल्न हुदैन हामीमा पर्छन समस्या । १४७

गर्मी र शीतमा कठाङ्गी तनको रगत सुकाई
संघर्ष कैयौं गर्दैछौ सतीत्व आफ्नो बचाई
धन्यवाद दिन्छु तिमीलाई नारीलाई पाठ सिकायौ
चरित सफा हुंदामा अमर कीर्ति फैलायौ । १४८

नारीको जन्म लिएका धर्तीका नारी साराले
सतीत्व थाम्नु यसोरी प्रेरणा दियौ सीताले
पतिको वियोग हुंदामा आपद र विपद पीडामा
सहनै पर्छ नारीले राखेर धैर्य मनैमा । १४९

दुवैको भलो संझेर दर्वार पनि त्यागेर
वनमा डुलिन कसोरी विभिन्न आपद सहेर
दुःख र विपद बढेर रावणबाट चोरेर
कसरी बाँचिन सीताजी अलाप विलाप गरेर ।१५०

राक्षसको वीचमा बसेकी बलिन्द्र धारा रोएकी
श्री रघुकुलकी बुहारी भएर कष्ट खपेकी
त्यसैले सबै नारीले सीतामा भक्ति लगाऔं
सुबुद्धि उनकै लिएर संसारभरै फिजाऔं । १५१

सीताको आज्ञा मानेर त्रिजटा तयार भएकी
रातको बीचमा वेवस भै एउटा चिता सजेकी
यसरी चिता बनाई आगाको पऱ्यो आवश्यक
रातमा अग्नि पाइएन भनेर गइन त्यसै क्षण ।१५२

त्रिजटा जसै गइथिन सीतालाई पऱ्यो संताप
संझना हुंदा प्रेमीको अति नै गरिन विलाप
आधार त्यहाँ कोइ छैनन् डरलाग्दा अनेक राक्षस
आएन काल लिनालाई सीतालाई पऱ्यो अत्यास ।१५३

हे नाथ तिमी कहाँ छौ ? संकट खप्न सक्तिन
गरेनौ खोजी तिमीले यो प्राण धान्न सक्तिन
कसरी अब म बाँचौं कति दिन तिम्रो वियोगमा
बलिन्द्र धारा म रुन्छु भुलभुल आँशु नजर्मा ।१५४

बोलाउंछु काललाई चिच्याउदै आउदैन यहाँ लिनलाई
कति दिन् नाथ रोएरै बाँचिनै रहौं आपद पाई
यो प्राणले मलाई छाडिन जे गर्दा पनि आएन
जति नै बिन्ति म गर्छू तैपनि मृत्यु आउदैन । १५५

मृत्युले पनि लगेन शोकले पनि छाडेन
अग्निको खोजी गर्दामा त्यो पनि कतै पाइएन
लामो छ मेरो कपाल त्यसैको डोरी गरेर
अशोक रुखमा झुण्डिन्छु रामको नाम जपेर ।१५६

यो बेला राक्षस सबैनै निद्राका काखमा सुत्याछन्
दैवले पनि मलाई झुण्डिने मौका दिएछन
यो जन्म मेरो यस्तै भो पछिल्लो जन्म राम्रो होस
जति नै जन्म म लिन्छु प्रभुकै साथमा रमियोस ।१५७

नाथका साथमा बस्नलाई मनको धोको बाँकिछ
भाग्यमै छैन हे नाथ कल्पेर के पो पाइन्छ
समुद्रपारि टाढा छु निश्चरका घेरा भित्र छु
एक क्षण पनि यो बेला हजारौं वर्ष मान्दछु ।१५८

उडेर आउंत पखेरु ईशले मलाई दिएन
रावण दुष्ट पापीले मलाई बाँच्न दिएन
म त्यहाँ आउन सक्तिन उपाय अरु क्यै छैन
अवत नाथ अवश्यै यो देह समेत रहन्न । १५९

बरु म यसको हाँगामा शरण पर्ने इच्छा छ
मप्रति दया गरेरै यसैले शरण लिनेछ
भएँ छु धेरै अभागी म जस्तो दुःखी कोइ छैन
जिन्दगीभरै कुनै दिन सुखमा हास्न पाइन । १६०

न भेटन मैले सक्दछु न देख्न मैले पाउंछु
एक बर्ष बित्न लागेछ तडपेर सधैं रुदैछु
हे दैव जनिगरीदे यो प्राण टिपी लगिदे
सहनै मुस्किल पीडा यो जिन्दगीबाट छुटाइदे ।१६१

अशोक वृक्ष यहाँ छौ दयाका सागर बनी देऊ
तिमीलाई मैले अगाल्छु अन्तिम इच्छा पुराइदेऊ
मनको शोक निभाई बन्धनबाट छुटाई
यो प्राणलाई गरिदेऊ शरीरबाट विदाइ । १६२

कुन पाप मैले गरेछु म जस्ती दुःखी कोइ छैन
जिन्दगीभरमा कुनै दिन वसन्त वहार छाएछ
अशोक साथी तिमी छौ मलाई अशोक गरीदेऊ
झुण्डिन्छु तिम्रै हाँगामा प्राणको बन्धन तोडिदेऊ ।१६३

अशोकको कुनै पातैमा लुकेका अन्जनीकुमार
बास्तवमा सीतामाताजी झुण्डिन थिइन तयार
हनुमान परे सकस्मा हडवडले मनै आत्तियो
हडवड हुंदा उपाय एउटा कुनै संझियो । १६४

हत्त न पत्त भक्तले सीताको ठीक सामुमा
सुवर्ण औंठी खसाले टक्रक्क रुखको फेदमा
औंठीको आवाज सुनेर झसङ्ग सीता भइथिन
औंठीमा नाम लेखेको सीताले झट्ट देखिथिन ।१६५

सीताले देखिन त्यो औंठी हातले झट्ट उठाइन्
पाएर औंठी राघवको हर्षका आँसु बगाइन्
औंठीमा नाम छर्लङ्ग लेखेको कोशल किशोर
त्यस्लाई देख्दा श्रीमाता खुशीले गदगद विभोर ।१६६

कसरी खस्यो यो औंठी आश्चर्य चकित मान्दथिन्
विभिन्न कुरा सोचेर मनमा कुरा गुन्दथिन
छातिमा प्रेमले लगाइन् ओंठमा पनि लगाइन्
कसले औंठी खसाल्यो चौतर्फ नजर लगाइन् ।१६७

समुद्र तरी निर्जीव चीज यसरी आउनै सक्दैन
कसरी आयो यो औंठी अन्दाज गर्नै सकिन्न
रावण छली मायावी आएर उसले खसाल्यो
दोधार्मा परी तर्सिन्छु डरले मुटु कमायो । १६८

लाग्दछ मलाई धेर शंका रावण आयो अवश्यै
दुष्टले गरी महाजाल खसाले होला यहाँ क्यै
विभिन्न कुरा खेलाइ मनले राघव पुकार्‍यो
ठीक त्यही बेला कसैले मधुर शव्द सुनायो । १६९

जय रघुनन्दन जय सीयाराम
जानकी बल्लभ सीताराम
रघुपति राघव राजाराम
पतित पावन सीताराम । १७०

जय सीताराम सीताराम
सीताराम जय सीताराम
जय रघुनन्दन जय सीताराम
जानकी वल्लभ सीताराम । १७१

नझोक्री बस हे सीतामाता सम्हाल मन्मा धीर
लंकामा छिटै दलबल सहित आउछ्न रघुवीर
किष्किन्धापुरमा सुग्रीव साथमा मितेरी लगाए
सीताको खोजी गर्नका लागि मलाई पठाए । १७२

जय सीताराम हे राम राम ! हे राम रघुवीर
रामकै नाम जपेर बस्दा हुनेछ मति धीर
दिएर ध्यान सीताले सुनिन त्यो मीठो आवाज
भन्दछिन सीता सुनाउने को हौ? अगाडि विराज ।१७३

बसेर रुखमा लुकेर पातमा यो कुरा गर्ने को ?
लुकेर रुखमा नगरोस कुरा देखियोस झट्टै त्यो
चौतर्फ हेर्दा देख्दिन कोही त्यो बोल्ने व्यक्ति को ?
नलुक कतै आएर भन जे भन्नु पर्ने हो । १७४

कारण के हो लुकेर बस्ने यसमा शंका छ
छैन त कारण आएर बोल यो मन उत्सुक छ
नलुक धेरै प्रत्यक्ष होऊ संचार बताऊ
विरही बनी रोएकी म छु अमृत वर्षाऊ । १७५

सीताको आज्ञा पाएर छिटै देखिए हनुमान
वानरलाई साम्रू देखेर सीता डरले थर्कमान
रावणले कुनै गऱ्यो कि छल संझन्छिन सीताले
रामको नाम संझना गरी जपदछिन मनैले । १७६

वीरले देखे सीताजी थरथर डरले कामेकी
भयले गर्दा चेहरा नीला भएर हटेकी
क्यै कुराकानी गरिनन् तिनले वीरलाई देखेर
विभिन्न शंका मनमा उठे भयभीत भएर । १७७

तुरुन्तै बोले अञ्जनीकुमार कसम खाएर
आमालाई खोज्न आएको म हूँ रामदूत बनेर
ममाथि विश्वास गर्नुहोस आमा नाम मेरो हनुमान
खोज्नको लागि आएको म हूँ मेरो छ प्रणाम ।१७८

मनले यसो विचार गर्दा हरायो सन्देह
रामको दूत अवश्य ठानी गर्दछिन स्नेह
रामको शरीर कुशलै होला भन्नुहोस हनुमान
रामकै साथमा बसेका होलान अवश्य लक्ष्मण ।१७९

सागर तरी कसरी आयौ आश्चर्य लागदछ
कसरी भेटयौ रामलाई तिम्ले सन्देह लाग्दछ
के गरी औंठी पाएको तिम्ले मलाई बताऊ
वानर मानिस कसरी मिले त्यो पनि सुनाऊ ।१८०

वातचित गर्दा रामले मेरो संझना गर्छन कि ?
दाज्यू र भाइ वातचित गर्दा क्यै मलाई भन्छन् कि
भन न ऐले श्रीरामचन्द्र कुन ठाऊँ बस्याछन
वानर र मानिस स्वभाव भिन्न कसरी मिल्दछन ।१८१

यो कुरा सुनी अञ्जनीकुमार पाउमा परेर
सीताजी साम्रू गर्दछन् विन्ति एक एक गरेर
रामले औंठी प्रमाणका लागि दिनुभो मलाई
यो औंठी देखी विश्वास गर्लिन हे वीर तिमीलाई ।१८२

म सत्य कुरा बताउंछु आमा बस्तछन् दुःखले
तपाईको भन्दा चौगुणा कष्ट भोगदछन रामले
चाडै नै अब समुद्र तरी लंकामा आउनेछन्
भालू र वानर साथमा ल्याई राक्षस मार्नेछन ।१८३

सूर्यको साम्रू अन्धकार टिक्न कदापि सक्दैन
गंगामा बाढी आएको बेला क्यै बाकी राख्दैन
बगाई लान्छ सफाइ गर्छ जे जस्तो कुरा होस्
सागरको गुण यही नै हुन्छ लाग्दैन कुनै दोष ।१८४

लंकाको विनाश चांडै नै हुन्छ रावण बाँच्दैन
राघवको जय अवश्य हुन्छ राक्षसदल टिक्दैन
अब त शिघ्रै रघुनाथ आउंछन् शोक गर्नु पर्दैन
धैर्य र शान्त भएर बस्नोस अन्धकार टिक्दैन ।१८५

निश्चरीहरु निर्धक्क डुल्छन् मनपरि गरेर
राघवका वाणले सखाप हुन्छन् एक चिहान भएर
राक्षस कुलको विनाश हुन्छ कोइ बाँकि रहन्न
रावणको वंशै नाशस्य हुन्छ सन्तानै रहन्न । १८६

प्रभुको आज्ञा पाएको भए म स्वयं एक्लैले
राक्षस कुलकै विनाश गर्न लडदथें एक्लैले
आमालाई समेत काँधमा राखी समुद्र तरेर
पुऱ्याई दिन्थें राघव छेऊ निर्धक्क भएर । १८७

के गरौं आमा लाचारी म छु लैजान सकिन
यो कुरा मैले प्रभुकै साथमा पैल्हे नै गरिन
आएको थिएँ सीताजी खोज्न दर्शन पाइसकें
जुन दुःख मैले आँखाले देखें सब थाहा पाइसकें ।१८८

आश्वासन सुनी वजरंगजीका सीताजी रमाइन्
नयनबाट हर्षका नीर प्रशस्त वर्षाइन्
भन्दछिन् सीता यहाका राक्षस भयंकर ठूला छन्
वानर भालू अत्यन्त साना कसरी लड्दछन् ।१८९

म देख्छु तिमी अतिनै सानो अति नै निश्छली
निश्चरी साथमा केगरी लड्छौ ? बनेर लड़ाकी
के गरी लड्छौ राक्षससँग सन्देह लाग्दछ
ईश्वरको कृपा भएछ भने राक्षसको के लाग्छ ।१९०

सीतालाई कत्ति लागेन पत्यार हनुमान देख्दामा
तुरुन्त वीरले देखाइहाले योगशक्ति करिश्मा
एकपल्ट उनले गर्जिदाखेरी विशाल भो शरीर
भयंकर ठूलो शरीर विकट हनुमान बलवीर ।१९१

फरफर गऱ्यो शक्तिको झण्डा जानकी साम्मा
थरथर कामे राक्षसी दल हलचल भो लंकामा
हनुमान भए भयंकर ठूला पर्वतै आकार
सीताजी ज्यादै हर्षित भइन् रुप देख्दा अपार ।१९२

देखेर रुप हनुमानजीको हृदय खुशायो
वजरंगजीको शक्तिले उनलाई विश्वास दिलायो
तुरुन्त वीरले प्रशन्न पारे जननी सीतालाई
शरीर सानो तुरुन्त गरे संझेर रामलाई । १९३

वीरले भन्छन् यो बल शक्ति प्रभुकै कृपाले
यो बुद्धि प्रयास पाएको मैले प्रभुकै प्रतापले
वानर भालू बलबुद्धिहीन के गर्न सक्तछन्
रामका नामले जीवनका इच्छा शिघ्रनै पुग्दछन् ।१९४

ईश्वर विना क्यै शक्ति छैन उसकै भरैमा
ईश्वर मर्जी चल्दछ आमा आकाश पातालमा
तिमीले दिन्छ्यौ सर्वत्र शक्ति संसार चल्दछ
आमाको कृपा भएन भने जिन्दगी वरवाद छ ।१९५

हे आमा तिम्ले बलबुद्धि दिन्छ्यौ सबैकी दाता हौ
भक्तका लागि सर्वश्व दिन्छ्यौ प्राणीकी माता हौ
निश्चर माथि दिइनौ शक्ति त्यसैले निर्वल छन्
त्यसैले गर्दा राक्षसहरु बुद्धिमा कम्जोर छन् ।१९६

हे शक्तिरुपा हे जगदम्बा शरणमा पर्दछौं
बलबुद्धि देऊ भनेर हामी प्रार्थना गर्दछौं
दयाको दृष्टि परेमा तिम्रो कालसँग लड्दछौं
माताले दया गरिनौ भने अल्पत्र पर्दछौं । १९७

भनेर यत्ति सीताका साम्न उभिए हनुमान
जोडेर हात विनम्र बनी झुकाए पाउमा माथ
प्रशन्न हुदै वीरको माथमा राखेर आफ्नो हात
हनुमानसंग गद्‌गद हुदै दिएकी आशिरवाद । १९८

भन्दछिन सीता अपार शक्ति संसारभरिमा
हुनेछौ भक्त सर्वोच्च महान् यो विश्वभरिमा
बल र शक्ति युक्ति र बुद्धि देवीले दिएकी
अजर अमर हुनेछौ भनी वरदान दिएकी । १९९

रामले तिम्रो साहेता गरुन् उनकै भक्तिले
जुन काममा पनि हुनेछौ सफल प्रभुकै शक्तिले
जुन ठाऊँ जहाँ राम कथा हुन्छ त्यस ठाउँ गएर
सुन्नेछौ कथा निश्चिन्त भई राममै रमेर । २००

# लंका दहन

जानकीबाट पाएका आशिर्वाद अनुपम
प्रशन्न अति भै वीर ढोग्छन् सीता झुकिकन ।१

जानकीले दिइन् आसिक अंजनीलाल खुश भए
अघिभन्दा पनि ऐले खुशी चार खण्ड नै भए ।२

सीताको प्यार पाएर मनमस्ती तिनी भए
शक्ति भक्ति सबै पाए सबैका ती प्रिय भए । ३

बोले शिर झुकाएर अत्यन्त नम्र ती बनी
देवीको पाउंदा दर्शन भएछु भाग्यमान पनि ।४

आमा म गर्दछु विन्ति भोकले शक्तिहीन छु
आज्ञा हुन्छ भने देखिन् पाकेका फल टिप्दछु ।५

वनपालेहरुको कत्ति मलाई छैन क्यै डर
कृपा दृष्टि भएदेखि काल नै भाग्छ त्यो पर ।६

वीरता-धीरता देख्दा मिथिलेश्वरी खुश भइन्
पाकेका फल धेर खाई रामादल फर्कनू भनिन् ।७

बाबु जाऊ फल क्यै खाऊ
रसिला फलले हृदय रसाऊ
चारैतिर छन् निश्चर जासूस
तिम्रो खुशीमा विघ्न नपारुन् । ८

खोज्दै ढुड्दै रुख रुख चार्दै
मीठा फल ती टिपीकन चाख्दै
जाऊ खाऊ अति खुशी होऊ
रुख् रुख् चढ्दै दिल बहलाऊ । ९
जाऊ वनवीर रनवन जाऊ
राक्षस आए मारी भगाऊ
सर्वोच्च भक्त प्रभुका तिमी छौ
शक्ति वुद्धिमा सफल हुनेछौ । १०

इच्छा तिम्रो सफल होओस, वरदान पनि होस सफल
जुन कार्य गर्दछौ तिम्ले हुनेछ सफलै सफल ।११

हरिमा चित्त लाएर भजन उनकै गरिरहू
प्रभुकै महिमा गाई कीर्तिमान तिमी भैरहू । १२

दुःखीमाथि दया राखी उनैको उपकार गर
म दिन्छु यहिनै आसिक खुशी होऊ निरन्तर ।१३

आएमा लडन कोइ साम् त्यसको शक्ति सबै घटोस्
वैरीकासँगमा लड्दा शक्ति तिम्रो अति बढोस् ।१४

बाटो होस् मैन झै कोमल काँढाघारी सबै हटून्
आगो पनि बनोस पानी संकट तिम्रा सबै जुरुन् ।१५

यो पृथ्वी रहेसम्म सुवास तिम्रो चलिरहोस
रामभक्ति सदा चित्त राममा नै रहिरहोस ।१६

आज्ञा पाएर सीताको हनुमान पाउमा झुके
सम्झेर रामको नाम सीताबाट विदा भए । १७

जुन रुखमा तिनी चढ्थे फल टिप्ने निहू गरी
टिपेर फलफूल खान्थे रुखै भाँचेर बेस्करी ।१८

फल राम्रा टिपी खान्थे वृक्षको नाश गर्दथे
बगैचा नष्ट पारेर खुशी भै तिनी हास्दथे । १९

प्रत्येक रुखमा तिनी चढ्दथे मीठा फल तिनी चाख्दथे
फल चाख्ने निहूमात्र वृक्ष उनले उखेल्दथे । २०

त्यहाँका रखवाल पाले देखेर त्यो बिनष्टता
सहनै नसकी तिन्ले भएका ती अधीरता । २१

रक्षाका लागि क्यै भन्थे भन्नेलाई उनी मार्दथे
गर्जन गर्दथे जोडले सुन्ने सारा डराउंथे । २२

पालेले कति संझाए मानेनन् हनुमानले
लाचार भैकन ती भागे डराई भय त्राशले ।२३

रावणकहाँ गई भन्थे एउटा वानर भयंकर
उखेल्यो फलका बोट गर्दै हाम्रो अनादर । २४

वानर छ अति नै ठूलो डराउँदैन रतिभर
देखेर त्यसको शक्ति भाग्दछन् कति निश्चर । २५

नखाऊ भन्दछौं हामी भन्नेलाई कुटिपिटी
वन्को विध्वंश पारेर गरायो वहुतै क्षति । २६

पालेको उजुरी सुन्दा रावण त्यो अति जंगियो
जाऊ भगाऊ त्यो वानर भनी फौज पठाइदियो ।२७

राक्षसको फौज देखेर गर्जे खूब हनुमान पनि
वाटिकाको गरी नाश गर्जे मेघ समान गरी ।२८

हनुमानको सुनी गर्जन निश्चर दल सब आत्तिए
गर्जना त्यो थियो तीखो कानका जाली फाटिए ।२९

कुनै निश्चर गई साम्ने लडनलाई डराउंथ्यो
उनको अनुहार देख्दा देख्नेको मुटु काप्दथ्यो ।३०

तैपनि उनले मारे धेरै राक्षसहरु त्यहाँ
आफ्नो स्थान छाडेर भाग्दथे ती कहाँ कहाँ ।३१

कैयौंलाई दिए मुक्का कतिलाई पाउले किचे
कैयौंलाई बज्रले हाने कसैलाई वृक्षले थिचे । ३२

अत्यन्त शुरवीर योद्धा सुग्रीवका प्रिय मन्त्री ती
कैयौंलाई बेही पुच्छरले कैयौंको शक्ति नै लुटी ।३३

वजरंगी बने जंगी कति मारे कति सुते
त्यत्तिका राक्षसी सेना क्षणमा नष्ट भै सके ।३४

अच्कल्टा जो थिए राक्षस रावणकासँगमा गई
आफूमा जे पऱ्यो आपद फिराद गर्थे सबै मिली ।३५

राक्षसको उजुरी सुन्दा रावण अत्यन्त जंगियो
त्यो वानर दुष्ट पाजीलाई मार भन्ने हुकुम दियो ।३६

रावणको पुत्र कान्छोले लडन फौज लिई गयो
जाबो वानर के लडला ? मनमा यही सोचियो ।३७

हनुमानले यसो हेर्दा आएको फौज देख्दथे
निश्चरी जति नै आउन् सबैलाई मार्छु भन्दथे ।३८

अट्टहास गरी गर्जे गर्जना त्यो गजव थियो
वृक्ष एउटा उखेलेर हान्दा निश्चर मारियो । ३९

उफ्रेर रुख्रुखैबाट हान्दा कैयौं मरे त्यहाँ
सयौं राक्षसहरु मारे अशोक-वाटिका महाँ ।४०

रिसले चूर भै आयो कान्छो रावणको कुमार
एक्कासि त्यसलाई मारे पाएन त्यसले गुहार ।४१

साधारण पशु झैं मार्दा कैयौं यमलोक पुगे
रावणको पुत्र आएको लडनलाई त्यहीं मरे । ४२

कैयौं राक्षसको लाश जमिनमा राश भैसक्यो
निश्चरीको रगत बग्दा जमिन रातास्य नै भयो ।४३

मारिए वहुतै निश्चर बाँचेका कति भागिए
ज्यूदा निश्चर त्यहाँ छैनन् मरेका लास देखिए ।४४

शक्तिशाली प्रिय पुत्र त्यस्ताको पनि ज्यान गयो
छोरो हो मुटुको टुक्रा मर्दामा अति आत्तियो ।४५

अहायो इन्द्रजीतलाई वाबु शिघ्र गई त्यहाँ
बाधेर त्यसलाई ल्याऊ मार्नेछु बदला महाँ ।४६

देख्नेछ अनि पो बल्ल मेरो शक्ति र बल पनि
थाहा पाउनेछ वानरले रावणको शक्ति के कति ।४७

सकेको कसरी मार्न मेरो डर मान्नु पर्दथ्यो
राजाको पुत्र हो भन्ने मनमा स्यै घुस्नु पर्दथ्यो ।४८

काल तेरो नजिक आयो इन्द्रजित लिन आऊंछ
देख्नेछस् उसको शक्ति तँलाई बाँधिल्याउँछ । ४९

यत्तिकै मनमा सोच्दा मेघनाद आई साम्मा
बिदा पाऊँ पिता जान्छु भन्दै पश्रेर पाउमा । ५०

रावणबाट बिदा पाई इन्द्रजीत फूर्तिले गयो
प्रशस्त फौज ली साथमा हनुमानका नजिक पुग्यो ।५१

आएको घननाद देखदा हाँसे पवन कुमार अति
भन्दथे अब लडनेछु लाग्दैन डर एक रति । ५२

गर्जदै र उखेल्दैछन् रुख वृक्ष कति कति
हनुमानले गरे धेरै वाटिकाको महाक्षति । ५३

मुक्का मुक्की दिए रथमा रथ त्यो चूर्ण भैसक्यो
सवार अनि घोडाको धेरै क्षति भैसक्यो । ५४

आएका अंगरक्षक ती हनुमानबाट मारिए
इन्द्रजीतका गई सामू निहू खोज्दै उभिरहे । ५५

छातीमा मुड्कीले हाने त्यसपछि रुखमा चढे
छातीमा जोड पर्नाले इन्द्रजीत भूमिमा लडे ।५६

मूर्छाबाट उठी तत्काल मायाजाल फिजाइदियो ।
त्यो पनि काम नलाग्दामा इन्द्रजीत अनि आत्तियो ।५७

झट्ट ती रुखमा चढ्थे प्रत्येक रुखमा ती कुद्दथे
इन्द्रजीत भूमिमा देखदा हनुमान अति हास्दथे । ५८

हाँगा हाँगा उनी कुद्थे देखाई चतुरोपना
देखिस्की निश्चरी तैले कस्तो शक्ति छ यो ममा ।५९

वानरले पनि हेपेको देखेर इन्द्रजीतले
तँ वानरलाई बाध्नेछु भन्दथ्यो अति क्रोधले । ६०

मेघनाद नाम हो मेरो इन्द्रजित पनि भन्दछन्
तँ जस्ता कतिलाई मारें मेरो बल सब जान्दछन् ।६१

तँलाई जिउदै लाने हुकुम यो छ नरेशको
नत्र ता अहिल्यै पुग्थिस् ढोकामा यमराजको । ६२

कैयौं शत्रुहरु मारें देवताहरु थर्कमान्
त्यसैले महिमा मेरो सन्सारले भन्छ हो महान् । ६३

आज्ञा मानी पिताजीको तँलाई उहीं लग्दछु
निर्णय अनि जे हुन्छ त्यसको पालन गर्दछु । ६४

हनुमान बोल्दछन् रिसले धाक तेरा कति कति
गर्दछस् वकवाद धेरै बोल्नू वेश चाहिने जति । ६५

तेरो क्यै हुति नै छैन तँलाई कस्ले टेर्दछ
रावणलाई बोला यहाँ उस्लाई भेट्नु पर्दछ । ६६

वक्वकै मात्र के गर्छस काम तेरो देखाइदे
तँलाई भन्नु क्यै छैन दशानन्द बोलाइदे । ६७

मेरा साथ लडन के सक्लास् तँ एउटा पुतली त होस्
मलाई रामदास भन्छन् तँ एउटा चोरपुत्र होस् ।६८

मलाई कामजीत भन्छन् तँ होस् राक्षस वंशको
तेरो इज्जत क्यै छैन मेरो इज्जत भक्तको । ६९

वजरंगका सुनी शव्द गम्कन्छ दशशीश कुमार
व्रह्म अस्त्र लिई आएँ तँलाई बाध्छु होशियार ।७०

मलाई बाँध्न चाहेमा बाधिई पछि लाग्दछु
मेरा कर्तव्य धेरै छन्, सवै ती पूर्ण गर्दछु । ७१

तँ वानर योद्धा होस् तेरो शक्ति म जान्दछु
पर-व्रह्मपासमा ऐल्ये अवश्यै पनि बाँध्दछु । ७२

रामका भक्तले भन्छन् बाँधिन्छु व्रह्मपाशमा
व्रह्मपाशमा कसिएरै लड्नु पर्दछ धर्ममा । ७३

यिनै व्रह्माजीका वाण अनि त्यो व्रह्मपाशमा
चुडालौं उनको पाश हुनेछ अपमान उता । ७४

जगदीश्वर श्री रामको नाम लिन्छु निशीदिन
उनैको नाम जप्नाले छुट्नेछन् सब वन्धन । ७५

ममा शक्ति भरेको छ सक्छु बन्धन तोडन
तर कैल्यै म चाहन्न सनातन धर्म छोडन । ७६

धर्ममा पृथिवी अड्छ धर्ममा प्रेम टिक्दछ
यदि धर्म नमानेमा संसारै डगमगाउंछ । ७७

नसम्झेस् घननाद तैले बाँधे बन्धनले भनि
यस्ता वन्धन कयौं तोडें हराएँ कति वीर पनि ।७८

यस्तै कुरा गरी ओर्ले रुखबाट खुरुक्क नै
बाँधिए रामका भक्त व्रह्मपाशले तुरुन्त नै । ७९

घननादले घाँटीमा बाँधी लैजादा मार्गमा पनि
निश्चरी हेर्दथे त्यहाँ भीड भै सडकै भरि । ८०

कसैले पिट्दथे उनलाई कसैले अति हेप्दथे
कसैले नजिकै आई लात्ताले पनि गोढ्थे । ८१

एवं रितले गरी उनलाई रावणका दरवारमा
पुऱ्याई इन्द्रजीत पश्र्यो पिताका दुई पाउमा । ८२

सामुमा हनुमान देख्दा लंकेश अति झोक्कियो
आँखा रातास्य पारेर हनुमानलाई सोद्धथ्यो । ८३

तँ को होस् किन याँ आइस् किन वाटिका नाश गरिस्
जानेरै या अजानैमा युवराजलाई मार्दिइस् ८४

तैले लंकेशको नाम कानले कहिल्यै सुनिस् ?
धिङ्याहा दुष्ट वानर्ले मेरो सर्वश्व नाश गरिस् ।८५

प्यारो पुत्र पनि मारिस् छटपटिन्छु म दुःखले
रिसले अति क्रोधित छु सहँदैन यो छातीले । ८६

बाँधिएर ती आएका हनुमान मुक्त भैसके
के कारणमा यहाँ आएँ भन्दछु सुनीदेऊ भने । ८७

सच्चिदानन्द हुन् राम सर्वानन्द सुखदायक
बलवुद्धि महासिन्धु निर्द्वन्द हितकारक । ८८

राघवेन्द्र रघुनन्दन श्रीराम जगनायक
उनै सर्वोच्च विष्णुले गर्दछन् भवको हित । ८९

श्रीराम सुखका दाता दुष्टका क्षय नाशक
उनै हुन् भवका स्वामी उनै संसार चालक । ९०

उनै हुन् श्रृष्टिका कर्ता उनै पालक पोषक
उनै संहार कर्ता हुन् उनै हुन् दुष्ट शोषक । ९१

भृकुटीमा देवको वास संसारै कार्य पालक
रामलाई तिमी संझ विश्वकै परिचालक । ९२

दशरथ अजर विहारी हुन् भनिन्छ कुल भूषण
शुर्पणखा थिईं मोहित मारेथे सब खर-दूषण । ९३

होशियार तिमी होऊ जसकी नारी हरिसक्यौ
म उनकै दास हूँ एउटा जसका साथ वैरभाव गर्‍यौ ।९४

म आएँ यस लंकामा सीताको खोजी गर्नमा
मलाई भोक खूब लाग्दा लालच भो फल टिप्नमा ।९५

पाहुनाको नगरी वास्ता तिम्रा पालेहरु सबै
मैमाथि वैरिए सारा मलाई मार्नलाई नै । ९६

फल खाएर नाश पार्नु वानरको बानी नै भयो
फौज ली मार्नलाई आए तिनैको प्राणज्यान गयो ।९७

सकेर स्वामीको भोजन नोकर भोजन गर्दछन्
भोजनको पहिल्यैदेखि भगवान भोग लगाउंछन् ।९८

श्रीरामचन्द्रलाई अर्पण गरेरै फल खाइयो
अधिकार नदिदा केही त्यसैले वृक्ष भाचियो । ९९

विवेकी तिमी आफै छौ प्राण प्यारो हुनु सत्य छ
राक्षसले मार्न लाग्दामा तिन्लाई मार्न पर्दछ । १००

म भन्छु तिमीलाई केही ध्यान देऊ क्षण मौन भै
नभनी तिमी जान्दैनौ समय बितिसक्छ है । १०१

सीतालाई दियौ दुःख तिमीले गल्ती धेर गर्‍यौ
संसारमा अपयश जो छन् किन काल्ले तिमी जाने छौ ।१०२

रिसाहा हुन्छ जो धेरै आखिर्मा पछुताउंछ
नचाहिने काम गर्दामा, काल नै भेट्न आउंछ ।१०३

सम्हालिदै तिमी आफै वैरभाव सब त्यागिदेऊ
राममा मित्रता राख सीतालाई बुझाइदेऊ । १०४

रामचन्द्र खुशी हुन्छन् शरणमा उनको परे
सुखमा जिन्दगी बित्ला दुःखलाई बिदा गरे । १०५

रावण भन्दछ हे वानर व्यर्थ वक्वक् तँ गर्दछस
आफैंले म ठूलो भन्दै आफ्नै तारिफ गर्दछस ।१०६

संसारभरमा मेरै साराले गुण गाउंछन्
मेरै हातका इसाराले सूर्य चन्द्र उदाउंछन् । १०७

मलाई रिस चढ्दामा जीवात्मा सब डराउंछन्
ग्रह तारा सुरेश आदि मेरै शरण पर्दछन् । १०८

कस्तो आश्चर्य लाग्दैछ तेरा शव्दहरु सुनी
तेस्ता ती तपसीलाई महान भन्छस अझै पनि ।१०९

वानरका मनमा कत्ति हुदैन ज्ञान क्यै पनि
त्यस्ता ती तपसी देख्दा डराउने छैन कोइ पनि ।११०

रावणका शव्दले गर्दा वजरंगी रिसले घुमे
क्रोधले थरथरै काम्दै आँखा आगो समान गरे ।१११

तैले अधम भन्दैमा उनको शान अलिकति
घट्ने छैन बुझिस तैले तिल्को दाना जति पनि ।११२

ताकेर सूर्यको छाती जस्ले पथ्थर फ्याक्दछ
पुग्दैन दूर आकाशमा तुरुन्तै तल खस्दछ । ११३

तेरो काल नजिक आयो त्यसैले मति बिग्रीयो
मैले भन्नु भयो व्यर्थ, तेरो जिन्दगी नष्ट भो ।११४

मेरो मेरो तँ भन्दैछस जादैन साथमा कुनै
मुठ्ठी बाँधेर आइथिस जान्छस हात पसारेरै । ११५

रामनाम जपे देखिन मोक्ष भै प्रभुधाममा
अहंकार गरेदेखि भनभनी मख्खी लाशमा । ११६

अझै वुद्धि पुऱ्याएमा मिल्नेछ सुख सम्पति
तेरै लागि म भन्दैछु नमान्दा हुन्छ दुर्गति । ११७

देखेर नृपको चाला हनुमान दिक्क मान्दछन्
तैपनि दुष्ट्लाई केही संझाऊँ भनी ठान्दछन् । ११८

घमण्ड कति गर्दैछस टिक्ने छैन जनंभर
जिन्दगी अल्प संझेर राघवको पाउमा पर । ११९

ज्यूदोमा चाकडी गर्ने इष्ट मित्र कयौं कति
मर्दामा साथ जादैनन्, यस्तै हो सबको गति । १२०

जन्मिदा बरु यो देह लिएर प्राण साथमा
मर्दाखेरी प्रिय देह छाडेर अरु धाममा । १२१

ज्यूदोमा चाकडी गर्ने इष्टमित्र कयौ कति
आखिरमा साथ क्वै जान्न, जादैनन् पत्नी सन्तति ।१२२

यो मेरो संपति भन्छस जादैन साथमा कुनै
बरु नाम जपेदेखिन् साथमा राम छन् उनै । १२३

विशाल राज्यको राजा अवश्यै मर्नु पर्दछ
एक दिन् सर्वश्व सव छाडी कुन ठाउ वास पर्दछ ।१२४

राजदर्वार औ द्रव्य घोडा हात्ती र सारथी
छाडेर जानु पर्नेछ त्यसैले छोडनु कुमति । १२५

देखेकैछस कति प्राणी जन्मिन्छन् कति मर्दछन
आ–आफ्ना कर्मको भोग भोगेर तिनी हिंडदछन् ।१२६

खानपान मदिरा मासु यत्तिकैमा सदा भुलिस
सीतामाता हरिल्याइस नगर्ने कार्य त्यो गरिस ।१२७

अझै पनि तँ सुधीन्छस राक्षसी वुद्धि छाडी हाल
अहंभाव सबै त्यागी हरिकै नाम संझी राख ।१२८

त्यसैमा हुन्छ कल्याण राघवका पाउमा झुकी
जानकी लगि सुम्पीदे क्षमा गर्छन् उनै हरि । १२९

तेरो कुवुद्धिले गर्दा सन्तानै किन नास्दछस
सुवर्ण नगरी लंका उन्मूलन किन पार्दछस ? ।१३०

हनुमानका सुनी शव्द दशभाल अति जंगियो
यो वानरको दिमाग खुस्क्यो ठीक गर्नु पर्छ भन्दियो ।१३१

हेर मेरा सभासद हो यो वानर वकवादी छ
हेर्दामा छ अति सोझो, वास्तवमा अति धूर्त छ ।१३२

घमण्डीहरुको संगत गर्नाले धाक लाउंछ
तपसी दुइटालाई देवता भनी पूज्दछ । १३३

यसलाई काट तर्वारले अनुहार हेर्न सक्दिन
नहुंदा धाक धक्कु ती कान सुन्न सक्तिन । १३४

आज्ञा रावणको पाई कैयौं राक्षस अघि सरे
हनुमान मार्नका लागि तरवार हातमा लिए । १३५

विभीषणजी थिए त्यहाँ पख भन्दै अघि सरे
नगर्नु यसको हत्या राजामा विनती गरे । १३६

महाराज के भयो यस्तो हत्या गर्नू अधर्म हो
न्यायका तिमी ज्ञाता हौ दूत मार्ने अकार्य हो । १३७

राज्सभा धर्म स्थान हो, अन्याय कहिल्यै पनि
गर्नू दण्डित वेश हुन्छ मार्ने हुन्न कुनै पनि । १३८

उनका त्यस युक्तिले साराको चेतना भयो
सभासदहरुको आफ्नो विभिन्न राय पेश भयो ।१३९

निर्णय अनुसार त्यहाँ रावणले यो हुकुम दियो
सजाय दिई यसलाई ज्यूदैमा छाडिदेऊ भन्यो ।१४०

यस वानरले हाम्रो सुन्दर वाग उजाड गर्‍यो
त्यसभन्दा पनि झन अर्को युवराज पनि मार्दियो ।१४१

लंकावासीहरु ल्याउन् झुत्रामुत्रा लुगाहरु
मट्टितेलमा भिजाएर पुच्छरमा सब बाद्धिनु । १४२

सल्काइदिनु पुच्छरमा आगो बालेर दनदनी
फुकाइदिनु त्यो वन्धन जाओस पोलेर भतभती ।१४३

मरणान्त हुँदै जाला ठूटो पुच्छर ली त्यहाँ
सारा खवर सुनाउनेछ आँशुले भरि नेत्रमा । १४४

रिसाएर तिनी आउंलान लडनमा तपसी दुवै
धारिला वाण खाएर मर्नेछन् ठहरै हुँदै । १४५

आज्ञा सुनेर रावणको अञ्जनीलाल हास्दछन्
विना शोची विचारेर बोल्छस के के हुँदै महान् ।१४६

तुरुन्तै जानकी संझी वीरले विन्ति गर्दछन्
लाज मेरो बचाइद्यौ जगदम्वा अब भन्दछन् । १४७

माताश्री जानकीदेवी कृपाका तिमी दृष्टि देऊ
मैले नाच नचाउनेछू तमासा तिमी हेरी देऊ ।१४८

राजाज्ञाको गरी पालन राजभक्तहरु सबै
रावणको हुन्छ जे मर्जी पालनमा भई तत्परै ।१४९

सबैका घरघरबाट कपडा मट्टीतेल पनि
भिजाएर लुगा बाँधे पुच्छरमा कसी वेस्करी ।१५०

अनौठा काम देखेर लंकावासी सबै त्यहाँ
बूढा बूढी र जवानी हास्थे खुब मजाकमा । १५१

लुगा पुच्छरमा बाँध्दा उत्ति पुच्छर बढाउंथे
कपडा राश वांध्दामा पूरा कैल्यै हुदैनथे । १५२

हो हल्ला मच्चियो त्यहाँ तीता मीठा कुरा भए
भुत्रामुत्रा भए शून्य कपडा राश सिद्धिए । १५३

वानरको शक्ति देख्दामा निश्चरी छक्क पर्दछन्
अब के हुन्छ लौ भन्दै हेर्न उत्सुक गर्दछन् । १५४

लंकावासी भए जम्मा तमासा हेर्न खातिर
बाजा गाजा बजाएर डुलाईकन वानर । १५५

अवश्यै मर्छ यो वानर भन्ने संझेर ती सबै
आगो सल्काई पुच्छरमा हास्छन् राक्षसहरु सबै ।१५६

आफूले ताक्नेछ मूढो बन्चराले घूँडो पनि
अर्काको नाश गर्दामा आफ्नो हुन्छ ठूलो खति ।१५७

दुनिया अति छट्ट छन् धेरैको मति भ्रष्ट छ
रोगको वीज हो खोकी हाँसो लडाइँको घर । १५८

प्रभुता श्री प्रभूजीको बुझ्दैनन् रजनीचर
रामभक्त हनुमानजीको लीला को बुझ्न सक्दछ ?१५९

निशामा हुन्छ औसान जब अरुण मार्तण्डमा
आगो पुच्छरमा लाग्दा वजरंगा पूर्ण प्रचण्डा ।१६०

अट्टहास गरी दूर्ग उफ्रन्थे वायुका कुमार
पृथिवी अनि आकाश धुवाले छाइयो अपार । १६१

लंकामा विजुली चम्क्यो आकाशमा मेघ गर्जियो
आकार वढेर अग्निको लंकामा पर्नु दुःख पर्‍यो ।१६२

हुनेसम्म भयो त्यहाँ राक्षसको उठीवास  भयो
उनन्चास पवन वढ्दा वन वृक्ष सब नाश भयो ।१६३

हिमाल गिरि औ पर्वत हल्लेर थर्कमान भए
शेषनाग औ वासुकी नाग कामेर भयभीत भए ।१६४

आकाश औ धरणी तलमा अन्जनी लाल वढदथे
भयंकर दृश्य  देखेर वेहोश भै कति लडदथे ।१६५

यस्तै भीषण आकारमा रहेथे क्षणभर तिनी
पुच्छर ठूलो बनाएर सानो शरीर गरे पनि । १६६

छानामा उफ्रदै चढ्दा चीज कैयौं खसालिदा
कैयौंको जिन्दगी स्वाहा भएछ क्यै बजारिदा ।१६७

के के गरे त्यहाँ वीरले भनेर साध्य छैन क्यै
भयंकर घटना देख्दा डराए कति राक्षसै । १६८

गमलामा कयौं फूल ढकमक्क मनोहर
प्रत्येक घरका कौशी देखिन्थे अति सुन्दर । १६९

देखेका जति छन् वस्तु सबैलाई खसाल्दथे
सल्केका घर ती हेर्दै एकैक्षण तिनी बस्तथे । १७०

लंगूर आफ्नो घुमाएरै आगो सबतिर झोस्दथे
रामको द्रोही राक्षसको नाश होस भनि सोच्दथे ।१७१

बढ्दै गयो अति धेरै वायुको वेग झन बढी
त्यस्तै गरी जले सारा घरका झ्याल द्वार पनि ।१७२

हुरहुराई बल्यो आगो नरनारीहरु आत्तिए
चण्डीको रुप भो आगो घर चर्केर भत्किए । १७३

आकाशमा पुग्यो ज्वाला सूर्यको रथ रोकियो
पर्वत त्रिकूट सब दन्क्यो सागरको जल उर्लियो ।१७४

आमा रोएर चिच्याई सन्तानलाई पुकार्दथे
पत्नी आफ्नै पतिलाई आत्तिएर बोलाउंथे । १७५

लंकाका नर नारीमा आपत्तीले चयन गर्‍यो
पर्नुसम्म पर्‍यो आपद जीवनको श्रोत नै सुक्यो ।१७६

लंकाका जनता यस्तै संकटका तालमा डुबी
अग्निका तापले गर्दा धेरैको लाश हुरहुरी । १७७

प्रजाको दूरदशा देख्दा रावणको क्रोध उम्लियो
आँखा राता गराएर रिसले अग्नि बाल्दथ्यो । १७८

यस्तो विचल्ली देख्दामा रावणलाई दया उठ्यो
दयाका भावले हेरी आश्वासन उसले दियो । १७९

गर्विला उसका आँखा यस्तो के माथि उठ्दथे
तारा वरुण र इन्द्रादि, सूर्यादि थर्र कास्दथे । १८०

आँखाको तेज उडनाले तुरुन्तै बनी वादल
घनघोर गर्जियो शोर मेघावुँद वर्षि वादल । १८१

इसारामा भयो काम पालन भो अनुशासन
वल शक्ति थियो राम्रो अनुशासन परिपालन ।१८२

सोचिदैन दशा लाग्दा कुनै उत्तम उपायनै
राजमार्ग खुला बाटो काँढाले भरिपूर्ण भै । १८३

मायां छ प्रभुको अदभूत कसैले देख्न सक्छ र
ईश्वरै हुन्छ ता क्रोधित कसले के गर्न सक्दछ ।१८४

आगोमा पानी पर्नाले उल्टो काम त्यहाँ भयो
आगोमा घिउ पोखे झै आगो दन्दनी दन्कियो ।१८५

मानो आकाश झरना पावन धारा झरिरह्‌यो
अशोक वाटिका बीचमा महान शक्ति अडिरह्‌यो ।१८६

घुम्टो खोली पुकार गर्थिन भगवान लाज राखियोस्
हनुमानको शरीरलाई आगोले कत्ति क्यै नहोस् ।१८७

सीताको शक्ति देखेर हनुमानजी खुशी भए
हाँसेका हनुमान देख्दा महिपाल अति जंगिए । १८८

मेरो उज्ज्वल लंका यो एक भाग मात्र नाशियो
काल आई विनासित्ति तमासा किन हेर्छ त्यो । १८९

रावणले गर्छ संवोधन काललाई धिक्कार दिदै
वानरले सव नाश पार्‍यो काल के हेर्छ मख्ख भै ।१९०

प्रजाको यसरी नाश नगरी काल निस्किदे
म आज्ञा अहिले दिन्छु वानरलाई झट्ट खाइदे ।१९१

चटकीको भयले गर्दा वानर भालू ती नाच्दछन्
रावणका भयले गर्दा महाकाल पनि डर्दछन । १९२

तमासा हेर्छ यो काल भन्दै रावण कराल भयो
रावणको भयले गर्दा राजाज्ञा शिरमा लियो ।१९३

मार्दछु हनुमानलाई निश्चय मनले गरी
तत्क्षणै महावीर माथि झम्टेथ्यो कालनै बनी ।१९४

यै हो रावणको शत्रु यस्लाई अब मार्दछु
नमारी छोड्दिने छैन, प्रलयनै मचाउंछु । १९५

हनुमान माथि जाइलागदा महिपाल खुशी भयो
प्रलयै हुन लाग्यो कि देख्नेको मनमा भयो । १९६

जय होस रामको भन्दै अञ्जनीलाल भन्दछन्
संसारकै काल तैं होस्की वीरले झट्ट सोध्दछन् ।१९७

नरजीत कालजीत होस्की विश्वजीत कहलाउने
यो शरीर रामदासकै हो काललाई हराउने । १९८

तँलाई काल भन्छन्ता म आफै महाकाल हूँ
कराल तँ भए लोकमा म कालको विकराल हूँ ।१९९

जसबाट शक्ति पाउदैछ्स, उनैबाट म पाउंदछू
पाएर उनको शक्ति दुष्टको नाश गर्दछू । २००

उनैका शक्तिले गर्दा तँलाई अब जित्दछु
तँलाई पारी हाहाकार यहाँबाट भगाउंछू । २०१

सुनाए वहुतै शव्द रिसले सिंह झैं बने
के गर्न सक्तछ्स भन्दै मुक्का मुक्की पनि गरे ।२०२

जसरी सूर्य पकडेथे काल पकडे तेसै गरी
झ्यांगल झुंगल गरे तिनले संसारै हल्लने गरी ।२०३

त्रिभुवन भरमा खलवल हल्लियो इन्द्र आशन
कैलाशै हल्लियो धेरै हल्लियो शिव आशन । २०४

व्रह्ममाजी अनि इन्द्रादि चिन्ताले सब उदासिए
सल्लाह गरी आपसमा अन्जनीलाल छेउ गए ।२०५

अञ्जनीलाल हौ शान्त, हाम्री विनय गर्दछौं
विग्रेला प्रकृति खेल यसैको भय मान्दछौं । २०६

लंका सारा जलाएर किल्ला नै सब भत्कियोस
नम्र भै गर्दछौं विन्ति काललाई अब छाडियोस ।२०७

इन्द्रादिको सुनी विन्ति तुरुन्तै काल छाडियो
दशाननप्ट्टि फर्केर तत्कालै गर्जन भयो । २०८

आँखा घुमाई हेर्दामा लंकागढ अजवै थियो
ज्वाला जत्ति त्यहाँ बढथ्यो उत्तिनै मन हर्दथ्यो ।२०९

लंकाको छवि देख्दामा वजरंगी उदास भए
लंका जलाउंला भन्दा प्रयासै असफल भए ।२१०

यताउता कतै हेर्दा आँखा एक लाशमा परे
वास्तविक लाश त्यो होइन, उसका पाउ चल्दथे ।२११

ठोकिएको थियो मस्तक बाँधिएका थिए कर
विस्तारै स्वास फेरिन्थ्यो विग्रेको स्वासको स्वर ।२१२

फुकाए वीरले वन्धन अनि सोधपुछ क्यै भयो
तुरुन्तै हात जोडेर उसले विन्ति क्यै गर्‍यो । २१३

धन्य धन्य तिमी धन्य बचाई तिमीले दियौ
शनिश्चर भनि बाँधेका वन्धन मेरो फुकाइदियौ ।२१४

रावणको दिनदशा भन्न उसका दर्वारमा गएँ
साँढेसातको दशा उसको उसलाई सुनाइ दिएँ ।२१५

सुन्दामा अति क्रोधित भै रिसले रुष्ट त्यो भयो
उत्लीखेरै मलाई पकडी बाँधी हालत यो गऱ्यो ।२१६

उपकार गर्नुभो मेरो त्यसको गुण कहिल्यै पनि
तिरेर सकिने छैन गाएरै महिमा पनि । २१७

हनुमान हर्षले सोध्छन् तिमी हौ के शनिश्चर ?
एउटा काम गर्नु पर्नेछ गरी देऊ शनिश्चर । २१८

चाडैं आऊ यता आऊ लंकापट्टि त फर्किदेऊ
साँच्चै शनिश्चर भए देखिन् लंकाको नाश पारिदेऊ ।२१९

शनिश्चरको पऱ्यो दृष्टि लंकाको सर्वनाश भयो
पवनपुत्र भए गद्गद कार्य उनको सफल भयो ।२२०

लंका भयो महाध्वस्त रावणको मद चूर्ण भो
सारा लंका जलाएर घर बाँकी विभीषणको ।२२१

लंकालाई जलाएर अञ्जनीलाल खुश भए
समुद्रमा गए कुद्दै सल्केको अग्नि चोपदिए । २२२

निभाई अग्नि पुच्छरको सानो रुप तिनले गरे
सीता भेटौं भनी मनले तुरुन्तै महावीर पुगे । २२३

विदा म पाऊँ हे माता ! चाँडै नै अब कुद्दछु
यहाँका घटना जम्मै प्रभूलाई सुनाउंछु । २२४

प्रभुले दिनु भो औंठी त्यै जस्तै अरु क्यै पनि
प्रमाणका लागि लैजान्छु मलाई दिनुहोस भनी ।२२५

हनुमानका वचन सुन्दा हृदय भई गद्गद
भक्तलाई दिंदै आसिक सीताजी अति हर्षित । २२६

चूडामणी दिंदै भन्छिन् प्रभूलाई चढाउनू
मेरा जीवनका मर्म सबै तिंम्ले सुनाउनू । २२७

आफ्नो कर्तव्य संझेर शिघ्र मुक्ति गरिदिनोस्
विलम्व नगरी कत्ति आई रावण मार्नुहोस् । २२८

जयन्ताको सबै कर्तूत सीताले हनुमानसँग
बताएर रुदै भन्थिन् दुष्टलाई मार्नुहोस अब । २२९

महिना एक भित्रमा आई राक्षसको सर्वनाश गरी
लैजानु पर्छ हे नाथ जीवन मेरो नवीन गरी । २३०

यदि राघव नआएमा अवश्य पनि बाँच्दिन
आशा विहीन यो जीवन त्यागदछु म त राख्दिन ।२३१

हनुमान तिमी जादैछौ, म बाँचौं अब के गरी
मेरा लागि थियौ आधार नहुंदा रुन्छु धरधरी ।२३२

छुट्न मैले नसक्दामा सहन्छु कष्ट जे पनि
ढुंगा राखेर छातीमा विदाइ गर्दछु पनि । २३३

आत्तिएकी सीता देख्दा हनुमान विन्ति गर्दछन्
स्वीकार हुन्छ माताको बोकेर लान्छु भन्दछन् ।२३४

जे इच्छा छ वचन पाऊँ त्यसै माफिक गर्दछू
माताका वेदना दुःख पाउमा लगि पोख्दछू । २३५

म ऐले जान्न हे वावु रावणको नाश गर्नुछ
रघुनाथ यहाँ आई राक्षसको कुल मास्नुछ । २३६

म त्यही गर्दछु विन्ति निर्धक्क भई बस्नुहोस
नमानी दिक्क हे आमा बिदा मलाई बक्सियोस ।२३७

अञ्जनीलाल भै नम्र झुकाई शिर पाउमा
संचार लिएर जादैछन् तुरुन्तै पुगी रामकाँ । २३८

जान लाग्दा उनी गर्जे राक्षसको मुटु हल्लियो
गर्जना भयले गर्दा सबैको गर्व तोडियो । २३९

सुनेर अट्टहास उनको पृथिवी पर्वत हल्लिए
वानर्ले पाई संकेत आशाका द्वार सब खुले । २४०

आकाशैतिर हेर्दैछन् आइपुगे हनुमान भनी
हर्षले अति गद्‌गद्‌भै उफ्रन्छन् मत्त भै तिनी । २४१

जानकीलाई भेटेर आएको हुनु पर्दछ
भाग्यमानी भयौं हामी हनुमानलाई वधाइ छ ।२४२

खुशीले के गरौं लाग्छ मन यो अति चंचल
हनुमानलाई देख्नमा हृदय हुन्छ उत्सुक । २४३

वजरंग आए गर्जेर अकाश कापिरहेछ
उनैको आवाज सुनेर जंगल कापिरहेछ
अकाश पृथ्वी छाएछ उनैको ठूलो स्वरले
पृथ्वी कापिरहेछ उनको गर्जन स्वरले । २४४

जुन ठाउँ उनी पुग्दछन दुःखीको दुःख हर्दछन्
दिग्गज समेत नागैका थरथर कापिरहेछन्
तलतिर सागर देखिन्छ सनसनी धेर फैलिन्छ
गज्जवको उनको गर्जनले चौतर्फ कापिरहेछ ।२४५

बलवीर आइरहेछन् विजय पाई लंकामा
उनैका बल र शक्तिले संसार कापिरहेछ
हलचल जलमा देखेर वानर नाचे खुशीमा
श्रीराम नाम लिएर आएका भक्त हनुमान । २४६

सागर पार गरेथे वानर दल हर्षायो
सागरको चारै तर्फमा जयजयकार गुन्जियो
वानर्ले उनलाई घेरेथे पुच्छर उनको चुमेथे
वीरका कुरा सुन्दामा मस्तीमा आफै झुम्दथे ।२४७

खाएर मधुवनका फल दिएर कपिपतिले
जयजयकार मनाई उफ्रदैं आए रामका पास
मस्तक झुकाई राममा हांसेर सबका साम्मुमा
जाम्बवानजीले सुनाए वयान फौजका साम्मुमा ।२४८

बोल्दछन ऋक्षपतिले विजय पाए दासले
रामका चरण शक्तिले जानकी भेटे वीरले
प्रभुको कृपा पाएर राक्षसका घरमा पुगेर
श्री जगदम्बा देखेछन् रुखका पातमा लुकेर । २४९

राघवको प्यारो भक्त भै संसारमा कीर्ति फैलाए
लंकामा वीर पुगेर सबैको इज्जत बचाए
भालूका वयान सुन्दामा राघव खुशी भएथे
स्यावासी दिई राघवले छातीमा उनलाई टाँसेथे ।२५०

हे वजरंगी हे भक्त तिमीलाई आसिक म दिन्छु
क्यै दिन मैले सकीन ज्यादै नै लाचार म हुन्छु
म ऋणि भएँ जनंभर के गरी ऋण तिरौंला
वीरको कल्याण सदा होस यहींनै आसिक म दिउला ।२५१

वैदेहीलाई कस्तो छ के गरी जीवन बिताउंछिन्
अन्याय अति सहेरै धरधरी रुदै बस्ती हुन्
सुनेर आज्ञा प्रभुको वीरले शिर झुकाए
देखेका कुरा जति हुन् संपूर्ण व्यथा सुनाए । २५२

सिंहिनी जसरी बस्छे थुनिई काठखोरमा
त्यसरीनै सीता बस्छिन् घेरिइ निश्चर वीचमा
फणीमा मणि पाइन्छ जलमा कमलै पनि
बसेकी छन सीता माता वादलकी विजुली बनी ।२५३

राक्षसका दाँतका बीचमा अडेकी छन् सीता सधैं
अट्टै आँसुका धारा बगेका छन् नदी हुदै
फर्किनै जब लाग्दामा भन्नु भो धरधरी रुदै
जयन्तालाई छोडेको बाणको संझना हुदै । २५४

अपराध के भयो मेरो बिर्सन्छौ यसरी किन
प्राण प्यारी सीता भन्थ्यौ के भएँ तिमी नै भन
प्राण त्याग्न गरें कोशिस सकीन तैपनि रह्यो
दर्शनका लागि यी आँखा पर्खदा बर्ष दिन वित्यो ।२५५

महिना एक तक पर्खिन्छु नआए रघुनाथ यहाँ
पक्का नै प्राण जानेछ होला भेट पछि औ कहाँ ?
सीताजीले हजूरलाई पठाएको मणि पनि
स्वीकार गर्नुहोस नाथ सीताको चिनु हो भनी ।२५६

कति भन्नु कति सुन्नु सीताका दुःखका कथा
विलम्ब यदि गर्दामा थपिने छन् अरु व्यथा
वैदेहीका व्यथा सुन्दा रघुनाथ विव्हल भए
दुःखले हृदय पूर्ण आँसुका झरी वैरिए । २५७

भन्दछन रघुनाथ फेरि प्रिया मेरी मनोरमा
नहुंदा साथमा मेरा डुब्दैछु शोक तालमा
म जस्तो पति तिम्रो भै तिम्रो लागि कुनै पनि
सकिन टार्न दुःख तिम्रो भएछु म मरे सरी । २५८

मिथिलेश्वरी हे सीता ! हाम्रो भाग्य खरावले
ठूलो वियोग पर्‍यो हाम्रो पर्दा कसका सरापले
अहोरात्री तिमीलाई संझदा आँसुका झरी
भुलभुलाई सदा बग्छन् बनेर दीनका सँगी । २५९

महलमा तिमी हुर्किथ्यौ महलैमा तिमी बस्यौ
ऐले पर्‍यो ठूलो आपद राक्षसका वीचमा पर्‍यौ ।२६०

हनुमान गर्दछन विन्ति प्रभुको उच्च विचार छ
दासले पनि क्यै शव्द रघुवीरमा बिसाउंछ । २६१

महलमा पनि संकट छ गरिदैन जहाँ भजन
दुःख पर्दछ त्यस्लाई पर्दैन प्रभुको चरण । २६२

भक्तलाई दुःख हुन्न प्रभुको नामले पनि
रामकै ध्यान तल्लीनमा दुःख पर्दैन क्यै पनि । २६३

विरहानल एक तर्फ मनमा छ रामको छवि
संसारको व्यवहार यस्तै सरदी औ गरमी पनि ।२६४

अब खालि कुरा यै छ लंकामा जानु पर्दछ
रावणका साथमा लड्न तयारी हुनु पर्दछ । २६५

हाँसेर रामले भन्छन् महावीर तिमी धन्य छौ
बुद्धि अक्कलले गर्दा हनुमान तिमी योग्य छौ ।२६६

तिमीजस्ता उपकारी पाइन्नन् यस धरतीमा
पृथिवीमा कुरै छैन पाइन्नन स्वर्ग लोकमा । २६७

जस्तो नाम गरी काम कल्पवृक्ष सदा बनी
चिरंजीवि तिमी होऊ रमाई जीवनै भरी । २६८

भन्न बाँकी कुनै छैन तिमी प्राण समान भयौ
भाइ सीताहरु भन्दा प्राण प्यारो तिमी भयौ ।२६९

दयापूर्ण सुधा शव्द बोलेर आँसु रोक्दछन्
प्रेमपूर्ण शुभदृष्टि भक्तका पनि देख्दछन् । २७०

आफूमा यो अपार प्रेम देखेर हनुमान पनि
हर्षले अति गद्‌गद भै पाउमा पर्दछन् उनी । २७१

आफूलाई अघात प्रेम गरेको देख्न पाउंदा
तुरुन्तै हनुमान पस्रे प्रभुका पुण्य पाउंमा । २७२

स्वामी औ भक्तको प्रेम देख्दा वानर छक्क भए
प्रेमको यो मिलन देख्दा देवता पनि लोभिए । २७३

महावीर यसरी पस्रे रामका पाउमा उनी
रामले गर्दछन् कोशिस उठदैनथे भक्त तैपनि ।२७४

प्रयत्न अति गर्दामा बल्ल तल्ल उनी उठे
हर्ष उमंगले गर्दा रामकै छेउमा बसे । २७५

यस्तो अघात प्रेम देख्दा देवता पनि लोभिए
नमुना यो मिलन देख्दा दुवैमा फूल वर्षिए । २७६

भक्तका प्रिय छन स्वामी रामका प्रिय भक्त हुन्
यस्तै जगतका प्राणी रामभक्त सदा बनून् । २७७

हाम्रो जिन्दगीनै अल्प ईशमा भर पर्नुछ
ईश्वरकै अंश ली जन्म्यौं सबको कल्याण गर्नुछ ।२७८

हनुमान प्यारा भक्त हौ तिमी के दिऊँ तिमीलाई ?
जिन्दगीभरै सक्तिन तिर्न यो ऋण तिमीलाई
कसैले गर्नै नसक्ने काम गरेर देखायौ
त्यसैले ठूलो ऋणको भारी मलाई बोकायौ । २७९

अत्यन्त धेरै लगायौ गुण तिरेर सकिन्न
यी तिम्रा गुण जन्मान्तरसम्म बिर्सन सक्दिन
मागन माग हे मेरा भक्त वरदान मागन
जे कुरा माग्छौ त्यै कुरा दिन्छु खुशी भै मागन ।२८०

जे जति गर्‍यौ गुणनै गर्‍यौ जुन दिन भेटेथ्यौ
सुग्रीवसँग भेटघाट गराई मिलन गरायौ
समुद्र तर्‍यौ जानकी भेटयौ बलशक्ति देखायौ
सुवर्ण लंका जलाईकनै चुनौती दिएथ्यौ । २८१

यो ऋणबाट थिचिएँ म ता सदाको ऋणि भै
उपकार तिम्रो बिर्सने छैन माग न वरदान क्यै
तन मन धन सर्वश्व दिन स्वीकार गर्छु म
जुन कुरा माग्न उचित लाग्छ त्यै कुरा दिन्छु म ।२८२

अमृतमयी शीतल शव्द बोलेथे रघुनाथ
प्रभुकै स्वरमा भक्तिले पूर्ण बोल्दछन् हनुमान
श्रीरामचन्द्र आनन्दकर म तिम्रै दास हुँ
यो सब प्रताप प्रभुको थियो चरणको भक्त हुँ ।२८३

चरणमा मैले स्थान पाऊँ निरन्तर भक्तिधार
प्रभुकै नाम जपेर बसौं पाएर यो आधार
भक्तिको मूल नसुकोस कैल्यै भक्तिकै रस पिऔं
जुन ठाऊ पुगौं रामकै कथा सुनेर म जीऔं ।२८४

हरिको भक्ति म पाऊँ साथमा म बसौं प्रभुसाथ
भक्तिको श्रोत अटूट बगोस गर्दछु यही आश
तथास्तु भने राघवजीले प्रशन्न अति भएर
वजरंगलाई अंकमाल गरे छातीमा टासेर । २८५

भोलिपल्ट सवेरैमा सुग्रीवलाई बोलाइयो
लंकामा कसरी जाने आपसमा वातचित भयो ।२८६

सुग्रीवलाई प्रभु भन्छन् शीघ्र गैकन लडनु छ
रावणको वंश नाश पारी जानकी ल्याउनु पर्दछ ।२८७

वानर छन रणका धीर शक्तिका ती मुहान छन्
राक्षसका सँगमा लड्न ज्यादै उत्सुक गर्दछन् ।२८८

वानर भालू बोलाएर तयारी अब गर्नुछ
मारेर निश्चरीलाई पृथ्वी रातामय पार्नुछ। २८९

इन्साफ औ धर्म इज्जतका निंतिमा हामी लड्दछौं
अधर्मी दुष्ट पापीलाई संग्राम्मा हामी मार्दछौं ।२९०

वाक्य पूरा नहुँदैमा बोलाई भालू वानर
सुग्रीवजीको भयो आज्ञा पूरा फौज तयार गर ।२९१

वानर भालू भए जम्मा प्रशन्न अनुहार थियो
रावणका साथमा लडन सबैको हौसला बढ्यो ।१९२

अरवौं अरबौं संख्या देखेर रामले पनि
मित्रको सहयोग पाई प्रशंसा मनले गरी। २९३

प्रचण्ड अति दुर्दण्ड विकट र बलवान थिए
आज्ञा पाएर राजाको लडनलाई तयार थिए ।२९४

गर्दथे फूर्ति वानरले लंकावासी विनाश गरी
भूमिको प्यास मेट्दिन्छौं राक्षसको बलिदान दिई ।२९५

हर्षले किलकार मार्दै फूर्तिले फौज हिडदथ्यो
उफ्रदा उड्दथ्यो धूलो ढाकेर ज्योति सूर्यको ।२९६

आपसमा गर्दथे बातचित रावणको नाश गर्दछौं
ल्याएर जानकीलाई रामका साथ राख्दछौं। २९७

जंगलका वासी वानरले खल्वलै गरी हिड्दथे
एक्लैले मार्दछु रावण प्रतिज्ञा पनि गर्दथे। २९८

लंकावासी ती राक्षसले त्यो हल्ला नीत सुन्दथे
लंका फेरि जलाउंला कि डरले थर्कमान थिए ।२९९

आश्वासन पाउनका लागि लंकेशका घर पुग्दथे
लंकाको गर्नुहोस रक्षा भन्दै शंकर पुकार्दथे। ३००

झर्नाको पानी झैं निर्मल, मान्छेको आत्म बन्दछ
लोभ लालच सबै त्यागदा, मान्छेले आफू चिन्दछ ।

त्यागदामा अभिमानलाई, आखिर्मा मोक्ष मिल्दछ
जस्ले आफ्नो र अर्काको भलाइ नित ठान्दछ ।

आत्मा त्यसको भए पत्थर, चिन्तामै नित डुब्दछ
सदा निर्मल् भए चित्त, सहजै मुक्ति मिल्दछ ।

सम्प्रदाय न हो धर्म, धर्म होइन कुनै गफ
मित्रता नै ठूलो धर्म, सद्मार्ग प्यारको पथ ।

विश्वका जनता आफ्नै सम्झेर मेल गर्नु हो
सेवाको भावना राख्नू, धर्मको मुख्य ध्येय हो ।

# शरणागत विभीषण

सिन्धूका तटमा आई बसेका छन् कपिका दल
सहारा तिनको पाई आनन्दित छन् रघूवर ।१

लंकामा छ निकै हल्ला दुखित छन् निश्चरीहरू
के होला अब के गर्ला, गर्छन् चर्चा तिनीहरू ।२

जैलेदेखि विशाल लंका जलाए वायु पुत्रले
संझिदा मुटु हल्लिन्थ्यो झसङ्ग भई दुःखले ।३

मन्दोदरी सधैं भन्थिन् मिल्नूहोस् रघूनाथसंग
हूँदैन यदि सन्धि ता नाश हुन्छ सबै कूल ।४

हे प्रजा नाथ हे स्वामी पृथिवीका अधिपति
चिन्ताले मुटु नै जल्छ सन्तानको हुन्छ कुन गति ।५

लंकामा दुःखले छायो प्रलयै हुन्छ झै भयो
गतिशील हनुमान देख्दा मेरो ता होश नै गयो ।६

भन्दछौ तिमीले बालक तिम्लाई मार्न सक्दछन्
सकेनौ तिमीले चिन्न तिनैले प्राण हर्दछन् ।७

भाग्य हाम्रो भयो टाढा, उज्याला दिन सब गो
राजाको गल्तीले गर्दा राज्य यो सब डूब्छ रे ।८

अर्काकी नारी हर्दामा अति नै भ्रष्ट बन्दछ
जति नै शक्तिशाली होस् समाजले नीच ठान्दछ ।९

अहंकार सबै त्यागी सीतालाई बुझाउनु
राम त्रैलोक्य संझेर, गएर हात जोड्नू ।१०

राम हुन् जगका स्वामी विष्णु हुन् परमेश्वर
सीता हुन् अम्बिका काली राम हुन जगदिश्वर ।११

नगरौं वैरभाव स्वामी, नगरौं खेलवाड कुनै
सुम्पी देऊ सीतालाई सुम्पिन्नौ मर्दछु रुँदै ।१२

अकेलै हनुमान आई लंकाको सर्वनाश गऱ्यो
त्यसैको निहूले गर्दा छोराको ज्यान समेत गयो ।१३

हे नाथ ! सुनियोस् विन्ति भलाइका निमित्तमा
अन्त्यमा भोग्न पर्ने छ लेखेको के छ भाग्यमा ।१४

मेल होस् निज बन्धूमा विरोधभाव कहिल्यै नहोस्
आफ्नैजाति मिलेदेखिन् ईश्वरले कूशलै गरोस् ।१५

रानीका दुःखका शब्द सुन्नाले रावण झोक्कियो
आँखा राता बनाएर रिसले चूर त्यो थियो ।१६

रावण अति रिसाई बोल्दछ मुखै बिगारी
वैरीको तारिफ गर्छ्यौं ता भएर त्यसकै पुजारी
तपसी तिम्रो कोइ होइन त्यसले केही गर्दैन
शत्रुको पक्ष लिएर मसंग बोल्नु पर्दैन ।१७

वीरकी पत्नी तिमी हौ काँतर बनी बोल्दछ्यौ
हिनामी बनी तिमीले इज्जत आफनो फाल्दछ्यौ
बोलेको ठेगान छैन ता नामर्द त्यस्लाई भन्दछन्
विश्वासघाती म हुन्छु सबैले मलाई थुक्दछन् ।१८

पश्चिममा सूर्य उदाओस पूर्वमा सूर्य अस्ताओस
आकाशका तारा झरेरै पृथिवीभरमा सजाओस
जे हुनुपर्छ त्यो ठीक छ मबाट कुनै रोकिन्न
मर्नका लागि तयार छू पत्नीको सुझाव चाहन्न ।१९

पत्नीको सल्लाह मानेमा घरकी मालिक त्यै हुन्छे
घरकी हर्ताकर्ता भै पतिलाई समेत निकाल्छे
ती बानर भालेभन्दा ता यो शाही पदै महान छ
जानकी लान म दिन्न जहाँतक मेरो शक्ति छ ।२०

अजवको शक्ति मैमा छ अजवको शान मैमा छ
संसारको ज्ञानी आफैं छू अगम्य शक्ति मैमा छ
आतुरी चातुरी तँ आफै कायरीभाव नदेखा
गुणकी बन्दै आगरी दिलकी काँतर नदेखा ।२१

शत्रुको पक्ष लिन्छेस् ता तुरुन्त ऐल्यै निस्कीजा
रिपूको तारिफ गरेमा महलैबाट भागिजा
म वीर धीर महावीर लंकाको महान राजा हूँ
पूलस्त्य ऋषिको म नाति शिवको भक्त महान् हूँ ।२२

ए मेरा मन्त्री वीरै हो सबैको विचार कस्तो छ
शत्रुका सेना आएर लंकामा लड्न तयार छ
हे मेरा कर्मचारी हो ? रणको नीति बताऊ
कसरी पो नासिन्छ आआफनो राय बताऊ ।२३

निर्णय गर्‍यो सभाले राजाले चिन्ता नलिनू
सिंहको सामू पर्नलाई स्यालले कठै के सक्नू
तपसिजन अक्कलका अति नै काँचा देखिन्छन्
वनका वानर भालू ती असूर देख्दा डराउंछन् ।२४

लड्नमा यदि आउंछन् ता भुसुना जस्तै ठान्दछौं
वानर भालू मारेरै लंकाको रक्षा गर्नेछौं
वानर हाम्रा खाना हुन् फिक्री नै मान्नू पर्दैन
शक्ति छ हाम्रो महान झोक्रिनु पर्ने छैन ।२५

विभीषण थिए सामूमा भन्दछन् भयो अनर्थ
यिनैका कुरा पत्याए राज्यको नाश हुनेछ
मनमा कुरो अर्कै छ मुखले गर्छन चिप्ला वात
यिनको विश्वास नगर्नु गरेमा हुन्छ विश्वासघात ।२६

विषको प्याला मनमा मुखले गर्छन् मीठा वात
जसले ता केही गर्दैन त्यसैको ठूलो यस्तो धाक
मुखले ठीक्क पार्दैछन् छातीमा छुरी धस्तछन्
कुराको पत्यार नगर्नू यिनैले धोका दिंदैछन् ।२७

अयोध्यापति ईश्वर हुन् बालक भनी नठानौं
उनका साथमा लड्दामा राक्षसको इज्जत नफालौं
किमती असल हीरालाई घनले ठोकी फुटाल्दा
नोक्सान आफ्नै हुनेछ हीराको पारख नजान्दा ।२८

मुखमा एउटा कुरा छ हातमा लाग्दो छूरी छ
असली कुरा गर्नलाई प्राण फाल्नु जस्तै गाह्रो छ
सल्लाह दिनु भनेको राज्यको भलो गर्नु हो
नक्कली विश्वास दिनु नै राजालाई धोका दिनु हो ।२९

तिमी नै महान राजा हौ शिवका प्यारा भक्त हौ
संसार भरका बलशाली ज्ञानका महान भण्डार हौ
राजाका पनि राजा हौ निश्चर दलका प्यारा छौ
विद्याका तिमी खानी छौ तैपनि मतिभ्रष्टा छौ ।३०

विचार शक्ति ठूलो छ तैपनि मनमा के के छ
भलाई एवं खरावी नबुझ्नु ज्यादै अभाव छ
कुन बाटो लाग्नु राम्रो हो कुन काम हाम्रो खराव हो
यो कुरा राम्रो बुझेमा सबैको कल्याण हुनु हो ।३१

बुद्धिका सागर तिमी नीति र धर्म फाल्दछौ
ऐश्वर्यशाली राजा भै अर्काको धन ताक्दछौ
जानकी लगी बुझाऊ भएको गल्ती देखाऊ
रामका सामू खडा भै विनम्र शिर झुकाऊ ।३२

भाइको कुरा सुन्नुहोस् मनमा आफनो गुन्नुहोस्
लंकाको कल्ल्याण चिताई आनन्दसाथ बस्नुहोस्
के भयो राजन तपाईलाई बन्चरै हान्छौ छातीमा
अधर्म गर्दा अवश्यै नाशस्य हुन्छ जातिमा ।३३

यो मेरो विन्ति सुन्नुहोस वंशको रक्षा गर्नुहोस्
सीतालाई लगी बुझाइ शान्तिको सास फेर्नुहोस
तपाईको कान्छो भाइ हूँ, दाज्यूको कल्याण चाहन्छु
उचनीच भए क्यै शब्द हात जोडी माफी माग्दछु ।३४

सीतालाई हरण गर्दामा झगडा ठूलो बढायौं
एउटा सानो हरिण भै सुतेको बाघलाई जगायौ
अति नै दुःख लाग्दछ काललाई तिम्ले जिस्क्यायौ
बलेको अग्निकुण्डमा जानेर पनि हाम फाल्यौ ।३५

जे हुनु पैले भैसक्यो अब त शोच्नु पर्दछ
नगर्ने काम गर्दामा सजाय भोग्नु पर्दछ
यो विन्ति मेरो सुनियोस् आत्मले पनि गुनियोस्
नपुगे बुद्धि स्वयंको भाउज्यूको विन्ति सुनियोस् ।३६

युद्धमा दाज्यू नलागी सतर्क हुनु पर्दछ
सहोदर भाइ सम्झेर अनुरोध मान्नै पर्दछ
झमेला सारा हटाई विषको प्याला तानेर
नप्यूनू दाज्यू त्यस्लाई अमृत भन्ने संझेर ।३७

जानकी आदि शक्ति हुन् जगदम्वा जया श्रीमाता
उनलाई दुःख दिदामा हुँदैन हाम्रो कल्याण
यति नै के पो भनेथे फरक्क फर्के दशाशिष
गराई आँखा अरुण झैं उठाए उनले भुजा वीस ।३८

नकरा धेरै विभीषण के दिऊँ तँलाई सजाय
नभइ भाइ अरु कोइ काटेर शीर सजाय
दुस्मनका साथ लाग्दिन यो ज्यान जावस् मिल्दिन
ज-जसो हुन्छ सहन्छु रावणको इज्जत फाल्दिन ।३९

लड्दामा ज्यानै जान्छ ता त्यसको मत्लव क्यै छैन
कलंक लाग्छ सहन्छु जानकी लगी बुझाउन्न
हातमा पर्ने माछोलाई पाखामा फयाक्न चाहन्न
जो आउंछ आओस कराओस, कसैको स्तो म लिन्न ।४०

लंकाको महान सम्राटलाई कलंक लाउन चाहन्छस्
म जस्तो ठूलो शक्तिलाई दवाउन तैले खोज्दछस्
वनवासी दुबै दुश्मन हुन् तिनैको गुण गाएर
कृतघ्न रैछस विभीषण निकाल्छु धिक्कार दिएर ।४१

कुलद्रोही कायर तँ रैछस् यॉबाट शिघ्रै गई हाल्
तँलाई देख्नै सक्दिन फुटाली टाउको मरिहाल्
जुन नीति तेरो मन्मा छ उसैकहाँ गई सुनाइदे
जेजे छ मैले भनेको त्यो पनि कुरा लगाइदे ।४२

कुलघाती दुष्ट तँ रैछस् कसरी बस्न सक्दछस्
खाएर सिता लंकाको शत्रुको गुण गाऊँछस्
तँलाई भाइ भन्दिन राज्यमा मेरो राख्दिन
धिक्कार दिन्छु हज्जारवार दुष्टलाई भाइ भन्दिन ।४३

महिमा जसको गाएंछस् उसैलाई अर्ति बुद्धि दे
उसैको नोकर भएर उसैको पाउ दापिदे
मलाई काम लाग्दैनस, मलाई दाज्यू ठान्दैनस्
दुश्मनको तारिफ गर्दैछस्, मलाई विश्वास गर्दैनस् ।४४

किटेर दाँत कट्‌कटी हानेर लात्ती बेस्करी
गुल्ट्याइदियो रावणले वीर ज्यादै निष्ठूरी
शत्रुको पक्ष लिएर मलाई तैले सम्झाउने
दिमाग तेरो खुस्केछ यस्तालाई मैले के भन्ने ।४५

अनुहार देख्दा घीन लाग्छ तेरो मुख हेर्न चाहन्न
खुरुक्क निस्की तँ गैहाल राज्यमा तँलाई राख्दिन
यो लंका छाडी चांडै जा आखिरी वचन म दिन्छु
भाइको नाता टुटेछ, महान दुश्मन ठान्दछु ।४६

विभीषण भन्छन् खडा भै राजाको हुकुम मान्दछु
लेखेको जे छ निधार्मा खुशी भै त्यस्लाई स्वीकार्छु
भाइको नाता टुटायौ वेइज्जत मेरो गरायौ
मुर्खका कुरा पत्याई भाइलाई तिम्ले निकाल्छौ ।४७

विष र अमृत दुबै चीज त्यै ठाउंबाट निस्कन्छ
विष सबलाई मार्दछ अमृतले सबै व्यूँताउंछ
नराम्रो कुरा सोचिन्छ बुद्धि र मति हराउंछ
दाज्यू हो भनी संझाउंदा त्यसैले ठोक्कर पाउंछ ।४८

अपराध मेरो भएछ राजाको हुकुम मान्दछु
मलाई विदा दिनुभो, रामकै शरण जादैछु
दाज्यूलाई लंका प्यारो छ मलाई भक्ति प्यारो छ
पुर्खाको थलो छोडनलाई मलाई अति गाह्रो छ ।४९

अधर्मी काम गर्दछौ वंशको नाश गर्दछौ
जस्ले त भलो चिताउंछ उसैलाई शत्रु ठान्दछौ
बुद्धि र मति हरायो धर्मले साथ छोडेछ
निधार्मा जे छ लेखेको अवश्य भोग्न पर्नेछ ।५०

मैले दाज्यू संझेंथें अनुरोधसम्म गरेंथे
मनमा लाग्दा कुरालाई दाज्यूका सामू पोखेथें
सुनाई केही भएन मनको कालो गएन
दाज्यूको न्याय यै हो त? कुलको इज्जत रहेन ।५१

अजर अमर कोइ छैन आउने र जाने बराबर
बसन्त आउंदा साथैमा ल्याउंछ उसले वहार
अड्‌दछ दुई महिनातक टिक्दैन धेरै बेलातक
आउने र जाने दुबैको हुँदैन कुनै निश्चित ।५२

जसले त यहाँ पठाउंछ उसैले रक्षा गर्दछ
हरिको भक्त म आफैं उसैले मलाई बचाउंछ
तुजुक धेरै अडदैन जीवन पनि रहन्न
मर्नुछ पक्का भनेर कसैले पनि संझिन्न ।५३

नबन दाज्यू घमण्डी, हुदैन यस्तो पाखण्डी
सबैको मार्ग एउटै हो रहन्न धेरै जिन्दगी
ज्यादै नै गरें अनुरोध कानमा तेल हालियो
सुवर्ण पुरी लंका यो चांडै नै ध्वस्त हुनेभो ।५४

रावण अति जंगियो विभीषणलाई चट्‌कायो
विभिन्न गाली गरेर लात्तीले पनि लत्यायो
यी तेरा धाक धक्कुलाई म धेरै सुन्न चाहन्न
जा अधम जाजा निस्की जा तँलाई यहाँ राख्दिन ।५५

लंकाको घरवार वान्धव सबै छोडेर
विभीषण गए सरासर राघवलाई संझेर
शरण पर्छु ख्वामितकै उनले शरण लिनेछन्
शरणमा आयो भनेर अवश्य दया गर्नेछन् ।५६

हे रघुनाथ आउदैछु दयाको भिक्षा माग्दैछु
श्रीराम भए पुग्नेछ बान्धवबाट टाढा छु
शत्रुको भाइ नभन्नोस पाउमा स्थान दिनुहोस्
चरण पक्री रुनेछु कृपाले. मलाई हेर्नुहोस् ।५७

रामका कोमल चरणमा भक्तिले शिर झुकाई
बगाउदै आँसु बलिन्द्र प्रभुका पाउ भिजाई
न चिम्ली आँखा हेर्नुछ रामको उज्ज्वल मुहार
रामकै शरण आउदैछु गर्दैछु महापुकार ।५८

ब्रह्मा र शिव इन्द्रैले परम पूज्य ठान्दछन
नारद सनक आदिले उनकै ध्यान गर्दछन्
कलिको पाप नाशनलाई गंगाजी यहाँ उत्रेकी
प्रभुकै ध्यान गरेर यो पृथिवीमा झरेकी ।५९

प्रभुले छुंदा तुरुन्तै विमल मूर्ति भइथिन्
गौतम पत्नी अहील्या प्रभुकै ध्यान गर्दछिन्
केशरी पुत्र बजरंगी अत्यन्त प्रिय हुंदामा
प्रभुको आसिक पाएर अमर भए धर्तीमा ।६०

भरतले राम सम्झिन्छन् रामकै नाम जप्दछन्
चौवीसै घण्टा राघवलाई हे राम भन्दै पुकार्छन्
महलको सुख त्यागेर लक्ष्मण वनमा संगै छन्
मान र सम्मान त्यागेर रामका पछि लाग्दैछन् ।६१

रामको गुण गाएर नारद कैल्यै थाक्दैनन्
सर्वज्ञ ईश्वर उनै हुन् मुर्खले उनलाई चिन्दैनन्
मनमा भक्ति छैन ता हरिको दर्शन पाइन्न
शरण पर्न म जान्छु यो मौका पछि आउँदैन ।६२

अधैर्य ज्यादै भएँ रामकै चिन्तन गर्दैछु
आजकै दिनमा पुगेर रामको दर्शन पाउने छु
धैर्यको बाँध बाँधेर पाउलाई शिघ्रै पकडौंला
भरेर आँशु आँखामा रामका पाउ चुमौंला ।६३

निराश नभै कति नै अब त चाँडो पुग्नेछु
वेदना व्यथा कोशेली लगेर उनलाई बुझाउंछु
अवश्य दया गर्नेछन् पुकार मेरो सुन्नेछन्
करुण व्यथा सुनाउंदा अवश्य पनि बुझ्नेछन् ।६४

यो पनि उनले संझन्थे वैरीको भाइ भन्लान् की
मायावी हो कि भनेर अपमान मेरो गर्लान् कि
यही नै कुरा खुलाई मनले फेरि सम्झन्छन्
जेसुकै गरुन् हरिले दासलाई जे जे गर्दछन् ।६५

पाउमा रुँदै पक्रन्छु बेस्करी पाउ पक्रिन्छु
प्रशस्त आँशु बगाई बाहुमा पक्री झुण्डिन्छु
कसो त दया नगर्लान् मलाई कसो नसोध्लान्
साक्षात हरि उनै हुन् शरण पर्छु जे गर्लान् ।६६

वेदना पीडा बुझ्नेछन् बगेका आँशु पुछ्नेछन्
शरणमा आयो भनेर कृपाले जरुर हेर्नेछन्
जे गर्नुपर्छ गर्नेछन् यिनकै शरण पर्दछु
रिसाए पनि रिसाउन् विनम्र भई बोल्नेछु ।६७

निराश यदि गरेमा चुपचाप भई बस्नेछु
लत्याए पनि उनैले उनैलाई आफनो ठान्नेछु
वैरीको भाइ भनेमा विनम्र भै विन्ति गरौंला
रामकै पाऊ समाई कसम धेरै खाऔंला ।६८

लत्याए पनि लत्याउन लंकामा फेरि फर्किन्न
बस् म मर्न तयार छु दाज्यूको शरण पर्दिन
सन्यासी बरु बन्नेछु लिएर माला जाप्दछु
घुमेर घना जंगलमा आगाको धुनी लगाउंछु ।६९

चरणको धूलो लिएर निधारमा टीका लाएर
संझेर उनै हरिलाई उनकै भजन गाएर
बस्दछु जीवन विताई काललाई सधैं पर्खेर
बस्नेछु एकलै जंगलमा खरानी विभूत घसेर ।७०

लिएर मन्त्री साथैमा बसेर सुन्दर विमानमा
विभीषण हिंडे श्रीरामकहाँ भरेर आँशु नजरमा
मधुर गाना गाएका मधुर ध्वनि मधुर तान
कामेर थरथर आउंदैछन् जानकीपति संझी नाम ।७१

दाज्यूले उनलाई निकाले, रामलाई सम्झे भगवान
बजाइ बाजा आएका श्रीरामभक्त विभीषण
शत्रुको भाइ संझेमा अवश्य पनि मार्नेछन्
यो दुःख कष्ट छुटाई यो भवबाट तार्नेछन् ।७२

आमाको आज्ञा लिएर आएका थिए शरणमा
आमाले अर्ति दिएकी गएर पर्नू शरणमा
आमाकै अर्ति मान्दछु प्रभुकै शरण पर्दछु
जे हुन्छ आज्ञा प्रभूको त्यही नै कुरा मान्दछु ।७३

म जान्न कतै हे प्रभू दयाले मलाई हेर्नुहोस
ममाथि कृपा गरेर रघुको नाम थाम्नु होस
हे नाथ हात जोड्दछु प्रभुकै भर पर्दछु
शरणमा लिनुहुदैछ भनेर विश्वास गर्दछू ।७४

प्रभुका पाउ दाप्ने छु वानरका साथमा बस्नेछु
जोआज्ञा हुन्छ प्रभुले त्यही नै काम गर्ने छू
प्रभुकै सेवा गरेर अन्तिम स्वास फेरौंला
रामको नाम जपेर यो भवसागर तरौंला ।७५

विभिन्न थरी लहर झैं उनका मनमा विचार
रावणका भाइ आइपुगे तुरुन्त तरी सागर
भालू र वानर आदिले विभीषण त्यहाँ देखेथे
उफ्रँदै गई सुग्रीवकाँ उजुरी गर्न गएथे ।७६

आएर कपिराज भन्छन् राघवलाई सबै कुरा
आएको छ यही वैरी बुझ्नलाई भई छुरा ।७७

चाल यसको नराम्रो छ वैरीको भाइ भैकन
आज्ञा पाए लगार्नेछौं वानर भालू मिलिकन ।७८

मायाधारी यिनै हुन्छन् मलाई डर लागदछ
यसको अनुहार देख्दा मेरो ता मुटु काप्दछ ।७९

शंकैशंका मलाई लाग्छ यसमा केही रहश्य छ
ज्यानको आश मारेर यहाँ त्यो किन आउंछ ।८०

पूर्व जाने भएदेखिन् पश्चिम जाने ती भन्दछन्
एउटा काम भएदेखिन् अर्कै काम बताउंछन् ।८१

मेरो त मनमा लाग्छ चाला यसको खराव छ
आज्ञा पाएँ भने ऐले यसलाई बन्दी गर्नुछ ।८२

भाइ बन्दी भएकोमा रावण आउने छ दौडदै
सीताजी पनि ल्याएर सुम्पेला अति तडप्दै ।८३

त्यसैवेला दुबैलाई हामी पकडेर थुन्दछौं
हामीलाई दियो दुःख त्यसैलाई सताउंछौं ।८४

छोड्दैनौं अब छोड्दैनौ आज्ञा मात्र मिलोस् प्रभू
राख्दैनौं अब ता बाँकी लड्न हुन्छौं तयार बरु ।८५

जाम्ववान नम्र भै भन्छन् यो हो अन्यायका कुरा
वीरले यसरी भन्नू सुहाउने छैन यो कुरा ।८६

धर्मवान अनि योद्धाले चुनौती दिन्छ युद्धमा
वैरीलाई बताएरै ज्यान फाल्दछ युद्धमा ।८७

भेदभाव लिनालाई यदि आएको छ त्यो भने
नगर्नु बढियाँ चासो बुझौंला हामीले भरे । ८८

धोका दिन्छ भने देओस् त्यसको पर्वाह छैन क्यै
लक्ष्मणको वाँणले मर्ला त्यसमा संदेह छैन क्यै ।८९

आएको लड्न त्यो होइन शायद मिल्न पनि सक्दछ
कुरा नै नबुझी हामी बकबाद गर्नु बेठीक छ ।९०

या त रावणद्वारा नै माफी माग्न लगाउन
यसैले नबुझी केही शंका लाग्यो भनीकन ।९१

या त रावणमा टक्कर पर्‍यो कि क्यै भनाउन
नगरौं अरुको चासो महाँमुर्ख बनीकन ।९२

जाम्ववानका सही शब्द सुनेर रघुनाथले
राम्रो स्वागत गरी ल्याऊ गएर लक्ष्मणले ।९३

जसको छ बुद्धि निश्छलको मैलाई जित्न सक्दछ
दगावाज फरेवीले त्यस्ले के गर्न सक्दछ ।९४

शत्रु होस या अरु कोही शरणमा पर्न आउंछ ता
हृदयैले दिदैं माफी त्यस्लाई दिन्छू मान्यता ।९५

राख्नेछु मुटु मन्दिरमा पियारो भक्त हो भनी
त्यस्ताको हित गर्नेछु जन्मभर स्वागतै गरी ।९६

बन्ने छू गतिशील साथी गर्ने छू त्यसको पूजा
यदि सम्झन्छ त जसले त्यसैसाथ मिल्छु सर्वदा ।९७

विभीषण आएका छन्ता प्राण झैं गरी राख्दछू
शंका नै गर्नु पर्दैन लक्ष्मण जस्तै म ठान्दछू ।९८

शरणमा पर्न आउनेको ज्यान उसको बचाउछु
संसारले त्यसलाई चिन्छ राम्रो नाम चलाउंछु ।९९

तिरस्कार जसले गर्ला शरणार्थीहरुकन
त्यस्तालाई दिई धिक्कार पत्थर हो त्यसको मन ।१००

ठूलो पाप महापाप शरणार्थीहरु त्याग्नु हो
साहेता उनलाई गर्नु मानिसको मुख्य धर्म हो ।१०१

तन धनको कुरै छैन ज्यान जान्छ भने पनि
शरणागतको स्वागत गरेमा हुन्छ त्यो सुखी ।१०२

शरणागतको चर्चा सुन्दामा अञ्जनी कुमार
श्रीरामचन्द्रको छाती रहेछ अति नै उदार ।१०३

शरणागत वत्सलको जय होस् जय होस भनी
जय होस जानकीजीको जय होस रामको भनी ।१०४

नाथ मैले क्षमा माग्छु क्षमा विभीषणमा पनि
माफी माग्दछु हे नाथ दिनुहोस दास हो भनी ।१०५

विभीषण पनि भक्तै हुन् उनको स्वागत म गर्दछु
उनलाई बोलाएर नाथलाई चिन्हाउछु ।१०६

पहिले म जानकी खोजन लंकाका घरघर पसें
नपाई उनको पत्ता मन्मा धेर विचार गरें ।१०७

देखें मैले त्यहाँ एउटा भित्तामा राम नाम थियो
तुलसी वेलपत्रादि रोपेको गमला थियो ।१०८

को होलान भक्त यी भन्थें रावणका भाइ ती थिए
राक्षसका बीचमा बस्ने धर्मात्मा भक्त ती थिए ।१०९

विभीषण तीनको नाम राघवका भक्त थिए
प्रतिक्षण प्रति पल्पलमा रामको नाम जाप्दथे ।११०

त्यस्ता ती रामका भक्त देखेर मन खुश भयो
तीनैद्वारा सीताजीको सबै पत्ता लगाइयो ।१११

तिनले प्रभुको दर्शन गर्नमा अति उत्सुक
राक्षसी चिन्ह देखिन्न शुद्ध छन् भक्त विल्कुल ।११२

भन्दथे भेट्न आउनेछु रामको दर्शन गर्दछु
आफनो मनको धोको त्यसैबेला पुऱ्याउंछु ।११३

त्यसैले आएका यहाँ विभीषण अति सज्जन
गएर गर्दछु स्वागत, प्रभुका तिनी भक्त छन् ।११४

हनुमानका मीठा शब्द सुनेर जगदीशले
स्वागतका साथ ली आऊ अह्राए रामचन्द्रले ।११५

सज्जनलाई डरै हुन्न रणमा वनमा पनि
अंगदादि गई ल्याए स्वागत गर्दै अवीर छरी ।११६

विभीषण नम्र भै आए हर्षले गदगदै भई
विश्वास प्रभुमा राखी मनले भगवान जपी ।११७

टाढैबाट मिल्यो दर्शन, विभीषण हर्षमा डुबे
आँखै आँखा जुझे त्यहाँ लक्ष्मन साथमा थिए ।११८

झुकेर भक्तले हेर्दा कमलापति पाउमा
पैतलामा थियो रेखा औंलामा अरु ठांमा ।११९

आँखा केही उठाएर हेर्दामा जाँघ देखियो
वक्षस्थल अजानु सौन्दर्य प्रभुमा प्रष्ट नै थियो ।१२०

अनुहार अति तेजस्वी जटाजुट मुनि भेषमा
साक्षात् श्री विष्णुको रुप देखेथे अति हर्षमा ।१२१

अंगमा अनि रोम रोममा व्रह्माण्ड विश्वरुपमा
विराट रुपको दर्शन पाउँदा भक्त हर्षमा ।१२२

तुरुन्तै पलमा देखे राजीव नैन चंचले
यस्तो दर्शनको मौका मुस्किलै सुरदेवले ।१२३

तुरुन्तै पाउमा पश्रे गदगदाई लि चित्तले
प्रेमको सूचना गर्दै वर्षाए अश्रु नैनले ।१२४

विनति गर्दछन् भक्त शब्द अड्किन्छ कण्ठमा
घुँक्क घुँक्क गरी रुन्छन् पूर्ण भै अश्रु नेत्रमा ।१२५

शरणमा लिनुहोस् राघव म जान्न अब कही कतै
पर्न आएँ शरण तिम्रो लत्याऊ कि त काखमै ।१२६

देखेर उनको हालत भालू वानर दुखीत
वेदनाशील वानर छन् मनमा अति पीडित ।१२७

लक्ष्मणजीको कुरै छाडौं आँशुले लतपथ भई
मुटुलाई छिया पारी रोएका अति वरवरी ।१२८

हर्षित छन् अन्जनी पुत्र सुग्रीवजी अति लज्जित
देख्नेको कल्पियो छाती, रामको अनुगृहित ।१२९

यथायोग्य भयो भेट भालू वानर आदिको
नजिकै भक्त राखेर आज्ञा भो रघुनाथको ।१३०

लंकेश भन्नुहोस् हालत प्रशन्न चित्त राख्नुहोस्
बताई मनको पीर चित्तलाई पखाल्नुहोस् ।१३१

ज्ञानी र अनि सज्जन भै लंकामा कसरी अड्यौ
अन्यायी राज्यमा बस्दा धर्ममा कसरी अड्यौ ? १३२

तिमी मेरा भयौ मित्र बताऊ मनका व्यथा
म आफैं पनि पोख्नेछु भोगेका दुःखका कथा ।१३३

सज्जन एवं अति निश्छल त्यसलाई प्रेम गर्दछु
त्यस्ता व्यक्तिहरुलाई खोजी रक्षा म गर्दछु ।१३४

अहंकार जसमा छैन त्यस्तालाई म मान्दछु
शत्रु नै होस् कि त कोही होस् त्यस्ताको हित गर्दछु ।१३५

महनीय उदार वाणी सुन्दा भक्त खुशी भए
भक्तले पोख्दथे आफना मर्का पीर जति थिए ।१३६

त्यो व्यक्ति भाग्यमानी हो जसको चित्त छ राममा
जीवनै निर्भये हुन्छ जसको भक्ति छ स्वामीमा ।१३७

चित्त जसको सफा हुन्छ त्यहाँ ईश्वर बस्दछ
स्वर्गलाई पनि त्यागी त्यसैलाई अंगाल्दछ ।१३८

मायाको जालमा फस्छ त्यस्ताले जीवनै भरी
सपनामा पनि शान्ति पाउदैन कतै पनि ।१३९

जीवन हाम्रो क्षणिक संझी जस्ले गर्दछ ध्यान जप
त्यस्ताले भोग्नु पर्दैन सांसारिक दुःख शोक सव ।१४०

प्रभुको गुणागान मैले सुनेको मात्र क्यै थिएँ
प्रत्यक्षै त्यै कुरा ऐले आँखाबाट ती देखिए ।१४१

तिमी हौ विश्वका स्वामी तिम्रो शक्ति अपार छ
तिम्रै नाम भजी मैले यो संसार पार गर्नु छ ।१४२

राक्षसका कुलमा जन्मे आधा जिन्दगी नै गयो
शरणमा लिनुहोस् नाथ नत्र ता मन आत्तियो ।१४३

हे विशम्भर हे नाथ साक्षात् श्री विष्णुजी तिमी
शरणमा पर्न आएँ म प्रार्थना सुनिदेऊ तिमी ।१४४

घरवास सबै त्यागें परिवार र पदै पनि
मलाई छैन क्यै चिन्ता त्यागदामा महलै पनि ।१४५

जति भूल गरें पैले त्यसमा म माफी माग्दछु
नछुटोस् प्रभुको पाऊ यही नै वर माग्दछु ।१४६

शत्रुको भाइ हो भन्ने रिस द्वेष नहोस प्रभू
दाज्यूका मर्काले गर्दा अत्यन्त लज्जितै म छू ।१४७

मेरा औ कुलका दोष बिर्सेर दिल खुशमा
कसैको नसुनी चुकली राख्नुहोस प्रभु पाउमा ।१४८

भक्ति पाऊँ चरण पाऊँ दास भै जन्म जन्मको
शरीरै तन मन अर्पि सेवा गर्दछु रामको ।१४९

तथास्तु भनी मागेथें रामले सिन्धुको जल
त्यस्वेला घन्कियो आवाज विभीषणको भयो तिलक ।१५०

लंकेशको दिई पदवी दुबै साथ अरु क्यै कुरा
ती दुबै मित्रका साथ बिसाए मनका व्यथा ।१५१

तिमी मेरा दुबै साथी सल्लाह लिनु पर्दछ
रावणका साथमा मैले कसरी लड्नुपर्दछ ।१५२

के गरी तर्ने हो सागर अति नै यो विशाल छ
मनमा केही सुझ्दैन मनमा पीर लाग्दछ ।१५३

जानकी रुदि हुन त्यहाँ राक्षसको वीचमा बसी
अनुहार उनको संझी म एकलै रुन्छु वेस्करी ।१५४

चिन्तायुक्त सुनी शब्द गर्छन विन्ति विभीषण
सुल्झिने छ उपाय क्यै पर्दैन शोक क्यै लिन ।१५५

वेगिन्ति दल छन् हाम्रा पुल बाँध्न सिपालू छन्
यदि आज्ञा भए नाथको कार्यमा सब जुट्दछन् ।१५६

तैपनि दासले विन्ति प्रभुलाई चढाउंछू
नसोधी पुल बाँध्नु नै मर्यादा जान्छ ठान्दछू ।१५७

सागरलाई गरी विन्ति उनको राय लिनु वेश छ
सागरले अनि के भन्छन् तत्पश्चात पुल बाँध्नुछ ।१५९

सागर रैछ महाटेडो भन्ने सम्झेर लक्ष्मण
त्यसलाई वसमा राख्छु लौ हेर अब एकक्षण ।१६०

लक्ष्मण लाल भए क्रोधित सहनै अति मुस्किल
गर्दछन् राममा विन्ति पाउमा राखी मस्तक ।१६१

चाँडो जानु छ लंकामा रावणको वध गर्नु छ
दुष्टको गरी नाशस्य सीताको आँशु पुछ्नु छ ।१६२

सोझालाई सबै हेप्छन् कडा नै हुनु वेश छ
क्षार सागर ठूलो होइन त्यस्तालाई छास्नु पर्दछ ।१६३

हामीलाई पऱ्यो आपद सागर बग्दछ मस्त भै
त्यस्लाई मान्नु भन्दा ता राम्रो जल सुकाउनै ।१६४

सागरको गिन्ति गर्नु आफनो इज्जत फाल्नुछ
जाओस जहाँसुकै जाओस त्यस्लाई शोसनु पर्दछ ।१६५

लक्षणको रिस देख्दामा रघुनाथ अधीर भए
शान्त होऊ महाशान्त नदेखाऊ अब रिस भने ।१६६

क्रोधलाई दवाएर लक्ष्मण लाल शान्त भै बसे
संकेत रामको पाई लक्ष्मण चूपचापमा बसे ।१६७

संझाए लक्ष्मुमणलाई समुद्रै तटमा बसी
घटेथ्यो एक कुनै घटना आश्चर्यपूर्ण त्यो घडी ।१६८

शरणागतमा आए लंकाबाट विभीषण
त्यहाँको गोप्यता बुझ्न आएछ दूत तत्क्षण ।१६९

वानरको रुप ली आयो वानकैं दलमा पस्यो
के के गर्दछन् तहाँ भन्दै वानरकै दलमा घुस्यो ।१७०

घनिष्ट मित्रता देख्यो विभीषण बीच रामको
आत्मीय तिनमा देख्दा जिल्लियो दूत जो थियो ।१७१

रामका दलले गर्थ्यो रामकै भजनै कथा
सुन्थ्यो चित्त लगाएर, रसिला रामका कथा ।१७२

एकाग्र चित्त भो त्यसको आखिर वेहोश पनि भयो
होश सारा सबै भाग्यो मदमस्त स्वयं भयो ।१७३

वानरका दलमा बस्दा छद्म रुप खुला भयो
यसरी चिन्हीदा त्यसको सातोपुत्लो सबै उड्यो ।१७४

रावणको दूत हो भन्ने जानकारी हुँदा त्यहाँ
मरणान्त गरी पिट्दा घाउ धेर शरीरका ।१७५

नाक कान सबै काटौं भन्दै वानर भालूले
तयारी भैसके काट्न सबै वानर फौजले ।१७६

चिच्याएर गुहार माग्यो हे राम लछुमन भनी
लक्ष्मुनको पर्यो कानमा विलौना आर्तनाद पनि ।१७७

बोलाएर संगै राखी पुछेथे आँशुका झरी
संझाए यसरी पिट्न हुँदैन दूतलाई पनी ।१७८

नम्रतापनले सोधे लंकाको सब हालचाल
राजा प्रजा दुबै बीचमा राम्रो नै छ कि मेल मिलाप ।१७९

तत्पश्चात लक्ष्मण लालले लेखेथे एउटा चिठी
रावणका नाममा लेखी दूतलाई दिए पनी ।१८०

लगेर पत्र यो तिमले रावणका हातमा दिनू
सीतालाई हरे वापत कुल्को नाश हुन्छ भन्दिनू ।१८१

तँ पापी औ अधर्मी होस् मायावी छली दुष्ट होस्
परनारी हरण गर्ने असत्यी पातकी तँ होस् ।१८२

क्रोध कलह नास्तिकपना चोरी गर्ने परनारी
यिनै चीज हुन् सम्झी राख्नु वंश विनाशकारी ।१८३

आँखा भैकन अन्धो छस् विषको वोट रोप्दछस
अत्याचार गरिस तैले अकालैमा तँ मर्दछस ।१८४

सानो औकात तेरो छ सिंहकासंग लड्नु छ
यसैको अलावा चांडै लंकाको नाश गर्नु छ ।१८५

अझै बुद्धि भए तेरो सीतालाई बुझाई दे
लंकावासीहरूलाई शान्तिकासाथ ज्यून दे ।१८६

तँ होस पुलस्त्यको नाति तेरो बुद्धि कता गयो
तेरै घमण्डले गर्दा छातिमा छुरी रोपियो ।१८७

अझै पनि म भन्दैछु आफना सन्तान बाँच्न दे
राघवका संगमा लड्न् विचारै सब छोडी दे ।१८८

घमण्डीपनले गर्दा लंकालाई किन नाश्दछस्
पत्नी छोरा बुहारीलाई मफतमा किन मार्दछस ।१८९

लक्ष्मण लालको चिठी लिएर दूत गै गयो
ल्याएका दूतले पत्र रावणलाई बुझाइयो ।१९०

रावणले दूतलाई सोध्यो के भन्छन् वनवासी ती
हे सीता ! जानकी भन्दै रून्छन् कि राम वरवरी ।१९१

बताऊ के छ औ हाल विभीषण कप्टीको मति
भाइ भईकन त्यो वैरी देख्ने छु पछि दुर्गति ।१९२

ठूलो वैरी छ त्यो वानर त्यसैले पुत्र मारदियो
पुत्रको सत्यनाश पारी लंकाको क्षति खूव गर्‍यो ।१९३

जोडी हात शुकले बोल्यो त्यहाँ धेर वलवीर छन्
दशरथ लाल छन् धीर उनैको गुण गाउंछन् ।१९४

विभीषणलाई दिए राज्य लंकाको खुशी भैकन
विभीषण राज्य पाउनाले बस्तछन् भक्त भैकन ।१९५

रामका अति प्यारा छन् खुशी छन् ती विभीषण
रामकै गुणगान गाई बस्तछन् रामकासंग ।१९६

वानर छन् शक्तिका खानी बयानै गर्न सक्दिन
भावभक्ति सबै तिन्को यस्तो छ भन्न सक्दिन ।१९७

लक्ष्मणजीले पठाएको पत्र यो पढीबक्सियोस
जे जे गर्नु छ वेलैमा तयारी अब गर्नुहोस ।१९८

बलिया स्वामीका भक्त भालूको गर्नु के कुरा
सुग्रीवका तालमा नाची कार्य गर्छन् सबै पूरा ।१९९

हामीलाई चिने तिनले चुटे पीटे अति गरे
लात्ती हानेर घोक्र्याए बथानैहरूले पिटे ।२००

गुहार्‍यौ लक्ष्मणलाई नत्र ता हामी मर्दथ्यौं
खण्ड खण्ड भई टुक्रा भालूका पेट पुग्दथ्यौं ।२०१

कुराकानी भयो केही लक्ष्मणले पत्र यो दिए
संझाएर बुझाएर हामीलाई विदा दिए ।२०२

शरीरको रुप राम्रो छ व्यवहारमा मिठास छ
दुबैको शान देख्दामा देख्नेलाई लोभ्याउंछ ।२०३

चरणको छवि उस्तै छ वयानै गर्न मुस्किल
साक्षात विष्णु ती हुन् भन्ने मनले गर्छ अड्कल ।२०४

रामले वास गर्नाले समुद्र तट नै पनी
रामकै रुप निहारेर आनन्द साथमा रमी ।२०५

कुशासनमा बसेका छन् लंकातर्फ ती हेर्दछन्
धनुषवाँण लिई हातमा, मानो टंकार गर्दछन् ।२०६

कति विन्ति गरौं राजन सकिदैन वयान गरी
रामको मान्यता देख्दा मनै हुन्छ अति खुशी ।२०७

चारै तर्फ बसेका छन् रामका प्रिय पात्र छन्
सबैको राय एउटै छ रामका प्रिय भक्त छन् ।२०८

ढाकेको छ सबै फाँट रामका फौजले त्यहाँ
वलयोद्धा र रणयोद्धा देखिन्छ अनुहारमा ।२०९

कैयौ कैयौं त्यहाँ वीर सुग्रीव जाम्ववानहरू
धूम्राक्ष नलनील आदि अंगद औ हनुमानहरू ।२१०

गवाक्ष केशरी वीर मयन्त औ दधिवली
लडनका लागि उत्सुक छन् यस्ता वीर कति कति ।२११

कैयौं वानर कटकिन्छन् गर्जिन्छन् खरले भरी
नामी नामी महावीर सुग्रीव अनि केशरी ।२१२

त्यस्ताका सामूमा हामी के गरी लड्न सक्दछौं
क्यै गरी लड्न लाग्यौं ता अवश्यै हामी मर्दछौं ।२१३

मेरा विचारमा राजन् लंकामा यो शिघ्र खण्डित
यो दशा के गरी आयो कालको दृष्टि क्रुर छ ।२१४

कतिसंम गरौं विन्ति रामका फौजको विचार
लोभिदै हेर्दछन् लंका कल्पनामा डुबी अपार ।२१५

रावणलाई गरी खण्ड खोसी सिंहासनै पनी
राजपाठ अनि ताज विभीषणलाई सुरम्यपदी ।२१६

सबको मत यौटै छ विभीषण अति सज्जन
रमेका प्रिय छन् खास उनलाई ताज अर्पण ।२१७

उनैले गर्दछन् राज्य प्रजामा मेलजुल गरी
रमाई बस्तछन् यहाँ लंकाको छविमा रमी ।२१८

यदि आज्ञा मिले देखिन् त्यसको स्वाद चखाउंछौं
रावणका साथमा लड्दै राक्षसको नाश पार्दछौं ।२१९

रावण हो डरपोक कातर त्यसताको गर्नु के कुरा
बलबुद्धि कुनै छैन कुरा मात्र महाँ छुरा ।२२०

यदि शक्तिभए देखि योगीको भेष लीकन
भिक्षाको निहुं पारेर किन जान्थ्यो त्यसै दिन ।२२१

अब चाडो गई त्यहाँ उल्कापात मचाउछौं
महल खोपी सबै तोडी त्यहाँ अग्नि लगाउछौं ।२२२

रावणका जति छन् सेना विध्वंस गरी मार्दछौं
लंकालाई गरी चौपट सागरैमा डुबाउंछौं ।२२३

जगतमाता सीतालाई स्वागतका साथ ल्याउछौं
एकाशनमा बसाएर पूजाले खुशी पार्दछौं ।२२४

सबै पापीहरू मारी दुःख भार छुटाउने
धर्मात्मा कम्जोरीलाई जिन्दगीमा हसाउने ।२२५

यिनै वातचित सधैं गर्थे सुन्नेको मन निर्भय
त्यसवेला गुन्जियो स्वर श्रीराम चन्द्रको जय ।२२६

शुकद्वारा सुनी तारिफ पढेर पत्र त्यो पनी
भन्दछ अति हेपेर राघवलाई यसै गरी ।२२७

वनवासी सधैं वनमा घुम्दैछ तपसी बनी
त्यस्ताले पनि रावणलाई चुनौति दिन्छ तैपनी ।२२८

वानर भालू छ रे हाम्रो आहारा तिनी बन्दछन्
सन्यासी लड्न के सक्लान फौज देख्दा डराउंछन् ।२२९

बुद्धि नै छैन बालकको त्यसै नै फूर्ति गर्दछन्
गर्न सक्दैन जो काम बकबकै मात्र गर्दछन् ।२३०

जसको त शक्ति नै छैन त्यस्ताको गर्नु के कुरा
कमिला चन्द्रमा छुन्छु भने झैं लाग्छ यो कुरा ।२३१

सकेसम्म गरोस त्यस्ले त्यो पनि धाक मात्र हो
आगाको कुण्डमा सोझै गएर हाम फाल्नु हो ।२३२

हात जोडेर शुक भन्छ सुनियोस विन्तिभाव यो
भगवान श्री रिसाएमा खस्ने छ प्रभु ताज त्यो ।२३३

अति उत्तम अति सुन्दर लंका यो भव ताज हो
कल्याणकारी कुरा गर्दा राजालाई विषपान भो ।२३४

विष्णु हुन् रामका औतर जानकी काली मान्दछौं
तिनैमा वैरभाव गर्दा अनीष्ट हुन्छ भन्दछौं ।२३५

सीतालाई बुझाउंदामा रामले कल्याण गर्दछन्
शरण पर्न गएकोमा गल्ती माफी उनी गर्दछन् ।२३५

रामको शक्ति देखेर दुनिया छक्क पर्दछन्
देख्ने सुन्नेहरू उनको तारिफै मात्र गर्दछन् ।२३७

राजाको गल्तीले गर्दा प्रजाले दुःख पाउंछन्
मफतमा विचरा तिनले अकालमा प्राण गुमाउंछन् ।२३८

विद्वान भैकन हे राजन अकार्य किन गर्नु भो ?
विना दोषै सीताजीलाई गएर किन हर्नुभो ? ।२३९

बालक सन्यासी ती भन्छौ तिनलाई जित्न मुस्किल
बालक होइनन् ती कालै हुन् तीबाट बच्न मुस्किल ।२४०

तिमी ज्ञानी महाँपण्डित भएर पनि मूर्ख भै
तिम्रो ता के कुरा गर्नु मारिन्छौ सब वंश नै ।२४१

सोचेर मनमा भन्नोस लंकाको अब के गति
तिम्रो अकार्यले गर्दा लाखौंको प्राणको क्षति ।२४२

तिम्रा ती दश शिरलाई राघवले शिघ्र फोड्छन्
लंकावासी सबै मारी लंका राताम्य पार्दछन् ।२४३

सुनेथ्यो शब्द यी त्यसले रिसले क्रुद्ध पो भयो
दुबैलाई लात्तिले हानी त्यहाँबाट निकाल्दियो ।२४४

तत्क्षणै ती दुबै आए जुन ठाउँ रघु बस्तथे
राक्षसको जुनि त्यागेर अत्यन्त रुपवान भए ।२४५

दुवैको रुप देख्नाले सीतानाथ छक्क पर्दछन्
आश्चर्य घटना देखी राघवले पनि सोध्दछन् ।२४६

ऋषिको जन्म पाएका राक्षसको जुनि सापले
राघवको करुणा पाई तत्कालै मुनि रुपले ।२४७

वन्दना रामको गर्दै बताए सापका कुरा
हात जोडी विदा मागे तपस्या गर्ने मन हुँदा ।२४८

विदा पाई प्रभूबाट ती दुबै मुक्त भै गए
सागरले प्रभुको आज्ञा नमान्दा अति जंगिए ।२४९

सोस्दछु अब यो सागर भन्दै धनुषवाण लिए
रिसले क्रुद्ध भै राघव के गरौं के गरौं भए ।२५०

बोलाउंदा किन आउंदैन यतिका दिन भैसक्यो
सुनेको नसन्यै गर्दा काम बाँकि सबै रह्यो ।२५१

यसोरी कति दिन बस्ने सागरका तटमा सधैं
कसरी फौज यो तार्ने आत्तिन्छु छाती धड्कदै ।२५२

लाखौं सेना यी मेरा छन् सागर तार्ने कसो गरी
सागर त्यो पुर्खा हरे विचारै छैन क्यै पनी ।२५३

शोकको नदीमा डुब्छु सीताको संझना गरी
उपाय अरु क्यै छैन सीता भेटौं कसो गरी ।२५४

दयाका दृष्टिले हेरी सागरलाई बोलाउंदा
आएन भेट्न त्यो सागर पाउनेछ चोट गंकिदा ।२५५

भाइ मलाई टेड्न छाड्यो सागरले पनी
देऊ अब अग्निवाण ताक्छु सिधा गरी ।२५६

सागर पूरै शोषिदिदा बल्ल थाहा पाउंछ
तोवा तोवा भएपछि होश त्यसको आउंछ ।२५७

यति भन्दै धनुर्वाण टंकार क्यै गरे
अग्निवाण प्रयोग गरी हाहाकार पारे ।२५८

धनुषमा वाँण चढ्दा सागर पनि विंझे
जता हेऱ्यो उतैतिर अग्नि ज्वाला देखे ।२५९

माथि हेर्दा क्रोधानल तल वडवानल
दुबैतिर दन्किदैछ महान अग्निज्वाला ।२६०

कयौबेरसम्म सागर पनि रणभूल्लमा परे
चारैतर्फ नजर लाउँदा बल्ल कुरा बुझे । २६१

आखिरमा कन्चनथालमा माणिक रत्न राखी
सागर आए भेट्नलाई ब्राह्मण रुपधारी ।२६२

दर्शन गर्छन राघवको मोती जुहार हातमा
धुक्कचुकाई डरले गर्दा मस्तक राखी पाउमा ।२६३

राघवका पाउ पकडे अश्रुपूर्ण आँखा
हात जोडी विन्ति गरे गाई गुण गाथा ।२६४

पृथिवीको भार हर्न राम औतार लियौ
विष्णु तिमी राक्षस मार्न यो भूमिमा आयौ ।२६५

भक्तलाई रक्षा गर्छौ दुष्ट नाश गर्छौ
भिन्न भिन्न रुप लिदै यो धर्तीमा आउछौ ।२६६

विश्वभरका कृपा सिन्धु भक्त वरदायी
आफ्नैगल्ती हुँदा भएँ आफै पानी पानी ।२६७

सिन्धू वचन सुन्दाखेरी हाँसे रघुनाथ
बताइदेऊ सागर तिमी लाग्ने सागर पार ।२६८

हात जोडी नम्र हुँदै बोल्छन् सागर गम्दै
रघुनाथको आज्ञालाई शिरोपर धर्दै ।२६९

राघवको आज्ञा हुंदा शंकै छैन सुक्छु
एउटा कुरा संझाउन पुनः विन्ति गर्छु ।२७०

कुनै युक्ति गर्दा रहोस् मेरो पनि मान
जस्ले गर्दा राघवको सिद्धि हवोस काम ।२७१

जुन कामले राघवको हुन्छ अमर नाम
त्यस्तै गरी मेरो पनि रहोस् इज्जत मान ।२७२

जुन कामले युगौसम्म संझनामा आउंछ
राघवका कीर्तिसाथै मर्यादाक्रम चल्छ ।२७३

नल नील दाज्यूभाइ वरदान पाएका छन्
दुबै भाइ मिल्दैजुल्दै सेतु बनाउने छन् ।२७४

जतिजति ढुंगा हाल्छन् उत्रने छन् माथि
राघवको कार्य सफल गर्छन सेतु बाधि ।२७५

सक्ने काम मैले पनि अवश्य नै गर्छु
राघवका पाउमाथि मस्तक यो राख्छू ।२७६

पूल बाँधी सेना साथै पार गर्नुहोला
राक्षसको विनाश गरी फर्किआउनू होला ।२७७

अग्निवाणलाई प्रभु उत्तर तर्फ हान्नोस
दुष्टजनको विनाश गरी इच्छापूर्ण गर्नोस् ।२७८

विदा मैले पाऊँ प्रभू गल्ती माफ पाऊँ
युगौं युगौंसम्म रहोस राम कीर्ति नाम ।२७९

सागरको विन्तिभाव राघवले सुने
प्रशन्न भै जाऊ सागर भन्दै विदा दिए ।२८०

सुग्रीवले विन्ति गरे वेर लाउनु हुन्न
कार्य शुरु गरी हालौं ढिला गर्नु हुन्न ।२८१

आज्ञा भयो कपिराजको वानर भालूलाई
कार्य शुरु चाडो गरौं राघव गुण गाई ।२८२

आज्ञा पाउनासाथ तिनले जयकार गाए
ढुंगा एवं सामान लिन सेना सबै धाए ।२८३

चिल्ला चौडा ठूला साना ढुंगा बोकील्याए
ठूला साना वृक्ष ढाली सेतु निंति ल्याए ।२८४

सेतु बाँध्न छानी छानी सामान बोकी ल्याए
राम नाम संझनामा कार्य गर्न लागे ।२८५

मिस्त्रीहरू ज्यामीहरू दोब्बर उत्सुक थिए
भारतका मिस्त्रीहरू सर्वोत्तमै थिए ।२८६

श्री रामको कृपा हुंदा सेतु तयार भयो
सागर तरी लंका पुग्ने साधन पनि भयो ।२८७

यस्तो गाह्रो कार्य गर्न कसको साहस हुनु
राजा एवं महाराजा पक्क पर्दै हेर्नु ।२८८

त्यस्तो काम गर्दा खेरी शयौं वर्ष लाग्थ्यो
राघवको कृपा हुंदा शिघ्र तयार भयो ।२८९

श्यावास कर्मवीर आफनो सीप देखाइदियौ
शयौं वर्ष लाग्ने काम शिघ्र तयार गर्‍यौ ।२९१

इच्छा मेरो पूर्ण गर्न एउटा मूर्ति राख्छू
शिवजीको मूर्ति यहाँ स्थापना गर्छू ।२९२

एउटा सुन्दर मूर्ति बनाइ गर्छू उनको पूजा
युद्ध एवं रणका देव हामी सबका साझा ।२९३

मृत्युञ्जयको आवाहनले वैरी सबै जित्छौं
लड्न जानु भन्दा अघि आराधना गर्छौं ।२९४

आराध्य औ इष्ट देव दुबै रामेश्वर
त्रिलोचनै वास बस्छन् मुटुमन्दिर निर ।२९६

राघवका वाणी यस्ता सुन्दा गुञ्ज्यो जयकार
सीतानाथका कोमल हातले शिवमूर्ति तयार ।२९७

श्रीरामका हातबाट मुर्ति तयार पारी
रामेश्वर नाम राखे चित्त शुद्ध पारी ।२९८

राम भन्छन् राम शिव कत्ति फरक छैन
जस्ले गर्छ भेदभाव शान्ति हुने छैन ।२९९

राम शिव एकै हुँदा उनकै भक्त बन्नु
शिव राम दुबै संझी उनकै ध्यान गर्नु ।३००

कैयौ नदी बग्दै बग्दै सागरमा पुग्छन्
त्यस्तै सबै देवताका भक्त पूजा गर्छन ।३०१

ॐ एकै शब्द जान्दा त्रिदेव भन्ने बुझ्छन्
ब्रह्मा विष्णु महेश्वर सबै खुशी हुन्छन् ।३०२

राघवका मीठा शब्द पवनलालले सुने
दुबै आफना ख्वामीहरू एकाकार भए ।३०३

उत्साह र उमंगमा भक्त खुशी हुन्छन्
द्वय स्वामीको स्थान एकै धन्य आफू ठान्छन् ।३०४

आजैदेखि एकैचोटि शिवराम जप्छू
एकै नामले एउटै जपले कृपापात्र बन्छु ।३०५

जस्ले दुईमा भिन्न देख्छ त्यसले दुःख पाउँछ
स्वर्ग जानु कता को सोझै नर्क पुग्छ ।३०६

आकाशबाट देवगणले सबै सुन्दैथिए
राघवको प्रेम देख्दा देउता छक्क भए ।३०७

धन्य धन्य शिव भक्ति रामको तारिफ गर्दै
आकाशबाट पुष्प अबीर रामेश्वरमा छर्दै ।३०८

रामेश्वर भनी नाम संझना अति भैरहोस्
संझना उनको गर्दा शोक चिन्ता सबै छुटोस ।३०९

शिवको संझनाले नै काटिन्छ यम बन्धन
प्राणीमाथि दयालु भै छुटाउ दुःख संकट ।३१०

धतुराको गरी सेवन गोरु-वाहन चढीकन
विष औ कन्दमूल आदि तिम्रो छ प्रिय भोजन ।३११

सर्पका गहना तिम्रा चन्द्रमा छन् कपालमा
शिरमा राखी गंगाजी पार्वती लिई काखमा ।३१२

हातमा छ त्रिशूल लामो सर्पका कर्ण कुण्डल
साँढे हो शिवको वाहन भालमा भष्म लेपन ।३१३

छाला पैह्रेर बाघैको हातमा डमरु लिई
मुण्डमाला त्रिशूल धारी घुम्दछौ धतुरा पिई ।३१४

आनन्द हर्षले गर्दा ताण्डवै नृत्य गर्दछौ
आफू एक्लै ननाचेर साथमा गौरी नचाउंछौ ।३१५

बजाई डमरु वाजा नृत्य आकर्षण गर्दछौ
त्यस्तो सुन्दर नाच देख्दा हेर्नेलाई मोह मार्दछौ ।३१६

छुल्याइ र फटचाई नै महादुष्कर्म भन्दछन्
त्यस्ता दुष्टहरूलाई, आत्मैदेखिन नकार्दछन् ।

नारी पुरूष दुवै एउटै धर्ममा लाग्नु पर्दछ
सन्तानले सुधिने बाटो तिनैद्वारा ऊ सिक्दछ ।

अहंभाव सबै त्यागी वुद्ध जस्तै सबै बनौं
बाँचेको क्षणतक मात्र मानव सेवा सदा गरौं ।

जिन्दगी अघि बढ्दैछ, आयू धेरै बितिसक्यो
राग द्वेषमा बित्यो जीवन, अब ता सुधिनै पर्‍यो ।

मर्नु पर्दछ सम्झेर सबमा मित्रता गरौं
मनमैलो पखालेर, चित्तलाई सफा गरौं ।

मानिसले सुखका लागि सारा संसार डुल्दछ
भविष्य रसिलो पार्न, कुनै आधार खोज्दछ ।

परन्तु धर्म हो आधार, ऊ जस्तो मित्र कोइ पनि
धर्म झैं वलवान रक्षक पाईदैन कतै पनि ।

जीवनमा वहुतै आँधी व्याधी आई सताउँछ
त्यस्ता आँधी एवं बाढी धर्मले नै हटाउँछ ।

# अंगद रावण संवाद

रामेश्वरको स्थापनले राघव खुशी भए
लाखौं लाख वानर भालू सागर पार भए । १

भालिपल्ट राघवले सभा बोलाएर
वानर भालूसाथ राखी छलफल गराएर ।२

वीरहरू राय देऊ के के गर्नु पर्छ
कुन किसिमले रावणसंग युद्ध गर्नुपर्छ ।३

रावणले आफ्नो मन्मा के के सम्झे होला
युद्ध गर्ना निंति त्यसले सभा राखे होला ।४

शंका लाग्छ युद्ध गर्न आउने हो कि होइन
लंका ढोका बन्द देख्छु किन खोलिदैन ।५

उसको मन्मा के छ कुन्नी बुझ्न सकिंदैन
युद्ध गर्न आयौं हामी रावण देखिदैन ।६

लंका ढोका ऐलेसम्म बन्द किन भयो
या त हाम्लाई देख्दा खेरी रावण डराइ सक्यो ।७

विभीषणले राघवका कुरा सुन्दै थिए
त्यसबेलाको वातावरण मन्मा गन्दै थिए ।८

एक क्षण पछि विन्ति गरे सुन्नुहवस नाथ
साधारण रावण होइन त्यो छ बुद्धिमान ।९

जस्तो कठीन कार्य पनि त्यस्ले गर्न सक्छ
त्यस्मा पनि शंकरको ज्यादै प्रिय भक्त ।१०

साथमा राखी मन्त्रीहरू छलफल गरिरैछ
भारदारका तर्फबाट राय लिइ रैछ ।११

रावण पुत्र मेघनाथ विश्व वलवान
मन्दोदरी बुद्धिमति उनको उच्चस्थान ।१२

सारालाई साथमा लिई सरसल्लाह होला
दुश्मनसंग लड्नलाई विचार गर्दैहोला ।१३

फुर्सदको नाम सुन्दा बोल्छन हनुमान
राजनीतिको कामकुरा छोड्नु हवस नाथ ।१४

भोलिपर्सि भन्ने कुरा लाग्छ कस्तो कस्तो
एकै घडी मात्र पनि युगौं युगौं जस्तो ।१५

ढिला गर्ने कुरै छाडौं चांडै गरी हालौं
लड्नुपर्छ भिड्नुपर्छ सबै गरि हालौं ।१६

राक्षसका घेराभित्र जानकीको वास
तर्वारको धार यहाँ अड्याएर प्राण ।१७

त्राश लिई रोई रोई वेदनाले पूर्ण
भोक शोकमा बस्दाखेरी जिन्दगानी चूर्ण ।१८

जानकीको दुःख आपद मैले आफैं देखें
मौका हेरी मध्यरातमा सीताजीलाई भेटें ।१९

कैले आउंछन् मलाई लान्छन् भन्दै आमा रुदै
ढिला सुस्ती हुन्छ भने मर्छिन उनी पक्कै ।२०

आज्ञा पाए हामी जान्छौं ढुंगा मूढा गर्छौं
रावणको किल्ला फोड्छौं सर्वस्वाहा पार्छौं ।२२

राजमहल ढल्नासाथ रावण लड्न आउंछ
वानर भालु वैरिदामा प्राण उसको जान्छ ।२३

होइन भने जानकीलाई शानले ल्याउनुपर्छ
राघवको पाउ परी बुझाइ दिनुपर्छ ।२४

लड्ने शक्ति छैन भने सीता सुम्पी दियोस
आफ्नो गल्ती स्वीकारेर पश्चातापले रोओस ।२५

होइन भने हामी जान्छौं भताभुङ्ग पार्छौं
लंकावासी राक्षसलाई हाहाकार पार्छौं ।२६

बजरंगीका शब्द सुन्दा बोले कपिराय
रावणदल जीत्नलाई पोख्छ आफ्नो राय ।२७

पैले एउटा दूत गई संचार दिनुपर्छ
त्यस दूतले रावणलाई संझाउनु वेश छ ।२८

दुश्मनका मन्मा के छ सबै बुझि आओस्
रावणको मुटु छामी चाडै फर्की आओस् ।२९

दुश्मनको राय लिनु पहिलो हाम्रो काम
लड्नु भिड्नु भन्दा पहिले सोध्ने पुछ्ने काम ।३०

शक्तिशाली वजरंगी नै फेरि लंका जाऊ
रावणले भन्छ के के सबै बुझी आऊ ।३१

हावा जस्तै फैलिएर लंका पुगी हाल
रावणलाई संझाएर झट्ट फर्किहाल ।३२

तिमी जस्तो बुद्धिमान र साहसी कोइ छैन
तिम्ले गर्ने काम यहाँ कोही सक्ने छैन ।३३

त्यै बेलामा जाम्ववानले मनको कुरा पोखे
एकै व्यक्ति वारम्वार जान हुन्न भन्थे ।३४

शक्तिशाली रामदलमा यही एउटा वानर
त्यसैकारण तरी आयो यस्तो महासागर ।३५

वारंवार यही नै आउंछ एक्लै फर्किजान्छ
यसैबाट बुझिइन्छ राघव सेना कम छ ।३६

अर्को एउटा कुरा पनि कपिराजलाई भन्छु
यो पल्ट ता अंगदलाई पठाई दिनोस भन्छु ।३७

अंगद पनि धेरै वीर यो काममा योग्य
वालिपुत्र शाहाज्यादा सबै काम्मा सम्य ।३८

हुन्छ भने अंगद्लाई पठाइ दिनुपर्छ
अंगद जादा चालावाला बुझ्न सकिइन्छ ।३९

अंगद आफ्नो नाम सुन्दा ज्यादै गद्गदाए
आज्ञा भए आफै जान्थें यही छ मनको राय ।४०

अंगदको इच्छा बुझी राघव मुस्कुराए
युवराजलाई दूत बनाइ भेज्न संकुचाए ।४१

अंगद तिमी मेरा आफ्नै पुत्र समान ठान्छु
किष्किन्धाको राजकुमार हृदयैले मान्छु ।४२

लंकातिर पठाउनलाई ज्यादै संकोच लाग्यो
दूत बनी जाने काम तुच्छ काम लाग्यो ।४३

किष्किन्धाको शाहाज्यादा ज्यादै सम्य वीर
वालिपुत्र वानर दलका इमान्दारी धीर ।४४

कुन मनले आज तिम्लाई लंका जाऊ भन्ने
अंगदलाई जाऊ भन्न मनमा पीर लाग्ने ।४५

वावु तिमी सानैदेखि वालि जस्तै वीर
संसारभरै छैनन् होला उच्च विचार धीर ।४६

हात जोड्दै अंगद भन्छन् सुन्नु हवस नाथ
संकोचका कुरा गर्नू ठीक छैन नाथ ।४७

राघवका दृष्टि पर्दा संसार थर्कमान
त्यस्ता नाथको दूत बन्दा बढ्छ मेरो शान ।४८

जस्तोसुकै वैरी हवस त्यस्ले हार्नु पर्छ
राघव जस्ता सर्वेसर्वा संसारमा को छ ?४९

राघवको कृपा पाए हार त्यसको हुन्न
शत्रु हाम्रा हातबाट कैल्यै बच्ने छैन ।५०

वर्षैसम्म लड्दा पनि हार त्यसको हुन्न
श्री रामको शक्ति पाउंदा काहिं विफल हुन्न ।५१

रावणको ता कुरै छाडौं विश्वै आए पनि
नाथका दृष्टि पर्ना साथ हार्छ त्यस्ले तही ।५२

राघवको माया पाउनु त्यै हो मेरो मान
संसारभरै पाउने छैन त्यस्तो कुनै मान ।५३

विश्वनाथको दूत बन्दा मान घट्ने छैन
अंगद जस्तो पृय पात्र अर्को कुनै हुन्न ।५४

विस्तार विस्तार मालुम होला अयोग्य औ योग्य
विश्वभर मै थाहै होला असभ्य औ सभ्य ।५५

आज्ञा पाऊँ शिघ्र प्रभु ऐल्यै लंका जान्छु
आज्ञा शिरोधार्य गरी कार्य सफल पार्छु ।५६

अंगदका विन्ति सुन्दा हर्षित रघुनाथ
धेरै धेरै आसिक दिंदै शिरमा राखी हात ।५७

आफ्नो युक्तिद्वारा वैरी तह लाउनू
त्यसका दुष्टपनालाई लर्वङ्ग्याई दिनू ।५८

मैले केही भन्नु छैन स्वयं अकिलदार
किष्किन्धाका राजकुमार आफै समझदार ।५९

रावणलाई राजनीति ज्ञान राम्रो संझाई दिनू
ज्ञान-नीति धर्म-नीति प्रभाव पारि दिनू ।६०

बल र पौरुष साहस हाम्रो त्यस्ले थाहा पाओस
शक्ति हाम्रो देखाइदिनू डरले भागी जाओस ।६१

यिनै शब्दलाई तिम्ले मन्त्र संझी जप्नू
रफा डफा मिलेपछि शिघ्र फर्कि आउनू ।६२

विदा भए अंगद वीर प्रशन्नता साथ
हत्तपत्त विभीषणले गर्छन केही वात ।६३

मेरा मनका भाव पनि विन्ति चढाइदिनू
लंकापति रावणलाई नमस्कार भनिदिनू ।६४

तिम्रो भाइ विभीषण ज्यादै मूर्ख थियो
लंकेशको काँढा थियो आफैं पन्छिदियो ।६५

दाज्यू संझी कैयौ कुरा संझाउदैं थिएँ
दुष्टहरू आफ्ना भए म ता दुश्मन भएँ ।६६

आफ्नो शक्ति सारा तागत रणमा देखाइदिनू
निश्चर कुलका वाल वच्चा वलिदानै गर्नू ।६७

तिम्रा कान वैरा भए काल्ले निम्त्याएछ
राघवका तीखा वाणले प्राण लखेट्नेछ ।६८

झगडाको वीज रोप्यौ बोट झांगिदैछ
बाँकी छैनन् तिम्रा दिन मृत्यु आइरैछ ।६९

मृत्यु पछि कान्छो भाइले पिण्ड पानी देला
लंकावासी वालवच्चा काल्ले निलिसक्ला ।७०

भक्तराजका शब्द सुनेर राघव मुसकुराए
राघवका साथ साथै सारा गद्‌गदाए ।७१

रामोसंग विदा भई अंगद हिड्न लागे
वानर भालू युवराजको तारिफ गर्न लागे ।७२

धन्य वीर अंगद युवा साहसीका पुत्र
जस्तो वालि शक्तिशाली उस्तै वालिपुत्र ।७३

यस्तै यस्तै तारिफ गर्थे वानर सेना दल्ले
रामलक्ष्मण दुबै भाइ हेर्थे उनलाई प्रेमले ।७४

मेघ जस्तै गर्जी गर्जी कुद्‌थे वालिपुत्र
अंगदमा शक्ति थियो हृदयको भित्र ।७५

लात्ती प्रहार गर्दाखेरी लंकाद्वार फोडे
भित्र पस्दा रोक्नेलाई झापड पनि दिए ।७६

वीर सुन्दर शक्तिशाली वालिपुत्र हाम्रा
गर्जी गर्जी मस्तसंग कुद्ने शाहाज्यादा ।७७

अंगद वीरको अल्हडपना सिंह गर्जनकारी
फुर्किएर मतमतमा हिड्‌थे नजर चारी ।७८

एक्लै पनि दंग पर्दै झुमझुम गर्दै हिड्‌थे
झट्ट कोही देख्दा खेरी आँखासमेत तर्थे ।७९

रावण पुत्र नागाहलाई जम्काभेट भयो
उसको सम्मान नगर्नाले रिसले दाँत टोकयो ।८०

रावण पुत्र गड्‌गडाउदै अंगदलाई भन्छ
मूर्ख स्वाँठ वेसोमति खिल्लि उडाउँदैछस् ।८१

शिष्टता नै छैन तँमा आफैं ठूलो भन्दै
कतै पनि हेर्नु छैन जान्छस् मपाइ बन्दै ।८२

एकलै आफै मस्त तँ छस मान्छे चिन्नु छैन
रावणको पुत्र म हूँ दर्शन गर्नू छैन ।८३

कस्ता कस्ता व्यक्ति आई आदर संम्मान गर्छन्
टाढैबाट मुस्कुराई झुक्दै प्रणाम गर्छन् ।८४

तँ ता एउटा मूर्ख कपि प्रणाम गर्नुछैन
आफै आफै मस्त हिड्छ सोधपुछ गर्नु छैन ।८५

रावणको पुत्र म हूँ डरले काप्नु पर्छ
जस्ले मलाई मान्दैन ता त्यसले मर्नुपर्छ ।८६

ज्यानको माया छैन क्यारे मात्तिएर हिंड्छस्
फुकिँएर हिंड्दाखेरी तैले ठक्कर पाउंछस ।८७

यस्तो टर्रो जंगलीको सेखी तोडी दिन्छु
तेरो मासु टुक्रा पारी मैले चपाइ दिन्छु ।८८

दुष्ट रैछस् पाखे वादर ऐले कहाँ जाने
तेरो ज्यानको ठेगान छैन मर्ने होस कि बाँच्ने ।८९

दर्वारमा आउनलाई खवर गर्नुपर्छ
बेखवरले आउंदाखेरी त्यसको ज्यान जान्छ ।९०

ज्यादै पाखे वेसोमती आइस केको लागि
ज्यानको माया लाग्दनै की जान्छस कता ताकी ।९१

शाहाज्यादा लंकाको हुँ तैले थाहा पाइस्
सोध्नु बुझ्नु कुरै छैन त्यसै किन आइस् ?९२

के को लागि आइस यहाँ के छ तेरो काम
मूर्खभन्दा महाँमूर्ख के हो तेरो नाम ?९३

देख्दाखेरी सानो वानर दुष्ट हराम ज्यादा
चुप लागेर फर्किहाल तँ नत्र हुन्छस खाजा ।९४

रावणको दर्वार हो यो रुखको हाँगो होइन
मेरो बाको दर्वार यो तेरो बाको होइन ।९५

जस्तो तेरो व्यवहार छ मैले पनि गर्छू
तैले जोरी खोज्दै आइस मैले तँलाई मार्छू ।९६

सेखी तेरो झारिदिंदा बल्ल थाहा पाउलान्
शक्ति मेरो कस्तो रैछ बल्ल अनि चिन्लान् ।९७

आफ्नै मात्र अहंपना सुन्दा रिस उठ्यो
अंगदले त्यस्लाई भन्छन् मुखमा लगा बुजो ।९८

आगो समान अंगद भए हुदैं बकबक नगर भन्थे
तँ पाजीले के पो गर्लास भन्दै लोप्पा ख्वाउंथे ।९९

सेनापति जे होस अब कति डराउंदिन
आइजा बरु लड्न यहाँ लड्न डराउंदिन ।१००

अझै पनि कस्ती छैन चुत्था तँलाई ठान्छु
सोध्नु बुझ्नु केही छैन आफैं ठूलो भन्छस् ।१०१

वीर वालिको पुत्र पैले कुनै वेला
वालि वीरले तेरो वाउलाई काखी च्यापी घुम्दा ।१०२

छ छ महिनासंम डुले रावण राजा पनि
काखीमुनि झुण्डिएर डुले संसार भरी ।१०३

फोश्रो धक्कू लाईकनै कुरै मात्र गर्नू
कान मेरा टट्टाएछन् कति तँलाई भन्नू ।१०४

रावणको पुत्र भन्छ सन्यासीको नोकर
जथाभावी बोलदाखेरी सबै कुरा बेकार ।१०५

सच्चा शाहज्यादा म हूं तँ होस वानर नीच
फूर्ति मात्र तेरा धेरै गर्छस तैले के त ?१०६

वनवासीको दूत भन्दै उसकै महिमा गाउंछस्
घरवासको पत्तो छैन तिन्लाई ठूला भन्छस् ।१०७

विवश भै वनमा डुल्छन् जहाँ पायो बस्छन्
कस्ले के पो दिन्छ भन्दै मागी मागी हिंड्छन् ।१०८

त्यसकै एउटी नारी कठै बन्दी भएकी छन्
त्यै नारीलाई संभ्कीसंभ्की पागल भएका छन् ।१०९

खान पिना केही छैन कन्दमूल खाई
आवरा भै जंगलमा घुम्छन् दुःख पाई ।११०

त्यस्ताको हूँ सेवक भनी फूर्ति मात्र गर्छस्
कस्तो मूर्ख वानर रैछस पागल हुनै लाइछस् ।१११

त्यसका कुरा वीचमा छाडी बोल्छन् बालिपुत्र
भ्कुक्याएर नारी हर्ने तेरो वावु दुष्ट ।११२

आफ्नो रूप लुकाईकनै सन्यासीको रूप
कायर रैछ लंकापति नारी चोर्ने चोर ।११३

योद्धा वीर रावण भए सच्चा रूपले जान्थ्यो
कस्सिएर राघवसंग युद्ध गर्न सक्थ्यो ।११४

त्यस्ता वाउको धाक लगाई वाउका तारिफ गर्छस्
ऐले मेरा हातबाट पक्कै पनि मर्छस ।११५

तेरा वाउले जालभ्केल पनि धेरै गरिसक्यो
त्यसको पापले गर्दखेरी मर्ने पक्का भयो ।११६

वैदेही नै हरण गऱ्यो योगी भेषधारी
मायारूपी मृग बनाई ठूलो मौका पारी ।११७

लक्ष्मण रेखा नाघ्नलाई मुस्किल किन पर्थ्यो
शक्ति भए नाघ्ने थियो त्यसै किन हट्थ्यो ।११८

रावणको शक्ति भए राघवसाथमा लड्थ्यो
सहजोरीका साथ लडी जित्न सक्नु पर्थ्यो ।११९

योगी बनी भेष लुकाई सीता हरी ल्यायो
त्यसको फल चाख्नलाई काल नजिक आयो ।१२०

त्यो एउटाले गर्दाखेरी राक्षस वंशै नाश
रावणको मस्तकको टुट्न लाग्यो ताज ।१२१

राक्षस जाति नाश हुन्छ लंका सखाप हुन्छ
सत्यको नै जय हुन्छ पापको क्षय हुन्छ ।१२२

लंकावासी स्वाहा हुन्छन् जानकीलाई लान्छौं
त्यो दुष्टको नाश हुँदा सबै खुशी हुन्छौं ।१२३

पानी माथि ढुंगा तैराइ लामो पुल हाल्यौं
राक्षसको नाश गर्न सागर तरी आयौं ।१२४

आह्हा मालिक रामचन्द्र हामी दूत उनका
दूत आउंदा डगमगायो राजधानी लंका ।१२५

जसको एउटा दूत आउंदा रावणपुत्र माऱ्यो
लंका शहर ध्वस्त पारी आगो सल्काइदियो ।१२६

तिम्री फूपु सूर्पणखा श्रोत भ्कगडाको
रावणकी बैनी तिनी कुरूप अनुहारकी ।१२७

एक दिन आई राघवसंग बिहा गर्छु भन्थी
हुन्न भन्दा जानकीलाई खान्छु भन्दै दौडी ।१२८

त्यसको चाला देख्दा खेरी लक्ष्मण रिसाएर
ज्यूदै त्यसलाई छोडीदिए नाककान कटाएर ।१२९

हुदै थियो चर्का चर्की कडा कुराकानी
दुबै थिए राजकुमार दुबै शक्तिशाली ।१३०

अंगदका तीखा शब्द सुन्दा आगो भयो
वानरलाई मार्छु भन्दै झट्ट तरवार खिच्यो ।१३१

दुवै कुमार भिड्दै थिए दुवै झोक्का झोक्की
अंगदले राक्षसको तर्वार जोड्ले भाँची । १३२

यत्तिकैमा घम्सा घम्सी पऱ्यो मुक्का मुक्की
लात्ति लात्ति चल्न लागे कुनै छैनन् कम्ती ।१३३

दुवै कुमार दाँत किट्दै जोड्ले कुस्ता कुस्ती
आफ्नो आफ्नो दाउपेच खेल्थे मैदानमा कहरी ।१३४

प्राणको बाजी लगाएर दुवै मुर्मुरिन्थे
प्राण जान्छ जावस बरू मार्छू तलाई भन्थे । १३५

राक्षसले उचालेर जोड्ले खसालिदियो
अंगदले राक्षसको कम्मर भाँचिदिए । १३६

रन्थनिदै रगत छाद्यो प्राणले पंख चाल्यो
लंकावासी राक्षसलाई पर्नु आपद पऱ्यो । १३७

निश्चरहरू छट्पटाए घर घर हाहाकार
आपदले लखेट्दामा छाड्दै घरवार । १३८

श्रीलंकाको प्रत्येक घरमा ठूलो चर्चा चल्यो
शक्तिशाली वानरले दिनु दुःख दियो । १३९

आफ्नै घरको रक्षा गरौं कतै जानै हुन्न
बालिपुत्र शक्तिशाली जिस्क्याउनै हुन्न । १४०

अंगद वीर देख्दाखेरी थर्कमान हुन्थे
अंगदको रूपलाई काल आयो भन्थे । १४१

अंगदले यसो हेर्दा डरले जरो आउथ्यो
अव के के गर्छ भनी मनमा ढयांग्रो ठोक्थ्यो ।१४२

क्षणभरमै यस्तो चर्चा हावा जस्तै फैल्यो
वानरको नाम सुन्दा डरले मुटु काम्थ्यो । १४३

बज्रै खस्न लाग्यो भनी निश्चर अतासिन्थे
सुध्दि बुद्धि छैन तिनको वेहोशमा हिड्थे । १४४

रावणका प्रमुख वीर खवर गर्न गए
अर्कोतिर अंगद पनि हाल खवर बुझ्थे । १४५

लंकापति सिंहासनमा आनन्दमा थिए
बैठकमा भारदारहरू छलफल गर्दै थिए । १४६

त्यै वेलामा द्वारपालेले विन्ति गर्न लाग्यो
हात जोडी संम्राटलाई पहिले प्रणाम गऱ्यो ।१४७

लंकापति संम्राटको मंगल सधैं होवोस
सम्राटको जयजयकार संसारले गाओसे । १४८

प्रजा सधै खुसी रहुन लक्ष्मी वास होओस्
लंका पति भूपालको अमर कीर्ति फैलोस् । १४९

भूपालको रक्षा भए प्रजा रक्षित हुन्छन्
जनताको शोक सुर्ता सागर पार लाग्छन् ।१५०

संवोधनले स्वागत गऱ्यो रावण राजालाई
तिम्रो जयकार गुञ्जोस सारा विश्वलाई । १५१

थर थर काम्दै विन्ति गर्‍यो मुटु दह्रो पारी
गल्ती भए माफ दिनुहोस् तुच्छ नोकरलाई ।१५२

सन्यासीको तर्फबाट एउटा वानर आयो
आफै रामको दूत भनी सन्देश ल्याई आयो ।१५३

सरकारमा जाहेर गर्न मलाई पठाएको
शोक संचार विन्ति गर्न यहाँ उभिएको । १५४

शक्तिशाली प्रजारक्षक प्रभु राजा नाथ
नम्रभई विन्ति गर्छु गल्ती भए माफ । १५५

सन्देश छ यो दुःखदायी रूदै विन्ति गर्छु
सरकार आदेश पालन दिलैदेखि गर्छु । १५६

सर्कार त्यही वानर होला आजै यहाँ आयो
आउनसाथै सरकारमा सन्देश पुर्‍याएको । १५७

ढोका चूर्ण पारिदियो राजकुमार मार्‍यो
त्यस्तो जाबो वानरले वलवीरलाई मार्‍यो । १५८

बानरलाई जवरजस्ती बन्दी गरी राख्यौ
सूर्योदय हुनै लागदा शुली चढाई दिन्छौ । १५९

मन्त्रीजीको राय सुन्दा रावण आगो भयो
तड्पि तड्पि जंगिएर ज्यादै क्रुध्द भयो । १६०

आँखा राता टेडा गर्दै रावण बोल्यो फेरि
मूर्ख मन्त्री राख्दा खेरी इज्जत गयो मेरो । १६१

यस्ता मूर्ख मन्त्री राख्दा धोका ठूलो भयो
राजाको त कुरै छाडौ लंका डुब्ने भयो । १६२

सच्चा वानर हुदै होइन सिंह बनी आयो
सिंह आई राजकुमारलाई कतल गरी दियो ।१६३

आत्मैदेखि गर्नु पर्छ वीरत्वको मान
त्यस्ता वीर देशमा भए हुन्छ गौरव शान ।१६४

शुध्दि बुद्धि छैन तेरो सबै हराई सक्यो
साच्चै भनौ मगज पनि खुस्किसक्न लाग्यो । १६५

भेद नीति राज्य नीति बिर्सिसकिस क्यार
कोशल नीति बुध्दि लिई नजिक आइजा साले ।१६६

राजकुमारको कुरा गर्‍यो त्यसको फिक्री छैन
कायरको मृत्यु भयो मेरो छोरो होइन । १६७

वानरसँग लागदा हार्‍यो त्यसको चिन्ता छैन
काँतर थियो मरी हाल्यो बाच्ने लालच होइन ।१६८

दूतलाई मार्नू हुन्न गल्ती कुरा सोच्यौ
दर्वारमा झट्ट सोझै किन आएनौ । १६९

आदेश पाई रावणको ल्याए उस्लाई दरवार
रावणको दर्वार पुगे फूर्ति साथले कुमार । १७०

रावणले सोध खोज गर्‍यो के हो त्यसको नाम
कुन ठाउँबाट आयो त्यहाँ के त्यसको काम । १७१

अंगद भन्छन् रावणलाई दूत हुँ रघु नाथको
किष्किन्धाको युवराज पुत्र वालिवीरको । १७२

वालिराज र रावण वीचमा दोस्ती थियो पहिले
सल्लाह क्यै दिनलाई आएको हुँ अहिले । १७३

रावण भन्थे वालिसँग दोस्ती कुनै होइन
कैले कहाँ भेट भयो संझना नै छैन । १७४

अंगदले रावणलाई फेरि भनीहाले
वालिवरको पाखुरीमा झुण्डिरहृयो पैले । १७५

झुण्डिएर पाखुरीमा विश्वयात्रा गर्‍यौ
त्यसवेलाको घट्ना ऐले तिम्ले बिर्सिहाल्यौं । १७६

वालिवीरको साहस देख्दा तिमी वेहोस भयौ
छ छ महिना विचेत हुदै विश्वयात्रा गर्‍यौ । १७७

कारण यस्तो पर्न जाँदा शुध्दि हराएको
घट्ना थियो धेरै पहिला ऐले बिर्सिएको । १७८

यै कारणले वालि बिर्स्यौं त्यसमा केही छैन
आफै मपाईं भै दिदामा कोइ संझिदैन । १७९

सूर्पणखा तिम्री बैनी रोजै घरमा देख्छौ
त्यस्तीलाई सधै देख्दा थाहा छैन भन्छौ । १८०

राघवलाई बिर्सिसक्यौ उनको पक्ष भन्छु
जनकपुरमा स्वयमवरको घट्ना सुनाई दिन्छु ।१८१

राजराजेश्वर राम पुरूषोत्तम सुखदायक
वानरको कुरै छैन सुरमुनि उनका पायक । १८२

वास्तवमा सत्य कुरा मैले बताई दिन्छु
अंगद हो मेरो नाम युवराज हुँ भन्छु । १८३

राघवका आदेशले तिम्लाई भेटन आएँ
तिम्रो छोरो लड्न आयो मैले मारी दिएँ । १८४

रावणलाई मन परेन क्रोध चढ्यो शिरमा
आँखा दुवै राता गराई बोल्दै तातो रिसमा । १८५

साँच्चै तिमी वालिपुत्र को हौ शंका लाग्छ
आफ्नै पिता मार्नेलाई केका मन पर्छ । १८६

त्यस्तो महाघातकलाई आत्मीयता ठान्छौ
हत्याराका मनमा लागि त्यसकै आज्ञा मान्छौ ।१८७

गर्भै भित्र मर्दो होस्त इज्जत वरू हुन्थ्यो
दुश्मनको दूत बनी किन आउनु पर्थ्यो । १८८

आफ्नो बाको हत्याराको दास बनी आइस्
तेरै बाको मित्र म हुँ महान शत्रु ठानिस् । १८९

यदि तैले आफ्नो ठाने मैले पनि ठान्थें
मेरो दलमा आको भए छोरै समान मान्थें । १९०

ऐलेसम्म इच्छा भए तेरै भाग्य खुल्छ
अर्ति मेरो मान्दैनस्त पश्चाताप हुन्छ । १९१

मित्र पुत्र जानी मैले संझाइदिएको हुँ
लंकाराजको सेनापति आजै मान दिन्छु । १९२

अंगदले रावणको मनको भाव बुझे
सेनापति पदको लागि योग्य छैन भने । १९३

सेनापति हुन सक्छु रामदलमा हुन्छु
नोकर हुँ वा जेसुकै हुँ वानर फौजको हुन्छु । १९४

तिम्रा सेना पदका लागि मेरो वुध्दि छैन
आफनै फौज छाडीकनै यहाँ आउने छैन । १९५

तिम्रो दलको सेनापति कुन मूर्खले मान्ला
नारी हरण गर्ने दुष्ट कसले असल ठान्ला । १९६

जानकीलाई हरण गर्‍यौ दिनु दुःख दियौ
त्यसकारण लंकापति कालका नजिक आयौ ।१९७

आखिरमा विभीषनै यो ठाउमा आउलान्
सेनापति मात्र होइन सिंहासनमा वस्लान् । १९८

वैरीभाव त्यागी दिई मित्र भाव राख
राघवसँग सन्धि गरी सीता अर्पण गर । १९९

अंगदका कुरा सुन्दा रावण छक्क पर्‍यो
वानरलाई ओठे जवाफ दिनै तयार भयो । २००

सन्धि गर्न चाहन्छस् त केही सर्त मानोस
कान्छो भाइ यहाँ आई मेरै पाऊ पक्रोस । २०१

विभीषणले माफी मागी पश्चाताप गरोस्
रावणको गुणगान गरी रामलाई वैरी ठानोस् ।२०२

सागरको सेतु भत्काई छ्यान्न भिन्न पार्नु
तँ वानरलाई ल्याई यहाँ नजराना दिनु । २०३

वजरंगीका हात वाँधी घिच्चाएर यहाँ
नोकर बनी स्वीकारेर वसोस् नोकर दलमा ।२०४

राम लक्ष्मण दुवै भाइले प्राणको भिक्षा मागून्
दुवै भाईले हात जोडी मेरो महिमा गाउन् ।२०५

यिनै सर्त मञ्जुर गरे गर्छु सन्धि पत्र
हुन्न भन्छन् सन्यासी दल ज्यानको अलपत्र । २०६

यी सर्त त मामुली हुन बाँकी अरू होलान्
कैयौं बाँकी सर्तहरू पछि संझिएलान् । २०७

सबभन्दा त दुष्ट वानर वजरंगीनै रैछ
मूर्खभन्दा महान मूर्ख त्यही वानर रैछ । २०८

मूर्ख वानर खोजी खोजी सन्यासीले राखछन
वानर वाहेक त्यसको साथ कुन योध्दाले दिन्छ ।२०९

रावणको अहंपना अंगदले सुन्छन
त्यो दुष्टका तर्कहरू वुझ्न सम्म बुझ्छन् । २१०

लंकेशतिर फर्किकनै वालिकुमार भन्थे
जस्ता त्यसका सर्त थिए त्यस्तै जवाफ दिन्थे । २११

जुन हातले फूल भाँच्यौ त्यस्लाई भत्काई दिन्छौं
तिम्रा भाइ विभिषणलाई हामी फर्काई दिन्छौ ।२१२

तिम्रा सबै नोक्सानीको भरपाई गरी दिन्छौ
एउटा ठूलो नोकसानीको गर्ने के हो सोच्छौ । २१३

तिम्रै घरको नोकसानीमा तिमी देखिरैछौ
सूर्पणखा देख्दा खेरी ज्यादै दुखित हुन्छौ । २१४

त्यसको पूर्ति के ले गर्ने नाक के ले जोड्ने
कुन कुन कुरा क्षती भयो केले पूर्ण गर्ने । २१५

अंगदको तिखा शब्द सुन्दा गर्ज्यो लंकेश
मेरो सामू उभिएर जथाभावी वोल्छस् । २१६

रावणसँग लड्ने वीर संसारमै छैनन्
सन्यासी र वानर भालु योध्दामान होइनन् । २१७

वनमा सीता दुखित थिई भाइलाई दुःख दियो
दुःख दिन नपुगेर वानरलाई दियो। २१८

मेरालागि वानर भालु गाजर मूला मान्छु
जाम्ववन्त सुग्रीवलाई महानीच ठान्छु। २१९

जाम्ववन्त बूढो भयो लड्ने शक्ति छैन
मेरा सामू वानर भालु टिक्न सक्नेछैन। २२०

कालीगढ हुन् नील नल युद्धकला छैन
मेरो भाइ विभीषणले खड्ग उठाउदैन। २२१

शक्तिशाली यसो हेर्दा वजरंगी छ एउटा
आफनो शक्ति देखाईकनै जलाएथ्यो लंका। २२२

अंगदले फेरि भन्छन् सम्झे एउटा कुरा
साच्चि त्यस्तो वानरले जलाएथ्यो लंका। २२३

त्यो त शक्तिशाली होइन पूरा जासुसकारी
घर घरमा कान थाप्दै हिड्छ चाल मारी। २२४

पुग्छ कहाँ बुझ्छ के बुझ्न सकिंदैन
ऐले कां छ मऱ्यो बाँच्यो भन्न सकिंदैन। २२५

सुग्रीवले विदा दिंदा उस्लाई चार काम
संझना भो आज मलाई संझिएका नाम। २२६

लुकी लुकी लंका पुगी सीताजीलाई भेट्नु
लंका राज्य जलाएर सागरमा फ्याक्नु। २२७

जानकीलाई शान्तिसँग राघवकहाँ ल्याउनु
रावणलाई बाँधीकनै घिस्याएर ल्याउनु। २२८

सत्य कुरा पत्ता लाग्यो फर्किसक्या छैन तन
कार्य पूरा नभई दिदा यही कतै होलान्। २२९

आजसम्म पत्ता छैन वेपत्ता छन् तिनी
या त लुके कुनै घरमा या त पानी मुनि। २३०

मनमा धेरै चिन्ता लाग्यो कता गए तिनी
आउने वेला देखिन्नथे रामादलमा पनि। २३१

अंगद ज्यादै दुखित देख्दा सभा काम्यो थर थर
शायद कार्य पूर्ण गरी जान्छ क्यारे वानर। २३२

आँगोमा घिउ थप्दा प्रज्वलित हुन्छ
रावण पनि कुरा सुन्दा थर्कमान हुन्छ। २३३

त्यस्ता पाजि वानरसँग कल्यै डराउदिन
जस्तोसुकै आपत परोस हरेश खानेछैन। २३४

दिक्पाल सारा थर्कमान छ देउता भयभित
संसार नै कावूमा छ देउता समर्पित। २३५

यिनै मेरा पाखुरीले कैलाश फुटवल हुन्छ
तिनै लोक चौध भुवन वाणले थर्काई दिन्छ। २३६

मेरो कडा नजर देख्दा सूर्य बाटो फेर्छ
रावण राजा ज्ञानी गुणी पण्डित कहलिन्छ। २३७

मेरा कडा मर्जी सुन्दा वायु गति फेर्छ
संसारमा शक्तिशाली रावणभन्दा को छ। २३८

लंकापति वरदानग्राही भक्त शंकरजीका
संसारभरै मेरो नाम गाउँछन जतातता। २३९

आफनै शिर काटीकनै देउता खुसी पारें
दशै शिर टक्र्याउँदा अमर बूटी पाएँ । २४०

अंगद भन्छन धन्य धन्य जादूगरी राजा
आफ्नो गुणगान आफै गाउँदा लाग्दैन कि लाज ।२४१

विद्वानवर्ग वीरवर्ग गर्छन् महान काम
बोल्नुभन्दा मौन भई गर्छन् सबै काम । २४२

नमच्चिने पिङको हुन्छ त्यसको ठूलो झडको
नवर्षिने बादल पनि त्यसको गर्जन चर्को । २४३

कुनै बेला पाताल गयौ राजा बलि जित्न
तिमीलाई देखी बालकहरू तिमीसाथ खेल्न । २३४

बालकले बिर्साइ दिए तिम्रो योध्दापन
तबेलामा बाधीकनै लागे जिस्काउन । २४५

थुप्रै बालक हल्ला गर्दै झुण्डी पाखुरीमा
पिङ खेल्थे हर्षित हुदै तिम्रै पाखुरीमा । २४६

बालकले सताएको भूपतिले देखे
बालकलाई हप्काएर तिम्लाई छोडी दिए । २४७

बलि राजा महान थिए इज्जत बचाई दिए
चुपचाप लागी जाऊ भनी विदा गरी दिए । २४८

एक पल्ट हैहयले झट्ट तिम्लाई भेटे
आश्चर्यको जन्तु देख्दा घरमा लगी बाँधे । २४९

धेरै दिन बाँधि राख्दा तिमी छट्पटियौ
आधार केही नपाएर अति रूदै थियौ । २५०

कुनै कोही सज्जनले संचार पुऱ्याएछन्
पुलस्त्य संचार आई फुकाइदिएछन् । २५१

कैयौ ठाउमा हारिसक्यौ अझै फूर्ति गर्छौ
विश्वभरको शक्तिशाली आफैलाई ठान्छौ । २५२

आफनो शिर काँटिदैमा वीर भनिदैन
जादूपूर्ण अंग काट्दा नाम फिजिदैन । २५३

बारंबार भन्छौ तिमी आफै घाटी काटी
आफै सर्वासर्वे भन्छौ है लक्ष्यका कैदी । २५४

झूठा कुरा गर्ने व्यक्ति हामले लाखौं देख्यौं
दूखीलाई दुःख दिने त्यस्ता कैयौं भेट्यौं । २५५

परनारी हरण गरी इज्जत ठूलो भन्छौ
विष्णु अवतारलाई पनि सन्यासी हुन भन्छौ । २५६

जसलाई तिमी बालक भन्छौ काल भनी जान
ऐलेसम्म मौका छ यो बुध्दि राम्रो चाल । २५७

बितेका दिन फर्किदैनन् काल आउछ चाँडो
लुकी लुकी काल आउछ हाल्छ गलपासो । २५८

हात्तीले नै मूसो मार्दा उसको तारिफ हुन्न
झिंगाले नै घोडा मारे हाँसो थामिदैन । २५९

रामको ठूलो प्रसंसाले राम खुसी हुन्नन्
या त उनलाई गाली गरून राम दुखित हुन्नन् ।२६०

काललाई बोलाउछस् मर्ने तेरो इच्छा
जतिसुकै भन्दा पनि लाग्ने छैन शिक्षा । २६१

हुन्छ भने त्यागी हाल अहंकारलाई
ईश्वर भनी चिनी राख्नु उनै रामलाई । २६२

साथ जाने छैन कोही पाप धर्म जान्छ
देश छोडी जाँदा खेरी उनै ईश्वर साथ छ । २६३

कस्तो दुष्ट रावण छस् पापको डर छैन
कैयौ कुरा सम्झाउदा अत्तो पत्तो छैन । २६४

तैले गर्दा अकालैमा सन्तान किन मारिस
एकजनाले गर्दा खेरी कुलै नाश पारिस् । २६५

एउटा तुच्छ वानरले तेरै छोरा मार्‍यो
अझै पनि यता उता के के गर्ने भयो । २६६

बोल्थ्यो रावण झर्केर अंगद तँ अति मूर्ख छस्
सन्यासी काँधमा राखी कति तारिफ गर्छस् । २६७

त्यसको त दूत भै आइस अझै फूर्ति तँ गर्दै छस्
मेरा सामून्नेमा तिनको निकै आदर गर्छस् । २६८

तँलाई डर लाग्दैन मेरा सामू यिनै कुरा
लाज नै नभई गर्छस तेरो वोली भक्ष छुरा । २६९

मेरो र तपसी वीचमा जे जे गर्छौ सबै कुरा
तँलाई के पर्‍यो चासो कुरा भनिदैन सबै पूरा ।२७०

चूपचाप लागी तँ जा चाँडो तेरो मूख हेर्न सक्दिन
मुख छाडि यदि बोले नमारीकन छोड्दिन । २७१

मलाई मार्न को सक्छ के तागत राममा छ र
पत्नीलाई नसकी लान भालू वानर लस्कर । २७२

तेरो मालिक कस्तो छ म आफै सबै जान्दछु
भाइदेखि डराएर भागेको भनि सुन्दछु । २७३

जे गर्दा सब ठिक हुन्छ एक्लै गर्न सक्छु
सन्यासीहरूको हातमा सीता सुम्पन भन्दछु । २७४

सन्यासीको तँ होस दुत बकवाद गर्न छोडिदे
बोल्नमा अधिकार छैन खुरूक अब भागिदे । २७५

सन्धि गर्नु परेदेखि आपसमा गर्न सक्छौ
यदि बुझ्दैन त चित्त लडाई पनि गर्दछौं । २७६

अंगदले भन्छन फेरी सन्धि गर्नु त वेश छ
समयमै भए देखिन राक्षसको कुल बच्दछ । २७७

दुवैमा मित्रता मेल भएमा वलिदान पनि
नभएमा खुशी होलिन् माता श्री वसुन्धारा पनि ।२७८

यदि युद्ध चले देखिन लंका डुब्ने छ रक्तमा
हार जित कसको होला पहिले त प्राण स्वर्गमा ।२७९

जुन वेला युद्ध चल्ने छ मर्नेको गिन्ती नै नभई
हरियो वाटिका लंका परिणत यो मशान नै ।२८०

वृध्द आमा, बुवा, वालक, विधुवा नारी औ कती
भन्ने छन् परी सुर्तामा वगाई आँशुका नदी । २८१

यदि बुध्दि भए देखिन कुविचार झट्ट त्यागिदे
पश्चाताप गरी पैले राघवका पाउ पक्रि दे । २८२

लंकाको भूपतिले नै लंकालाई बचाउनु छ
राजाले कसरी हुन्छ प्रजा रक्षण गर्नु छ । २८३

अर्को कुरा पनि भन्छु सुन मेरो पनि विचार
नबुझेको कुरा जो छन हुने छन पछी ती प्रचार ।२८४

जव सम्म तिमी बाँच्छौ यो सुन्दर पृथ्विमा
तेतिन्जेल वालिराजाको कीर्ति फिज्नेछ धर्तीमा ।२८५

रावणको अनुहार देख्दा वालिको हुन्छ सम्झना
वालिको काखीमा झण्डि घुमेको नृप रावण ।२८६

त्यस्ता पराक्रमी राजा लंका नरेश हुन भनी
लंकामा युध्द चल्दामा मर्ने छन ती कठैवरी ।२८७

त्यस्ता ती वलवीर वाली रावणका साथ साथमा
वालिको पनि नाम लुप्त हुने छ यस भूमिमा ।२८८

त्यसैले प्रार्थना गर्छु दिर्घायू हौ युगौ भरी
युगौसम्म तिमि वाँच वालि स्मारकै भई । २८९

बाँच्नलाई पछिसम्म युक्ति एक शोच्नु पर्दछ
सेवक भई रघुनाथजीको सेवारत हुनु पर्दछ । २९०

अंगदका विषझै शब्द सुन्दामा जल्छ रावण
राजाका संगमा बोल्ने पापिष्ट कुल घातक । २९१

रिसले चुरिदै भन्छ लंकेश चक्रवर्तीन
तँ एउटा वनवासीको दासको पनि दास तँ । २९२

जो हुन्छ दिलको कमजोर आनाकानी त्यो गर्छ
जो हुन्छ मुटुको दह्रो लड्नमा अघि सर्दछ । २९३

जहरीलो सर्प एउटा हुँ डस्दा औषधी छैन क्यै
तँलाई मार्न त सक्थे मर्ने थिइस तँ अवस्य नै ।२९४

तँ वानर दुत भई आइस सजायं दिन सक्दिन
लंका सम्राट भै आफै अन्याय कत्ति गर्दिन । २९५

अवस्य एक दिन मैले वदला लिन सक्दछु
मौका पारेर एक पल्ट तलाई मार्न सक्दछु । २९६

अंगद हाँसेर वोलथे आदेश शूलीको भयो
शुलिमा चढ्नु पहिले नै संचार भन्दिनु पर्‍यो ।२९७

घमण्डि दुष्ट औ वेकूफ आफनै मस्तीमा मस्त छस्
संसारै के भयो आज तँ अझै फूर्ति गर्दछस् ।२९८

विचारै नगरी तैले भन्दछस् दुनियाँ जितें
बुझेको अरू क्यै छैन भन्दछस् भुल के गरें । २९९

प्राणीको आयू कस्तो छ पानीका वूंद कै समान
तुरून्तै खस्छ धर्तीमा हुँदैन क्षणभर अडान । ३००

काल संकेत गर्दै छ विस्तारै आयू घट्दछ
चाडैनै यमराज आई तलाई लान खोज्दछ । ३०१

तैले त देख्न सक्दैनस काल आउछ लुकी लुकी
शिरमा कालको चक्र घुम्दै छ नीत फनफनी । ३०२

सारा बुद्धि विनाश होला शरीर ढल्छ विचेत भै
तेरा आफन्त सब जालान मलामी भै लाश सँगै ।३०३

अपराधी हुँदा अन्धो ज्ञान बुध्दि अलप भयो
महिना दिन भित्रैमा ज्यान जाने निधो भयो । ३०४

भेटेर वाली राजालाई सारा संचार भन्दिनु
मैले जे जे भनें आज नबिर्सी सब भन्दिनु । ३०५

विभीषणलाई राज सुम्पी तिमी जाऊ खुसी भई
कुम्भकर्ण र छोरोलाई दायाँ बाँया संगै लिई ।३०६

सोध्नु रानीहरूलाई लंकाका महाराजले
कति रानी यहाँ वस्छन् को जान्छन् सती भै मरे ।३०७

अंगदका ती कडा शब्द राजा रावणले सुने
हेपेको आफूलाई सुन्दा आगोको लप्को झैं बल्यो ।३०८

आँखा राता गराएर रावणले झोक्किदै भन्यो
तँ जस्ता तुच्छ वानरले कसरी बोल्दछस् अहो ।३०९

मेरो यस्तो महान शक्ति देख्दा देख्दै तँ हेप्छस्
त्यसता ती वनवासी तैले तारिफ गर्छस् । ३१०

दुवैको छैन केही शक्ति छैन केही वलबुध्दि
नहुँदा वलबुध्दि क्यै निकाले देशबाटै नै । ३११

नारी विरहमा रून्छ दिन रात निरन्तर
त्यस्ताको वल शक्तिमा परिदैन कतै भर । ३१२

मलाई रजनी चरले शक्तिमा शेर भन्दछन्
त्रिलोकै भरमा मेरै शक्तिको गुण गाउँछन् । ३१३

शक्तिको केन्द्र हुन राक्षस लड्नलाई सीपालु छन्
वानर भालू खियौटेलाई मुख्मा हाल्दै चपाउछन् ।३१४

कस्ता कस्ताहरूलाई एकै गाँस बनाउछू
इन्द्रादिदेवतालाई मेरै तालमा नचाउँछु । ३१५

यसरी रामको सानमा होच्याई बोल्छ रावण
अंगदलाई उठ्यो रिस नदेख्दा शुभ लक्षण ।३१६

नोकरले नीज स्वामीको निन्दा धेर नीत सुन्दछ
सुनेर स्वामीको निन्दा वास्तवमा दङ्ग पर्दछ ।३१७

यदि त्यस्ता कतै नोकर भएमा त्यागीनै दिनु
नत्रता तिनैले गर्छन ज्यू दैमा वाणमा चिर्नू ।३१८

मालिकको अन्न खाएर उसलाई खुसी पार्नु छ
वर्खिलाव गरे उसको नै के को भोग मिल्दछ ।३१९

यिनै विचारले गर्दा अंगदमा रिस खुब उठ्यो
रिसले पूर्ण आगो भै शरीरै फन फनी घुम्यो ।३२०

लातिले अनि हातैले पृथ्वीमा वजारदै
शरीर उनको कमाएर दाँतले कटकटाउदै । ३२१

अंगदको रीस देख्दामा पृथ्वी डगमगै भइन
आकाशै डरले काम्यो समुद्र पनि उर्लिइन । ३२२

सिंहासनमा थियो रावण वेहोस भै भूइमा लड्यो
रावणको शिरको शिरपेच चौतर्फै तिर हुत्तियो ।३२३

झट्टपट्ट उठाएर छ ओटा लगाई दिए
उठाई चार अंगदले राघवतर्फ फालिदिए । ३२४

टल्किएका मुकुट देख्दा वानरदिपहरू छक्क परे
चम्किलो यी गगन तारा के हुँदामा यहाँ झरे ।३२५

तारा हुन या हिरा के हुन विजुली? विजुली या वज्र हुन
यी के हुन चिन्न सक्दैनौ या त रावण अस्त्र हुन । ३२६

हनुमान झट्ट उफ्रेर टिपेर सब ल्याउछन
झल्किएको मुकुट ल्याई रामलाई चढाउछन् ।३२७

भन्छन रघुनाथ फेरी रावणका दिन सिध्दिए
अंगद पुग्दा नपुग्दैमा हाम्रा हातमा मुकुट परे ।३२८

साम दाम निति दण्ड यी राजका चार भेद हुन
त्यसैले राज्यको लक्ष्मी वन्धन तोडेर भाग्दछिन ।३२९

उता रावणले भन्छ रिसले अति चुर भै
उठ सेनापति मेरा लग यसलाई घिसारदै ।३३०

अटेरी मूर्ख यो वानर बाँधी जन्जिरले कस
तताएर ठूलो डण्डा यसलाई वेस्करी कुट ।३३१

वलियो वीर सबै आऊ सन्यासी दलमा पुगी
वानर भालू सबै मारी खाऊ मासु लुछीलुछी ।३३२

वनवासी दुवैलाई बाँधेर झट्ट ल्याउनू
सक्दैनन् अरूले ल्याउन इन्द्र जित गई ल्याउनू ।३३३

दुष्ट रावणका कुरा सुनेर छक्क पर्दछन्
मानौ मेघै समान गर्जी अंगदले पुनः भन्दछन् ।३३४

ए दुष्ट नारीचोर मूर्ख तेरो होश कहाँ गयो
वोलाई वैद्यलाई ल्याऊ तेरो मूढ खराव भयो ।३३५

कस्ता छन् रामका नोकर स्वयं तैले सवै वुझिस
आफनै कर्तूतले गर्दा आफनै शिर निच गरिस ।३३६

गुलरको वोट हो लंका निश्चर हुन त्यसका फल
हामी वानर फल खान्छौं मान्दैनौ अरूको डर ।३३७

लड्न कोही यहाँ आए त्यसका साथ पनि लड्छौं
सारालाई खतम पारी तँलाई पनि मार्दछौं ।३३८

लिइदैन कुनै घरमा हरिको नाम जपना गरी
उजाडै भई त्यो जल्छ बदलिन्न कसै गरी ।३३९

यदि भजिन्न ईश्वरलाई रसना नीत गल्दछ
विर्सिनाले प्रभूलाई दुःख पाएर मर्दछ । ३४०

अंगदका पेचिला शब्द सुनेर अति जंगियो
आफूलाई खसालेको सहनै नसकी भन्दियो ।३४१

हे वानर तँ कति बोल्छस् तेरो संवाद पूर्ण भयो
यदि चुप नलागेमा स्वर्गवास हुने भयो । ३४२

छैन सागरलाई चासो तलाउसँग मिल्नमा
सुर्यलाई छैन क्यै वास्ता दीपकसँग खेल्नमा ।३४३

हात्तीको वलमा भेदक लागेर जित्न सक्छ र ?
वनवासीले जिती रावण जानकी लान सक्छ र? ।३४४

सन्यासीको यहाँ कायर त्यस्ताको शक्ति के छ र ?
मेरा सामून्ने पर्दामा कोशौ कोश दूर भाग्दछ ।३४५

रावणका थेचर शब्द सुन्दा अंगदले पनि
भन्छन फूर्ति नगर धेरै आउदैछ काल शिघ्र नै ।३४६

नचिन्दा जानकीलाई महागल्ती स्वयं गरिस
क्षमा माफी नमाग्दामा कालको मुखमा परिस ।३४७

जानकी काली दुर्गा हुन् तेरो रगत प्यूदछिन्
तेरो घमण्डले गर्दा राक्षस कुल नाश गरिदिन्छन् ।३४८

कति नै गर्छस फूर्ति अवश्य फल चाख्दछस्
छैन विश्वास जीवनको ज्यान तेरो गुमाउछस् ।३४९

इच्छा पूर्ण हुने छैन कल्पेका सपनाहरू
यदि तँ वाँच्न चाहेमा राघवकै भक्ति गर वरू ।३५०

किन यो फूर्ति गर्दै छस् वेकारमा धाक लगाउछस्
तेरो काल नजिक आयो महिना दिन भित्र मर्दछस् ।३५१

पछाडि गर्दछस् सेखी अगाडि पर्न डराउछस्
सक्कली रूप लुकाएर साधुको भेष गर्दछस् ।३५२

आफैलाई महान सम्झी आफैको गुण गाउँछस
आफनै सन्तान मासेर लंकालाई डुवाउँछस् ।३५३

बकम्फुसे कुरा गर्छस् शक्ति नै छैन क्यै तँमा
परीक्षा गर्दछु ऐले देख्नेछु कति वल तँमा । ३५४

रावणलाई यति भन्दै सम्झना रामको गरी
चमत्कार देखाई दिन्छु अंगदले मनमा गुनी । ३५५

जानकीको लिई शक्ति रामको भक्ति ध्यानमा
जमिनमा पाउले टेकी वोल्छन आफनै अडानमा ।३५६

भन्दछन वालीका पुत्र जसले पाउ हटाउला
पक्कानै रामको दललाई त्यैले नै हराउँला ।३५७

आश्चर्य पूर्णका शब्द सुन्दा रावण झोक्कियो
अंगदका पाउ पक्रेर उठाउन हुकुमै भयो ।३५८

कैयौ वीरहरूले पक्रे सकेनन् खोइ हटाउन
नहुदा वीरमा शक्ति सारा लागे लजाउन ।३५९

गर्जदै कड्कदै डस्दै भएको शक्तिले
सकेसम्म हुने सम्म मुक्का हानेर जोड्ले । ३६०

दुवै हातले समातेर हल्लाएर धकेल्दथे
नचल्दा डेक एक शक्ति निराशमै खुइया गर्दथे ।३६१

कसैले भन्दथे त्यहाँ यसका पाउ हटाउछौं
जंगली तुच्छ यो वानर यसकै वेइज्जत गर्दछौं ।३६२

मुखले मात्र कड्कन्थे शक्ति त शून्य देखियो
नसक्दा कामले गर्न अनुहार मलिन भयो । ३६३

चलेन पाउ एक सिन्को अन्त्यमा इन्द्रजीत गयो
उठाई छोड्दछु पाउ अठोट मनले गऱ्यो । ३६४

क्यै कोसिस गऱ्यो त्यसले सकेन पग हिलाउन
जितेथ्यो इन्द्रलाई पैले ऐले लाग्यो लजाउन ।३६५

पैतला मुनी तक खनदै खोक्रो पार्दै जमिन कति
खस्किएन रति पाउ सकेन गर्न क्यै पनि । ३६६

वावुभन्दा पनि वीर मेघनाथ पृथ्वीभर
वलवान शक्तिवान भन्ने फिजिएको सबैतिर ।३६७

गर्नेसम्म गऱ्यो कोशिस नसकेर उभिइ रहयो
अगम्य वलवीर त्यो हो शक्ति लोप कसरी भयो ।३६८

आफना वीर लुकेका देख्दा रावणमा क्रोध चढयो
मैले पाउ हटाई दिन्छु अठोट मनले गऱ्यो ।३६९

साच्चै हात बढाएको देखे अंगदले पनि
हत्त पत्त देवै पाउ हटाए उनले पनि । ३७०

नछोउ पाऊ यी मेरा राजाको शान घट्दछ
छुन्छौ त रामका पाउ अन्त्यमा मुक्ति मिल्दछ ।३७१

मेरो पाउ समाउदामा तेरो प्राण सुरक्षित
हुने छैन पत्यार गर्नु सत्य भन्छु अघिलतिर । ३७२

रामको दूत भै आएँ मैले के गर्न सक्छु र
आफै गै रामको छेऊ प्राणको याचना गर ।३७३

अंगदका शब्द सुन्दामा दशकन्धर उदास भयो
ज्यूदो लाश वनी आफै सिंहासनमा स्वयं लड्यो।३७४

आकुल व्याकुल भयो ज्यादै त्यसको होस हवास उड्यो
लंका सम्राटको आज शान इज्जत सवै गयो । ३७५

लज्जाको नदीमा डुव्दै जोस उसको त्यसै गल्यो
ज्यूदो हुँ या मरेको हुँ तर्कमा विचलित भयो ।३७६

त्यस्तो हालत देखेर तारानन्दन भन्दछन
संझना गर राघवको सारा सारा आपद हट्दछ ।३७७

म तिम्रो मित्रको पुत्र तिम्रो रक्षा म गर्दछु
राजाको स्वास्थ्य राम्रो होस कामना यही गर्दछु ।३७८

हे निश्चरहरू हो जाऊ अक्षत सुगन्ध ल्याइदेउ
लाग्यो कि भूत प्रेत केही आफुले पनि ल्याइ देऊ ।३७९

लंकाका महाराजालाई भूतप्रेत लाग्न सक्दछ
मन्छदा भूतप्रेतलाई हलुका हुन सक्दछ । ३८०

अंगदका व्यंगवाण सुन्दा दशानन् अग्नि झै भयो
आँखा राता गराएर अंगदलाई झपार्दियो ।३८१

जा जा वानर तँ चाँडो जा नत्र त फल चाख्छस
तरवारको धारमा गर्धन थापेर प्राण फाल्दछस् ।३८२

सन्यासीहरूलाई भन्दे तयार होउ लड्लाई
कित फर्केर गैहाल सन्तोष काल भेट्नलाई ।३८३

अंगदले भन्छन राजन तिम्लाई धन्य भन्दछु
विषालु शब्द यी होइनन् वर्षेका फूल ठान्दछु ।३८४

महाराजा नहौं दुःखीत म रामादल पुग्दछु
गर्दै छु अनुरोध अन्तिम म तिम्रो हित ठान्दछु ।३८५

राघवका साथ मिल्छौ त दीर्घायू तिमी बन्दछौं
यदि मिल्दिन भन्छौ तर अकालमा तिमी मर्दछौं ।३८६

यसै तिमी गर्छौ घमण्डीपनको कुरा
छोड्नु पर्ने छ चाडैनै नपुग्दै मनको कुरा ।३८७

क्षणभंगुर शरीर यो छ सुटुक्क प्राण उड्दछ
तन त्यो रहने छैन तुरून्त मटी बन्दछ । ३८८

जसको मुटु दह्रो छ दया माया कुनै पनि
सुकेको विरूवालाई बचाइन्न कसै गरी । ३८९

मित्र जो दिर्घ टिक्दैन त्यस्ताको गर्नु के कुरा
मुखले त चिप्लो घस्ने छ कामले रोप्छ त्यो छुरा ।३९०

जुन वृक्ष वैलिदै जान्छ वास्नाको आशा व्यर्थ छ
वाचुन्जेल भलो गर्नु चाडैनै तन छोड्नु छ । ३९१

माटोको यो शरीर हाम्रो माटोमै मिल्न सक्दछ
राघवनाम जपे देखिन अन्त्यमा मोक्ष मिल्दछ ।३९२

ईश्वरको भक्ती हो सार माया मोह असार छन्
तै पनि किन हो मानव मोहमा मात्र व्यस्त छन ।३९३

जति तृष्णा तिमी गर्छौ उत्तिनै अझ बढ्दछ
पियाई सर्पलाई दूध विष मात्र उकेल्दछ । ३९४

लोभमा त्याग सवै त्याग आनन्द धाममा पुग
सच्चा आनन्द गरिमा राघवको गुण गान गर ।३९५

शरीर धारण गरी आयो जादैन शरीरै पनि
रामको नाम जप्छौत हुने छन रक्षकै उनी ।३९६

घमण्ड गरी के हुन्छ ईश्वरले सब तोडदछ
शरीरको छैन क्यै आश कुन वेला जड बन्दछ ।३९७

छल्दछु ठग्दछु भन्छौ भगवान अनन्त छन्
अर्कोलाई ठगे भन्छौं ईश्वरै साक्षी वस्दछन् ।३९८

जसले विर्सन्छ आमालाई दुष्ट त्यो कहलाउछ
जतिसुकै महान त्यो होस आखिरमा नर्क भोगदछ । ३९९

वृध्दलाई गरें घृणा त्यसलाई पशु भन्दछन्
जे रोपिन्छ त्यही फल्छ फलेको फल चाख्दछन् ।४००

चाहन्छन सबैले वैभव साथ जाँदैन त्यो पनि
भलो गर्नु छ वैशमा फर्किन्न वंश त्यो पछि । ४०१

सुतेका दुनियाँलाई जगाई दिनु पर्दछ
अर्काको गर्नु कल्याण सुखमा दिन बित्दछ । ४०२

राजा भैकन छस मूर्ख तँलाई कति के भनूँ
संझेमा हुन्छ कल्याण नसंझे विपद सहूँ । ४०३

यसरी द्रोही भई बाँच्नु नराम्रो भाव पर्दछ
विहान विउझिदा साथै राम सम्झनु पर्दछ । ४०४

यतिकैमा बित्यो जीवन रातमा मस्त सुत्दछौ
सुत्दा सुत्दै बित्यो जीवन अन्तमा काल भेट्दछौ ।४०५

चौरासी जुनीमा घुम्दै वल्ल जन्म सफल भयो
मानवको जन्म पाएर हरि संझनु श्रेय हो । ४०६

जप्नु श्री हरिको नाम लंकाको भूपति भई
बितेका दिन फर्किन्नन् संझनु तिमीले हरि । ४०७

यस्तै प्रकारले धेरै रावणलाई उपदेश दिई
संन्ध्याको समय आयो संझना रामको गरी । ४०८

यत्तिकैमा उनि फर्के राघवका दलमा पुगे
अंगदलाई नजिक देख्दा वानर भालू खुसी भए ।४०९

राम दलमा गए अंगद लंकेश्वर अधीर भयो
दयाले भुमरी ल्यायो यस्तै चिन्ता गरि रहयो ।४१०

यस्तै चिन्ता गरी रावण महलमा पनि त्यो पुग्यो
चातुर्य देखी अंगदको रावणको मुटु ठोक्कियो ।४११

एउटा वानर आएर लंका सारा जलाइ दियो
पियारो राजकुमारलाई दुष्टले मारिनै दियो । ४१२

अंगद वानरले अर्को प्रिय पुत्र खतम गऱ्यो
त्यतिले नपुगी फेरी योध्दाको इज्जतै लुट्यो ।४१३

राम दलमा पुगे अंगद मान सम्मान सबै भयो
राघवद्वारा पनि ठूलो अंगदको सम्मान भयो ।४१४

अंगदले पनि लंकाको शब्द शब्दै सवै कुरा
सुनाई पाउमा पर्थ्रे भक्तिले झुकी सर्वदा । ४१५

मुकुटका लागि केही वार्ता अंगदले नै वयान गरे
अंगदको आँट देख्दामा सब वानर छक्क परे ।४१६

कत्रो साहसले उनले रावणको पुत्रको वध
भयो अंगदको वार्ता रावणका साथ निर्भिक ।४१७

कत्रो युक्ति गरी उनले राजाको शिरपेच छिने
राजाको शिरको ताज राघवका हातमा पुगे ।४१८

शुरूदेखि पछिसम्म रावणका संगत कुरा
ननिदाई कुरा गर्दा तै पनि नभई पूरा । ४१९

जाम्वन्त अनि बोले सुन्न जाउ अवेर भयो
अंगदको वुध्दिले गर्दा फौजको इज्जतै रहयो ।४२०

मानिसमा पर्दछन् दुःख, अन्याय कष्ट आपद
शरण, पर्नुछ धर्मैको हुनेछ धर्मको जीत ।

संसारै प्रतिकूल होवस्, मित्र छैनन् भने पनि
जागेमा धर्मको बत्ती, बज्नेछ मंगलै ध्वनी ।

सत्य हो प्राणीको रक्षक, सत्य देवी प्रज्वलेश्वर
सत्यको मार्ग पकडेर, भेटिन्छ परमेश्वर ।

सत्य बोलौं अहं त्यागौं यसैमा ईश रम्दछ
यही प्रयास गरे देखिन् आफैमा आफू चिन्दछ ।

नामले मात्र क्यै हुन्न, काम पो हुनु पर्दछ
चित्तमा क्लेश जम्नाले, यातना भोग्नु पर्दछ ।

नाममा भेदभाव गर्दा, त्यस्ताको योग्यता कुनै
नाम फेर्दा सरल हुन्छ, त्यस्को हुन्न सुधार नै ।

काम स्वच्छ भएदेखिन्, मेल हुन्छ व्यवहारमा
द्वेष ईर्ष्या र क्रोध् त्याग्दा, ईश्वर प्राप्ति छ प्यारमा ।

हिन्दू मुस्लिम र बौद्धै जैन, धर्ममा जे भए पनि
मन कालो हुँदा मानव हुँदैन कहिल्यै सुखी ।

# मेघनाद वध

रावणलाई भेटीकनै अंगद फर्किएका
लंकेशका विचारधारा प्रष्ट बुझिएका
रावणलाई कैयौं कुरा उनले संझाएथे
राघवको शक्ति पनि सबै बताएथे । १

जानकीलाई फर्काएर रामका पाउ पर्नु
आफनो गल्ती स्वीकारेर माफी समेत माग्नु
रावणका वेवकुफी सबै संझाएथे
राघवका महिमा गुण प्रस्ट बुझाएथे । २

लंकाकिल्ला पस्दा पस्दै कैयौ वीर मारे
रावणको पुत्र समेत एक्कासी नै मरे
कैयौ कैयौ वीरलाई आछु आछु पारे
आफनो शक्ति देखाएरै अंगद फर्किहाले । ३

रामादलमा आइपुगेर हालत सुनाएथे
त्यसवेलाका एक एक कुरा भनिएका थिए
अंगद एवं सुग्रीवका खासखुस कुरा सुन्दै
राघवले सोध्नु भयो मन्मा कुरा गुन्दै । ४

अंगदबाट जे जे कुरा सुग्रीवले सुने
उनले पनि राघवलाई सबै विन्ति गरे
रावणको अंहपना ज्यादै नीच थियो
त्यस्तालाई सम्झाउनु बेकारनै थियो । ५

राघवले उतीखेर प्रण गर्नु भयो
शिघ्रै अब दशाननको प्राण जाने भयो
दशरथको पुत्र म हुँ इज्जत राख्नु पर्छ
लंकेश अति बुइँ बुइँ भयो त्यसलाई मार्नै पर्छ । ६

रीति रिवाज उल्टा भयो धर्म लोप भयो
धर्म कर्म घट्दै गयो पाप बढ्दै गयो
सज्जनका आँशु नदी हामीले पुछ्नु पर्छ
निश्चरीको वंशमूल खतम गर्नु पर्छ । ७

ढिला सुस्ती भयो भने कायरता आउछ
निश्चरीका साथ लड्दा फूर्ति समेत आउछ
चाडै जाऔं सबै जाऔं अठोट गर्दै जाऔं
रावणको वंश सबै सखाप पारी छाडौं । ८

दण्डक वनमा देखिएका राक्षसहरू मारें
खर दुषण त्रिशिरादि एकै वाणले मारें
रावणलाई मारी छोड्छु भूमिभार हर्छु
संसारको राक्षसको उछितोनै पार्छु । ९

असत्यको नाश हुन्छ सत्यले नै जित्छ
पृथ्वीमा नयाँ सृष्टि हराभरा हुन्छ
सज्जनहरू पृथ्वीमा आनन्दमा रम्लान्
त्यसपछिका धर्ती माता संसारले देख्लान् । १०

राक्षसले व्रह्माण्डलाई ज्यादै दुख दिन्छन्
निश्चरीको फौज आई नारी हरण गर्छन्
त्यस्ता दुष्ट बाँच्नु भन्दा मर्नु धेरै वेश
पापी दुष्ट मर्दाखेरी शुध्द हुन्छ देश । ११

जुन दुष्ट आर्यलाई दुःख दिन खोज्छ
जीवनको अन्त्य वेला पश्चातापले मर्छ
वानर भालू उग्र भई लंकातिर जाऊ
निश्चरीको फौजलाई कतल गरी देऊ । १२

आर्यघाती राक्षसले शान्ति पाउने छैन
शंकरजीको भक्तै होओस ज्यान बाँच्ने छैन
अन्यायीलाई मार्छु भन्ने प्रण गरेको छु
पृथ्वीको भार हर्ने इच्छा गरेको छु । १३

अधर्मको पक्ष रावण त्यस्को प्राण लिन्छु
रघुकुलको सन्तान म हुँ अन्यायीलाई मार्छु
त्यैवेलामा शंकरको आराधना भयो
वानर भालू हिडी हाल झट्ट आज्ञा भयो । १४

महावीर फौज धीर अघि बढ्दै जाऊ
शंका हटाऊ डंका बजाऊ फूर्ति गर्दै जाऊ
राघवको आज्ञा पाए फौज तयार भयो
ठूलो फौज चार भागमा बाडिएको थियो । १५

राघवको आज्ञालाई पर्खिएका थिए
रामचन्द्रको आज्ञा पाई जान तयार भए
दौडे फौज लंकातर्फ जय राम भन्दै
चारै ढोकातर्फ भयो ठूलो संग्राम झण्डै । १६

पश्चिम ढोका तर्फ गए अंगद हनुमान
भीषण अग्रीम प्रहार गर्दा खुल्यो ठूलो द्वार
निश्चरीको फौज पनि लड्न तयार थियो
वानर भालु निश्चरीका साथ लड्न लाग्यो । १७

राक्षसको हालत देख्दा सेना लड्यो जोड्ले
वर्षा यामको बादल जस्तै गर्जन घनघोरले
हावा जस्तै मूस्लो बनी वानर लडे तत्काल
एक एक गरी लड्न लागे युध्द महाकाल । १८

संघर्षका बाजा बजे काम्न लागिन भूमि
लंकापति सोच्न लाग्यो हाहाकार सुनी
झन झन गरी झंकारेर तरवार ताक्दै थिए
अर्को तर्फ खट् खट् गर्दै खुट्टा बज्दै थिए । १९

ढोका जोड्ले फूटी हाल्यो दुश्मन रिसाएर
युध्द चण्डी लड्न आइन् बाँध उठाएर
युध्दवीर वीरवर मत मत हुँदै लड्थे
वानर र भालु राक्षससँग मुक्का मुक्की गर्थे । २०

सकेसम्म हुनेसम्म लडे लड्दा राक्षस साथ
राक्षसका सस्त्र भाँचे मुक्का हान्न साथ
मुक्का दिंदा दाँतले टोक्दा चर्का चर्की भयो
दुई थरीको भिडन्तले भूमि कम्पित भयो । २१

राक्षसका शस्त्र भाँचे मुक्का हान्नसाथ
तिनको साहस देख्दाखेरी राक्षस निरास हुन्थे
यस्तै गरी लड्दा खेरी वानर पछारिन्थे
यो घट्ना देख्दा खेरी राक्षस खुसी हुन्थे । २२

प्राय जसो वानरले राक्षसलाई मारे
वानरदेखि भयभित हुँदा राक्षस भाग्न लागे
साना साना वानरले राक्षसलाई जिते
देख्नेहरू भन्न लागे धर्म वलले जिते । २३

चार दिनै लड्दा खेरि राक्षस फौज घट्यो
आफनो दलै भागाभागै रावणले देख्यो
लंकेशलाई क्रोध चढ्यो आँखा राता भए
निश्चरिलाई बोलाईकन केही भन्न लागे । २४

तिम्रो जीवन धिक्कार भयो आकार पनि धिक्कार
वानर भालू सफल भए लंकावासी लाचार
आराम साथ घरमा बस लड्ने काम छाड
शत्रुलाई लंका सुम्पी निर्धक्कमा हाँस । २५

शक्ति साहस गति छाड्यौ दानव धर्म त्याग्यौ
त्यस्ता साना वानर देखी कायर भई भाग्यौ
शत्रुलाई लंका दिई तिमी कहाँ जान्छौ ?
आफनो धर्म गुमाएर कुन नाकले बाँच्छौ । २६

लंका जिताऊ दुश्मनलाई असुर नोकर होऊ
राक्षसकुलै शून्य गरी आर्यधर्मी होऊ
आफनो वंश आफनै हुन्छ आर्यहरू दुश्मन
तिनको नाश गर्न सके बढ्छ हाम्रो इज्जत । २७

लंका देशको माया छ त वानर साथ लड
आत्म विश्वास राखीकनै आफनो वंश राख
तिम्रै बल्ले गर्दा खेरी जिते विशाल लंका
तिम्रै मद्दत पाउदा खेरी हात पारे लंका । २८

स्वर्ण पुरी लंकालाई त्यसै छाड्नु हुन्न
मर्का सबै बुझी हाल्यौं मैले भन्ने छैन
लड्दा लड्दै मर्छौं भने वीरगति पाउँछौं
नश्वर शिर ढले पनि तिमी अमर हुन्छौं । २९

एक दिन हामी मर्नू पर्छ किन तेसै मर्ने
देशको निम्ति राष्ट्र निम्ति ज्यानै दिई लड्ने
जाऊ जाऊ लड्न जाऊ साथ सवले दिन्छन्
लंकावासी शक्तिशाली संसारमा को छन् । ३०

तिम्रै राजा सर्वजीत भै कैलाश बोक्न सक्ने
तिम्रै राजा आकाश पाताल सारा दमन गर्ने
तिम्रै भुपाल चन्द्र सूर्य सारा कायल गर्ने
राक्षसकै महीपालले वरूण यम जित्ने । ३१

उस्कै प्रजा राक्षसवर्ग वानरदेखि हाछौं
वानर भालू मार्नु पर्थ्यो लाजै नभई भाग्छौ
जाऊ चाडै लड्न जाऊ तिन्लाई मारी हाल
वानरदेखि भाग्छौ भने ज्यादै लाग्छ लाज । ३२

भूपालका शब्द सुन्दा आत्मबल आयो
मैदानमा लड्न जाऊँ भन्ने विचार आयो
मर्न परे मर्छौं बरू हामी भाग्ने छैनौं
वानरभन्दा कम बुध्दिका हामी हुनेछैनौं । ३३

राक्षसको फौज पनि लड्न भनी गयो
वानर भालू फौज बीचमा ठूलो संग्राम भयो
त्यसबेलाको युध्द थियो पाप पुण्य प्रस्ट
अधर्मीको हुँदैनथ्यो त्यस युध्दमा जीत । ३४

आकाश पातल डगमगियो भीषण युध्द गर्दा
रावण ज्यादै पानी भयो वज्रदन्त मर्दा
आफनो सेना मारिएको लंकेशले देख्यो
लंकापति आफैलाई धिक्कार दिन थाल्यो । ३५

आफनो पिता शोककुलमै तड्पिएको देख्यो
इन्द्रजीतले लड्न जाने स्वीकार शक्ति माग्यो
रावणको आज्ञा पाई लड्न जानै लाग्यो
दुश्मनलाई कतल गर्न शक्ति पनि थियो । ३६

तिनै लोकको शक्तिशाली रावण पुत्र थियो
बालकैमा देवेन्द्रलाई रणमा जिती दियो
त्यसको शक्ति यस्तो भन्ने अन्दाजनै छैन
जस्ले पायो उसले त्यसलाई जित्ने आसै छैन । ३७

महानिपुण सेनापति युवराज थियो
यै गुणले गर्दा खेरी पिताप्रिय थियो
सानैबेला शक्तिशाली देवलाई जित्ने
त्यसका साम्रू कुन शक्तिले लड्ने गर्ने । ३८

रावणभन्दा मेघनाद ज्यादै वलवान
देवताबाट प्राप्त गऱ्यो ठूलो वरदान
सुलोचना उसकी पत्नी अद्वितीय नारी
शेषनागकी पुत्री तिनी सती सर्वज्ञानी । ३९

आफू पनि पत्निव्रती विश्वविख्यात थियो
सत्यवादी पितृभक्त वुध्दिमानी थियो
दरवारमा रावणका अनगिन्ती रानी
मेघनादकी एउटी मात्र अति प्रिय रानी । ४०

संग्राममा जाने वेला विदा माग्नलाई
इन्द्रजीत भेट्न आयो सुलोचनालाई
सुलोचना हाँसी हाँसी माला लगाई दिइन
युध्द जिती चाडै आऊ भन्दै विदा दिइन । ४१

पतिव्रता नारीसँग देवता डराउछन्
सती पनि नारीलाई अमर गराउँछन्
प्रशन्न भई जानुहोस् विदा मैले दिन्छु
युध्द जिती आउनु होला शुभेक्षा यो दिन्छु । ४२

सतवन्तीका शब्दहरू आकाशमा गुञ्जे
तीनै लोक काम्न लाग्यो देवता शंकित भए
सतवन्तीका शब्द गुञ्जे सारा संसार भरी
थर्कमान देवता भए उनका शब्द सुनी । ४३

पतिव्रता नारीसँग गुप्त शक्ति हुन्छ
त्यस्तो शक्ति प्रकट हुँदा उलट पुलट हुन्छ
सुलोचना पतिव्रता उनकै वरदान पाई
मेघनाद आएको छ समर जित्नलाई । ४४

अर्कोतिर देवताहरू दुःख मान्न लागे
ईश्वरलाई सम्झीकनै पुकार गर्न लागे
ज्यादै मुस्किल पर्छ क्यारे असुर जित्नलाई
नारायणले दया गरून हामी दुःखीलाई । ४५

नारीमध्ये उच्च दर्जा पतिव्रता हुन्छन
दुर्गाभन्दा शक्तिशाली लोहा समान हुन्छन
ईश्वरले कृपा राखून नत्र दुःख पायौं
लक्ष्मणलाई शक्ति देऊ भीख मागिरैछौं । ४६

यस्तै यस्तै कुरा गर्थे देवता आकाशमा
के के होला कसो होला चिन्ताग्रस्त मनमा
त्यै वेलामा मेघनाद रणमा आई पुग्यो
वानरको सेना विचमा विषमताले छायो । ४७

छल र वल कौशलले रणमा लड्दै थियो
कैले लुक्ने देखा पर्ने उसको नीति थियो
आकाशको माथिबाट देखाउथ्यो खेल
वानरलाई ताकी ताकी वर्षाएर वाण । ४८

लड्दा लड्दा थाकिसके वानर भालू सेना
इन्द्रजितले गर्दै थियो अनेक थरी झेल
माया कला देखाउदै कैले अन्धकार
वाण वाणले गराइदिन्थ्यो वादल वर्षा धार । ४९

एकलो रावण-पुत्रसँग लड्न सकिएन
त्यसतो ठूलो वानर फौज टिक्न सकिएन
रामचन्द्रलाई गुहार्दथे वानर हरेस खाई
एकलोलाई जित्न कति दुखदायी । ५०

वानरको युध्द स्थलमा ठूलो हाहाकार
कयौं वानर मारिएका कैयौ भए लाचार
लक्ष्मणले देखी हाले वानर तर्सिएका
मेघनादका तीखा वाण धेरै वर्षिएका । ५१

राघवको आज्ञा पाई लक्ष्मण जान लागे
जटाजुट वाँधीकनै धनुष लिई हाले
निश्चरीले हेपिहाल्यो हाम्रो फौजलाई
रणमा टिकन सक्नेछैन तीखा वाणलाई । ५२

ठोक्रो काँधमा हालीकनै हिडे फूर्तिसाथ
युध्द स्थलमा डट्न लागे उर्मिलाका नाथ
आउदा आउदै लक्ष्मणले अन्धकारको नाश
एकै वाणले खतम पारे मायावीको नाश । ५३

यो देखेर इन्द्रजितले चुनौती यो दियो
काललाई निम्त्याएर आइस यहाँ भन्यो
लडाकुको युध्द स्थल हो खेल्ने मैदान होइन
तरवारको धार यो हो खेलवाड कुनै होइन । ५४

सुर्पणखा नाक होइन तैले काट्न सक्ने
वानरको देश होइन आज्ञा तेरो मान्ने
श्रवण जस्तो शिकार होइन यो लंका देश
तैले केको फूर्ति गर्नु सन्यासीको भेष । ५५

दूधे दाँत देख्दा ज्यादै माया लाग्छ
तेरो अहँ देख्दा भने मारौं मारौं लाग्छ
योध्दा वीरले बालकसँग लड्ने धर्म होइन
लक्ष्मण जस्तो मूर्ख बालक संसारमा छैन । ५६

ज्यानको मायाँ लाग्छ भने भागी हाल चांडो
बालकसँग लड्नु पर्दा मुटु तड्पिहाल्यो
कस्ता कस्ता योध्दासँग लड्न कम्मर कस्छु
बालकसँग लड्नलाई ज्यादै दिक्क हुन्छु । ५७

ताडकाको प्राण लिने अधर्मी हो राम
नारी हत्या गर्न सक्ने पातकी हो राम
खर दूषण त्रिशिरको त्यसले प्राण लियो
त्यस रामलाई मार्छु भन्ने मनमा भयो धोको । ५८

दया मायाँ नराखेर जस्ले तिन्लाई मार्‍यो
आफनै छाती ताकीकनै वंचराले हान्यो
घरवार त्यागी वन्मा घुमी हत्या गर्दै हिड्छ
त्यस्तालाई खोजी खोजी मैले मार्नु पर्छ । ५९

कहाँ लुक्यो राघव त्यो लड्न आको छैन
नारी हत्या गर्ने व्यक्ति आज बच्ने छैन
लुकी लुकी वालि मार्ने त्यो हो दुस्ट पापी
रामजस्तो संसारमा कोही छैनन् जाली । ६०

लक्ष्मणलाई क्रोध चढ्यो रिसाएर बोल्छन्
मुखले कति वक वक गर्छस कामले देखाएस भन्छन्
जस्तो सुकै दुस्टलाई संझाउने हो काम
तेरो कुरा पत्याएर हार्ने छैनन् राम । ६१

कस्ता कस्ता निश्चरीलाई यै वनैमा मार्‍यौं
पृथ्वीका भार हर्न महल छाडी आयौं
विनासिती धाक लाउछस् साहस कुनै छैन
तेरो वंश नाश गर्दा वल्ल होला चैन । ६२

तेरो वावु नारी चोर तँ होस चोरको छोरो
मेरै हातले मारौं भन्ने मेरो मन्को धोको
पृथ्वीमा पाप बढ्यो राक्षसले गर्दा
यो धरतीको दुःख हट्छ राक्षस नाश गर्दा । ६३

यस लंका नगरीको नाश हुने भयो
रघुकुलको वधु हर्दा दुःख भोग्नु पर्‍यो
संकटको पाइलो पर्‍यो लंका नगरीमा
सज्जनको सुस्केराले आगो बल्यो त्यहाँ । ६४

निश्चयनै प्रतिघात तिनै लोकका पापले
सुरमण्डल मुनी एवं गोमण्डलका तापले
आफनो प्रतिहिंसा ज्वाला दनदन भई बल्ला
निश्चरीको तातो रगत खोलो नदी बग्ला । ६५

सम्हालिअ इन्द्रजीत तिम्लाई भनी रै छु
इन्द्रियजितको इन्द्रजीतलाई जित्छ विश्वास गर्छु
साचो कुरा भन्दाखेरी क्रोध उठ्छ धेर
प्राण तेरो जानलाई लाग्ने छैन वेर । ६६

कालजीत धनुवाणमा जगजीत चढी रैछ
राक्षसको प्राणलाई झट्ट उडाई दिन्छ
वाण कैल्यै डुब्ने छैन तेसै डर्ने छैन
प्राण तेरो त्यसै राखी यो फर्किने छैन । ६७

लक्ष्मणको वाण यो ज्यादै प्रवल हुन्छ
तेरो प्राण उडाएर यहीं फर्की आउछ
दशरथको पुत्र म हुँ तँलाई थाहा होला
राक्षससँग डर्ने छैन एकवारको चोला । ६८

लक्ष्मणका चुनौतीले मेघनाद कुर्ल्यो
सौमित्रका साथ लड्न उसको रगत उम्ल्यो
दुवै वीर लड्न लागे युध्द मैदानमा
शक्तिशाली वीर लड्थे तर्वारका धारमा । ६९

खुँडा एंव तरवार पनि वाण समेत ताक्थे
उस्तै उस्तै योध्दा लड्दा देख्नेहरू हास्थे
शक्तिशाली वीर लड्दाखेरी खुँडा वाण चल्थे
त्यो युध्दलाई देख्नेहरू सबै कामिराख्थे । ७०

मेघनादले मेघवाण लक्ष्मणले लक्ष्मण वायु वाण
एकजनाले अग्नि वाण अर्को वरूण वाण
नाना थरी मायाटुना निश्चरीले गर्थ्यो
लक्ष्मणजीको तीखा वाणले टुक्रा पारिदिन्थ्यो । ७१

इन्द्रजीतले तपका बल्ले जादूटूना गर्थ्यो
लक्ष्मणका सत्यताले असुर निस्फल हुन्थ्यो
शक्ति उसको शिथिल भयो हार खायो मनले
मेघनाद निराश भई झुक्न लाग्यो लाजले । ७२

दुवै वीर लड्दा खेरी धर्ती काम्न लागिन्
आकाश पातल फुट्छ भन्ने उन्ले शोच्न लागिन्
हेर्दा खेरी सानो बालक शक्ति भयंकर
इन्द्रदेखि छैन भय यसको लाग्छ डर । ७३

व्रह्मवाण बाँकी थियो मेघनाथका साथ
लक्ष्मणलाई भन्न लाग्यो देखाएर वाण
धेरै वाण चाखिसकिस फेरि एउटा खालास
यसै महाँशक्तिबाट उम्कि कहाँ जालास । ७४

धन्य धन्य तेरी आमा धन्यवाद दिन्छु
यस्तो छोरो जन्माउने सिंहिनी हुन भन्छु
ऐलेसम्म डटीकनै लडिरैछस बालक
अब चाँडै देखाउनेछ बालकका हालत । ७५

इन्द्रजीतले उम्लिएर धम्किदिंदै भन्यो
व्रह्मशक्ति हातमा लिई हाँक दिंदै भन्यो
दुष्ट पाजी चोथाले तँ आफै ठूलो भन्छस्
महल छाडी वनमा पसिस के को धाक लाउँछस् । ७६

इज्जत सिज्जत छदै छैन सन्यासी भै हिड्छस
इन्द्रजीतका साथ लड्छु भन्दै निहूँ खोज्छस
काल तेरो आइसक्यो धेरै टाढो छैन
व्रह्मशक्ति प्रयोग गर्दा बाँच्ने आशै छैन । ७७

इन्द्रजीत हो काल भन्ने तँलाई थाहा छैन
सन्यासीले शक्ति मेरो चिन्न सक्नेछैन
यसै महाशक्तिबाट प्राण जान्छ तेरो
कैयौ कुरा सम्झाई दिएँ भन्नु छैन मैले । ७८

व्रह्माजीको शक्ति यो हो व्रह्माबाट आयो
कस्ता कस्ता व्यक्तिलाई यै शक्तिले माऱ्यो
जुन वेलामा देवेन्द्रलाई मैले हराएंथे
त्यै वेलामा व्रहमशक्ति हात लगाएको । ७९

व्रह्मशक्ति लाग्दा खेरी कोही बच्ने छैन
भोलिपल्ट सूर्योदय त्यसले देख्ने छैन
व्रह्मशक्ति लाग्ना साथै भैमा लडिहाल्छ
त्यसको शरीर तुरून्त नै मृतक तुल्य हुन्छ । ८०

तँलाई देख्दा माया लाग्छ ऐले भागी हाल
मान्दैनसत आइरैछ तँलाई भेट्न काल
आजसंम इन्द्रजीत भै संसारले चिन्छन
भोलिदेखि लक्ष्मणजीत तिनै लोकले भन्छन् । ८१

इन्द्रजीतका धाक धक्कू सौमित्रले सुने
व्रहृमवाणको महत्व नै मनले बुझिहाले
व्रहृमवाण लागे पनि प्राण जाने छैन
रावणको वंश कुलै ज्यूदो राखिदैन । ८२

लक्ष्मणले हाँसी हाँसी उसलाई दिए धिक्कार
कैयौ तेरो अस्त्र शस्त्र कैयौ तेरा तरवार
संसारभरका वाण तेरा वेकारमा गए
सारा अस्त्र नाश हुँदा नयाँ अक्कल आए । ८३

यो कुराको चासो छैन केही सम्झाउनु छ
व्राहृमणको वंश भई तैले मासिनु छ
व्राहृमणको इज्जत पनि पर्छ मैले राख्न
यो पनि त वेकार होला आशा होलान खास । ८४

पुलस्त्य हुन संसारका ज्यादै कल्याणकारी
उनकै नाति इन्द्रजीत हिड्छन इज्जत फाली
सज्जनको सन्ततिले इज्जत राख्नु पर्छ
दुस्ट सन्तान जन्मे पछि कुलै नस्ट हुन्छ । ८५

अझै पनि सम्झाउछु दुस्ट मति छाड्दे
तेरी पत्नी नागकन्याको सतीत्वमा ध्यान दे
वावू जस्तै मूर्ख भइस आमा जस्तो होइन
मेरा साथमा लड्दा खेरी प्राण बच्ने छैन । ८६

दशरथको पुत्र म हूँ सतमै अडि राख्छु
धर्मछोडी लड्ने छैन धर्म पालन गर्छू
मर्न परे मर्छु बरू इज्जत फाल्ने छैन
व्रहृमशक्ति लागे लागोस डरले भाग्ने छैन । ८७

लक्ष्मणले छाती खोले व्रहृम शक्ति लाग्यो
सौमित्रजी मूर्छा पऱ्यो दुश्मन हास्न लाग्यो
इन्द्रजीतले आफैलाई धन्य महान सम्झयो
लक्ष्मणको शक्ति यस्तो भन्ने कुरै बिर्स्यो । ८८

त्यसवेलामा संसारका सबै शक्ति धन्य
धन्य धन्य व्रहृमणयता नमो नमो व्रहृमण्य
लक्ष्मण वीर युध्द स्थलमा इन्तु चिन्तु भए
वानर भालू सुर्ताएर विहोल हुदै थिए । ८९

राक्षससँग हार्नु पऱ्यो हाम्रो जन्म व्यर्थ
आपसमा वानर भालू गर्थे यस्तै तर्क
राघवका प्रेरणाले हाम्ले जित्नु पर्ने
सौमित्र नै मूर्छा परे अब के पो गर्ने । ९०

इज्जत गयो हुर्मत गयो सैन्य हाम्रो घट्यो
राक्षसका सामुन्नेमा हार खानु पऱ्यो
लक्षमण जस्ता योध्दालाई त्यसले मूर्छा पाऱ्यो
हाम्रो पनि प्राणपंख त्यसै जाने भयो । ९१

झट्ट पट्ट हर्षाएर मेघनाद आयो
लक्ष्मणलाई उचालेर लाने इच्छा गऱ्यो
मेघनादका संकेतले राक्षस वीर आए
लक्ष्मणलाई उठाउनमा कोशिस गर्दै थिए । ९२

यसलाई लगी भूपालका सामू राखिदिन्छु
युध्द स्थलका घट्नाहरू सबै बताइदिन्छु
यो देखेर लंकापति ज्यादै हर्षित होलान्
लक्ष्मणलाई जित्न सक्ने भन्दै तारिफ गर्लान् । ९३

लक्ष्मणलाई बोकीकनै रावण छेउ लाने
भूपतिको प्रशन्नमा वरदान कुनै माग्ने
लक्ष्मणलाई बोकौं भनी सक्दो प्रयास गरे
आफनो प्रयास खेर जाँदा राक्षस लज्जित भए । ९४

शेषशायी ईश्वरको शक्ति बुझिएन
राक्षस वंशै नाश हुने शंकै मानिएन
बालकैमा इन्द्रलाई त्यस्ले जितिदियो
त्यस दिनदेखि इन्द्रजित नाम राखिएको । ९५

लक्ष्मणलाई त्यसै छाडी मेघनाद फर्क्यो
लंकेशका पाउ पर्दै घट्ना बयान गर्‍यो
रावण पनि गद्‌गदाई हर्ष प्रकट गर्‍यो
धन्य पुत्र मेघनाद भन्दै छाती टास्यो । ९६

त्यै वेलामा हावा वेगले वानर भालू आए
मुर्छिएका लक्ष्मणलाई पीठमा बोकी लगे
जय रामचन्द्र भन्दै हनुमानले बोके
पलभरमै राघवका छेउ पुर्‍याइदिए । ९७

राक्षसका गुप्तचरले त्यो देखेका थिए
हत्तपत्त सत्य खवर क्षणमै पुर्‍याइदिए
यसले गर्दा वावु छोरा शुर्ता गर्न लागे
बुध्दिमानी मन्त्री डाकी छलफल गर्न लागे । ९८

लक्ष्मणको हालत देख्दा कोशलपति वीर
विव्हल हुदै छटपटाए आँखा भरी नीर
मानो वज्र पर्न गयो राघवका शिरमा
प्रिय भाइको वेहालतले अग्नि सल्क्यो मनमा । ९९

राघवको सुध्दि वुध्दि सारा गुमी सक्यो
आकुल व्याकुल पीडा हुँदा मूर्छा पर्नु भयो
जिन्दगीमा ठूलो आपद नसुल्झिने भयो
दुःख भन्दा महाँदुःख रामले भोग्नु पर्‍यो । १००

कोशलनाथको देखे हालत वानर आतिए
सहश्र धारा रोएर अति विव्हल भै चिच्याए
ईश्वर तिम्ले यी दुई भाइको सुरक्षा गर्नुहोस
यी दुवै भाइ वचाई हाम्रो कल्याण गर्नुहोस् । १०१

लक्ष्मण विना कोशलनाथ बाँच्दै बाँच्दैनन्
श्री राम विना राक्षसलाई कसैले जित्दैनन्
उन्मूल नभै राक्षस जाति वैदेही लगिन्न
राघव विना वैदेही प्राण उड्दछ रहन्न । १०२

वानर भालू अतिनै रूदै कोहोलो मच्चाए
विव्हल हुदै सन्ताप बोक्दै निर्झरी बगाए
कोशलनाथको त्यो दशा देख्दा आफैलाई धिकार्थे
हे ईश्वर तिम्ले सुदृस्टि देऊ भनेर पुकार्थे । १०३

हे रघुनाथ तिमीले हाम्लाई प्रेरणा दिएथ्यौ
जंगलवासी वानरलाई बलशक्ति दिएथ्यौ
राक्षसको वाणले आघात पार्‍यो यो दशा गरायो
दुस्टले हाम्रो जिन्दगीलाई विचल्ली गरायो । १०४

राघव विना सुरक्षा छैन किटेर भन्दछौं
कुन ठाउँ जाने के गरी बाँच्ने अन्योलमा पर्‍याछौं
लक्ष्मण वीर उठ्नुहोस चाडै प्रार्थना गर्दछौं
उठ्दैनौ भने जंगली पशु प्राण त्याग गर्दछौं । १०५

राक्षस मार्ने आकांक्षा ठूलो कोशलनाथको
कसरी लक्ष्मण मूर्छित भए आश्चर्य लाग्छ यो
श्री रघुनाथको अगाध शक्ति सर्वत्र थाहै छ
के कारण हुंदा यो हालत भयो वुझाउन मुस्किल छ ।१०६

त्यै वेला नाथले खोलेर आँखा सबैलाई देख्नु भो
जाम्ववान सहित वानर भालू रोएको देख्नु भो
लक्ष्मणलाई जुरूक उठाई काखमा राखेर
लक्ष्मणका गुण संझना गर्दै विव्हल भएर । १०७

हे प्रिय भाइ उठन उठन नयन खोलन
आत्मलाई धैर्य धारणगरी मसँग बोलन
महल छाडी वनमा आयौ दुःखीका साथमा
कठोर दुःख तिमीले काट्यौ जंगलको वासमा । १०८

लक्ष्मणको आधार पाएर कैयौं राक्षस मारेथें
दण्डक वनमा प्रख्यात राक्षस एक्लै मारेथें
यतिका वर्ष बिताएँ जीवन हाँसो र खुशीमा
जतिनै आपद परेता पनि परिन अत्यासमा । १०९

वैदेहीबाट वियोग हुंदा तिमीनै आधार
दु:खको वेला नरूवाऊ वाँड्न तिमीनै तयार
यो दु:खीलाई नरूवाऊ वावु तुरून्त विउझन
हे दाज्यू ! भन्दै कोमल हातले यी आँशु पुछ्न ।११०

म जस्तो दु:खी यो विश्वभरै क्वै छैन भन्दछु
लक्ष्मण जस्तो अभिन्न भाइ पाइन्न ठान्दछु
कुन ठाउ जाऊँ के गरी मरौं यो प्राण जादैन
जतिनै छाती पिटेर रोऔं यो चित्त बुझ्दैन ।१११

रामका निंति आकाश खस्यो यो धर्ती चर्कियो
छातीमा मेरो आघात पर्‍यो कलेजो टुक्रियो
के गरी वाँच्ने यो पृथ्वीमा हुँदा म बाँच्न सक्दिन
लक्ष्मण विना बाँचेर पनि के काम लागिन । ११२

राजाको कुलमा लिएंथे जन्म प्यारमा हुर्किएँ
खेल्ने र खाने समय थियो वनमा धपिएँ
गद्दीमा बस्ने साइत थियो वनको साइत भो
पत्नी र भाइ साथमा हुदा कोशल बिर्सियो । ११३

वनमा पनि कठोर दु:ख तिमीले सहेथ्यौ
काँडाको झ्याङमा फलफूल रोप्ने दिनहूँ गर्दथ्यौ
रातमा पनि नसुतीकनै रक्षक भएर
यतिका वर्ष पहरा दियौं धनुष वाण लिएर । ११४

ककस्को यस्तो सराप लाग्दा लंकामा हारियो
पुर्खाको थियो उज्वल गाथा इज्जत फालियो
यो धनुवाणलाई धिक्कार दिन्छु आफैलाई धिक्कार
जिन्दगी भरै भएन सुख चौतर्फ तिमीर । ११५

मानिस जस्तै भएर राघव विलाप गर्दथे
अतिनै निराश भएर पल्मै छातीमा हान्दथे
यसरी बाँच्नु जिन्दगी होइन मर्नु नै इज्जत छ
जिन्दगी सबको मरणशील छ बाँचेर के हुन्छ ।११६

हरेश खाई रोएको देख्दा विभीषण भन्दथे
राघवलाई कसरी संझाउँ उपाय सोच्दथे
जोडेर हात विभीषणले भन्थे नरून् मित्रवर
मानिसलाई आपद पर्छ गर्नु छ चित्त धीर ।११७

लक्ष्मणलाई बचाउनको लागि उपाय सोच्दैछु
लंकामा गई चिकित्सक डाकी ल्याउँकि भन्दैछु
यदि म त्यहाँ जाऊँ भने फर्किन सकिन्न
रावणले मलाई पकडेर राख्छ अवश्य छाड्दैन ।११८

सुषेण नामक वैद्य छ त्यहाँ चतुर सिपालु
रोगीको निंति कोमल दिल अतिव दयालु
कुनै वीर त्यहाँ सुटुक्क गई त्यसलाई ल्याउछ
अवश्य त्यसले राघवलाई आरोग्य पार्दछ । ११९

अंजनी कुमार सामुन्ने थिए हत्तपत्त बोल्दथे
म जान्छु प्रभु वैद्यलाई लिन विन्ति भाउ गर्दथे
सुषेणको पुरा ठेगाना लिई हनुमान हर्षाए
वायुको वेगले प्रशन्न हुँदै रामभक्त कुद्थे । १२०

अत्यन्त सानो आकार बनी लंकामा पसेका
सुषेणको घर पक्का नै यही हो भनेर चिनेको
थकाइले गर्दा पल्टेको थियो निन्द्राको काखमा
आनन्दसँग सुतेको थियो एकान्त कोठामा । १२१

रामको ध्यान गरेर उनले घर समेत उठाए
वैद्यको घरै काँधमा राखी रणदल पुर्‍याए
एकछिन पछि सुषेण विउझी राघवलाई देखेथ्यो
एककासी उसले रामचन्द्र देख्दा ताजुव मानेथ्यो ।१२२

लक्ष्मणलाई काखमा राखी राघव रोएका
भाइको हालत नाजुक हुँदा व्याकुल भएका
हँसिलो मुख शोकले गर्दा अँध्यारो भएको
दुई नेत्रबाट जमुना गंगा जोडले बगेथ्यो । १२३

सुषेण साम् देखेर राघव क्यै आश लिएर
वैद्यराज यसलाई बचाउनुहवस उपचार गरेर
कोशलराजका कोमल शब्द सुनेर सुषेणले
दुवै हात जोडी गर्थे विन्ति लंकेशका वैद्यले । १२४

रावणको सेवक लंकाको म हूँ कसरी म भनौं
मालिकको वैरी विरामी हुँदा के गरी वचाऊ
प्रभुको आज्ञा स्वीकार्दा खेरी सजाय दिनेछन्
राजाको दुश्मन उपचार गर्दा मलाई मार्नेछन् । १२५

जसको सेवक भएर मैले जिन्दगी बिताएँ
तुनको सोझो चिताई मैले सन्तान हुर्काए
उनकै विरोध गर्नेलाई मैले उपचार गरेमा
राजाकै द्रोही भन्ने छन मलाई सुवर्ण लंकामा । १२६

कोशलनाथले विचार गरी मलाई आज्ञा होवस
लंकाबाट नोकरी मेरो सुरक्षा गराइयोस
होइन त भने गरीवको छोरो मफतमा मर्ने छ
विचरा कठै परिवार मेरो अन्योलमा पर्ने छ । १२७

म भइन भने सन्तान मेरा भोकले मर्नेछन
देख्नेले पनि सुषेणलाई धिक्कारी दिनेछन
यो आपद ममा नपरोस भनी निवेदन चाहन्छु
आपत्तिबाट बचाइन्छ भने लक्ष्मण बचाउछु । १२८

सुषेणको राय बुझेर राघव तुरुन्तै बोल्दथे
अन्याय कैले राघवबाट हुँदैन भनेथे
न्याय र सत्य वचाउन लागि वनवास लागेथे
पिताको आज्ञा पालन गरी वन तर्फ आएथे । १२९

सत्यको पालन गरेर मैले लक्ष्मणलाई ल्याएँ
संकट र दुःख खपेर पनि कर्तव्य निभाएँ
लक्ष्मणलाई उपचार गर्दा अन्याय भएमा
पर्दैन वैद्य अप्ठयारो भए सुत्ने छु यसमा । १३०

रोगीको सेवा सुश्रुमा गर्दा अन्याय भएमा
रावणबाट सजाय दिन्छ वैद्येले संझेमा
पर्दैन कुनै उपचार गर्न ज्यान जान्छ गै हालोस
आवाज मेरो यही नै हुन्छ न्यायको रक्षा होस । १३१

कसैको पनि नजाओस धर्म रामले भन्दछु
शिरमा वज्र परेता पनि धीर भै सहन्छु
एक दिन हामी मरेरै जान्छौं नियम यस्तै छ
कालको चोट परेता पनि सहनै पर्दछ । १३२

धर्मको पालन गरिन्छ भने मुटुलाई सुद्धाउंछ
पवित्र चित्त भएकालाई ईश्वरले पछ्याउंछ
न्याय र धर्म लोकमा भए पाप पछि हट्दछ
कुविचार हाम्रा हट्दछन् भने भू स्वर्ग बन्दछ । १३३

हे वैद्यराज संसारमा ज्यानै ठूलो छ
मानिसमा दया यदि छ भने भू स्वर्ग बन्नेछ
तपाई आफनो कर्तव्यलाई विचार गर्नुहोस
जुन काम गर्दा कल्याण हुन्छ त्यै कुरा सोच्नुहोस ।१३४

संसारिक बस्तु देखिन्छन झुठा ईश्वर नित्य छ
यो पृथिवीमा लिएर जन्म मलाई मर्नु छ
दया छ सवको महान भूषण दयामा ईश्वर छ
दयाले हाम्रो हृदयलाई पवित्र पार्दछ । १३५

दयानै लिनु दयानै दिनु मान्छेको धर्म हो
बाँचुन्जेलसंम दया दान दिनु सबैको कर्म हो
आ-आफनो धर्म आ-आफनो कर्म सबैले गर्दछन्
जिम्माको काम सकिएपछि स्वधाम जानेछन् । १३६

यो विश्वभरै देखिने वस्तु धर्ममै अडेका
धरिणी धाम धन प्राण पंछी धर्ममै रहेका
सबैले आफनो बचाउनै पर्छ धर्म र आलोक
सत्यमा मानव अड्दछ भने सुध्रिन्छ परलोक। १३७

व्रह्मास्त्र लागी लक्ष्मण भाइ मर्दछ सहन्छु
क्षत्रीको धर्म रणमा लड्नु यै धर्म भन्दछु
एउटाको ज्यान दिएर अर्को बच्छ त वचाउछु
क्षत्रीको छोरो रणमा मर्नु उत्तम ठान्दछु। १३८

तैपनि मेरो मनको कुरा भलाई संझाउछु
रोगी नै वैरी कसैको हुन्न मनले ठान्दछु
गर्नुहोस विचार सुषेण आफै मनले के भन्छ
मन्थन गर्नु निर्णय गर्नु मनमा के ठहर्छ। १३९

रोगी र बालक निर्दोषी हुन्छन विश्वकै आफन्त
यस्ताको रक्षा सबैले गर्छन रचिन्न षडयन्त्र
हे वैद्यराज मनमा जे लाग्छ त्यै कुरा गर्नुहोस
हनुमानजीले पुऱ्याइदिन्छन खुसी भै जानुहोस। १४०

वैद्यलाई यस्तो अप्ठ्यारो पारी यो काम लगाउन्न
अर्कालाई धोका दिएर लक्ष्मण भाइलाई वचाउन्न
एकदिन हामी छाडेर जान्छौं धर्तीमा रहन्नौं
राजवैद्यलाई यो काम बारे अप्ठ्यारो पार्दैनौं। १४१

कोशलनाथका अमृत वाणी सुनेर सुषेणले
रामका साम्‌ झुकाएर माथ खुब भक्तिभावले
हे धर्म अवतार राघव तिम्रो दर्शन पाएँ
महिमा गाउदै पाउमा पर्छु विनम्र भएर। १४२

अज्ञानले गर्दा जीवन मेरो पत्थरै समान
कोशलनाथका शब्दले पाए चेतना सुज्ञान
निद्रामा थिएँ विउँझिएँ आज म धन्य भएछु
राक्षसको संगत गरेको थिएँ सुमार्ग पाएछु। १४३

धर्म र चर्चा ती अन्य कुरा झुठमुट बोल्नेथें
रावणको आफूँ वैद्य हुँ धाक धक्कु लगाएँथे
बस्न त बस्छु लंकामा बस्छु रावणसाथ बस्दिन
विभीषणको चिकित्सक हुँ म लंकेशको म होइन।१४४

लक्ष्मणलाई बचाउन सक्छु ओषती टाढा छ
नजिकै छैन ज्यादै नै टाढा ल्याउन त्यो कठिन छ
लक्ष्मणजीलाई गहिरो चोट लागेको ठान्दछु
शरीर भरै विष नै विष फैलेको बुझ्दछु। १४५

ऐले नै गई औषधी ल्याई खुवाउनु पर्दछ
औषधि आजै ल्याइन भने ज्यान जान सक्दछ
औषधि मिल्छ हिमालचलमा सजिलो हुदैन
यो रात भरी ल्याइन भने त्यो काम लाग्दैन।१४६

एसिया देशको उत्तरपट्टि त्यो वुटी पाइन्छ
सजिलो छैन औषधी ल्याउन को गई ल्याउछ
आजको रातमै गएर वूटी को लिएर फर्कन्छ
अँध्यारो छदै औषधी खुवाउनु पर्दछ। १४७

रामका दलमा कोही भएदेखि शिघ्रनै आज्ञा होस
यो रातभरि गएर त्यसले औषधी लिआओस
सुषेणका कुरा सुनेका थिए रामभक्त हनुमान
औषधी लिन म जान्छु भन्दै उठे हनुमान। १४८

वीरको यस्तो साहस देख्दा राघव हास्नु भो
भक्तले पक्कै ल्याउदछन्‌ भन्ने पत्यार गर्नु भो
त्यै वेला भने सुषेणजीले वुटीको वारेमा
औषधी वोट देखिन्छ ठूलो द्रोणाचल गिरीमा। १४९

लरतरो वीरले सक्दैन ल्याउन यो रात भरीमा
लाग्दैन कामै ल्याएमा वुटी विहान प्रभातमा
हावाको वेगमा गएर त्यसले औषधी ल्याउला
अनन्तसम्म स्वकृति त्यसले विश्वमै फैलाउला। १५०

अंजनी पुत्र प्रशन्न हुँदै कबोल गरेथे
जतिनै टाढा त्यी वुटी होस ल्याउदछु भनेथे
त्यसको वोट के कस्तो हुन्छ बताई दिनुहोस
यो रातभरमा म ल्याइदिन्छु पत्यार गर्नुहोस । १५१

उत्तरतर्फ द्रोणाचल गिरि हिमाल पर्दछ
रातको विचमा अनौठोसँग त्यो वुटी बल्दछ
जाउन छिटो अंजनी पुत्र तिमीले ल्याउदछौ
यो रातभरमा औषधि ल्याई विरामी बचाउछौं ।१५२

सुषेणको साथ साथ प्रशन्न हुँदै बोलेथे रघुराज
तिम्रै छ आशा भरोसा तिमीनै बचाऊ हाम्रो लाज
सुग्रीवका तिमी परम मित्र वानरका प्राण
वैद्यजीको रक्षक भै वचाई दियौ ज्यान । १५३

गएर त्यहाँ ल्याउने छौ वुटी विश्वास लाग्दछ
लक्ष्मणलाई बचाई देऊ राघवले भन्दछ
हनुमान जस्तो विश्वासी व्यक्ति रामको कोही छैन
तिमीले सक्छौ यो काम गर्न अरूले सक्दैन । १५४

मुटुमा गाँठो पारेर राघव विस्तारै बोलेथे
भक्तलाई धेरै दिएर आसिक विदाई दिएथे
द्रोणाचल गिरि धेरैनै टाढा पुग्नमा मुस्किल
हावाको वेगमा कुदेर गए संझदै राघव । १५५

बालक वेला सूर्यलाई टिप्ने प्रयास गरेथे
यिनैले गई सुवर्ण लंका क्षणमै जलाए
हनुमान गई द्रोणाचलबाट औषधि ल्याउनेछन
रामका प्यारा हनुमान जस्ता कोही छैन भन्नेछन ।१५६

उनै वीर आज हावाको वेगमा कुदेकै कुद्यै छन्
ल्याएर वुटी लक्ष्मणलाई अवश्य बचाउछन
यी कुरा सोच्दै विचार गर्थ्यो लंकाको महीपाल
क्षण क्षणको खवर लेखेर राख्थ्यो रोगीको सबै हाल।१५७

रावणले पनि सुनेको थियो वीरको प्रस्थान
एकरात उनलाई अल्मल गर्ने खोजेथ्यो समान
तुरून्तै उसले कालनेभी संझयो उकहाँ गएर
मनका कुरा रावणले पोख्यो मर्माहत भएर । १५८

त्यो कालनेभी बुद्धिमान थियो रावणलाई सम्झायो
जुन वानर पैले आएर यहाँ यो लंका जलायो
त्यस्तालाई रोक्ने सामर्थ छैन वुध्दिको सागर छ
त्यसको शक्ति संझना हुँदा शरीर काम्दछ । १५९

विश्वका पति श्री रघुनाथ संझेर राघवलाई
उनैको भजन गाएर बस्नुस सुम्पेर सीतालाई
झगडा झणझट नगर्नुहोस म विन्ति गर्दछु
लंकेशको मति सुध्रियोस भन्दै ईश्वर पुकार्छु । १६०

यो मोह जालमा नभुल्नुहोस विचार गर्नुहोस
कुन काम गर्दा के हुन गयो आत्माले सोच्नुहोस
नचाहिने अर्ति सुनेर रावण अत्यन्त रिसायो
तंलाई मार्छू भनेर त्यसले तरवार उठायो । १६१

ज्यान लिन आँट्यो भनेर नेभी जानलाई मन्जुर भो
हत्त न पत्त वदली स्वरूप सामुमा उभियो
मुनिको भेष लिएर त्यसले माया जाल रचेर
कुटीमा भजन गाउदै थियो रामलाई संझेर । १६२

बाटोका छेउमा आश्रम थियो वीरले देखेथे
तल्लीन हुँदै रामको भजन गाएको सुनेथे
यी मुनि रैछन रामका भक्त दर्शन गर्दछु
साधुको दर्शन गरेर मात्र तुरून्त जानेछु । १६३

गएर त्यसको दर्शन गरे अन्जनी कुमारले
विभिन्न कुरा वयान गर्‍यो मायावी नेभीले
भन्दथ्यो त्यसले राघव र रावण रणमा लड्दैछन
रावण ऐले थाकिनै सक्यो रामले जित्नेछन । १६४

यहीं नै बसी देखिरै छु त्यो घोर संग्राम
मलाई ज्ञान दृष्टिको शक्ति दिएथे रघुनाथ
पानीको प्यास लागेको हुदा जल खोजे भक्तले
तलाऊ एउटा सफा र सुन्दर भक्तले देखेरै। १६५

पिउंदछु पानी भनेर भक्त दहमा पसेथे
तलाउबाटै मकरी एउटी आएको देखेथे
भक्तको पाउ पक्रेर टोकी मकरी आएर
वीरले त्यसलाई तत्क्षण मारे हातले हानेर। १६६

मकरीबाट त्यागेर देह सुन्दरी आएकी
यानमा बसी स्वर्गमा जान तयार भएकी
प्रशन्न हुँदै भन्दथी त्यसले तपाईका दयाले
राक्षसी शरीर छुट्टाउनु भयो प्रभुका इच्छाले। १६७

ऋषिको सराप परेको हुदा राक्षस्नी भएथें
क्यै वर्षदेखि यै पोखरीमा निवास गरेथें
रामका भक्त स्वयं नै आई पाप मोचन गरायौ
राक्षसी शरीर यातनाबाट छुट्कारा गरायौ। १६८

जसलाई मुनी संझनुहुन्छ त्यो दुष्ट राक्षस हो
यी मेरा शब्द नठान्नु झुठा विल्कुलै सत्य हो
त्यो कालनेमी राक्षस स्वयं मुनि भै आएको
लंकेशद्वारा पठाइयो यहाँ झुक्याउन आएको। १६९

खुलाई भेद अप्सरा गई तुरून्त स्वर्गमा
परीका कुरा हनुमानजीले लिएथे चित्तमा
राक्षसका सामू गएर वीरले क्यै शब्द बोलेथे
त्यसलाई भैमा पछारीकनै तत्क्षण मारेथे। १७०

यस किसिमबाट राक्षसलाई वीरले मारेथे
त्यसपछि उनले मनमा केही विचार गरेथे
यो वेला मैले भास्करजीको प्रार्थना गर्दछु
कोशलकुमार नविंझेसंम नउदाऊ भन्दछु। १७१

त्यसैले तिमी रोकीरहुँ विहानै नझुल्क
कोठामा मस्त निदाई राख सवेरै नविंझ
औषधि ल्याई नफर्केसंम निन्द्रालु भएर
रोकिराख भास्कर देव दयालु भएर। १७२

कोशलकुमार विंउझे पछि त्यसवेला झुल्कनु
त्यसवेला तिम्रो प्रार्थना गर्छु तिमीनै हटाउनु
औषधि लिई नआउदै यदि उदय भएमा
अत्यन्त ठूलो पर्ने छ आपद श्री सूर्य वंशमा। १७३

गर्दछु आशा प्रार्थना मेरो स्वीकार्नु हुनेछ
स्वीकार यदि भएन भने सूर्यकुल डुब्ने छ
तैपनि तिम्ले संझनु होला अंजनी सुतलाई
दुःखको खवर संझाई दिएँ भनौं त कस्लाई। १७४

प्रार्थना मेरो सुनेनौ भने तिमीलाई निल्नेछु
आलोक मेटी निरन्तरसंम अन्धकार पार्नेछु
हालको दुःख छुटाई दिए इज्जत रहला
अन्जनी सुतले यो गुणलाई नर्बिसी संझला। १७५

यी कुरा सोच्दै अंजनी पुत्र गिरिछेउ पुगेथे
त्यो द्रोणाचलको शिखर सबै बलेको देखेथे
रावणले आई सल्कायो आगो भक्तले संझेथे
शैलको छटा आश्चर्यपूर्ण उनले देखेथे। १७६

आगोले पर्वत बलेको थियो चौतर्फ दन दन
औषधि चिन्न नसक्दा तिनले रामको चिन्तन
औषधि खोज्दा हैरान भए रात बित्छ डराए
तुरून्त उनले स्वआत्मलाई गंभीर गराए। १७७

एक्कासी मनमा तरङ्ग आयो यो पहाड बोक्दछु
सोध खोज गर्ने समय छैन लगेर देखाउछु
यै कुरा सोची द्रोणाचल गिरि वज्रले फुटाले
नचाहिने खण्ड अखण्ड पार्दै काँधमै चढाए। १७८

द्रोणाचल पर्वत काँधमा राखी आकाश मार्गमा
उत्तरबाट दक्षिण लागे ताकेर लंकामा
आकाशमा कुद्दा उनले देखे कोशल सुधाम
घटना वसमा गर्नु नै पर्‍यो कपिलाई विश्राम । १७९

लक्ष्मणलाई राक्षसको वाण लागेर मुर्छित
विषालु व्राण लागेको हुदा चोटले विव्हल
सुमित्राजीले त्यही नै रातमा कुस्वप्न देखिन
अत्यन्त खराव स्वप्नले गर्दा शोकाकुल भइथिन् ।१८०

शान्ति र स्वस्ती गर्नका लागि भरतलाई बोलाए
माताका खवर पाउना साथै राजपुत्र आई पुगे
आरंभ भयो सुशान्ति यज्ञ वशिष्ठजीबाट
त्यै वेला भक्त कुदेका थिए आकाश वीचबाट । १८१

बलेको पहाड बोकेको देख्दा राक्षसै ठान्दथे
यसैले गर्दा उत्पात भयो आपसमा भन्दथे
कोशलपुरको आकाशमाथि राक्षस आएछ
उल्कापात यहाँ मचाउनलाई पहाडै ल्याएछ । १८२

भरतले पनि आकाश तर्फ के भनी हेरेथे
अवश्य पनि राक्षस होला मनले सोचेथे
यसैले गर्दा उत्पात भयो कुस्वप्न देखियो
यै वेला हाम्रो आकाशमाथि कुदेको भेटियो । १८३

अजंग राक्षस अयोध्या माथि दिनदिनै घुम्दछ
यसैले गर्दा सबैको मनमा अशान्ति फैलिन्छ
यो नौलो राक्षस कहाँबाट आयो कुन कुन चिन्ह हो
यसलाई त्यसै हुदैन छोड्न जीवन घातक हो । १८४

यो कुरा सोची भरतजीले कुश वाण चढाए
खिचेर ताँदो पुर्‍याई कानमा ताकेर हानेथे
त्यो वाण लाग्दा पवन पुत्र जोडले खसेथे
हा राम ! राम राघव भन्दै चित्कार गरेथे । १८५

ताजुवको कुरा गरिन्छ यहाँ घटना वारेमा
पर्वत बोकी आएको भक्त देखिन्थे आकाशमा
त्यैवेला उनका मनमा आयो औषधि लगेर
लक्ष्मणलाई वचाई दिन्छु औषधि खुवाएर । १८६

यो भन्दा पैले सीताको पत्ता मैले लाएथें
चारशय योजन समुद्र पनि फुर्तिले तरेथें
कसैले आट्नै नसक्ने कार्य म एक्लै गर्दछु
त्यसैले होला कोशलनाथको मुटुकै टुक्रा छु । १८७

यी कामले गर्दा संसार भरै सुकीर्ति फैलेला
राघवबाट भक्तको कामको प्रशंशा पाइएला
यो वेला पनि राघव भक्त पियारो म हुन्छु
रामको भक्त महावीर भन्ने विश्वमै फैलन्छु । १८८

त्यो वेला उनको अहंको भाव मनमा उठेछ
ठीक तेसै वेला भरतका वाणले अहंकार तोडेछ
एक्कासी भक्त घाएल भई जमिनमा खसेथे
अहंको भाव टुक्रियो सबै राम नाम जपेथे । १८९

भरतजीका दुईटै कानले यो नाम सुनेर
दगुर्दै आए भरतवावु उत्सुक भएर
यो प्रिय नाम सुनाउँछ कस्ले त्यो व्यक्ति को होला
गएर भेट्छु सोधनी गर्छु त्यो व्यक्ति जो होला ।१९०

वानर राजको नजिकै पुगी त्यो हालत देखेको
आफूले गर्दा त्यो दशा भयो मनले गुनेको
बोलन बोल कपिराज बोल विन्ति छ बोलिदेऊ
त्यो मुखबाट अमृत धारा कानमा घोली देऊ ।१९१

पृथवी पातल जल थलमा अदभूत गुंजार
यो शान्तिमय प्राकृतिक कणमा मधूरो झंकार
पत्थर पनि चैतन्य हुन्छ यो तिम्रो वाणिले
त्रिभुवन भरै सुरम्य हुन्छ अमृत वर्षाले । १९२

खोलन खोल नयन खोल मलाई हेरन
के तिम्रो नाम कुन ठाउ बस्छौं मलाई भनन
भरतले जति बोलाए पनि ती बोल्नै सकेनन
जतिनै उनले कोशिस गरून होशमै आएनन । १९३

यसले गर्दा भरत कुमार दुखित भएथे
रामलाई संझी रामकै नाम मनले जपेथे
पापले गर्दा राघवदेखिं विमुख भएछु
जिन्दगी भरै पापको तालमा यसरी डुवेछु । १९४

बोलन बोल वानर तिमी एक पल्ट बोलन
यो पापीलाई वानरराजले पुलुक्क हेरन
कुन ठाउँ गई यो पहाड ल्यायौं कुन काम लाग्दछ
हे राम अझ बोली देऊ भन्दै भरतले भन्दछ ।१९५

मुटुमा कान राखेर विस्तार ढुक ढुकी चल्दथ्यो
श्रीराम उच्छ्वासबाट विस्तार सुनिन्थ्यो
त्यै वेला देखे भरतजीले कुशवाण विझेको
त्यो वाण लाग्दा वानरवीर धर्तीमा खसेको । १९६

कपिको हालत नाजुक देख्दा भरतजी डराए
तुरुन्त उनले कुशवाण झिकी क्यै शान्ति गराए
भरतले संझे सज्जन प्रति अपकार भएछ
अपर्झटै उनका हृदयबाटै धिक्कार आएछ । १९७

हृदयैदेखि राघव संझी प्रार्थना गरेथे
वानरको जीवन अमर होओस वरदान मागेथे
प्रभुको दया ममाथि भए वानरको शरीरमा
पीडा र कष्ट हटेर जाउन आराम होस देहमा ।१९८

हे रघुपति जानकीपति प्रार्थना सुन्नुहोस
मप्रति दया राखेर यसको सुरक्षा गर्नुहोस
हजुर वाहेक संसारमा मेरो कोइ छैन ठान्दछु
वानरलाई वचाई इज्जत थाम्नुहोस भन्दछु । १९९

रामको नाम सुनेको क्षणमै वानर विंझेथे
भरतलाई साम्नू देखेर उनी आश्चर्य मानेथे
अन्जनी पुत्र भ्रममा परे देखेर भरत रूप
अतिनै उज्ज्वल सक्कल स्वरूप दुरुस्तै रामको रूप ।२००

भरतको रूपले संसार उज्ज्वल त्रिभुवन लजाउछ
रातमा पनि भरतको रूपले उज्यालो छर्दछ
राघव यहाँ कसरी आए लक्ष्मण कहाँ गए
विंझना साथै भरतलाई देख्दा ती भक्त छक् परे ।२०१

जटाजूट उस्तै उचाई उस्तै कपाल छ घुम्रेको
अनुहार छ पूर्ण चन्द्रमा जस्तै किरणले चम्केको
प्रेमले मग्न भएर भक्त मस्तक झुकाए
कुन ठाउमा आएँ हे मेरा प्रभू यो प्रश्न गरेथे ।२०२

मुसुक्क हाँस्दै राजकुमार बोले यो ठाऊ कोशल हो
जोसँग तिमी गर्दछौं कुरा त्यो रामको भाइ हो
अति नै खुशी भएर भक्त विनम्र बोलेथे
भरतजी भन्ने चिन्हेर उनले पाउमा ढोगेथे । २०३

प्रभुजीबाट पवित्र नाम धेरैनै सुनेथें
एक पटक दर्शन पाउनेछु भन्ने मनले सोचेथें
भाग्यले आज दर्शन पाएं यो जन्म सफल भयो
जीवन भरका पापका राश त्यो पनि खतम भो ।२०४

भरतजीका पाउमा पर्दै आफनो नाम बताए
जुन कामका लागि आएका थिए सम्पूर्ण बताए
छातीलाई दह्रो पारेर उनले घट्ना सुनेका
हृदय उनको विदारक हुँदा झण्डै ती ढलेका । २०५

यो कुरा सुन्दा छातीमा वज्र खसेको जस्तो भो
लक्ष्मणजीको अगम्य दुःख सहनै पर्ने भो
मरौं त भने आएन काल बाँचौं त अधीर
भरतजीलाई पिऊ की लाग्यो एक प्याला जहर ।२०६

जोडले माथ पिटेर रून्थे भाइका पीरले
कोमल नरम हृदयलाई घोच्याइन्थ्यो भिरले
के गरी बाचौं के गरी मरौं भरतलाई लाग्दथ्यो
भरतको मनले निराश भई मर्ने वेश ठान्दथ्यो ।२०७

लक्ष्मण रैछन भाग्यका श्रोत म रैछु अभागी
लक्ष्मण भए प्रभुका प्यारा म भए हिनामी
शोकले पूर्ण दु:खले गर्दा बितेछ जिन्दगी
पापले गर्दा खराबै भयो भरतको जिन्दगी । २०८

लक्ष्मणको जीवन सुगन्ध रैछ सेवामा बिताऊ
भाग्यले गर्दा यतिको वर्ष प्रभुको साथ पायौं
धन्य छन आमा धन्ध छौ तिमी कोशलको नाम राख्छौ
लक्ष्मण तिम्रो जीवनलाई अमर गरायौं । २०९

कुसाइत वेला जन्मेको हुँदा यातना भोगदछु
राघवको भाइ भएता पनि पापमा डुब्दछु
हे ईश्वर तिम्ले यो दुखीलाई खाडलमा धकेल्यौ
राघवदेखि भरतलाई विमुख गरायौ । २१०

आमाले गर्दा ठाकुरलाई वनवास गराइन्
युगान युगौंसम्मका लागि कालो दाग लगाइन्
नर्कमा बित्यो जिन्दगी मेरो शोकाकुल भएर
कतिञ्जेलसम्म यो पाप भोगौं पापिष्ट भएर । २११

हे राम भन्दै पुकार गर्दा राघव बोल्दैनौ
जतिनै बोलाऊँ जति नै तडपौ निवेदन सुन्दैनौ
निचको मुख के हेर्नु भन्ने विचार गर्‍यौ कि
दुष्टाको पुत्र हुँदैन असल मनले सम्झयो कि ?। २१२

कम्ती नै बाँच्छन अर्काका लागि धेरै त बाँच्दैनन्
धेरैले मात्र त्यो पद पाउँछन सबैले प्राउँदैनन्
म पनि त्यस्तै भएछु अधर्मी क्यै गर्न सक्दिन
लक्ष्मण भए पुजारी नाथका म हुनै सकिन । २१३

कसैले पाउँछन ईश्वरको साथ कोही त रूदैछन
जिन्दगीभरै सुख र दुख निरन्तर घुम्दछन्
योजना मेरो यत्तिकै भयो अर्को त सुध्रियोस
हे हनुमान गुनासो मेरो राममा पुर्‍याइयोस । २१४

पाटी र पौवा मन्दिर आदि निर्माण गर्दछ
सुनौला अक्षरमा कसैको नाम अमेट कोरिन्छ
जस्ले त आफनो वुध्दि र शक्ति सद्काममा लगाउदैन
त्यस्ताको जन्म धिक्कारै हुन्छ बाँचेको सार छैन ।२१५

भक्तले सधै ईश्वरलाई प्रशन्न पार्दछ
ईश्वरकै सेवी बनेर सधै उसैसाथ बस्दछ
भक्तले आफनो जिन्दगीलाई सुरम्य पार्दछ
पापीले भने जीवन आफनो रोएरै बिताउछ । २१६

हनुमान पनि प्रशन्न हुदै जानलाई तयारी
भरतजीसँग मागेथे विदा चरणमा झुकाई
म जान्छु चाँडो रातको विचमै औषधि खुवाउनु छ
जति नै सक्यो उति नै चाँडो रामदल पुग्नु छ। २१७

तिमीले मेरो निवेदन पनि राघवमा सुनाइ देऊ
प्रभुका दास मध्यमा मेरो पनि नाम थपियोस
यो रात भरमै औषधि साथै लंकामा पुग्नु छ
कोशलबाट रामदल पुग्नु धेरैनै टाढा छ। २१८

यो मेरो वाणमा बसेर जाऊ शिघ्रनै पुगिन्छ
रामका कृपा वाणमा पर्दा गिरिलाई पुर्‍याइन्छ
आसिक मैले दिदैछु भक्त लक्ष्मणलाई आराम होस
जानकी लक्ष्मण साथमा लिई कोशलमा आउनुहोस।२१९

हनुमानसँग विनम्र हुदै क्षमा दान मागेथे
भरतले उनलाई छातीमा टासी अंकमाल गरेथे
छुटिनलाई मुस्किल भई दुवै ती रोएथे
पैलेको भूलको पछुतो गर्दै विदाइ दिएथे। २२०

पवित्र दिल भरतको थियो भक्तले देखेथे
अन्तर दिलको दुःख र जलन कपिमा पोखेथे
भरतको आत्मा यस्तो छ भन्ने छर्लङ्ग बुझेथे
लक्ष्मण र भरत समान भन्ने वीरले चिनेथे । २२१

ती दुवै जना ज्ञानका सागर मायाका सागर
ती दुवै थिए कोमल मनका धर्मका भण्डार
भरतजीको दर्शन पाएँ यो जन्म धन्य भो
जीवनका पाप जति छन् मेरो ती सबै अल्पियो ।२२२

उमंग उल्लास प्रशन्न हुदै राघवलाई संझेर
आधारातभन्दा वढी नै वेला गएछ बितेर
कपिराज पनि हावाको वेगमा निस्फीक्री कुद्दथे
जिम्माको कार्य सफल पार्नु कर्तब्य सम्झन्थे । २२३

श्री लीलाधारी राघव पनि गरेर सन्ताप
लक्ष्मणलाई अंगालो हाल्दै गर्दथे विलाप
यो वेलासम्म पवनपुत्र आएको देखिन
बाटोमा कतै भयो कि अलमल पत्तो नै भएन ।२२४

सायद उनी पर्वतसम्म पुगेकी पुगेनन
बाटोमा कुनै घट्ना हुँदा वेलामा आएनन
के गरौं अब छटपटी भयो उपाय सुल्झदैन
यो मेरो मनलाई बुझाउन खोज्छु तैपनि बुझ्दैन ।२२५

लक्ष्मणका साथै वीरले पनि शरीरै त्यागे कि
दैवले पनि यी दुवै हात रिसले भाँच्यो कि
छोरा र छोरी पत्नी र नाता सुखका साथी हुन
दाजू भाइ जस्ता आत्मीय नाता विश्वमै पाइन्नन् ।२२६

संयोगले गर्दा दाजू र भाइमा झगडा पर्दछ
दुःखको वेला अवश्य पनि भाइले काम दिन्छ
जीवनमा कैले दाजू र भाइमा जोश पनि उठ्दछ
एकक्षण पछि संझौता हुन्छ तमक घट्दछ । २२७

जीवन भरमा इस्ट र मित्र पाइन्छन हजार
साच्चिनै भनौ सहोदर भाइ पाइन्न वारंवार
दुःख तिम्ले सघाउ गर्दा महलै गुमायौं
दुश्मनसँग लडाई गर्दा ज्यान समेत गुमायौं । २२८

लक्ष्मणको ज्यान गुमाईकनै राघव बाँच्दैन
यतिञ्जेलसंम म बाँची सकें अव त बाँच्दिन
हे लोक वासी हेर्न त हेर यै वाणले मर्दछु
व्यर्थमा भाइको ज्यूज्यान गयो पछुतो गर्दछु । २२९

दुश्मनका लागि युध्दमा लड्दा क्षणमै ज्यान फाल्छौं
तिमी त गयौ स्वर्गमा पुग्यौ मलाई त रूवायौ
सबैका साम् यै वेला मर्छु ज्यानको आश छैन
मुटुको टुक्रा काटेर फाल्दा कोइ पनि बाँच्दैन । २३०

मुटुको टुक्रा टुक्रिइ सक्यो छटपट गर्दैछु
औषधि लिई आउलान कि वीर प्रतिक्षा गर्दैछु
अँध्यारो छदः आएन भने यै रण मैदानमा
भाइकै साथमा मिलेर जान्छु रहन्न संसारमा । २३१

मलाई मात्र भएथ्यो आज्ञा वनमा जानलाई
माताको आज्ञा सुनेर आयौ मलाई पच्छ्याई
जुनसुकै वेला गर्दथ्यौ सेवा उत्साही भएर
चौविसै घण्टा गर्दथ्यौ सेवा दिलो ज्यान दिएर ।२३२

राज तिलक हुने समय थियो जंगलमा आइयो
वल्कल वस्त्र पहिरेर तनमा पदयात्रा गरियो
शाहीको पदै लत्ताईकनै जंगलमा आएथ्यौ
खान र पिन शोख र शयल छोडी यो दुःख पाएथ्यौ ।२३३

जीवनमा ठूलो काटेर दुःख काँढामा हिडेथ्यौ
वनमा गई फलफूल खोजी मलाई खुआएथ्यौ
सेवक र रक्षक तिमी नै हुदा सुरक्षा गरेथ्यौ
आफूले ठूलो काटेर दुःख सुख मलाई दिएथ्यौ । २३४

जीवनमा तिमी आधार थियौ कुन ठाऊ जादैछौ
भाउजुका लागि लडाई गर्दा ज्यानसम्म फालेछौ
के गरौं भाइ उज्यालो मुहार झलझली संझन्छु
लाएथ्यौ तिम्ले हजारौ गुण बिर्सन्न सम्झन्छु । २३५

भाइको सट्टा म स्वय मर्दा झणझटै पन्छिन्थ्यो
अन्जान भाइको यो हालतलाई देख्नै पर्दैनथ्यो
पुकारा मैले जति नै गरौं काल लिन आएन
यो मेरो प्यारो लक्ष्मणलाई बचाउन सकिन । २३६

सेवक थियौ रक्षक थियौ सुश्रुषा गर्दथ्यौ
जीवनको दुःख बिर्साउनलाई कोशिस गर्दथ्यौ
छातीमा वाण मलाई बरू लागेको भएमा
माताको चित्त प्रशन्न हुन्थ्यो राघव मरेमा । २३७

तिमी नै मेरा कल्याणकारी कसरी छोड्दछौ
पत्नीको वियोग भएको वेला आपदमा पार्दछौ
विंझन विंझ लक्ष्मण तिमी यसरी नसुत
हे दाजू भन्दै जुरूक्क उठ धेरै वेर नसुत । २३८

तिमीले हेर्नै सक्दैनौ भाइ अँध्यारो मेरो मुख
दुःख भोग्न यहाँ आएका तिमी त्यागेर कोशल सुःख
जुनसुकै वेला तयार हुन्थ्यौं दुखमा डट्नलाई
संकट पऱ्यो आपद पऱ्यो सुनाऊँ म कस्लाई । २३९

यतिका वर्ष काटेथ्यौ दुख आखिरी वर्षमा
दुश्मनको वाण वज्रियो कठै कोमल छातीमा
कोशलको सुख छोडेर आयौ यो राम भन्दामा
न मर्न सकें न बाँच्न सकें पर्दैछु फन्दामा । २४०

दैवको चक्र शिरमा पर्ला जानेको भएमा
आमा र बाको नमानी आज्ञा बस्दथें कोशलमा
दैवले मलाई दिएछ धोका आफैलाई धिकार्छु
लक्ष्मण तिमी विंझेनौ भने यै ठाउमा मर्दछु । २४१

लोकले मलाई भन्ने छ यही पत्नीका निम्ति मर
लक्ष्मण जस्तो भाइलाई माऱ्यो लडाई मैदानमा
लोकले मलाई जतिनै भनोस सुन्नमा तयार छु
लक्ष्मणलाई बचाउन भनी देवता भाक्दछु । २४२

शंकर तिम्ले करूणा गरी लक्ष्मण विंझाऊ
समुद्र वीचमा परेकोलाई किनारा लगाऊ
अपर्णा तिम्ले संजीवनी वुटी दिएर बचाऊ
द्रोणाचलबाट खोजेर वुटी भक्तलाई पठाऊ । २४३

पार्वती माता प्रशन्न होऊ यो व्यथा सुनी देऊ
दुई आँखाबाट बगेका आशु तिमीले पुछिदेऊ
आएका भक्त औषधि लिन तुरून्त पठाइदेऊ
लक्ष्मण अब विंझिउन भन्ने आसिक पनि देऊ ।२४४

हे जगदम्वा गरेर कृपा लक्ष्मण बचाइदेऊ
रामको आयु एक भाग झिकी लक्ष्मणमा थपिदेऊ
सहश्र धारा बगाई आँशु यो विन्ति गर्दछु
लक्ष्मणजीको प्राणको भिक्षा राघवले माग्दछु ।२४५

हात्तीको यदि नभए सुँड क्यै काम लाग्दैन
पन्छीको प्वाख काटियो त्यो उड्न सक्दैन
नागको मणि झिकियो भने महत्व हुदैन
पानीको माछा पाखामा राख्दा तड्पिन्छ वाँच्दैन ।२४६

वनमा आउने निश्चित वेला आमाले तिमीलाई
आधारका लागि सुम्पिनु भयो त्यो हात मलाई
लक्ष्मणको जिम्मा लिएथें मैले घरबाट निस्कदा
आमालाई मैले के जवाफ दिउला खोइ भाइ सोध्दामा।२४७

जीवनधार तिमीनै थियौ दुःख सुख भोग्दथें
सीता र तिम्रो साथमा रही जिन्दगी गुजार्थें
जानकी हरी रावणले लादा दुखित भएको
वलियो खम्बा तिमीनै सम्झी राघव बाँचेथें । २४८

हजारौ गुण संझना गर्दै कति दिन रोएथ्यौं
जे हुन्छ हुन्छ यो प्राण बरू तुरून्त त्यागी दिऊँ
यतिका वर्ष सहेथ्यौ तिम्ले वर्षा र शीत घाम
यसरी तिमी नढली देऊ बाँकी छन धेरै काम ।२४९

हे काल तैले अन्याय गरिस विमर्स राखिनस
कुन वेला कस्लाई के गर्नु पर्थ्यो क्यै पनि बुझिनस
मेरो र भाइको एकैसाथ प्राण लैजानु पर्दथ्यो
सजाई चिता दुवैलाई आगो सल्काउनु पर्दथ्यो ।२५०

यस्तै गरी छाती पिट्दै भैमा पछारिए
वेशुरमा बोल्दा बोल्दै आँशु बग्दै थिए
आकाशमा झलमल तारा रात्री अवशान
लक्ष्मण आज गैसकेछन मेरो वलिदान । २५१

लक्ष्मणले सधै भन्थे सेवामा तयार छु
सेवा गर्ने मौका आयो ढल्यौ किन भन्छु
कबोल तिम्रो त्यही थियो लंकापति मार्नु
आफनै कबोललाई तिमले आफै पूरा गर्नु । २५२

रघुकुलकी नारीलाई छुटाई ल्याउनु पर्थ्यो
कोशल गई सान साथ आमा ढोग्नु पर्थ्यो
भाइ तिमी मुर्छित छौ कस्ले गर्छ काम
लक्ष्मण विना कैल्यै पनि सुखी हुन्न राम । २५३

लंकामा हात हालें तिम्रो शक्ति पाई
लक्ष्मण विना सक्ने छैन युध्द गर्नलाई
एक जनाले काम गर्छ जस पाउने अर्को
ऐलेसम्म ठिकै थिए व्यथा भयो चर्को । २५४

संझना भो ऐले मात्र एउटा बाँकी काज
विभीषणलाई दिइसकेथे श्रीलंकाको राज
संझनाले घोच्न लाग्यो शोक चिन्ता भाग्यो
आफनै प्रणले आफनै मुटु चर्किएर घोच्यो । २५५

आफनै पनि चिन्ता छैन सबै भागी सक्यो
जानकीको चिन्ता पनि ऐले लाग्न छाड्यो
विभीषणको संझनाले मुटु जल्न लाग्यो
मेरो प्रण पूर्ण गर्न तिम्रो वेला आयो । २५६

आफ्नो कबोल संझदामा ज्यादै चिन्ता लाग्छ
लक्ष्मण विना मेरो प्रण कस्ले पूरा गर्छ ?
सौमित्र झै भ्रातृप्रेमी छैनन संसारमा
राक्षसको शक्ति लाग्दा रून्छु अँधेरीमा । २५७

मुख्य रक्षक तिमी थियौ सर्वेसर्वा तिमी
दिव्य ज्योति अल्पिएर जान लाग्यौ तिमी
संसारमा आफनो भन्न तिमी वाहेक छैन
तिम्ले छोडी जान्छौ भने राम बाँच्ने छैन । २५८

लक्ष्मण सीता साथ हुदा यो वन कोशल थियो
तिम्रै साथमा बस्न पाउदा हर्ष उल्लास थियो
जानकीको हरण भयो सबै थाहा पायौं
लक्ष्मण पनि संसारदेखि अस्त हुनै लाग्यौ । २५९

उठ उठ भाइ उठ धेरै सुत्नु हुन्न
निश्चरीलाई मार्नु पर्छ बाँकी राख्नु हुन्न
आउदा खेरी माताजीले दिएकी हुन हात
राघव एक्लै हुन्छ भनी पठाएकी साथ । २६०

लक्ष्मण विना कुन मुटुले अयोध्या जाने
माताजीले सोध्दा खेरी के पो जवाफ दिने
हाय हाय कति संझयो हृदयका व्यथा
राघवको छाती वीचमा सिर्जिएका कथा । २६१

माताजीले दुख सन्देश जरूर पनि सुन्लिन
अपर्झटै वज्र पर्दा मूर्छा पर्ने होलिन
फयाकिंएको माछो जस्तै आमा तड्पिएलिन
वेहोसिदै वीच मुटुमा अग्नि सल्काइदेलिन । २६२

जिन्दगीमा दुःख पनि भोग्नु भोगिएछ
संसारका चाला माला धेरै वुझिएछ
संसारका वस्तु सबै क्षणिक मानिएका
पाप पुण्य भोग्नलाई यहाँ जन्मिएका । २६३

मूर्छाबाटै तिमी मर्छौ सीता मर्छिन लंका
को को कता मर्लान भन्ने लाग्छ मलाई शंका
आमा मर्छिन अयोध्यामा भाइहरू मर्छन
वानर भालू दुःख पाई धुरू धुरू रून्छन । २६४

कैयौ व्यक्ति मार्छौं भने आफ्नो प्राण त्याग
हामी वचाउछौ त झट्ट जागी हाल
आफ्नो भाइ गुमाइकनै विजय के हार
हारभन्दा उत्तम हुन्छ रणको उपहार । २६५

स्वार्थी जीवन धिक्कार्दछु जस्ले स्वार्थ गर्छ
लक्ष्मण जस्तो भाइलाई पत्नी निंति मार्छ
तिम्रो रातो रक्तकण कालो हुदै जाला
मेरो आफ्नो कर्तुत पनि संझनामा आउला । २६६

संसारैले देखिरैछ लक्ष्मणको सेवा
दुःखी हुदै राम मऱ्यो कार्य नभै पूरा
लड्दा लड्दै लक्ष्मण मरे हिनामी म भएँ
पत्नी निंति भाइ गुमाई नारी गुलाम भएँ । २६७

मस्तिष्कमा यस्तै कुरा संचार हुदै थियो
एककासिनै कोशलपति मूर्छा हुनुभयो
एक छिन पछि मूर्छा खुल्यो आकुल व्याकुल भए
प्रातः पवन चल्दा खेरी अपशोचमा परे । २६८

सूर्योदय वेला भयो आश मर्दै गयो
लक्ष्मणको प्राण पनि शिघ्रै जाने भयो
लक्ष्मणका साथ साथै राघव पनि मर्छू
वानरले बाँकी इच्छा पूर्ण गर्नू भन्छु । २६९

लक्ष्मण विना राघव कठै ज्यून वेकार हुन्छ
सवका सामू राघवले आजै संसार छोड्छ
जाम्ववान र सुग्रीवले कृपा मलाई गर्नू
राघवका अन्तिम इच्छा पूरा गरिदिनू । २७०

लक्ष्मण र राघवलाई सँगै राखिदिनू
दुवैलाई संखमुखी पारी छाती मिलाई दिनू
दुवैलाई कपडाले खुव कसिदिनू
कोशलमा भरतलाई खवर पठाई दिनू । २७१

चिता निंति झणझट भए लानू सागर तट्मा
दुई जनाको लाश लगी बगाई दिनू विचमा
सागरको छालसँगै हामीलाई सुताई दिनू
दाजूभाइ जन्मान्तरै नछुटिनू भन्नू । २७२

मेरै प्रेमले कोशल त्यागी जंगलमा आयो
मेरै सेवा गर्दा खेरी पाउनु दुःख पायो
राक्षसको शक्ति लाग्दा रणमा ढलिहाले
राघवको मन मुटुनै लुगलुग कापिहाले । २७३

अलाप विलाप गर्दै थिए जानकीका नाथ
त्यै वेलामा पूर्वी आकाश उज्ज्वलका साथ
राघवका मन्ले भन्थ्यो मरिसक्यो आशा
सूर्योदय संकित भयो आकाश पूर्व भास । २७४

छाती पिट्दै रून लागे अवधपति नाथ
जाँदैन यो प्राण किन लक्ष्मणका साथ
अलाप विलाप गर्दा गर्दै छाती पिट्दै थिए
लक्ष्मणको गौरव गाथा राघव गाउदै थिए । २७५

सुग्रीवले विन्ती गऱ्यो नआतिनु नाथ
सूर्यकिरण पक्कै होइन अग्नि ज्वाला नाथ
जाम्ववानले विन्ति गरे सूर्य किरण होइन
अंजनीका पुत्र आए सूर्योदय होइन्न । २७६

त्यै वेलामा आइपुगे भक्त हनुमान
सीतापति हर्षित भए सफल हुंदा काम
हात जोड्दै सुम्पी दिए वैद्यलाई पर्वत
चिनिएन औषधि त्यो बोकि ल्याएँ पर्वत। २७७

वैद्य आफै चिन्तुहोस थाहा पाइन मैले
जल्दो बल्दो पर्वत फोडी बोकी ल्याएँ ऐले
औषधि त्यो घोलीकनै लक्ष्मणलाई ख्वाए
संजीवनी खान साथै मूर्छाबाट विंझे। २७८

राम राघव भन्दै उठे भाइ लक्ष्मण वीर
राघवका नयनबाट हर्षितका नीर
कोशलकुमार विंझदामा हर्ष विभोर भए
धन्य धन्य वायु पुत्र तारिफ गर्दै थिए। २७९

शारदा औ नारदजी हर्ष विभोर थिए
राघव भक्त धन्य भन्दै फूल अवीर छर्थे
राघवका दुवै सेवक दाँया वाँया थिए
दुवै जना साथमा हुंदा राघव हर्षित थिए। २८०

लक्ष्मणलाई शक्ति लाग्दा विश्व अन्धकार
कोशलकुमार विंझदामा संसार उज्ज्वलकार
राघवका प्रिय भक्त शक्तिशाली थिए
तीन घण्टामा आफ्नो शक्ति सबलाई देखाइदिए।२८१

पुत्रलाई शक्ति लाग्दा आमा सुमित्राले
छाती उनको तड्पिएथ्यो ज्यादै शोकाकुले
प्रकृतिनै रम्य भयो वातावरण रम्य
सुमित्राको लक्ष्मणले चारैतर्फ रम्य। २८२

ईश्वरमा आस्था हुंदा चित्त शुध्दि हुन्थ्यो
प्राणी माथि कृपा होस ईश्वर पुकारिन्थ्यो
राजकुमार चारैलाई हेर्थिन एकै नाशले
कल्याणका लागि ईश्वर पूजा गर्थिन उनले। २८३

आफनो सेवा सफल हुंदा वैद्य खुशी थिए
राघवका पाउ पर्दै विदा माग्दै थिए
सुषेण ज्यादै निपुण थिए औषधिका लागि
वैद्यजीका गुणका लागि ईश्वर छ साक्षी। २८४

सुषेण पनि विदा भए चित्त बुझाएर
पवन कुमार फर्किहाले वैद्य पुऱ्याएर
लंकेशले पत्ता पायो लक्ष्मण उठे भन्ने
रावणले सोची सक्यो काल आयो भन्ने। २८५

रावणले सभा राख्यो छलफल त्यहाँ भयो
लड्न जाउन कुम्भकर्ण भन्ने निश्चित भयो
कुम्भकर्ण शक्तिशाली लंकेशको भाइ
छ महिना त्यो निदाउथ्यो एक दिन मात्र खाई। २८६

मस्त नीद भाइ थियो जागा गर्न लाग्यो
कुम्भकर्ण नविंझदा धेरै वेर लाग्यो
महान वीर कुम्भकर्ण शक्ति खेर फाल्थ्यो
छ महिना तक आनन्दमा वीर सुतिराख्थ्यो। २८७

वर्ष दिनमा दुई दिन विंझि भोजन आफनो गर्थ्यो
उसको भोजन देख्दा खेरी लोकै छक्क पर्थ्यो
वल्ल तल्ल कुम्भकर्ण मुस्किलले उठयो
कुवेलामा दाजू देख्दा शंका गर्न लाग्यो। २८८

लंकेशले वीरलाई (योध्दालाई) भन्थे संझाएर
लंका राजा संकट पर्दा सुत्छौ निदाएर
हाहाकारले सिमा नाग्यो तिम्लाई थाहै छैन
राक्षसको सर्व विनाश वाँकी हुने छैन। २८९

महान यो मस्त सुत्ने लंका ध्वस्त हुने
दाज्यू भाइको चाला माला के के देख्नु पर्ने
निद्रा पनि कस्तो लामो जिन्दगी नै सुत्ने
बहिनीको नाक काट्दा दाज्यू दंग पर्ने। २९०

रावणको घोच्का सुन्दा कुम्भकर्ण भन्छ
परपत्नी हरने आफै उस्ले ज्ञान दिन्छ
के कामले सुपर्णखा घुम्न गएकी हो
कारण केही हुदा खेरी नाक काटिएको। २९१

त्यसले गर्दा राक्षसको सत्यानाश हुन्छ
त्यसका कुरा सुनिन्छ त आफनै ज्यान जान्छ
यस्ता शब्द सुन्दा खेरी लंका महिपाल
कडा सुरा पियाएर संझाएर वात। २९२

ज्यादै कडा मात लाग्दा योध्दा वरवरायो
शत्रु दलै मार्छु सबै भन्दै तयार भयो
दौडी दौडी युध्द स्थलमा योध्दा पुगी हाल्यो
वानर भालू पक्रिएर क्वाप्प खान लाग्यो। २९३

वानर भालू समातेर एकै गाँस गर्थ्यो
पाए जति भेटे जति टिप्दै खाँदै गर्थ्यो
अनौठाको दृश्य थियो मुखले जति खान्थ्यो
खाए जति भालू वाँनर नाककानबाट फाल्थ्यो। २९४

विशाल काय कुम्भकर्ण देख्दै डरलाग्ने
त्यसका सामू पर्नलाई कसले साहस गर्ने
त्यसको शरीर देख्दा खेरी वाँनर समूदाय
भागाभाग गर्दै आए सामू रघुनाथ। २९५

यस्तो देख्दा लक्ष्मणले लड्न आज्ञा माग्थे
राघवको आज्ञा पाई लड्न जान्छु भन्थे
कोशलनाथले लक्ष्मणलाई राम्रो संझाएर
आफै लड्न जान्छु भन्दै धनुष टंकारेर। २९६

धनुष टंकार सुन्दा खेरी राक्षस तर्सिएका
राघवको रूपै देख्दा थर्र कामिएका
श्यामवर्ण चारैतिर बाल फिजिएको
सूर्यवंशी राघवमा ज्योति चंकिएको। २९७

कालो केशको जुरो साथै कान्ति सजाएको
जीवनको रक्षा लागि जुरो राखिएको
आकाशका सूर्य जस्तै नाथको कान्ति थियो
दर्शन पाई राघवको लोकै ताजुव थियो। २९८

राघवले शोच्नु भयो यस्लाई मारी दिन्छु
यसको वंश नाश गरी भूमी भार हर्छु
यस्तै प्रण मनमा राखी राघव अघी वढे
रौंद्ररूप देख्दा खेरी राक्षस तर्सी हाले। २९९

कुम्भकर्ण छक्क पऱ्यो कोशलपति देख्दा
आफैलाई बिर्सिएछ मोह वसमा पर्दा
सम्हालिदै सोधी हाल्यो अवधपति हौ की ?
सूर्यकूल नन्दन तिमी उज्जवल तारा हौ की ?। ३००

रावणसँग लड्ने वाला सीतापति नाथ
दुर्लभ दर्शन पाएँ प्रभु प्रशन्न छु आज
प्रभुको छ गाँथ सुन्दर लड्ने योग्य छैन
बालकसँग लड्नलाई न्यायोचित होइन। ३०१

कोशलपति ज्यादै कोमल म छू भयंकर
लोकले नै धिक्कार देला भन्ने लाग्छ डर
तिम्रो मुख देख्दा खेरी ज्यादै माया लाग्छ
बालकसँग लड्नलाई अति लाज लाग्छ। ३०२

लंकेशको भाइ म हूँ नाम कुम्भकर्ण
भूपतिको आज्ञा हो गर्न आएँ युध्द
राक्षस जाति नाश देख्दा आफै भए कृध्द
तिम्रो फौज मारिदिन्छु गर्छु भताभुङ्ग। ३०३

काय तिम्रो कोमल बोकी सक्ने छैन लड्न
यै बेलामा खाईदिन्छु सक्ने छैन भाग्न
आफनो ज्यानको माया लागे धनु त्यागी देऊ
कुन ठाउबाट आयौ तिमी उतै फर्की जाऊ। ३०४

राक्षसका शब्द सुनी हाँसे रघुवीर
हाँसी हाँसी जवाफ दिए चढाएर तीर
शक्तिशाली वीर तिमी लंकेशका भाइ
लज्जापूर्ण शब्द बोल्यौ रणभूमिमा आई। ३०५

तिम्रा कुरा सुन्दा खेरी लोकले के भन्ला
यस्तो महान योध्दा तिमी डरछेरूवा भन्ला
रावणका भाइ तिमी मोह छाडी देऊ
वाण मैले छोड्न लागें लड्न तयार होऊ। ३०६

हाँक दिँदै राघवले वाण वर्षाएथे
देवगणले माथिबाट एक टकले हेर्थे
युध्द स्थलमा त्रिपुरसँग शंकर लडे जस्तै
राक्षससँग राघव लड्दा दृश्य उस्तै उस्तै। ३०७

राघव साथ असुर लड्दा यस्तो भान हुन्थ्यो
एउटा काय अन्धकार अर्को उज्ज्वल थियो
कुम्भकर्ण कालो पर्वत राम प्रकाश पुञ्ज
एउटा तिमीर अर्को उज्ज्वल महारण युध्द। ३०८

सीतापति भार हर्न कोशलमा जन्मे
ईश्वरसँग लड्न पाउनु राक्षस जन्म धन्य
कुम्भकर्ण शक्तिशाली प्रयास वारंवार
राघवका नजिकैमा लड्न गर्थ्यो प्रयास। ३०९

नम्र हुँदै भन्न लाग्यो धन्य शक्ति राम
यस्तो कोमल अंग तिम्रो चर्किंदो छ संग्राम
राम तिम्रो युध्द आज हेर्ने इच्छा लाग्छ
युध्द गर्ने कला तिम्रो महाउत्तम लाग्छ। ३१०

आफनो मुटु धैर्य गरी खेल देखाऊ आफनो
मैले तिम्लाई खाइदिन्छु ज्यान बचाऊ आफनो
खान्छु भन्दै तम्सिएको मुख फैलाएर
वानर भालू भाग्न लागे ज्यादै आत्तिएर। ३११

राघवले देवता मानव शोकाकुलै देखे
कालवाण हातमा लिई शत्रु माथि फयाँके
लागुचीज उत्री सक्यो लाग्दा खेरी वाण
कुम्भकर्ण शोच्न लाग्यो जान लाग्यो प्राण। ३१२

राम राम भन्दै ढल्यो कुम्भकर्ण वीर
वाँनर भालू गद्‌गदाए छाती गर्दै चीर
कुम्भकर्ण मारे पछि रामचन्द्र फर्के
राघवका गाथमा पुण्य माला बर्से। ३१३

कुम्भकर्ण ढल्नासाथै राक्षस भागा भाग
रावणका कानमा पुग्यो युध्द स्थलको हाल
प्यारो भाइको मृत्यु सुनी लंकेश आत्तिएछ
शंकरजीको भब्यसँग पूजा गर्न लाग्छ। ३१४

जा हुन्छ दुर्गुणी लोभी, त्यस्ताले दुःख भोग्दछ
जो हुन्छन् सद्‌गुणी यहाँ, त्यस्लाई ईश चुम्दछ ।

लक्ष्मीनाथ भोकै हुन्छ, यशोधरको सदा कुनाम
विद्याधर थियो अन्पढ, हुँदैन नाम झैं सुकाम ।

कर्ममा भेदभाव राख्नु, त्यो जस्तो मूर्ख पातकी
आफ्नै धर्म महान् ठान्ने हुँदैन कहिल्यै सुखी ।

# सुलोचना विलाप

कुम्भकर्ण मऱ्यो भन्ने संचार रावणले सुन्यो
शोक सन्देश सुन्नाले रावणको होश हवास गुम्यो ।१

हाहाकार भयो त्यहाँ सेना सब छिन्न भिन्न
सम्हाल्न खोजियो तिनलाई सम्हाली सकिंदैन । २

इन्द्रजीत कडकिंदै आयो जहाँ रावण बस्दथ्यो
पिताजी नलिनुहोस चिन्ता म जान्छु लड्न भन्दथ्यो ।३

म ज्यूदै छु अझैसम्म नमान्नु पीर क्यै पनि
शत्रुलाई सकौं जीत्न यै आसिक मागदछु म पनि ।४

इन्द्रलाई जितें मैले हनुमानलाई बाधिदिएँ
लक्ष्मणलाई गरे मूर्छा कैयौं दुश्मन मार्दिए । ५

काकाको वदला लिन्छु रामलाई म मार्दछु
उछित्तो शत्रुको पार्दै मस्तकलाई चढाउछु । ६

राम लक्ष्मण दुवैलाई सजिलै मार्न सक्छु
वनवासी दुवैलाई मारेरै रक्त पिउंदछु । ७

संहार नगरी तिनको विश्राम लिन सक्दिन
प्रतिज्ञा गर्दछु मैले नमारी घर पस्दिन । ८

शोक शोक नगर्नुहोस केही रावणको वीर पुत्र हुँ
यो विश्वभरिका शत्रु कावुमा राख्ने वीर हुँ । ९

कवोल यसरी गर्दै उठेर रणथलतिर
फूर्तिसाथ तयारी भै जान लाग्यो महान वीर । १०

पुत्रको सहमत पाई दशकन्द खुशी भयो
सुन वावु म भन्छु क्यै अति गोप्य कुरा छ यो । ११

सन्यासीहरूका सामू हारेमा शक्ति निस्फल
राक्षसी वंशमा दाग लाग्नेछ अति कल्मस । १२

पहिलो कुम्भिला मन्दिर जाऊ र देवी पूजन
निर्मल चित्त गरी पूजा गरेमा शक्ति मिल्दछ । १३

नयाँ शक्ति नयाँ जोश वीरमा हुनु पर्दछ
यदि कमजोर भएदेखि शत्रुको पक्ष जित्दछ । १४

व्रह्मशक्ति पनि वेकार भएथ्यो पहिले पनि
यसबेला पनि क्यै भन्न सकिंदैन अझै पनि । १५

पिताका सुनी यी अर्ति मेघनाद तयार भयो
शत्रुको नाश गर्नु छ भन्ने प्रण मनले गऱ्यो । १६

आज्ञाकारी थियो पुत्र पिताआज्ञा पालन गऱ्यो
विजय यज्ञ गर्नलाई देवी मन्दिरमा गयो । १७

त्यस्तो यज्ञ गऱ्यो त्यसले पृथ्वीनै सब हल्लियो
नक्षत्र नै नभ मण्डलमा उल्का पात त्यहाँ भयो । १८

तामसी यज्ञ त्यो गर्दा देखेर सात्विकी जगत
डरले थरथरी काम्दै सोच्दथे के भयो गलत । १९

होम आदि थियो भिषण वेद वैदिक धर्म नाशमा
मेघनादको थियो इच्छा धार्मिक दृष्टि मेटाउन ।२०

यज्ञको धुमले छायो आकाशको चार तर्फमा
सर्वत्रै ढाकियो ज्योति सूर्यको नभकासमा । २१

यो देख्दा छक्क मानेर कहाँ के भयो भनी
शंकर प्रभुले गर्छन विभीषणसँग सोधनी । २२

के कारण हुन गै त्यहाँ कालो वादल फैलियो
कि त रावणको मायास्वरुपै अन्धकार भयो । २३

धुवाँ हो यज्ञशालाको या त तान्त्रिक तन्त्र हो
या त विष फैलिदा वायु आकाशै विषपूर्ण भो । २४

विभीषणले गरे विन्ति तुरून्तै प्रभु पाउमा
यो माया तन्त्र क्यै होइन पूजा हो रण जित्नुमा ।२५

शंका नै यसमा छैन बरू विजय यज्ञ यो
यदि पूर्ण भए यज्ञ हाम्ले जित्न कठिन छ यो ।२६

धुवाँ यो फैलिदै आयो देवी मन्दिरबाट नै
बसेर त्यस मन्दिरमा घननाद गर्छन पूजानै । २७

विभीषणका सुनी शब्द अञ्जनी पुत्र भन्छन
मुटु कम्जोर हुने मात्र रणमा जीत हार्छन । २८

जसको हुँदैन क्यै शक्ति त्यसताले तप गर्दछन
शक्तिको आशले गर्दा विभिन्न तप गर्दछन । २९

जो धर्म युध्दमा लड्छ त्यसलाई देवी मान्दछिन
शुध्द आत्मा हुनेलाई देवीले शक्ति बाँड्दछिन । ३०

जो लड्छ धर्मका लागि देवी रक्षक बन्दछिन
जो लड्छ स्वार्थका लागि त्यस्तालाई हराउँदछिन ।३१

मेघनादको जीत हुने छैन त्यसले देवी पूजे पनि
दुष्टको पुत्र दुष्टै हो हार्ने छ जे गरे पनि । ३२

स्वयं त्यो अति कम्जोर छ त्यसले के रण जित्छ
शत्रुलाई सकौं जित्न भन्दै देवता पुज्दछ । ३३

त्यस्ताको गणना हुन्न देवीले लात हान्दछिन
त्यस्ताको लड्ने शीप छैन त्यस्तालाई हराउदछिन ।३४

हनुमानका सुनी शब्द हाँसे वानर भालू नै
गर्दछौं यज्ञको नाश भन्दै फौज गए सबै । ३५

जसरी दक्ष यज्ञैमा शिव गणले विनाश गरे
त्यस्तै असुर यज्ञमै वानर दलले विनाश गरे । ३६

क्षणमै मच्चियो उत्पात यज्ञमा उग्र मच्चियो
यज्ञ पूर्ण नगर्दैमा इन्द्रजीत टक्क रोक्कियो। ३७

तत्क्षणैमा भयो के के रंग नै सब बदलियो
विजय यज्ञ वेदीमा भालू वानर भीड भयो । ३८

चण्डीका प्रतिभा साम्ू रणचण्डी भइन सवार
असुर्को रक्तम्य फुट्‌दैछ खेलेर रक्तको वहार ।३९

रगतको नदी बग्दामा हवण कुण्ड भरियो
विभिन्न घट्‌ना घट्‌दा आकाश पाताल हल्लियो ।४०

मानो रावणको पापमूर्ति धारमा देखापर्‍यो
या त जानकीको ताप रंगले रंगिँदै गयो । ४१

स्वाहा ध्वनी त्यहाँ चल्दा हाहाकार भयो
मेघनाद आत्तियो धेरै के गरौं के गरौं भयो । ४२

उठ्‌दा उठ्‌दै पनि त्यसले कैयौं वानर चपाई दियो
शयौं वानरलाई त्यसले हातले मिचि मार्दियो । ४३

कैयौं वानर तर्सायो धेरैको प्राण गुम्यो
बाँच्ने वानरका लागि तोवा तोवा त्यहाँ भयो ।४४

धेरैको प्राण गै हाल्यो मुख्य वानर क्यै बाँचे
बचेको फौजलाई झट्ट मूर्छीई भूमिमा लडे । ४५

रगतको पोखरी बग्दा तमासेहरू आत्तिए
वत्तीका पुतली जस्तै भालू वानर होमिए । ४६

संझनै पनि त मुस्किल विभत्स दृश्य त्यो थियो
कसका सरापले गर्दा अकल्पित घट्‌ना घट्‌यो । ४७

फौजको दुरदशा देख्दा लक्ष्मण क्रोधाकुलै भए
आँखा राता गराएर आगोको ज्वाला झैं गए । ४८

भन्दथे रघुनाथलाई आज्ञा पाउँ म लड्‌दछु
चोरको पुत्रको माथ काटेर झट्ट ल्याउँदछु । ४९

प्रतिज्ञा गर्दछु नाथ त्यसको छाती फुटाउँछु
आजै नै इन्द्रजीत मारी अनि मात्र म आउँदछु । ५०

हुने छ सत्यको जीत रावण मर्ला अवस्यनै
राक्षसको वंशको नाश हुनेछ अब शिघ्रनै । ५१

डंका बज्ने छ लंकामा अवश्य पनि पापको
यता पनि डंका बज्ने छ फलिफापको । ५२

रामले भन्छन शोच्दै लक्ष्मणलाई तुरून्तै
जानुभन्दा अघिबाट सुन यी गोप्य वातनै । ५३

इन्द्रजीत हो महान साधु वलशाली वीर भन्दछन
शक्तिशाली भएकोमा साराले गुण गाउँछन् । ५४

संयमी पत्नीव्रतवाला एउटै पत्नी सुलोचना
मार्न मुस्किल पर्ने छ जसको नारी पतिव्रता । ५५

योग क्रियादि साधनले इच्छा माफिक मर्दछ
मरेरै पनि त्यो फेरि साधनद्वारा त्यो जिउँदछ । ५६

त्यसैले त्यो कुरा भन्छु मार्नमा सावधान हुनू
भूइमा पर्न नपाओस शिर होसियार साथ ल्याउनू ।५७

त्यसको शिर यहाँ ल्याई परिक्षा गर्नु पर्दछ
विज्ञानको दृष्टिले गर्दा मस्तक त्यो उपयोगी छ ।५८

टाउको पर्‍यो भने भूइमा विश्वनै भष्म गर्दछ
शिर त्यो काटिनासाथ झोलामा राख्नु पर्दछ । ५९

सुलोचना विश्वविख्याती घननादकी पत्नी हुन
उनकै तपसाधनले इन्द्रजीतलाई चिन्दछन् । ६०

नागराजकी ती कन्या हुन लंकाकी हुन शिरोमणि
सत्यलाई अंगाल्दछिन ती सत्य भाषिणी गुणी। ६१

विश्वकै पावनी नारी तिनी जस्ती पतिव्रता
जन्मेको विश्वमा छैनन् युगकी हुन महानता। ६२

त्यसको पतिको मस्तक पृथ्वीमा पऱ्यो भने
वानरको कुरै छाडौ संसारै भष्म हुन्छ रे। ६३

अद्वितीय तिनी नारी विश्वकै पावनी तिनी
उनकै शक्तिले गर्दा रण युध्द जिताउनी। ६४

सतीको शिरको शोभा संसारमा परिचित ती छन्
तिनैका व्रतले गर्दा मेघनाद रण जित्दछन्। ६५

खर दूषण त्रिशिरादि बाँच्दामा बोझ धर्तीको
वेगिन्ति निश्चरी माऱ्यौं हाम्रो कार्य सफल भयो।६६

इन्द्रजीतलाई मार्नु नै विश्व रत्न गुमाउनु
नमारेर जीवित राख्दा आफनो इज्जत गुमाउनु।६७

नाग कन्या उच्च्च दर्जाकी त्यस्तै छ मेघनाद पनि
व्रह्माले कसरी सिर्जे यस्ता उत्तम दम्पती। ६८

कुम्भकर्ण महान वीर त्यस्तो वीर पनि मारियो
योध्दा वीरहरू मार्दा हाम्रो लक्ष्य सफल भयो। ६९

पापी रावणका पापले कुलैको नाश भै सक्यो
घरको स्वामीको पापले परिवारै डुबिसक्यो। ७०

फौज आफनो लिई जानू होशियार भैकन मार्नुछ
संसारको गति यस्तै छ एक दिन यो धर्ती छोड्नु छ।७१

जाऊ लक्ष्मण तिमी जाऊ इन्द्रजीत मार्नु पर्दछ
जस्तोसुकै गुणी त्यो होस अवश्य मर्नु पर्दछ। ७२

जयहोस रामको भन्दै भालू वानर तयार भए
राक्षसका साथमा लड्न लक्ष्मणका साथमा गए।७३

लक्ष्मण वीर लड्न आएको देख्यो रावणपुत्रले
कालले कुत्कुत्यायो कि भन्ने संझेछ वीरले। ७४

बाँच्यो भाग्यले पहिले तुरून्तै अब मर्दछ
पिताको शत्रुको नाश पुत्रले गर्नु पर्दछ। ७५

तीखा वाण छातीमा लागदा वाणको स्वाद चाख्दा
मूर्छा मात्र थियो पहिले, यसबेला प्राण गुम्दछ। ७६

आजैका दिनमा मर्छ एउटा दुश्मन घट्दछ
एउटा सन्यासी ढल्नाले हाम्रो गौरव बढ्दछ। ७७

सागर हुँ वल वुध्दिमा बढ्दा पृथिवी डुब्दछ
म ज्वालामुखी पर्वत हुँ फुट्दा संसार जल्दछ। ७८

लक्ष्मणले भन्दथे यो मूर्ख वाणी छोडी दे
मै हूँ भन्ने अहंकार हृदयदेखि त्यागी दे। ७९

शक्तिवान व्यक्तिले आफनो नम्रभाव देखाउँछ
फलेको वृक्षको हाँगो फलले नै झुकाउँछ। ८०

मैना मैना भनी मैना बोलीको मुग्ध पार्दछ
म्या म्या मै हूँ भन्ने बोका आफ्नै घाटी कटाउँदछ।८१

लगाईकन फोश्रो धाक समय व्यर्थ फाल्दछस्
न पुग्दो धाकले गर्दा तँ आफै नीच बन्दछस्। ८२

झोक्कीदै इन्द्रजीत बोल्छ कस्तो दुच्छर शब्द त्यो
कहाँ छस् तँ के बोल्दैछस् संझनु रणभूमि यो ।८३

दर्वारको सुख भोग त्यागी सन्यासी भई वनवनै
तँलाई ज्ञान क्यै छैन संसारको दुःख कष्ट नै । ८४

तँ एउटा कोपीला फूल बुध्दिमा अझ कस्तिछस्
तेरो क्यै अनुभव छैन फूर्ति मात्र तँ गर्दछस् । ८५

बुढेस्कालको छोरो हुर्केको लाडप्यारमा
थापेर प्राणको बाजी आइस तँ रणभूमिमा । ८६

वनवासी तँ मर्नेछस अवश्य यो लडाईमा
तुरून्तै अब मर्नेछस वाण लागेर छातीमा । ८७

स्वाभीमान औ अहंभाव योध्दाको शुभ चिन्ह हो
लडाकुमा हुने लक्षण तँलाई ज्ञान छैन त्यो । ८८

मैनाको बोलीले गर्दा पिंजडामा ऊ पर्दछ
बोकाले बरू ज्यान दिन्छ आफ्नो टेक किन्त छोड्दछ ।८९

लक्ष्मणले भन्थे उसलाई अहंमले नाश गर्दछ
भविष्य हुन्छ के कस्तो सोचेर बोल्नु पर्दछ । ९०

हाड मासु थुपारेर जब आन्द्रा निकालिंदा
त्यही आन्द्रा बटारेर धुनियामा जडाउदछ । ९१

धुनियाले कपास धुन्छ अनि चिच्याउन थाल्दछ
अहंकारी म त होइन तै होस तैं होस ऊ भन्दछ ।९२

त्यसैले घननाद तैले धाक धक्कु लगाउछस
तँलाई नगन्नू त कोही आफै मै हु तँ भन्दछस् ।९३

सौमित्रका तिरस्कारले घननाद अति जंगियो
वनवासी नबोल धेरै छाती थाप भनी हाँक दियो ।९४

लक्ष्मणका वाण थिए उग्र अति नै भयभीत कराल
सकेन छल्न वाण त्यसले व्रह्मशक्ति अति महान ।९५

काल जस्तै थियो वाण कराल यमराज थियो
घननादलाई लाग्दामा दर्दले हाय तड्पियो । ९६

थिएन मामुली वाण यमवाण महान थियो
दिवसलाई पनि त्यसले अन्धकारै गरी दियो । ९७

सारा होश उड्यो उसको शक्ति नै नष्ट भैसक्यो
आँखाले नसकी हेर्न तुरून्तै नैन चिम्लियो । ९८

अश्रुग्याँसको असर पर्दा मेघनाद अति आत्तियो
वीरतामा पर्‍यो आघात भएको शक्ति नष्ट भो ।९९

छोपेर त्यही नै मौका लक्ष्मणले एक वाणले
काटियो दाहिने हात उड्यो त्यो खुव फूर्तिले । १००

उड्यो हात सजीव जस्तै माथि शुन्य आकाशमा
वडो आश्चर्य देखिन्थ्यो गोपेको वाण हातमा । १०१

काटिएका दुवै हात वर्षिए वाँण पाउमा
वेगिन्ति वर्षिए वाण सारा अंग प्रत्यंगमा । १०२

बेगिन्ति घाउ लाग्दामा इन्द्रजीत पुन झोक्कियो
अंग भंङ्ग लथालिंग तैपनि लड्न खोज्दथ्यो । १०३

हात गोडा सबै काटी शरीरै छिन्न भिन्न भो
तँलाई मारी मर्नेछु लौ आइज भन्दथ्यो । १०४

सूर्यकै विम्व ढाकेर छाडे वाण लक्ष्मणजीले
लक्ष्मणको वीरता देख्दा स्वर्गबाट अबीर छरे। १०५

रामको संभ्झना गर्दै छोडे वाण लक्ष्मणजीले
यी वाणले घननाद मर्छ देवताहरू भन्दथे। १०६

कुमारको वाण लाग्नाले असुरको शिर काटियो
तुरुन्तै उसको मस्तक भक्तका हातमा पर्‍यो। १०७

घननाद जिउँदो बेला लंकाको शिरताज थियो
रावणका पापले गर्दा लक्ष्मणको हातले मर्‍यो। १०८

रावणको पुत्र मर्दामा वानर भालू खुशी भए
जयहोस रामको भन्दै लक्ष्मणको गुणगान गरे।१०९

विश्वकै शक्तिशाली हो उसलाई मार्न मुस्किल
सुमित्रासुतले मारें पाएर शक्ति तत्क्षण। ११०

होशियार साथ त्यो मस्तक लिएर हनुमान पनि
वानर भालू लिई साथमा गएका लक्ष्मण पनि। १११

पुगेथे रामका साम् निहुरी विन्ति भावमा
कसरी मेघनाद मारे सुनाए शब्द शब्दमा। ११२

रामका पाउमा झुक्दै लक्ष्मणले विन्ति गर्नु भो
हजुरकै धर्मले गर्दा मार्नलाई सहज भो। ११३

प्रभुकै करूणा पाई मारियो इन्द्रजीत अहो
नत्रता कसरी सक्थे घननाद वरदानी हो। ११४

इन्द्रजीतकी थिइन पत्नी उनको नाम सुलोचना
घननादको मृत्यु लंकानै अन्धकारमा। ११५

रावण पुत्र जगत योध्दा लंकाको विभूति थियो
उसैको मृत्युले गर्दा लंकाको ज्योति नै निभ्यो। ११६

सतीका सतले गर्दा लंकाको चन्द्रमा थियो
रावणका गल्तीले गर्दा लंकाको सर्बनाश भयो। ११७

सुलोचना थिइन साध्वी मृगनैनी तिनी थिइन
उनैका सतले गर्दा विश्वविख्यात ती भइन। ११८

उनैको तपसाधनले साराले सती भन्दथ्यो
सतीका सर्व लक्षणले लंकावासी सुखी थिए। ११९

विहानै भोरमा विंभ्की वगैंचामा ती डुल्दथीन
आफैले जल बोकेर फूललाई भिजाउथिन्। १२०

आँखा थिए अति सुन्दर मृगनैनी तिनी थिइन्
विश्वकै नारीमा उच्च लंकाकी विभूति थिइन्। १२१

अरूभन्दा छिटो उठ्थिन उद्यानमा गर्दथिन विहार
आफैका हातले टिप्दै फूल माला गर्दथिन् तयार।१२२

गाँसेर फूलको माला फूलको चयनै गरी
सौन्दर्य फूलको देख्दा निस्केछ्न गीतका ध्वनि। १२३

अपर्भ्कट गितको तान मीठो र मधूरो थियो
निस्केका माधुरी गेडा अमृतकै झरना थियो। १२४

हावाको एक झोक्काले फैलायो महकी सुवास
चारैतर्फ फिजाएरै गर्दैछ यसरी विकार। १२५

फरफराएथ्यो दाहिने आँखा दाहिने हात त्यो पनि
अशुभका हुन कि यी लक्षण तुरून्तै मनले गुणी।१२६

एक्कासी शिरको विन्दि भूमिमा कसरी खस्यो
तयारी फूलको माला हातैबाट स्वयं खस्यो । १२७

दैवले के गऱ्यो यस्तो शिरको विन्दि खसाइदियो
गोपिएको थियो वाण एउटा हात साम्‍ू देखियो । १२८

परेथ्यो मुटुमा आघात छाती बेस्करी झड्कियो
स्वामीको हात लिना निति सतीको हात फैलियो । १२९

सतीको मनले सोच्दथ्यो पतिको हात हो कि त्यो
गोपिएको थियो वाण कसरी यो देखापऱ्यो । १३०

बोल्दथिन मुटु धड्काई नेत्रमा अश्रुपूर्ण भई
के गरौं के गरौं भन्दै अपशोचमा परि आत्तिदैं । १३१

सोध्दथिन परी रनभुलमा स्वामीको हात हो कि त्यो
वाणलाई लिई साथमा पत्नीको हात त्यागी यो । १३२

कुनै गल्ती भयो मेरो नढाटी भन्नुहोस प्रिय
बिना गल्ती बिना भूल कसरी हात त्यागिए । १३३

इत्यादि मनमा गुन्दै मुटु पार्दै अधीरता
पुकारा मनले गर्थिन विभिन्न देव देवता । १३४

जीवन रक्षा गर्नेछौ बनेर मेरो रक्षक
सर्वश्व मैले सुम्पेथें तिमीनै संझी आधार
म तिम्रो रक्षा गर्नेछु जीवन साथी बन्नेछु
जिन्दगीभरै तिमीलाई साथमा राखी रम्नेछु । १३५

कवोल यही गरेथ्यौ यी हात मेरा स्वीकारदै
यिनै मेरा त्यागेर वाणलाई स्वीकार गरेछौ
प्रियको जीवन के भयो ? कसरी यो हात पठायौ ?
विभत्स हालत देख्दामा यो मेरो मनै रूवायौ । १३६

मलाई एक्लै छाडेर शायद कतै गयौ कि
जिन्दगी जालै यस्तै हो कसैको जालमा फस्यौ कि ?
पतिकै हातले लेखेर बताऊ सारा कहानी
घट्ना के हो बताऊ झूठमूट कत्ति नलेखी । १३७

अग्नीलाई साक्षी राखेर यी मेरा हात लिएथ्यौ
जीवन रक्षा गर्नेछु त्यसबेला कवोल गरेथ्यौ
मैबाट गल्ती भयो कि त्यसैले मलाई छाडेको
विश्वास मलाई दिलाऊ अरूनै केही गऱ्यो कि ?। १३८

तिमीले यी हात छोड्दैमा मैले त यी हात छोड्दिन
सम्वन्ध पति पत्नीको यो नाता मैले तोड्दिन
जीवन सारा त्यही हो नारीको रक्षक पति हो
यो लोक र अर्को लोकैमा दुवैका लागि दुवै हो । १३९

भनेर यति सतीले हातलाई माथि उठाउन
काटेको हात पकडेर छातीमा राखौं भन्ठानिन
तुरून्तै॰उनले के सोचिन हातलाई पछि हटाइन्
मायाको छलछाम क्यै हो कि मनले सोचिन शंकाइन्।१४०

परीक्षा लिन्छु भनेर मनले केही संझेर
हे नाथ स्वांग रच्यौ कि सच्चाइपना बिर्सेर
यो तिम्रो हात बनेर अर्कैको हात खस्यो कि
कसैले जादू गऱ्यो कि परीक्षा लिन खोज्यो कि।१४१

असत्य केही भएमा तपस्या व्यर्थ हुनेछ
सुनाम सट्टा कुनाम मुखमा कालो लाग्नेछ
हे नाथ मलाई त्यागेर नजाऊ एक्लै म भन्छु
जान्छौ त यही अकेलै तुरून्त प्राण त्याग्नेछु । १४२

मनमा केही सोचेर ईश्वर पुकार गर्दथिन
जोडेर आफना दुवै हात देवता देवी पुकार्दथिन
पतिको त्यो हात भएमा घट्ना केही बताओस्
यथार्थ कुरा के कस्तो लेखेर प्रस्टै देखाओस् । १४३

सतीको विन्ति सुनेर काटेको हात उठेछ
उसको आत्मा हातैमा सरेर सर्र आएछ
संकेत गरी कलमको उसको संकेत बुझेर
सतीले कलम दिइथिन अति नै उत्सुक भएर । १४४

संवोधन गर्दै प्रियाको परबस हुदा छुटेछ
अरूको हात यो होइन मेरै हो हात लेखेछ
शंकानै नलेऊ यसबारे लीला हो पतिव्रताको
सकिन्न बुझ्न यसबारे लीला हो उनै ईश्वरको ।१४५

सम्वन्ध हामी दुवैको आत्मीय नाता भनिन्छ
शारिरिक नाता सिध्दियो आत्मीय नाता अमर छ
त्यसैले आज भन्दैछु तिमीले कीर्ति फैलाऔ
निर्धक्क भई बाँचे है सतीको स्थान पाइसक्यौ । १४६

लक्ष्मण शेषावतार हुन उनकै हातले मारेको
उनले गर्दा मलाई मिलेछ यो मुक्ति लोकको
शरीर छ मेरो लंकाद्वार शिर छ रामदलैमा
यो आत्मा मेरो घुम्दैछ आकाशको चारै कुनामा । १४७

अविनाश आत्मा घुम्दै लेखेर त्यसले देखायो
सतीको शिरमा एक्कासी दैवले व्रज खसाल्यो
पतिको हात खस्ला कि भनेर हात वढाइन्
जोरलेपूर्ण पतिहात पक्डेर छाती लगाइन् । १४८

संवोधन गर्दै प्राणेश्वर क्यै भेद तिमले खोलेनौ
यज्ञका लागि गएथ्यौ युध्दमा तिमी पुगेछौ
कुन यज्ञ गर्दा तिमीले प्राणको वलि चढायौ
सर्वश्व सबै नाशियो निस्प्राण बनी घुम्दछौ । १४९

ईश्वर तिमले कसैको नमेट सिंदूर स्यूंदोको
नगराऊ ईश तिमीले विभत्स रूप नारीको
विधुवा हेर्न घिनाउंछन् तिरस्कार मात्र गर्दछन्
विधुवालाई जगतमा सबैले घृणा गर्दछन् । १५०

युध्दमा जाँदा म गइन संझदा दुःख लाग्दछ
त्यो दिन एक्लै छोड्नाले पश्चाताप ठूलो लाग्दछ
यदि म साथमा हुंदि हुँ अग्रीम प्राण त्याग्नेथें
पतिको मृत्यु भएको आँखाले देख्नै पाउँदैनथें । १५१

जो हुनु थियो भैसक्यो बाँचेर पनि के भयो
यो देह साँची के हुन्छ पतिको ज्यानै गैसक्यो
त्यसैले भन्छु हे नाथ म पनि छिटै आउदैछु
पृथिवीसँग विदा भै तिमीलाई चाँडै भेट्ने छु । १५२

जीवित तिमी हुँदा हौ तिमीलाई शिरमा राख्दथें
म तिम्रै सेवा गर्दथें जिन्दगी सुखमा बिताउथें
के गरौं अब हे नाथ जीवनको सोख सिध्दियो
दुःखको झोली भरियो सुखको झोली रित्तियो । १५३

जतिनै आपत आई परोस छाइनै रहोस काली रात
किरण हुँ म प्रभातको जसका साथ साथ प्रभात
खरानी भष्म भएमा आगाको भय मानिन्न
पतिको साथमा वियोग भै यो पृथिवीमा बसिन्न । १५४

आदर्श पति तिमी हौ आदर्श पत्नी म आफै
तिमीले लियौ पत्नीव्रत म पतिव्रता स्वयं नै
कर्तव्य पालन गर्नेछौ अवश्य अर्को जुनीमा
द्वारमा बसी कुर्ने छौ हेरेर मर्त्य भूमिमा । १५५

संवन्ध हाम्रो वलियो जन्मान्तरसम्म मानिन्छ
त्रिलोक चौध भूवनमा यो नाता महान गनिन्छ
त्यसैले आत्मा स्वयंमनै आत्मा आत्मा मिलाउछु
युध्दको बाटो गइ हाल्यौ चितामा जली म आउछु । १५६

जीवित छंदा तिमीलाई सुन्दर फूल चढाएँ
छाडेर गयौ तिमीले आँशुका धारा चढाएँ
आराध्य देउता छैनन्ता पूजारी त्यहाँ हुँदैन
तलाऊ सुखा भएमा माछाको जीवन रहन्न । १५७

हे नाथ मेरो श्रृंगार यो चिताले स्वागत गर्नेछ
विधवा जीवन अवश्यै आगोले सफा गर्नेछ
अनन्त बल्दो चितामा यो देह होम्न चाहन्छु
यो शरीर भष्म गराई नाथलाई भेट्न आउने छु। १५८

जीवनमा होली खेल्नु भो म पनि होली खेल्दैछु
प्रत्येक स्वास प्रश्वासमा विरह केशर घोल्दैछु
घोटेर हड्डी चन्दन त्यो आखाँमा आँशु गराई
पीडाको झोली भरेर पूर्ण वेदना तिम्लाई सुनाई ।१५९

पीडाले झोली भरेर कुटुरो पारी राखेर
धुँवाको मुस्लो गराई चुनरी हुरहुर बालेर
शरीर जलाई चितामा रगतका आँशु आँखामा
अवश्य भेट्न आउँदैछु पर्खेर बस ढोकामा । १६०

मुटुमा पऱ्यो भक्कानो शब्दनै केही फुटेन
जति नै नदी बगाऊँ न सागर पूर्ण भएन
मुटुको वह हटेन विरह व्यथा घटेन
छाती नै फुट्ला जस्तो छ समस्या कुनै सुल्भेन । १६१

यसरी तिनी रोएकी थिइन महलै थर्काई
दुइ नेत्रवाट वलिन्द्रधारा रगतका बगाई
त्यै बेला आए लंकाका राजा रानीका साथमा
दुःखद वाँण बज्रेको थियो राजाको छातीमा । १६२

आश्वासन दिँदै भन्छन राजा नरोऊ बुहारी
तिमी हौ महान वीरकी पत्नी यो विश्व भरैकी
म जान्छु एक्लै बदला लिन सग्रामभूमिमा
एउटाको सट्टा हजारौं ज्यान लिनेछु युध्दमा । १६३

भालु र वानर सबैलाई मार्छु मार्दछु रामलाई
सुग्रीव मार्छु हनुमान मार्छु मार्दछु लक्ष्मणलाई
लक्ष्मणको टाउको ल्याएर यहाँ तिमीलाई देखाउछु
रामको पनि मस्तक ल्याई सीतालाई देखाउंछु ।१६४

नगर्नु विलाप नगर्नु सुर्ता नगर्नु कुनै पीर
इन्द्रजीत जस्तो वीरको तारिफ गर्नु छ चारैतिर
जस्ले त नाश्यो विश्वको मणि त्यसलाई मार्दछु
लक्ष्मण मार्ने छ तिव्र धोको इच्छा त्यो पुऱ्याउंछु ।१६५

ससुराज्यूको निष्ठुरी शब्द सुनेर भन्दछिन्
तड्पाई छाती जलाई मुटु रोएर भन्दछिन्
तिमी हौ पिता म तिम्री वहु आसिक चाहन्छु
कसैको मरण चाहन्न सुन्न म सती जादैछु । १६६

पतिको मस्तक म मागन जान्छु राख्नेछु काखमा
त्यै शिर साथै जल्नेछ इच्छा बलेको चितामा
युध्दमा मर्दा वीर गति पाए सुकिर्ति फैलाए
रणमा मर्दा स्वयंको नाम अमर गराए । १६७

म पनि उनकै पत्नी हुँ पिता म जान्छु उनकै साथ
विधवा भई बस्दिन यहाँ जाँदैछु यसै रात
पतिले मलाई आऊ देवी भन्दै धर्तीमा हेर्नेछन
इत्यादि कुरा मनमा खेल्दा आत्तिन्छ मेरो मन । १६८

कर्तव्य आफनो पालना गर्दा जिऊ ज्यान गुमाए
ऊ एकलै हुदा साथमा बस्न मलाई बोलाए
पतिको मस्तक राखेर काखमा सती भै जानेछु
दुवैको आत्मा मिल्नेछ त्यहाँ म धन्य हुनेछु । १६९

पति हुन ईश पति हुन प्रित पति हुन भर्तार
जीवनका साथी स्वर्गमा जाँदा विपत्ति हजार
व्रतमा ठूलो सतीको व्रत हो अरू त निस्सार
साथका पति स्वर्गमा गए यो जीवन धिक्कार । १७०

सतीको अलाप र विलाप सहनै सकेनन्
शोकाकुल भए भूपाल कठै त्यहाँ बस्न सकेनन्
आँशुका धारा बराबर पुछ्थे बोल्न क्यै सकेनन्
छोराको मृत्यु सुनेर पनि ती मर्न सकेनन् । १७१

भन्दथे लंकेश हे वीर पुत्र वीरगति प्राप्त भो
ती मृगनैनी भलभली रून्छिन के गरी हेर्ने हो
के भनी तिनलाई बुझाउँ मैले विलाप गर्दैछन्
पतिका साथै चितामा बसी जल्दछु भन्दछिन । १७२

रावण पनि रोएका थिए पुत्रलाई संझेर
अलाप र विलाप वेहोस हुन्थे विव्हल भएर
अवाक भए मुर्छित भए जमिनमा लडे ती
उनैको पापले वंशको नाश प्रत्यक्ष भयो नि । १७३

वंशनै खतम रावणको हुँदा तै बुध्दि आएन
रावणकी बैनी दुष्टाले गर्दा राक्षस कोइ बचेन
रानीले उनलाई संझाउदा पनि रावणले मानेन
रामको औतार श्री विष्णु भन्ने रावणले बुझेन ।१७४

यो हालत सबै देखेकी थिइन श्री मन्दोदरीले
यो दशा भई कतिञ्जेल बाँच्ने अभागी बूढीले
सकिनन् मर्न गरेर हत्या टिपेन कालले
यो दुःखलाई सकेन थाम्न कोमल छातीले । १७५

पुत्रको मृत्यु एक्कासी सुन्दा चट्केलो परे झैं
निस्प्राण जस्तै अचल भइन पथ्थरको मूर्ति झैं
विश्वकै विख्यात मेघनाद थियो त्यो पनि रहेन
वीरकी आमा बाँचेर पनि क्यै सार भएन । १७६

प्रतिकुल पति भएको हुंदा वंश नै अल्पेछ
पतिले गर्दा पुत्रको पनि प्राण अन्त भएछ
नन्दले रोपिन झगडा वीज त्यो बिऊ झयांगियो
तिनैले गर्दा लंकामा आगो दनदनी सल्काइयो । १७७

आपदको बेला कोइ छैन साथमा ती एउटी बुहारी
लंकाकी रानी धरधरी रून्थिन दैवलाई पुकारी
अलाप र विलाप गरेर रून्थिन बेहोस भएर
बुहारी पनि सँगसँगै रोइन अधैर्य भएर । १७८

भन्दछिन सासू मसँगै बस मलाई सम्हाल
सहारा छैन त कोइ पनि मेरा तिमीले नछाड
छोरो त गयो स्वर्गमा रम्यो म भएँ अभागी
होशनै गयो हंस नै गयो निर्वल गराई । १७९

एउटाले गर्छ कुकर्म ठूलो दुःख भोग्छ अर्काले
नगर्ने काम गरेका थिए भूपाल पतिले
सीतालाई उनले हरेर ल्याए संकट वैरिए
त्यसैका कारण वीर पुत्र मेरा युध्दमा मारिए ।१८०

स्वामीले गर्दा यो गति भयो कोइ छैन साथमा
हे सती तिम्ले छाडेर जान्छ्यौ ककस्को भरैमा
बूढेसकालकी लठ्ठी हौ तिमी अलपत्र नपार
धरधरी रून्छु नजाऊ भन्छु मलाई नछाड । १८१

यो मनलाई के गरी बुझाऊँ यसरी नरूवाऊ
बाँकी दिन मेरा के गरी काटौं तिमी नै बताऊ
तिमी हौ मेरी सर्वश्व संसार तिमी हौ मुटु प्राण
तिमीले पनि छाडेर जाँदा उड्ने छ झिनो प्राण ।१८२

हे कुलवधू अलपत्र पारी छाडेर नजाऊ
तिमी हौ छोरी तिमी हौ छोरो यो चित्त बुझाऊ
जन्मेका मेरा सन्तान सबै नाशस्य भैसके
यो बेला तिमी छौ मेरा साथमा अरू त गैसके । १८३

सासूका यस्ता अड्चन सुन्दा नागकन्या भन्दछिन्
मनको वह छातीको तडपन खुलस्त पोख्दछिन्
हे आमा अब नरूनुहोस रोएर के हुन्छ
एक दिन आयौं एकदिन जान्छौं यो ठाउँ यस्तै छ ।१८४

अमर वूटी लिएर साथमा कोइ पनि आउँदैन
एकदिन काल आएर लान्छ हामीलाई पर्खिन्न
जतिनै रोऔं अनुरोध गरौं कालले सुन्दैन
जसको बेला उसैलाई लान्छ अन्याय गर्दैन । १८५

धर्म र देशका लागि जो ज्यान अर्पिन्छ
त्यस्ताको लागि स्वर्गको ढोका हर्दम खुल्ला छ
ती पुत्रलाई जन्माउने आमा सुधन्य बन्दछिन्
विश्वले उन्को सत्कार गर्छ सर्वत्र पुजिन्छिन् ।१८६

रोएर मात्र हुँदैन केही मरेको आउँदैन
मुटुको व्यथा मनको वह आँशुले लादैन
जीवित बेला मायाँमा भुल्यौ त्यो भोग सकियो
देहको प्राण सकिन्न देख्न उडेर गैसक्यो । १८७

तपाईं जस्ती विदुषी नारी संसारमा कोइ छैन
तपाईंको जस्तो पवित्र मुटु अरूको हुँदैन
हृदय कैले नमिल्ने पति पाएर तिमीले
ईश्वर जस्तै मान्दथ्यौ आज्ञा जे भन्छन पतिले ।१८८

पतिका दुःखमा दुखित हुन्थ्यौ सुखमा रमाउथ्यौ
पतिले गल्ती गरेको बेला हात जोडी संझाउथ्यौ
पतिले कैयौं ल्याउथे सौता मिलेर वस्तथ्यौ
उनैको साथमा सन्तोषी भई जिन्दगी बिताउँथ्यौ ।१८९

सबैले तिम्रो प्रशंसा गर्छन औलाई तिमीलाई
कठिन व्रत लिएकी भन्ने विश्वास छ सबैलाई
आदर्श रानी आदर्श नारी सबैले भन्दछन्
विहान सबै वन्दना गर्दा सबैले संझिन्छन् । १९०

साधना तपमा निपुण भई अगाडी वढेकी
संसारका नारीका व्यथा छर्लङ्ग बुझेकी
सीताको व्यथा बुझेर तिमी अत्यन्त आत्तियौ
जानकीलाई फर्काऊ भन्दै प्रार्थना गर्दथ्यौं । १९१

त्यस माथि पनि सुवर्ण योग निश्चित भै लंकामा
घननाद जस्तो वलशाली पुत्र जन्मेका माताका
लंकाका मात्र थिएन मणि विश्वकै भूषण
एकपत्नी व्रतमा बसेको हुँदा गरिन्थ्यो अर्चना । १९२

यो घरमा मैले विभिन्न सुख भोगेर आएँथे
माताजीवाट राष्ट्रका लागि क्यै शिक्षा पाएँथें
एक पत्नीव्रत लिएका पति मैले नै पाएँथें
यतिञ्जेलसम्म जिन्दगीलाई सोखमा राखेंथें । १९३

हे वीर माता के विन्ती गरौं आफैंनै ज्ञानी छौ
विदुषी नारी बुध्दिको खानी विश्वमै विख्यात छौ
जतिनै तिम्रो प्रशंसा गरौं गरेरै सकिन्न
बुध्दिकी भण्डार सागर जस्तै बुझेर बुझिन्न । १९४

हे वीर माता भाग्यले गर्दा यो घरमा पसेथें
तपाई जस्ती विदुषीवाट क्यै शिक्षा पाएँथें
म दुःखी छैन वीरको गति पतिले पाउनु भो
राष्ट्रका लागि जीवन आफ्नो वलिदान दिनु भो ।१९५

प्रशन्न हुदै दिनुहोस विदा म ऐले जाँदैछु
पतिले मलाई पर्खेका होलान म भेट्न जाँदैछु
लंकाकी रानी विदुषीलाई संझाउन के सक्छु
खुसीका साथ मलाई पठाई दिनोस यै विन्ति चढाउछु ।१९६

हे बुध्दिमती दयाकी सागर शिक्षा देऊ मलाई
कुन बाटो लाग्छ पुगिन्छ कहाँ बताऊ मलाई
आमाको आसिक शिरमा राखी सती भै जानेछु
सत्यको जय पापको क्षय उपदेश माग्दछु । १९७

वुहारी म हुँ विधुवा भएँ संझाऊ मलाई
यो बेला मैले के गर्नु पर्छ ज्ञान देऊ मलाई
नागकुमारीको यो विन्ति सुन्दा रानीले भन्दछिन्
बुहारीसँगै बसेर सासू ज्ञान धर्म बताउँछिन् । १९८

विश्वकै धर्म जान्दछ्यौ तिमी नजान्ने क्यै छैन
तिमी छौ मानौ शारदा लक्ष्मी संझाउनै पर्दैन
मभन्दा उच्च बुध्दिमा निपूण लोकले भन्दछ
यो पृथिवीकी सत्यकी मूर्ति तिम्लाई भन्दछ । १९९

तिमीले मलाई संझिनौ सासू आमानै संझिन्थ्यौ
हर्दम तिमी मसँग बस्दथ्यौ ज्ञान गुण सुन्दथ्यौ
झगडा नामै निशानै छैन आपस आपसमा
लक्ष्मी महान भएर आयौ लक्ष्मणी ली साथमा ।२००

भूषण पोशाक थिएन वास्ता निरन्तर सेवामा
भाग्यले पत्यार गरेको हुँदा परेथ्यो यो घरमा
व्याकुल हुन्छु यो रूप तिम्रो कसरी म हेरौं
पतिका साथमा सती भै जान्छु भन्नेलाई नरोकौं ।२०१

लक्ष्मी जस्तै रूपकी धनी विधवा यो रूप
कसरी हेरौं यो रूप तिम्रो भएर विव्हल
सिन्दुर स्यूदोको अटुट् हुन्थ्यो उज्वल माथमा
सुन्दर पुत्र रूपौली वधू देख्दथे साथमा । २०२

ऐलेत एक्लै तिमीलाई देख्दा शोकले विव्हल छु
तिमीलाई छाडी म एक्लै बस्न थरथरी काम्दैछु
हे मृगनैनी शोकको बेला कसरी विदा दिऊ
म बूढी एक्लै बेहोश हुदै के भन्दै विंदा दिऊ ।२०३

यो बूढो शरीर कति दिन टिक्ला प्राण जान तयार छ
भएको सन्तान रणमा मरे म बाँच्दा के हुन्छ
राजाको आफनो नछोड्दा जिध्दि यो हालत भएको
उनैले गर्दा विश्वको रत्न गुमाउन परेको । २०४

के अर्ति दिऊँ तिमीलाई मैले होस हवास हरायो
यो विश्वभरकै वीर पुत्र मेरो दैवले लगिहाल्यो
तिमी हौ छोरो तिमी हौ छोरी मन चित्त बुझाउने
तिमी नै मेरो जीवनको आधार दुःखमा साथ दिने ।२०५

संसारका विभिन्न धर्म जानेकी तिम्ले छौ
तैपनि तिम्ले विधवा धर्म मसँग सोध्दैछौ
जो बुझेकी छु जो देखेकी छु दुईचार नियम
ध्यान दिई सुन बताई दिन्छु चलेको नियम । २०६

विधवा बनी गर्दछ सेवा स्वदेश र जातिको
एकछाक खाई तपस्वी बनी सेवा छ राष्ट्रको
विहानै उठी जप्दछे नाम श्री विष्णु हरिको
उत्तम स्थान त्यसैले पाउँछे संसार भरिको । २०७

धर्म र कर्म दान पुण्य गरी जिन्दगी बिताई
गीता र धार्मिक वेदान्त पढी कहानी सुनाई
त्यस्तीकी स्थान सुरक्षा हुन्छ शान्ति छ यसैमा
समाजमा उसको कल्याण हुन्छ विधवा जीवनमा ।२०८

बालकै बेला विधवा भई सन्तान छैन त
परिवारबाट खेदिन्छ भने जीवनमा सुख छैन
त्यस्तीको दोश्रो विवाह हुँदा दोष केही लाग्दैन
विधवा जीवन सुखमा बितोस कालो दाग लाग्दैन ।२०९

पतिकै नाममा बिताई जीवन वैरागी बनेर
भोक र प्यास विल्कुल बिर्सि राम नाम जपेर
निस्वार्थी भई गर्दछ सेवा दुःखी र अनाथको
त्यसलाई पनि भनिन्छ उत्तम विधवा समाजको । २१०

मनमा किंचित नराखे स्वार्थ गर्दछे भलाइ
कमजोरको सेवा गर्दछे भने अहंभाव हटाई
दुःख सुख बिर्सि गर्दछे सेवा सज्जन समाजको
गर्दछे अर्को विवाह गरोस इच्छा छ जे उसको । २११

चन्द्रायण नारायण लिएर व्रत शरीर नसुकाई
विभिन्न देव देवता पुज्दै गरिन्छ भलाइ
त्यस्तीको मुटु पवित्र हुन्छ गर्दछे कल्याण
संसारको कालो मेटाई जीवन गर्दछे प्रभात । २१२

सिंगारी शरीर नंकल गर्दै दुःखी भै बस्दछे
समाजमा मात्र देखाई ढोंग त्यो स्वयम मस्त छे
सत्यसँग त्यसले गर्दिन राम्रो सन्तोषी मन छैन
त्यस्तीले अर्को विवाह गर्दा दोष केही लाग्दैन । २१३

शोकले गर्दा विव्हल म छु शुध्दिनै हरायो
यो वृध्द बेला दैवले मलाई कुठारले हिर्कायो
शोकले अब एक शब्द बोल्न गलानै रोकिन्छ
शोकले व्याप्त भएकी म छु प्राण जान तयार छ ।२१४

नागपुत्री भन्थिन उत्तम सती जो जान्छे सती भै
त्यसैले आज्ञा दिनुहोस आमा म जान्छु सती भै
सतीको धर्म पालना गर्छु यी अर्ति मान्दछु
पतिको माथ लिएर साथमा चितामा जल्दछु । २१५

मायाँ र मोह त्यागी नै दिनु छ कुरा धर्मको
मर्यादा भन्दा सत्य छ ठूलो सतव्रत कर्मको
हे आमा मलाई पठाऊ चाडै अब त म जान्छु
पतिको माथ मागेर ल्याई त्यो धाम पुग्दछु । २१६

सकिनन् बोल्न बुहारीसँग वाक्य नै फुटेन
मोतीका दाना वरवरी झरे मुहानै सुकेन
ती दुवै रोए शोकाकुल भए विदाको बेलामा
मुटुमा गाँठो दुवैको पर्‍यो अन्तिम घडीमा । २१७

सकिनन् हेर्न लंकाकी रानी जलधारा आँखामा
आँशुका धाराले छेकेथे बाटो छुट्टिने बेलामा
चार आँखा जुधे संकेत दिए आँखाले आपसमा
मुस्किलले मात्र छुट्टिम भयो प्रतिघात आत्मामा ।२१८

त्यैबेला ल्याए सुन्दर पाल्की रामादल जानलाई
पाल्कीमा बसी नागकन्या गइन मस्तक माग्नलाई
सागर टटमा रामको वास वानर साथमा
उज्ज्वल मुहार अखण्ड ज्योति तपसी भेषमा । २१९

गेरूवा पोशाक पैह्रेका थिए कोशल कुमारले
राघवको जस्तै जटा र पोशाक पैह्रेका लक्ष्मणले
चेहेरा सुन्दर गंभीरपना शान्तिपन छाएको
सुनिन्छ त्यहाँ मधुर भजन भक्तले गाएको । २२०

देखिन्थे राघव पोशाकले गर्दा विरागी राजाझैं
अत्यन्त सुन्दर नजर थिए कमलका फूल झैं
सबैले रामको प्रशंसा गर्दै चरणमा पर्दथे
वानर भालू साथमा बसी प्रशंसा गर्दथे । २२१

अदभूत एवं अनुपम शान्ति मुहारमा झल्किन्थ्यो
राघवका रूपले सागरमा धेरै छाल पनि मस्किन्थ्यो
धनुष ठूलो भूमिमा थियो अवध कुमारको
त्रिभुवन मण्डल लोटपोट हुँदै गाएथे सुगाथा । २२२

प्रकृतिवाट जनपति पदवी रामले पाएका
अवध कुमार प्रकृतिसँग तल्लीन भएका
फलफूल खाई जीविका चल्थ्यो खाद्यान्न पर्दैन
पोशाकको लागि पात र बोक्रा कपडा चाहिन्न ।२२३

निर्मल झर्ना कलकल गर्छन गानानै चाहिन्न
पर्वत वृक्ष आपसमा लड्छन तर्वार ढाल चाहिन्न
प्रकृति साथमा रमाई बस्दा घरवार चाहिन्न
प्रकृति रानी रक्षण गर्छिन गृहस्थी चाहिन्न । २२४

हजारै सेना अगाडि देख्दा राघव खुसी छन
सेनाले पनि सर्वश्व आफनो राममै अर्पन्छन
जुन ठाऊ बस्छन अवध कुमार त्यहाँनै गुल्जार
वानर भालू साथमा हुँदा रमाइलो संसार । २२५

सेनाले आफना मालिकलाई संमान गर्दथे
राघवले पनि ती सेनालाई प्राण झैं संझिन्थे
सेनाले भन्थे तपाई मालिक हामी त सेवक हौं
तपाईकै आज्ञा पालन गर्न जन्मेका हामी हौं । २२६

त्यैबेला एउटा गुप्तचर आयो लिएर खवर
पाल्कीमा बसी कोइ व्यक्ति त्यहाँ आएको देखेर
आश्चर्य मान्दै वानर भालू खासखुस गर्दथे
रावणले अब खाएछ हरेश आपसमा भन्दथे । २२७

अवश्य पनि यो पाल्की भित्र जानकी बसेकी
पाल्की भार नारीले बोकी सीताजी आएकी
रावणले भूल स्वीकारी सक्यो सीतालाई पठायो
लंकाको रत्न घननाद मर्दा रावण डरायो । २२८

पुत्रको मरण भएको हुँदा शक्तिनै घटेछ
वंशको पूर्ण सत्यनाश हुँदा बल्ल पो चेतेछ
पैलेनै होस आएको भए क्यै खति हुदैनथ्यो
संसारभरको वलशाली पुत्र अवश्य मर्दैनथ्यो । २२९

अवत उसका कोही पनि छैनन् शोकाकुल भएर
रानीले पनि संझाइन होला विनम्र भएर
त्यसकारण त्यसले संझौता गर्ला चरणै समाई
बल्ल पो ऐले चेतना आयो संतान गुमाई । २३०

सक्दैन अब संग्राम गर्न कमजोर भै सक्यो
शक्तिको खानी घननाद थियो त्यो पनि सिध्दियो
शरणागतमा रावण आयो आखेरी बेलामा
वीर योध्दाहरू सबजना मरे कोइ छैन लंकामा ।२३१

रावणका मनमा ठूलो चोट पर्‍यो वैराग आएछ
मेघनाद जस्तो सुपुत्र मर्दा निराश भएछ
त्यसैले गर्दा जानकीलाई पाल्कीमा पठायो
पत्थर जस्तो रावणको मुटु दैवले पगाल्यो । २३२

शरणागत सुनेर शब्द अञ्जनी कुमार
आश्चर्य मान्दै हनुमान बोल्थे गरेर विचार
विभिषण पनि साथमा थिए हनुमान हास्दथे
रहस्य के हो भक्तराज भन्दै विनम्र सोध्दथे । २३३

यतिञ्जेलसम्म आएन रावण के काम त्यो आउन
स्वामीलाई ठूलो आपद पर्‍यो कसरी सुल्झाउने
एक्कासी ऐल्यै थपिदां दुःख पछि के गर्ने हो
लंकाको राजा को हुन्छ अब अप्ठ्यारो पर्ने भो । २३४

यतिञ्जेलसम्म विभिषण त्यहाँ चुपचाप लागेका
तुरुन्तै त्यहाँ राघवजीले सबैलाई भनेका
हामी हौं हिन्दु भारतवासी जे हामी बोल्दछौं
समस्या जस्तै परेता पनि त्यो पूर्ण गर्दछौं । २३५

शरण पर्छ रावण भने खुशीले स्वीकार्छौं
लंकाको ताज विभिषणलाई पहिराई छाड्दछौं
बोलेको कुरा पुर्‍याई छाड्छौं अप्ठ्यारो पर्दैन
कोशल पुत्र नपुग्ने कुरा जिन्दगी बोल्दैन । २३६

शत्रु नै होस जोसुकै होस शरणमा पर्नेलाई
अवश्य मैले लिनेछु शरण व्रत मेरो सधैंलाई
चारैभाइ हामी वनवासी हौंला रावण कोशलमा
वानर भालू साथमा बस्लान् विभीषण लंकामा ।२३७

कोशलको राज्य सम्हालीकनै रावण बस्नेछन्
लंकाको राजा विभीषण भई लंकामै रम्नेछन्
ईश्वरले इच्छा पुर्‍याई दिन्छ विभीषण रावणको
धेरैनै टाढा भएर बस्दा मन मिल्ला दुवैको । २३८

सन्यासी भयौं जीविका गर्छौं फलफूल खाएर
मायाँ र मोह त्यागेर हिड्छौं वन जंगल घुमेर
रावणलाई शरण दिनुनै पर्छ आत्मीय संझेर
आएको भए गएर ल्याऊ स्वागत गरेर । २३९

हामीलाई अब भैसक्यो बानी जंगल घुम्नलाई
भाइ र पत्नी साथमा हुँदा शान्ति छ मलाई
स्वतन्त्र भई चौतर्फ घुम्छौं जंगलमै रमाउँछौं
प्रकृतिसँगै मिलेर बसी जिन्दगी गुजार्छौं । २४०

त्यै बेला त्यहाँ ल्याइयो पाल्की नारीले बोकेर
श्री रामजीको जय होस भन्दै आवाज घन्केर
वानर भालू एक टकले हेर्थे गएर नजीकै
अनि यो देखे सबैले बुझे आइछ परी कोई । २४१

एक हुल वानर गएका थिए आगन्तुक देखेथे
जानकी होइन अरू नै नारी भनेर हटेथे
नागकी कन्या आएकी थिइन रामका नजिकमा
भर्खर मात्र रणमा पति मरेको वखतमा । २४२

रावणकी वहू अत्यन्त सुन्दर पृथिवी भरीमा
उनलाई देख्दा लजाउथे सदा सूर्य चन्द्रमा
देवताहरू थर्कमान हुन्थे सतीको शक्तिले
ससूरा सासू प्रशन्न थिए वहूको भक्तिले । २४३

लंकाकी रानी साक्षात लक्ष्मी वासुकी कन्या हुन
विश्वकै तिनी विख्याती सती सुरसरी गंगा हुन
जिन्दगी भरै देखेकी थिइनन् कोइ पनि रोएको
ती आज रोएर आइन भाग्यमा लेखेको । २४४

सतीको ज्योति अतिनै चर्को सकिन्न हेर्नलाई
ज्योतिले गर्दा आँखानै तिर्मिर सामुन्ने पर्नलाई
के गर्न आइन यो पृथिवीमा स्वर्गकी परि झै
के कामका लागि ती आज आइन शोकले व्याकुल भै।२४५

धर्तीकी देवी सबैले भन्थे ऐले ती के भइन
करूणामूर्ति ती थिइन पैले पाषण ती भइन
सतीका सामू रामदल काम्यो सतीकै शक्तिले
राघव पनि संकुचित भए अनुपम शक्तिले । २४६

बुहारीलाई आघात माया विभीषण गर्दथे
जुनसुकै बेला नागकन्यालाई प्यारले बोलाउथे
तिनैको यस्तो देखेर भेष विभीषण आत्तिए
सतीको यस्तो देखेर रूप मुख छोपी रोएथे । २४७

बालक जस्तै छाडेर डाँको विभीषण रोएका
पैलेको रूप संझना गरी विव्हल भएका
हे छोरी तिम्रो यो रूप हेर्न अभागी बाँचेछु
कुन पापले गर्दा यो पृथिवीमा जीवन साँचेछु । २४८

यो रूप देख्नुभन्दा पहिले नै किन म मरिन
जीवन भरै अर्काको कुनै कुभलो गरिन
दैवले मलाई सजाए दियो मनमुटु चुडाल्यो
आकाशवाट चट्याङ महान शिरमा वजाल्यो । २४९

हे छोरी तिम्ले पतिको भिक्षा प्रभु छेऊ मागन
सतीका सतले पतिलाई बिंझाई जीवनमा रमन
राघबसँग यो विन्ति गर प्रभुले सुन्नेछन
कोशलपति प्रशन्न हुँदै विंताई दिनेछन् । २५०

सतिले भनिन् जे होस पिता भक्तको जय होस
तपाइँका मनमा प्रभुको वास अटुट् भइरहोस
भक्तका प्रेमी राघवजीले शरणमा लिनु भो
श्रीरामजीको परम भक्त भएर ज्यूनू भो । २५१

हजुरको चित्त निरन्तर लागोस रामकै पाउमा
प्रभुले पनि गर्नेछन वास भक्तकै छातीमा
विरह तालमा डुवेकी म छु दुःखले सताउँछ
पतिको वियोग भएकी हुदा संसारै तीर्मिर छ । २५२

हजुरको सदा जय होस पिता प्रार्थना गर्दछु
आसिक मलाई दिनुहोस भनी सत विन्ति गर्दछु
जन्मेर यहाँ मर्दछ सबै दैवको नियम छ
त्यसैले पिता म सती जान्छु मर्नू त पर्ने छ । २५३

आएकी म हुँ मस्तक मागन घननाद पतिको
राघवले इच्छा पुऱ्याई देलान नागकन्या सतीको
दयाका सागर राघवसँग म भीक्षा मागदछु
राखेर काखमा पतिको शिर चितामा जल्दछु । २५४

प्रभुले पनि मस्तकको भिक्षा दिनेछन मलाई
अन्तिम बेला यही नै विन्ति गर्नेछु प्रभुलाई
मलाई अरू चाहिन्न केही मस्तकै चाहन्छु
यो विन्ति सुनियोस भन्दै निवेदन गर्दछु । २५५

सतीका आँसु बगेका देखे श्रीरामचन्द्रले
उनीको सक्कल सकेनन् हेर्न करूणा सिन्धुले
सतीको सतको प्रवल ज्योति प्रत्यक्ष देखियो
पावन सत र अखण्ड व्रतले चौतर्फ काम्दथ्यो ।२५६

तुरून्तै बोल्न सकेनन् केही अवधकिशोर
पृथिवीसँग मागेथे विचार संकेत गरेर
सतवन्ती पट्टि फर्केर भन्छन भुवनपतिले
हे सतवन्ती नरोऊ तिमी विरह व्यथाले । २५७

देखेर तिम्रा आँशुका धारा बोल्नै कठिन छ
प्रत्यक्ष तिमी रून्छौ साम्‍ मन मेरो रूदैछ
घननाद जस्तो विश्वको मणि जन्मनु मुस्किल छ
जे हुनु थियो त्यो भई सक्यो रोएर के हुन्छ । २५८

लंकाको शिर सर्वोच्च थियो उसैको शक्तिले
संसार भरका देवता र असुर थर्कन्थे भयले
त्यस्ताकी पत्नी सतीकी मणि धन्य छौ हे सती
इज्जत राख्यौ फिजायौ कीर्ति भएर पावनी । २५९

विश्वकै पावन सतवन्ती नारी सबसिध्दि गर्दछन
आत्माका वलले मृतक शरीर जियाउन सक्दछन्
जीवित हुन्छ घननाद ऐल्यै सतीका प्रभावले
सतीले सक्ने जुनसुकै कार्य सक्दैन देउताले । २६०

अबश्य जीवित हुनेछ वीर तिम्रा सतकर्मले
लंकाको राजा हुनेछ त्यही सतीका धर्मले
नरोऊ तिमी नरोऊ सती साधना गरेर
पतिलाई तिमले विंताउन सक्छ्यौं साधना गरेर ।२६१

त्यसबेला हर्षित गद्‌गद् हुन्छु दान पुण्य गर्नेछु
लंकाको राजा हुनेछ त्यही संमान गर्नेछु
नरोऊ सती विरही बनी पतिलाई ब्यूताऊ
यो पृथिवीको सर्वोच्च सती भएर रमाऊ । २६२

अतिनै प्रिय रामका शब्द सुनेर सतीले
हर्षका आँशु बगाई बर्बर भन्दिछ्न उनीले
हे भानु भूषण कौशल्या नन्दन कोशलपति हौ
भलाइका लागि सर्बश्व आफनो अर्पण गर्दछौं । २६३

भगवान तिम्रो चरित्रलाई उज्ज्वल मानिन्छ
धर्मले गर्दा तपाईको दर्शन मुस्किलले पाइन्छ
तपाईको लागि विश्वको कुरा संपूर्ण थाहा छ
यो विश्वभरको अपूर्ण कुरा यो पनि पूर्णै छ । २६४

विधवा जीवन घृणित हुन्छ पवित्र मानिन्न
परलोक वासी पतिको पनि इज्जत हुँदैन
स्वर्गलाई त्यागी यो मर्त्यलोकमा आएर के हुन्छ
त्यसैले बरू म जान्छु चाडै स्वर्गमै भेट हुन्छ । २६५

प्रभुलाई मैले के विन्ति गरौं तैपनि गर्दछु
एकपल्ट दान दिएको चीज भीक्षा म मागदछु
लक्ष्मणजस्ता तपसीलाई सम्मान गरेर
पतिले आफनो चढाए शिर उत्तम ठानेर । २६६

प्रभुका पाऊमा चढाउछु विन्ति सुन्नुहोस प्रभुले
एकपल्ट दिएको दान मागिदन सतीले
आसिक पाऊँ वरदान दिनोस यो दुःखी नारीलाई
चाँडैनै विंदा म पाऊ हजुर स्वर्गलोक जानलाई ।२६७

लक्ष्मण मेरो सुन्नुहोस कुरा नगर्नु अभिमान
घननाद मार्ने म वीर ठूलो नसंझ वलवान
दुईजना योध्दा रणमा लड्नु देखावट मात्र हो
सतीकै सतमा जित्नु र हार्नु नारीकै सतले हो । २६८

उर्मिला गर्छिन तपस्या साधन अवध पुरीमा
म गर्छु यहाँ सतीको साधन श्रीलंका पुरीमा
दुई सती बीचमा लडाई भयो सत सतमा लडाई
पतिलाई मैले अमर राख्छु सतले जिताई । २६९

ससूराज्यूले हरण गरे पवित्र सतीलाई
असतले कमजोरी पाऱ्यो घननाद पत्नीलाई
सतवन्ती नारी म एक्लै थिएँ लंकाका टापूमा
म जस्तै उता सीताजी थिइन सतिको स्थानमा ।२७०

उर्मिला सीता दुवैको सतले मलाई हराए
त्यसमाथि पनि ससुराज्यूले सतीलाई जिस्काए
उर्मिला जितिन म आफै हारें यो कुरा सच्चा हो
कसैले पनि सीतालाई जित्न सक्दैन पक्का हो । २७१

सतीको रूप लिएर आइन ईश्वरी माताले
मिथिला देशमा अवतरित हुँदा भगवती कालीले
त्यस्तीलाई पनि हरण गर्दा वंशको पतन भो
नगर्ने काम राजाले गरे नाशस्य सारा भो । २७२

दुईजना सती एकतिर भए म एक्लै लंकामा
दुवैको सतले जितियो समर यो युध्द हालैमा
सतीका सामू जुनसुकै योध्दा कमजोर हुनेछ
यो विश्वभरको संपूर्ण शक्ति सतीमा निहित छ ।२७३

हे जगदिश्वर जुन कामका लागि म यहाँ आएकी
क्यै विन्ति गर्छु भनेर मनले मसक्क आँटेकी
वाण गोपिएको पतिको मुजुर आकाशमा आएको
त्यसैले लेख्यो घट्ना सबै जे जे छ घटेको । २७४

यसरी संकेत दिएको हुँदा उसैको आज्ञाले
म आँए प्रभु मस्तक माग्न हात दुवै फैलाएँ
प्रभुलाई मस्तक लाग्दैन काम मैले त लगाउछु
पतिको शिर राखेर काखमा चितामा जल्नेछु ।२७५

अगाध प्रेम पतिको राखी मागेको हुनाले
सतीको कोमल मुटुलाई चिने कोशल किशोरले
सम्वोधन गर्दै भन्छन राम हे देवी धन्य छौ
जुनसुकै कुरा म दिन सक्छु जे तिमी माग्दछौ ।२७६

जे तिमी माग्छ्यौ त्यो कुरा दिन्छु धकमान्नु पर्दैन
मनका कुरा निर्धक्क भन लुकाउनु पर्दैन
सज्जनलाई मद्दत गर्नु दुष्टलाई सजाय
युगानु देखिन सबैका लागि नियम बनाए । २७७

आँशुका धारा सहश्र तिम्रा म देख्न सक्दिन
पतिको शिर लिएर जाऊ दिन्छु म राख्दिन
हे कुलवधु अतिनै पावन विश्वकै मणि हौ
संसार भरकै पवित्र पावन सुरसरी धारा हौ । २७८

यो सतको प्रवाह धन्य छ तिम्रो रोकेर रोकिन्न
अमर कीर्ति कल्पानुकल्प फैलिन्छ मेटिन्न
तिमी भैं सती संसार भरै जन्मेका कोइ छैन
जतिनै व्याख्या म तिम्रो गरौं गरेरै सकिन्न । २७९

तिमी हौ नारी महान पदकी सतवन्त सती हौ
सतीमा उत्तम सतीका शिरकी श्यामन्तक मणि हौ
हे सती तिम्रा पाउमा भुक्छ राघव हात जोडी
पतिको मस्तक लैजान सक्छ्यौं लैजाऊ हे परी ।२८०

फर्केर उता संकेत गरे राघव किशोरले
पाएर आज्ञा मस्तक ल्याए वानर भालूले
त्यै बेला सोधे वानर राजा सुग्रीवमा शंका भै
सन्देह लाग्छ कसरी लेख्छ जीवन्त भूजा भै । २८१

काटेको हातले गएर त्यहाँ कसरी लेख्दछ
प्रकृति नियम विरूद्ध हुदा आश्चर्य लाग्दछ
कसरी सत्य म सम्झौं प्रभु शंकाले हाक्दछ
लंकेश मलाई दिनुहोस क्षमा यो झूठ मानिन्छ । २८२

लंकावासी मायावी हुन्छन यो सत्य ठान्दछु
मायावीहरू जे पनि गर्छन त्यो पनि जान्दछु
निर्जीव हातले कसरी लेख्छ यो हुनै सक्दैन
यो उमेर भयो घट्ना यस्तो सुनेको कही छैन । २८३

उपहास मैले गरेको होइन विश्वास लाग्दैन
कानले सुन्दा आश्चर्य लाग्छ पत्यार लाग्दैन
सपना हो कि विपना के हो यो भन्न सक्दिन
असंभव यस्ता उट्पटयाङ कुरा मगजमा घुम्दैन ।२८४

विभीषण भन्छन मनमा गुणी यो हुन सक्दछ
असंभव कुरा सतीका हातले सम्भव हुनेछ
तैपनि मैले भन्दछु यहाँ सन्देह नमानौं
धार्मिक ठाउँमा घटेका कुरा असत्य नठानौं । २८५

त्रिदेवी भन्दा सतीको शक्ति अपार मानिन्छ
सतीका तपका साधनले गर्दा त्रैलोक जल्दछ
पहाड पर्वत पाताल हुन्छ समुद्र उठ्दछ
सतीकै व्रतले पृथिवी फुट्छ आकाश झुक्दछ । २८६

सुग्रीव भन्छन उत्सुक हुँदै पत्यार गराऊ
मरेको व्यक्ति बोल्दछ भने लौ सती हसाऊ
हामी त रणवीर लडाका बनी लडेर देखाउछौं
विश्वास खातिर पत्यारका लागि प्रमाण माग्दछौं ।२८७

काटेको हातले लेख्दछ भने मृतक हाँस्दछ
त्यसबेला त्यहाँ लेखेको भए यहाँ पनि हाँस्दछ
हे नागकन्या हाँसेको देखाऊ निर्जिव मृतकले
अनि यो पत्यार लाग्ने छ हामीलाई हाँसेको मस्तकले।२८८

भन्दछिन सती अवश्य पनि यो शिर हास्नेछ
सबैको साम् हाँसेन भने इज्जतै जानेछ
पतिको शिर हास्नेछ जरूर शंकानै नगर्नु
सतीलाई यस्ता तिरस्कार गरी कदापि नहेप्नु ।२८९

काटेको शिर हाँसिदेऊ अब सतीका आज्ञाले
सतीको आज्ञा नजाओस खेर भन्दछ आत्माले
यो वेला शिर हासेन भने हुनेछु फटाही
युगानुसंम यो प्राण अड्ला दुःखले तड्पाई । २९०

त्रैलोक्य नाथ हेर्दैछन मलाई यो भारी सभामा
विधवा नारी गर्दछे विन्ति हाँसीदेऊ सभामा
आदेश तिम्रो मानेर यहाँ आएकी म थिएँ
प्रभुको दया ममाथि हुँदा मस्तक भेटाएँ । २९१

सतीको कुरो पत्यार पार्न हाँसन मस्तक
छोडेर खित्का हाँसन अब नबनाऊ गवाँर
सतीका शब्द नबनाऊ झूठो म विन्ति गर्दछु
हाँसेनौ भने कल्पानुकल्पै फटाही हुनेछु । २९२

अपभ्रंट तिम्रो मरण सुन्दा निराश भएथें
मस्तक तिम्रो मागनको लागि रूदै म आएँथें
यो बेला मेरो यो पृथिवीमा कोइ छैन आधार
मस्तक लिई जलेर भेट्न गर्दैछु हतार । २९३

संकेत मात्र पाएकी भए पितालाई बोलाउँथे
कसरी हुन्छ के गरी हुन्छ तिमीलाई बचाउँथें
लडाई पनि रोकिने थियो प्राण जाने थिएन
शरीरबाट यो शिर पनि छुट्टिने थिएन । २९४

सतीको विन्ति शिरले सुन्यो दुःखीत भएथ्यो
विदाई बेला सतीका शब्द प्रत्येक संझेथ्यो
सकेन जान स्वर्गमा एक्लै सतीलाई छाडेर
सकेन ज्यून काटेका शिर साविक्को भएर । २९५

शिरले शब्द तुरून्तै संझयो वासुकी पिताको
तुरून्तै फेरि संझना आयो श्री शेषनागको
शेषनाग आए यो पृथिवीमा लक्ष्मण भेषमा
वदला पूर्वजन्मको लिए जन्मेर कोशलमा । २९६

एकपल्ट मारी सकेर पनि को दिन्छ जीवन दान
विभिन्न कुरा संझेर हाँस्यो गरेर अट्टहास
ती चारै दिशा थरथरी काम्रे कंपित जलनाथ
सतीको शक्ति प्रवल देख्दा प्रशन्न रघुनाथ । २९७

उसका आँखा डरलाग्दो देख्दा जगदीश मुस्काए
असुरको शिर हाँसेको देख्दा सुग्रीव झोक्रिए
वानरपति लज्जित भए सतीको शक्तिले
संसार सारा हल्लिदो रैछ सतीका शक्तिले ।२९८

सतीको शक्ति प्रवल रैछ यो पनि बुझियो
असुरको शिर हाँसेको देख्दा संकोच मेटियो
सबैको शंका मेटाईकनै विदाइ माग्दथिन
राघवलाई आसिक दिंदै ती जान लाग्दथिन । २९९

त्यै बेला तिनले राघवलाई दुई हात जोडेर
जानकी नाथको महीमा गाइन हृदय सुम्पेर
अद्‌भूत शक्ति राममा देखिन वासुकी कन्याले
विष्णुको रूप प्रत्यक्ष देखिन सर्वोच्च सतीले । ३००

हे जगदीश्वर कोशलपति सत्यलाई अँगाल्छौ
अन्यायी दुष्ट आदिलाई मार्न पृथिवी चाहर्छौ
भक्तको रक्षा गर्नको लागि यसरी हिड्दछौ
दुष्टलाई मारी सज्जनलाई कल्याण गर्दछौ । ३०१

कमलापति लक्ष्मीपति भारत तिम्रै हो
आकाश तिम्रो पाताल तिम्रो त्रिभुवन तिम्रै हो
सागर तिम्रो तलाऊ तिम्रो पर्वत तिम्रै हो
संसार भरमा देखिने वस्तु सर्वत्र तिम्रै हो । ३०२

युगानुसंम प्रभुकै कीर्ति विश्वमा फैलियोस
दुःखमा पनि सुखमा पनि प्रभुलाई संम्झियोस
भक्तका मनमा रमिनै राख भक्तले नबिर्सनू
पाप र कष्ट भोग्नका लागि दोहोर्‍याई नजन्मनू ।३०३

हे राम राम कोशलपति तिमीलाई नबिसौं
छातीको बीचमा सिंहासन बनाई प्रभूलाई बसालौं
पापिष्ट सबको उछित्तो पार्दै धर्मलाई अँगाल्नुस
यो पृथिवीका सज्जन सबको सुरक्षा गर्नोस । ३०४

पतिको शिर काखमा राखिन खुशी भै सतीले
फौजका साम्‌ विदाइ मागिन ती नागकन्याले
हे जगदिश्वर म जान लागें प्रशन्न हुनुहोस
संसारका जीव जन्तुलाई सुरक्षा गर्नुहोस । ३०५

जोडेर हात राघवलाई गरेर प्रणाम
प्रशन्न हुँदै सर्वोच्च सती हिड्नलाई तयार
सतीका भक्ती देखेका थिए वानर भालूले
सतीका करूणा व्यथाले गर्दा आँशुनै चुहाए । ३०६

तिनीलाई लंका पुर्‍याउन लागि वानरलाई अह्राए
सतीको सदा जय होस भन्दै आवाज गुंजाए
लंकामा पुगिन प्रशन्न हुँदै मस्तक लिएर
निश्चरहरू आएथे हेर्न धरधरी रोएर । ३०७

श्रीखण्ड चन्दन प्रशस्त राखी विशाल चिता बनाई
अत्यन्त दुःखीत बनेर निश्चर आएका थिए हेर्नलाई
पतिको शिर काखमा राखी ती बसिहालिन चितामा
तुरून्त आगो लगाइयो त्यहाँ हुर्हुरी बल्यो क्षणमै ।३०८

भौतिक शरीर दुबैको जलेर खाक भएछ
पति र पत्नी दुवैको स्वर्गमा मिलन भएछ
राघव त्यहाँ पाल्नु भो सतीलाई विदा दिनलाई
त्यो दिन युध्द थामियो दुवैको पक्ष लड्नलाई । ३०९

चितामा सती चढिकिथिन रामले शिर झुकाए
आगन्तुकहरू सबैले शोकले आँसु बगाए
रावण मन्दोदरीको शोकले मुटु चिरियो
पुत्र वधु दुवैलाई आँशुको तर्पण दिइयो । ३१०

सबैले तारिफ गर्दथे सतीको महिमा गाउँदथे
धन्य हुन सती नागकन्या सबैले चर्चा गर्दथे
सतीको शक्ति अपार छ बयानै गर्न सकिन्न
मानिसले गर्न के सक्ला शारदा कवि सक्दैनन । ३११

अदृश्य शक्ति तिनमा छ तुरून्तै बुझ्न सक्दैन
नागकी कन्या कस्ती हुन देवताले चिन्नै सक्दैन
अगम्य शक्ति बुझ्रेर गाएका थिए सबैले गान
समुद्र तटमा घन्किन्थ्यो गीतको लहर मधुर तान।३१२

सती अब आऊ सती अब जाऊ आफ्नै पतिको धाम
दुःख र सुख भोगी सकिछौ छैन भवमा तिम्रो काम
अचल कीर्ति छ जलको भित्र अमर छ तिम्रो नाम
सतीकै व्रतले सतीकै तपले मिल्दछ उत्तम नाम। ३१३

विम्झ है विश्वका मानव कालो रात विदा भयो
धर्मको ज्योति जाग्नाले, उज्यालो विश्वमा भयो ।

आऊ दुवै पुरूष नारी, धर्म मार्ग खुला भयो
शान्ति औ धर्मको बाटो, एउटै हो सुख शान्तिको ।

प्रज्ञा, शील समाधीको त्रिवेणी धार बग्दछ
मनको आत्मको मैलो पखाली स्वच्छ बन्दछ ।

दुर्भाव द्वेष औ मन्को, हुन्न नाम निशान नै
सद्भाव प्यारले पूर्ण, भरिन्छ मन प्राण नै ।

खण्ड खण्ड भयो वर्ग, संपत्ति अभिमानले
शुद्ध साम्य बने विश्व, मानवको हित हुन्छ रे ।

अहंकार ममत्कार, त्यागेर सत्य मार्गमा
जीवन सुधा बगाइन्छ, मानवको जिन्दगानीमा ।

मान्छेका हितका लागि सुमार्ग कुन हो चुनौं
ईर्ष्या क्रोध सबै धोई, शान्तिको पथमा पुगौं ।

अन्ध भक्ति न हो धर्म न त देखावटी त्यो हो
विना विवेक श्रद्धा त्यो, भनिन्छ धर्म नाश हो ।

राग मोह यदि त्यागे, अशान्ति दुःख छुट्दछ
क्रोध द्वेष, कटु शून्य भएमा सुख मिल्दछ ।

# अहिरावण वध

राघव दलको विजय भयो निश्चरी वीर मरे
धर्मको युध्द भएको हुँदा राक्षस धेर मरे
अब त एउटै रावण बाँकी त्यो शिघ्र मारिन्छ
जानकीजीको धुमधामसँग स्वागत गरिन्छ । १

आपसमा कुरा गर्दथे वानर आनन्द विभोर भै
वारि र पारि आनन्द छायो प्रकृति जगतमै
चन्द्रमा पनि उदय भयो आकाश पूर्वमा
शान्तिको श्रोत विस्तारै फैल्यो सागर किनारमा ।२

राघव भन्छन् उज्वल ज्योति शीतल सुवास
तैपनि कता ओझेल पर्‍यो अँध्यारो यो रात
के कारण हुँदा पूर्णिमा रात यो अन्धकार छाउँछ
रहस्य के हो वुझिन्न केही चन्द्रमा मलिन छ । ३

त्यसपछि बोले वानर नल व्रह्माजी श्रष्टा हुन्
कसैको आँखामा पर्लाकी भनी काल्टिकी दिए हुन्
नीलले भने यो होइन टिका भूमिको छाँया हो
धर्तीको छाँया चन्द्रमा पर्दा अँध्यारो भएको । ४

अंगद भन्थे राहू र केतु मिल्दैनन् कोहीसँग
यिनैको कालो कर्तूतले गर्दा छाएको तिमीर
दुवैको छैन निर्मल मन अति नै कालो छ
त्यसैले होला चौतर्फ आज नराम्रो जालो छ । ५

प्रकृति रानी सौन्दर्य खानी हाँसेको मुसुक्क
सुन्दर मुस्कान सकेनन् हेर्न रिसले भुतुक्क
आयो कि कुनै मायावी राक्षस लुकेर छिपेर
लग्यो कि कतै उज्यालो ज्योति टपक्क टिपेर ।६

जाम्ववान पनि स्वीकार गर्छन् कुकर्म फलको भोग
गुरूकी पत्नी स्वीकार्दा खेरी लागेको होला दाग
यिनैको पापले हामीलाई पनि दुख भोग्नु परेको
जुनेली रातमा अँध्यारोपना के देख्नु परेको ।७

निशाकी वधु अम्वर उपर अम्वरै सर्वत्र
शोभित थियो मोतीको भण्डार उज्ज्वल नक्षत्र
उज्ज्वल पूर्व के भयो आज तमकै पूर्णराज
कोइ शक्तिशाली आएर गर्ला तिमीरको चूर्णभाल ।८

व्यक्तिनै पिच्छे विभिन्न युक्ति सुनेर हनुमान
म पनि आफनो सुनाउछु राय लगाई अनुमान
राघवजीको गम्भीर मुहार देखेर अगाडि
अगाडि बढ्थे चन्द्रमा स्वयं नक्षत्र पछाडि । ९

ताराको प्रकाश मलिन गर्दै चन्द्रमा डुब्दछन्
अयोध्यापति उदारशाली भनेर गाउँछन्
असुर सारा परास्त गरी सुयश गुञ्जाए
दुःखका कण्टक उछित्तो पारी स्वतन्त्र गराए । १०

पूर्वमा उता उदय भए मयंक मृगराज
तुरुन्तै झस्टी तिमीरलाई मार्नेछन फूर्तिसाथ
विभिन्न युक्ति सबैको सुनी बोलेथे वजरंग
यो मेरो युक्ति सुनिदेऊ भाइ यसैको प्रशंग । ११

हनुमानजीका गफले गर्दा सबतिर प्रकाश
राघवजीको जय जयकारले गुञ्जियो आकाश
यता र उत्ता भालू र वानर विचमा हनुमान
मिलेर सबै गाउन लागे रामकै गुणगान । १२

श्री राम भज श्री राम जप समस्त भाइ हो
अमृत समान रामको नाम जपौन भक्त हो
एकान्त वेला जागृत वेला दिन र रातमा
रामकै नाम गरेर ध्यान बिताऔं जीवन । १३

जीवन संग्राम विजयी होऊ विजय मैदान
जीवनको यही लाभ नै संझ सबैको सद्भाव
हृदय सदा पवित्र राख बोलीमा मिठास
विहान साँझ संझनै पर्छ रामको सुनाम । १४

रामको नाम संझिदा सारा संकट हट्नेछ
उनैले हाम्रो गर्नेछन् भलो मुक्ति नै मिल्नेछ
श्रीराम भजौं श्रीराम जपौं पस्रेर चरणमा
सांसारिक माया क्षणिक संझी परौं न शरणमा ।१५

मनले सधैं राघव जपौं चिताई भलाइ
मन र मुटु राममै दिऔं दुनिया जगाई
धर्ममा चेस्टा दिनु नै पर्छ धर्मलाई अँगाली
जिन्दगीभरको हाम्रो यही हो कमाइ । १६

धर्ममा आस्था राख्नु छ हाम्ले शरीर छ मरणशील
राघव नाम संझना गर्दा भइन्छ अमरशील
संपत्ति हाम्रा राघव उनै बसाऔं भण्डारमा
श्रीरामलाई सजाई राखौं हृदय मन्दिरमा । १७

रामकै ध्यान रामकै नाम बोलीमा मिठास
रामकै ध्यानमा पाइन्छ सुख आनन्द सुधापान
यसैमा हाम्रो हुनेछ भलाइ शोक चिन्ता बिलाई
श्रीराम भजौं श्रीराम जपौं मन चित्त लगाई । १८

श्रीराम दलमा गाना र भजन हर्षै छ अपार
लंकामा राक्षस अलाप र विलाप खलवल हाहाकार
एकतर्फ घाम एकतर्फ छाँया जिन्दगी यस्तै हो
सुख र दुःख दिन र रात जस्तै मर्नु त पक्कै हो ।१९

रावणले उता स्वराज्य देख्यो विपदमा डुवेको
लंकेशले आफनै सुपुत्र वीर भर्खरै मरेको
संकटको वज्र छातीमा पऱ्यो रावण डरायो
आपदको बेला लंकेशको मुटु अधैर्य गरायो । २०

जतिनै उसले धैर्यता लियोस् बढ्दै छ आपद
भाइ र पुत्र युध्दमा मरे जिन्दगी घायल
श्रीलंका थियो विश्वमा उत्तम ऐले ता अन्धकार
रसिलो उस्को जिन्दगी थियो ऐले भो विनाश । २१

तैपनि रावण मुटुलाई कठोर पारेर बोल्दछ
शरीरमा प्राण रहुन्जेलसम्म लड्दछु भन्दछ
म आजसम्म मरेको छैन नहोऊ निराश
नहोऊ दुःखी नहोऊ पीडित गर्नेछु शत्रु नाश । २२

नजाऊ कतै निर्धक्क बस म लड्न जाँदैछु
छोराको शत्रु हत्यारो मारी बदला लिनेछु
आश्वासन दिँदै त्यो हिडिहाल्यो अफशोच गरेर
मन्दिरमा गई प्रार्थना गऱ्यो देवीलाई संझेर । २३

रावणको छोरो पातालमा थियो अति नै सुरवीर
त्यसैको डरले पातल पुरै काम्दथ्यो थरथर
साहसी थियो अक्कली थियो संसारै थर्काउने
कठिनभन्दा कठिन होस् कार्य सफलै गर्दथ्यो । २४

त्यसैले रावण मन्दिरमा गई जपेथ्यो मूल मन्त्र
रावण पुत्र अहिरावण वीर आइपुग्यो तुरून्त
देवीको भक्त अहिरावण थियो कठोर तपसी
जुनसुकै कार्य सफल पार्थ्यो भएर मायावी । २५

वरदान त्यसले पाएको थियो जीवनमा नहार्ने
छलले बल्ले झुक्याउँछ भने त्यसबाट नबाँच्ने
रावणभन्दा थिएन कम्ती साहस र योध्दामा
शक्तिले गर्दा चुनौति दिँदै बसेथ्यो पातालमा । २६

पिताको साम्‍ू पुगेर झुक्यो पाउमा परेर
के कामका लागि बोलाउनु भयो सोध्दछ नुहेर
कठिनभन्दा कठिनै जे होस् म गर्न सक्नेछु
मसँग लड्न संसारै आओस् कायल गर्नेछु । २७

छोराको साहस देखेर रावण हर्षले रमायो
खुशीले गर्दा छोरालाई आफ्नो छातीमा लगायो
लंकामा जति घटेका थिए घटना बतायो
भाइ र पुत्र मारेको खवर रोएर सुनायो । २८

हे बाबु मलाई यो वेला ठूलो आपद पऱ्याछ
त्यसैले तिम्रो साहेताको आवश्यक पऱ्याछ
यो बेला मेरो होश नै छैन सोच्न क्यै सक्तिन
शत्रुका दलको हर्ष र खुशी म देख्न चाहन्न । २९

दुखले गर्दा आवश्यक कुरा भुसुक्क बिर्सिन्छ
सन्यासी दुवै ल्याएर तिन्को ज्यान लिन सकिन्छ
बुध्दिले पनि दिँदैन काम सधैं छ अत्यास
समय साथै सब बिग्री हाल्छ अनि त पश्चाताप ।३०

त्यसैले तिम्लाई सम्झेको बाबु यो दुःख बुझ्नेछौं
वनवासीलाई बुध्दि र बलले अवश्य मार्नेछौं
आपद पऱ्यो इन्द्रजीत मऱ्यो लक्ष्मणले गर्दामा
शिरमा मेरो चट्याङ्ग पऱ्यो दशाले गर्दामा । ३१

पुत्रले सुन्यो युवराजलाई वैरीले मारेको
साहसी योध्दा लंकाको मणि शत्रुले मारेको
अहिरावण महान् प्रकाण्ड वीर पाताल्को राजा
रावणका साम्‍ू कवोल गऱ्यो शत्रुलाई मार्नेछु । ३२

राम र लक्ष्मण पिताका शत्रु पातालमा लगेर
दुवैलाई उसले चोरेर लाने मन्सुवा गरेर
देवीका नाम्मा वलिदान दिन्छु पातालमा लगेर
यो सिध्दमन्त्र तुरून्त जप्छु अन्धकार छरेर । ३३

कवोल गरी त्यो गइहाल्यो समुद्र किनारमा
तन्त्र र मन्त्र गरेको थियो आकाश पूर्वमा
फिजियो कालो अँध्यारो छाँया जुनेली रातमा
त्यो मौका छोपी त्यो हिंडिहाल्यो काम पूर्ण गर्नमा ।३४

मन्त्रको प्रयोग गरेको थियो चन्द्रमा हेरेर
तुरून्त वादल आकाशमा छायो नक्षत्र छोपेर
मन्त्रको प्रचार गरेको थियो प्रकृति डराइन्
विजुली चम्क्यो आकाश गर्ज्यो अँध्यारो गराइन् । ३५

मन्त्रले गर्दा राहुँ र केतु तुरून्त आइपुगे
हत्तरपत्त चन्द्रमालाई क्षणभरमै ढाक्दिए
पृथिवी हल्ल्यो समुद्र उर्ल्यो हाहाकार मच्चियो
विभीषण रूप लिएर दुष्ट राघवकाँ आइपुग्यो ।३६

उडायो धुलो लडायो वृक्ष देखिन्न आँखाले
रामको दलमा खलवल चल्यो राक्षसको मायाले
रामको दलमा सुटुक्क पस्यो जाल झेल गरेर
मन्त्रले गर्दा रामदल लडे वेहोश भएर । ३७

अँध्यारो भयो देखिन्न केही चुक छरे जस्तै छ
पूर्णेमा रात्री भागेर गइन् औंसी रात जस्तो छ
केही क्षण पछि रामादल विंझ्यो मच्चियो हाहाकार
वानर भालू शोकाकुल भए गरेर विलाप । ३८

खैला र वैला मच्चियो उधुम रूदैछन् धरधर
राघव छैनन् लक्ष्मण छैनन् करूणावतार
कुन दुष्ट आयो कसरी लग्यो खोजौंन सबैले
वेहोस पार्दै चोरेर लग्यो देखेनौं कसैले । ३९

वानर भालू कराउन लागे अन्धकार भएर
आँखामा पर्‍यो छारो र धूलो वतास चलेर
वानर दलको हेरचाह गर्थे रामभक्त हनुमान
कसैले चोर्ला प्रभुलाई भन्ने थिएन अनुमान । ४०

विभीषणजीको गर्दथे आदर भक्त हुन् भनेर
उनकै भरमा सुम्पेका थिए विश्वास गरेर
जानकीनाथ उर्मिलानाथ सँगसँगै बसेका
श्रीराम साथै संपूर्ण भक्त खुशीले रमेका । ४१

आपसमा दलको छलफल हुन्थ्यो प्रकृति बारेमा
कसैले त्यहाँ पोख्दथे जोश रावणका वारेमा
भन्दथे वानर मार्दछौं राक्षस जानकी ल्याउँछौं
दश टाउके वंशै उछित्तो पाछौं सागरमा फाल्दछौं ।४२

वानर सबको हेरचाह गर्थे सुग्रीव र हनुमान
विभीषण पनि रामकै गर्थे सत्कार आदर मान
हर्षको ध्वनि चल्दथ्यो क्षणक्षण् आनन्द विभोरमा
गुञ्जन्थ्यो आवाज जय जयकारको समुद्र किनारमा ।४३

अहिरावण थियो टुन्याहा जाली त्यसकै कर्तूतमा
वजरंगीलाई दिएर धोका पुगेछ रामदलमा
लुकेर गयो रावण पुत्र देखायो माया जाल
मायाले गर्दा त्यो ठूलो फौज निंदले वेहोशमा ।४४

पातालको चोर त्यो घुम्न लाग्यो भएर गंभीर
यता र उता खोजेर गयो जहाँ छन् रघुवीर
जमिनमाथि रूखका पात पातैको विछयौना
आफनै हातको तकिया गरी सुतेका श्रीराम । ४५

निशंक भई सुतेका दुवै मुनिश्वर समान
उज्ज्वल मुहार शान्तिका प्रतिक श्री विष्णु समान
नक्षत्रहरू रक्षक बनी आकाशमा बसेका
नझिंकाई आँखा एकटक गरी तलतिर हेरेका । ४६

जो सधैंभर जागानै हुन्थे सुतेझैं भएका
लीलाधर स्वामी यो पृथिवीमा क्यै गर्न आएका
प्रभुका पाउ दक्षिणपट्टि उत्तरपट्टि शिर
क्यै कुरा सोची मनमा गुनी सुतेका रघुवीर । ४७

श्री हरि स्वयं मानिस भई धर्तीमा ओर्लेका
यो पृथिवीको भार हर्नलाई वनजंगल घुमेका
वरि र परि वानर भालू पहरा बसेका
राघवलाई साहेता गर्न तनमन दिएका । ४८

सुग्रीव नील धुम्राक्ष आदि लडाकु अंगद
मानववतार रामले गर्छन् सवैको मंगल
राक्षसराजले प्रत्यक्ष देख्यो राम र लक्ष्मणलाई
अयोध्या किशोर दशरथ पुत्र कुलका भूषणलाई ।४९

योध्दाको फौजै नजिक थियो सागर किनारमा
अयोध्यापति कमलापति सुतेका शिवीरमा
कोशल किशोरको दिव्य रूप दुष्टले देखेछ
यी पक्कै पनि श्री विष्णु भन्ने उसले चिनेछ । ५०

त्रैलोक्यनाथको दर्शन पायो पुण्यको फल पायो
हर्षले आत्मा प्रशन्न भयो जन्मनै सफल भो
मुखचन्द्र देख्दा वेहोश भयो आँखा नै चिम्लियो
क्यै क्षण पछि होसमा आयो पिताज्ञा संझियो ।५१

आएको थियो राम र लक्ष्मण पाताल लानलाई
आँटेको थियो चढाउन वलि श्री जगदम्वालाई
रावणले सीता हरण गर्दा लंका नै उजाड भो
अहिरावणले राघव हर्दा वंशकै नाश भयो ।५२

रावण पुत्र मायावी थियो सुरूङ्गको तैयार
सुरूङ्गको बाटो गरेर लग्यो ती दुबै कुमार
त्यो जानसाथै हटेछ माया उज्यालो भएछ
वेहोसीपना हरायो सबै चेतना आएछ । ५३

वानर भालू सबै नै विस्भ्के जस्ताको तस्तै छन्
राम र लक्ष्मण दुई भाइ मात्र त्यो ठाउँ देखिन्नन्
कसैले पनि देखेनन् नाथलाई अँध्यारो हुनाले
जगतका स्वामी नदेख्दा त्यहाँ खोज्दछन् सबैले ।५४

राम र लक्ष्मण नदेख्दाखेरी हाहाकार रामदलमा
यता र उता वानर भालू खोज्दैछन् जलथलमा
अघटित कुरा घटेर जाँदा चिन्तित हनुमान
आकुल व्याकुल चिन्ताले गर्दा बेहोश छन् हनुमान ।५५

चिन्ताले ग्रस्त सबतिर खोज्दा देखिन्न कहि पनि
त्रैलोक्यनाथको पाएनन् पत्ता त्यसैले छटपटी
आकाशले बताऊ सागरले बताऊ श्रीराम कहाँ छन्
राम र लक्ष्मण नपाउदा खेरी बेहोश छ हाम्रो मन ।५६

जसले त हर्‍यो जनकपुत्री उसैले राम हर्‍यो
हत्यारो रैछ निर्दयी दुष्ट जीवनकै आश मार्‍यो
सकिन्न यदि रामलाई पाउन लंका नै जलाउँछु
दशमुखेलाई मारेर मासु गिध्दलाई खुवाउँछु ।५७

हे दुष्ट तैले चिनिनस मलाई हनुमान प्रलयंकर
भर्खरै लंका जलाएँ मैले संभ्भिनस भयंकर
तैपनि मलाई आश्चर्य लाग्छ घटना चर्को यो
लक्ष्मणबाट घननाद मर्‍यो बदला त्यस्कै हो । ५८

राघवजीका प्रतापले गर्दा लंकानै जलाएँ
अंगदले पनि रावणका सामू पाउनै जमाए
राम र लक्ष्मण सर्वज्ञ ईश्वर विष्णु र शेषलाई
कुन दुष्ट आई चोरेर लगिस् हामीलाई छकाई ।५९

त्रिलोकपति वलशक्तिशाली याँबाट कसोरी
कुन ठाउँ पुगे कमलापति भ्रुक्काई यसोरी
शायद हाम्रो भयो कि भूल मलाई था छैन
राघव विना क्षणभर पनि म बाँच्न सक्दिन । ६०

रावणको तेस्तो शक्तिनै छैन धाक मात्र लगाउँछ
राघवका तेजले त्यो दुष्ट रावण जलेर मर्दछ
सायद कुनै घट्यो कि घटना रिसाए भगवान
संपूर्ण भक्त सुतेका वेला अल्पिए भगवान । ६१

सबतिर खोज्छु श्रीरामलाई लगाउँछु पत्तानै
आकाश पृथ्वी रसाताल सबै जानेछु म आफैं
हे भक्त वत्सल कुन ठाउँ बस्छौ संकेत म पाऔं
हजुरसित विछोड भई के गरी म बाँचौं । ६२

जतिनै सोचौं संभ्भिन्न केही आपद आइलाग्यो
कुन दुष्ट आई निर्दयी बनी मुटुनै चुँडाल्यो
हे रामचन्द्र बुध्दिबल देऊ हामी छौं अल्पत्र
संकेत मात्र पाएमा खोज्छु गएर सर्वत्र । ६३

आकुल र व्याकुल हनुमान भए मन मुटु चुँडाले
अपशोच गर्दै सहश्र धारा आँशुभल बगाए
भनिदे सागर अवश्य देख्यौं कुन दुष्ट आएर
सुतेका दुबै प्रभुलाई लग्यो कुन बाटो गरेर । ६४

अलाप र विलाप शोकाकुल भए रामभक्त हनुमान
चिन्ताले गर्दा पसीना खलखल बगाउँदै गर्दै ध्यान
मनले हरेश खाएर रोए वानर भालू दल
शोकले गर्दा चिन्तामा डुव्दा शरीरमा छैन बल । ६५

गर्दथे शंका विभीषण उपर अल्पिए त्याँ छैनन्
आएका होलान् दाउपेच खेल्न विश्वासी ती होइनन्
सज्जन दुर्जन कसरी चिन्नु छुट्याउन मुस्किल छ
अनुहार हेर्दा सकिन्न चिन्न भित्र त कालो छ ।६६

अवश्य पनि विभीषण आयो विश्वासघात गऱ्यो
राम र लक्ष्मण टपक्क टिपी रावणलाई बुझायो
गर्न त केही सक्दैन त्यसले विश्वका स्वामीलाई
जगतका स्वामी अल्पिदा खेरी सुर्ता भो हामीलाई ।६७

पवनकुमार शोकाकुल हुँदै गर्दथे विलाप
प्रभूको पत्ता नलाग्दा खेरी मर्नलाई तयार
ठीक त्यै वेला विभीषण आए सुसेषण साथमा
रामचन्द्रजीको सोध्खोज गर्छन् नदेख्दा शिविरमा ।६८

हनुमान सोध्छन् विभीषण रातमा कहाँबाट आएको
यता र उता नहेरी कतै राम छेऊ गएको
त्यसवेला स्वयं ध्यानमा थिएँ क्यै कुरा सोधिन
राघव भेट्न गएको संझी क्यै पनि बोलिन ।६९

म आफ्नै धुनमा लागेको बेला गएको देखेथें
विश्वास पात्र स्वामीको हुँदा चुपचाप लागेथें
त्यसवेलादेखि ती दुवै कुमार काँ जानु भएछ
बताउनु हवस् गर्दछु विन्ति अवश्य थाहा छ । ७०

विभीषण भन्छन् हे हनुमान के सोध्नु भएको
भर्खरै मात्र दर्शन गर्न म यहाँ आएको
राघवलाई देखिन यहाँ म स्वयं टोलाएँ
तपाईको प्रश्न सुनेर अझै म आफैं वैलाएँ । ७१

श्रीरामचन्द्र साक्षात ईश्वर कसरी अल्पिए
परीक्षा लिन भक्तको लागि कुन ठाऊ लुकिए
श्रीरामलाई एक्कासी आई को लान सक्दछ
हनुमानजीका यी प्रश्न सुन्दा आश्चर्य लाग्दछ । ७२

हे वायुपुत्र के भयो यस्तो शोक सुर्ता लाग्दैछ
राम र लक्ष्मण नदेख्दा खेरी मन चित्त दुख्दछ
के भन्नु भयो अञ्जनी कुमार देख्यौ कि स्वप्नमा
त्यसवेला यहाँ आएकै छैन रात्रीको बेलामा । ७३

चन्द्रोदय पछि धेरैवेर बसें प्रभूका साथमा
प्रभूको आज्ञा शिरमा राखी फर्केथें रातमा
राम राम जप्दै म सुतिहालें गएर कुनामा
निद्राले मलाई अँगालो हालिन् राखेर काँखमा ।७४

धेरैवेर पछि खुलेछ निद्रा हो हल्ला सुनेर
हल्लाले गर्दा म उठी हालें के भयो भनेर
भक्तको कुनै भयो कि भूल मनले सोच्दछु
श्रीरामचन्द्र नदेख्दा खेरी अतिनै विव्हल छु । ७५

के भयो यहाँ भन्नुहोस् भक्त के कस्तो घटना
आश्चर्य लाग्दो घटना घट्यो भएकि सपना
रामकै हामी संझना गरौं हामी छौं अदना
बेहोश ऐले भएका छैनौं के भयो छलना । ७६

भरखरै मलाई संझना भयो चलेको उत्पात
मित्रको एउटा सन्देश थियो भनेको संक्षेप
रावणपुत्र अहिरावण नाम बस्तछ पातालमा
रावणले हिजो मन्त्रोचार गरी बोलायो लंकामा ।७७

पिता र पुत्र क्यै वेरसम्म वातचित गरेथे
बाबु र छोरा दुईजना बीचमा संझौता गरेथे
रावणका आज्ञा वमोजिम त्यसले तुफान फैलायो
राहू र केतु बोलायो झट्ट अन्धकार गरायो । ७८

मन्त्रले गर्दा जे पनि गर्ने त्यसमा शक्ति छ
मेघनाद भन्दा क्यै कमी छैन उत्तिकै वलवान छ
प्रथम त्यस्को मन्त्रले गर्दा सर्वत्र अन्धकार
वादल डाकी चन्द्रमा ढाक्यो राक्षसी व्यवहार ।७९

स्वरूप मेरो लिएर आयो सज्जन भएर
प्रभुलाई त्यस्ले पाताल लग्यो सुरुङ्ग खनेर
भक्तका आँखा छलेर लग्यो पाताल पुऱ्यायो
प्रभुलाई त्यस्ले के गर्न सक्छ काललाई बोलायो ।८०

हनुमान जस्ता भक्तका आँखा छलेर लगेछ
चोरको पुत्र चोर नै भई हरेर लगेछ
वानरपति हे ऋक्षपति क्यै युक्ति बताऊ
को जान सक्छ पाताल पुरमा छानेर पठाऊ । ८१

रामदल माथि विपत्ती पऱ्यो वज्रनै खसाल्यो
राघव विना सकिन्न बाँच्न जिन्दगी खतम भो
विभीषणजीका सुनेर शब्द जाम्ववान भन्दछन्
हनुमान गई दुष्टलाई मारी राघव ल्याउँनेछन् । ८२

रावणको वंशै नाश भयो भन्थ्यौं बाँकि नै रहेछ
महावीरबाट त्यो दुष्ट पनि अवश्य मर्ने छ
जुनसुकै वेला आपद पर्दा साहेता गर्दछन्
शक्तिको प्रयोग गरेर दलको सुरक्षा गर्दैछन् । ८३

हनुमान वीरको प्रशंसा गर्दै भएर गंभीर
यो कार्य जिम्मा तिम्रो छ भन्छन जाम्ववान रणधीर
जस्तोनै ठूलो विपत्ती पर्छ हिम्मत हार्दैनन्
नगरी कुनै ढिलाई सुस्ती पाताल गैहाल्छन् । ८४

जब त हाम्लाई आपद पर्छ तिमीले टार्दछौ
कसैले आँक्नै नसक्ने कार्य तिमीले आँट्दछौं
अगम्य विशाल त्यो क्षिरसागर सजिलै तरेर
जानकीजीको खवर ल्यायौ लंकामा गएर । ८५

बालकै वेला कुदेर तिम्ले सूर्यलाई झम्टेथ्यौ
भास्करलाई टपक्क टिपी मुखभित्र हालेथ्यौ
संसारैभरि अन्धकार छायो देवता डराए
प्रकृति नियम विरूद्ध संझी तिमीलाई पुकारे । ८६

विषालु वाँण लक्ष्मणलाई लाग्यो तिमीले बचायौ
कष्टको शैल चढेर तिम्ले संजीवनी ल्याएथ्यौ
औषधि ल्याउन भएमा ढिलो सौमित्र नबाँच्ने
अप्ठयारो कार्य गर्दछौ सफल कसैले नसक्ने । ८७

गर्जन मात्र सुनेर तिम्रो विश्वनै हल्लिन्छ
हनुमान तिम्रो नामले मात्र दुश्मन तर्सिन्छ
यो बेला पनि गर्जन गर्दा पातालै हल्लन्छ
गर्जन सुन्दा त्यो दुष्ट पापी बेहोश भै लड्दछ । ८८

लंकाको शहर सखापै पाऱ्यो राक्षसको विल्लीवाठ
त्यो वेला पनि फूर्तिका साथै बचायौं हाम्रो लाज
पृथ्वी आकाश धरातल भरै बलवान तिमी छौ
राघवजीका पियारो भक्त विश्वमा गनिन्छौं । ८९

स्वामीलाई हाम्ले खोजेनौं भने बाँचेको सार छैन
संसारले हाम्लाई धिक्कार दिन्छ इज्जत हुँदैन
श्री भगवानको नियम यै छ एक दिन जानु छ
बाँचेको वेला गरौं न सेवा यो धर्म ठूलो छ । ९०

सेवक भई मालिकको सोझो जीवनमा गर्दैन
जीवितै वेला त्यो मरिसक्छ कालले मर्दैन
ईश्वरको पनि नियम यै छ आउनु र जानु छ
मरणशील जीवन संझेर हामी उपकार गर्नु छ । ९१

जाऊ न जाऊ अञ्जनी कुमार गरन प्रस्थान
बैदेहीलाई आपद पर्दा बचायौ तिम्ले प्राण
राघवजीमा संकट पर्दा अबेर गर्दछौ
कोशलकिशोर नदेख्दा हामी दुःखमा डुब्दैछौं । ९२

जाऊ न छिटै हे वजरंगी बोलाउदै छन राम
वनमा हुन्छ वनशाली सिंह घरमा सुजान
यै किसिमसँग वानर दलमा तिमी छौ वलवान
जाऊ न जाऊ अञ्जनी पुत्र लिएर आऊ राम । ९३

हे महावीर गरन खोजी कहाँ छन हाम्रा नाथ
पाताल लोकमा गएर खोज हुनेछ सफल काम
केशरी पुत्र लगाऊ पत्ता कहाँ छन जगन्नाथ
जाउन छिटो गर्दछु विन्ति जोडेर दुवै हात । ९४

कानमा यस्तै पर्दछ आवाज स्वामीले बोलाउँछन्
आउला कि यहाँ महावीर भन्दै रामले हेर्दैछन्
जसको आधर हृदयदेखि गर्दथे हनुमान
ती ऋच्छराजले प्रेरणा दिंदा हर्षित हनुमान । ९५

जाम्ववान पुनः भन्दछन् वीरु जुरुक्क उठन
प्रभूकै नाम जपना गरी स्वामीलाई खोजन
तिमी छौ धीर तिमी छौ वीर तिमी छौ बुध्दिमान
प्रभूकै चित्र मनमा राख्दा हुनेछ कल्याण । ९६

दलमा वृद्ध ऋच्छराज थिए वलमा हनुमान
निरन्तर उनको प्रेरणा पाई सुरिए शक्तिमान
अञ्जनीपुत्र बलशाली थिए अति नै वलवान
अदृश्य रूपमा बल प्राप्त भयो थिए ती बुद्धिमान ।९७

हृदय स्थित देवता गणले संकेत दिएथे
पवनको पनि जानका लागि आदेश दिएथे
उनका लागि मुस्किल छैन राघव भेट्नलाई
संम्पूर्णबाट प्रेरणा मिल्यो तयार छन् कुद्नलाई ।९८

रामका साना सेवक पनि क्यै काम गर्दछन
राघवजीका कृपाले गर्दा सफल ती हुन्छन
यै रीतिसँग वानर भालू प्रभूका सेवक
तिनैका साथमा राघव बस्छन भएर प्रशन्न । ९९

मानव भई मानिसकै कोखमा श्रीराम जन्मेका
बालकैदेखि अदभूत कार्य उनले गरेका
खर र दूषण त्रिशिरादिलाई उनैले मारेथे
सज्जनलाई गर्दछन् दया दुष्टलाई मारेथें । १००

प्रभूका कार्य कति छन कति संझेर सकिन्न
रामको भक्ति गर्दैन भने जन्मेको सार छैन
त्यस्तालाई चोर्न सक्दछ कस्ले यो उनैको लीला हो
वानर साथमा श्रीहरि बस्नु यो पनि भाग्य हो ।१०१

उनैले आफना सेवकलाई क्यै काम लगाउँछन्
प्रभूले मलाई यो नयाँ बाटो यसरी देखाउँछन्
उल्लेखनीय कामका लागि स्वामीले अह्राउँछन्
सेवकको काम जाँचेर मात्र मानपदवी बढाउँछन् ।१०२

राघवजीको म तुच्छ सेवक यो कार्य नयाँ हो
नवीन कार्य जिम्मा म लिन्छु यो मेरो भाग्य हो
जे जसो गर्छन् प्रभूल्यै गर्छन् उनकै भर पर्छु
यो बेला चाँडै श्रीरामलाई खोज्न म जाँदैछु । १०३

बाटोमा एक्लै ती जाँदै थिए अपर्झट आवाज
त्यै वेला झट्ट कानमा गुँन्ज्यो मधुर मिठो गान
आउँदैछ यात्री नजिकै यहाँ गन्तव्य ठाऊँमा
हिम्मत त्यस्को पूर्ण छ भने जित्ने छ संग्राम । १०४

जुनसुकै वेला त्यसमा छ शक्ति भक्ति र महाज्ञान
सत्यको बाटो हिड्दछ भने हुनेछ कल्याण
त्यसैको साथमा रम्नेछन् सदा जानकीपति राम
आउदैछ यात्री नजीकै यहाँ गन्तव्य ठाऊँमा । १०५

ज्यूनुको चिन्ह अगाडि बढ्नु रोकिनु मृत्यु हो
क्षणभर पनि मूल्यवान हुन्छ रोकिनु मृत्यु हो
जे गर्नु पर्छ जीवनमै गर्नु पछाडि नहट्नू
ईश्वर हाम्रा साथमा हुन्छन् उनलाई संझनू । १०६

यही नै सबको जीवनको काम अवश्य रम्छन श्रीराम
आउँदैछ यात्री नजीकै यहाँ गन्तव्य ठाउँमा
नहारौं हिम्मत जीवन चलाऊँ मन दिंदै राममा
रामका भक्त हनुमान आज आएका पातालमा ।१०७

मनमा हर्ष उमङ्ग भई जादैथे हनुमान
नजिकै रूखमा गिध्दका जोडी गर्दथे वार्तालाप
राघवका भक्त हनुमान भन्ने तिनले चिन्दथे
रामचन्द्रलाई अवश्य पनि भेट्छन् भन्दथे । १०८

गिध्दले भन्थे वीरमा शक्ति आँखामा ज्योति छ
साहस शक्ति अति नै उत्सुक मनमा भक्ति छ
उत्साह यिनको देखेर सारा संसारै छक्कहुन्छ
कठिनभन्दा कठिन कार्य सफल हुँदैछ । १०९

मारूत सुतले यी कुरा सुने खुशीले रमाए
तैपनि अरू सुन्छु कि भन्दै कान त्यतै लगाए
विस्तारै हिडे नगरीतिर दिलचस्पी दिएर
यता र उता नजर दिन्थे एक चित्त दिएर । ११०

हनुमानजीका मनले ठान्यो राघव यतै छन्
राम र लक्ष्मण राक्षसका साथमा के गरी बस्ता हुन्
दुष्टले ल्यायो प्रभुलाई यहाँ सबैलाई सतायो
साराको आँखा छलेर ल्याउँदा यो हालत गरायो । १११

कुन ठाऊँ होलान् ती मेरा स्वामी म पत्ता लगाउँछु
चोरेर ल्याउने त्यो दुष्टलाई अवश्य मार्नेछु
तिमी नै भन गिध्दका जोडी कहाँ छन् रघुनाथ
तइपनि रैछ यो छाती मेरो पर्छ कि वज्रपात । ११२

सोचेर यस्तै सरासर पुगे नगरको ढोकामा
मकरध्वज वानर बसेको थियो ढोकाको पालेमा
मकरध्वज पाले भएता पनि जोशिलो लडाकू
खप्पिस थियो दाउपेच गर्न लड्नमा सिपालू । ११३

हनुमान थिए प्रकाण्ड वीर मकरध्वज वलवान
सामूमा पर्दा मकरध्वजको हुन्थे थर्कमान
रामका भक्त हनुमान पनि ढोकामा घुसेछन्
पालेले तिनलाई एक्कासी देख्दा डाँकोले निलेछन् ।११४

कड्केर बोल्छ मकरध्वज ए मूर्ख वानर
मकर भनी चिन्हिनस क्यारे गर्दैनस आदर
स्वामीको आज्ञा पालन गर्छु कोई पस्न म दिन्न
संझाउदा पनि संम्झिनौ यदि बाँकी म राख्दिन ।११५

वानर जाति अमर होओस् भनेर संझाउँछु
पाखा र पर्वत यसले ढाकोस दिलल्यै चाहन्छु
तिमीलाई यहाँ आएको देख्दा मलाई पीर लाग्छ
कुठारघात पर्ला कि भन्ने मनले सोच्दछ । ११६

वानर कतै एक्कासी देख्दा नातादार संझन्छु
त्यो जतिसुकै वैरी नै होस् आफन्त ठान्दछु
छोरो हुँ भक्त हनुमानजीको यहाँको सेवक
काम हो मेरो नगरी पाले पातालको चिन्तक ।११७

मकरध्वजका यी कुरा सुन्दा महावीर झोक्किए
बुझ्नु न सुन्नु मनपरि बोल्दछस् भनेर गर्जिए
हनुमान मेरा पिता हुन् भन्दै झूठ कुरा बोल्छस्
पिता हुन् भन्दै हनुमानलाई आरोप लगाउँछस् । ११८

बालव्रह्चारी हनुमान म हुँ भक्त हुँ हरिको
स्त्रीलाई मैले छोएकै छैन के भन्छस् घट्ना यो
श्री हरि मेरा जीवनका स्वामी उनकै सेवक हुँ
उनैको खोजी गर्नको लागि पातालमा आउँदैछु ।११९

महावीरजीका यी कुरा सुन्दा मकरध्वज जिल्लियो
हर्षले गर्दा शरीरभरि हर्षाश्रु वर्षियो
नझिंकाई आँखा अनुहार हेऱ्यो पश्चात पाउ पऱ्यो
हनुमानजीको पाउको धूलो शिरमा चढायो । १२०

जोडेर हात मकर भन्छ जुन वेला लंकामा
पुच्छरमा वेरी लुगा र फाटा भिजाई तेलमा
राक्षसले आगो सल्काई दिंदा पुच्छर बलेथ्यो
शरीरवाट पसिना धारा खलखली बगेथ्यो । १२१

सागरमा पुगी पुच्छर चोप्दा पसिना बगेर
पसिना त्यही पानीमा मिल्यो एकनाश भएर
सागरको एउटी माछीले त्यही जलपान गरिछ
श्रीलीलाधरको लीलाले गर्दा गर्भाधान भएछ । १२२

समय पछि जन्माइन छोरो उनैले सिहारिन
हनुमानजीको पुत्र होस् भनी आमाले भनिथिन
भाग्यले गर्दा श्री पिताजीको पाएछु दर्शन
गरेको मैले जो पापबाट भएछु पवित्र । १२३

यै किसिमबाट जन्म भो मेरो पुत्र हूँ तपाईकै
पिताको दर्शन पाएर आज हर्षित छु अत्यन्तै
जीवनभरको खुशीको दिन आजै हो भन्दछु
नचिन्दाखेरी जे मैले भने क्षमा पाउँ भन्दछु । १२४

आश्चर्यलाग्दो घटना सुन्दा महावीर अवाक
यसरी व्रह्मचारीका पनि जन्मिए सुपुत्र
घटना थियो विल्कुलै सत्य पिताले पत्याए
मकरध्वजको तारिफ गर्दै प्रशन्न भएथे । १२५

मकरध्वजले भनेको कुरा विल्कुलै सत्य हो
भक्तले पनि संपूर्ण कुरा पत्यार गर्नु भो
पिताले पनि गद्‌गद् हुँदै आसिक दिएथे
दुवैले आफनो कर्तव्य पालन गर्नुछ भन्दथे । १२६

मकरध्वजले गऱ्यो विन्ती स्वामी छन् मन्त्रसाधक
देवीको शक्ति पाएर गर्दछन् शत्रु नाशक
कुराकानी थियो सत्य मायावी अहिरावण
जो कोइले त्यसलाई जित्न पर्नेछ अति मुस्किल ।१२७

गर्दछन् हनुमान तारिफ मकरध्वज वीर हो भनी
गर्नै पर्दछ स्वामीको सेवामा तनमन दिई
छाँयामा जसको बस्छौ उस्कै मान्नु पर्दछ
भलाइ उसको गर्दा जिन्दगी धन्य बन्दछ । १२८

मकरध्वज सोध्दथे फेरि अप्ठयारो काम यो भयो
कर्तव्यपथमा मेरो काँढाले मार्ग रोक्‌दियो
तर्वारका धारमा टेकी उभिंएको छू हे पिता
मनले केही सोच्दैन असमञ्जस भएँ म ता । १२९

अगाडि जाऊँ त सिंह मुख वाइ तयार छ
पछाडि फर्कदाखेरि सर्प डस्न तयार छ
पिताजी दिनुहोस अर्ति के गर्दा धर्म बच्दछ
दोसाँधमा उभिएको छु अब के गर्नु पर्दछ ? १३०

पुत्रको अनुरोध सुन्दा वजरंगी खुसी भए
प्रेमले अति विव्हल भै पुत्रलाई उपदेश दिए
तिम्रा कर्तव्यका शब्द सुन्दासा म प्रशन्न छु
तिमी एउटा महान वीर रहेछौ भनी ठान्दछु । १३१

रहेछौ तिमी वीर योध्दा त्यसैले प्रश्न यो गऱ्यौ
शत्रुको पक्ष ली तिम्ले मसँग लड्न सक्दछौ
महावीर विश्वले भन्छ मेरो शक्ति अगम्य छ
मेरै पुत्र तिमी हौ त मेरै साथ लड्नु पर्दछ । १३२

पिताका साथमा लड्दा कस्को शक्ति कति छ
अविश्वासी हुनुभन्दा विश्वासमा धर्म अड्दछ
पिता पुत्र जे होस नाता कर्तव्य पथमा अडौं
आ-आफ्ना स्वामीको कल्याण गर्नु नै धर्म हो भनौं ।१३३

तिमी निश्चर सेवक हौं म हूँ राघव सेवक
त्यस्ता निश्चर मार्नु नै धर्म हो लोक भन्दछ
म आएँ दुष्टलाई मार्न उसैलाई म भेट्‌दछु
पातालमा छ अधर्म मूर्ख त्यस्लाई मारी छोड्‌दछु ।१३४

म आफनै धर्ममा लड्छु तिमी मेरो विरोधमा
दुबैले लड्नु पर्नेछ आजै मैदान भूमिमा
सक्छौ ता लड्न लौ आऊ सक्दैनौ पुर पस्दछु
उछित्तो पारी दुश्मनको स्वामीलाई बचाउँछु ।१३५

मलाई रोक्नु नै तिम्रो पूरा कर्तव्य ठान्दछु
निर्धक्कसँग मेरा साथ लौ आऊ लड्न भन्दछु
शरीरमा प्राण रहेसम्म भलाइ गर्नू स्वामीको
स्वामीकै गर्नु कल्याण विरोध गर्नू वैरीको ।१३६

लड्नलाई भए मञ्जुर मुक्का मुक्की ठूलै भयो
दुबैको शक्तिको नापो प्रदर्शनी त्यहाँ भयो
अञ्जनीपुत्र औ पुत्र दुबै ती वलशक्तिमान
दुवै वानर थिए योध्दा दुवै ती अति बुद्धिमान ।१३७

हातै हातले घरी मुक्का घरी टाउको बजार्दथे
कट्किन्थे ती झोक्झोकमा बराबर दाँत टोक्दथे
लात्तिले अनि हातैले हानाहाना ती गर्दथे
रिसले अति क्रोधित भै छातीमा मुड्की हान्दथे ।१३८

घण्टौं घण्टौं दुवै लड्थे उत्तिकै वलवान थिए
हेर्दामा ती थिए वानर वास्तवमा रणवीर थिए
गर्जना जोडले गर्दै गर्जन्थे हनुमान अति
मकरको पनि क्यै शक्ति घट्न लाग्यो अलि अलि ।१३९

दाउपेच गरी ती लड्थे पछारिन्थे घरी घरी
दुवै कड्केर पडकिन्थे रिसले क्रुध्द भै अति
भएभर्को शक्तिको खर्च ती दुवै वीरले गरे
नाता बिर्सेर शत्रुको व्यवहार तीनले गरे । १४०

एउटालाई जित्न अर्कोलाई शक्ति खर्चेर कोशिस
हेर्दामा ती थिए वानर शक्ति थियो तिनको महान
जति नै गर्दथे कोशिस दुवैको वल वरावरी
त्यसैले गर्जना गर्दै दाऊ गर्थे थरिथरी । १४१

हनुमानले भएभरको शक्ति खर्च गरिसके
मकरध्वज वीरलाई जित्न मुस्किलै भनी आत्तिए
अन्त्यमा जय राम भन्दै गर्जेर अति जोडले
रामको संझना गर्दा महावीर शक्तिवान भए ।१४२

मकरध्वजको घट्यो शक्ति त्यै बेला हनुमानले
झट्टपट्ट गरी उसलाई ढोकैमा लगी बाँध्दिए
लौ बावु पुरको पाले बनी कर्तव्यमा रही
चुपचाप बसी नै राख पुरको रक्षकै बनी ।१४३

मकरध्वजलाई बाँधेर हनुमान राम खोजीमा
जाँदैथिए त्यहाँ देखे ठूलो भिड एक ठाउँमा
रामको संझना गर्दै भिडमा भक्त ती पसे
त्यहाँको भीड देखेर हनुमान टक्क रोकिए ।१४४

देवी मन्दिर थियो सुन्दर पूजाको सरजाम थिए
विभिन्न रूपका राक्षस मन्दिरका नजिकै थिए
तोरण पताका आदिले सजाइएको थियो त्यहाँ
राम लक्ष्मण दुवै भाइ छोपिएका थिए त्यहाँ ।१४५

विभिन्न पुष्पराशीले ढाकेको देवीको शिर
सुक्ष्म रूप लिई घुस्रे पुष्पमा ती महावीर
प्रशस्त थरीका बाजा घनघोर घण्ट बज्दथे
डरलाग्दा थिए निश्चर गद्गदाई ती हास्दथे । १४६

पुगेथे हनुमान त्यहाँ प्रभुकै खोजमा थिए
भक्तको ध्यानले गर्दा तुरून्तै राम देखिए
राम लक्ष्मण दुवै देखे मनले दर्शनै गरे
भगवानको कृपा पाई रामभक्त खुशी भए । १४७

प्रशस्त राखिएको छ पूजाका सर सामान
कार्य साधन गरी हाल्छु भन्ने संझे हनुमानजी
लुकेथे फूलमा भक्त मानो माखो समान भई
रामको नाम संझेर मनले क्यै अठोट गरी । १४८

देवीका शिरमा फूल जुन वेला चढाइयो
महावीरले पनि आफनो देहलाई वढाइयो
मनमनले पढे स्तोत्र क्षमा देऊ जननी भनी
अप्ठयारो भै बसें शिरमा माफदेऊ जननी भनी ।१४९

तिमी हौ जगकी माता तिम्रै शरण पर्दछु
पुत्रदेखि खुसी होऊ प्रार्थना यही गर्दछु
तिमी हौ शक्ति प्राणिकी तिमील्यै यो शक्ति दियौ
मनोच्छा पूर्ण होस् भन्दै माताले वरदान दियौ ।१५०

पुत्रले जे गरोस गल्ती आमा नित्य रमाउँछिन्
सन्तानलाई खुसी राख्न शिरमाथि चढाउँछिन्
छाती औ काखमा राखी बालकलाई नचाउँछिन्
आफनो सन्तान जस्तो होस् उनले प्यार गर्दछिन् ।१५१

महावीरको सुनी विन्ति देवी तलतिर भास्सिइन्
कार्य सिध्दि होओस् भन्ने बरदान खुशी भई दिइन्
भक्तलाई शिरमा राखी देवी तलतिर भास्सिइन्
हनुमानलाई आफनो रूप दिएर उनी अल्पिइन् । १५२

मिठाईको थियो राश दुर्गालाई चढाएको
अञ्जनी सुतले खाँदा प्रसाद सब रित्तियो
देवी खुशी भइन् भन्दै अहिरावण खुशी भो
हर्ष उमंगले गर्दा पूजा आजा सबै गर्‍यो । १५३

नाच गान भयो त्यहाँ बाजा खुवसँग घन्किए
प्रशस्त सरसामाग्री भरिपूर्ण सजाइए
विभिन्न नगरा बज्दा बाजाका धून तालमा
निश्चरी खुशीले नाच्थे नशाले मदमत्तमा । १५४

जय जगदम्वे, जय जगदम्वे, जय जय देवीमाता
शरण पर्छौं शिर झुकाई प्रशन्न हुनुहोस माता
चरण शरणमा जो आउँछन् मनवाञ्छित फल पाउँछन्
जय जय जगदम्वे माता
सुख दाइनी छौ वरदाइनी हौ मंगल कर्त्री माता
विश्व चराचर त्रिभुवन मण्डलकी
दुःख हारिणी माता । १५५

दुर्गा गौरी जया जयन्ती माया कल्याणी माता
तिमी हौ फलदात्री सुखदायिनी हे देवी माता
तिमी हौ प्राणीहरूकी जननी तिमी हौ शिवकी रमणी
जय जगदम्वे जय जय अम्वे तिमी हौ वरदान दात्री
जय जय गौरी माता । १५६

भक्त बनेरै शरणमा पर्छन् इच्छा माफिक वर दिन्छ्यौ
जसले तिम्रो गर्दछ भक्ति उसैको कल्याण गर्दछ्यौ
अन्यायीलाई दण्ड दिँदैछौ सज्जनलाई हित गर्छ्यौ
अति गम्भीर भै इन्साफी भै भक्तका मनमा रम्यौ
जय जय देवी माता । १५७

हे महाकाली हे सर्वाणी शत्रु नाशिनी माता
महिष मर्दिनी फल वल दात्री भक्त रक्षक हे माता
तिम्रै भरमा चल्दछ संसार दुःख हटाऊ हे माता
शुम्भ निशुम्भ मर्दिनी विन्दवासीनी करूणामयी माता
जय जय दुर्गा माता । १५८

प्रार्थना देवीको गर्थे निश्चरीहरू सब मिली
जगदम्वेको थियो मन्दिर चारैतर्फ झिलिमिली
अहिरावणले हेर्थ्यो राम लक्ष्मणतिर गौरले
खित्का छोडेर खिसी गर्दै हेर्दथ्यो अति क्रुध्दले ।१५९

रावणदेखि भयौ वैरी त्यसैले दुःखमा डुब्यौ
शक्ति हाम्रो नबुझ्नाले कालको मुखमा पर्‍यौ
मेघनादको हर्‍यौ प्राण हरेथ्यौ कुम्भकर्णको
पापको फल यो भोग्न अवश्यै तिमीले पर्‍यो । १६०

अभिमानले सीमा नाघ्दा त्यही कारण सजाय हो
रावण पुत्र स्वयं मैले तिम्रो प्राण लिनु नै पर्‍यो
अपमानका सुनी शब्द बोल्दछन् लक्ष्मण क्रुध्द भै
कति बक बक गरी बोल्छस्
मान्दैनस् शर्म क्यै अझै ।१६१

लंकाको चोर हो रावण सीतालाई हरण गर्‍यो
चोरेको वस्तु मागदामा दुष्टले लड्न सुर गर्‍यो
तँ पनि चोरकै पुत्र त्यसैले चोर नै बनिस्
चोरी गर्ने कला तेरो त्यसैले छल यो गरिस् ।१६२

चोरको गति जुन हुन्छ जीवनमा गति गुम्दछ
लुकेरै चोरी गर्नेको अवश्यै मति भ्रष्ट छ
तेरो हृदय कालो छ त्यस्ताले देवीको पूजा
अशुध्द मनले पूज्दा पापले गर्छ मन धुजा । १६३

अन्तर्यामी जगत माता तँलाई अति चिन्दछिन्
दुष्टको नाश गर्नलाई अवतार लिइएकी छन्
शक्तिका भक्त हौं हामी उनैका हामी दास हौं
उनैका सामूमा हामी निडर निर्धक्क बस्तछौं । १६४

जस्ले गर्छ कुकर्तव्य त्यसैले पाप भोग्दछ
एउटाको पापले गर्दा वंशैको नाश गर्दछ
जगदम्वा ती हुन माता मनभित्र ती बस्दछिन्
दुष्टलाई गरी नाश सज्जनकों हित गर्दछिन् । १६५

तरवार जो लिएको छस् त्यो निश्चय गल्दछ
शक्तिकै उग्र ज्वालामा तँ शिघ्रै अब जल्दछस्
ऐलेसम्म छ यो मौका सम्हालिन्छस् असल भयो
सम्हालिन्नस् भनेदेखि नाशस्य परिवारको । १६६

तेरो मन पापले पूर्ण देवी पूजन अशुध्द छ
कालो छ मति नै कालो पूजा गर्नु त व्यर्थ छ
बाँच्नलाई भए इच्छा यस्तो दुर्मति छाडी दे
पाप राशी पखालेर मुटु निर्मल गराई दे । १६७

यिनै हुन् न्यायकी देवी जस्को पूजा तँ गर्दछस
तेरो अन्याय बुझ्दैछन् उनैबाट तँ मर्दछस्
अन्यायको चरमसीमा नाघेको छस् म भन्दछु
तेरो काल नजिक आयो थाहै छैन कि सोध्दछु ।१६८

सौमित्रका तिता शब्द सुन्दैमा त्यो झोक्कियो
अब शिघ्रै दुवै मार्छु दुस्टले मनमा गम्यो
ए बच्चा बोल्दछस् टयाउँ टयाउँ मान्दैनस् शर्म क्यै पनि
मेरै हातमा छ तेरो काल थाहा छैन कि तैपनि । १६९

यो वेला मनमा आउँछ कुनै एउटा कहावत
डोरी एक सल्कदै जाँदा ऐठन त्यस्तै दुरूस्तछ
जति इच्छा छ बक्दैजा आयुको तेल सिध्दियो
मुटुको कण्टकै फाल्दा घोच्ने काम पनि सिध्दियो ।१७०

दिँदैछु सूचना केही तेरो दिन सब सिध्दिए
देवीका वेदीमा चाडै मर्नेछस् नमान् भय
कसलाई भन्नु के पर्छ निसंकोच मलाई बता
तेरो भोग देवीले खान्छिन भाग्यमानी भइस तँ ता ।१७१

यसैकारण म सोध्दैछु इच्छ्या क्यै मनमा भए
भनीदे मनको धोको पुग्नेछ भन्छु निश्चय
रामचन्द्र थिए चूप कुरा सुन्दा अग्नै झैं भए
जथाभावि कुरा सुन्दा रिसले क्रुध्द देखिए । १७२

असुरका प्रश्नले गर्दा रघुभूषण छक्क परे
दुष्टको प्रश्नको उत्तर यसरी रामले दिए
अतिभन्दा अति प्यारा भरत लक्ष्मण ठान्दछु
शत्रुघन अनि तीनमाता अतिनै प्रिय मान्दछु । १७३

प्यारा छन् अरू भन् भन धेरै तिनलाई किन सोध्दछस्
अर्काको नलिनू चासो अभिमानले तँ चूर छस्
साथमा जो छ त्यही प्यारो जसले गर्दछ रक्षण
जो दिन्छ दुःखमा साथ त्यही नै हित चिन्तक । १७४

तँ बाँच्दा धर्तीको भार प्रतिदिन् अझ बढ्दछ
मरेमा भूमिमा बोझ अवश्यै पनि घट्दछ
जो देख्छु नजिकै मेरो त्यसलाई प्रिय ठान्दछु
आपदमा साहेता गर्छ त्यही सर्वश्व मान्दछु । १७५

संझना पनि त्यस्कै छ शक्ति पुत्र धुरन्धर
अदृश्य रूपमा बस्छ, त्यो मेरो अंग रक्षक
निर्वल छन् यी दुवै भाइ भन्ने शंका तँ छाडिहाल्
शक्ति आफनो देखाएरै लड्ने होस् त अब आई लड् ।१७६

अयोध्यापतिका शब्द सुनेर जगदम्विका
दिइथिन ओठले शंकेत शब्दमा तिनी मौनता
राक्षसराजले पनि संझ्यो जगदम्वा प्रकट भइन्
मान्छेको भोगको लागि संकेत उनले दिइन् । १७७

अब चाँडै वलि दिन्छु प्रतिज्ञा गर्दछु पूरा
हातमा लिई तरवार हेर्न लाग्यो यता उता
ए आमा ! अहिले झट्टै वलिदान चढाउँछु
चढाई नरको शिर देवी प्रशन्न गर्दछु । १७८

शरीर तिम्रो भयो धन्य देवीलाई वलिदान दिंदा
यस्तो औसर मिल्दैन भाग्यले मात्र मिल्दछ
राक्षसका निष्ठुरी शब्द सुनेर देवी झस्किइन्
संझेर अपराधी त्यो तुरून्तै नेत्र चिम्लिइन् । १७९

देवीको पाई संकेत रघुराज खुशी भए
मृत्यु उसको नजिक आयो मनले संझिदै थिए
विस्तारै मूर्तिको आकार विचित्राकार देखियो
प्रभूको नैनको ज्योति देवीका नैनमा पऱ्यो । १८०

हाँसेर रघुनाथ भन्छन् हनुमान साहाय छन्
संझना उनकै हुन्छ उनी मेरा नजिक छन्
आखाँले महावीर देख्छु उनै मेरा प्रिय सखा
रक्षक हुन् हनुमान मेरा उनैको हुन्छ संझना । १८१

प्राणभन्दा पनि प्यारा पवनपुत्र नजिक छन्
मेरा निम्ति नयनतारा जे गर्छन् उनी गर्दछन्
उनै छन् साथमा हाम्रा कसैले छुनतक पनि
अहिरावण तँ के सक्लास् सक्दैन यमले पनि । १८२

राघवका शब्दले गर्दा अहिरावण ऋुध्द भो
लौ देखा हनुमान तैले छैन यहाँ कता छ त्यो
बजरंगी भनी तैले नाम लिन्छस् घरी घरी
अनेत्रै लुक्यो होला डरले कापी थरथरी । १८३

अथवा त्यो सुत्यो होला नीदमा त्यो उँगी झुमी
उसलाई संझिनै राख्छस् उसैको भरमा परी
सन्यासी कति संझिन्छस् त्यो वानर जंगली
तेरो प्राण उड्न लाग्दैछ तयारी छु यो खडग ली ।१८४

त्यसको क्यै शक्तिनै छैन आश गर्नु त व्यर्थ छ
यदि आउँछ भने यहाँ त्यसको प्राण जान सक्दछ
जगदम्वाको म हुँ प्रार्थी रावणको प्रिय पुत्र हुँ
देवीलाई खुसी पारी संसारै जित्न सक्दछु । १८५

जन्मेरै मर्नु नै पर्थ्यो लाग्यौ यसै क्षण
वनवासी हुनु भन्दा मर्नु नै अति उत्तम
तिमी जस्ता कैयौं मार्दै देवीलाई वलिदिएँ
ऐलेनै तिमीलाई मार्छू भन्ने मैले कवुल गरें । १८६

सुन्दामा राक्षसी दाऊ अन्याय मनले संझी
खित्का छोडेर हाँसेको जगदम्वा पनि वेस्करी
राम लक्ष्मण दुवै हाँसे वीर हनुमान पनि
अहिरावण पनि हाँस्यो आफनो संझेर उन्नति ।१८७

उठायो तरवार त्यसले बढायो हात अघिल्तिर
त्यस्कै हात समाएथे हनुमानले पछिल्तिर
कसरी महावीर आए देख्ने आश्चर्यमा परे
निशाचर भयले तर्से आत्तिएरै वेहोस भए । १८८

महावीरले झुकाए शिर राघवका पाउमा परी
तुरून्तै काँधमा राखे स्वामीमा भक्तिभाव गरी
अहिरावण पऱ्यो मूर्छा भक्तका लातले गरी
हल्ला खल्ला भयो त्यहाँ डराए सब निश्चरी ।१८९

जो लड्न आउँदथे निश्चर लात्ति पाएर लड्दथे
मालिकका हितका लागि राक्षसको भीड वैरियो
आउँदथे लड्न जो त्यहाँ आउनासाथ प्राणघात भयो
नसक्दा सामूमा टिक्न आउनेको होशहवास गुम्यो ।१९०

अहिरावण लड्यो भूईमा वीरका लात्तिमा परी
प्राण जान्छ कि जस्तो भो मूर्छियो एक दुई घडी
त्रैलोकपतिका भक्त राक्षसकासँग लड्दथे
हजारौं निश्चरी मारे देख्ने छक्क पर्दथे । १९१

राक्षस कैयौ कतै दौडे प्राण रक्षा गरौं भनी
भएन तीनको रक्षा पाताल भरमा पनि
हजारौं मारिए निश्चर चुट्किमा चुट्पुट्भए
स्वामीका सामूमा भक्त कर्तव्यमा डटिरहे । १९२

दुष्टका साथमा एक्लैले वजरंगवली लड्दथे
विभिन्न नयाँ ढंगले दाउपेच गरी भिड्दथे
अत्यन्त उत्सुक देखिन्थे राक्षस कैयौं मार्दथे
राक्षसलाई थर्काई गर्जेर सातोखाइ दिन्थे
वजरंगवली एक्लैले दुष्टलाई वल्ले पेल्दथे । १९३

लातका लातले हान्दथे मुक्काले पनि हान्दथे
तम्सेर लड्न आउनेलाई गदाको प्रहार गर्दथे
लात्तिले पाए लात्तिले मुडकी पाए मुडकी
दाँत पाए दाँतैले टोकेर कायल गर्दथे
वजरंगवली एक्लैले शत्रुलाई कायल गर्दथे
निश्चरी खतम गर्दछु भनेर अघि तम्सिन्थे । १९४

वृक्षले पाए वृक्षले ढुंगाले पाए ढुंगाले
राक्षसलाई उचाल्दै खाडलमा लगी जाक्दथे
ठूलठूला पथ्थर उचाल्दै राक्षसका शिरमा बजार्थे
कसरी हुन्छ राक्षसको उन्मूलन गर्न चाहन्थे
वजरंगवली एक्लैले शत्रुलाई हैरान गर्दथे । १९५

वेगिन्ति असुर मार्दथे अच्कल्टो कैयौ पारेथे
प्रभूका सामू भक्तले वीरत्व आफनो देखाउथे
वीरको शक्ति यस्तो छ भनेर पत्यार गराउँथे
पातालवासी साराको उछित्तो पार्छु भन्दथे
वजरंगवली एक्लैले राक्षस कायल गर्दथे । १९६

कैयौंको सेखी झारेथे वज्रको प्रहार गर्दथे
राक्षस वैरी जो आउथे जीवन वली चढाउँथे
विभिन्न चालले लड्दथे क्रोधले अग्नि बाल्दथे
जति नै आउन लड्नलाई सबैलाई स्वाहा पार्दथे
वजरंगवली एक्लैले दुष्टलाई कायल गर्दथे । १९७

टाउकाले पाए टाउकैले हातले पाए हातैले
जतिनै आउन अगाडि वज्रले जोडले बजार्थे
कैयौलाई घायल गराए प्राणको वली चढाए
राक्षसराजको सन्तानै विचेत गर्दै लडाए
वजरंगवली एक्लैले कैयौंलाई निर्जिव गराए । १९८

राक्षस्दल्को गरी संहार अहिरावणतिर फर्किंदै
तेरो प्राण शिघ्रनै लिन्छु भक्तले भन्थे कड्कदै
उसलाई घिसारेर राम लक्ष्मण सामूमा
हिर्काए अति नै जोडले चोट लागेर छातीमा । १९९

तैपनि उसको हातमा तरवार छँदैथियो
प्राण उस्को रहेसम्म दुवैलाई मार्छु भन्दथ्यो
म हूँ रावणको पुत्र मायावी शक्तिशाली छु
तेरा स्वामी दुवैलाई देवीलाई चढाउँछु । २००

भक्तले कड्कदै भन्छन् छली होस् तँ कपटी पनि
अब झट्टै चढाउँदैछु देवीलाई तेरै वली
गर्दथिस वहुतै सेखी मायावी बलशाली छु
दुर्गालाई खुशी पार्न राम लक्ष्मण चढाउँछु । २०१

देवी हुन सबकी माता सबैको न्याय गर्दछिन
तेरै वली लिनलाई मन्दिरमा शिघ्र आउँछिन्
महावीरको सुनी विन्ति स्वीकार देवीले गरिन्
वीरको भक्तिले गर्दा देवी प्रत्यक्ष भइदिइन् । २०२

जय देवी जननी भन्दै भक्तले प्रार्थना गरे
हतियार अहिरावणको खोसेर भक्तले लिए
तेरो शरीर धन्य हो देवीलाई चढाइने
यस्तो संयोग मिल्दैन भाग्यले मात्र पाइने । २०३

यत्तिकैमा घिसारेर देवी मन्दिरमा लगे
विभिन्न सरजाम राखी देवी पूजा पनि गरे
राक्षसको शिर काटेर दुर्गाका पाउमा दिए
त्यसैको रक्तका धारा देवीलाई चढाइदिए । २०४

दुर्गाजीको भयो पूजा हनुमान खुशी भए
जय जयकारको गुन्जन चौतर्फतिर गुन्जियो
रामचन्द्र भए गद्‌गद् बुझेर भक्तिभाव अपार
आसिरवाद दिँदै भन्छन भक्त हुन्छौ तिमी अमर ।२०५

भक्तलाई अँगालेर प्यारले प्रभू भन्दछन्
रघुवीरले महावीरको अति तारिफ गर्दछन
सीतालाई बचाएथ्यौ लक्ष्मणलाई त्यसै गरी
यो वेलामा पनि मैले संझेथे आउँछौ भनी । २०६

राम औ हनुमान एकै ज्यान हौं अनि प्राण हौं
हुने छैन कुनै भेद हनुमान राम एक हौं
आजदेखि कतै हाम्रो भेदभाव नहोस भनी
कसैले बोल्नैनै छैनन हामीमा भेदभाव गरी । २०७

राम औ हनुमान एकै भएथे प्रेमले भरी
विश्वमा जति छन मान्छे बाँचून भक्त सबै बनी
संझेर रामको नाम जिन्दगी तिनको बितोस्
रामकै महिमा गाई राममै चित्त लागियोस् । २०८

प्रभूका उदार शब्दले हनुमान खुशी भएथे
तुरून्तै रामका पाउमा अञ्जनीपुत्र पर्रेथे
हर्षले गद्‌गद् भएर रामकै नाम जपेर
प्रस्थान गर्छन् खुसी भई दुबैलाई काँधमा राखेर ।२०९

राक्षसको उजाड गरेर वायुको वेगले कुदेथे
जुन ठाऊँ थियो मकरध्वज त्यही नै पुगी अडेथे
वन्धनमा थियो मकरध्वज वन्धनबाट छुटाए
पातालको सारा अधिकार मकरध्वजलाई दिएथे ।२१०

हनुमान पुत्र जानेर रामले छाती मिलाए
हर्षले विभोर भएर मकरलाई आसिक दिएथे
हनुमान जस्तै शक्तिमान भएर राक्षस नाश गर्नू
धर्ममा सदा अडिनु अधर्मपट्टि नलाग्नू । २११

पिताको जस्तै शक्ति होस् ईश्वरमा विश्वास राखियोस्
जुनसुकै आपद विपदमा ईश्वरलाई संझियोस्
अञ्जनीकुमार खुसी भै पुत्रलाई केही संझाए
राम र लक्ष्मण बोकेर रामदलतिर गैहाले । २१२

राम र लक्ष्मण देखेर वानर भालू हर्षाए
अत्यन्त भक्ति भावले पाउमा शिर झुकाए
जय जयकार घन्कियो सागरको छाल उर्लियो
जय जयकारको ध्वनिले, लंकाको आकाश छाइयो ।२१३

# रावण वध

कुम्भकर्ण घननाद लड्दा लड्दै मरे
श्रीलंकाका वीर योध्दा झण्डै शून्य भए
शोकले गर्दा लंकेश पनि पागल जस्तै भयो
लंकावासी राक्षसको सातो पुत्लो गयो । १

लंकेशले मौका पारी प्रजा बोलाएर
आफ्नो दु:ख पोख्न लाग्यो आँसु बगाएर
ऐलेसम्म चल्दै थियो यस्तो ठूलो संग्राम
दिन बिग्रदा घट्न गयो यस्तो खराव परिणाम ।२

मेरो भनाइ यही छ अब युध्द चलिराखोस
डट्दै जाऊ लड्दै जाऊ ज्यान जान्छ जाओस
वनवासीले लड्दा खेरी मार्न सके मारोस
होइन भने हामीबाट ठूलो धोका पावस । ३

लंकावासी राक्षसहरू योध्दा शक्तिशाली
वानर भालू लड्न आउदा भाग्ने छैन हामी
छक्क पर्छू पक्क पर्छू राक्षस किन घट्छन
संसारमा शक्तिशाली राक्षसभन्दा को छन् । ४

हुनेसम्म सकेसम्म लडयो कुम्भकर्ण
कैयौ वानर मारीकनै उसको गयो प्राण
इन्द्रजीत र अहिरावण अति महान वीर
शत्रुसँग लड्दाखेरी खाए कैयौं तीर । ५

योध्दा दुबै पुत्र थिए रणभूमिमा मरे
संसारका योध्दा भन्ने नाम फिजाइदिए
कैयौं योध्दा मर्दा पनि हरेश खाको छैन
मर्न परे मर्छु बरू पछि हट्ने छैन । ६

जाऊ वीर फूर्ति गर शत्रुलाई मार
मातृभूमि रक्षा गर्छिन हुनेछैन हार
त्यस्ता कायर वनवासीलाई जितिहाल्नु पर्छ
लंकावासी वीर भन्ने नाम राख्नुपर्छ । ७

जाग जाग वीर जाग लड्न तिमी जाऊ
कातरता छोडीकनै शत्रु मारी आऊ
जाऊ जाऊ वीर रणभूमिमा जाऊ
तुच्छ वानर भालूलाई कत्तल गरी आऊ । ८

खुंडा तर्वार भाला लिई लड्न तिमी जाऊ
मूर्ख वानर भालूलाई मारीकनै आऊ
हातमा शस्त्र अस्त्र लिई वैरी मार्न जाऊ
लंकावासी वीर भन्ने फैलाएर नाऊँ । ९

कंसिएर मैदानमा लड्नु भिड्नु पर्छ
वानर भालू सन्यासीलाई जित्न सक्नुपर्छ
तिम्रो राजासँगै आई वैरी साथमा लड्छु
लाखौं शत्रु मारीकनै मर्नु परे मर्छू । १०

रणजित एवं कुलजित वैरीजीत हिड
वैरीलाई तर्साउन गर्नुपर्छ भीड
तर्वारको तीखो धारले तिनलाई काट्नुपर्छ
त्यस्ता लाखौं जन्तुलाई मारिहाल्नु पर्छ । ११

लंका भित्र शत्रुलाई पस्नदिनै हुन्न
आउछन् यदि लड्न भने जाऊ टाउको फोड्न
वानर भालू योद्धा होइनन् तुच्छ जन्तु ती हुन
तेस्तालाई घचेड्दामा तुरुन्त नै मर्छन । १२

तिनलाई आउनै दिनै हुन्न गारत बसिदेऊ
हुलका हुल आउदाखेरी बाटै रोकिदेऊ
दुश्मनको रगत प्यूने ऐले बेला भयो
रगतको नदी बग्ने राम्रो साइत छ यो । १३

वीर पुत्र पैदा भई आमा हंसाउनुछ
शत्रुदललाई मारीकनै रगत पियाउनुछ
पानी सट्टा रगतले प्यास मेटाउनुछ
संग्राममा दुश्मन जिती नाम चलाउनुछ । १४

साहस पूर्ण पाइला चाल हरेश खान हुन्न
शंकरका वरदानी हौं पछि हट्नु हुन्न
शत्रुलाई मारी छाड्छौं कातरपना लिन्नौं
ज्यान जान्छ जावस वरु रणमा भाग्ने छैनौं । १५

निश्चरको जोश बढ्यो कड्कि कड्कि हिडथे
एकै श्वरमा एकै तालमा गीत गाउँदै हिड्थे
लंकाभित्र वनवासीलाई पस्नै दिन हुन्न
पस्न खोजे मारी दिन्छौं जिउदै छाडिदैन । १६

राक्षसको फौज हिड्दा छारो उड्न लाग्यो
आकाशका सूर्य पनि लुकिसक्नु भयो
दिन पनि रात वन्यो धुलो उड्दा खेरी
काला काला राक्षसले चौडा बाटो छेकी । १७

रावण पनि सेनासंगै रामादलमा पुग्यो
राघव जय होस भन्दै वानर लड्न आयो
वानर भालू क्रोधित हुदै रावणलाई हेर्थे
रावणदल तर्सितर्सि यताउति गर्थे । १८

आफ्नो फौज तितर वितर रावणले देख्यो
रिसले आगो दन्के जस्तै आँखा राता गऱ्यो
उत्तिखेर रावणले वाण वर्षाएर
वानरका फौज धेरै वाणले जलाएर । १९

वजरंगीले देखिहाले त्रशित वानर सेना
वायुसुतको क्रोध उठ्यो राता भए नैन
पर्वतको एउटा खण्ड फ्याँके राम भन्दै
राक्षसको छाती धड्क्यो रावण ढल्यो झण्डै । २०

रावण त्यहाँ निश्चल भयो राक्षस भाग्न लागे
राघवभक्त वायुपुत्र हर्षित ज्यादै भए
रावणले तारिफ गऱ्यो धन्य रैछस वानर
शक्ति देख्दा खुशी भएँ खुशी भयो संसार । २१

रावणको रथलाई तोड्ने कसको शक्ति थियो
एउटा वानर साम्‌ आई रथै तोडिदियो
यस्तो एउटा मौका छोपि रथै तोडिदिइस
जतिसुकै तारिफ गरौं हुन्छ अति थोरै । २२

रावणका शब्द सुनी बोले हनुमान
सानो एउटा कण हूँ म ता योग्य रघुनाथ
राघवले यस्ता खेल संसारमा खेल्छन्
राघव जस्ता सर्वेसर्वा संसारमा को छन् ? २३

रावणले तारिफ गर्दै शक्तिशाली वानर
धन्य धन्य तेरो शक्ति व्रह्मचर्य आचार
बालव्रह्मचारी जनको यस्तो शक्ति हुन्छ
तिमी जस्तो शुध्दचारी संसारमा को छ ? २४

आजैदेखि प्यारो साथी तिमी हुनै पर्छ
रणजीत वीर पद्‌वी दिएँ स्वीकारनु पर्छ
मेरो प्यारो रणमन्त्री होऊ मैले भन्छु
एउटै मुटु एकै शरीर तिमीलाई ठान्छु । २५

वजरंगले रावणलाई धेरै संझाउँछन
मेरालागि मान र पद केही होइन भन्छन्
मेरो मनले अभिमानको संकेत हो ठान्छु
यस्तो झूठो मान र पदवी चाहिदैन भन्छु । २६

शक्तिशाली वीर योध्दा काम्मै देखाउनेछन्
जसको छैन गर्ने शक्ति धाकै लगाउनेछन्
शक्तिशाली वीर बनौं इच्छा सधै गर्छु
तिम्रो अहंकारलाई तोडिदिन सक्छु । २७

वजरंगका व्यंग्य वाणले शर्माएछ रावण
वकवक मात्र गर्छ वानर बुझिसकें कारण
तागत तेरो हेरी हालौं भन्दै झस्टी हाल्यो
वजरंगका छाती ताकी वाण हान्न लाग्यो । २८

दुबैजना मुक्का मुक्की लात्ती पनि हान्थे
हुनेसम्म बलको प्रयोग गर्दै भिडिइन्थे
टाढाबाट हेर्दाखेरी पर्वत वानर लड्थे
आश्चर्यको युध्द यो छ हेर्नै पर्छ भन्थे । २९

दुबै थिए साहसिला दुबै बलवान थिए
दुबैजना सिंह जस्तै योध्दावीर थिए
सुरिदैमा चुरिदैमा लडे दश घण्टा
जतिसुकै लड्‌दा पनि भएन छ अन्त । ३०

लड्‌दा लड्‌दा थाकिसके दुबै बलवान
दुबै जना खुइय गर्थे शरीर गली मलीन
दुबै जना पछि पछि यता उती हद्‌दथे
एकजनाले अर्कोलाई टुलुटुलु हेर्थे । ३१

रावणले भन्दै थियो अझै लड्‌नु पर्छ
राम्रोसँग लडी हालौं हारजीत कसको हुन्छ
ऐलेसम्म हार्ने जित्ने हाम्रो भाको छैन
हार्ने जित्ने कसको हुन्छ त्यसै छोड्‌नु हुन्न । ३२

शक्ति मेरो प्रयोग गरी मुक्का जमाइदिन्छु
भैमा खुट्टो छैन तेरो सेखी उडाइदिन्छु
रावणले साहसपूर्वक जोडले मुक्का हान्यो
एउटा हातले वजरंगीको जमिनमा टेक्यो । ३३

रावण अति लज्जित भयो वैरी ज्यूदो देख्दा
एउटा वानर शक्तिशाली अरू वीरभन्दा
संसारका सुर वीर धेरै मैले देखें
सबैभन्दा बलशाली नै यो वानरलाई भेटें । ३४

यत्तिकैमा गर्जिएर भक्त वीर बोले
राघवको कृपाले नै शक्ति नष्ट पारें
जतिसुकै फूर्ति लाउछस् सबै थाहा भयो
लंकापति रावणको इज्जत सबै गयो । ३५

मेरो पनि पालो आयो मुक्का सहू राजा
तिम्रो सबै शक्ति पनि जाँचिसकें आज
महावली वजरंगीले एक मुक्का हान्दा
मूर्छा पर्‍यो रावण राजा ठूलो चोट लाग्दा । ३६

धेरै वेर मूर्छा परी बल्ल उठ्यो रावण
रावणले आत्मैदेखि गर्दै वीरको तारिफ
संसारकी अति पूज्य तिम्री आमा भन्छू
दुर्गाभन्दा शक्तिशाली अञ्जनी हुन ठान्छु । ३७

देव नाग किन्नर आदि मेरो डर मान्छन
मेरो नाम सुन्दाखेरी डरले थरथर काप्छन
त्यस्तो वीर रावणलाई तैले मूर्छा पारिस
तेरो बलको आत्मैदेखि रावण गर्छ तारिफ । ३८

आकाश पाताल चारैतर्फ मेरै डर्ले लुक्छन
लंकापति रावण भनी सबले मलाई चिन्छन्
त्यस्तो वीरको सामू आई वानर मुक्का दिन्छ
त्यस वानरको शक्तिलाई रावण तारिफ गर्छ । ३९

मुस्कुराई वजरंगले भन्थे मुक्का वेकार
मुक्का पाई बाचिरैछस् म स्वयंलाई धिक्कार
मुक्का मेरो पर्दाखेरी आकाश पाताल फुट्छ
कस्सिएर मुक्का हान्दा आकाश तल खस्छ । ४०

घुस्सा मेरो खाईकनै अझ बाँचिरैछस
मलाई भने लाज लाग्यो तँ ता फूर्ति गर्छस
लंकापति वीर तँ होस धेरै वर्ष बाँच्नू
धन्य धन्य शंकरको भक्त कहलिनू । ४१

रावणले भक्तलाई भन्छ गरिस व्यंग्य
मौका मैले पाए पछि गर्छू सबै भंग
वानरले संझी हालोस युध्द भयो बन्द
भोलि तेरो मालिकको सक्छु सेखी तोड्न । ४२

अर्को दिनमा रावण पनि युध्द स्थलमा आयो
ज्यादै ठूलो युध्द हुँदा धर्ती डगमगायो
वानर भालू काप्न लागे लाग्दा कडा वाण
लाशै लाशको थुप्रो भयो सारा मैदानमा । ४३

वृक्षवाट सुखा पात शिशिरमा झर्छन
रावणका वाण लाग्दा वानर भालू मर्छन
वानर भालू हाहाकार ज्यादै चिच्याउने
निश्चरको वाण होइन प्रलय हो भन्थे । ४४

राघवले देख्नु भयो वानर तर्सिएका
कैयौं कैयौं वानर मरी लाश थुप्रिएका
निश्चरीको निर्मूल नै गर्नु पर्ने थियो
निर्मूल गर्ने मौका पनि पर्खिएको थियो । ४५

भक्तजनको आर्तपुकार सुन्न सक्नु हुन्न
रामादलको यस्तो विनाश देख्न सक्नु हुन्न
यसैकारण श्री विष्णुले क्षीर सागर छाडे
पृथिवीमा मानिस हुन बैकुण्ठ नै छाडे । ४६

भक्तजनको दुःख पुकार देख्न सक्दैनथे
मानव भई जन्म लिन्छु आश्वासन पो दिन्थे
त्यही प्रण पूर्ण गर्न मानव भई जन्मे
राक्षसको ध्वंस पार्न खोजी गर्दै हिड्थे । ४७

लाखौं लाखौं दुष्ट मारी धर्म बचाउनेछु
बैकुण्ठको बास छाडी जन्म मैले लिन्छु
सज्जनको रक्षा गरी दुष्टलाई मार्छु
कौशल्याको पुत्र बनी अयोध्यामै रस्छु । ४८

देवताको साम्न्नेमा यस्तै प्रण थियो
आफ्नो प्रण पूरा गर्न जन्म लिनु भयो
कोशलको राज्य छोडि आउनु भयो वनमा
लीलामयी नाटक पनि खेल्नु भयो वनमा । ४९

राघवको लीला देख्दा देउता छक्क पर्थे
कैले मलाई रावण भनी कुराकानी गर्थे
देवताको मनको भाव उनले बुझी हाले
वाणबाट उत्तम वाण झिक्न तयार भए । ५०

हेर भाइ लक्ष्मण हेर रावण बढ्दै आयो
वानर भालू मारीकनै नाश पारी दियो
मौका आयो लक्ष्मण बाबु काम देखाउनु छ
अधर्मीको नाश गरी धर्म बचाउनु छ । ५१

मौका आयो यसैबेला काम देखाउनु छ
रघुकुल वंश भनी नाम फिजाउनु छ
त्यस्ता कुलका पुत्र हामी चुप लाग्नु हुन्न
यस्तो बेला मौन हुँदा इज्जत हुने छैन । ५२

रावणलाई युध्द स्थलमा मार्नु परेको छ
संकष्टको वन्धनलाई तोड्नु परेको छ
बोल कवोल जो गरेंथें पूर्ण गरी छोड्छु
डण्दक वनमा गरिएको प्रण सफल गर्छु । ५३

कुराकानी गर्दा गर्दै धनुर्वाण लिए
हेर्दा हेर्दै सागरमा ठूलो छाल आयो
छाल देख्दा राघवजी उठे झट्टपट्ट
मस्तकमा जटाजूट सुन्दर जुरो चट्ट । ५४

धनुवाणले सजिएर रूप सुन्दर थियो
कटिपटमा बलकलका वस्त्र पैह्रिएको
त्यसबेलामा वजरंगीले अद्भूत रूप देखे
राघव रूपमा मोहित भै ध्यान गर्न लागे । ५५

शान्तिपूर्ण सुन्दर रूप झट्ट देख्दा खेरी
पवनपुत्र लठ्ठ भए विष्णुरूप देखी
शेषनागमा सुत्नु भाको विष्णुरूप देखे
नारायणको दर्शनले आफैलाई बिर्से । ५६

सौम्य मूर्ति शान्ति प्रतीक ज्यादै प्रिय थियो
धनुषवाण सुन्दर कृपाण दीप्त वदन थियो
विष्णुरूप देख्दा खेरी संसार बिर्सिइन्थ्यो
संसारको कुरै छाडौं आफैं बिर्सिइन्थ्यो । ५७

विष्णुरूपको दर्शन पाउनु भाग्यमानी थियो
भक्तराजले दर्शन पाउनु सहृानिय थियो
जस्ले गर्छ पाप कर्म त्यस्ले चिन्ने छैन
वजरंगीले दर्शन पाउनु आश्चर्य क्यै छैन । ५८

राघवका प्यारा भक्त रामै राम देख्छन्
हनुमान जस्ता प्रिय भक्त संसारमा को छन
उनका सारा वदनभर राम रमेका छन
चारैतर्फ चारैदिशा राघव हासेका छन् । ५९

राघवको चेहेरामा थियो मन्द मुस्कान
चम्किला ती नैन दुइले हेर्दै थिए रावण
यत्तिकैमा हुनुपर्ने भयो सबै-तयार
रावण पनि वक्तै आयो लड्नलाई तयार । ६०

धनुषवाण हातमा लिई रावण नजीक आयो
सालिक जस्तै उभिएर राघव छटा देख्यो
एकक्षण पछि होश आयो मनले केही सोच्यो
विष्णु रूपको दर्शन पाई मन्मा हर्ष लाग्यो । ६१

यत्तिकैमा नारायणले उसलाई दिए ज्ञान
क्षणमै उसले बिर्सिहाल्यो आयो अभिमान
आगोसँग खेल्दाखेरी आपद आई लाग्छ
आगो झिल्को पर्दाखेरी अस्तित्व नै जान्छ । ६२

लक्ष्मणले भन्नुभयो व्यर्थ केको धम्की
आगो समान सूर्यवंशी यसको केको शक्ति
लक्ष्मणका शब्द सुन्दा गर्ज्यो दशभाल
शक्ति भए लड्न आइज कौशल्याका लाल । ६३

रावणका आहवानले रामचन्द्र उठे
भवपति भूपति नै भार हर्न उठे
धनुर्वाण हातमा लिई लड्न तयार भए
संसारको दुःख नास्ने मन्ले अठोट गरे । ६४

लाखौं लाख राक्षस आई पृथिवीमै जन्मे
शंकरको वरदान पाई सबै दुःख दिन्थे
सज्जनलाई दुःख दिन राक्षस घुमिराख्थे
यज्ञ होम गर्दा खेरी नष्ट पारी दिन्थे । ६५

राक्षसको राजा यै हो यसले दुःख दियो
दुष्ट सबको नाश गर्नु आफनै काम थियो
यही संझी राघवजी लड्न जानु भयो
यो दुष्टलाई मारी हाल्छु भन्ने मन्मा भयो । ६६

रावण वीर रथमा थियो राघव विरथ थिए
राघवलाई पैदल देख्दा विभीषण दुःखी भए
विना रथले लड्न मुस्किल चढने यान छैन
विना यान लड्दा खेरी यो मन सम्हालिन्न । ६७

रावणको शक्ति बल छैन अनुमान
एउटै वीरले आकाश पाताल पार्छ थर्कमान
त्यस्तासँग पैदल लड्दा जित्न मुस्किल पर्छ
नाथ पैदल रावण रथमा देख्दा चित्त दुख्छ । ६८

विभीषणका शब्द सुन्दा जगतपति हाँसे
संसारमा दुई थरिका यान हुन्छन भन्थे
जुन रथमा बस्दाखेरी शत्रु जितिइन्छ
त्यसैलाई सफल रथ यहाँ देखाइन्छ । ६९

अधर्मको रथमा बस्दा आफै नष्ट हुन्छ
धर्मले नै अधर्मीलाई तोवा तोवा गर्छ
धर्म रथको सामू पर्दा अधर्मले हार्छ
धर्मजस्तो महारक्षक संसारमा के छ । ७०

धर्मलाई संभीकनै हामी लड्नु पर्छ
धर्म कर्म छैन भने त्यसको हार हुन्छ
ईश्वरलाई संभी राख्नु मानव सेवा गर्नु
जसको मुटु शुध्द हुन्छ त्यस्ले किन हार्नु । ७१

धर्मयुध्द गर्दा खेरी ईश रक्षक हुन्छ
जस्ले गर्छ धर्म युध्द त्यसकै जीत हुन्छ
राघवका शब्द सुन्दा भक्त चूप लागे
कोशलपति रावणसँग लड्न उता गए । ७२

रावण भन्न लाग्यो लड्न त्यसै आइस
विना रथै लड्न आउदा धर्म निष्टा फालिस
यसो हेर्दा तेरो मुख डर्ले थर्कमान
लड्ने शक्ति छैन क्यारे चेहेरा छ म्लान । ७३

शस्त्रवाला निशस्त्रीसँग लड्नु उचित छैन
रथमा म छु पैदल तँ छस सभ्य देखिदैन
यति भन्दै ओर्लिहाल्यो लड्न तयार भयो
राघवलाई पैदल देख्दा फूर्ति गर्न लाग्यो । ७४

वन विहारी सन्यासी तँ लड्न के पो सक्लास
तीखा तीखा वाण लाग्दा पलभरमै मर्लास
शक्ति मेरो यस्तो भन्ने तँलाई थाहा छैन
भाग्ने भए भागी हाल तँ बाँच्ने आशा छैन । ७५

रावणको फूर्ति सुनी लिए धनुवाण
आपसमा लड्न लागे दुबै वीर महान
दुबै वीर लड्दा खेरी धर्ती थर्कमान
कैयौं भालू राक्षसको गयो कठै प्राण । ७६

एउटा वाँण छोड्दाखेरी अर्को वाणले काट्थ्यो
आकाशमा वाणै वाणको चहल पहल हुन्थ्यो
लाखैं वानर भालू मरे लाखौं राक्षस मरे
श्रीलंकाको मैदानमा रक्त नदी बगे । ७७

समरभूमि रात्ताम्य छ नाच योध्दा दलको
यस्तो दृश्य देख्दाखेरी मुटु काम्छ सबको
दुई थरीको चिच्याहटले कानै थुन्नु पर्थ्यो
त्यसबेलाको समरभूमि नारकीय थियो । ७८

लड्दा लड्दा रावण वीर ज्यादै थाकी सक्यो
थकावटले गर्दा खेरी आफनै प्रण बिर्स्यो
हत्तपत्त रथमा बसी फूर्ति गर्न लाग्यो
राघवलाई लड्न आऊ भन्ने हाक दियो । ७९

रावणलाई रथमा देख्दा इन्द्र आत्तिएर
रामका लागि आफ्नो रथ खूव सजाएर
सुन्दर रथ आइपुग्यो मैदानमा उत्र्यो
दुबै भाइ रथमा बसी लड्न लाग्नु भयो । ८०

प्रभूजीलाई रथमा देख्दा सेना खुशी भए
देवेन्द्रको सौजन्यमा ज्यादै गद्‌गदाए
राघवको जयकार भन्दै राक्षस माथि झम्टे
निश्चरलाई माछौं भन्दै चर्को स्वर गर्थे । ८१

हतियारको चोट पर्दा टाउकै काटिइन्थ्यो
राक्षससँग जोडी मिलाई कुस्ती खेलिइन्थ्यो
वजरंगी औ अंगद दुबै शत्रुसँग लड्थे
आकाशबाट देववर्ग छक्क पर्दै हेर्थे । ८२

मार मार काट काट शब्द सुनिइन्थ्यो
धेरै वीर मारिएको लाश देखिइन्थ्यो
यति मरे उति मरे लेखा जोखा छैन
त्यसबेलाको दुर्गतिले शान्ति कतै छैन । ८३

पक्ड पक्ड मारी हाल घेरी हाल भन्थे
कर्ण कटु शब्दहरू कतिमात्र सुन्ने
खोलो बग्यो रगतको लाखौ ज्यान गयो
लाशै लाशले छोपिएको लंका मैदान थियो ।८४

राघवका वाणबाट कुलको शान राखे
प्रलयकारी धनुवाट खलबल मचाइदिए
राघवका एउटा वाणले कैयौं शत्रु मर्थे
एउटा वाँण छोड्दा खेरी सयौं सिर्जिइन्थे । ८५

राघवका उग्रवाणले लाखौं प्राण जान्थे
लड्न भनी सामू आउँदा प्राण विहीन हुन्थे
त्यसबेलामा कैयौ मरे लेखा जोखा छैन
त्यस युध्दको बयान गर्न सक्ने खुवी छैन । ८६

आतसबाजी उड्दा खेरी आँखा तिर्मिराउँछन्
राघवका वाण चल्दा तेस्तै देखिइन्छन
विज्ञानको देन पनि ज्यादै महान हुन्छ
विज्ञानको सद्‌पयोगले सबै विकास हुन्छ । ८७

ऐले पनि विज्ञानको ठूलो आविष्कार
त्रेता युगमा विज्ञानको सुनिइन्थ्यो भण्डार
यसको प्रयोग गर्न जाने कार्य सफल हुन्छ
प्रयोग गर्न नजानेमा संसार भष्म हुन्छ । ८८

उसबेलामा एउटा वाणको लाखौं वाण बन्थे
एउटै वाण लाग्दा खेरी लाखैं ज्यान मर्थे
विज्ञानको उन्नति र मन्त्र शक्ति थियो
रावणका वाण विचमा मृत्यु लुक्दैथियो । ८९

यस प्रकारले वेगिन्ति नै वाण छुट्न लागे
युध्दस्थलमा रक्त नदी धेरै बग्न लागे
विभत्सको दृश्य थियो हेर्न मुस्किल हुन्थ्यो
एक्कासी नै देख्दा खेरी डरले मुटु काम्थ्यो । ९०

त्यसबेलामा दुबै दलमा ठूलो युध्द भयो
साच्चै भनौ दुबै दलको महान क्षति भयो
वाणै वाणले गर्दा खेरी केही देखिदैन
चारैतर्फ वाणै वाण भाग्ने ठाउँ छैन । ९१

यस्तो युध्द कैल्यै पनि छैन चालिएको
चारैतिर ज्यूदो व्यक्ति छैन देखिएको
को को मरे के के भयो लेखा जोखा छैन
यति उति लाश भनी अन्दाज नै छैन । ९२

फूर्तिसाथ लड्न जान्थे क्षणमा प्राण फाल्थे
हार खाई बाँच्नु भन्दा मर्नै असल ठान्थे
शक्तिशाली निश्चरीको ठूलो क्षति भयो
राघवको सेना दलमा हर्ष अपार छायो । ९३

लाश माथि लाशै लाश मैदान ढाकिएको
त्यसबेलामा युध्दस्थल मसान देखिएको
त्यस ठाउँमा गिध्दहरू लाश ठुंदै थिए
कौवाहरू चुच्चो वाइ काग काग गर्दै थिए । ९४

कुकुरको वथान आई लाश फोर्दै थिए
आपसमा झगडिएर हाड टोक्दै थिए
मध्यरातमा नाच्दै गाउँथे भूत प्रेत वेताल
उच्च स्वरले हुंइयाँ गर्दै रूदै आउँथे श्याल । ९५

वेताल एवं भूत प्रेतको संग्राम त्यहाँ थियो
घुटु घुटु रक्त पिउदै संग्राम देखाइन्थ्यो
योगीनीले खप्परमा रगत भराउँथिन
चामुण्डाले खप्परलाई जोड्ले बजाउंथिन् । ९६

दुई दिनसम्म निरन्तरै भई नै रहयो संग्राम
राघवका वाण लाग्दा राक्षस मरे तमाम
तेश्रा दिनमा राक्षसहरू सारा भाग्न लागे
यस्तो देख्दा रावणले सुर्ता गर्न लागे । ९७

आफ्नो दलको हालत देख्दा ज्यादै क्रोधित भयो
राघवसँग हार्दा खेरी इज्जत जाने भयो
बालकसँग हार्नु पर्दा लोकले के पो भन्ला
प्राणको वाजी ठोक्दै लड्छु ज्यान गए जाला । ९८

लंकापति रावण हुँ संसारभरको वीर
शंकरलाई खुशी पार्न टक्र्याउथें शिर
सागर पनि मेरै डरले बग्दा रोकिइन्थ्यो
हावा पनि चल्दा चल्दै टक्क अडिइन्थ्यो । ९९

संसारका शक्तिशाली सबै थर्कमान
संसारमा सबैभन्दा मेरो उच्च स्थान
इन्द्र पनि मेरै डरले सधै कामी राख्छ
रावणभन्दा शक्तिशाली संसारमा को छ । १००

अनि त रावण क्रोधित भयो वाण धेर वर्षायो
रामादल सबै घायल गरी हाहाकार मचायो
राघवको रथमा एकवाण हानी तुरून्तै गिरायो
रामका सेना प्रत्येकलाई घायल गरायो । १०१

नील र नल अंगद योध्दा कोइ बाँकी राखेन
रामको शक्ति यस्तो छ भन्ने रावणले बुझेन
त्यै बेला व्रह्मशक्तिको वाण लक्ष्मणलाई लागेछ
त्यसले गर्दा सौमित्रलाई मूर्छित पारेछ । १०२

लक्ष्मण मूर्छा परेको देख्दा श्रीदयानिधान
पिटेर छाती राघव रोए अत्यन्त विलाप
सौमित्रजीका मुटुमा लाग्यो विषालु एक वाण
पैलेको घट्ना संझेर रोए कृपालु निधान । १०३

हे भाइ तिम्ले गरेनौ याद भएको शक्तिको
दुश्मन छ साम्ने डटेर हेर्छ नाजुक शरीर यो
उठेर झट्ट डटेर लड इज्जत बचाऊ
रावण सेना एकवाण छाडी कत्तल गराऊ । १०४

तिमी त ढल्यौ विचेत भयौ चिन्ता भो मलाई
आफन्त मेरा कोइ पनि छैनन् सुनाऊँ कसलाई
यो ठाउँ छैनन् सुषेण हकिम औषधि गर्नलाई
समय पनि प्रशस्त छैन जुन वूटी ल्याउनलाई ।१०५

समय भए हनुमान जान्थे त्यो वुटी लिनलाई
हनुमान वाहेक मुस्किल पर्छ द्रोणाचल पुग्नलाई
दुश्मनका साथ लड्दैछु भाइ मद्दतै गर्दैनौ
बलवान वीर भएर तिमी जुरूक्क उठ्दैनौ । १०६

रावणका वाण लाग्दैमा ढल्न के लाज लाग्दैन
लौ उठ भाइ सचेत होऊ दुःख मान्नु पर्दैन
यसरी ढल्दा राघव कुलको इज्जत जानेछ
म दुखीलाई शत्रुका दलले अवश्य हेप्नेछ । १०७

रावणको वाण लाग्दैमा तिमी ढल्नु ता पर्दैन
रावणको वाणले यसरी ऐले छुन नै सक्दैन
यसरी ढल्दा लाज लाग्छ मलाई इज्जत राखी देऊ
विचेत भई नसुत धेरै उठेर धनुष लेऊ । १०८

नदीको वीचमा डुङ्गा छ मेरो पल्टिन खोज्दछ
यो पापी मनले नराम्रा कुरा हरक्षण सोच्दछ
क्षत्रीको रगत क्षत्रीको शक्ति वैरीलाई देखाऊ
नदीको वीचमा ढल्पल डुङ्गा नदीपार पुऱ्याऊ । १०९

जीवन भरमा अधर्म कार्य गरेको नभए
उठी देऊ भाइ साहेता देऊ उठदैनौ म मरे
जाग न भाइ जाग न जाग यसरी नरूवाऊ
विंझन भाइ तुरून्त विंझ धनुष समाऊ । ११०

उठन लक्ष्मण हे दाज्यू भन्दै नसुत जमिनमा
बरू म सुत्छु निर्धक्कसँग यो मृत्यु शैय्यामा
उठन भाइ उठन उठ नयन खोलन
राघव भनी सम्वोधन गरी प्यारले बोलन । १११

प्रभुका पावन हृदय वाणी सुनेर पवित्र
राम राम भन्दै जुरूक्क उठी बोलेथे सौमित्र
खोइ मेरो धनुष कहाँ छ भन्दै लिएर धनुवाण
रावणतर्फ ताकेर ताने धनुको कमान । ११२

लक्ष्मणको वाण कालचक्र थियो प्रकाशमा छुटेको
अश्वका साथै सारथी मऱ्यो रथपनि टुक्रियो
लंकाका राजा मुर्छित भए जमिनमा पल्टिए
वानर भालू जाइलाग्दै थिए रामबाट रोकिए ।११३

राघवले भने मूर्छामा मार्नु सत्कर्म हुँदैन
वेहोसीबेला वैरीलाई मार्नु यो धर्म हुँदैन
यत्तिकै बेला राक्षस दलले रावणलाई उठाए
होशियारसाथ राक्षस मिली लंकामा पुऱ्याए । ११४

प्रधान सेनापतिले लगी रानीलाई बुझाए
राजाको खराव अवस्था देख्दा आफन्त सुर्ताए
लंकाकी रानी शोकाकुल हुँदै ईश्वर पुकार्थिन
दुई नेत्रबाट सहश्र धारा सागर बगाउँथिन । ११५

आधारात हुँदा रावण विम्झ्यो घटना संभ्फेथ्यो
आकुल व्याकुल भएर रूदी रानीलाई देखेथ्यो
चरण दाव्तै विव्हल हुँदै विचेत भएकी
भविष्य आफ्नो अन्धकार देख्दी शोकले जलेकी ।११६

सोध्दथ्यो रावण कुन ठाऊँ म छु के गरिरहेंछु
सन्यासी साथमा लड्दै पो थिएँ कसरी आएँछु
यो बेलासम्म नसुती तिमी के कामले रोएकी
तिमी त थियौ विदुषी नारी मूर्ख पो भएकी । ११७

रावणका प्रश्न सुनेर रानी रोएर भन्दथिन्
तपाई आफनै भवनमा ऐले निवेदन गरिथिन्
प्रत्येक अंग घाउनै घाउ घाउमा पट्टी छ
रावण मूर्छा परेको हुँदा यो मन आत्तिन्छ । ११८

पत्नीको विन्ति नसुन्दा खेरी यो आपत परेको
संझनु होस्न वानर आउदा लंका नै जलेको
मैले ता पैल्यै भनेकी थिएँ विरोध नगर्नोस्
श्री जगज्जया सीताजीलाई लगेर सुम्पियोस् । ११९

कातर शब्द रानीका सुन्दा रावण रिसायो
शरीर उसको कमजोर थियो तैपनि झोक्कियो
कुन चाहि मूर्ख व्यक्तिले मलाई यो ठाउँ ल्याएछ
मलाई लाछी संझेर होला बोकेर ल्याएछ । १२०

मूर्छित थिएँ केही क्षण पछि अवश्य विंझन्थे
शत्रुलाई पैले मारेर मात्र घरमा फर्किन्थे
कमजोरी लाछी हरूवा होइन वीर योध्दा वली हुँ
संसारभरको साहस वली शिवको भक्त हुँ । १२१

यी कुरा सुन्दा रानीले भन्थिन घमण्ड छोड्नुहोस्
सन्तान हाम्रा रणमा मरे यो कुरा सोच्नुहोस्
ती बालक होइनन् संघर्षी सुरा अत्यन्त बलवान
जसका त सेवक अंगद वीर शक्तिवान हनुमान ।१२२

त्यस्ताका साथमा संघर्ष गर्दा विजय पाउदैनौ
माथमा सिंदुर रंगियोस् हजुर यो विन्ति सुन्दैनौ
महान विद्धान भएर पनि यो कुरा बुझ्दैनौ
आँशुका धारा वहन्छन सदा दयाले पुछ्दैनौ । १२३

अपसकुन चिन्ह सर्वत्र देख्छु त्यसैले म रुन्छु
सपना पनि नराम्रा देख्दा चिन्ताले जल्दछु
सीतालाई तिम्ले हरेको होइन काललाई ल्याएको
हरण गर्दा तपाईका मन्मा शनिश्चर बसेको ।१२४

विधवा मलाई नगर्नु हवस रोएर हात जोड्दछु
जानकीलाई बुझाइदेऊ म विन्ति गर्दछु
तिमीलाई मूर्छा गराउन सक्ने ती मान्छे होइनन्
जसलाई तिम्ले तपसी भन्छौ साधरण ती होइनन् ।१२५

यसैले मैले गर्दछु विन्ति इज्जत राख्नुहोस्
माथको मेरो सिंधुरलाई सुरक्षा गर्नुहोस्
जानकी होइनन् साधारण नारी कालीको औतार हुन्
सीताजी तिम्ले हरण गर्दा भएछ ठूलो भूल । १२६

नगर्नोस नाथ यो वैरभाव भनेको मान्नुहोस्
जानकीलाई साथमा लगी चरणमा पर्नुहोस्
व्यर्थमा नाथले बढाउनु हुन्छ मनमा विरोध
दुश्मनी भाव हटाउनु हवस नगर्नु विरोध । १२७

धर्मको आड लिएर लड्छन् श्री रामचन्द्रले
तिमी त नारी चोरेर लड्छौ अधर्मी मतिले
अधर्मी चालले यसरी लड्दा विजय पाइन्न
अनाहक तिमी यसरी लड्दा प्राण जान्छ रहन्न ।१२८

लंकाको पनि इज्जत गयो औ आफ्नो कुलको
स्वीकार गर्नोस पर्दछु पाऊ जुन आफ्नो भूलको
तपाईको हातले विषको वीज व्यर्थमा रोप्नु भो
तपाईले गर्दा सन्तति वीर मफतमा मार्नु भो । १२९

रानीका यस्ता अप्रिय शब्द रावणले सुनेर
रिसले क्रुध्द भएर रावण बोल्छ दाँत किटेर
भन्दछु रावण बसेर नजिक कचकच नगर्नु
भन्दैमा तैले सन्यासीसँग के काम डराउनु । १३०

हे मन्दोदरी नकरा धेरै जान्ने तँ भएर
म अघि वढें जो बढ्नु बढें फर्किन्न बिर्सेर
लंकाको राजा तपसीसँग म कैल्यै डर्दिन
जे गरें मैले राम्रै पो गरें जानकी सुस्पन्न । १३१

त्यस्ताको महिमा गाउँछ्यौ तिम्ले स्वीकार गर्दिन
सवेरै भोलि विहानी हुँदा मार्दछु मर्दिन
साच्चिकै तिनी ईश्वर भए म सफल हुनेछु
संग्रामभूमि हुनेछ शैय्या शान्तिले सुत्ने छु । १३२

भगवान यदि रहेछन् भने नगर्नू हल्का वात
वैकुण्ठबाट तानेर ल्याएँ कस्तो छ मेरो बल
त्यैबेला त्यस्ले त्यो अन्धकारमा एक ज्योति देखेछ
झिलिक्क गरी अलप भयो क्षणमा बिर्सेछ । १३३

भन्दछ रावण यी मेरा पाउमा देवता पर्दछन्
यम र वरूण संम्पूर्ण वन्धनमा सड्दछन
तैले त मलाई चिनेकी छैनस् म कस्तो भनेर
संसारले मलाई गर्दछ पूजा देवता संझेर । १३४

जुन दिशातिर हेर्दछु मैले आफैंलाई देख्दछु
हे मेरी प्रिया त्रैलोक्य भरमा म आफैं पुगदछु
संसारभरमा म हुन्छु त्यहाँ म बाहेक कोइ छैन
हृदयवसमा म बोल्छु आफैं अरू त बोल्दैन । १३५

संसारमा प्राणी आफैंनै कसैले मार्दछन्
जन्माउने शक्ति मार्नेको शक्ति मैलाई ठान्दछन्
यो कुरा तिम्लाई थाहा नै छैन म आफैं जान्दछु
ईश्वर मै हुँ सबैले पूज्छन ठोकेर भन्दछु । १३६

मान्छेले भन्छ ईश्वरको शक्ति सर्वत्र फैलिन्छ
म आफै भन्छु दैवीय शक्ति मभित्र सीमित छ
ईश्वर छैन अनेत्र कतै म आफैं बोल्दैछु
तपसी बालक देवता होइनन् तिमीलाई प्रष्ट्याउँछु ।१३७

सबैले भन्छन् ईश्वर छ भन्ने साराको विश्वास छ
ईश्वरको कतै वस्तीनै छैन मभित्र बस्दछ
मैमा नै बस्छ ईश्वर स्वयं अनेत्र बस्दैन
म वाहेक कुनै ईश्वर छ भन्ने पत्यार लाग्दैन ।१३८

मूर्ख र एवं विद्वान वीचमा क्यै कुरा मिल्दैन
त्यसैले दुवैका वीचमा क्यै पनि मिल्दैन
मूर्खका साथमा सक्तिन बस्न भनेर उठदछ
युध्दका लागि तर्खर गर्न रावण लाग्दछ । १३९

जसरी रणमा झगडा भीषण आपस आपसमा
त्यै छाँटसँग कलह भयो पति र पत्नीमा
पत्नीका साथमा मिल्दैन कुरा विरोध मच्चिन्छ
जति नै रोउन निश्चर नारी कस्ले पो सुन्दछ । १४०

चुप लागी बस हे मन्दोदरी युद्धमा जाँदैछु
सन्यासीलाई अवश्य पनि मारेर आउने छु
रावणकी पत्नी भएर पनि अत्यन्त मूर्ख छ्यौ
त्यो मेरो वैरी वालकको सधै तारिफ गर्दैछ्यौं ।१४१

यति नै भन्दै रावण उठयो लड्न त्यो गै हाल्यो
समरभूमा गएर त्यस्ले प्रशस्त वाण छाड्यो
राम र रावण दुबैका वीचमा संग्राम लगातार
कैयौंको ज्यान कैयौंको धन क्षति छ लगातार ।१४२

दल र बल त्यही नै थियो मूठभेद वीरैको
जल र थल त्यही नै थियो वेगिन्ति वाणैको
आकाश जस्तो रणस्थल भयो तारा झैं असुर दल
जुन रथमा राम भास्कर बसे त्यही नै उदयाचल ।१४३

सूर्यको तेजले अन्धकार सबै घटेर जाँदैछ
रामको वाणले निश्चरीहरू उन्मूल हुँदैछ
निश्चर नारी विधवा भई विलाप गर्दथे
वीरका आमा पिटेर छाती ईश्वर पुकार्थे । १४४

नारीका विलाप सुनेर धर्ती थरथर काम्दैछ
त्यो दृश्य देखी आकाश पनि धरधरी रूदैंछ
कसैको आत्मा थिएन शान्ति सराप्थे रावणलाई
रावणले सीता हरण गर्दा आपद सबैलाई । १४५

लंकाका नदी तलाउ आदि खग्रंग सुक्दैछन्
असकुन त्यहाँ दिन पर दिन प्रशस्त देखिन्छन्
महिनौसम्म चौपटसँग घोर युध्द भएको
आमाको कठै वीर पुत्र मर्दा लाश धेर सडेको ।१४६

कैयौंका छोरा कैयौंका पति कसैका दाजूभाइ
चिल्ली र बिल्ली पारेर मरे आपद छ बाँच्नेलाई
रावणले गर्दा लंकाको यस्तो दुर्दशा गरायो
सुन्दर लंका सुरम्य थियो अस्तित्व हरायो । १४७

अब ता राघव क्रोधित भए रावणमा सर ताके
रावणको दशै मस्तक काटी जमिनमा गिराए
जति नै काट्यो उति नै शिर तुरून्त सिर्जिन्थे
एक टकसँग राघवलाई हेर्दै मसक्क मस्किन्थे ।१४८

तत्क्षण त्यहाँ सबैले देखे दशै शिर उम्रेका
थिए ती शिर या इन्द्रजाल सबैले देखेका
जीवितै देखे लंकेशलाई निश्चर चिच्याए
लंकेश हाम्रा दीर्घायु होउन भनेर कराए । १४९

यो हालतसँग दशौटै शिर काटिन्थे उम्रिन्थे
यो दृश्य देखी सुर नाग किन्नर आश्चर्य मान्दथे
शिर काट्दा काट्दा राघव थाके काटिन्थे उम्रन्थे
कोशलनाथले विभीषणसँग भेद बुझ्न चाहन्थे ।१५०

कोशलनाथको मनको भाव भक्तले बुझ्थे
खुलस्तगरी त्यो भेद खोल्न संकोच मान्दथे
खोलौं कि भेद नखोलौं भन्ने दोधार मन भयो
वास्तवमा कठै दाज्यूको प्रेमले भेद खोल्न रोकियो ।१५१

जे भए पनि रावण मेरा सहोदर दाज्यू हुन
या तिनी खराव अथवा असल ती मेरा दाज्यू हुन
नखोलौं भेद राघवको आश्रित भएरै बाच्या छु
खोलौं त भेद् युग युगसम्म म दागी हुनेछु । १५२

यसरी तिनी चुपचाप थिए सोचेर संझेर
कसरी दाइको भण्डाफोर गरौं खूव वैरी भएर
रावणले पनि तुरुन्त संझ्यो विभीषण त्यहाँ छ
त्यो मेरो वैरी कुलघाती दुश्मन यो भेद खोल्नेछ । १५३

यसैलाई मार्छु अवश्य पैले निर्भय हुनेछु
मुटुको विचको कण्टकलाई झिकेर फाल्दछु
यो भेद् जान्ने विभीषण बाहेक अरू त कोइ छैन
त्यसैले पैल्यै मार्दछु यसलाई मबाट बच्दैन । १५४

मलाई मार्ने संसारभरमा जन्मेको कोई छैन
जुन शक्ति आउछ मैबाट मर्छ उम्कन सक्दैन
मलाई मार्ने सामर्थ कस्को अमर हुनेछु
तुरुन्त पैले विभीषण मार्छु त्यसपछि लड्ने छु ।१५५

सन्यासी हार्छ याँबाट भाग्छ म खुसी हुनेछु
जानकीलाई महलमा लगी सोख शयल गर्नेछु
यो विचार गर्दै रावणले छाड्यो विभिन्न शक्तिवाण
त्यसबेला वीचमा अगाडि आए राघव भगवान ।१५६

सामूमा देखी राघवलाई रोकियो शक्तिवान
पाउमा पऱ्यो श्री रामजीका सुरपुर गयो वाण
यो दृश्य देखी लंकेश पनि अत्यन्त आत्तियो
कुन युक्ति गर्दा सन्यासी मर्छ यै विचार गर्दथ्यो । १५७

दाज्यूको खराव बुझेर चाला विभीषण शंकाए
दाज्यूप्रतिको भातृत्व प्रेम परिवर्तन गराए
यो सबै कुरा सोचेर मन्मा रामका समिपमा
सब भेद खोले विभीषणजीले पश्चेर पाउमा । १५८

यसको भेद् म विन्ति गर्छु सुन्नुहोस् कोशलनाथ
के गर्दा मर्छ बताई दिन्छु लंकाका दशभाल
काटिन्न यसका पूरा मस्तक यो मृत्युन्जय छ
यसको प्राण जाँदैन कैल्यै वरदान प्राप्ति छ । १५९

दशोटै मस्तक आफैले काटी शंकरलाई चढायो
त्यसैको फल यो बेला यहाँ संग्राममा पाइयो
यदि त त्यसले शंकरको ध्यान गर्नलाई बिर्सिन्छ
त्यसबेला त्यसका दशोटै शिर अवश्य काटिन्छ ।१६०

नाभीमा त्यसको प्रशस्त सुधा समुद्र बग्दैछ
नाभीको सुधा शोषिए पछि अवश्य मर्ने छ
यो गुप्त भेद सुनेर राघव हर्षित हुनु भो
शंकरजीको वन्दना गरी एकवाण छोड्नु भो ।१६१

मन्त्रेको वाण वेगले गयो अमृत सुकायो
अत्यन्त ठूलो आघात पर्दा शिव ध्यान छुटायो
क्रोधले गर्दा शंकरजीको ध्यान छुट्न गएछ
यो मौका पारी कालले उसलाई लिन पो आएछ ।१६२

त्यसपछि रामले एकवाण छोडे रावणलाई लागेछ
नौ शिर उसका खतमै गरी वाणले काटेछ
सकेन अड्न रावण ढल्यो संघर्ष गरेर
ढल्न त ढल्यो संघर्ष गऱ्यो राक्षस श्रीराम संझेर ।१६३

आखिरी बेला रावण वीरले क्यै कुरा सोचेछ
जसले गर्छ भाइलाई घृणा त्यस्को फल पाउनेछ
तुरुन्त मैले वदला पाएँ जस्लाई खेद्दथें
अनादर गरी सबैका सामू लात्तिले हानेथें । १६४

वास्तवमा मेरो भाइ नै थियो मफतमा त्यागेथें
दुर्वाच्य बोल्दै सभाका सामु धिक्कार दिंएथें
त्यसबेला स्वयं पागल थिएँ विचारै गरिन
भाइले मलाई संझाउदा खेरी पटक्कै मानिन। १६५

अनुरोध भाइको मानेको भए यो गति हुन्नथ्यो
सन्तान सबै सुरक्षित हुन्थे सुनाम फैलिन्थ्यो
मलाई मार्ने तागत शक्ति कसैमा थिएन
विभीषणबाट हारिन गएँ रामबाट हारिन। १६६

संझायो कति भाइले मलाई त्यो कुरा मानिन
यसरी मैले वदला पाउने मन्मानै थिएन
भाइलाई मैले चिनीन पैले त्यसैले लत्याएँ
रोपेको थिएँ जुन वीज मैले त्यसैको फल पाएँ।१६७

एकक्षण पछि विभीषण सोच्थे नकाम गरेछु
दाज्यूको मान नराखीकनै भेद् मैले खोलेछु
जे भए पनि ऊ दाज्यू मेरा दर्जाले मान्य हुन
विपक्षसँग भाइले मिल्नु मन्मा के सोचें हुन। १६८

अठार हात नौ वटा शिर राघवले काटेथे
उभिन ज्यादै मुस्किल पर्दा रावण लडेथे
लडेको एकै क्षण उसको क्यै होश आएछ
राघवातार श्री विष्णुलाई अगाडि देखेछ। १६९

जीवन उड्न तत्पर थियो साथमा कुमार
रामको संकेत पाएर बोले लक्ष्मण उदार
रावण तिमी उत्कृष्ट व्यक्ति संसारमा कोइ छैन
तिमी झै विद्वान वुध्दिमान जन्मिन सक्दैन। १७०

अन्तिम बेला हामीलाई केही राजनीति सिकाऊ
वैज्ञानिक तिमी अनुभव आफ्नो हामीलाई बताऊ
रावण थियौं वहुत योग्य संसार भरिमा
तिमी झै योगय जन्मिने छैनन् पृथिवी भरिमा।१७१

हे वीर लक्ष्मण यो बेला मलाई दम बढिरहेछ
कालले मेरो नजिकै आई लैजान तयार छ
आखिरी बेला कसरी मैले राजनीति बयान
तैपनि लक्ष्मण केही नीति भन्छु आज्ञाको पालन।१७२

जुन शुभकार्य गर्नुछ भने विलम्व नगर्नु
खराव कार्य गर्नुछ भने तुरून्त नगर्नु
सोचेथें मैले सागरको पानी अमृत बनाउँछु
पृथिवीदेखि स्वर्गमा पुग्ने भऱ्याङ बनाउँछु। १७३

मनको इच्छा मनमै राखी झगडा मच्चाएँ
छातीमा आफ्नो वञ्चरो ताकी यो मुटु फुटालें
जीवनभरमा असल कार्य क्यै गर्न सकिन
पत्नीको समेत सल्लाहलाई मतलवै राखिन। १७४

अर्काकी पत्नी चोरीको काम तुरून्तै गरियो
खराव कामको नतिजा पनि हातहातै पाइयो
जो हुनु थियो त्यो सबै भयो बाँकी क्यै बताउँछु
ध्यान दिई सुन त्यो कुरा पनि यो बेला सुनाउँछु।१७५

यो जीत तिम्रो भएको होइन यो जीत मेरै हो
लंकामा घुस्न दिइन मैले बाँचुञ्जेल मेरै हो
यो बेला तिम्रा सामूमा म छू तिम्रो धाम जाँदैछु
जीवित बेला हराएँ तिम्लाई ऐले जाँदैछु। १७६

बाँचुन्जेल शान्ति पाइन मैले मर्नु नै असल छ
भाइलाई मैले निकाली दिंदा त्यै पाप लागेछ
अधर्मी भएँ अत्याचार गरें कसैलाई टेरिन
वीर पुत्र मेरा संग्राममा मर्लान त्यो मैले बुझिन।१७७

लक्ष्मणसँग वातचित गरी रावण उठेथ्यो
विभीषणलाई नजिकै देख्दा अँगालो हालेथ्यो
म मूर्ख हुँदा लत्याइदिएँ फल भोग्दैछु
तिमीलाई रामका काख्मा छाडी म टाढा जाँदैछु।१७८

त्यो बेला ठूलो छोपेर मौका रामले छाडे वाण
त्यो वाण गई छातीमा लाग्दा तुरुन्त गयो प्राण
काटेका दशै रावणका शिर रामकै पाउमा
ढाडबाट पनि प्रज्ज्वल शिखा मिल्दोछ राममा ।१७९

रावणको शरीर ढल्नाका साथै विभीषण रोएथे
अतीतका गुण संभ्कना हुँदा विचलित भएथे
दाजूका साथै विभीषण ढले ती परे मूर्छामा
क्यै क्षण पछि खुलेछ होश अनि पो संभ्कना ।१८०

राम्रोरी होश खुले पछि अफशोच गर्दथे
नराम्रो कार्य गरेछु भन्दै पश्चाताप गर्दथे
अधर्मी भएँ दाजूको रगत मैले नै बगाएँ
दाज्यूको भेद् विपक्षसँग मैले नै खुलाएँ । १८१

अजस्वरी भएका थिए मै काल बनेछु
भण्डाफोर गर्दा दाजूको भेद नकाम गरेछु
कुलघाती भएँ कलंकी भएँ यो दाग जाँदैन
जति नै धोऔं पखालौं दाग निर्मल हुँदैन । १८२

दाज्यूले मलाई हानेका थिए केवल दुई लात्ती
दाज्यूको लात्ती सहिन मैले म भएँ कुलघाती
कुशल राजा लंकाका थिए प्रजाका पियारा
विद्वान थिए शक्तिवान थिए आँखाका सितारा ।१८३

दाज्यूको लात्ती सहनु पर्थ्यो भाइका नाताले
दाज्यूको जस्तो आत्मीय माया दिँदैन अर्काले
सज्जनता शान्तिशील छोडिदिएँ गंभीरता हराएँ
म मूर्ख हुँदा वंशको मैले सर्वनाश गराएँ ।१८४

अति नै सानो दिल मेरो हुँदा गल्ती नै गरेछु
दाज्यूकै खोइरो खनेर मैले छुल्याई गरेछु
विद्वान एवं बुद्धिमान हुँदा शंकर रिझाए
लंकाको राजा शक्तिवान भन्ने नाम कीर्ति फैलाए ।१८५

दाज्यूका वचन अपमान संझी दाज्यूकै द्रोही भै
यो जीवन मेरो मरेकै तुल्यै के बाँच्नु पापी भै
विधाता मलाई लगिदेऊ चाँडो दाज्यूलाई भेट्दछु
रोएर वरवर मागेर क्षमा पाउमा पर्नेछु । १८६

कुलघाती भनी संसारले मलाई अवश्य थुक्नेछ
पृथिवी आकाश अडिएसंम वदनाम चल्नेछ
हृदय मेरो ज्यादै नै नीच छर्लङ्ग देखियो
पुलस्त्य कुलमा भएर जन्म कुलघाती भइयो ।१८७

सज्जनता धैर्य सब छोडिदिएँ क्यै बाँकी रहेन
दाज्यूका जीवनकालमा कैल्यै विनम्र भइन
बिलकुलै मेरो गल्ति नै थियो स्वीकार गरिन
निहुँ मात्र खोजी निस्केर आएँ अरू क्यै सोचिन ।१८८

रावणको मरण सुनेर खवर श्री मन्दोदरीले
आलाप र विलाप गरेर आइन हावाका गतिले
छाडेर डाँको पटरानी लडिन रावणका लाशमा
बस्दिन नाथ लैजाऊ चाँडै हजुरका साथमा ।१८९

लडेको थियो पतिको लाश रानीले देखिथिन
रगतै रगत अंग र भंग विभत्स देखिथिन
पतिको साथै रानीको पनि सौभाग्य हरायो
हे दैव तेरो कुठार पर्दा यो गति गरायो । १९०

ईश्वर नियम बदली देऊ अन्याय नगर्नू
पत्नीलाई पहिले लैजाऊ धाम्मा विधवा नगर्नू
ऐले नै आज्ञा दिनुहोस् नाथ विधवा नहोउन्
पत्नी नै पहिले मरेर जाउन् श्रीमान अमर हुन् ।१९१

विधवा विलाप प्रलयकारी के तिम्ले सुन्दैनौ ?
पत्नीको व्यथा जीवन कथा के तिम्ले बुझ्दैनौ ?
न्यायी छौ यदि ईश्वर भने विधुवा नगर्नू
नारीको रोदन आकुल व्याकुल तिमीले नसुन्नू ।१९२

ईश्वरको दिल अत्यन्त कठोर पत्थरको रहेछ
ईश्वर हुन्छ दयालु भन्थे त्यो झूठ रहेछ
नारीको दिल कोमल हुन्छ पत्थर हुदैन
कोमल मन्ले दैवको कुठार सहन सक्दैन । १९३

अलाप र विलाप गरेर तिन्ले हृदय दुखाइन
हातका चुरा फुटालीकनै श्रृगार उतारिन
रानीका विलाप जीवनका दुःख लेखेर सकिन्न
उनका व्यथा आँशुले पोखे भनेर सकिन्न ।१९४

दुई आँखाबाट झल्झली आँसु बग्दथे रोकिन्न
जति नै रोऔं मन मुटु चुडोस मन कत्ति बुझ्दैन
आँसुको वेग बढेर आयो शरीर भिजायो
त्यो दैव निष्ठूर भएछ धेरै विचल्ली गरायो । १९५

राघवलाई विदितै भयो रानीको विलाप
विभीषण पनि दुःखित थिए चेहरा मलीन
साम्मा तिनका राघव गई दिएथे सुझाव
जो हुनु थियो त्यो भइसक्यो नगर विलाप । १९६

एकदिन आउने एकदिन जाने दैवको नियम हो
जन्मेर हामी पर्दछ मर्नु नमर्ने प्राणी को ?
हे महारानी नगर विलाप नगर अफसोच
जिन्दगी भन्नु दुःखको भण्डार क्षणिक सुखभोग ।१९७

राघवजीको हुकुम भयो सामान तयार
उत्तिनीखेरी सामान आयो अन्तेष्टी संस्कार
हे जीवधारी फर्केर हेर जिन्दगी कस्तो छ
दुई दिनको मेला कालको फेला परेर जानु छ ।१९८

रिस क्रोध वशमा राख्नु जिन्दगी क्षणिक छ
शरीरलाई संसारबाट छोडेर जानु छ
नगर घृणा नगर हेला नगर्नू तिरस्कार
एक दिन सबै छोडेर जान्छन् यो रम्य संसार ।१९९

दुनियाँ पछि फर्केर हेर यो ठाऊँ कस्तो छ
जतिञ्जेलसम्म बाच्दछौं हामी मोहमा भुल्नु छ
क्षणभर बाँच कल्याण गर नरूवाऊ कसैलाई
बाँचेको सार हुनेछ सबको यो सन्देश सबैलाई ।२००

आउनु छ एक्लै जानु छ एक्लै साथ कोही जाँदैन
शरीर बोकी जन्मेको थियो त्यो पनि लादैन
यो मेरो हकको यो तेरो हकको भन्दछौं सबैले
त्यो सबै छाडी सुटुक्क जान्छ लादैन कसैले । २०१

दुनियाँ तिम्ले सोचेर हेर एकदिन जानुछ
जस्लाई तिम्ले भन्दथ्यौं आफ्नो त्यो पनि छाड्नुछ
संपन्न तिमी भएता पनि क्यै छैन भन्दछौ
अर्काको कुनै संपत्ति देख्दा अत्यन्त जल्दछौं । २०२

शरीरको आफ्नो रगत पनि त्यो पनि छोड्नु छ
के गर्न आयौं कुन ठाऊँ जाने त्यो पनि अज्ञात छ
पर्दाको भित्र खेलाडी बसी सबैलाई खेलाउंछ
एक दिन हाम्रो सकिन्छ खेल सुटुक्क लैजान्छ ।२०३

विभिन्न कुरा देखाईकनै रानीलाई बुझाए
अन्त्येष्टि क्रिया संस्कार गर्नु भनेर अह्राए
राजसी ठाँटले संस्कार भयो सागरको किनारमा
लंकाका वासी अत्यन्त रोए परेर सन्तापमा ।२०४

अन्त्येष्टि क्रिया सकिए पछि राघवको आज्ञा भो
विभीषणलाई राजतिलक देऊ लक्ष्मणलाई भन्नु भो
रामको आज्ञा पाएर गए विभीषण साथमा
विभीषणलाई श्रीपेच दिए गएर लंकामा । २०५

विभीषण भए लंकाका राजा घोषणा गरियो
निश्चर समाज एक जुट भई आवाज सुनियो
रावणले पैले भनेका थिए रामले जितेमा
लंकाको सारा संपत्ति जेथा लानेछ कोशलमा । २०६

श्रीराम चन्द्र आएनन् त्यहाँ लक्ष्मणलाई पठाए
लंकाको राज्य विभीषणलाई खुशी भै दिलाए
जित्न त जिते श्रीलंका आज रामले लिएनन्
राजाको भाइले राजमुकुट पाए अन्याय गरेनन् ।२०७

जुन देशमा जन्मे श्रीरामचन्द्र त्यो देश धन्य छ
जुन कोखबाट प्रकट भए त्यो कोख धन्य छ
राघव वीरको तारीफ यस्तै निश्चरी गर्दथे
राघव जस्तै जन्मिउन् पुत्र सबैले भन्दथे । २०८

रावणका भाइ विधिवत भए लंकाका नरेश
लंकामा गई हनुमान स्वयं सुनाए सन्देश
अब त चाँडै जानकीलाई पठाउनु पर्दछ
इज्जतसाथ श्रीराम कहाँ लैजानु पर्दछ । २०९

समाचार सुन्दा विभीषण राजा अत्यन्त रमाए
जानकीजीको स्वागत गर्न नोकर्नी पठाए
त्रिजटा गइन जानकी छेऊ संचार सुनाउन
रावण मरे राघवबाट वृतान्त बताइन । २१०

जानकीजीको जीवन गाथा उज्ज्वल भएछ
हजारौं सूर्य उदय भई प्रभात खुलेछ
जीवनका दुःख सकिए अब सुखले चियायो
धर्मको जय पापको क्षय अभय गरायो । २११

कोशलपति विजयी भए निश्चरी मारिए
विभीषणलाई लंकाको राज्य निशंका दिलाए
जानकी अब स्वतन्त्र भयौ सुखमा रम्नेछौ
कोशलनाथका साथमा बसी सुधन्य बन्नेछौ । २१२

जस्लाई तिम्ले नबिर्सीकनै दिनरात सम्झन्थ्यौ
राघवलाई तिम्ले मुटुमा राखी आरती गर्दथ्यौ
नखाईकनै नसुतीकनै राम नाम जप्दथ्यौ
हे मेरा राम हे मेरा ईश्वर यो मन्त्र जप्दथ्यौ ।२१३

दुष्टका शब्द नसकी सुन्न मर्नलाई तयार
त्यसदिन तिम्ले निश्चय गर्‍यौ मर्नलाई विचार
आफैले चिता तयार पार्‍यौ त्यसपछि अह्रायौ
भनिथ्यौ तिम्ले सल्काई आगो चितामा लगाइद्यौ ।२१४

ल्याउँदछु आगो भनेर तिम्लाई म कतै गएँथें
रातमा कतै नपाई आगो फरक्क फर्कैथें
आँटेको कुरा नपुग्दा खेरी निराश भइथ्यौ
निश्चरीआई सताउदा खेरी अति नै आत्तिन्थ्यौ ।२१५

मबाट गल्ती जे जति भयो सो माफ गर्दिनू
मलाई पनि कोशलमा जाँदा साथमा लैजानू
अब त सीता महारानी भयौ सुखमा रम्नेछौ
दुःखकी साथी त्रिजटा भन्ने अवश्य सम्झन्छ्यौ ।२१६

कष्टका दिन सखाप भए उदाय सुखको
आपदमा धैर्य बाँधेर बस्नु धर्म हो नारीको
मलाईसँगै लैजानु हवस अवधपुरीमा
त्रिजटालाई दिनुहोस् स्थान मुटुको बीचमा । २१७

उनका प्रस्ताव स्वीकार गरिन आनन्द विभोरले
हर्षका भाव प्रकट गरिन नयन संकेतले
शरीर स्वच्छ निर्मल गरी कपाल नुहाई
सृंगार पटार गराउन लागिन त्रिजटा त्यहाँ आई । २१८

सुन्दर चुल्ठो बाटेर शिरमा सिन्दुर भरेर
सीताको शिर सजेको थियो फूलले ढाकेर
सीताको मुहार झल्झली प्रकाश पुञ्जले
शरीर सारा सजेको थियो कुसुम कलिले । २१९

सोह्रः श्रृगार गरेर सीता जानलाई तयार
उनका साम् संसारको शोभा देखिन्थ्यो निसार
ठीक त्यही बेला हनुमान आई दर्शन गरेथे
हे विश्वमाता जननी भन्दै पाउमा परेथे । २२०

देख्नाका साथै वीरको शिर हातले उठाइन्
हर्षित हुँदै पवित्र मुखले आसिक दिइथिन्
यो विश्वभरको उत्तम पुत्र भाग्यले पाएछु
उऋणी हुन सक्दिन कैल्यै ऋणी नै हुनेछु । २२१

ठीक त्यही बेला लिएर पाल्की आएका विभीषण
पाल्कीमा बसिन अम्बिका माता संझदै श्रीराम
पाल्कीका अघि लंकेश्वर लागे रवाना विस्तार
वरि र परि दास र दासी पछाडि वजरंग । २२२

वानर भालू ठूल ठूलो स्वरले रामको जयहोस्
हनुमान पनि मधुर स्वरले माताको जय होस्
जय जयकारको गुंजियो स्वर त्रिलोक भरिमा
पृथिवी आकाश पाखा र पर्वत गुञ्जियो स्वरैमा । २२३

वृक्षले वायु संचार गर्थे फूलले वास्नामा
निरन्तरसँग संचार पुग्थ्यो अयोध्या पुरीमा
संचार बोकी फर्केर आउथ्यो सीतालाई सुनाउँथ्यो
श्री जानकीको संचार लगी सबैलाई भन्दथ्यो ।२२४

वानर भालू हुलमूल गर्थे सीताजी देख्नलाई
सकेनन् रोक्न तिनको इच्छा उत्ताउलोपनालाई
पाल्कीको पर्दा तँछाड र मछाड गरेर खोल्दथे
श्री जानकीको दर्शन गर्न होहल्ला मचाउँथे । २२५

चंचलेपना सकेनन् रोक्न वानर भालूले
यो दृश्य देखी रामले भने उदार भावले
पालकीबाट ओह्राल सीता पैदलै हिडाऊ
सीताको घुम्टो खोलेर झट्ट अनुहार देखाऊ । २२६

ज्यू ज्यान समेत राखेर बाजी युध्दमा लडेका
राक्षसवंशै उछित्तो पार्न कम्मर कसेका
ती वानर भालू जानकी देख्न उत्सुक भएका
सीताको दर्शन पाउनका लागि हतारले आएका ।२२७

वनका वासी वनमा डुल्ने जंगली जातिलाई
पर्दाको भित्र हुँदैन राख्न देखाऊ सबैलाई
सीताजी आउन पैदलै अब सबैका सामूमा
ठूलो र सानो नराखीकनै भेदभाव हामीमा । २२८

राघवजीको पाएर आज्ञा शिविका अडयाए
शिविकाबाट तुरून्त ओर्ली विस्तारै हिडाए
उदयाचलको फारेर वादल सूर्यको प्रकाश
त्यै किसिमसँग सीताका तेजले झलमल आकाश । २२९

सीताका आँखा चंचल चतुर चौतर्फ फिजिए
राघवका नजर सुन्दर कमल चार नैन जुधिए
वजरंगी हर्षित अत्यन्त थिए समय अनुकुल
दौडेर वनका टिपेर ल्याए सुन्दर केही फूल । २३०

जानकीलाई टक्र्याए फूल श्रध्दा र भक्तिले
जानकीजीका पाउँमा झुके विनम्र भावले
सुग्रीव अंगद वानर भालू हर्षले रमाए
राघवजीको गुणगान गर्दै दिलदेखि सह्राए । २३१

वजरंगी जान्थे यता र उता हाल खवर बताउथे
जगदम्वाजीलाई देखेर राघव अनुहार बिगारे
रामको भाव बुझेर सीता क्यै कुरा सोचिथिन
आन्तरिक भाव बुझेर उनले विव्हल भइथिन् । २३२

ममाथि शंका लागेछ क्यारे कोशल किशोरलाई
चरित्र आफ्नो चम्काई दिन्छु तुरून्तै लोकलाई
शरीर आफ्नों निर्मल पारी नाथलाई भेटनेछु
अग्निमा प्रवेश गरेर मात्र चमत्कार देखाउँछु । २३३

श्री अग्नि देवता बस्नेछन् साक्षी कलंक मेटिन्छ
आगोले खार्दा सुनचादी पनि अत्यन्त चंकिन्छ
यो सबै कुरा सोचेर पैले लक्ष्मणलाई अह्राइन्
ल्याएर आगो सल्काई देऊ सीताले भनिथिन् । २३४

यो बेला मलाई मद्दत देऊ हित्कारी भएर
भाउजूको आज्ञा स्वीकारी देऊ प्रशन्न भएर
शिघ्रातिशिघ्र सल्काऊ आगो अग्निमा पस्दछु
सबैको शंका मेटेर पैले पवित्र बन्दछु । २३५

लक्ष्मणलालले ल्याएर आगो दनदनी दन्काए
जानकीजीको पवित्र आज्ञा उनले स्वीकारे
सबैका साम्‌ उभिई सीता क्यै कुरा बोलिथिन
चरित्र मेरो खराब भए जलाइदेऊ भनिथिन् । २३६

जजस्ले शंका गर्दछ मलाई तिमीले उत्तर देऊ
सतीत्व मेरो पतित भए जलाई मारिदेऊ
भनेर यति आगोमा षसिन सबैका साम्‌मा
हाहाकार भयो चट्याङ्ग पर्‍यो देख्नेका मुटुमा । २३७

दण्डक वनमा राघव बस्दा अग्निलाई बोलाई
क्यै दिनको लागि राखी देऊ सीता अग्निमै लुकाई
राघवको आज्ञा पालन गरी सीतालाई लुकाए
सीताको छाया दुरूस्त पारी रामलाई टक्र्याए । २३८

सक्कली सीता लिनका लागि उत्सुक हुनुभो
नक्कली सीता जलाऊँ भन्ने रामको इच्छा भो
रामको इच्छा बुझेर उनले ज्वालामा हामफालिन्
साराका साम्‌ आगोमा पसिन अलप भै हालिन् ।२३९

ठीक त्यही बेला पवन-कुमार तुरुन्त आएथे
त्यहाँको दृश्य देखेर अहो हनुमान आत्तिए
सुग्रीवजीले संक्षेपमहा भक्तलाई भनेथे
यो कुरा सुन्दा भक्तले मुख रातास्य पारेथे । २४०

रिसले गर्दा नजरबाट एक ज्वाला निस्केथ्यो
सबैका साम्‌ विकराल तेज चौतर्फ छरियो
त्यसबेला भक्त अगाडि सर्दै अग्निलाई भन्दछन्
हे अग्निदेव सचेत होऊ कडकेर भन्दछन् । २४१

सबैका स्वामी तिमी नै हुँदा क्यै कुरा लुक्दैन
माताको बारे क्यै तिम्लाई बुझाउनु पर्दैन
तैपनि ऐले यो दृश्य देख्दा रिसले जल्दैछु
श्री सीताजीको पवित्र गाथ नछोऊ भन्दैछु । २४२

सीताका तनमा भएछ दुःख कल्याण हुँदैन
आमाकै लागि अर्पिन्छु प्राण क्यै बाँकि राख्दिन
रामकै कसम खाएर भन्छु तिमीलाई निल्नेछु
जसरी हुन्छ श्री सीताजीको रक्षक बन्नेछु । २४३

आमालाई दुःख कसरी दिन्छौ साम्‌मा खडा छु
बल शक्ति तिम्रो लौ हेरी हालौं हाँकदिदै लडने छु
सूर्यलाई जस्तै निल्नेछु तिम्लाई राघवका मद्दतले
त्यसपछि तिम्रो दुर्गतिलाई देख्ने छ संसारले । २४४

संसार भरमा हाहाकार पार्दै पृथिवी डुबाउँछु
अग्निको नाम खतम पारी सबैलाई देखाउँछु
आमाको मुख्य दुश्मन तिमी उन्मूल गर्दछु
आमाका दुश्मन साधेर पछि पाउमा पर्नेछु । २४५

पाचोटा तत्व मिलेको वस्तु मेटिदै जानेछ
चारवटा तत्व मिलेको वस्तु संसारमा बन्नेछ
राख्दिन तिम्रो नाम र निशान तिमीलाई खाइदिन्छु
यो मेरो शक्ति कस्तो छ भन्ने सबैलाई देखाउछु ।२४६

क्रोधले तीव्र वजरंग वीरले अग्निलाई झम्टेथे
त्यै बेला झट्ट अग्निको रंग परिवर्तन देखेथे
सुग्रीव आदि वानर भालू एक टकले हेर्दथे
अतिव सुन्दर रूपैली त्यहाँ अपर्झट देखेथे । २४७

विस्तार विस्तार अग्निका साथमा रुपैली आएकी
विश्वकै सुन्दर साक्षात देवी लाजले झुकेकी
अमूल्य भूषण पैह्रेकी थिइन मन्द छ मुस्कान
सपना हो कि विपना भन्ने मन भयो भ्रमपूर्ण ।२४८

अग्निले पनि राघवलाई जानकी अर्पेर
भक्तिले पूर्ण समर्पण गरे विनम्र झुकेर
हर्षले गर्दा वानर भालू जयकार घन्काए
खूब चर्को स्वरले पृथ्वी आकाश हलचल मचाए ।२४९

छायाँकी सीता अग्निमा खारी सक्कली रामलाई
अग्निले ल्याई टक्र्याई दिए जगतका स्वामीलाई
श्री अग्नि देउता सत्यका साक्षी बसेका हुनाले
रमाको रूप चम्केको थियो सत्यको प्रभावले । २५०

खुशीले पूर्ण सतवन्ती सीता वामाङ्ग बसिथिन
राघवसाथ जानकी बस्दा तेजले शोभित थिन
दाहिनेतिर राघव हुंदा असाध्यै सुहायो
भक्तले ल्याई अमूल्य पुष्प दुबैमा चढाइयो । २५१

सीता र रामको सौन्दर्य बयान गरेर सकिन्न
शारदा शेष ऋषिले समेत लेखेर सकिन्न
लुकेको शक्ति प्रकट हुँदा हर्षले विभोर
सबैका आँखा भगवान तर्फै हर्षले विभोर । २५२

गौरवसाथ उल्लासित थिए त्यहाँका सबैं साज
त्यै बेला सूक्ष्म रूपमा आए दशरथ महाराज
स्थुल शरीर सम्बन्ध त्यागी सूक्ष्ममा रहेका
दशरथजीका जीवन इच्छा मनमैं साचेका । २५३

अनुभव ज्ञानी र नारी रहस्य बुझ्दथे
स्थुल सूक्ष्म स्वरूप दुबै धारण गर्दथे
अत्यन्त ज्ञानी शरीर त्यागी सूक्ष्ममा जिउँथे
आकांक्षा पूर्ण भएका दिन सोधाम लाग्दथे । २५४

त्यै सूक्ष्म रूपमा अल्मल भई दशरथ जिएका
पुत्रको माया अगाध हुँदा वन्धनमा परेका
मायाले गर्दा स्वधाम तर्फ नगई बसेका
मोहले गर्दा सकेनन् जान वासनामा अडेका । २५५

अतुल शक्ति पुत्रको देख्दा प्रशन्न भएका
पुत्रलाई आसिक दिनका लागि दशरथ आएका
मनका व्यथा मनैमा राखी शरीर त्यागेका
साँचेको माया ममता दिन उत्सुक भएका । २५६

यतिका वर्ष आकुल व्याकुल शोकमा परेका
मनको वह मुटुमा साँची सूक्ष्म भै रहेका
दशाले छाड्यो सुदिन फर्के चित्त भो प्रशन्न
पुत्रको शक्ति पिताले देख्दा अमृत वर्षण । २५७

पिताले आफ्नो पुत्रलाई दिए प्यारले आसिर्वाद
छोराले पनि पितालाई गरे सम्मान प्रणाम
हसिलो मुखले दशरथ बोले कामना पूरा भो
अतृप्त मेरो वासना थियो त्यो सबै पूर्ण भो । २५८

जीवन मरण सफल भयो ईश्वरका कृपाले
तिमीले पनि सकट काट्यौ पिताको आज्ञाले
सत्कर्म गर्दा सुमार्ग हिड्दा काँढाले कोर्दैन
कल्याण कार्य तिमीले गर्‍यौ लोकले बिर्सिन्न । २५९

बस है तिमी यो पृथिवीमा सुरधाम जादैछु
आत्माको राज्य तिमीलाई सुम्पी ऐले नै जाँदैछु
विश्वमा गुन्जोस रामको कीर्ति आसिक दिंदैछु
युगानुसम्म रामकै कीर्ति अमर होस भन्दछु । २६०

विगतका कुरा संझदा खेरी यो मुटु फुट्दछ
त्यो दिनको दृश्य संझिदा अहो मुटु नै चिरिन्छ
के गरी तिम्ले घोर कष्ट काट्यौ कलिलो उमेरमा
न खान पाउनु न सुत्नु पाउनु राक्षसी जंगलमा ।२६१

बितेका कुरा बितेरै गए के भनौं तिमीलाई
त्यो दिनको कुरा संझदा आज लाज लाग्छ मलाई
साक्षात विष्णु कोशलमा आयौ श्रीराम भएर
राक्षस मार्न घोर दुःख काट्यौ वनवनै घुमेर । २६२

सामान्य बालक संझेको थिएँ ईश्वर पो रहेछौ
सूर्यको वंश सफल पार्न कोशलमा जन्मेछौ
म पनि स्वयं सफल भएँ तिमीलाई देखेर
अब म जान्छु स्वधामतिर महिमा गाएर । २६३

दशरथजीले राघवलाई शान्त्वना दिएथे
सागरमा विन्दु मिलेको जस्तै विलिन भएथे
इन्द्रादि देउता त्यै ठाऊ आई मंगलगान गाएथे
प्रभुका गुणको तारिफ गर्दै मस्तक झुकाएथे । २६४

राघव तिमी पृथिवीमा जन्म लिन आयौ
कोटिकोटि निश्चरको तिम्ले ध्वंस पार्‍यौ
दण्डक वनमा राक्षसले तोवा तोवा पार्थे
होम यज्ञ गर्दा खेरी हड्डी फाली दिन्थे । २६५

जुन ठाऊँमा हामी जान्थ्यौं पछि पछि लाग्थे
देवता र व्राह्मणको हत्या गरिदिन्थे
रावण थियो शक्तिशाली सबलाई सताउँथ्यो
संसारको सर्वेसर्वा आफैलाई गन्थ्यो । २६६

शंकरको वरदानले मात्तिएको
ज्यूदा हामी लाश समान उसले बनाएको
त्यस्तोलाई मारिदिंदा हामी हर्षित भयौं
राक्षसको पन्जाबाट नयाँ जीवन पायौं । २६७

हाम्रा तिमी रक्षक भयौ तिम्रै रक्षणमा छौं
बाचुन्जेली राघवकै गुणको कदर गर्छौं
पृथिवीको भार हर्‍यौ कार्य सफल पार्‍यौ
सज्जनको रक्षा गर्न यो भूमिमा आयौ । २६८

महिमा तिम्रो गाईकनै कैल्यै सकिंदैन
तिम्रो शक्ति यस्तो भनी चिन्न सकिंदैन
राघवको ऋणबाट छुट्न सकिंदैन
तिम्रा गुण कयौं कति गाई साध्य छैन । २६९

पृथिवीको कार्यभार उन्मूल गरिएर
अनाथका बग्दा आँसु हातले पुछिएर
सुख दियौ दुख हर्‍यौ तिम्रै गुण गाउँछौं
अनाथको रक्षा गर हात जोड्दै भन्छौं । २७०

संसारको दुःख पीडा तिम्ले हटाई दियौ
कौशल्याको पुत्र भई जन्म लिन आयौ
पत्थरमा टेकीकनै चेतन बनाई दियौ
पर्शूरामको शेखीलाई चूर्ण पारी दियौ । २७१

शंकरको धनुष भाच्यौ सानै उमेरमा
हात्मा धनुष वाण लिई घुमिहिडयौ वनमा
खरदुषण त्रिसरादि मार्‍यौ कोटि राक्षस
दुष्ट सबको संहार गर्‍यौ दीन दुःखीका रक्षक । २७२

धन्य धन्य राम तिमी तिम्रो जन्म धन्य
दशरथको पुत्र बनी राक्षसको अन्त्य
यस्तै रक्षण पाई रहौं विन्ति हामी गर्छौं
हाम्रो जन्म सफल हओस प्रार्थना यै गर्छौं । २७३

हर्षित हुँदै देवता मिलि प्रार्थना गरेथे
सुगन्धित पुष्प अविर आदि चरणमा टक्र्याए
जय जयकारको मधूर ध्वनि त्रिभुवन गुन्जियो
देवताबाट राघवलाई वधाइ चढाइयो । २७४

देवेन्द्रद्वारा रामको दलमा अमृत छरेर
मृतकहरू जीवित भए राम राम भनेर
राक्षसहरू लडेको लड्यै जीवित भएनन्
मुक्तिको पद सबैले पाए नरकमा परेनन् । २७५

प्रभुलाई भेट्न विभीषण पनि त्यै बेला आएको
मणि र माणिक अमूल्य रत्न साथमा ल्याएको
प्रशन्न हुँदै प्रभूका पाउमा रत्नादि टक्र्याए
राघवले पनि रत्नादि सबै सेनालाई बाँडदिए । २७६

सीता र लक्ष्मण साथमा लिई प्रशन्त मुद्रामा
श्री राघवेन्द्र तुरुन्त पुगे वानरको फौजमा
अत्यन्त मीठो बोलीले भने वानर भालूलाई
राक्षस वंशै सखाप भयो धन्यवाद सबैलाई । २७७

मलाई ठूलो मद्दत दियौ नत्र त के सक्नु
यो ऋण तिम्रो बाँकी नै रहयो के गरी चुकाउनु
दुःखको बेला सहरा दियौं यो गुण बिर्सिन्न
आपदको बेला सम्बन्ध जुट्यो यो कैल्यै टुक्रिन्न ।२७८

यो नाता जस्तो बलियो नाता संसारमा कोइ छैन
मित्रलाई छाडी अलगग बस्न मनले मान्दैन
प्राणलाई समेत अर्पण गर्न सब थियौं तयारी
ती मित्रलाई जिन्दगीभरै बिर्सनु कसोरी । २७९

त्यसबेला हामी निराश हुँदै वन वन घुम्दथ्यौं
सीताको पनि हरण हुँदा चिन्ताले जल्दैथ्यौं ।
निर्धनी थियौं दुःखित थियौं आफन्त थिएन
दारूण जीवन बिताउँदा पनि प्राण जान सकेन ।२८०

जीवनमा ठूलो आपद पऱ्यो शिथिल भएथ्यौं
नखाई केही नसुतीकनै विकल भएथ्यौं
कुन ठाऊँ जाने के कुरा गर्ने विचारै आएन
चिन्ताले गर्दा जलेका थियौं प्राण जान सकेन । २८१

भागले मित्र भेटाइदियो सहारा दिलायो
अत्यन्त ठूलो संकट थियो त्यो पनि निभायो
बगेका आँशु मित्रले पुछ्यौ हामीलाई बचायौ
कसैले गर्न नसक्ने काम गरेर देखायौ । २८२

संयोगले भेटें पवनपुत्र सुग्रीव जाम्बलाई
मित्रले गर्दा चौतर्फ गए जानकी खोज्लाई
त्यसबेलादेखि मित्रकै ठूलो आश्वासन पाएथें
सबैको ठूलो भरोसा हुँदा रोदन रोकेथें । २८३

अगम्य विशाल सागर तरी जानकी भेटेथे
रावणलाई भेटी उसैको छोरा कत्तल गरेथे
लंकाको शहर विनाश गरी हनुमान फर्केका
साच्चैनै भन्छु बगेका आँशु मित्रले पुछेका । २८४

मित्रकै साथमा कालीगढ थिए पुल पनि बाँधिए
सबैको दया भएको हुँदा सेनालाई तारिए
तपाईकै मद्दत पाएको हुँदा रावण मारियो
नत्र ता कैल्ये सकिन्थ्यो मार्न भयंकर बलियो । २८५

मेघनाद जस्तो वरदानी वीर मार्नलाई मुस्किल
रावणको भाइ प्रख्यात वीर अत्यन्त बलवीर
राक्षसी वंश उन्मूलन गर्न मद्दत दिएथ्यौ
जानकीजीको संकट टार्छु कबोल गरेथ्यौ । २८६

कबोल आफ्नो गरायौ पूर्ण सीतालाई बचायौ
रावणको कुलै उछित्तो पारी सुशान्ति दिलायौ
यो सबै कुरा युगानुसम्म अमर हुनेछ
मान्छे र वानर संवन्धि कुरा चाखले सुन्नेछ । २८७

हे मित्रवर फर्केर जाऊ नबिर्स मलाई
दुःखीको उपर उपकार गऱ्यौ हुनेछ भलाइ
मित्रका सबै सन्तानहरू युगानु रहने छन्
पृथ्वी आकाश रहन्जेलसम्म अमर हुनेछन् । २८८

यतिञ्जेलसम्म मसँगै बस्यौ त्यो गुण सम्झन्छु
अब त तिम्रै रक्षक भई सुरक्षा गर्नेछु
वनवासी सबले सम्झेका होलान् हरक्षण तिमीलाई
अत्यन्त विव्हल भएका होलान् संझाऊ सबैलाई । २८९

प्रेमले पूर्ण राघवका शब्द सुनेर सेनाले
कोशलनाथको गरेर दर्शन प्रशन्न मनैले
दुबैमा माया भिजेको हुँदा आँखामा अडेन
छुट्टिने बेला मुटुमा गाँठो बोलिनै फुटेन । २९०

दुखले गर्दा सकेनन् बोल्न मनले जयकार
राघवजीको जयहोस् भन्दै ईश्वरलाई पुकार
वानर भालू रोएर गए प्रभुको मायाले
जति नै व्यथा लुकाउनु खोज्थे थामेन छातीले । २९१

हनुमान सुग्रीव वानरपति विचलित भएका
राघवजीका साथमा जान आकांक्षा गरेका
सुग्रीव अघि सरेर भने हामीलाई नछाडनोस्
राघवजीको, पवित्र थलो हामीलाई लानुहोस् । २९२

तिनैलाई साथमा लैजान पऱ्यो विवस भएर
जाम्ववान अंगद तयार भए कम्मर कसेर
सबैलाई पुष्पक यानमा राखे जानकीपतिले
विमान उड्यो कोशलतर्फ वायुका गतिले । २९३

चित्रकुट माथि विमान पुग्दा तलतिर हेर्नु भो
एक दिन अब्धि बाँकी छ भन्ने एक्कासी सोच्नु भो
हनुमान तर्फ नजर फिराई भक्तलाई अह्राए
एक दिन अघि भरतले सुनून भनेर पठाए । २९४

तुरून्त जाऊ अवधपुरमा भाइलाई भेट गर्नु
सकुशल साथ आइपुगे भन्ने खवर सुनाउनु
रोएका होलान् भरत बाबु प्रशन्न गराऊ
सुकेको रूखमा हालेर पानी हरियो गराऊ । २९५

पाएर आज्ञा पवनपुत्र तुरून्त गएथे
एक क्षण पछि अञ्जनी कुमार अयोध्या पुगेथे
राघव पनि वाल्मीकिजीका पुगेर आश्रममा
राम र लक्ष्मण सीताले गरिन ऋषिलाई प्रणाम ।२९६

वाल्मीकि भन्थे तैपनि अझै भएन विश्राम
रावण मारें भन्दछौ राम ज्यूदै छ रावण
दुनिया संझ सागर समान लंका हो शरीर
अहंकार सदा वढिनै रैछ हुँदैन गंभीर । २९७

प्राणीको स्वार्थ मेघनाद संझ आलस्य कुंभकर्ण
स्वार्थ र अहं आलस्यलाई मार्नु होस् भगवान
लंकाका राक्षस मारेर मात्र भू-भार हरिन्न
यी तिनै राक्षस नमारीकनै सुखमा रमिन्न । २९८

इन्द्रिय सबै मरेर मात्र सबै काम बन्दछ
यिनलाई मारी सकेर मेरो छातीमा बसिन्छ
छातीमा आसन खाली छ प्रभु आएर बस्नुहोस्
संसारका व्यक्ति छट्पटिँरैछन् सुशान्ति छर्नु होस् ।२९९

सीता र लक्ष्मण दायाँ र वाँया साथमा लिएर
प्राणीका मन्मा निर्धक्क बस्नु प्रशन्न भएर
कपालको जुरो पवित्र सुन्दर तनमा बलकल चीर
हातमा धनु काँधमा ठोक्रो चुट्कीमा राखी तीर ।३००

प्रेमका आँशु बरबर गर्दै धोइन्छ प्रभु पाऊ
चरणको जल पिउदछु प्रभु जिन्दगी पार लाऊ
हे कृपा सिन्धु लोभ र लालच नबढोस् यो मनमा
रमाका पति आएर बस शरीरका कण् कण्मा ।३०१

# राजतिलक

दशरथ पुत्र भरतजी आकुल व्याकुल भएका
चिन्ताले मुटु जलाई मर्नमा तयार भएका
हुन त एक दिन बाँकी छ तैपनि लामो लाग्दछ
भोलि त राघव नआए भरतजी बाँच्न मुस्किल छ। १

राघवमा भक्ति लगाई यत्तिका वर्ष पर्खेथे
रामकै नाम जपेर राघवमा जीवन अर्पेथे
कपाल लामो पालेर वल्कल वस्त्र पैहेर
वैरागी सच्चा भएका तनमा विभूत घसेर । २

राघव कैले आउने हुन् राजकाज कैले सम्हाल्छन्
कुनक्षण उनी आएर पाउमा स्थान दिनेछन्
प्रतिज्ञा आफ्नो पुऱ्याई लक्ष्मण सीता साथमा ली
भोलि नै आउँछन् श्रीराम दर्शन दिन्छन् मलाई ।३

आज त एक दिन पर्खिन्छु त्यस पछि जरुर पर्खिन्न
भोलिको साँझमा नआए तनमा प्राण अडिन्न
यी आँखा दुवै एक नासले चौतर्फ घुमाई हेर्दछन्
यी कानले पनि राघवकै आवाज सुन्न चाहन्छन्। ४

अत्यन्त उत्सुक वाहुली प्रभुपद छोऔं भन्दछन्
ईश्वर तिम्ले यो इच्छा शिघ्र नै पुऱ्याऊ भन्दछन्
संझना गरी राघवकै आँसुका धारा वर्षाए
विभिन्न कुरा संझेर आफूलाई आफैं धिक्कारे ।५

क्यै क्षण पछि सोचेथे जसको आमा जाली छ
पापको भारी बोकेकी अंगारभन्दा काली छ
अर्काको हक खोसेर आफूलाई महान संझन्छे
विषैली सर्प मौकामा उठाई फणा डस्दछे । ६

कोशलकी रानी भएर विवेक बुद्धि हराई
नाशस्य घरको गराई दासीलाई शिरमा चढाई
त्यतिले मात्र पुगेन जहरको प्याला पिलाइन्
श्री सत्यवादी पितालाई कालको मुखमा पुऱ्याइन् ।७

रहेछ संसार अनौठो कसैले कस्लाई नटेढ्ने
दुष्टलाई हात्मा लिएर सोझालाई शुली चढाउने
ईश्वर कैल्यै नबोल्ने मान्छेलाई मान्छे नगन्ने
देवतालाई पुकार्दा दयाले कैल्यै नहेर्ने । ८

रघुकुलकी नारी भै नीच कुलकी समान छन्
त्यस्ती नारी साराकी आँखा कीरा बन्दछिन्
कोशल राज्य संपूर्ण आगो दनदन सल्काई
सानो कोमल बालकलाई वनवासमा धपाई । ९

सोझा सच्चा राजालाई कालको मुखमा पठाइन्
दासी जे जे भन्दछे त्यै त्यै कुरा पत्याइन्
चंख जनको हातैमा हीरा रत्न पर्छ ता
पथ्थर समान त्यस्लाई जथाभावी फयाक्दछ । १०

यत्तिकैमा भरतले उनका मनले के संझे
आफनी आमा कस्ती हुन यस्ती भन्ने संझेथे
त्यै महलकी सुमित्रा धन्य धन्य ती नारी
राम्रो स्वभाव हुदामा संसारैकी पियारी । ११

रघुकुलकी वधु हौ सुनाम तिम्ले चलायौं
विना जंगल महलमा सिंहिनी भै देखायौं
विश्वभरमा तिम्रा नाम स्वर्णाक्षरमा लेखिन्छ
आकाश पृथिवी रहुन्जेल सुयश कीर्ति फैलिन्छ ।१२

धन्य छौ आमा धन्य छौ छोरा वनमा पठायौ
सौता–छोरो निंतिमा सुरक्षा गर्न पठायौं
चन्द्र र सूर्य रहुन्जेल तिम्रो ज्योति चंकिन्छ
सुमित्राको सुआत्मा संसारले चिन्दछ । १३

दशरथजीका महलमा नमुना बनी देखिन्छौ
परोपकार गर्नमा अघि अघि बढिछ्यौ
न्यायकी तिमी मुहान हौं अन्याय कति सहन्नौ
मनले सबै बुझ्दछ्यौ कसैको चित्त दुखाउन्नौ ।१४

जसका आमा यस्ता छन् त्यो देश स्वर्ग बन्दछ
उनका शान्तिपनाले सबैमा शान्ति छाउँदछ
जसका सन्तान जन्मिन्छन् लक्ष्मण जस्ता जन्मिउन्
नक्षत्र बनी पृथ्वीमा विश्वको कुना चम्काउन् । १५

लक्ष्मण तिम्लाई सुबुद्धि कसले गऱ्यो प्रदान
ईक्ष्वाकु कुलमा जन्मेर पृथिवी भरै महान
जति नै हुन्छन् दाज्यू भाइ रघुवीर लक्ष्मण जस्ता हुन्
आफ्ना पुर्खाहरूको नाम र इज्जत बचाउन् । १६

भरतकी आमा यस्ती छन् अन्याय मात्र गर्दछिन्
नागिनी कालै बनेर बालकलाई डस्दछिन्
त्यस्ताको कोखमा म जन्में पापको धापमा डुब्दैछु
कुख्यात भई के ज्यूनू काललाई निम्ता गर्दैछु । १७

लक्ष्मण भाइ धन्य छौं रन र वनका मान्य छौं
वसन्त चौधसंम नै सेवामा तिमी तल्लीन छौ
रघुनाथ हिड्ने बाटोमा कण्टक पत्थर पन्छाई
सहयोग गर्छौं तिमीले जीवन आफनो लगाई । १८

दाज्यू र भाउज्यू दुवैलाई जिन्दगी दिन तयार छौ
अनन्य भक्त भएर जिन्दगी अर्पण गर्दछौ
प्रभुको सेवा गर्नमा भोक र प्यास खप्दछौ
दुश्मन शत्रु आइलाग्दा झट्ट र पट्ट जाइलाग्छौ ।१९

त्योभन्दा पनि अनेकौ वनमा आपद परेको
निश्चरी मार्न तिमी नै हर्दम अघि सरेको
सुवर्ण मृग आएर झुक्याई दियो सीतालाई
राघव अघि सरेछन् नक्कली मृग मार्नलाई । २०

तिमीलाई रक्षक राखेर राघव जानु भएछ
मृगलाई मार्न लाग्दामा मारिचले छल्ले बोलेछ
जानकी माता आत्तिदैं रामलाई खोज्न पठाइन्
पारेर मौका रावणले जानकी माता हरेछ । २१

सुनेथें सबै वृत्तान्त तिमीमा के के घटेछ
वरदानी महान वीरबाट महान शक्ति लागेछ
यी कुरा सुन्दा लक्ष्मणलाई आत्मैले धन्य ठान्दछु
कर्म र वीरका भण्डार छौ भाग्यका श्रोत भन्दछु ।२२

लक्ष्मण जस्ता भाइ हुन विश्वल्यै यो माग माग्नेछ
युगानुयुगौं लक्ष्मणको संसारमा नाम चल्ने छ
जुन सेवा गऱ्यौ तिमीले त्यसको स्वागत गर्नेछ
कल्पानुकल्पौं लक्ष्मणको अमर गाथा चल्ने छ ।२३

इक्ष्वाकु कुलमा भरतले जन्मेर मात्र के भयो
राक्षस्नी आमा हुँदामा कुख्यात नाम फैलियो
एउटै बाबुका छोरा हौं तिमी र ममा फरक छ
सुकर्म तिम्रो देख्दामा अत्यन्त ईर्ष्या लाग्दछ । २४

यतिका वर्ष बिताएँ कसैको कल्याण गरिन
दुनियाँ सारा हसाएँ तैपनि मर्न सकिन
म स्वयं मर्न सकिन कालले लिन आएन
दाज्यूको सेवा गर्नमा भाग्यले मलाई दिएन। २५

सुमित्रा माता धन्य छन् पार्वतीभन्दा सच्चा छन्
आँखाकी नानी जस्तै छन् सबैले तारिफ गर्दछन्
हिमाल जस्तै शान्त छन् झरना जस्तै निर्मल छन्
त्यसैले सुमित्रा मातालाई प्रेरणा श्रोत भन्दछन् ।२६

भरत सधै दुखित छु रोएर जीवन बिताउँछु
दुष्टको सन्तान दुष्टै छु घृणाले जीवन बिताउँछु
ममता माया नपाउँदा घर न घाटको म भएँ
अन्यायी आमा हुँदामा गहिरो धापमा गाडिएँ। २७

वैरागी जीवन भोग्दैछु प्रभूको नाम जप्दैछु
समाजबाट अति नै तिरस्कार घृणा पाउँदैछु
हे रामचन्द्र तिमीले दयाले मलाई हेरी देऊ
जुन गल्ती गरें माफ पाऊँ म मूर्खलाई माफी देऊ ।२८

खराऊ तिम्रा पुजेर आँखामा आँसु भरेर
हेमन्त कैयौं बितेछन् रामको नामै जपेर
आजको दिवा लामो भो यो रात काट्न कठिन छ
भोलि ता प्रभु आउने छन् मधुर वाणी वर्षिन्छ। २९

जव त प्रभु आउनेछन् मुटुको व्यथा चढाउंछु
भलभली आँसु बगाई आँसुले पाउ धुनेछु
दुःखका राशी थुपारी मुटुमा जम्मा भएका
आँसुले सबै बक्ने छन् छातीमा सबै साँचेका। ३०

प्रभुकै ध्यान्मा बसेर समाधी समेत कसेर
वैरागी बनी जिएछु समाज सारा त्यागेर
जिनतिन आज अड्नेछु रामको बाटो हेरेर
भोलि ता तिमी नआए जानेछु संसार छाडेर ।३१

बालक बेला चारै भाइ विभिन्न खेल खेल्दथ्यौं
एकले अर्को भाइलाई अत्यन्त प्यार गर्दथ्यौं
पिताका थियौं पियारा आमाका थियौ पियारा
सबैका प्राण समान आँखाका थियौं सितारा ।३२

राजाकै छोरा भएर कोशलपुरमा जन्मेथ्यौं
सबैको प्रिय बनेर मुटुकै धड्कन समानथ्यौं
त्यो भाग्यलाई माताले आँखाले देख्न सकिनन्
सर्पिणी बनी चौतर्फ हलाहल मुखले ओकलिन। ३३

बितेका दिन सम्झिदा मुटुमा ठक्कर लाग्दछ
आँखाका वरिपरि नै रामका रूप देखिन्छ
कसरी गयौ जंगलमा के गरी दिन बितायौ
राक्षसका दुष्टहरूको उछित्तो समेत गरायौ। ३४

रातो दिन कति म रोऊँ तिमीलाई मात्र सम्झेर
यतिका वर्ष बिताएँ प्रत्येक घण्टा गनेर
सीता र लक्ष्मण साथैमा लिएर भोलि आउनुहोस्
सागर जस्तै बगेका आँसुका धारा पुछ्नुहोस। ३५

आकाश वायु पृथिवी सूर्यलाई साक्षी राखेर
बोकेको बोझ सुम्पिन्छु प्रभुका पाउमा झुकेर
मेरो ता प्रण पुऱ्याएँ प्रभुको पनि पुऱ्याउनू
भोलि नै यहाँ आएर कोशल राज्य संहाल्नू। ३६

पितालाई बसमा राखेकी गरल प्याला लिएकी
कैकेयी रानी रूपौली राजालाई मोहित पारेकी
प्रियाका कुरा सुनेर बालकलाई वनमा पठाए
अत्यन्त आघात पर्नाले जिन्दगी समेत गुमाए। ३७

पिताको प्यार पाएका आमाका काखमा बसेका
सबैका हाइ हाइ !! भएथ्यौ महलमा खेली बढेका
एक्कासी वनवास सुन्दामा कलिलो मुटु फुटेन
कैकैयी रानी पत्थर हुन् उनको मुटु पगलेन। ३८

कैकैयी रानी दुष्टाले यौवन मदमा भुलेर
मरिन्छ भन्ने नसंझी निर्दयी निष्ठूर बनेर
रिसले वनमा पठाइन् युगानुसम्म दाग लाइन्
असंती बनी तिनीले जिन्दगी भरमा के पाइन् ? ३९

के भनौं प्रभु अवाक् छु कस्लाई हालत बताऔं
मनका कुरा मनैमा साँचेर हाय ! म बाचौं
जिन्दगी रैछ काँडेदार के गरी काटेर छिचल्नु ?
आगामा सँधै जल्दैछु यो वेला मैले के भन्नु ? ४०

पलपल अति जल्दैछु मनले राम भज्दैछ
प्रभुको नाम जपेरै जिनतिन यो रात काटिन्छ
कसरी बाँचौं हे राम उपाय मनमा आउँदैन
यो प्राण पनि हे नाथ सजिलोसँग जाँदैन । ४१

गएका थियौ वनैमा अपशोच लिई मनैमा
राजतिलक हुने वेलामा वनवास गर्नु वेकाम्मा
किन्चित दुःख नमानी महल छाड्नु भएछ
हजुरको साथै कोशलमा तमले वास गरेछ । ४२

कौशल्या पुत्र श्री राम निराश मलाई नपार
भोलि ता दर्शन न पाए यो लाश सड्न तयार
आउनुहोस प्रभू आउनुहोस यो मुटू शितल पार्नुहोस्
राघवको दर्शन पाएरै जलेको मुटु शितल होस् ।४३

मेरो त आशा त्यही छ हजुरको मर्जी के हुन्छ
मनका तीव्र व्यथाले आँसुका धारा बग्दछ
यो व्यथा कस्लाई सुनाऊँ कसैले पनि सुन्दैन
व्यथाले ज्यादै पोल्दैछ शितल हावा बग्दैन । ४४

पूजाको विधि जान्दिन राम नाम मात्र जान्दछु
दुष्टाको छोरो हुनाले ज्यादै नै नीच बनेछु
जे भए पनि माफिदेऊ अतीतका कुरा बिर्सिदेऊ
भोलिकै दिन्मा सबेरै आएर प्यास मेटिदेऊ । ४५

करूणा गरी हेर्नुहोस शरीर मेरो कस्तो छ
रामकै दर्शन निंतिमा प्राणले धर्म राख्दैछ
दुष्टको पुत्र भरत होस् भनेर मलाई नत्याग्नु
जे जस्तो भएँ भैहालें भाइ हो भनी स्वीकार्नु । ४६

संझना गर्दै राघवको वेहोश जस्तै हुदैछन्
अत्यन्त ठूलो आवाजले चिच्याईकनै बोलाउँछन्
हे राम राघवकुल भूषण बोलाउँदा पनि बोल्दैनौ
भोलिनै आउँछु भनेर सूचना समेत दिंदैनौ । ४७

अनाथका नाथ तिमी हौ बनाऊ मलाई सनाथ
सानिध्य रामको छुट्दामा विव्हल भएँ अनाथ
जसरी माछो तड्पिन्छ पानीको वास छुट्दामा
त्यसरी भरत तड्पिन्छु रामसँग वियोग हुँदामा ।४८

संपत्ति आफ्नो चोराई गरीब सुखी हुँदैन
राघवको साथ नपाए भरत शायद बच्दैन
यो दास रून्छ असाध्यै प्रभुले आँसु पुछ्नुहोस्
चाँडै नै आई मलाई भरत भाइ भन्नुहोस् । ४९

प्रभुको नाम लिदैमा यतिका वर्ष बितेछन्
सहश्र धारा रूदामा आँखाका आँसु सुकेछन्
ती चौध वर्ष भन्दा झन एक दिन पनि लामो भो
यतिका वर्ष बाँचेथें एकदिन बाँच्न मुस्किल भो । ५०

प्रेममा मस्त भरत छन् रामकै नाम रट्दछन्
काटिन्छ पाप मेटिन्छ दुःख राघव नाम जप्दछन्
सागर तार्ने रामचन्द्र उनैको नाम लिएमा
परम शान्ति मिल्नेछ कोशलनाथ संझेमा । ५१

दुःखीका आधार उनै हुन् उनैको नाम सुमन्त्र
परमेश्वर श्री इष्ट दशरथ पुत्र रामचन्द्र
यो हृदयमा बस्नुहोस कौशल्यानन्दन श्रीवत्स
हृदयसाथी तिमी हौ घनिष्ट दिव्यश्री इष्ट । ५२

अत्यन्त जोडले भरतलाल श्री रामलाई पुकार्थे
अपर्झट आफनो सामूमा एक वृध्द व्राह्मण देखेथे
ती वृध्द व्राह्मण देखेर भरतमा शान्ति छाएछ
के कारण निंति आएका सोध्नमा उत्सुक लागेछ। ५३

भरतको हालत त्यो थियो जमिन उनको विछ्यौना
श्रीराम बाहेक कुनै चीज लागेन कुनै तिर्सना
देखिन्थे मानो लुकेको वादल भित्र भास्कर
सुकेको दुव्लो शरीर अनुहार थियो जर्जर। ५४

कपाल लामो पालेको दायाँ र बायाँ लरकेको
दाज्यूका पिरले गर्दामा शरीरको रगत सुकेको
वैरागी जीवन बिताई सीताराम मन्त्र जप्दथे
त्यतिका वर्ष अटल भै सर्दी र गर्मी सहन्थे। ५५

राममा तल्लीन देखेर व्राह्मण ज्यादै हर्षाए
उनको प्रेम बुझेर प्रेमका आँसु वर्षाए
राजर्षि चिन्ता नलेऊ जसको चिन्ता गर्दछौ
जस्लाई देख्ना निमित्त क्षण क्षण औला गन्दछौं। ५६

बानर भालू साथमा ली पुष्पक विमान चढेर
राघव सीता आउँदैछन लक्ष्मण साथमा लिएर
व्राह्मणका शब्द के थिए अमृत धारा ती थिए
ती शब्द सुन्दा भरतले जीवन संचार पाएथें। ५७

खुशीको संचार सुन्दामा भरत गद्गद् भएथे
हर्षाश्रु भलभल बगाई आनन्द विभोर भएथे
खुशीले गर्दा भरतलाल शब्दमा बोल्नै सकेनन्
आनन्द नदी बग्दामा आँखाले केही देखेनन्। ५८

भक्तको हर्ष के भनौं बयानै गर्न सकिन्न
जतिनै भनौ वास्तवमा व्यक्त नै गर्न सकिन्न
उनका खुशी लहरले अयोध्या छाइरहेछ
राघव आउने खुशीको खवर सारा गुञ्जेछ। ५९

राघवले पनि त्यत्तिकै भरतलाई प्राण संझन्थे
भरतले पनि दाज्यूको मर्यादा मान राख्दथे
जिन्दगी वाजी थापेर राघवले जीवन बिताए
उछित्तो पारी राक्षसको धर्तीको भार हराए। ६०

भरतले धैर्य राखेर रातोदिन राघव संझेर
योगीको भेष गरेर केवल राघव जपेर
महलै छाडी भरतले खराऊ भइमा पुजेर
तपस्या गर्थे भरतले राममा तन मन दिएर। ६१

हर्षले विभोर भएर दुवै हात उनले जोडेर
भरतले केही सोध्दथे विनम्र ज्यादै भएर
तपाईलाई मैले चिन्दिन सम्मान केही गरिन
भन्नुहोस विप्र आफनो नाम पहिले त कतै देखिन। ६२

सुनेर प्रश्न भरतका कपिले रूपै बद्लेथे
रामका भक्त हनुमान तुरून्त उनले चिन्हेथे
कपिले भने राघवको संदेश ल्याई आएको
तपाईलाई सन्देश सुनाउन पहिले नै यहाँ आएको। ६३

हे भक्त शिरोमणि हौ राघवप्रिय तिमी छौ
प्रणाम मैले गर्दैछु स्वीकार तिम्ले गर्नेछौ
पुलकित भए भरतजी हर्षले आँसु भरिए
उठेर भरत तुरून्तै छातीमा छाती मिलाए। ६४

पवनपुत्र दाज्यू हौ तपाई मेरा मित्र हौ
सुकेका दिलमा तिमीले अमृत धारा वर्षायौं
अब त मलाई चाहिन्न संसारभरका कुनै चीज
रामकै शरण पर्नेछु राममा मेरो भक्ति प्रित। ६५

अञ्जनी पुत्र तिमीलाई उपहार कुन चीज चढाऔं
प्राणको रक्षक संझेर खुशीको प्रित बढाऔं
वजरंगवली तिमी हौ सीताका प्यारा तिमी छौ
राघवको गुणगान गाएर विश्वमा प्रचार गर्दछौं। ६६

हे वीर भक्त राघवका वुध्दिमान एवं गुणवान
सुकेको जीवन तरूमां अमृत छरी प्रदान
धन्य छौ तिमी हे भक्त शंकरजीका प्यारा छौ
जानकी माता सतीका अनन्य भक्त धन्य छौ । ६७

प्रशन्न भए भरतजी सुनेर सुन्दर सन्देश
मागेर विदा पवन सुत राघव कहाँ फर्केर
कोशल राज्य भरिमा राघव आउँछन् भनेर
वायुको वेगझै फैलियो खुशीको खवर सरर । ६८

राघव आउने खवरले कोशलै थियो प्रशन्न
खुशीको खवर फैलियो भारतभरि विभिन्न
राघव देख्न नपाई जनता निराश भएका
यतिनै वर्ष बाँकी छ भनेर औंला गनेका । ६९

जुन दिनदेखि सीता राम अयोध्या छाडिगएथे
त्यै वेलादेखि विस्तारै नदी र ताल सुकेथे
प्रकृति आज सुन्दर छन् जंगल हराभरा छ
निर्झरी नदी गद्‌गद् भै संचार दिन तयार छ । ७०

जुन फूल पैले ओइलाई बोटका पात झरेथे
ती बोट आज तुरून्तै हरियो भई झुल्दथे
अयोध्या थियो अँध्यारो ऐले त सूर्य उदाए
पाराको इच्छा कामना राघवजीले पुऱ्याए । ७१

राघव आउने संचारले प्रकृति समेत खुशी छन्
सरयूछाल उर्लेर स्वागतका लागि तयार छन्
लतिका तरू कोपिला हलक्क भई बढेका
अयोध्यापति राघवको दर्शनको इच्छा गरेका । ७२

सुकेका कुवा तलाउ आज त भरी भएछन्
अयोध्या निकै सुखी छ दुःखका दिन गएछन्
चौरमा घाँस प्रशस्त गाई र बाच्छा चर्दछन्
रामचन्द्र फर्की आउँदामा अयोध्यावासी खुशी छन् ।७३

रामको दर्शन निमित्त हजारौं नरनारीले
विमान अड्ने ठाउँमा गएका थिए उत्सुकले
भरतलाई साथमा लिएर वशिष्ठ गुरू गएका
विरामी पनि उठेर विस्तार गरी हिडेका । ७४

भरतका आँखा एक्कासी आकाश तर्फ परेथे
त्यतिनै वेला प्रत्यक्षै विमानमा प्रभू देखेथे
वायुका वेगले विमान अगाडि बढ्दै आएथ्यो
विस्तार विस्तार विमान जमिनतर्फ ओर्लेथ्यो । ७५

त्रिगुणरूपी तीन जना विमानबाट निस्केथे
तिनैका साथ क्यै व्यक्ति अघि र पछि निस्केथे
जब त राघव निस्केथे भरत गए दौडेर
हर्षले विभोर हुँदामा चरण परे झुकेर । ७६

हे दाज्यू मेरा हे दाज्यू यसरी मलाई बिर्सेर
कसरी तपाई बस्नु भो वनमा दुःख सहेर
कोशलको राजकुमारले सन्यासी समान भएर
दुःखले वनमा बस्नु भो जोगीको भेष गरेर । ७७

भरतको भक्ति देख्दामा राघव विव्हल भएका
छातीमा उनलाई टाँसेर प्यारले चुम्वन गरेका
यतिका वर्ष शोकाकुल भएर तिमी बसेछौं
शोकले मात्र पुगेन खरानी पनि घसेछौं । ७८

राघव विव्हल भएरै आँसुका धारा बगाए
नरोऊ भाइ आइहालें भनेर धेरै सम्झाए
वशिष्ठजीका चरणमा राघवले मस्तक झुकाए
आसिक धेरै दिएर हातले शिर उठाए । ७९

त्यसपछि रामले भन्नु भो माहिली आमा भेट्दछु
त्यसपछि कान्छी आमालाई तुरून्त गई ढोग्दछु
जेठीमा कता हुनुहुन्छ उहाँलाई भेट्न जाउँला
तीनौटी आमाहरूको आसिक मैले पाऊँला । ८०

लक्ष्मणजीलाई अह्राए कान्छीमा भेट्न गइहाल
शोकाकुल मुटु आमाको गएर तिम्ले सम्हाल
उर्मिला कहाँ गएर पिरको राँको निभाऊ
आपसमा वार्ता गरेरै उनको चित्त बुझाऊ। ८१

लक्ष्मणलाई उता पठाई कैकेयी भेट्न जानु भो
कैकेयीजीका पाउमा विनम्र भई ढोग्नु भो
जानकी पनि मुसुक्क हाँसी माताका पाऊ परेकी
कैकेयी रानी लज्जाले पश्चाताप धेरै गरेकी। ८२

दुवैलाई दिँदै आसिरवाद मुटुमा गाठो पारिथिन्
पैलेको गल्ती संझेर दुःखको स्वास फेरिथिन्
यो दाग रहयो युगौंयुग धोएर कालो जादैन
जतिनै गरौं पश्चाताप कैकेयी असल भन्दैन। ८३

भरत पनि राघवका पछाडि लागी आएका
यतिको ठूलो वियोगले संकट ताल्मा डुवेका
भरतलाई साथैमा देखेर रामले भन्नुभो
वनका वानर वन्धुलाई स्वागत गरन भन्नुभो। ८४

दुःखमा साथ दिएथे यिनको गुण सम्झनू
गुणको ऋण लिएथें तिमीले ऋण चुकाउनू
राक्षस मार्ने कार्यमा प्राणको वाजी थापेथे
शत्रुको फौज आइलाग्दा यिनकै बल्ले मार्दथे। ८५

खान र बस्न सबैलाई प्रवन्ध राम्रो गर्दिनू
उचित सेवा गरेरै सबैको चित्त वुझाउनू
जतिकन प्यारा तिमी छौ उत्तिकै प्यारा यिनी छन्
राक्षस सबका मुखबाट बचाउने रक्षक यिनै हुन्। ८६

जो आज्ञा भन्दै भरतजी वानरतर्फ गएथे
कैकेयीसँग प्रभुले विनम्र हुँदै बोलेथे
कैकेयी पनि ज्यादैनै प्रेमले विह्वल भएर
लज्जालु हुँदै बोलिथिन् आँखामा आँसु भरेर। ८७

शर्मले गर्दा रानीको मुटुमा गाँठो परेथ्यो
क्यै कुरा गर्न आँटेकी बोलीमा लरवर भएथ्यो
आमाको आज्ञा हुँदामा वनवास गर्न गएथ्यौ
सहश्र दुःख काटेर वन र जंगल घुमेथ्यौ। ८८

आकांक्षा मेरो पुर्‍याउन भरतलाई राज्य छोडेर
अयोध्या पुरी त्यागेथ्यौ हँसिलो मुख गरेर
जे कुरा मैले भन्दथें त्यो कुरा तिम्ले पुर्‍यायौ
त्यसैले मलाई तिमीले प्रशन्न पनि गरायौं। ८९

यतिञ्जेलसम्म मानेथ्यौ यो वेला पनि मानी देऊ
अन्तिम आज्ञा म दिन्छु माताज्ञा पालन गरिदेऊ
लागेको ममा कालोदाग त्यसलाई तिम्ले धुनुछ
कुलको सिंहासनैमा प्रशन्न भई बस्नुछ। ९०

जसले त राज्य खोसेथ्यो उसैले वनमा पठायो
सौभागय आफनो मेटाई चेतना समेत गुमायो
त्यही नै तिम्री आमाले हुकुम आज दिंदैछ
खोसीथी मुकुट जो तिम्रो त्यसैले पैह्राइ दिंदैछ। ९१

यतिनै भन्दै रानीले लिएर आइन श्रीपेच
तुरून्त प्रभु बोल्नु भो नगरी कति विलम्व
आमाको आज्ञाकारी हुँ यही नै शिक्षा पाएको
वन र राज्य यी दुईमा देखिन फरक भएको। ९२

हजुरको आज्ञा सदानै पालन गर्न तयार छु
पैलेको आज्ञा पूरा भो पछिको पनि मान्ने छु
राज्यको लोभ ता लाग्दैन तैपनि राज्य चलाउँला
आमाको इच्छा छोराले हृदयैदेखि पुर्‍याउँला। ९३

मुकुटको कुरा क्यै छैन यो वेला चरण छुदैछु
उज्यालो मुहार हजुरको मलीन ऐले देख्दछु
यो वेला मधुर मिलनको योभन्दा सुख पाइदैन
आमाका चरण छुदैछु मभन्दा सुखी कोइ छैन। ९४

कैकेयी केही लजाई क्यै कुरा तिन्ले संझिथिन्
एक्कासी राघव देख्दामा नियम विधि बिर्सिछिन्
जानकी राघव देखेर हर्षले विभोर भएकी
गुमेको चीज पाउँदामा के गरौं कसो ठानेकी। ९५

नियम विधि पुऱ्याई श्रीपेच लगाई दिनेछु
एकक्षण भित्र गएर पलक भरमा आउनेछु
भनेर यति रानीले महल भित्र पसिथिन्
उतिनिखेरै आमाले आरती सजाई ल्याइथिन्। ९६

राघवको ज्योति प्रत्यक्ष कण कणमा छाइरहेथ्यो
सूर्यको सन्तान सूर्यलाई आरती देखाइ रहेको
आरती थाली घुमाई तिलक टिका लगाइन्
वात्सल्य भाव उम्लेर छातीमा उनले टासिथिन्। ९७

आरती उनले उतार्दा पैलेको पाप धोएर
रामको तेजले पखाल्दा मुहार उनको चम्केर
पश्चातापपूर्ण आँसुले संपूर्ण पाप बगेछ
राघवका दृष्टि पर्नाले मुखको कालो गएछ। ९८

आमाका पाउमा झुकेर रघुनाथ जानै लागेथे
जमिनको माछो तड्पेझैं मन्थरा दासी देखेथे
मन्थरा ज्यादै तड्पेर बौलाही जस्ती भएकी
अतीतको कर्तूत संझेर पछुतो गर्दै आएकी। ९९

शर्मले गर्दा दासीले एक शब्द बोल्नै सकिन
समय एक नाश हुँदैन भनेर त्यसले संझिन
कसरी सक्कल देखाऊँ लड्दै पड्दै जादैथी
राघव सामू देखेर शर्मले पानी भइथी। १००

पहिली जस्ती मन्थरा होइन
कर्तुतले गर्दा विक्षिप्त देखिन्थी
लाजले गर्दा सकिन बोल्न
मगज मुटु चिसाम्य भएकी। १०१

अगाध गल्ती गरेको संझी
जिन्दगी भरै नकाम गरेकी
संपूर्ण होस थाप्लामा पर्दा
बाच्नु नै भन्दा मर्नु वेश संझन्थी। १०२

त्राशले त्रशित मन्थरालाई
देखेर राघव मुसुक्क मुस्काउदै
दासीलाई अति कोमल भावले
नजिकै गई प्यारले उठाउँदै। १०३

मन्थरे ! तिम्लाई के भयो ऐले
के कारण हुँदा आकुल व्याकुल छौ
गल्ती त तिम्रो देख्दिन मैले
नाहकमा तिमी मसित तर्सिन्छ्यौ। १०४

जसलाई राजा बनाइने थियो
साच्चै नै भन्छु त्यो थियो परीक्षा
वनवास लाग्नु केही पनि होइन
केवल थियो दुःखको परीक्षा। १०५

यतिका वर्ष बितेर गए
ती कुरा सबै बिर्सिदेऊ तिमीले
संयोगले सूर्य उदय भए
दुखका रात बिर्सिदिऊँ हामीले। १०६

मन्थरालाई प्यारले संझाई
जानकीपति सुमित्रा भेट्नलाई
विनम्र भई भक्तिका साथ
राघव गए जानकी साथमा ली। १०७

अपरझट राघव आएको देखी
सुमित्रा भइन् अत्यन्त विभोर
यतिका वर्ष वनवासी भई
फर्केका थिए कोशल किशोर। १०८

लक्ष्मण भाइ गुरूज्यूसँग
क्षणभरको लागि अलमल गर्दैछन्
कुशल क्षेमका वातचित गरी
एकक्षण पछि टुप्लुक्क आउनेछन् । १०९

राजमार्गद्वारा आउने छन् भाइ
साथीभाइ छेऊ गफगाफ गरेर
आएका हामी गल्लीको बाटो
दर्शनका लागि उत्सुक भएर । ११०

सुमित्राजीले प्रशन्न हुँदै
दुवैलाई उनले आसिक दिइथिन्
दीर्घायू भई यो पृथिवीमा
खुशी भई रम आसिक दिइथिन् । १११

सुमित्राजीको आसिक पाई
जानकी साथै कौशल्या निवासमा
कौशल्याजीको दर्शन पाई
दुवै ती झुके आमाका चरणमा । ११२

खुशीले गर्दा एकक्षणसम्म
कौशल्या माता क्यै बोल्न सकिनन्
लक्ष्मणलाई रामका साथमा
कौशल्याजीले आएको देखिनन् । ११३

लक्ष्मणजी पनि आमाका सामुमा झट्ट ती पुगे
आदरका साथ आमाका पाउमा खुशी भै झुके
अकस्मात पुत्र देख्दामा सुमित्राजी खुशी भइन्
शिरमा हात राखेर आसिरवाद पनि दिइन् । ११४

पुत्र मेरा अति वीर पाएर अति धन्य छु
तिम्रै सुकीर्तिले गर्दा संसारमा गतिशील छु
मानो यो हर्षको बेला पुत्र देख्दा म दंग छु
जिन्दगी भर राघवकै सानिध्य पाऊ भन्दछु । ११५

न ढाँटी भन हे वावू सेवा दाज्यू र भाउजूको
दिलैदेखि गऱ्यौ सेवा गरेनौ कि भयो कसो ?
के तिम्ले साच्चिनै माऱ्यौ इन्द्रजित वरदानीलाई
स-साना कलिला हातले सक्यौ के मार्न दुष्टलाई । ११६

इन्द्रलाई पनि जित्ने लंकाको युवराज हो
त्यस्तो वीर मार्न सक्नु नै कसरी शक्ति मिल्यो
धन्य धन्य तिमी यो पुत्रजन्म मेरो सफल भयो
ईश्वरको करूणा पाई सुकीर्ति लोकमा रहयो । ११७

सुकुमार कलिलो काया नडराई कहाँ पुग्यौ ?
के खायौ ? कसरी बाँच्यौ ? कुन बलले वनमा घुम्यौ?
मलाई पनि संझयौ कि विहान दिन रातमा
कसरी यतिका वर्ष बितायौ वनवासमा । ११८

कत्रो आपद पऱ्यो होला राक्षस दल मार्न आउँदा
त्यस्ता ती उग्र दानवले आएर मुख बाउँदा
धन्य हाम्रा विधाताले बचाएछन दया गरी
ईश्वरकै गुणगान गाउनू हे वावू जिन्दगी भरी । ११९

प्रशंसाका सुनी शब्द लक्ष्मण वीर खुशी भए
हर्षका नदीमा डुब्दा आँखाबाट नदी बगे
आमा हुन् ममतासागर आमा हुन् सुखदायक
आमा हुन् सुखकी भण्डार आमा हुन् शिशु पालक ।१२०

मलाई सोध्नुभो आमा इन्द्रजीत कसरी मऱ्यो
ईश्वरकै शक्तिले माऱ्यौं नत्र के मार्न सक्दथ्यौं
वरदानी इन्द्रजीतलाई के मैले मार्न सक्दथें
आमाकै प्रेरणा मैले क्षणक्षणमा पाइराख्दथें । १२१

आमा नै मनमा बस्थ्यौ अखण्ड शक्ति बल मिल्यो
आमाझै बलियो आधार संसारमा अरू को थियो?
इन्द्रजीत मार्नका लागि त्यसबेला उपदेश दियौ
नछोड्नु धर्म कर्तव्य मलाई नीत भन्दथ्यौ । १२२

नढाँटी भन्नुहोस् आमा कसबाट उपदेश मिल्यो
सफलता जति जे पाएँ आशिर्वाद मलाई थियो
आमाकै तपले गर्दा पुत्र उत्तम बन्दछ
आमाकै उपदेश पाउँदा पुत्रले स्वर्ग जित्दछ । १२३

दुर्गा हौ तिमी हे आमा म पुत्र भाग्यमानी छु
आशिर्वाद सधै पाई विश्वलाई नचाउँछु
भाग्यको श्रोत हौ मेरी भाग्य मेरो छ सागर
विश्वकल्याणमा लागोस् शक्ति मेरो निरन्तर । १२४

लक्ष्मण शब्दले गर्दा सुमित्रा अति गद्‌गद्
रोमान्चित अति आनन्दी खुशी भै पूर्ण गर्वित
सुमित्रा पुत्रलाई भन्छिन आसिक दिन्छु जनंभर
सच्चा भक्त भई बाँच्नू दाज्यूकै सुश्रुषा गर । १२५

रामकै भक्ति गर्नाले उच्च पद प्राप्त गर्दछौ
जन्मजन्मान्तरै वावू साराको प्रिय बन्दछौं
भाग्यमानी भयौ वावु जन्म तिम्रो सफल भयो
सुमित्रा पुत्र हुन् ज्ञानी भन्ने सर्वत्र नाम चल्यो । १२६

अर्काको उपकार गर्नु शान्तिको फल मिल्दछ
लक्ष्मण हुन रामका भक्त लोकले पनि चिन्दछ
उपकार गर्नु है वावु उपकारमा भलाइ छ
उपकार हो शान्तिको श्रोत उपकार मन्त्र तुल्य छ ।१२७

सुमित्राका सुनी शब्द सौमित्री अति खुश भए
अगाध भक्तिका साथ आमाका पाउमा परे
त्यहाँबाट विदा मागी कौशल्याका महलतिर
संभ्कदै मनले केही हिड्दै गर्थे सरासर । १२८

कस्ती होलिन प्रिया मेरी के गरेर तिनी बसिन्
चौध वर्ष विछोड पर्दा कति तड्पेर पिल्सिइन्
कर्मको फल कस्तो छ परीक्षा यो कठोर भयो
यतिन्जेल दुःख काटेथ्यौ तपस्या पूर्ण भै सक्यो ।१२९

उनैका तप साधनले इन्द्रजीत मारियो त्यहाँ
सुलोचना सतीले नै संभ्काएकी थिइन् त्यहाँ
उर्मिला सतकी ज्योति सतको प्रचार गर्दछिन्
सदा ईश्वर पुकारेर सत्यकै भरमा ती छन् । १३०

कुलकी देवी दुर्गा हुन सीताकी बहिनी तिनी
यतिका वर्ष पर्खेर तप गर्छिन तपस्विनी
उनकै व्रतले गर्दा तेस्तो शक्ति ममा मिल्यो
उनकै प्रेरणा पाई मेघनाद सजिलै मर्‍यो । १३१

पहिले उर्मिला भेट्छु कौशल्या अनि भेट्छु
सल्केको मुटुमा आगो भेटी शितल पार्दछु
कठै ती उर्मिला रानी कति के के ती सोच्दी हुन्
मिलन होस् प्रियतम भन्दै ईशकै नाम जप्दी हुन् ।१३२

जाँदा जाँदै अपरभ्कटमा मनमा केही संभ्केर
मनमा केही संभ्केर आकुल व्याकुल तिनी भए
तपसिनी कहाँ होलिन संभ्कनाले मुटु भरी
मेरै नाम उनी जप्लिन ईश्वरलाई पुकार गरी । १३३

मानो महलले आऊ भन्दथ्यो लक्ष्मणजीलाई
शान्तभाव लिई सोचे बोलाउँदैछ कि कोई मलाई
महल देख्दा उनी पग्ले प्रियाकाँ जाऊ लाग्दथ्यो
पहिले उर्मिला भेट महल्ले यही भन्दथ्यो । १३४

मलाई संभ्कदै होलिन् अवश्य पनि ती प्रिया
वनवास हुँदा खेरी रोएकी भलभल प्रिया
अहिल्यै उर्मिला भेटी मुखमात्र देखाउछु
उज्यालो अनुहार हेरी चित्त मेरो बुझाउँछु । १३५

त्यसैले लक्ष्मण वीर केही पाइला अघि बढे
उनको रूप देख्दामा लक्ष्मणजी शोकमा डुबे
निन्याउरी अति दुब्ली चिन्नलाई पनि मुस्किल
त्यस्ती उज्ज्वल ताराको शरीर देखिन्छ निर्वल ।१३६

कुशासनमा बसेकी छन योगिनी छ सक्कल
जपेर ईशको नाम पतिमा प्रेम अर्पित
उर्मिलाको कठोर हालत देख्दामा चित्तनै दुख्यो
आफूमा प्रेम अर्पेको देखेर अनुराग बढ्यो । १३७

एक्कासी प्रियतम देख्दा उर्मिला तीनछक्क परिन्
लक्ष्मणका पाउमा मस्तक राखेर मुटु अर्पिइन्
लक्ष्मणका चित्रमा हेर्दै हात जोडेर भन्दथिन्
यी मेरा कामना इच्छा पुऱ्यायौ धन्य भन्दथिन् ।१३८

जन्म मेरो भयो सार्थक भगवान खुशी भए
ईश्वरको दृष्टि पर्नाले कष्ट सारा विनाश भए
संझना मनमा राखी चौध वर्ष बितिसके
बल्ल आज प्रभू मेरा मदेखि गद्गद् भए । १३९

निराकार भए साकार पूजा अर्चन गर्दछु
नैवेद्य धूप दीप बाली चित्त अर्पण गर्दछु
नाथलाई सदा मैले मनभित्र अड्याउँथे
नबिर्सि क्षणभर तिम्लाई तिम्रै नाम म जप्दथे । १४०

पूजा गर्दै विधिसाथ लक्ष्मणका पाउमा परिन्
मनका वेदना भाव उर्मिलाले प्रकट गरिन्
छुट्टिदा यतिका वर्ष सम्झन्थ्यौ कि यदा कदा
मैले त छातीका वीचमा सजाई राख्दथे सदा । १४१

मुस्काई लक्ष्मण बोले प्रशन्न देवता भए
इच्छा माफिकको वरदान ईशले तिमीलाई दिए
कुनै वेला तीखा काँढा पग्लेर फूल बन्दछ
म आएँ पूर्ण आरामले तपस्या पूर्ण सिध्द छ । १४२

सच्चा यो तप साधनले प्रशन्न देवता भए
वरदान के दिऊँ भन्दै भगवान सोच्दै थिए
तन मन धन सबै तिम्रो तिम्रै हुँ लक्ष्मण पनि
योभन्दा अरू क्यै बाँकी के माग्यौ माग लौ तिमी ।१४३

लाज कति नमानेर मनका भावना भन
संसारै सब तिम्रै हो लिनु नै बाँकी के छ र
चौध वर्ष विछोड पर्दा आकुल व्याकुल दुवै थियौं
एक्कासि देख्न पाउँदामा हामी धेरै खुशी भयौं ।१४४

सुमित्रा हुन देवीकी मूर्ति तिनको जन्म धन्य छ
सुमित्रा जस्ती मातालाई विश्वले नै रूचाउँछ
उर्मिला झैं सतीकी ज्योति पाउने त्यो पति धन्य हो
सुमित्रा औ उर्मिला दुईको विश्वमा नमुना भयो ।१४५

दुःख सुखका कुराकानी फर्केर पछि गर्दछु
ऐले ता राजमाताको दर्शनका लागि पुग्दछु
यतिका वर्ष ता पर्ख्यौं अब त दुःख सक्कियो
तिम्रो पूर्ण तपस्याले हाम्रो उत्तम मिलन भयो ।१४६

संझना कति गर्दी हौ दिन औ रातमा पनि
संझेर कति बग्दा हुन् आँसुका शत निर्झरी
नढाँटी भन लौ उर्मी कत्तिको आत्तियौ तिमी
आँसुका झरी बग्नाले रातमा तकिया भिजी । १४७

देख्दछु तन त्यो दुब्लो अनुहार मलीन छ
शब्दले व्यक्त गर्दिनौ रूपले सब बताउँछ
लक्ष्मणका शब्दले गर्दा बितेका दुःख संझिए
रोक्दा रोक्दै पनि धेरै आँसुका धार वर्षिए । १४८

उर्मिला आत्तिदै भन्थिन म एक्लै बस्न सक्दिन
भोगेका जति हुन् दुःख शब्दले पोख्न सक्दिन
बल्ल बल्ल बिते कष्ट अब ता सूर्य देखिए
रोक्दा रोक्दै पनि मेरा मुटुका घाऊ कोट्टिए । १४९

कसैको दोष क्यै छैन जुन कष्ट भोग्नु पर्दथ्यो
शोकले दिन रात रून्थें ईशले मात्र देख्दथ्यो
मेरा नाथ तिमी आयौ चौध वर्ष बिते पछि
तिमी त वनवास लाग्यौ म रून्थें महलै बसी । १५०

बस्दथें राजप्रसादमा मुटुमा अग्नि दन्दनी
वनवासी पति सम्झी चिरिन्थ्यो छाती चरचरी
अन्दाज गर्नुहोस नाथ यी वर्ष कसरी बिते
संझदा संझिदै नाथ यौवनका दिन सब बिते । १५१

मलाई यसरी छाडी नजानोस नाथ भन्दछु
कौशल्या सासूलाई भेट्न म तिम्रै पछि लाग्दछु
पत्नीका शब्द सुन्दामा लक्ष्मणजी हर्षमा रमे
सती साध्वी प्रिया पाई आफूलाई धन्य संझिए । १५२

सतीका तपले गर्दा पत्थर कोमल बन्दछ
सतीकै प्रेरणा पाई लक्ष्मणलाई सुख मिल्दछ
महल या वनवास जाऊँ मलाई भेद छैन क्यै
जे भन्छ्यौ जुन कुरा माग्छ्यौ तिम्लाई दिन सक्छु त्यै ।१५३

उर्मिला अब ता जान्छु धेरै वेर अब बस्दिन
भ्रातृज्ञा गर्दछु पालन उलंघन गर्न सक्दिन
प्राणनाथका कुरा सुन्दा उर्मिलाजी भइन् उदास
साँचैनै अब जाँदैछन कौशल्यासँग भेट्न । १५४

रोएरै उर्मिला भन्थिन प्राणनाथ झट्ट आउनुहोस्
शरीरमा शक्ति नै छैन अवस्था पनि देख्नुहोस्
दुःख कष्ट सहें धेरै अब कष्ट काट्दिन
क्षणभरै पतिलाई छाडी अवश्यै बच्न सक्दिन । १५५

के भयो के भयो स्वामी मन मेरो विचल्लियो
स्वामीका साथमा जान मन्मा इच्छा ठूलो भयो
हुन्छ लौ जानुहोस चाँडै म एकक्षण पछि आउँछु
सुमित्रा रानीका साथमा कौशल्या भेट्न आउँछु । १५६

सेवक हुन्छ सेवामा तनमन सेवामा हुन्छ प्यार
सेवाको मन्त्र सबैले जप्नु त्यही नै जीवन सार
सेवाको मैदान विशाल हुन्छ छिचोल्न गाह्रो छ
मानिसदेखि ईश्वरसम्म सेवाकै चासो छ । १५७

सेवाको बाटो सुविधा छैन तर्वारको धारै छ
पालन गर्न अत्यन्त मुस्किल संसार यस्तै छ
दुःख र कष्ट नगरी परवाह उपकार गर्नु छ
जे गर्नु पर्छ निस्वार्थसँग तुरून्त गर्नु छ । १५८

कल्याण कार्य गरिन्छ भने तुरून्त गर्नुहोस्
खराव कार्य गर्नु छ भने सोचेर गर्नुहोस्
वसन्त वैश अड्दैन सदा तुरून्त ओइलिन्छ
अत्यन्त प्यारो शरीर पनि एक दिन छोड्नु छ । १५९

जीवन र तनको नगरी परवा उपकार गरेमा
कसैको भलाइ गर्नको लागि अगाडि सरेमा
ईश्वरले स्वयं साहेता दिन्छ डर मान्नु पर्दैन
कल्याण कार्य गरेरै मर्नु जिन्दगी अड्दैन । १६०

उर्मिलासँग वातचित गरी लक्ष्मण गएथे
उत्सुक हुदै कौशल्या महल सरासर पुगेथे
जानकी सहित राघव पनि आमाका पाउमा
झुकाई शिर चरणमा परे खुशीका लहरमा । १६१

कौशल्या माता सीताराम देख्दा प्रशन्न भएकी
हर्षले उनी विभोर भई अवाक भएकी
हर्षका धारा बगेर जाँदा आँखा नै देखिनन्
लक्ष्मणलाई रामका साथमा उनले देखिनन् । १६२

आमाले सोधिन् खोइ मेरो नाशो त्यसबेला दिएथें
संकटका लागि वहुमूल्य मणि वन जाँदा दिएथें
त्यो मेरो मणि मलाई देऊ कुन ठाउँ छाडेको
अमूल्य चीज अल्पत्र पार्दै एक्लै पो आएको । १६३

हाँसेर बोले श्री रामचन्द्र सम्हाली राखेंछु
वनको झाडी जंगलबाट निकाली ल्याउँदैछु
जुन चिज मेरो जिम्माको थियो जस्ताको तस्तै छ
जाँचेर लिनु बुझेर लिनु पछाडि आउँदैछ । १६४

त्यै वेला झट्ट लक्ष्मण आए झुकाए पाउमा माथ
हत्त र पत्त राघवजीले बुझाए उनको हात
श्रीरामजीले प्रशन्न हुँदै लक्ष्मणलाई बुझाए
वनवासीहरू फर्किदा खेरी आपसमा रमाए । १६५

लक्ष्मणलाई जन्माउने आमा भाग्यकी निधि हुन्
इन्द्रजीत जस्तो वरदानी मार्ने लक्ष्मण महान हुन्
क्या भाग्यमानी सुमित्रा बैनी तारिफ गर्दछु
ऐश्वर्य कीर्ति फैलियोस भन्दै ईशलाई पुकार्छु । १६६

सुमित्रासँग लक्ष्मण माग्छु रामलाई म दिन्छु
लक्ष्मणको सट्टा रामलाई दिन्छु साटासाट म गर्छु
लक्ष्मण जस्तो कुशल पुत्र खोजेर पाइन्न
सुमित्रा बैनी जेसुकै भनून लक्ष्मण म दिन्न । १६७

यतिका वर्ष वनमा बस्यो वनमा के खायो
राक्षसका मुखमा परेको बालक कसरी निदायो
तपसी जस्तै वनमा घुम्यो वनमै रमायो
राक्षसका साथमा संघर्ष गर्दा भाग्यले बचायो । १६८

रामको भन्दा लक्ष्मणको चिन्ता मलाई लागदथ्यो
निन्द्रामा पनि तन्द्रामा पनि यसैलाई देखिन्थ्यो
रातदिन चिन्ता यसैको गर्थें ईश्वर पुकार्थें
चार भाइ मध्ये मुटुको टुक्रा यसैलाई सम्झन्थें । १६९

तपस्या सकी बल्ल पो आयो यसलाई छोड्दिन
हातको माछो गुमायो भने रोएर पाउँदिन
हे मेरा बाबु काँखमा बस प्यारले चुम्दछु
वनमा बस्दा भोगेका कष्ट सुनाऊ सुन्दछु । १७०

नजाऊ बाबु सुमित्रा कहाँ तिमीलाई पठाउन्न
सुमित्रा कहाँ जान्छौ त यदि म बाच्दै बाँच्दिन
रामलाई आजै पठाई दिन्छु उहाँ नै बस्ने छ
राघवलाई पाई बैनीको चित्त अवश्य बुझ्नेछ । १७१

यी कुरा सबै सुमित्राजीले विस्तारै सुनेकी
कौशल्याजीका मनका भाव छर्लङ्ग बुझेकी
सुमित्रा रानी तर्सिंदै बोलिन के भन्नु भएकी
सबैकी आमा भएर पनि अन्याय बोलेकी । १७२

कसैले तिम्लाई वहकाइ दियो के कुरा गरेकी
सुमित्रा पुत्र लक्ष्मण भन्दै भेदभाव गरेकी
पुत्रको हकमा तिमी छौ पहिला दोश्रोमा कैकेयी
त्यसपछि मात्र हुनेछु हक तेश्रोमा परेकी । १७३

घरकी जेठी सुमान्य भई अन्याय गर्दछ्यौ
यो मेरो छोरो त्यो त्यसको छोरो भनेर छुट्याउँछौ
आइन्दा यस्ता नगर्नु कुरा अनुरोध गर्दछु
यी मेरा बालक हजुरकै भनी पाउमा चढाउँछु ।१७४

ठीक भन्यौ वहिनी यी तिम्रा शब्द न्यायका कुरा हुन्
अन्याय यस्तो भएछ भने दुनिया के भन्लान्
यी कुरा गर्दै भरत साथमा कैकेयी आइपुगिन्
दुवैको मत एकनासे हुँदा कौशल्या छकपरिन् । १७५

कैकेयी भन्थिन नियम त्यागदा घृणित म भएँ
यो मेरो मुखमा नजाने दाग आफैंले लगाएँ
कैकेयी यस्ती खराब भन्ने लोकले चिन्दछ
बितेका कुरा संझदाखेरी आत्म नै गल्दछ । १७६

यो दाग रहयो युगानुसम्म मेटेर मेटिन्न
कैकेयी ज्यादै कलंकीत भई निर्मल यो हुन्न
न मर्न सक्छु न बाँच्न सक्छु मन मुटु जल्दछ
छातीमा मेरो चौवीसै घण्टा आगाको ज्वाला छ ।१७७

कुलकी वधु कैकेयी थिएँ सबैले मान्दथे
रणकी कौशल निपुण भन्ने तारिफ गर्दथे
कसरी मुखमा शनिश्चर बस्यो चेतना हरायो
त्यसैले गर्दा युगानुसम्म कलंकित गरायो । १७८

लोकले सधै दशरथजीको महिमा गाउँछ
कोशल नरेश सत्यका प्रतिक विश्वले चिन्दछ
ती राजालाई चिन्हिन मैले प्राण मुक्त गराएँ
वुध्दिले गर्दा निधार्मा मेरो कालो दाग लगाएँ। १७९

पहिलेका कुरा संझना हुँदा कैकेयी रोइथिन्
अपराध आफनो अवगत हुँदा विव्हल भइथिन्
त्यसबेला उनको सुवुध्दि फर्क्यो चैतन्य आएछ
शर्मले गर्दा चेहरा उनको गंभीर भएछ। १८०

यस्तो हालत मेरो देखेकी थिइन कौशल्या रानीले
कैकेयीलाई संझाउन लागिन कोमल वाणिले
हे बैनी तिम्रो देख्दिन दोष भाग्यमा लेखेको
देखेको कुरा पाइन्न भोग्न भोग्नु छ लेखेको। १८१

नमान दु:ख नगर संताप जे हुनु भैसक्यो
अन्धकार सबै हटेर गयो उज्यालो भैसक्यो
मन्थरा दासी मतिहीन हुँदा कुभाव देखाई
फटिक जस्तो मुटुलाई त्यसले कुचाल्ले नचाई। १८२

दासीको जातै खराव हुन्छ जालभेल रच्दछन्
सप्रेको घर गृहस्थीलाई खरानी पार्दछन्
मन्थरा त्यस्तै खराव हुँदा नाटक रचिथी
महलकै ठूलो कालसर्प बनी प्रत्यक्ष डसिथी। १८३

त्यै नागिनीले महलै सारा डगमग हल्लाई
आखिरी वेला रामचन्द्रलाई वनवास गराई
यी दासीहरू खराब नीच सबैलाई थाहा छ
यस्ताको कुरा पत्यार गर्दा ज्यान जान सक्दछ। १८४

संसारले तिम्लाई लाउदैन दोष कारण बुझ्दछ
के कुरा गर्दा के भयो भन्ने सोचेर भन्दछ
बेकारमा तिम्लाई लाउछ ता दोष त्यसलाई भन्दछु
लोकको शंका मेटाई दिने कवोल गर्दछु। १८५

यी वीर बालक पुत्रकी तिमी आत्मीय आमा हौ
यो रघुकुलकी सुपात्र वधु सुरसरी समान छौ
नमान शोक नमान सुर्ता नहोऊ निराश
शोकले गर्दा रुपराशी तिम्रो भएछ वेहाल। १८६

यिनैको सेवा गरिथ्यौ तिम्ले अवश्य गर्ने छौ
यिनैको भाग्य विधाता तिमी सुखकी दाता हौ
यिनले गल्ती गरेछन भने सबैलाई संझाऊ
यिनैको सेवा गरेर सधैं महलमा रमाऊ। १८७

साँच्चै नै भन्छु यो माया रच्ने त्यै विधि विधान हो
उसैको माया उसैको तालमा संसारै नाच्ने हो
उसैले तिम्रो बिगार्‍यो वुध्दि तिम्लाई दोष छैन
विधिनै हाम्रो विरोधी हुँदा सद्‌वुध्दि आउँदैन। १८८

तिम्रो छ आत्मा पवित्र उज्वल पार्वती जस्ती छौ
यो रघुकुलकी पावन तारा सबैकी मान्य छौ
कुलकी छोरी मूलको पानी तारिफ गर्दछन्
रूपकी रानी कैकेयी भन्ने सबैले भन्दछन्। १८९

जो कुरा हुने भाग्यमा थियो त्यै कुरा भै हाल्यो
पश्चाताप गरी नसुकाऊ शरीर जगतकै व्यथा हो
त्यसबेला तिम्रो त्यै मति आयो दासीले गर्दामा
पवित्र वुध्दि उल्टाई दियो छोपेर पर्दामा। १९०

कैकेयी रानी अत्यन्त सज्जन सबैले भन्नेछन्
कसरी मति त्यो वेला बिग्र्यो त्यो पनि बुझ्नेछन्
मन्थरा रैछ दुर्गुणी दासी त्यो पनि देख्नेछन्
दूधको दूध पानीको पानी छुट्टयाउन सक्नेछन्। १९१

नडराऊ बैनी काँतर भई मन मुटु सम्हाल
अर्काले केही भन्ला कि भन्ने क्यै शंका नमान
तिमीमा कुनै जाल भेल छैन हामीलाई थाहै छ
नहुँदो दोष लाउँदछ भने कसैको के लाग्छ। १९२

यो दोष तिम्रो निवारण गर्न म साक्षी बस्दछु
जे बोल्नु पर्छ लोकका सामू म आफै बक्नेछु
यसबारे तिम्ले नमान्नु शंका शंकाले पिर्दछ
यसरी आफै संकोच मान्दा लंका नै पिटिन्छ । १९३

व्यवहार तिम्रो अति नै उच्च प्रशंसा गर्दछन्
कैकेयी रानी कल्याणकारी सबैले भन्दछन्
राघवले पनि आएर पैला तिमीलाई भेटेछ
सुस्वास्थ्य तिम्रो असल देख्दा हर्षमा फुलेछ । १९४

कौशल्याजीको यो निर्णयले हृदय प्रशन्न
प्रेमको विशाल सागर बीचमा डुबेका निर्धक्क
बुध्दिकी खानी कौशल्या रानी प्रशंसा गर्दथे
शान्तिको मूर्ति दयाकी खानी गुणगान गाउँथे । १९५

कौशल्या थिइन रानीमा निपूण समस्या समाधान
घरजहान मिलाउनलाई थिइन ती गुणवान
कसैले ठूलो गरेछ गल्ती उनले संझाउँथिन्
समस्या ठूलो भएता पनि सरल गराउँथिन् । १९६

कौशल्याजीको बोली नै मीठो हाँसेर बोल्दथिन्
अर्काको चित्त दुख्ला कि भन्ने पहिले नै सोच्दथिन्
त्यसबेला उनको निर्णय सुन्दा अवाक भएथे
कोशलकी रानी न्यायकी मूर्ति धन्य हुन भन्दथे । १९७

त्यतिनै वेला सुमित्राजीले क्यै कुरा चलाइन्
मंगलाचारको समय भयो सबैलाई सुनाइन्
राजतिलक दिने समय भयो भाग्यले पाएको
अल्मल गर्ने समय होइन किन हो गरेको ? । १९८

आरती थाली ल्याइयो यहाँ आरती उतार्ने
देवता सबले कल्याण गरून् भनेर पुकार्ने
कौशल्याजीले आरती थाली हातमा लिएर
आरती तिनले उतारी दिइन प्रशन्न भएर । १९९

कौशल्या रानी आरती गर्थिन राघव मुसकन्थे
कैकेयी आदि राजकुमार पनि खुशीभै मुस्काए
देवतावर्ग यो शोभा देख्दा प्रशन्न भएथे
राघवजीको राजतिलक हेर्न आकाशमा आएथे । २००

प्रशन्न मुद्रा रामको देख्दा तारिफ गर्दथे
अवधपुरको उत्सब हेर्न आकाशमा उत्रेथे
कौशल्या-सुतको मानवी लीला देखेर ताजुब
आश्चर्यजनक रहस्य देखी देवता तीनछक्क । २०१

आरती जब उतारिसकिन कौशल्या रानीले
त्यैवेला त्यहाँ आएर भने कोशलका सचिवले
वशिष्ठजीको संचार ल्याई म यहाँ आएको
राजसी ठाँटमा तयार होऊ गुरूको आज्ञा यो । २०२

संपूर्ण प्रजा उत्सुक थिए राजतिलक हेर्नलाई
कोशलका प्रजा चौतर्फ थिए राघव भेट्नलाई
आँखाको पलक नझिम्काईकनै एकटकले हेर्दथे
अयोध्यावासी नर र नारी उत्सुक देखिन्थे । २०३

अयोध्या नगर ज्योतिले बल्यो साराका खुशीले
रामको राज्य स्थिर रहोस ईश्वर पुकार्थे
रामका शिरमा रहन्छ ताज जटाजुट हट्नेछ
संसारभरमा रघुको राज्य लोकप्रिय बन्नेछ । २०४

राजमाता सबलाई प्रेमले गरे समुचित प्रणाम
गंगाजी स्नान गर्नलाई गए राघव भाइसाथ
जुनवेला अब राघवजीको जटाजुट हट्नेछ
त्यस क्षणदेखि कोशलपुरमा वादल फाट्नेछ । २०५

श्री रामजीले पालेको जटा भरतले काटेथे
भरतजीको संपूर्ण जटा रामले काटेथे
अध्यारोपना तुरुन्तै हट्यो छर्लङ्ग उज्यालो
आकाश पनि निर्मल भयो थिएन तुँवालो । २०६

शिरमा जटा पालेको वेला अनुपम ज्योतिले
पर्दाको भित्र चम्केको रत्न उत्तम छविले
जब ता जटा हटेर गए प्रकाश झल्किन्थ्यो
भास्करको जस्तै अनुपम राघवमा देखिन्थ्यो । २०७

शिरको जटा हटाए पछि स्नान गरेथे
स्नान गर्न सरयूतिरमा चारै भाइ पुगेथे
स्नान आदि सकिए पछि शिवजी पूजन
त्यसपछि मात्र व्राह्मणलाई गरेथे गौदान । २०८

दक्षिणा भोजन गराए पछि प्रशन्न भएर
ती चारै जना दाजू र भाइको उत्तम श्रृंगार
सबैका साथमा राघव गए कोशल दर्वार
त्यसबेला सबका आँखामा झल्क्यो हर्षको लहर । २०९

प्रजा र भाइ लिएर राम दर्वारमा आएथे
दर्वारी भारदार आदिका साथमा वशिष्ठ आएथे
वशिष्ठजीले अह्राउनु भयो सिंहासन सजाऊ
सिंहासनभरि मणि र माणिक रत्नादि जडाऊ । २१०

रत्नादि मणि झलमल पारी श्रीपेच ल्याइदेऊ
विभिन्न सामान तयारी गरी थपक्क राखिदेऊ
वशिष्ठजीको पाएर आज्ञा सामाग्री ल्याइयो
जानकी सहित रामचन्द्रलाई आसनमा बसाइयो । २११

व्राह्मणवर्ग ठूलठूलो स्वरले वेद पाठ गर्दथे
श्री रामको राज्य स्थिर रहोस वरदान माग्दथे
वशिष्ठजीले मुकुट लिई राघवलाई पैह्राए
कोशलनाथको जय होस भन्दै आसिक दिएथे । २१२

महलमा भयो मंगलाचार नगरा बजाए
त्यै वेला गुरू वशिष्ठजीले राजतिलक लाइदिए
यो सुन्दर दृश्य देखेर त्यहाँ देवता रमाए
आकाशवाट राघव माथि फूल वर्षा गराए । २१३

श्री भूपपति कैलाशपति अयोध्या आएथे
राघवजीको जय होस भन्दै श्रृङ्गीनाद बजाए
इन्द्रादि देवता प्रशन्न भई यो दृश्य हेरेथे
कोशलनाथको अनुपम लीला प्रशंसा गरेथे । २१४

आँखाको पलक नझिंक्याईकनै रामरूप हेर्दथे
राघवको माया धन्य हो भन्दै तारिफ गर्दथे
अत्यन्त उज्ज्वल रामको रूप चेहरा गंभीर
ऋषि र मुनि वेदका ऋचा पढ्दथे सरसर । २१५

प्रभामयं अनामयं अखण्ड मोद दायकं
विशोक शोक नाशनम, अजं सुख प्रकाशकं । २१६

विभुं सुशील सुन्दरं विनय विवेक मंदिरम
गुणाकरं दयापरं नमामिशील सागरं । २१७

अनन्य-सौख्य वर्ध्दनं मनोज दैत्य-मर्दनं
अनुप-रूप रूपिणं मनोज-मंजु भूषणं । २१८

विपत्ति-विध्न वारणं नमामि तं कृपामयं
अनन्य-शान्ति कारणं, विधान ज्ञान-नायकं । २१९

प्रचण्ड पाप मोचनं प्रफुल्ल-पद्म लोचनं
नमामि भक्त-रंजनं, सुरारि दर्प भंजनं । २२०

राजतिलक कार्य सकिनासाथ शंकरजी उठेथे
राघवसँग विदाइ हुन दुई हात जोडेथे
विभीषण पनि मणिको माला प्रभुलाई टक्र्याए
सुन्दर भूषण अमूल्य रत्न उपहार चढाए । २२१

प्रभूले पनि भक्तको यस्तो सभक्ति देखेर
हृदयदेखि स्वीकृति गरे करूणा गरेर
क्यै क्षणसम्म मालाको तारिफ प्रभूले गर्नुभो
जानकी योग्य त्यो माला हुँदा लगाई दिनुभो । २२२

अमूल्य माला झलझल झल्की सौन्दर्य बढाउथ्यो
वरि र परि निकैनै टाढा प्रकाश छरिन्थ्यो
यो माला यस्तो भनेर कुनै उपमा मिल्दैन
कवि र लेखक मालाको बयान लेख्न नै सक्दैन। २२३

मालाको ज्योत शितल चमक प्रकाश फैलिने
चमकले गर्दा साराको मनै प्रशन्न गर्दिने
लक्षिमीजीको मन्दिर पो हो कि यै भान पर्दथ्यो
यो उपहार देखेर लोकले तारिफ गर्दथ्यो। २२४

सुन्दर मणि वैदेहीजीले क्यै क्षण लगाइन्
वजरंगीलाई संझेर योग्य झिकेर लगाइदिन्
जानकी पाऊ पक्रेर झुम्दै हनुमान बसेका
चिम्लेर आँखा श्री सीताराम मन्त्र यो जपेका। २२५

एकक्षण पछि भक्तका आँखा मालामा परेछन्
के होला यस्तो कसरी आयो आश्चर्य मानेछन्
गलाको माला झिकेर उल्ले ओल्टाए पल्टाए
बुझ्नका लागि अति नै उत्सुक चौपट देखाए। २२६

मालालाई उनले राम्ररी हेरे सुँघेर कोट्याए
हातमा लिए नाकले सुँघे दातले टोकेथे
क्यै गर्दा पनि लागेन पत्ता झिकेर फुटाए
वाँदरीपना यस्तो छ भन्ने प्रत्यक्ष देखाए। २२७

मणिका दाना कटकट गर्दै फुटाल्दा नाशै भो
लंकेशले आफ्नै आँखाले देख्दा सहनै मुस्किल भो
एकाएक मणि फुट्दथे त्यहाँ मन मुटु टुक्रिन्थ्यो
त्यस दृश्य देख्न सकेनन् उन्ले हृदय व्याकुल भो। २२८

यस किसिमबाट मोतीका दाना आधा नै फुटेथे
लंकेशको चित्त टुक्रियो ज्यादै सुग्रीवलाई भनेथे
वजरंगी वीरको यो चाला देख्दा सुग्रीवलाई रीस उठ्यो
हनुमानजीका नजिकै गई कड्केर सोध्नु भो। २२९

हे वजरंगी नामी वुध्दिका अपार धाम
वुध्दि र अक्किल भएर पनि नादानी जस्तै काम
एकपल्ट शक्ति वुध्दिको जाँच सुरसाले लिइथी
शक्ति र अक्किल पूर्ण छ भन्दै राक्षसनी गईथी।२३०

अपशोच तिम्रो अपूर्व वुध्दि के गरी हरायौ ?
वुध्दिले काम नदिंदाखेरी यी मणि फुटाल्यौ
ऋक्षशले पनि रिसाउँदै भने यस्तालाई के भन्नू
जंगली वानर मूर्खले पनि मणिलाई के चिन्नू ? २३१

भक्तको यस्तो हालत देखी मुस्काए रघुनाथ
यसरी माला बिगारिदियौ बताऊ हनुमान
प्रेमले गर्दा मणिको माला सीताले दिइथिन्
तुरून्तै त्यसलाई बिगारिदिंदा उनीले के भन्लिन्। २३२

अञ्जनी-सुतले निवेदन गरे जसको त मोल छैन
मणिको कुनै मूल्य नै छैन त्यो काम लाग्दैन
यसमा खालि प्रकाश मात्र टिलपिल गर्दछ
मणिमा कतै पाइन्न राम राखेर के हुन्छ ? २३३

राघवनाथको नाम र ठेगान यसैमा देखिन
अमूल्य होस कि जेसुकै हवस त्यो काम लाग्दैन
जगतनाथको सक्कली रूप खोजेथें पाइन
जानकी समेत पाइन त्यहाँ त्यसैले राखिन। २३४

प्रभुको नाम लुकेको छ कि भनेर फुटालें
फुटाल्दा पनि देखिन कतै त्यसैले टुक्रयाएँ
भित्र र बाहिर सीताराम छैनन् के काम लाग्दछ
श्री राम विना के काम लाग्छ यो तेसै मिल्किन्छ। २३५

आश्चर्य मान्दै लंकेशले भने मालामा हुन्नन् राम
तपाईको पनि छातीमा कतै लेखेका छौ कि राम
छातीमा कतै रामको नाम लेखेको देखाई द्यौ
प्रेमले तिम्लाई दिएको माला वरवाद गरायौ। २३६

भक्तले भने शरीरभरै पाइन्छन सीता राम
हेर्दछौ भने देखाई दिन्छु कणकणमा सीताराम
भनेर यति नग्राले चिरे तुरून्तै छातीमा
छातीका वीचमा प्रत्यक्ष देखे सीताराम कणकणमा ।२३७

विभीषण सुग्रीव श्री जाम्ववान अत्यन्त लजाए
लाजले गर्दा चेहेरा सबले रातास्य गराए
सबैले देखे छातीका कणमा सीताराम मौजुद
त्यो सभा सबै लज्जित भयो श्री भक्तराजसँग। २३८

श्रीराम नामको शोमरस पिई मतवाला भएका
सीताराम भन्दै यता उता उफ्रदै नाचेका
कसैको चासो थिएन उनलाई उनैका सीताराम
चिम्लेर आँखा जप्दछन् गाउँदै सीताराम । २३९

हनुमान जस्ता अत्यन्त प्यारा रामका कोइ छैनन्
रामको भजन गाएर बस्छन ती कैल्यै थाक्दैनन्
श्री रामचन्द्र जुन ठाउँ हुन्छन महावीर त्यही छन्
राघवजीको सानिध्य पाई भक्तराज खुशी छन्। २४०

झुम्दछन कैल्ये हाँस्दछन कैल्ये रामनाम गाएर
श्रीरामजीको सक्कली मूर्ति आँखामा टाँसेर
कसैको कुनै चाँसो नै छैन राममै तल्लीन छन्
प्रभुकै नाम जपेर उनी पागल झै हुन्छन्। २४१

जपिदे मन प्रशन्न भई श्रीराम सीताराम
जुनसुकै वेला जुनसुकै ठाउँ जपिन्छ सीताराम
फणिमा मणि मणिमा फणि त्यो कैल्यै छुट्टिन्न
मन पनि त्यस्तै रामचन्द्रबाट अलगग भइन्न। २४२

प्रभुको नाम संझेर सधै डुवुल्कि मारिन्छ
श्रीरामरूपी सागरबाट सीताराम ल्याइन्छ
सीताराम हामी जप्दछौं भने पापबाट तर्दछौं
जीवनको पाप रामका नामले अवश्य धुनेछौं। २४३

रामको नाम जीवन ज्योति झल्मल बल्दछ
राम नाम जपौं सीताराम जपौं सागर तरिन्छ
रामको नाम अमृत तुल्य पान गर्नु पर्दछ
सीताराम हाम्रा जीवन डुंगा सम्झनु उत्तम छ। २४४

जुन ठाउँ रामको भजन हुन्छ त्यै ठाउँ पुग्नेछु
श्रीरामजीको चरण धोइ अमृत पिउनेछु
हे सीताराम हे सीताराम भजेर नाच्दथे
सभासदहरू यो भक्ति देख्दा आश्चर्य मान्दथे। २४५

यै किसिमबाट राम नाम जप्दै उन्माद भएथे
श्री रामजीको प्रेमको दृष्टि घाउमा परेथे
वीरको छाती जस्ताको तस्तै भएछ तुरून्त
यो दृश्य देख्दा सभासद त्यहाँ मान्दथे अचम्म। २४६

हर्षमा रम्दै अतिथि बसे बिर्सेर घरवार
दिन दिन त्यहाँ वैठक बस्थ्यो कोशल दर्वार
प्रभूलाई पाई जीवनभरका दुःख सुख बिर्सन्थे
जीवनका साथी प्रभूलाई सम्झी आनन्द मान्दथे ।२४७

आनन्दसाथ केही दिन बिते हाँसो र खुशीमा
अप्ठयारो मान्दै रघुनाथ बोले विनम्र भावमा
सुन्नुहोस लंकेश सुग्रीव मित्र सुन्नुहोस सबैले
यतिका दिन सुख र दुःख बाडेथ्यौं हामीले। २४८

श्री मित्रवरको साहेता पाई राक्षसलाई मारियो
यो पृथिवीको संपूर्ण दुःख अवश्यै हरियो
अत्यन्त ठूलो उपकार भयो निस्वार्थीपनाले
जीवनमा ठूलो लगायौ गुण बुझ्दछ आत्माले ।२४९

रावणका डरले सिंहले पानी लंकामा पिएन
रावण जस्तो कुशल राजा विश्वमै थिएन
शंकरबाट पाएर वरदान संसारै हाँक्दथ्यो
संसारका सबै शक्तिवानलाई भुसुना ठान्दथ्यो। २५०

श्री मित्रवरको साहेता पाउँदा रावणलाई जितियो
तपाई जस्ता वीर मित्रगणबाट साहेता पाइयो
निस्वार्थसँग साहेता पाएँ उद्देश्य सुधारें
कोटिऔं राक्षस खतम पार्दै मूलबाटो पैल्याएँ। २५१

रावण मर्‍यो लंकाको राज्य विभीषणले पाएका
उनैले पनि राजकाज छांडि कोशलमा आएका
लंकामा राजा कोइ छैन ऐले जनता मात्र छन्
राजानै छैन लंकामा भने प्रजाले दुःख भोग्छन्। २५२

सुवर्णपुरी लंका छ सुन्दर शक्तिवान आएर
कसैले त्यहाँ शासन गर्ला शासक भएर
त्यसबेला त्यहाँ कुन हालत होला विचार गर्नुहोस्
त्यसैले मित्र लंकामा गई राजकाज गर्नुहोस्। २५३

हे मित्रवर गएर त्यहाँ नियन्त्रण गर्नुहोस्
जसरी हुन्छ ती प्रजालाई सुविधा दिनुहोस्
विभिषण त्यहाँ नहुँदा खेरी सुशासन चल्दैन
बलियो शक्ति भएन भने नियन्त्रण हुँदैन। २५४

किष्किन्धा पनि यस्तै छ हालत सुग्रीव यहीं छन्
राजा र युवराज नहुँदा त्यहाँ प्रजाले के सोच्लान्
आतंक यदि फैलियो भने राज्य नै बिग्रन्छ
राजा र प्रजा मिलेर बस्दा शान्तिले वास गर्छ। २५५

हे मित्र दुवै फर्केर जाऊ राजकाज चलाऊ
संसारभरै सुशान्ति सन्देश चौतर्फ फैलाऊ
राज्यमा राम्रो शासन चलाई सुखमा बस्नुहोस
प्रजाको व्यथा पीडा र मर्का राम्रोरी बुझ्नुहोस। २५६

मित्रले मलाई संझनु होला क्यै काम परेमा
अक्षय ऋण लगाउनु भयो उत्सुक छु तिर्नमा
हे मित्रवर के गर्नु पर्‍यो कुन काम गर्नु छ
कुन काम गर्दा मित्रको ऋण धेरथोर तिरिन्छ। २५७

प्रेमीलाई मैले रोकेर राख्नु कर्तव्य संझिन्न
नसंझाईकनै भुलाई राख्दा कल्याण हुँदैन
त्यसैले आफना राज्यमा गई शत्रुको दमन
दुश्मन दमन गरेर बस्नु सुख र चयन। २५८

जति नै बसौं वार्तालाप गरौं धोको नै पुग्दैन
एकै ठाउँ बस्दा राज्यको काम शान्तिले चल्दैन
मिलन बेला रमाइलो हुन्छ वियोग आँसुमा
आँसु र हाँसो जीवनका प्रतिक देखिन्छ जीवनमा।२५९

एकै दिन हामी जन्मेका होइनौ एकै दिन मर्दैनौं
सन्तान एउटै पिताका पनि साथमा बस्दैनौं
संयोग वियोग सबैमा हुन्छ संसारको रीति हो
दुःख र सुःख सहन सक्ने वुध्दिमान व्यक्ति हो।२६०

क्यै पर्‍यो भने संझनु मलाई तुरुन्त आउनेछु
संझनु मात्र पर्दछ मलाई उपस्थित हुनेछु
आपदको वेला लाएको गुण जन्मान्तर बिर्सिन्न
मधुर मिलन अवश्य होला हुनेछौं प्रशन्न। २६१

दुईजना मित्र फर्कनलाई मञ्जुरी गराए
रामका भक्त ती दुवैलाई प्रभुले संझाए
तैपनि सुग्रीव विभीषण दुवै फर्कदै हेर्दथे
छुट्टिने वेला आँसुका धारा मुस्किल्ले रोकेथे। २६२

जाम्ववान अंगद ती दुवैलाई सामूमा देखेर
मनमा आगो बलेको थियो निभाऊँ भनेर
प्रभुले पनि दुवैको मुख मलीन देखेथे
आँसुका धारा प्रभुकै हातले संझाउदै पुछेथे। २६३

यो वेला दुवै जंगलमा गई वासबस्ती बसाल
जंगली जीवन शहरमा बसी मफतमा नफाल
आएँको यहाँ धेर दिन भयो घरवस्ती संझन
वनकै जीवन स्वतन्त्र हुन्छ शहरको वन्धन। २६४

घरमा सधैं संझनु मलाई तिमीमैं म हुन्छु
अहोरात सधैं सम्झदै गर्नु तिम्रैसाथ हुनेछु
म तिमीदेखि अलगगै हुन्न मनमा बस्नेछु
मुटुको बीचमा रमेर बस्ने कवोल गर्दछु। २६५

ऋक्षराज भन्थे भलभल रूदै सुन्नुहोस सीतानाथ
प्रभुका पाउमा झुकाउन पाउँ भक्तिले सधैं माथ
युध्दमा आफै मरेको भए आनन्दित म हुन्थें
यो कष्ट मैले थिएन भोग्नु भाग्यवान म हुन्थे। २६६

यी पाउ छाडी कुन ठाऊ जाऔं प्रभूले भन्नुहोस
तपाई मेरो मालिक प्रभू दासलाई राख्नुहोस
चरण त्यागी म जान्न कतै यी पाऊ पक्रन्छु
पाउमा आश्रय पाइन्न भने पागल हुनेछु। २६७

प्रभूका पाउमा मस्तक राखी आँसुले भिजाउँछु
नाथकै सेवा निरन्तर गरी यो देह त्याग्नेछु
हे मेरा नाथ करूणा गरी कृपाले हेर्नुहोस्
यो जाम्ववानको करूणा व्यथा प्रभूले बुझ्नुहोस।२६८

भक्तिले पूर्ण विनीत सुन्दा प्रभूको मन पग्ल्यो
श्री ऋक्षराजका आँसुका धारा प्रभूले देख्नु भो
प्रभूका लागि जीवन प्राण भक्तले अर्पेका
नजरबाट वलिन्द्रधारा बगेको देखेका। २६९

भक्तको यस्तो अनुराग देख्दा अवाक श्रीराम
के भनौं मैले जाम्ववानलाई सोच्दथे श्रीराम
जे कुरा भनौं जे अर्ति दिऔं नसुन्ने जाम्ववान
अपूर्व भक्ति भालूको देख्दा पग्लिए भगवान। २७०

ऋक्षराजको अगाध भक्ति देखेर रघुनाथले
बगेका नैनका धारा पुछे श्री भगवानले
कलेजा रामको टुक्र्यो के भनौं के गरौं भयो
जे जस्तो दुःख पीडा होस् प्रभूले सहनै पर्‍यो। २७१

भक्तले ज्यान अर्पेर प्रभूलाई चढाउँछ
ज्यानै अर्पण गरे वापत प्रभूकै धाम पाउछ
संझाई रामले भन्छन् भक्तराज जानु पर्दछ
छुट्टिने समय हाम्रो त्यसैले दुःख बढ्दछ। २७२

दुःख संकट औ पिडा ज्यूँदाले भोग्नु पर्दछ
बुध्दिमान भक्तले मेरो आज्ञा स्वीकार गर्दछ
वामनावतार हुँदा खेरी त्यसबेला तिमीसाथ थियौं
राम औतारको दुःखमा तिमीले सहयोग दियौं। २७३

द्वापर युगमा फेरि कृष्ण भैकन जन्मुला
कुनै एकदिन तिमीलाई जंगलमै आई भेटुला
जाम्वती नामकी पुत्री अनुपम रूप राशीकी
विवाह तिनकै साथमा हुनेछ अवश्य नी। २७४

जिन्दगी आखिरी वेला मेरो रूप देख्न पाउछौ
त्यै वेला पनि तिम्ले अवश्यै मुक्ति पाउँछौ
बाँकी राखेर यी काम कसरी तिमी बस्दछौ
जादैं जान्न यहीं बस्छु भनेर जिद्दी गर्दछौ ? २७५

जाऊ मित्र तिमी जाऊ वनैमा खुशीभै बस
मलाई संझिनै राख पिएर प्रेम अमृत
गएर बरू चाडै नै घरवारमा रमेर नै
म पनि देवकी कोखमा जन्मनेछु मनुष्य भै। २७६

अपशोच नगरी जाऊ भविष्य पर्खदै गर
तिम्रै छोरी विहा गर्छु यी शब्द संझदै गर
नाता संम्वन्ध जोडिन्छ जुवाई ससुरा भई
त्यसैले जानुहोस मित्र नछोडी यसरी गति। २७७

मुटुमा वेदना पीडा अडयाई मौन भै रहे
त्योभन्दा अरू एक शब्द बोल्नलाई अवाक भए
जानैपर्ने भयो वाध्य जिद्दी गर्नु मफत भयो
तैपनि नमरे बाँचे दर्शनको आश बाँकी भो। २७८

प्रभूका पाउमा झुक्दै ऋक्षराज विदा भए
फर्किंदै फर्किंदै रामलाई हेर्दा हेर्दै कता पुगे
अंगद थिए अति दुखित मुटु ढुक ढुक गर्दथ्यो
बिछोड हुन्छ कि भन्ने छातीमा ढयांग्रो ठोक्दथ्यो ।२७९

भयले थर थरी काम्दै अंगदले हात जोड्दथे
म जान्न प्रभूलाई छाडी भनेर पाउ पर्दथे
मरणासन्नको वेला पिताले पाउ पक्रदै
नाथकै पाउमा सुम्पी पिताको स्वर्गवास हुँदै । २८०

पिताको विन्ति स्वीकारी रक्षा गर्नुभयो पनि
आजै त्यो बिर्सनु भो कि या भएँ कि नाथ वैगुनी
अंगदको अभिभावक भै यसलाई साथ राख्दछु
पीर क्यै गर्नु पर्दैन यसको कल्याण गर्दछु । २८१

प्रभूकै शब्द संझेर नाथकै भरमा थिएँ
विचल्ली हुन्छ कि भन्ने चिन्ताको तालमा डुबें
म छाडी जान्न हे नाथ प्रभूको पाऊ छोड्दिन
छोडिन्छ ता यदि पाऊ अवश्य मर्छु बाँच्दिन । २८२

दयाराखी कृपासाथ विन्ति स्वीकार गर्नुहोस
शरणार्थी अनाथलाई प्रभूकै पाउ यी मिलोस
म जाऊ कसको घर्मा कसको म चाकडी गरौं
जिन्दगीभर लिई त्रास कामेर कसरी जिऔं । २८३

आफ्ना भन्ने कुनै छैनन् आमा छन कुन ठाऊमा
व्याकुल भई कहाँ जाऔं म बस्छु प्रभू पाउमा
सुग्रीव वाली दुवै वीर वास्तवमा वैरी नै थिए
अनेक युक्ति प्रयोग गर्दै अन्त्यमा वालि मारिए । २८४

पिताका शत्रु हुन सुग्रीव मलाई मार्न सक्दछन्
विभिन्न दोष लाएर पुरानो इख फेर्दछन्
नाथ वाहेक अरू कोही नाता गोता अरू कुनै
जान मञ्जुर नभै रून्थे राघवका पाउ पक्रदै । २८५

अंगदको सुनी चातुर्य रघुनाथ खुशी भए
छातीमा छाती टासेर वरदान उनलाई दिए
किष्किन्धाका युवराजा वुध्दिमान स्वयं तिमी
राज्यको काम गर्नु छ सुग्रीवका साथमा मिली । २८६

तिम्लाई थाहा नै हुन्छ के गर्दा राज्य चल्दछ
समस्या आई पर्दामा के गर्दा शान्ति मिल्दछ
प्रजाका हितका लागि शासकले प्राण होम्दछ
वास्तवमा त्यही नै शासक सबैको योग्य बन्दछ । २८७

राजाका पुत्र हुन प्रजा मर्का तिनको बुझेर नै
पितापुत्र मिलि बस्नु भएर शुभ चिन्तकै
आफूले दुःख काटेर प्रजाको हित गर्नु छ
प्रजाकै सुखमा हास्नु राजाको धर्म यही छ । २८८

राष्ट्रको राज्य चालनमा ज्यादै मुस्किल पर्दछ
प्रजाले सुख पाएमा राजालाई शान्ति मिल्दछ
सानो तिनो भए गल्ती प्रजा तै चुप लागदछन
अन्यायमा प्रजा पर्दा सिंहासन पनि खोस्दछन । २८९

नरोई जाऊ हे अंगद किष्किन्धामा गई तिमी
बुझाई सबको चित्त बस्नु कर्तव्यमा डटी
जिन्दगीमा परे आपद मलाई झट्ट संझनू
पलकमै दौडदै आउँछु यो शब्द सत्य संझनू । २९०

मेरो आपदको वेला अर्पेर जिउज्यान दियौ
युवराजको सुख छोडेर राक्षसका साथमा लड्यौ
क्षीर सागर तर्नामा अति नै सहयोग दियौ
तत्पश्चात गई लंकामा रावणकासाथ भेट गर्‍यौ । २९१

नमानी भय रावणको शिरपेच लियौ
डटी रावणका साथमा आफ्नो शक्ति देखाइदियौ
जुन कार्य तिमीले गर्छौ त्यसमा वुध्दि अक्किल
मैलाई गुण लागेको त्यस्को ऋण तिर्नु मुस्किल ।२९२

मलाई तिमीले बाध्यौ म पनि बाँधिई सके
तिम्रो निश्चल भक्तिले म तिम्रै वसमा परें
तेजस्वी नाथको आज्ञा कस्ले पो काट्न सक्दछ
प्रभूको माया शक्तिले जगतलाई नचाउँछ । २९३

विदाइ हुन लागेको वेलामा ती दुवै जना
पोखिए आँसुका धारा छल्केर दुःख वेदना
अंगदलाई गरी प्रेम विदाइ प्रभूले दिए
अंगदकै पछि लागेर वानर भालू सबै गए । २९४

हमेशा मनमा राख, सत्यको बोध सधैभर
मनमा समता स्थिर, भएमा दुःख भाग्छ दूर ।

जीवन्मा मंगलै जागोस्, पाइन्छ अति नै सुख
यदि भुलिन्छ मायामा, पाइन्छ अविरल दुःख ।

नदिनू अरूलाई दुःख नगर्नू अरूको रिस
जानी जानी दिए दुःख, लाग्ने छ सर्पको विष ।

जसले चिन्दैन आफैलाई, त्यही बाँधिन्छ मोहमा
आफैलाई चिने देखिन्, त्यही रम्नेछ शान्तिमा ।

अन्धकार हटाएर चित्त पारेर निर्मल
साधना र तपस्याले मिल्नेछ परमै सुख ।

लोकचक्र सधैं घुम्छ, मानिसको मन चित्तमा
यही हो दुःखको मूल, यसैले दिन्छ यातना ।

लोकचक्र बढी घुम्दा पाप कर्म बढाउँछ
धर्मचक्र घुमे देखिन्, स्वच्छ आत्मा बनाउँछ ।

भवचक्र विनाश पार्दा, धर्मचक्र जगाउँछ
धर्मचक्र घुमेसम्म, आत्मामा शान्ति छाउँदछ ।

राग द्वेष अहंकारले, अति नै दुःख बढ्दछ
माया दया र कल्याणमा जगतै सुखी बन्दछ ।

# सीता वनवास

स्वर्ग नै हो कि भने झैं अत्यन्त सुन्दर अयोध्या
रामको राज्य हुँदामा मनोहर थियो अयोध्या
दुनिया थिए आनन्दी कोशलराज्य भरिमा
सबैको मस्तक झुक्दथ्यो राघवजीको भक्तिमा । १

छोरालाई जस्तै पियारो प्रजालाई गर्थे श्रीराम
पिता नै सम्झी प्रजाले रामको गर्थे सम्मान
नियमानुसार वर्णाश्रम कर्तव्य पालन गर्दथे
राजाज्ञा औ धर्माज्ञा सम्मान पूर्वक मान्दथे । २

व्राह्मण दिन्थे धर्मोपदेश ज्ञानको बोध गराउँथे
शासक बनी क्षत्रीले रक्षाको भार बोक्दथे
व्यापार गर्थे वैश्यले राष्ट्रको भण्डार भरिन्थ्यो
शुद्रको थियो सेवा काम राष्ट्रको सेवा गरिन्थ्यो ।३

सद्‌गुणी व्रह्मचारीले स्वतन्त्र गर्थे तपस्या
स्वच्छन्दवादीहरूको थिएन कुनै समस्या
गृहस्थीहरू संझिन्थे यही नै धर्म ठूलो हो
सबैले यही सम्झन्थे आ-आफनो धर्म महान हो । ४

संकल्प थियो सबैको राष्ट्रलाई अघि वढाउने
पुरुष जस्तै नारीलाई शिक्षित पनि गराउने
शिक्षित नारी भएमा गरिमा देशको वढनेछ
छोरा र छोरी दुवैमा समान दृष्टि पर्ने छ । ५

विभिन्न आश्रमवासीले उन्नति ठूलो गर्दथे
राज्यको रक्षा निंतिमा अगाडि सबै सर्दथे
सन्यासी तत्ववेत्ताको धर्ममा लाग्थ्यो सदा मन
आवश्यक कतै परेमा अर्पण गर्थे सारा धन । ६

पौरखी थिए प्रजा ती सदभावनाका सागर
मानिसको रूप लिएका देवता जस्तै आचरण
नारी र पुरुष दुवैमा अत्यन्त शुध्द मिलाप
नारी स्थान उच्च भई गर्दथे रामले सम्मान । ७

गृहिणी कामामा निपूण आमाको धर्म निभाउँथे
झगडा कैल्यै हुदैनथ्यो स्वतन्त्र जीवन बिताउँथे
विद्वान वर्गहरूले विद्याको प्रचार गर्दथे
कम्जोरी कोही भएमा सबैले मद्दत गर्दथे । ८

अहंकार नामै थिएन उपकार हुन्थ्यो सबै त्यो
अधर्मी कोही थिएनन् धर्मको थियो राज्य त्यो
शासन राम राजाको चर्चित थियो संसारमा
राजा र प्रजा धर्मात्मा आनन्द थियो राज्यमा । ९

प्रजामा दुःख थिएन उजुरी कुनै थिएन
रोग र शोक कसैका शरीर मनमा थिएन
राजाको सदा जय होस प्रजाको थियो मनैमा
सबैले जीवन बिताउँथे आनन्द शान्ति जीवनमा । १०

राजा र प्रजा दुवैमा वरावर शक्ति बाँडिन्थ्यो
राज्यमा कुनै नयाँ काम भएमा छलफल गरिन्थ्यो
प्रजालाई दुःख परेमा राजालाई दुःख थपिन्थ्यो
प्रजालाई सुख परेमा राजालाई शान्ति मिल्दथ्यो ।११

सन्तोषजनक शासन हामीले कतै देखेमा
तुरून्त हामी दिंदैछौं रामको राज्य उपमा
भनाइ हाम्रो यही हो राजतन्त्रवादी देशैमा
उपमा हामी दिंदैछौं किंवदन्तीको रूपमा । १२

एकदिन कोशल किशोर आनन्दसाथ बसेका
ऋषि र मुनिहरूको उपदेश अर्ति सुनेका
विद्वान मान्यगण्यले छलफल त्यहाँ गर्दथे
विभिन्न छलफल गरेर मनको शंका मेट्दथे । १३

बुद्धिमान मन्त्री जसका छन् सुरवीर सेना जसका छन
राजाका लागि प्रजाले सर्वश्व अर्पण गर्दछन
जसले राजा मान्दछ उसैले शान्ति पाउँछ
त्यस्ताको लागि स्वदेश छ प्राणभन्दा पनि प्यारो छ ।१४

गुरू र मन्त्री खजान्ची व्राहृमणहरू जति छन
राष्ट्रको भलो चिताई लोभ र मोह त्यागदछन
युवराज पुरोहित द्वारपाले अनुशासन राख्नेवाला हुन
त्यो राज्य सधैं हुनेछ सुखले युक्त संसार भर । १५

देशका कर्मचारीले लोभ र लालच त्यागेमा
यो शरीर सदा टिक्दैन अवश्य मर्छौ ठानेर
कर्तव्ययुक्त राजा होस न्यायमा उसको मन लागोस
सल्लाह सबको लिएर विचारपूर्ण काम गरोस । १६

सबैको चित्त बुझाई दण्ड र मान दिएर
गुप्तचरद्वारा राज्यका प्रत्येक घरमा गएर
दुनियाँलाई कस्तो छ उजुरी सुन्नु पर्नेछ
ककसको के के गुनासो सोचेर बुझ्नु पर्नेछ । १७

आदर्श राजा त्यसलाई दुनियाँ भरले स्वीकार्छ
भूपको सुयस चल्नाले प्रजाले उसलाई पुज्नेछ
राज्यको प्रत्येक कुनामा के कस्तो हुन्छ गुनासो
प्रजाको चित्त नबुझ्दा मनमा लाग्छ धुवासो । १८

अयोध्या राजका कुनामा कतै न कतै दोष होला
रोगी छ भने तुरून्तै औषधि गर्नु वेश होला
मिथ्या र अहंवादीलाई सत्सँग तर्फ लगाउने
अज्ञानी क्रोधी नास्तिकको खरावी सबै हटाउने । १९

नीतिज्ञ भूप त्यही हो राज्यमा उज्ज्वल गराओस
प्रजाको इच्छा वमोजिम राज्यमा शान्ति फैलाओस
राजा र प्रजा नमिल्दा शत्रुले सधैं हेर्नेछन्
क्यै निहु पाई तुरून्त आएर कव्जा गर्नेछन् । २०

कुरौटे सेवकहरूको नसुन्नु कुरा राजाले
राजालाई पिता संझेर सहयोग गरून प्रजाले
विदुषी विद्वानहरूको अपमान गर्छन भने ता
दण्डका भावी हुनेछन् सजाय दिनु राम्रो छ । २१

बच्नु छ सधैं राजाले दुष्टको पासो झेलबाट
नत्र त राजा बच्दैन पातकी दलको हातबाट
अन्यायी राजा भएमा अन्याय मात्र बढनेछ
प्रजाको साथ नपाए आपद आई लाग्नेछ । २२

राज्यका गुप्तचरैले झुटमुट खवर ल्याउनेछन
शासक आदिहरूले तीबाट घुस लिनेछन
षडयन्त्री शासक हुनेछ अहंमको भाव लिनेछ
मुखले राम राम भन्ने छ खल्तीमा छुरी राख्ने छ ।२३

अन्यायी राजाहरूको शासन वेकाम हुनेछ
स-साना कुनै गल्तीले राज्य नै खतम हुनेछ
आदर्श राज्य भएमा सम्हाल्छ आफनो स्वधर्म
अत्याचार पापले पूर्ण भै भोग्नेछ आफैं कुकर्म । २४

दिनभर आफैं बसेर शिरमा बोझ उठाओस
रातमा प्रजाहरूको गरेर रक्षा बचाओस
खर्चमा केही घटाई आम्दानी केही बढाई
वेलैमा तलब दिइयोस राज्यका कर्मचारीलाई । २५

शासन तर्जुमा बनाई कानून विधि बनाई
प्रजालाई मञ्जुर गराई कानून विधि सुनाई
जसले गर्छ राजकाज प्रजाको भलो चिताई
त्यै राजा प्रिय हुनेछ सबैको हुँदा भलाइ । २६

जनता के भै रहेछ धनादि मान खोज्दैछ
आफैले खाऔं प्रशस्त अर्काको द्रव्य ताक्दैछ
त्यस्ताको विश्वास गरेमा अवश्य धोका पाइन्छ
अति नै गहिरो खाडलमा अवश्यमेव खसिन्छ । २७

शासन कर्ता अन्यायी जाली र घुसखोरी भै
गुप्तचर पनि अवश्य उसैका इच्छा माफिक भै
षडयन्त्रकारी मन्त्रीले तिनैले गडवड मचाउँछन
नचाहिने कुरा लगाई राजालाई धोका दिनेछन् । २८

प्रजाले दुःख नपाओस लाउन र खान सुखै होस
अत्यन्त विवेक राखेरै विकासको मूल फूटाओस
राज्यमा शान्ति फैलेमा शासकले पाउँछ राजा मान
जन्मिदैदेखि दिँदैन कसैले पनि राजा मान । २९

नियम कानून बनाई आफैले पालन गर्नेछ
प्रजाको दुःख व्यथालाई शासकले एक एक वुझ्नेछ
त्यही नै उत्तम शासक भै निशंङ्क शासन गर्नेछ
वयस्कदेखि बालकले राजाको आज्ञा मान्नेछ । ३०

प्रजाको मर्म बुझ्नेमा सन्तान आफनै सम्झेमा
खान र लाउन प्रशस्त औषधोपचार गरेमा
प्रजाले सदा ठान्नेछन् राजालाई आफनो भगवान
राजाले गर्नु पर्ने छ प्रजाको सदा कल्याण । ३१

अधर्मी जनको विचारलाई उछित्तो पार्नु पर्दछ
राष्ट्रको प्रत्येक व्यक्तिको कल्याण सोच्नु पर्दछ
सबैले सुख पाएमा पियारो राजा हुनेछ
बलियो खम्बा बनेर आँखाको नानी बन्नेछ । ३२

ईश्वर राजा संझेर मनले पूजा गर्दछन
आपद विपद पर्दामा राजाकै शरण पर्दछन
राजाकै छोरा प्रजा हुन यहीनै विचार गरेमा
घनिष्ट मेल वढ्नेछ आपसमा मिल्ती हुँदामा । ३३

प्रजाको कल्याण भएमा राजाको कल्याण हुनेछ
पूर्ण छ भण्डार प्रजाको राजाको स्वयं हुनेछ
राष्ट्रनै शिक्षित भएमा विद्वान प्रजा हुनेछन्
विदुषी विद्वान प्रजाले राजाको पूजा गर्नेछन् । ३४

प्रजाको आय बढ्नाले राजाको स्वतः बढ्नेछ
जनता खुशी भएमा राजालाई शान्ति हुनेछ
खान र लाउन छ्याल-ब्याल भै विकासको मूल फुटाई
देशमा सुख शान्ति होस रोग र व्याध हटाई । ३५

प्रजालाई ज्यादै सताए उसले दुःख पाउनेछ
प्रजाको कुरा के गर्नु विदेशले घृणा गर्नेछ
अभिमानी मूर्ख राजाले प्रजालाई नीच सम्झन्छ
पुर्खाको जति सुयस हो त्यसले खतम पार्दछ । ३६

वैरभाव झगडा भएमा हुँदैन देशको कल्याण
ईश्वरले यहाँ पठाएन दिएर राजाको मान
त्यसैले सधै राजाले जनकै गर्नु कल्याण ध्यान
प्रजाको कल्याण भएमा पाउने छ उसले मान । ३७

युगानुदेखि नारीलाई पुरूषले खेदिरहेका
आधार नपाई कसैको हर्दम रोइरहेका
समान अधिकार दिनु नै राष्ट्रको कल्याण गर्नु हो
नारीको आँसु पुछ्नु नै राजाको ठूलो धर्म हो । ३८

सिर्जनाकारी नारी हुन नारी हुन राष्ट्र बनाउने
नारी नै संसारभरिमा राष्ट्रलाई माथि उठाउने
जुन घरमा नारी शून्य छ परिवार कोही रम्दैन
आएर त्यहाँ लक्षिमी कदापि बास बस्दिनन् । ३९

उपदेश सुनी गुरूका गद्‌गद् भए रघुनाथ
प्रशस्त ज्ञान पाएर चरणमा झुक्यो प्रभू माथ
रोजरोजै वशिष्ठ गुरूले ज्ञानको भण्डार फुकाउँथे
राजनीति एवं देशधर्म इत्यादि धर्म बताउँथे । ४०

वशिष्ठजीका आज्ञालाई शिरोपर गरी राघवले
शासन राम्रो चलाए अत्यन्त उत्तम विधिले
यसरी राज्य चलाउँदा संसारमा सुयस फैलियो
राघव निपूण राजा हुन यही नै महिमा गाइयो ।४१

श्री राम राज्य शासनमा दुनिया डंका बजाउँथे
दशरथभन्दा बढी नै शासन उत्तम भन्दथे
अधर्म भन्ने थिएन धर्ममा राज्य चल्दथ्यो
दुनियाँ सारा निरन्तर रामकै गुणगान गाउँथ्यो ।४२

तैपनि रामराज्यको न्यायको बयान गरिन्छ
उपमा सानो दिएर गौरव गाथा गाइन्छ
राजसभामा एउटा थियो दूत त्यसको बयान गरिन्छ
त्यै दूतबाट विभिन्न घरको खवर ल्याइन्छ । ४३

एकदिन आयो त्यही दूत अँध्यारो मुख लाएर
खवर भन्न चाहन्थ्यो ज्यादैनै दुःखित भएर
मनले केही सोचेर सुनाउन कठिन भएछ
दुर्मूखा भन्ने धोवीले मुटुमा गाठो पारेछ । ४४

बोल्न केही चाहन्थ्यो बोलीनै उसको फुटेन
कर्तव्य आफनो संझेर नभनी मनले मानेन
राघवराजको कुरा हो जस्ताको तस्तै भन्नु हो
जुन काम थियो जिम्मामा बुझाउनु उसको कामै हो ।४५

हृदय पत्थर बनीदे भन्दछु मैले सुनेको
जिव्हा तँ घोर वादल बन वर्सिन्छ चट्याङ बोलिको
जगत माता क्षमा देऊ सुनेको कुरा बताउँछु
तपाई सतमा बस्नुहोस कर्तव्य आफनो पुर्याउछु ।४६

मुटुलाई दह्रो पारेर रामका साम्‌ उभियो
श्रीमान हजुर भन्दैमा डरले मुटु हल्लियो
सुनाउन खवर पर्दथ्यो तैपनि बोली फुटेन
सभामा मानिस हुँदामा प्रत्यक्ष भन्न सकेन । ४७

तैपनि बोल्न खोजेथ्यो तुरून्तै शिर झुकायो
दूतको हालत देख्दामा रामलाई शंका भै हाल्यो
के कुरा तिम्ले भन्ने हो संकोच नल्यौं कसैको
खुलस्त कुरा बताऊ सुनेको कुरा जे जे हो । ४८

तिमी हौ सच्चा गुप्तचर खुलस्त भन्नु पर्दछ
राजाको निमेक खाएर निमेकको सोझो गर्नुछ
चाहे खवर मीठो होस अप्रिय सानो ठूलो होस
नढाटीकनै भन्नु छ चाहे त्यो मेरै मरण होस । ४९

बामाङ्ग मेरो फुर्दछ त्यसैले शंका लाग्दछ
भाग्यमा के छ लेखेको सामना गर्नै पर्नेछ
घट्ना सबै सुनाऊ उत्सुक लाग्छ के होला
निर्धक्क संकोच त्यागेर डटेर भन के होला । ५०

मलाई शंका लाइसक्यो खवर राम्रो त्यो छैन
बोलन बोल दूर्मूखा नसुनी चित्त बुझ्नेन
यो मेरो छाती धड्किन्छ वामाङ्ग ज्यादै फर्फरछ
अवश्य सुन्छु बताऊ मनको शंका मेटिन्छ । ५१

नमान्नु भय कसैको नराखी ल्केश बताऊ
नराख गोप्य त्यो कुरा सभाका साम्‌ सुनाऊ
दूर्मूखा रूदै भन्दथ्यो यो भन्नु ठीक त हुदैन
पवित्र क्षीर सिन्धुमा जहर घोल्नु हुँदैन । ५२

हे नाथ नगर बासी यी अति नै मूर्ख गवार छन्
जाँड र रक्सी पिएर जे आयो मुखमा बोल्दछन्
रातभर घर घर डुलेर तास जुवा खेल्दछन्
पिएर आई पत्नीलाई निर्धक्कसँग पिट्दछन् । ५३

गर्न त विन्ति गर्दछु गल्तीमा माफी माग्दछु
जे जस्तो सुनें नगरमा जस्ताको तस्तै सुनाउँछु
प्रभुको आज्ञा पाएर घरघर घुम्दै गएथें
अयोध्यापुरी राज्यभर रामकै गुण सुनेथें । ५४

राजाकै गौरव गाउँदछन् रामकै नाम जप्दछन्
रामको राजमा न्याय छ प्रशंसा सबले गर्दछन
यसरी घुम्दै शहरमा प्रत्येक घरमा पुगेथें
झिसमिस भोर भएको बेलामा केही सुनेथें । ५५

रिसले एउटा धोवीले क्रोधको वशमा परेर
पत्नीलाई अति झपार्दै अति नै जोडले पिटेर
भन्दथ्यो धोवी पत्नीलाई कसकहाँ बसिस रातभरी
भन्दिनस भने मार्दछु फुटाली टाउको यै घडी । ५६

हेपेर यहाँ आएकी नगनी मलाई क्यै पनि
नमानी डरै रतिभर हिड्छेस सधैं मनपरी
रातभरी कहाँ वसिथिस छैनकी लाज तँलाई
बेशर्मी पुरूष म होइन लाग्दछ लाज मलाई । ५७

तँलाई यहाँ राखेर वदनाम सुन्न चाहन्न
यतिन्जेल राखें तँलाई अब त राख्ने म होइन
तँलाई क्षणभर राख्दिन अनुहार अब हेर्दिन
जवरजस्ती बसेमा नमारी तँलाई छोड्दिन । ५८

म एउटा इज्जतदारी हूँ के भन्लान इष्ट मित्रले
यो कुरा थाहा पाएमा तिरस्कार गर्छन बन्धुले
निस्कि जा ऐल्यै निस्कि जा तँलाई मैले राख्दिन
तँलाई राख्दा म आफनो कुलमा दाग लगाउन्न । ५९

पत्नीको कपाल समाई लात्तिले हान्थ्यो निरन्तर
विचरी नारी धोबिनी दुःखले रून्थिन वरवर
माइतमा हिजो गएकी केही वेर बसी फर्किंदा
दिदीका घरमा बसेथें असाध्य पानी दर्किंदा । ६०

डरले काम्दै धोबिनी मुटुमा गाँठो पारेर
नपिट मलाई यसोरी बुझ न कुरा गएर
भन्दछ धोवी कड्केर जगल्टा उसको लुछेर
म राजा होइन यहाँको राखिन्न वसमा परेर । ६१

तँलाई यहाँ राख्नाले वदनाम ठूलो चल्नेछ
वद्नामी पत्नी राख्दामा नराम्रो हावा बग्नेछ
सीतालाई लगी रावणले एक वर्षसम्म राखेर
फर्काए राम राजाले पवित्र शुध्द संझेर । ६२

रावणका घरमा बसेकी त्यस्तीलाई पनि ल्याएर
चोखी छ समेत भन्दैछन रानीको पदमा राखेर
जानकी ल्याए घरमा इज्जत वरवाद गराए
कोशलका राजा भएरै कुलमा कालो लगाए । ६३

तैपनि रामले सीतालाई सतवन्ती नारी भन्दछन्
रामकी सीता कस्ती हुन यो कुरा प्रजा बुझदछन्
जनता प्रिय राजा हुन तैपनि बानी नराम्रो
मलाई राम नसंझी हुनेछ गति नराम्रो । ६४

तँलाई यहाँ राख्दिन नाममा तेरो कालो छ
निस्किहाल चाँडै निस्किहाल होइन कालले लानेछ
राजाले राखे भन्दैमा मैले त तँलाई राख्दिन
कुलङ्गार तँलाई राख्नाले इज्जतमा धक्का लाग्नेछ । ६५

सीताको रूपले मोहित भै कलंकी नारी राख्दामा
नाकमा कालो लागेको पत्ता नै छैन राममा
त्यस्तीलाई राखे भन्दैमा तँलाई मैले राख्दिन
चरित्र भ्रष्ट गर्नेलाई रामको सिको म लिन्न । ६६

नसकी सुन्न वदनामी थुनेथें मैले यी कान
जनताप्रिय राजाको सकिन सुन्न अपमान
यत्ति हो खवर हे राजन ! सुनाउन कठीन भएको
पवित्र सीतार्जीलाई नराम्रो दोष लाएको । ६७

त्यसबेला मनमा लागेथ्यो पिटौं कि दुष्ट धोवीलाई
तैपनि खामोस खाएँथे हुँदैन पिट्न नसुनाई
घट्ना यै हो हे राजन धड्कन्छ मुटु चिन्ताले
श्री माताजीको वद्नाम सकिन्न सुन्न दुःखीले । ६८

सुन्दामा भीषण वदनाम राघव अड्न सकेनन्
सुस्केरा मात्र निस्केर मुखले बोल्न सकेनन्
तुरून्त मूर्छा भै हाले जमिनमा राघव लडेर
संभ्कना होश हरायो विपत्ति तालमा डुवेर । ६९

केही वेर पछि होस आयो भन्दछन मलाई के भयो
कल्पना गर्नै नसक्ने कानले प्रष्ट सुनियो
सभामा खलवल मच्चियो, सबैका मन्मा चिन्ता भो
राघव मूर्छा पर्दामा राजसभा विचमा भंग भो । ७०

लक्ष्मण भरत त्याँ थिए राघवलाई उठाए
विभिन्न प्रयास गर्दामा रामका नयन खुलाए
राघव भन्छन हे भाइ म योग्य शासक भइन
अवध राज्यभरिमा सुयश राख्न सकिन । ७१

जो हुनु थियो भै हाल्यो भविष्यलाई सम्हाल
रामका शिरले बोकेको त्यस भारलाई सम्हाल
घरवार राज्य त्यागेर वानप्रस्थ आश्रम लिनेछु
जंगल जंगल डुलेर जंगली फल खानेछु । ७२

सीताका साथमा जंगलमा बसेर जीवन बिताउँछु
भाग्यमा जे छ लेखेको त्यसैको भोग गर्नेछु
राज्यको भार बोक्नु नै तरवारको धारमा टेक्नु हो
अप्रिय भई राज गर्नु त्यो व्यक्ति महा अटेर हो ।७३

प्रजाले कुरा काट्दैछन शासक राम्रो भएन
अयोध्यावासीहरूको मदेखि चित्त बुझेन
जसबाट शासन चल्दछ त्यसैलाई प्रिय मानिन्छ
त्यसबाट चलोस शासन यो जोबाट चित्त बुझ्दछ ।७४

त्यसैले भन्छु हे भाइ यो राजकाज चलाऊ
जसरी हुन्छ पिताको सुनाम सुयस फिजाऊ
अब त मलाई विदा देऊ वदनाम सुन्न चाहन्न
भाग्यमा यस्तै लेखेको प्रजालाई दोष म दिन्न । ७५

रामको व्यथा बुझेर मुटुमा मलम दलेर
भरत भन्छन गम्भिर भै आँखामा आँसु भरेर
के भन्नुभाको हजुरले खाएन कुरा यो मनले
संभ्कनु हवस हे राजन गर्दछ विन्ति भरतले । ७६

प्रजाले हाम्लाई के भन्लान् राज्य नै त्यागे रामले
सम्हाल्न राज्य नसक्दा छोडेछन् पक्कै राघवले
प्रजाको मुटु छामेनन् राज्यको काम जानेनन्
नारीको प्रेममा लाग्नाले राजनीति केही जानेनन् । ७७

नाममा दाग लाग्नेछ वंशको शान घट्नेछ
डरले काम्न हुँदैन प्रजाले भोलि हेप्नेछ
मलाई राज्य दिनुनै आगोमा घिऊ थप्नु हो
पाएको आफनो अधिकार त्याग्नु नै ठूलो गल्ती हो ।७८

राघव भन्छन हे भाइ कि त यो राज्य सम्हाल
अयोध्यावासी प्रजाको सुख र दुःख सम्हाल
सकिन राज्य चलाउन सुचारू रूपले सम्हाल
कोशलवासी प्रजाको सकिन चित्त बुझाउन । ७९

तिमी त मेरा भाइ हौ यो प्राण जस्तै प्रिय छौ
दाज्यूको आज्ञा अवश्यै पालन पनि गर्ने छौ
यो राज्य लथालिङ्ग भो चलाउन मैले सकिन
छिः छिः र दुर दुर भैकन बाँचेको पत्ता पाइन ।८०

कि मर्छु जहर पिएरै हैन त सीता त्याग्दछु
वनमा उनलाई एकान्त थलमा लगी छोड्दछु
कि भने जहर पिएर सुतेको सुत्यै लड्दछु
यो दाग रहयो जीवनमा पश्चाताप गर्दै मर्दछु । ८१

यी शब्द सुन्दा लक्ष्मणजी रिसले खुइय्य गरेर
यो विचार गर्दा पूर्खाको जानेछ इज्जत जलेर
परीक्षा पनि भएथ्यो लंकामा सबका अगाडि
प्रकट अग्नि स्वयं भै प्रशंसा गर्थे हात जोडी । ८२

यो लोकको कुरा के गर्नु त्रिलोकमा समेत पवित्र
बुझाउन ल्याउँदा गरेथे अग्निले ठूलो प्रशंसा
निर्दोषी सीता डण्दित भै के काम उनलाई त्याग्ने हो
प्रजाले दोष लाउदैमा सीताजी त्याग्नु गल्ति हो । ८३

अधर्म गर्नु तकाम हो सन्तानको विनाश हुनेछ
सीताजी शुध्द सतीका आँसुले सबलाई पोल्नेछ
रामको पावन राज्यमा नराम्रो कुरा गर्छ ता
धर्मको वास उठ्नेछ राज्यमा कली बस्नेछ । ८४

सतवन्ती सीता त्यागदामा देवता पितृ के भन्लान
नहुदा कुरा सुनेर जानकी त्यागदा के भन्लान
त्यस्तालाई धिक्कार म दिन्छु जजस्ले दोष लाउदछन्
यस्तै हो भने कुनै दिन आएर ज्यानै लिनेछन् । ८५

ताकेका होलान् सिंहासन हामीलाई लोभ लाग्दैन
सुयशमा चलोस यो राज्य वनवासी हुन्छौं डर छैन
लाञ्छना लाग्दा सीतालाई कलेजो मेरो टुक्रिन्छ
राघवको हालत देख्दामा आगोले मुटु जल्दछ । ८६

रिसले मुटु जल्दछ दुष्टलाई मारौं लाग्दछ
सतीलाई आरोप लाउने त्यो मबाट के पो बाँच्दछ
त्यस्तालाई मान्छे भनिन्न कालले बाँकि राख्दैन
धिक्कार छ त्यस्तो व्यक्तिलाई जसले सीता चिन्दैन ।८७

लक्ष्मण निकै जंगिए रिसले आँखा देखेनन्
नम्रतापूर्वक भरतजी बोल्नमा पछि हटेनन्
भाइका सच्चा कुरालाई सहश्र स्वीकार गर्दछु
जानकी त्याग्ने कुरामा तुरून्त खण्डन गर्दछु । ८८

दाज्यूले चिन्ता नगर्नोस संसोधन सबै हुनेछ
सीताको गल्ती क्यै छैन लोकलाई थाहा छदैछ
एउटाले दोष लाउँदैमा राजाले दब्नु पर्दैन
मूर्खका कुरा सुनेर विवेक छोड्नु हुँदैन । ८९

एउटाले आज के भन्छ अर्काले भोलि दोष दिन्छ
कागले कान लग्यो रे भन्दैमा पछि को लाग्छ
यसरी राजा दव्दामा काँतरपना देखाउँछ
भोलि नै कुनै दुष्टले अयोध्या राज्य खोस्दछ । ९०

के भनौं कति बुझाऊँ दाज्यूको चित्त बुझ्दैन
सीताजी त्याग्ने भएमा भरतको प्राण रहन्न
यो कुरा गर्नु बेकार हो कसैले पत्यार गर्दैन
सीतालाई दोष लाउनेले हामीलाई बाँकी राख्दैन । ९१

लक्ष्मणले फेरिभन्दैछन हे नाथ आगो बल्दछ
त्यस्ताको गएर डटेर विरोध धेर गरिन्छ
भाइको आवेश देख्दामा लक्ष्मणलाई संझाउछन
अति नै धैर्य गंभीर भै भाइलाई केही भन्दछन । ९२

यो होइन कुनै खेल्वाड शासनको काम यस्तै हो
शासनमा चित्त नबुझ्दा विभिन्न कुरा सुनियो
प्रजाको चित्त बुझाउन जसले तसले सक्दैन
प्रजाको विरोध चल्दामा यो राज्य टिक्नै सक्दैन । ९३

शासन राम्रो छ भने प्रजाले माया गर्नेछन्
राज्यमा हाइ हाइ भएमा राजालाई मद्दत गर्नेछन
प्रजाको चित्त बुझेमा राज्यमा शान्ति हुनेछ
जनताको विरोध चलेमा पुर्खाको इज्जत जानेछ । ९४

जुन ठाऊ सीता जाँचियो भएन त्यहाँ आन्दोलन
प्रजाले शंका गर्नु नै सुधार हुन्छ शासनमा
लंकामा भयो परीक्षा आगोमा राखी जलाइयो
यो बेला जहाँ सीतालाई वनवास गर्ने निश्चित भो ।९५

मनले कैल्यै त्यागिन्न तनले ऐले त्याग्दैछु
प्रजाको इच्छा वमोजिम अन्याय उनमा गर्दैछु
राजाज्ञा मान्नु पर्दछ जानकी वनमा त्याग्नुछ
अन्याय न्याय जान्दिन राजाको हुकुम मान्नु छ । ९६

सूर्योदय हुने बेलामा सीतालाई वनमा लैजाऊ
वनमा एक्लै छोडेर रथमा एक्लै तिमी आऊ
दाज्यूको आज्ञा यो होइन राजाको शाही हुकुम हो
राजाज्ञा मान्नु सबैको अनिवार्य ठूलो धर्म हो । ९७

सुन्दामा शाही घोषणा शिरमा चट्याङ परेझैं
महान चोट लागेर लक्ष्मण ढले वेहोश भै
भरत र रामको सेवाले लक्ष्मण उठे सचेत भै
अठ्यारो आज्ञा दिएको हुनाले सोच्छन गंभीर भै । ९८

हृदयहीन आदेशले उनको मुटु फुटाल्यो
सहनै केही नसक्दा मनलाई व्याकुल गरायो
तुरून्त उनले सम्झेथे परशुरामजीको समस्या
पालन गर्नै कठिन भो नगरौं भने राजाज्ञा । ९९

लक्ष्मणलाई आज्ञा दिनासाथ त्यहाँबाट हिंडे रघुनाथ
भरत र लक्ष्मण रोएका मनमा लिई ठूलो ताप
झिमिक्क आँखा लागेनन् रोएर रात बिताए
यी मूर्ख प्रजाहरूले आपदका तालमा डुबाए । १००

छटपटी धेरै बढेछ मनले हरेश खाएछ
जतिनै आपद परेनी सहनै पर्ने रहेछ
यो कुरा सुन्नु पहिला नै कालले किन डाकेन
जंगलमा बसी फर्केको दैवले देख्न सकेन । १०१

पालना गरौं आज्ञाको अत्यन्त संकटपूर्ण छ
उलंघन गरौं आज्ञा यो ग्लानीले मलाई सताउछ
म एउटा आज्ञाकारी हूँ यो प्राण त्याग्न तयार छू
शायद होला परीक्षा परीक्षा दिन तयार छू । १०२

कसरी छाडौं सीतालाई उनको म हूँ पूजारी
नमानौं आज्ञा दाज्यूको के बाँच्नु जीवन धिक्कारी
एकतर्फ आज्ञा पालन छ अर्को त शंकट अति छ
सर्पको मुखमा भ्यागुतो निल्नु न वकेल्नु जस्तो छ ।१०३

ईश्वर सहन शक्ति देऊ संकटबाट बचाऊ
अभागी आफै रूदैछु यो विपदबाट हटाऊ
विशुध्द नारी सीतामा अन्याय आगो लगाइस
सोझालाई शूली चढाई अधकल्चो जीवन गराइस ।१०४

हियमा थियो मंगल आश छातीमा वज्र खसालिस
ईश्वर स्वयं तैले नै अन्याय आगो लगाइस
यस्तो नै गर्नु थियो ता आगोमा पस्दा निकालिस
रक्षा नै गर्नु थियो त आपद यस्तो दिलाइस । १०५

शुध्द छन सीता भनेर अग्निले ल्याई बुझाए
त्यो कुरा मिथ्या गराई नराम्रो आरोप लगाए
हे दैव तँ छस् घुस्याहा हृदय तेरो कठोर छ
पग्लिन्न कैल्यै मुटु त्यो पत्थरभन्दा कडा छ । १०६

गृहिणी भनी स्वीकारी कोशलपुरमा भित्र्यायौं
प्रेमका धारा वर्षाई आनन्दी जीवन वितायौं
बसेका थियौं रमाई दैवले देख्न सकेन
पवित्र सीता मातालाई विवेकी दृष्टि परेन । १०७

हजारौं आँसु धाराले शरीर आफनो भिजाई
पतिकै सेवा गरेर बस्दथिन कठै सीताजी
पवित्र सती नारीलाई दैवले दुःख दिएछ
कसैले उनलाई नचिन्दा अन्याय ठूलो गरेछ । १०८

यही नै विषम विचारमा आँसुले शरीर भिजाई
बुध्दि र ज्ञान हत भयो हृदय व्याकुल गराई
सीतालाई आमा सम्झन्थें उनकै सेवा गर्दथें
उनको सेवा गर्दामा आफूलाई धन्य संम्झिन्थें । १०९

सीताको सट्टा आफैलाई त्यागेको भए सहन्थें
अगाध सागर गहिरोमा फालहाल्नु परे हाल्दथे
जति नै दुःख परेता खुशी भै म नि सहन्थें
सीताजी सदा सुखी हुन ईश्वरसँग पुकार्थें । ११०

यो कुरा सुन्नु पहिलेनै यी कान मेरा फुटेनन्
यो दुःख देख्नु अगाडि यी आँखा अन्धा भएनन्
लंकामा मलाई त्यसबेला राक्षसबाट बचायौ
हृदय व्याकुल गराई यो गति मेरो गरायौ । १११

दाज्यूको आज्ञा मान्दछु जे पनि गर्न तयार छू
जानकी वनमा लगेर छाड्नमा मुस्किल मान्दछु
यो रात भरमा आएर कालले लगोस मलाई
यमराज आई लगेमा हुनेछ मेरो भलाइ । ११२

लक्ष्मणको यस्तो गतिलाई लुकेर नाथले हेरेका
आकुल व्याकुल अधीर भै पिटेर छाती रोएका
मुटुको गहिरो घाउ त्यो दुखेको खप्न नसक्दा
अयोध्यापुरी राज्यमा विवेक इन्साफ नहुँदा । ११३

भन्दछन् भाइ नरोऊ रून्नु नै मनको अधीर हो
साहसले कष्ट जित्नेछ धैर्य नै गुण हो वीरको
म आफै स्वयं जान्दैछु वैदेही सदा पवित्र
साराको मुखले बक्दैछ सीताको सुन्दर चरित्र । ११४

आफैलाई दोषी ठान्दछु निर्दोषी सीता त्यागदैछु
बद्नामी ठूलो सुनेर मुटुमा आगो लगाउँछु
सीतालाई चाँडै त्यागेर कलंक सबै मेटाउँछु
कलंक कालो मेटाई वंशको नाम थाम्दछु । ११५

दुनिया हल्ला गर्दैछन् जानकी रामकी प्यारी छन्
यिनैको लागि लंकामा, ज्यानैको वलि दिए हुन
बेगिन्ती वलि दिएर रावणको कुलै मारेर
अत्यन्त प्यारी हुनाले ल्याएथे खुशी भएर । ११६

तिम्लाई मलाई थाहै छ सुर नाग असुर देख्दैछन
जसलाई त्याग्नै हुँदैन त्यसलाई त्यागदा के भन्छन
लुकेर होइन सीतालाई सबैका सामू त्यागदैछु
काँतर व्यक्ति म होइन परेको कष्ट सहन्छु । ११७

आलटाल गर्न हुदैन तुरून्त तयार भै जाऊ
राजाज्ञा भ्राताज्ञा सम्मान विश्वमै तिमले देखाऊ
ईश्वरको लिला कस्तो छ कुन बेला के के गर्नुछ
कसैलाई थाहा हुँदैन, गराउने गर्ने उही छ । ११८

ईश्वरको इच्छा रहेछ यही नै मन्मा लिएर
अवश्य मञ्जुर गरिदेऊ गुणवान तिमी भएर
रामको आज्ञा स्वीकारी शिरले संकेत गरेर
स्वीकृति आज्ञा भै सक्यो लक्ष्मणले ढोगे नुहेर । ११९

लक्ष्मणलाई सम्झाई जानकी भेट्ने इच्छाले
सीताजी कहाँ पुगेथे संमान गरिन देवीले
श्री रामजीले भन्नुभो क्यै लीला अझै बाँकी छ
विरोध गर्छन प्रजाले तिमीमा तिनको ईर्ष्या छ। १२०

भक्तका लागि आफैले गरूडासनै त्यागेथें
कुशासनै स्वीकार्दै सिंहासनै त्यागेथें
स्वर्गका सुरमण्डल गण, वानर भालू भए
मसँगै सबै ओर्लेथे यो पृथिवीमा जन्मेर । १२१

स्वर्गका देवतारूले साहेता दिन आएका
रावण मर्ना साथसाथै अत्यन्त खुशी भएका
जब त रावण मारियो भूमिको कष्ट हरियो
मानव भई गर्ने काम अब त झण्डै सकियो । १२२

यो सबै कुरा थाहै छ म एउटा गण प्रहरी
गर्व र खर्व सब गर्ने बाँकि छ कामै हे प्यारी
तैपनि अझै धर्तीमा लीला छ बाँकी देखाउन
यो बाँकी तिम्रा छोराले गर्नेछन् बाँकी क्यै काम। १२३

सक्कली रूप तिम्रो हो आफैमा लीन गरी देऊ
छायाँको रूप लिएर मायाको रूप देखाई देऊ
जानु छ चाँडै आफनै धाम यहाँको काम सकियो
त्यसैले सीता यो वार्ता हामी दुई बीचमा गरियो।१२४

मञ्जुर गरिन् शक्तिले त्यस्पछि अन्तरर्ध्यान भइन्
छाँयालाई त्यहाँ छोडेर सक्कली सीता लीन भइन्
नक्कली जानकीजीलाई श्रीराम राजा भन्दछन्
वनयात्रा गर्छु भन्दथ्यौ जान्छ्यौ त जाऊ भन्दछन्।१२५

जुन बेला देख्यौ जंगल त्यो, त्यैबेलादेखि फरमाउथ्यौ
गंगाको तिरमा बस्दछु बनाई छाप्रो भन्दथ्यौ
यै कुरा सधै गर्दथ्यौ लगीदेऊ मलाई भन्दथ्यौ
वनमा वसी तपस्या गर्नलाई रहर गर्दथ्यौ। १२६

कुशको शैंया कन्दमूल भोजन प्रकृति दृश्य प्यारो छ
मृगका दल अत्यन्त सुन्दर तिनैलाई हेर्ने इच्छा छ
चाडैनै सजग भैहाल आकांक्षा पूरा भैहाल्छ
प्रकट रूपमा राजाज्ञा तीतो र टर्रो लाग्नेछ। १२७

सवेरै लक्ष्मण आउनेछन् साथमा वग्गी ल्याउनेछन्
यो सबै जिम्मा उनैको तिमीलाई साथै लानेछन्
यो बेला विदा भै हालौं त्यसपछि लीला देखाऊ
सतवन्ती सीता भएर विश्वमा नाम फिजाऊ। १२८

सीतालाई यति भनेर गैहाले उता भगवान
रातभर निद्रा आएन सीतामा गयो उनको ध्यान
लक्ष्मणले पनि बिताए रोएर मात्र त्यो रात
अरूणशिखा ध्वनि त्यो सुनेर विंझे लक्ष्मण प्रात।१२९

सुन्दर वग्गी लिएर सीताका समिप पुगेर
निन्याउरो मुख लाएर उभिए प्रणाम गरेर
आसिक दिइन् सीताले वग्गी त तिम्ले ल्याएछौ
साइतको बेला लक्ष्मणजी यसरी तिमी रूदैछौ ।१३०

रामको भयो जो आज्ञा त्यो मेरो ठूलो इच्छा हो
क्यै बर्षसम्म वनैमा बसौला भन्ने इच्छा हो
राघवलाई मैले भन्दथे मुनिको दर्शन गराऊ
एकपल्ट फेरि म जान्छु मनको इच्छा पुऱ्याऊ। १३१

यो बेला मेरो अनुरोध रामले पूर्ण गराए
म भएँ ज्यादै भाग्यवान रामले वनमा पठाए
म अति भाग्यमानी छू म जस्ती सुखी कोइ छैन
कोशलनाथको प्यारी छु पार्वतीभन्दा कम छैन। १३२

लक्ष्मणलाई यति भनेर विभोर ती भइन
झटपट रथमा बसेर रामको नाम जप्दथिन
विभिन्न देउता पुकार्दै दुई हात जोडी ढोग्दथिन
कोशलभूमि विदा देऊ म जान्छु वनमा भन्दथिन।१३३

राजमार्गबाट छिट् छिटो अगाडि वग्गी बढ्दथ्यो
अन्धकार निकै हटेथ्यो अगाडि प्रकाश देखिन्थ्यो
त्यो दिन यस्तै के थियो सुख र दुःख मिलन भो
जंगलमा भयो प्रकाश कोशलपुरी तिमीर भो। १३४

आकाशमा तारा प्रभाहीन चन्द्रामा भए मलीन
धर्तीमा धूलो उड्दथ्यो आकाश शोकले रोदन
पूर्वमा लाली छाएथ्यो आकाशमा सूर्य उदाए
सरोवरको मोती लिनलाई सूर्यले रथलाई दौडाए।१३५

आकाश थियो निस्तव्ध रूखका हाँगा हल्लिन्थे
प्राकृतिक दृश्य देखेर कोपिला मुना हास्दथे
फूलको पराग उडेर मुलबाटोभरी छरिन्थे
चराको मधुर तानाले वनका कण कण गुँजिन्थे।१३६

त्यै बेला वग्गी आइपुग्यो श्री गंगार्जीका किनारमा
सीता र लक्ष्मण उत्रिए लक्ष्मण गंभीर विचारमा
लक्ष्मणले यही सोच्दथे म आफै मरे बेश हुन्थ्यो
यै बेला मर्न पाएमा आँखाले देख्न पर्दैनथ्यो । १३७

गंगामा गई नुहाए विन्ति भाव गरे हात जोडी
त्यसपछि वग्गी बढाए व्याकुल हुदै मनभरी
त्यो वन थियो रमाइलो पावन गंगा किनारमा
त्यहाँबाट सीधा भएमा पुगिन्थ्यो मुनी आश्रम्मा ।१३८

बाटोता थियो कटिलो कंकट वेरीको जंगल त्यो
प्रकृतिदेवी प्रशन्न अत्यन्त सुन्दर जंगल त्यो
खाल्टो र खुल्टी परेको उन्नति अवनति दुवैको
बग्गीका पाङ्ग्रा गाडिन्थे दुनिया चालवाल देखाउँथे ।१३९

बाटो ता खाल्टा खुल्टीले वग्गीको बाटो बुझिन्थ्यो
बाबाको आश्रम पुगनलाई अन्दाजबाटै पुगिन्थ्यो
वायुका चाल्ले गुडदामा शीतल हावा सर्सर
सिंहको घनघोर गर्जना, कोयलीको स्वर मधुर ।१४०

जंगल मानौ कसैले नारीलाई सुम्पि दिंदैछ
पटरानी थिइन वनरानी पदवी महान दिंदैछ
अत्यन्त घना जंगलमा ल्याएर वग्गी रोकिदा
रथबाट झट्ट ओर्लिदा आँसुका धारा ओइरिदा ।१४१

बालक जस्तै विव्हल भै शोकले लक्ष्मण रोएका
सीतालाई शंका भै हाल्यो लक्ष्मण के काम रोएका
भन्दछिन सीता सतीले के कारण विलाप गर्दैछौ
राघवका उज्ज्वल मणि हौ, मलीन मुख देखाउँछौ ।१४२

आफनी प्यारी भाउज्यूसाथ हाँसेर किन बोल्दैनौ
मनका कुरा खोलेर त्यो पनि मलाई भन्दैनौ
कोशल छाडी वनबास गर्दामा पनि रोएनौ
यो मेरो मंगल यात्रामा प्रशन्न तिमी भएनौ । १४३

क्षत्रीलाई रून सुहाउन्न यसरी केको चिन्ता भो
घननाद मार्ने वलवीर कुन कुरा सोची रून्नु भो ?
धीरता धारण गर्नुहोस रोएको कारण खोल्नुहोस
के कुरा सोची रून्नु भो मलाई सबै भन्नुहोस ।१४४

सीताका वाणी सुन्दामा लक्ष्मण बोल्नै सकेनन
धैर्य र वलवान ती थिए तैपनि आँसु रोकेनन्
रोएर विन्ति गर्दथे खास खास भन्न सकिन
अभागी देवर लक्ष्मणले जीवन फाल्न सकेन । १४५

आमा म संग्राम भूमिमा मरेको भए बेश हुन्थ्यो
त्यो बेला मरेको हुँदो हुँ यो आपद ममा पर्दैन्थ्यो
भन्नलाई बोली फुट्दैन तै मैले सबै भन्दैछु
आगोमा आफै जल्दैछु नआई काल मर्दैछु । १४६

आज्ञाको वाण चढाई दाज्यूले मलाई मार्नु भो
म जस्तो दुःखी भाइलाई अप्ठ्यारो काम आज्ञा भो
यति नै यो के भनेथे सकेनन् बोल्न अरू क्यै
मुटुलाई धीर गराई खोज्दछन बोल्न अधीर भै । १४७

निस्केझैं सिंहनी खोरबाट वालकको क्रन्दन सुनेर
ओर्लिछन झट्ट वैदेही लक्ष्मणको रोदन सुनेर
सोध्दछिन वावु भ्राताज्ञा भन्नुभो वाणै जस्तो भो
व्रज्राज्ञा पनि मलाई साधारण फूलको थुगो भो ।१४८

हाम्रो त कुरै क्यै छैन संसार्का कल्याणकारी हुन
सुरज वंशी राजेश्वर राघव कुलका गौरव हुन
त्यस्ताले वाण के छोड्लान विश्वास मलाई लाग्दैन
लिएर धैर्य बताऊ हुकुम कस्तो दिएछन । १४९

सुनेर वाणी सीताका मनमा धैर्य लिएर
जोडेर हात भन्दछन आँखाका आँसु रोकेर
हे देवी साक्षात लक्ष्मी हौ प्रभुका मनकी प्रतिमा हौ
महिमा औ अणिमा हौ गरिमा तिमी शुष्मा हौं ।१५०

माटोमा मिल्यो श्रीलंका कोशलको पालो आएछ
अशोक वनमा थियो वास गंगाको तटमा हुनेछ
तैपनि भारत भूमिमा तिमीले शान देखायौ
पवित्र तिम्रो जीवनमा कसरी यो चोट सहन्छौ । १५१

लंकामा मर्न खोजिथ्यौ कसरी ज्यूदै आइछौ
भविष्यलाई नचिन्दा सर्वत्र सुख देख्दथ्यौ
प्रजाले त्यहाँ के देख्नु परीक्षाबाट उत्रेको
त्यसैले होला सीतालाई जीवनमा कालो लागेको ।१५२

यहीनै कारण हुँदामा राघवले त्यागन पठाए
अभागी दुःखी भाइको शिरमा बोझ बोकाए
कठोर पारी आफनो मन बताई दिए सारा हाल
अखिलेश्वरी संझाउँछिन बुझेर सबै गुप्ती वात ।१५३

सुरवीर क्षत्री रूदै छौ भाउज्यूलाई पनि रूवायौं
नचाहिने कुरा संझेर अलाप विलाप गर्दछौ
रामकी दासी बनेर मिथिलाबाट आएथें
जतिनै दुःख भएनि रामकै साथमा म थिएँ । १५४

पतिको आपद विपदमा पत्नीले पनि बाड्दछे
त्यही नै सत्वन्ती भै संसार भरै पूजिन्छे
प्रभूको आज्ञा शिरोपर मिथिला-पुत्री थाम्दछे
रामको राजमा सदा नै फैलियोस सुयश भन्दछे ।१५५

लक्ष्मण तिमी नरोऊ भन्दिनु मेरो प्रणाम छ
रामको चरण पक्डेर भन्दिनु मेरो संदेश
आज्ञाले सीता खुशी छु, लीलामा उनी विवस छन
जानकी सदा उनैकी सीताका राम हुन सर्वश्व ।१५६

सीताका कुरा सुनेर लक्ष्मण रूदै उठदछन्
वनमा छाडी सीतालाई अयोध्या जान्न भन्दछन
बसेथें बर्षैं बर्षैंतक जसरी दाज्यूका सेवामा
बस्नेछु त्यस्तै गरी नै भाउज्यूको रक्षा खातिर्मा ।१५७

राघव गरून अवध राज लखन सीता सेवामा
मिथिलेश्वरी मेरी प्राण बस्तछु यिनकै चरणमा
जनता गरून कर्तव्य राजाले आफनै कर्तव्य
सेवकले गरोस् कर्तव्य माताले गरून कर्तव्य । १५८

म गर्छू आफनो कर्तव्य आमाकै भलाइ गरूँला
आमाको चरण त्यागेर अवध पुरी नजाउँला
सीताले पनि सुनिथिन लक्ष्मणजीका यस्ता वात
जानकी हुकुम दिंदैछन वनमा बस्ने छोडदेऊ वात ।१५९

मप्रति सदभाव देख्दामा अत्यन्त खुशी भैसकें
नगर जिध्दि हे बाबु खुशी भै विदा दिइसकें
बालक युवक वृध्दले लक्ष्मणकै महिमा गाउनेछ
रामको जस्तै सम्मान अवश्य लोकले गर्नेछ । १६०

आदर्श गुणी लक्ष्मणलाल लोकका प्रिय भण्डार
दाज्यूका प्यारा हुनाले गर्दछन तिम्रो पत्यार
सुखमा सधैं रमाऊ राज्यको काम सघाऊ
हाँसेर सधैं धर्तीमा अरूलाई समेत हसाऊ । १६१

दिएर धेरै आसिक लक्ष्मणलाई विदाइ
सतवन्ती सीता रानीले कर्तव्य पूरा गराई
लक्ष्मणले बग्गी हाँक्दामा पटक्कै बग्गी चलेन
शक्तिहिन लक्ष्मण भैहाले गतिनै उनको चलेन । १६२

ज्योतिर्मय सीता त्यागेर अन्धा झैं लखन जादैथे
अगाडि घोडा बढाउदा पछाडिपट्टि हट्दथे
रामको सपथ दिदामा त्यसपछि घोडा हिडेथे
घोडाको भक्ति देख्दामा जीवजन्तु छक्क पर्दथे । १६३

यस किसिमबाट लक्ष्मणजी शोकले गर्दा वेहाल्मा
बग्गीलाई लिई अयोध्या पुगेका तत्कालमा
पुगेर त्यहाँ देख्दछन अपशोचपूर्ण रघुवीर
भलभली आँसु बगाई गरेका थिए ज्यादै पीर । १६४

लक्ष्मणलाई रामले देख्नसाथ उतर्सी सोध्छन् सीता कहाँ
ती विना यो राम दुःखी छ ती मेरी प्रिया छन कहाँ
सम्झेर भन्छन कुन ठाउ छोडेर आयौ ठिकै भो
भुपाल हुनु वेकार भो जानकीजीको उपहास भयो ।१६५

आत्मीय भाइ तिमी हौ जीवन साथी हृदयस
तिमी हौ जीवन सर्वश्व लक्ष्मण तिमी प्राणेश्वर
के गरौं भाइ म ऐले अधुरो राज्य भएछ
वीणाको तार चुडिदा त्यसैले बेकाम भएछ । १६६

वृक्षको हाँगो एउटै छ सुन्दर फूल फुलेको
भाचियो आज अपर्झट रूखका साथमा मिलेको
वतासको झोका आएर उडायो कठै छरेर
हाँगाका पात उडेछन् तितर वितर भएर । १६७

यस्तै दशा छ रामको सीताजीको छ त्यस्तै
जहाँ रहे पनि ता सुखको गयो प्रभातै
श्री रामका नजर्मा सीता रमिरहन्छिन
सीताजीका नजरमा राघव रमिरहन्छन । १६८

श्री रामको मुटुमा सीता बसिरहिछन्
सीताको सिंहासनमा राघव विराजमान छन
कोशल निवासी भन्छन सीता भइन ती टाढा
तर जानकी मुटुमा राघव अतिव प्यारा । १६९

जनता गँवार मूर्ख श्री कालीलाई नचिन्दा
श्री शक्तिशालीलाई गर्दै विभिन्न निन्दा
पवित्र सुरसरी हुन ओर्लेकी धर्ती महाँ
कस्ले के चिन्न सक्नु त्यो मूर्ख मण्डलीमा । १७०

सीता जगज्जया हुन त्रिलोककी श्रीमाता
साक्षात श्री विष्णु राम चिन्दैन कोही आज
तिनलाई दोष दिनाले कुन ठाउँमा बसौला
पाप कुण्डमा डुवेर अनि पो सीता चिनौला । १७१

छैनन् कतै गएकी राघवसँगै ती बस्छिन
होइनन् ती त्यागिएकी श्री रामकी प्रिया हुन
रामले चिन्ही सकेका सतवन्ती नारीलाई
त्यागनै सकिन्न कैल्यै श्रीरामले प्रियालाई । १७२

सक्दैन कोही तोड्न प्रीति छ खुव वलियो
अरूको धैर्य बिगार्ने एक्केक गरी चिनियो
शक्ति ती हुन यो प्राणकी ती ज्योति हुन नयनकी
खोलेर नेत्र हेर सीता सदा रमेकी । १७३

राघवजीका विलापले लक्ष्मण भए अधीर
वेचैनी राम देख्दा संझाउछन ती वीर
हे नाथ यो अतिनै गर्नु भयो विलाप
बाँचिन्छ जैलेसम्म आपद हजार हजार । १७४

जन्मेर यो जगतमा आपद विपत्ति पर्छन
हावा भएर आउँछन बाढी आएर जान्छन
ज्ञानी भएर नाथ अज्ञानी झैं भएको
देखेको पाइदैन भोगिन्छ जो लेखेको । १७५

शोकले अति व्याकुल भै राम गर्थे विलाप अति
उता सीताजीको हालत सुन्नुहोस मन कडा गरी
मधुर प्रेम थियो मनमा बाहिर दवावमा परी
अपर्झट त्यागिदा खेरी रून्थिन सीता कठैवरी ।१७६

लक्ष्मणजी देखिएसम्म अग्निज्वाला छिपिरहयो
आँखाबाट भए टाढा त्यसबेला अग्नि दन्कियो
संझना नभए रामको शोकले तिनी मर्दथिन
त्यही जंगलका बीचमा जानकी प्राण त्यागदथिन ।१७७

लेखेको विधि जे छ त्यही भोग्नु अवश्य छ
जन्मेर यस भूमिमा संघर्ष गर्नु पर्दछ
सीता नामै लुकाएर वनदेवी नामले रहिन्
हिजोसम्म थिइन् रानी आज ती योगिनी भइन् ।१७८

प्रकृतिदेवीका काखमा बसेर रामको पूजा
अहोरात्र तिनी बस्थिन रामकै गरी संझना
प्रतिक्षण रामलाई संझी रामकै नाम जप्दथिन
रामको जय होस भन्दै देव देवी पुकार्दथिन । १७९

संसारलाई गरी मन्थन प्रेमरूप सार निकालियो
त्यही प्रेम संगालेर जानकी मन भरिदियो
जानकी अति चिन्तित भै आत्तिएर विव्हल भइन
बितेको सुखका स्वप्ना त्यसबेला संझदै थिइन । १८०

वेदना तालमा डुब्दै उर्लिन्थे मुटुका व्यथा
पैलेको जिन्दगी आज भएको छ सबै कथा
सीताका मुटुमा छल्के बिताएका ती क्षणहरू
एकाएक गरी संझिन लंकाका घटनाहरू । १८१

मर्नलाई निकै गाह्रो बाँच्नलाई छ मुस्किल
सीताका हृदय भित्र गाउथी विरही कोकिल
संझनु नै भयो व्यर्थ बितेका ती सुखी दिन
आएन लिनलाई काल बाँचेछु दुःख भोगन । १८२

चाहे तिमी जहाँ छौ प्राणेश हौ तिमी नै
दासी म बस्छु वनमा तिम्री भई सदा नै
त्यागी दियौ मलाई सक्दिन त्यागन तिम्लाई
तड्पाई छाती मेरो संझिरहेछु तिम्लाई । १८३

सुखमा दुवै मिलेर बस्थ्यौं अवध पुरीमा
अब वर्षिदैछ आपद थाप्छु म मस्तकैमा
आश्रम मलाई दिन्छ वनले दया गरेर
सम्झी रहन्छु तिम्लाई मन यो अधीर भएर । १८४

पाउँलाकी फेरि दर्शन मन्मा लिंदैछु आश
साथमा सँगै बसेमा मान्छौ कि केही लाज
जे होस पछि हुनेछ तक्दिर्मा के छ के छ
पर्खिरहेछु तिम्लाई एकदिन त भेट् हुनेछ । १८५

कल्पी रहन्छु मनमा त्यो दिन अबश्य आउला
एक ज्यान भएर हामी यो विश्वभर घुमौंला
पूर्खाको शान राखी हाँसी रमाइ हिडौंला
अमृत पिई सदा नै आनन्दमा रमौंला । १८६

सुन अग्निमा जलाई अति तेजिलो गराई
नमुना बनी जगतमा बिताई जिन्दगानी
यो छाती मन्दिरैमा राख्नेछु रामलाई
दासी स्वयं बनेर बस्नेछु शान्ति छाई । १८७

जति गर्दछौ तिरस्कार उतिनै म प्यार गर्छु
जति त्यागदछौ मलाई त्यतिनै नजिक हुन्छु
हे राम सर्वस्वामी तिम्रै म नाम लिन्छु
श्रीराम नाम जपेरै यो जिन्दगी बिताउँछु । १८८

यो विश्व मन्दिरमै तिम्रो सुनाम फैलियोस्
तिम्रै सुकीर्ति धारा यो विश्वमा छरियोस्
तिम्रो भलो सदा होस तिम्रा प्रजा सुखी हुन
तिम्रा पवित्र पाऊ संसार भरै पूजिउन । १८९

यै प्रार्थना म गर्छू गुणगान नित्य गाई
आउनेछु भेट्नलाई यो दाग सबै मेटाई
जति घाउ शान्त पार्छु उति घाउ चर्किदैछ
विरहाग्निको नदीमा उति कष्ट फैलिदैछ । १९०

तिमीले त्यागी हाल्यौ तन र मन दुवैले
परन्तु झन नजिक छु बिर्से पनि तिमीले
यो मन सधै तिमीमा यो प्राण सधै तिमीमा
यो प्राण उडे पनि त मिल्नेछु आई तिमीमा । १९१

पत्थर समान रहेछौ नौनी समान म हुन्छु
त्यो पत्थरे मुटुलाई संझेर नित्य रून्छु
मूखले त प्यारी भन्थ्यौ कामले गर्‍यौ रिपु नै
ज्यूँदैमा त्यागनु भन्दा मार्दा थियो भलो नै । १९२

यस्तै विलाप गरी ज्यादै भइथिन अति दुखित
प्रार्थना गर्दछिन फेरि प्रजाको होस सदा हित
तिमी छौ निर्दोषी राम प्रजा तिम्रा अति प्रिय
प्रजा प्रशन्नका लागि त्याग्यौ आफ्नी सीता प्रिय ।१९३

सौतेनी दोष ईर्ष्याले भित्री संग्राम मच्चिदा
चौध वर्ष बस्यौं वनमा महलबाट निकालिदा
दु:ख सुख सबै भोगी नाथका साथ वनमा रहें
प्रियका साथ बस्दामा अत्यन्तै म खुशी थिएँ । १९४

ऐले ता यो जगत भरमा म जस्ती दु:खी कोइ पनि
सबैका पति छन साथमा आपद पर्दैन क्यै पनि
म जन्मिदा पनि मेरा पिताजी दु:खी नै थिए
अयोध्यामा म आएथें तुरून्तै वनवास भएँ । १९५

वनवास हुँदा खेरी सहारा तिमीनै थियौ
आपद विपद जति पर्थे तिमीनै अघि सर्दथ्यौ
रानी थिएँ अयोध्याकी पछि योगिनी समान भएँ
महल छोडेर छाप्रोमा म तिम्रै साथ बस्दथें । १९६

त्यसमा पनि विधाताले दु:ख आपद थपिदियो
कैयौ राक्षस देखदामा मन मेरो अत्तालियो
अपमान गरें मैले प्यारा लक्ष्मणलाई नै
कठोर शब्द बोलेर चिढाएँ उनलाई नै । १९७

रावण आएर झुक्यायो लंका लान तयार भयो
बचाउन मलाई खोज्दा जटायु मरणान्त भो
राघव देखिन् भयो छुटिम म लंका पुरीमा पुगे
बगाएर अटूट आँसु राक्षसका बीचमा बसें । १९८

मेरै लागि रघुनाथले वियोगका दिन भोग्नु भो
मेरै कारणले गर्दा राक्षससँग लड्नु भो
यतिले नपुगी फेरि सुखचैन सबै लुटी
गरायौ वनबास आज लगायौ अपवाद पनि । १९९

पाइन सुख जीवनमा जहाँ जाऔं कतै पनि
कस्तो दिनमा म जन्मेछु बग्छन् आँसु सधै भरी
के भनौं अब लौ मैले गला यो अबरूध्द छ
संझदा पनि त्यो दु:ख छातीनै फुट्न खोज्दछ । २००

जिन्दगी भरनै हाय दु:खका जालमा परी
हे ईश्वर अब के गर्ने सुध्दिनै छैन क्यै पनि
म जस्ती दु:खकी मूर्ति विश्वमै छैन क्वै पनि
दु:खको भार बोक्दैछु सकिन खप्न बोझ पनि । २०१

दिन रात अध्यारो छ बाटो घाटो म देख्दिन
के गरी प्राण यो फालौं उपाय पनि देख्दिन
हे ईश्वर म कता जाऊँ बाटो मेरो खुलाई देऊ
बाँचेर अब सुख छैन बाटो मेरो खुलाई देऊ । २०२

म बाँचौ कसका लागि ? बाँचेर पनि हुन्छ के
दु:खमा बाँच्नु भन्दा त मरेमा सुख हुन्छ रे
वैदेही सकिन बाँच्न आफ्ना प्यारा पतिविहिन
माछाले बाँच्न सक्दैन बिना नीर भई अधीर । २०३

यस्तै विचारले गर्दा जानकी छटपटिरहिन
आत्मा घात गर्दछु भन्ने जानकीले विचार गरिन
जगदीश्वरको ध्यान गरी मर्न तयार भइन
गंगाजीमा गई डुब्छु भनेर दौडदै गइन । २०४

होशियार भनी कोही आउँदैछ नजिकमा
यस्तो खराव काम गर्दा दाग लाग्ने छ नारीमा
यस्तो आवाज आएको मिथिलेश्वरी रोकिइन
आएका मुनि एक देख्दा डरले केही हच्किइन । २०५

को हो यो मार्गमा आई मलाई किन रोक्दछ
जीवन भारी बिसाऊँ भन्दा बीचैमा किन रोक्दछ
म आजै शान्तिमै सुत्थें जिन्दगी सकिने थियो
सागर्को बीचको नौका सजिलै पार लाग्दथ्यो । २०६

आएका ऋषिवर त्यहाँ परिचित वाल्मीकि थिए
महाविख्यात साधनाका अनुपम तपसी थिए
अति हडवड गरी आए सीताका सामुमा पुगे
योगेश्वर सर्वविख्याती सीता भाव बुझ्न सके । २०७

भन्छन वाल्मीकिजीले प्राण त्याग्नु खराव हो
बलेको दीपको ज्योति निभाउदा तम पार्नु हो
तिमी हौ मिथीलापुत्री प्राणघात गर्नु नीच छ
नराम्रो दाग लाग्ने छ नमरी बाँच्नु वेश छ । २०८

आफनो कर्तव्य संझेर मिथ्यावाद विनाश गर
कालो कलंक मेटेर सूर्यलाई प्रकाश गर
मर्नलाई तयारी छौ त्यो काम अति नीच छ
गर्भधारण छ यो बेला प्राण फ्याक्नु पापपूर्ण छ ।२०९

ऋषिका शब्द सुन्दामा सीताले नैन खोल्दछिन्
होशै मेरो हराएछ के गरें भनी सोध्दछिन्
के गरें होशनै छैन साच्चिनै डुब्ने सुर गरें
मलाई चेतनै छैन विचेतमा कुन्नी के गरें । २१०

बोल्दा बोल्दै नयनबाट आँसुका नदी दुई बगे
वैदेहीका व्यथा सुन्दा मुनिले शान्त्वना दिए
बाल्मीकि मुनीजी भन्छन विश्वकै चाल गढवढ
भएको छ कतै रात कतै छ अति उज्ज्वल । २११

अवधेश्वर पति तिम्रा पत्नी हौ अवधेश्वरी
तिम्रालागि निवास छैन भन्दा हुनेछ निष्ठुरी
विशाल राज्य जसको छ उसका लागि अभाव नै
लीला गर्न दुबै आयौ गर्छौ लीला समान भै । २१२

व्यवहार विधि देख्दामा म आफै छक्क पर्दछु
पतिव्रता सीताजीमा कालो दाग किन सोच्दछु
नारीको गहना धैर्य धैर्यले शान्ति मिल्दछ
यो वनका वृक्ष पत्तामा तिम्लाई वास मिल्दछ । २१३

जंगलका हर पत्ताले आश्रम दिन सक्दछन
यही जंगलका कणले सतीको साक्षी बक्दछन
त्यागी देऊ मनको चिन्ता प्रकृति काखमा रमी
तिम्रा लागि कुटी एउटा बन्नेछ अहिल्यै यहीं । २१४

नरोऊ अब हे सीता बितेका दुःख बिर्सनू
तिम्रा लक्षण संझेर आउनेछन राम सम्झन
पटरानी तिमी हुन्छयौ संझनेछौ यिनै कुरा
मैले आसिक यै दिन्छु हुनेछ कामना पूरा । २१५

आश्वासन मुनिको पाई जानकीजी खुशी भइन
ऋषीका साथमा लागि आश्रमतर्फ सीता गइन
मिलेर वाल्मिकी चेला कुटी सानो बनाइयो
सीताजी बस्नका लागि निर्वाह सजिलै भयो । २१६

वनका फलफूल ताजा सीताका लागि ल्याउछन्
खुवाएर सीतालाई योगिनी फर्की आउछन्
योगिनीका कुटी साथै सीताको कुटी त्यो थियो
सुख दुःख भोग्नका लागि गुजारा त्यो हुने भयो ।२१७

सीता नामै नराखेर वनदेवी नाम राखियो
तिनी को हुन् कहाँकी हुन् पर्दाले सब छोपियो
ऋषिसेवा सदा गर्थिन उनकै आधारमा रही
जीवन यापन सीता गर्थिन राम नाम सदा जपी । २१८

काखमा मृगका पाठा खेलाएर रमी रमी
मनका पीर बिर्सेर डुल्दथिन ती वरिपरि
कहिले गाईका वाच्छा ल्याई दूध पियाउथिन्
कहिले मयूरका बच्चालाई तिनले नचाउँथिन् । २१९

आश्रमकै फूलवारीमा विरूवाहरू गोड्दथिन्
विरूवाहरू मौलेको देखेर उनी हास्दथिन्
गोदावरी तुलसी चंपा गुलाफ अनि केतकी
गुराँस चमेली जाई सैपत्री पारिजात पनि । २२०

सेवा पाएर सीताको बढदथे हलहल भई
लालु पाते जुई फूल मौलाई लटरम्म भई
वसन्त ऋतुमा फुल्थे वास्नादारी सबै थिए
वनदेवी गर्दथिन सेवा सेवाले अग्लिदै थिए। २२१

साना तिना सबै वेर्ना दिनहूँ जल पाउँथे
हरियो भई तुरुन्तै नै ढकमक्क भई फूल्दथे
बिर्सेर मुटुको मर्म प्रकृति छविमा मिली
बस्ता बस्तै बिते मास सतसंगत आदिमा भुली। २२२

मृगका गाईका बाच्छा जानकीसाथ खेल्दथे
हरिया वृक्षका हाँगा हावाका साथ झुल्दथे
यसरी दिन बित्नाले नवौ मास बितिसक्यो
शुभ मंगलका पाऊ चालिने समय भयो। २२३

संसारका कुना काप्चा उज्यालो रूप रंगले
फूलको झरी वर्षाए स्वर्गका देव इन्द्रले
वृक्षका नव पल्लवले पृथिवीलाई चुम्दथे
आश्रमका योगिनी सारा मांगलिक गीत गाउँथे। २२४

पैदा भए दुइ पुत्र सीताका गर्भमा थिए
वाल्मीकि खुशीले गद्गद् हुँदै आसिरवाद दिए
उत्साही ऋषीमण्डलले गान किर्तन सबै गरे
वाल्मीकि ऋषीले त्यहाँ विधि विधान कुलको गरे।२२५

जेठाको लव नाम राखे कान्छाको कुश नाम भयो
कुलको व्यवहार रीति संपूर्ण काम सिध्दियो
कुनै बेला सीतालाई भनेका ऋषीले थिए
रामायण लेख्नका लागि वाल्मीकिले शुरू गरे। २२६

शिलशिला सब मिलाएर विनम्र भक्ति भावमा
लगाई राममा चित्त ऋषि लेख्थे शुभकामना
रघुकुलको गीता भन्नु काव्य त्यो मुनिको थियो
बाटो त्यही समातेर काव्यको सिर्जना भयो। २२७

हिन्दुको पूर्ण चन्द्रै हो रामायण सुधामय
रामको नाम संझेमा हट्नेछन मनका भय
भनिन्छ धर्तीको तारा रामायण हो सुधामृत
रामायण पाठ गर्नाले हुनेछ राष्ट्रको हित। २२८

रामायणको लिई आधार हिन्दुजन मान्छ गौरव
रामायण नित्य पढ्नाले पाठकको आत्मा उज्वल
बाल्मीकिका ऋणि हामी उनको ऋण तिर्नु छ
मुनिका पछि लाग्नाले नारीको भाग्य खुल्दछ। २२९

सीताका दुईटै छोरा बढ्दैछन ती निरन्तर
रामायण साँझमा लेख्छन दिनदिनै ती मुनिश्वर
औलाका भरमा विस्तार हिड्न लागे कुमारहरू
दुबैका तोतली बोली सुन्दथे ती चराहरू। २३०

ऋषिका हात काँखैमा खेल्दथे ती कुमार दुबै
राजसी ठाँट देखाएर हिड्थे सीता कुमार सधै
ऋषिका प्यारमा हुर्के ऋषिका काखमा बढे
ऋषिका शुभसंगतले अनुशासित दुबै भए। २३१

वाल्मीकिले पढाएका सीताका दुई पुत्रलाई
संझन्थे आफूलाई धन्य त्यस्ता बालक शिष्यलाई
कसैले क्यै लिए देखिन् बलपूर्वक खोस्दथे
ल्याएर वेदका पुस्तक सीताजीसँग पढ्दथे। २३२

मागेमा प्यारले केही भएको चीज छोड्दथे
झर्केर यदि मागेमा रिसले भुतभुताउथे
फकाएमा गुरूजीले आज्ञा पालन गर्दथे
झर्केर अरूले बोल्दा रिसले नेत्र तर्दथे। २३३

पतिभक्त थिइन सीता रामकै नाम जप्दथिन
स्वामीकै जपना गर्दै वेदना शान्त पार्दथिन
व्यथाले पूर्ण भै छाती जानकी रून लाग्दथिन
कलिला हातले आँसु पुछदिदा दंग पर्दथिन। २३४

यत्तिकैमा बिते वर्ष वर्ष आठका दुबै भए
मुनि संझाउथे धर्म कर्ममा ती निपूण भए
दुबैले गर्दथे कर्म नित्य कर्म विधि पनि
दुबैले गर्दथे पालन गुरूआज्ञा नम्रभै अति । २३५

नम्रता ज्ञानले पूर्ण सीता पुत्र दुबै थिए
जन्मैदेखिन् थिए ज्ञानी सत्यवादी दुबै थिए
विद्याआर्जनका लागि ऋषि आश्रम मुहान थियो
अनाथ दुखीका लागि मुनि आश्रम खुला थियो। २३६

सतसंगतका निंति भण्डार ज्ञानको थियो
मनमा दिक्क भै जाँदा आश्रमले मन खिच्दथ्यो
अति सुन्दर थियो आश्रम शान्तिको नदी बग्दथ्यो
ऋषिका अनुकम्पाले विद्याको खानी नै थियो। २३७

सीताका दुईटै छोरा मृगका साथ खेल्दथे
आश्रममा सिंह ल्याएर त्यसलाई सुताउँथे
सिंहका कान समातेर मुखका दाँत गन्दथे
बाघलाई पनि त्यस्तै ल्याएर खूब पिट्दथे। २३८

विद्याका साथ साथैमा रणविद्या पनि सिके
थोरै समयमा तिनले करविद्या पनि सिके
गंगा स्नान गर्दामा जल क्रिडा ती गर्दथे
मानौ जंगलका सिंह जस्ता भैकन घुम्दथे। २३९

जंगलका पशु पंछीले साथी झै प्रेम गर्दथे
आवाज तिनको सुन्दा उडेर त्याही आउँथे
सीताको गर्दथे आदर नारी आदर गर्दथे
सारा आश्रमवासीको मनलाई लोभ्याउथे। २४०

सीताको ममता पाई सुखमा नित्य रम्दथे
कल्याण हितका शब्द चाखले सुन्ने गर्दथे
कैले काही सीता भन्थिन तिनका बावु नरेश छन
केही काल पछि यहाँ आफै नै भेट्न आउँछन। २४१

आमाको नाम वन्देवी सत्य हो भनी ठान्दछन्
गुरुदेव महान सम्झी नित्य पूजा ती गर्दछन्
निपूण भै चौध विद्यामा दुबै भाइ भए महान
आश्रमवासी सबै साथ मिठासपनमा मिलन। २४२

आश्रममा जमघट हुन्थे तपसी औ ऋषि मुनि
वाणको गरी झंकार वर्षाई गीत माधुरी
सबैका साथमा मिल्छन कुरा कानी ती गर्दछन
कमजोरी दिलका लागि सहानुभूति राख्दछन। २४३

सद गुणी छन दुबै बालक सधै ती सत्य बोल्दछन
कसैलाई पर्छ त आपद गएर दुःख बाँड्दछन
सीताका दुईटै बालक सबैमा मेल राख्दछन
वैरभाव शत्रु हो सबको प्रेम हो सार भन्दछन् ।२४४

गाना

गर नित्य रामायण गान, जहाँ सीता चरित्र महान
राज्य सुख ठोकर हानी पतिसँग लागिन वनवास
रन वन हिड्दै गर्थिन जीवन यापन
सीता चरित्र छ पवित्र महान ।

वनमा विछुदिदा दुसह योगी रावण दिन्थ्यो त्राश
प्राण बचाइन पति हित जानी हिन्दू नारी महान
विराङ्गना हिन्दू नारी पाइदैनन काही नारी
पति व्रत्यमा अचल अटल भै सीता सती सुकुमारी।

साक्षी छन हनुमान उनका सतवन्ती सीता नारी
राक्षस दलको वंश विनाशी पृथ्वीको दुःख विनाशी।

# अश्वमेध यज्ञ

सीताजीलाई त्यागिएको धेरै वर्ष भयो
राघवको हृदयमा ठूलो चोट थियो । १

सपना एवमं विपना सीता संझी राख्थे
एकान्तमा बस्दा खेरी विरहले जल्थे । २

धार्मिक कार्य गर्दै थिए नियम अनुसार
उनका लागि सारा शून्य सबै अन्धकार । ३

मनमा कुरा खेलिरहे सम्झे गुरूदेव
अतित तर्फ फर्किंदामा लाग्छ ठूलो खेद । ४

मनको ज्वाला शान्त गर्न गुरू कहाँ गए
वशिष्ठजी प्रशन्न भै क्षेम कुशल सोधे । ५

राघवको सम्मान गर्दै राखे आशनमा
तत्वज्ञानको शिक्षा दिन्छु भन्ने लागी मन्मा । ६

क्षिति जल, आकाश समीरादि पाँचै चीजले
संसारको श्रृष्टि भयो बुझेकै छौं सबले । ७

पाँचै तत्व भित्र स्थिति पालन प्रलय बन्छ
यसै संसारभित्र सबको पालन पोषण हुन्छ । ८

जड एवं चैतन्यमा दुई खण्ड हुन्छन्
ईश्वरको श्रृष्टिलाई दुई भागमा पर्छन् । ९

नारी एवं पुरूषलाई देव श्रृष्टि गर्छन्
त्यसमा पनि इन्द्रिय दश प्रदान उनले गर्छन् । १०

जड एवं चैतन्यलाई दुवै मिश्रीत पारी
थरि थरि योनि आदि उनकै श्रृष्टि भरी । ११

ईश्वर स्वयं अंश भई घट घटमा बस्छन्
आफनै अंशलाई उनले मार्छन् बचाउँछन् । १२

तत्व तत्व मिलिजान्छ अंश यस्को नाता
ईश्वर नै हाम्रा भ्राता उनै हाम्रा पिता । १३

प्रकृतिको संयोगले अंश बन्छन् जीव
ज्ञान प्राप्त गर्दा खेरी उनै करूणा शिव । १४

आखिरमा जीव व्रह्म पर्दा भित्र हुन्छ
यै माटाको धूलोबाट भाँडा धेरै बन्छ । १५

पानी थोपा अलग अलग थोपा भनिइन्छ
थोपा थोपा नदी मिल्दा सागर भनिइन्छ । १६

ममताको चक्करमा चैन हुदै हुन्न
योग साधन छैन भने शान्ति हुनेछैन । १७

योग साधन तपस्याले चित्त वसमा हुन्छ
तीर्थ व्रत पूजा साधन मार्ग अनेक हुन्छ । १८

जसले आफ्नो चित्तलाई राख्छ आफ्नो वशमा
योगेश्वर त्यही हुन्छ उसकै हृदयमा । १९

चित्त यदि माया जाल्मा फस्छ यदि भने
जंजालमा अल्झिदामा धोका दिन्छ त्यसले । २०

सच्चा कर्म गर्दा गर्दै चित्त वसमा राख्छ
संसारमा उच्च पद त्यस व्यक्तिले पाउँछ । २१

चित्त स्थिर हुन्न भने आखिर क्यै हुन्न
वालुवाको पर्खाल जस्तै अड्दै अडिदैन । २२

परमेश्वरै व्रह्म अमर, हुन्छ अविनाशी
चित्त जहाँ पुग्नेछैन ईश्वर नै वासी । २३

माया मोह प्रकृति जीव धोका भनिइन्छ
बोधमय शान्ति धाम सदा अडिइन्छ । २४

आत्मा सदा अजर अमर कैल्यै नाशिदैन
संसारमा आउँछ जान्छ पार लाग्ने छैन । २५

राघवले गुरूसँग यस्तै सतसँग गर्दैथिए
दिक्दारी भै लक्ष्मण आए वार्ता भयो भंग । २६

लक्ष्मणले विन्ति गर्छन् ज्यादै गजव भयो
जिन्दगीमा आज मैले के के देख्नु पऱ्यो । २७

पाप कुण्डमा गाडिएको संसार देखिइन्छ
यस्ता कुरा देख्दाखेरि मनै अत्तालिन्छ । २८

एउटा कुरा लक्ष्य गर्दा अर्कै कुरा आउँछ
हाम्रो महान लक्ष्य पनि गडवडिदै जान्छ । २९

जुन गतिले हिडदै थियौं त्यसमा वाधा आयो
यस दशाले गर्दा खेरी ठूलो धोका पऱ्यो । ३०

हामी पनि रघुवंशी कोशल पनि त्यही
कर्तव्यको पालन गर्ने शक्ति घट्यो केही । ३१

राघवका प्रतापले कानून राम्रो थियो
श्रीरामका शासनमा लोकै खुशी थियो । ३२

आँटिएका कार्यहरू सबै पूर्ण हुन्थे
शत्रुहरू ध्वस्त भई डरले थरथर काम्थे । ३३

राज्य त्यही राजा उनै सारा शक्ति उही
के कुरा यो पर्न जाँदा अशान्तिले छायो । ३४

शंका लाग्दा छाती मेरो ज्यादै तडपिराख्छ
के पो गरौं कहाँ जाऔं मनले हरेश खान्छ । ३५

वर्णाश्रमको धर्म कर्म लोप हुदै जान्छ
मानिसको बुध्दि विवेक सबै उल्टा हुन्छ । ३६

रात एवं दिवस होइन यस्लाई के पो भन्ने
उटफट्याङको वात गरी सत्य धर्म रोक्ने । ३७

आश्चर्यको वात यो छ सबै बदल्दैछ
पेट पालन मात्र गर्दा धर्म कर्म घट्छ । ३८

व्यापारी ती लोभिएर झुट्टा कुरा गर्छन्
झुठो धाक देखाएर धनै मात्र तान्छन् । ३९

जसको काम पठन पाठन वकवादीमा हिड्छ
रक्षक पनि राक्षस बन्छ लोकै गंवार हुन्छ ।४०

जुवा खेल्ने द्रव्य लुट्ने रात भरभर डुल्ने
चेतना नै गुमाएर जाँड रक्सी प्यूने । ४१

व्रह्मचारी व्रतधारी वासनामा तल्लीन
पत्नीव्रता नारीव्रती परनारीमा अधीन । ४२

पुत्र पुत्री आमा बालाई कुट्ने पिट्ने गर्छन्
आदर सम्मान गर्नु सट्टा तिरस्कार गर्छन् । ४३

बाल बच्चाको वास्ता छैन वासनामा लुब्ध
आमाबालाई लात हानी भ्रष्टवादि हुन्छन् । ४४

मूर्खलाई सम्मान गर्छन् विद्वानलाई घृणा
छद्मलाई पूजा गर्छन् सज्जनलाई हेलाँ । ४५

साहित्य र कलाप्रति वास्ता गरिदैन
लेखक कवि आदिलाई सम्मान गरिंदैन । ४६

पाखण्डी र दुष्टजनको तिनकै हुन्छ मान
पंण्डित एवं सज्जनले पाउँदैन खान । ४७

कलाकौशलकारीहरू पराधीनमा हुन्छन्
ती व्यक्तिको खुट्टा तानी तलै खसालिन्छन् । ४८

शब्द मेरा व्यर्थ नहुन् नीत विन्ति गर्छु
जनताले न्याय पाउन मनको राय पोख्छु । ४९

न्याय इन्साफ पाउन् प्रभू नत्र लथालिंग
कोशलको राज्य शासन हुन्छ भताभुंग । ५०

एउटा सज्जन व्राह्मण आइ द्वारमा बसिरैछ
अकालमा पुत्र मऱ्यो भन्दै विलाप गर्छ । ५१

व्राह्मण भन्छन् धर्म विरोध कार्य भएको छ
बाबु स्वयं बाँचेको छु पुत्र मरेको छ । ५२

न्याययुक्त राजा भए पुत्र मर्ने छैन
उल्टो कार्य हुन्छ यहाँ इन्साफ गरिदैन । ५३

उत्तरदाता राघवेन्द्र कोशलपति नाथ
इन्साफ कुनै पाइन्न ता मर्छु यही आज । ५४

अयोध्याका राजा भई सिंहासनमा बस्ने
सती साध्वी प्राण प्यारी जानकीजी त्यागने ।५५

विवेक विचार छँदैछैन त्यस्ता पनि राजा
कर्तव्य नै छाडिदिंदा दुःख पायौं आज । ५६

रूदा रूदै विव्हल भई मूर्छा समेत पर्छन्
तड्पि तड्पी छाती पिटी व्यथा पोखिरै छन् ।५७

सौमित्रको विन्ति सुनी उठे राम राजा
कोशलपति आइहाले वशिष्ठका साथ । ५८

राघवेन्द्र आइरहेको व्राहृमणले देखे
दुःखपूर्ण आकुल व्याकुल कठोर शब्द बोले ।५९

सूर्यवंशी शासनमा यस्तो सुनिएन
दशरथको राज्यकालमा दुःख देखिएन । ६०

राघवको राज्य हुँदा उल्टो काम भयो
असत्यको राज्य हुँदा सत्यता नै भाग्यो । ६१

आज तिम्रो शासनमा नियम बदलिन्छ
मेरा मन्मा कुरा खेल्छन् सूर्य अब ढल्छ । ६२

व्राहृमणका तीता शब्द राम व्याकुल भए
वशिष्ठ छेऊ सोधपुछ भयो नियम के के भए ।६३

मानिसले धर्म छोड्दा उल्कापात भयो
कोशलको धर्ती माथि कालो वादल छायो । ६४

व्राहृमणले कर्म छाडी अकर्ममा ती हिड्छन्
शूद्रले नै विपरित कर्म गर्न लाग्छन् । ६५

आर्यधर्म लोप भयो धर्मै त्यागी सके
म्लेक्षधर्म मान्दाखेरी आर्य नर्क परे । ६६

धर्मग्रन्थ फ्याँकिदिन्छन् आफै जान्ने हुन्छन्
संस्कृतिले सराप्छ ता नर्ककुण्ड पुग्छन् । ६७

व्राहृमण भई धर्म छाड्नु राम्रो कुरा होइन
मिथ्यावादि भै दिंदामा पत्यार हुनेछैन । ६८

मन्दिरमा जथाभावि तीर्थ पापालय
कल्याणको नामै छैन अपकार र भय । ६९

सानैदेखि वालकहरू उल्टो शिक्षा लिन्छन्
धर्म मार्ग छाडीकनै अधर्ममा लाग्छन् । ७०

पृथिवीमा पाप बढ्दा आधीव्यारी उठ्छ
सत्यवादी लुक्नुपर्छ मिथ्या देखापर्छ । ७१

नेताहरू भाषण गर्छन् आफैं वुध्दिमानी
आफैं खाने आफै नाच्ने अरू मरी जाने । ७२

दुःखी जनको कल्याणकारी काम गरिदैन
पाप कर्मी द्रव्य पिचास मानव गनिदैन । ७३

भोट माग्ने बेला हुँदा आफ्नै देखिइन्छन्
मन्मा हुन्छ स्वार्थीपना मुखले चिप्लो घस्छन् ।७४

यस्तो गर्छू उस्तो गर्छू झूठै झूठो बोल्छन्
माया दया छँदैछैन लुक्दै छुरी धस्छन् । ७५

दुःख पीडा पर्दाखेरी कुरै सुन्ने छैनन्
बढ्दो पाप पृथिवीले धन्य थामी रैछन् । ७६

वशिष्ठले भन्नुभयो बिग्री सक्यो लीक
व्राह्मणलाई मार्ने काम हुन्न कैल्यै ठीक । ७७

कर्महीन नास्तिकपना पापिष्ट हो रावण
पुलस्त्यको नाति हुँदा व्राह्मण हो रावण । ७८

क्षत्री भई संग्राममा व्राह्मणलाई मार्‍यौ
व्राह्मदोष व्याप्त भयो ऐले त्यही भोग्यौ । ७९

पुलस्त्यको नातिभन्दा झट्ट होश आयो
व्राह्मणको हत्या भयो भन्ने चिन्ता लाग्यो ।८०

राघवले वशिष्ठलाई हात जोडी भन्छन
के गर्दामा व्रह्मदोष मेटिइन्छ सोध्छन । ८१

अश्वमेध यज्ञ गर्दा पाप पखालिन्छ
आनन्दका अमृतधारा जिन्दगीमा मिल्छ । ८२

पृथिवीमा आर्यदेश धर्मात्माको देश
अश्वमेध यज्ञ गर्दा पाप हुन्छ नाश । ८३

आपद विपद पर्दा खेरी होम यज्ञ गर्छौं
यज्ञ गर्दा आपद टर्छ विश्वास हामी गर्छौं । ८४

वर्षाहित वर्षायज्ञ पुत्र लागि यज्ञ
यस्तै यज्ञ गर्दा खेरी पाप हुन्छ अन्त्य । ८५

अश्वमेध यज्ञ गरी वाधा हटाई देऊ
विश्वभरै यस्तो भनी डंका बजाई देऊ । ८६

वशिष्ठको आज्ञालाई शिरोधार्य गर्छु
चाँडो भन्दा अति चाँडो यज्ञ शुरू गर्छु । ८७

लक्ष्मणले भन्नुभयो यज्ञ गर्नु ठीक छ
अर्को कुरा संझिदामा चित्त धेरै दुख्छ । ८८

जानकी हुन् पतिव्रता त्यागी दिनु भयो
निर्दोषीलाई दोष दिई पाप बोक्नु भयो । ८९

उनका आँशु बगदा खेरी हामीलाई पोल्छ
सीता जस्ती सत्यवादी संसारमा को छ ? ९०

जानकीले श्राप दिंदा हामीलाई लाग्छ
आँशु उनका छल्किदामा कोशल सबै डुब्छ ।९१

कोशलकी शक्तिशाली कोशलको भाग्य
सीतालाई लिन जान्छु पाऊँ प्रभु आज्ञा । ९२

अश्वमेधको के कुरा र कैयौ कार्य गर्छौं
सीतामाता दुःखी हुँदा आपदमा पर्छौं । ९३

अर्कालाई दुःख दिएर कस्ले पो सुख पाउँछ
नारीको चित्त दुखाई कसलाई शान्ति मिल्दछ ।

सज्जनलाई दुःख दिएमा आफै दुःख भोग्दछ
अरूलाई मार्न खोजेमा ईश्वरले सजाय दिन्छ ।९४

आज यी प्रजा रूदैछन् रूनेलाई रूनै दिनुहोस्
सीताको सराप लागेछ विश्वास नाथले गर्नुहोस्
पहाड फुटोस् आकाश खसोस् संसारै प्रलय
राखिन्छ पाप कहाँतक मन्मा दवाई हृदय । ९५

भित्र छ लुकिराखेको छातीमा मूर्ति जसको छ
मागेमा क्षमा दिनेछन् अपार दया उनमा छ
लक्ष्मणलालाका कुराले विचलित भए रघुवीर
आँखाले स्वतः दिँदैछन् त्यसको उत्तर बगाई नीर । ९६

बगेका आँशु पुछेर दर्वार तर्फ गैहाले
अश्वमेध यज्ञ गर्नलाई तयारी गर भन्दिए
कोशल वासीहरूले शहर सुन्दर बनाई
विभिन्न सामान जडाई स्वर्ग नै हो की संझाई । ९७

मणि र मोती हीराले घर घर झल्ल भएका
रातका रजनीपतिश्री धूमिल मानो भएका
भरतलालले तुरून्तै राज्यमा संचार पठाए
संचार पाई तुरून्तै प्रशस्त मान्छे आइपुगे । ९८

गणेश इन्द्र यमराज मारूत कुवेर आएका
शारदा गौरी इन्द्राणी साथमा शक्ति ल्याएका
नारीको भेष गराई ऋध्दि र सिध्दि आएका
अणिमादिक उत्सुक भै कोशलपुरमा धाएका ।९९

अंगिरा अगस्त कपिल देव ज्ञानवली गौतम आएका
कश्यप अत्री पुलस्त्य भृगुजी समेत आएका
अंगद नल नील आदि किष्किन्धापति आएका
त्रिजटा सरमा इत्यादि लंकेशले साथमा ल्याएका ।१००

भन्नाको तात्पर्य यही हो सुर नर नारी आइपुगे
वानरदल र राक्षसदल भूपति भुसर आइपुगे
आगनमा थियो खचाखच स्वागतका धेरै सामान
अलिक पर प्रशस्तै समुचित यज्ञ विधान । १०१

सरयू पावन किनारमा यज्ञस्थल निर्माण भएको
आपस आपस ऋषिमा उत्कृष्ट विचार भएको
ऋषि र मुनि आदिले राघव समिप फर्माए
सपत्नी विना यो यज्ञ सफल हुन्न बताए । १०२

सीताजीसाथ भएमा यो यज्ञ सफल हुनेछ
नभए दोश्रो विवाह राघवले गर्नु पर्नेछ
मुनिका शब्द सुनेर कानमा हात राखेर
झुकेर बोले रघुनाथ अपशोच केही गरेर । १०३

यी दुवै कुरा असम्भव सम्भव हुँदै हुँदैन
सीतालाई यहाँ ल्याइन्न विवाह दोश्रो हुँदैन
ममाथि कृपा गरेर उपाय अर्कै सोच्नुहोस्
उलंघन आज्ञा गर्दामा अपराध क्षमा गर्नुहोस् । १०४

यो राज्य सारा हरियोस् म आफैं रंक भैजाऊँ
यो राजपाट संपत्ति लुटेर लिन्छन् ली जाऊन्
यो यज्ञ होस् या नहोस् आमन्त्रित व्यक्ति फर्किउन्
पूर्वका सूर्य पशिचममा उदय बरू हुनेछन् । १०५

हिमगिरि ज्वालामुखी होस् सरयू उल्टापूल्टा होस्
चन्द्र र तारा फुटेरै समुद्र वीचमा धसियोस्
मेदिनी सारा भास्सियोस् अतल वितल फाटियोस्
दिन र रात एउटै होस् एक्कासी भैजाओस् । १०६

कसैको भलो गर्नमा पछाडि कैल्यै हट्दिन
आपद विपद सहन्छु विवाह दोश्रो गर्दिन
पर्दछ मर्न मर्दछु अग्निको ताप सहन्छु
दोश्रो विवाह गर्दिन जिन्दगी एक्लै बिताउँछु । १०७

दुवैको दिल एउटै हो हृदय एउटै हो
दुवैको प्रण एउटै हो सम्बन्ध एकै हो
जुन वचन दिएँ दिइसकें जे दिएँ मैले दिइसकें
क्षत्रीको प्रण पुऱ्याउछु वचन एकैएकै हो । १०८

हातमा हात राखेर जुन प्रण मैले गरेथें
प्रथम घुम्टो खोलेर जे भन्नु थियो भनेथें
हृदय सिंहासनैमा राख्दछु कवोल गरेथें
यो सिंगो मुटु उनैलाई अर्पण गर्छु भनेथें । १०९

हृदयमा सीता छदैछन् यो मुटु रित्तो हुँदैन
दुइ मुटु हाम्रो मिलन छ विछोड कैल्यै हुँदैन
छातीका वीचमा सीता छन् ती वाहिर कैल्य आउन्नन्
दुबैको हाम्रो मिलन छ ती कहिल्यै छुटिन्नन् । ११०

सीताको पूजारी म आफै ती मेरी सदा पूजारी
एकै छ चित्त एउटै मुटु ती मेरी प्राण पियारी
बाँधियो एउटै धागोमा दुवैको हाम्रो जीवन
हुँदैन कैल्यै छुट्टिम सधै छ हाम्रो मिलन । १११

दुवैको प्रेम उनियो दुवैको मुटु वीचैमा
अदृश्यसँग बसेछ उनेर रेसम धागोमा
हुदैन कैल्यै छुट्टिम निरन्तर हाम्रो मिलन
सीताको सदा वासस्थान छातीको सिंहासनैमा । ११२

सतवन्ती सीता मेरी हुन् म एउटै उनको दुलाहा
रामकी पनि सीता हुन् एकमात्र उनै दुलही
गर्दिन दोश्रो विवाह उच्छृङ्खल ज्यादै भएर
एकपत्नी व्रतमा बस्नेछु शान्त र सुधीर भएर ।११३

राघवराजको प्रतिज्ञा सुन्दा विद्वान हर्षाए
शास्त्रको विधि छलफल गरी यो निश्चित गराए
सीताको मूर्ति स्थापना गर्ने सबैको रायले
ऋषिको राय ठीकै छ भनी स्वीकारे रामले । ११४

कोशलनाथको वामाङ्गपट्टि मूर्तिलाई बसाले
राघव दिलमा सीता छन् भन्ने लोकलाई देखाए
स्वाहको स्वर गुञ्जित भयो यज्ञको चौतर्फ
रामका दिलमा जानकी थिइन् थिइनन् अनेत्र । ११५

वशिष्ठजीको भएथ्यो आज्ञा घोडा त्यो यज्ञमा
ल्याएर त्यसको गर्नु छ पूजा ल्याइहाल यज्ञमा
शरीर सेता दुई कान काला भएको चाहिन्छ
कागजमा केही लेखेर शब्द निधार्मा बाधिन्छ । ११६

विविध सिंगार गराईकनै घोडालाई छोडेथे
विभिन्न देशका राजालाई धेरै चुनौति दिएथे
शक्ति छ भने आएर लड्नु भारती वीर हो
सक्दैनौ लड्न अर्पण गर्नू सर्वश्व भएको । ११७

पृथिवीभरका विभिन्न राज्य घोडाले चाहार्ला
कोशलपति सम्राट भनी जगतले स्वीकार्ला
यो कुरा मन्जुर गर्दैन भने आएर लड्ने छ
सक्दैन लड्न रणमा भने शरण पर्नेछ । ११८

यी सबै कुरा खुलाईकनै लेखेर कागजमा
श्यामकर्ण घोडा तयारी गरी कागज निधार्मा
विविध विधि विधान गरी यज्ञको घोडालाई
गरेर पूजा राघवजीले छाडियो घुम्नलाई । ११९

कुन दिशा तर्फ पठाऔं भन्ने सबैले विचारे
सबैले आफ्ना विचारलाई प्रकट गराए
लवणासुरको निवास-स्थान छ मधुरी पुरीमा
सज्जनलाई त्यस्ले सताई राख्छ दुष्टले मफतमा ।१२०

बलियो म छु भनेर सधै उधुम मचाउँछ
शिवको वरदान पाएको हुँदा संसारै हल्लाउँछ
यो अश्व जाओस् मथुरा देशमा लवणले देख्नेछ
घोडाको शिरमा बाँधेको पत्र अवश्य पढ्नेछ । १२१

आउनेछ असुर सजधज भई लड्नलाई भनेर
शत्रुघनजीका कठोर वाणले मुटुमा छेडेर
वीरका कठोर लाग्दामा वाण अवश्य मर्नेछ
सौमित्रजीको देवताबाट प्रशंसा हुनेछ । १२२

ऋषिका यस्ता सुनेर शब्द बोल्दछन् रघुराज
शत्रुघन सजग भएरै जाऊ हुनेछ सफल काज
ऋषि र मुनि सज्जनलाई संकष्ट दिएछ
कयौंका पत्नी सुन्दरीलाई हरण गरेछ । १२३

यो अश्व पनि अवश्य चाडै मथुरा पुग्नेछ
लवणासुरले यो अश्वलाई लगेर बाँध्नेछ
सौमित्र होसियार भई त्यसलाई मारिदेऊ
संज्जन वृन्दहरूको चाडै संताप हरिदेऊ । १२४

शिवको वरदान पाएर त्यस्ले निर्धक्क भएर
दिँदैछ त्यस्ले सज्जनलाई वरदानी भएर
त्यसलाई मार्न सजिलो छैन मुस्किल पर्नेछ
अमोध वाण छातीमा लाग्दा अवश्य मर्नेछ । १२५

श्री युप केतु सुवाहु छोरा साथमा लैजान्
सामूमा दुबै राखेर तिनलाई युध्दमा लडाउन्
पुत्रलाई तालिम दिनु छ त्यहाँ शत्रुलाई मार्नु छ
यो पृथिवीको दुःखलाई छुटकारा गर्नु छ । १२६

राघवको आज्ञा शिरोपर राखी प्रणाम गरेर
विदाइ समेत हुनुभो वीर धनुवाण लिएर
अत्यन्त डटीडटाऊसँग जयकार गरेर
पृथिवीभरको छल पाप थरथर कापेर । १२७

अगाडि थियो श्यामकर्ण घोडा पछाडि सेनादल
वीचको रथमा शत्रुघन थिए चौतर्फ गजरोहीदल
रथका भित्र दुईजना छोरा सुन्दर देखिन्थे
कालको छ मानो भुजदण्ड त्यहाँ काल जित्न जाँदैथे ।१२८

सुन्दर शोभा देखेर होला प्रशन्न इन्द्रादि
जयजयकारको ध्वनिका साथै वर्षाए फूलपाती
जयजयकारको नाराको साथै पुगिन्छ मथुरा
आतंक फैल्यो पृथिवीतलमा खवर असुरमा । १२९

सुन्नसाथ यस्तो खवरले वीरका दुई आँखा भए लाल
पक्रेर ल्याऊ त्यो घोडालाई भन्दछ तत्काल
सेनाको सामू गएर त्यस्ले यसरी ललकार्दै
लड्नका लागि तयारी होऊ भन्दछ हपार्दै । १३०

भाग्यले मौका दिएको हुँदा भोजन आएछ
दशरथ पुत्र आफैनै आई काललाई डाकेछ
लौ हिड वीर साहस गर यो देश बचाऊ
दूधका धारा पिएका थियौ रगत बगाऊ । १३१

राजाको हुकुम सुन्नाका साथ लड्नमा तयार
लड्नाका लागि हिड्दैछ सेना नारा छ जयकार
रावणले कुम्भी नशालाई उसको बाबुलाई दिएको
त्यसैले लवणासुरले ठूलो तपस्या गरेको । १३२

शंकर खुशी हुँदामा त्यसलाई आयुध दिएथे
प्रशिध्द योध्दा हुनेछौ भनी आसिक दिएथे
लवणा साथमा सौमित्र भए लड्नमा तयार
जल र थलमा गुंजियो नारा गाउदै जयकार । १३३

केशरी जस्तै गर्जेर बोल्छन् सुमित्राकुमार
अह्राई आफ्ना वीर योध्दालाई यसरी तत्काल
बढन बढ अगाडि बढ हे मेरा शैन्य हो
लवणासुरको उछित्तो पारी भार हर्नु पर्ने भो ।१३४
समाजका दुश्मन यिनैलाई मारी उन्मूल गर्नुछ
निश्चर मारी सागर विचमा लगेर फ्याक्नु छ
हे वीर अघि बढेर लड इज्जत राख्नु छ
श्री सूर्यमणि कोशलपति इज्जतै राख्नुछ । १३५

अगाडि बढ अगाडि बढ हे आर्य सपूत हो
धर्मको रक्षा गर्नु छ तिम्ले कोशलसेना हो
राक्षस बीज उछित्तो पारी धर्मको रक्षण
निश्चरी फौज खरानी पारी बचाऔं सज्जन ।१३६

यत्तिकै बेला जोडतोडले आए निश्चरदल वरवण्ड
निश्चरलाई झम्टेर गए कोशल-दल प्रचण्ड
आर्यका वाण अत्यन्त तीखा लाग्नाले ज्यान गयो
वाणका चोटले धेर व्यक्ति मरे धर्ति नै लाल भयो ।१३७

युध्दले गर्दा चौतर्फ हल्यो तैपनि लड्दैछन्
प्राणको डर लाग्दैन माया दुश्मनलाई हाक्दैछन्
निश्चर जाति बलिया हुँदा ती पछि हट्दैनन्
रणमा प्राण फ्याक्दछन् तिनले कालले मर्दैनन् ।१३८

खण्डित भए प्रशस्त निश्चर तैपनि लड्दैछन्
एकजना मात्र मरेका होइनन् मर्दथे प्रशस्त
युपकेतुजीका हातबाट भयो रिपुकेतु समाप्त
मातङ्ग मर्‍यो सुवाहुद्वारा लडेर प्रशस्त । १३९

जव त दुवै मरेथे वीर हौशला घटेछ
युध्दस्थलबाट भागाभाग भए साहस हटेछ
क्रोधित हुँदै लवणासुरले शत्रुलाई प्रहार्‍यो
शत्रुघनजीका विषालु वाणले त्यसैको ज्यान गयो । १४०

लवणासुरको शरीर ढल्यो उत्सव मनाइयो
तुरून्त गई कोशलको झण्डा वुर्जामा फहराइयो
पृथिवी आकाश सर्वत्रतिर जयकार गुञ्जियो
मथुरापुरको अत्यन्त दुष्ट निश्चर मारियो । १४१

निश्चर राज्य विशाल थियो दुई भागमा बाँडियो
श्रीविश्व नगर मथुरा धरा निश्चरको राज थियो
श्री विश्व नगर सुम्पियो आधा श्री युपकेतुलाई
सुवाहुलाई मथुरा दिए वरावर भाग लगाई । १४२

लवणासुरको मृत्युको पश्चात शत्रुघन बढदछन्
लड्नका लागि जो वीर आउँछ कत्तल पार्दछन्
यै किसिमसँग निश्चरी वंश उछित्तो पारेर
श्री शत्रुघन डटेर बसे दुश्मन जितेर । १४३

दशरथजीका चारजना छोरा ज्ञानी र योध्दावीर
कसैले रिपु उछित्तो पार्थे कसैले शासन स्थिर
कसैले बुझ्थे घर घर गई प्रजाको अवस्था
कसैले गर्थे कोशलमै बसी राज्यको व्यवस्था । १४४

नांगा र भोका कोशल राजमा विल्कूल शून्य छन्
रामको सबले तारिफ गर्छन् सुयस गाउछन्
श्री राम गर्थे यज्ञको काम भाइले अर्कै काम
आपसमा मिल्दा संसार भरै फैलियो सुन्दर नाम । १४५

कोशलमा वैठक बस्नको लागि भद्रजन बोलाइयो
विभिन्न पदमा विभिन्न दर्जा अनुसार राखियो
गुरूवर मण्डल मुनिवर मण्डल रामका दाँयामा
विभिषण सुग्रीव औ मन्त्री मण्डल रामका बाँयामा ।१४६

पछाडिपट्टि भरतलालले चावर डोलाउथे
रामका पाऊ हनुमानजीले मस्तीमा दाव्दथे
त्यैवेला त्यहाँ लक्ष्मण आई क्यै विन्ति बिसाए
जुन कुरा आफ्नो मनमा थियो त्यै विन्ति चढाए । १४७

लव कुश नामी दुईजना कुमार ढोकामा आएछन्
अत्यन्त मीठो धुनमा तिनले रामायण गाउँदैछन्
गाउँदा गाउँदै दुवैको स्वरमा अमृत बग्दछ
तिनैको मीठो सुनेर गाना आश्चर्य चकित छ । १४८

यो मेरो विन्ति स्वीकार भए आएर गाउँथे
कोशलवासी प्रजाले पनि गीत सुन्न पाउँथे
तीं दुवै बालक बोलाउन लागि स्वीकार गर्नुहोस्
इच्छा छ भने हे रघुराजा हाजिर गर्नुहोस् । १४९

ती दुवै बालक अत्यन्त सुन्दर चेहरा उज्जवल
तीनलाई देख्दा नक्षत्र मण्डल लाजले झुक्दछ
निर्भय निर्मल निर्लोभी बालक निश्छली देखिन्छन्
कोमल अंग राजखानदानका बालक झैं देखिन्छन् । १५०

प्रभात जस्तै उज्याला दुबै धुलो छ अंगमा
अत्यन्त सुन्दर रूप छ तिन्को वनवासी वानामा
बालकका गायन कलामा भने अनौठो जादू छ
मधूरो गीत वीणाको तालमा झंकार गुन्जिन्छ । १५१

रूप र राशी दुवैको हेर्दा सुन्दर जोडी छन्
झलक्क हेर्दा ती बालकहरू क्षेत्री हुन् जस्ता छन्
कम्वरमा चोंगा लटकेको सुन्दर त्यसैमा धनुष छ
ती लक्षण देख्दा अवश्य पनि क्षत्री हुन् बुझिन्छ। १५२

निधारमा भष्मी टीका छ सुन्दर भावुक बुझिन्छ
प्रकृति पर्दा खोलेर हेर्दा ईश्वर झल्किन्छ
उपमा दिन मिल्दैन कुनै केवल उनै नाथ
यी बालकलाई बोलाउनु हवस जोड्दछु दुवै हात। १५३

यी जस्ता सुन्दर बालक कतै जन्मेकै होओइनन्
अनुहार तिनको हिडाइ वसाइ कोइसँग मिल्दैनन्
सहस्राननले खोजेता पनि पाउनलाई मुस्किल छ
ती जोडी देख्दा साराको मनमा आनन्द लाग्दछ। १५४

स–सानो वीणा तारैमा अंगुली राखी बजाउँछन्
मुनिको जस्तो स्वभाव छ स्वरले सबै खिच्दछन्। १५५

तारमा तान बहन्छ रागमा प्रकट भैजान्छ
ती सात स्वरका तारैमा यो चौध भुवन जगाउँछ। १५६

विशेष आग्रह गर्दैछु बोलाउन स्वीकार माग्दछु
अमृत झैं गाना सुन्दामा हृदय शान्ति चाहन्छु। १५७

बोलाऊ बोलाऊ बालकलाई राजाको भयो संकेत
बालक दुबै आइपुगे हातमा वीणा समेत। १५८

सभा नै चकित भएथ्यो मनोहर रूप देखेर
सभाको चारै दिशामा उज्ज्वल ज्योति छरेर। १५९

राजाको मान राखेर बालकले मस्तक झुकाए
मन्त्रीले दुवै जनालाई आशनमा बस्न लगाए। १६०

को हौ भनी राजाले सोधेथे दुबै कुमारलाई
कलाले आफै बताउला अवश्य पनि राजालाई। १६१

हे महाराज बालक हौं सामुमा प्रस्तुत गर्दछौं
देखेर पनि गरिन्छ प्रश्न आश्चर्य चकित छौं। १६२

मुस्काइ बोल्छन् श्री रामचन्द्र सोध्नाको कारण
कस्का हौ छोरा कुन ठाउँ बस्छौ खुलस्त भनन। १६३

हामी हौं छोरा दुनियालाई रक्षण गर्नेका
उनैका छोरा सन्तान हामी सबैले चिनेका। १६४

हाँसेर फेरि त्यै प्रश्न हुन्छ आमाको नाम के हो ?
स्वाभीमानपूर्वक बालकले भन्छन वनदेवी नामै हो।१६५

कसका हौ चेला भनीदेऊ वावु कुन ठाउँ बस्तछौ ?
गुरू हुन् हाम्रा वाल्मीकि मुनि आश्रममा बस्तछौं। १६६

भन्दछन् बालक हामी त दुवै जंगलबासी हौं
राजसभा कस्तो थाहा नै छैन मामुली गायक हौं। १६७

गाउनलाई लाग्दछ इच्छा आज्ञाले गाउँछौं
श्री सीता–चरित गायक हामी खुशी भै गाउँछौं। १६८

भनेर यति तुरुन्त तिनले चलाए वीणा तार
आनन्द मस्त भएर सुन्छन् वीणाको झंकार। १६९

श्री गणेशको वन्दना गरी गुरूको गर्दै ध्यान
सुनाउन लागे सुन्दर बालक अमृत धारा गान ।१७०

यो आर्यवर्त भूमिमा राजा जनक बस्दथे
विद्वान ज्ञानी राजनैतिक साथै विवेकी उनी थे ।१७१

विदेह भक्त उनलाई भन्थे प्रजाका पालक थे
परमात्मा आत्मा उनले चिन्थे ईश्वरका भक्त थे ।१७२

एक साल ठूलो अनिकाल पऱ्यो उनको राज्यमा
राजाले हलो लिएर जोत्न लागेथे फाँटमा । १७३

हलोमा ठक्कर लागेर अटक्यो छुटेछ हातबाट
श्री जगदम्बा उत्पन्न भइन् जोतेको डोवबाट । १७४

साक्षात देवी प्रकट भइन् मिथिला पुरीमा
प्रज्ज्वल शक्ति बालिका रूपी उत्रेकी भूमिमा । १७५

श्री जगज्जया संसारकी आमा संसारै नचाइन्
जनकराजकी सुपुत्री भई महलमा बसिथिन् । १७६

उनका नाम कति छन् कति संझेर सकिन्न
जानकी सीता वैदेही काली गनेर सकिन्न ।१७७

भवानी अंवा मिथिलेश्वरी श्री देवी तिनै हुन्
गृहस्थी शिक्षा सतवन्ती आदि उनैका धर्म हुन् ।१७८

श्री सीताजीले एक दिन आफनो परिचय दिइथिन्
शंकरजीको पूरानो धनुष हातले उठाइन् । १७९

यो कुरा बुझी मिथिलेश्वरले प्रतिज्ञा गरेछन्
यसपछि शिघ्रै धनुष यज्ञ राजाले गरेछन् ।१८०

जुन वीर आई शिवको धनु टुक्रायाउन सक्नेछ
त्यसैलाई मैले दिनेछु छोरी विवाह गर्नेछ ।१८१

त्यस दिनदेखि विभिन्न योध्दा धनुष तोडनमा
वेगिन्ति लस्कर आएका थिए जनक महलमा ।१८२

कसैले पनि सकेनन् धनु एक रत्ति हटाउन
संसारको योध्दा लाचार भए लागे ती लजाउन । १८३

जनक राजा निराश भए नपाई योग्य वर
जानकी अब कुमारी बसून् पुगेन आफ्नो प्रण ।१८४

सहश्र वीर आएर धनु उठाउन सकेनन्
फूर्तिका साथ उचाल्न खोज्थे बलले सकेनन् । १८५

वलशाली व्यक्ति थाकिनै सके लाचारी देखाए
मिथिलेश्वरका अगाडि पर्न अत्यन्त लजाए । १८६

एक दिन विश्वामित्रका साथमा दुई बालक पुगेथे
बालकैदेखि विरत्व शक्ति तिनले पाएथे ।१८७

राम र लक्ष्मण दुई भाइ थिए अत्यन्त उज्याला
रूपको कुनै बयानै छैन चंकिला सितारा । १८८

रामचन्द्रजीले शिवको धनु तीन टुक्रा पारेथे
यसैको कारण संसारभरमा इज्जत पाएथे । १८९

वैदेहीसँग विवाह भयो राजसी ठाँटले
जनकपुरमा उत्सव भयो अत्यन्त हर्षले । १९०

मिथिलेशसँग संस्वन्ध जोड्न पाएको हुनाले
कोशलका प्रजा हर्षित भए सहश्र गुनाले । १९१

कोशलमा पनि सुख नै थियो सुखमै बिते दिन
सुखका दिन उड्दछन् छिटै भएर एकै क्षण ।१९२

भाग्यले आई हानेछ लात्ती सुखको नाश भयो
कैकेयीद्वारा राघवलाई वन जानु आज्ञा भो । १९३

वनवास गर्न दिएकी आज्ञा कौशल्या लाललाई
कोशलको राज्य दिएकी थिइन् भरत छोरालाई । १९४

यो कुरा सुन्दा जानकी कठै शोकमा डुबेकी
वियोग सुन्दा शोकले गर्दा वेहोस भएकी । १९५

बालकैदेखि विदुषी थिइन् धैर्यलाई अँगालिन्
रामका साथै वनमा जाने मनले ठम्याइन ।१९६

कोशलमा भए पटरानी हुन्थें वनमा वनवासी
दुःख र सुख भोगेर बस्छु रामकी म साथी ।१९७

तुरुन्त गई रामलाई भनिन् म अर्धअंगी हुँ
सुखमा हास्ने दुःखमा रूने जीवन सँगी हूँ ।१९८

यो आधा अंग छोडेर वनमा कसरी जाने हो
कैकेयीजीको वचन पनि असत्य हुने भो । १९९

वनमा एक्लै गइन्छ भने तन आधा जाने छ
कैकेयीजीको हुकुम पनि अधुरो हुनेछ । २००

साथमा जान्छु वनमा बस्छु जानमा तयार छु
मन्जुरी मात्र लिनका लागि द्वारमा खडा छु ।२०१

राघव भन्छन् विचार तिम्रो अत्यन्त राम्रो छ
दुःखीका साथ वनमा जान मुस्किल पर्दछ ।२०२

अत्यन्त कोमल शरीर तिम्रो डरलाग्दो जंगलमा
बालकैदेखि सुखमा खेली बसेकी मंगलमा । २०३

वनमा तीखा कण्टक काँढा बाघ भालू लाग्दछन्
निश्चरीहरू प्रशस्त आई झम्टन थाल्दछन् । २०४

कोशलपुरकी महारानी तिमी योगिनी भेषमा
भएको सुख बिगारीकनै नजाऊ जंगलमा । २०५

राघवजीका सुनेर शब्द जानकी भन्दछिन्
पतिका साथमा ती छैनन् भने अवला बन्दछिन् ।२०६

तपाईंका साथमा बसेको बेला अवला म हुन्न
पतिका साथमा वनमा जान्छु म एकलै बस्दिन ।२०७

क्षत्रीको छोरो तिमी हौ भने म पनि क्षत्रिनी
निश्चरका अग्नि तिमी हौ भने म ज्वाला अग्निकी ।२०८

कैकेयीजीले गरेकी रैछन् उचितै काम काज
दिनु त पर्ने अवश्य रैछ भरतलाललाई राज ।२०९

राक्षस दलको भयले गर्दा पत्नीलाई बचाउन्न
कोशलको राजा भएर मात्र क्यै गर्न सक्दिन ।२१०

तपाईको आज्ञा मान्दछु पनि कोशलमा बस्दछु
बाँचौला भन्ने विश्वास छैन अवश्य मर्दछु ।२११

तिमी नै मेरा देवता देवी तिमी हौ आराध्य
तिमी हौ मेरा जीवन साथी पार लगाऊ अवश्य ।२१२

विभिन्न कुरा संझाईकनै ती भइन् वेचैन
स्नेहपूर्वक रामले भन्छन् लैजान्न भन्दिन । २१३

लक्ष्मण पनि तयारी भए जानलाई वनमा
सौमित्र पनि राघव जस्तै तपसी भेषमा । २१४

पहिला दिनमा तमसा तटमा रामको वास भयो
भोलि नै पल्ट राघव सहित गंगा पार जानुभयो ।२१५

डुंगामा बसी ढुंगाका तटमा उत्रिदा राघव
मल्लाहलाई मजुरी दिने नहुँदा साथमा । २१६

सीताले उनको आशय बुझिन् औंठी नै फुकालिन्
माझीको भाडा दिनुहोस् भन्दै औंठी नै टक्र्याइन ।२१७

सीताको औठी लिएर हातमा श्रीराम प्रशन्न
डुंगाको भाडा दिनको लागि बोलाए मल्लाह ।२१८

माझीले लिन इन्कार गरी यो विन्ति चढायो
म लिन्न हजुर मजुरी भन्दै पाउमा शिर राख्यो ।२१९

वेगिन्ति ऋषि मुनिजीहरू गंगा पार लगाएँ
सबैले मलाई आसिक दिए शिरमा चढाएँ । २२०

दुबै नै हामी माझी हौं भने मजुरी लिइन्न
आपस हामी मजुरी लिंदा निर्वाहै हुँदैन । २२१

तपाईलाई मैले गंगाजी तारे भवसागर मलाई
पालोको पैचो लेनदेन हाम्रो दुवैको भलाइ ।२२२

माझीको कुरा सुनेर हास्दै राघव गै हाले
चित्रकुट तर्फ लागेर राघव त्यही नै वास बसे ।२२३

त्यै चित्रकूटमा भरत र जनक गएर भेटेका
कौवाको पनि घमण्डलाई रामले तोडेका ।२२४

त्यस पछि अत्री मुनिजी भेटी संवाद भएथ्यो
राघव पंचवटीमा गई वास बस्नु भएथ्यो ।२२५

रावणकी बैनी आइछ त्यहाँ नाक कान कटाई
विषको वोट रोपेकी रैछ सर्वनाश गराई ।२२६

खर र दुषण त्रिशिर मरे रामका हातले
रावणका वैनी दाज्यूकाँ गई हाल खवर सुनाउछे ।२२७

सीताको सुन्दर रूपको वयान त्यो पनि गर्दछे
करूण कथा दाज्यूलाई भन्दै लक्ष्मणलाई दोष दिन्छे ।२२८

बैनीका कुरा पत्यार मानी रावण रिसायो
वीरता विवेक विचार धैर्य ऊवाट त्यागियो । २२०

योगीको भेष लिएर गयो रामको कुटीमा
राघवको आश्रम त्यो बेला थियो श्री पंचवटीमा ।२३०

जानकीलाई हरण गर्दा आफ्नो नाम बतायो
त्यैवेला जगजननीबाट आफ्नो रूप देखाइयो ।२३१

रावणले पनि जानकीजीको रूपलाई चिन्हेर
दर्शन गऱ्यो जानकीलाई सामूमा झुकेर । २३२

रथमा राखी दक्षिण लग्यो श्रीलंका पुऱ्यायो
महलमा सोझै लगेको होइन वाटिका सजायो ।२३३

लंकामा सीता बसेता पनि ती आफ्नै अड्डीमा
रामकै नाम जपेर बस्थिन रामकै चिन्तामा । २३४

कमलको पात पानीमै हुन्छ तैपनि अलक्क
नछोई पानी पवित्र भई बढ्दछ हलक्क । २३५

चिन्ताले ग्रस्त सीताजी बस्थिन् अशोकको फेदमा
विरही बनी बगाइ आँशु मन थियो राममा ।२३६

जुन दिनदेखि सीताजी हऱ्यो त्यसपछि राघव
झाडी र जंगल बोलाउँदै हिड्छन् गरेर विलाप ।२३७

चौतर्फ खोज्दा लागेन पत्ता सुग्रीव भेटेछन्
सुग्रीवसँग मितेरी लगाई वालिलाई मारेछन् ।२३८

किष्किन्धा राज्य सुग्रीवले पाए राज्यमा रमाए
राघवले भने सीताजी संझी रोएरै बिताए ।२३९

त्यसवेला वर्षा शुरू भैसक्यो रूखमुनि बसेछन्
सीताको पत्ता लागेन कतै रोएरै बसेछन् ।२४०

सुग्रीव राजा राज्यमा भुले मूल कुरा बिर्सेछन्
लक्ष्मण गई संझाउदा खेरी बल्ल पो संझेछन् ।२४१

सीतालाई खोज्न हनुमान पनि लंकामा पुगेछन्
सीताको चरित्र देखेर उनी आश्चर्य मानेछन् । २४२

रूखका पातमा लुकेर बस्दा क्यै कुरा सुनेका
सीता र रावण संवाद हुँदा छर्लङ्ग बुझेका । २४३

रावणले दिन्थ्यो सीतालाई धम्की काट्दछु भनेर
सीताले पनि भन्दछिन् कड्की एक तृण लिएर ।२४४

रावण स्वयं आएर भन्थ्यो ए सीता सुनी राख
यो पृथिवीमा म जस्ता धीर कोइ छैनन् बलवान ।२४५

म स्वयं विष्णु म आफै शिव सुवर्ण लंका
छ संसार भरको म आफै वीर बज्दछन् धेर डंका ।२४६

देवता दानव किन्नर आदि मदेखि काम्दछन्
संसारका सवै वीर शक्तिसाली चरणमा पर्दछन् ।२४७

त्यसैले भन्छु ए सीता मलाई फर्केर हेरी दे
एक पल्ट मात्र प्यारको बोली मसँग बोली दे ।२४८

तेरो छ पति भीखमंगा योगी तैं मात्र संझन्छेस्
नसम्झी भन्दै संझाउछु कति तैपनि रूदै छस् । २४९

सीताले यस्ता घीन लाग्दा शब्द सहनै सकिनन्
यतिञ्जेलसम्म चुपचाप थिइन् अब त सहन्न्न । २५०

ए दुष्ट रावण वकवक गर्छस् तँ चोर अधम होस्
तँ पापी चोर नर्कको भोगी गर्नेछस् पापको भोग ।२५१

जुन धनु तैले सकिनस् छुन रामले उठाए
त्यै धनु उठाई राघवजीले तीन टुक्रा गराए । २५२

राघव भानु वंशका भानु तँ एउटा कीरा होस्
म सती साध्वी नारी हूँ एउटी तँ नालको किच्चड होस् ।२५३

सीताका यस्ता सुनेर शब्द रावण रिसायो
यसलाई ऐले मार्दछू भन्दै तरवार उठायो ।२५४

डरलाग्दो रूप लिएर त्यसले सबैलाई तर्सायो
किटेर दाँत कटकट गर्दै सीतालाई सुनायो । २५५

मान्दछेस् भने मानिहाल चाँडै मान्दिनस् मार्दछु
तँलाई मारी तेलमा भुटी तर्कारी बनाउँछु । २५६

गर्जेर बोल्छिन् जानकीजीले वकवक गर्छस् नीच
सागर सधैं पवित्र हुन्छ नाली छ सधैं कीच । २५७

व्राह्मण तँ होस् पुलस्त्य नाति इज्जत फाल्दछस्
ती दुष्ट आँखा तरेर मलाई के कामले हेर्दछस् ।२५८

ए दुष्ट पापी बिसौटे हातले तरवार ल्याउलास्
तैपनि सती नारीका सतले तँ आफैं मर्नेछस् ।२५९

खास गरी व्राह्मण जातिको तँ होस् ए दुष्ट कलंक
आचरण खराव भन् बढिरैछ यसरी निशंक ।२६०

वेद पाठ गर्ने वानी हो तेरो यसरी भ्रष्ट्याइस
वलशाली वाहु रहने छैनन् आफैले नष्ट्याइस ।२६१

सुकर्म गर्ने वंशको सन्तान दुष्कर्म तँ गर्छस
व्राह्मण कुलमा जन्मेर नीच कर्म तँ गर्छस् ।२६२

रामको शरण पर्दछस् भने गएर क्षमा माग
शरणागतमा पर्दछस यदि दिनेछन् क्षमा नाथ ।२६३

राघवले कल्याण गर्ने छन् तेरो पर्छस्त शरणमा
गरेर भूल स्वीकार आफ्नो पश्रेर चरणमा ।२६४

प्राणको माया यदि छ भने मलाई बुझाइदे
प्रजा र कुलको संझेर हित घमण्ड त्यागिदे ।२६५

मान्दैनस् यदि बीस वटा हात अवश्य गिर्नेछस्
घमण्ड गर्ने दशवटा शिर वाणले ढल्नेछन् । २६६

श्री सीताजीका सराप पनि रावणलाई लागेछ
राघवजीका धारिला वाणले उसको प्राण गएछ ।२६७

यो सब देख्ने जान्ने र बुझ्ने अञ्जनी कुमार हुन्
पृथिवी आकाश हावा र पंछी ती सबै साक्षी छन् ।२६८

सतवन्ती सीता लोकले भन्छ पवित्र तिनी छन्
जजसले उन्लाई दिन्छ त दुःख सजाय भोग्ने छन् ।२६९

तैपनि यति भएर पनि रामको विश्वास
सीताको सतमा गरेर शंका नभई विश्वास। २७०

जानकीलाई देख्नाका साथै क्यै शब्द बोलेछन्
राघवका मनमा लागेर शंका प्रकाश गरेछन् ।२७१

पतिका यस्ता शंकाका शब्द सुनेर सीताजी
रामका चरण सकिनन् छुन भएर लाचारी। २७२

वानर भालू आदिका साम् मर्नलाई तयार
लक्ष्मणलाई विनम्र भन्छिन् गर्नुहोस उपकार २७३

सतीको झलक देखाउनलाई आगो नै बाल्नु होस्
चानचुने आगो ठीक हुने छैन दनदनी बाल्नुहोस् ।२७४

सीताको वाक्य नहुँदै पूरा अग्निदेव उत्पन्न
अग्निको ज्वाला फैलिँदै अत्यन्त प्रचण्ड। २७५

त्यै बेला सीता अगाडि सरिन् बोलिथिन् गर्जेर
हे अग्निदेव राघव बाहेक कोइ पुरूष कल्पेर। २७६

रामकै सतमा बसेकी भए, मलाई नछोऊ
परपतिलाई हेरेकी भए मलाई जलाऊ। २७७

आँखाले मात्र पुरूषलाई हेरेकी भए नि
मनले कैल्यै अनेत्र पुरूष संझना भए नि। २७८

हे अग्निदेव नगर्नु माया खरानी गराई देऊ
रामकै सतमा बसेकी भए सुरक्षा गरिदेऊ। २७९

जो नारी आफ्नो सतीत्वलाई सुरक्षा गर्दछे
त्यै नारीले नै ईश्वरबाट सुरक्षण पाउँदछे। २८०

यति नै भन्दै सतवन्ती सीता आगोमा हामफालिन्
हे राम मेरो परीक्षा लिऊ पुकारा गरिथिन्। २८१

अग्निले पनि एकक्षण काखमा सीतालाई राखेर
उज्ज्वल पारे निख्खर पारे अग्निमा खारेर। २८२

प्रज्ज्वलित रूपमा सीताजी निस्किन् निश्चिन्त भएर
वानर भालू एकटकले हेर्छन् आश्चर्य मानेर। २८३

अलौकिक रूप देखेर उनको प्रशन्न भएर
वानर भालू प्रशन्न भए जय घोस गाएर ।२८४

अग्निदेव आएर भन्छन् पवित्र सीता छन्
निर्मल चित्त निर्मल शरीर सुरसरी समान छन् ।२८५

यो आर्य देशकी सीता हुन् मणी चरणमा राख्नु होस्
निर्मल स्वच्छ पवित्र सती स्वीकार गर्नुहोस् ।२८६

जयजयकार गुन्जियो सारा आकाश पाताल
आकाशबाट फूलको वृष्टि वर्षियो अपार। २८७

सविजय भई जानकी सहित अवधमा रामचन्द्र
वशिष्टद्वारा राजतिलक भयो कोशलमा सानन्द ।२८८

भन्नु छ केही बाँकि छ भने यही नै बाँकी छ
सीताको शुध्द चरित विषे वजंरगी साक्षी छ। २८९

सीताको कुनै नलिनू शंका त्यसबेला भनेथे
पवित्र नारी भनेर उनले रामलाई सुम्पेथे। २९०

राजसिंहासनमा शोभित भई यो कस्तो न्याय हो
मांगलिक वेला सीताको वनवास के कारण भएको।२९१

यो महान् कार्य यो न्याय कस्तो कसबाट गरायो
दशरथ पुत्र रघुकुल भूषण उपाधि दिइयो। २९२

तपाई नै राघव भनेर मैले बल्ल पो सुन्दैछु
यद्यपि राधव तपाई नै भए प्रणाम गर्दैछु। २९३

यतिनै भन्दै लिएर वीणा जानलाई तयार छन्
प्रशन्न हुँदै श्रीरामचन्द्र पर्खाउन लगाउँछन। २९४

नजाऊ बाबु एक क्षण त बस रामले भनेथे
बालकको रूप देखेर राघव प्रफुल्ल भएथे। २९५

बालक दुवै जवाफ दिन्छन् धेरबेर बस्दैनौं
यतिका बेर महलमा बस्यौं अब त गैहाल्छौं। २९६

यतिनै भनी जुरूक्क उठी ती दुबै गैहाले
ती सभासदका संपूर्ण व्यक्ति आश्चर्य चकितथे। २९७

रोकेर पनि सकेनन् रोक्न गंगाको बगदो धार
चरित्र गाउँदै श्री सीताजीको गएथे सुकुमार। २९८

दुःख सुख सधैं घुम्छन् रात्री या दिवसै बनी
धैर्य धारण गरेदेखिन्, आउँछ सुख घुमि फिरी ।

भोक्ता बनेर भोग्नाले बाँधिएर जनम् भरी
इश्वरको संझना गर्दा, जानेछौं दुःख पार गरी ।

धर्मचक्र घुमिराख्दा, ज्ञानको द्वार खुल्दछ
पापको राश फाल्नाले, आत्मामा ईश बस्दछ ।

संसार यो रमझम संझी, धर्मको द्वार खोल्नुछ
चित्त राम्रो पखालेर, निर्मल स्वच्छ बनाउनुछ ।

धर्मको वास मिथ्यामा, हुँदैन कहिल्यै पनि
शुद्धाचरणमा बस्छ, सत्य, धर्म सधैं भरी ।

# लवकुशको वीरता

शत्रुहरू कायम भए सौमित्रले जीते
व्रहमाण्डमा हल्ला भयो दुष्ट सबले हारे । १

दुष्ट पापी मरीकनै पृथिवीको भार
सारा कार्य पूर्ण भयो बाँकी उपसंहार । २

ईश्वरको इच्छाले नै सारा लीला हुन्छन्
अलौकिक शक्ति उनको विश्व कहलिन्छन् । ३

ईश्वरको शक्तिले नै विश्व चलाइन्छ
ईश्वरको शक्ति विना सबै कमजोर हुन्छ । ४

अलौकिक शक्ति उनको विश्व नचाउने
ईश्वरकै शक्ति हुन्छ रूने हँसाउने । ५

श्यामकर्ण घोडा घुम्दै आश्रममा पुग्यो
वाल्मीकिको आश्रम पुगी त्यहाँ चर्न लाग्यो । ६

वनदेवीका पुत्रले नै अश्वलाई देखे
त्यस्तो घोडा देख्दा खेरी छक्क पर्न लागे । ७

लेखिएको कागजमा प्रष्ट अक्षर थिए
मस्तकमा झुण्डयाइएको कागज देखिहाले । ८

वनदेवीका पुत्र दुईले त्यस्लाई पढ्न लागे
पढ्दा पढ्दै सारंशता सबै बुझी हाले । ९

पढ्दा पढ्दै रिस उठ्यो दिमाग खल्बलियो
घोडालाई पक्रीकनै बाँधिदिनु भयो । १०

राघवको विमल कृति लेखिएको त्यहाँ
लेखिएर झुण्डाएको अश्व मस्तक महाँ । ११

पृथिवीका राजाहरू जित्ने इच्छा हुँदा
शक्ति भए लड्न आऊ पक्रीकनै घोडा । १२

होइन भने राघवका शरण पर्न आऊ
आफ्नो सारा राज्य समेत अर्पण गर्न ल्याऊ । १३

यो देखेर दुवै भाइ रिसले आगो हुन्छन्
आँखा समेत राता गरी आपसमा बोल्छन् । १४

राम भन्ने राजा ज्यादै अहंकारी रैछ
आफैं ठूलो वीर भन्ने संझदो पो रैछ । १५

त्यही राघव राजा होला जसले रावण मार्यो
विना कारण पत्नीलाई त्यस्ले त्यागिदियो । १६

वनदेवीले भन्नु हुन्थ्यो हामी क्षत्री बालक
हाम्रा पिता महान् व्यक्ति कुनै देशका पालक । १७

राघवले हामीलाई कुन वेलामा जित्यो
जगज्जयी राम भन्ने झूठो प्रचार गर्‍यो । १८

यस बारेमा ज्ञान भयो राम वीर होइन
राघवको धाक धक्कू टिक्ने अब छैन । १९

घोडालाई पक्री हालौं रूखको फेदमा बाधौं
हाम्रो पनि शक्ति प्रयोग आजै देखाई हालौं । २०

शस्त्र ज्ञान आर्जनलाई खेर फाल्न हुन्न
राघव यहाँ लड्न आओस् हाम्रो हार हुन्न । २१

यो घोडालाई पक्री सक्यौं लड्न सक्नु पर्छ
राघवले जोरी खोज्यो झयाँको झार्नु पर्छ । २२

अश्वलाई छाड्यौं भने हाम्रो इज्जत जान्छ
हाम्रो कुलको धर्म पनि त्यसै हराउने छ । २३

मनले सबै सोचीकनै घोडा ल्याइहाले
राघवका सेनासँग लड्न तयार थिए । २४

ज्यादै शान्त बालक थिए अर्कै रूप भयो
अहंकारी राजालाई देख्ने इच्छा भयो । २५

आँखा उनका सुन्दर थिए रिसले राता भए
राघवका सैन्यलाई उनले हेर्दै थिए । २६

धनुषलाई टंकार्दामा चर्को आवाज आयो
त्यस्तो चर्को आवाजले घोडा पनि तर्स्यो । २७

एकातिर राघवको जयकार गुन्जिएको
अर्कोतिर वनदेवीको जय होश गुन्जिएको । २८

जय जयकारको झंकार साथै वाण वर्षाएर
बालकका वाण लागे शत्रु सुताएर । २९

वाणको आवाज सटर पटर आवाज सुनिएर
तिनका साम्ू लड्न आए सेना सजाएर । ३०

शत्रुघनै छक्क परे बालक देख्नासाथ
सूर्य जस्तै तेजी बालक शक्ति बलवान । ३१

यसो हेर्दा मुनि बालक यस्तो ठूलो शान
लड्नलाई सामुन्ने छन् धनुर्वाणमा ज्ञान । ३२

वृक्ष फेदमा बाँधिएको श्यामकर्ण थियो
बालकको जोश भने ज्यादै तिव्र थियो । ३३

शत्रुघनका योध्दावीर छक्क मानिएका
बालकसँग युध्द गर्न आत्म गलाएका । ३४

शत्रुघन अघि बढे मन्द मुस्कुराई
धन्यवाद दिंदै भने कोमल बालकलाई । ३५

श्यावास श्यावास बालक हो यस्तो ठूलो शक्ति
बालक तिमी लड्न आयौ नडराई कत्ति । ३६

तिम्रा गल्तीलाई मैले क्षमा गरिदिन्छु
घोडालाई छाडीकनै घरमा जाऊ भन्छु । ३७

बालकसँग युध्द गर्न आत्मा ग्लानी हुन्छ
बालकसँग लड्दा खेरी धर्म नष्ट हुन्छ । ३८

साना कोमल बालकसँग के गरेर लड्ने
क्षत्री भई लड्दा खेरी पापमा डुब्न जाने । ३९

बालक हुँदा चुलवुलेछौ अक्किलका कच्चा
ज्ञान वुध्दि कम्ती हुँदा लड्न आयौ बच्चा । ४०

काललाई निम्त्याएका विना कारणैले
ऐले तिमी घरमा जाऊ संझाउँदै छु मैले । ४१

त्यस्ता साना पाखुरीले पर्वत धान्न खोज्ने
कमजोर वाँण बोकीकन लड्न भने आउने । ४२

आमा-काखमा बस्न जाऊ जिध्दि गर्न हुन्न
राघवका सेनासाथ लड्न सकिँदैन । ४३

यो त युध्दभूमि ठूलो खेल्ने ठाऊ होइन
जिकी गरी युध्द गर्दा प्राण बच्ने छैन । ४४

बालकसँग लड्न हुन्न क्षत्री धर्म हाम्रो
जथाभावी लड्न लाग्दा जान्छ इज्जत हाम्रो । ४५

खर दुषण त्रिशिरादि लाखौं असुरादी
क्षणभरमै मारिएथे युध्द गर्दा खेरी । ४६

रावण एवं वालि विराध मारिएंथे रणमा
सुन्दर पुल बाँधिएको क्षीर सागरैमा । ४७

त्यस्ता महान राघवलाई संसारले मान्छन्
ईश्वरको प्रतिमूर्ति रामचन्द्रलाई ठान्छन् । ४८

त्यस्तो महान शक्तिसँग बालक भिड्न खोज्छौ
जिकी गरी लड्छौ भने बेकारमा मर्छौं । ४९

तिम्ले कैल्यै राघवको शक्ति सुन्या छैनौ
उनको शक्ति कस्तो हुन्छ केही बुझ्या छैनौ । ५०

आफनै मुख्ले आफनै गुण सुन्दा गाइएको
यी कुराले दुवै भाइ थिए मुस्कुराएका । ५१

सुन्नुभयो यिनका कुरा त्यही राघवराज
जस्ले शासन चलाउदैछ अयोध्यामा आज । ५२

जस्ले सती पत्नी सीता वनमा त्यागी दियो
शक्तिशाली वलिलाई लुकी लुकी माऱ्यो । ५३

उनकै भाइ सौमित्रले उनकै गुण गाए
यस्ता महान राघव हुन भन्ने धक्कू लाए । ५४

आफैं ठूलो आफैं योध्दा यिनले भन्दै हिड्ने
मन्थराको कम्मरमा लात्ती बझाइदिने । ५५

कैयौ वर्षसम्म कठै राखिएकी बूढी
त्यस्तीलाई कम्मरनै भाँचिदिने वुध्दि । ५६

आमा जस्तै चारै भाइ सिंहारेकी थिई
पाली ताली योग्य भए कम्मर भाँचिपाई । ५७

शत्रुघनलाई व्यंगले नै वाँणको घोचाइ थियो
बालकका तीक्ष्ण शब्द सुन्दा रिस उठ्यो । ५८

शत्रुघन क्रोधित भए रिसले जुर्मुराए
बालकसँग लड्न भनी अघि बढ्दै थिए । ५९

शत्रु मार साहस गर युध्दभूमि गुन्ज्यो
बालकमा साहसको भण्डारनै थियो । ६०

थुप्रो थुप्रो सेना आई बालकलाई घेरे
दुबै योध्दा बालकले सेना मारी दिए । ६१

राम राम नाम लिंदै राघव सेना भागे
रिपुसूदन सौमित्रले चिन्ता गर्न लागे । ६२

शत्रुघनले सेनालाई भन्थे संझाएर
यस किसिमले भाग्नु हुन्न पीठ फर्काएर । ६३

दुबै जना बालकलाई बाँधी ल्याउनु पर्थ्यो
बाँधी ल्याउने कुरा छैन भाग्ने दाऊ गर्छौं । ६४

अघि वढ साहस गर शक्ति देखाइदेऊ
त्यस्ता साना बालकलाई बाधीकनै ल्याऊ । ६५

बालकदेखि भाग्न खोज्दा कीर्ति कालो हुन्छ
सूर्यवंशी राजालाई कालो टीका लाग्छ । ६६

बालकलाई मार्नु हुन्न नीति छोडी देऊ
जोरी खोज्ने बालकलाई तिम्ले मारी देऊ । ६७

तिन्ले मार्न आउँछन् भने तिम्ले मारी देऊ
पाप लाग्छ भन्ने कुरा सबै छाडी देऊ । ६८

बालकले कैयौं मारे हाम्रा वीरलाई
मार्न हुन्न भन्ने कुरा छोडी देऊ भाइ । ६९

बालकल्यै वीर मारे कैयौं भागी सके
हाम्रो ठूलो शैन्यदल ज्यादै घटी सके । ७०

मेरा प्यारा सेनाहरू शंका हटाइदेऊ
बालकको फूर्तिलाई चूर्ण गरिदेऊ । ७१

राघवको नाम कीर्ति फैलाउनै पर्छ
जोरी खोज्ने व्यक्तिसँग जाइ लाग्नै पर्छ । ७२

प्यारा प्यारा सेना वर्ग त्याग्नु हुन्न
राघवको इज्जत जान्छ त्यसै भाग्नु हुन्न । ७३

बालकको शक्ति हुन्न लड्न सक्ने छैनन्
हाम्रा तिखा वाँणको चोट छल्न सक्ने छैनन् । ७४

वनदेवीका पुत्र भन्छन् तिम्रो शक्ति देखें
शत्रुघनको शक्ति फूर्ति मैले तौली सकें । ७५

मुखले मात्र वक्छौ तिमी लडन सक्नुपर्छ
फूर्तिसाथ कम्मर कसी भिड्न सक्नुपर्छ । ७६

धाक धक्कू छाडी देऊ लड्ने भए आऊ
होइन भने नाक छोपी झट्टै भागी जाऊ । ७७

के को फुर्ति लाइरैछौ लड्ने हुति छैन
वाँण ताकी हान्नु पर्छ त्यसै लडिदैन । ७८

तिम्रो शक्ति तागत आदि चण्डीले नै जाच्लिन्
सिंमाङ्गमा घ्यू छ कति चण्डीले नै हेर्छिन् । ७९

वाँणको वर्षा हुनै लाग्यो तिम्रो शक्ति ढल्छ
युध्द स्थलमा मर्दा खेरी कस्ले कठै भन्छ । ८०

जुन राजाले राज्य गर्दा अन्याय नै बढ्छ
अन्यायीले हामीलाई के पो जित्न सक्छ । ८१

धनुषको टंकारले होश हवास जाला
तिम्रो अहंकार पनि पानी पानी होला । ८२

रघुवंशी हौ त तिमी लड्न चाँडै आऊ
शक्ति आफनो देखाएरै घोडा लिई जाऊ । ८३

बालकका वाक्य सुन्दा सौमित्रको रिस
बालकका वाक्य होइन जहरिला विष । ८४

देख्दाखेरी साना बालक शब्द ज्यादै चर्को
बालकसँग लड्नै पर्‍यो छैन युक्ति अर्को । ८५

माया दया गर्दा खेरी झन झन जोरी खोज्ने
मर्लान भन्ने विचार गर्दा बद्‌ता मुख छोड्ने । ८६

रगत ज्यादै उम्लिरैछ अझै मनले शोचछ
लड्नु भन्दा बालकका घोच्का सुन्नु वेश छ । ८७

मनमोहन किशोरको माया मात्र लाग्छ
बालकको रूप देख्दा वाँण राखौं लाग्छ । ८८

घोच्का पेच्का सुनी सकें अब सुन्ने छैन
वाँण मेरा वर्षिनेछन् अब रोक्ने छैन । ८९

यति भन्दै वाँण छाडे जोडले जाँदै थियो
बालकको वाँणले नै विचमा काटी दियो । ९०

वाँणै वाँणको वृष्टि भयो लेखाजोखा छैन
विषम वाँणको वर्षा भयो कतै खाली छैन । ९१

सौमित्रले वाँण छाडथे बालकले काट्थे
दुवैपट्टि वाँणै वाँणको छेलो खेलो छाड्थे । ९२

छानी छानी तीखा वाँण सौमित्रले छाड्थे
पुग्नै नपाई वीचै वीचमा वाँण काटिइन्थे । ९३

कैयौ कैयौ वाँण तानी दुश्मनलाई हान्थे
बालकका वाँण लाग्दा शत्रुसेना मर्थे । ९४

शत्रुघनले सेनालाई उत्तेजना दिन्थे
जस्तै कोशिस गर्दा पनि पार लाग्दैनथे । ९५

शत्रुघनका सेनाहरू भाग्ने कोशिस गर्थे
शत्रुघनको हार भयो भाग भाग भन्थे । ९६

सम्हालिऊ सूर्यवंशी आफना वाँण रोक
वनदेवीको पुत्रसँग गर्नु छैन टेक । ९७

कुशको वाँण विद्युतको चाल्ले उड्न लाग्यो
कैयौ कोशिस गर्दा पनि सौमित्रलाई लाग्यो । ९८

वज्रसमान वाँण आयो छाती वीचमा लाग्यो
शत्रुसूदन वीर लडे होश सारा उड्यो । ९९

हाहाकार खलवल भयो स्वामी मूर्छा पर्दा
स्वामितको ज्यान जाला भन्ने पीर लाग्दा । १००

रामदलका सेना आई रथमा राखी हाले
होशियारसाथ राखी राघव छेऊ लगे । १०१

कोशलमा पूर्ण सभा राखिएको थियो
मूर्छायुक्त सौमित्रलाई रामले देख्नु भयो । १०२

प्यारो भाइको हालत देख्दा दुःखित हुनुभयो
कसका साथ लड्दा खेरी यस्तो धोखा भयो । १०३

सभा सबै खल्वलियो त्यस्तो अवस्थामा
कोशलवासी दुःखीत भए अति हाहाकारमा । १०४

एकक्षण पछि मूर्छा खुल्यो रामले सोध्नु भयो
कसका साथ युध्द हुँदा यस्तो हालत भयो । १०५

राघवका प्रिय शब्द सुन्दा हर्षित मानी
शत्रुघनले सबै घट्ना भन्थे आँशु झारी । १०६

आश्चर्यको कुरा भयो दुबै बालक त्यहाँ
राघव जस्तै रूपका धनी आए लड्न त्यहाँ । १०७

तिनको रूप देख्दा खेरी ज्यादै छक्क लाग्यो
लड्न हुन्न मनले भन्थ्यो लड्न करै लाग्यो । १०८

घोडालाई पक्रीकनै त्यही बाँधिदिए
दुवै भाइ लड्न आए वाँणको वर्षा गरे । १०९

हेर्दा खेरी जंगलवासी शक्तिशाली वीर
साना कोमल हातबाट छोड्थे वाँण तीर । ११०

दुबै बालक महान वीर देख्दा ताजुप मानें
ईश्वरकै प्रतिमूर्ति बालकलाई ठानें । १११

तिनको शक्ति यस्तो भनी भन्न सकिदैन
कसका छोरा कसका नाति चिन्न सकिएन । ११२

तिनको रूप अति उज्ज्वल सूर्यभन्दा तेजी
विश्वभरमा त्यस्ता बालक पाइने छैनन खोजी । ११३

जस्तोसुकै वीर लडोस् जित्न सक्ने छैन
बालकको शक्तिसँग भिड्न सक्ने छैन । ११४

लवणासुर जस्तो वीर मेरै हातले मारें
आज यस्ता बालकद्वारा म आफैले हारें । ११५

कैयौ कैयौ वीर योध्दा कैयौंलाई मारें
वनवासी बालकसँग आज हार खाएँ । ११६

शत्रुघनका वाँणी सुनी राघव मुस्कुराए
उत्तीखेर लक्ष्मणलाई बोलाउन लाए । ११७

शत्रुघनको हालत पनि देखी सके हौला
मैले तिम्लाई बोलाएको बुझ्री सके हौला । ११८

लक्ष्मणले नै लंका गई निश्चरी नाश पार्‍यौ
कस्ता कस्ता योध्दालाई तिम्रै हातले मार्‍यौ । ११९

शक्तिशाली इन्द्रजीतलाई तिम्ले संहार गर्‍यौ
चौध वर्ष वनमा बस्दा राक्षस उन्मूल पार्‍यौ । १२०

शत्रुघनलाई मूर्छा पार्ने बालक वनवासी
साना कोमल बालक दुई छन् रे शक्तिशाली । १२१

तिम्रो शक्ति सामुन्नेमा लड्न सक्ने छैनन
रावण जस्तो वीर वली शायद तिनी छैनन । १२२

एकै पल्ट प्रयास गर्दा बाध्न सकिने छ
इज्जतसाथ दुबै बालक ल्याउन सकिने छ । १२३

एउटा कुरा संझीराख मार्न भने हुन्न
सम्झाएर ल्याउन पर्छ इज्जत फाल्नु हुन्न । १२४

सुग्रीव एवं अंगदलाई साथमा लिई जाऊ
सम्मानसाथ बालकलाई रथमा राखी ल्याऊ । १२५

पैले पनि मेरा लागि वनमा साथै गयौ
तनले मनले दुःख पाई कार्य सफल पार्‍यौ । १२६

लक्ष्मणलाई आदेश दिंदै मौन रघुराज
राघवका पाऊ परी प्रस्थान लक्ष्मणलाल । १२७

ठूलो सेना तयार पारी लक्ष्मण हिंडिहाले
डवल मार्च गर्दै गर्दै संग्रामभूमि पुगे । १२८

हिड्दा हिड्दै वीच बाटोमा अपशकुनका लक्षण
देख्दा खेरी सोच्न लागे लक्ष्मणले तत्क्षण । १२९

राघवको नाम जपि संग्राम भूमि पुगे
कस्ता होलान् बालक भन्ने मनले सोच्न लागे । १३०

सेना हिड्दा धूलो उड्यो नभमण्डल छायो
सूर्य तेज छोपिएर अन्धकारै पाऱ्यो । १३१

संग्रामभूमा बालकहरू उभिएका देखे
बालकको रूप देख्दा लक्ष्मण खुशी भए । १३२

लस्करसाथ सेनापति सामुन्नेमा देखे
होशियार साथ बसौं कुशलाई भन्थे । १३३

थुप्रै सेना साथ ल्याई वैरी आयो हेर
तयारी भै हामी बसौं गर्नु छैन बेर । १३४

फूर्तिसाथ आईरैछन् घोडा लानलाई
हामीसँग लड्न आए हेरौं तिनको ताई । १३५

आमालाई प्रणाम गरी लड्न गई हाल
दुश्मनलाई आच्छु आच्छु पार्नु पर्छ आज । १३६

त्यसैबेला आइपुगे सुमित्राका लाल
बालकको सौन्दर्यले छक्क परे लाल । १३७

वानरपति छक्क परे दुबै बालक देखी
आकाशका चन्द्र सूर्य तलै ओर्लेछन् कि । १३८

सुग्रीवले बालकलाई नियालेर हेरे
धेरै बेर हेरेपछि केही भन्न लागे । १३९

बालक हो तिमी दुबै मेरै बालक ठान्छु
राघवको घोडा बाँध्नु नकाम हो भन्छु । १४०

घोडालाई पक्री हाल्यौ अब छोडी देऊ
तिम्रै हितका लागि भनें अर्ति मानी लेऊ । १४१

अन्जानमा जे जे गऱ्यौ अब गर्न हुन्न
राघवको यज्ञ घोडा यहाँ राख्न हुन्न । १४२

बालक भनी संझाएको धनु फ्याकिंदेऊ
मृत्युलाई डाक्छौ किन टाढा धपाइदेऊ । १४३

राघवको सेना गई लंका नष्ट पाऱ्यो
कस्ता कस्ता योध्दालाई यसले खतम पाऱ्यो । १४४

धेरै कुरा संझाएर सुग्रीवले भन्थे
आफ्नो भलो संझीकनै धनु राख भन्थे । १४५

मान्दैनौ त काल तिम्रो नजिकमा आयो
भाग बालक भागी हाल मृत्यु नजिक आयो । १४६

बालकले भन्न लाग्यो वानरपति सुग्रीव
भाग्य हुँदा देख्न पाएँ वाहुलीमा सुग्रीव । १४७

वालिवीरको डरले गर्दा पर्वतमा बस्थ्यौ
आफ्नै दाज्यू वालिलाई मार्ने प्रयास गर्थ्यौ । १४८

श्यावास श्यावास वानर्पति कीर्ति फिजाइदियौ
दाज्यू मार्ने शत्रुलाई मित्र बनाइदियौ। १४९

धर्मालम्वी सुग्रीव तिमी भाउज्यू अपनाउने
दाज्यूलाई मारीकनै भाउज्यूसँग रम्ने। १५०

बालकका शब्द सुन्दा सुग्रीव भए क्रुध्द
ठूलो वृक्ष हातमा लिई दौडे ढाड सेक्न। १५१

टयाउ टयाउ मात्र बोलिरैछौ देख्दा खेरी सानो
बालक संझी माया लाग्छ सर्प जस्तै मानो। १५२

यति भन्दै वानर्पति कुशमा जाइलागे
विशाल वृक्ष उखेलेर कुशमा प्रहार गरे। १५३

कुशले पनि तीक्ष्ण वाँण धनुषमा राखी
एउटै वाँणले झारी दिए सुग्रीवको सेखी। १५४

सुग्रीवको सेखी झऱ्यो झण्डै झण्डै त्यहाँ
यस्ता तेजी बालकहरू देखिदैन यहाँ। १५५

ढुंगा मूढा उचालेर ताकी ताकी हान्थे
जतिसुकै हाने पनि आफै हारीसके। १५६

लड्दा लड्दा शक्ति घट्यो तागत छैन लड्ने
ज्यानै जाला जस्तो भयो के गरेर अड्ने। १५७

हाँसी हाँसी फूर्ति गर्दै बालकले भन्थे
लड्ने तेरो शक्ति छैन भागी हाल भन्थे। १५८

तैले मेरो शक्तिलाई जाच्न सक्ने छैनस्
मेरै वाँणको सामून्नेमा टिक्न सक्ने छैनस्। १५९

सुग्रीवका सामुन्नेमा वाँण वर्षा गरे
बालकको वाँण लागि सुग्रीव मूर्छा परे। १६०

सुग्रीवलाई मूर्छा देखी अंगद झट्ट आए
अंगदलाई देख्दा खेरी बालक हास्न लागे। १६१

राजालाई मूर्छा पाऱ्यौ लड्न आफै आएँ
कैयौं कैयौं योध्दालाई मैले हराई सकें। १६२

सुग्रीवको सट्टा लड्न अंगद आफै आएँ
होसियारी साथ बस्नु लड्न तयार भएँ। १६३

सिंह जस्तै आई रैछु तिम्लाई खाइदिन्छु
होइन भने दुबैलाई ऐल्यै बाँधिदिन्छु। १६४

वालिवीरको पुत्र म हूँ हार्ने कैल्यै छैन
तिम्रो सेखी झारीकनै गर्छू मैले चैन। १६५

वनदेवीका पुत्र भन्थे वालिपुत्र तिमी
जस्ले तिम्रो बाबु माऱ्यो उसैको साथ मिली। १६६

सिंह तिमी घरमा जाऊ के कामले आउछौ
जान्छौ भने झट्ट जाऊ नत्र प्राण फ्याक्छौं। १६७

अंगद रैछौ वनको सिंह व्यर्थ लड्न आउने
रावणको होइन सभा पाउ जमाइराख्ने। १६८

लड्न आउछौ अंगद भने स्वर्ग देखाइदिन्छु
तिम्रो पिता वालिसँग भेट गराइदिन्छु। १६९

बाबुसँग वातचित गर्नु स्वर्ग लोकमा पुगी
प्राणको माया लाग्छ भने जाऊ तिमी फर्की। १७०

लौ त अब वाँण छोड्छु छाती थापिराख
मेरा वाँण कस्ता हुन्छन् ऐल्यै चाखिराख । १७१

यति भन्दै त्रोणबाट तिखो वाँण झिकी
धनुष माथि चढाएर वाँण छोडिदिए । १७२

अंगदको छाती वीचमा वाँण उनिएर
आकाशमा वाँण पुग्यो अंगद झुण्डयाएर । १७३

अंगदलाई झुण्डयाएर तल माथि गर्थ्यो
कठैवरा अंगदलाई पर्नु मर्का पर्थ्यो । १७४

कैयौ पटक माथि जान्छ कैयौ तल झर्छ
अंगदलाई झुण्डयाएर तल माथि गर्छ । १७५

वाँणबाट आत्तिएका कठै वालिकुमार
अंगद मूर्छित देख्दा खेरी गर्जे दुबै बालक । १७६

अंगदको हालत देखी लक्ष्मण त्यहाँ आए
धन्य धन्य युगलकुमार तारिफ गर्न लागे । १७७

गल्ती सबै माफी दिँदै तिम्रो स्वागत गर्छू
जस्तोसुकै नोक्सान पनि माफी सबै गर्छू । १७८

राघवको सेनालाई जित्न सक्नेछैनौ
शक्तिशाली योध्दासँग लड्न सक्नेछैनौ । १७९

घोडालाई छाडी देऊ आफ्ना घरमा जाऊ
ईश्वरीय शक्तिसँग सक्ने छैनौ जाऊ । १८०

लक्ष्मणका शब्द सुनी कुशले भन्न लागे
धर्म कर्म केको हुन्थ्यो अन्यायीको राज्य । १८१

ईश्वरलाई साक्षी राखी अन्याय जो गर्छ
त्यस्तालाई ईश्वरले सजाय नै दिन्छ । १८२

कस्ले भन्छ न्यायी राजा रघुनन्दनलाई
न्याय भए किन त्यागे सती सीतालाई । १८३

मर्यादालाई राघवले भंग गरिहाले
सती साध्वी जानकीलाई व्यर्थ त्यागिदिए । १८४

त्यस्ता राजासँग लडी आँखा खुलाई दिन्छौं
उनको कर्मफललाई स्वाद चखाई दिन्छौं । १८५

जस्तो उनले वीज रोपे त्यस्तै फल फल्छ
उनले आफ्नो भूललाई सुधार गर्नुपर्छ । १८६

राघवका वैठकमा गाना सुनाएँथे
अन्यायका कर्महरू सारा सुनाएँथे । १८७

लाजै छैन राजालाई इज्जत पनि छैन
अन्यायको राज्यमहाँ न्याय पाइदैन । १८८

अयोध्याको वीर भन्दै लड्न तिमी आयौ
अन्यायीका भाइ तिमी लाज पचाउदैछौ । १८९

हामीसँग लड्दा मर्छौं पक्कै संझीराख
ज्यानको माया लाग्छ भने छिट्टै भागीहाल । १९०

भनी हाल लक्ष्मण तिमी कैले राम आउँछन्
असत्यको तीतो फल तिनले चाख्न पाउँछन् । १९१

लक्ष्मण केही ताजुव मान्दै बालकलाई सोधे
त्यसवेलामा गाउन आउने बालक रैछौ भन्ये । १९२

त्यसवेलामा गीत गाउने बालक तिमी रैछौ
अति मिठो गाना गायक धन्य धन्य रैछौ । १९३

बालक भन्थे युध्द गरी हामीलाई चिन्नु
बेकारका कुरा छाडी धनुर्वाण लिनु । १९४

लक्ष्मणले बालकलाई नाम बताएनन्
आफ्नो बलशक्तिलाई उनले लुकाएनन् । १९५

लक्ष्मणमा कुनै दोष देखेदेखि भन्नु
छैन भने व्यर्थ किन वकवादि नै गर्नू । १९६

राघवको इच्छालाई पूर्ण गरी दिन्थे
जस्तोसुकै कठिन कार्य उनले पूरा गर्थे । १९७

भातृइच्छा पूर्ण गर्न सर्वश्व नै त्यागथे
राजाज्ञालाई जहिले पनि पालन गरी छाड्थे । १९८

कुश भन्थे लक्ष्मण सधैं अन्यायीका मतमा
अन्यायीकै पक्ष लिई उनी लाग्थे साथमा । १९९

लक्ष्मण हुन अन्धाभक्त अज्ञानी औ ज्ञानी
त्यसले गर्न सक्ने छैन दूध अलग पानी । २००

यी कुराको मतलव छैन लड्न तिमी आऊ
सक्छौ भने लड्न आऊ होइन फर्किजाऊ । २०१

धाक धक्कू मात्र धेरै लड्ने आँट छैन
यस्ता लाछी व्यक्ति कतै देखिएको छैन । २०२

बालकका तीता शब्द सुन्न पऱ्यो बेकार
योध्दा वीरले गर्ने छैन कैल्ये पनि स्वीकार । २०३

बालक भनी माया गर्दा झन् पो मलाई हेप्छ
मेरो शक्ति थाहै छैन आफै कुर्ली राख्छ । २०४

मेरो नाम लक्ष्मण हो तिम्ले चिन्हे छैनौ
मेरा वाँण लाग्दा खेरी भाग्न सक्नेछैनौ । २०५

लक्ष्मण भनी बल्ल चिन्हे अन्यायका राजा
एक्ली नारी आउँदा खेरी काटी दियौ नाक । २०६

तिम्रो करतूत सुन्दाखेरी धिक्कार दिऊँ लाग्छ
अझै त्यस्मा धोका सुन्दा कन्सिरीनै तात्छ । २०७

फूर्ति गरी आको तिमी भूपतिको छोरो
शक्तिशाली होइन रैछौ रिसको तिमी पोको । २०८

मेरो शक्ति देखाउदछू तिम्ले हेरिराख
यदि तिमी योध्दा भए छाती थापिराख । २०९

कुपित भै बालकले वाँण छाडिदिए
बालकका तीखा वाँण सारा जगमगाए । २१०

लक्ष्मणले वाँण छोड्थे लवकुशले काट्थे
बालकको शक्ति देख्दा लक्ष्मण अवाक् हुन्थे । २११

लक्ष्मणलालका वाँण जति बालकले छल्थे
ईश्वरीय शक्ति लक्ष्मण टोलाईराख्थे । २१२

कस्ता कस्ता वाँण हान्थे आपस आपसमा
एकथरीको वाँण आउदा काटिइन्थ्यो वीचमा । २१३

लक्ष्मणले अगिनवाँण मन्त्री छोडिदिन्थे
बालकले नीर वर्षा झट्ट गराइदिन्थे । २१४

लक्ष्मणले वाँण छोडी पानी घिऊ गर्थे
कुशवीरले वाँण छोडी त्यस्लाई माटो पार्थे । २१५

यस्तै गरी बढ्दै गयो वैज्ञानिक संग्राम
एकातिर वादल छायो अर्कोपट्टि घाम । २१६

वाँणै वाँणको अश्रुग्यासले रोग लाग्न लाग्यो
धेरैजसो फौजलाई ज्वरो आउन लाग्यो । २१७

वाँणैँ वाँणले गर्दा खेरी धेरै नष्ट भयो
विषालु ग्यास प्रयोगले फौजले दुःख पायो । २१८

मायाबाट सिर्जिएका सेना लड्दै मर्थे
प्रतिमाले धोका दिन्थे झट्ट बिलाउथे । २१९

रणभूमिमा सिर्जिएको विज्ञान युध्द थियो
बालकलाई नलागेर अन्तै अलप हुन्थ्यो । २२०

वैज्ञानिक वाँण प्रयोग हुँदा बालक छलिइन्थे
बालक साथ लड्दा खेरी रामदल छक्क पर्थे । २२१

बालकका तीखा वाँणले कोही मर्दैनथे
जति वाँण छोडे पनि रामदल काट्दथे । २२२

लक्ष्मणले सोचिएर राघवलाई सम्झे
जतिसुकै वाँण हानून् बालकले काट्थे । २२३

वाल्मीकिको कृपादृष्टि बालकमा पर्थ्यो
बालक उपर शक्ति प्रदान वनदेवीको थियो । २२४

वाल्मीकिको ध्यान गरी कुशले वाँण छोडे
माया सारा व्याप्त हुँदा अदभूत मचिहाले । २२५

लक्ष्मणलाई सेनादलले कुश भन्ने ठाने
हाम्रो दुश्मन यहाँ भन्दै दलले खेद्न लागे । २२६

आफ्नो दलले आफै माथि आई लागेको देखे
त्यसवेलामा राघवलाई झट्ट सम्झी हाले । २२७

लक्ष्मणले मागिरहे राघवको आधार
वाल्मीकिले फर्काइदिए आफनो माया वाँण । २२८

माया सारा अल्पिदामा रामदलमा ज्ञान
सौमित्रलाई विन्ति गरे पर्दा खेरी भूल । २२९

लक्ष्मण वीर घायल थिए राघवलाई संझे
राम नाम ध्यान गर्दै एउटा वाँण छाडे । २३०

छाती वीचमा वाँण लाग्दा कुश भैमा लडे
धनुषवाँण ताकिएर लववीर लड्न आए । २३१

कान्छा कुमार क्रोधित भए धनुषलाई मन्त्रे
लक्ष्मणलाई लल्कारेर वाँण वर्षा गरे । २३२

वज्र समान वर्षिएका लक्ष्मणले देखे
कैयौं कोशिस गर्दा गर्दा सबै क्षार भए । २३३

एउटा वाँण जोडले आयो छल्न सकिएन
कैयौ प्रयास उनले गरे काट्न सकिएन । २३४

जोड तोडले वाँण आयो वीच छातीमा लाग्यो
रामनाम जप्दा जप्दै मूर्छा पारी हाल्यो । २३५

लक्ष्मणजी मूर्छा परे सेना हतारिए
कोशलपुरमा खवर दिन हत्तारिदै गए । २३६

सुन्दाखेरी राघवले दुःखपूर्ण हाल
खेद प्रकट गर्दा गर्दै हुकुम दिए तत्काल । २३७

यो राज्यलाई धिक्कारै छ अनि आफैलाई
विना कारण रगत बग्यो अन्दाज नभै हाई । २३८

कोशलको राजा भई बालकसँग हारे
राजा हुने योग्य छैन ज्यादै हरेश खाएँ । २३९

रावण पनि राजा थियो हामीसँग हाऱ्यो
वनवासी जीवनमै हामीबाटै मऱ्यो । २४०

शक्तिशाली इन्द्रजीत हो हामीबाटै मऱ्यो
शंकरको महान भक्त रावण वीर थियो । २४१

खर दूषण त्रिशीरादी एक्लै मैले मारें
आज साना बालकदेखि के कारणले हारें । २४२

सानैदेखि जीवनमा धोका मैले पाएँ
चारैतर्फ धोकै धोका नीच भै बाँचे । २४३

अब के के गर्नु पर्छ मन्मा आउँदैन
बालकसँग हार्नु पर्दा इज्जत हुनेछैन । २४४

मानै गयो नामै गयो गयो धर्म कर्म
कुन रीतिले बाचौं अब गुमाएर शर्म । २४५

बोल बोल सभासदको राय बताइदेऊ
के के मैले गर्नु पर्छ सबै भनी देऊ । २४६

राघवको मर्म सुनी भरत विन्ति गर्थे
आज्ञा पाऊँ बालकसँग लड्न जान्छु भन्थे । २४७

सेवा गर्ने इच्छा थियो मौका पाए गर्छू
त्यस्ता साना बालकलाई आजै बाँधी ल्याउँछू । २४८

यो वेलामा आदेश भए जीवन धन्य हुन्थ्यो
सारा मेरो शक्तिलाई काम्मा प्रयोग हुन्थ्यो । २४९

शत्रुघन लक्ष्मणलाई लड्न पठाउनु भो
वानर भालू आदिलाई काम लगाउनु भो । २५०

आज्ञा पाऊँ कोशलपति लड्न ऐल्यै जान्छू
स्वामितको आज्ञा भए कार्य सफल गर्छू । २५१

भरतलालको विन्ति सुनी जाऊ आज्ञा दिए
महावीर तर्फ फर्किकनै केही भन्न लागे । २५२

मेरा हितका लागि जस्ले राज्य त्यागिदियो
महल छोडी एकान्तमा ज्यानै अर्पण गऱ्यो । २५३

तिनै भरत मेरा लागि ज्यानै माया मान्छन्
मौका हेर्दै आइपरेमा प्राणै होमिदिन्छन । २५४

तिन्को रक्षा गर्ने काम तिम्रो जिम्मा दिन्छू
अंगरक्षक बनीकनै साथ जाऊ भन्छू । २५५

जाम्ववन्त ऋक्षपति सामुन्नेमा थिए
उनलाई पनि राघवले केही भन्न लागे । २५६

तिम्रै बल वुध्दिले नै लंका जितिएको
रावण मेघनाद आदि मार्न सकिएको । २५७

आज पनि भरतसाथ लड्न जानु पऱ्यो
अश्वमेध यज्ञलाई सफल पार्नु पऱ्यो । २५८

त्यै बेलामा भरत आए जान तयार भए
राघवका पाउ परी विन्ति गर्न लाए । २५९

भूपतिले धन्दा मान्नु पर्ने कुरै छैन
बालकसँग हारीकनै फर्किने म छैन । २६०

शत्रुघन र लक्ष्मणलाई पैले पठाउनु भो
भरतउपर कृपा गरी ऐले पठाउनु भो । २६१

बालकसँग हार्ने छैन विश्वास दिलाउदै छू
राघवका पाऊ विशे सेवा चढाउनेछू । २६२

चौध सालको तपले गर्दा शक्ति बढेकोछ
त्यस्ता बालक जित्न सक्छु मन्ले ठानेको छ । २६३

मन्का कुरा विन्ति गरे जान भए तयार
विदा भई राघवसंग रथमा भए सवार । २६४

कैकेयीका पुत्र भरत राम जस्तै थिए
हेर्न आउने प्रजावर्ग ज्यादै छक्क थिए । २६५

रथमा वसी भरतलाल युध्दस्थलमा पुगे
राघवका मनमा भने केही विचार आए । २६६

भरतलालका प्रस्थान पछि राघवले सोचे
जंगलवासी बालकलाई आफैं भेट्न लागे । २६७

भरतलालले रणस्थलमा देखे विभत्सता
कसैको त पाउनै छैन कसैको त आँखा । २६८

कसैका त ढाड छैन कसैको त हात
रगतले मुछिएको लासै लासको खात । २६९

साना साना बालक भन्थे ज्यादै हठी रैछन्
त्यत्रो सेना नाश गर्ने साहसिला रैछन् । २७०

भरतलालले त्यस्तो हालत आफूले नै देखे
शक्तिशाली बालक होलान् भन्ने मनले सोचे । २७१

त्यत्तिकैमा धनुर्धारी दुबै बालक देखे
मुसुमुसु मुस्कुराई उभिएका थिए । २७२

आफ्नो दलको दुर्गतिमा भरत क्रोधित थिए
बालकलाई देख्दाखेरी रिपु भाव हटे । २७३

बालकको सुन्दर सुरत देख्दा छक्क भए
यस्ता सुन्दर बालकबाट सेना नष्ट भए । २७४

श्यावास श्यावास वीर योध्दा धन्यवाद दिन्छु
तिम्रो शक्ति देख्दा खेरी आफैं चकित हुन्छु । २७५

राघवले वनमा बस्दा ईश्वर शक्ति पाए
पृथिवीको भार हर्ने जिम्मा आफै लिए । २७६

तेस्तै तिमी दुवैजना कुनै वीरका वंश
शायद ज्ञानका दृष्टिबाट ईश्वरीय अंश । २७७

हृदयले भन्छ मलाई एउटा नयाँ शंका
ईश्वरीय अंश लिई जन्मिएको पक्का । २७८

भरतलालका शब्द सुनी बालक मुस्कुराए
संग्राममा आए भन्ने तिनले थाहा पाए । २७९

भरतसँग सोध्न लागे के कामले आयौ
के कुरामा शंका हुँदा तिम्ले सोध्न लाग्यौं । २८०

भक्तिभाव मन्मा हुन्छ रणस्थलमा होइन
पूजा हुन्छ शक्तिको नै दिलमा केही हुन्न । २८१

ईश्वरीय शक्ति भन्नु भूल भन्ने ठान्छौं
संसारको गतिविधि अनभिज्ञ मान्छौं । २८२

हामी दुबै बालक छौं संसार थाहा छैन
वनमा बस्ने बालकको शक्ति हुनेछैन । २८३

यो शक्ति नै हाम्रो होइन वनदेवीको शक्ति
त्यसमा पनि मुख्य शक्ति गुरुदेवको शक्ति । २८४

पाखुरीमा शक्ति भए धनुवाँण लेऊ
लड्नलाई कम्मर कसी सामुन्नेमा आऊ । २८५

बालकका चुनौतिले भरत क्रोधित भए
आफ्नो क्रोध वसमा राखी केही सोच्न लागे । २८६

भरतले संझे तुरुन्तै बालकले साह्रै हेपेछ
रघुका कुलमा कोइ पनि वीर नै छैनन् ठानेछ
ऐले नै प्रलय मचाउँछु वीरको शक्ति देखाउँछु
लाचारी भई लत्रिन्न वीरत्व देखाई छोड्दछु । २८७

यी बालकवाट हार्दिन कुलको इज्जत फाल्दिन
काल नै आओस् सामूमा अधीर भई लत्रिन्न
यतिनै भनी भरतले धनुष आफ्नो टंकारे
राघवलाई सम्झेर तुरुन्त वाँण चलाए । २८८

बालक दुवै जाइलागे भीडन्त भयो संग्राम
बालक कस्ती थिएन चर्कदै गयो संग्राम
वाँणको वर्षा गराई आकाश समेत ढाकियो
बालक थिए लडाका अदभूत दृश्य देखियो । २८९

एक एक गरी लाखौं लाख वाँणको वर्षा भएथ्यो
प्रकृति छक्क परेकी प्रलय होला जस्तो भो
आश्चर्यजनक कुरा छ लवका वाँण चल्दथे
भरतको मुटु छेडेर बनाई घाउ निस्कन्थे । २९०

प्रशस्त वाँणले गोपेर शरीर घावै घाउले
भलभली रगत बग्दथ्यो गोपेर तीखा वाँणले
तत्क्षण घाउ पुरिन्थे रगत बग्न रोकिन्थ्यो
दुई पक्ष रणमा लड्दामा अद्भूत दृश्य देखिन्थ्यो ।२९१

भरतको प्राण गएन तक्लीफ कुनै भएन
आश्चर्य लाग्दो संग्राम विश्वास कैल्यै घटेन
कसैको हार जीत भएन संग्राम पनि रोकेन
अनौठो घट्ना घटित भो कसैले बुझ्न सकेन । २९२

जे गर्दा पनि भरतको रणमा प्राण गएन
वैरीको सेखी नझर्दा बालकमा चैन भएन
भारण वाँण टंकारी भरतको छाती ताकेर
लव र कुशले फ्याकेंथे रिसले आगो भएर । २९३

हनुमानजीले देखेथे भारण वाँण आएको
बलेर आगो दन्दन्ती भरतको छाती ताकेको
बाटोमै पक्री भारण वाणलाई पवनसुतले फ्याकेथे
अत्यन्त जोखिम वाँण थियो वीरले नष्ट गरेथे । २९४

लगातार यस्तै कैयौ वाँण लवले वर्षा गर्दथे
जतिनै वाँण वर्षिन्थे भक्तले पक्री फ्याकदथे
कुशलाई शंका लागेछ वीचमा कुनै बाधक छ
लवले हान्ने वाँणलाई वीचैमा पक्री फाल्दछ । २९५

नियाली हेर्दा कुमारले पवनपुत्र देखेछन्
भारण वाँण पक्रिने हनुमान भनी चिन्हेछन्
त्यसैले उनलाई रिस उठ्यो अगाडि सर्दै भन्दछन्
लुकेर वाधा पुऱ्याउने वानर तँ होस भन्दछन् । २९६

श्यावास श्यावास हे वानर कौशल कला देखाइस्
वीरको परीक्षा गरेर चतुरोपना देखाइस्
शरीरमा तागत भएमा सामुमा मेरो आएर
धनुषवाँणको तालिम बालकद्वारा लिएर । २९७

यत्ति नै भनी बालकले धनुमा तीर चढाए
सोचेर केही मनैमा ताकेको वाँण हटाए
वानर तँ छस् निशस्त्री वाँण हान्न मैले हुँदैन
निशस्त्रीलाई हराई विजयी बन्न हुँदैन । २९८

धनुषवाँण लिएर वानरसाथ संग्राम
वीरको काम यो होइन लडेमा हुन्छ वदनाम
लड्नलाई आइजा लौ वानर निशस्त्री दुवै लडौंला
के कस्तो शक्ति हाम्रो छ सबैलाई हामी देखाउला ।२९९

कुशको चुनौति वीरले नगरी कुनै इन्कार
आएर दुवै भिडेथे कुश र पवनकुमार
दुवैका वीच संग्राम ती दुवै थिए वलवान
दाउपेच गरी लड्दथे शक्तिका दुवै मुहान। ३००

पवनसुतले लंकामा रावणसँग लडेथे
सर्वत्र आगो लगाए लंका नै ध्वस्त गरेथे
ती वीरलाई हराएर तपसी बालक एउटैले
ती हनुमान हार्दामा आश्चर्य मान्छ मनैले । ३०१

लवले देखे वानरलाई कुशले हात्मा लिएको
वानरको लामो पुच्छरले संपूर्ण शरीर बाधेको
हाँसेर सोधे भाइलाई खेलौना राम्रो पाएछौं
मृगलाई पाल्ने सट्टामा वानर पाल्न लाएछौं । ३०२

आराम गर्नु एक्कै क्षण शत्रुलाई जिती आउने छु
आश्रममा वानर लैजाऊ घोडालाई मैले ल्याउनेछु
हनुमान केवल बाँधिए उनलाई कष्ट भएन
कुन ठाऊ कहाँ जाने हो उनलाई पत्ता भएन ।३०३

पूजाको कोठा सामूमा अत्यन्त सुन्दर छाप्रोमा
कुशले वानर लगेर बाँधेथे त्यही खामोमा
अत्यन्त हर्षित भएर कुशवीर पुगे आश्रममा
आमा र गुरूवृन्दमा झुकाए शिर पाउमा । ३०४

आमा र गुरू कृपाले दुश्मनलाई भगायौं
कतिलाई मार्‍यौं समरमा कतिलाई मूर्छा गरायौं
आश्चर्य लाग्दो कुरा छ क्यै व्यक्ति त्यहाँ मरेनन्
संग्रामभूमि विचमा मूर्छित ती छन् उठेनन् । ३०५

एक मात्र वीर मरेन चेतना हीन सबै छन्
आश्चर्य लाग्छ गुरूदेव मरेका छैनन् सुत्याछन्
लवले त्यसै वेलामा आश्चर्य उधुम मचाए
लवले उत्तम उपहार आमालाई टक्र्याई पठाए । ३०६

वाल्मीकि ऋषि खुशी भै ल्याउन ल्याऊ त्यो ल्याऊ
के ल्यायौ त्यस्तो उपहार हामीलाई पनि देखाऊ
वानर लिन गएथे कुशले खुशी भएर
वनदेवी केही सोध्दथिन प्रेमले विभोर भएर । ३०७

गुरूजी के के कुरा हो मलाई वताई दिनुहोस्
कोसँग लडाइ भएथ्यो संक्षेप मलाई दिनुहोस्
गुरूजी सधै सुन्दैछु लडाई कतै हुँदैछ
त्यो पनि मैले सुन्दैछु बालकको जीत भएछ । ३०८

बताउनु हवस गुरूज्यू कठोरता कसले देखायो
कुन राजा लड्यो बालकसाथ त्यसको मनले के ठान्यो
यी कुरा मैले सोध्दामा गुरूले आलटाल गर्नुभो
परीक्षा मैले लिंदैछु यतिनै कुरा भन्नुभो ।३०९

यो भेद सबै प्रस्टाई बताई दिनोस् मलाई
के कारण हुँदा कस्को साथ भएको थियो लडाइँ
यो कुरा बुझ्न मलाई अत्यन्त उत्सुक लागदछ
बालकसाथ लडाइँ भो त्यो कुरा बुझ्ने इच्छा छ ।३१०

हाँसेर भन्थे वाल्मीकि सुल्भिँदै आयो सबै जाल
अब त खुला हुनेछ लुकेका थिए धेरै बात
यतिकै कुरा गर्दामा आइपुगे पुत्र वलवान
पछाडि लागि आएका अंजनीपुत्र हनुमान। ३११

वनदेवीलाई देख्नसाथ भक्तले उनलाई चिन्हेथे
वर्वर आँशु बगाई मुटुमा गाँठो पारेथे
प्रेमले विव्हल भएर पाउमा झट्ट पस्रेथे
चरण पक्री माताको छोडेर डाँको रोएथे। ३१२

आश्चर्य चकित कुश भए आश्रमवासी चकित थे
समझमा केही आएन के कारण कपि रोएथे
मुनिले स्वयं बताए आश्चर्य कुरा क्यै छैन
सीताजी राघव पत्नी हुन् शंकाको कुरै क्यै छैन।३१३

वनदेवी सीता सती हुन् लव र कुशकी आमा हुन्
मिथिलेश्वरकी पुत्री हुन् राघवजीकी पत्नी हुन्
सीताको नाम छिपाई आश्रममा यहाँ बसेकी
सुरसरी गंगा ती थिइन् आश्रम पावन गरेकी। ३१४

ऋषिका कुरा सुनेर कुशजी हर्षित भएर
सोध्दथे गुरूजीलाई अत्यन्त गंभीर भएर
के हाम्रा पिता राघव हुन वनदेवी सीता माता हुन
मफतमा हाम्रा पिताले निर्दोषी माता त्यागेछन्।३१५

भन्दथे मुनि खुशी भई तिमी हौ छोरा राघवका
तिमी नै दुवै छोरा हौ मिथिलेश्वरी सीताका
यो मेरो महान काव्यमा चरित्र यिनकै लेखियो
चरित पनि पूरा भो रामायण लेखिसकियो। ३१६

तिमीले गाउछौ वीणामा चरित यिनको पावन छ
राम र सीता दुवैलाई ईश्वर संझी पुजिन्छ
यिनैका लागि जंगलमा संग्रामभूमि रचाएँ
यो मेरो योगको शक्तिले सबैलाई यहाँ बोलाएँ।३१७

भएको बाँकी सुन्नेछौ लौ हिड जाऔं रणस्थल
सीता बाँकी चरित हुनेछ त्यहाँ समाप्त
धनुषवाँण छोडिदेऊ वीणाको वाँण चलाऊन्
एउटै वाँणले कोशलमा विजय नाम चलाउन्। ३१८

भनेर यति वजरंग कुशलाई साथमा लिएर
रणस्थलतिर ती लागे वाल्मीकि खुशी भएर
लवले पनि समरमा भरतलाई मूर्छा गराए
जाम्ववान अघि सरेर रणमा हाहाकार मचाए। ३१९

लवको एकै वाँणले सबैलाई क्षणमा उडाए
वाँणका साथमा सबैलाई कोशलपुरमा पुऱ्याए
मूर्छित सेना सबैलाई अयोध्या सभा पुऱ्यायो
वायुको वेगले ओसारी सभाका साम् खसाल्यो।३२०

जब त होश खुलेथ्यो नजिक देखे सीतानाथ
अत्यन्त लज्जित भएर बताउन लागे सारा हाल
विवस भए श्री राम रणमा जानै तयार
को होलान् कस्ता ती बालक शक्तिका महान भण्डार ३२१

यतिकै वेला ठिकठाक प्रशस्त सेना तयार
विभीषण पनि तयार छन् लड्नलाई गदा लिएर
रणस्थल पुगी भन्दछन् कालले भेट्न आएछ
राघवसाथमा लड्नलाई कुन शक्ति साम् आएछ।३२२

हितका लागि भन्दछू रामका शरण परिदेऊ
मनका कुरा बिसाई अत्यन्त नम्र बनिदेऊ
बालकको भलो हुनेछ राघव हर्षित हुनेछन
तपसी बालक दुवैको लोकले तारिफ गर्नेछन्।३२३

लवले भने तुरून्तै सल्लाह राम्रो दिँदैछौ
दाज्यूलाई मार्ने शत्रुको तारिफ अझै गर्दैछौ
वंशको उन्मूलन गराई ठाडो शिर गरी हिड्दैछौ
वंचरो आफै समाई घुँडामा ताकी हान्दैछौ। ३२४

छुल्याहा तिमी निर्वुध्दि दाज्यूलाई मर्न लगायौ
राक्षस वंश उजाडी सिन्धुमा रगत बगायौ
स्वतन्त्र लंका राज्यलाई परतन्त्र गर्न लगायौ
शत्रुका हितमा लागेर आखिरी वेला के पायौ ? ३२५

रावण तिम्रो दाज्यू हो लंकाको महान ज्योति हो
दाज्यूको विरोध गर्नु नै अत्यन्त ठूलो गल्ती हो
हे धर्मधूरिण विभीषण विचार राय कस्तो छ
गरेका जति तिम्रा काम ती पनि देख्दा उल्टो छ। ३२६

वचन वाँणले घायल भै विभीषण क्षुभित भएर
दगुर्दै गए गदा ली जयजय राघव भनेर
दगुर्दा वीचै बाटोमा लवले छाडे एउटा वाँण
मूर्छित भए विभिषण संझना भयो भगवान। ३२७

विभीषण मूर्छित देखेर अगाडि बढे रघुनाथ
लवले केही भनेथे झुकाई केही आफ्नो माथ
हे राजा अश्वमेधेस्वर मलाई क्षमा गर्नुहोस
मनका शंका जति छन् समाधान पनि गर्नुहोस। ३२८

मर्यादा पुरूष तिमी हौ धोकामा वालि मार्नु भो
रावणकी वैनी आएकी नाककान काट्ने आज्ञा भो
वीभिषणबाट भेद लिंदै व्राह्मण रावण मार्नु भो
सुग्रीव विभीषणबाट दुष्कर्म गर्ने आज्ञा भो। ३२९

धर्मात्मा न्यायिक भएर अधर्मी कार्य कैयौ छन्
सतीलाई अग्नि परीक्षा विदेशमा गई लिइन्छन्
तपाईका यस्ता कार्यले मनैले घृणा गर्दछु
न्यायको दीयो बाल्नलाई अधर्मीसँग लडदछु। ३३०

लवका शब्द सुन्दामा अलमल्मा परे रघुनाथ
के भनौं वावु तिमीलाई तैपनि भन्छु क्यै आज
यो सबै थाहा पाउने भविष्य आफै बोल्नेछ
गुण दोष युक्त हुनु नै मानव त्यस्लाई भनिन्छ। ३३१

मानिस भई जन्मेर मान्छेकै स्वभाव देखाएँ
वास्तविक कुरा यही हो लोकमा यस्तै देखाएँ
लवले भने क्या बाठो बठयाइ कुरा गर्दछौ
सोधेका कुरा भन्दैनौ गडवडी कुरा गर्दछौ। ३३२

नचाहिदा कुरा गर्छौं ता हातमा धनु लिएर
घोडालाई फुकाई लैजानु रणमा मलाई जितेर
बालकको धम्की सुनेर रामले धनु उठाए
त्यसवेला कोही आएर दुवैलाई केही सुनाए। ३३३

नउठाऊ वाँण योध्दा हो क्षणभर चुप लागिदेऊ
आ-आफ्ना ठाऊ बसेर धनुषवाँण राखी देऊ
लवलाई पनि भनेथे लडाई गर्न हुँदैन
कुशले गाना गाउनेछन् यो बेला लड्न हुँदैन। ३३४

ऋषिले पानी मन्त्रेर छर्केथे रामादलैमा
तत्काल सेना विंझिए आएर बसे छेउमा
मुनिले कुशलाई अह्राए अब त वीणा बजाऊ
सीता र रामको चरित्र गाएर सबलाई सुनाऊ। ३३५

गुरूको आज्ञा पाएर लवले तार मिलाए
संग्राम स्थलमा घटेको रहस्य सबै खुलाए
अत्यन्त मीठो धुनमा जानकी चरित गाएथे
यसरी रहस्य खुल्दामा श्रोताहरू चकित थे। ३३६

लवकुश गाउंछन्

रामायणको कथाबाट यही सार आयो
सीताजीको चरित्र नै ज्यादै महान थियो
त्यति वेला राघवको वनवास थियो
जानकी र लक्ष्मणलाई साथै लानु भयो । ३३७

रावणले सीताजीलाई हरण गरी लग्यो
अशोकको वृक्षमुनि एकलै राखिदियो
राक्षसको घेरा भित्र सधैं रूदै बस्थिन्
कैले आउँछन् राम भनी सदा संझी राख्थिन् । ३३८

राघवले रावणलाई लंका गई मारे
राक्षसको जाति सबै खतम पारिछाडे
रावणको सिंहासन विभीषणले पाए
सीता लक्ष्मण साथ लिई कोशलमा गए । ३३९

साच्चै भनौं कोशलमा राम औतार आए
कोशलको राजा भई राजमुकुट लाए
त्यसवेलामा राघवको सुन्दर राज्य थियो
राघवको शासनकालमा सुख शान्ति थियो । ३४०

त्यसै वेला प्रजाले नै शंका गर्न लागे
सीताजीको चरितमा केही दोष लाए
सीता माथि शंका गर्दा सीता त्यागिदिए
जानकीलाई त्यागिदिंदा प्रजा खुशी भए । ३४१

सती साध्वी नारी थिइन् हिम्मत शक्ति थियो
वनमा आश्रम बनाईकन त्यही बस्नु भयो
वाल्मीकिले जानकीलाई ठूलो मद्दत दिए
सीताजीको चरितमा रामायण लेखे । ३४२

राघवसँग विछोडिदा ज्यादै दुःखित हुन्थिन्
रामनाम नित्य जप्दै जीवन यापन गर्थिन्
दुःख खप्न नसक्दामा मर्न तयार थिइन्
वाल्मीकिले संझाउदा मर्ने विचार छोडिन् । ३४३

शरीरको ढाचा पनि केही वेग्लै थियो
वनदेवीको नामले नै त्यहाँ पुकारिथ्यो
जानकीले मन्का व्यथा मन्मै लुकाउँथिन्
अतीतका दुःख सुख केही भन्दिनथिन् । ३४४

जानी बुझी वाल्मीकिले नाम लुकाएका
वनदेवी हो नाम भनी सबलाई सुनाएका
रामायणमा सीताजीको उच्च स्थान थियो
त्यसैबाट सतचरित सिक्ने मौका मिल्यो । ३४५

उनै सीता वनदेवीका दुइटा पुत्र जन्मे
वाल्मीकिले तिनका नाम लव कुश राखिदिए
बालकको वाल्यजीवन ऋषि साथै बित्यो
ऋषिसँग सारा शास्त्र सिक्ने मौका मिल्यो । ३४६

वनदेवीले पुत्रलाई कैलेकाही भन्थिन्
तिम्रा पिता कुनै देशका राज्य चलाउने छन्
लोकप्रिय राजा भई राज्य चलाएका
विश्वभरका शक्तिशाली भन्ने चिन्हिएका । ३४७

एक पल्ट राघवले गर्दा अश्वमेध
त्यै वेलामा कोशल गए वनदेवीका पुत्र
वीणाद्वारा जानकीको चरित्र सब गाए
सीताजीको सतचरित पनि सुन्न सबै आए । ३४८

क्यै दिन अघि घोडा आयो मुनि आश्रममा
वनदेवीका पुत्र दुवै खेल्दै थिए त्यहाँ
एउटा संकेत पत्र पनि थियो मस्तकमा
लेखिएको प्रष्ट थियो ठूलो अक्षरमा । ३४९

वनदेवीका पुत्र दुईले घोडा बाँधिदिए
लड्ने जति योध्दा थिए सबलाई हराइदिए
जति वीर आए पनि जित्न सक्दैनथे
वनदेवीका पुत्र दुईले आच्छु आच्छु पार्थे । ३५०

बालकद्वारा राघवको शक्ति घटाइदिए
लवकुश दुवै सीतापुत्र वीर विख्यात थिए
विश्व प्रख्यात राघव थिए बालकद्वारा हारे
वनदेवीका पुत्र दुवै होनहार थिए । ३५१

जानकीको सतचरित शुध्द निर्मल थियो
अमृत जस्तै विश्वभरै फैलिएको थियो
त्यस्तीलाई त्यागिदिए कोशलपतिनाथले
सीताजीको चरितलाई तारिफ गर्छन् सबले । ३५२

कल्याणको कामना गर्नु, मानिसको सही धर्म हो
देखावटी भए धर्म, साराको नाश कार्य हो ।

सत्य हो सुखको बाटो, यसैलाई अँगाल्नु छ
कायाको क्लेश धोएर, आत्मैदेखिन् हटाउनु छ ।

नगरौं अभिमान कैल्यै, सांसारिक मोहमा डुवी
आफैलाई ज़िते देखिन्, पाइन्छ सुख माधुरी ।

सम्यक दर्शनले मात्र, हाम्रो वन्धन भुल्दछ
विना दर्शन विना ज्ञान, सारा जिन्दगी नास्दछ ।

मान्छेको जिन्दगी नाश्दा अत्यन्तै पाप लाग्दछ
त्यसैलाई सुधारेमा ज्ञानको ज्यौति जाग्दछ ।

सत्य टिक्दैन वन्धनमा, सत्य हुन्छ सनातन
विना दर्शन विना ज्ञान, कल्पिइन्छ अनेकन ।

सत्यमा धर्मको वास, मिथ्यामा पाप बस्दछ
मिथ्याचारीहरू बढ्दा, धर्मको वास उठ्दछ ।

# सीता धर्तीमा प्रवेश

जसरी कुशले गरेका थिए वीणामा गुणगान
मधुर हावा वहेर आयो रसिलो सुधापान
माग्नलाई क्षमा अगाडि बढे लवकुश दुबै वीर
प्रेमले गर्दा छातीमा टाँसे दुबैलाई रघुवीर । १

पुत्र र पिता मिलन देख्दा देवता प्रशन्न
आकाशबाट सुन्दर फूलको भएथ्यो वर्षण
देवताहरू अत्यन्त खुशी भएर रमाए
आनन्दमय मिलन हुँदा मंगल मनाए । २

लवले मूर्छा पारेका थिए शत्रुघन सेनालाई
वाल्मीकिजीले मन्त्रेर जल छर्कथे मूर्छितलाई
मूर्छित सेना होशमा आए श्रम दुःखरहित भै
युगल मूर्ति अगाडि देखे श्रीरामचन्द्र भ्कैं । ३

आसिक तिनलाई दिनाका लागि हृदय तयार छ
अभिवादन तिनलाई गर्नका लागि रोम रोम हर्षित छ
लक्ष्मणजीले बालक दुईलाई गालामा चुमेथे
प्रेमका वसमा परेर तिनले छातीमा टासेंथे । ४

लक्ष्मण भन्छन यो हार हुँदा अमृत वर्षा भो
हर्षित भयो तन र मन आत्मालाई शान्ति भो
जित्नु र हार्नु क्यै कुरा होइन मनोक्षा पूर्ण भो
सीता र रामको मिलन पति अवश्य हुने भो । ५

लक्ष्मण भन्छन राघवजीलाई यो बिन्ति सुन्नुहोस्
सबैको सामू जानकीलाई ग्रहण गर्नुहोस्
नगर्दा ग्रहण यो मुटु मेरो अवश्य दुख्नेछ
यो छाती भित्र सल्केर आगो दनदनी बल्नेछ । ६

राघवले भने लक्ष्मणलाई सधैं नै सँगै छौं
वास्तवमा हामी सँगमा बस्छौं अलगग हुँदैनौं
प्रजाकै आवाज पालन गर्छू विरोध गर्दिन
प्रजाकै इच्छा वन्चित गरी क्यै काम गर्दिन । ७

अयोग्य सीता सम्भ्केर तिनले वनवास गराए
विभिन्न आरोप लगाईकनै बिछोड गराए
निर्दोषी यदि छन् भने प्रजाल्यै भित्र्याउनेछन्
नचाहिदो आरोप लगायौं भनी पश्चाताप गर्नेछन् ।८

विवेक छैन जनतालाई मनपरी बोल्दछन्
मैलाई फ्याँकी यो राज्य पनि चलाउन सक्दछन्
लोककै हुन्छ महत्व ठूलो एक्लाको हुँदैन
त्यसैले ऐले जानकीलाई भित्र्याउन सकिन्न । ९

भन्दछन ऋषि धन्य छौ राम धन्य छ विचार
दुनियालाई गराई दियौ आफूमा पत्यार
मै पनि ऐले सक्दिन भन्न गर्नुहोस यस्तो काम
लोकले विरोध गरेछ भने हुनेछ वदनाम । १०

लोकको इच्छा विपरीत चल्दा सफल क्यै हुँदैन
जानकीजीको चरित्रलाई दोष दिनै हुँदैन
यी मूर्ख प्रजाहरूको पनि अज्ञान मेटिन्छ
धमिलो दर्पण शंकालु मन पछि त चंकिन्छ । ११

यी कुरा सुन्दा वजरंगी वीर रिसले गर्जिन्छन्
यो अपवाद कसरी सहूँ भनेर कडकिन्छन्
हनूमानजीको गर्जना सुन्दा जलथलै हल्लियो
जगदम्वालाई यो दोष दिनु आपत्तिजनक हो । १२

यी मूर्खसँग म लड्न सक्छू त्यो दोष मेटाउछु
यो मेरो शक्ति पोखेर पनि महलमा पठाउँछु
माताको सतको म साक्षी बस्छु देखेको भन्दछु
होहल्ला गर्ने यी प्रजालाई म सत्य बताउँछु । १३

सुनेको भरमा म भन्ने छैन आँखाले देखेको
म आफै गई राक्षसका बीचमा जानकी भेटेको
संझाउँदा पनि जनता यिनै नसंझिदिएमा
क्रोधको आगो बल्ने छ दन्की होमिन्छन् आगोमा । १४

म एउटा वानर देख्नमा सानो प्रलय मचाउँछू
अविश्वास पात्र यी मूर्ख सबको नाम निसान मेटाउँछू
यो ज्यान दिई लड्नेछू आफै भूकम्प जानेछ
यी दुष्ट सबको चतुरोपना बेकाम हुनेछ । १५

यो पापमयी श्रृष्टिको पनि सर्वनाश हुनेछ
त्यसपछि मात्र पवित्र आत्मा श्रृजना हुनेछ
त्यसबेला जीवन सफल होला यी नेत्र रम्नेछन्
राघवजीका बामाङ्गपट्टि जानकी बस्नेछन् । १६

वजरंगीजीका गर्जना सुन्दा काम्दछ संसार
जानकी विरोध गर्नेको मन्मा मच्चियो हाहाकार
प्रतिज्ञा कडा सुनेर सबको हृदय हल्लियो
साराका सारा दुष्टको मुटु डरले थर्कियो । १७

यतिकै बेला राघववीर मूर्तिझैं खडा भै
आनन्दसाथ मुस्कुराई रहे उज्ज्वल मुद्रामै
श्री रघुनाथको मनोहर मूर्ति मुस्काई रहेको
हनुमानजीका सुनेर प्रण क्यै कुरा सोचेको । १८

त्यसबेला उनले जानकीलाई मनले संझेर
अब ता सीता ल्याउनु पर्‍यो अठोट गरेर
लक्ष्मणलाई आदेश भयो सीताजी ल्याउनू
बगीमा राखी राजसी ठाँटले तिमीले ल्याउनू । १९

जानेछौं हामी अयोध्या तर्फ लवकुश लिएर
मुनिका साथमा लागेर जान्छौं आनन्दित भएर
राजाको यस्तो आदेश सुन्दा तुरून्त लक्ष्मण
कुटीका तर्फ प्रस्थान गरे रथमा तत्काल । २०

लव र कुश बाल्मीकि समेत राघवका साथमा
अघि र पछि लगाई सेना राघव हिड्दामा
यो दृश्य देख्दा कुमारका साथी शोकले व्याकुल
वनका जन्तु सकेनन् अड्न पीडाले छटपट । २१

वनका पशु कुमारका मित्र एकत्र भएर
छेकेर बाटो नजिकै आई विव्हल भएर
सिंह र बाघ केहरि कूरूङ अत्यन्त दुःखी भै
श्याल र मृग खरायो घोरल बोलाउछन् चिच्याउदै ।२२

चारखुट्टे मात्र रोएका होइनन् वन पन्छी रूदैछन्
डाँफे र मुनाल कालीच कौवा विलाप गर्दैछन
तिमीलाई छाड्न सक्दैनौं हामी साथमा लैजाऊ
यो ज्यानलाई लैजान्नौ भने यो प्राण लैजाऊ । २३

अवाञ्छनीय अवर्णनीय त्यो दृश्य देखियो
साथीका प्रेममा बौलाह वन्दै होसै उडायो
व्याकुल हुँदै सोध्दथे कठै कहाँ जान्छौ छाडेर
हामीले छाड्न सक्दैनौ तिम्लाई नजाऊ भागेर ।२४

हे कोशलपति बताऊ आफै यो कस्तो अन्याय
दया र धर्म छाडेछौ तिम्ले गर्दैछौ अन्याय
राजाको धर्म यो रैछ क्यारे अर्कालाई बिगार्ने
तिम्रो त घरै बिग्रेको थियो हामीलाई भाँडदिने ।२५

ती हाम्रा साथी लव र कुशलाई नलग भन्दछौं
हे राजा तिमी दयालु होऊ अनुरोध गर्दछौं
बिचल्ली हाम्रो नपारी देऊ कुमारलाई छाडी देऊ
तड्पेको हाम्रो यी मुटुलाई शीतल गराऊ । २६

वनदेवी पुत्र के कारण हुँदा हामीलाई छाड्दछौ ?
तड्पेको मनलाई तड्पाई अझै कोशलमा जादैछौ
हामीलाई यस्तो अच्कल्टो पारी कसरी छोड्दछौ
क्यै दिन पछि मरेछन भन्ने संचार सुन्नेछौ । २७

करूण क्रन्दन विलौना सुने कुमार दुबैले
रथबाट ओर्ले कारण खोले स्वतन्त्र मनैले
फर्कन्छौं भनी आश्वासन दिए साथीलाई संझाए
सबैका चित्त बुझाइदिंदै प्रशन्न गराए । २८

चाडैनै तिनी कोशलपुरमा प्रवेश गरेथे
एक जना गई कोशलपुरमा खवर सुनाए
दुईजना बालक आएर यहाँ गीत गर्दछन्
बजाई वीणा जानकीजीको चरित्र सुनाउँछन् । २९

जुम्ल्याहा दुबै सीताका पुत्र विद्यामा निपूण
राघव जस्तै गुणका खानी रणमा निपूण
ऋषिका साथमा आउदैछन् यहीं ऐले नै देख्नेछौ
पिता र पुत्र समान रूप आश्चर्य मान्नेछौ । ३०

फैलियो संचार घरघर पिच्छे कोशलपुरीमा
कोशलवासी उत्सुक भए कुमार देख्नमा
कोशलका घरमा यै कुरा चल्यो कुमार कस्ता छन
सीताका पुत्र देख्नका लागि चंचल छ सबको मन ।३१

कोशलवासी आनन्दित हुँदै अत्यन्त रमाए
कुमारको निम्ति फूलका माला सुन्दर बनाए
सडक र किनार लहरै बसे युवराज भेटनलाई
धेर टाढासम्म उत्सुकले हेर्थे आँखानै नझिम्काई । ३२

कोशल राज्य श्रृंगारले गर्दा झलमल देखियो
सीताको शोकमा बिव्हल थियो ऐले त सुन्दर भो
सरयू पनि उर्लेर बगिन् कलकल गरेर
प्रकृति पनि प्रशन्न थिइन् सुसंचार सुनेर । ३३

सीताका त्यागले दुःखित थिए सज्जन निवासी
धेर वर्ष पछि आकांक्षा पुग्दा हर्षमा उचाली
स्वागतका लागि सडक र गल्ली कुनामा बसेर
युवराज दुईको स्वागत भयो श्रध्दाले भरेर । ३४

आरती गर्दै लस्कर आए द्वारमा उभिए
कौशल्या कैकेयी सुमित्रा रानी मुख्य त ती थिए
आरती गरे अबीर छरे प्यारले अँगाले
आसिक दिंदै चुम्बन गरे प्रेमाश्रु बगाए । ३५

साराको मनमा आनन्द छाई प्रशन्न गरायो
कुमार दुईलाई दर्शनका लागि गुरू छेउ लगियो
वशिष्ठजीले आसिक दिए कुमार दुबैलाई
रामले पनि छातीमा टासे प्रेमले सुम्सुम्याई । ३६

राघवजीले गुरूलाई सोधे विनम्र भएर
अश्वमेध यज्ञ भयो कि पूरा सोध्दछु झुकेर
यो कार्य साथै चाहन्छु हजुर यो भार पन्छाउन
दुई छोरालाई राज्यको भार काँधमा बोकाउन । ३७

आखिरमा गुरू म भइन योग्य यो राज्य चलाउन
गुरूजी अब गर्दछु विन्ति यो भार हटाउन
पूर्खानै देखि चलेको नियम पालन गर्नुछ
यी दुबैलाई बाँडेर राज्य हामीले दिनुछ । ३८

गुरूले पनि संकेत गरे यो कुरा मान्दछु
धर्मका नियम पालन गरी यो काम गर्नेछु
आज नै गर कार्यको शुरू आज नै हुनेछ
जानकी पनि लक्ष्मणका साथ आइपुग्नु हुनेछ । ३९

जेठाको हुन्छ राज्यको हक अरूको हुँदैन
यो नियम लागू हामीले गर्दा कल्याण हुदैन
यो विचार गर्दा दशरथजीको जीउज्यान गएथ्यो
कैकेयी जस्ती रानीको पनि बदनाम भएथ्यो । ४०

आज्ञाले गर्दा वनमा गयौ संकट सहेर
त्यतिका वर्ष बितायौ तिम्ले जंगली भएर
त्यो कुरा आज संझना भयो विचार गर्दछु
हुदैन राम्रो झगडा गर्नु यो कुरा संझाउँछू । ४१

जतिछन् कुमार कोशल राजका सबैमा अधिकार
बाँडेर दिंदा अत्यन्त राम्रो सबैको अधिकार
सबैको हक उत्तिकै हुन्छ बरावर गर्नुछ
बाँडेर दिंदा यो कामबाट तटस्थ हुनु छ । ४२

अधिकार कुनै नभए पनि अधिकार खोज्दछन्
त्यसैले राज्य बाँडेर दिंदा प्रशन्न हुनेछन्
लवकुश जस्तै भतिजालाई अधिकार दिलाई
कोशल राज्य आठ खण्ड गरी दिनु छ टुक्र्याई । ४३

वशिष्ठजीका हितका कुरा रामको स्वीकार
गुरूजी छेऊ चढाए विन्ति यो राम्रो विचार
तुरून्तै उनले बोलाए सभा त्यो कुरा गर्नालाई
बरावर गरी बाँडिन्छ राज्य पर्दैन दिल दुखाई । ४४

प्रजाको इच्छा भएर मैले यो पद पाएथें
प्रजाकै इच्छा अनुसार मैले यो राज्य चलाएँ
अब ता छोरा भैसके ठूला यो भार दिंदैछु
यिनैलाई राज्य सुम्पेर आफू स्वतन्त्र हुँदैछु । ४५

मञ्जुर गर्छौं सबैले भने कुशलाई पूर्वमा
यो कुरा उचित लाग्दछ भने लवलाई उत्तरमा
उत्तर पूर्व अवधको राज्य लव र कुशले
प्रजालाई खुशी राखेर सधै चलाउन दुबैले । ४६

भरत लालका दुई पुत्रलाई दक्षिण कोशलको
लक्ष्मणलालका दुई छोरालाई पश्चिम कोशलको
शत्रुघनलालका दुई छोरालाई मथुरा प्रदेशको
कल्याणकारी हुनेछन् सबै आ-आफनो राज्यको । ४७

आपसमा तिनको झगडा नहोस कामना गर्दछू
राज्यको बाँडफाँड के कस्तो भयो सबैलाई सोध्दैछु
नबुझे चित्त ऐले नै भन सहश्र स्वीकार्छु
क-कसको मनमा के कुरा लाग्यो त्यो पनि सुन्दछु ।४८

न्यायका पूर्ण वचन सुन्दा सभासद खुशीले
दर्वार सारा गुञ्जित भयो सुमधुर ध्वनीले
कोशलवासी मथुरावासी प्रशन्न भएथे
खुशीले गर्दा राघव उपर फूल अबीर छरेथे । ४९

यो कुरा सबै निर्णय भयो सल्लाह गरेर
राघव जस्ता प्रतापी राजा न्यायशील भएर
राजाको हुकुम पाएको हुँदा कोशल सजाए
रामको राज्य अवधपुरी सुसज्जित गराए । ५०

अनुपम नगर सुसज्जित होओस् सबैका अगाडि
भूमण्डल पनि संकोच मानोस् अवधका अगाडि
स्वर्गलाई पनि लज्जित पारोस् म इच्छा गर्दछु
मिलेर बस प्रजाका साथमा कामना गर्दछु । ५१

आठ छोरालाई आठ ठाऊ दिन विधान बनाई
राज्यका व्यक्ति घरका व्यक्ति मन्जूर गराई
बोलाई बैठक विधान बली सबैलाई सुनाए
सबैको चित्त बुझेको देख्दा राघव मुस्काए । ५२

लक्ष्मण पनि गएका थिए जानकी लिनलाई
अत्यन्त सुन्दर राजसी ठाँटको सीताजी बस्नलाई
राघवलाई ढोगी उत्साह लिई प्रस्थान गरेका
बेलुकीपख जानकी छेऊ लक्ष्मण पुगेका । ५३

आश्रम थियो निर्वाह गर्ने स्याउलाले छाएको
वनका झिंजो ल्याएर भित्तो त्यसैले बारेको
कुटीको बाहिर जमिनमा एक्लै सीताजी बसेकी
जोगिनी जस्तै गेरूवा वस्त्र शरीर ढाकेकी । ५४

शरीर थियो अत्यन्त दुब्लो मलीन चेहरा
अयोध्या राज्य त्यागेर आइन भाग्यले लात दिंदा
सीताजी जस्ती उत्तम नारी संसारमैं मुस्किल
संसार भरमा पाइने छैनन सीता झैं दुःखित । ५५

गेरू रंगका वस्त्र थिए रूप योगिनीको
छातीभित्र ज्योति बल्छ वाहय वियोगीको । ५६

बादलमा सूर्य किरण छोपिएको जस्तो
आकाशमा तारा बीचमा चन्द्र चंके जस्तो । ५७

ज्यादै दुब्लो उनको शरीर कान्ती सुकुमारी
जोगिया हुन या जोसुकै हुन कोशलकी रानी । ५८

आश्रमदेखि अर्कोतिर गंगा नदी बग्थिन
राघव संझी आँशु झर्दा सीता दुःखी हुन्थिन । ५९

सीता थिइन् एक सुरमा राममा मन थियो
राघवको संझनाले धेरै वर्ष बित्यो । ६०

लक्ष्मण बाबु सीताजीको सामुन्नेमा आए
दुःख व्यथा जानकीको उनले बुझी हाले । ६१

जानकीको हालत देख्दा व्याकुल भए लक्ष्मण
आफैलाई धिक्कारेर रून लागे तत्काल । ६२

अपर्झटमा लक्ष्मण देख्दा झल्यास्स भै तिनी
पाउ परे लक्ष्मणलाल घुक्क घुक्क रोई । ६३

सीताजीले सोध्न लागिन के काममा आयौ ?
राघवको नयाँ खबर या त लिई आयौं । ६४

या त सम्झे दासीलाई या त केही भयो
लक्ष्मणलाई देख्दा खेरी होशै कता गयो । ६५

पूर्वबाट आउने सूर्य पश्चिमबाट आए
कि त आज प्रजाले नै अर्कै दोष लाए । ६६

पुत्र दुबै वाल्मीकिका पछि पछि लागे
या त कुनै गल्ती गर्दा तिनले दुःख पाए । ६७

दुबै पुत्र बालकै छन सोमत तिनको छैन
वनवासी भै हुर्किएका अनुशासन छैन । ६८

जुन ठाऊमा बस्छु म ता रामकै हुन्छु दासी
भित्र भित्र रोइराख्छु रून्चे मुखले हासी । ६९

दुःखी बनौ सुखी बनौ राघवकी दासी
दुःख कस्ट भोग्दा पनि दर्शनको प्यासी । ७०

स्वामी राघव हुँदा खेरी त्याग्न मलाई सक्छन
उनकै सधै पूजा गर्छू भाग्न कहाँ पाउँछन् । ७१

स्वामी भाग्न खोजे पनि मैले भाग्न दिन्न
लुकाइराख्छु छाती बीचमा बाहिर जान दिन्न । ७२

लक्ष्मणले सुनी सके जानकीका पीडा
मुटुभरि पीडा राखी गर्छन कुरा सिधा । ७३

कसले कसलाई त्यागी दियो नाथको लीला यै हो
त्यागिएकी मात्र भए लिन आउने को हो ? । ७४

माया प्रीति नहुँदो ता अर्को बिहा हुन्थ्यो
जानकीको प्रतिमूर्ति सुनको किन वन्थ्यो । ७५

शंकरले सती त्यागी वामाङ्ग नै खाली
कुराकानी आदि गर्थे सामुन्नेमा राखी । ७६

आफूलाई त्यागिएको पत्तो नपाएर
जीवन भरै पिरोलिन्थिन मुटु मिचिएर । ७७

सीताजीको रूप लिई चित्रकुटमा गइन
नचाहिने काम गर्दा आफै टाढा भइन । ७८

कोशलनाथको गल्ती होइन प्रजा लोकको गल्ती
आफनो भूल स्वीकारेर बस्छन् तड्पि तड्पि । ७९

तीनै प्रजा रोई राख्छन दुःख मानी रै छन्
पश्चातापको आँशु बगाई आत्मा शुद्धि गर्छन् । ८०

त्यसकारण राघवले तिनलाई चिन्ही हाले
महामूर्ख प्रजा रैछन भन्ने थाहा पाए । ८१

कैले काही डाक्नु पर्दा कोशलमै डाक्छन्
मौका पारी के के गर्छन भन्ने शंका मान्छन् । ८२

जैलेदेखि जानकीको वनको बास भयो
त्यस दिनदेखि कोशलनाथ वैरागिनु भयो । ८३

प्रासादमा नबसेर बाहिर बस्नु हुन्छ
कुशैकुश विछ्याएर रात काट्नु हुन्छ । ८४

सौमित्रका शब्द सुनी जानकीले सोच्छिन्
राघवलाई संझीकनै ज्यादै दुःखी हुन्छिन । ८५

प्रजालाई दोषी भन्नु अनुचित लाग्छ
भाग्यमा नै लेखिएको भोग्न करै लाग्छ । ८६

लीलानाथको लीला यै छ देखाउनै पर्छ
दुनियाँले हेर्दा खेरी असल खराव जे छ । ८७

घमण्डले पूर्ण थिएँ कोशलनाथ पाई
भाग्यमानी रैछु भन्ने ठान्थें आफैलाई । ८८

दर्प मेरो चूर्ण भयो वनबासी भै आएँ
कुन जन्मको पापले गर्दा पाउनु दुःख पाएँ । ८९

कोशलको महल छाडी वनमा बस्न आएँ
प्रकृतिलाई साथी गरी सबै भूल्न लागें । ९०

यस कुटीको एकान्तमा नाथ संझी राख्छु
उनकै मूर्ति मनमा राखी नाम सधै जप्छु । ९१

रामको नाम जप्दा खेरी मनै शीतल हुन्छ
मनको पीडा अलप हुन्छ रामको दर्शन मिल्छ । ९२

जसले मलाई त्यागिदिए उनले मलाई संझे
ईश्वरले मेरो इच्छा पूर्ण गरी दिए । ९३

लक्ष्मणले सुन्दै थिए जानकीका शब्द
सीताजीका पाउ पर्न्रे भुलभुलाई नेत्र । ९४

प्रेमताल्मा डुबुल्किदै बोली नम्रतामा
आमा अब शिघ्र जाऔं कोशल पूरी धाम । ९५

माताजीले कुल्चिदामा कोशल पवित्रिन्छ
ईश्वरले मनको इच्छा पूर्ण गराइदिन्छ । ९६

मौन भइन एकक्षणसंम बोलिन जगन्माता
प्रजाले नै खोसी सके अधिकारै सारा । ९७

अधिकार केही भएदेखि आउने किन यहाँ
आफनो हक प्रयोग गर्दै बस्थें सधैं त्यहाँ । ९८

जन्मान्तरकी दासी म हूँ आज्ञा पालन गर्छु
त्यागिदिए त्यागिइन्छु बोलाएमा जान्छु । ९९

रामको आज्ञा ओजपूर्ण संसारका लागि
नाथकै आज्ञा पालन गर्छु उनकै म हूँ दासी । १००

आराध्य औ प्राणेश्वर लीला देखाउदैछौ
त्यागनु एवं ग्रहण गर्नु इच्छा माफिक गर्छौ । १०१

आउने जाने तेरो मेरो माया विधान तिम्रो
झट्ट हेर्दा एउटा रूप भित्रि रूप अर्को । १०२

पृथिवीमा जन्म लियौं दुःख सुख भोग्यौं
लीला गरी थरि थरि प्रजा खुशी पार्‍यौ । १०३

लक्ष्मण मलाई लिन आयौ खुशी हुँदै जान्छु
राघवको आज्ञालाई सिरोधार्य गर्छू । १०४

यति भन्दै उठी हालिन बाट्न लागिन् केश
वनदेवीले फेरि गरिन जगदम्वाको भेष । १०५

आश्रमलाई छोडने बेला ज्यादै माया लाग्यो
बोल्नलाई मुस्किल पर्‍यो गला रूध्द पार्‍यो । १०६

प्यारो आश्रम तिम्रो मेरो छुट्न लाग्यो साथ
तिम्रो दोष छैन कुनै मैले त्यागें आज । १०७

यस वनका देव देवी मनले त्यागने छैन
तिम्रा गुण संझने छु बिर्सने म छैन । १०८

मृग सावक गाइका बाच्छा मन मुटुमा राख्छु
मनले कैल्यै त्यागने छैन सधै संझी राख्छु । १०९

दुःख पर्दा यहीं बसें तिम्रै आधार मानी
खुसी हुँदै आसिक देऊ जान्छु बिदा मागी । ११०

तिम्रा सबै संचार लगी लवकुशलाई भन्छु
बाल्यकालको खेल्ने साथी नबिर्सनु भन्छु । १११

वेलपत्र तुलसीबोट तिम्लाई माया गर्थें
साझ बिहान पानी दिई तिम्रो सेवा गर्थें । ११२

गुलाफ फूल पारिजात नरोईकन बस्नू
संचार पत्र लैजानलाई पवनलाई भन्नू । ११३

वेलपत्र तुलसीबोट अमलावोट सबलाई
संसारभरै पूज्य होऊ आसिक मेरो सबलाई । ११४

सारा पशु पन्छीसँग सीता बिदा मागिन्
आफनो कुटी शिष्यलाई अर्पण गरिदिइन् । ११५

त्यै कुटीमा दशौं वर्ष सीता बसेकी हुन्
त्यै कुटीलाई छाडी जाँदा आँशु झुल्का बगछन् । ११६

मानव जातै स्वार्थी रैछ दुःखमा पाउ पर्ने
उसको स्वार्थ पूर्ण हुँदा त्यसकै खेदो गर्ने । ११७

फेरि पनि यै ठाउँमा जन्म लिन पाऔं
यै भूमिमा हुर्किएर तिम्रै गुण गाऔं । ११८

हात जोडी मुस्किलले रूदै बिदा मागिन्
रथमा बसी लक्ष्मणसाथ कोशलतर्फ लागिन् । ११९

सीता वनमा आउने बेला तीनै घोडा थिए
सीता छाडी फर्किंदामा डेग चल्दैनथे । १२०

त्यति बेला तिनको शक्ति ज्यादै कम्जोर थियो
आज उनी रथमा बस्दा शक्ति तेजी भयो । १२१

हावा जस्तै छिटो बेगले घोडा दौडिराखे
फूर्ति साथ घोडा हिड्दा लक्ष्मण खुशी भए । १२२

तिनै घोडा कोशलतर्फ छिटो दौडीरैछन्
महाशक्ति सीता बस्दा प्रशन्न भै कुद्छन् । १२३

रथलाई कतै ठक्कर लाग्ला भन्ने शंका लाग्छ
पृथिवीले जानकीलाई भेटौं भेटौं लाग्छ । १२४

घोडा थिए लक्ष्मण बसमा लक्ष्मण रामका बसमा
प्रजा बसमा राघव थिए सीता सबका बसमा । १२५

प्रकृतिको रथमा बसी जगदम्वाको यात्रा
कैले वनमा कैले कोशल जिन्दगीको यात्रा । १२६

दौडिराख्ने प्रकृतिमा दुर्गा शक्ति बस्थिन
आश्रमको लीला सकी कोशलतर्फ जान्थिन । १२७

पृथिवीमा लीला गर्न विष्णु स्वयं आए
दुर्गालाई आफैं साथ यो धर्तीमा ल्याए । १२८

लीलानाथका आदेशले लीला देखाई दिइन
पृथिवीको काम सकी स्वधाम जानै लागिन । १२९

बीच बाटोमा गंगा भेटी बग्गीबाट ओर्लिन
गंगाजीको दर्शन गरी पाठ पूजा गर्दिन । १३०

गंगाजीलाई बिन्ति गरिन आएँ लीला गर्न
धेरै धेरै लीला गऱ्यौं झण्डै भयो पूर्ण । १३१

गंगा तिमी आज्ञा देऊ जान्छु अयोध्यामा
पृथिवीको काम सक्यौं जान्छौं आफ्नै धाममा । १३२

मधुर मधुर आवाज सुन्थिन सीता प्रशन्नमा
बग्गी पुग्यो कोशलमा सीता ल्याई साथमा । १३३

जानकीलाई त्यागिदामा कलियुग आयो
सीताजीका साथ साथै सत्य युगै आयो । १३४

आदिशक्ति प्रवेश हुँदा सत्य युगै आयो
प्रकृति नै हराभरा सुन्दरता छायो । १३५

कोशलपुरी उज्ज्वल थियो लक्षिणको वास
दुर्गा रक्षक भइन भने हुने छैन त्राश । १३६

कोशलको दुःख व्यथा हावासँगै उड्यो
त्रेतायुगले कोल्टो फेऱ्यो सत्ययुगले छायो । १३७

अकाल एवं महामारी सबै टाढा भए
सुख शान्ति सौन्दर्यनै जनताले पाए । १३८

जानकीको दर्शन गर्न प्रजा लस्कर आए
बादल जस्तै जानकीलाई सबले घेर्न लाए । १३९

सीता माता त्यागिदामा प्रजा व्याकुल थिए
आज उनको दर्शन गर्न टाढादेखि आए । १४०

खबर पाए लवकुशले सीता आइन त्यहाँ
दर्शन गर्न इच्छा भयो दुबै भाइको मनमा । १४१

आज्ञा पाई बाल्मीकिको दुबै दौडी आए
जानकीका पाउँमाहाँ प्रशन्न भै पश्रे । १४२

माताजीले मस्तक चुमिन आफना काखमा राखी
आफनो इच्छा शक्तिद्वारा शक्तिभण्डार अर्पी । १४३

जानकीको लागि एउटा वास बनाइएको
त्यै कुटीमा सीता आई वास बस्नु भाको । १४४

आगमनको शुभ खबर हावा जस्तै फैल्यो
जानकी भेट्न भनी वानर फौजै आयो । १४५

वैदेहीको वनवासले कोशल दुःखी थियो
आज उनको प्रबेशले सौन्दर्यले छायो । १४६

मृग छाला ओछ्याएर जानकीको राज
दुबै छोरा काखमा राखी गर्दै मीठो बात । १४७

त्यसबेलाको सुन्दर दृश्य हेर्ने लायक थियो
टोली टोली वीर जमात दर्शन गर्नै आयो । १४८

जानकीको पूर्ण ज्योति झल्किएको थियो
उनको ज्योति चम्किदामा सूर्य लजाइन्थ्यो । १४९

जानकीलाई हेर्न भनी पुरै उल्टी आयो
प्रष्टसँग दर्शन पाउदा उमंगले छायो । १५०

दर्वारका नोकर चाकर दर्शन गर्न आए
सीतादेवी मातु भन्दै पाउमा पस्री हाले । १५१

क्षेम कुशल सोधी हालिन आफना नोकरलाई
हर्ष विभोर सारा भए आसीरवाद पाई । १५२

दृष्टि दिइन जानकीले वानर भालूलाई
आनन्दमा मग्न भए सीता देख्न पाई । १५३

आफैसाथ राखीकनै मीठो बोली बोलिन
प्रशन्न भई वानरसँग तिनको तारिफ गर्दिन । १५४

तिमी सबै छोरा मेरा लवकुश जस्तै ठान्छु
महान गुण लायौ मलाई ऋणि भएँ भन्छु । १५५

मेरैलागि राक्षससँग लड्नसम्म लड्यौ
त्यत्रो ठूलो राक्षस सेना तिम्रै हातले माऱ्यौ । १५६

स्वर्गबाट देव देवी दर्शन गर्न आए
जगज्जया जानकीका दर्शन गरी फर्के । १५७

वानर भालू साथ मिली जानकीको गान
आत्मैदेखि गर्दै थिए जानकीको मान । १५८

तिनको भक्ति देख्दा खेरी सीता खुशी हुन्छिन्
तिम्रो जाति अमर रहोस आशिर्वाद दिन्छिन् । १५९

प्यारा वानर देख्दाखेरी ज्यादै हर्षित भएँ
धेरै वर्ष बिते पछि तिम्लाई देख्न पाएँ । १६०

लव कुशलाई जे दिएथें तिम्लाई दिन तयार
जोगिनीसाथ हुन्छ के पो सदुपदेश उपहार । १६१

पैदा हुन्छन गर्भबाट झट्टै सिंहारिन्छ
बालकलाई दूध पियाइ पाठ सिकाइन्छ । १६२

आमा उसकी गुरू बन्दै ज्ञान सिकाइदिन्छे
आफ्नै काखमा राखीकनै धर्म सिकाइदिन्छे । १६३

धर्म ज्ञानको शिक्षा दिई कुलधर्मको पाठ
जातिधर्म राष्ट्रधर्म संसारको ज्ञान । १६४

गुरूकुलमा शिक्षा पाउछ सबै धर्म सिक्छ
विस्तारसँग बालकले समाज धर्म सिक्छ । १६५

क्रमैसँग बालकले विश्वभरको धर्म
समयानुकुल सिक्दै जान्छ त्यसबेलाको धर्म । १६६

तैपनि ता सच्चा धर्म राम्रो ज्ञान हुन्न
धर्म कर्म चक्करमा केही बुझ्फिदैन । १६७

आमा एवं गुरू भन्छन वेद पुराण हो सार
आफैलाई चिन्न सक्नू यै हो ठूलो सार । १६८

आफू को हुँ संसार के हो ? हामी किन आयौं
ज्यूनु के हो मर्नु के हो किन दुःख पायौं । १६९

ईश्वर हुन सर्वेसर्वा नाता हाम्रो के छ
यस कुराको ज्ञान पाए धन्य कहलिन्छ । १७०

खास धर्मको सार तत्व आत्मालाई चिन्नु
आत्मबोध हुन्छ भने सर्वज्ञान जान्नु । १७१

सत्य भन्छु प्यारा बालक सत्संगतै गर्नू
सब धर्मको सार यै हो आत्माचिन्तन गर्नू । १७२

यस प्रकारले शिक्षा दिइन सब धर्मको ज्ञान
सीताजीले प्राप्त गरिन कोशलमा मान । १७३

जानकीलाई प्राप्त भयो संसारको मान
तत्पश्चातै आई पुग्यो राज्यभिषेक महान । १७४

स्वर्ग जस्तै कोशल झलमलाई राख्छ
रत्न जुहार झलमलिदा आँखा लोभ्याइदिन्छ । १७५

त्यसबेलाको कोशलपुर स्वर्गभन्दा माथि
जगमगाई राख्छ हर्दम तारा जस्तै भाँति । १७६

वेदध्वनी मधुरध्वनी ऋषिबाटै हुन्छ
वेदध्वनी गुञ्जिदामा चित्तलाई तान्छ । १७७

ब्राह्मण मुनिवर्गबाट वेद पाठ हुन्छ
क्षेत्री टोलीबाट त्यहाँ खाँडो जगाइन्छ । १७८

वैश्यवर्गबाट हुन्थ्यो बाणिज्यको काम
सारा प्रजा आपसमा मिल्दै गर्थे काम । १७९

राज्याभिशेष पर्व आयो प्रजा खुशी सारा
मानो त्यहाँ वर्षिदो छ अमृतमय धारा । १८०

संसारमा स्वर्ग भन्नु अयोध्या हो भन्छन
जुन ठाउँमा प्रकृति र मानव सुखैमा छन । १८१

जानकीका साथ साथै स्वर्ग तल ओर्ल्यो
जानकीको वनवासमा प्रकृति नै रून्थ्यो । १८२

जानकी र राघव तेहीं केही खाँचो छैन
अयोध्या छ आज रमझम स्वर्ग संझिर्दैन। १८३

शाही बाजा मधुर ध्वनि मंगलमय गाना
दीर्घ जिउन् कोशलकुमार संसारभरै मान। १८४

नौमतिका बाजा बज्छन छाती थर्की राख्छ
राजकुमार दीर्घ जिउन प्रत्येकले भन्छ। १८५

शाहीवाजा बजिरैछन तिनका ताल्मा नाच्छन
अयोध्याका बासिन्दा नै मधुर खुशीमा छन्। १८६

एकातिर बाजा बज्छन उता शंखनाद
अयोध्या छ अति सुन्दर दुल्हे जस्तै आज। १८७

गायकवर्ग झुण्ड झुण्ड मडारिदै गाउँछन
नर्तक र नर्तकी ती प्रशन्नभै नाच्छन। १८८

सरयूनदी गम्भीरपना आफ्नै देखाउंदिछन
लहरलाई गडगडाई अघि बढिरैछन। १८९

जगतपिता जगज्जया त्यहीं सुशोभित छन
त्यसबेलाको कोशलपुरको महिमा गाइरैछन्। १९०

साच्चै भनौ विश्वभरको सौन्दर्यको खानी
शारदा शेष थाकिसके तिनकै गुण गाई। १९१

कोशलको स्वच्छतामा देउता छक्क थिए
अनुपम शोभा देख्दा सारा खुशी हुन्थे। १९२

त्यस्तो सुन्दर छवि छटा इन्द्रलोकमा छैन
जतिसुकै बयान गरौं पूर्ण हुने छैन। १९३

कोशलपति रामचन्द्र मौका विचारेर
यता उति मान्छे छन कि मनले नियालेर। १९४

बेला उत्तम यो छ भनी सीता संझी संझी
कोशलपति रामचन्द्र एकान्तमा बसी। १९५

एकक्षणसम्म ध्यान गर्दा प्रकट भइन देवी
जगदम्वा मुस्कुराई सोधिछन काम केही। १९६

दुइजनाको बातचित भयो पृथिवीकाखमा
गर्नु पर्ने पूर्ण भयो जाऔं सुरधाम। १९७

जुन काममा हामी आयौं त्यो काम सफल भयो
हामी अब आफ्नै धाम चाडै जानु पर्‍यो। १९८

देवता सबले डाकी रैछन् बस्ने काम छैन
पृथिवीमा लीला गर्‍यौं बाँकी कुनै छैन। १९९

प्रजाप्रेमी राजा भएँ यस अयोध्यामा
पत्नी समेत त्यागिदिएँ थिएँ वियोगमा। २००

तिम्रो मूर्ति राखिएर पत्नीव्रतको पाठ
संसारले देखी सक्यो हामी बीचको त्याग। २०१

विश्वभरै कुना कानी पतिव्रत्य शिक्षा
चमत्कारै देखाइसक्यौं दिंदै शिक्षा दीक्षा। २०२

अन्तिम चमत्कार पनि देखाउन क्यै बाँकी
शिघ्रता नै देखाइने छ प्रजा साक्षी राखी। २०३

लीला झण्डै पूर्ण भए अन्तिम देखाइदिनू
चरित्र त्यो देखाईकनै बिलीन भइजानू। २०४

पुत्र हाम्रा ठूला भए राज्य सबै सुम्पी
देवताहरू बोलाउदैछन जानु पर्छ दौडी। २०५

पृथिवीको घाम छाँया सबै भोगी सक्यौं
दुनियाँको आरोप पनि सारा सुनिसक्यौं। २०६

जन्मे पछि मर्नैं पर्ने संसारको चाला
हामी पनि पृथिवीलाई छाडी जान्छौं टाढा। २०७

आज्ञा शिरोधार्य गरी शक्ति अन्तर्ध्यान
तत्पश्चातै आइपुगे लक्ष्मणलाल त्यहाँ। २०८

अभिषेकको बेला भयो हजुर हुनुहुन्न
सारा व्यक्ति आई पुगे हजूर नगै हुन्न। २०९

दर्वारभरि खचाखची बस्ने ठाउँ छैन
ऋषि मण्डल आइपुगे राघव हुनुहुन्न। २१०

मन्त्रीदल्ले खोजी गर्‍यो सारा महलमहाँ
कसैलाई थाहै छैन आउनु भाको यहाँ। २११

एउटा सानो काम हुँदा एक क्षण यहाँ आएँ
एकै क्षणसम्म अल्मल भयो आउनै लाको थिए। २१२

हिड्दै गर लक्ष्मणलाल तिमीसँगै आउँछु
तयारी छु जानलाई साथसाथै आउँछु। २१३

लक्ष्मणलाई साथ लिई राघव पुगे दर्वार
त्यसैबेला आईपुगे आठै राजकुमार। २१४

आठै जना राजकुमार रूपका राशी थिए
तिनको रूप देख्दा खेरी देख्ने चकित हुन्थे। २१५

ज्यादै सुन्दर रूप तिनको भनि साध्य छैन
आजसम्म तिनी जस्ता जन्मिएका छैन। २१६

आठैवटा चन्द्रमा नै पृथिवीमा छन की
पूर्णेमाका आठै चन्द्र तल ओर्लेछन की। २१७

तिनको रूपका प्रकाशले आँखा तिर्मिराउथे
मणि माणिक भूषणले झल्किएका थिए। २१८

मन्द मन्द मुस्कुराइमा विधुत झरे जस्तो
तिनीभन्दा सुन्दर व्यक्ति कतै छैन जस्तो। २१९

पिताभन्दा पुत्र सुन्दर राजकुमार आठ
विस्तार विस्तार पाऊ चाल्छन भाइ बन्धू साथ। २२०

तिनको रूप देख्दा खेरी दर्शक लोभिन्थे
चित्तचोर्ने राजकुमारको कल्याण होस भन्थे। २२१

ज्योतिपुञ्ज तिनलाई देख्दा प्रजा खुशी भए
आफना भावी राजा भन्ने तिनले थाहा पाए। २२२

आठैवटा सिंहासन राखिएका थिए
मानौ आठै सूर्य ओर्ली त्यहाँ बस्दैथिए। २२३

सिंहासनको दायाँपट्टि गुरूवर्ग थिए
चारवटा सिंहासन जो राखिएका थिए। २२४

पछिल्तिर मन्त्रीवर्ग वानरपुरवासी
बाल्मीकिका साथमा थिए उनकै आश्रमवासी। २२५

पछिल्तिर केही उच्च राजमाताको मञ्च
त्यसकै दायाँपट्टितिर ललनाका मञ्च। २२६

राजकर्मचारीहरू त्याही खडा थिए
धेरै देशका राजाहरू उपस्थित थिए । २२७

यस्तो राम्रो सुन्दर छटा देख्न कहाँ पाउनु
स्वर्गलोक पृथिवीमा उचालेर ल्याउनू । २२८

अति सुन्दर दृश्यलाई सबले देख्न पाए
इन्द्रलोक बोकिकनै पृथिवीमा ल्याए । २२९

उताबाट आउदै थिए राजा रघुवीर
मुस्कुराई आइपुगे आफ्नै मंचतिर । २३०

चारै भाइ आसिन भए आफै सिंहासनमा
उपभासित चारैतर्फ सूर्य ओर्ले त्यहाँ । २३१

एकातिर वेदध्वनि देवताको जयनाद
राज्याभिषेक हुनै लाग्यो कार्य बन्यो साल्हाद । २३२

बन्दिगणले सभा बीचमा ठूलो स्वरले भन्थे
घोषणा हो कोशलाधिसको ध्यान देऊ भन्थे । २३३

प्रजा तिम्रै संमतिले कार्यारम्भ हुन्छ
आफना मनमा लाको कुरा खुल्ला भन्नु पर्छ । २३४

कोशल राज्य बाँडिइन्छ आठै जनालाई
आफनो विचार देऊ छिटो आज सभालाई । २३५

एकै स्वरले एकै मतले प्रजा बोल्न लागे
पहिला निर्णय चित्त बुझ्छ स्वीकार छ भने । २३६

यस्तो आवाज सुन्दाखेरी वनदेवीका शेर
दर्वारमा गर्जी गर्जी पोख्दै मनका बेग । २३७

कोशलको राज्य ठूलो हामी स्वीकार्दैनौं
यस्ता मूर्ख प्रजागणको शासक बन्नेछैनौं । २३८

जसको विचार भ्रष्ट हुन्छ बोली ठेगान हुन्न
त्यस्ता ठाउँको शासक बन्ने हाम्रो इच्छा छैन । २३९

कोशलका जनता आदि भ्रष्टचारी रैछन्
त्यस्ता व्यक्ति जन्मान्तरै सुध्रिने ती छैनन् । २४०

हामी पुत्र जानकीका जसलाई रामले त्यागे
हाम्रा दिन दुःख सुख आमासँगै बिते । २४१

भाग्यमानी आमा भए हामी सुखी हुन्थ्यौ
कोशलको राज्य हकमा सिध्द गरी छोडथ्यौं । २४२

जानकीको हुँदैन त कोशलमा सत्कार
राजा बन्नलाई हाम्रो हुनेछैन अधिकार । २४३

यस्तै प्रकार गर्जिदैथे केशरीका पुत्र
अँध्यारोले छोइसक्यो दिशा चारैतर्फ । २४४

रामभक्तले सुन्दै थिए तीता मीठा शब्द
सत्य कुरा भन्छु भन्दै लागे अघि सर्न । २४५

हात जोडी नम्र हुँदै भन्छन छैन शंका
सतवन्ती सीताजीमा गर्नु हुन्न शंका । २४६

जानकीको खोजी गर्न आफै गएँ लंका
जति देखें जति सुनें छैन कुनै शंका । २४७

यिनै कानले क्षत्राणीका ललकार पनि सुने
यी आँखाले जानकीको अग्नि जाँच देखे । २४८

जानकीकी साथी एउटी त्रिजटा त्यहाँ बस्थिन्
लंका बस्दा जे जे भयो सत्य कुरा बक्लिन्। २४९

सामूमा छन त्रिजटा नै सोध्ने कुरा सोध
सोध्ने कुरा छैन भने शंका गर्नै छोड। २५०

बाजी ठोक्दै भनिरैछु सीता सत्की देवी
यस्ती सतीनारी कुनै छैनन भारतभरी। २५१

सीता जस्ती सत्यवती काहीं देखिदैन
कोही दोष लाउँछ भने बाँकी राखिदैन। २५२

कोशलपति राघवकी प्रेम पुजारिणी
पातिव्रत्य नारी भनी विश्व फिजिएकी। २५३

साक्षी मैले दिन सक्छु बग्ने हावालाई
अझै साक्षी राख्न सक्छु सूर्य चन्द्रलाई। २५४

गंगा जस्तै शुध्द तन सीताजीको भन्छू
त्यस्मा पनि दोष दिए त्यस्लाई खतम पार्छू। २५५

त्रिजटाले सुन्दैथिई कुरा हनुमानका
फूर्तिसाथ उभिएर गर्थी कुरा सतका। २५६

कोशलका प्रजा तिमी झूठो दोष लायौ
आफनो हातको बंचरोले आफ्नै छाती ताक्यौ।२५७

जानकीलाई दोष दिंदा ठूलो पाप लाग्छ
जथाभावी बोल्दा खेरी लाग्नु पाप लाग्छ। २५८

रावणको धम्की सुन्दा मर्ने विचार गर्थिन
मैले यदि नदेखेमा चिता सजाई मर्थिन। २५९

जसले सबै देखेको छ उसलांई तिमी सोध
होइन भने तड्पी तड्पी आफै जली मर। २६०

हाड छाला सुकाएर व्रत पालन गर्थिन
उनलाई छुन कस्ले सक्थ्यो आँखा नीचा गर्थिन। २६१

झूठो दोष लाए पनि सत्य मेटिदैन
बादलमा चन्द्र लुकून तेज छोपिदैन। २६२

सतवन्ती नारीलाई दोष लाउनु छैन
आँखा दुबै छोपिएर केही देखिदैन। २६३

सीतासँग माफी माग दिन्छिन उनले माफ
जगदम्वा जागिन भने धर्ती रसाताल। २६४

रूखका पात साक्षी बस्छन कणले सफाइ दिन्छन
जनताले न्याय गरोस त्रिजटाले भन्छिन्। २६५

अझै पनि जनतासँग सत्य कुरा भन्छू
जानकीलाई दोष दिने मूर्ख ती हुन ठान्छू। २६६

त्यति बेला दर्वारमा वाल्मीकिजी थिए
मेरो पनि राय यै छ न्याय होओस भन्थें। २६७

जुन बेलामा बग्गीबाट जगज्जय ओर्लिन
त्यसबेलामा छटपटाई प्राण फाल्न लागिन। २६८

मर्नलाई ठिक्क थिइन मैले त्यहाँ देखें
अकालमा प्राण फाल्ने कार्यबाट रोकें। २६९

नाम राखी वनदेवी पुत्री बनाई पालें
पुत्रीलाई कस्तो गरी पाल्नु पर्छ पालें। २७०

वरिपरि चारैतिर तपस्वीनी बस्थे
दुःख सुखमा जानकीका तिनले साथ दिन्थे। २७१

त्यसबेलामा गर्भवती सीता देखिएकी
आश्रममा द्वय पुत्र उनले जन्माएकी। २७२

नाम तिनको लव कुश शिष्य पाए
संसारमा योध्दा वीर दुबै पुत्र भए। २७३

वीणा बजाई रामायण दुबै पुत्र गाउँछन्
सीता चरित महासुन्दर प्रचार गरिरैछन। २७४

सीता जस्ती शुध्द नारी कतै जन्मिदैनन
त्यस्तीलाई दोष दिनु राम्रो गति हुन्न। २७५

जानकीको शुध्द मुटु मैले जानेको छु
त्यस्तीलाई दोष दिंदा सराप पनि दिन्छु। २७६

सभा बीचमा उभिएर निशंका भै भन्छु
सुरसरी झैं शुध्द ती छन हजार पल्ट भन्छु। २७७

त्यसबेलामा सीता त्याग्नु आपद आई लाग्नु
जानकीलाई दोष लाग्नु मूर्ख भनाइ माग्नू। २७८

सुन्नु हवस गण्य मान्य सीता छैन दोषी
दोषी ठान्ने मान्छे यहाँ छैनन् होला कोही। २७९

सबका सामू सपथ खान्छु शंका मेटाउँछू
शंका गर्ने कुरै छैन तपले सिध्द गर्छू। २८०

त्यसबेलामा त्यहीं थिए मिथिलाका राजा
झट्ट उनले बोली हाले निर्णय भो आज। २८१

यो बेलामा वशिष्ठले समाधि नै लाउन
समाधिमा जे ठहर्छ ऐल्यै भनिहालून। २८२

यो सुनेर राजर्षिले समाधिले जाँचे
झूठ झूठ सबै झूठ सत्य पत्ता लाएँ। २८३

आशंनबाट उभिएर सभा सामू भन्थे
जति जे जे भूल गर्यौं माफी माग भन्थे। २८४

अयोध्याको शिरमाथि कालो टीका दाग
धुन्छन आज ब्राह्मणले सच्च्याईका साथ। २८५

कोशलवासी सबले सुन अन्धकार भाग्यो
अन्धकार भागी सक्यो उज्ज्वलले छायो। २८६

लोक प्रजा कानले सुन आँखा तिम्रा खोल
झूठ शब्द नबोलेर सत्य मात्र बोल। २८७

सत्य सदा अडिराख्छ पाप लोप भयो
सतवन्ती जानकीको आज जीत भयो। २८८

ओजपूर्ण शब्द सुन्दा प्रजा लज्जित भए
आफनो गल्ती स्वीकारेर आफै पछुताए। २८९

आफ्नै बुद्धि मन्द हुँदा लाउनु दोष लायौं
जगज्जया माफी दिनोस माफी माग्न आयौं। २९०

तिरस्कार या दया गर पाउ पक्री राख्छौं
हामीलाई दया गर आत्मैदेखि भन्छौं। २९१

जानकीलाई आजैदेखि साम्राज्ञी पदमा
बामाङ्गी भै बस्नु हवस राघवको साथमा। २९२

आफनो गल्ती स्वीकारेर हामी थर्र काम्छौं
जे जो हुनु भै नै सक्यो माफी हामी माग्छौं । २९३

वजरंगीले कड्की कड्की सबका सामू भन्थे
राजर्षिको न्यायलाई प्रशंसा धेर गर्थे । २९४

यै बेलामा अभिषेक दर्वारमा भयो
ब्राह्मणलाई दान दक्षिणा खुशीसाथ भयो । २९५

मिथिलेश्वरी जगदम्वा प्रशन्नमा बोल्दी
प्यारा प्रजावर्गले नै दियौ आँखा खोली । २९६

पापिनी भै बाँच्नुभन्दा मर्नै असल थियो
सुख दुःख तीता मीठा फलै चाख्नु थियो । २९७

नत्र पैल्यै प्राण त्याग्थें काम बाँकिथियो
सूर्य बंशी निर्मलता सम्हाल्नु नै थियो । २९८

रघुकुल्को राजमुकुट पूजा गर्नुपर्छ
त्यसै छाडी जाँदा खेरी अल्पत्रमा पर्छ । २९९

जति जे जे भन्नु थियो सबै भनी सक्यौ
आखिरीमा के के भयो प्राण बाँकी राख्यौ । ३००

एउटा कुरा सधैभरि मनमा खड्की राख्थ्यो
यस्ले गर्दा निरन्तरै मुटु मात्र घोच्थ्यो । ३०१

कोशलवासी बौलाएर सीता सतमा दोष
झगडाको बीज सिर्जी सीताप्रति कोप । ३०२

प्राण त्याग्न ठीक्क हुँदा सती मण्डल आए
झट्ट पट्ट सामू आई बाटो रोकी हाले । ३०३

गल्ती मेरो भाको भए प्राणै खतम गर्थें
त्रैलोकनै भास्सिएर त्यसमा बिलीन हुन्थें । ३०४

दुःख कष्ट आफैं भोगें प्रजा बचाई दिएँ
राघवको राज्यलाई सुरक्षितै राखें । ३०५

प्राण मेरो त्यागिदामा श्रृष्टि बिलिन हुन्थ्यो
पृथिवीनै ढलपल भई प्रलय नै हुन्थ्यो । ३०६

सूर्यबंशी राज्य सुन्दर रक्षा गर्नु पर्छ
प्रजावर्ग जे नै भनोस राम्रै ठान्नु पर्छ । ३०७

ऐलेसम्म कानले सुन्यौ सत्य देख्याछैनौ
सत्वन्तीको सत्यलाई तिम्ले देख्याछैनौ । ३०८

शंका मात्र गर्न जान्यौ शक्ति थाहै छैन
सीता सतकी खानी भन्ने अन्दाजनै छैन । ३०९

तिम्रा आँखा खोली हाल सतलाई देखाइनेछ
राघवका पाउमहा भक्ति देखाइनेछ । ३१०

राम बाहेक अन्य पुरूष देखेकी नै छैन
सीतासतमा आरोप लाग्दा यहाँ बसिदैन । ३११

जति बस्नु बसी सकें अब बस्ने छैन
सतवन्तीलाई दोष लाग्दा सहन शक्ति छैन । ३१२

पृथिवी माता तिमी बाहेक अन्य मेरो छैन
चाडो लिन आऊ आमा क्षणभर बस्ने छैन । ३१३

राघवका चरण पर्दै तिम्लाई संझिदैछु
तिमी आई काख देऊ भन्दै हात जोड्दैछु । ३१४

यत्ति के पो भन्दै थिइन धर्ती फाटी हालिन
आकाश नै झलमलाई विधुत देखापरिन्। ३१५

पृथिवी नै कटकटाई सारा जगत थर्क्यो
झल्लझल्ल झल्मलाई कोही देखापर्‍यो। ३१६

कोशलका पुरवासीले देखे सिंहासन
धर्तीमाता राज भएको थियो उच्चासन। ३१७

सिंहासन अति उत्तम देखिएको थियो
मणिजडित रत्न माला झल्किएको थियो। ३१८

पृथिवीले भन्दै थिइन नआत्तिऊ छोरी
तिम्लाई लिन आएकी छु लैजाउँ कि भनी। ३१९

नरोऊ नरोऊ प्यारी छोरी सबै थाहा पाएँ
तिम्रो आभास कानमा पर्‍यो झट्ट लिन आएँ।३२०

कोशलको भोग पुग्यो आमा साथै जाऔं
यस ठाउँको दुःख सुख यहाँ छाडी जाऔं। ३२१

सीताजीको दिव्य ज्योति सिंहासनमा थियो
विस्तार विस्तार पृथिवीमा लीन हुदै थियो। ३२२

सिंहासनमा शोभिएकी सीता देखिएकी
कोशलपुरै छोडीकनै जान लागिएकी। ३२३

पृथिवीका काखमहाँ सीता सुशोभित
राघवले देखिहाले लाग्थे किन चुप। ३२४

राघवका मन्मा पर्‍यो सीता जान लागिन
पृथिवीको काम सबै सिध्द गरिसकिन। ३२५

सीता नामले पृथिवीको भार हरण गरिन
मानुषीले भोग्नु पर्ने सुख दुःख भोगिन। ३२६

जान लाकी सीता देखी झट्ट राघव बोले
एकलै मलाई छाडीकनै जान्छ्यौ कहाँ भन। ३२७

त्यतिबेला प्रभुजीले दम्पतिको शान
दौडे त्यही छवी तर्फ छोडी सभा ध्यान। ३२८

सीता तिमी जान्छ्यौ कहाँ छोडी मेरो साथ
यति भन्दै जानकीको पकडौं भन्दै हात। ३२९

यतिकैमा सीता पनि पृथिवीमा लीन
हाँसी हाँसी गद्‌गदाई गइन आमासित। ३३०

संसारको दुःख भोगी गइन आफनो धाम
जीवनभरै दुख पाई सकिन सारा काम। ३३१

कोशलवासी दिक्क थिए सीता माता जाँदा
भूल आफनो स्वीकारेर पिट्थे आफनो माथ। ३३२

प्रजा भन्थे भूल गर्‍यौं हामी आफै दोषी
सीता जस्ती सतवन्ती जन्मदैनन् कोही। ३३३

कोशलमा हामी जस्ता मूर्ख कोही छैन
साक्षात जगदम्वालाई चिन्न सक्या छैन। ३३४

हामी ज्यादै दुष्ट भयौं हामी सबै दोषी
साक्षात् काली चण्डीलाई कहाँ पाउनु खोजी। ३३५

प्रजावर्ग खिन्न भए मन्मा ताप बढ्यो
मान्छे सबै खल्बलिए सभा भंग भयो। ३३६

आफनो काम सफल पारी सीता गइन धाम
केही महिना दिक्क हुदै कोशलमा राम। ३३७

एकपल्ट दर्वारमा सन्यासी एक आयो
एकान्तमा राघवसँग कुरा गर्न लाग्यो। ३३८

राघवसँग गोपनीय वातचित गर्छु भन्थे
त्यतिबेलासम्म कुनै आउनै हुन्न मान्छे। ३३९

राघवले आज्ञा दिए भाइ लक्ष्मणलाई
भित्र पस्न निषेध गर्नू भेट्न आउनेलाई। ३४०

लक्ष्मण स्वयं द्वारमा बस्नु कोही आउनै हुन्न
नियम पालन गर्नु पर्छ नियम मिच्नु हुन्न। ३४१

लक्ष्मणलाई आदेश दिई कुरा गर्न लागे
राघवलाई भेट्ने व्यक्ति धर्मराज थिए। ३४२

हात जोडी योगी भन्छन धर्मराज मै हूँ
व्रह्माजीको सन्देश ल्याई भेट्न आएको हूँ। ३४३

राघवले भन्नु भयो कार्य पूर्ण भयो
यहाँ धेरै बस्ने छैन आउने बेला भयो। ३४४

जन्ममरण रीति रिवाज पृथिवीको काम
सारा काम सिध्याएर जानु पर्ने धाम। ३४५

जुन काममा जन्म लिएँ त्यो काम पूरा भयो
पृथ्वीका राक्षस मारी भार हरण भयो। ३४६

कुरा गर्नै बाँकी थियो आपसमा बात
कोठाभित्र आइहाले साम्‍ू लक्ष्मणलाल। ३४७

झल्यास्स भै राघवले आयौ किन यहाँ
ढोका छाडी आयौ किन बस्नु पर्थ्यो त्यहाँ। ३४८

आज्ञा विना आउन हुन्न आज्ञा मेरो थियो
हडबडाई भित्र पस्यौं के भएको यस्तो। ३४९

लक्ष्मणले बिन्ति गरे दुर्वासाजी आए
एक क्षण मात्र पर्ख भन्दा श्राप दिनै आँटे। ३५०

दुर्वासाको आवेशलाई टार्न नसक्दामा
अप्ठयारोमा पर्दा नाथ आज्ञा उलंघनमा। ३५१

हुने कुरा भै नै सक्यो आपद बिपद पर्छ
आज्ञा पालन त्रुटी हुँदा सबै खप्नु पर्छ। ३५२

त्यै बेलामा सन्यासी ती अर्न्तध्यान भए
दुर्वासाका सामून्नेमा रामचन्द्र गए। ३५३

लक्ष्मणसँग दुर्वासाजी ज्यादै क्रोधित थिए
भगवानको दर्शनले झट्टै शान्त भए। ३५४

दुर्वासाले माफी मागे पश्चाताप गर्द
पश्चांतापका अश्रुविन्दु नेत्रबाट झार्दै । ३५५

ज्यादै ठूलो भूल भयो क्षमा पाऊँ नाथ
गल्ती सबै माफी पाऊ भन्दै जोड्छू हात । ३५६

यस्तो महान अपराध फेरि हुने छैन
हात जोड्छु बिन्ति प्रभू अश्रुपूर्ण छैन । ३५७

राघवले भन्नु भयो इच्छा यस्तै थियो
इच्छा मेरो पूर्ण गर्ने मौका यही थियो । ३५८

यसमा दोष केही छैन यस्तै हुनु पर्थ्यो
इच्छाबेगर यो बेलामा के पो हुन सक्थ्यो । ३५९

प्राणीको गर्नु कल्याण, यही मानव धर्म हो
अत्याचारमा बोल्नु नै, त्यही नै पशु कर्म हो ।

स्वाँठलाई दिंदा अर्ति, उल्टो त्यै मुख छोड्दछ
मूर्खलाई भनौं केही भन्नेलाई सताउँदछ ।

आफ्नै वानी सधैं राम्रो, आफ्नै वानी सदा असल
न गर्नु अरूको चासो, बढ्नेछ त्यसले तनाव ।


गीता या बाइबलै जो होस्, आगम या त्रिपिटक पनि
वोधि वचन जहाँ हुन्छ, बुद्धका शब्द हुन् भनी ।

सत्य मैं अड्छ संसार सत्यल्यै हित गर्दछ
सत्यकै वत्ती बालेर सत्यकै पछि लागदछ ।

प्रकृतिको नियम् कानून्, दया क्रोध समानता
विकृति मन संतापी, सुखी मन रम्छ सत्यमा ।

अग्निको गुण जल्नु हो, उसको काम जल्नु हो
सदूपयोग् गर्‍यो जसले, उसको हित गर्नु हो ।

दुरुपयोग गरे देखिन्, अवश्यै नाश गर्दछ
होमिन्छ अग्निमा आफैं, उसलाई जलाउँछ ।



नेपाली गीतिरामायण